# नेपालको विविध पृष्ठभूमि र योगदानमा

# षडानन्द

(नेपाली पुनर्जागरणका धरोहर, महान् समाजसुधारक, आधुनिक अरुण उपत्यका सभ्यताका अग्रज एवम् अन्तर्राष्ट्रिय व्यक्तित्व आवाल ब्रह्मचारी षडानन्द अधिकारीको शैक्षिक, धार्मिक, सांस्कृतिक, ऐतिहासिक, राजनीतिक, आध्यात्मिक र दार्शनिक सन्दर्भ र विवेचना गरिएको अनुसन्धानात्मक ग्रन्थ)

लेखक

**सुदीप अधिकारी**

प्रकाशक

**शब्दयात्रा प्रकाशन**
अक्षरधाम, शब्दसाधक तीर्थ
बनेपा – ६, काभ्रेपलान्चोक
(प्रकाशनपुष्प : २४२)

| | |
|---|---|
| सर्वाधिकार | : लेखकमा |
| संस्करण | : प्रथम |
| प्रकाशनकाल | : २०८१ मङ्सिर |
| प्रकाशनसन्दर्भ | : षडानन्द अधिकारीको १९० औँ जन्मजयन्ती |
| प्रकाशनप्रति | : ५०० |
| अक्षराङ्कन | : राजेश सुवेदी, गजुरमुखी प्रिन्टर्स विराटनगर |
| भाषिक शुद्धीकरण | : हरिप्रसाद बराल |
| मूल्य रु. | : ८००।- |

ISBN : 978-9937-653-99-2

# समर्पण

हजुरबुबा भानुभक्त अधिकारी तथा हजुरआमा कमलादेवी
अधिकारीको जीवनका अनुभवबाट मेरो जीवनमा प्रेरणा,
आशा, भरोसा, धैर्य र सफलताको ढोका खुलेको छ ।
समस्त अधिकारी परिवारका पितृहरूप्रति हृदयतः
भावाञ्जलीका साथ नेपालका महापुरुष तथा
शैक्षिक जगत्‌का नक्षत्र बालब्रह्मचारी
षडानन्द अधिकारीको व्यक्तित्वबाट
प्रभावित बनी उहाँहरू सबैमा
यो अनुसन्धानात्मक ग्रन्थ
समर्पण गर्दछु ।

# शुभकामना

नेपालमा जनस्तरबाट पहिलोपटक सामुदायिक विद्यालयको स्थापना गर्ने आवाल ब्रह्मचारी षडानन्द अधिकारीको योगदान नेपालको शैक्षिक इतिहासमा सदैव सुरक्षित रहने विषय हो । यस्ता महापुरुष सदैव वन्दनीय हुन्छन् र यस्ता महापुरुषका सुकर्महरूले पछिपछिका पुस्तालाई सत्कर्मका लागि प्रेरणा दिइरहेका हुन्छन् ।

आवाल ब्रह्मचारी षडानन्द अधिकारीको योगदानका विविध पक्षहरूलाई अत्यन्त सूक्ष्म रूपले केलाएर सुदीप अधिकारीले करिब पाँच सय पृष्ठको अनुसन्धानात्मक पुस्तक तयार पार्नुभएको देखेर म हर्षित बनेको छु । शिक्षा क्षेत्रमा संलग्न व्यक्तिलाई शिक्षा क्षेत्रसँगै सम्बन्धित पुस्तकले हर्षित बनाउनु स्वाभाविक पनि हो । राष्ट्रको हरेक क्षेत्रको विकासको मूलमा शिक्षा नै रहेको हुन्छ । त्यसैले शैक्षिक संस्थाको स्थापना र सञ्चालन गर्नु, त्यसमा पनि दिगो रूपमा सञ्चालन गर्ने व्यवस्था मिलाउनु अत्यन्त महनीय कार्य हो । यस्तो कार्यको प्रारम्भ षडानन्द अधिकारीबाट भएको थियो ।

षडानन्द अधिकारीको कीर्तिशाली कार्यका रूपमा भौतिक संरचनाहरू अहिले पनि देख्न सकिन्छ । झन्डै डेढ सय वर्षअघि पूर्वी पहाडको आफ्नो जन्मस्थल दिङ्लामा उहाँको नेतृत्वमा बनेका संरचनाहरू हेर्दा अहिलेको पुस्तालाई पत्याउन कठिन पर्छ । त्यस बेला नै कुनै पनि जातिलाई भेदभाव नगरी निःशुल्क शिक्षा दिने व्यवस्था गरेर उहाँले गर्नुभएको कार्य अहिलेसम्म पनि उदाहरणीय छ । शिक्षा, शिल्प, संस्कृति, समाजसेवा, गुठीव्यवस्था, कुरीतिको उन्मूलन, भौतिक निर्माण, वित्तीय व्यवस्था आदिजस्ता विविध क्षेत्रमा उहाँले गर्नुभएको योगदान वास्तवमै अतुलनीय छ ।

यस्ता महापुरुषको योगदानलाई विभिन्न कोणबाट व्याख्या-विश्लेषण गरेर लेखिएको यो पुस्तक शैक्षिक व्यवस्थापन, संस्था सञ्चालन जस्ता क्षेत्रका पाठकका लागि उपयोगी हुने देखेको छु । व्यवस्थापन विषय पढ्ने विद्यार्थी र अध्येताहरूका लागि त यो पुस्तक मार्गदर्शक नै हुनेछ ।

यस्तो महत्त्वपूर्ण अनुसन्धानात्मक पुस्तक लेख्नुभएकोमा विद्वान् लेखक सुदीप अधिकारीमा बधाई ज्ञापन गर्दछु ।

**– डा. सुरेशराज शर्मा**
संस्थापक उपकुलपति : काठमाडौं विश्वविद्यालय

# शुभकामना

मैले आवाल ब्रह्मचारी षडानन्द अधिकारीको नाउँ बाल्यावस्थादेखि नै सुनेको थिएँ । मेरो ससुराली घर भोजपुरमा भएकाले ससुरालीतिरका मान्छेहरूबाट पनि उहाँको नाउँ बेलाबखत सुन्ने गरेको थिएँ । उहाँको जीवनी विद्यालयको पाठ्यक्रममा राखिएको कुरा पनि मलाई थाहा थियो । डा. सुरेशराज शर्मा पनि बारम्बार उहाँको कुरा गर्नुहुन्थ्यो । हरि मञ्जुश्रीको सक्रियतामा शब्दयात्रा प्रकाशनले बनेपामा उहाँको सालिक स्थापना गरेको र उहाँको नाउँमा हरेक वर्ष सम्मान गर्ने गरेको कुरा पनि मलाई थाहा थियो । विश्वविद्यालय अनुदान आयोगमा बैठक हुँदा नेपाल संस्कृत विश्वविद्यालयका तत्कालीन उपकुलपति डा. कुलप्रसाद कोइरालाले संस्कृत शिक्षा, गुरुकुल प्रणाली र पाश्चात्य शैक्षिक प्रणालीका बारेमा बोल्ने क्रममा षडानन्द अधिकारीका विषयमा गरेका कुराहरू पनि मैले सुनेको थिएँ । त्यसैले मलाई दिङ्ला पुग्ने उत्सुकता जागिरहेको थियो ।

म काठमाडौं विश्वविद्यालयको रजिस्ट्रार भएको बेलामा संयोगवश एकपटक दिङ्ला जाने अवसर जुऱ्यो । म, प्रमुख प्रशासकीय अधिकृत मुकुन्दप्रसाद उपाध्याय र नेपाली भाषा सम्पादक हरि मञ्जुश्री, हामी तीनजना धुलिखेलबाट दिङ्ला जान प्रस्थान गऱ्यौँ । विभिन्न ठाउँको अवलोकन गर्दै दिङ्लामा पुग्यौँ । त्यहाँ हामीले नेपालमा निजी क्षेत्रबाट पहिलोपटक सामुदायिक विद्यालय स्थापना गर्ने शिक्षासेवी आवाल ब्रह्मचारी षडानन्द अधिकारीले निर्माण गराउनुभएका संरचनाहरू हेऱ्यौँ र उहाँका कीर्तिका बारेमा थप जानकारी पनि लियौँ । हरि मञ्जुश्रीको जन्मस्थल दिङ्ला नै भएकाले धेरै कुरा थाहा पाउन हामीलाई सजिलो भयो । त्यहाँका स्थानीय बासिन्दा, षडानन्द माध्यमिक विद्यालयका शिक्षक र विद्यार्थीहरूसँग पनि केही कुरा बुझ्ने मौका पाएका थियौँ । हामीले पाएका जानकारीहरूका कारणले म षडानन्द अधिकारीको कृतित्वबाट प्रभावित बनेको छु ।

षडानन्द अधिकारीको नाउँमा नेपाल सरकारले हुलाक टिकट प्रकाशन गरिदिएको छ, जनस्तरमा संस्थाहरू गठन गरिएका छन्, उहाँको नाउँमा स्थापित पुरस्कारबाट डा. सुरेशराज शर्मा, मदनमणि दीक्षित, ज्ञानमणि नेपाल, डा. जगमान गुरुङ, विद्यानाथ भट्ट आदिजस्ता विद्वान्हरू पुरस्कृत हुनुभएको छ, उहाँको नाउँ जोडिएको सम्मानबाट विभिन्न व्यक्ति र सञ्चार माध्यमहरू सम्मानित भएका छन्, स्मृतिग्रन्थ प्रकाशन गरिएको छ, उहाँको र उहाँका

कीर्तिहरूका बारेमा अनुसन्धान गरेर साहित्यिक विधामा काव्यहरू तथा अन्वेषणात्मक विधामा विभिन्न पुस्तकहरू लेखी प्रकाशन गरिएका छन् र उहाँका सालिकहरू स्थापना गरिएका छन् ।

यसै सन्दर्भमा अहिले षडानन्द अधिकारीका विषयमा विस्तृत रूपमा आफ्नै ढङ्गले व्याख्या-विश्लेषण गरी सुदीप अधिकारीले पाँच सयजति पृष्ठको अनुसन्धानात्मक ग्रन्थ लेख्नुभएको थाहा पाएँ । शैक्षिक संस्थाको नेतृत्व गरिरहेको व्यक्ति भएको हुनाले यस जानकारीले मलाई हर्षित बनाएको छ । शिक्षा क्षेत्रमा राष्ट्रले नै आदर्श पुरुष स्वीकार गरेको व्यक्तिका विषयमा पुस्तक लेखिएको हुनाले मलाई हर्ष लाग्नु स्वाभाविकै हो । विभिन्न क्षेत्रमा योगदान गरेका व्यक्तिहरूका विषयमा खोज र अन्वेषण गरी यस्ता खालका पुस्तकहरू लेखी प्रकाशन गराउनु उत्तम कार्य हो । त्यसैले म यस कार्यको प्रशंसा गर्दछु ।

आवाल ब्रह्मचारी षडानन्द अधिकारीलाई विभिन्न कोणबाट नियालेको र विविध पक्षबाट उहाँको योगदानको चर्चा गरिएको यो पुस्तक शिक्षा र व्यवस्थापन विषयका विद्यार्थीहरूका लागि अत्यन्त उपयोगी देखिएको छ । लेखकको उद्देश्य पनि यही नै होला । यो पुस्तक लेख्नुको उद्देश्य पूर्ण होस् भनी म शुभकामना व्यक्त गर्दछु ।

**– प्रा. डा. भोला थापा**

उपकुलपति : काठमाडौँ विश्वविद्यालय

# शुभकामना

बालागुरु षडानन्द अधिकारी भनेपछि अलिअलि पढेलेखेको मान्छे को पो होला र नचिन्ने ! यस पुस्तकको आठौं खण्डमा राखिएका तीनवटा शीर्षकका सामग्री पढ्यो भने पढ्ने मान्छे निकै बेर घोरिएर षडानन्द अधिकारीका बारेमा सोच्न बाध्य हुन्छ र 'ओहो' भन्न पनि बाध्य हुन्छ । ती लेखहरू हुन् – षडानन्द पाठशाला नेपालको प्रथम विद्यालय बन्नुका आधारहरू, सीताराम षडानन्द गुठी नेपालको प्रथम नमुना गुठी बन्नुका आधारहरू र नेपालका विविध क्षेत्र र पक्षमा बालागुरु षडानन्दका प्रथम प्रयोगहरू ।

त्यसो त यस पुस्तकको विषयसूची हेर्दैमा लेखकले कति अध्ययन, चिन्तन र मनन गरेर मिहिनेतपूर्वक यो पुस्तक तयार पारेका रहेछन् र आफ्नो वंशलाई पनि गुन लगाएका रहेछन् भन्ने थाहा हुन्छ ।

षडानन्द अधिकारीका बारेमा मैले धेरै ठाउँमा बोलेको छु, उदाहरण दिएको छु, म नेपाल संस्कृत विश्वविद्यालयको उपकुलपति भएका बखत पनि कैयौँपटक बैठकहरूमा भनेको छु ।

षडानन्द अधिकारीका बारेमा अझै अध्ययन गर्न पुगेको छैन, उनको योगदानको विश्लेषण गर्दै अनुसन्धान गर्न अझै पुगेको छैन, उनले पाउनुपर्ने सम्मान अझै पाइसकेका छैनन्, उनी अझै चिनिन बाँकी छन् र चिँजिन बाँकी छन् ।

यस्तो अवस्थामा आफ्नै फरक र फराक दृष्टिकोण राखेर अनुसन्धान गर्दै सुदीप अधिकारीले लेखेको यस पुस्तकले बालागुरुको कीर्ति, योगदान र महत्त्वलाई बढी स्पष्ट रूपमा समाजसमक्ष प्रस्तुत गरेको छ ।

पाठकले यस पुस्तकमा केही प्रसङ्गहरू दोहोरिएको पाउनेछ र पुनरुक्तिदोष रहेछ भन्न सक्नेछ । तर पढ्दै गएपछि सन्दर्भ अनुसार प्रसङ्ग दोहोरिएको रहेछ र दोहोऱ्याउन लेखक बाध्य बनेको रहेछ भन्ने कुरा पाठकले थाहा पाइहाल्छ ।

अन्त्यमा, बालागुरु षडानन्द अधिकारीलाई म नमन गर्दछु । उनका बारेमा विस्तृत रूपमा लेखिएको यस पुस्तकका लागि लेखकको मिहिनेतको प्रशंसा गर्दछु । यो पुस्तक लेख्नुको उद्देश्य पूर्ति होस् भन्ने शुभकामना पनि व्यक्त गर्दछु ।

**– प्रा. डा. कुलप्रसाद कोइराला**
पूर्वउपकुलपति : नेपाल संस्कृत विश्वविद्यालय

# पूर्वीय आकाशका ज्योति बालागुरु षडानन्द अधिकारी

'कीर्तिर्यस्य स जीवति' भनेझैं पूर्वीय दर्शन वा पूर्वीय आकाशमा वि. सं. १८९२ मार्ग शुक्ल विवाहपञ्चमीका दिन सगरमाथा, मकालु र कञ्चनजङ्घा हिमाललाई अझ प्रदीप्त तुल्याउँछ । भोजपुरको दिङ्लामा शिक्षा, संस्कृति र सदाचारका ज्योति बालागुरु षडानन्द अधिकारीको प्रादुर्भाव भएको थियो । उनका आध्यात्मिक ज्ञान र गरिमाबाट प्रभावित भएर उत्तराञ्चल ज्योतिर्पीठका तत्कालीन शङ्कराचार्यले 'श्री १०८ आबाल ब्रह्मचारी षडानन्द अधिकारी' नामले अलङ्कृत गरेका थिए । त्यसपछि उनी लोकमा 'बालागुरु' र 'आबाल ब्रह्मचारी षडानन्द अधिकारी' नामले यस धराधाममा आलोकित बनेको देखिन्छ । उनका आलोकले तत्कालीन नेपाल, भारत, भुटान, सिक्किम, आसाम, बर्मा आदि देशहरू आलोकित बन्न पुगे । उनी शिक्षा, संस्कृति र सदाचारका महापण्डित थिए । 'विद्या कमाउन कि काशी जानु, कि दिङ्ला जानु' भन्ने लोकोक्तिले व्यापकता पाएको थियो । विद्याको केन्द्र मानिएको वाराणसीले पनि दिङ्लाको पाठ्यशैलीको प्रशंसा गरेको थियो । बालागुरु षडानन्दले प्रारम्भमा जनकपुरको मटिहानीमा र त्यसपछि काशी मुमुक्षु भवनका पीठाधीश सन्त मग्निरामका शिष्य बनेर उच्चशिक्षा ग्रहण गरेका थिए । त्यस बेला अहिलेको जस्तो एम. ए. वा आचार्यको उपाधि दिने चलन थिएन । शास्त्रमा पारङ्गत भएपछि गुरुबाटै अष्टकलशले दीक्षित हुने चलन थियो र उनी सम्मानित हुन पुगेको देखिन्छ ।

बालागुरु षडानन्दले वाग्मतीको किनारको मरिन उपत्यकाको डण्डोर झाडी हुँदै काठमाडौँको मृगस्थली, गोकर्ण उत्तरवाहिनी र पचलीघाटमा बसेर बाह्र वर्षजति कठोर तपस्या गरेर चौबिस गायत्री पुरश्चरण (५ करोड ७६ लाखपटक मन्त्रोच्चारण) महायज्ञ सम्पन्न गरी सिद्धि प्राप्त गरेको देखिन्छ । तत्कालीन प्राइममिनिस्टरहरू जङ्गबहादुर राणा तथा राणा परिवारका उच्चपदस्थहरू बमबहादुर राणा, चन्द्र शमशेर आदिले पनि उनका अलौकिक शक्ति र सामर्थ्यको जानकारी पाएर भेट्ने र आशीर्वाद लिने गरेका थिए । फलस्वरूप श्री ३ जङ्गबहादुरको समयमा भोजपुरको दिङ्लामा बसेर शिक्षा, संस्कृति र सदाचारका माध्यमले देशसेवा गर्ने मौखिक अनुमति पाए । वि.सं. १९३२ मा गुरुकुल पाठशाला, देवीदेवताका मन्दिर, धर्मशाला, वन, उपवन, बाटो, चौतारो, धारो, पोखरी, गौचरन, छात्रावास, गुठी, पुस्तकालय, हाटबजार, मेलाहरू, जात्रापर्वहरू, सतीघाटमा डुङ्गा व्यवस्थापन, मकरस्नान मेला, कच्ची फराकिलो सडक, कुवा, टुँडिखेल, उद्यान, गिर्दा, स्तम्भहरू

आदिको प्रारम्भ र विकास गर्दै अघि बढेको देखिन्छ । उनले सिक्किम, भुटान, आसाम, बर्मा, गुल्मी, दाङ, इलाम आदिबाट आउने विद्यार्थीलाई मात्र दीक्षित तुल्याएनन्, तत्तत् ठाउँका ग्रामीण परिवेशलाई समेत शिक्षित तुल्याएर दिङ्लाको विकास र जागरणको लहर पनि फैलाए । सामाजिक, सांस्कृतिक, आध्यात्मिक र सदाचारको लहर देशभित्र र बाहिर पनि सञ्चार तथा अनुकरण भएको देखिन्छ । उनले विनाजातीय भेदभाव सबैलाई समान शिक्षा दिएको, सबैलाई एकसाथ राखेर पुराणहरू सुनाएको तथा सबैलाई स्थापित देवताहरूको पूजा गर्ने अधिकार दिएको पनि देखिन्छ । सबैका घरमा मठ बनाएर तुलसीरोपण गरी पूजा गर्ने, वरपीपलको पूजा गर्ने, श्राद्धमा मासु वर्जित गर्ने आदिको कारण र महत्त्व बुझाई चलन चलाएको देखिन्छ । यसरी शिक्षाबाट वञ्चित माझकिरातभूमि क्रमशः पुण्यभूमिमा परिणत हुँदै गयो । देशविदेशसम्म दिङ्लाको आलोक फैलिँदै गयो । त्यो बेला जातीय भेदभाव नगर्नु र सबैलाई एकतामा बाँधेर शैक्षिक तथा अन्य विकासमा अवसर प्रदान गर्दै समाजलाई अघि बढ्‌ाउनु नैउनको महानता थियो ।

षडानन्द एक सन्त थिए । उनी कुनै सम्प्रदायमा आबद्ध नभई सनातन प्राकृतिक वैदिक धर्मका पृष्ठपोषक थिए । त्यसैले बौद्ध, किरात आदि धर्मावलम्बीहरूलाई चाँडो विश्वासमा लिएर अघि बढ्न सम्भव भएको थियो । उनी सिद्धयोगी भएकाले उनले दिएको आशीर्वाद लाग्दथ्यो र चिताएको पुग्दथ्यो । उनीमा गायत्री पुरश्चरणबाट सिद्धि र अष्टाङ्गयोगको समेत दुई सिद्धिहरू प्रस्ट देखिन्छन्, जसको कारण त्यो अनकन्टार जङ्गलमा उद्यान, पाठशाला र मन्दिर लगायतका संरचना निर्माण गरेर सबैलाई चकित बनाएका थिए । गुठीबाट प्राप्त हुने झन्डै ४०० मुरी धानबाट १०० जना विद्यार्थीलाई भोजन, आवास, शिक्षा तथा गुरु, पण्डित, सुसारे, माली, पाले, टहलुवा, गुठीयार आदिलाई वेतनको सुव्यवस्था मिलाइएको थियो । उनी कुशल व्यवस्थापक भएकोले शिलालेख, धर्मपत्रिका आदि लेखेर सञ्चालन विधि पनि स्थायी रूपमा बाँधिदिएको भेटिन्छ । वि. सं. २०५७-५८ मा देशमा चलेको माओवादी आन्दोलनले आक्रमण नगरेसम्म उनले बाँधेको विधि अनुसार नै चल्दै आएको थियो । त्यसपछि मोहीहरूमा पनि अनुशासन रहेन र बेथिति देखिएको छ । यसमा सरकार, स्थानीय जनता र नेतृत्व वर्गको दृष्टिपात हुनुपर्छ, नत्र सन्तको आँसुले सराप्नेछ ।

भनिन्छ, सिद्धपुरुष षडानन्द र उनको विद्यापीठमा पढेका जोकोहीले पनि निरुद्योगी बन्नुपरेन, केही न केही गरेरै खाएका छन् । दिङ्लामा पढेर, बढेर साहित्य साधना गर्दै बालागुरु षडानन्दका बारेमा ग्रन्थ लेख्ने परिष्कृत

साधकहरूमा पं. यज्ञनिधि चापागाईं, पं. नन्दिकेश्वर अधिकारी, सेमन्तराज अधिकारी, डा. नरेन्द्र चापागाईं, भोग्यप्रसाद भण्डारी, दुर्गाप्रसाद अधिकारी, हेमराज शर्मा अधिकारी, यादव चापागाईं, दधिराज सुवेदी, ज्ञानराज सुवेदी, डा. गोविन्दमानसिंह कार्की, खेमराज गौतम, नीलकण्ठ भट्टराई, डा. सोमप्रसाद खतिवडा आदि ग्रन्थकारका रूपमा परिभाषित भइसकेका छन् भने १०० भन्दा बढी व्यक्तित्वका लेखहरू पनि देखिन्छन् । पछिल्लो क्रममा पछिल्लो पुस्ताका गुणात्मक ग्रन्थकार सुदीप अधिकारीको पनि उपस्थिति भइसकेको छ ।

सुदीप अधिकारीद्वारा लिखित एवम् गहन खोजमा आधारित यस कृतिमा आजसम्म लेखिएका कृतिहरूमा भन्दा बढी कुरा, स्रोतसाधनको पर्याप्तता, यथार्थता र पुष्ट्याइँका आधारहरू पर्याप्त छन् र स्रोत खुलाएर अनुसन्धानमूलक बनाउने प्रयास गरेको देखिन्छ । ग्रन्थमा सन्त षडानन्द राष्ट्रिय परिवेशबाट उठेर अन्तर्राष्ट्रिय बनेका विभूति हुन् र पूर्वीय दर्शनका पृष्ठपोषकसमेत हुन् भन्ने कुराका पर्याप्त प्रमाणहरू जुटाइएको छ । प्राचीन कौशिकी सभ्यता अन्तर्गत आधुनिक अरुण उपत्यका सभ्यताका अग्रज व्यक्तित्वका रूपमा समेत परिभाषित गरिएको छ । दोस्रो विश्वयुद्धमा बेलायत पठाइएका सैनिकहरूको उपचार गर्न १२ जना वैद्य र सिंहदरबार वैद्यखानामा उत्पादित औषधिको प्रभाव देखेर बेलायतीहरू वैद्यखानाको निरीक्षणका निमित्त नेपाल आएको र त्यसपछि विदेशी अनुसन्धानकर्ता तथा छात्रहरू नेपालमा आयुर्वेद स्वास्थ्य अध्ययन गर्न निरन्तर आइरहेको प्रसङ्ग उल्लेख गरिएको छ । वि. सं. १९८५ मा रानीपोखरी संस्कृत पाठशालाले आयुर्वेदमा वैद्यविनोद, वैद्यभूषण र वैद्यरत्न पाठ्यक्रम पढाउन थालेको कुरा थाहा पाएर दिङ्लाका दिनराज अधिकारी वैद्यरत्न पढी कविराज भएका थिए । उनले दिङ्लामा बालागुरुबाट स्थापित १००८ प्रजातिका बिरुवाको व्यवस्थित जडिबुटी उद्यान रहेको र औषधि बनाउन सहज हुने कुरा राजा र जुद्ध शमशेरसँग बिन्ती गर्दा अनुमति र नियुक्ति पाई वि. सं. १९९९ मा त्रिजुद्ध आयुर्वेद औषधालय, जिल्ला आयुर्वेदालय दिङ्लामा स्थापना गरेको र आजीवन स्वास्थ्यसेवा पनि गरेको उल्लेख गरिएको छ । यस पुस्तकमा यस्ता सान्दर्भिक अनुसन्धानहरू पर्याप्त छन् । त्यसैले यो कृति गुणात्मक, भरपर्दो र उपादेय छ ।

यसभित्र धार्मिक, सांस्कृतिक, आर्थिक, राजनीतिक र सामाजिक जागरण तथा पुनर्जागरणका कुरा पनि छन् । वैदिक संस्कार र संस्कृतिको अभ्युदयमा पनि खोजको प्रयास भएको छ । जातीय भेदभाव, छुवाछुत, ठूलो-सानो आदि अमानवीय कुरालाई हटाउन वा न्यूनीकरण गर्न सहयोग मिल्ने खोजमूलक प्रयास भएको छ । सतीप्रथा, दासप्रथा आदिको उन्मुक्ति गुरु

षडानन्दकै प्रयत्नले दिङ्ला र अरुण उपत्यकाबाटै भएको कुरालाई सप्रमाण अगाडि बढाइएको छ । मानवताभित्र समता र ममताको बीजारोपण गर्ने प्रयत्न भएको छ । बालागुरुले सामाजिक सुरक्षाका निमित्त १०० जना जवान रहने कालीदल गणको स्थापना वि.सं. १९३४ मा दिङ्लामा भएको प्रसङ्ग जोडिएको छ ।

चामुनारायणका पूर्वजहरू काठमाडौं उपत्यकाबाट दिङ्ला पुगेका थिए । जानेबुझेका चामुनारायण श्रेष्ठले वि. सं. १९२७ तिर दिङ्लामा सत्तल, शिवालय, गुठी आदि निर्माण गरेर सञ्चालन गरिसकेका थिए । सोही सत्तलमा बसेर गुरुमहाराज षडानन्द अधिकारीले दिङ्लाको समाज र राष्ट्रविकासका आफ्ना योजना बुन्दै, सुनाउँदै र जनमानसलाई अभिप्रेरित तुल्याउँदै अनौपचारिक रूपमा वि. सं. १९२८ तिरबाटै पढाउन थालेका थिए । यो सत्तल, प्रारम्भिक वातावरण, बासस्थान र आश्रम प्रदान गर्ने चामुनारायणका विषयमा पनि अनुसन्धान गरिएको छ, तथापि कमै भयो कि जस्तो लाग्दछ ।

अन्त्यमा, यस अनुसन्धानात्मक कृतिको लेखन तथा सम्पादन गरेर स्तरीय र गुणात्मकताका साथ प्रस्तुत हुने युवा सुदीप अधिकारीलाई धन्यवाद दिँदै, 'शुभास्ते पन्थानः सन्तु' भन्दै र चाँडै कृति प्रकाशनमा ल्याउनसमेत आग्रह गर्दै विराम लिन्छु । अस्तु ।

**– दधिराज सुवेदी**
२०७९।१०।१२

# लेखकको भनाइ

परम श्रद्धेय गुरु श्री १०८ आबाल ब्रह्मचारी षडानन्द अधिकारीप्रति श्रद्धासुमन अर्पण गर्दै उहाँका कीर्तिकिरणहरू उजागर गर्न मैले यो पुस्तक तयार गरेको छु । यस पुस्तकबाट उहाँलाई राष्ट्रिय विभूति घोषणा गर्ने विषयमा महत्त्वपूर्ण जानकारी प्राप्त हुने अपेक्षा गरेको छु ।

यस ग्रन्थमा अनुसन्धानात्मक प्रक्रियाका रूपमा प्राथमिक र द्वितीय स्रोत दुवैलाई सामग्रीका रूपमा प्रयोग गरेको छु । प्राथमिक स्रोतका रूपमा नमुनामा छनोट भएका अन्तर्वार्ता, दिङ्ला भेगको स्थलगत अध्ययन भ्रमण र अवलोकन, सम्बद्ध व्यक्तित्वसँगका छलफल, मौखिक प्रश्नोत्तर, त्यहाँका पूजाविधि, परम्परा, मेला, पर्व, पुराणलगायत भौतिक-सांस्कृतिक पक्षको अध्ययन र अवलोकनविधिको प्रयोग भएको छ । द्वितीय सामग्रीका रूपमा प्रकाशित ग्रन्थहरू, लेखहरू, शोधपत्रहरू, शिलापत्रहरू, लालमोहर, धर्मपत्रिका लगायत इन्टरनेटमा प्राप्त सामग्रीहरूलाई पनि समावेश गरेको छु । वर्णनात्मक, विश्लेषणात्मक तथा तुलनात्मक अध्ययनविधिहरू प्रयोग गरेको छु । यस ग्रन्थलाई अनुसन्धानात्मक कृति बनाउन खोजिएको छ ।

नेपालको पृष्ठभूमिमा षडानन्द अधिकारी को हुन् र देशभित्र र देशबाहिर उनका के-के योगदानहरू छन्, उनी जन्मेको, हुर्केको, बढेको र पढेको पृष्ठभूमि के हो भन्ने प्रश्नहरूको उत्तर दिने प्रयास गरेको छु ।

षडानन्दलाई प्रत्यक्ष देख्ने सत्यनारायण अधिकारीबाट यस अनुसन्धाताले थाहा पाएका कुराहरू, स्मृतिग्रन्थ (२०५२) मा दधिराज सुवेदीबाट सङ्कलित प्रत्यक्षदर्शीका अनुभवहरू र दिङ्लामा रहेको मन्दिर परिसर, भौतिक वस्तुहरू आदिलाई पहिलो मूर्धन्य प्रमाणका रूपमा समावेश गरी विश्लेषण गरेको छु । त्यसपछि पं. नन्दिकेश्वर अधिकारी, पं. यज्ञनिधि चापागाई, पं. लक्ष्मीभक्त अधिकारी र पं. प्रभुनाथ अधिकारीका ग्रन्थहरूलाई आधिकारिकताको उच्चतम प्रमाणका रूपमा लिएको छु । तत्कालीन नेपाल सरकारबाट प्राप्त लिखत, ताम्रपत्र, शिलापत्र, इस्तिहार तथा आजसम्म आँखैले अवलोकन गर्न सकिने दिङ्ला भेगका भौतिक वस्तुहरूलाई नै वास्तविक प्रमाणका रूपमा स्वीकार गरेको छु, तथापि अनुसन्धानात्मक कृति हुनाले अन्य स्रोतहरू पनि समय, अवस्था र विषयवस्तु अनुसार थोरबहुत उल्लेख भएको छ ।

समग्रमा षडानन्द को हुन् ? षडानन्द ती व्यक्तित्व हुन्, जसले

समाजमा देखेका समस्याको व्यवस्थापन र समाधानको प्रयास गरे । जस्तै सतीप्रथामा समस्या देखे, समाधानको प्रयास गरे । सतीघाटमा नदी तर्न समस्या देखे, डुङ्गाको व्यवस्था गरे । शिक्षामा समस्या देखे, विद्यालयको व्यवस्था गरे । स्वास्थ्यक्षेत्रमा समस्या देखे, जडिबुटी उपचारको व्यवस्था गरे । यी प्रतिनिधि घटना र योगदान हुन् । उनी नेपाली मौलिक व्यवस्थापन मोडलका शिरोमणि हुन् । उनी ग्रायत्री मन्त्रका सिद्धिप्राप्त महापुरुष, मन्त्र र तन्त्रविद्याका साधक तथा व्यावहारिक प्रयोगकर्ता पनि हुन् । मजदुर र महिलाका समस्याका मुक्तिदाता र तत्कालीन कुशल व्यवस्थापकीय दार्शनिकका रूपमा पनि देखिन्छन् । समाज, अर्थ, संस्कृति, शिक्षा, राजनीति, विकासको पूर्वाधार, मानव-अधिकार, स्वास्थ्यसेवा, सूचना, मनोरञ्जन आदि बृहत्तर क्षेत्रमा भएको उनको व्यवस्थापकीय कुशलताले आधुनिक नेपाली समाजका विविध क्षेत्रमा जागरण र पुनर्जागरणको लहर चल्यो । शैक्षिक क्षेत्रमा गुरुकुलीय पद्धतिको 'S-S Model को शिक्षणविधिको आविष्कार' तथा समाज विकासमा 'आदर्श समाज विकास (ISD) मोडल' को आविष्कार भयो । उनी नेपालका शीर्ष स्थानमा सदैव अमर रहने एक कुशल व्यवस्थापक हुन् । आधुनिक नेपाली समाजका'व्यवस्थापनका शिरोमणि' हुन् भन्ने निष्कर्ष यस अनुसन्धानको रहेको छ ।

षडानन्द अधिकारीको जन्म वि. सं. १८९२ मार्गशुक्ल पञ्चमीमा तत्कालीन पूर्व ४ नं. भोजपुर जिल्लाको मूलपानी जामुनेमा बसोवास भई दिङ्ला गढीगाउँको मावलीघरमा लक्ष्मीनारायण अधिकारी तथा रुक्मिणी अधिकारीका कान्छा सुपुत्र गर्भेटुहुराका रूपमा भएको थियो ।

संस्कृत भाषा, संस्कृति र संस्कारहरू मानव जगत् तथा पूर्वीय जगत्का आधारस्तम्भ हुन् । ती कार्यहरूको प्रचारप्रसार गर्न सरिक भएका बालागुरु षडानन्द दिङ्लाली जनताका मात्र नभई आधुनिक अरुण उपत्यका, पूर्वी नेपाल, सिङ्गो राष्ट्र, अन्तर्राष्ट्रिय क्षेत्र र मूलतः सनातन धर्म अन्तर्गत अजर-अमर व्यक्तित्व हुन् ।

बालागुरु षडानन्द ८ वर्षको उमेरमा उपनयन संस्कारपछि अध्ययनको खोजमा निस्केको देखिन्छ । जनकपुर, मटिहानी र काशी पुगेर मुमुक्षु आश्रम, वाराणसीमा मग्निराम ब्रह्मचारीसँग अध्ययन गरी 'बालब्रह्मचारी' तथा 'श्री १०८' जस्ता सम्मानबाट विभूषित भएको देखिन्छ । उनको समाजसेवा, मानवसेवा, धर्मसंस्कृति संरक्षण क्षेत्रका योगदान र सुकर्महरूको मूल्याङ्कनबाट उनी 'अनन्तश्री' विभूषित व्यक्तित्वझैं उच्च स्थानमा सम्मानित रहेको देखिन्छ ।

उनले १९३२ सालमा नेपालकै प्रथम औपचारिक संस्कृत पाठशाला खोलेर दिङ्ला तथा अरुण उपत्यकामा सेवा पु¥याएको देखिन्छ । यसबाहेक काठमाडौं, पोखरा, जनकपुर, वीरगञ्ज, सल्यान, प्युठान, दाङ, गुल्मी, बाग्लुङ, धादिङदेखि पूर्वी नेपालका रामेछाप, ताप्लेजुङ, इलामसम्म पनि समाजसेवा र पुनर्जागरणमा प्रत्यक्ष-अप्रत्यक्ष योगदान पु¥याएको देखिन्छ । नेपालबाहेक सिक्किम, दार्जिलिङ, जल्पाइगुढी, आसाम, म्यानमार (बर्मा) तथा भारतका विभिन्न स्थानका विदेशी विद्यार्थी अध्ययन गर्न आउने नेपालकै प्रथम विद्यालय सीताराम पाठशाला देखिन्छ । भोटखोला क्षेत्र हुँदै आएका तिब्बती लामाहरूसँग पनि शास्त्रार्थ भएकाले उनको प्रसिद्धि तिब्बतसम्म फैलिएको देखिन्छ । त्यसै गरी पाठशाला, उनको व्यक्तित्व र अध्यापन शैलीको ख्याति भारतको बनारस, आसाम लगायतका भूभागसम्म पनि पुगेको देखिन्छ ।

भारतबाट प्रकाशित गीताप्रेसको ‘कल्याण’ को सन्त विशेषाङ्कमा विश्वका ५०० जना उत्कृष्ट साधुहरूको सूचीमा नेपालबाट बालागुरु षडानन्द र स्वर्गद्वारी महाप्रभु २ जना मात्र परेका थिए । तसर्थ ५०० वर्षसम्मको नेपाली समाजको विश्लेषण गर्दा बालागुरु षडानन्द नेपाली समाजका जागरणकर्ता, राष्ट्रका जागरण तथा पुनर्जागरणका धरोहर, आधुनिक अरुण उपत्यका सभ्यताका अग्रज एवम् अन्तर्राष्ट्रिय व्यक्तित्व रहेको स्पष्ट प्रमाणहरू पाइन्छन् ।

उनले अरुण उपत्यकामा वि. सं १९४० बाट सतीप्रथा र दासप्रथा अन्त्य गर्ने प्रयास गरेको देखिन्छ । साथै जागरण तथा पुनर्जागरण गर्दै जाँदा क्रमशः समाजमा सुधार हुदैं गई वि. सं. १९७७ मा सतीप्रथा र वि. सं. १९८१ मा दासप्रथा श्री ३ प्र. म. चन्द्र शमशेरबाट अन्त्यको घोषणा भएको इतिहास देखिन्छ । तसर्थ ओझेलमा परेका बालागुरु षडानन्दलाई हामी तथा राष्ट्रले न्यूनतम पनि राष्ट्रिय विभूतिका रूपमा सम्मान गर्नुपर्ने देखिन्छ । राज्यले समाजसुधारको सूचीमा मात्र राख्दा सम्मानमा अपूर्णता देखिन्छ ।

विश्वकै उच्चकोटिको रुद्राक्षका लागि दिङ्ला र अरुण उपत्यका प्रख्यात छ । दिङ्लाले जापान, कोरिया, रसिया, क्यानडा, इटाली, जर्मनी, नर्वे, भारत, चीन, इन्डोनेसिया आदि देशहरूमा रुद्राक्षको प्रमुख अन्तर्राष्ट्रिय बजार (Rudrakshya Center for International Market) का रूपमा ख्याति कमाएको छ । यसको प्रथम श्रेय बालागुरु षडानन्दलाई जान्छ । रुद्राक्ष र गुरु षडानन्द झन्डै पर्यायवाची शब्द बनेका छन् । नेपालमा बर्सेनी अरबौं रुपियाँ रुद्राक्षको बिक्रीबाट भित्रिन्छ । रुद्राक्षबाट नेपाली अर्थतन्त्रमा इँटा थप्ने कार्य अरुण उपत्यकादेखि पश्चिम नेपालका सल्यान, प्यूठान आदि जिल्लासम्म पनि

फैलिएको भेटिन्छ । यसका निमित्त पनि बालागुरुलाई सम्मान अर्पण गर्नैपर्दछ, किनकि उल्लिखित क्षेत्रहरूमा दिङ्ला पाठशालामा अध्ययन गर्ने छात्रहरूले रुद्राक्षको महत्त्व बोध गरी घर फर्कँदा बिरुवा प्रसारण गरेका थिए ।

यस पुस्तकमा ९ खण्ड रहेका छन् । पाँचौं खण्डमा व्यवस्थापकीय योगदानहरूको विश्लेषण तथा छैटौं खण्डमा षडानन्दका योगदानहरूको वैधता, प्रमाण र आधिकारिकता उल्लेख छ । आठौं खण्डमा बालागुरुबाट नेपालमा गरिएका प्रथम योगदान तथा अन्य योगदानहरूको सङ्क्षेपमा निष्कर्ष छ । नवौं खण्डमा बालागुरुको स्मृति तथा सम्मानका लागि भए गरिएका प्रयासहरू रहेका छन् ।

देवीदेवतामा जस्तै बालागुरुमा अष्टसिद्धि प्राप्त थियो । सिद्धिका विधि वा प्रक्रियाहरू व्यावहारिक रूपमा उत्रँदा कतिपयमा तन्त्रसिद्धि रहेको पाइन्छ । बालागुरुको योगदानमा अष्टसिद्धिको प्रभाव देखिन्छ । तसर्थ बालागुरु अष्टसिद्धिका मर्मज्ञ पनि देखिन्छन् । त्यसबाट उनले कुशल व्यवस्थापक बनेर समाज, राष्ट्र र सनातन धर्मलाई सफल योगदान दिएको देखिन्छ । 'गुरुमा वाक्सिद्धि थियो रे, उनले दिएको आशीर्वाद पुग्दथ्यो रे' भन्ने भनाइबाट पनि यो कुरा स्पष्ट हुन्छ । उनी एक महापुरुष वा अलौकिक पुरुष थिए ।

अन्त्यमा, राष्ट्रमा त्यसै बिलाएका सनातन धर्मका समाजसुधारक बालागुरु षडानन्दका बारेमा पाठक वर्गले गहन अध्ययन गरेर उनीप्रतिको सम्मानस्वरूप उनलाई राष्ट्रिय विभूतिका रूपमा स्थापित गर्न आ-आफ्नो कार्यक्षेत्रबाट सहयोग पुग्नेछ भन्ने अपेक्षा गरेको छु ।

**– लेखक**

# आभार

यस शोधपत्रका केही अंशहरू वि. सं. २०७३ मा मैले पूर्वाञ्चल विश्वविद्यालय अन्तर्गतको हिमालय किरण पब्लिक क्याम्पस, खाँदबारीमा एम. एड. तहको E. P. M. विषयको अङ्ग्रेजी भाषामा बुझाएको Guru Shadananda's Contribution in Educational Management: Planning and Parctice with S-S Model in AVC (Arun Valley's Civilization) शीर्षकको शोधपत्रमा अन्य विषयवस्तुसमेत समावेश गराई नेपाली भाषामा तयार पारेको छु । बाँकी विषयवस्तुहरू पुस्तक तयार गर्ने क्रममा खोज-अनुसन्धान गरी प्रस्तुत गरेको छु । यस कार्यका लागि प्रेरित गर्नुहुने हिमालय किरण क्याम्पसका प्रमुख डा. मातृका तिम्सिना तथा हिमालय किरण क्याम्पसका सबै गुरुहरू र परिवारप्रति आभारी रहनेछु । त्यसै गरी यसलाई पुस्तकका रूपमा प्रकाशन गर्न प्रेरित गरिरहनुहुने आदरणीय प्रा. लालानाथ सुवेदीप्रति पनि कृतज्ञता व्यक्त गर्दछु । साथै ग्रन्थलाई अनुसन्धानात्मक पुस्तकका रूपमा प्रकाशन गर्न सुझाव दिनुहुने डा. यादव अधिकारीप्रति पनि आभारी छु ।

बालागुरु षडानन्दसँग सम्बन्धित पुस्तक, तथ्य तथा जानकारीहरू उपलब्ध गराउने दधिराज सुवेदी, डा. नन्दीश अधिकारी, हरि मञ्जुश्री, प्रा. नारायणप्रसाद पोखरेल, कविराज न्यौपाने, दिनेशराज सुवेदी, मान बज्राचार्य, गोपाल अधिकारी, गुरुप्रसाद राई, रवीन्द्र अधिकारी, रमेशकुमार चापागाईं, लीलाप्रसाद गुरागाईं, नगेन्द्र बस्नेत, तोयानाथ गौतम, पं. कृष्णप्रसाद गुरागाईं र नवराज जमरकट्टेलप्रति आभारी छु । विभिन्न जानकारी उपलब्ध गराउनुहुने हरिबहादुर बस्नेत, घनश्याम पौडेल, ठमनाथ लम्साल, चण्डी सुवेदी, गोपालप्रसाद तिम्सिना, सुमनकुमार लम्साल, राजेन्द्रकुमार अधिकारी, हेमन्तराज गुरागाईं, राजेन्द्र पौडेल, शिव अधिकारी, रामकुमार जी. सी., हेमन्ता अधिकारी, नारायण श्रेष्ठ, खेमबन्धु अधिकारी, ऋद्धि चर्मकार, लोकेन्द्र दाहाल, दीपक अधिकारी, कोषराज निरौला, सूर्यबहादुर बस्नेत, देवेन्द्र अधिकारी, सुदर्शन काफ्ले, डा. नीलबहादुर चौहान, दीपेन्द्र अधिकारी र हरिकृष्ण खड्काप्रति आभारी छु ।

दधिराज सुवेदीले २०५२ सालमा सम्पादन गरेको ‘बालागुरु षडानन्द स्मृतिग्रन्थ’ र त्यसभित्रका फुटकर लेखहरूका लागि विशेष आभारी छु । त्यस ग्रन्थविना बालागुरुको जीवनी र योगदानका अनगन्ती पक्षहरू उजागर गर्न असम्भव हुने थियो । दधिराज सुवेदीले यस ग्रन्थको पाण्डुलिपि अध्ययन गरेर

सारगर्भित सरसल्लाह दिनुभएकोमा सम्मान व्यक्त गर्दछु ।

डा. नरेन्द्र चापागाईंको 'बाल-आबाल' र विविध लेखहरू अध्ययन गरेकाले मलाई अरुण उपत्यकाको सभ्यता उजागर गर्न प्रेरणा मिल्यो । कृष्णविनोद लम्सालको 'सप्तकोशी किनारबाट' ग्रन्थले सप्तकोशी सभ्यताका पक्षहरू उजागर गर्न सहयोग पुऱ्यायो । यादव चापागाईंको 'बालागुरु षडानन्दको व्यवस्थापन कुशलता' पुस्तक अध्ययन गरेपछि अरुण उपत्यकाको आधुनिक सभ्यतासम्बन्धी व्यवस्थापकीय पक्षहरू थपिए र आधुनिक व्यवस्थापकीय सिद्धान्तहरूसँग तुलना गर्ने प्रेरणा पनि मिल्यो । डा. लक्ष्मण शास्त्री, यज्ञनिधि चापागाईं, नन्दिकेश्वर अधिकारी र सेमन्तराज अधिकारीका ग्रन्थ तथा लेखहरू अध्ययन गर्दा षडानन्द संस्कृत मोडल शिक्षण विधि (S-S Model Teaching Approach/Method) को सङ्केत मिल्यो । त्यही विधिका कारण षडानन्द पाठशालाको ख्याति बनारस, तिब्बत, भुटान, आसाम, सिक्किम, दार्जिलिङ, पश्चिम बङ्गाल र बर्मासम्म पुगेको थियो । तसर्थ उहाँहरूप्रति सदैव आभारी रहनेछु ।

खेमराज गौतम, ज्ञानराज सुवेदी, डा. गोविन्दमानसिंह कार्की, दुर्गाप्रसाद अधिकारी, हेमराज शर्मा अधिकारी, मान बज्राचार्य, चेतना अधिकारी जस्ता व्यक्तित्वबाट प्रकाशित पुस्तक, लेख तथा आबाल ब्रह्मचारी षडानन्द प्रतिष्ठानबाट प्रकाशित पुस्तक, लेख, बुलेटिन, यु-ट्युब, इन्टरनेट आदिबाट बालागुरु षडानन्दको योगदानसम्बन्धी यथेष्ट तथ्यहरू प्राप्त गर्न सकेको छु । विनोद चापागाईं, जगदीश सुवेदी, गोविन्द कार्की, अमन चापागाईं, नवीन अधिकारी र अश्विन त्रितालको सहयोगबाट ती सामग्री र लेखहरू कति प्रामाणिक वा तथ्यपरक छन् भनी काँटछाँट गर्ने, विषयवस्तुमाथि थप अनुसन्धान गर्ने प्रेरणा मिल्यो, त्यसका लागि उहाँहरूप्रति सम्मान व्यक्त गर्दछु । अरुण माध्यमिक विद्यालय स्मारिका, रेडक्रस सोसाइटी दिङ्ला शाखाको आगमन पुस्तिका, विद्यालयका रेकर्ड तथा गुठीमा रहेका रेकर्ड, पुस्तक-पत्रिकामा छापिएका लेखहरू, शोधपत्र, शिलालेख तथा अन्य अभिलेख, स्मारिका आदि पनि लेखनकार्यमा सहयोगी बनेका छन् । पुस्तक लेखन तथा तयार गर्ने क्रममा विषयवस्तु थपघट गर्न सुझाव दिनुहुने गायत्रीकुमार चापागाईं, कविता चापागाईं, अर्जुन भट्टराई, दिनेशराज सुवेदी, खेचरबहादुर बस्नेत, रमेशकुमार चापागाईं, भक्ति दाहाल 'विष्फोट' तथा प्रत्यक्ष-अप्रत्यक्ष सहयोग गर्ने व्यक्तित्वप्रति आभारी छु । विभिन्न ठाउँमा रहेका षडानन्दसम्बन्धी संस्थाप्रति पनि आभारी छु ।

त्यसै गरी विनोद ढकाल, भीम पराजुली, इन्दु सुवेदी, गणेश अधिकारी,

विनोद सुवेदी, रूपेश बस्नेत, मुकुन्दप्रसाद न्यौपाने, केशवप्रसाद गुरागाईं, यशोदाप्रसाद लुइटेल, लगनलाल खवास, यमुना भण्डारी, दयाराम खवास, अशोक बस्नेत, श्रवणकुमार खवास, शङ्कर खड्का, राधाप्रसाद पोखरेल, अञ्जु भट्टराई, परशुराम खवास र हरिचरण खवासप्रति पनि आभारी छु । बद्री अधिकारी, तेजेन्द्र सुवेदी र अभिषेक खतिवडाले काठमाडौंबाट बालागुरु सम्बन्धी पुस्तकहरू पठाई सहयोग गर्नुभएकोमा आभारी छु । पुस्तक लेखन कार्यमा समय उपलब्ध गराइदिने श्रीमती सीता नेपाल र छोरा सुशान्त अधिकारीलाई धन्यवाद !

**– लेखक**

# प्रकाशकीय

अनुसन्धाता सुदीप अधिकारीले लेख्नुभएको 'नेपालको विविध पृष्ठभूमि र योगदानमा षडानन्द' नामक प्रस्तुत अनुसन्धानात्मक तथा विश्लेषणात्मक ग्रन्थको प्रकाशन गर्न पाएर शब्दयात्रा प्रकाशनले आफूलाई सौभाग्यशाली मानेको छ । शब्दयात्रा प्रकाशनले बनेपामा पहिलोपटक आवाल ब्रह्मचारी षडानन्द अधिकारीको सालिक स्थापना गरेर शब्दसाधक तीर्थ बनाएको र उनको नाउँको सम्मान हरेक वर्ष समर्पण गर्ने गरेको परिप्रेक्ष्यमा उनैका बारेमा अनुसन्धान गरेर तयार पारेको पुस्तकको प्रकाशक बन्न पाउनु हाम्रो लागि गौरवकै विषय हो ।

यो ग्रन्थ नौ खण्डमा विभक्त छ । यस ग्रन्थमा आवाल ब्रह्मचारी षडानन्द अधिकारीले नेपालका लागि गर्नुभएको योगदानका बारेमा विस्तृत रूपमा नवीन तथ्य र व्याख्यासहित विश्लेषण गरिएको छ । षडानन्दका बारेमा विभिन्न कोणबाट समग्र अध्ययन गरिएकाले यो ग्रन्थ उनका बारेमा जानकारी दिने आधिकारिक ग्रन्थ बनेको छ । विश्वका विभिन्न सिद्धान्त र प्रयोगसँग षडानन्दको सिद्धान्त र प्रयोगको तुलनात्मक अध्ययन गरिएकाले यस ग्रन्थले षडानन्दको स्थान पनि निर्धारण गरिदिएको छ ।

यस ग्रन्थका लागि शुभकामना मन्तव्य लेखिदिनुहुने काठमाडौँ विश्वविद्यालयका संस्थापक उपकुलपति डा. सुरेशराज शर्मा, काठमाडौँ विश्वविद्यालयका उपकुलपति डा. भोला थापा र नेपाल संस्कृत विश्वविद्यालयका पूर्वउपकुलपति डा. कुलप्रसाद कोइरालाप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछौँ । प्रकाशनका लागि यस संस्थाको स्मरण गर्नुहुने अनुसन्धाता सुदीप अधिकारीप्रति आभार प्रकट गर्दछौँ । अक्षराङ्कन र भाषिक शुद्धीकरण गरिदिने, भित्री साजसज्जा मिलाइदिने, आवरण चित्र बनाइदिने र मुद्रण गरिदिने सबैलाई धन्यवाद व्यक्त गर्दछौँ ।

यस संस्थाबाट प्रकाशित यसअघिका अन्वेषणामक ग्रन्थहरूले झैँ यस ग्रन्थले पनि पाठकवर्गको समुचित स्नेह प्राप्त गर्ने कुरामा हामी विश्वस्त छौँ ।

**– हरि मञ्जुश्री**

अध्यक्ष : शब्दयात्रा प्रकाशन

# विषयसूची

## खण्ड एक
## परिचय तथा पृष्ठभूमि


| | | |
|---|---|---|
| १. | परिचय | १ |
| २. | षडानन्दको व्रतबन्ध प्रसङ्ग | ४ |
| ३. | अध्ययन यात्रा<br>(अध्ययन केन्द्र जनकपुर, मटिहानी अध्ययन, काशी प्रस्थान र अध्ययन, मुमुक्षुमा योगाभ्यास, काशीबाट जनकपुर आगमन, डन्डोर झाडी हुँदै पशुपतिनाथ वा श्लेष्मान्तक वनमा तपस्या, पचलीघाट काठमाडौँ, पोखरा प्रस्थान, पूरा नेपाल दर्शन, पुनः जनकपुर, काशी प्रस्थान) | ४ |
| ४. | दिङ्ला आगमन र बालागुरु षडानन्दको गिरफ्तारी प्रसङ्ग | २१ |
| ५. | काशी प्रस्थान र भारतका तीर्थस्थलहरूको तीर्थयात्रा प्रसङ्ग<br>(तीर्थस्थलहरूको यात्रा) | २२ |
| ६. | दिङ्लातर्फ पुनः आगमन<br>(बालागुरुको दिङ्ला आगमन बारे थप प्रसङ्ग) | २५ |
| ७. | बालागुरुका पूर्वज अधिकारीहरूका सम्बन्धमा | २९ |
| ८. | बालागुरुमा भएका चक्रहरू चिन्तन र व्यक्तित्व सम्बन्धमा | ३५ |


## खण्ड दुई
## भौतिक निर्माण तथा जग्गा व्यवस्थापन


| | | |
|---|---|---|
| ९. | निर्माणको पृष्ठभूमि | ३८ |
| १०. | सीताराम मन्दिर नै दिङ्लामा स्थापना किन | ३९ |
| ११. | अन्य भौतिक व्यवस्थापन<br>(कैलाश मन्दिरको मर्मत-संहार प्रसङ्ग) | ३९ |
| १२. | बालागुरुलाई भेट्ने र देख्ने प्रत्यक्षदर्शीहरू | ७८ |


## खण्ड तीन
## तत्कालीन सामाजिकता


| | | |
|---|---|---|
| १३. | प्राचीन पृष्ठभूमि, षडानन्द पाठशाला तथा<br>अरुण उपत्यकामा जागरण /पुनर्जागरण | ८१ |

(नेपाली सामाजिक पृष्ठभूमि तथा अरुण उपत्यकाको सामाजिक अवस्था, तत्कालीन दिङ्लाली समाजको वस्तुस्थितिको चित्रण, लेखकहरूबाट तत्कालीन अवस्था चिरफार)

१४. षडानन्द पाठशालाको शैक्षिक अवस्था र यसको प्रभाव क्षेत्र ९४
(दिङ्लाको तत्कालीन जातिगत वस्तुस्थिति र शैक्षिक प्रभावं)

१५. आधुनिक अरुण उपत्यका सभ्यता जागरण तथा पुनर्जागरणका अग्रज अभियन्ता बालागुरु षडानन्द ११८
प्राचीन काल र मध्यकालमा भोजपुर क्षेत्र, प्रा. डा. नरेन्द्र चापागाईंको अरुण सभ्यता सम्बन्धी दृष्टिकोण)

१६. आधुनिक अरुण उपत्यकाको जागरण र पुनर्जागरणका पक्षहरू १३०
(शैक्षिक पुनर्जागरण, सामाजिक पुनर्जागरण, आर्थिक जागरण तथा पुनर्जागरण, सांस्कृतिक जागरण तथा पुनर्जागरण, धार्मिक जागरण वा पुनर्जागरण, राजनीतिक जागरण तथा पुनर्जागरण, प्रशासनिक पुनर्जागरण, सूचनाको क्षेत्रमा पुनर्जागरण, अधिकारका क्षेत्रमा जागरण, हटिया, घरेलु उद्योग, व्यापार, पर्यटन तथा तीर्थयात्राको क्षेत्रमा जागरण/पुनर्जागरण, बौद्धिक पक्षमा जागरण/पुनर्जागरण, आध्यात्मिक क्षेत्रमा पुनर्जागरण, कला र संस्कृतिको क्षेत्रमा पुनर्जागरण, साहित्यिक जागरण/पुनर्जागरण, जनसहभागिता र सहयात्रामा जागरण/पुनर्जागरण, कानुनी सचेतना, वैधता, आधिकारिकता र अभिलेखीकरणमा जागरण/पुनर्जागरण, रोजगार तथा स्वरोजगारमा पुनर्जागरण, नागरिकको दायित्व, अधिकार र मौलिक अधिकारको क्षेत्रमा जागरण, विद्यालयका प्रशासनिक कार्य तथा अधिकार प्रत्यायोजनमा जागरण, आधुनिक विकासका पूर्वाधारहरूमा जागरण/पुनर्जागरण, गुठी, मन्दिर र पाठशालाद्वारा शैक्षिक जागरण, स्वास्थ्य क्षेत्रको जागरण, सञ्चारको क्षेत्रमा जागरण, खानेपानी तथा ढलनिकास सम्बन्धी जागरण, वन, चौर तथा वातावरण संरक्षणमा जागरण/पुनर्जागरण, घरेलु उद्योग, पर्यटन, व्यापार तथा स्थानीय हस्तकलाको संरक्षण र विस्तारमा जागरण/पुनर्जागरण, मनोरञ्जन क्षेत्र तथा व्यापारमा जागरण, आर्थिक पक्षमा जागरण, सांस्कृतिक र आध्यात्मिक जागरण, शान्तिसुरक्षा क्षेत्र, मानवअधिकार तथा नागरिक समाजको जागरण, स्थानीय सरकारको अवधारणामा जागरण, भूउपयोग

नीति, कृषिनीति र स्रोत-साधन परिचालन नीतिमा जागरण, सहरीकरण नीति, अन्य संरचना, पूर्वाधारको विकास, कला-संस्कृति संरक्षण र जागरण, प्रजातान्त्रिक मूल्यमान्यता तथा जनसहभागितामा जागरण, बैङ्किङ वा वित्तीय प्रणालीको सुरुवात र जागरण, कच्ची सडक, बाटो, पुल आदि निर्माणमा जागरण)
१७. बालागुरुको दूरदर्शिता र उत्तरआधुनिक दिङ्ला सहरको पूर्वाधार विकाससम्बन्धी अवधारणा १९७
१८. अरुण उपत्यकाको सेरोफेरोमा शिक्षाको झलक १९९
(अरुण उपत्यकाको संस्कृत शिक्षा र आधुनिक शिक्षाको झलक)

## खण्ड चार
## आधुनिक सिद्धान्त तथा षडानन्दका व्यवस्थापन पक्ष : सिद्धान्त र विश्लेषण

१९. व्यवस्थापनका आधुनिक सिद्धान्त र षडानन्दद्वारा प्रयोग भएका सिद्धान्तको अध्ययन २०६
(वैज्ञानिक व्यवस्थापन सिद्धान्तसँग विश्लेषण गर्दा, Henry Fayol को प्रशासनिक व्यवस्थापन सिद्धान्तसँग विश्लेषण गर्दा, Max Weber को कर्मचारी व्यवस्थापन सिद्धान्तसँग विश्लेषण गर्दा, इल्टन मायोको मानव विकास व्यवस्थापन सिद्धान्तसँग विश्लेषण गर्दा, प्रजातान्त्रिक सहभागितामूलक सिद्धान्तसँग विश्लेषण गर्दा, मास्लोको शृङ्खलाबद्ध आवश्यकतासँग विश्लेषण गर्दा, कार्यकुशलता व्यवस्थापनको सिद्धान्तसँग विश्लेषण गर्दा)
२०. गुठी व्यवस्थापन प्रसङ्ग २१४
(वि. सं. १९६६ को धर्मपत्रिका र वि. सं. १९६६ को शिलालेख सम्बन्धी प्रसङ्ग, गुठीको सम्पत्ति संरक्षण तथा व्यवस्थापन सम्बन्धमा, गुठी सम्पत्ति संरक्षण सम्बन्धमा गुरुका वाणीहरू)
२१. गुरु षडानन्दका पाण्डुलिपिहरूको व्यवस्थापन २१८
२२. षडानन्द संस्कृत मोडलका (S-S Model) आविष्कारहरू २२०
(शैक्षिक विकासका लागि षडानन्द संस्कृत मोडल/शिक्षण विधि, समाजको चौतर्फी विकासका लागि आदर्श समाज विकास मोडल, S-S Model नामकरणका आधारस्तम्भहरू, Gurukul Model–2 आविष्कार थियो, Chinese Examination Model–2

आविष्कार थियो, Super–Paedagogy Model आविष्कार थियो)
२३. आदर्श समाज विकास मोडल २२५
(पाठशालाका साथै मन्दिर (गुम्बा/मस्जिद) स्थापना मोडल, जनसहभागिता मोडल, आर्थिक विकास मोडल, समाज सुधार मोडल, पर्यावरण संरक्षण तथा प्रवर्द्धन मोडल, भौतिक संरचना विकास तथा विकासका पूर्वाधारहरू निर्माण मोडल, उद्योगधन्दा, व्यापार तथा व्यवसाय प्रवर्द्धन मोडल, भूमिसुधार वा भूउपयोग नीति मोडल, सहरीकरण प्रवर्द्धन मोडल, अन्धविश्वास विरुद्ध तथा अधिकार संरक्षण सम्बन्धी मोडल, शान्तिपूर्ण समाज तथा राष्ट्रनिर्माण मोडल, धर्म, संस्कृति र सम्पदाहरूको संरक्षण तथा प्रवर्द्धन मोडल, विज्ञान र मौलिक प्रविधि विकास र उपयोग मोडल, स्वदेशीपन र स्वावलम्बन व्यवहार विकास मोडल)

## खण्ड पाँच
## बालागुरु षडानन्दका व्यवस्थापकीय योगदानहरूको विश्लेषण

२४. नेपालको पृष्ठभूमि र सन्दर्भमा अरुण उपत्यकाको ऐतिहासिक झलक २३५
२५. सप्तकोशी सभ्यता अन्तर्गत अरुण उपत्यकाको झलक २४३
२६. बालागुरुले गरेका व्यवस्थापकीय योगदानहरू उल्लेख गर्ने आधारहरू २४९
(षडानन्द संस्कृत नमुना (S–S Model) आविष्कारक एवम् नमुना विद्यालय स्थापना, वि. सं. १९३२ को षडानन्द पाठशाला स्तरोन्नति प्रसङ्ग, षडानन्द संस्कृत महाविद्यालय उद्‌घाटन प्रसङ्ग, विद्यालय सेवाक्षेत्र, विद्यार्थी व्यवस्थापन प्रक्रिया, पाठ्यक्रम व्यवस्थापन, शैक्षिक गतिविधि तथा अतिरिक्त क्रियाकलाप व्यवस्थापन, विद्यालय व्यवस्थापन समिति तथा गुठी व्यवस्थापन समिति, निवर्तमान गुठी सञ्चालन समिति व्यवस्था, छात्रवृत्ति तथा पुरस्कार व्यवस्थापन, विद्यार्थी आचार संहिता व्यवस्थापन, पुस्तकालय व्यवस्थापन, परीक्षा प्रणाली व्यवस्थापन, शिक्षक, विद्यार्थी, अभिभावक र सरोकारवालासँग सम्बन्ध)
२७. भौतिक व्यवस्थापन पक्ष विश्लेषण २८४
(बगैँचा तथा आयुर्वेदिक उद्यान व्यवस्थापन प्रसङ्ग, आयुर्वेदिक उद्यानमा १००८ प्रजातिका फलफूल र जडिबुटी व्यवस्थापन,

ढुङ्गे कलाकृतिहरू व्यवस्थापन, काठ तथा फर्निचर व्यवस्थापन, दिङ्ला बजार क्षेत्रको आधुनिक रूपरेखा निर्माण, जग्गा व्यवस्थापन)
२८. प्रशासनिक व्यवस्थापन विश्लेषण ३०९
(अभिलेख व्यवस्थापन/कानुनी प्रावधान, जङ्गीअड्डा व्यवस्थापन)
२९. मानवीय संसाधन व्यवस्थापन विश्लेषण ३१४
(नियुक्तिपत्र वा लिखतका आधारमा प्रथम कर्मचारीहरू)
३०. सामाजिक पक्ष व्यवस्थापन विश्लेषण ३१६
(सनातन हिन्दू आर्य समाजका सुधारक एवम् अभियन्ता, बालागुरुले दिएका निर्देशनहरू, बालागुरुबाट दिइएका नीतिवचन अनुसारका उपदेश वा वाणीहरू, दिङ्लाबाहिर बालागुरुको समाजसेवा, शनिबारे हाटबजार तथा मेलापर्व व्यवस्थापन, फजुल खर्च नियन्त्रण, सहयात्रा व्यवस्थापन)
३१. आर्थिक व्यवस्थापन विश्लेषण ३३१
(सहकारी, बैङ्क तथा वित्तीय प्रणाली व्यवस्थापन, सीताराम गुठीको आर्थिक व्यवस्थापन, वार्षिक खर्चको फाँटवारी व्यवस्थापन, वार्षिक वेतन तथा छात्रवृत्ति व्यवस्थापन, आर्थिक व्यवस्थापनमा पुनर्जागरण, पूजा-प्रक्रिया, मेला-पर्व व्यवस्थापन, पूजासामग्री व्यवस्थापन)
३२. सांस्कृतिक जागरण र पुनर्जागरण अभियन्ता ३४४
(धर्मसंस्कृतिको महत्त्वमा बालागुरुको योगदान, मनोरञ्जनात्मक पक्ष विश्लेषण)
३३. आधुनिक विकासका पूर्वाधार तथा पूर्वसर्तहरूको विश्लेषण ३५३
(सूचना तथा सञ्चार व्यवस्थापन, कच्ची सडक व्यवस्थापन, खानेपानी तथा ढल निकास व्यवस्थापन, रुद्राक्ष तथा जगेडावन व्यवस्थापन, खुला पार्क, चौर, गौचरन व्यवस्थापन तथा सालिक राख्ने पार्क, शतबीज मेला तथा कृषिमेला प्रदर्शनी, सीप तथा कलाकौशल व्यवस्थापन, तीर्थस्थल, व्यापारिक केन्द्र तथा पर्यटन केन्द्र दिङ्ला व्यवस्थापन)
३४. दिङ्ला भ्रमण गर्ने व्यक्तित्वहरू ३६६
३५. भूउपयोग नीति तथा कृषि क्षेत्र व्यवस्थापन नीति ३६९
३६. राजनीतिक पक्ष विश्लेषण ३७१
(वि. सं. २००७ दिङ्ला कब्जा र राजनीतिक जागरण प्रसङ्ग)

## खण्ड छ
## षडानन्दको व्यवस्थापकीय योगदानको वैधता तथा आधिकारिकता

३७. कानुनी वैधता, आधिकारिकता र दीर्घता ३७६
(कानुनी वैधताका आधारहरू, कबुलियतनामा, नियुक्तिपत्र र राजिनामा सम्बन्धमा, अभिलेखहरूको दीर्घता र वैधता, विविध क्षेत्रमा बालागुरुसम्बन्धी आधिकारिकता, वैधता र दीर्घता)

## खण्ड सात
## बालागुरु षडानन्दको व्यक्तित्व विश्लेषण

३८. बालागुरु षडानन्दको व्यक्तित्व ३८५
३९. कविहरूको विश्लेषण ३९६
४०. शोधकर्ता तथा अन्य लेखकबाट बालागुरुको व्यक्तित्व विश्लेषण ३९८
४१. लेखकहरूबाट बालागुरुको व्यक्तित्व विश्लेषण ३९९
४२. यस अनुसन्धानकर्ताको बालागुरु सम्बन्धमा विश्लेषण ४०९
(विद्वान् र भाषाविद्का रूपमा, मनोवैज्ञानिक वा मनोविश्लेषकका रूपमा, शिक्षाविद्का रूपमा, दिङ्ला बजारका आधुनिक योजनाकार, निर्माणकर्ता इन्जिनियर वा वास्तुविद्का रूपमा, कुशल अर्थशास्त्रीका रूपमा, वातावरण संरक्षणका अभियन्ता वा पर्यावरणका विभूतिका रूपमा, आयुर्वेदका प्रयोगकर्ताका रूपमा, ज्योतिषका रूपमा, जागरणका अभियन्ताका रूपमा, कला-पारखीका रूपमा, सन्तशिरोमणिका रूपमा, अरुण उपत्यकाको आधुनिक सभ्यताका अग्रणी अभियन्ताका रूपमा, व्यापार, व्यवसाय, पर्यटन र आध्यात्मिक क्षेत्रका अभियन्ताका रूपमा, राजनीतिक चेतना जाकरणकर्ता र मानव अधिकारकर्मीका रूपमा, कानुनका विज्ञ तथा व्यावहारिक प्रयोगकर्ताका रूपमा, श्रमजीवी मजदुर तथा महिलाहरूको मुक्तिदाताका रूपमा, धार्मिक सहिष्णुता, सामाजिक एकता र सद्भावका प्रतिमूर्तिका रूपमा, अन्तर्राष्ट्रिय व्यक्तित्वका रूपमा, सरकारको समाजसुधारको सूचीमा, तत्कालीन दार्शनिकका रूपमा)
४३. बालागुरुका अष्टसिद्धि सम्बन्धी प्रसङ्ग तथा अलौकिक कुराहरू ४१८
४४. अन्य अलौकिक प्रसङ्गहरू ४२०

## खण्ड आठ
## संस्कृत भाषाको महत्त्व तथा बालागुरु षडानन्दका नेपालमै प्रथम प्रयोग र योगदानहरू


४५. संस्कृत भाषाको महत्त्व ४२५

४६. षडानन्द पाठशाला नेपालको प्रथम विद्यालय बन्नुका आधारहरू ४३१

४७. सीताराम षडानन्द गुठी नेपालको प्रथम नमुना गुठी बन्नुका आधारहरू ४३७

४८. नेपालका विविध क्षेत्र र पक्षमा बालागुरु षडानन्दका प्रथम प्रयोगहरू ४३९


## खण्ड नौ
## बालागुरु षडानन्दको स्मृति, सम्मान र प्रतिष्ठान


४९. स्मृतिजयन्ती, स्मारक र प्रतिष्ठानसम्बन्धमा ४५१
(सीताराम षडानन्द गुठी, षडानन्द स्मृति सेवा समाज, षडानन्द स्मृति प्रतिष्ठान इटहरी, षडानन्द स्मृति प्रतिष्ठान, दमक बालागुरुको स्मृति र सम्मान सम्बन्धी विराटनगर, शब्दयात्रा प्रकाशनबाट बालागुरुको सालिक निर्माण र सम्मान, षडानन्द प्रतिष्ठान काठमाडौँ, बालागुरुको जन्मजयन्ती मनाउने प्रसङ्ग)

५०. बालागुरु षडानन्दको सम्मान सम्बन्धमा ४५९
(नेपाल सरकारबाट प्राप्त सम्मान, बालागुरु षडानन्दलाई अन्तर्राष्ट्रिय हैसियतसरह सम्मान, दिङ्ला भ्रमण गर्ने केही विदेशी व्यक्तित्वहरू, षडानन्दको सम्मानका लागि भएका प्रयासहरू, बालागुरुको सम्मानमा प्रकाशित लेखरचना, पुस्तक, शोधग्रन्थ, महाकाव्य तथा पत्रिकामा प्रकाशित सामग्रीहरू, पाठ्यपुस्तकहरू, शोधपत्रहरू, षडानन्द प्रतिष्ठान काठमाडौँबाट प्रकाशित ग्रन्थहरू)


## विविध


१. सन्दर्भ-सामग्री ४८१

२. अनुसूची ४८५

# खण्ड एक
# परिचय तथा पृष्ठभूमि

## परिचय :

डा. स्वामी प्रपन्नाचार्य (२०५२) का अनुसार नेपालले भरतखण्ड, जम्बुद्वीप, आर्यवर्तान्त खण्ड, हिमवतखण्ड र विश्वको एक मात्र हिन्दू राष्ट्रको इतिहास बोकेको छ भारतीय द्वीपमा। सनातन हिन्दूदर्शनले विश्वलाई शान्तिको मधुर ध्वनि फैलाइरहेको छ। लाखौं देवर्षि, महर्षि, परमर्षिहरूको जन्मभूमि तथा तपोभूमि नेपाल अनि ४ वेदको उपासनाको भूमि नेपालबाट विश्वकल्याणको ध्वनि गुन्जिएको थियो । महर्षि बालागुरु षडानन्द अधिकारीले आध्यात्मिक संस्कार, सामाजिक सुधार र शैक्षिक कीर्तिहरूले त्यो विश्वकल्याणको ध्वनिमा सुगन्ध थप्ने कार्य गरेको देखिन्छ।

नेपाललाई हिमवतखण्ड र 'कैराँतदेशे' अर्थात् किरातदेश भनी वेदव्यासले उल्लेख गरेको देखिन्छ । नेपालको माझकिरातमा रहेको भोजपुर जिल्लाको दिङ्ला बालागुरु षडानन्द अधिकारीको जन्मभूमि र कर्मभूमि हो। उनी सनातनी पण्डित थिए । समाजमा शिक्षाको प्रचार, ज्ञानको प्रचार, सांस्कृतिक प्रचार र बहुआयामिक योगदानका कारण नेपालका समाजसुधारक पनि रहेको देखिन्छ।

श्री १०८ आबाल ब्रह्मचारी षडानन्द अधिकारीको जन्म वि. सं. १८९२ साल मार्ग शुक्ल पञ्चमीको दिन तत्कालीन पूर्व ४ नं. भोजपुर जिल्लाको दिङ्ला गढीगाउँमा भएको थियो । पिता स्व. लक्ष्मीनारायण र माता रुक्मिणीका ८ सन्तानमा कान्छा सन्तानका रूपमा जन्मिएका थिए । उनको जन्मभन्दा ६ महिनाअगावै पिताको देहावसान साङराङको जामुनेमा भएको हुनाले गर्भे टुहुरा थिए । तत्कालीन सामन्तीप्रथा, कुसंस्कार, गरिबी र बिधवा महिलाप्रति हेरिने नकारात्मक दृष्टिकोणको कारण आमा रुक्मिणीको जामुनेमा बस्न नसक्ने अवस्था भयो। श्रीमान्को बरखी बारेको बेलामा घर छोड्न नमिल्ने भए तापनि बाध्यता र दैवले साथ नदिएका कारण गढीगाउँमा रहेको माइतीघरमा महिपति (महिपाल) पौडेल र रेणुका पौडेलले छोरीलाई ल्याई गोठघरमा (कटेरा) राखेको देखिन्छ। बालागुरुको घर र मावली दुवैतिर गरिबी, असह्य पीडा र वेदना भए तापनि षडानन्दको हेरचाह र स्याहारसुसार आमा, दाजुहरू, दिदीहरू, छिमेकीहरू र विशेषत: छिमेकी धनमाया दमिनीबाट भएको थियो ।

संस्कार अनुसार गायत्री दिदीबाट बालक षडानन्दको सालनाल देउराली डाँडाको पीपलको वृक्ष फेदमा गाढिएको थियो । पीपलले जस्तै सेवा भाइले गरोस् भन्ने आशीर्वाद उनले मागेको देखिन्छ। तर पनि माइली दिदी नर्मदादेवी

बालविधवा भएर माइत बसेकी हुनाले भाइ षडानन्दको रेखदेख धेरै यिनले नै गरिन् र आमालाई पनि सघाइन् । गरिब परिवारमा जन्म भएका बालागुरुको न्वारनको नाम षडानन राखियो, तर खड्ग भनी बाल्यकालमा परिचित थिए । पछि बालागुरु, गुरुमहाराज, स्वामीजी, बालब्रह्मचारी, आबाल ब्रह्मचारी, श्री १०८ आबाल ब्रह्मचारी षडानन्द, गुरु षडानन्द भनी देश तथा विदेशमा पनि प्रसिद्धि फैलियो । प्रायशः दिङ्लालीजनले गुरुमहाराज भनी सम्बोधन गरेको पाइन्छ । बालागुरु षडानन्दलाई कर्म, मानवसेवा, समाजसेवा र योगदानको मूल्याङ्कनका आधारमा केही विद्वत्वर्ग तथा महर्षिहरूले अनन्तश्री विभूषित व्यक्तित्व वा नेपालका ऋषिका रूपमा विश्लेषण र सम्मान गरेको देखिन्छ ।

बालागुरुका ४ दाजुहरू क्रमशः देवीचरण, नर्मदानन्द, माधव र हरिप्रसाद थिए । दिदीहरू ३ वटी क्रमशः दिव्यलोका (सावित्री), नर्मदा र जान्धवा (गायत्री) थिए । माइला दाजु नर्मदानन्द विवाहअघि नै परलोक भएका थिए । माइली दिदी नर्मदा बालविधवा थिइन् । पिताको निधन भएको र गरिबीका कारण परिवारमा कठिनाइ भएको थियो । आमा पनि बारम्बार बिरामी भएको कारण छिमेकी धनमाया दमिनीको स्याहारसुसार पाई सँगैको साथी बोधने दमाईं, लिखे र पिठेको साथमा खेल्दै षडानन्दको बाल्यकाल हुर्किएको देखिन्छ । कान्छी दिदी जान्धवाको विवाह भने दिङ्लाका शिवनिधि गौतमसँग भएको थियो । जान्धवाका ४ छोरामध्ये कान्छा सीताराम मन्दिरको पहिलो पुजारी रविलाल गौतम थिए ।

चेतना अधिकारी (२०७७) का अनुसार सानोमा साथीसँग षडानन्द कपडाको भकुन्डो र घरमा पाङ्ग्रा खेल्न रमाएको देखिन्छ । प्रायः लाटीचौरमा गाईवस्तु हेर्न जाने गरेका थिए । एक दिन लाटीचौरमा चिउरा र सखर खाजा लिएर गएको समयमा षडानन्द पीपलको बोटमुनि निदाएको समयमा उनको शरीरमा कालो नागले फनफनी बेरेको थियो । तर थाहा पाएर आत्तिएर गाउँले पुग्दा नागले नडसेको वा केही नभएको अलौकिक घटना घटेको थियो ।

षडानन्दको बाल्यकाल तत्कालीन रुढिवादी समाजका र गरिबीको कारण पनि दुःख र बाध्यतामा पिल्सिएको देखिन्छ । दुई छाक खान र शरीरका लाजका गहना छोप्न पनि बिजोगको अवस्था बुझिन्छ । तर भनिन्छ ‘दलदले तलाउ बीचमा पनि कमलको फूल फक्रिन्छ ।’ षडानन्दको जीवनमा यो आख्यान चरितार्थ भएको छ ।

अधिकारी (२०७३) का अनुसार ८ वर्षको उमेरमा घरमा व्रतबन्ध भएपछि पनि गरिबीका कारण घरमा समस्या आइरहेको थियो । खोटाङ सिम्पानीमा सावित्री (दिव्यलोका) दिदी, भिनाजु शिव घिमिरे, भान्जा अर्जुन र भान्जी सानीसँग केही वर्ष गाईवस्तु हेर्दै समय बितेको थियो । पछि षडानन्दको बालविवाह गर्ने कुरा चल्दछ । शाकाहारी र गरिब षडानन्दलाई केटीका पिताले

छोरी दिन इन्कार गर्दछन् । उनको अध्ययन गर्न परदेश जाने इच्छा हुन्छ । दिदीको घरबाट कसैले थाहा नपाउने गरी मिथिलातिर भाग्दछन् । भिनाजुसँग खोटाङ जाने समयमा धनमाया दमिनीबाट पनि पढेर ठूलो मान्छे बन्नु भन्ने प्रेरणा पाएको देखिन्छ । व्रतबन्धको देशान्तरको प्रभावले पनि हुन सक्दछ ।

जानकीबल्लभ दाहाल (२०५२), “मेरा पिता गोपीकृष्ण दाहालको जन्म वि. सं. १९४८ भई वि. सं. १९६६ देखि वि. सं. १९६९ सम्म ३ वर्ष बालागुरुसँग अध्ययन गर्नुभएको थियो । मेरा पिताले बालागुरुको अङ्गमर्दन, पादसेचन र सेवा गर्नुहुन्थ्यो रे । धनमाया आमाको प्रेरणा, देशान्तरको कथाको प्रेरणा, विवाहका लागि सिम्पानीमा केटीको पिताले षडानन्दमाथि गरेको दुर्व्यवहार आदि कारणबाट परदेश अध्ययन गर्ने दृढ अठोट बनिसकेको देखिन्छ । दिङ्लाबाट जनकपुर जाँदा ट्याम्केमुनि पाँचधारेमा पुग्दा साँझ परेछ । साँझमा ट्याम्केमुनि इराङ गाउँमा श्यामसुन्दर राईको घरमा बास बस्नुभएको रहेछ ।”

चेतना अधिकारी (२०७७), “षडानन्दले बास माग्दा म महिला मात्र छु, बेलुकी श्रीमान् आएर गाली गर्छन् भनेर बास नदिएपछि कटेरोको परालमा सुटुक्क पसेर सुतेको देखिन्छ । सुतिरहेको ठाउँमा सपनामा भगवान् श्रीरामले दर्शन दिनुभयो रे । कहाँ जाऊँ ? भनी भौँतारिएर हिँडेका षडानन्दलाई ‘मिथिला (तिरहुत) जाऊ, त्यहाँ ज्ञानको ढोका खुल्छ, यो हतियार गोप्य राख्नु’ भनी टिलिक्क टल्कने एक खुकुरी र सुनको बुट्टा भएको दाप भगवान् श्रीरामले दिएपछि निद्रा खुलेछ । विपनामा उठ्दा सिरानीमा खुकुरी रहेछ । सो हतियार पनि लिएर दूधकोशी घुर्मीतिरबाट डुङ्गा चढेर सुनकोशी पार गरेर केही दिनपछि मिथिला पुगेको देखिन्छ । एकजना बृद्ध जोगीले रामदास महाराज (बाबा) सँग भेटघाट गराई अध्ययनको बन्दोबस्त पनि मिलाइदिएछन् ।”

पूर्वशिक्षक दुर्गाप्रसाद अधिकारीका अनुसार नदीमा डुङ्गा तर्न पैसा नभएर हातमा लगाएको चाँदीको चुरा माझीलाई दिएका थिए रे भन्ने स्व. पशुपति गौतमबाट सुनेको थिएँ । प्रा. दिनेशराज पन्त (२०७३:४७२–४७३) ले लक्ष्मीपति नयराज सङ्ग्रहमा रहेको हस्तलिखित पात्रोबाट महिना, गते, बार, तिथि, घडी, पला आदि विश्लेषण गरी ‘बालागुरु षडानन्दको जन्म वि. सं. १८९२ मार्ग ११ गते मङ्गलबार मार्ग शुक्ल चतुर्थी १ घडी ४० पला उप्रान्त पञ्चमीमा भएको तत्कालीन पात्रोसहित लेखमा उल्लेख गरेको देखिन्छ । स्व. बुद्धिनाथ भट्टराई (२०७३ : ४७४) ले बालागुरुका चिना र ग्रहदशा के कस्ता थिए ? भनी बनाएको ग्रहफल तालिका र लग्नफल तालिका सङ्कलन गरिएको छ । कुण्डली फलको अन्तिम निष्कर्षमा एक श्लोक उल्लेख छ :

चतुर्ग्रहीरेक बलैश्चितश्च, धीधर्म निश्चित गते तनुर्वा ।
दस्यस्यदासि क्षितिपाल तुल्यं, भवेत् भयं भूपतिरत्नकोशाः ॥

**षडानन्दको व्रतबन्ध प्रसङ्ग :**

वि. सं. २००० मा बालागुरुको ८ वर्षको उमेरमा व्रतबन्ध भएको देखिन्छ । व्रतबन्धमा देशान्तरको कथामा काश्मीर मण्डल जानुपर्दछ भन्ने छ । सायद सोही कथा सुनाउने चलन थियो होला । उक्त समयको देशान्तरको कथामा ठूलो र असल बन्न शिक्षा लिनुपर्ने तथा बालक ध्रुवका कथाहरू सुनाइन्थ्यो होला भन्ने अनुमान गर्न सक्दछौं, किनकि पछिसम्म त्यही चलन थियो । तसर्थ गाउँघरको चलन अनुसार शिक्षाका लागि काश्मीर जाने, जनकपुर जाने, वाराणसी जाने आदि चलनबाट षडानन्द प्रभावित भएको अनुमान गर्न सकिन्छ । उनको गाउँघरमा लगाएका पुराणहरूमा सुनेका कथाहरू, छिमेकीले सुनाएका शास्त्रका कथाहरू, मूल्यमान्यता र नैतिकताका कुरामा जिज्ञासा राखी सुन्दै मुखाग्र गर्ने बानी देखिन्छ । व्रतबन्धको केही समयपछि जेठी दिदीको घर खोटाङ सिमपानीका गाईबस्तु हेर्दै र सघाउँदै बस्दै गर्दा भिनाजुले विवाहका लागि केटी खोजी गर्न थालेपछि देशान्तर कथाको यथावत प्रभाव, परिवारको प्रेरणा, गाउँघरमा शिक्षा लिनेको प्रभाव तथा विशेषतः धनमायाबाट पाएका अनगन्ती प्रेरणाहरूको कारण पनि तिरहुत वा मिथिलातिर अध्ययन गरी भाग्य चम्काउने विचारले लागेको देखिन्छ ।

**अध्ययन यात्रा :**

पं. नन्दिकेश्वर अधिकारीको सदाचार ज्ञानादर्शक अनुसार १२ वर्षको उमेरमा अर्थात वि. सं. १९०४ तिर जनकपुरको गुरुकुलमा पुगेको देखिन्छ ।

द्वादशाब्दो गुरुकुले विद्यार्थी गतवान् स्वयम् ।
गत्वा च मिथिलां देशं सद्गुरुं प्राप्ययत्नतः ॥

८ वर्षको उमेरको व्रतबन्धमा देशान्तरको कथा सुनाउने क्रममा नालन्दा विश्वविद्यालय (५ औँ–१२ औँ शताब्दी), तक्षशिला विश्वविद्यालय (इ. पू. ५००–५ औँ शताब्दीसम्म, पाकिस्तानमा) वा काश्मीरसँग नेपालको शैक्षिक सम्बन्ध थियो भन्न सकिन्छ । काश्मीर भेगलाई गान्धार प्रदेश भनिन्थ्यो, जहाँ पछिल्ला प्राचीन शैक्षिक केन्द्रहरू थिए । गान्धारका (पाकिस्तान पश्चिम र अफगानिस्तान पूर्वभाग, इ. पू. ९००) विद्वान् पाणिनि पाटलीपुत्र पटनामा शास्त्रार्थमा पराजित भएपछि हालको पश्चिम नेपालको अर्घाखाँचीको पाणिनीया (हाल पणेना) भन्ने ठाउँमा तपस्या गर्न आएका थिए । उनले पणेनामा तपस्या सिद्धि प्राप्त गरेपछि पाणिनी सूत्रपाठ वा संस्कृत भाषाको अष्टाध्यायी व्याकरण रचना गरेका थिए । १२ वर्षको केटाकेटीपनमा बालागुरु षडाननलाई काशी र तक्षशिला जान सम्भव देखिँदैन । विश्वको प्रथम विश्वविद्यालय सरह रहेको प्राचीन मिथिला दरबार क्षेत्र वा प्राचार्य शिरध्वज जनकको भूमि वा तिरहुततिरै अध्ययनको सहज भूमि

बन्न गएको देखिन्छ। जनकपुरमा रामनवमी मेला भर्न दिङ्लादेखिका मानिसको पनि आवतजावत हुन्थ्यो । अनभिज्ञतामै जनकपुर क्षेत्रमा अध्ययनका लागी पाइला चलेको देखिन्छ।

ज्ञानराज सुवेदी (२०४२) –
धनमाया दमिनीको आँगनैमा पुगेर
टुटफुट दउराको फेर गाँसिदिएर ।
त्यही दिन दमिनीको अर्ति धेरै भयो रे
अनि पढ्न म हिँड्छु आँट यस्तो गरेथे ।

छ वर्षको उमेरमा पनि धनमाया आमाको घरमा भुटेको मकै टोपीमा थाप्दा प्वाल परेपछि उनका श्रीमान्‌ले अर्को टोपी सिलाएर बेलुकी दिएको देखिन्छ। भिनाजुको घर खोटाङ जाने बेलामा पनि टुटफुट दौरा सिलाई शिक्षा लिन अर्ति वा उपदेश दिएकी ज्ञानकी खानी, प्रेरणाकी स्रोत र ममताकी मुहानका रूपमा धनमाया दमिनी रहेको देखिन्छ। उनका अर्ति वा उपदेश पनि षडानन्दले पछि साकार पारेका थिए, जसबाट समग्र सनातन धर्ममा बालागुरुले सुधार गरेको देखिन्छ । विश्लेषण गर्दा श्रीराम र शबरीको सम्बन्ध, सूतपुत्र कर्ण र राधाको सम्बन्ध, वेदव्यास र सत्यवतीको (मत्स्यगन्धा) सम्बन्ध, श्रीकृष्ण र यशोदा माताको जस्तो असल सम्बन्ध बालागुरु षडानन्द र धनमायाका बीचमा देखिन्छ। त्यसै गरी बालागुरुको सुमधुर सम्बन्ध र आत्मीय सम्मानका कारण धनमाया आजसम्म पनि सम्मानित र अमर बनेकी छन्। हिन्दूधर्मको वास्तविक सत्य नै सबैलाई सम्मान अर्पण गर्न सक्नु हो। *महान् त्यो व्यक्ति हुन्छ, जसले अरूको सम्मान गर्न जान्दछ।* बालागुरु र धनमायाको सुमधुर सम्बन्धमार्फत हामी र समाजले पनि पाठ सिक्नुपर्ने देखिन्छ।

**अध्ययन केन्द्र जनकपुर :**

त्रेतायुगमा राजा शिरध्वज जनक अर्थात् आजभन्दा ७-८ हजार वर्षअघिदेखि लाखौं वर्षभन्दा पनि अघि जनकपुर विश्वको प्रथम विद्याको केन्द्र वा विश्वविद्यालयका रूपमा रहेका प्रमाणहरू रामायण, महाभारत, पुराणहरू र उपनिषद्‌हरूमा उल्लेख देखिन्छ । तर आधुनिक इतिहासकारहरूले भने करिब ३,४०० वर्षअघिको मिथिलाको मात्र कुरा गर्दा हामीलाई रनभुल्ल परेका छौं। कलियुग नै ५,००० वर्ष बितिसक्यो भने द्वापरयुग मात्रै ८,३२,००० वर्षको देखिन्छ । अनि त्यसअघिको त्रेतायुग पनि १२,९६,००० वर्षको देखिन्छ । अनि त्रेतायुगको मिथिलाको इतिहास ३,४०० वर्षको भयो त ? जनक वंशमा ५२ जना राजाहरूले शासन गरेको तथा राजधानी विदेह भएको यजुर्वेदसंहितामा प्रथमपटक उल्लेख भएको A Brief History of Mithila State मा डा.

कमलकान्त झा, डा. धनाकर र श्रीगणेशरायले सन् २०१२ को विहार आर्टिकलमा उल्लेख गरेको देखिन्छ । राजा जनकको दरबारमा गार्गी, मैत्रेयी जस्ता विदुषीहरूको शास्त्रार्थ स्थल, भारद्वाज ऋषिको उपस्थिति, अन्य ऋषि, सन्त वा महन्तहरूको बेलाबेलामा हुने शास्त्रार्थले प्राचीन मिथिला दरबार क्षेत्र विश्वविद्यालयसरह रहेको देखिन्छ। वेदव्यासका पुत्र शुकदेवले पनि मिथिलाबाटै ज्ञान आर्जन गरेको उल्लेख छ। प्राचार्यका रूपमा जनक रहेको देखिन्छ। उनले अष्टकलशले अभिषेक गरी Certified गरेका विद्वान्हरू ३ वटै लोकमा ख्याति प्राप्त हुन्थे। विद्वत्तामा रावणलाई Certified नगरिदिएको हुनाले ३ पटक रावणले जनकपुरमा आक्रमण गरेको देखिन्छ। रामको विद्वत्ता, अनुशासन र अलौकिक शक्तिको शिवधनुमार्फत पनि Certified गर्ने प्रयास भएकाले नतिजा अनुसार सीताको विवाह रामसँग भएको थियो । यसै अपमानको बदला लिन रावणले सीताहरण गरेर लङ्का पुऱ्याएको थियो । इन्द्रको सुवर्ण दरबारै खोसेको थियो । तीनवटै लोकका देवता र ऋषिहरूलाई दुःख दिएको थियो ।

अहिले पीएचडी गर्नेलाई दिने सर्टिफिकेटले वैज्ञानिक बनेको मानिन्छ । पहिलेका वैज्ञानिकहरूलाई ऋषि भनिन्थ्यो । उहिलेका ऋषिहरूसँग मानव शरीरमा हात्तीको वा बोकाको टाउको काटेरसम्म जोड्न सक्ने विद्या थियो । आधुनिक डाक्टरहरू सोही प्राचीन विद्याको अनुसन्धानमा पनि देखिन्छन् । कतिपय डाक्टरहरूले आज पनि सोही बेलाको ज्ञानबाट बिरामीहरूको उपचार गरेको देखिन्छ। द्रोणाचार्यका पिता भारद्वाजले विमानशास्त्र (यन्त्रसर्वस्व) मा ८ प्रकारका शक्तिहरूबाट चल्ने विमान बनाउने सिद्धान्तहरू तथा ४० प्रकारका इन्जिनहरूको उल्लेख आजभन्दा ७,००० वर्षअघि मिथिला क्षेत्रमा नै रचना गरेको देखिन्छ। अहिलेका इन्जिनियरले पनि उक्त ज्ञानमा खोज र अनुसन्धान गरे उचित हुने देखिन्छ, जसबाट आधुनिक विमानहरू बनाउन सम्भव भयो । त्रेतायुगमा पानीमा उत्रने चुनढङ्गाको पत्थर निर्माणको ज्ञान थियो, जसका कारण रामले सीता खोज्न लङ्का जाँदा समुद्रमाथि रामसेतु निर्माण भएको थियो । आधुनिक विज्ञानमा उक्त ज्ञान अभाव देखिन्छ। NASA का वैज्ञानिकले आज संस्कृत भाषा अध्ययन गरिरहेका छन् । तर हामी संस्कृतलाई तुच्छ भाषा मान्नेको जमात बढेको छ । तसर्थ मिथिला दरबारबाट प्रदान शिक्षा विश्वको प्रथम विश्वविद्यालयसरह शिक्षाका रूपमा थियो भन्ने हामीले विश्लेषण गर्न नसकेर इतिहास भुलेका छौँ। प्राचीन मिथिलाको सिमाना महानन्दा नदी पश्चिम, गण्डकी नदी पूर्व, हिमालय क्षेत्र उत्तर र गङ्गा नदीतट दक्षिण रहेको देखिन्छ।

प्राचीन मानिने नालन्दा विश्वविद्यालय विहार राज्यमा पर्थ्यो र ५ औँ शताब्दीतिरको बौद्धको धर्म प्रशिक्षण केन्द्र थियो । पाकिस्तानको रावलपिन्डी जिल्लामा पर्ने ५ औँ शताब्दीतिरको तक्षशिला विश्वविद्यालय विशाल हिन्दू र

बौद्ध अध्ययन केन्द्र थियो । विहारको भागलपुरमा पर्ने ९ औँ शताब्दीतिरको बौद्ध अध्ययन केन्द्र रूपमा विक्रमशिला विश्वविद्यालय इतिहासमा देखिन्छ । उल्लिखित ३ वटै विश्वविद्यालयहरू गौतम बुद्धको जन्मपछिका देखिन्छन् । तर तिनीहरूको विश्लेषणमा मिथिला विश्वविद्यालयसरह शैक्षिक केन्द्र हजारौँ वर्ष अघि स्थापना भएको इतिहास नेपालीले खोतल्न नसकेको देखिन्छ । विश्वका प्रथम तथा द्वितीय दार्शनिकहरूमा याज्ञवल्क्य र शिरध्वज जनकलाई नेपालीले सम्मान र प्रचारप्रसार गर्न नसकेको देखिन्छ (विकिपिडिया र इन्टरनेटबाट) ।

भगवान् विष्णुका २४ अवतारमध्येका ८ औँ अवतार अन्तर्गतका तीर्थङ्कर भगवान् वर्धमान महावीर (महावीर जैन, ५९९ – ५६२ इ. पू.) को जन्म नेपालको जनकपुर क्षेत्रमा भएको मानिन्छ । आजभन्दा २,३०० वर्षअघि जैन धर्मको व्यापक प्रचारप्रसार भने भद्रबाहुबाट भएको देखिन्छ । भारतमा खडेरी र अनिकालको महामारी बढेपछि भद्रबाहुले हलेसी धाममा आई तपस्यासमेत गरेको देखिन्छ । तसर्थ जैनहरूको पनि एक तीर्थस्थलका रूपमा हलेसी पनि मानिन्छ । जैन धर्मका महात्मामुनि मल्लिनाथ र नमिनाथको जन्मभूमि पनि मिथिलापुरी क्षेत्र देखिन्छ ।

प्रा. डा. टीकाराम अधिकारी (२०७३ : ३३६) का अनुसार नेपालको प्राचीन गुरुकुल परम्परा केलाउँदै जाँदा मिथिला र राजा जनक आदि प्रमाणित हुन्छ । उपनिषद्मा उल्लेख भए अनुसार –

एते वै मिथिला राजन्नात्म विद्याविशारदाः ।<br>
योगेश्वरेप्रसादेन द्वन्द्वैर्मुक्ता गृहेष्वपि ॥

अर्थात् त्रेतायुगमा मिथिलाका शासकहरू अध्यात्म ज्ञानमा कुशल हुनाले योगेश्वरका कृपाद्वारा गृहस्थी भए पनि सुखदुःख द्वन्द्वद्वारा मुक्त अर्थात् ज्ञानी छन् । तसर्थ मिथिला प्रदेशको शिक्षा भारतको विभिन्न स्थानको गुरुकुलभन्दा सक्षम, उच्च कोटि र उच्च तहको शिक्षा परम्परामा आधारित थियो भन्ने प्रमाण पाइन्छ । धेरै उपनिषद्हरू मिथिलाकै सेरोफेरोमा रचना भएका देखिन्छन् । त्यसै गरी गुरुकुलको विकास लिच्छविकालमा अझै सुदृढ थियो । बालागुरु षडानन्दको प्रारम्भिक शिक्षा पनि जनकपुरबाटै भएको देखिन्छ ।

राजा जनकलाई विदेह अर्थात् देह नै जनको सेवामा लगाएका त्यागी र शिरध्वज भनिन्छ । सीतालाई वैदेही वा मिथिला भनिन्छ । राजा जनकको ख्याति, सीता र रामको प्रसिद्धि, कतिपय महर्षिको जन्मस्थान, आश्रम र शास्त्रार्थ भूमि, दुर्वासा ऋषिको जन्मभूमि, तपोभूमि र समाधिभूमि, धनुषसागर, मौनी बाबा, तुलसीदास, विश्वामित्र, वसिष्ठ ऋषिको शास्त्रार्थ भ्रमणभूमि देखिन्छ । मिथिलामा विभिन्न मूर्तिहरू, सूर्यपुत्र अङ्गराज (कर्ण) पोखरी, ज्ञानकूप, शतानन्द कूप, सुरकिशोरदासको तपोभूमि (भारत जन्मस्थान) तथा वि. सं. १७८४ मा

मकवानपुरका सेनवंशी राजा माणिक सेनले राखेको १४०० विघाको गुठी क्षेत्र रहेको छ । विशाल रामजानकी मन्दिर, समय-समयका पर्व र मेलाहरू लाग्ने भूमि, स्वामी रामानन्दनको चरणपादुका, मैथिली साहित्यका महाकवि विद्यापतिको जन्मभूमि (हालको मधुवनी जिल्ला), ऋर्षि, महर्षि, श्रृतर्षि र परमर्षिको पवित्र भूमि पनि हो मिथिला । मैना बाबाले स्थापना गरेको न्याय, ज्योतिष, व्याकरण, योगदर्शन आदि पढाइने वेदवेदाङ्ग पाठशालाले त्यस समयमा जनकपुरमा जोकोहीलाई अध्ययन र तीर्थभ्रमणका लागि मोहित गर्दथ्यो ।

षडानन्दले बाबा रामदासको २५ जना छात्रहरूसहितको गुरुकुलमा बसेर १२ वर्षको उमेरबाट औपचारिक अध्ययन सुरु गरेको देखिन्छ । सानो सीताराम मन्दिरमा रामदास बाबा आश्रम थियो, जहाँ भारतको टिकमगढकी महारानी वृषभानुदेवीले जानकी मन्दिरमा दर्शन गरी पुत्रप्राप्तिको इच्छा राखेर पुत्रप्राप्ति भएपछि ९ लाख असर्फी खर्च गरी नौलखा (जानकी) मन्दिर सन् १९१० मा निर्माण गरिएको थियो । मन्दिरमा टिलिक्क टल्कने सिंहको मूर्ति पनि राखिएको थियो । अरू ५-७ वटा कुटीहरू थिए । विद्यार्थीहरू भुइँमा बसेर बाबा रामदाससँग अध्ययन गर्दथे । सदाचारज्ञानाऽदशकः (१९८४ : २४), "पहिले ज्योतिष, त्यसपछि सिद्धान्त गणित, भास्वती, ग्रहलाघव, बृहत्तजातक, नीलकण्ठी, मुहूर्तचिन्तामणि, लीलावती, वेद, कौमुदी, शिर्घबोध मुहूर्त मार्तण्ड आदि षडानन्दले अध्ययन गरेको देखिन्छ ।" सदाचारज्ञानाऽदशकः (१९८४ : २६) कै अनुसार नीतिवेद, काव्यकोष, उपनिषद्, आयुर्वेद, इतिहास, भूगोल र गीता अध्ययन भयो । अन्य विषयहरूमा मनुसंहिता, याज्ञवल्क्य, धर्मसिन्धु, निर्णयसिन्धु, परासरी, बृहदारण्य, मेघविज्ञान (मौसम सम्बन्धी), भृगुसंहिता, योगदर्शन, चार वर्णका धर्म, योग, तपस्या विधि आदि अध्ययन भयो ।

आठ वर्ष जनकपुर अध्ययन बसाइमा योगदर्शन, दर्शनशास्त्र, आयुर्वेद, भूगोल, इतिहास, मौसम विज्ञान, स्मरण बढाउने सूत्रहरू, वेदवेदाङ्ग, धर्मसिन्धु, ज्योतिष लगायत त्यति धेरै विषयमा पारङ्गत हुनु विलक्षण प्रतिभाका कारण मात्र सम्भव छ । तसर्थ बाबा रामदासको उत्कृष्ट चेलाका रूपमा छोटो समयमै ऋर्षि, महर्षि, सन्त, विद्वान्बीचमा सम्मानित भएको विश्लेषण गर्न सकिन्छ ।

जनकपुरमा पताञ्जली योगप्रति खुब रुचि देखाई थप ज्ञान हासिल गर्ने प्रयासमा आधुनिक कालको नेपालको प्रथम अनौपचारिक गुरुकुल महोत्तरी जिल्लाको मटिहानीतर्फ षडानन्दको प्रस्थान भयो । त्यहाँ बाबा रामलाल दासले अनौपचारिक रूपमा वि. सं. १७५१ देखि गुरुकुल सञ्चालन गरेको देखिन्छ । वि. सं. १८०१ मा उक्त गुरुकुल हालको लक्ष्मीनारायण महाविद्यालयमा रूपान्तरण भएको अनुमान हुन्छ । यो पाठशाला सञ्चालनमा आउँदै बन्द भएको र पुनः सञ्चालनमा आएको देखिन्छ ।

प्रा. डा. टीकाराम अधिकारी (२०७३ : ३३६) का अनुसार मिथिलामा –

निर्मानमोहां जितसङ्गदोषा । अध्यात्मनित्या विनिबृत्तकामाः ।
द्वन्द्वैर्मुक्ताः सुखदुःख संज्ञै । गच्छन्तयमूढाः पदमण्ययं तत् ॥
(गीता : १५।५)

अर्थात् मानमोह त्याग गरेका, सामाजिक दोष जितेका, निरन्तर अध्यात्ममा लागेका, कामवासना छुटेका, सुखदुःख आदि द्वन्द्वदेखि पर भएका ज्ञानी व्यक्तिहरू व्यापक, अविनाशी, अलौकिक शक्तियुक्तका कारण अलौकिक भगवद्धाममा प्रवेश गर्दछन् । यो कुरा बालागुरुको जीवनीमा लागू भएको देखिन्छ । उनी दार्शनिक, पण्डित, समाजसेवी, शिक्षाप्रेमी र सिद्धयोगी तत्कालीन समयका ऋषिमुनि थिए ।

**मटिहानी अध्ययन :**

षडानन्द वि. सं. १९१२ तिर मटिहानी पुगी अध्ययन सुरु भयो । सायद जनकपुरलाई मटिहानी भनिएको पनि हुन सक्दछ, किनकि दुई स्थानका बीचको दूरी १५-२० कि. मि. जति मात्र देखिन्छ । तर योगदर्शन सम्बन्धी थप अध्ययन भएको हुनाले त्यस क्षेत्रमा अन्य गुरुकुल पनि रहेको तथा खुल्दै, बन्द हुँदै र पुनः खुल्दै गरेका देखिन्छन् । तस्मैया बाबा, रामदास बाबा, मौनी बाबा र अन्य बाबा गुरुहरूका अनौपचारिक गुरुकुलहरू पनि इतिहास खोतल्दा देखिन्छन् ।

जे होस्, जनकपुर वा मटिहानी भए पनि योग, ध्यान र तपस्या सम्बन्धी थप ज्ञान लिन मटिहानी पुगेको उल्लेख भेटिन्छ । योगज्ञानको भोक त्यहाँ नमेटिने देखेर केही समयपछि भारतको काशीतर्फ लागेको देखिन्छ । करिब १ महिनाको विभिन्न तीर्थस्थलको पैदल यात्रा गर्दै वाराणसीको असीघाटस्थित मुमुक्षु आश्रममा पुगेको देखिन्छ ।

**काशी प्रस्थान र अध्ययन :**

गङ्गा नदी सभ्यताको पवित्र केन्द्र, संस्कार र संस्कृतिको मुटु तथा विख्यात गङ्गाजीको किनारको असीघाट स्थित मुमुक्षु आश्रमलाई अध्ययन केन्द्र छानेको देखिन्छ । हालको मुमुक्षु आश्रमभन्दा केही पर आश्रम रहेको थियो । आश्रमका संस्थापक ब्रह्मचारी मग्निरामसँग वि. सं. १९१२ तिर दर्शन गरी अध्ययन सुरु भएको थियो । मग्निराम गुरुका भाइ पनि गुरुजस्तै प्रसिद्ध सिद्ध विशुद्धानन्द परमहंस थिए । त्यस पीठमा दैनिक देशविदेशबाट साधु, सन्त, महन्त र उच्चकोटिका विद्वान्हरू भेला हुने, शास्त्रार्थ सुन्ने, प्रवचन सुन्ने, शास्त्रार्थमा छलफल हुने भएको हुनाले उच्च व्यक्तित्वसँगको सङ्गत गर्ने अवसर अध्ययन क्रममा षडानन्दलाई मिलेको देखिन्छ ।

काशीमा बस्दा उनले षड्दर्शनहरूमा पूर्वमीमांसा, उत्तरमीमांसा, वैशेषिक दर्शन, न्यायदर्शन, साङ्ख्यदर्शन र योगदर्शन अतिरिक्त नास्तिक दर्शन, जैनदर्शन र बौद्धदर्शनसमेत अध्ययन गरेको देखिन्छ । गणित, ज्योतिष, इतिहास र वेदान्तका विषयहरूको समेत थप र गहन अध्ययन गरी श्रीमद्भगवद्गीताको मुखाग्र पाठ गर्न सक्ने भइसकेको उल्लेख भेटिन्छ । अङ्ग्रेजी, फ्रेन्च, फारसी र हिन्दीको समेत गहन अध्ययन गरी विश्वघटना अध्ययन गरेको देखिन्छ – पं. नन्दिकेश्वर अधिकारी (१९७४), हेमराज शर्मा (२०७५) र डा. कार्की (२०६८ : ८ – १२) । वि. सं. १९१२ देखि वि. सं. १९२० सम्म काशीमा थप अध्ययन गरी आफूलाई सफल दर्शनशास्त्रको विद्यार्थीका रूपमा प्रस्तुत गरी विभिन्न शास्त्रार्थमा सहभागिता जनाएको देखिन्छ । षडानन्दको ख्याति, प्रसिद्धि र विद्वत्ताको कारण गङ्गाजीकै किनारमा रहेको मुमुक्षु आश्रमका मग्निराम गुरुबाट वि. सं. १९२० तिर 'बालब्रह्मचारी' पदवीले विभूषित भएको देखिन्छ ।

स्वामी प्रपन्नाचार्य (२०७३ : २) का अनुसार भारतको वाराणसी जिल्लाको मुमुक्षु आश्रम भवन षडानन्द अधिकारीले अध्ययन गर्दा साधारण आश्रम थियो । त्यहाँ उनले मग्निराम ब्रह्मचारीको सान्निध्यमा वेदवेदान्त, तन्त्रशास्त्र र योगसाधना अध्ययन गरेका थिए । मग्निराम ब्रह्मचारी भारतका प्रसिद्ध साधक तथा सिद्ध थिए । उनका गुरुभाइ भृगुराम ब्रह्मचारी थिए । षडानन्दले दुवै गुरुहरूबाट लाभ लिए पनि असली गुरु मग्निराम ब्रह्मचारी थिए । आजको मुमुक्षु भवन उनको मृत्युपछि दण्डी स्वामी घनश्यामानन्दले परिकल्पना गरेका थिए । त्यसमा संस्कृत कलेजका प्राचार्य पं. शशिधर मिश्रको योगदान थियो । उनी पनि प्रकाण्ड विद्वान् थिए । मैले षडानन अधिकारीका गुरु मग्निराम ब्रह्मचारी हुन् भन्ने कुरा मुमुक्षु आश्रमबाट सञ्चालित संस्कृत कलेजका प्राचार्य पं. शशिधर मिश्रबाट थाहा पाएर पुराना कागजपत्र तथा लेखोटहरूबाट थाहा पाएँ । त्यी कागजपत्र प्राचार्य मिश्रकै पासमा थिए । ती कागजपत्रको जतनबाट समेत के बुझिन्छ भने गुरु मग्निराम ब्रह्मचारी भारतप्रसिद्ध साधक तथा सिद्धहरूमा गण्यमान्य थिए । उनकै उल्लेखनीय चेला षडानन थिए । कुनै साधना सम्बन्धी चर्चा-परिचर्चामा भारतमा मग्निरामलाई उल्लेखनीय बताएका छन् । वि. सं. २०३६ सालमा नेपालमा आएपछि नरपति पोखरेल र छविलाल पोखरेल दुवै दाजुभाइलाई सोधेँ । उनीहरू दिङ्लाको पाठशालामा नै पढेका हौँ भन्थे । नरपतिले म विद्यार्थी अवस्थामै भए पनि षडानन अधिकारीले भक्तजनको जिज्ञासाको उत्तरमा मेरा गुरु मग्निराम भनेको सुनेका रहेछन् र स्पष्ट भयो । ठूला गुरुका ठूलै चेला र प्रिय चेला थिए षडानन ।

प्रपन्नाचार्यका अनुसार नै षडाननले तपस्या, साधना, आध्यात्मिक र भौतिक बल प्रयोग गरेर एकफेर पढ्न काशी जाऊँ भन्न छोड्नेवाला सम्म

पारेर दिङ्लामा देखाइदिए । उनले 'विशेष संस्कृत शिक्षा' गरे । त्यसको व्यवस्था साथै गुठी, देवमन्दिरहरू, हटिया, पाटी, बाटो पौवा, पोखरी, धारा, कुवा, रुद्राक्ष वन, बजार व्यवस्था आदि गरी धार्मिक, आध्यात्मिक, शैक्षिक साथै सामाजिक विकास पनि प्रशस्त योगदान गरेर षडानन अमर बनेका छन् ।

(नोट : अहिलेका प्राचार्यले मुमुक्षु आश्रमका ती कागजपत्र सम्हालेर राखेका छन् कि छैनन्, खोजतलास गर्नु जरुरी देखिन्छ । साथै स्वामीले 'विशेष संस्कृत शिक्षा' भनी उल्लेख गरेको देखिन्छ ।)

षडाननले योगमा पारङ्गत हुन मुमुक्षु आश्रम नजिकैको जङ्गलमा गई केही समय तपस्या गरेको देखिन्छ । तर भारतमा मुगल शासनपछिको राजनीतिक अस्थिरता, गुलामी शासन वा अङ्ग्रेज शासनको बढ्दो प्रभाव निकै थियो । हिन्दूहरूका पुस्तकालयमा आगो लगाउने, संस्कृत भाषा र हिन्दू संस्कृतिमाथि प्रहार गर्ने, पीठ र पीठाधीशमाथि आक्रमण गर्नेजस्ता घटना बढिरहेका थिए । त्यसकारण असजिलो महसुस गरी सायद उनले हिन्दू राजा तथा महाराजाहरूले शासन गरेको पवित्र भूमि नेपालमा पनि अङ्ग्रेजी शासनको प्रभाव पर्न सक्ने अवस्था आकलन गरे । आफ्नो तपस्या पनि सहज हुने महसुस गरी नेपाल फर्कने अठोट लिएको अनुमान गर्न सकिन्छ । नेपालमा राणाशासन चलिरहेको अवस्थामा हिन्दू शासन केन्द्र, परम्परा, संस्कार, संस्कृति, मूल्य र मान्यताको केन्द्रविन्दु पनि काठमाडौँ नै हो भन्ने सोचेको अनुमान हुन्छ । आफ्नो २४ लाख गायत्री मन्त्र पुरश्चरण सम्पन्न गर्न र अष्टाङ्गयोग साधना पूरा गर्न केही समय जनकपुरमा बसाइ हुँदै डन्डोर झाडी र त्यसपश्चात् काठमाडौँ पशुपतिनाथ आएको विश्लेषण गर्न सकिन्छ । मृगस्थलीबाट पशुपतिनाथको दर्शन गर्दै केही समय गुह्येश्वरीको सत्तलमा बसेको । पछि गोकर्ण उत्तरवाहिनी र पचलीभैरव घाटलाई पुरश्चरण स्थल रोजेको देखिन्छ ।

भारतबाट नेपाल आउनुको कारणको यस्तै विश्लेषण हेमराज शर्मा अधिकारी (२०७५) ले पनि गरेको देखिन्छ । सोही प्रसङ्गको साङ्केतिक विश्लेषण र अनुमान हेमराज राई (२०७३ : ४५५) ले पुरुषोत्तम जबराको ग्रन्थ उल्लेख गरी त्यस समयमा बालागुरु नेपाल आउनुपर्ने स्थिति चित्रण गरेको देखिन्छ । हिमालय खण्डमा प्रशस्त ऋषिमुनिहरूको तपोस्थल रहेको तथा वाग्मतीको पौराणिक महत्त्व अनगन्ती हुनाले पनि साधनाका लागि वाग्मती रोजेको हुन सक्दछ । २४ लाख गायत्री पुरश्चरण (५ करोड ७६ लाख पटक मन्त्र जप) गर्न दैनिक लगभग १४,००० पटक गायत्री मन्त्र जप गर्दा पनि १२ वर्ष लाग्ने देखिन्छ । जप तपस्या गर्न एकान्त वनजङ्गल वा शान्तिपूर्ण क्षेत्र आवश्यक पर्ने हुँदा वाग्मतीको पवित्र र शान्त तटमा स्थानान्तर हुँदै गए पनि वाग्मती छोड्न नसकेको र इच्छामरणका लागि पनि वाग्मतीको किनार नै रोजेको देखिन्छ ।

गोपीकृष्ण गौतम (२०७३ : ११३ – ११९) का अनुसार बालागुरु षडानन्द गायत्री माताको भक्त थिए । गायत्री मन्त्रका देवता सविता (सूर्य) भएकाले यिनलाई सावित्री पनि भन्दछन् । अर्थात् जप गर्ने, गान गर्ने, मनन गर्ने र चिन्तन गर्नेलाई रक्षा गर्ने हुनाले गायत्री भनेको हो । गायत्रीका ३ कालमा ३ रूप हुन्छन् गायत्री (प्रातःकाल), सावित्री (मध्याह्नकाल), सरस्वती (सायङ्काल) । यी दिनका तीनै काललाई समष्टिमा गायत्री नै भन्दछन् ।

गौतमका अनुसार ॐकारबाट व्याहति भई गायत्री, गायत्रीबाट सावित्री र सावित्रीबाट सरस्वती भइन् । सरस्वतीबाट सम्पूर्ण वेदहरू भए । वेदबाट सम्पूर्ण लोक र प्राणीहरू भए । गायत्रीको महत्त्वबारेका केही पद्यहरू यी हुन् :

१. सर्वचैतन्यारूपां तांमद्यां विद्यां च धीमहि । तन्नो देवी प्रचोदयात् ॥ (देवीभागवत)
२. सच्चिदानन्दरूपां तां गायत्रीप्रतिपादिताम् । नमामि ह्रीँमयींदेवीं धियो यो नः प्रचोदयात ॥ (तत्रैव अन्ते)
३. गायत्री वेदजननी गायत्री पापनाशिनी । गायत्र्याः परमं नास्ति दिवि चेह च पावनम् । (शङ्खस्मृतिः)
४. गायत्री वेदमाता च । (गायत्री कवच)
५. गायत्रीं यो जपेन्त्यिं न स पापेन लिप्यते (संवर्तस्मृतिः)
६. मुच्यते सर्वपापेभ्यो गायत्र्या चैव पावितः (तत्रैव)
७. न सावित्र्या समं जप्यं न व्याहृतिसमं हुतम् । (शङ्खस्मृतिः)

गायत्रीका २४ अक्षर मानिएको छ । गायत्री मन्त्रका ऋषि विश्वामित्र हुन् । गायत्री मन्त्रका २४ अक्षरलाई २४ ऋषि मानिएका छन् । प्रत्येक २४ अक्षरमा भारद्वाज, वशिष्ठ, गर्ग, सूर्य आदि देवताका प्रतीक मानिन्छन् । २४ तत्त्व, २४ शक्ति मानिएको गौतमद्वारा उल्लिखित छ ।

त्रेतायुगमा भारतका क्षत्रिय राजा विश्वामित्रले राज्य एकीकरण समयमा धेरै अत्याचार गरेका थिए । त्यसैले गुरु वशिष्ठको सल्लाहअनुसार हिमालय क्षेत्र नेपालमा आई तपस्या गरेका थिए । सुनकोशी नदी किनारको रामेछापमा विश्वामित्र गुफा देखिन्छ । उनले गायत्रीमन्त्र यहीँ प्राप्त गरेका थिए भन्ने विश्वास छ । विश्वामित्र कौशिक वंशका थिए । त्यसै गरी कोशी बराहक्षेत्र नजिकै डाँडामा विश्वामित्र गुफा अझै पनि रहेको छ । प्रथमपटक गायत्री मन्त्र 'भर्गो देवस्य धीमहि' भनी भरभराउँदो देवता सूर्यको पनि तपस्या गरेका थिए । अर्थात् आजको सौर्यऊर्जा (Solar energy or electricity) उपासना हुँदै आविष्कार पनि सफल भएको छ । दुवै ठाउँमा जहाँलाई मान्यता दिए पनि वास्तवमा कोशी नदीको किनार नेपालमा गायत्री मन्त्रको आविष्कार भएको देखिन्छ । अर्का कौशिक ऋषिले नदी नजिक तपस्या गरेका कारण कौशिकी नदी

वा कोशी नदी नामकरण भएको देखिन्छ । गायत्री मन्त्र श्रुति परम्परा करोड वर्षभन्दा अघिको भए पनि लिखित रूपमा भने प्रथमपटक ऋग्वेदमा ३,५०० देखि ३,८०० वर्षअघि भएको मानिन्छ । गायत्री मन्त्रलाई सावित्री मन्त्र पनि भनिन्छ । तसर्थ प्रथम वेद ऋग्वेदका ऋचा (मन्त्र) हरू प्रथमपटक सप्तकोशी क्षेत्र अथवा बराहक्षेत्रमा उपासना भएको देखिन्छ । पछि ऋग्वेदको प्रतीक मठ (विस्तार र व्याख्या गर्ने मठ) भने ज्योतिर्मठ र त्यहाँका शङ्कराचार्यको योगदानलाई मानिन्छ । सामवेदका ऋचाहरूमको उपासना विशेषतः कर्णाली नदी प्रस्रवण क्षेत्र (कर्नाल सम्बन्धित वा बाजागाजासँग पनि सम्बन्धित, सङ्गीत विद्याको वेद) र अन्य मठका शङ्कराचार्यहरूबाट बाँकी ३ वेदहरूको उपासना, व्याख्या र विश्लेषण क्रममा अन्य थप ३ मठहरू स्थापना भएका देखिन्छन् । हिमालय क्षेत्रमा जप, तप र सिद्धि प्राप्तिपछि व्याख्या र विश्लेषण गर्ने कार्यहरू तल्लो क्षेत्रमा गएर हालको छिमेकी राष्ट्रका गर्मी क्षेत्रहरूमा भएको देखिन्छ ।

**मुमुक्षुमा योगाभ्यास :**

एकान्त स्थलमा बडो रहरमा मग्नि गुरु साथमा ।
जम्मै योग त सिक्नलाई सजिलो व्यायामले गाथमा ॥
होला लावरकै सरी शरीर ता मग्नि गुरुको जब ।
भन्दै श्री षडुलाई योग यसरी गर्दै सिकाए अब ॥
नेपाली षडुमा छ योगविधिको शक्ति बुझे मग्निले ।
अष्टैसिद्धमहाँ त योग सकिँदा पोल्दैन है अग्निले ॥

(खेमराज गौतम, २०५९ : ३४)

**योगाभ्यास पनि काशीमै :**

एकान्त स्थलमा मुमुक्षु नजिकै योगासनै गर्नुभो ।
शक्ति खातिर जानलाई वनमा एक्लै अघि सर्नुभो ॥
काशीदेखि उता ठूलो वनमहाँ गङ्गाजी सामू परी ।
बस्नुभो षडु लक्षका पथमहाँ ठूलो समाधी गरी ॥

(खेमराज गौतम, २०५९ : ३४)

षडानन्दले केही समय काशीमा योगाभ्यासका विधिहरू मग्निराम गुरुसँग सिकेर गङ्गा नदी किनारको जङ्गलमा योगाभ्यास गरेको देखिन्छ । त्यसपछि योगाभ्यास गर्न उनी नेपाल आएको देखिन्छ ।

**काशीबाट जनकपुर आगमन :**

आयो रेल् ता जनकपुर छेवैमा छक्छकाई ।
इच्छा भो रे षडु मनमहाँ पैदलै जानलाई ॥

पुरै गायत्रीको वश गरिलिने मन्मन धरी ।
कुरो गोप्यै राखी गुरुकुलमहाँ सम्मति गरी ॥
(खेमराज गौतम, २०५९ : ४०)

वि. सं. १९२० सेरोफरोमा मग्निराम गुरुबाटै 'बालब्रह्मचारी' दीक्षित भएपछि मात्र नेपाल फिरेको प्रसङ्ग भेटिन्छ ।

**डन्डोर झाडी हुँदै पशुपतिनाथ वा श्लेष्मान्तक वनमा तपस्या :**

हाल वाग्मती नदी किनारको लालबन्दी बजारबाट उत्तर जाने सडकबाट (करिब २०-२५ कि. मि.) पुगिने मरिन उपत्यका, जहाँ नारायण खोला, डन्डुर खोला (लङ्गुर खोला) र पारिपट्टि झाडीगाउँ भएकाले डन्डोर झाडी भनिने स्थानमा साधनास्थल सुरुवातमा छनोट गरेको देखिन्छ। तत्पश्चात् श्लेष्मान्तक क्षेत्र रोजेको देखिन्छ ।

हेमराज शर्मा अधिकारी (२०७५) का अनुसार वि.सं. १९२० को अन्त्यतिर गायत्री पुरश्चरण जप पूरा गर्ने उद्देश्यसाथ वाग्मती नदी किनारको डन्डोर झाडीमा केही समयको तपस्यापछि उक्त नदी उत्तरैउत्तर लागी पशुपतिनाथ मृगस्थली नजिक गुह्येश्वरी सत्तलबाट अलिकति माथि कुटी बनाई घनघोर तर झाडीबाट पशुपतिनाथ मन्दिर देखिने गरी लताकुञ्ज वाटिकाभित्र बसी तपस्या सुरु गरेको देखिन्छ । उनले जङ्गलका फलफूलहरू प्रयोग गर्दै दैनिक ३ पटक स्नान गरी एक छाक फलफूल मात्र खाई तपस्या गर्दथे। त्यो श्लेष्मान्तक जङ्गल र मृगस्थली क्षेत्रमा तत्कालीन समयमा मानिसहरू बिरलै मात्र पुग्न सक्थे।

केही महिनापश्चात् अकस्मात् मध्याह्नमा बालागुरु षडानन्द वाग्मती नदीमा (वागबीज, वागेश्वरी अर्थात् सरस्वती नदी) स्नानको क्रममा निस्किएको बेलामा पशुपति क्षेत्रका कैलाशपुरी बाबाका शिष्यहरू राधेश्याम रिमाल र जगन्नाथ घिमिरेले बालागुरुलाई भेटेको देखिन्छ । उनीहरू बाबाका लागि फलफूल खोज्न उक्त वन क्षेत्रमा निस्किएका रहेछन् । उनीहरूले स्नान गर्दै गरेका बालागुरु षडानन्दलाई देखेर झाडीभित्र पिछा गर्दै गुरु षडानन्दको कुटीमा पुगे । ढोग गरी आफ्ना वृत्तान्त सुनाए । बालब्रह्मचारी षडानन्द अधिकारी रहेछन् भन्ने थाहा पाए । फर्केर आई शिवपुरी बाबा, अन्य बाबाहरू तथा सन्तहरूलाई वृत्तान्त सुनाए। पशुपति क्षेत्र लगायत दरबार र काठमाडौं सहरमा पनि यो कुरा चाँडै फैलियो । कैलाशपुरी बाबालाई शिवपुरी बाबा भनिन्थ्यो । भारतको केरलामा सन् १८२६ तिर जन्म भई १३७ वर्षको उमेरमा उनको वि. सं. २०२० माघ महिनामा पशुपतिनाथ धर्मस्थलीमा देहावसान भएको थियो । उनलाई बेलायतकी महारानीले समेत सम्मान गर्दथिन् । नेपालमा बेलायती राजदूतहरूले शिवपुरी बाबालाई सम्मान गरेको देखेर नेपालीहरूले पनि सम्मान

गर्न सिकेका प्रसङ्गहरू भेटिन्छन् । उनले युरोप, अमेरिका, एसिया आदिका देशहरूमा (समुद्रबाहेक) सबै पैदल भ्रमण गरेका थिए रे ।

अधिकारीका अनुसार पशुपतिनाथ र गुह्येश्वरी क्षेत्रका, उपत्यकाका सन्तहरू र जनमानसमा जानकारी भएपछि दर्शनार्थीहरूको जङ्गलबीचमा भीडभाड बढ्न थाल्यो । केही समयपछि राधेश्याम रिमाल र जगन्नाथ घिमिरे बालागुरुका शिष्य बनिसकेका थिए । उनीहरूले श्रद्धालुलाई दर्शन गराउने र भीडभाड व्यवस्थित गर्ने कार्य गरेको देखिन्छ । तापनि त्यो पर्णकुटीमा रातको एकान्त र सुनसान समयमा षडानन्द एक्लै रातभर ध्यानमा व्यस्त रहन्थे । सेताफेटे एक ढेडु (हनुमान) गुरुको साथमा रात बिताउँथ्यो रे र फलफूल पनि उनलाई उपलब्ध गराउँदथ्यो रे ।

बालब्रह्मचारी षडानन्द श्लेष्मान्तकमा कठोर तपस्या गरेको खबर तत्कालीन प्र. म. जङ्गबहादुर राणाका भाइ, राणाप्रशासक एन्ड मिनिस्टर तथा कमान्डरइनचिफ (प्रधान सेनापति) बमबहादुर राणाले थाहा पाई उक्त पर्णकुटीमा पुगेको उल्लेख भेटिन्छ । बालागुरुले पनि आफू बालब्रह्मचारी रहेको र तपस्याको उद्देश्य सनातन धर्मको महत्त्वपूर्ण भूमि काठमाडौँ पशुपति क्षेत्र रोजेको बताएको देखिन्छ (अधिकारी, २०७५) ।

केही समयको क्रसचेक कुराकानीपछि बमबहादुर दरबार फर्किए । अद्भुत, ज्ञानी र प्रतिभाशाली सन्त बालागुरु षडानन्द रहेछन् भनी चर्चा चल्न थालेछ । केही समयमै बमबहादुर राणा उनको अनन्य भक्त बनेका थिए । तत्पश्चात् श्रद्धालुको पनि ओइरो दिनहुँ बढ्न थालेछ । दरबारबाट श्रीमती जनरल ज्योतिराज्यलक्ष्मी नवरङ्गी शृङ्गारका साथ सुसारे चन्दा र गङ्गा लिएर मेरो छोरो जन्मेमा श्री ३ जर्नेल हुन्छ, तथास्तु गरी वरदान दिनु भनी आशीर्वाद लिन पुग्नुभयो रे । बालागुरुले यस कलियुगमा आशीर्वादलाई वरदानमा परिणत गर्न सक्ने आफू सिद्धपुरुष नभएको भनेपछि ३ युवतीहरू दरबारतर्फ फर्किएको देखिन्छ । बालब्रह्मचारी रहेका गुरुले महिलाबाट कदाचित् आफ्नो ध्यान तपस्यामा बाधा पर्ने हो कि भन्ने सायद सोचेर होला त्यसै रात श्लेष्मान्तक छोडेको देखिन्छ (अधिकारी, २०७५) ।

इत्थं विचिन्त्यात्मनिधीस्तरीयान्, श्री वाग्मती नीर पवित्र तीरम् ॥
नेपालदेशे सुरतोप्यलभ्ये, गत्वातपश्चर्तुमसौप्रवृतः ॥

(सदाचारज्ञानाऽदर्शकः, सं. २०६७ : २७)

बागमती नदीकिनारको मरिन उपत्यकामा केही समयको तपस्यापछि श्लेष्मान्तक वन क्षेत्रमा गायत्री पुरश्चरण गरेको देखिन्छ । 'सदाचारज्ञानाऽदर्शकः' मा त्रीणी वर्षाणि योगी उल्लेख छ । तत्पश्चात् गोकर्ण उत्तरवाहिनी र पचलीभैरवको अनकन्टार झाडीभित्र कुटी बनाई पुनः तपस्या गरेको देखिन्छ ।

**पचलीघाट, काठमाडौँ :**

वि. सं. १९२३ – १९२८ मा पचली भैरवघाटको एकान्त जङ्गलमा गई तपस्यालाई निरन्तरता दिँदै लगभग ५ वर्ष थप पुरश्चरण तपस्या गर्नुभएको थियो । श्लेष्मान्तकबाट गायब भएपछि केही दिनको खोजपश्चात् शिष्यहरू जगन्नाथ घिमिरे र राधेश्याम रिमालले पचलीघाटका धनचा कसाईबाट नयाँ योगी केही दिनअघि त्यस क्षेत्रमा आएको थाहा पाउनुभयो। घाटनजिकैको जङ्गल क्षेत्रमा प्रवेश गरी बालागुरु षडानन्दको आश्रम अग्लो चप्लेटी परेको ढुङ्गा र चौरनजिक पत्ता लगाएर छाड्नुभयो । आश्विन महिनाको अन्त्यतिरको चिसोमा स्याउलाको छाप्रो, ओढ्ने एक कम्बल र शरीरको बस्त्रबाहेक अन्य कपडा नभएका गुरुको शारीरिक शिथिलतासँगै तपस्यारत अवस्थामा भेट्टाउनुभयो । केही दिनमै दरबारहरू र काठमाडौँमा बालब्रह्मचारी षडानन्द पुनः तपस्यारत अवस्थामा पचली जङ्गलमा फेला परेको खवर फैलियो (अधिकारी, २०७५) ।

अधिकारीका अनुसार श्री ३ जङ्गबहादुर राणा आफैँ घोडा चढी गुरुलाई भेट्न गए । दुवैको एक-अर्कामा परिचयपछि बालागुरुले तपस्याको उद्देश्यका बारेमा जानकारी गराएका थिए । केही समय धर्म, संस्कार, संस्कृति, जीवनका मूल्य र आदर्शप्रति पनि दुईजनाबीच छलफल भएछ । नदीदेखि आश्रम आउने बाटो, आश्रम र अन्य आवश्यक व्यवस्था मिलाइदिने वचन श्री ३ बाट भएछ । तर गुरुले पुरश्चरणअघि केही आवश्यकता छैन भनिदिएको देखिन्छ ।

तत्कालीन समयमा श्री ५ परिवार तथा श्री ३ परिवार पनि धर्मसंस्कारमा हुर्किएको हुनाले ब्राह्मण, ऋषि, सन्त र महर्षिहरूको सल्लाह काट्न सक्दैनथे । ब्राह्मणको खुब सम्मान गर्दथे । ब्राह्मणहरू उनीहरूविरुद्ध गए पनि मृत्यदण्ड दिइँदैनथ्यो । कतिपय मुद्दामामिला छिनोफानो गर्न पनि कानुन नभएको हुनाले सन्त वा योगीको सहयोग आवश्यकता पर्दथ्यो । वि. सं. १९१० को राजा सुरेन्द्रको पालाको मुलुकी ऐन पनि प्रथम ट्रायलमा थियो । यस्ता धुरन्धर र अद्भुत विद्वान् सन्तको आवश्यकता महत्त्वपूर्ण धार्मिक, सांस्कृतिक र मानवीय मूल्यका निर्णयहरू लिन अकस्मात् पनि पर्न सक्दथ्यो। अर्कोतर्फ मुगल शासकको बिगबिगीपछि अङ्ग्रेजले भारतको वाराणसीमा उद्दण्डता मच्चाउँदै, हिन्दू पीठमा धावा बोल्दै र विश्वविद्यालयका पुस्तकालयहरू जलाउँदै गरेका थिए। अङ्ग्रेजी भाषाको प्रभाव नेपालका तराईका सिमाना क्षेत्रमा पनि परिसकेको हुनाले काठमाडौँ उपत्यकाका पनि धार्मिक र सांस्कृतिक धरोहर पनि असुरक्षित हुँदै गएका थिए। तसर्थ अङ्ग्रेज शासनको प्रभाव नेपालका राणाहरू तथा दरबारमा पनि परिसकेको थियो। समग्र हिन्दू संस्कार, परम्परा र राष्ट्र पनि खतरामा पर्न लागेको आभास हुन्थ्यो। तसर्थ श्री ३ प्र. म., श्री ३ का परिवार, श्री ५ सुरेन्द्रका परिवारका सदस्यहरू यस्ता अद्भुत, सिद्ध, तपस्वी र विलक्षण प्रतिभाका विद्वान्

बालागुरु षडानन्दको श्रद्धेय सम्मान गर्दथे । प्रवचन सुन्न, शास्त्रार्थ गर्न, प्रसाद ग्रहण गर्न, घरायसी धार्मिक र सांस्कृतिक कार्यमा सल्लाह लिन (जस्तै ज्योतिष हेराउन, व्रतबन्ध गर्न गुरुलाई बोलाउन, बालागुरुबाट दरबारमा पुराण सुन्न, साइतहरू निकाल्न आदि) समय-समयमा पचलीभैरव पुगेको देखिन्छ ।

डा. कार्की (२०६८ : १२) का अनुसार श्री ३ प्रधानमन्त्री जङ्गबहादुर र कमान्डर इनचिफ (प्रधानसेनापति) बमबहादुर राणाले बालागुरुको आश्रमस्थल पचलीभैरवमा सुरक्षा मिलाउनुभयो । अन्य आवश्यक नदी किनारको बाटो मर्मत र श्रद्धालु भक्तहरूको भीडभाड व्यवस्थापन आदिको प्रबन्ध गरिदिनुभयो । ब्रह्मचारी नुहाउने घाट व्यवस्थापन भयो । उक्त कार्यका लागि ब्रह्मचारीका निकटतम भक्तजन बमबहादुर राणा र बालागुरुका भक्त बनिसकेका छोराहरू यक्षविक्रम र बमविक्रम राणालाई सुरक्षाका लागि खटाइदिए ।

सेमन्तराज अधिकारी (२०६२), डा. कार्की (२०६८) र हेमराज शर्मा अधिकारी (२०७५) का अनुसार वि. सं. १९२० देखिको निरन्तरताको लगभग ८ वर्ष लामो गायत्री पुरश्चरणको जप पचलीभैरवमा सकिन लागेको थियो । श्रद्धालुको भीड बढिरहेको तथा श्री ३ र श्री ५ परिवारका सदस्यहरू लगायत उच्च ओहदाका व्यक्तित्वहरू श्रद्धालु बनिरहेको र बढिरहेको समय थियो । त्यसै क्रममा राणा परिवारका प्रतिभाशाली भनिने व्यक्तित्वहरू जनरल वीर शमशेर, जनरल खड्ग शमशेर, जनरल चन्द्र शमशेर, भीम शमशेर, राणाहरू, महाराज र दरबारियाहरू पनि दरबारिया सुखशयलबाट मनलाई सान्त्वना दिन तथा विशाल महायज्ञको प्रसाद ग्रहण गर्न समय-समयमा पुगेको देखिन्छ ।

अधिकारी (२०७५) र डा. कार्की (२०६८) का अनुसार गायत्री पुरश्चरण समाप्त भइसकेको थियो । उक्त समाप्ति साङ्गे महोत्सवमा फलफूल, मिष्टान्न र पक्वान्न प्रसाद वितरणका लागि प्रमुख भूमिका यक्षविक्रम, बमविक्रम, जगन्नाथ घिमिरे र राधेश्याम रिजालले गरेको देखिन्छ । लामो जप र तपस्यापछि गुरुले अन्न ग्रहण गर्ने यज्ञ भएको हुनाले खीरप्राशन गराउन बमविक्रम राणाले सुनको थाली र पानी खान यक्षविक्रमले सुनको करुवा (प्रायशः चाँदीको प्रयोग) बालागुरुलाई अर्पण गरेका थिए ।

डा. कार्की (२०६८), "महोत्सवको समाप्तिपछि भक्तजनले उनलाई पचलीभैरवमा राखे । त्यसै ठाउँमा कमान्डरइनचिफ बमबहादुर राणाले गुठीका लागि बनाएको सत्तलमा बस्दै, दिङ्ला आउँदै, पुनः गएर बस्दै गरेको देखिन्छ । वि. सं. १९७० मा दिङ्ला छोडेपछि वि. सं. १९७३ जेठ ३२ गते देहत्याग गर्नुअघि साधुसन्त र भक्तजनसँग रमाउँदै त्यहीँ जीवन व्यतीत गरेको देखिन्छ ।"

यसबाट काठमाडौँ उपत्यकाका जनता, उपत्यकाबाहिरका सर्वसाधारण, श्री ३ परिवार तथा श्री ५ परिवारका सदस्यलाई पनि ब्रह्मज्ञान बाँड्ने, प्रवचन

भन्ने, पुराणवाचन गर्ने, धार्मिक संस्कार गराउने, सिकाउने, प्रसाद वितरण गर्ने तथा महत्त्वपूर्ण सरसल्लाह दिने कार्यहरू गर्दै सनातन धर्मको महिमाबोध र जागरण गराउँदै मानवीय सेवामा उनले जीवन अर्पित गरेको देखिन्छ ।

सं. दुर्गाप्रसाद अधिकारी (२०६७ : २८) को सदाचारज्ञानाऽदर्शकःमा वाग्मती पचलीभैरव घाटमा ३ वर्ष बालागुरुले व्यतीत गरेको प्रसङ्गमा निम्न उल्लेख छ :

तत्रारण्ये शुद्धबासं प्रकल्प्य । मैत्री कृत्वा सिंहहस्त्यादिभिष्च ॥
तप्त्वादीर्घ त्रीणि वर्षाणियोगी । यातस्तस्मात्तीरतः पोखरायाम् ॥

**पोखरा प्रस्थान :**

हेमराज शर्मा अधिकारी (२०७५) अनुसार वि. सं. १९२८ को सुरुवाततिर आफ्ना पुर्खा अधिकारीहरूको नुवाकोटस्थित थानसिङ विर्ताछेउ पुगेर टाढाबाटै अवलोकन गरेको देखिन्छ । सायद त्यतै विर्ताको छेउको उपयुक्त ठाउँमा पवित्र त्रिशूली नदी किनारतिर बसेर अष्टाङ्गयोग साधना गर्ने विचार हुन सक्दछ । तर त्यसको ५-६ दिनपछि पोखराको फेवाताल र विन्ध्यवासिनी मन्दिर आसपासको क्षेत्रको अवलोकन गरेको देखिन्छ । अधिकारी पितापुर्खाले भारतको कान्यकुब्ज विन्ध्याचल पर्वतबाट डोलीमा बोकेर ल्याई पोखरामा स्थापना गरेकी इष्टदेवी वा कुलदेवी विन्ध्यवासिनी हुन् भन्ने दिङ्ला धारापानी खोटाङका अधिकारी वंशावलीमा उल्लेख देखिन्छ । विन्ध्यवासिनी माताको दर्शनपश्चात् सेती नदीको पश्चिम किनारमा टाढैबाट पनि कुलदेवी विन्ध्यवासिनी दर्शन हुन सक्ने स्थानमा नारायण आश्रम नामको कुटीमा एकान्त ठाउँमा अष्टाङ्गयोग साधनाको सुरुवात भयो । त्रिकालस्नान गर्ने सन्तगुरु षडानन्दलाई पोखरावासीले दर्शन गरी भक्तजन बन्दै गए । पोखराका अधिकारी बन्धुले फलफूल, दूध र अन्य सहयोग गरे । अष्टाङ्गयोग साधनाका यम, नियम, आसन, प्राणायाम, प्रत्याहार, धारणा, ध्यान, समाधि या हठयोग, राजयोग समाप्त गर्न ६-७ महिना लागेको थियो ।

पूर्णप्रकाश नेपाल 'यात्री' (२०५२ : ६२) का अनुसार पोखरेली जनताको उदारता देखेर अष्टाङ्गयोग समाप्ति साङ्गेमा उठेका भेटीहरू तथा आफूसँग भएको नगदबाट उनीहरूको माया, ममता र उदारतालाई सम्मान गरी नासो छोड्न फुँडेरस्थित १४ रोपनी जग्गा (माटो मुरी ५२) का २ खला खेत किनेर आफैँले स्थापना गरेको नारायण आश्रमको नाममा दर्ता गरेको देखिन्छ । अधिकारी बन्धुहरूले मात्र १० मुरी धान फल्ने जग्गा दिए । पोखरामा बस्दा बालागुरुका शिष्य बनेका तेह्रथुमका ब्रह्मचारी बालानन्द सुवेदीलाई जिम्मामा सुम्पिएर त्यहाँ शिवमन्दिर पनि निर्माण गरी उनी काठमाडौँ पचलीभैरव घाट फर्किए । पोखरामा सन्त आश्रम तथा वेदाङ्ग शिक्षण पनि पछिल्लो चरणमा चलेको देखिन्छ ।

डा. जगमान गुरुङ (२०७३ : १२९ – १३६), “बालागुरु षडानन्दले अष्टाङ्गयोगको सिलसिलामा पोखरा चयन गर्नु चिन्तनीय र मननीय देखिन्छ । भारतमा गङ्गा र यमुनाका बीचको भूभाग अति नै पवित्र अन्तर्वेदी भूमि हो । भारतको बद्रिकाश्रमसँगैका पहाडका २ चुचुराहरू नरनारायण पर्वतका रूपमा प्रख्यात छन् । गण्डकी माहात्म्यमा माछापुच्छ्रे हिमालका २ चुचुराहरू नरनारायणलाई पनि जनता र जनार्दनको प्रतीक मानिएको छ । नरनारायण २ तपस्वीलाई देवतुल्य मानिएको छ । नर र नारायणको प्रतीक २ पुच्छर भएको माछापुच्छ्रे हिमाल हो । यसैकारण षडानन्दले हिमवतखण्डको यो पवित्र अन्तर्वेदी भूमिमा नरनारायणको दर्शनसँगै योगसाधनाका लागि चयन गरेको बुझिन्छ ।”

“फेवातालको किनाराको जङ्गलमा बालागुरुले तपस्या गर्दा माछा मार्नेले भेटेको प्रसङ्ग छ । फेवाताल ठीक पारिपट्टिको जङ्गलमा चिसो पानीको मूल छ । त्यस पर्यटकीय चिसोपानी मूलसँगै अनदु नामक पुरानो गुरुङ बस्ती छ । अनदुभन्दा माथिको डाँडामा अहिले शान्तिस्तूप छ । बालागुरुले नारायण आश्रम स्थापना गरेको कुरा छ । फेवातालको जङ्गल र सेतीगण्डकी किनारमा नारायण स्थानमा ब्रह्मचर्य आश्रम स्थापना गरेका ब्रह्मचारी बालकृष्ण सुवेदी सन्त षडानन्दभन्दा पछिल्लो समयका हुन् । उनी धनकुटाका थिए । उनको वि. सं. १९४० मा धनकुटामा जन्म भई वि. सं. २०२१ मा पोखरामा देहावसान भएको थियो । बालागुरुले तपस्या गरेको अन्तर्वेदी भूमि नारायणस्थानको रहस्य र प्रेरणाका कारणबाट धनकुटाका बालकृष्ण सुवेदीले ब्रह्मर्चाय आश्रम सञ्चालन गरेर वैदिक शिक्षाको प्रचार गरेको हुन सक्दछ ।”

डा. गुरुङका अनुसार नारायणस्थानमा गणेश गिरीले लक्ष्मीनारायण मन्दिर बनाएको स्थान पोखराको नदीपुरको सेती गण्डकी तल्लो क्षेत्र हो । त्यस मन्दिरमाथि भीरको अक्करमा एउटा गुफा छ । त्यहाँ मुस्किलैले मानिस हिँड्ने अप्ठेरो बाटो छ । उक्त गुफा निर्जन, शान्त र सिद्धिदायक मानिन्छ । त्यहाँ केही दशक अघिसम्म चतुर्मासा पुराण वाचन गरिन्थ्यो । साथै बालागुरुको गणेश गिरी वा रम्ता साधुसँग सम्पर्क भएको पनि हुन सक्दछ ।

हेमराज शर्मा अधिकारीको लेखमा बालागुरुले तेह्रथुमका बालानन्द सुवेदीलाई जिम्मा लगाएको उल्लेख छ । नारायण आश्रम र लक्ष्मीनारायण मन्दिर बनाएको पनि उल्लेख गरिएको छ । पोखरामा अष्टाङ्गयोगको प्रसङ्ग छ । डा. गुरुङको लेखमा बालकृष्ण सुवेदी भनी उल्लेख गरेको देखिन्छ । ठेगाना पनि डा. गुरुङले धनकुटा र अन्य लेखहरूमा तेह्रथुम लेखिएको देखिन्छ । धनकुटाको माथिल्लो क्षेत्र तेह्रथुमको सिमानाछेउ केही घर सुवेदीहरूको अहिले पनि रहेको देखिन्छ । धनकुटा वा तेह्रथुम होस्, पूर्वबाटै बालब्रह्मचारी सुवेदी पोखरा पुगेको स्पष्टता देखिन्छ । दोस्रो कोणबाट हेर्दा पोखरा र कास्की क्षेत्र अधिकारी

पूर्वजहरूको ज्ञानभूमि, ध्यानभूमि तथा कर्मभूमि पनि हो । कतिपय अधिकारीहरू पोखराबाट लमजुङ वा सिधै लमजुङबाट काठमाडौँको हाँडिगाउँ, नुवाकोटको मङ्गलबजार (तत्कालीन धादिङ जिल्ला), काभ्रेको फूलबारी दाप्चा, खोटाङ, दिङ्ला, ताप्लेजुङ, इलाम आदिमा बसाईँसराइको क्रममा पुगेको देखिन्छ । अधिकारी वंशावलीमा काभ्रेको फूलबारी दाप्चा विर्ता, थानसिङ विर्ता, खोटाङ विर्ता, दिङला विर्ता, भोजपुरको ऱ्याङकट्टी विर्ता अधिकारीका विर्ता देखिन्छन् ।

विश्लेषणात्मक रूपमा हेर्दा बालागुरु जहाँ बसे पनि प्रसिद्धि कमाएको तथा भक्तजनको अपार सहयोग र श्रद्धेय सम्मान प्राप्त भएको देखिन्छ । उनले कदम राखी सेवा पुऱ्याएका क्षेत्रहरू आजसम्म पनि पवित्र भूमि मानिन्छन् ।

## पूरा नेपाल दर्शन :

खेमराज गौतम (२०५९ : ५०-५२) ले बालागुरु षडानन्दले पूरा नेपाल दर्शन गरेको देखिन्छ । उनले नेपाल खाल्डो तथा उपत्यकाबाहिरका मुख्य तीर्थस्थलहरूको दर्शन गरेको देखिन्छ । उपत्यकाका पनि कान्तिपुर, स्वयम्भूनाथ, काष्ठमण्डप, मल्लकालीन मठ, मन्दिर तथा दरबारहरू, देवालयहरू आदि दर्शन गरेको देखिन्छ । यिनमा दिव्य दृष्टि भएकाले अरूले मनमा सोचेको कुरा पनि सहजै थाहा पाउने तथा अष्टसिद्धिको अदृश्य र सूक्ष्म हुने शक्ति (अणिमा) पनि प्राप्त भएको थियो । यिनी कैयौँ दिनसम्म पनि निराहार बस्न सक्ने भन्ने भनाइहरू पनि सुनिन्छन् । तर यस्ता विविध अलौकिक सिद्धि भए पनि यिनी चमत्कार गरेर बस्दैनथे । तर विभिन्न समयमा पोखरा, देवघाट, मनकामना, गोरखनाथ तथा मुक्तिनाथ क्षेत्रसम्म पनि तीर्थयात्रा गरेको जनभनाइहरू सुन्न पाइन्छ । उक्त क्षेत्रमा योगबलको प्रभावले पनि पुग्नुहुन्थ्यो रे भनिन्छ । पोखराबाट अष्टसिद्धि प्राप्त भएपछि काठमाडौँको पचलीभैरवमा फिरेको देखिन्छ । केही समयको बसाइपछि पुनः जनकपुर गएको देखिन्छ । उनको सिद्धिको शक्ति पछिल्लो समयमा समाजसेवा, धर्मरक्षा, संस्कारको रक्षा, भाषाको रक्षा, शिक्षाको प्रचार र जनहितमा खर्चिएको देखिन्छ । तसर्थ शक्तिको दर्शन र आशीर्वाद प्राप्त गर्न पनि नेपालभरका महत्त्वपूर्ण तीर्थहरूको दर्शन गरेको हुन सक्दछ ।

## पुनः जनकपुर :

साङ्गे गर्नुअघि षडानन गुरु फर्केर काशीतिर ।
आसन गर्नुभयो जनकपुरमहाँ लाएर ठाडो शिर ॥

(खेमराज गौतम, २०५९ : ४३)

सन्तगुरु बाबा रामदासलाई भेटेर आशीर्वाद लिई त्यतैबाट काशीको मुमुक्षुधाम पनि पुगेको अनुमान गर्न सकिन्छ ।

**काशी प्रस्थान :**

गायत्री पुरश्चरणपछि वि. सं. १९२८ तिर काशीको मुमुक्षु आश्रम पुगे । मग्निराम गुरु खुसी भई एक यज्ञ आयोजना गरे । बालागुरुले केही समयको बसाइ र शास्त्रार्थमा रमाउँदै अष्टाङ्गयोग साधनाको थप ज्ञान तथा आशीर्वाद पाएको देखिन्छ । वि. सं. १९२८ तिर मग्निराम गुरुबाटै 'श्री १०८' आबाल ब्रह्मचारी षडानन्द अधिकारी भनी दीक्षित भएको देखिन्छ ।

स्वामी प्रपन्नाचार्य (२०७५ : ५८), "बालागुरु वस्तुतः दशनामी संन्यासीहरूका उत्तराम्नायका ब्रह्मचारी थिए । यस दृष्टिले ब्रह्मचारीजी ज्योतिर्मठ अन्तर्गतका ब्रह्मचारी थिए । उनको महावाक्य 'तत्त्वमसि' हो ।

काशीमा रहँदा योगसाधनाका बलले दिङ्लामा आमा बिरामी भई अन्तिम अवस्था रहेको स्वप्नमा अवगत भयो भन्ने व्यहोरा पं. नन्दिकेश्वर अधिकारी (१९८४) ले उल्लेख गरेको देखिन्छ :

काशीस्थितो मातुरन्तं ज्ञात्वा योगबलेन हि ।
देववाणी पुनः श्रुत्वा दिङ्लामागत्यमात्र वै । गङ्गादिजलमर्पयात् ॥

**दिङ्ला आगमन र बालागुरु षडानन्दको गिरफ्तारी प्रसङ्ग :**

काशीबाट सिधै आमाको अन्तिम अवस्थालाई भेट्न वि. सं. १९२८ मै दिङ्ला आइपुगेको देखिन्छ । आएको ३ दिनपछि आमाको मृत्यु भएको थियो । काशीबाट बालागुरु आएपछि गढीगाउँको घरमा बसेनन् । दाजुहरूले आमाको काजक्रिया देवीचरणको घरमा गरे पनि उनी योगी भएका हुनाले चामुनारायण सत्तलमा नै बसेर आमाको काम सम्पन्न गरेका थिए भनी षडानन्द मा. वि. का पूर्वशिक्षक दुर्गाप्रसाद अधिकारीबाट जानकारी प्राप्त भएको छ । अधिकारीले बालागुरुले व्रतबन्ध गराएका तथा पढाएका शिष्य स्व. सत्यनारायण अधिकारीबाट थाहा पाएको जानकारी प्राप्त भयो । आमाको मृत्युशैयाको अन्तिम इच्छा अनुसार आमाको इच्छा पूरा गर्न दिङ्लामै बसेर समाज र राष्ट्रसेवा गर्ने अन्तिम निर्णयमा बालागुरु पुगेको देखिन्छ ।

खेमराज गौतम र प्रत्यक्षदर्शी स्व. सत्यनारायण अधिकारीका अनुसार वि. सं. १९२८ बाटै दिङ्ला बजारस्थित चामुनारायणको सत्तलमा बसेर अनौपचारिक रूपमा केही भाइभतिजा र केटाकेटीलाई कुराउनी (पेडा) दिएर फकाउँदै पढाउने कार्यको सुरुवात भएको थियो । पेडा बालागुरुको मनपर्दो मिष्टान्न देखिन्छ ।

राजेन्द्रकुमार अधिकारीले षडानन्द पाठशालामा कक्षा ७ मा पढ्दा गुरु भीमप्रसाद गौतमले भन्नुभएको भनी गरेको स्मरण यसप्रकार छ : दिङ्लामा पढाएको कुरा थाहा पाई श्री ३ जङ्गबहादुरको आदेशमा धनकुटाको जङ्गी

अड्डाबाट गुरुको गिरफ्तार भयो । धनकुटा जेलमा चलान गरियो । भोलिपल्ट बिहान सबेरै स्नान गर्न बाहिर जान अनुमति माग्दा जेलरले नदिएपछि ताल्चा लागेको अवस्थामा नै बालागुरु गायब भए । जेलर प्रमुख र अन्य सिपाही आएर हेर्दा गुरुलाई कोठामा देखेनन् । खैलाबैला मच्चिँदै गर्दा केही घण्टापछि पुनः जेलरले कोठाभित्रै गुरुलाई देख्यो । बालागुरुको धोती बाहिर सुकाइएको थियो । तर ताल्चा जेलकोठामा बाहिरबाट लागिराखेको देखेर सोध्न गएछ । गुरुले धारामा स्नान गरेँ र धनकुटाका जालपादेवी, निशानदेवी आदि देवीदेवता पूजापाठ गरी आएँ भने । जङ्गीअड्डाका सबै भेला भई हेर्दा जेलभित्रै देखेपछि अद्भुत चमत्कारी साधु बालागुरु षडानन्द अधिकारी भएको खबर श्री ३ प्रधानमन्त्री जङ्गबहादुरलाई तुरुन्तै अड्डा प्रमुख माधव शमशेर राणाले अवगत गराएछन् । श्री ३ ले जेलबाट गुरुलाई छोडी सिधै काठमाडौँ पठाइदिनू भन्ने आदेश भएछ । श्री ३ राणाको बालागुरुसँग पचलीभैरव घाटमा तपस्या गर्दाको समयमा परिचय भइसकेको हुनाले गुरुबाट संस्कृत पाठशाला सञ्चालन अनुमति प्रस्ताव गएछ । विद्यालय खोल्न अनुमति दिन शत्रुताको व्यवहार गर्ने श्री ३ प्र. म. को ती अद्भुत, सिद्ध र विद्वान् साधु षडानन्दको अघि केही सीप नचलेपछि अनुमति प्राप्त गर्ने प्रक्रिया सुरु भयो । केही समयको पचलीभैरव घाटको बसाइपछि बालागुरु वि. सं. १९२९ अन्त्यतिर जनकपुर हुँदै काशी लागेछन् । उनी २ वर्षे तीर्थयात्राबाट फिरेपछि वि. सं. १९३२ मा श्री ३ जङ्गबहादुरको ठाडो मौखिक आदेशबाट विद्यालय खोल्ने अनुमति प्राप्त भएको थियो । त्यस बेला श्री ३ को कतिपय मौखिक आदेशमा लिखत दिने चलनै थिएन ।

## काशी प्रस्थान र भारतका तीर्थस्थलहरूको तीर्थयात्रा प्रसङ्ग :

जानकीबल्लभ दाहाल (२०५२ : ८६), “मेरा पिता बालागुरुका शिष्य भई ३ वर्षजति बालागुरुको अङ्गमर्दन र पादसेचन पनि गर्नुहुन्थ्यो रे । आमाको काजक्रियाका कर्महरू सकेपछि २ वर्षे तीर्थयात्रामा गुरु निस्कनुभयो रे ।”

वि. सं. १९२९ अन्त्यदेखि वि. सं. १९३१ सम्म २ वर्ष लामो तीर्थयात्रा गरेको देखिन्छ । कठिन अष्टाङ्गयोग साधनासमेत पार गरेर मुमुक्षु आश्रम पुगेपछि आफ्ने विलक्षण प्रतिभाका शिष्य षडानन्द आइपुगेकोमा मग्निराम गुरुबाट एक यज्ञ आयोजना गरी टीका, आशीर्वाद र अभिषेक सम्पन्न गराएको देखिन्छ । सायद यही समयमा उनलाई कुनै पदवी दिएको अनुमान गर्न मात्र सकिन्छ, तर प्रमाण छैन । उक्त समयमा २४ लाख गायत्री पुरश्चरण तथा अष्टाङ्गयोग सिद्धिका कारण देशविदेशका हिन्दू सन्त र महन्तहरूबीच बालागुरु षडानन्द परिचित र ख्यातिप्राप्त बनेको देखिन्छ । मग्निराम गुरुसँगै मुमुक्षु आश्रममा देश-विदेशका सन्त र विद्वान्हरूबीच शास्त्रार्थ तथा प्रवचनमा सहभागी भई केही

समयको बसाइपश्चात् ज्योतिर्मठका जगद्गुरुकोमा पुगेको प्रसङ्ग पनि भेटिन्छ। जगद्गुरुले सिद्धपुरुष श्री १०८ आबाल ब्रह्मचारीसँग शास्त्रार्थ छलफल भएको र प्रसन्नतासँगै उत्कृष्ट शिष्य अभिषेक अभिनन्दन समारोह गरेको पनि उल्लेख छ। तर के विषयमा भयो वा के पदवी प्रदान भयो भन्ने उल्लेख छैन र थप प्रमाण पनि छैन। बालागुरुका पालाका २ पुराना ग्रन्थमा पनि यो कुरा उल्लेख छैन। अनुसन्धानकर्ताहरूले सोही ठाउँमा गएर अध्ययन गरी के भएको थियो वा थिएन भनी दूध र पानी छुट्याउनु आवश्यक छ।

मुमुक्षु आश्रम र ज्योतिर्मठमा केही समयसम्म शास्त्रार्थ र प्रवचनहरूमा सहभागी गराई गुरुहरूले चारधाम र अन्य तीर्थस्थलको भ्रमण गरी प्रवचन र शास्त्रार्थ आदिबाट हिन्दू सनातनसंस्कृतिको उत्थान, संरक्षण, प्रवर्द्धन, मानवसेवा र समाजसेवामा जीवन समर्पण गर्ने सल्लाह दिएको अनुमान गर्न सकिन्छ।

**तीर्थस्थलहरूको यात्रा :**

वि. सं. १९२९ – १९३१ मा भारतका विभिन्न तीर्थस्थलको भ्रमण गरी वि. सं. १९३१ अन्त्यतिर दिङ्ला फर्किएको देखिन्छ। त्यस बेलासम्म संस्कृत पाठशाला चलाउन श्री ३ जङ्गबहादुरबाट मौखिक आदेश भइसकेको थियो। २ वर्षे तीर्थयात्रा क्रममा निम्न स्थानमा निम्न कार्य गरी फर्किएको पुराना ग्रन्थ विश्लेषण तथा डा. कार्की (२०६८) र हेमराज शर्मा अधिकारी (२०७५) का ग्रन्थहरूमा उल्लेख देखिन्छ।

१. काशीबाट – बद्रीनाथका शङ्कराचार्यसँग भेट दर्शन – केदारनाथ – उडिसाको जगन्नाथ तीर्थयात्रा
   - बद्रीनाथका शङ्कराचार्य सच्चिदानन्दबाट विभूषित र केही समय शास्त्रार्थमा सहभागी र प्रवचन दिने काम
   - केदारनाथका पूर्वशङ्कराचार्यको निधन भएको समाधिस्थान दर्शन
   - रामेश्वरधाम जाने योजना।

२. बङ्गाल – पुरी – गोवर्द्धनमठका शङ्कराचार्यसँग भेट।
   - गोवर्द्धनमठका भर्खरै नियुक्त ७५ वर्षीय शङ्कराचार्यसँग भेट र दर्शन
   - शास्त्रार्थका विषयमा छलफल जसको कारण धेरै विद्वान्सँग भेटघाट
   - शास्त्रार्थ छलफल गरी ख्याति र प्रसिद्धि कमाएको।

३. पाण्डीचेरीमा – हिन्दमहासागर किनाराको रामेश्वर दर्शन
   - रामेश्वर शङ्कराचार्यसँग भेट तथा विद्वान् योगीसँग सङ्गत र शास्त्रार्थ
   - हिन्दमहासागरको किनारामा रहेको र श्रीलङ्का जाने प्रस्थानबिन्दु रामेश्वरम्मा भारत तथा श्रीलङ्काका सन्त, महर्षि तथा विद्वान्बीच

भेटघाट, परिचय, शास्त्रार्थ । श्रीलङ्काका सन्त विद्वान्सम्म पनि बालागुरुको ख्याति फैलिन पुगेको

- शिवमन्दिर दर्शनपश्चात् मात्र शृङ्गेरीमठका शङ्काराचार्यसँग भेट तथा दर्शन भएको
- रामेश्वरम्मा श्री १०८ बालागुरुको मुरीमुरी प्रशंसा गरियो किनकि प्राय: रामेश्वरधाम टाढा भएको हुनाले यस्ता विलक्षण गुरु पुगे पनि बसाइ ज्यादै छोटो रहन्थ्यो
- पाण्डीचेरीमा फ्रेन्च पादरीसँग भेट । फ्रेन्च र अङ्ग्रेजी भाषा अध्ययन तथा बाइबल अध्ययन तथा क्रिस्चियन धर्मको मूल ज्ञान लिएको । हिन्दू र क्रिस्चियन धर्मका राम्रा पक्षहरूको अध्ययन र विश्लेषण गर्ने अवसर प्राप्त भएको ।

४. केरला – गोवा – मुम्बई

- केरलामा ८ औं शताब्दीका जगद्गुरु शङ्कराचार्यको जन्मभूमिको दर्शन
- गोवाको चर्चमा पुर्तगाली पादरीसँग भेट तथा क्रिस्चियन धर्म, बाइबल र अङ्ग्रेजी भाषाको थप ज्ञान लिएको
- पुर्तगाली पादरीसँग धेरैपटक शास्त्रार्थ भएको । ज्ञान आदानप्रदान गरी दुवै धर्मगुरुले एक-अर्कामा सम्मान प्राप्त गरेको तथा श्रद्धापूर्वक बिदा भएको
- गोवाबाट बम्बईतर्फ प्रस्थान र बम्बैया बाबा पीठको दर्शन ।

५. गुजरातको द्वारकापीठतर्फ प्रस्थान तथा शारदापीठको दर्शन

- गुजरातको शारदापीठका शङ्कराचार्यसँग भेट र दर्शन
- केही दिनको शारदापीठको बसाइ, शास्त्रार्थ र सन्त-महन्तबीच छलफल र ज्ञान आदानप्रदान गर्ने क्रममा आफ्नो विलक्षण प्रतिभा प्रदर्शन गरी ख्याति र प्रसिद्धि पाएको ।

६. सिन्ध – पन्जाब – कुरुक्षेत्र – दिल्ली – वृन्दावनतर्फ तीर्थयात्रा

- शारदापीठबाट पञ्जाब पुगेर शिख धर्मका गुरु नानकको दर्शन तथा धर्मग्रन्थ गुरुग्रन्थ साहबको अध्ययन
- सिन्धमा मुस्लिम धर्मको कुरान अध्ययन । दुई धर्मबीच तुलनात्मक अध्ययन र विश्लेषण, साथै फारसी भाषाको पनि अध्ययन गरेको
- दिल्ली पुगी कुतुबमिनार तथा अन्य धामको दर्शन । दिल्लीको प्राचीनताको अध्ययन-अवलोकन भएको

- त्यहाँबाट वृन्दावन प्रस्थान । शङ्कराचार्यसँग दर्शन भेट । श्रीकृष्ण महिमाको थप अध्ययन भएको ।

७. उत्तरप्रदेशका मथुरा – प्रयाग – बोधगया (विहारतर्फ, बौद्ध विहारहरू धेरै रहेका थिए र विहार भनिएको) प्रस्थान र दर्शन

- प्रयागमा गायत्री अनुष्ठान, प्रतिष्ठा, कल्पवास र चारधामको तीर्थयात्रा समाप्त गरी गौनादी दान भएको
- बोधगया हुँदै नेपाल फर्कने क्रममा गयामा बौद्ध दर्शनमा थप अध्ययन भएको । शास्त्रार्थ र अवलोकनपछि नेपाल प्रस्थान ।

८. जनकपुर हुँदै – काठमाडौँको पचलीभैरव घाटतर्फ प्रस्थान

- प्रयागमा आइपुग्दा माघ महिना रहेको कुरा पं. नन्दिकेश्वर अधिकारीले ग्रन्थमा उल्लेख भएको ।
- यसका अतिरिक्त गङ्गोत्तरी, यमुनोत्तरी आदि तीर्थस्थलहरूको भ्रमण, अवलोकन र अध्ययन भएको ।
- झन्डै २ वर्षमा भारतमा रहेका ४ धामको तथा अन्य तीर्थस्थलहरूको अध्ययन भ्रमण भएको उल्लेख ।

चार धामलाई ४ वेदको प्रतीक मानिन्छ, जहाँ ४ शङ्कराचार्यहरू पीठाधीश हुन्छन् । बद्रीनाथस्थित ज्योतिर्मठलाई यजुर्वेदको उत्पत्ति स्थान मानिन्छ । तर ४ वेदको उपासना क्षेत्र सप्तकोशी नदी (ऋग्वेद विशेष), सप्तगण्डकी नदी ( सामवेद र यजुर्वेद विशेष), कर्णाली नदी क्षेत्र (सामवेद र यजुर्वेद) देखिन्छ । ३ वेदको मन्थनबाट उत्पन्न अथर्ववेद मानिन्छ । यसको अर्थ उल्लिखित ठाउँका प्रमुख उपासना मात्र हुन्, तथापि ४ वेदका ऋचाहरूको उपासना नेपालका ३ मुख्य नदीहरूमा भएका थिए । तर तत् वेदका प्रतीक पीठहरू भारतमा देखिन्छन्, जहाँ ऋचाहरूमाथि व्याख्या, विश्लेषण गरी विस्तारका कार्यहरू भएका हुन् । वेदको उत्पत्ति सम्बन्धमा विद्वानका मत अलग अलग देखिन्छन् तथापि नेपाल वेदभूमि हो भन्नेमा एक मत देखिन्छ । वेदभूमि नै गतिलो प्रमाण हो र वेदव्यासले वेद लेखेको भूमि पनि नेपाल हो । गौरीशङ्कर हिमालमा दक्षिणामूर्ति अवस्थामा आगम र निगम विधिद्वारा वेदज्ञान प्रसारण भएको भूमि नेपाल हो ।

## दिङ्लातर्फ पुनः आगमन (वि. सं. १९३१) :

- वि. सं. १९२८ मा प्रथमपटक बालागुरु षडानन्द तीनतले र तेर्सेबर्सेको बाटो हुँदै दिङ्ला बजार आएपछि पनि भारतका विभिन्न धाम र ठाउँहरूको २ वर्षे तीर्थयात्रा समाप्त भएको थिएन ।

- हेमराज शर्मा अधिकारी (२०७५) का अनुसार वि. सं. १९२८ मा प्रथमपटक दिङ्ला आइपुग्दा मो. रु. ३२००।– साथमा थियो । आमाको काजक्रिया र अन्य घरायसी कामकाजमा खर्च भएको अलिकति रकमबाहेक अन्य बाँकी सबै रकम मठमन्दिर, पाठशाला र गुठीका लागि खर्च भएको देखिन्छ ।
- पण्डित नन्दिकेश्वर अधिकारीले झन्डै ३४ वर्ष जीवनको अमूल्य समय र श्रम बालागुरुसँग खर्चेको देखिन्छ । अधिकारीद्वारा लिखित ग्रन्थका अनुसार वि. सं. १९२८ मा गुठीको प्रथम जग्गा प्राप्तिसँगै वि. सं. १९३२ देखि वि. सं. १९६६ सम्मका सम्पूर्ण निर्माण र अन्य व्यवस्थापनमा भएका खर्चहरू झन्डै तत्कालीन मो. रु. १ लाख खर्च भएको उल्लेख छ । समग्रमा ३३६।१ मुरी ठेक्कामा दिएका दानदातव्यका जग्गाहरू, खरिद भएका जग्गाहरू र भौतिक निर्माण लगायतका अन्य विविध कार्यहरू पनि पर्दछन् ।
- तसर्थ २ वर्षे तीर्थयात्राको समाप्ति र महत्त्वपूर्ण अध्ययन समाप्तिसँगै सबै मुख्य धर्महरू र शास्त्रहरूको ज्ञानले पोख्त भएपछि वि. सं. १९३१ को अन्त्यतिर काठमाडौँ पचलीमा केही समयको बसाइपश्चात् नयाँ जोस, जाँगर, उमङ्ग तथा समाजसेवाका योजनाहरूका साथ पाठशाला स्थापनाका लागि स्वीकृति वा अनुमतिसमेत लिएर दिङ्ला आइपुगेको देखिन्छ ।

**बालागुरुको दिङ्ला आगमन बारे थप प्रसङ्ग :**

हेमराज शर्मा अधिकारी (२०७५ : ४१-४२) का अनुसार “प्रथमपटक वि. सं. १९२८ मा दिङ्ला आइपुग्दा सफेद धोती, सफेद दौरा र सफेद फेटा बाँधेका थिए । गोडामा खराउ, लामो दाह्री र निधारमा त्रिपुण्डक थियो । आकर्षक मुस्कानसहितको मुखाकृति र उच्च व्यक्तित्वको जस्तो झल्कन्थो ।” बालागुरुले कहिलेकाहीँ माथिल्लो भागमा दौरा र तल्लो भागमा सेतो धोती बस्त्र पहिरिने र खराउ लगाएर सादा जीवन उच्च विचारमा जीवन व्यतीत गरेको देखिन्छ ।

अधिकारीका अनुसार भोजपुरबाट दिङ्ला बजार झर्दाको बाटोतर्फबाट दिङ्ला बजार आइपुग्दा भतिजाहरू रामनाथ अधिकारी र ज्योतिखर अधिकारी थिए । भानिजहरू रविलाल गौतम र भवानीप्रसाद गौतम थिए । शङ्कर चापागाईं, यज्ञनिधि चापागाईं, चामुनारायण श्रेष्ठ, मनु राई, शुभाधन राई, सोभितमान बस्नेत, रत्नदीप बस्नेत, तारापति राई आदिबाट स्वागत भएको देखिन्छ । त्यसपछि अरुण मा. वि. तर्फको उकालो र तेर्सो जगेडावनको बाटो हुँदै गढीगाउँ पुग्दा बालागुरुको स्याहारसुसार गर्ने र पढ्ने प्रेरणा जगाउने ममताकी खानी छिमेकी धनमाया दमिनी तथा बाल्यकालको साथी बोधन दमाई बालागुरुको पर्खाइमा बसेको देखिन्छ । त्यसपछि दुवैजनासँग बालागुरु षडानन्दको परिचय गराई उपस्थित व्यक्तिहरूले बालागुरुलाई गढीगाउँ घरमा पुऱ्याएको देखिन्छ ।

चारपाटे र पहेंलो माटोले पोतेको घरमा गच्छेअनुसार बालागुरुले प्रणाम गर्दै बिरामी आमाको बिछ्यौनासम्म उनी पुगेका थिए । आमाले आँसु खसाली ओछ्यानबाट मृत्युसँग सङ्घर्ष गर्दै भनिन्, "मेरो मनमा तँ जीवितै छस् भन्ने लागेको थियो । सपनामा बेलाबेलामा भेट्न आउँथिस् । एक दिन फर्केर आउँछु आमा भन्थिस् ।"

प्रा. डा. विष्णुराज आत्रेय (ने. सं. वि. बाट सेवानिवृत्त, २०७३ : ४१६) अनुसार अमरकोशमा लेखिएको छ :

कार्तिकेया महासेनः शरजन्मा षडानन ।
पार्वतीनन्दनः स्कन्दः सेनानीरग्नि भूर्गह ॥

(अमरकोष, १।१।४१)

आत्रेयका अनुसार षडानन भनेको कुमार कार्तिकेय हुन्, मयुरवाहन हुन्, ज्ञानको अधिष्ठाता हुन् । देवीदेवतामा मयुर वाहन हुने २ देवीदेवता छन्, एउटी सरस्वती र अर्को षडानन । दक्षिण भारतमा यिनको ठूलो महत्त्व छ । 'स्कन्दपुराण' यिनै षडानन स्कन्दको नाममा रहेको छ । बालागुरु र तत्कालीन भद्रभलादमीले तयार गरेको वि. सं. १९६६ को धर्मपत्रिकामा नाम षडानन नै लेखिएको देखिन्छ । तर वि. सं. १९६६ को शिलापत्रमा स्थानीय जनजिब्रोको कारण रत्नमान शाक्यले षडानन्द कुँदेको हुन सक्दछ । बालागुरु षडानन पनि योगदानका हिसाबले कुमार कार्तिकेयजस्तै देखिन्छन् । डा. जगमान गुरुङ (युट्युब अन्तर्वार्ता) का अनुसार 'कुमारको जन्म नेपाल उपत्यकामा भएका प्रमाणहरू भेटिन्छन् ।'

योगी नरहरिनाथका अनुसार पहिले 'न्याय नपाए गोरखा जानू, विद्या हराए कास्की जानू' भन्ने उखान थियो । समग्र कास्की र यसको आसपासका क्षेत्र (जिल्ला) हरू) नै केही मानसपुत्र ऋषिमुनिहरू तथा अन्य ऋषिहरूको समेत जन्मभूमि, तपोभूमि, कर्मभूमि तथा शैक्षिक केन्द्रभूमि थियो । पछि नालन्दा, तक्षशिला, विक्रमशिला र वाराणसी जस्ता उदीयमान शिक्षा केन्द्रहरू देखापरे । वाराणसी र काश्मीर अध्ययन गर्न जाने क्रम बढेपछि 'विद्या हराए कि काशी जानू कि काश्मिर जानू' भन्ने पढाइयो । त्यहाँ अध्ययन गरी नेपाल आउनेहरूबाट 'विद्या हराए कि काशी जानू कि काश्मिर जानू' नै भन्न थालियो । फलस्वरूप शैक्षिक केन्द्र कास्कीको महत्त्व आजसम्म विद्वान्हरूबीच आइपुग्दा लगभग विलीन भइसक्यो । यो इतिहास भुल्नु नेपाल राष्ट्र र नेपालीका लागि विडम्बना हो । पछि षडानन्दले 'विद्या हराए दिङ्ला जानू' बनाइदिए र देखाइदिए । तसर्थ पनि षडानन्द नेपालको शैक्षिक इतिहासमा अमर रहनेछन् ।

प्रा. शिवगोपाल रिसाल (२०७३ : ४३७) का अनुसार नेपाल हिमवतखण्ड, पाशुपत क्षेत्र, तपोभूमि, पुण्यभूमि, धर्मभूमि, कर्मभूमि, ज्ञानभूमि अनि मोक्षभूमि

पनि हो । आआफ्नो देशकाल र परिस्थिति अनुसार भगवान्ले युग युगमा जन्म लिनुहुन्छ – पूर्ण अवतार – अंश अवतार – अंश अंशावतार – आवेगावतार रूपमा नरावतार । त्यस देश र युगलाई आलोकित गरिदिन्छन् । धर्मको स्थापना गरेर जान्छन् । कसैमा भगवान् अंश वा कला कम हुन्छ र कसैमा कला बढी हुन्छ । पूर्ण कलावतार त साक्षात् कृण्ण भगवान् मात्र हुनुहुन्छ । त्यसैले भनिन्छ ‘कृष्णस्तु भगवान् स्वयम्’ । *अष्टसिद्धि प्राप्त बालागुरु षडानन्द आध्यात्मिक विज्ञानका वैज्ञानिक मात्र नभएर भौतिक विज्ञानका पनि वैज्ञानिक रहेछन् ।*

प्रा. रिसालका अनुसार भगवान् राममा पनि पूर्ण कला (सिद्धि) थिएन, १२ कलाहरू मात्र थियो । कृष्णमा १६ कला (पूर्णकला) थियो । गायत्री मातामा २४ कला (नवनिधि समेत थप ९ वटा कला) थियो । त्यसैले महापुरुषहरूमा सामान्य मानिसभन्दा विशेष ज्ञान, तपस्या, विशेष त्याग, विशेष वैराग्य, विशेष सेवा र अतुलनीय समाज परिवर्तनका योगदानहरू रहेका हुन्छन् । यिनै विशेषताहरूले समाज, देश र विश्वलाई युगान्तकारी कीर्तिहरू, एक नैतिक चिन्तन (दृष्टान्त) र एक अनुकरणीय पदचिह्न छोडेर जान्छन् । यस्तै महापुरुषमध्येका एक थिए ब्रह्मचारी षडानन्द ।

विश्लेषण गर्दा देवीदेवताहरूको सिद्धिजस्तै बालागुरुमा ८ वटा सिद्धि अर्थात् अष्टसिद्धि प्राप्त थियो । सिद्धिका विधि वा प्रक्रियाहरू जसले गरे पनि तिनै हुन् भन्ने विद्वान् र विज्ञ पण्डितहरूको मत देखिन्छ । बालागुरुको व्यक्तित्व बारे भन्न अष्टसिद्धि जान्नु आवश्यक छ । बालागुरुको व्यक्तित्व वा योगदान भनेको नै अष्टसिद्धि कारण पनि हो । तसर्थ अष्टसिद्धिबारेमा चर्चा गर्नुपर्ने हुँदा हुँदै के बुझौँ भनृ बालागुरु अष्टसिद्धि मर्मज्ञ पनि हो, जसले समाज, राष्ट्र र सनातन धर्ममाथि अनगन्ती सफल योगदानहरू दिएको देखिन्छ । हामी सर्वसाधारण व्यक्ति अष्टसिद्धिका मर्मज्ञ होइनौँ, त्यसैले बालागुरुको हाराहारीमा कोही पनि योगदान दिन सक्दैनौँ अथवा हामीबाट यो असम्भव देखिन्छ । उहाँलाई चिन्नेहरूले उहाँमा वाक्सिद्धि थियो, उहाँले दिएको आशीर्वाद पुग्दथ्यो भनेबाट पनि बालागुरु व्यक्तित्व स्पष्ट हुन्छ । बालागुरु र अष्टसिद्धिका बारेमा मात्रै लेख्ने हो भने पनि एक ग्रन्थ बन्न पुग्ने विषयवस्तुहरू देखिन्छन् ।”

प्रा. चेतोनाथ गौतम (२०७३ : १२० – १२९) का अनुसार बालागुरु तीर्थयात्रा, मन्त्रयोग, इष्टदेवताको ध्यान, योगाभ्यास, यम, नियम पालना जस्ता तपस्याको प्रभावले सिद्ध बनेको देखिन्छ । ‘इत्थं सुतीर्थ जपयागतपः प्रभावात, सिद्धाऽपि मान रहितो जपयोगच्त्तन्न्’ भन्ने पं. नन्दिकेश्वर अधिकारीको श्लोकबाट स्पष्ट देखिन्छ । गायत्री पुरश्चरण सिद्धिमा अणिमा, महिमा, लघिमा, गरिमा, प्राप्ति, प्राकाम्य, ईशित्व र वशित्व जस्ता सिद्धिहरू प्राप्त भएको विश्लेषण गर्न सकिन्छ । नत्र वाक्सिद्धि, इच्छासिद्धि आदि पूर्ण हुँदैनन् किनकि

बालागुरुबाट आशीर्वाद पाएका मानिस पनि विद्वान् भएको धेरै विद्वान्हरूको लेखमा स्पष्ट देखिन्छ ।

ब्रह्मचर्यको अर्थ पालना गर्नु वा महाव्रत हो । ब्रह्म आचरति अर्थात् ब्रह्मको आचरण गर्ने व्यक्ति ब्रह्मचारी हो । जो ब्रह्मचर्य व्रत वा अनुशासन पालन गरी जीवन व्यतीत गर्दछ त्यो आबाल ब्रह्मचारी हो । भीष्मपितामह आबाल ब्रह्मचारी थिए । पितामहलाई अजेय शक्ति र इच्छामरण प्राप्त थियो । बालागुरु षडानन्द पनि भीष्मपितामहजस्तै सिद्धिसम्पन्न देखिन्छन् ।

## बालागुरुका पूर्वज अधिकारीहरूका सम्बन्धमा :

हेमराज शर्मा अधिकारी (२०७५ : ३) का अनुसार बालागुरुका पूर्वजहरू जुम्लाको सिडसिङ राजदरबारमा बिशेष अधिकार पाएर बसेका थिए । उनीहरूको सम्मानको पद अधिकारी प्रदान गरिएको थियो । त्यसैले उनीहरू खिड्किसैनमा (पाखोभिरालो जमिनमा) बस्ने र खिडसिङ दरबारमा कार्य गर्ने भएकाले खिडसिडे अधिकारी भन्न थालियो । त्यसपछि एकीकरण अभियान सेरोफेरोमा लमजुङ, कास्की, थानसिङ, फलबारी दाप्चा हुँदै पूर्वी नेपालसम्म अधिकारीहरू फैलिए ।

सेमन्तराज अधिकारी (२०६२) का अनुसार वि. सं. १७५५ फागुन ८ गते सोमबार खोटाङ बजार छेउ रातमाटा विर्ता नरोत्तम अधिकारीले महीपति सेनबाट प्राप्त गरेको देखिन्छ ।

ज्ञानमणि नेपाल (ने. रा. प्र., २०५५ : १९६-१९७) र सदाचारज्ञानाऽदर्शकः (२०६७ : ६१) का अनुसार बलभद्र अधिकारी काभ्रे फूलबारी दाप्चा पुरानो गाउँका अधिकारी हुन् । उनी विद्वत्तामा प्रसिद्ध थिए र राजा श्रीनिवास मल्लका भारदार पनि थिए । बलभद्र अधिकारीको प्रसिद्धि सुनेर श्रीनिवास मल्लको अनुमति लिई शुभसेन राजाले लगेर सल्लाहकारमा नियुक्त गरेका थिए । उपत्यकाका ३ राजाहरूमा श्रीनिवास मल्ल (पाटन), जितामित्र मल्ल र नृपेन्द्र मल्लको संयुक्त भारदारी सभा सम्वत् ७९४ चैत्र सुदि ५ मा पाटन दरबारमा बस्दा ३ राज्यका विद्वान्हरूमध्ये बलभद्र पनि सहभागी थिए । उक्त सभाले श्रीकुह्मलजु श्रीरानीहरूका राजदर्वारबाट बाहिर पाव लागनुभयापछि मर्दा जन्मदा सुतक जुठोमा दर्वार भित्रकाले दिन १२ सम्म जुठो बार्नु, तेह्रौं दिनमा बाह्मण भोजन गराई अरू कर्म सबै फुक्यो । दवार्रभित्रका मर्दा जन्मँदा ४५ दिन मान्नु उपत्यकाका तिनै सहरले...बाहिरया ठाकुरका र अरू खचराहरूको जुठो अघिका मर्यादा जस्तै गर्नु भन्ने निर्णय भयो ।

श्याम अधिकारी (२०७२, पं. जयदेव अधिकारी स्मृतिग्रन्थ) का अनुसार बलभद्र उपाध्याय (अधिकारी) ले राजा शुभ सेनको राज्य एकीकरण अभियानमा सघाउँदा विजयपुरबाट अरुण तट दिङ्लासम्म विजय भयो । शुभ सेनबाटै वि.

सं. १७३५ मा दिङ्ला कुशविर्ता बलभद्रले प्राप्त गरेका थिए । महीपति सेनबाट पनि दिङ्ला विर्ता प्राप्त गरेको लिखत देखिन्छ ।

दिङ्ला विर्ता तलबसरह मात्र विर्ता थियो । तलव पाइँदैनथ्यो । राजाबाट जग्गा विर्ता भनी दिने गरिन्थ्यो । तलबसरह वा विनातलबको जग्गा प्राप्त गरेकाले विनातलबबाट अपभ्रंश हुँदै वितलब भनियो । बलभद्रका छोरा नरोत्तम अधिकारीलाई महीपति सेनले खोटाङमा वि. सं. १७५५ मा खोटाङ पुरानागाउँ, रातामाटा, ७ ब्याँसी छुलुवारमा तलबसरह विर्ता दिएका थिए । तसर्थ दिङ्लामा मात्र २ पटक राजाबाट तलबसरह विर्ता प्राप्त गरेको देखिन्छ । यसरी पाटन राज्यको भारदार, त्यसपछि मकवानपुर राज्यको भारदार र पछि विजयपुर राज्यको भारदारका रूपमा कार्य गर्दै बलभद्र अधिकारीका सन्तानहरूको पूर्वी नेपालमा बसोबास विस्तारित भएको थियो ।

श्याम अधिकारी (२०७२) का अनुसार बलभद्र अधिकारीले थानसिङ, दाप्चा र दिङ्लामा विर्ता पाएका थिए । बलभद्रका नाति वीरभद्र उपाध्याय अधिकारी पृथ्वीनारायण शाहको एकीकरण अभियानमा राजाको भावना बुझेर अन्तिमसम्म टिकिरहने उच्च तहका भारदारमध्येका एक खजान्ची (अर्थमन्त्री सरह) थिए । पृथ्वीनारायण शाहका युद्ध सल्लाहकार तथा अर्थनीतिका योजनाकार वीरभद्र अधिकारी भएकाले 'घुस लिन्या र दिन्या दुवै देशका शत्रु हुन्' भन्ने दिव्य उपदेश पृथ्वीनारायण शाहबाट भएको थियो । राज्यको अर्थतन्त्र सम्बन्धी दिव्य उपदेशमा वीरभद्र अधिकारीको प्रत्यक्ष र अप्रत्यक्ष आर्थिक नीतिका योजना उपयोग भएको अनुमान गर्न सकिन्छ । जस्तै नेपालमै बुनेका लुगा लगाउनु, विदेशीको पैसा खैंचनु आदि । उनी घुस दिने नीतिका विरोधी थिए र देशभक्त थिए । उनले एकीकरणका समयमा सम्पत्ति जोड्नतर्फ ध्यान नदिई जीवन बिताएका थिए । वीरभद्रका छैटौं पुस्ताका सन्तान धरान निवासी बयोबृद्ध (हाल स्वर्गारोहण) चन्द्रप्रसाद अधिकारीका अनुसार वीरभद्र पनि केही समय खोटाङ र दिङ्ला घुम्न गएका थिए । त्यस बेला उनले पृथ्वीनारायण शाहले जस्तै सेता लबेदा र सुरुवाल, कहिले लबेदा र धोती लगाई शिरमा फेटा तथा कम्मरमा तरबार भिरेका हुन्थे । वीरभद्र निकै तेज गतिको घोडामा चढेर हिँड्ने गर्दथे ।

बलभद्र अधिकारीले थानसिङ र दाप्चा विर्ता पाएको उल्लिखित यो प्रथम लेख देखिन्छ ।

श्याम अधिकारी (२०७२), "पृथ्वीनारायण शाहको एकीकरण अभियानमा दरबारमा ब्राह्मणको हालीमुहाली बढेपछि पण्डित रङ्गनाथ पौडेलका (पछि प्रधानमन्त्री) हजुरबुबा जयमङ्गल पौडेललाई गुरु बनाएर गोत्रसमेत पृथ्वीनारायण शाहले परिवर्तन गरी ब्राह्मणको हालीमुहाली समाप्त गरेपछि गोरखाका कुनै ब्राह्मणलाई युद्ध कमान्डर र भारदार राजाले दिएनन् । केवल नुवाकोट

थानसिङका ब्राह्मण ३ अधिकारीहरूमा वंशीधर अधिकारी, वीरभद्र अधिकारी र देवऋषि उपाध्याय अधिकारीलाई मात्र लिएका थिए, किनकि पृथ्वीनारायण शाह नुवाकोट दरबारमा त्यतिखेर बस्दथे । त्यहीँका इमान्दार र देशभक्त ब्राह्मणहरूले युद्ध कमान्डर बन्ने र भारदार बन्ने अवसर पाएका थिए ।"

वंशीधरका वंशमा बालागुरु षडानन्द देखिन्छन् । देवऋषि अधिकारीका सन्ततिहरू भरखरै सम्पर्कमा आएका छन् । उनका सन्ततिहरूमा हाल विराटचोक बस्ने नगेन्द्र अधिकारीसँग सम्पर्क भएको छ । यही सत्य भए वीरभद्रको हाँगोमा यस ग्रन्थको लेखक देखिन्छ । नेपाल निरुपणबाट "सुभै सेनले वि. सं. १७३५ मा दियाको कुस बेलबोट्या खेत गाउँ घ्याडिको सिवाना कालिखोलालेखि पूर्व देवसर्म लम्सालका साधदेखि पश्चिम तेर्छाबाटादेखि दखिन खकुवाखोला उत्तर एति ४ किल्लाभित्र पाखो खेत खरक – १ ।"

नेपाल निरूपणबाट (२०५५ : ३१३) : "आगे दिंलाका अम्बलमध्ये महिपति सेनले (१७५५ तिर थप गरेको) बलभद्र अधिकारीलाई कुशविर्ता दियाको धारापानी घ्याडिको सिवाना गाड्यापानी खोल्सादेखि पूर्व पध्यारादेखि पश्चिम गङ्गाभिरपहरादेखि दखिन गङ्गा लम्सालका साँधदेखि उत्तर ।" शुभसेनका छोरा हुन महिपति सेन ।

धारापानीमा झक्रेनी थुम्की तथा गाढा खोला पूर्व, तारेखोरियामुनिको डा. यादव अधिकारीको बिक्री भएको मूल घरमुनि, पं. राजेन्द्रकुमार अधिकारीको बिक्री भएको घरमाथि, सालडाँडामुनिको ठूलधारा (द्वारेको धारा) पश्चिमको मकैबारी खेत घडेरीलाई पहिलोपटक बलभद्र अधिकारीले विर्ता घडेरी रूपमा प्रयोग गरेका थिए । पहिले जयनारायणका सन्ततिहरूले (लेखकतर्फका पूर्वज) भोगचलन गरिआएकोमा पछिल्लो चरणमा स्व. नन्दिकेश्वर अधिकारीका पनाति गढीगाउँका पूर्वप्रधानपञ्च गोपाल अधिकारीले भोगचलन गर्दै आएको देखिन्छ, जहाँ चुवाको रूख छ र छेउमा घडेरी आगनको विशाल ढुङ्गामा प्रयोग भएको ढुङ्गे ओखल, परेवालाई पानी दिने ढुङ्गे डोबहरू, घरका चरहरू र प्रयोगमा चिटिएका ढुङ्गाहरू प्रमाण देख्न सकिन्छ । दिङ्ला विर्ता पनि वि. सं. १८६२ को विर्ताहरण समयमा हरण भएको थियो । मुद्दा पऱ्यो र वि. सं. १८६२ मा नै पुनरावेदनबाट फैसला भई पुनः प्राप्त भएको फैसला कागजको फोटोकपी राजेन्द्रकुमार अधिकारीसँग सुरक्षित छ भने धनकुटा अदालतले स्व. विश्वनाथ अधिकारीलाई दिएको अदालतको प्रमाणित प्रतिलिपि पनि सुरक्षित छ ।

श्याम अधिकारी (२०७२) का अनुसार बलभद्र अधिकारीका नाति वीरभद्र उपाध्याय अधिकारी पृथ्वीनारायण शाहको पालामा खजान्ची थिए । काजीपछि तेस्रो ठूलो पद खजान्ची थियो । अर्थमन्त्रीको काम खजान्चीले गर्दथ्यो । उनले पृथ्वीनारायण शाहको एकीकरण अभियानमा हतियारको बन्दोवस्त गर्ने र

पृथ्वीनारायणसँग काशी गई हतियार बनाउने मुस्लिम कालिगढ ल्याउने कार्य पनि गरेका थिए । उनी सिन्धुलीगढीभन्दा माथि पौवागढीमा अङ्ग्रेजसँग युद्ध लड्ने योजनाका आफैँ कमान्डर थिए । अर्का सैनिक नेतृत्व सिकारी वंशु गुरुङसँग मिलेर कप्तान किन्लकको नेतृत्वमा आएको २४०० हतियारधारी अङ्ग्रेज फौजका १८०० जति सैन्य ध्वस्त सन् १७६७ मा पारेका थिए । बचेका ६०० जति फौजलाई तराईसम्म पिछा गर्दै अधिकारी र गुरुङको टोलीले कुलेलम ठोकाएका थिए । वीरभद्र अधिकारी कीर्तिपुरमाथिको दोस्रो आक्रमणमा उच्च तहका कमान्डर थिए । वीरभद्र अधिकारी र वंशीधर अधिकारी पनि कीर्तिपुरको पर्खाल नाघ्ने भऱ्याङ व्यवस्थापनमा खटेका थिए । तर पृथ्वीनारायण शाहका भाइ शूरप्रताप शाहको कीर्तिपुरका जनताले आँखा फोडिदिएपछि शूरप्रताप भाग्ने क्रममा वीरभद्रको भऱ्याङ उपयोग गर्न खोज्दा अधिकारी ज्यान जोगाई भागेपछि शूरप्रताप शाहले रिसले वीरभद्रको ज्यान लिन खोजेका थिए । वंशीधर अधिकारी पनि भऱ्याङ बन्दोबस्त र अन्य रणनीतिमा वीरभद्रसँगै खटिएका थिए । वीरभद्र अधिकारीलाई मृत्युदण्ड दिँदा पृथ्वीनारायण शाहको एकीकरण अभियानमा हातहतियार बन्दोबस्त र आर्थिक कारोबार सबै चाँजोपाँजो काम चल्न अरू विश्वासपात्रबाट नसक्ने देखेर पृथ्वीनाराण शाहको इसारामा राजगुरु श्रीहर्ष मिश्रले शूरप्रताप शाहसँग दक्षिणाका रूपमा वीरभद्रको ज्यानका लागि क्षमायाचना माग गरी बचाएका थिए ।"

सेमन्तराज अधिकारी (२०६२ : १२ – १७), "वंशीधर अधिकारीका बाबुबाजेको नाम थाहा हुन सकेन । यिनीहरू कहाँबाट र कहिले हाँडिगाउँ आएर बसेका हुन् । थानसिङ बस्ने वंशजबाट यति थाहा छ कि यिनका जेठा दाजुको नाम पीताम्बर हो र वंशीधर भाइहरूमध्ये कान्छा हुन् । थानसिङ विर्ता बस्ने यिनै वंशीधर अधिकारी पृथ्वीनारायण शाहको एकीकरण अभियानमा दहचोक मुकामका सैन्य कमान्डर थिए । थानसिङ विर्ता वंशीधरले पाएको यकिनका साथ भन्न सकिँदैन, तर जुम्लाको खिड्किसैन दरामा बसोबास गर्ने अधिकारीको पूर्वतर्फ लागेको एक शाखा कास्की, लम्जुङको दुराडाँडा हुँदै पूर्व आउने क्रममा अधिकारीले नै थानसिङ् विर्ता पाएका थिए । वंशीधरले त्यहाँ झिँगटीको घर, घोडा तबेला, गाईभैंसी गोठ आदि राजसी व्यवस्था मिलाएर बसेका थिए । झिँगटीघरे भनेर चिन्दथे । तेलिया इँटाका टुक्राले बनेको घरको अवशेष र इँटाका टुक्राहरू अद्यापि चिनोका रूपमा छरिएको पाइन्छ भन्ने उल्लेख छ ।" ३-४ ठाउँमा सेमन्तराज अधिकारीले वंशीधर अधिकारीले नै थानसिङ विर्ता पाएको उल्लेख पनि गरेको देखिन्छ ।

श्याम कौडिन्य (२०७२, पं. जयदेव अधिकारी स्मृतिग्रन्थ), "बलभद्र अधिकारीका दाजु पीताम्बर अधिकारीका छोरा वंशीधर अधिकारी थिए ।"

वंशीधरका ६ सन्तानमध्ये जेठा छोरा टीकाराम हुँदै बालागुरु षडानन्द देखिन्छन् । यस लेखमा बलभद्रका दाजु पीताम्बर अधिकारी भनिएको छ । तसर्थ यो प्रथम लेख देखिन्छ ।

दिङ्ला तथा खोटाङका अधिकारीहरूको वंशावली सङ्कलनकर्तामध्येका खोटाङ रातमाटा विर्ता बस्ने मधुसूदन अधिकारीका छोरा विराटनगरनिवासी राजेन्द्र अधिकारी तथा जयदेव अधिकारीका छोरा राजेन्द्र विरही अधिकारीका अनुसार बलभद्र अधिकारीका आफूसहित ८ दाजुभाइ रहेका देखिन्छन् । ८ भाइमध्ये को जेठो, को माइलो, को साइलो आदि छुट्याउन गाह्रो छ । कान्छा बलभद्र र काइला पीताम्बर अधिकारी हुन् । पीताम्बर अधिकारी र दाजुभाइका सन्ततिबीचको लेनदेनको पुरानो लिखत भेटिएको छ । पीताम्बर अधिकारीका छोरा वंशीधर अधिकारी र टीकाराम अधिकारी हुँदै बालागुरु षडानन्द रहेको देखिन्छ ।

यसको विश्लेषण गर्दा एकीकरण कालमा वीरभद्र अधिकारी र भतिजा वंशीधर अधिकारी सँगै देखिन्छन् । तसर्थ उनीहरू समकालीन देखिन्छन् र नेपाल एकीकरण अभियानमा पनि उनीहरूको प्रत्यक्ष वा अप्रत्यक्ष योगदान रहेको देखिन्छ ।

सेमन्तराज अधिकारी (२०६२), "वंशीधर अधिकारीका बाबुबाजेको नाम थाहा हुन सकेन । उनका २ श्रीमतीहरू थिए । यिनका जेठादाजुको नाम पीताम्बर अधिकारी हो । दाजुभाइमध्ये कान्छा वंशीधर अधिकारी हुन् । वंशीधरले थानसिङमा शिवजीको मूर्ति स्थापना र मन्दिर निर्माण गरी गुठी जग्गाको समेत व्यवस्था गरेका थिए । वंशीधरले नित्य पूजाआजाका लागि एक साधुलाई पनि बस्ने व्यवस्था गरेका थिए । वंशीधरका अन्तिम दिनतिर साधुले अचानक क्रोधित भई तिम्रो विर्ता, श्रीसम्पत्ति र सम्पूर्ण वैभव नाश होस् भन्ने श्राप दिए । तिम्रा छोरा नाति र सन्तति जोजति छन् ती सबै यसै ठाउँबाट बिलाएर नजाऊन् । तिम्रा सन्तानले यो ठाउँ परित्याग गर्नुपरोस् भनिएको श्रुति छ । यसै हाराहारीमा वि. सं. १८६२ मा रणबहादुर शाहबाट विर्ताहरण भएको देखिन्छ । धनसम्पत्ति र वैभव सकिँदै गयो र थानसिङको तल वायुचौरमा घर भत्काई लगेर अर्को घर बनाए । कान्छी पत्नीको पनि मृत्यु भयो । वंशीधर रोगले ग्रस्त भए । सबै थोक सिद्धिएपछि वंशीधरको मृत्यु भयो । तादी र लिखुखोला दोभानमा उनको चिता जलाइयो र जेठी पत्नी सती गइन् । त्यस ठाउँलाई सतीघाट भनिन्छ ।"

सेमन्तराज अधिकारी (२०६२) सती जाँदा वंशीधरको जेठी पत्नीले केही श्राप दिएकी थिइन् रे – "थानसिङका अधिकारीका सन्ततिले जसलाई काखी च्यापी भलो गर्छन् त्यसैले कुभलो चिताउँछ, सुखसयल सबै लुटिदिन्छ र विपत्ति भरिदिन्छ । हाम्रा विर्तावालका सन्ततिहरू कसैले यो ठाउँमा बस्नु नपरोस् ।

पुर्खाको भूमि भनेर फर्केर पनि आउनु नपरोस् ।" बाबुआमा परलोक भएपछि वंशीधरका जेठा छोरा टीकाराम र भाइहरू पूर्व लागे । कोही ताप्लेजुङ पुगे, अरू कताकता । टीकारामका कान्छी पत्नीका माइला छोरा निकै चतुर रहेको र वंशीधरको वैभव अलिअलि थाहा पाएको हुनाले अधिकारी बढावा र काकाका सन्तानहरूको खोजीमा निस्के । सर्वप्रथम घुम्दै घुम्दै खोटाङ रातामाटा विर्ता आइपुगे । दाजुभाइले सोधखोज गर्न नमानेर सहयोग नपाएपछि अर्को विर्ता खोज्दै दिङ्ला आइपुगे । दिङ्लाका अधिकारीले पनि सहयोग नगरेपछि जामुने पुगे । सरकारले जागिर खानेलाई १ वर्षको तलब एउटा खेतको अन्न दिन्थे । त्यस्ता जग्गा कमाउनेलाई ठेकेदार (द्वारे) भनिन्थ्यो । द्वारेसँग जग्गा कमाउन मागेर जामुनेमा बस्न थाले । अर्को वर्ष अर्को कर्मचारी सरुवा भएर आए पनि ठेकेदार (द्वारे) चाहिँ एउटै व्यक्ति हुन्थे ।"

भारदारका सन्तति भए पनि गरिबीका कारण पीडा र व्यथा बालागुरु षडानन्दको पालासम्म रहेको देखिन्छ । खानलाउन नै समस्या भएको अवस्था थियो । यही पारिवारिक घटना-दुर्घटनाको कारण जानकारी भई कतै आत्माको कुनामा बालागुरुलाई बिझाइरहेको थियो कि ? वंशीधरकी श्रीमती सती जान बाध्य बनेको देखिन्छ । सती जाँदा श्राप दिएको पनि देखिन्छ । त्यसैले पनि बालागुरुले सतीप्रथाविरुद्ध कडा प्रहार गरेको हुन सक्दछ । जिन्दगीभर द्वारेले दिएका र अरूका जग्गा बनी गरेर (दास बनेर वा मजदुरी गरेर) खानुपर्ने पुर्खाको पीडा देखेर दासप्रथाविरुद्ध बालागुरुले जरैदेखि प्रहार गरेको देखिन्छ । वंशीधरका पालामा साधुले दिएको श्राप लागेकाले षडानन्द स्वयम् साधुबाटै श्रापमुक्त गराई पं. जयधर्म अधिकारी, पं. बद्रीनारायण, पं. शिवप्रसाददेखि आज डा. ठाकुर, डा. हेमाङ्गराज अधिकारी आदिसम्म सम्मानित र आदरणीय बनेको देखिन्छ । राजाले दिएको थानसिङ विर्ता राजाबाटै खोसिएपछि गुमेको पुर्ख्यौली वैभव बालागुरु षडानन्दले फिर्ता गरी २१ कुलका पितृको उद्धार गरेको देखिन्छ ।

यहाँ स्मरणीय र नरमाइलो पक्ष के भने खोटाङ रातमाटाका अधिकारीले पनि विर्ता बालागुरुका पूर्वज राजीवलोचन अधिकारीलाई दिएनन् । दिङ्लाका अधिकारीले पनि विर्ता दिएनन् । अधिकारी भनेर त शरण माग्न आए, तर अधिकारी हुन् कि होइनन्, द्विविधा पो भयो कि ? अरू के-के कुराकानी भए, वास्तविकता के भएको थियो, स्पष्ट जानकारी छैन । अनि आजसम्म पनि बालागुरु र यी २ विर्ताका अधिकारीसँग हाँगो स्पष्ट जोडिन सकेको पनि छैन । हाँगो नजोडिएको कारण अधिकारीहरूले विर्ता दिएनन् भन्ने अनुमान गर्न सकिन्छ, किनकि विर्ता त दाजुभाइलाई मात्र बाँडिन्छ । विर्ता नदिए पनि मानवीय सहयोग गरेको मात्र भए पनि उत्तम हुने थियो । विर्ता नै दिएको भए त अति उत्तम हुने थियो । आखिर उनीहरू पनि अधिकारी बन्धुहरू नै भएको देखिन्छ ।

गुरु पं. जयदेव अधिकारी ग्रन्थ (२०७२ : १०) का अनुसार बलभद्रका सन्तानमध्ये २ जनातिहरूमा जयनारायण अधिकारीले खोटाङ रातामाटामा तथा चक्रपाणि अधिकारीले दिङ्लातर्फ घरजम गरेको देखिन्छ । जयनारायणका सन्ततिमा जनाति पं. जयदेव अधिकारीले वि. सं. १९९८ देखि वि. सं. २०२७ सम्म गोगने पाठशाला भोजपुरमा अध्यापन गरेको देखिन्छ ।

पं. जयदेव अधिकारीको पुर्ख्यौली थलो पनि खोटाङ नै हो । उनी दिङ्ला कहिल्यै आएनन् तर दिङ्लामा उनीहरूलाई पनि विर्ता भाग लगाइएको थियो । जयनारायणका सन्ततिमा हाल विराटनगरमा रहने खोटाङे अधिकारीहरू तथा दिङलातर्फका पं. राजेन्द्रकुमार अधिकारी (हाल विराटचोक, पाँचौं पुस्ताका) लगायत अधिकारीहरू देखिन्छन् । जयनारायणका सन्ततिहरू दिङ्ला बस्नेले पनि खोटाङमा पनि विर्ता पाएका थिए र खोटाङमा बस्नेले दिङ्लामा पनि विर्ता पाएका थिए । अर्थात् अंश दुवैतिर बाँडेर लिएका थिए । दिङलातर्फ चक्रपाणि अधिकारीका हाँगाहरूमा प्रायः सबै नाम चलेका पण्डितहरू देखिन्छन् । पं. तुलसीराम, पं. वासुदेव, पं. नन्दिकेश्वर, पं. लक्ष्मीभक्त, पं. शिवप्रसाद, प्रा. डा.नन्दीश, पं. दुर्गाप्रसाद, प्रा. पीताम्बर, डा. यादव आदि ।

त्यसैले सरसर्ती हेर्दा बलभद्रका अधिकारीको सन्तति हुँदै जयनारायणको सन्तति हाँगामा यस पुस्तकको लेखक तथा बलभद्रका भाइ पीताम्बर अधिकारी हुँदै वंशीधरको सन्तति हाँगामा बालागुरु षडानन्द रहेको देखिन्छ । बालागुरुका सन्तति हाँगातर्फमा भने डा. हेमाङ्गराज, कविराज दीनराज, पं. सेमन्तराज, हेमराज शर्मा, पं. षडराज (खाँदबारी), पूर्वराजदूत तथा पूर्वसचिव मुरारिराज शर्मा, पं. माधव, डा. ठाकुरराज आदि देखिन्छन् । थानसिङका बालागुरुका पूर्वज, खोटाङ तथा धारापानीका अधिकारी वंशजहरूको थप अनुसन्धान गर्न अझै आवश्यक देखिन्छ ।

## बालागुरुमा भएका चक्रहरू चिन्तन र व्यक्तित्व सम्बन्धमा :

प्रा. डा. दुर्गाप्रसाद दवाडी (२०७३ : १४९) ले महाकवि भारविको 'किरातार्जुनीयम्' महाकाव्यको दास्रो सर्गमा उल्लेख भएको प्रसङ्ग यस्तो छ :

विषमोऽपि निगाह्याते नयःकृततीर्थः पयसामिवाशयः ।
स तु तत्र शिर्ष दुर्लभः सदुपन्यस्यति कृत्यवर्त्म यः ॥

"ठूलो र गहिरो तीर्थ वा पोखरीमा सिँढी लगाउने मानिस दुर्लभ हुन्छ जसको कारण अरूले पनि तीर्थ गर्न पाउँछन् । नत्र तीर्थको महत्त्व के ? निरङ्कुश राणाकालीन र शिक्षाविरोधी कालमा पनि संस्कृत पाठशाला खोली नेपालको शैक्षिक इतिहासमा सिँढी लगाउने दुर्लभ कार्य गरेको पाइन्छ । त्यसको अनुकरण गरेर नै राजधानी काठमाडौंमा वि. सं. २००९ सालमा राजकीय

संस्कृत महाविद्यालयको स्थापना भयो । पथिकहरूको विश्रामका लागि पाटी, पौवा, फलैँचा, चौतारो, धर्मशाला आदिले पूर्वी नेपालमै पुनर्जागरणको लहर चल्न पुग्यो । उनी एक कर्मयोगी र सिद्ध योगी थिए ।"

बालागुरु षट्चक्रचिन्तक थिए भनी पुस्तकहरूमा उल्लेख छ । गरुडपुराणमा षट्चक्रलाई यसरी उल्लेख गरिएको छ :

मूलाधारः स्वधिष्ठानं मणिपुरक मेवच ।
अनाहातं विशुद्धाख्यमाज्ञा षट्चक्रमुच्यते ॥

(सारोद्धार, १५।१७)

प्रा. डा. दवाडीको र अन्य लेखहरू विश्लेषण गर्दा आजभोलि रेकी गर्दा ७ चक्र खुलाउने अथवा Third Eye (आज्ञाचक्र, निधारको चक्र) खुलाउने भनी ध्यान वा योग गरेको देखिन्छ । बालागुरुको Third Eye खुलेको तथा अन्य मूलाधार, स्वाधिष्ठान आदि ७ चक्रसमेत खुलेको हुनाले सिद्ध पुरुष थिए भनी सामान्य मानिसले पनि भन्न सक्छ । चक्रहरू खुलेका कारण रुमाल ओछ्याएर अरुण नदी तर्ने, असिनापानी रोक्ने र वाक्सिद्धि आदि सिद्धिहरू प्राप्त युगपुरुष कर्मद्वारा बनेको देखिन्छ ।

विराटनगरका पं. कृष्णप्रसाद गुरागाईंका अनुसार बालागुरुका ३ सिद्धिहरू गायत्रीमाताको पुरश्चरणसिद्धि, अष्टाङ्योग साधनासिद्धि र कर्मयोगसिद्धि (कर्म-विद्या) देखिन्छन् । उनमा कुम्भक तथा हठयोगको पनि पूर्ण सिद्धि देखिन्छ ।

प्रा. भवानीप्रसाद खतिवडा (२०७३ : १६४) का अनुसार बालागुरु षडानन्दले षट्चक्र चिन्तन एवम् योगसाधनाबाटै सिद्धि र शक्ति प्राप्त गरेका थिए । योगको महत्त्व वेदान्तमा, बौद्ध त्रिपिटकमा, तन्त्रपद्धतिमा छ । गोरखनाथको नाथ सम्प्रदायलाई 'योगी' सम्प्रदाय भनेरै पुकारिन्छ । योगशास्त्रका २ विद्याहरू छन् योग र साङ्ख्ययोग । अर्को शब्दमा सेश्वर योग र निरीश्वर योग । साङ्ख्ययोगका वक्ता महर्षि कपिल हुन् भने योगका ज्ञाता वा प्रवर्तक हिरण्यगर्भ (ब्रह्माजी) हुनुहुन्छ । पतञ्जलि प्रचारक मात्र हुन् र योगको अनुशासन मात्र गरेका हुन् ।

साङ्ख्यस्य वक्ता कपिलः परमर्षिःस उच्यते ।
हिरण्य गर्भो यागस्य वेत्ता नान्यः पुरातन ॥

(महाभारत शान्तिपर्व ३४९।६५)

तसर्थ बालागुरु षडानन्द योगसाधना र सिद्धिबाट कर्मयोगी, समाज सुधारक र शैक्षिक सुधारक बन्न सफल भएका थिए भनी विश्लेषण सकिन्छ ।

विदुरप्रसाद पौडेल (२०७३ : १७३), "म वि. सं. २०२२ सालमा जनकपुर ज्ञानकूपबाट प्रतिनिधि कोटामा काठमाडौँमा आई संस्कृत छात्रवासमा पढ्न थालेँ । त्यस बेलाका प्रसिद्ध विद्वान् पद्मप्रसाद भट्टराईसँग छात्र भई पढ्दा उनले

षडानन्द ब्रह्मचारीलाई गायत्री अनुष्ठानमा टेकुमा बसेको देखेको उल्लेख गर्नुभयो । त्यस आधारमा भन्नुपर्दा उनले मन्त्रयोग गरेको हुनुपर्दछ । तर षडानन्द अधिकारीको कुन सिद्धि हो ? त्यो उनले मात्र बताउन सक्थे होलान् किनकि सिद्धिहरू धेरै प्रकारका देखिन्छन् ।"

डा. स्थिरप्रसाद पराजुली (२०७३ : २७०) का अनुसार वि. सं. २०२८ सालतिर त्रि. वि. का सहपाठी नरेन्द्रराज पौडेल एम. ए. मा नेपाली पढ्न जाने क्रममा पण्डितराज सोमनाथ सिग्देलकहाँ पुग्दा सिग्देलले भनेको प्रसङ्ग उल्लेख छ : "हामी १२-१५ वर्षका थियौँ । आबाल ब्रह्मचारी गुरु पचलीघाटको सत्तलमा बस्तथे । हामी घुम्दै गएको समयमा उनले नित्यकर्म सकेपछि पेडा, मिश्री, लड्डु, नरिवल आदि प्रसाद वितरण हुन्थ्यो । हामी गुरु भएको स्थानमा बारम्बार जान्थ्यौँ । प्रसाद र उपदेशका कुरा सुन्न पाउँथ्यौँ । उनलाई भेटेर जिज्ञासा राख्दा सम्झाई-सम्झाई उपदेश दिएको स्मरण छ । त्यसैले त्यहाँ जाँदा हामीलाई साह्रै रमाइलो लाग्थ्यो ।"

पूर्वशिक्षक विनोदकुमार चापागाईंका अनुसार श्री १०८ आबाल ब्रह्मचारी षडानन्द अधिकारी गायत्रीमाताका उपासक, त्रिकालदर्शी, अद्भुतकर्मी, सनातन धर्मका समाजसुधारक र शिक्षाका ज्योतिका रूपमा नेपाली मनमस्तिष्कमा भएर पनि हालसम्म विभिन्न कालखण्डका सरकारहरूबाट ओझेलमा परेको हुँदा राष्ट्रिय विभूति घोषणा हुनु आवश्यक छ ।

●

# खण्ड दुई
# भौतिक निर्माण तथा जग्गा व्यवस्थापन

## निर्माणको पृष्ठभूमि :

मोदनाथ प्रश्रित (२०७३ : ३८१) का अनुसार षडानन्दको पालामा राणा सरकारले न विद्यालय खोल्न सहयोग गर्न सक्ने अवस्था थियो न त धनाढ्यले काँध थाप्ने अवस्था थियो । थाहा मात्र पाए प्राणदण्ड मिल्दथ्यो । त्यस्तो विषम परिस्थितिमा पनि विद्यालय खोली छात्रवृत्ति दिनु, पुस्तकालयको व्यवस्था गर्नु, शिक्षकलाई तलबभत्ता दिनु, कर्मचारी र कामदार व्यवस्थापन गर्नु, चाडपर्व, मेलापात र हटिया आदि व्यवस्थापन गर्नु, सतीप्रथा र दासप्रथा अन्त्य गर्ने प्रयास गर्नु, १७५३ रोपनी जग्गा स्थायी गुठीका लागि व्यवस्थापन गर्ने ठूलो र बलियो सोच जन्मनु आदि अति महान् कार्यहरू र अद्‌भुत क्षमता भएका युगपुरुषको कार्य थियो ।

खेमराज गौतम (२०५९ : ६० – ६५) का अनुसार वि. सं. १९२८ को अन्त्यदेखि नै दिङ्ला बजारस्थित चामुनारायण (कतै चाँगुनारायण लेखिएको) सत्तलमा बसेर बालागुरुले भाइभतिजा लगायत आसपासका विद्यार्थीहरू सङ्कलन गरेर पढाउन सुरु गरेको देखिन्छ । भेट्न आउने श्रद्धालुहरूलाई धर्मकर्मका कथा र प्रवचनहरू सुनाउने तथा मनाउने तरिका सरसल्लाह दिएको पाइन्छ । चिनाटिपन बनाइदिने, ज्योतिष हेरिदिने, झारफुक मन्त्रविधिले उपचार गरिदिने, आयुर्वेद विधिले उपचार गरिदिने र मनोविज्ञान बुझेर बिरामीहरू निको पारी पठाउने, आर्जे हेरिदिने, कर्मकाण्ड गर्न-गराउन सल्लाह दिने गरेको देखिन्छ । कैयौँ वर्षदेखि कुँजिएर रहेका बिरामीसमेत उपचार पाई निको भएका थिए ।

यसबाट विश्लेषण गर्न सकिन्छ कि तत्कालीन १५० वर्षअघिको समाजमा नेपाल अधिराज्यभर कतै पनि कुनै औपचारिक अस्पताल थिएनन् भने दिङ्ला र अरुण उपत्यकामा त आकाशको फल । तसर्थ अरुण उपत्यकामा बालागुरुको ख्याति र प्रसिद्धि शिक्षाका गुरुका रूपमा मात्र नभई वैद्यका रूपमा पनि फैलिएको थियो भन्दा अत्युक्ति हुँदैन । आजको आयुर्वेदिक पद्धति, झारफुक पद्धति, जडिबुटी पद्धति, रेकी हिलिङ पद्धति, मनोउपचारात्मक पद्धति, प्राकृतिक उपचार पद्धति आदि पद्धतिसँग समानान्तर उपचारविधि प्रयोग भएका थिए ।

वि. सं. १९२८ मा विद्यार्थी पढाएको आरोपमा श्री ३ जङ्गबहादुरको आदेशमा बालागुरुलाई गिरफ्तार गरेपछि विद्यालय स्थापनाका लागि अनुमति लिन काठमाडौँ गएको देखिन्छ । त्यहाँबाट २ वर्ष भारतका चारधाम तथा अन्य

धामहरूको तीर्थयात्रा तथा अध्ययन यात्रामा समय खर्च भएको थियो । तसर्थ ४ धामहरू र अन्य तीर्थस्थलको स्वाद दिङ्लामा चखाउने योजना अनुरूप विश्वनाथ बाबा धामजस्तै, हरिहर क्षेत्रका जस्ता मूर्ति र मन्दिर स्थापना भई जनकपुरको रामनवमी तथा काठमाडौँको बालाचतुर्दशी र शिवरात्रीजस्ता पर्वको सुरुवात दिङ्लाबाट गरेको देखिन्छ । तत्पश्चात् वि. सं. १९३१ मा दिङ्ला आगमनसँगै भौतिक निर्माण, अध्यापन, प्रवचन, हाट, पर्व, मेला तथा अनगन्ती योजनाहरू बनाई मूर्त रूप दिन कार्यान्वयनमा अहोरात्र खटेको देखिन्छ ।

## सीताराम मन्दिर नै दिङ्लामा स्थापना किन ? :

प्रा. डा. विष्णुराज आत्रेय (२०७३ : ४१६) का अनुसार सीताराम मन्दिर दिङ्लामा स्थापना किन ? भन्ने प्रसङ्गमा "वाराणसी मुमुक्षु धाममा वैरागी सन्त अखडाबीचमा सीतारामको मन्दिर रहेको छ । बालागुरुलाई सपनामा श्रीरामले तिरहुत अध्ययन गर्न जाऊ भनेर एक खुकुरी दिएको र पछि ब्रह्मज्ञान अध्ययन सफल पनि भएको देखिन्छ । पचलीभैरव घाटमा तपस्या गर्दा पनि हनुमानले फलफूल ल्याइदिने र सँगै बास बस्ने गरेको देखिन्छ । त्यही कारण दिङ्लामा सीताराम मन्दिर र हनुमानको स्थापना भएको अनुमान गर्न सकिन्छ । उक्त असीघाटको सीताराम मन्दिरमा सन्त तुलसीदासले भगवान् रामको दर्शन पाउनुभएको तथा देहत्यागसमेत त्यहीँ गर्नुभएको थियो, जहाँ तुलसीदासले स्थापना गरेको मन्दिर र हनुमान सङ्कटमोचन मन्दिर आज पनि छ ।"

*संवत् सोलह असी असी गडेको तीर ।*
*श्रावण शुक्ला सप्तमी तुलसी तज्यो शरीर ॥*

असीघाट वाराणसीको गङ्गा नदी किनारमा दिङ्लाको पाठशालाको भन्दा पछि र बालागुरुको मृत्युपछि सन् १९१६ मा सन्त मदनमोहन मालवीयले काशी हिन्दू विश्वविद्यालय स्थापना गर्नुभएको थियो, जुन हाल विश्वभर प्रख्यात छ । यस विश्वविद्यालयको मूल उद्देश्य धर्मसंस्कृतिको जगेर्ना गर्नु थियो । तर षडानन्द पाठशालालाई विश्वविद्यालय बनाउनमा दिङ्ला, सम्पूर्ण अरुण उपत्यका र नेपाल राष्ट्र चुकेको छ । तथापि त्यो १% भन्दा पनि कम वा शून्य बराबर साक्षरता भएको तत्कालीन समाजमा र समग्र नेपालमा शिक्षाको ज्योति बाल्ने बालागुरु षडानन कुमार कार्तिकेयजस्तै थिए भनी विश्लेषण गर्न सकिन्छ ।

## अन्य भौतिक व्यवस्थापन :

बालागुरु षडानन्दको नेतृत्वमा भएका अन्य भौतिक व्यवस्थापन, पाठशाला र मठमन्दिर व्यवस्थापन लगायत जग्गा व्यवस्थापन तपसिलका मितिमा भएको प्रमाण (षडानन्द संरक्षण आश्रम समाज, २०७२) भेटिन्छ :

१. वि. सं. १९२८ पौष ४ गते आइतबार - दिङ्ला साल्मा बस्ने कुशीयार शिवलाल पोखेलको घरमा पुराणवाचन गरी दिएर भूमिदान गरेर दिएको साल्मा ब्याँसी बिरौटो खेत २५ मुरी देखिन्छ । पोखरेलको घरमा अध्यात्म रामायण, काशीरहस्य (माहात्म्य) श्रवण गरेको कुरा प्राज्ञ ज्ञानमणि नेपालको लेखमा देखिन्छ ।
२. वि. सं. १९३१ मा राम, सीता, लक्ष्मण र हनुमानको मूर्ति हरिद्वारमा अर्डर भएको थियो । उक्त मूर्तिहरू उज्जैनमा बनेका थिए । प्रसङ्गमा बालागुरु षडानन्द अधिकारीका पूर्वजहरू पनि भारतको मालवा प्रदेशको उज्जैन नगरी र छिप्रा नदीबाट कान्यकुब्ज हुँदै नेपालको जुम्ला जिल्लाको खिड्किसैन भई पूर्वतर्फ लागेका र दिङ्लासम्म आइपुगेको दिङ्लाका अधिकारीहरूको वंशावलीमा उल्लेख भएको देखिन्छ ।
३. सर्वप्रथम वि. सं. १९३२ मा नेपालमा प्रथमपटक साप्ताहिक शनिबारे हटिया दिङ्लामा सुरु भयो ।
४. वि. सं. १९३२ को सुरुबाटै पाठशाला भवन कैलाशडाँडामा निर्माण सम्पन्न भएपछि वि. सं. १९३२ को चैत्र रामनवमी सोमबारका दिन विद्यालय स्थापना गरियो । औपचारिक रूपमा यज्ञ सम्पन्न गरी कैलाशडाँडामा सुरुवात भएको देखिन्छ ।

गुरुकुल पाठशाला श्री ३ को मौखिक अनुमति अर्थात् ठाडो आदेशमा खोलिएको देखिन्छ । तत्कालीन जनस्तरको (हालको स्थानीय नगरपालिका/गाउँपालिकाजस्तै) प्रयासबाट सुरुवात गरे तापनि 'वि. सं. १९३६ को अनुमति औपचारिक र लिखित अनुमति थियो' भनी स्वामी प्रपन्नाचार्यले उल्लेख गर्नुभएको छ । तसर्थ विद्यालय औपचारिक रूपले कहिले स्थापना भयो भनी प्रश्न गर्नुभन्दा श्री ३ प्रधानमन्त्री जङ्गबहादुरको मौखिक अनुमति आदेश नै राणाकालीन समयको औपचारिक कानुन वा लिखित प्रमाण हो भन्ने बुझ्नु जरुरी छ । तर गुरुकुल पाठशाला मात्र नभई पाठशालाको धारतर्फ मात्र छुट्टै अनुमति भने वि. सं. १९५५ मा सरकारी लिखतसहित औपचारिक रूपमा प्राप्त गरेको देखिन्छ ।

दिङ्ला र अरुण उपत्यकाको (भोजपुर, सङ्खुवासभा, धनकुटाको उत्तर क्षेत्र, सोलुखुम्बु र खोटाङका केही गाउँ तत्कालीन सेवाक्षेत्रका आधारमा) शैक्षिक, सामाजिक, आध्यात्मिक, धार्मिक, पर्यटन, व्यापारिक, आर्थिक, पूर्वाधार विकास तथा अन्य विकासमा अघि बढेको थियो, जसबाट अरुण उपत्यकामा मात्र जागरण र पुनर्जागरण नआई पाठशालामा अध्ययन गरी उत्पादित व्यक्तिबाट पूर्वी नेपालदेखि पश्चिम नेपालसम्म जागरण आएको थियो । नेपालबाहिर भारतको सिलिगुढी, दार्जिलिङ, सिक्किम, आसाम,

भुटान र म्यानमारसम्मका शिष्यले आ-आफ्नो क्षेत्रमा फर्किएर दिङ्लाको विकास Model उक्त क्षेत्रमा सुरुवात गरेका थिए भन्ने प्रमाण पाइन्छन् ।

५. डा. कार्की (२०६८) र हेमराज शर्मा अधिकारी (२०७५) का अनुसार पाठशाला दिङ्लामा औपचारिक रूपमा खोल्न भनी चामुनारायण सत्तलमा अरुण उपत्यकाका भद्रभलादमीको भेला बसेको थियो । उक्त सत्तलमा दिङ्लामा आएदेखि नै बालागुरु नै बस्दै आएको देखिन्छ। भेलामा उपस्थित रामनाथ अधिकारी, नन्दप्रसाद अधिकारी, रविलाल अधिकारी, जीवनाथ चापागाईं, बलभद्र बस्नेत, जमानसिंह बस्नेत, दण्डपाणि अधिकारी, यज्ञनिधि चापागाईं, नन्दिकेश्वर अधिकारी, नन्दिकेश्वर गौतम, रविलाल गौतम, अच्युतानन्द गौतम, मुक्तिनाथ गौतम आदि रहेका थिए । उक्त बैठकमा सङ्खुवासभा माल्टाका विश्वनाथ खँदाल, खाँदबारीका कुवेर खँदाल, चेवाका पदमबहादुर चौहान र भारतको आसामबाट चौमासा पुराणवाचन गरिदिनुहुन भनी निमन्त्रणा लिएर १५-२० दिनको पैदल बाटो हिँडेर दिङ्ला पुग्नुभएका सरदार रायबहादुरले पठाएका प्रतिनिधि कार्की थरका मानिस थिए । मन्दिर निर्माण तथा पाठशाला निर्माण विषयमा छलफल भएको थियो ।

६. वि. सं. १९३२ चैत्र रामनवमीमा कैलाशडाँडामा यज्ञादि सम्पन्न गरी गुरुकुल पाठशाला उद्घाटन र त्यहीँबाटै पढाइ सुरुवात भयो । रामनवमी मेला सुरुवात । सीताराम मन्दिर निर्माण । राम, सीता, लक्ष्मण र हनुमानको उज्जैनमा निर्माण गरिएका सिङ्गमर्मर तथा बहुमूल्य पत्थरजडित मूर्तिहरू स्थापना । स्व. दाजु नर्मदानन्द र दिदी नर्मदाको स्मरणमा नर्मदेश्वर महादेव स्थापना । ढुङ्गाका केही शिवलिङ्गहरू, ढुङ्गे स्तम्भ र अन्य ढुङ्गे संरचना निर्माण र स्थापना भएका थिए ।

७. वि. सं. १९३२-३३ मा बालाचतुर्दशी मेला सुरुवात भयो । कैलाशडाँडा वरिपरि मात्र रथयात्रा परिक्रमा सुरुवात । शतबीज छर्ने महोत्सवका दिन नर्मदेश्वर महादेव स्थान कैलाशडाँडामा साधु, सन्त, गरिब, श्रद्धालु र दर्शनार्थी श्रद्धालुहरूलाई दही, चिउरा, केरा तथा सख्खर खुवाउने काठमाडौँ पशुपतिनाथमा जस्तै चलन दिङ्लामा सुरुवात । विशेषतः मातापिताको बरखी बारी सेतो लुगा लगाउनेले दही-चिउरा वितरण गर्दथे र आज पनि चलेको नै छ । विभिन्न जात र धर्मका दलितहरू पनि सामेल भई दही-चिउरा खाएपश्चात् बालन, सँगिनी, भजन, कीर्तन गाउने र पूजाआजा गर्ने चलन सुरुवात भएको बुझिन्छ । नवराज जमरकट्टेल (२०७६) का अनुसार बालन खेल्ने चलन नेपालमा दिङ्लाबाटै प्रथमपटक औपचारिक रूपमा बालागुरु षडानन्दले गर्नुभयो । यसभन्दा अगाडि बालुन लव र

कुशलाई सिकाएको धनुर्विद्यामा देखिन्छ । वाल्मीकि रामायणमा लेखिएको बालन औपचारिक रूपमा त्यसअघि नेपालमा खेलिएको प्रमाण भेटिँदैन । भारतको आसाम, सिलिगुढी, जलपाइगुढी आदिमा दिङ्लाबाटै बालन खेल्ने चलन विस्तार भयो । विष्णु प्रभात (प्रज्ञा संस्कृतिकोश, २०७४ : ३०४) का अनुसार आर्यसंस्कृतिमा श्रीकृष्णको बाललीला कथा बनाई गाउने, नाच्ने, भजनकीर्तन र लीला अभिनय गर्ने गीतिलोकनाटक बालन हो ।

८. वि. सं. १९३३ जेठ ४ गते शुक्रबार साल्मा कुशविर्ता बस्ने शिवलाल पोखेलले श्रीविष्णुप्रीतये गरी बालागुरुलाई साल्मा घरघडेरी र बिरौटो खेत भूमिदान गरेको पत्र देखिन्छ

९. वि. सं. १९३३ - १९३६ - दिङ्लामा वि. सं. १९३४ जङ्गीअड्डा स्थापनासँगै किरातकालीन टुँडिखेल विस्तार गरियो । कालीपल्टनले परेड खेल्ने चलनको सुरुवात भयो । जङ्गीअड्डा भवन स्थापना भयो । त्यो बेला थुमदिङ्ला हेर्ने गरी १०० जनाको पल्टन स्थापना भएको थियो । जेलघर स्थापना, सिपाही आवासगृह स्थापना, आर्मीबाट कोतखाना स्थापना, कालीमन्दिर स्थापना, टुँडिखेलमुन्तिर बारुदखाना स्थापना, कम्पनीकुवा स्थापना, आर्मीका लुगाहरू धुनका लागि धोबी राख्ने चलन भएकाले धोबीधारा स्थापना र भीमसेनस्थान पनि स्थापना भएका थिए । टुँडिखेलका डिलमा वर, पीपल, लाँकुरी, रुद्राक्ष, समी आदि छहारीदार बृक्षरोपण भयो । जङ्गीअड्डाका लागि २७ रोपनीभन्दा बढी जग्गाको व्यवस्थापन भयो । देउरालीबाट दिङलाबजार जाँदा बाटोमाथिको २२ रोपनी र बारुदथानको ५ रोपनी जग्गा हाल नेपाल प्रहरीमा हस्तान्तरण भई प्रयोग भएका जग्गाहरू थिए । सैनिक तालिममा सुटिङ गर्न (तारो हान्न) गढीगाउँ गैरीचौरको पुछारको वर्तमान हेमन्तराज गुरागाईंको घरमुनिको तारेपाटा बारीबाट गाँढाखोलापारि सिमधारोखेत पूर्व-उत्तरतर्फको धारापानी अधिकारीहरूको विर्ता सिरानको डाँडो तारेखोरिया नामकरण गरी माथिल्लो भीरमा तारो हान्ने (Shooting training) जग्गा व्यवस्थापन गरियो । आजभोलि पनि २-४ वर्षको अन्तरालमा भोजपुर जङ्गीअड्डाबाट आएर तारो हान्ने चलन छ । डा. जगमान गुरुङका अन्तर्वार्ताहरू (युट्युबबाट) विश्लेषण गर्दा आर्मीहरूबाट सत्ययुगीन (ढुङ्गेयुगमा) काठमाडौँ उपत्यकामा बसोवास गर्ने पिशाच जातिले नयाँ वर्षको दिन २ समूहबीच ढुङ्गा हान्ने संस्कृतिको निरन्तरताको स्वरूप चैत्र महिनामा मनाइने घोडेजात्राको चलन सुरुवात भयो । दिङ्लामा पनि वि. सं. १९३४ मा जङ्गीअड्डा स्थापनासँगै घोडेजात्रा सुरुवात भएको देखिन्छ । शिवरात्री मेलाको सुरुवात भयो । औपचारिक कार्यक्रममा झाँकी देखाउने चलन सुरुवात भयो । औपचारिक कार्यक्रममा धामीनृत्य, झाँकी,

लामा स्वस्तिवाचन तथा सङ्गीत, मारुनी नृत्य आदि सुरुवात भए । गाउँघरमा मेलापर्वमा मनाइने जातविशेषका चण्डीनाच, बालन, सँगिनी, हाक्पारे, दोहोरी, मारुनी आदि सुरु भए । नेपालमा असुर संस्कृतिका रूपमा उपत्यकाका ज्यापूले (नेवार जाति) मनाउने लाखेनाच, मगरहरूको मारुनी नृत्य आदि औपचारिक समारोह, कार्यक्रम र महोत्सवहरूमा समेत सामेल हुन थाले । लुकेर रहेका हाक्पारे, लोकदोहोरी, गोठाले गीत, असारे गीत, दाइँ खलियो गीत र अन्य सङ्गीत जस्ता विलीन हुन लागेका प्रतिभा र पहिचानहरू औपचारिकतामा प्रवेश गरी जुर्मुराए । अरुण उपत्यकामा प्रतिभा जागरणको युगको सुरुवात भयो, जसको प्रभाव विस्तारै कौशिकी सभ्यताको पूरै क्षेत्र जुर्मुराएको देखिन्छ । अरुण उपत्यका सभ्यता कौशिकी सभ्यताअन्तर्गत पर्दछ, जसको क्षेत्र गोसाइँकुण्डदेखि ताप्लेजुङसम्म हो । तर डा. नरेन्द्र चापागाईंले सप्तकोशी सभ्यता शब्द प्रयोग गरी प्रसङ्गवश अरुण नदी र तमोर नदीको क्षेत्रलाई विश्लेषण गरेको वि. सं. २०५३ को मधुपर्क आषाढ अङ्कमा उल्लेख छ । आधुनिक नेपालमा रामायणमा उल्लिखित बालन नृत्यको सर्वप्रथम व्यावहारिक प्रचलन बालागुरु र दिङ्लाबाटै प्रारम्भ भएको देखिन्छ ।

१०. वि. सं. १९३६ जेठ १ - कमलापति पौडेलका छोरा, बुहारी र नातिहरूले सप्ताह पुराण लगाई गढीगाउँको विर्ताबारी, जग्गाबारी, घडेरी र कटहरे ब्याँसी बिरौटो गौंडे खेत बालागुरुलाई गुठीका नाममा भूमिदान गरेको - ५।१० मुरी ।

११. वि. सं. १९३९ फागुन १ - महावीर राईको जामुने पुछारको स्वाँरो खेत बालागुरु षडानन्दलाई बिक्री गरेको ।

१२. वि. सं. १९३९ फागुन ३ - तहबिलदार श्रीमान् बस्नेत साल्माले स्वाँरो खेत बालागुरु षडानन्दलाई बिक्री गरेको - मो. रु. १८।-

१३. वि. सं. १९३९ फागुन ३ - लम्छुवा वितलब बस्ने धनपति र जगेनिधि लम्सालले रेवा खोलाको खेत बालागुरु षडानन्दलाई बिक्री गरेको - मो. रु. ४२५।-

१४. वि. सं. १९३९ फागुन ४ - देवीचरण अधिकारीले अमले खोल्सापूर्व सिमलचौरको अमले बिरौटो खेत भूमिदान गरेको ।

१५. वि. सं. १९४४ ज्येष्ठ १५ - आम्बोटे बस्ने पद्मलाल गौतमले बर्राबोटे सिरान मरुवा ब्याँसी बिरौटो खेत भूमिदान गरेको - १।१० मुरी ।

१६. वि. सं. १९४५ वैशाख - साल्मा बस्ने हीरालाल पोखेल जैसीले बन्धकीमा लिएको साल्मा ब्याँसी विर्ता, साल्मा घडेरी र गाउँको विर्ता बिरौटो खेत गुरु षडानन्दलाई अलिपत्र (बन्धकी) बिक्री गरेको - मो. रु. ५४२।-

१७. वि. सं. १९४६ मङ्सिर १२ - तुलसीराम अधिकारी, बितलबले झगरे बिरौटो भूमिदान ।
१८. वि. सं. १९५५ माघ ४ - बनारसी पाध्या पौडेल, गढीगाउँबाट गुरुबाटै पुराण श्रवण गरी जदुशेर हमालले दान दिएको गढीगाउँको बिरौटो विर्ता खेत भूमिदान गरेको - ०।९ मुरी ।
१९. वि. सं. १९५५ माघ ४ - गढीगाउँ बस्ने पं. नन्दिकेश्वर अधिकारीले सप्ताह पुराण गुरुबाट श्रवण गरी भूमिदान गरेको धोबीधाराभन्दा मुनिको विर्ता बिरौटो खेत - ४ मुरी ।
२०. वि. सं. १९५५ माघ १३ - गढीगाउँ बस्ने जैनारायण पौडेलले यज्ञ, तिष्ठा गरी भूमिदान गरेको जदुशेर हमालको छेउको विर्ता बिरौटो ०।१० मुरी ।
२१. वि. सं. १९५५ माघ १३ - साङ्राङ बस्ने सुबेदार जीवनाथ चापागाईले गुरु षडानन्दबाट सप्ताह पुराण श्रवण गरी धोबीधारा मुन्तिरको विर्ता बिरौटो भूमिदान गरेको ।
२२. वि. सं. १९५५ फागुन ७ - श्रीबल राई साङराङले भूमिदान गरेको विश्वरूपा साविक खेत - ७।१० मुरी ।
२३. वि. सं. १९५५ फागुन १४ - साल्मा बस्ने जमदार बलभद्र बस्नेत क्षत्रीले आम्बोटे सिरान कृपा राई बिरौटो भूमिदान - ४ मुरी ।
२४. वि. सं. १९५५ फागुन १४ - लम्छुवा वितलब बस्ने यदुनाथ लम्सालले दान दिएको सतीरुम्टी बिरौटो ।
२५. वि. सं. १९५५ फागुन ३० - साङराङ बस्ने खरदार यज्ञनिधि चापागाईंले भूमिदान गरेको बडहरे ब्याँसी रैकर - ०।४६ मुरी ।
२६. वि. सं. १९५५ फागुन ३० - साङराङ बस्ने खरदार जीवनाथ चापागाईंले भूमिदान गरेको मूलपानी पँध्यारो रैकर - ०।८ मुरी ।
२७. वि. सं. १९५५ फागुन ३० - जामुने बस्ने पद्मलाल र शिवलाल अधिकारीले भूमिदान गरेको मार्से रैकर - ०।५ मुरी ।
२८. वि. सं. १९५५ चैत्र १३ - लम्छुवा बितलब बस्ने बलभद्र पाध्या, निजकी आमाहरू तिलरूपादेवी र पद्मादेवी तथा षडानन्द, गोपीकृष्ण र श्रीकृष्णले भूमिदान गरेको गाउँ घडेरीबारी र लम्छुवा विर्ता बिरौटो खेत ।
२९. वि. सं. १९५५ चैत्र १३ - लम्छुवा बितलव बस्ने बलभद्र पाध्या, षडानन्द र श्रीकृष्ण लम्सालले बिक्री गरेको जग्गा मो. रु. २०७।- र मो. रु. १००१ गरी जम्मा मो. रु. १२०८ ।- मा २ कित्ता सतिरुम्टो बिरौटो ।
३०. वि. सं. १९५६ वैशाख ७ - दिङ्ला फालिकोट बस्ने भीमलाल भट्टराईले भूमिदान गरी रघुनाथ लम्सालले दिएको जग्गा सतिरुम्टो विर्ता खेत ।

३१. वि. सं. १९६० चैत्र १३ - साङराङ बस्ने बखतवीर थापामगरले बिक्री गरेको लक्ष्मीनारायण चापागाईंको जग्गा साङराङ छाप । जम्मा मो. रु. ९०१ ।- दाम गरी मो. रु. २००।- मा गुरु षडानन्दलाई छुट गरी दान स्वरूप र बाँकी आफूले बुझेको जम्मा मो. रु. ७०१।-

यसरी वि. सं. १९२८ मा प्रथमपटक भूमिदान लिएको जग्गा शिवलाल पोखरेलको साल्मा ब्याँसी बिरौटोदेखि सीताराम षडानन्द गुठीलाई जग्गाहरू प्राप्त भएको देखिन्छ। तर वि. सं. १९६० बाट मात्र सीताराम गुठी व्यवस्थित र सरकारी तवरबाट पूर्ण स्वीकृत भई स्थापना भएको देखिन्छ। वि. सं. १९६० पछि प्राप्त जग्गा यसै पुस्तकको 'जग्गा, जमिन, पार्क र गौचरन' शीर्षकमा उल्लेख गरिएको छ।

वि. सं. १९३५ को लालमोहरले गुठीका लागि जग्गाको स्वीकृति प्रदान गरे तापनि गुठीको नामकरण वि. सं. १९६० मा भएको देखिन्छ । बालागुरु दिङ्ला आइपुग्दा आफूसँग रहेको नगद मो. रु. ३२००।– बाट केही व्यक्तिगत खर्चबाहेकको सबै रकम, पुराणवाचन गरी भूमिदान प्राप्त गरेका जग्गाहरू केही जग्गाहरू नगद खरिद गरेको, शुभेच्छुकहरूले गुठीकै नाममा दान दिएको आदि देखिन्छ। यो प्रयास महापुरुषविना अरूबाट सम्भव छैन।

कतिपय गुठीका जग्गाहरू भोजपुरमा, केही सङ्खुवासभामा, केही पर्साको वीरगन्जमा र केही बागमती नदीको किनार कुसिङ्गालमा (काठमाडौं) ८ आना जग्गा थियो। उक्त दिङ्ला बाहिरका जग्गाहरू बालागुरुलाई निमन्त्रणा आएपछि दिङ्लाबाट १५-२० दिन टाढासम्म पनि पैदल हिँड्दै सोही ठाउँमा गएर पुराणवाचन गरिदिएबापत प्राप्त भएका देखिन्छन् । अन्य भौतिक निर्माण र व्यवस्थापनका कार्यहरू निम्नानुसार रहेका प्रमाणहरू देखिन्छन् –

३२. हेमराज शर्मा (२०७५ : ६३), "वि. सं. १९५२ मा कैलाशडाँडाबाट तल दिङ्ला बजार नजिकैको मन्दिर परिसर क्षेत्रमा विद्यालय, मन्दिर तथा छात्रावास आदि स्थानान्तरण निर्माण गर्न भद्रभलादमीको बैठक बसेको थियो।"

३३. हेमराज शर्मा अधिकारी (२०७५ : ६३) का अनुसार वि. सं. १९५२ को विद्यालय, मन्दिर आदि स्थानान्तर बैठक समापनको केही समयपछि बालागुरु सफेद धोती, सफेद दौरा, सफेद फेटा, खुट्टामा खराउ लगाई एक हातमा सेतो कपडा तथा अर्को हातमा नरिवल र मिश्रीका डल्ला लिएर दिङ्ला साल्माका समाजसेवी र नाम चलेका व्यक्तित्व गन्जसिंह बस्नेतको साल्मा घरदलानमा पुगेको उल्लेख छ। हुक्कामा तमाखु खाएर पिँढीमा घाम तापेर बसिरहेका सेतै फुलेका गन्जसिंह बस्नेतको शिरमा सेतो फेटाले लपेटिदिए। हातमा नरिवल र मिश्री राखिदिए। यसको अर्थ गन्जसिंहले

बुझ्न सकेनन र अवाक् बने । बालागुरुले दिङ्ला बजार परिसरको जग्गा विद्यालय, मठमन्दिर, बगैँचा, पोखरी, छात्रावासका लागि अनुरोध गरेको प्रस्ट्याउनुभयो । बालागुरुको अनुरोध शिरोधार्य गरी जमिनको चार किल्लासमेत खुलाई हर्षित भई गुठीका नाममा जग्गा अर्पण गरी लिखतसमेत प्रदान गरे ।

३४. हेमराज शर्मा (२०७५ : ६३), "वि. सं. १९५४ वैशाख - वि. सं. १९५२ को बैठकको निर्णय कार्यान्वयन गर्न चामुनारायण पाटीमा बैठक बसेको थियो । कार्यक्रम उद्घोषण भतिजा रामनाथ अधिकारीले गरेका थिए ।"

३५. हेमराज शर्मा अधिकारी (२०७५ : ६३) का अनुसार वि. सं. १९५३ तिर भक्तपुरबाट दिङ्लामा तेलिया इँटा बनाउने कालिगढको टिम आइपुग्यो । इँटा, टायल, झिँगटी र पाकेको माटाका साढे २ फिटका खानेपानीका पाइप उत्पादन सुरु भएको थियो । साथै पाटनबाट ढुङ्गेपल्टन र कालिगढको नेतृत्व रत्नमान शाक्य (बाँडा) बाट भएको थियो । उक्त समयमा कामदारको दैनिक ज्याला ६ पैसा थियो ।

३६. वि. सं. १९५५ - सरदार रायबहादुरको घर सिलाङ आसामबाट चौमासा पुराणवाचन निमन्त्रणा गर्न कार्की प्रतिनिधि दिङ्ला आएका थिए । टाढैबाट आएको हुनाले बालागुरुले निमन्त्रणा इन्कार गर्न नसकेर सिलाङ आफ्ना नाति नन्दप्रसाद अधिकारी, भतिजा पं. डण्डपाणि अधिकारी र खरिदार यज्ञनिधि चापागाईंका साथ गएर पुराणवाचन गरिदिएको देखिन्छ । असार हरिशयनीबाट सुरु भएको चौमासा महाभारत पुराण थियो । त्यस चौमासाबाट प्राप्त नगद मो. रु. ४,०००।- पनि गुठीको खर्च गर्नका लागि अर्पण भएको थियो (अधिकारी, २०७५ : ६४) ।

३७. सिलाङबाट फर्कदा केही शिवलिङ्ग, इँटा-टायल, मन्दिर, छात्रावासहरू आदि निर्माण सुरु भइसकेका थिए ।

३८. वि. सं. १९५५ ज्येष्ठ - बालागुरुले ठूलो यज्ञ नारदेचौरमा लगाई १०८ जना वटुकहरूको सामूहिक (धनी वर्ग, मध्यम वर्ग र गरिब वर्गको) व्रतबन्ध सम्पन्न गराएको देखिन्छ । रघुनाथ चापागाईं, देवराज चापागाईं, भवानीशङ्कर चापागाईं आदिलाई गुरु आफैँले गायत्री मन्त्र श्रवण गराएको देखिन्छ । भोजन ग्रहण गर्ने बेलामा चारैतिर असिना-पानीसहित हावाहुन्डरी र मुसलधारे वर्षा सुरु भएको थियो । तर मण्डप क्षेत्रमा वैदिक विधि प्रयोग गरी असिना-पानी तर्काएको देखिन्छ । व्रतबन्धका एक वटुक मेरा हजुरबुवा पनि त्यहीँ हुनुहुन्थ्यो भनी पूर्वशिक्षक विनोदकुमार चापागाईंले हजुरबुबाबाट श्रवण गरेको कुरा उल्लेख भएको छ, साथै हेमराज शर्मा अधिकारीले (२०७५ : ७४) पनि उल्लेख गरेको भेटिन्छ ।

३९. हेमराज शर्मा अधिकारी (२०७५) का अनुसार वि. सं. १९५५ फागुन शुक्ल षष्ठी (कतै १९५६ पनि लेखिएको) - नयाँ मन्दिर परिसरमा बृहत् यज्ञ प्राणप्रतिष्ठा गराई कैलाशडाँडाबाट बजारछेउको नयाँ मन्दिरमा सीता, राम, हनुमान र लक्ष्मण आदि देवीदेवताका मूर्तिहरू स्थानान्तरण गरिएको थियो । गुरुकुल पाठशाला पनि कैलाशडाँडाको चित्राको छाप्राबाट सोही दिन सीताराम मन्दिर परिसरको नयाँ तेलिया इँटाले निर्मित भवन र छात्रवासमा सऱ्यो । गाउँघरमा आश्रय मागेर पढ्ने देशी र विदेशी छात्रहरूले नयाँ छात्रावास पाए । सदाचारज्ञानाऽदर्शकः (सं. २०६७ : ४०) मा 'विक्रमाब्द पञ्चपञ्च गहविश्वभ्भरामिते, फाल्गुने मासि शुक्ले च षष्ठ्यांशोभनवासरे' भनी विद्यालयको स्थापना मिति उल्लेख गरिएको छ ।

विश्लेषण गर्न सकिन्छ कि विदेशी विद्यार्थी नेपालमा पढ्न आउने नेपालको प्रथम विद्यालय पनि षडानन्द पाठशाला नै हो । औपचारिक रूपमा विदेशी विद्यार्थीले छात्रावास प्राप्त गरेको नेपालकै प्रथम छात्रावास पनि दिङ्लाको पाठशालामा नै हो । त्यसै गरी विदेशी विद्यार्थी नेपालमा आएर अध्ययन गर्न बसेको नेपालको प्रथम गाउँ दिङ्ला हो भन्नुमा दुई मत छैन । यो सबै बालागुरु षडानन्द अधिकारीकै देन हो ।

भक्ति दाहाल 'विस्फोट' (राष्ट्रिय उद्घोष दैनिक, २०७५ जेठ २२) का अनुसार षडानन्द विद्याकेन्द्र नेपालको आधुनिक कालको प्रथम शिक्षाकेन्द्र र पहिलो विश्वविद्यालय पनि हो । यो नभए नेपालमा शिक्षा र विश्वविद्यालयको जग बस्ने थिएन । यो नेपालको गुरु विद्यालय र गुरु शिक्षाकेन्द्र पनि हो । बालागुरु मानवता शिक्षाका भीष्मपितामह र शिक्षाका नक्षत्र हुनुहुन्थ्यो । अर्थात् तत्कालीन समयको विश्वविद्यालय नै बालागुरु हो । नेपाली दरबारमा धार्मिक निर्णय हुन नसक्दा वाराणसी पठाइन्थ्यो । वाराणसीमा पनि निर्णय हुन नसके दिङ्ला पठाइन्थ्यो । तसर्थ शिक्षा तथा संस्कृति केन्द्र दिङ्लाका बौद्धिक जगत् र बालागुरु षडानन्द आफैँ संस्कृत विश्वविद्यालय समान हुनुहुन्थ्यो । तर विडम्बना, बालागुरु षडानन्दको नाममा एक विश्वविद्यालय खोल्न पनि नसक्दा र राष्ट्रिय विभूति घोषण गर्न नसक्दा अविलम्ब कार्य गर्न हामी शङ्खघोष गरिरहेका छौँ ।

४०. सेमन्तराज अधिकारी (२०६२) का अनुसार वि. सं. १९५६ मा नयाँ विद्यालयले नयाँ विद्वान् र योग्य गुरु जयधर्म अधिकारी पनि पायो । जयधर्म अधिकारी बालागुरुको सल्लाहमा काठमाडौँ र बनारस गएर मध्यमासम्मको अध्ययन सकेर आएका र बालागुरुकै माइला दाजु हरिलाल अधिकारीका छोरा थिए । उनी तत्कालीन समयका धुरन्धर पण्डित थिए । माइला भएकाले माइला गुरु पनि भनिन्थ्यो । यसरी दूरदर्शी दृष्टिकोणले स्थायी

स्वरूपका योग्य शिक्षक बालागुरुले व्यवस्थापन गरेको देखिन्छ। त्यसै गरी काहिला दाजुका छोरा बद्रीनारायण अधिकारीलाई पनि अध्ययन गर्न काठमाडौँ र बनारस पठाएर उनले मध्यमासम्म अध्ययन सकेर आएका थिए । पं. बद्रीनारायण (कान्छा गुरु) लाई द्वितीय अध्यापक र पुराणवाचकका रूपमा नियुक्त गरेको देखिन्छ।

४१. वि. सं. १९५६ - वि. सं. १९३२ को प्रथम वर्षमै झन्डै ४०-४५ छात्रहरू थिए । पछिल्ला वर्षहरूमा पाठशालाको ख्यातिका कारण 'विद्या हराए कि काशी जानु कि त दिङ्ला जानु' भन्ने उखान नेपाल अधिराज्यभर चलेको थियो । त्यसभन्दा अघिको उखान 'विद्या हराए कि काश्मीर जानु, कि त काशी जानु' भन्ने थियो। देशी र विदेशी विद्यार्थीहरूको चापको कारणबाट नयाँ छात्रावास परिसरमा पानी लिने, सबेरै स्नान गर्ने, लुगा धुने आदि कार्य गर्न सजिलो होस् भनेर रामधारा, लक्ष्मणधारा र नारायणधारा नामका ढुङ्गेधाराहरूको व्यवस्थापन गरिएको थियो । छात्रका लागि मूलपानी धारा (मुर्कुटेधारा) र आर्मीका लागि कम्पनी कुवा तथा धोबीधारा (टुँडिखेल मुनिको मगरगाउँको भित्तामा रहको धारा, हालसम्म पनि ढुङ्गेधारा नै छ) पनि व्यवस्थित निर्माण भए । कुन धारामा विद्यार्थीहरू जाने भन्ने आचारसंहिता बनाइएकाले त्यो क्रम पछिसम्म पनि चलिरहेको देखिन्छ।

४२. वि. सं. १९५६ - १९५८ :

- बालागुरुको पाठशालालाई राजकीय भाषा पाठशालासमेत बनाउने सोच थियो तर काठमाडौँबाट दुर्गम स्थानमा दिङ्ला रहेको हुनाले तथा वि. सं. १९५७-५८ को उक्त छोटो अवधिमा शिक्षाप्रेमी प्रधानमन्त्री देव शमशेर पदच्युत भएका कारण सोचमै सीमित भई त्यसै बिलायो। तर पनि अन्तिम समयमा वि. सं. १९७० मा काठमाडौँ पचली आश्रममा जाँदासमेत राजकीय पाठशाला बनाउने सोचले दिङ्लाबाट प्रस्थान गर्नुभएको कुरा यादव चापागाईंले ग्रन्थमा उल्लेख गर्नुभएको छ।
- वि. सं. १९५७ को भारतको बरौदा राज्यको शिक्षानीति (Universal Education) मिल्ने भाषा पाठशाला नीति दिङ्लाको नमुना शैली हो भनी योगी नरहरिनाथले उल्लेख गर्नुभएको छ। श्री ३ प्र. मं. चन्द्र शमशेरको शासनको कारण दिङ्ला पाठशाला र नेपाल अधिराज्यभर नै पाठशालाको विकासक्रममा ठेस लाग्न पुग्यो । जयपृथ्वीबहादुर सिंहजस्ता सहयोगी विद्वान् ओइलाउन पुगे।
- वि. सं. १९५७ मा पाठशाला राजकीय बनाउन काठमाडौँ जानुभएको प्रमाण भतिजा जयधर्म अधिकारीलाई लेखेको पत्रबाट पनि स्पष्ट हुन्छ।

४३. हेमराज शर्मा अधिकारी (२०७५ : ७६) र डा. कार्की (२०६८ : ४०) का अनुसार वि. सं. १९५९ माघ - काठमाडौँ जाँदा बालागुरुसँगै वि. सं. १९३२ मा दिङ्ला आइपुगेका २ शिष्यहरू जगन्नाथ घिमिरे र राधेश्याम रिमाल लिएर गएको देखिन्छ । दुवै शिष्यहरू श्लेष्मान्तक वनको गायत्री पुरश्चरण जप तपस्यादेखि चामुनारायणको सत्तल तथा कैलाशडाँडामा बालागुरुसँग सधैँ सँगै बसेर विभिन्न कार्यमा सहयोगी र सल्लाहकारको पनि भूमिका निर्वाह गरेका थिए । साथमा कार्यालय सहयोगी रुद्र मगर पनि थिए । सीताराम षडानन्द गुठीको स्वीकृति लिएर रुद्र मगरसँगै बालागुरु केही दिनमै दिङ्ला फर्किए भने २ शिष्य तत्पश्चात् बालागुरुको पर्खाइमा काठमाडौँमा बस्न थाले । आज राधेश्याम र जगन्नाथका सन्तति दाजुभाइहरू कहाँ छन्, अनुसन्धान गर्नु आवश्यक देखिन्छ ।

डा. कार्की (२०६८ : ३७) का अनुसार वि. सं. १९५९ सीताराम गुठीको सरकारी स्वीकृतिसाथै पाटनको बखुँहालनिवासी रत्नमान शाक्यको ढुङ्गे पल्टन टिमसहित बालागुरु दिङ्ला आइपुगेको देखिन्छ । रत्नमान शाक्यको टिम वि. सं. १९५३ मै (ग्रन्थहरूमा वि. सं. १९५४ पनि लेखिएको) प्रथमपटक आई दिङ्लाबजार नजिकै भवन तथा वरबगैँचा निर्माण सम्पन्न गरी काठमाडौँ फर्किएर वि. सं. १९५९ दोस्रोपटक बृहत्तर निर्माणका लागि दिङ्ला आइपुगेको देखिन्छ ।

४४. वि. सं. १९६० - कालीगढ रत्नमान शाक्यको ढुङ्गे पल्टनद्वारा ढुङ्गे बसाहा, मूर्तिहरू, शिवलिङ्गहरू आदिको निर्माण सुरु भयो । षडेश्वर महादेव शिवलिङ्ग भने त्यसै वर्ष स्थापना भयो । सदाचारज्ञानाऽदर्शक: (२०६७ : ४१) मा स्थापना दिनका बारेमा 'शिवरात्रि दिने वर्षे खषड्नव विधौ गते । षडाननेश्वरोदेव: स्थापितो योगिनामुना ॥' उल्लेख छ ।

४५. वि. सं. १९६० फागुन १४ - शिलालेख अनुसार उक्त दिन शिवरात्रीको दिन थियो । त्यसै साइतमा प्राणप्रतिष्ठा यज्ञ गरी विशाल पत्थरको षडेश्वर महादेव शिवलिङ्ग स्थापना भएको थियो । त्यस भीमकाय शिवलिङ्ग निर्माण गर्न मूलपानीको जामुने खेत र मार्से खोलाका ढुङ्गा प्रयोग भएका थिए ।

४६. यादव चापागाईंको लेखको विश्लेषण गर्दा वि. सं. १९६० फागुनमा सीताराम षडानन्द गुठीको विधिवत् स्थापना भयो । यो नेपाल राज्यभरकै प्रथम सहकारी वा बैङ्किङ संस्था थियो, जसले मो. रु. ११५०।- को घुम्ती नगदी कोष स्थापना गरी किसान र गरिबहरूलाई ऋण प्रदान गर्थ्यो र वार्षिक सयकडा ४ मुरी दरले ४६ मुरी धान ब्याजस्वरूप आर्जन गर्थ्यो । यस्ता ब्याजहरू पछिल्ला वर्षमा वार्षिक १०१ मुरीसम्म आर्जन गरेको देखिन्छ । नेपालको इतिहासमै यस्तो बहुउद्देश्यीय बैङ्किङ वा वित्तीय

कारोवार गर्ने प्रथम संस्था सीताराम बैङ्किङ गुठी नै थियो । बहुआयामिक गुठीबाट सरकारी स्वीकृत संस्थागत प्रथम वित्तीय कारोबार भोजपुर दिङ्लामा बालागुरुले सुरुवात भयो भनी प्रमाणसहित भन्न सकिन्छ ।

४७. वि. सं. १९६० देखि सीताराम षडेश्वर शिवमन्दिरदेखि कैलाशडाँडामा रहेको नर्मदेश्वर शिवमन्दिरसम्म शतबीज रोपणयात्रा तथा रथयात्रा सुरु गर्नुभयो, जसका लागि कच्ची सडकहरू र फराकिला बाटाहरू बनाइएका थिए । सम्भवतः नेपालको इतिहासमा पहाडी क्षेत्रमा रथारोहण गराउने यो प्रथम प्रयोग बालागुरुद्वारा भयो ।

४८. वि. सं. १९६० - १९६६ का ढुङ्गाका निर्माणहरू –

भीमकाय पत्थरको नन्दी (बसाहा) निर्माण
भीमकाय पत्थरका स्तम्भहरू निर्माण
२ वटा ढुङ्गे मन्दिर परिसर प्रवेशद्वारहरू निर्माण
ढुङ्गे आँखीझ्यालहरू पनि निर्माण
ढुङ्गे ढोकाहरू निर्माण
१०-१५ वटा शिवलिङ्गहरू निर्माण
ढुङ्गे राम धारा, लक्ष्मण धारा, नारायण धारा आदि
टुँडिखेलमुनि गढीगाउँको धोबीधारा निर्माण
परेवाहरूलाई पानी र चारो दिने ढुङ्गे स्तम्भ डोबहरू
ढुङ्गे चक्रहरू निर्माण
पत्थरको हनुमानको मूर्ति निर्माण
मन्दिरका बुट्टेदार जोड्ती ढुङ्गाहरू
ढुङ्गे टुँडालहरू निर्माण
युग्मज मन्दिरको गजुरका लागि विशाल चक्रहरू
बालागुरुको पादचिन्ह भएको विशाल ढुङ्गा निर्माण

सीताराम तथा षडेश्वरका युग्मज मन्दिरहरूको निर्माण पाटनको कृष्णमन्दिरको शैलीजस्तै गरी पत्थरैपत्थरबाट निर्माण भएको थियो । संयोगवश उक्त मन्दिर निर्माण टोली पाटनबाटै कालिगढ रत्नमान शाक्यको नेतृत्वमा आएको थियो । प्राचीन वास्तुकलामा बनेको पाटनको कृष्णमन्दिर कसरी बनाईयो ? आजका इन्जिनियरहरू अलमल्ल पर्न सक्दछन् । सीताराम मन्दिर परिसर वरिपरिका देवीदेवताका पत्थरका सम्पूर्ण मूर्तिहरू उक्त टोलीले नै निर्माण गरेको थियो । पार्वतीकुण्डको (नागकुण्ड) ढुङ्गे सिँढी, ढुङ्गे स्तम्भको पञ्चमुखी नाग निर्माण र अन्य देवीदेवताहरूको मूर्ति निर्माण भएको थियो ।

पं. दुर्गाप्रसाद अधिकारीका अनुसार वि. सं. २०२३-२४ मा सीताराम र षडेश्वर महादेवको युग्मज मन्दिर लड्यो । अहिलेको पुराण मण्डपमा राम,

सीता, लक्ष्मण आदिका मूर्तिहरू सारेर राखियो । पछि पुनः नयाँ मन्दिर बनेपछि सोही ठाउँमा मूर्तिहरू स्थापना गराइयो ।

चामुनारायणले निर्माण गरेको पार्वतीकुण्ड अगाडिको वरको फेदमा रहेको ढुङ्गे फलैंचाको पुनर्निमाण बालागुरुको नेतृत्वमा चामुनारायण स्वयम्को खर्चमा भएको थियो । उक्त फलैंचामा बसेर शनिबारे हटियामा, चाडपर्व, उत्सवहरूमा मेला भर्ने मानिसहरू घण्टौंसम्म गफगाफ र छलफल गर्दथे । पछिल्लो समयमा त्यस चौतारालाई फुटानी चौतारो नामकरण गरी व्यङ्ग्य गर्दथे । आज त्यस चौताराका वरपीपल र चिटिएका ढुङ्गाको नामनिसाना छैन ।

सीताकुण्ड (पार्वतीकुण्डमुनि, पार्वती हिमालमा बस्ने, कुण्ड पनि माथि छ), हनुमान कुण्ड (बगैंचाबीचमा, जडिबुटी घारीभित्र, हनुमान् जङ्गलबीचमा नै बस्ने), लक्ष्मणकुण्ड (सीताराम मन्दिरमुनि, (सीता र रामको दर्शन गर्ने, हालको भलिबल ग्राउन्डमुनि थियो । हनुमान् कुण्डबाट अँधेरी खोलाको मुहानको भित्तामा पानी निकास हुन्थ्यो । कुण्डहरूका लागि ढुङ्गे आवश्यक मूर्ति र सामग्रीहरू निर्माण भएका थिए । विगत २०-३० वर्षयता धेरै कुण्डको नामोनिसान देखिँदैन ।

दिङ्ला बजार र मन्दिर परिसर वरिपरिको विविध ढुङ्गे निर्माणको प्रभावले अरुण उपत्यकामा ढुङ्गेधारा, सडक, मन्दिर परिसर, बजार परिसर, ढुङ्गे सत्तल आदि निर्माणमा जागरण तथा पुनर्जागरण अभियान जुर्मुराएको थियो । यसैको अनुकरण गरी देशविदेशबाट आएका यस पाठलाबाट उत्पादित शिष्यहरूले देशविदेशसम्म आआफ्नो गाउँघरमा विकासको जागरण अभियान चलाएका थिए भनी विश्लेषण गर्न सकिन्छ । किनकि तत्कालीन करिब १५० वर्षअघिको समाजमा यस्तो अभियान काठमाडौँ उपत्यकामा मात्र देखिन्थ्यो ।

विद्यालय तथा मन्दिर परिसर अर्धक्षेत्रमा ढुङ्गे ग्राउन्ड निर्माण भएको थियो । पछि विष्णु बस्नेत गुठीसचिव भएको समयमा बालागुरुको अधुरो सडक निर्माणकार्य विस्तार, मन्दिर परिसर, दिङ्ला बजार परिसर, अरुण मा.वि. तर्फको उकालो बाटो हुँदै टुँडिखेल तथा कैलाशडाँडातर्फ विस्तार भएको थियो ।

यज्ञनिधि दाहाल (२०७३ : ३९४) का अनुसार खोटाङमा जन्मिएर आफू सानो छँदा भान्दाजुको मतानमा बसेर पढ्दा 'किं किं नसाधयति कल्पलतेव विद्या' श्लोक आउनासाथ कुनै न कुनै कथा सुनाउँदा प्रसङ्गमा रुमाल ओछ्याएर अरुण नदी तर्ने दिङ्लाका सिद्धयोगी बालागुरु र दिङ्लाको शिक्षाको इतिवृत्तान्त सुनेको थिएँ । त्यसपछि प्युठानको स्वर्गद्वारी महाराज, अर्घाखाँचीका दधिराम मरासिनी र हरिहर पाठशाला खोलेको, अनि बन्द भएका पाठशाला, देवशमशेरका भाषा पाठशाला, बनारस हिन्दू विश्वविद्यालय तथा मदनमोहन मालवीय, पिण्डेश्वर महाविद्यालय आदि तमाम संस्कृत केन्द्रहरूका कथाव्यथा ।

दाहालका अनुसार गृह नत्यागी विद्या हासिल गर्न पाइँदैन भनी आफ्नी काहिली फुपूका भतिजा खोटाङ लामिडाँडाबाट दिङ्ला पढ्न जाने कुरा थाहा पाएर लामिडाँडा पुगेको तर ३-४ दिनको विकट र जङ्गलको बाटो दिङ्ला जान नसक्ने भएर खत्र्याक्क भएको थिएँ । तर पछि भाग्यवश धरानको चन्द्र संस्कृत विद्यालयमा अध्ययन गर्न जाँदा दिङ्लाका भीमप्रसाद गौतम र दिङ्ला पाठशालाकै अर्का उत्पादन गोपीकृष्ण गौतम त्यहाँको दरबन्दीमा गुरु बनेर आएपछि 'बालागुरु नेपालको संस्कृत भाषा जगत्का आधारशिला (foundation) हुन्' भन्ने ज्ञान र निष्कर्षमा पुगेको थिएँ ।

४९. दिङ्लामा तेलिया इँटा, टायल तथा झिँगटी निर्माण प्रसङ्ग - वि. सं. १९६०-१९६६ :

रातो, राम्रो पाकेको, चिल्लो र कडा इँटालाई तेलिया इँटा भनिन्छ । वि. सं. १९५३ देखि भक्तपुरबाट झिकाएका कालिगढले दिङ्लामा तेलिया इँटा सीताराम मन्दिर परिसर र पाठशाला लगायतका निर्माणका लागि उत्पादन गरेको थियो । मल्लकालमा वि. सं. १२०० बाट दाची आपा र मा आपाले भक्तपुरबाट तेलिया इँटा निर्माण सुरु गरेको देखिन्छ । बालागुरु षडानन्दअघि नै दिङ्लाको चामुनारायण सत्तलमा वि. सं. १९२७ तिर निर्माणक्रममा तेलिया इँटा प्रयोग भएको देखिन्छ । तेलिया इँटा जोड्न प्रचलित प्रविधिमा आफैँले स्थानीय प्रविधिसमेत थप गरी खुदी, सुर्की (मास), काउलो, माड, चुनका लागि सिपीहरू र बिरुवाको टर्पाइन (लाहा बनाउने सामग्री) प्रयोग भएको स्थानीय बुढापाकाको मत छ । उक्त लेपन सिमेन्टजस्तै हुने साथै मूर्तिहरू, इँटाका दिवाल र बगैँचा वरिपरिको गिर्दामा प्रयोग भएको आजसम्म पनि देखिन्छ । इँटा, टायल तथा झिँगटी उत्पादनमा पनि स्थानीय प्रविधि बालागुरुबाट थप भएको देखिन्छ । भारतका विभिन्न तीर्थस्थलहरूको भ्रमणको क्रममा त्यो इँटा, टायल र झिँगटी निर्माण प्रविधिको खोज गरी ज्ञान लिएको हो कि भन्ने अनुमान गर्न सकिन्छ ।

दिङ्लाका बगैँचाका गिर्दाहरू र युग्मज मन्दिर आदिमा प्रयोग भएका तेलिया इँटामा षडानन्दको नाम अङ्कित औँठीछाप लगाएका भेटिन्छ । कतिपय इँटामा विभिन्न देवीदेवताका आकृति पनि अङ्कित देखिन्छ । अहिले पनि १२-१३ प्रकारका इँटा संरक्षण गरिएको छ । यी इँटा लोप हुने अवस्थामा छन्, संरक्षण जरुरी छ । इँटाहरू चोरी नहोस् र ५-१० हजार वर्षपछि पनि दिङ्लाको इतिहास उत्खनन गर्न सकियोस् भन्ने गुरुको दूरदर्शी सोचको हुन सक्ने 'षडानन्द औठीछाप' इँटामा प्रयोग भएबाट विश्लेषण गर्न सकिन्छ । यी इँटाहरू तत्कालीन स्थानीय मौलिक प्रविधिमा निर्माण गरिएका हुन् भन्ने स्पष्ट आधार देखिन्छन् ।

भारतको शारदापीठ, रामेश्वरपीठ, हरिहरक्षेत्र, गोवा, केरला, गोवर्द्धनमठ अनि नेपालको जनकपुर, पशुपतिनाथ लगायतका क्षेत्रको तीर्थयात्रा क्रममा सूक्ष्म

अवलोकन गरी थाहा भएका उत्कृष्ट मोडल नक्कल गरी दिङ्लामा मौलिक छुट्टै वा उत्कृष्ट संयोजित मोडल अनुसार निर्माणका प्रयास भएका थिए भनी अनुमान गर्न सकिन्छ । रातो तेलिया इँटा चिटेर बनाइएको बगैँचा वरिपरिको गिर्दा मनमोहक देखिन्थ्यो । पर्खाल जोड्न, छत जोड्न, मूर्ति जोड्न र पत्थर जोड्न प्रयोग भएको लेपन आज १२५ वर्षपछिसम्म पनि भूकम्पहरूले भत्काएको बाहेकका संरचनाहरूमा कतिपय टुटफुट नभएको पनि देख्न सकिन्छ ।

इँटाबाट विद्यालय, छात्रावास, मन्दिरहरू, गिर्दा, कुण्डहरू, फलैँचा, दिवाल, सत्तल आदि निर्माण भएका थिए । टायलहरू बिछ्याइएको र झिँगटीका निर्माण संरचना पनि केही मन्दिर परिसरमा आज पनि रहेका छन् ।

भट्टीमा पोलेर तयार गरिएका माटोबाट निर्मित खानेपानीका गोलो आकरका पाइपहरू दुई-अढाइ फिटका टुक्रा-टुक्रा जडान गरी मुर्कुटेधारो खेतबाट गौरीकुण्ड तथा मन्दिरसम्म खानेपानी व्यवस्थापन भएको देखिन्छ । तत्पश्चात् सीताकुण्ड, हनुमानकुण्ड, लक्ष्मणकुण्ड र नारदकुण्डसम्म ढल व्यवस्थापन भएको थियो । अर्कोतर्फबाट पार्वतीकुण्डबाट सीताराम मन्दिरसम्म खानेपानी आजकालको पोलिथिन रबरको पाइपबाट जस्तै पानी उकालेको थियो, जुन अनुमान मात्रै गर्दा पनि अचम्मको र अति अप्ठ्यारो प्रविधि थियो । सीताराम षडेश्वर मन्दिरको पूजा गरेको पानी तथा ढलपानी पनि अँधेरी खोलाको कुण्डमा नै गएर मिसिने व्यवस्थापन गरिएको थियो । खानेपानी र ढलनिकासमा प्रयोग भएका तेलिया इँटाका पाइपहरू नेपालको अन्यत्र थिए वा थिएनन् ? काठमाडौँ उपत्यकाका दरबारहरूमा यो प्रविधि थियो वा थिएन ? बुढानीलकण्ठबाट हनुमानढोका क्षेत्रमा पानी कुन प्रविधिबाट ल्याइएको थियो ? उपत्यकाबाहिर नेपालमै खानेपानी र ढलनिकासमा तेलिया इँटाको माटोको ढ्वाङसहितको पाइप र मौलिक स्थानीय प्रविधिको दिङ्लामा प्रयोग भएको हुनाले नेपालमै पहिलो प्रयोग थियो भनी विश्लेषण गर्न सकिन्छ ।

५०. गौरीकुण्ड निर्माण प्रसङ्ग :

वि. सं. १९६० – १९६६ समयमा गौरीकुण्ड निर्माण सम्पन्न भएको देखिन्छ । पोखरीको बीचको स्तम्भ ढुङ्गाको थियो । टुप्पोमा पञ्चमुखी नागको प्रतिमा थियो । नागहरू दैवी शक्ति र दैवी सुरक्षाको प्रतीक हो । तपस्या वा ध्यान समयमा आत्मनियन्त्रण गर्न नागलाई भूमिशक्ति र यौनशक्ति (Earth energy and sex energy) नियन्त्रक मार्गदर्शकका रूपमा उपयोग गरिन्छ । पार्वतीकुण्ड, गौरीकुण्ड वा नागकुण्डसमेत भनेर चिनिने दिङ्ला बजारको चोकस्थित यस पोखरीको पानीमा बालबच्चाहरू डुब्न सक्ने र अन्य खतराबाट बचाउन सुरक्षाका लागि इँटाको अग्लो दिवाल लगाइएको थियो । प्रवेशद्वारसमेत निर्माण गरिएको थियो । वरिपरि फूलबारीले सजाइएको तथा मन्त्रमुग्ध बनाउने

गरी सजिसजाउ गरिन्थ्यो । पोखरीको पर्खालमा रत्नमान शाक्यको समूहले निर्माण गरेका देवीदेवताका ढुङ्गे प्रतिमाहरू अद्यावधि देख्न सकिन्छ । कलात्मक ढुङ्गे सिँढीहरूबाट पोखरीमा पुगेर स्नान गर्न मिल्दथ्यो । "दिङ्लाको पार्वती कुण्ड र बगैंचाहरू बेबिलियन सभ्यताको Hanging Garden जस्तै संरचनामा बनेको देखिन्छन्" भनी यादव चापागाईंबाट विश्लेषण भएको छ ।

सदाचारज्ञानाऽदर्शकः (सं. २०६७ : ४३) "सीताकुण्डं रामतीर्थं शिवतीर्थं तथैव च ॥ तथा लक्ष्मणतीर्थं वै तीर्थान्याँश्चकार ह ।"

ऋषितर्पणी पूर्णिमा स्नानका लागि बराहक्षेत्र धाउने, गोकर्ण वा सुन्दरीजल जाने, गोसाइँकुण्ड जाने, प्रयाग जाने, साल्पापोखरी जाने, सतीघाट र कात्तिकेघाटतिर स्नान गर्न झर्ने जस्ता समस्याको भरपर्दो समाधान गर्न पोखरी वा कुण्डहरू निर्माण भएको देखिन्छ । श्रावणी कर्म र स्नान गर्ने, जनैहरू मन्त्रने कर्म गर्ने, स्नान गरी सूर्यको प्रार्थना गर्ने र स्नानपश्चात् पूजादि लगाउने फराकिलो ठाउँ पनि व्यवस्थापन गरिएको थियो । महिलाहरूको पर्व अनुसार स्नान गर्न, सामूहिक रूपमा अरुण नदीतर्फ स्नान गर्न झर्ने वा धारामा स्नान गरी पूजादि गर्ने परम्परालाई सहजता प्रदान गर्न यसले सहयोग गरेको थियो । विशेष पर्वमा स्नानपश्चात् पुराणहरू श्रवण गर्न आउने सहज वातावरण बनाउन, धार्मिक तथा सांस्कृतिक महत्त्वसँग सम्बन्ध स्थापित हुने गरी गौरीकुण्डको निर्माण भएको देखिन्छ । हिन्दू तथा अन्य धर्मावलम्बी पनि कुण्डमा गएर स्नान गरी शुद्ध तथा पवित्र कर्महरूमा सरिक भई प्रफुल्लताका साथ फर्कन्थे । तीर्थस्नानको महत्त्व यस पोखरीले बोध गराएको देखिन्छ ।

अर्को कोणबाट विश्लेषण गर्दा समयानुसारका पर्वहरूमा छात्रहरूलाई स्नान गर्न, खानेपानी उपयोग गर्न तथा बाहिरपट्टि बस्त्र धुन पनि मिल्ने भएको हुनाले भरअभरमा यस पोखरीको उपयोग भएको थियो । यसलाई विद्यालय स्तरको Swimming Pool सँग पनि तुलना गर्न सकिन्छ । पछिल्लो चरणमा पोखरीको व्यवस्थापन लथालिङ्ग थियो । अरुण मा. वि. र षडानन्द मा. वि. का विद्यार्थी तथा दिङ्ला बजार आसपासका केटाकेटीहरू लुकिचोरी पौडी खेल्न पुग्दथे । पौडी खेल्दा कतिपटक बजारका पसलेहरूले पनि खेदाएको लेखकलाई पनि अनुभव ताजै छ । कहिलेकाहीँ साथीहरू पौडी खेल्दाखेल्दै कुण्डको ढोका थुनेर गालामा चड्कन दिएको दृश्य पनि स्मरण छ । वि. सं. २०५६ पछिका केही वर्षहरूमा अरुण मा. वि. का पूर्व प्र. अ. गुरुप्रसाद राईबाट कुण्ड कुरूप भएको कारण मन थेग्न नसकेर माछाहरू पालन भएको थियो । तर दिङ्लाको विडम्बना, राईले कब्जा गरी माछा पालेर खाए भन्ने आरोपसमेत लाग्यो । तर वास्तविकतामा बजारमा धमाधम घरहरू थपिन थाले र बजार वरिपरिका गुठीका जग्गाहरू अतिक्रमण हुन थाले । द्वन्द्वकाल भएका कारण द्वन्द्वको प्रहारले गुठी

पनि थला परेको अवस्थामा पोखरी नै मिचिन पनि सक्ने खतरा देखेर यो सम्पदा बचाउन माछापालन गरेको देखिन्छ । गुरुप्रसाद राईको बौद्धिक गर्जनअघि दिङ्लामा जस्तोसुकै मै हुँ भन्नेको पनि सीप नचल्ने भएकाले यो पोखरी थप विकृत हुनबाट, अतिक्रमण हुनबाट वा लोप हुन सक्ने खतरनाक अवस्थाबाट बच्न पुगेको थियो भन्ने देखिन्छ । तसर्थ राई धन्यवादका पात्र हुनुहुन्छ ।

समग्रमा बालागुरुले गौरीपोखरी लगायतका कुण्डहरू बहुउपयोगिताको दृष्टिकोणले निर्माण गरेको देखिन्छ । नागपोखरीलाई Swimming Pool भन्न मिले तापनि Swimming को उद्देश्यले नभई पवित्र तीर्थकुण्डको महत्त्व बोध गराउन निर्माण भएको देखिन्छ । एकराज अधिकारी (२०७३ : १६) का अनुसार सीताकुण्ड, हनुमानकुण्ड, लक्ष्मणकुण्ड आदिमा समेत विभिन्न पवित्र तीर्थकुण्डहरूको आह्वान, प्रार्थना र पूजासमेत गरिन्थ्यो ।

यादव चापागाईं (२०७२) का अनुसार आजभोलि सहर-बजारका धनीवर्ग र उच्च वर्गहरूको घरमा सिसाका Aquriam मा सजाइने जस्तै रङ्गिबिरङ्गी राता माछाहरू पालिएका थिए । त्यस कुण्डमा पालिएको माछाका जातहरू तत्कालीन समयमा नेपालको तराई, धरान, विराटनगर, काठमाडौँ उपत्यकामा र Aquriam पनि सायद पाइँदैन थियो, सायद भारतबाट नै ल्याएको हुनुपर्दछ । दिङ्लाबाट बनारस पुग्न करिब १ महिना पैदल लाग्दथ्यो । के भाँडामा बोकेर, कसरी, कहाँबाट, चारो के खुवाएर जीवित नै माछा, दिङ्ला कसरी पुऱ्याउन सकियो होला, दिङ्लामा चारो के खुवाउने जानकारी कसरी भयो होला, अद्भुत महापुरुषविना यो कार्य सम्भव थिएन होला भन्ने लाग्दछ । गौरीकुण्डमा पालिएका Aquriam का जस्तै राता माछाहरू नेपालको पहाडी र हिमाली क्षेत्रको इतिहासको सायद प्रथम प्रयोग हो भन्ने लाग्दछ ।

सदाचारज्ञानाऽदर्शकः (सं. २०६७ : ४३), "मत्ययुक्त तडागस्य रचितो ब्रह्चारिणा ॥ उद्यानं परिखायुक्तं नानावृक्षसमन्वितम् ॥" दधिराज सुवेदीका अनुसार पछिल्लो चरणमा यी रङ्गीन जातका राता माछाहरू साङ्राङको सिंहदेवी थान तलतिरको पोखरीमा पनि पार्वती कुण्डबाटै लगेर हालिएका थिए ।

५१. आयुर्वेदिक उद्यान तथा बगैँचा निर्माण प्रसङ्ग :

वि. सं. १९६०-६६ को समयमा १००८ प्रजातिका फलफूल, आयुर्वेदिक जडिबुटी, रुद्राक्ष, रक्तचन्दन, श्रीखण्ड, अशोक वृक्ष लगायत आर्थिक, धार्मिक, सांस्कृतिक आदि महत्त्व बोकेका वनस्पतिहरू लगाई हृदय बहलाउने आयुर्वेदिक उद्यान तथा बगैँचा निर्माण गरेको देखिन्छ । यो औपचारिक रूपमा जनस्तरबाट लगाइएको नेपालको प्रथम आधुनिक आयुर्वेदिक उद्यान हो भनी स्पष्ट भन्न सकिन्छ । नरदेवी उद्यान योभन्दा २०-२२ वर्ष कान्छो छ । किरातकालीन समयदेखि नै नेपालमा आयुर्वेदको प्रयोग सुरु भएको इतिहास देखिन्छ ।

सदाचारज्ञानाऽदर्शकः (सं. २०६७ : ४३), प्रियालै पारिजातैश्च वटाश्वत्थैश्च हिङ्गुभिः ॥ शमी चम्प वचश्चैव सरलैर्देवदारुभिः ॥ शोभितं पलपुष्पाढ्यैर्देवोद्यानसमं बभौ ॥ नानाविधैश्च कुसुमैः शोभितं नितरां तथा ॥

दोस्रो कोणबाट विश्लेषण गर्दा आयुर्वेद पढाउने उद्देश्यसाथ विद्यालयले प्रयोगात्मक कार्य गराउन खोलेको नेपालको प्रथम उद्यान हो । उक्त उद्यानलाई बालागुरुका नाति कविराज दिनराज अधिकारीले त्रिजुद्ध आयुर्वेद अस्पताल दिङ्लामा वि. सं. १९९९ स्थापनादेखि कार्यरत रहँदा स्वयम्बाट कतिपय औषधि निर्माण तथा प्रयोग गरी बालागुरुको सदिच्छा पूरा गर्ने प्रयास भएको देखिन्छ । त्यसै गरी वि. सं. २०१९ हरिप्रसाद काफ्ले प्रधानाध्यापक बने पनि वि. सं. २०२४ मा व्याकरणाचार्य र आयुर्वेद विशारद (कविराज वा आयुर्वेदाचार्य) उत्तीर्ण गरेको देखिन्छ । सायद विद्यालयमा आयुर्वेदको पढाइ अघि बढाउनका लागि पनि नियुक्त भएको हुन सक्दछ, किनकि उनी प्र. अ. बनेपछि वि. सं. २०२२-२३ देखि पूर्वमध्यमा कक्षा सञ्चालन सुरु भएका थिए । आयुर्वेद नपढाउने हो भने वि. सं. २०१९ मा प्र. अ. भएको शिक्षकले किन कविराज वा आयुर्वेदाचार्य पढे त ? प्र. अ. हरिप्रसादको दूरदर्शी नीति देखिन्छ । बालागुरुको सपना साकार पार्न प्र. अ. बनेपछि वाराणसीमा भर्ना भई आयुर्वेदाचार्य पास गरेको देखिन्छ । दुर्भाग्यवश वि. सं. २०२५ जेठमै उनको मृत्यु भएको हुनाले उक्त आयुर्वेदिक उद्यान उपयोगमा आउन सकेन आजसम्म पनि । त्यसपछिका प्र. अ. लाई पनि महत्त्वबोध भएन होला र आज लगभग उद्यान विलीन अवस्थामा छ । षडानन्द विद्यालयमा आज कक्षा ९–१२ प्राविधिक धार चलिसकेको हुनाले अब वर्तमान प्र. अ. ले आयुर्वेद वा Naturopathy शिक्षण गराउन, ज्योतिष शिक्षण गराउन तथा उद्यान मर्मत गर्न यस अनुसन्धानकर्ताको व्यक्तिगत सल्लाह छ । हिम्मत गर्नुहोस्, सहयोगी हातहरू जुर्मुराउनेछन्, बालागुरुको आशीर्वाद पनि लाग्नेछ ।

तेस्रो कोणबाट विश्लेषण गर्दा गुठी तथा वित्तीय संस्थाले लगाएको नेपालकै आधुनिक कालको प्रथम उद्यान तथा आयुर्वेदिक उद्यान थियो । अरुण उपत्यकावासीको उपचारका लागि जडिबुटी उपलब्ध गराउने आयुर्वेदालय सरह थियो । वर्षौंदेखिका रोगीहरूको ज्यान पनि यसले बचाएको थियो ।

प्रसङ्गवश शिवपुराणमा रुद्राक्षारण्य भनी हिमवत्खण्डलाई भनिएको छ । डा. सुवास राई (www.rudrakshya–ratna.com) अनुसार नेपाल लगायत हिमालय खण्ड अन्तर्गत भारतको उत्तराखण्ड, भुटान र बर्मासम्मको बेल्टलाई पनि रुद्राक्ष उत्पत्ति क्षेत्र भन्न सकिन्छ । तर शिवपुराणमा श्लेष्मान्तक आरण्यको पूर्वतर्फ जोडिएको रुद्राक्ष आरण्य हो भनी सङ्केत गर्दछ । श्लेष्म (लप्सी) काठमाडौं उपत्यकामा र विश्वमा नेपालमा मात्र पाइने बृक्ष हो । रुद्राक्ष शिवबाबाको क्षेत्रमा रहने हुनाले पशुपतिनाथ क्षेत्र, हलेसी क्षेत्र र पिण्डेश्वर क्षेत्र आदि

नेपालका तीर्थस्थलहरू नै रुद्राक्षको प्राचीन उत्पत्ति स्थान हो भन्न सक्दछौं । गुरु षडानन्दले काठमाडौँ वा धरान पिण्डेश्वरबाटै रुद्राक्ष दिङ्ला लगेर लगाएको हो भन्ने अनुमान गर्न सकिन्छ अथवा दिङ्लामै पनि रुद्राक्ष पाइन्थ्यो कि ? तर महत्त्व बालागुरुले बुझाएको र बगैँचामा विस्तार गरेको पनि हुन सक्दछ । पूर्व प्र. म. नगेन्द्रप्रसाद रिजाल व्यक्तित्व र कृतित्व ग्रन्थमा दधिराज सुवेदीले पनि धरान पिण्डेश्वर क्षेत्रबाट (रुद्राक्षारण्यबाट) नै दिङ्लाबाट तराई आउने-जाने क्रममा बालागुरुले रुदाक्ष लिएर गएको अनुमान गरेको देखिन्छ ।

बालागुरु काठमाडौँबाट ३ वर्षपछि वि. सं. १९६९ मा दिङ्ला फर्कदा रुद्राक्षहरू अग्ला भई उद्यानमा फल्न थालिसकेका हुनाले बालागुरु प्रफुल्लित भएको खेमराज गौतमले श्लोकमार्फत ग्रन्थमा उल्लेख गरेको देखिन्छ । तसर्थ वि. सं. १९६४-१९६६ को समयमा रुद्राक्षरोपणसँगै दिङ्लाको आयुर्वेदिक उद्यान निर्माण भएको थियो भन्ने स्थानीयबासीको मत पनि देखिन्छ ।

आज रसिया, जापान, कोरिया, चीन, भारत, इटाली, जर्मनी, क्यानडा, नर्वे, इन्डोनेसिया आदि देश लगायत कैयौँ देशका साधु, सन्त, जोगी, योगीहरू रुद्राक्षको मूल भण्डार दिङ्लासँग परिचित वा जानकार देखिन्छन् । केही वर्ष यता प्रायशः बिक्री नहुने पञ्चमुखी रुद्राक्ष पनि चाइनिज व्यापारीहरूले दिङ्ला र सङ्खुवासभाको गाउँबस्तीमा पुगेर चिल्लो गोल मिलेको पञ्चमुखी रुद्राक्ष प्रति के. जी. ४-५ लाख मूल्यमा समेत खरिद गर्ने गरेका छन् । तर २-३ वर्ष यता उल्लिखित मूल्यमा अति धेरै गिरावट आएको देखिन्छ ।

दिङ्लाको रुद्राक्ष उद्यानले कौशिकी सभ्यता (कौशिक गोत्रका ऋषि र वशिष्ठ ऋषिले तपस्या गरेको, कौशिकको अर्थ ब्रह्माण्डका मित्र), अरुण उपत्यका सभ्यता र नेपालली सनातन सभ्यताको पनि परिचय विश्वसामु गराएको छ । विश्वमा प्रथम गुणस्तरको रुद्राक्ष उत्पादक राष्ट्र नेपाल देखिन्छ भने मुख्य उत्पादन स्थान दिङ्ला, अरुण उपत्यका र आजभोलि पूर्वी पहाडी जिल्ला पनि देखिन थालेका छन् । मुख्य केन्द्रविन्दु दिङ्लाको त्यही उद्यान हो । यसले अरुण उपत्यकाको आर्थिक समृद्धि बढाएको छ । आजभोलि विभिन्न जिल्लाहरूमा आर्थिक जागरण अभियानका रूपमा रुद्राक्षरोपण बढिरहेको छ ।

५२. वि. सं. १९६०-१९६६ का विविध निर्माणहरू :

डा. सुरेशराज शर्मा (२०७३ : ४५०-४५३) का अनुसार वि. सं. १९३२ मा स्थापित षडानन्द पाठशाला नेपालको निजी क्षेत्रको (प्राइभेट) पहिलो विद्यालयका रूपमा देखिन्छ । संस्कृत पाठशाला पनि विद्यार्थीले इच्छाएको विषयहरू पढ्न पाउने गरी व्यवस्थापन भएछ । विद्यालय स्थापना गर्नु मात्र ठूलो कुरो होइन, त्यसको सञ्चालनका लागि आवश्यक सम्पूर्ण प्रबन्धहरू बालागुरुले मिलाउनु महत्त्वपूर्ण कुरो हो । जनसमूहलाई चित्त बुझाएर नेपाली

समाजको कलङ्कका रूपमा सतीप्रथा सरकारले अन्त्य घोषणा गर्नुअघि नै दिङ्ला क्षेत्रमा त्यस प्रथाको सामूहिक प्रयासमा अन्त्य प्रयास गर्नु अर्को महत्त्वपूर्ण पाटो रहेको देखिन्छ ।

५३. अन्य निर्माणहरू निम्नानुसार रहेका छन् –

१. षडानन्द सम्बन्धी अभिलेख (२०७२ : ५५) अनुसार वि. सं. १९६६ मा राधाकृष्ण मन्दिर स्थापना साल्मा बस्ने जमदार बलभद्र बस्नेतले आफ्नो खर्चमा निर्माण गरी बालागुरुलाई अर्पण गरेको देखिन्छ। दैनिक पूजाआजा गर्न तुङ्गेछ्याको ८ मुरी धान फल्ने ४ खला रैकर खेत भूमिदान वि. सं. १९६६ भाद्र ४ गते बिहीबार भएको थियो । सदाचार ज्ञानादर्शक (सं. २०६७ : ४८), "राधाकृष्णौ तथात्रैव बलभद्रात्प्रतिष्ठितौ । शिवलिङ्गानि पुण्यानि बहूनि सन्ति तत्र वै ॥ बाह्यशालास्थितं गेहमभ्यागत निवेशनम् । जमानसिंहहस्तेन गुरुवाक्यात्प्रतिष्ठितम् ॥"

२. वि. सं. १९६६ मा उदयपुर बस्ने बिचारी जमानसिंह बस्नेतद्वारा (जमान सिंह र बलभद्र दाजुभाइले) कलात्मक सत्तल निर्माण गरी गुठीको नाममा अर्पण गरेको देखिन्छ। सत्तल कलात्मक आँखीझ्याल, कलात्मक ढोकाहरू, झिँगटीको छानासहितको २ तला थियो । उक्त सामग्रीहरू प्रयोग गरी जीर्णोद्धार गरेर हाल दिङ्ला रेडक्रस सोसाइटीले प्रयोग गरिरहेको छ। देशी तथा विदेशी अभ्यागत (साधुसन्त र पाहुनाहरू) त्यस भवनमा निःशुल्क बस्न पाउने र बसुन्जेल गुठीले खानाको प्रबन्धसमेत गर्ने चलन थियो । स्थानीय गरिब, अन्ध, अपाङ्ग, पीडित आदि पनि आई त्यस सत्तललाई आश्रयस्थलका रूपमा प्रयोग गर्दथे । यस भवनको सामुन्नेमा बालागुरुले रोपेको नेपालकै एक प्रजातिको र एक मात्र (Origional) सदाबहार अशोक वृक्ष रहेको छ । नेपालमा अन्य प्रजातिका अशोक बृक्षहरू पाइने भए तापनि दिङ्लाको प्रजातिको अशोक नेपाल अधिराज्यभर अन्यत्र कतै नभएको वन विभाग केन्द्रीय कार्यालयको ठहर छ (केन्द्रीय वन विभागबाट वि. सं. २०६६ मा जानकारी भएको) ।

३. राधाकृष्ण मन्दिरको निर्माणपछि मात्र लाखेजात्रा, मारुनीजात्रा, हिलेजात्रा (प्राचीनकालीन तथा किसानी सहकालीन आशाका किरण र उत्सवको प्रतिविम्ब) आदि जात्रा सञ्चालन भएका थिए । उक्त कलात्मक सत्तल सञ्चालन र जीर्णोद्धार गर्न थाक्सिला रैकर तथा बढ खेत बालागुरुलाई वि. सं. १९६६ आषाढ १६ गते मङ्गलबारको दिन जमानसिंहले भूमिदान गरेको पत्र षडानन्द सम्बन्धी अभिलेखमा (२०७२ : ५३) भेटिन्छ ।

४. हेमराज शर्मा अधिकारी (२०७५) का अनुसार शिवलिङ्गहरू निर्माण लगभग राधाकृष्ण मन्दिरसँगै भएको देखिन्छ । आजपति राधाकृण मन्दिर वरिपरि

शिवलिङ्गहरू स्थापित देखिन्छन् । बीचमा षडेश्वर शिवलिङ्ग रहेको छ । "यी सबै शिवलिङ्गहरू बालागुरुलाई विभिन्न कार्यहरूमा र विभिन्न समयमा ज्यादै महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने सहकर्मी, शिष्य र सहयोगीहरूको नाममा निर्माण भएको थियो । रामनाथ अधिकारीको नामबाट रामेश्वर शिवलिङ्ग, शिवलाल अधिकारीको नामबाट शिवेश्वर शिवलिङ्ग, जयधर्म अधिकारीको नामबाट जयधर्मेश्वर शिवलिङ्ग, यज्ञनिधि चापागाईंको नामबाट यज्ञेश्वर शिवलिङ्ग, नन्दिकेश्वर अधिकारीको नामबाट नन्दीश्वर शिवलिङ्ग, जीवनाथ चापागाईंको नामबाट जीवेश्वर शिवलिङ्ग, बलभद्र बस्नेतको नामबाट बलभद्रेश्वर शिवलिङ्ग, लक्ष्मीप्रसाद चापागाईंको नामबाट लक्ष्मीश्वर शिवलिङ्ग, जमानसिंह बस्नेतको नामबाट जमानेश्वर शिवलिङ्ग आदि । यहाँ ८ शिवलिङ्गहरू देखिन्छन् ।"

सदाचारज्ञानाↄदर्शकःका अनुसार (सं. २०६७), "देवालयका पूर्वतर्फ पुजारीहरू र देवताका सर्दाम राख्ने पक्की घर, छात्रावासका २ कोठाको घर जयधर्मले र रामनाथले १, पश्चिम भागका ४ मा २ कोठा यज्ञनिधिले र जीवनाथले २ कोठा, शिवलालले १, जम्मा ४ घरहरू रहेका छन् । ३ चोकमध्ये बाहिरी चोकमा जमानसिंहले बनाएको अभ्यागत बस्ने पक्की पाटीघर छ ।"

गायत्री चापागाईंको लेख (२०५२) मा उल्लिखित निम्न देखिन्छन् र धेरै संरचना आजसम्म पनि रहेका छन् :

- मन्दिरको ४ सुरमा ठूला-ठूला घण्टहरू निर्माण गरिएका थिए ।
- सीताराम मन्दिर परिसरमा गणेश मन्दिर, पृथ्वी, कुर्म, शेषनाग र बराहका मूर्तिहरू थिए । पूजाका मण्डुकहरू पनि स्थापना गरिएको थियो ।
- मन्दिरको पूर्वपट्टि पण्डित (शिक्षक) बस्ने घर, पुजारी बस्ने घर तथा पूजाका सर्दाम राख्ने घर पं. नन्दिकेश्वर अधिकारीले आफ्नो खर्चमा निर्माण गरी अर्पण गरेका थिए ।
- विद्यार्थी छात्रावास २ कोठाघर तथा रामनाथ अधिकारी आफैँले निर्माण गरेको एक घर थियो ।
- शिवालयको पश्चिम भागको ४ कोठामा २ कोठा विद्यार्थी बस्ने घर यज्ञनिधि चापागाईंले निर्माण गरी अर्पण भएको तथा २ वटा कोठा जीवनाथ चापागाईले निर्माण गरी अर्पण भएको ।
- सुरुमा ४ भवनहरू थिए ।
- मध्यमा पुराण भन्ने घर फुसको छानोसहितको थियो (पछि प्रयागराज र टीका चापागाईंले मर्मत गरिदिएको र हालको अवस्थामा रहेको)
- शिलालेख राख्ने कोठा

- खरिदार बस्ने कोठा
- ताम्रपत्र, लालमोहर र कागजात राख्ने कोठा
- पूर्वतर्फ नगरा राख्ने कोठा
- धनसार घर (पछिका वर्षमा गौरीकुण्डछेउ हाल फलैँचा भएको स्थानमा धनसार घरनिर्माण भएको थियो ।
- जगेडा घर (सामग्री राख्ने कोठा)
- पुस्तकालय घर (कोठा)
- पर्वका सामाग्रीहरू राख्ने घर (चाडपर्वकम लागि, जस्तै लाखेको मुकुन्डो, मारुनी नृत्य सामग्री आदि राख्न प्रयोग भएको)
- मन्दिर परिसरमा ३ चोक थिए । छात्रावाससहित क्रमशः ४ बाट पछिल्लो चरणमा ७ भवनसम्म बनेका देखिन्छन् ।

तोया गौतम (वर्तमान पुजारी) का अनुसार हाल मन्दिर पछाडि भुइँमा लडिरहेको स्तम्भका ४ डोबिल्काहरूमा राम, सीता, लक्ष्मण र हनुमानका मूर्तिहरू राखिएका थिए । पुरानो मन्दिर भत्किएर मण्डपमा मूर्तिहरू ल्याएर नयाँ मन्दिर नबनेसम्म राखिएको थियो । नयाँ मन्दिर बनेपछि उक्त मूर्तिहरू यथावत लगेर राखिएको थियो । मन्दिर परिसरमा पछिल्लो निर्माणले हाल बसाहा (नन्दी) उल्टो भएको छ । षडेश्वर नजिकै बसाहा हुनुपर्दछ । पश्चिममा बसाहा छ । यसलाई सार्नुपर्ने आवश्यकता देखिन्छ । सीताराम मन्दिर भत्किएर पुनर्निर्माण समयमा काठ भने कटहरे वितलबका हवल्दार (डाँडाघरे) हरिप्रसाद लम्सालले उपलब्ध गराएको देखिन्छ । षडानन्द सालिकमुनि चौबाटोमा ठूलो वरको रूख थियो । भित्तामा फलैँचा पनि सालिक निर्माणको समयमा हवल्दार हरिप्रसादबाट निजी खर्चमा निर्माण भएको थियो । हाल बाटो निर्माणका कारण वर पनि काटियो, फलैँचा पनि गायब भयो ।

५. वि. सं. १९६६ आषाढ १७ गते बिहीबार आषाढ शुक्ल त्रयोदशीको दिन धर्मपत्रिका निर्माण भएको थियो । सदाचारज्ञानाऽदर्शकःमा 'षड्ऋतु ग्रहभूयाते वर्षे शुक्ले शुचौ गुरौ । त्रयोदश्यां प्रभाते वै शिलापत्रोत्थितिः कृताः ॥' उल्लेख छ ।
६. वि. सं. १९६६ आषाढ १८ गते शुक्रबार (१ दिनपछि) यज्ञ लगाई शिलालेख स्थापना गराउनुभएको थियो । हाल पुराणवाचन मण्डप भएको स्थानमा राखिएको छ ।

५४. वि. सं. १९६८ श्रावण ३१ गते बुधबार गौरीप्रसाद चापागाईंले बालागुरुलाई गुठीका लागि गौचरनको जग्गा उपलब्ध गराई गौचरनमा परिणत गरेको देखिन्छ । गौचरन बनाउन नुन छर्केर छोड्ने चलन छ ।

५५. वि. सं. १९६८ पौष ३० गते आइतबार विष्णुप्रसाद चापागाईंबाट गौचरनका लागि भूमिदान दिएको देखिन्छ । उक्त ठाउँमा हाल प्राथमिक उपचार केन्द्र वा अस्पताल छ ।

५६. वि. सं. १९७७ मा खड्गमान बस्नेतबाट षडेश्वर शिवलिङ्ग अगाडिको ढुङ्गाको स्तम्भ निर्माण गराई धातुको बसाहा अर्पण भएको देखिन्छ ।

५७. मन्दिरमा मूर्ति तथा पूजाका भाँडाहरू सरसफाइका लागि चाँदीका २ खड्कुलाहरू थिए । सीता, राम, लक्ष्मण र राधाकृष्ण आदि देवीदेवताहरूका लागि सुन तथा चाँदीका गरगहनाहरू व्यवस्थापन भएको थियो । वार्षिक रूपमा भोटो र गरगहना फेराउने चलन थियो । स्तम्भमा हनुमान र बसाहासमेत चाँदीका थिए । प्रसङ्गवश एकपटक उक्त चाँदीका मूर्ति चोरी भई हराएको थाहा पाउनेबित्तिकै तत्कालीन अरुण मा.वि.का प्रधानाध्यापक गुरुप्रसाद राई र षडानन्द मा.वि. का प्र.अ तीर्थराज न्यौपानेले दुवै विद्यालयका विद्यार्थीलाई उर्दी जारी गरी जङ्गलतिर शङ्का गरी खोजतलास गर्दा उक्त मूर्ति नारदेचौर (नारद गौतमले अर्पण गरेका) नजिकैको पात्लेघारीमा लुकाएको अवस्थामा फेला पारी गुठी सरोकारवालालाई जिम्मा लगाइएको थियो ।

५८. सेमन्तराज अधिकारी (२०६२ : ४०) का अनुसार वि. सं. १९९४ मा कर्णेल गङ्गाबहादुरबाट सीताराम मन्दिर अगाडिको स्तम्भ र हनुमानको मूर्ति अर्पण भएको थियो । कर्णेल तत्कालीन बडाहाकिम थिए । उनी संस्कृत भाषाका प्रकाण्ड विद्वान्समेत थिए । सीताराम पाठशालाको अनुगमन गर्ने क्रममा वटुकहरूले वेद मन्त्र उच्चारण गरेको सुन्दा प्रभावित भई 'यस्ता जान्ने विद्यार्थी र प्रकाण्ड गुरुहरू काठमाडौं र बनारसमा पनि छैनन् होला' भनी प्रशंसा भएको थियो । त्रैलोक्यनाथ भण्डारी लगायत केही विद्यार्थीहरूलाई व्यक्तिगत पुरस्कारसमेत दिएर भोजपुरतर्फ उनी फर्किएका थिए । यसबाट के भन्न सकिन्छ भने योग्य गुरुका शिष्यहरूको उत्कृष्ट गुणस्तरको कारण काठमाडौं र बनारसको शिक्षाको गुणस्तरभन्दा कम थिएन । उक्त पाठशालाका उत्पादन नेपाल सरकारका र भारतमा पनि रोजगारीको सिलसिलामा उच्च ओहदासम्म पुगेका थिए । सेमन्तराज अधिकारी (२०६२ : ४०) का अनुसार डिल्लीराज अधिकारी बनारस विश्वविद्यालयमा शास्त्री अध्ययन गर्दा त्यस वर्षको एक क्याम्पसको नभई पूरै विश्वविद्यालयकै गोल्डमेडलिस्ट भएका थिए । कविवर धरणीधर कोइरालाले दार्जिलिङमा डिल्लीराजलाई झिकाई धीरधाम ट्रस्टी बोर्ड र हिमाचल हिन्दी भवनको प्रमुखको पदमा समेत नियुक्त गरेका थिए । उनले ४ वर्ष त्यहाँ कार्य गरी षडानन्द पाठशालामा सेवारत पिता बद्रीनारायण अधिकारीको देहावसान

भएपछि दिङ्ला आई वि. सं. २००२ देखि षडानन्द पाठशालामा शिक्षकका रूपमा सेवा गरी पारिवारिक सेवा निरन्तरता दिएको देखिन्छ ।

५९. वि. सं. १९६० को दशकमै दिङ्ला बजारबाट अरुण मा. वि. तर्फ जगेडाको वन हुँदै गढीगाउँको लप्टन बलबहादुर बस्नेतको घरमुनि तथा सुन्तलेडाँडा नजिकैको बिदाइ चौतारोसम्म झन्डै ४-५ किलोमिटर लामो फराकिलो मोटरेबल कच्ची सडक निर्माण सम्पन्न बालागुरुबाट भएको देखिन्छ । यो सडक बहुआयामिक दृष्टिकोणले निर्माण गरिएको थियो । टोनी हेगनको ग्रन्थ अनुसार वि. सं. २००७-०८ तिर उनी नेपाल आउँदाको समयमा काठमाडौँमा कलङ्कीदेखि नारायणहिटी दरबारसम्म झन्डै १० कि. मि. कच्ची धूले सडक थियो । काठमाडौँबाहिर त पहाडी क्षेत्रमा कच्ची सडकको कुरै नगरौँ । त्यो पनि ४-५ किलोमिटर लामो र फराकिलो मोटरेबल कच्ची सडक । राणाकालको अन्त्यतिरदेखि मात्र नेपालमा जिल्ला र जिल्लाका सदरमुकामहरू घोषणा भए । तसर्थ कुनै पहाडी र हिमाली जिल्ला सदरमुकाममा पनि यति लामो कच्ची मोटरेबल सडक थिएन भनी अनुमान गर्न सकिन्छ । यो नेपालको पहाडी र हिमाली क्षेत्रको प्रथम मोटरेबल कच्ची सडक भएको अनुमान गर्न सकिन्छ । दिङ्लावासीहरूले आजभोलि पनि उच्च ओहदाका राजनीतिक नेतृत्व, हाकिम, कर्मचारी, राजदूतहरू र आफन्तहरू दिङ्लाबाट बिदाइ गर्ने अवसरमा बिदाइ चौतारासम्म आई सम्मानपूर्वक बिदाइ गर्ने चलन चलिरहेको छ ।

६०. बालागुरुको प्रयासमा वि. सं. १९४० मा अरुण उपत्यकामा सतीप्रथा अन्त्य गरिसकेपछि त्यसको देखासिकी वा अनुसरणको सामाजिक पुनर्जागरण क्रमशः अरुण उपत्यका बाहिर हुँदै नेपाल राष्ट्रभरि फैलिएको थियो । सतीप्रथामा उल्लिखित हरिप्रसाद लम्सालको घर डाँडाघरे चौरमुनि थियो । सिउँडीबारी पूर्वतर्फ तत्कालीन केउरेनीपानी वडा नं. ३ लम्छुवा, कटहरे वितलबमा रहेको घरको अवशेष अझै देख्न सकिन्छ । त्यसको प्रभाव देशैभरि परेपछि दबाबपूर्ण पनि बन्यो । तसर्थ श्री ३ चन्द्र शमशेरले वि. सं. १९७७ मा सतीप्रथा वैधानिक रूपमै अन्त्य गरिदिए । सतीप्रथा अन्त्य दिङ्लाबाट भएपछि सतीघाटमा दिङ्लातर्फको अरुण नदी किनारमा मलामीहरू तथा अभ्यागतहरूको सुविधाका लागि बालागुरुको नेतृत्वमा तेलिया इँटाको धर्मशाला पाटी निर्माण भएको थियो । सतीघाटमा स्थानीयवासीको सहयोग लिएर स्नानघाट पनि निर्माण भएको देखिन्छ । नदीसम्म पुग्न फलामका किला, साङ्ली र तेलिया इँटाद्वारा निर्मित थियो धर्मशाला र घाट क्षेत्र । सतीघाटको पहिले डुङ्गा लाग्ने स्थानमा उक्त घाटका इँटाका अवशेषहरू नदी किनारमा अद्यावधि फाट्टफुट्ट भेटिन्छन् ।

६१. पहिले तुर्केघाटमा मात्र डुङ्गा (नाउ) लगाउने चलन थियो । बालागुरुले दिङ्लाबाट खाँदबारीतर्फ आवतजावत गर्न सहज बनाउन सतीघाटमा डुङ्गा लगाउने सरकारी अनुमति लिई सञ्चालन गरेको देखिन्छ । तसर्थ नदीमा डुङ्गा व्यवस्थापन, सतीघाट व्यवस्थापन, धर्मशाला व्यवस्थापन, अरुण नदीमा माघे सङ्क्रान्तिको दिन स्थान गर्ने महोत्सव र सतीघाट मेला व्यवस्थापन उत्कृष्ट व्यवस्थापकीय कार्यहरू थिए । उक्त समयमा नदीमा पुल निर्माण गर्ने कार्य अतीव कठिन भएकाले जोकोही पनि वारिपारि गर्न, सम्पर्क स्थापित गर्न, बिहेबारी गर्न, किनमेल र खरिद-बिक्री गर्न सहज बनाएका महान् कार्यहरू देखिन्छन् । बालागुरुले जे जनताको पीरमर्का बुझे, त्यसलाई बलबुताले भ्याएसम्म व्यवस्थापन गर्न कुनै कसुर बाँकी छाडेनन् । वास्तवमा बालागुरु षडानन्द पात्र भनेको नै नेपाली मौलिक व्यवस्थापनको शिरोमणि हो भन्दा दुई मत देखिँदैन ।

६२. पं. कृष्णप्रसाद गुरागाईंका अनुसार बालागुरुले सभा र अरुण नदीको सङ्गम त्रिवेणीघाटमा बाला चतुर्दशीमा शतबीज छर्ने मेला शुभारम्भ गराएको बुझिन्छ । उक्त तीर्थलाई पुराणहरूमा स्प्रिया तीर्थान्तर्गत त्रिवेणीधाम भनेर उल्लेख भएको छ । अर्थात् सभापोखरी नै स्प्रियातीर्थ हो जुन सभा नदीको मुहान पनि हो । यस प्राचीन पवित्र स्थलमा स्वयम्भू मनुका नाति, इलाबाट जन्मिएका पुरुरवा राजाको (वशिष्ठ र अगस्त्य मुनिका पिता) को तीर्थभूमि तथा तपोभूमि पनि हो तथा राज्यभूमिको अंश पनि हो, जुन कामाख्यादेखि गङ्गातटसम्म फैलिएको पौराणिक कथनमा देखिन्छ । यस त्रिवेणीधाम (कत्लेभज्याङमुनिको दोभान क्षेत्रमा) जोसमनी मतका स्वामी निर्वाणानन्द (श्री ५ रणबहादुर शाह) ले वि. सं. १८६० को दशकतिर हिले-धरान जाने मूल बाटोमा पर्ने धाम भएको हुनाले आगन्तुक र अभ्यागतको सुविधाका लागि धर्मशाला पाटी पनि निर्माण गरेको देखिन्छ । ३ दशक अघिसम्म पाटी देखिँदै थियो । अहिले नामोनिसान छैन, तथापि उक्त स्थानमा पाकेका इँटाहरूका प्रशस्त अवशेष खोलाका किनारमा भेटिन्छन् । उक्त धामको सङ्खुवासभाका जनताले विशेष खोज र संरक्षण गर्नु जरुरी देखिन्छ ।

६३. बालागुरुको सल्लाह र निर्देशनमा दिङ्ला तथा अरुण उपत्यका अथवा कौशिकी सभ्यता क्षेत्रमा धर्म कमाउने उद्देश्यले जागरण तथा पुनर्जागरणको लहरै चलेको थियो । फलस्वरूप कैयौँका घरमा तुलसीका मठ बने, हजारौँ ढुङ्गे फलैँचाहरू तथा चौताराहरू थपिए । गाउँघरका बाटाहरू पनि फराकिला बाटामा रूपान्तरण भए । सत्तल, पाटी र धर्मशाला बनाउने चलन जुर्मुरायो । दसैँ र तिहारको समयमा गाउँदेखि ब्याँसीसम्म पनि बर्सेनी बाटो मर्मत गर्ने लहर बृद्धि भयो । यसको अनुकरण गर्दै डा.

तुलसी भट्टराई, सेमन्तराज अधिकारी र राजनीतिक व्यक्तित्व बद्री पहाडीको सारसङ्क्षेपमा पूर्वमा ताप्लेजुङदेखि नेपाल अधिराज्यभर नै पुनर्जागरणको लहर चलेको हुनुपर्दछ । अर्थात् ती कार्यहरू पहिले पनि हुन्थे तर सुस्त र सुषुप्त रहेको अवस्थामा बालागुरु षडानन्दको प्रेरणाले अझै जुर्मुराउने अवसर बनाइदिएको थियो भनी विश्लेषण गर्न सकिन्छ ।

६४. पाठशाला तथा गुठीलाई वि. सं. १९३५ मा लालमोहर तथा वि. सं. १९४१ मा रुक्का आदेश राणा सरकारबाट जारी भएको थियो । वि. सं. १९४२ मा प्राप्त ताम्रपत्र र वि. सं. १९४१ को रुक्का आदेश धातुपत्रमा लिखित र टिकाउ हुने ठोस प्रमाण थियो । त्यसै गरी वि. सं. १९४६ मा सनदपत्र पनि जारी भएको देखिन्छ ।

६५. वि. सं. १९७० मा विद्यालय तथा गुठीका नाममा श्री ३ चन्द्र शमशेरबाट इस्तिहार जारी गराई गुठीको जग्गा सम्पत्तिमा आइन्दा मोही र जग्गादाताका सन्तान-दरसन्तानले पनि हक दावी गर्न नपाउने व्यवस्था भयो । तसर्थ गुठीको सम्पति र विद्यालयको जगेर्ना भएको थियो । यी सबै कार्यहरू राणा सरकारबाट प्राप्त गर्न युगपुरुषविना शतप्रतिशत असम्भव थियो । गुरुको मृत्युपश्चात् वि. सं. १९८८ मा तर्जुमापत्र र वि. सं. १९७५ मा तजबिजपत्र राखेको अभिलेख पनि भेटिन्छ ।

६६. खेमराज गौतम (२०५९) का अनुसार ज्योतिष, धर्मशास्त्र, वास्तुशास्त्र र योजनाशास्त्रका विधिहरू अपनाई उत्तरतर्फ मन्दिरहरू र विद्यालय, पश्चिमतर्फ हटिया र मेलापर्वहरू लाग्ने ठाउँ, पूर्वदक्षिणतर्फ फूलबारी र उद्यान, चौबाटोमा दिङ्ला बजार साथै दक्षिणतर्फ कुण्ड, ढलनिकास आदिको योजनासहित आधुनिक दिङ्ला नगरी क्षेत्रको डिजाइन बालागुरुबाट भएको थियो ।

ज्ञानमणि नेपाल (२०७३ : ३३-३४) का अनुसार वि. सं. १९५९ मा काठमाडौँबाट दिङ्लाका भतिजाहरूलाई लेखेको पत्र विश्लेषण गर्दा "पं. नन्दिकेश्वर अधिकारीले दिङ्लाको पाठशाला निर्माण गर्दा लागेको सम्पूर्ण खर्च आफैँ बेहोर्छु भनेका थिए ।" भतिजाहरूलाई यो कुरा मन परेन । बालागुरुले भतिजाहरूलाई सम्झाउँदै लेखेको पत्रको अंश : "धर्म गर्छु भन्नेलाई बाधा नपार्नु । मेरा भक्त तिमीहरू सबैमा पण्डित नन्दिकेश्वर उपाध्यायको दर्जा ठूलो हो । यो पाठशाला बनाएको खर्च म भरना गर्छु भन्छन् भने दामासाही तिमीहरू पस्छौ भने तिमीहरूको खुस । एकलौटी गर्छौ भने तिमीहरू बसी जो गर्न्या काम गर्नु, पण्डित नन्दिकेश्वरलाई दोस्रो (परको) जान्नु हुँदैन । अघि पनि मैले तिमीहरूलाई लेखेको हो, जे काम गर्दा पनि निजको सल्लाहले गर्नू । छोरा सपूत शिष्य सपूत भए भने

पिताको र गुरुको कीर्ति बढाउँछन्, छोराले गरेको बाबुको हुन्छ, शिष्यले गरेको गुरुको हुन्छ । अरू कसै भक्तजनले बढपथ गरी धर्म बढाउँछन्, चलाउँछन् भने पनि मेरो मञ्जुर छ ।”

विश्लेषण गर्न सकिन्छ कि यसरी ठूलाबुबा र भतिजाको सम्बन्ध, गुरु र शिष्यको सम्बन्ध, गुरु र भक्तको सम्बन्ध सुमधुर बनाउन नन्दिकेश्वर गुरु मात्र होइन, दिङ्लाका अन्य गुरुहरू, अन्य भतिजाहरू, अन्य जातजाति, अन्य वर्ग, अन्य धर्म, अन्य भाषाका मानिसहरूलाई समेत धर्म कमाउनका लागि बालागुरुले ढोका खुला गरिदिएको देखिन्छ । बालागुरुमा प्रजातान्त्रिक, खुला, उदारतावादी, सहभागितामूलक पन तथा दूरदर्शी दृष्टिकोण देखिन्छ । उनमा उदारता असीमित थियो र समाजको जागरणका लागि थियो भनी स्पष्टसाथ भन्न सकिन्छ ।

६७. मर्मत तथा जीर्णोद्धार प्रसङ्ग

१. वि. सं. १९९० को भूकम्पले पत्थरैपत्थरले निर्मित कलात्मक सीताराम मन्दिर चर्कियो । तर वि. सं. २०२३-२४ मा सबै भत्काइयो र हालको मन्दिर दुर्गाप्रसाद लम्सालको नेतृत्वमा सोही ठाउँमा निर्माण भयो । वि. सं. १९९९ सालमा साल्माका बद्रीनारायण अधिकारी, लम्सुवा वितलबका शेषराज अधिकारी, साङराङका काशीनाथ अधिकारी र गढीगाउँका लक्ष्मीभक्त अधिकारीले आफ्ना पूर्वजले बनाएको छात्रावास (पाटी) र बुर्जाघर मर्मत गर्ने भनी वि. सं. २०२३ जेठ १६ गते शुक्रबार मर्मतका लागि कबुलियत गरेको देखिन्छ । ‘आउँदो मङ्सिर महिनाभरमा नयाँ सावुद गरी बनाई तयार गरौँला’ भन्ने लिखत देखिन्छ (षडानन्द सम्बन्धी अभिलेख ग्रन्थ) ।

२. अधिकारी वंशजहरूले बनाएको गुरुघर लडेको ठाउँमा गुठीकै खर्च प्रयोग गरी स्व. डण्डपाणि चापागाईंले आधुनिक ढङ्गका कोठाहरू भएको छात्रावास वि. सं. २०२३ सालमा निर्माण गराउनुभयो ।

३. यज्ञनिधि चापागाईंले बनाएको भवन भत्किएको थियो । वि. सं. २०३७ मा डण्डपाणि चापागाईंले आफ्नो खर्चमा निर्माण गरी गुठीलाई अर्पण गरेको देखिन्छ । पछि गायत्रीकुमार चापागाईं र परिवारबाट पनि जीर्णोद्धार गरेको देखिन्छ । पछिल्लो चरणमा वि. सं. २०७३ सम्म अरुण मा. वि. का शिक्षकले पनि छात्रावासका रूपमा प्रयोग गरेको देखिन्छ ।

४. हालसम्म सबै संरचनाहरू जीर्णोद्धारको अवस्थामा देखिन्छन् । गुठी, स्थानीय सरकार, विद्यालय, सरकार र सरोकारवाला निकायले पहल गर्नु जरुरी छ ।

५. राइटर विष्णुप्रसाद चापागाईंका सन्ततिबाट पुराण भन्ने मण्डपको खरको छाना पछिल्लो चरणमा फेरी झिँगटीको निर्माण भएको देखिन्छ ।

प्रसङ्गवश श्री १०८ आबाल ब्रह्मचारी षडानन्द सम्मानजस्तै षडानन्द नगरपालिकाको फोहोर व्यवस्थापन गर्ने ट्रिपरको नं. को. ग. १०८ रहेको छ । प्रशासनमा जानकारी लिँदा खै कसरी संयोगले उक्त नम्बर परेछ भनी न. पा. को प्रशासनमा कार्यरत केशव गुरागाईंले भनेको कुरा उमेश अधिकारीले उल्लेख गरेको देखिन्छ ।

६. वि. सं. २०७६ मा नगरपालिकाको प्रशासन प्रमुख विष्णु कोइरालाको दिङ्ला आगमन भएको थियो । षडानन्द नगरपालिकाका निवर्तमान मेयर वीरबल राई, कोइराला तथा नगरपालिका परिवारको सक्रियतामा साप्ताहिक शनिबारे हटिया लाग्ने स्थानको व्यवस्थापन, बालउद्यान निर्माण, दिङ्ला बजारबाट कैलाशडाँडासम्म सिँडी तथा फलामे बार निर्माण आदि व्यवस्थापन कार्य चामत्कारिक गतिमा भएको थियो । हाल मेयर सुरेन्द्र उदास तथा प्रशासन प्रमुख गणेशविक्रम बस्नेतको वि. सं. २०७७ मा आगमनसँगै चलिरहेका योजना तथा नयाँ योजना सहित स्वस्फूर्त जीर्णोद्धार र निर्माणका कार्यमा पुण्य कमाउने उद्देश्य देखिन्छ । बालागुरुका शुभेच्छुकहरूको हृदयमा उमङ्ग किरणहरू छर्ने काम निरन्तर आशावादी तर हल्का सुस्त गतिमा भइरहेको देखिन्छ । क्याम्पस भवन, पुस्तकालय भवन आदि निर्माणाधीन छन् र जीर्णोद्धार हुँदैछन् । वि. सं. २०७९ को जनै पूर्णिमाबाट बन्द भएको ऋषितर्पणी पूर्णिमा सामूहिक स्नान दिङ्लामा पुनः सुरु भएको देखिन्छ । दिङ्ला उद्यानमा हाल पार्क बनाई व्यवस्थित गर्ने कार्य उत्तम भए पनि आयुर्वेदिक उद्यानको मर्ममाथि तुषारापात भएको देखिन्छ ।

७. गायत्रीकुमार चापागाईं (२०७३ : ७५) का अनुसार मन्दिरको पृष्ठ भागमा ‘सप्तरी’ भन्ने झिँगटीले छाएको घरमा विद्यार्थी बस्ने गर्दथे । तल्लो तलामा झाडुबढारु बस्ने गर्दथे । मन्दिरको पूर्वमा ‘बुर्जाघर’ भनिने गुरुघर थियो । भित्तामा कामदेवको मन्दिर थियो । यो घर नन्दिकेश्वर अधिकारी, लक्ष्मीभक्त, शिवलाल, जयधर्म आदि अधिकारीले बनाइदिएका थिए । यो घर भूकम्पले भत्किएपछि पुनर्निर्माण गरी हाल छात्रावासका रूपमा प्रयोग गरिएको छ । अहिले झिँगटीको ठाउँमा टिनको छाना छ । मण्डपको पश्चिमपट्टि यज्ञनिधि र जीवनाथ चापागाईंले बनाइदिएको २ छात्रावास घरहरू थिए । पछि यज्ञनिधिका सन्तान डण्डपाणि चापागाईंले पुनर्निर्माण गरी टिनको छाना लगाएको २ तले छात्रावास अझै छँदैछ । मण्डपको छाना छाउने खेतखला दान गर्ने राइटर विष्णुप्रसाद चापागाईंका सन्तानहरूले पछि झिँगटीको छानो निर्माण गरेका छन् । पुरानो मन्दिरका ढोकाका खम्बा सबै ढुङ्गाकै थिए । पाटनको कृष्णमन्दिर

शैलीमा निर्माण गरिएको सीताराम र षडेश्वर महादेवको युग्मज (२ वटा जोडिएको) मन्दिर थियो ।

८. बालागुरुबाट स्थापना भएको गुरुकुल स्तरोन्नति हुँदै विद्यालय र क्याम्पसमा परिणत भए पनि सोही प्रयोजनको निरन्तरता दिँदै हालसम्म सोही कैलाशडाँडामा सञ्चालित षडानन्द गुरुकुललाई 'नगेन्द्रप्रसाद आशालता रिजाल धर्मसंस्कृति पुरस्कार' ले वि. सं. २०७७ सालमा पुरस्कृत गरिएको थियो । पुरस्कारको राशि रु. १ लाख रहेको छ । नगेन्द्रप्रसाद आशालता रिजाल प्रतिष्ठान विराटनगरका अध्यक्ष इन्दिरा रिजाल र सचिव दधिराज सुवेदीको समूह दिङ्लामै गएर पुरस्कार हस्तान्तरण गरिएको थियो । वरिष्ठ साहित्यकारसमेत रहेका सुवेदीको प्राथमिक शिक्षा षडानन्द पाठशालाबाटै सुरु भएको थियो ।

६८. बालागुरु षडानन्द र चामुनारायण सत्तल प्रसङ्ग :

वि. सं. १९२७ तिर दिङ्ला तुङ्गेछाका समाजसेवी, व्यापारी र दूरदर्शी अग्रज व्यक्तित्व चामुनारायण श्रेष्ठले (कतै चाँगुनारायणसमेत लेखेको भेटिन्छ) दिङ्ला बजारमा चामुनारायण सत्तल, धर्मशाला र एक पसल निर्माण गरी समाजसेवा गरेको देखिन्छ । सत्तल र चामेश्वर शिवमन्दिर पनि निर्माण गरी करिब २०० रोपनी जग्गा राखेर चामेश्वर गुठी स्थापना भएको थियो । श्रेष्ठ वा नेवार जाति मल्लकालमा प्रशासक, शासक, व्यापारी र शिल्पकारहरूको समूह देखिन्छ । मल्ल राजपरिवार वा नेवारहरू तिब्बतसँग व्यापार गर्दथे । करिब ६०० वर्षको मल्ल राज्यको पतन र एकीकरण अभियानसँगै उपत्यकाका नेवार समुदायहरू पूर्व र पश्चिम नेपाल पुगेको देखिन्छ । लुम्बिनी वा कोलीय राज्यबाट उपत्यका २६०० वर्षअघि प्रवेश गरेका शाक्य फरक भए पनि कालान्तरमा नेवारभित्रै राखेर हेर्न थालिएको छ ।

दिङ्लाका नेवार समुदायको इतिहास केलाउँदा अथवा शाक्य नेवारहरूको इतिहास हेर्दा शाक्यहरू गौतम बुद्धका सन्तान वा दाजुभाइ वा बन्धुहरूका सन्तानहरू हुन् । कपिलवस्तु तथा तौलिहवा नै शाक्यहरूको प्राचीन बस्ती तथा कोलीय राज्यसमेत थियो । तर शाक्यहरूको आफ्नै भान्जा भारतका कौशल देशका राजा प्रसेनजीतका छोरा (राजकुमार) बाल्यकालको १५-१६ वर्षतिर कपिलवस्तु दरबारमा आँउदा आफु आमा वासव घटिया दासीपुत्रको छोरा रहेको थाहा पाए । कपिलवस्तु दरबारमा सम्मान नपाएपछि रिसाएर फर्किएका थिए । जब कौशल देशका राजा बने, तब राजकुमार हुँदा कपिलवस्तु दरबारमा भएको बेइज्जतीको बदलास्वरूप करिब २६०० वर्षअघि, गौतम बुद्धको मृत्युको ६-७ वर्षअघि, कपिलवस्तु दरबारमा साथै कोलीय दरबारमा आक्रमण गरी झन्डै ३२ हजार शाक्यको नरसंहार गर्दा शाक्यहरू भागाभाग भएको इतिहास देखिन्छ ।

कपिलवस्तु तत्कालीन समयमा शन्थागार (संसद्) र गणतान्त्रिक राज्यका रूपमा विकसित थियो । तत्कालीन समयमा भरतखण्डमा कौशल र मगधभन्दा कपिलवस्तु कृषि, कला तथा सीपमा उन्नत र समृद्ध थियो ।

तिनै शाक्यमध्ये कोही कोलीय शाक्य श्रीलङ्का पुगे र पछि प्रशासक र शासकसम्म बने । कोही शाक्यहरू पाकिस्तान र अफगानिस्तान पुगेपछि शासक छेउछाउका भए, जहाँ व्यापारको सिलसिलामा ३००० – ३५०० वर्षभन्दा अघिदेखि कतिपय शाक्यहरूको आवतजावत र बसोवास पनि रहेको देखिन्छ । अफगानिस्तानमा बुद्धको विशाल मूर्ति उनै भागेर जाने शाक्यहरूले छैटौँ शताब्दीका अन्तिम वर्षतिर निर्माण गरेका थिए, जुन मूर्तिहरू तालिवानीहरूले सन् २००१ मा बम पड्काएर नष्ट पार्ने प्रयास गरे । कोही शाक्यहरू सियाम (अर्थात् थाइल्यान्ड) पुगेपछि प्रशासक भए । उनै शाक्यहरूले थाइल्यान्डको विशाल स्वर्णशिला बुद्ध मूर्ति बनाएका थिए । कोही शाक्यहरू भागेर काठमाडौँ आई कोलीयग्राम नगर (प्राचीन काठमाडौँका माइतीघर, असन, टेकु आदिमा शाक्य नेवारहरू बसोवास) बनाई बसे । कोही भागेर श्रीलङ्का पुगेका थिए । त्यहाँ ४६ फिट अग्लो विशाल बुद्धको मूर्ति स्थापना गरेका थिए ।

काठमाडौँमा शाक्यहरू आउँदा उपत्यकामा किरात शासन थियो । किरातहरू भेडा चराउने र ऊनको व्यापार गर्ने जस्ता कार्यहरू मात्र गर्दथे । शाक्यको प्रवेशसँगै उपत्यकाका नेवारहरूको जग्गा र शाक्यहरूको बौद्धिकता सम्मिश्रण भई धानखेती सुरुवात भयो । बिस्तारै नगर सभ्यता पनि विकसित भयो । प्रत्येक वर्ष दसैँको अष्टमीको दिन उपत्यकाको नेवार तथा शाक्य समुदायले 'कुची व्यय भोज' खाने गर्दछन्, जसमा १-१ कुरुवा चिउरा सबै उमेरकारलाई बाँडेर भोज खाई दसैँ मनाउने गरिन्छ । अर्थात् नेवारको दसैँ भनेको नै 'कुची व्यय' हो भन्न पनि सकिन्छ । काठमाडौँ आएका शाक्यहरूले काष्ठकला, मूर्तिकला, वास्तुकला र पौभाचित्र (थाङ्का) को विकास गरे । केही विद्वान्हरूले तिब्बततिरबाट पौभाचित्र विकसित भएको मत राखेको देखिन्छ । पछि १३ औँ र १४ औँ शताब्दीमा अफगानिस्तानमा मुगलको आक्रमणपछि त्यतातिरबाट इन्दुस उपत्यका सभ्यता र मोहनजोदारो सभ्यताका नेवारहरू पनि काठमाडौँ उपत्यकामा थपिएको देखिन्छ । प्रत्येक घरको अगाडि वा आँगनतिर, केही पर्व वा पूजाआजामा पनि टोलमा वा गाउँमा विभिन्न देवीदेवताका मन्दिर बनाई जान्थे । अनगन्ती मन्दिरहरू, विहारहरू तथा बौद्धहरू काठमाडौँमा बनाए । यसरी काठमाडौँमा मन्दिरैमन्दिरहरू र विहारैविहारहरू थपिएको-थपिएकै भयो । यिनै विशिष्टता र सस्कारैसंस्कारको कारण काठमाडौँ विश्वमा मन्दिरैमन्दिरको सहर भनेर आज चिनिन्छ । उपत्यकाका ३ दरबारहरू, पशुपतिनाथ, स्वयम्भू, बौद्धनाथ आदि विश्वसम्पदा सूचीमा परे । पाटनको २१

गजुरको कृष्णमन्दिरजस्ता आधुनिक इन्जिनियरिङ फेल खाने वा बुझ्न समय लाग्ने विशिष्ट भवन वा मन्दिरहरू निर्माण गराएको इतिहास छ । यसको श्रेय नेवारहरू मूलतः शाक्य, बज्राचार्य, बाँडा र ज्यापूहरूलाई जान्छ । श्रीलङ्का, अफगानिस्तान, थाइल्यान्ड र काठमाडौँ पुगेका शाक्यहरूले बुद्धको अस्थिपञ्जर ४ भाग लगाउँदा १ भागमा कसैलाई दाँत पऱ्यो, कसैलाई अन्य भाग पऱ्यो । आफ्नो परेको भाग श्रीलङ्का, अफगानिस्तान, थाइल्यान्डमा लगेर उक्त अस्थिपञ्जर राखेर विशाल बुद्धको मूर्तिहरू स्थापना गरेका थिए । एक भाग भने काठमाडौँ आउनेलाई परेको देखिन्छ ।

पछिल्लो चरणमा १४ औँ शताब्दीतिर अफगानिस्तान र पाकिस्तानमा भएको मुगलहरूको आक्रमणबाट भागाभाग हुँदा केही शाक्य र नेवारहरू काठमाडौँको हाँडीगाउँमा बस्दै ७ बस्ती, १४ बस्ती आदिमा उपत्यकामा फैलिएका थिए । अफगानिस्तानबाट आउने शाक्यहरू (नेवार) को) काठमाडौँका नेवारहरूको भन्दा कतिपय संस्कार भिन्न भइसकेका थिए । काठमाडौँका आदिवासी ज्यापूभन्दा भिन्न संस्कारका देखिन्थे । कतिपय शाक्यहरू कपिलवस्तुमा आक्रमण हुनुभन्दा ५-७ सय वर्षअघि व्यापारको सिलसिलामा पुगेको हुनाले पछि जाने शाक्यको भन्दा अफगानिस्तान पुग्ने नेवारहरूको संस्कार निकै भिन्न भइसकेको थियो । उनीहरूको झन्डै विपरीत र भिन्न संस्कार र परम्परा भइसकेको थियो, किनकि काठमाडौँ प्रवेश गर्ने शाक्यभन्दा झन्डै १६०० देखि २००० वर्ष अफगानिस्तानमै बितिसकेको थियो । जस्तै काठमाडौँका ज्यापू समुदाय दाहसंस्कारमा लास जलाउने गर्दथे भने अफगानिस्तानबाट हाँडीगाउँ भित्रिने नेवारहरू जमिनमुनि लास गाढ्ने गर्दथे । अचम्म खालका र काठमाडौँमा कही नभएका विविध खालका र भिन्न जात्रा निकाल्ने गर्दथे । काठमाडौँका ज्यापू आदिवासीभन्दा विपरीत खालका, अचम्मका, अनौठा खालका जात्रा र संस्कारहरू पाकिस्तान तथा अफगानिस्तानतिरबाट १३ औँ र १४ औँ शताब्दीतिर हाँडीगाउँमा भित्रिएको थियो । उक्त कारण उपत्यकाको नेवार (ज्यापू) हरूले 'कहीँ नभएको जात्रा, हाँडीगाउँको जात्रा' भन्ने सङ्ज्ञा दिए र त्यो उखानका रूपमा चल्न थाल्यो ।

भोलिको दिनमा काठमाडौँका तथा हाँडीगाउँका जात्राहरू मासिए भने, मन्दिरहरू नष्ट भए भने र बौद्ध गुम्बाहरू सिद्धिए भने नेपालमा पर्यटक भित्रिँदैनन् । नेपालको अर्थतन्त्र ओरालो लाग्नेछ । तर Covid –19 र अन्य कारण देखाई इन्द्रजात्रा, कुमारीजात्रा र देउसी-भैलो खेल्न नेपाल सरकारले समयको पावन्दी लगाई रोक लगाउँछ भने यो देशको दुर्दशा हुन जान्छ । हाम्रा मौलिक संस्कारमाथिको आक्रमणको पराकाष्ठा हुन्छ । विश्वसम्पदा सूचीका सम्पदाहरूको बेइज्जत हुनेछ । सरकारले पनि सचेत हुनु जरुरी देखिन्छ ।

प्रायशः अफगानी नेवारहरू गौतम बुद्धको समयमा लुम्बिनी र कोलीय राज्यमा आक्रमणपश्चात् र त्यस अघिदेखि नै व्यापारिक सिलसिलामा अफगानिस्तान पुगिसकेका शाक्य र कोलीयहरूकै सन्तान देखिन्छन्, जसमा शाक्य, बज्राचार्य, तमोट समूहका पुर्खा थिए । कपिलवस्तुमा रहने र अफगानिस्तानमा रहनेका बीच आवतजावत र बिहेवारी आदि परम्परा निरन्तर चलिरहेको थियो । शाक्य, बज्राचार्य, तमोटहरू काठका शिल्पकार, धातुका मूर्ति तथा भाँडाहरू निर्माणमा शिल्पकार तथा चित्रकला, मूर्तिकला र वास्तुकलाका समेत शिल्पकार भएको पेसा थियो । पहिलो चरणमा व्यापारिक प्रयोजनमा जाने शाक्य, बज्राचार्य, तमोट आदि समूहले नै त्यहाँका सभ्यता विकासको अन्तिम चरणमा अस्ट्रिच तथा द्रविडहरूले विकास गरेको सभ्यतासँग सम्मिश्रण हुँदै अफगानिस्तानको सिन्धुनदीको आसपासमा मोहनजोदारोको सभ्यता, हरप्पा सभ्यता तथा सिन्धुघाटीको सभ्यता विकासको अन्तिम केही हिस्सामा सघाएको पनि अनुमान हुन्छ । त्यसैले Indus Valley सभ्यतामा पाइएको भैँसीको सिङजस्तो आद्य पशुपतिनाथको वा शिवको मूर्ति फेला पर्नु, तामा-पित्तलका सामग्री, धातुका मुद्रा, माटाका सिक्काहरू र देवीदेवताका चित्रहरू भेटिएको छ । उक्त मूर्तिहरू किरातकालीन सम्पदासँग पनि मिल्दाजुल्दा देखिन्छन् ।

इन्दुस र मोहनजोदारोको सभ्यता केही नेपाली किरातहरूको पनि सभ्यता हो । केही क्षत्री तथा ब्राह्मण पश्चिम नेपालतिरबाट प्रवेश गरेका थिए भने किरातहरू (मुख्यतः लिम्बू) पूर्वी नेपाल वा दार्जिलिङतिरबाट पनि प्रवेश गरेको डा. चन्द्रकुमार सेर्माको मत रहेको छ । त्यस सभ्यतालाई विश्वले सबभन्दा पुरानो मानेको छ । ती नेपालका जस्तै छन् किन ? किनकि Indus Valley का शाक्य नेवारहरू र काठमाडौँ कोलीय ग्रामका नेवारहरू त लुम्बिनीबाटै छुटेका दाजुभाइ थिए । तर नेपालको काठमाडौँका ज्यापूको पनि संस्कृति उच्च थियो । काठमाडौँ उपत्यकामा त ३,००० – ६,००० वर्ष हाराहारीका समयका मूर्तिहरू पाइएका छन् । कतिको मिति अनुमान गर्न सकिँदैन । त्यसभन्दा पुराना हुन सक्छन् । उपत्यकामा अझै उच्च शैलीका र विकसित रूपका मूर्ति देखिन्छन् । Indus Valley मा आद्य पशुपतिनाथ फेला पर्नुको कारण अफगानिस्तानका शाक्य, वज्राचार्य, तमोटहरूलाई काठमाडौँको पशुपतिनाथको मूर्ति कपिलवस्तु आउँदा-जाँदा स्पष्ट जानकारी थियो भन्न सकिन्छ । काठमाडौँका आदिवासी नेवारहरूका चित्रकला, मूर्तिकला, वास्तुकला Indus Valley का भन्दा उच्च कोटिका देखिन्छन् । उल्लिखित इतिहास डा. केशवमान शाक्य, योगी बलभद्र, डा. जगमान गुरुङ तथा द साइन्टिफिक हिन्दू आदिका युट्युबका अन्तर्वार्तामा पनि उल्लेख गरेको भेटिन्छ । Indus Valley र वाग्मती सभ्यताको मात्र तुलनात्मक विश्लेषण डा. जगमान गुरुङका युट्युबका अन्तर्वार्तामा भेटिन्छ ।

डा. केशवमान शाक्य (२०७८, युट्युब अन्तर्वार्ता) का अनुसार तिनै कोलीय राज्यका शाक्यहरू तथा कपिलवस्तुको तिलौराकोट राज्यका शाक्य समूहहरू लुम्बिनीबाट सिधै काठमाडौँ प्रवेश गरे । उनीहरूले तराईमा लगाएको धानको बिउ ल्याई प्रथमपटक काठमाडौँमा धानसमेत रोपेका थिए । शाक्यहरू बसेको ४-५ सयजति वर्षपछि भारतको वैशालीमा मगधको 'अजातशत्रु' राजाले आक्रमण गरेपछि लिच्छवि वैशालीबाट भागेर घुम्दै एक-डेढ सय वर्ष बिताएपछि काठमाडौँ प्रवेश गरी किरात शासकलाई लखेटेपछि विशालनगर (वैशाली नगर) विकास गरे भारतको वैशालीको सम्झनामा । शाक्य (नेवार) हरू प्रथम किरात राजा यलम्बरलाई महाभारतको युद्धका योद्धा बर्बरिकका रूपमा पूजा गर्दछन् ।

दिङ्ला क्षेत्रमा पुगेका नेवारहरूको प्रसङ्गमा पुनः फर्कदा पृथ्वीनारायण शाहको एकीकरण अभियानसँगै केही नेवार समुदायहरू पूर्व तथा पश्चिम नेपाल पुगिसकेका थिए । पछि श्री ५ रणबहादुर शाहको पालामा वि. सं. १९५४-५५ तिर काठमाडौँ उपत्यकामा Covid-19 जस्तै बिफरको महामारी र हाहाकार फैलिएको थियो । बिफरको प्रकोपबाट बालबच्चा, युवा र वृद्ध जनतालाई बचाउनका लागि उपत्यकाबाहिर जान उर्दी जारी गरियो । तर धेरैजसो चुप लागेर बसेका हुनाले बिफरबाट बचाउन सेना परिचालन गरी उपत्यका बाहिर निकाल्ने वा लखेट्ने क्रममा नेवारहरू पूर्वतर्फ पनि लागे । बाटोमा आउने क्रममा सुनकोशीतर्फ दोलालघाट हुँदै भोजपुर, चैनपुर, धनकुटा आदि स्थानमा आइपुगको इतिहास देखिन्छ भनी डा. केशवमान शाक्यको उल्लेख देखिन्छ ।

दिङ्लाका नेवारहरूको इतिहास खोतल्दा काठमाडौँ उपत्यकाबाट पूर्व लाग्ने उपत्यकाका मिश्रित नेवारहरू श्रेष्ठ, जोशी, शाक्य, बज्राचार्य, तमोट, प्रधान आदि भोजपुर, धनकुटा, चैनपुर हुँदै दिङ्ला पुगेको इतिहास देखिन्छ । जस्तै धुलिखेलबाट पूर्व लाग्ने नेवारलाई आज धुलिखेले नेवार भनिन्छ । धनकुटाबाट दिङ्ला पुग्ने धनकुटे नेवार भनिन्छ । भक्तपुरे नेवार भनिन्छ । काभ्रेली नेवार भनिन्छ आदि । भोजपुर, धनकुटा र चैनपुरका शाक्य, तमोट, बज्राचार्य, प्रधान, जोशी, श्रेष्ठ, प्रधान, जोशी आदि दिङ्लामा बसोवास गर्न पुगेको देखिन्छ । पछि स्थानान्तरण हुँदै जाँदा उपथर पनि फेरिँदै गए र एकमुस्टमा नेवार भनियो । श्रेष्ठ, प्रधान, शाक्य, जोशी, तमोट, ताम्राकार, दास, धोबी आदि थर भएका नेवारहरू दिङ्लामा देखिन्छन् । जस्तै भोजपुरको खिकामाछाबाट दिङ्ला पुग्न नेवारलाई खिकामाछे (नेवार) भनिन्छ आदि ।

काठमाडौँ उपत्यकामा रहँदा पुर्ख्यौली पेसा शासक र प्रशासक रहेको तथा काष्ठकला, मूर्तिकला, व्यापार-व्यवसाय, जात्रा, पर्व र गुठीसञ्चालन गरेका नेवारका सन्तानहरूमध्ये सायद चतुर, आध्यामिक, समाजसेवी तथा व्यापारी व्यक्तित्व चामुनारायणले काष्ठकलाको उत्कृष्ट नमुनाको सत्तल निर्माण गरी

दिङ्लामा गुठीसमेत राखेको देखिन्छ। उनको पुर्ख्यौली पेसा व्यापार गर्ने भएकाले दिङ्लामा पसल खोली चलाएको देखिन्छ । तत्कालीन दिङ्ला बजारमा उनको एक पसल मात्र देखिन्छ, जुन दिङ्ला आज विशाल सहरमा परिणत भएको छ। बालागुरुको सपनासँग चामुनारायणको समाजसेवी सपना पनि मेलको केन्द्रविन्दु एउटै पनि हुन सक्दछ दिङ्लाको विकास र दिङ्लाको सेवा । बालागुरुले थप गरे राष्ट्रको सेवा र सनातनधर्मी सेवा, जुन महान् र साकार सपना थिए। सोही सत्तलमा बसेर बालागुरुले दिङ्ला, अरुण उपत्यका, राष्ट्र र अन्तर्राष्ट्रिय क्षेत्रमा सेवा पुऱ्याउने महान् रूपरेखाहरू बनाएको देखिन्छ : मूलतः दिङ्लाको भविष्यको रूपरेका कोर्ने काम गरे। धन्य छन् चामुनारायण, उनका पूर्वज र सन्ततिहरू !

बालागुरुले दिङ्लामा नेपाली मौलिक संस्कार र संस्कृतिको प्रवर्तन तथा संरक्षण गर्ने सुकार्य गरेको देखिन्छ। श्रावणी कर्म, दसैँको समयमा सतीघाटमा स्नान मेला, नौ केटी पूजा गर्ने परम्परा, लाखेजात्रा निरन्तर राधाकृष्ण मन्दिरबाट निकाल्ने र अन्त्य गर्ने परम्परा थिए। चौमासा पुराण परम्परा, एकादशी माहात्म्य, पुरुषोत्तम माहात्म्य तथा तिहारमा लक्ष्मीपूजा गर्ने तरिकाहरू आदि संरक्षण गर्नुभएको थियो। नेपालमा देउसी कसरी खेल्नुपर्छ ? देउसी परम्पराको महत्त्व के छ ? आदिमा बालागुरुले जागरण गराएका थिए भनी ग्रन्थमा भेटिन्छन् ।

जस्तै देउसी-भैलो परम्परामा 'बलिराजले पठाएको, ए भन-भन भाइ हो, देउसिरे ।' जुम्लाका बलिराज शाहीले (वत्सल) अरेबियन लुटेरा शासक मुगल तैमुरलेनलाई तत्कालीन नेपालको सिमाना हरिद्वारभन्दा ३-४ कि. मि. पर छप्काई नेपाल बचाएको परस्परा देउसी-भैलोमा जोडिएको छ । नेपाल आक्रमणको सम्भावित खतराबाट बचाउन तथा सैन्य तयारी गर्नका लागि आर्थिक स्रोत जुटाउने राजनीतिक कूटनीतिसँग गाँसिएको छ। त्यो महत्त्व धेरै नेपालीले बुझेका छैनन्, देउसी खेलिटोपलेका मात्र देखिन्छन् ।

तैमुरलेन चौधौँ शताब्दीका र तुर्की-मङ्गोल मूलका शासक थिए। युरोपका कैयौँ राज्यमा आक्रमण गरी कब्जा गर्ने क्रममा दिल्ली आक्रमण सन् १३९८ गरी कब्जा गरेका थिए। कैयौँ भारतीय सैनिक तथा १०,००० दास पछि विद्रोह गर्लान् भनी छप्काइदिएका थिए। दिल्लीबाट सिल्करोडतिर हुँदै मिङ चाइनातिर (तिब्बत) आक्रमण गर्ने योजना अनुसार बाटोमा अघि बढ्दै गर्दा जाडोको कारण वा अज्ञात कारण मृत्यु भएको विकिपिडियामा उल्लेख छ। दिल्लीबाट तिब्बत विजय गर्न कर्णाली प्रदेशतिरैबाट आक्रमण गर्दै जानुपर्ने भयो। बलिराज शाहीको सैन्य टोली हरिद्वारडाँडामा लुकेर बसेको थियो । बाटामा राम्रो तयारीविना नेपालको सिमानामा प्रवेश गर्दै गर्दा तत्कालै बलिराज शाहीको टोलीले लखेट्यो र नेपाली खुकुरीको भरमा सन् १४०५ मा धमाधम छप्काएका थिए । कसले छप्काए थाहै पाएनन्, भारतीय वा नेपाली वा अन्य कोही व्यक्तिगत शत्रुले हो

वा जाडोका कारण हो । तसर्थ अज्ञात कारणले मृत्यु भएको लेखिएको छ । त्यस समयमा नेपालको सिमाना मानसरोवरदेखि हरिद्वार तथा गङ्गा मैदानसम्म फैलिएको थियो । नेपालीले तैमुरलेनलाई छप्काई दिल्ली पनि बचाएका थिए । तर भारतले इतिहास बिर्सनु कमजोरी हो । जाडोको बेलामा छप्काएका थिए र देउसी-भैलो खेल्ने जाडोकै समय हो । एक प्रकारले विश्वविजेता लुटेरा वर्गका तैमुरलेनको अन्त्य गर्ने वीर लडाकुको नेपाली इतिहास बोकेको छ देउसी-भैलो खेल्ने परम्पराले, साथै किरात राजा बलिहाङसँग पनि सम्बन्ध राख्ने साझा चाड हो तिहार । लिम्बू शब्द 'तिहा' बाट तिहार रहेको किरात धर्मगुरुको भनाइ देखिन्छ । तैमुरलेनको इतिहास प्रेम कैदीको हिमाल अनलाइन टीभी अन्तर्वार्ता (२०७८), अन्य विद्वान्का अन्तर्वार्ता तथा विकिपिडियामा देखिन्छ ।

बालागुरुले दसैँको नौ केटी पूजा गर्ने विधि र लक्ष्मीपूजा मनाउने विधि पनि सिकाएको कुरा ग्रन्थहरूमा उल्लेख छ । भैलो परम्परा पनि लक्ष्मीपूजाको दिनबाटै खेलिने चलन देखिन्छ । तर देउसी-भैलोका बारेमा बालागुरुले सल्लाह दिएका वा नदिएको अस्पष्ट छ । तर लक्ष्मीपूजा मनाउने शैली सिकाएको प्रसङ्ग सीताराम मन्दिरमा लिपपोत गर्ने र पूजाका फूलहरू व्यवस्थापन गर्न राखिएको बस्नेत थरकी महिलाबाट उल्लेख भएको ग्रन्थमा देखिन्छ ।

चामुनारायण सत्तलमा बसेर वि. सं. १९२८ मा बालागुरुले केही केटाकेटी जम्मा गरी शिक्षाको सुरुवात मात्र नगरी ज्योतिष हेरिदिने, चिनाटिपन बनाइदिने, आर्जे हेरिदिने, अरुण उपत्यकाका बिरामीहरूको झारफुक तथा मन्त्रविधिले उपचार गरिदिने उल्लेख छ । आयुर्वेदिक विधि तथा मनोचिकित्सक विधिले पनि सयौँ बिरामीको उपचार गरेका कारण अरुण उपत्यकाका वर्षौंसम्म थलिएर बसेका बिरामीहरूसमेत निको भएका थिए । बालागुरुको उपचार विधि अङ्ग्रेजी शब्दमा Telekinesis, telepathy, chakra heeling, rekki heeling, psychiatric treatment, natural heeling, physiotherapy, yoga and meditation treatment, ayurved आदि भन्न र तुलना गर्न मिल्दोजुल्दो देखिन्छ, जुन अध्यात्म र मन्त्रविद्यासँग सम्बन्धित उपचारविधिका रूपमा देखिन्छ । यो आजको आयुर्वेदिक उपचार पद्धति, प्राकृतिक उपचार पद्धति, मन्त्रोपचार उपचार पद्धति, अकुप्रेसर उपचार पद्धति आदिसँग मेल खाने विधि देखिन्छ ।

पूर्वाञ्चल विश्वविद्यालयका पूर्वरजिस्ट्रार भेषप्रसाद धमलाका अनुसार बालागुरुका शिष्य टेकनाथ निरौला पढाइमा कमजोर रहेको र अध्ययन गर्न नसक्ने भएको बालागुरुले थाहा पाएपछि सोलुखुम्बुको सल्यान फिर्न लाग्दा बालागुरुले अब तिमी कौमुदी र कर्मकाण्डहरूमा पोख्त हुन्छौ भनी आशीर्वाद दिएका थिए रे । पछि ओखलढुङ्गाको बेतिनीमा वि. सं. २०१५ तिर सुरुमा हजुरबाले विद्यार्थीहरू खोजेर निजी खर्चमा गुरुलाई अध्यापन गर्न लगाएको र

टेकनाथ निरौला गुरुको शिष्य बनेको साथै निरौला गुरुको शिक्षण असाध्यै राम्ररी थियो भन्नुहुन्छ उहाँ ।

वि. सं. १९३२ मा दिङ्लामा अरुण उपत्यकाको दिङ्ला, तुम्लिङटार, खाँदबारी, धुपू आदि स्थानका स्थानीय भद्रभलादमीको भेला चामुनारायण धर्मशालामा बोलाई छलफल गराएको र छलफलले दिङ्लामा गुरुकुल पाठशाला खोल्ने निर्णय पारित गरेको थियो । कैलाशडाँडामा विद्यार्थीको चापका कारण चित्राको छानोको छात्रावास टहरोमा बसेका बालागुरु तथा शिष्यहरू जगन्नाथ घिमिरे र राधेश्याम रिमाललाई अप्ठ्यारो महसुस भएको थियो । स्वयम् चामुनारायणले अनुरोध गरेपछि दिङ्ला बजारको चामुनारायण धर्मशालामा शिष्यहरू जगन्नाथ घिमिरे र राधेश्याम रिमालका साथ बालागुरु दिङ्ला आगमनको सुरुवातदेखि नै बसेको देखिन्छ । वि. सं. १९२७ तिर चामुनारायणले चामेश्वर महादेव मन्दिर स्थापना गरेको देखिन्छ । यस गुठीको लिखत उनैका सन्तानमध्येका धरानमा महेन्द्र मास्केसँग रहेको जानकारी सीताराम मन्दिरका वर्तमान पुजारी पं. तोयनाथ गौतमबाट भएको छ । यसबाहेक चामुनारायण सम्बन्धी अन्य अभिलेख केही भेटिँदैन ।

हेमराज शर्मा अधिकारी (२०७५ : ६१) अनुसार चामुनारायण धर्मशालामा अग्राखका कलापूर्ण काठ, राम्रो तेलिया इँटा प्रयोग भएको थियो भने भुइँमा तेलिया इँटा छापिएको थियो । कलात्मक झिँगटीको छाना थियो । कलात्मक अग्राखका मजबुत खम्बा, अग्राखका निदाल, मेठ, कलात्मक आँखीझ्याल, बुट्टेदार ढोका आदि सबै अग्राखका थिए । सयौँ वर्षसम्म टिकाउ हुने खालका थिए । मेठ तथा टुँडालमा कलात्मक शेषनाग, नागहरू, गोहोरो, मुख बाएको भैरव, यौन कलामा उन्मुक्त भई लीन भएका देवीदेवताका प्रतिकृति थिए । कतै मुख बाएका भैरवको मुखमा २ हातले समातेर सर्प निल्दै गरेका टुँडाल थिए । अगाडिबाट पस्ने भुइँतलाको ठाउँमा अग्राखको खम्बाले तला अड्याएको थियो । माथिल्लो तलाको बीचमा बालागुरुको एउटा पूजाकोठा, बुइँगलमा राखनधरन र भान्सा थियो । झिँगटीले छाएको छाना थियो । यो उत्तर-दक्षिणतर्फ लामो भएर पश्चिमतर्फ फर्किएको थियो । अभ्यागतहरू आएमा भुइँतला पिँढीमा धुनी जगाएर बस्तथे र तल्लो तलाका कोठाहरू उपयोग गर्दथे ।

चामुनारायण गुठी समिति रहेको थियो । सत्तल, पाटी, चामेश्वर मन्दिर, दिङ्ला बजारमा गुठीका जग्गा तथा अन्य गुठी जग्गाहरू राखिएका थिए । चामुनारायणकै सन्तान र नेवार समुदाय मात्र समिति सदस्यमा बस्न पाउने व्यवस्था थियो । हाल गुठी हाल समितिविहीन र अन्धाधुन्ध अवस्थामा छ । कतिपय गुठीको दिङ्ला बजारस्थित जग्गाहरू उनकै सन्ततिहरूको लापर्वाहीका कारण गुमिसकेका छन् । आज प्रमाणविहीन अवस्थामा पुग्दैछन् ।

हेमराज शर्मा अधिकारी (२०७५) का अनुसार वि. सं. १९७२ आषाढमा बालागुरु लगभग सम्पूर्ण कार्यहरू सकेर काठमाडौँ पचलीभैरवघाट जान बिदा हुने समयमा यसै सत्तलमा दिङ्ला र सङ्खुवासभाका भद्रभलादमी निमन्त्रणा गरी मैले सकेगरेका सम्पूर्ण कार्यहरू तथा छोडेका र केही बाँकी रहेका कार्यहरू भतिजाहरू र समितिले पूरा गराउनेछन् भनी जनमानसलाई आश्वस्त पारेको देखिन्छ । साथै वि. सं. १९६६ को धर्मपत्रिकामा भएका सबै सहयोगीहरूको नाम वाचन गरी धन्यवाद दिई बालागुरुले बिदा लिएको देखिन्छ । खरिदार पं. यज्ञनिधि चापागाई र पं. वैयाकरण केशरीले बालागुरुलाई सोद्धा गुरुले कलिमा वाग्मतीको मरण उत्तम हुन्छ भनेको कुरा उल्लेख छ । ८० वर्षको उमेरमा दिङ्ला छोडेका बालागुरुको १ वर्षपछि वि. सं. १९७३ मा ८१ वर्षको उमेरमा वाग्मती किनार पचलीभैरवघाटमा इच्छामरण भएको थियो ।

दिङ्ला, अरुण उपत्यका सभ्यता क्षेत्र, कौशिकी सभ्यता क्षेत्र तथा नेपालमै पुनर्जागरण ल्याउने बालागुरुका लगभग सम्पूर्ण योजनाहरू त्यसै चामुनारायण धर्मशालामा बनेका थिए । वि. सं. १९३२ देखि १९७२ सम्मको झन्डै ४० वर्षको सम्पूर्ण उर्वर जीवन यसै सत्तलमा दिन र रात बिताएको देखिन्छ । धन्य छ चामुनारायण सत्तल ! झन्डै ४० वर्ष श्री १०८ बालागुरुको सेवा र दर्शन गर्ने अवसर पायौ । रूपनारायण श्रेष्ठ (२०७३ : २५७), “बालागुरुका कार्यहरू र योजनाहरूका प्रसङ्गमा आफ्ना जिज्युबुबा चामुनारायण श्रेष्ठ, दिङ्ला बजारको उहाँको पसल र चामुनारायण सत्तलको प्रसङ्ग जोडिएको बालागुरु सम्बन्धित ग्रन्थहरू पढेर थाहा पाएँ, साथै गौरवान्वित हुँदै दुवैमा श्रद्धा र नमन गर्दछु ।” श्रेष्ठले पनि त्यसपछि बालागुरु र चामुनारायणका प्रसङ्गहरू खोज गर्न थालेको उल्लेख देखिन्छ ।

गुरुप्रसाद राई (२०७३ : ३१३ – ३३०) का अनुसार दिङ्ला बजारको बीचैमा रहेको शाके सम्वत् १७९५ (वि. सं. १९२७) तिर बनेको चामुनारायण सत्तलमा बालागुरुले आश्रम खडा गरेर अध्यापन सुरु गराएको बालागुरुसँग अध्ययन गरेका शिष्य तथा प्रत्यक्षदर्शी वयोवृद्ध सत्यनारायण अधिकारीबाट आफूले थाहा पाएको थिएँ । असारको झरीमा सत्तल ढल्न लागेको थियो । त्यस गुठीका तत्कालीन हर्ताकर्ता द्रोणबहादुर श्रेष्ठसँग (हाल तुम्लिङटार) पाटी सामु जम्काभेटपश्चात् मर्मतका लागि कुरा उठाएका थिए । यो तपाईंहरूका पुर्खा चामुनारायणको नासो, पुरातात्त्विक सम्पदा भइसकेको छ । यो दिङ्लाको धरोहरको चामुनारायण गुठीले संरक्षण गर्नुपर्‍यो भन्दा जवाफमा ‘यो कुरा हामीजति अरूलाई के थाहा, धेरै चासो नलिनुहोस् सर ! जे गर्छौं, हामी गर्छौं, कसैलाई गर्न दिन्नौँ’ भन्ने जवाफ पाएको थिएँ । सोही साल वि. सं. १९५५ असारमा त्यो धरोहर ढलेको थियो । गाई मरेपछि स्याल र गिद्ध रमाएसरि त्यस

पाटीको काठ, झिँगटी, इँटा आदि लुछाचुँडी हुन्छ । थोरै अवशेष मात्र बाँकी रहन्छ। केही वर्षमै जग्गा पनि अवसान हुन्छ। यसरी पूर्व प्र. अ. राईले दिङ्लाली समाजमार्फत नेपाली समाजको दुर्दशा तथा पीडादायक अवस्थाको विश्लेषणात्मक चित्रण गरेको देखिन्छ ।

गुरुप्रसाद राई (२०७३ : ३१३ – ३३०) अनुसार त्यसै गरी वि. सं. २०५५ साल असारमा षडानन्द विद्यालयमा बम पड्कन्छ । बजारस्थित रेन्जपोस्ट तोडफोड र आगजनी हुन्छ । त्यसपछि माओवादी आक्रमणको सङ्केत पाएर सदरमुकामतिर प्रहरीहरू गएपछि रित्तो भएको दिङ्ला इलाका प्रहरी कार्यालयका भवनहरू, कृषि चौकी, दूरसञ्चार, कृषि विकास बैङ्क, पशुसेवा केन्द्र, इलाका, हुलाक, गा. वि. स. कार्यालय आदि सबै कार्यालयहरूमा तोडफोड र आगलागी हुन्छ। गुठी कब्जा हुन्छ। साँचो फोरिन्छ। गढीगाउँका विक्रम तामाङको हत्या हुन्छ । साङराङको खड्काकी बुहारी काटिन्छन् आदि अनेकौँ सन्त्रास हुन्छ । दिङ्लाका जनप्रतिनिधि नेतृत्व खोल ओढेर दूधको साक्षी बनेर बसेका हुन्छन् ।

वि. सं. २०५९ पौष मसान्तको बिहान करिब ९ बजेतिर दिङ्लामा दोहोरो भिडन्त हुन्छ। अरुण मा. वि. को कक्षा ३ को विद्यार्थी सविना खवास सेनाको बमप्रहारबाट मारिन्छिन् । अरू २ विद्यार्थी र सर्वसाधारण घाइते हुन पुग्छन् । अरुण मा. वि. विद्यालयको भित्तामा बन्दुकको गोलीले प्वाल नै प्वाल परेको हुन्छ र विद्यार्थी जोगाउन र लुकाउन कष्टप्रद हुन्छ। विशुद्ध शैक्षिक क्षेत्र लाचार बनेर त्रसित नभएको अभिनय गर्न बाध्य भएको हुन्छ। सशस्त्र द्वन्द्वको नाममा केही वर्षपछि षडानन्दबाट संस्कृत शब्द र पठनपाठन हटाउन बाध्य पारिन्छ । चामुनारायण सत्तल बिलाउँछ । दिङ्लाका पुरातात्त्विक वस्तुहरू बिलाउँदै जान्छन् भनी राईले तत्कालीन दिङ्लाको चित्रण गरेको देखिन्छ ।

गुरुप्रसाद राई (२०७३ : ३१३ – ३३०) कै अनुसार संविधान सभाको चुनाव भइसकेपछि (वि. सं. २०६५ तिर) चामुनारायणका वंशज हौँ भन्ने धरानवासी मास्केहरू केही दिनअघिदेखि दिङ्लामा पुराण लगाइरहेका हुन्छन् । दिउँसै बजारमा गर्ल्याम्म गरी ध्वाँसोसहितको आवाज आउँछ। तिनैले सवा सय वर्षभन्दा अघिको (जनसहयोगमा बालागुरुद्वारा समेत जीर्णोद्धार गरिएको) चौतारा भत्काउने र वरको वृक्ष ढाल्ने काम गरेका रहेछन् । दिङ्लाको पुरातात्त्विक सम्पदा चामुनारायण पाटी भत्केर गयो। चामेश्वर शिवालय नामेट हुने अवस्थामा छ । आज फेरि त्यो पुरातात्त्विक चौतारो र वरको वृक्ष नष्ट गरेको देख्दा मेरो टुप्पीबाट धूवाँ छुट्न थाल्छ। षडानन्दका प्र. अ. समेत लिएर राँकिएर घटनास्थलमा पुग्छु। वरको हाँगाले केही घरहरू किचिएर मास्केहरूको होसहवास उडेको रहेछ। डोजर लगाएर आफ्नो पुर्खाको नासोलाई नामेट पार्ने पाखण्डीहरूसँग क्रोधले आगो भएर पड्केको हुन्छु। 'जेजति गऱ्यौ-गऱ्यौ। अब

यहाँभन्दा एक इन्च पनि अघि बढ्ने छैनौ । यो मास्केहरूको मात्र सम्पत्ति होइन, यो राष्ट्रको सम्पत्ति हो । जनताको हो । हाम्रो सम्पत्ति हो, आदि ।' मास्केहरू हात धोएर हिँड्छन् तर त्यो वरको वृक्ष फेरि उठ्दैन । चौतारो फेरि चिटिइँदैन, अनि पाटीको चिनो आज नभेटिने अवस्था कायमै छ ।" दिङ्लाको दुर्दशा ।

**कैलाश मन्दिरको मर्मत-संहार प्रसङ्ग :**

गुरुप्रसाद राई (२०७३ : ३१३ – ३३०) का अनुसार वि. सं. २०६८ को वर्षे बिदाको समयमा एक्लो प्रयासमा डकर्मी देवबहादुर चर्मकारसँगै कैलाशडाँडाको जीर्ण भइसकेको मन्दिर मर्मतसम्भारमा दुई थोपा पसिना खर्चन थालेको हुन्छु । पर्खाल लगाउन जमिनभित्र पुरिएर रहेको पुरानो निर्माणको संरचना फेला पर्‍यो, जुन बालागुरुको समयभन्दा अगाडिका थिए । भवनको चर फेला परेको तथा ५ ओटा शिलासहितको साखेवा भुमेको स्थानको अड्कल काट्न सकिन्छ, जुन शिला आज नर्मदेश्वर महादेव अगाडि मानिस प्रवेश गर्ने द्वारका रूपमा सजावट र प्रयोग गरिएको छ । जनश्रुति अनुसार वि. सं. १८३० मा पृथ्वीनारायण शाहका सैन्य कमान्डर अभिमानसिंह बस्नेत र रामकृष्ण कुँवरको दस्ताले किराती गणराज्य अन्तर्गत हाङलाङ रजौटाको दरबार रहेको हुनाले छेवैमा सैन्य क्याम्प तथा टुँडिखेल रहेको हुँदो हो । हाङलाङ राजालाई (साङराङ तल, उदयपुर नजिक) काटी मारेपछि त्यहाँका संरचना तथा साखेवा थान ध्वस्तको अवशेष रहेको कुरा खन्दा भेटिएका शिलाबाट अड्कल हुन्छ । नर्मदेश्वर महादेवको टुटेको शिवलिङ्गलाई बदलेपछि अस्थायी रूपमा त्यही डाँडामा बसेको इलाका प्रहरी कार्यालयका प्रहरी जवानहरूले घण्टा, जलहरी, ऐना, तोरण अर्पण गरेको तथा रङ्गरोगन पनि जवानहरूले नै गरिदिए । त्यसपछि कैलाश मन्दिर र साखेवा भुमेथान संरक्षण योजना प्रस्ताव लिएर राजधानीसम्म यात्रा गर्दा वि. सं. २०६९ असार २२ गते ५० हजार रकम भुमेथान संरक्षणका लागि आएको थाहा लाग्छ । एक हप्तामा कार्य सम्पन्न गर्नुपर्ने भएकाले काठमाडौँबाट दिङ्ला बजारका सुरेश राई, हरि भित्रिकोटी, जीतकुमार राई, पवन राई आदि भाइहरूको सहयोगमा कैलाशको साखेवा भुमेथान संरक्षण त हुन्छ, तर कैलाशमन्दिर जीर्णोद्धारको सपना बाँकी नै रहेको हुन्छ ।

राईको 'हाङलाङ' राजासँग मिल्दोजुल्दो परिदृश्य लिम्बूवानका अन्तिम राजा 'हिलिहाङको ऐतिहासिक दरबार' छ, जुन पाँचथरको सदरमुकाम फिदिमबाट करिब ३८–४० कि. मि. टाढा गोपेटारमा रहेको देखिन्छ । १७ औं पटक गोरखाले आक्रमण गरी अन्त्यमा यो लिम्बूवान दरबार र भूमि कब्जा गरेको थियो । किरातहरूका बलिहाङ राजा अन्तर्गतका राजारजौटा दिङ्ला क्षेत्रमा हाङलाङ हुन सक्ने अवस्था पनि देखिन्छ । थप अनुसन्धान हुनु आवश्यक

छ । स्मरण गरौँ सेनवंशी राजाहरूले किरात भूमिमा कब्जा गरे पनि मन्त्रीहरू किरातहरू नै रहेर रजौटा शासन गर्ने पद्धति थियो । पछि नेपाल एकीकरणसँगै कतिपय तितरबितर भएका थिए ।

## बालागुरुलाई भेट्ने र देख्ने प्रत्यक्षदर्शीहरू :

१. चसादेवी चापागाईं (९९ वर्षीय, मुक्तिप्रसादकी आमा) : बालागुरुले १०८ वटुकको उपनयन गर्दा भिक्ष दान गर्न गएकी तथा उहाँले भनेका पुराणहरू सुन्न पाएकी थिएँ । बालागुरु चाडपर्वमा निम्तो स्वीकारेर हाम्रो घर आउनुहुन्थ्यो । चोखो र पवित्र भोजन गर्ने भएकाले हामी भान्साका सामान तयार गरिदिन्थ्यौँ, तर उहाँको भान्सेले मात्र पकाएर खुवाउँथ्यो । आफूले गरेको काम राम्रो र चिरस्थायी हुनुपर्छ भन्ने उपदेश दिनुहुन्थ्यो ।

२. मनोहर सुवेदी (दिङ्ला साङराङ, ९० वर्षीय) : बालागुरु षडानन्दसँग मैले अक्षरहरू आरम्भ गरेको थिएँ । ३ दिनमै सम्पूर्ण कखरा, अक्षर, मात्रा र १ देखि १०० सम्मका अङ्कहरू ज्ञान गर्न सफल भएको थिएँ । उहाँले जे खान दिए पनि अमृतजस्तै मीठो हुन्थ्यो । उहाँको पुराण भन्ने शैली पनि राम्रो भएकाले होला श्रोताहरूको भीडभाड हुने गर्दथ्यो । दिङ्ला बजारको चामुनारायण सत्तलमा सार्वजनिक शिक्षा आरम्भ गरेका थियौँ ।

३. मनोहर चापागाईंका अनुसार बालागुरु षडानन्द करिब वि. सं. १९७० तिर गुठी र पाठशालालाई 'राजकीय बनाउने इच्छासाथ काठमाडौँ जानुभएको' थियो तर फर्कनुभएन । उहाँको 'जो छ' भन्ने थेगो थियो । फालिकोटका भीमलाल भट्टराई र गुरु महाराज परस्परमा खुट्टामा ढोगभेट गर्नुहुन्थ्यो । त्यो बेला यस्तो कुरालाई अतीव आदरसत्कारका दृष्टिले हेरिन्थ्यो ।

३. डम्बरबहादुर बस्नेत (हाल इटहरी, ८५ वर्षीय) : मैले गुरुमहाराजको हातबाट अन्नप्राशन गरेको थिएँ । गुरुमहाराज नयाँ र असल चिन्तन गर्ने व्यक्ति हुनुहुन्थ्यो । श्राद्धको दिन खसी नकाटौँ, तुलसी घरघरमा रोपौँ र सबैले विद्या पढौँ भन्ने उपदेश दिनुहुन्थ्यो भन्ने कुरा पूर्वजबाट सुनेको थिएँ ।

४. सत्यनारायण अधिकारी (वि. सं. २०३८ मार्ग महिनामा गुरुमहाराजको सालिक अनावरण गर्दा बाल्यकालको संस्मरण सुनाउनुभएको) का अनुसार सुरुमा गुरुमहाराज तुङ्गेछाका चामुनारायण प्रधानले बनाएको भन्ज्याङको पाटीमा बसेर मिठाई बाँडेर केटाकेटीलाई फकाउँदै पढाउने गर्नुहुन्थ्यो । सत्तलमा बसेर कैलाशको मन्दिर तथा पाठशालाको निर्माण गर्नुहुन्थ्यो । (यस लेखकले सत्यनारायण अधिकारीलाई देखेको थियो । गौचरनमाथि घर थियो । लेखकको मावली घर साङराङका बाटाघरे सुवेदीकहाँ प्रायः साँझपखतिर जाँदा गाई दुहुँदै गरेको वा गाईबस्तुको काम गर्दै गरेको

धेरैपटक देखेको थिएँ । हाम्रो घरमा समेत कहिलेकाहीँ आउनुभएको राम्ररी याद छ । पछि २०४६ सालमा सालिक उद्घाटनको समयमा पनि संस्मरण सुनाउँदै हुनुहुन्थ्यो । उहाँले बालागुरुबाट दीक्षामन्त्र लिनुभएको थियो रे ।)

५. पदमबहादुर बस्नेत (पूर्वमन्त्री र समाजसेवी सुरेन्द्रबहादुर बस्नेतका जेठा दाजु) ले वि. सं. २०४६ मा लेखे अनुसार गुरुमहाराजको तपोबलले सिर्जिएको सीताराम गुठी र पाठशालाको सम्पत्ति आज खरिद गर्नुपरे ३ करोड बढी पर्ला । उहाँले आफ्नो जीवन देश र जनताको भलाइका निमित्त अर्पण गरी आर्जन गरेको उक्त वैभवलाई विनाश हुन नदिनु हामी सबैको कर्तव्य हो । मैले ३ वर्षको उमेरमा गुरुबाट साउँ अक्षर चिनेको, १० वर्षको उमेरसम्म गुरुको चरणोदक र अवशिष्ट भोजन ग्रहण गरेको, प्रत्येक दसैँमा टीका ग्रहण गरी आशीर्वाद थापेको हुँ एवम् व्रतबन्धमा मन्त्रदान गर्नुभएको थियो । उहाँबाट लघुकौमुदीका पाठहरू ग्रहण गरेको हुनाले म बालागुरुको प्रिय शिष्य थिएँ भन्ने अनुभव हुन्छ । यसरी नै मेरी आमा शिवाकुमारी बस्नेतले पनि ८ वर्षको उमेरदेखि नै गुरुमहाराजका पूजा सामग्री जुटाइदिने सौभाग्य पाउनुभएको थियो । तसर्थ यस विद्यापीठमा विश्वविद्यालय स्थापना भएमा गुरुप्रति सम्मान भएको मान्ने थिएँ ।

६. पं. लीलाकान्त पोखरेलले 'नयाँ पुरानो वैष्णवधर्म विचार' नामक पुस्तकमा लेखे अनुसार म वि. सं. १९६६ सालमा पढ्न दिङ्ला गएँ । त्यहाँ आबाल ब्रह्मचारी गुरुमहाराज षडानन्द हुनुहुँदो रहेछ । त्यस बेला उहाँभन्दा विद्वान् नेपाल अधिराज्यभर कोही थिएन । उहाँले आफ्नो जन्मभूमि दिङ्लामा पाठशाला खोल्नुभएको रहेछ । म त्यहाँ व्याकरण पढ्न थालेँ । 'विद्याकामस्तु गिरीशम्' भनेको हुनाले गुरुमहाराजले शिवदीक्षा लिनुभएको रहेछ । निधारमा त्रिपुण्ड विभूत धारण गरी जटाको मुकुट बाँधी ३२ रुद्राक्षको माला गलामा पहिरी साक्षात् शिवजस्तो सुन्दर मूर्तिको बालागुरु हुनुहुँदो रहेछ । मैले पनि दीक्षा आदि ५ मन्त्र सुनेको थिएँ । उहाँले के भन्नुहुन्थ्यो भने "हामीले वैदिक विष्णुगायत्री मन्त्र व्रतबन्धमा नै सुनिसकेका हुनाले हामी वैष्णव हौँ । तसर्थ हामीले एकादशी व्रत लिँदा जुन दिन 'वैष्णवनाम एकादशी व्रतम्' लेखेको हुन्छ, सोही दिन व्रत लिनुपर्दछ, आदि ।"

*(सं. दधिराज सुवेदीको 'षडानन्द स्मृतिग्रन्थ' दोस्रो संस्करण २०७५ : १२१ – १३२ बाट । हाल सबैजना दिवङ्गत । यहाँ उल्लिखित उमेर २०५२ सालको ।)*

उल्लिखित प्रत्यक्षदर्शीका भनाइबाट निष्कर्ष निकाल्दा षडानन्दभन्दा प्रभावशाली विद्वान् तत्कालीन नेपाल अधिराज्यभर कोही नभएको, समाजका कुरीति, अन्धविश्वास र अशिक्षा चिर्न वास्तविक शास्त्रीय वा वैदिक ज्ञान दिएको, सनातन धर्म तथा आधुनिक इतिहास खोतली जनतालाई सुसज्जित गर्दै सभ्य

समाज, सभ्य राष्ट्र र समुन्नत नेपालीको भविष्य कोर्न महत्त्वपूर्ण योगदान दिएको, समाजसुधारक र सनातन धर्म जागरणका अभियन्ता बनेको देखिन्छ ।

श्री ५ को अर्थ ५ वटै भूखण्डको अधिपति भन्ने हुन्छ । राजा भरतले राज्य गरेको भूमि भारतवर्ष देखिन्छ । भरत गण्डकी क्षेत्रमा जन्मेको, हुर्केको र तपस्या गरेको क्षेत्र भनी स्कन्दपुराणमा उल्लेख छ । भारतवर्षको राजधानी र वैदिक सभ्यताको अविच्छिन्न उत्तराधिकारी नेपाल हो । भरत ऋषिको खण्ड नै भरतखण्ड वा भारतवर्ष हो (नेपाल भनेको भरतखण्ड, भारती वा सरस्वती खण्ड वा ज्ञानभूमि खण्ड, देवज्ञानभूमि) । सन् १९४७ अघि लक्ष्मीप्रसाद देवकोटाको लक्ष्मी निबन्धसङ्ग्रहमा हाम्रो भारत, महान भारत भनी नेपाललाई उल्लेख गरेको देखिन्छ । पुराणमा उल्लिखित पृथ्वी प्रलयपछि पानी घट्दै जाँदा नौबन्धन (नौका वा डुङ्गालाई बाँधेको भूमि) भन्ने शिखर नेपालमा भएकाले नेपाल विश्वको पहिलो राष्ट्र हो भन्ने प्रमाण मिल्दछ । हिमालयको फेदमा बस्ने सनातनधर्म ( हिन्दू वा आर्य) नेपालबाटै विश्वको अन्य भागमा गएको देखिन्छ । असली हिन्दूमा किरात अझै अग्रज देखिन्छन् ।

डा. चन्द्रकुमार सेर्मा (अनलाइन टीभी अन्तर्वार्ता, २०७८), "क्षत्री तथा बाहुन पनि नेपालकै आदिवासी हुन् । केही बाठाटाठा क्षत्री र बाहुनहरू खसान क्षेत्रबाट सिन्धुघाटीतर्फ गएका थिए र केही भारततर्फ पसेका थिए । गरिब र अलि लाटाजस्ता क्षत्री-बाहुन यहीँ बसिरहेका थिए । पछि मुगलहरूले १३ औँ र १४ औँ शताब्दीतिर आक्रमण त्यस क्षेत्रमा गर्दा भारतको गङ्गाको मैदानी क्षेत्र हुँदै खसान वा कर्णाली प्रदेशतर्फ पुनः फर्केर आएको देखिन्छ । लिम्बूहरू भने त्यतिखेर पूर्वी नेपाल वा सिक्किम दार्जिलिङतिरबाट प्रवेश गरेको देखिन्छ । कतिपय लिम्बूहरू त यहींका क्षत्री-बाहुनजस्तै आदिवासी थिए । खसहरू मस्टो पूजा गर्दथे र किरातहरूजस्तै जाँड र रक्सीको प्रयोग गर्दथे । वैदिक सभ्यता विशुद्ध नेपाली भूमिको सभ्यता हो । वेदव्यासको भूमि यहीँ हो । मुन्धुम पनि यही भूमिको देन हो । जसले आत्मज्ञान जान्दछ, ऊसँग दैवी शक्ति हुन्छ । योग, ध्यान, तपस्या तथा मन्त्रविद्याबाट आत्मज्ञान मिल्दछ । किरातले शिव मान्दछ, आर्यले विष्णु । तर ब्रह्मा, विष्णु र महेश्वर नै वास्तवमा हाम्रा साझा देवताहरू हुन् । जतिसुकै क्षत्री-ब्राह्मणसँग शत्रुता भए पनि उनीहरू हाम्रा दाजुभाइसरह र धार्मिक रूपमा अनन्य मित्रहरू हुन् । हामी दुवै प्रकृतिका पुजारी हौँ । हामी हिन्दू र किरातबीच धार्मिक सहिष्णुता र एकता अझ पनि बलियो छ ।"

माथि उल्लिखित इतिहास खोतल्न बालागुरु षडानन्द, योगी नरहरिनाथ, योगी बलभद्रनाथ, बालसन्त मोहनशरण, स्वामी प्रपन्नाचार्य आदिजस्ता सन्त, योगी वा महात्माको आवश्यकता राष्ट्रलाई खड्केको देखिन्छ ।

●

# खण्ड तीन
# तत्कालीन सामाजिकता

## प्राचीन पृष्ठभूमि, षडानन्द पाठशाला तथा अरुण उपत्यकामा जागरण / पुनर्जागरण :

स्वामी प्रपन्नाचार्य (२०३९, उत्तर भाग), भारतको गुप्तवंशको राज्यविवरण ८,७०१ वर्षको छ जुन मिश्र देशको इतिहासभन्दा कैयौँ हजार वर्ष पुरानो छ (हमारी संस्कृति पृष्ठ नं. ५)। पश्चिमी एसियामा ई. पू. भन्दा ४,००० वर्षअघि रामको पूजा गरिन्थ्यो । इराकको एक मन्दिर खन्दा फेला परेको सो मूर्ति आज ब्रिटिस म्युजियममा राखिएको छ । नेपालको प्राचीन इतिहासको हस्तलेखले पनि ७,२१३ वर्ष देखाएको छ । विश्वमा सबैभन्दा पुरानो इतिहास सगरमाथाको छ। पर्सियनहरूको जिन्दा–अवस्था ग्रन्थ (अर्को भाषामा रूपान्तरण गर्दा शातिर लेखियो) मा लेखिएको छ, "अकनू बिरहमने व्यास नाम आज हिन्द आमद वस दाना कि अकल चुनानस्त" अर्थात् व्यास नाम गरेको एक हिन्दू भारतबाट आयो जसको बराबर बुद्धिमान् अर्को देखिँदैन । यसले महाभारतकालीन पर्सियन देश व्यास पुगेका थिए। १,३०० वर्षअघि मुसलमानको परिचय देखिँदैन । पर्सियनहरूको शाहिरमा संस्कृत शब्दहरू पनि छन् । त्यसो भएपछि व्यास ऋषि अरब आदि देश घुम्न गएको देखिन्छ। त्यतिखेर पनि 'हिन्दू' भन्दा रहेछन् । हिन्दूको उत्पत्तिका बारेमा पुराना श्लोकहरू विश्लेषण गरौँ :

हिमालयं समारभ्य यावदिन्दुसरोवरम् ।
तं देवनिर्मितं देशं हिन्दूस्थानं प्रचक्षते ॥ (वार्हस्पत्य शास्त्र)
हिन्दूर्दुष्टो न भवति नानार्यो न विदूषकः ।
सद्धर्मपालको विद्वान् श्रौतधर्मपरायणः ॥ (रामकोशः)

"काश्मीरमा दविस्तान नामक लेख मिल्यो, त्यो सिकन्दरको समय हो । सिकन्दरको समय ५,६०० वर्ष प्राचीन मानिएको छ (हमारी संस्कृति पृ. नं. ५, सुदर्शन सिंह) । सिकन्दर बादशाह भारतमा आएर गुटुमुटु पारी फर्कंदा हिन्दूकूट पर्वत अर्थात् हिन्दूकुश पर्वत भएर फर्किएको उनको जीवनीमा लेखिएको छ । हिन्द चीन, हिन्द एसिया, हिन्द महासागर आदि प्राचीन शब्दहरू पनि देखिन्छन् । शिखहरूका नवम गुरु तेघबहादुरले 'सूर्यप्रकाश' मा 'उत्तर भान्यो धर्महरू हिन्द, अति प्रियके किस करे निकन्द' भनी उल्लेख गरेको देखिन्छ । हिन्दू शब्द हिन्दूस्थानका मुसलमानलाई पनि प्रयोग गरेको देखिन्छ । 'मौलाना रूप' ले लेखेको छ कि 'चार हिन्दू दर इके मसजिद शुदण्ड, बाहिरे ता अत एकेओ मसजिद शुदण्ड ।' अर्थात् चार हिन्दू गएर मसजिदमा अदायत

प्रार्थना गर्न तयारी गर्न थाले । मौलवी बहरूल्ला साहबले स्पष्ट लेख्नुभएको छ कि हिन्दू शब्दको अर्थ हिन्दूस्थानको मुसलमान हो । गौतम बुद्धभन्दा हजारौँ वर्षपूर्व हिन्दू नै थिए । हिन्दू नै आर्य हुन् । बुद्ध पनि हिन्दू नै थिए । किनकि उहाँका बाबुबाजेहरू हिन्दू नै थिए । जैन, बौद्ध, सिख र आर्यसमाजी सबै हिन्दू हौँ । हामीले ज्ञानप्राप्तिको बाटो रोजेकाले बौद्ध हौँ । अहिंसा चाहेको हुनाले हामी जैन हौँ । शिक्षा चाहेको हुनाले हामी शिख हौँ । समाजसुधार चाहेकाले हामी आर्यसमाजी हौँ ।”

हरि मञ्जुश्री (समयगाथा, २०८० भदौ) का अनुसार “संस्कृत भाषाको रामकोश नामक ग्रन्थमा ‘हिन्दूर्दुष्टो न भवति नानार्यो न विदूषकः । सद्धर्मपालको विद्वान् श्रौतधर्मपरायणः ॥’ भनिएको छ । शाकपूणिसंहिता ग्रन्थमा ‘हितोन धर्मविज्ञानं नयत्यात्मानमुन्नतिम् । दुनोति दुष्टवृत्तस्थान स वै हिन्दूरितिस्मृतम्’ लेखिएको छ । पारिजातहरण नाट्यमा ‘हिनस्थि तपसा पापान् दैहिकान् दुष्टमानसान् । हेतिभिः शत्रुवर्गं च स हिन्दूरभिधीयते’ भनिएको छ । ‘त्र्यम्बकरहस्य’ ग्रन्थमा ‘गोषु भक्तिर्भवेद्यस्य सदाचरणतत्परः । स वै हिन्दूरिति प्रोक्तः श्रुतिस्मृतिपथेस्थितः’ लेखिएको छ ।

तसर्थ हिन्दू शब्दले हिमालयको प्रारम्भ हालको भुटानको पूर्वी भागदेखि भारतको हिमाचल प्रदेशको चन्द्रताल (इन्दु भनेको चन्द्र, सरोवर भनेको ताल) सम्म फैलिएको झन्डै २,४०० कि. मि. को क्षेत्र रहेछ । अर्कोतर्फ हिन्दू भनेको गाईपूजक, सदाचारी, आत्माको उन्मुख मार्गतिर लाग्ने आदि चरित्र पनि चरितार्थ गरेको देखिन्छ । हिन्दूका फरक मतमा प्रकृतिपूजक, सनातनी धर्म अन्तर्गतका धर्महरू देखिन्छन् । तसर्थ असल चरित्र धारण गरेको जुनसुकै फरक मतका जैन, बौद्ध, किरात, मष्टोपूजक आदि सम्प्रदाय पनि समेटिएको देखिन्छ, जसलाई भूगोलका आधारमा मात्र परिभाषित गरिनु हुँदैन, असल चरित्रका आधारमा पनि विश्लेषण गर्नुपर्ने देखिन्छ ।”

३-४ सय वर्षयताको इतिहास हेर्ने हो भने इन्डियालाई ब्रिटिसले हिन्दूस्थान भन्न थालेपछि पृथ्वीनारायण शाहले नेपाललाई असली हिन्दूस्थान भन्नुपरेको थियो । असली हिन्दूस्थानमा बस्ने हिमाली सभ्यताका सनातनीहरूले ‘कृण्वन्तो विश्वमार्यम्’ भनेको देखिन्छ । तसर्थ आज जति धेरै धर्म वा पन्थहरू भए तापनि प्रायशः सनातन वैदिक धर्म अनुसारका देखिन्छन् । तसर्थ आजका २-३ सय वर्षयताका लेख, अनुसन्धान र पाश्चात्य लेखकहरूले लेखेको ग्रन्थलाई सिन्धु सभ्यताका हिन्दू र सिन्धु नदी पूर्वका हिन्दू भन्ने परिभाषाले हिन्दू वा सनातनीहरू खुम्चिएको देखिन्छ । लेखहरू र अनुसन्धानकर्ताहरूले पनि हजारौँ वा लाखौँ वर्षअघि देखिको हिन्दू शब्दको अर्थ र सनातन वैदिक धर्मको मूल जरो खोतल्न नसकेको अवस्था देखिन्छ ।

मुगल शासकको व्यापारिक सिलसिला र पटकपटकको आक्रमणमा सिन्धु नदीपूर्वका बासिन्दा हिन्दू भएकाले नदीको नाम फारसी भाषामा 'ह' अक्षर नहुँदा 'स' भई सिन्धु भनिदिए । भारतमा १,००० वर्षको मुगल बिगबिगी र ४०० वर्षको ब्रिटिसको नेपाल कब्जा गर्न खोज्ने १,००० औँ षड्यन्त्र भयो । त्यसपछि भारत स्वतन्त्र सन् १९४७ मा भएपछि प्र. म. जवाहरलाल नेहरू पालामा हिन्दूग्रन्थहरू भारतमै पुनर्लेखन गर्दा नेपालका कतिपय सम्पदाहरू भारतमै परे र मायाप्रति स्थानहरू बनिएर गाभिएको आभास हुन्छ । कतिपय नजानेर गाभिए भने कतिपय शास्त्रका श्लोकहरू मौखिकलाई लिखित गर्दा श्लोकहरू बिर्सिएर तोडमोड भएर पनि नेपालका सम्पदा भारतमा परे । आज पनि गौतम बुद्धको जन्म लुम्बिनी भएको र भारतमा पर्दछ भनी भारतीय विश्वविद्यालय र विदेशी विश्वविद्यालयहरूमा देखादेखी पढाइ भइरहेको छ । विराटनगर र लुम्बिनी सांस्कृतिक नक्सा हो भनी भारतको संसद भवनमा राखिनुले स्पष्ट गर्दछ । के हो वास्तविकता ? तसर्थ ८०-९० वर्षअघि छापिएका ग्रन्थमा कति छ विश्वसनीयता ? नेपालमा प्रेस नभएका कारण बनारसतिरै शास्त्रका पुस्तकहरू छाप्नुपर्ने बाध्यता, नेपाली विद्वान्हरू बनारसका र भारतीय गुरुहरूसँग शिक्षा लिएर नेपाल आएर त्यही व्याख्या गर्ने चलन आदि कारणबाट नेपालका सक्कली सम्पदाहरू लुप्त हुँदै गएको अनुमान हुन्छ । रामको जन्म भएको अयोध्याको प्रसङ्ग लगायत अनगन्ती तोडमोड भएको भान हुन्छ । महाभारतकालीन समयमा कर्णको वाणले पहाडको एक छेउ भेदन गरी पानीको बहाव गराएपछि कर्णाली नदीको नामले चिनिन्छ भन्ने पनि भेटिन्छ । प्राचीन मालिनी नदी आज नाम परिवर्तन भई कर्णाली नदी बन्यो । तर भारतको उत्तराखण्डमा अर्को मालिनी नदी देखापरेको देखिन्छ, किन ? मालिनी (कर्णाली नदी) नदी बहाव क्षेत्रमा कण्व ऋषिबाट सञ्चालित विश्वविद्यालय सरहको गुरुकुल शिक्षाको अध्ययन केन्द्र आजको जुम्ला सिँजाको हाराहारीमा रहेको अनुमान श्लोकबाट विश्लेषण गर्न सकिन्छ । विविध कारणवश कालखण्डमा ठाउँ र नदीका नाम परिवर्तन भएको देखिन्छ । यसै क्रममा प्राचीन नामहरू सिन्धु नदी, हेमामालिनी नदी र मालिनी नदी हुँदै आजको कर्णाली बनेको भेटिन्छ ।" (योगी बलभद्रको अन्तर्वार्ता (२०७८), घटराज भट्टराई (२०७१) र प्रा. डा. सापकोटा (२०७१) ।)

योगी नरहरिनाथको रेकर्ड अडियो (युट्युब, २०७६) का अनुसार नेपालीले इतिहास खोतल्न जरुरी छ । जस्तै ब्राह्मण सङ्कल्प पढ्दा जम्बुद्वीपे, भारतवर्षे आदि भनी आज पनि पढ्दछन् । हिमवत्खण्डे .. भन्दछन् । नेपाल र तिब्बत ( तत्कालीन नेपाल) मानसखण्डे पनि हो भनी सङ्कल्प पढ्दैनन् । विश्वमानव उत्पत्ति स्थान मानसखण्ड नेपालको कर्णाली क्षेत्र तथा तिब्बत मानसरोवर क्षेत्र हो । यसै आर्यावर्त भूमिमा (पार्वतीको भूमि, तथा विशाल आर्यभूखण्डको

केन्द्रभूमि) शिवको धाम वा बासस्थानका रूपमा गौरीशङ्कर हिमाल (पार्वती र शिव) रहेको छ । कैलाशधाम क्षेत्र तथा मानसरोवर क्षेत्र वा हिमालय क्षेत्रमा कुबेरको राजधानी अलकापुरी नगरी र मनुको राजधानी कैलाश पर्वत तथा बलिराजको राजधानी सिँजा उपत्यका रहेको छ । अलकापुरी भनिने कर्णालीको सिँजा उपत्यका र उपल्लो क्षेत्र, ॐ को उत्पत्ति क्षेत्र (३ नदी कैलाश पर्वतबाट बग्दा ॐ को आकारमा बगेका छन् । साथै त्यहीको खोलाको बहाबको स्वरूप स्वस्तिक चिह्न स्वरूपमा देखिन्छ । तसर्थ स्वस्तिक चिह्न उत्पन्न क्षेत्र पनि मानसरोवर क्षेत्र नै हो । तन्त्रविद्या र मन्त्रविद्याबाट विकास गरिएको नेपाल उपत्यका रहेको देखिन्छ । मानसपुत्र मरिचि ऋषिका नाति ने मुनिबाट पालित नेपाल देश रहेको छ, जुन नेपाल तत्कालीन एसिया र ककेसियस पर्वतसम्मको क्षेत्र वा विस्तारित आर्यावर्त भूमि भनी अनुमान लगाइएको देखिन्छ ।

योगीका अनुसार नै संस्कृत र नेपाली भाषाका ६४ अक्षरको उत्पन्न ब्राह्मी लिपि हुँदै संस्कृत वा देवनागरी लिपिमा आएको देखिन्छ । यिनीहरू किरात लिपिसँग पनि मिल्दाजुल्दा देखिन्छन् अर्थात् ब्राह्मी लिपि हुँदै किरात लिपि आइपुग्यो । किरात लिपिहरू चीनका ह्वाङहो र एल्लो रिभर सभ्यता पुगे र त्यहाँभन्दा पनि अग्रज देखिन्छन् । यी लिपिहरू कैलाश पर्वत र नेपाल आसपास लगायतका ६४ हिमालहरूको स्वरूपमा उत्पन्न भएका देखिन्छन् । ६४ लिपिमा आधा अक्षरका लिपिसमेत पर्दछन् । त्यसैले संस्कृत प्रकृतिको भाषा वा ब्रह्माण्डको भाषा हो । ॐ ध्वनि ब्रह्माण्डको ध्वनि हो । ॐ सनातन धर्मको हो भन्ने थाहा भएपछि पाश्चात्य धर्म मान्नेहरूलाई आज टाउको दुखेको देखिन्छ । उनीहरूको योजनामा नेपालका वि. सं. २०८० सम्म आइपुग्दा पूर्वशिक्षामन्त्रीको पालामा भएको निर्णय अनुसार नेपाली शब्दकोशबाट ॐ नै गायब बनाइएको छ । प्राकृतिक भाषा वा संस्कृत भाषा र यसैका समरूप पाली, हिन्दी, मैथिली, नेपाली, मराठी आदि भाषामाथि प्रहार हुँदै आएको छ, जुन विषयहरू नेपालका र भारतीय भूखण्डका सम्पदाहरू हुन् । नासाले रकेट प्रक्षेपण गर्दा अङ्ग्रेजी भाषाका कोड ब्रह्माण्डले फर्काइदियो, तर संस्कृत भाषा कोड स्वीकार गऱ्यो । संस्कृत भाषाविना रकेट प्रक्षेपण हुँदैन । तर नेपालीले संस्कृत भाषामाथि लात मारेका छौँ । यो 'विनाशकाले विपरीत बुद्धि' मात्र हो भन्ने आभास हुन्छ ।

प्रेम कैदी (२०७८, युट्यूब अन्तर्वार्ता तथा विकिपिडियाबाट) का अनुसार त्यसै गरी युरोपको ग्रीसका शासक Alaxander the Great पनि युरोपका विभिन्न भूभाग जितेर ई. पू. ३२३ मा भारतको उत्तराखण्डतर्फबाट इन्दुस भ्याली जितेर आउँदै थिए । एथेन्सबाट पूर्व अरेबियन क्षेत्रका इराक, इरान, पर्सिया, अफगानिस्तान, पाकिस्तान, काश्मीर विजय गर्दै तत्कालीन नेपालको बोर्डरमा गिद्धेदृष्टि लगाउँदै थिए । उनले तिब्बत एकीकरणको सपना बुन्दै गर्दा चाणक्यले

राज्यको हारपछि मगधराजासँगको गोप्य सम्झौता गरे । नेपालबाट पनि केही सङ्ख्यामा हात्ती चढेर युद्ध गर्ने सैनिक सामेल भई युद्ध लड्दा अलेक्जेन्डर पराजय भई उनी पछाडि हट्न बाध्य भएका थिए । उनले १२ वर्षको लगातारको युद्धपातबाट पछाडि हटेको यो पहिलो घटना थियो । उनी भागेर बेबिलोन (इजिप्ट दरबार) पुगेको २ हप्ता नबित्दै कालाज्वर, पागलपन र कैयौँको हत्या गर्दा खुनको विषाक्तपनको कारण मृत्यु भएको थियो । नेपालमाथि कुभलो चिताउने वा गिद्धेदृष्टि लगाउने विश्वविजेताहरूको समेत दुर्गति भएको देखिन्छ । अन्य सानातिनाको त के कुरा गरौँ !

**नेपाली सामाजिक पृष्ठभूमि तथा अरुण उपत्यकाको सामाजिक अवस्था :**

मोदनाथ प्रश्रित (२०७३ : ३८१) का अनुसार इतिहास कोट्याउँदा नेपाल प्राचीन कालदेखि नै आर्य, मङ्गोल, अस्ट्रिक र द्रविण चारै समुदायका शाखा-प्रशाखा रहेको भूमि हो । उत्तरमा मङ्गोल र किरात, पश्चिममा आर्य, पूर्व र दक्षिणमा अस्ट्रिक तथा द्रविड जनता युगौँदेखि मिलेर बनेको देश हो । शिरस्थानमा शिव (किरातेश्वर महादेव) र पार्वतीको बासस्थान तथा विवाहको इतिहास देखिन्छ । मिथिलामा याज्ञवल्क्यले यजुर्वेदिक शिक्षा र संस्कृतिको जग बसाएको, विश्वविख्यात महान् दार्शनिक कपिल ऋषिको जन्मभूमि जसले २५ भौतिक तत्त्व र तिनको समन्वयवाट जीवन र जगत्को उत्पत्ति भएको हो भनी साङ्ख्यदर्शनले उद्घोष गरेको भूमि पनि हो । साङ्ख्यदर्शनबाट प्रभावित विश्व बौद्धदर्शनका प्रतिपादक बुद्धको विश्वशान्तिको मानवतावादी दर्शन, शिवको योगदर्शन, जनक वंशको गौरवमय भूमि, विश्वको दोस्रो जलस्रोतको भूमि आदिको विशिष्टता बोकेको भूमि हो । भारतवर्ष र सो भूमिमा छुवाछुत व्यवस्था, सतीप्रथा, दासप्रथाजस्ता अमानवीय सामाजिक रोगले प्रभावित भूमि थियो । पार्वती, गार्गी, मैत्रेयी, सीता आदिको जन्मभूमिमा निरक्षरता र अन्धविश्वासको दलदलमा भासिँदै गयो । पछिल्लो चरणमा नेपाल बाइसे र चौबीसे राज्यमा विभाजित हुन पुग्यो । १०० वर्षपछि अन्धकार चिर्दै भुरे र टाकुरे राज्यहरूको युगबाट पृथ्वीनारायण शाहले एकीकरण अभियान सुरुवात गरी बहादुर शाहको समयपछि बल्ल नेपालमा नेपाली राष्ट्रियताको भावना जागेको थियो । यसअघि राष्ट्रियताको भावना यलम्बर र किरातकालमै थियो । अन्य सबै शासकले भारतीय शरणार्थी भई नेपालको शासन कब्जा गरेको हुँदा असम्भव देखिन्छ ।

प्रश्रितका अनुसार लिच्छविकालीन शासनसम्म विश्लेषण गर्दा पितृकुल, ऋषिकुल, गुरुकुल, बौद्धशिक्षा, मदरसा आदि शैक्षिक प्रणाली भए पनि नगन्य र नेपाली जनताको पहुँचबाहिर कर्मकाण्डी र धार्मिक शिक्षा थियो । केही कर्मकाण्ड गराउने र सप्ताह भन्ने पण्डितहरू, बाँच्नका लागि पण्डित्याइँ गर्ने, तमसुक

लेख्ने, दानपत्र लेख्ने आदि अति सामान्य कार्य र अवस्था थियो । जङ्गबहादुरको निरङ्कुशता, जमिनदारी प्रथा, सामन्ती प्रथा, नेपाली समाजका कुरीति, कुसंस्कार, निरक्षरपन, अन्धविश्वासी परम्परा आदि कारणका साथै समाजमा जाली-फटाहाहरू हावी भएकाले कति नेपाली ठगिए, कति लुटिए, कति काटिए, कति बलात्कृत भए, कति टुहुरा भए र कति निरपराधीका सन्तानहरू अहिलेसम्म अपराधीको सन्तान भनी सरम मान्नुपर्‍यो । कति विधवा भए र कति तल्लो जातका भए लेखाजोखा गरिसक्नु छैन, जसको उपज पुरुषहरू भारतीय बजारमा बहादुर, नोकर, चाकर र चौकीदारका रूपमा अप्रत्यक्ष बिक्री भएका थिए ।

भारतीय शरणार्थी राजपूत शासकहरूको विगविगीसँगै राणाकालसम्म दरबारमा राखिने १०० औँ लीलावती र कामवासना लागि कलावती बैँसालु युवतीहरू, जमिन्दारका दासहरू, धनाढ्य र मध्यम वर्गका सौतामाथिका सौताहरू, सतीको बाध्यता (जस्तै राजा योगनरेन्द्र मर्दा ३१ रानी र भूपालेन्द्र मल्ल मर्दा २४ रानी सती बनाई ज्यूँदै चिताज्वालामा होमिएका थिए), दलितको अवस्था र विवशता आदि कति क्रूर र घृणित सामाजिक अवस्था थियो । त्यसैको सेरोफेरोमा केही पछि भोजपुर दिङ्लामा पीडित भई माइतीमा आश्रय लिएकी विधवाबाट जन्म लिने षडानन्द अधिकारी तत्कालीन समाजमा ब्रह्मचारी बसी विसङ्गति चिर्दै शैक्षिक चेतनाको ज्वालाबाटै नेपाली समाजसुधारका लागि बहुमुखी योगदान दिने महान् युगपुरुष बालागुरु षडानन्द थिए ।

प्रश्रितका अनुसार प्राचीनकालीन गार्गी, मैत्रेयी आदिको महिला शिक्षा बालागुरुको पालासम्म समाजले भुलिसकेको थियो । नेपाली समाजमा महिला शिक्षाको ढोका लगभग शतप्रतिशत बन्द थियो । वि. सं. २००७ सालअघिसम्म नेपालको साक्षरता १% मा सीमित थियो । त्यो १% साक्षरतामा बृद्धिको मूल जड वि. सं. १९३२ मा खोलिएको षडानन्द पाठशाला पनि थियो । न्यून हिस्सा भारतको बनारस, काश्मीर तथा नेपालका जनकपुर, करफोक, मटिहानी आदि गुरुकुलको शिक्षा मात्र थियो । समाजमा दलितलाई शिक्षाको त के कुरा, सामान्य अक्षर चिन्नसमेत ढोका पूर्ण बन्द थियो । बालागुरु आफैँले बाल्यकालमा दलित धनमाया दमिनीबाट स्याहार प्राप्त गरी त्यही समाजमा बसेर कटाक्षहरूसमेत सहर्ष पचाउन सक्दै र निमिट्यान्नको प्रयास गर्दै समाजलाई विशिष्ट योगदान दिएको हुनाले बालागुरु युगपुरुष थिए । अनुमान गरौँ त्यस बेलाको समाजको, जहाँ ब्राह्मणको छोराले दलित आमाबाट स्याहारसुसार प्राप्त गरेका थिए । बालागुरु दर्शन र चिन्तनका आधारमा तत्कालीन अन्धविश्वासी समाज सिञ्चित गर्ने सागर – महासागर थिए ।

यज्ञनिधि दाहाल (२०७३ : ३९४) का अनुसार बालागुरुको समय र त्यसभन्दा अघि नेपालको दासयुगमा बेठी खाने, बेठी तिर्ने र राजधर्मभीरु,

राणासत्ताका धुपौरे र मुखियाबाट विद्यालयजस्तो संस्था जन्माउन मनोविज्ञानका घुँयेत्रा (योजना) हरू बनाउन सहज थिएन । यी बालागुरु शिशु हुँदा विधवा आमाबाट स्याहार गर्न अप्ठेरो परेकाले धनमाया दमिनीको ममतामयी स्याहार प्राप्त गर्नुपर्ने बाध्यता देखिन्छ । त्यसमा पनि अछुत छिमेकी ! परिवार गरिब र पीडित भएकै कारण काकाकाकी, बडाबा-बडीआमा, हजुरबुबा-हजुरआमा आदि कसैले पनि हेरविचार नगरेका कारण मावलीको शरणमा परेको देखिन्छ । बिरामी भएर लडिरहेकी महिलाको पीडालाई असाक्षर धनमाया दमिनीले मानवताको नाताले नवशिशुलाई संरक्षण प्रदान गरेको देखिन्छ । उनले अरूले जस्तै शिक्षा लिने प्रेरणा जगाएको देखिन्छ । त्यस कारण बालागुरुले छुवाछुतको मूल जरोमा प्रहार गरी समाजबाटै निर्मूल गर्ने प्रयास गरेका थिए । धन्य छिन् धनमाया दमिनी तथा धन्य छन् उनका सन्ततिहरू !

दाहालको थप उल्लेख छ उनको समयमा नेपाल चिसो हुस्सुले ढाकेको, अँध्यारो र राणाकालीन रातमा मिर्मिरे बिहानी ल्याउन तम्सँदै थियो । लखन थापा जोसमनी मत प्रदान गर्न तम्सँदातम्सँदै मारिएका थिए । वीर शमशेरले आफ्ना काका रणोद्दीपलाई मार्न खड्ग शमशेरलाई तम्तयार गरिराखेका थिए । जङ्गबहादुरका छोराहरू र सम्पूर्ण परिवार समाप्त गर्न ३८ साले (वि. सं. १९३८) र ४२ साले पर्वको तानाबाना बुन्दै थिए । भाइ देव शमशेर र ज्वाइँ जयपृथ्वीबहादुर सिंह केही हदसम्म उदार भएकाले चन्द्र शमशेर उनीहरूलाई हटाउने, मार्ने वा देशनिकाला गर्ने षड्यन्त्र रच्दै थिए । उता युरोपको ग्रीस र एथेन्सतिर सुकरात, प्लेटो, एरिस्टोटल जन्मिएर चेतनाको भुइँचालो छोडिसकेका थिए । तर नेपालका राजारजौटा, मुखिया र जमिन्दारहरू कालो नियतले बर्बाद भएर कर्मकाण्ड र संस्कृत भाषालाई थप बर्बाद गर्दै थिए । राणाहरूलाई भारतीय अङ्ग्रेज र अङ्ग्रेजी भाषाले हात पार्दै थियो । आयातीत सतीप्रथा, दासप्रथा र विकृत छुवाछुतले नेपाली समाज बर्बाद हुँदै थियो । त्यो अँध्यारो र भुमरीयुक्त रातमा बालागुरु चन्द्रमाको चहकिलो टहक छर्दै थिए र अरुण उपत्यकाको समाजमा जागरणका सपनाहरू बुन्दै थिए ।

**तत्कालीन दिङ्लाली समाजको वस्तुस्थितिको चित्रण :**

१. गुरुप्रसाद राई (२०७३ : ३१३) ले तत्कालीन दिङ्लाको बहुआयामिक वस्तुस्थिति निम्नानुसार चिरफार गरी पस्केको देखिन्छ, जसबाट दिङ्लाको मात्र नभई नेपालको तत्कालीन शैक्षिक अवस्था, लवाइ, खुवाइ, धार्मिक अवस्था, रुढिवादी समाज, आर्थिक गतिविधि, भाषाको विकास आदि विविध पक्षमा कति कमजोर र विकराल थियो भन्ने देखाउँछ र नेपालको समग्र इतिहास आकलन गर्न सजिलो हुन्छ । यहाँ उहाँकै शब्दलाई छोटकरीमा सहजीकरण गरिन्छ :

राईका अनुसार बडाबाका अनुसार दिङ्लाको कालीपल्टनमा लेफ्टराइट-लेफ्टराइट गर्दै पश्चिममा रुम्जाटार, पूर्वमा तुम्लिङटार, उत्तरमा बुम्लिङटार र दक्षिणमा देवानटारसम्म परेड खेल्दै जानुपर्दथ्यो। मासिक तलब ५ मोहर अर्थात् रु. २ पैसा ५० थियो। दिङ्लाका धुलिखेले दास साहूका छोराहरू रामगोपाल र श्यामगोपाल, दिङ्लाका राइटर बाजेका (चापागाईं) कारिन्दा पहलमान कार्की, दिङ्लाका अन्तरे मुखिया (योगराज चापागाईं) दिङ्लाबाट हाम्रो घर मझुवाबेँसी आउँदा भिन्न बोली लाग्दथ्यो। बाल्यकालमा वि. सं. २०१४ को बालाचतुर्दशी मेला हेर्न दिङ्ला बजार आमासँगै जाँदा आमाले बुनेका खाँडीका दौरा-सुरुवाल र अस्कोट लगाई गोजीमा तोलाका तोला तामाका ५ पैसे ढ्याकेहरूले गोजी भरिएको थियो। चिर्खुवाको काठेपुल, उदयपुरका झिँगटीका छाना भएका घरहरू हेर्दै कौतूहलका साथ दिङ्ला बजार पुग्दा मादलका मिश्रित तालहरू, ठूला-ठूला घण्टाका ट्याङ्टुङ् ट्याङ्टुङ् ध्वनिहरू, शङ्खको दीर्घ ध्वनिले गुन्जायमान दिङ्ला बजार, चौतर्फी सुन्दर वरबगैंचा तथा छटाले सजिसजाउ दिङ्ला बजारमा प्रथमपटक कतै आनन्दमा डुबिरहेको वा हराइरहेको आभास हुन्छ।

शतबीजले भरिएको दिङ्ला बजार, मन्दिर परिसर, पोखरीका रङ्गीबिरङ्गी माछाहरू, देवीदेवताका ढुङ्गे मूर्तिहरू, भीमकाय पत्थरका स्तम्भहरू, भीमकाय ढुङ्गे नन्दी, कलात्मक बुर्जा र कलात्मक टुँडालहरूमा मोहित हुँदै हराइरहेको थिएँ। चौताराहरूमा खाँडीका सेतो दौरा-सुरुवाल, कालो कोट तथा सेतो पटुका कम्मरमा कसी ठाडो भोजपुरे खुकुरी भिरेका पुरुष भद्रभलादमीहरू अनि गरगहनाले सजिसजाउ भएका औसतभन्दा भिन्न देखिने महिलाहरू थिए। आसपासमा बाँधिएका घोडाका मालिकहरू, मखमल, छिपा, विल्सिङ् आदिको चोलो, फुलबुट्टे गलबन्दी लगाएका, जुल्फी ढल्काउँदै हिँड्ने केही उच्छृङ्खल तन्नेरीहरू, मादलको तालमा नाच्ने र जुहारी खेल्ने तरुण-तन्नेरीका धेरै झुन्डहरू र भीडले मेलामा रौनक थपेको देखिन्थ्यो।

राईका अनुसार ५ पैसे सिटी फुक्दै हिँड्ने दौँतरीहरू, काँस र तामाका भाँडाबर्तनहरू, डाइस र रिङ खेल्न झुम्मिएकाहरूको हल्लाखल्ला, काइँयो, थुन्चे, धोवे, हाँडी, झाँझरी, सुरुही, धुपौरो, खुर्मी, सेरगम, छुर्पी आदि लगायत बाद्यवादनका सामाग्री अनि प्रमुख व्यापारिक केन्द्र बन्दै गएको दिङ्ला थियो। दिङ्लामा रामबेनी, धनकुटा, सोलु, बाला, सिसुवादेखि हटियागोला लगायतका व्यापारीहरू पनि देखिन्थे। तर दिङला बजारमा न एउटा चर्पी थियो न त कसैका घरमा नै। मानिसको विशाल मेलामा कोदोबारी आसपासमा देखिने विविध दृश्यहरूले अचम्म मानेको हुन्छु र ठानेको हुन्छु।

गुरुप्रसाद राई (२०७३ : ३१३), “एस. एल. सी. परीक्षा केन्द्र दिङ्लामा वि. सं. २०२२ बाट सुरु भयो। वि. सं. २०३२ मा अरुण मा. वि. लाई संस्कृत

र अङ्ग्रेजी दुवै धार राखी मर्ज गर्ने प्रस्ताव आउँछ तर अन्तिम चरणमा आमसभाले पारित गर्दैन । गुठीका जग्गाहरू मिचिएको तत्कालीन प्र. जि. अ. र जि. वि. स. सभापति कर्णबहादुर राई समक्ष षडानन्द मा. वि. का प्र. अ. केदार गौतम, वीरेन्द्र मा. वि. का प्र. अ. नरबहादुर बुढाथोकी र स्वयम् म राईले प्रस्ताव राख्छौं । जि. पं. स. रमेश न्यौपाने, स्थानीय प्रधानपञ्चहरू गोपाल अधिकारी, डण्डपाणि चापागाईं र रमानाथ खतिवडा तथा प्र. अ. केदार गौतम, गुठीयार विष्णु बस्नेत, दिङ्ला थानाका प्रतिनिधि, मालपोत कार्यालय प्रतिनिधि र स्वयम् मेरो निर्माण समिति तयार भई जग्गा नापजाँच गर्दै जाँदा बालुवा ब्याँसीको मानबहादुर रोकाको पसलमा पुगेपछि सबै सपना र जोस-जाँगर तुहिएको पीडादायक अवस्था भयो ।"

राईका अनुसार दिङ्ला बजारमा पार्क निर्माण समिति निर्माण भई जि. वि. स. बाट प्राप्त रकममा डण्डपाणि चापागाईं र डकर्मी देवबहादुर चर्मकारबाट निर्माण गर्दा सहयोग भएको थियो । तर केही वर्षपछि पर्खालको चिनोसमेत हराई त्यसै ठाउँमा झुपडी ठडिएको थियो । दिङ्लामा गलत संस्कारको विकास भएको छ । पछि वि. सं. २०४६ सालमा आफूले पार्क डिजाइनको जिम्मेवारी पाई बालागुरुको सालिक अनावरण गरेका थियौं ।

राईले वि. सं. २०५५ मा आफूले चामुनारायण सत्तल लड्न लाग्दा सरोकारवालालाई पटकपटक सम्झाउँदा पनि नसुनेको कारण ऐतिहासिक सत्तल ढलेका थिए । गाई मरेपछि स्याल र गिद्ध रमाएर लुछाचुँडी गरेजस्तै दिङ्ला बजारमा त्यसको काठ, इँटा, झिँगटी र जमिन पनि लुछाचुँडी भएको पीडा उल्लेख गरेको देखिन्छ । वि. सं. २०५५ मा विद्यालयमा बम पड्काएको, टुँडिखेलमा बङ्कर खनिएको, बजारको रेन्जपोस्ट लगायत, प्रहरी कार्यालय तोडफोड भएको, गुठी कब्जा गरिएको थियो र प्रहरीहरू सदरमुकामतिर लागेका थिए । वि. सं. २०५९ पौष मसान्तको बिहान करिब नौ बजेदेखि माओवादीले दोहोरो भिडन्त सुरु गरेको जसमा अरुण मा. वि. का ४-५ वर्षका विद्यार्थीको पनि मृत्यु भएको थियो । यसरी दिङ्लाको दर्दनाक वस्तुस्थितिहरूको विश्लेषण गरेको देखिन्छ। हालको कैलाशडाँडाको नर्मदेश्वर मन्दिर वि. सं. २०६८ सालमा गुरुप्रसाद राईको डिजाइन र खर्चमा देवबहादुर चर्मकारबाट जीर्णोद्धार भएको तथा प्रहरी जवानहरूबाट घण्टा, जलधारी, ऐना र तोरणहरू अर्पण भएको देखिन्छ । यसरी व्यक्तिगत र संस्थागत रूपमा अनगन्ती प्रयास गर्दा पनि बालागुरुका कीर्ति र भौतिक सम्पत्ति जोगाउन कठिन भएको छ भनी राईबाट दिङ्लाको सामाजिक पृण्ठभूमि र संस्कारको सूक्ष्म चिरफार गरेको देखिन्छ ।

२. सुरेन्द्रबहादुर बस्नेत (२०७३ : ४४४ – ४४७), "लिखु खोला निवासी पुर्खा वंशराज बस्नेतका छोरा दिङ्ला बसाइँ आएर बसेका थिए । वंशराजको

छोरा धिर्जेको जेठो छोरो फौदसिंह (लेखकका हजुरबुबा) धेरै नपढेका र मुस्किलले ४ अक्षर लेख्न सक्ने हुनुहुन्थ्यो, तर पाँच खत बाहेकको अन्य मुद्दा छिन्ने प्रशासनिक अधिकार पाउनुभएको थियो ।" दिङ्लामा खप्तडी बस्नेतहरू धेरै देखिनुहुन्छ । खप्तड क्षेत्र बस्नेतको उत्पत्तिस्थान भएकाले खप्तडबाट खप्तडी र त्यस क्षेत्रमा बसोबास गरेको हुनाले खप्तडी बस्नेत भएको जनता मा. वि. हरैंचाका शिक्षक सूर्यबहादुर तथा पूर्वाञ्चल विश्वविद्यालयका कर्मचारी सङ्घका सभापति रूपेश बस्नेतको मत रहेको देखिन्छ ।

सुरेन्द्रबहादुर बस्नेतका अनुसार छुवाछुतको त्यो कट्टर युगमा फौदसिंहको बोलीले जात जान्थ्यो र जात पनि चल्थ्यो । उनले अभियुक्तको हातबाट पानी खाएपछि मानिसको जात चढ्थ्यो । "कसैले अपराध गरे-नगरेको छानबिनचाहिँ उनले अभियुक्तलाई आफ्ना अगाडिबाट भाग्न लगाएर डल्लाले हिर्काउने चलन थियो रे । डल्लाले लाग्यो वा छोयो भने अपराध प्रमाणित नहुने न्यायप्रणाली थियो रे । डल्लाले लागेन भने अपराधी मानिन्थ्यो रे । यसरी सबैलाई कजाएर राख्ने र समाजमा प्रभाव रहने न्यायप्रणाली फौदसिंहको थियो रे ।"

बस्नेतको यो लेखलाई तत्कालीन दिङ्लाको न्यायप्रणाली मात्र नभई तत्कालीन नेपाल अधिराज्यको न्यायप्रणाली कति कमजोर वा खोटपूर्ण थियो भन्ने स्पष्ट प्रमाणका रूपमा लिन सकिन्छ। कानुन र अदालतहरूको नामनिशान नै बालागुरुको समयसम्म थिएन । विद्यालयको अभावले २-४ कक्षा पढ्नेले समाज हाँक्नुपर्ने बाध्यात्मक अवस्था देखिन्छ। समाजमा कति निरक्षरता, बर्बरता र दर्दनाक अवस्था थियो होला भनी विश्लेषण गर्न सकिन्छ। कति अन्धविश्वासी समाज थियो होला र सङ्घसंस्था र कार्यालयहरू त लगभग शून्य बराबरै थिए भन्ने अनुमान गर्न सकिन्छ ।

बस्नेतका अनुसार बालागुरु अध्ययन र योगसाधनाबाट सिद्धि प्राप्त गरेर जन्मभूमि दिङ्ला फर्किएपछि फौदसिंहको सामाजिक, धार्मिक, सांस्कृतिक विकासको समेत संरक्षण बालागुरुले गरिदिएको देखिन्छ । फौदसिंहभन्दा अझै बढेर दिङ्लामा पाठशाला, मन्दिर, शनिबारे हटिया, मेलापर्वका कार्य, सामाजिक कार्य, न्यायिक कार्य, धार्मिक कार्य, आदि बालागुरुबाट सुरु भएका देखिन्छन् । बालागुरुलाई आफ्ना पिता नरबमले नारायणी नदीपारि भेटेको तथा काठमाडौं पशुपतिनाथ आर्यघाट (आर्या अर्थात् पार्वतीघाट) नजिकको आश्रममा बालागुरु बस्नुभएको उनी भन्छन् । "एक पागल जर्नेललाई बिगुत लगाई मन्त्र फुकेर निको पारिदिएपछि श्री ३ जङ्गबहादुर महाराज खुसी भई तपाईंको इच्छा के छ भनी सोद्धा दिङ्लामा पाठशाला र मन्दिर खोल्न पाऊँ भनेर अनुमति पाएको तथा पशुपतिमा बस्दा भक्तजनले अर्पण गरेको झन्नै मो. रु. १,००० वा १,२०० जति लिएर पाठशाला खोल्न जानुभएको कुरा पिताबाट थाहा पाएको थिएँ ।"

सुरेन्द्रबहादुर बस्नेत (२०७३ : ४४४ – ४४७), "त्यस बेला दिङ्ला माझकिरात थियो । मानिसहरू निरक्षरताले गर्दा असभ्य पाराले तँ, तिमी, तैँले आदि भनेर सम्बोधन गर्दथे । बालागुरुले पाठशाला खोलेपछि बिस्तारै तपाईं, हजुरजस्ता शिष्टाचार र सभ्यताका शब्दहरू चल्न थाले । पूर्वाञ्चलमा शिक्षा, संस्कार र सभ्यताको आधार उदय भयो । बालागुरुले वरबगैँचा लगाउन तथा रुद्राक्षको बगैँचा लगाउन सिकाउनुभयो । दिङ्ला क्षेत्रमै उक्त रुद्राक्षसहित वरबगैँचा लगाउने कार्य आफ्ना पिता नरबम बस्नेतले गरेको तथा त्यति बेला देशदेशान्तरबाट दिङ्ला र आफ्नो घरमा पनि रुद्राक्षका लागि साधु वा सन्तहरू पुग्ने गरेका थिए । मेरी आमाले मैतालु फिरेपछि पहिलो भेटमा डबल असर्फी राखेर बालागुरुलाई ढोग्नुभएको रहेछ । गुरु महाराजले आशीर्वाद दिँदा तिम्रा सन्तानहरूले डाँडाकाँडा ढाकून् र ठूलो उन्नति गरून् भन्ने आशीर्वाद दिनुभएको थियो रे । त्यो आशीर्वाद आज फलिभूत भएको छ भनिँदैछ ।"

यसरी बस्नेतले तत्कालीन दिङ्लाको समाजबाट नेपाली समाजको समग्र अवस्था अनुमान गर्न र चिरफार गर्न सहजीकरण गरिदिएको देखिन्छ ।

३. डा. सुरेशराज शर्मा (२०७३ : ४५० – ४५३), "शिक्षाको आधुनिक कालमा पनि नेपालका विद्यालय, विश्वविद्यालय तथा महाविद्यालयमा गुरुकुल प्रणाली आजका वर्षसम्म अध्ययन भइरहेको छ । बालागुरुको समयको कल्पना गर्दा विद्यालयसमेत विस्तार नभएको, जनचेतना विकास हुन नसकेको र राजनीतिक गतिविधिहरू जनस्तरमा हुन नसकेको देखिन्छ । न त उद्योग-व्यापार थियो, न यातायातको सुविधा नै थियो । सूचना र सञ्चारको क्षेत्रको त कल्पना पनि सायद गरिएको थिएन । त्यसमा पनि भोजपुरजस्तो दुर्गम पहाडी भूभागको त्यस बेलाको समाजमा कृषिकर्मबाहेक उत्पादनमुखी कुनै काम थिएन । त्यस्तो समयमा शिक्षाका माध्यमबाट जनचेतना नेपालको पूर्वी भेगमा गराउनुभयो, त्यो वास्तवमा वन्दनायोग्य वा प्रार्थना गर्न लायक छ ।"

**लेखकहरूबाट तत्कालीन अवस्था चिरफार :**

१. डा. केदार न्यौपाने (२०७३ : २०३), "नेपालमा शिक्षाको ज्योति षडानन्द अभियानसँगै ज्ञानको उब्जा बाँड्ने प्रथम शैक्षिक केन्द्र दिङ्ला । धार्मिक चेतना विस्तार केन्द्र दिङ्ला । कोकिलकण्ठी लोकदोहोरी केन्द्र दिङ्ला । जुहारी, सँगिनी, हाक्पारे र बालनको केन्द्र थियो दिङ्ला । शैक्षिक र आध्यात्मिक केन्द्र दिङ्ला । विद्यालय अक्षय ढुकुटीको प्रथम केन्द्र दिङ्ला तथा अन्नपातको बेसाहा खोज्न ३ नं. देखि आइपुग्नुपर्ने केन्द्र थियो दिङ्ला । रुद्राक्षारण्य केन्द्र दिङ्ला । धार्मिक केन्द्र दिङ्ला । मलिलो, रसिलो, पारिलो तथा प्राकृतिक सौन्दर्यकी अप्सरा झैँ केन्द्र दिङ्ला । दिङ्लाको हृदयकेन्द्र लेकमा भैरुङपाती, सुनगाभा, चिमाल,

चिराइतो, भोजपत्र आदि तथा केही तल चाँप, गुराँस र भीमसेनपाती भेटिन्छ । बैँसीमा कमल, जाई, जुही, चमेली, सयपत्री, रुद्राक्ष, साल र गोदावरीको प्राकृतिक बगैँचा दिङ्ला हो भन्ने ठानेको छु ।"

यसरी न्यौपानेले दिङ्लाको विगत र वर्तमानको वस्तुस्थितिको महिमा विश्लेषण गरेको देखिन्छ । डा. न्यौपानेका अनुसार आफूले भोजपुरको गोगनेबाट दिङ्ला गई पूर्वमध्यमा अध्ययन गरेको तथा दिङ्ला पाठशालासँग परिवारका दिङ्ला गई पढेका अग्रज व्यक्तित्वहरूका समेत पारिवारिक नातासम्बन्ध जोडिएको थियो । दिङ्लाप्रति आफ्नो पनि अगाध आस्था र श्रद्धा जोडिएको छ । तसर्थ न्यौपानेबाट दिङ्लाको शैक्षिक, सामाजिक, आर्थिक, व्यापारिक र प्राकृतिक परिवेशको उल्लेख भएको देखिन्छ । दिङ्लाका फराकिला फाँट, उर्बर भूमि, मेलापर्वमा प्रदर्शित नाचगान, देवीदेउराली भाकेर बजाइने ढोलक, झ्याम्टा, मजुरा र सौन्दर्यमुखी सुवाससँगै बालागुरुको अध्यात्मवादी ज्ञानको ऊर्जाले परिपूर्ण देखिन्थ्यो । भक्तिको रस र शैक्षिक केन्द्रको सौन्दर्यले सुनमा सुगन्ध थपिएको थियो ।

२. तीर्थराज भट्टराई (२०७३ : २०९) का अनुसार वि. सं. २०१४ चैत्र रामनवमीको दिन गोगनेबाट दिङ्ला पुग्दा नीलकण्ठ चापागाई र सत्यनारायण अधिकारीका छोरा पुण्यप्रसाद अधिकारीका साथ दिङ्ला पुगेका थियौँ । मेलामा रातभर तरुनी-तन्नेरीहरूले गीत गाएको प्रथम पटक जीवनमा देखेको थिएँ । शनिबारे हटियामा प्रथमपटक ठूला-ठूला बक्सामा सेर्पा दाइले बेसारजस्तै पँहेलो घिउ (चौँरी गाईको) बेच्ने गरेका र १ के. जी. जति जाने सिलवरे बटुकामा (कुरुवाजस्तो) झुसी घिउ भरेर आफ्नै लुगामा घिउ पुछ्थे । लुगा घिउको चिल्लोले काई लागिरहेको हुन्थ्यो । सेर्पिनी भाउजू खनखन गर्दै पैसा लिन्थिन् । भट्टराईबाट 'एक बटुका घिउको रु. १ (एक)' भन्ने शीर्षक लेखमा उल्लेख गरेको देखिन्छ ।

भट्टराईका अनुसार 'आफू ४ नम्बर कोठामा बसेको तथा अग्रज दाजुहरू साहित्यकार दैवज्ञराज न्यौपाने र शम्भु न्यौपाने बुर्जाको कोठामा बस्नुहुन्थो । रामधारा र आरुबोटे धारामा स्नान गरी सबेरै माटाको गाग्रीमा पानी बोकी ल्याएको, दाउरा खोजी धोती फेरी चुलैमा बसी पकाउने र खाने चलन थियो । क्षत्री, संन्यासी आदि जातका विद्यार्थी बसे पनि बाहुन साथीले नै खाना पकाउनुपर्ने, आफ्नो काम आफैँले गर्ने जस्ता सत्चरित्रहरू दिङ्लामा सिकेको थिएँ । त्यस बेलाका सोलुका रामबहादुर बस्नेत (हाल सुनसरी) सहपाठीको स्मरण पनि ताजै छ ।'

भट्टराईका अनुसार "शनिबारे हटियामा रु. २ को ११ कुरुवा चामल किनेका थियौँ । बाँसको ढुङ्ग्रो काटेर बनाएको ट्याङ्ग्रोले चामल नापेर भात

पकाउने चलन थियो । ट्याङ्ग्रोले १ पाउदेखि आधा माना चामल नाप्थ्यो । एकपटक बजारमा एक मोहरको दरले रु. २० (बीस) उठाई साङराङको एक घरमा सुन्तला टिपेर लिएर आउँदा ५०० दाना सुन्तला आफ्नो भागमा परेको कुरा 'एक मोहरमा ५०० दाना सुन्तला' उपशीर्षकमा उल्लेख गरिएको छ । तत्कालीन परिवेशमा उक्त एक मोहरको (५० पैसा) सुन्तलाका भाग बिहान बेलुकी भातको सट्टा खाँदा र खरिदमा भाग नलिएका साथीलाई बाँड्दा पनि केही सीप नचली केही कुहिएर गएको थियो ।" स्मरण रहोस् नेपालमा सुन्तलाका लागि प्रसिद्ध ठाउँहरू पोखरा र धनकुटाका साथै भोजपुर पनि हो ।

सुवेदार मेजर कविराज कार्कीले (स्मृतिग्रन्थ, २०५२) वि. सं. १९६८ साल आषाढ १५ गते बिहीबार सिलाङ मुकाम १ वाहाल् १५४ नम्बरबाट लेखेको बिन्तीपत्रमा निम्न उल्लेख छ : "हजुरले सिलाङ छोडेर दिङ्ला गएपछि सुविस्ता भएको छैन । माहिली छोरीको विवाह गर्ने कुरो चल्दैछ । हजुरलाई दक्षिणा मो. रु. ५ चढाएको छु । हजुरबाट २ छोराको फाल्गुनको व्रतबन्धअघि बक्सेको आशीर्वाद सबै पूरा भैगयो । पिलसिङ् मिलेपछि मिल्नुपर्ने दर्जा मिल्छ भन्नुभएको थियो र मिल्यो । हजुरले १ जन्तर फेरि पठाइदिए बालबच्चालाई सुविस्ता हुने थियो (अर्थात् रोग निको हुन्थ्यो) भन्ने आशामा छु ।"

सुवेदार कार्कीको पत्र विश्लेषण गर्दा बालागुरुको प्रभाव सिलाङ वा आसामसम्म पनि थियो भन्ने प्रस्ट देखिन्छ । रोगीको रोग निको पार्न जन्तर पनि दिने गरेको देखिन्छ । शिक्षा साथै स्वास्थ्य उपचारमा पनि बालागुरुको योगदान देखिन्छ । आजभोलि रेकी हिलिङ, टेलिप्याथी, मनोचिकित्सा र अष्टाङ्ग उपचार आदि नामले उक्त उपचार विधिहरू चिनिन्छन् ।

३. प्रा. डा. विष्णुराज आत्रेय (२०७३ : ४१६), "बालागुरु षडानन्दपछि पण्डित जगन्नाथ अर्यालले (वि. सं. १९०९ – १९९७) गुल्मीमा जगन्नाथ गुरुकुल चलाएर सेवा गर्नुभएको थियो । त्यसै गरी महापण्डित दधिराम मरासिनीले अर्घाखाँचीको खिदिममा हरिहर संस्कृत पाठशाला चलाउनुभएको थियो । विद्वान् रश्मिराज अर्यालले (वि. सं. १९४३ – २०१५) कपिलवस्तु तौलिहवामा संस्कृत शिक्षा, धार्मिक चेतना फैलाएर समाजसेवा गर्नुभएको थियो । विद्वान् रश्मिराजले स्थापना गर्नुभएको विद्याश्रम अहिले तैलेश्वरनाथ संस्कृत मा. वि. मा परिणत भई चलिरहेको छ । दाङमा चेतोनाथ अर्यालले स्थापना गर्नुभएको संस्कृत पाठशाला जनता हाइस्कुल हुँदै महाविद्यालयमा परिणत भएको छ । दाङको आधारभूमिमा योगी नरहरिनाथको विशेष सक्रियतामा संस्कृत विश्वविद्यालय चलेको छ । तर षडानन्द पाठशाला अझै पछि परेको छ । किन ?"

विश्लेषण गर्न सकिन्छ कि गुल्मीमा जगन्नाथ गुरुकुल खोल्नुका पछाडि देव वा पुण्यभूमिको कारणले हुन सक्दछ । बराहपुराण र ब्रह्मवैवर्तपुराण अनुसार

ब्रह्माजीका मानसपुत्र भृगु ऋषि, भृगुका छोरा च्यवन, च्यवन ऋषिका छोरा और्व, और्व ऋषिका छोरा जमदग्नि ऋषि, रेसुङ्गा महाराज धाम क्षेत्र, रुरु कन्याको क्षेत्र, दुर्वासा ऋषि तपोवन तथ समय-समयको बसाइक्षेत्र, प्राचीन हृषीकेश क्षेत्र आदि यसैको आसपास पर्दछन् जहाँ पाल्पा, गुल्मी र स्याङ्जाको त्रिवेणी सङ्गम रहेको कालीगण्डकी नदीको सामीप्य छ ।

४. डा. स्थिरप्रसाद पराजुली (२०७३ : २७०) का अनुसार वि. सं. १९९१ देखि उपन्यास लेख्न थालेका प्रथम सामाजिक उपन्यासकार रुद्रराज पाण्डेले तेस्रो उपन्यास 'प्रायश्चित्त (१९९५), दोस्रो संस्करण (२०२७)' को पेज ६३ को आठौँ परिच्छेदको सुरुमा नै दिङ्लाको वर्णन गरेको छ । "पूर्वमा दिङ्ला सभ्यताको केन्द्र हो । विचारको भण्डार हो ... ।" वि. सं. १९५७ मा जन्मिएर वि. सं. १९८० सम्म काठमाडौँ, कोलकाता र इलाहावाद विश्वविद्यालयमा संलग्न पाण्डेले विद्या र धर्मको केन्द्रविन्दु बनारस जाँदा र आउँदा दिङ्ला पाठशालाको चर्चा-परिचर्चा सुनेको आधारमा दिङ्लाको वस्तुपरक यथार्थ आकलन शब्दचित्रमा उतारेको देखिन्छ ।

## षडानन्द पाठशालाको शैक्षिक अवस्था र यसको प्रभाव क्षेत्र :

खेमराज गौतम (२०५९) का अनुसार वि. सं. १९२८ देखि नै चामुनारायण धर्मशालामा बसेर बालागुरुले शिक्षाको सुरुवात गरेको देखिन्छ । बालागुरुले गरेको प्रथम कार्य भने दिङ्लामा नेपालकै प्रथम साप्ताहिक शनिबारे हटिया सुरुवात गर्नु थियो । वि. सं. १९३२ मा नेपालकै प्रथम सरकारी स्वीकृत संस्कृत पाठशाला खोल्नुभएको थियो ।

योगी नरहरिनाथ (२०५२ : श्रद्धाञ्जली), "बालागुरु षडानन्दले दिङ्ला विद्यापीठको स्थापना वि. सं. १९३२ मा गरेको हो । त्यसपछि यसै दिङ्लापीठको अनुसरण गरेर रानीपोखरी पाठशाला तथा वीर शमशेरले तीनधारा पाठशाला स्थापना गरेका थिए । देव शमशेरले भाषा पाठशाला खोलेका हुन् । यसै गरी दार्जिलिङ, सिक्किम, लिङ्से आदि स्थानमा पनि दिङ्लाकै अनुसरण गरेर आदर्श विद्यापीठहरू खुलेका र चलेका छन् । भुटान र आसामसम्म पनि दिङ्लाको प्रकाश पुगेको छ । उदार चेतनाका षडानन्दको षडङ्ग वेद पढेर माझकिरातका राई, लिम्बू, किराती, गुरुङ, मगर, शेर्पा, तामाङ आदि जाति पनि वैदिक धर्ममा चलेकै छन् । त्यो बेलाको राणाकालीन विषम परिस्थितिमा पनि शिक्षामा क्रान्तिकारी प्रगति गरेर देशको दिग्दर्शन विदेशमा (भारत, तिब्बत, भुटान, बर्मा आदिमा) पनि पुऱ्याएको ज्वलन्त इतिहास छ ।"

ज्ञानमणि नेपाल (सं. २०५२ : १२) का अनुसार दिङ्ला पाठशालाको अनुकरण गर्दै पं. केदारनाथ पोखरेलबाट भोजपुरको गोगनेमा वि. सं. १९९८

मा विद्येश्वर शिवालय बन्यो । स्थानीय जनताको दानदातव्यबाट सोही ठाउँमा विद्येश्वर संस्कृत पाठशाला स्थापना भयो । छात्रवृत्तिका लागि गुठी स्थापना गरिएको थियो । सिक्तेल वितलबमा (ओ. वायुथान) पनि भानुभक्त नेपालबाट शिवालय स्थापना भयो । जनताको प्रयासबाट पाठशाला पनि खुल्यो । त्यस्तै भोजपुर खिकामाछा टक्सार (बाँडागाउँ) बजारमा रणध्वज कार्कीद्वारा देवमन्दिर बनिए । छेवैमा पाठशाला स्थापना गरियो । उल्लिखित तीनै स्थानमा पछि सरकारी भाषा पाठशालको दरबन्दी कायम भयो ।

यादव चापागाईं (२०७२) का अनुसार षडानन्द पाठशालामा गणित, कौमुदी, हितोपदेश र अन्य विषय पढाइ हुन्थे । लेखनाथ चापागाईं (२०५२ : १२२), "रुद्री, चण्डी, आयुर्वेद, व्याकरण, काव्यकोश, कर्मकाण्ड र पुराण तथा शास्त्रहरूका विषयमा छलफल हुन्थ्यो ।" प्रा. रामेश्वर चापागाई (२०५२ : ११०), "लघुकौमुदी अमरकोश, चण्डी आदि विषयहरू पढाइ हुन्थ्यो ।"

दधिराज सुवेदी (२०५२) का अनुसार वेद, साहित्य, ज्योतिष, व्याकरण, इतिहास, भूगोल, आयुर्वेद, कर्मकाण्ड, शीघ्रबोध तथा पुराण र नीति अध्ययन विषयहरूमा छलफल हुन्थ्यो । डा. लक्ष्मण शास्त्री (२०५२ : ७९), "लघुकौमुदीको अध्ययन गर्दा दिङ्लाले प्रभावकारी र भौतिक सूत्रहरू प्रतिप्रदान गरी स्मरण सहज र सजिलो हुन्थ्यो ।" अर्थात् षडानन्द संस्कृत मोडल (S-S Model Approach/Method) नयाँ आविष्कार भएको शिक्षणविधि थियो भनी विश्लेषण गर्न सकिन्छ । पं. मेघराज शर्मा (२०५२ : ९५) का अनुसार षडानन्द संस्कृत पाठशालामा विशेष प्रकारका सूत्रहरू प्रयोग गरी सहज तरिकाले सिकाइ हुन्थ्यो । शिक्षणविधि भिन्न हुनाले देश-विदेशमा प्रसिद्ध थियो । हिज्जे, व्याकरण आदिका सूत्रहरू पनि उत्कृष्ट थिए ।

सेमन्तराज अधिकारी (२०७५ : २४) का अनुसार नेपालको पाठशालामा अध्ययन गरी तत्कालीन समयमा कलकत्ता गई जाँच दिनुपर्दथ्यो । त्यसको अन्त्य गर्न परीक्षा बोर्ड प्रमुख पं. नन्दिकेश्वर अधिकारी र सदस्यमा उनका छोरा पं. लक्ष्मीभक्त अधिकारी रहेको बाह्य परीक्षा बोर्ड गठन गरी बालागुरुबाट दिङ्लामै परीक्षा दिन पाउने व्यवस्था सुरुवात गरेको देखिन्छ ।

यसबाट के विश्लेषण गर्न सकिन्छ भने यो नै नेपालभित्र परीक्षा दिन पाउने प्रथम परीक्षा बोर्ड थियो । किनकि दरबार हाइस्कुलको परीक्षासमेत वि. सं. १९८० को दशकसम्म भारतमै गएर दिनुपर्दथ्यो । नेपालका प्रथम परीक्षा बोर्डप्रमुख पं. नन्दिकेश्वर अधिकारी र बोर्डसदस्य लक्ष्मीभक्त अधिकारी थिए । यस बोर्डलाई व्यवस्थित गर्न सकेको भए एस. एल. सी. बोर्ड अफ नेपाल वि. सं. १९९० हुने थिएन अथवा त्यसको जिम्मेवारीसमेत षडानन्द पाठशाला बोर्डले पाउने थियो वा नेपाल सरकारको शिक्षा बोर्ड दिङ्लामा हुन सक्ने थियो ।

विष्णुराज कुसम (२०७३ : ४२१ – ४२४) का अनुसार तत्कालीन कलेज अफ एजुकेसनका लागि नेपाली विषयको प्राध्यापक पदमा लोकसेवामा अन्तर्वार्ता दिन जाँदा अध्यक्ष केशरबहादुर के. सी., सदस्य डम्बरबहादुर सिंह, विज्ञ प्राध्यापक तेजकेशरी शर्मा र एक अधिकृत थिए। एक घण्टाको अन्तर्वार्तामा धेरै अंशहरू बालागुरु षडानन्दका बारेमा भएको र कतिपय उनी सम्बन्धी थाहा नभएको कुरा अध्यक्ष के. सी. बाटै जानकारी पाएको थिएँ। धेरै पछि मात्र थाहा पाउँदा केशरबहादुर के. सी. ले दिङ्ला पाठशालामा संस्कृत कलेज पढेपछि (वि. सं. २०२८ तिर) कलकत्ताबाट उच्चशिक्षाको डिग्री लिएको देखिन्छ। उनी संस्कृत र अङ्ग्रेजीका ज्ञाता र प्रकाण्ड विद्वान् तथा भाषिक अनुसन्धानकर्ता रहेछन्। के. सी. नेपाल सरकारको सचिव तथा चीन, बर्मा आदि देशको राजदूत भएको साथै परराष्ट्र मामिलाका उच्च ओहोदामा बसी लोकसेवा आयोगको अध्यक्ष पनि भएको देखिन्छ।

कुसमका अनुसार नै मानव अधिकारका पूर्वअध्यक्ष तथा पूर्वन्यायाधीश नयनबहादुर खत्री (के. सी. का भतिजा) का अनुसार उनी तत्कालीन नेपालको चर्चित कर्णेल फौदसिंहका सन्तति खलक थिए। दोलखा जिल्लाको बोच भन्ने गाउँमा बसोबास भएका र सुवेदी थरका थिए। पिता मेजर दानबहादुर के. सी. भोजपुर जिल्लाको बडाहाकिम भएको समयमा (वि. सं. १९७२ – १९७५) बालागुरुबाट आशीर्वाद प्राप्त गरी गुरुहरूसँग षडानन्द पाठशालामा अध्ययन गरेको उल्लेख देखिन्छ। उक्त कुरा के. सी. आफैले The Judicial of Nepal भन्ने पुस्तकको About the Author मा उल्लेख गरेको भेटिन्छ।

यसबाट तत्कालीन बडाहाकिमका छोराहरूसमेत दिङ्लामा अध्ययन गर्न गएको देखिन्छ। अध्ययनपछि नेपालको उच्च ओहदामा रही मातृभूमिको सेवा गरी देश-विदेशमा प्रख्यात बन्न सकेका थिए। योग्य शिष्यहरूको देश-विदेशमा योगदानले षडानन्द पाठशाला र बालागुरुप्रति सम्मान भएको र नेपालको गुणस्तरीय शैक्षिक केन्द्र वा शैक्षिक आधारशिला दिङ्ला थियो भन्न सकिन्छ।

सेमन्तराज अधिकारी (२०७५ : २६) का अनुसार पश्चिम नेपालका दाङ जिल्ला र गुल्मीदेखि पूर्वी नेपाल तथा सिक्किम, आसाम, भुटान, बर्मा र भारतका विभिन्न ठाउँका विद्यार्थीहरूसमेत अध्ययन गर्न आउँथे। प्रा. डा. वेणीमाधव ढकाल (२०७३ : ४२५) का अनुसार दिङ्लामा भएको परिवर्तनबाट पूर्वाञ्चल र पश्चिमाञ्चलमा सनातन संस्कृतिको कमनीय कान्ति फैलियो। बालागुरुका तपोजन्य तेजबाट दिङ्लामा सनातन संस्कृतिको लोकपावन सौन्दर्य छायो। त्यसबाट नेपाल मात्र होइन, संसार नै लाभान्वित भयो। धर्मको सुवास सर्वत्र फैलियो। राष्ट्रका लागि सदाचारी र कर्मयोगी विद्वान्हरूको समूह पैदा भयो। धन्य छिन् रुक्मिणीमाता र नेपाल आमा धन्य भइन्।

शकुन्तला खत्री (२०७३ : ४३०), “दिङ्ला पुग्ने सानैदेखि प्रबल इच्छा थियो । दिङ्ला पिता र पितामहको थलो थियो । मेरी हजुरआमा बालागुरुले वाचन गरेका पुराणहरू नियमित सुन्नुहुन्थ्यो रे । बालागुरु धार्मिक, आध्यात्मिक महापुरुष र महान् समाजसुधारकको अवतार हुनुहुन्छ ।”

डा. शिवकुमार राई (२०७३ : ४३२) का अनुसार सानैमा आफ्नो घर बोयाबाट पूरै एक दिन लगाएर रामनवमी बजार हेर्न दिङ्ला पुगेको थिएँ । तत्कालीन समयमा रामनवमी मेला विशाल लाग्ने गर्दथ्यो । बालागुरुका मठ, मन्दिर, बगैंचा, कुण्ड, मेला लगायतका कीर्तिहरू अवलोकन गरी मानसपटलमा अमिट छाप लिई घर फिरेको थिएँ । आफू राष्ट्रिय योजना आयोगको सदस्य भएको बेलामा बालागुरुका संस्थाहरू, कीर्तिहरूको संरक्षण तथा संवर्धन गर्ने प्रयोजनका लागि पहलकदमी गरेको थिएँ । तर देशमा राजनीतिक सङ्क्रमणकालीन अवस्थाका कारण साकार रूप दिन नसके तापनि शिक्षाप्रेमी षडानन्दको योगदानको कदर गर्दछु । आज त्यस क्षेत्रको विकास गर्नुपर्ने आवश्यकता छ । गुरुप्रति श्रद्धाञ्जली अर्पण गर्दछु ।

षडानन्द पाठशालाका पूर्वशिक्षक एवम् पं. दुर्गाप्रसाद लम्सालको डायरी अनुसार (२०७५ : ४१) गुल्मी, पर्वत, बाग्लुङ, सिक्किम, जलपाइगुडी, कालेबुङ, बर्मा, दार्जिलिङ, लिङ्से, आसाम, सिलाङ आदि क्षेत्रदेखि विद्यार्थी पढ्न आउने गर्दथे । आफ्नो अध्यापन समयमा करिब २-३ सय विद्यार्थीहरूलाई व्यवस्थापन गरिएको थियो । वि. सं. २०१० पछि जतातत्तै विद्यालय खुले पनि विद्यार्थीको भीड उस्तै बढिरहेको हुन्थ्यो ।

माथिका अनुच्छेदहरू विश्लेषण गर्दा यो विदेशी विद्यार्थीहरू पढ्न आउने नेपालको प्रथम पाठशाला थियो । यस विद्यालयको गुणस्तरको देशविदेशसम्म ख्याति फैलिएको थियो । वि. सं. २००७ मा प्रजातन्त्र आइसकेपछि पनि यसको गुणस्तर र महिमा खस्केको थिएन । विदेशी विद्यार्थीलाई छात्रवृत्ति तथा प्रोत्साहन वृत्ति दुवै दिने नेपालको प्रथम विद्यालय थियो । संस्कार र संस्कृतिको विषयमा देशमा मात्र नभएर विदेशका समेत उत्कृष्ट शिष्य उत्पादन गरी संस्कृत भाषाको र सनातन धर्मको महिमा संरक्षण गर्ने नेपालको पहिलो विद्यालय थियो ।

कविराज दिनराज अधिकारी (२०५२ : १५०), “भुटान काङ्ग्रेस काण्डमा जेल पर्नुहुने वरिष्ठ व्यक्तित्व त्रैलोक्यनाथ भण्डारी पनि दिङ्लामा पढेका बालागुरु षडानन्द अधिकारीकै शिष्य हुनुहुन्थ्यो ।” त्यसै गरी वि. सं. २००४ मा भुटानको चिराखबाट दिङ्ला अध्ययन गर्न आएका वेदनिधि शर्मा पनि पछि ख्यातिप्राप्त समाजसेवी र पण्डित बनेको स्व. विश्वनाथ अधिकारीको खुलासा रहेको छ ।

सेमन्तराज अधिकारी (२०६२ : ३६-३७) का अनुसार षडानन्द पाठशालमा पण्डित जयनारायण अधिकारी तथा पण्डित बद्रीनारायण अधिकारीले पढाएका

विद्यार्थीहरू काठमाडौँको तीनधारा पाठशाला वा बनारस जहाँ गए पनि विनाजाँच छात्रवृत्ति (Scholarship) पाउँथे ।

यी २ अनुच्छेदको विश्लेषण गर्दा देशविदेशमा दिङ्लाबाट उत्पादित शिष्यहरूको पँहुच तथा गुणस्तरको सम्मान भएको देखिन्छ । तसर्थ विदेशमा पनि दिङ्ला पाठशालाका उत्पादित राजनीतिकर्मीहरू र पण्डितहरूको पहुँच रहेको थियो भन्ने देखिन्छ । तत्कालीन समयमा विदेशका लागि पनि ख्याति प्राप्त गर्ने शिष्यहरू उत्पादन गर्न सक्ने यो नेपालको प्रथम पाठशाला थियो ।

हेमराज गुरागाईं (२०७५ : ५०) का अनुसार बालागुरुले राणाशासन विरुद्ध लड्न आगाका फिलुङ्गाहरू फाल्ने विशाल तोप, बन्दुक, गोला तथा आणविक शस्त्र र अस्त्रहरू बोकेर समाज र राष्ट्रको क्रान्तिकारी राजनीतिक परिवर्तन गरेका थिएनन् । शिक्षा र आदर्शको माध्यमबाट सामाजिक, शैक्षिक र राजनीतिक जागरणको हलचल जगाएको देखिन्छ । उनले केवल शान्ति र अहिंसात्मक बाटो अवलम्बन गरी निरङ्कुश र शोषित राणाशासनविरुद्ध क्रान्तिकारी अभियानबाट विकासको लहर ल्याई मन जित्न सफल भएको देखिन्छ । तसर्थ वि. सं. २००७ को राणाशासनविरुद्ध दिङ्ला, अरुण उपत्यका र नेपालभित्रका सयौँ बालागुरु षडानन्दका शिष्यहरूको बलिदानी र योगदानले नेपालमा राणाशासन अन्त्य गर्न महत्त्वपूर्ण भूमिका खेलेको थियो ।

स्वामी प्रपन्नाचार्य (२०७५ : ५८) का अनुसार धनकुटा बजारका पण्डित छविलाल पोखरेल र दाजु कविराज नरपति पोखरेल दिङ्ला पाठशालाका शिष्यहरू थिए ।

प्रा. नारायण पोखरेल (पं. पोखरेलका कान्छा छोरा, हाल इटहरी), “पं छविलाल पोखरेल पूर्वाञ्चलका धुरन्धर विद्वान् हुनुहुन्थ्यो । २-३ प्रकारका राई भाषा, नेवार भाषा, हिन्दी, अङ्ग्रेजी, संस्कृत, नेपाली लगायत ७-८ प्रकारको भाषाका ज्ञाता हुनुहुन्थ्यो । पं. पोखरेल शारदा बालिका विद्यालय धरानका संस्थापक प्र. अ. (वि. सं. २००५), धरान पब्लिक हाइस्कुलका संस्थापक (वि. सं. २००३), सार्वजनिक पुस्तकालय धरानका संस्थापक (हाल धरान उ.न.पा. द्वारा पुस्तकालय सञ्चालन), गोकुण्डेश्वर बालमन्दिर, धनकुटाका एक संस्थापक (वि. सं. १९८९, धनकुटा टुँडीखेलछेउ) तथा कन्या पाठशाला गोकुण्डेश्वर धनकुटाका संस्थापक (खगेन्द्र प्रधानाङ्गसहित, वि. सं. १९८९, धनकुटा सल्लेरीछेउ) हुनुहुन्थ्यो । पं. पोखरेललाई धनकुटा मुगाका पूर्वप्रधानमन्त्री सूर्यबहादुर थापाका हजुरबुबा निशिपसिंह कप्तानले विद्यालय खोली शिक्षक बन्न आग्रह गरेपछि मुगाका थापा परिवारहरूको पनि गुरु बन्नुभएको थियो ।”

पं. पोखरेलले पूर्वाञ्चलको संस्कृत भाषा र संस्कृतिमा ठूलो योगदान दिएको देखिन्छ । पूर्वप्रधानमन्त्री मातृकाप्रसाद कोइरालासँगको अथक प्रयासपछि

धरानमा वि. सं. २००८ मा पिण्डेश्वर क्याम्पस खोलेर उक्त क्याम्पसका संस्थापक प्रमुख भई वृद्ध अवस्थासम्म सेवा गरेको देखिन्छ । दिङ्लाको पाठशाला जस्तै 'संस्कृत भाषाको महत्त्व बुझेका कारण आफू प्रधानमन्त्री भएको समयमा धरानको पिण्डेश्वर, मटिहानी र काठमाडौँमा वाल्मीकि संस्कृत महाविद्यालयहरू खोलेको' कुरा दधिराज सुवेदीद्वारा सम्पादित स्मृतिग्रन्थमा कोइरालाबाट उल्लेख भएको छ । तसर्थ दिङ्ला पाठशाला र यसका उत्पादित शिष्यहरूको अथक प्रयासले तत्कालीन नेपालभर संस्कृत भाषा, धर्म र संस्कृति उत्थान तथा शैक्षिक जागरणको युग सुरु भएको थियो भनी विश्लेषण गर्न सकिन्छ ।

प्रा. पोखरेलका अनुसार पं. छविलाल पोखरेलका दाजु नरपति पोखरेलले दिङ्ला अध्ययनपश्चात् बनारसबाट व्याकरणमा आचार्य गरी कविराज बनेको देखिन्छ । पूर्वाञ्चलको धनकुटा नै आफ्नो कर्मक्षेत्र बनाई पूर्वाञ्चलमा पठाइने आयुर्वेदिक औषधिहरू निर्माण, जडीबुटी उपचार पद्धतिको प्रयोग र प्रसार, हड्डी तथा नसाको सर्जरी जस्ता सेवा पुऱ्याई अब्बल दर्जाको कविराजका रूपमा ख्याति वा प्रसिद्धि कमाएको देखिन्छ ।

पदमप्रसाद गौतम (२०७५ : ४१, ६१, १८५, ४५३, ४५४) बाट 'नगेन्द्रप्रसाद रिजाल व्यक्तित्व र कृतित्व' ग्रन्थमा उल्लेख भए अनुसार बालागुरु षडानन्दबाट दीक्षित हुनुभएका स्वामी अच्युतानन्द (बलभद्र रिजाल, पूर्वप्रधानमन्त्री नगेन्द्रप्रसाद रिजालका हजुरबुबा) धनकुटा सिभुवा निवासी देखिन्छन् । बलभद्र रिजाल ठूलो यज्ञमा चतरामा थिए । श्री १०८ आबाल ब्रह्मचारी षडानन्द अधिकारी यज्ञ गरेको ठाउँ चतरामा टुप्लुक्क पुगे । बलभद्रले महारुद्री, अतिरुद्री र ठूला-ठूला दान गरी १०८ लैना गाई दान गरेका थिए । उक्त यज्ञमा ठूला-ठूला देशी र विदेशी साधु, सन्त र विद्वान्‌हरूको निमन्त्रणा गरी बिदाइ गरिएको थियो । उक्त कौशिकी नदी क्षेत्र प्राचीन हरिद्वार पनि हो ।

उक्त ग्रन्थका अनुसार बलभद्र रिजालले यज्ञको समापनपछि त्यसै दिन चतरामै अब सम्पूर्ण कार्य मैले सकें, मलाई परलोक जानका लागि आज्ञा दिनुहोस् गुरु भनी बालागुरु षडानन्दसँग आज्ञा मागेका थिए । तिमीले अझै धेरै पुण्य कर्महरू गर्न बाँकी छ, जाने बेला भएको छैन, बेला भएपछि तिम्रो र मेरो भेट बनारसको मणिकर्णिका घाटमा हुनेछ, अनि सँगै परलोक गमन गरौँला भनी बलभद्रलाई सम्झाइ-बुझाइ रोकिदिएका थिए ।

ग्रन्थमा बालागुरुबाट दीक्षित बलभद्र रिजाल योगी, धर्मात्मा, समाजसेवी र पराक्रमी स्वामी पुरुषका रूपमा स्वयम् पनि प्रसिद्ध रहेको उल्लेख छ । तत्पश्चात् उनले धनकुटाको सिभुवामा दक्षिण भारतीय शैलीको पञ्चलिङ्गेश्वर शिवमन्दिर, पिताको नाममा दामोदर माध्यमिक विद्यालय, सिभुवा, धरानमा बलभद्रेश्वर शिवमन्दिर (वि. सं. १९९५), धरान मेनरोडमा अरुणोदय धर्मशाला,

सिभुवामा गायत्री पुरश्चरण यज्ञ तथा दन्तकाली शक्तिपीठ धरान स्थापना गरेको देखिन्छ । उनीबाट बनारसको मणिकर्णिका घाटमा भक्तहरू विश्राम गर्ने पाटी र गङ्गातटमा सिँढीहरू निर्माण भएका थिए, साथै केदारनाथमा तीर्थयात्रीहरूका लागि धर्मशालासमेत निर्माण भएको थियो । वि. सं. २००० पौष शुक्ल सप्तमीका दिन बालागुरु षडानन्दले भनेको सोही मिति र सोही ठाउँमा बलभद्र रिजालको परलोक भएको थियो ।

यसरी बालागुरुले स्वामी अच्युतानन्दलाई समाजसेवा, धर्मात्मा र परोपकारी अझै थप कामहरू गर्न ऊर्जा प्रदान गरेको विश्लेषण गर्न सकिन्छ । तर बलभद्र रिजाल बालागुरुसँग दीक्षित हुनुभन्दा अघि पनि धर्मात्मा, समाजसेवी, दानवीर र पराक्रमी परोपकारी थिए भनी स्मरण र श्रद्धेय सम्मान आवश्यक देखिन्छ ।

नगेन्द्रप्रसाद रिजाल व्यक्तित्व र कृतित्व (२०७५ : ख) मा ग्रन्थसम्पादक दधिराज सुवेदीका अनुसार पराक्रमी, पौरखी, समाजसेवी, दानवीर र योगी हजुरबुबाको प्रभाव पिता विष्णुप्रसाद रिजाल (धार्मिक व्यक्तित्व र गायत्रीका उपासक) मा, काकामा र स्वयम् नगेन्द्रप्रसाद रिजालमा पनि परेको देखिन्छ । उनी भोजपुर दिङ्लाका सन्त षडानन्द अधिकारीका उपासक थिए । बिहान सधैँ गुरु षडानन्दको तस्बिरलाई ढोग्दथे ।

नगेन्द्रप्रसाद रिजाल नेपालमा दुईपटक प्रधानमन्त्री बने । वि. सं. २०३७ योगी नरहरिनाथको अवधारणा तथा प्र. म. रिजालको सक्रिय नेतृत्वमा वीरगञ्जको पिपरामठमा विश्वहिन्दू महासङ्घको सम्मेलन भएको थियो । उक्त सम्मेलनमा १४ देशका प्रतिनिधिहरू सहभागी थिए । वि. सं. २०४० मा दुवैको अनवरत प्रयासमा नेपालमै पुनः दोस्रो सम्मेलन भयो जसमा ३४ राष्ट्रका हिन्दूहरू सहभागी थिए । रिजालले वि. सं. २०३७ देखि वि. सं. २०५१ सम्म विश्वहिन्दू महासङ्घको अध्यक्ष बनेर सेवा गरेको देखिन्छ । यसै विश्वहिन्दू महासङ्घबाट नेपाललाई विश्वको एक मात्र हिन्दूराष्ट्र र श्री ५ वीरेन्द्रलाई हिन्दूहरूका साझा राजा भनी घोषणा गरिएको थियो । वि. सं. २०४० देखि UNO को UNESCO ले विश्वहिन्दू महासङ्घलाई अन्तर्राष्ट्रिय मान्यता प्रदान गर्‍यो । उक्त संस्थाको प्रमुख सदस्य राष्ट्र नेपाल बन्ने अवसर प्राप्त भयो ।

उक्त ग्रन्थका सम्पादक सुवेदीका अनुसार नगेन्द्रप्रसाद रिजालका हजुरबुबा बलभद्र रिजालले चतरामा विशाल यज्ञ सम्पन्न गराएका थिए । उनको सङ्कल्प र परिकल्पनामा परमपुज्य श्री १००८ जगद्गुरु बालसन्त मोहनशरण देवाचार्यको परिकल्पनामा वि. सं. २०५९ वैशाखदेखि प्राचीन हरिद्वार कुम्भमेला सञ्चालन भई पूर्वी नेपालमा ख्याति स्थापित भइसकेको छ । कुम्भमेलाका संस्थापक भने श्री १००८ जगद्गुरु बालसन्त मोहनशरण रहेका छन् ।

शान्त, सौम्य, भद्र, परोपकारी तथा धार्मिक स्वभावका नगेन्द्रप्रसाद रिजाललाई विश्वहिन्दू महासङ्घमा अग्रसर गराई उत्प्रेरित गर्ने योगी नरहरिनाथको सल्लाहमा शङ्कराचार्य, जगद्गुरुहरू, गुरुमहाराज, साधु, सन्त ऋषि, महर्षि, परमर्षिहरूसँगको बारम्बार भेटदर्शन, सल्लाह, छलफल आदिका कारण उक्त संस्था स्थापना भयो । योगीको झैँ कार्यहरू गरी नगेन्द्रप्रसाद रिजालले पनि यस राष्ट्रलाई सेवा पुऱ्याई UNO सम्म ख्याति कमाएको आदि कारणबाट इतिहासमा योगी प्रधानमन्त्रीका रूपमा रिजाललाई विश्लेषण गरेको पनि देखिन्छ । यसको प्रमुख श्रेय हजुरबुबा बलभद्र रिजाललाई पनि जान्छ, जसलाई षडानन्दले दीक्षित गरी परोपकारी कार्यहरूमा थप प्रेरित गर्ने सूत्रधारको पारिवारिक बीजारोपण गरेको देखिन्छ ।

त्यसै गरी श्रेय योगी नरहरिनाथलाई पनि जान्छ किनकि उनीविना यो कार्य सम्भव थिएन । बालागुरुले हजुरबुबालाई दीक्षित गरी थप प्रेरित नगरेको भए तथा अर्का महान् योगी नरहरिनाथको सत्कर्मको सल्लाह रिजालले नपाएको भए अनुमान गर्न सकिन्छ उनी नेपालका प्रधानमन्त्री मात्र बन्ने थिए होलान् । आधुनिक राजनीतिक कमाइधमाइतिर लागेर नेपालको इतिहासको धनी प्रधानमन्त्री त क्षणभरका लागि बन्न सक्ने थिए होलान् । तर हजारौँ वर्षसम्म योगी प्रधानमन्त्रीको उपमा र विश्वहिन्दू महासङ्घको सम्मान, नेपाल हिन्दू राज्य बन्ने सपना तथा नेपालका राजा विश्व हिन्दूहरूका साझा राजा बन्ने अवसर र सम्मान यो राष्ट्रले पाउने थियो वा थिएन ? सत्कर्मको बिउको थप बीजारोपण बालागुरुबाट स्वामी हजुरबुबामा र हजुरबुबामार्फत नगेन्द्रप्रसादमा हस्तान्तरण हुदै अनुकूल बनी फर्कने र फुल्ने मौका पायो । योगी नरहरिनाथ दोस्रो सन्त बनेर सत्कर्मको बाटोमा डोहोऱ्याएको देखिन्छ । सन्त नै सन्तको सङ्गतमा विश्वभर वैदिक सनातन धर्म वा हिन्दूत्वको शान्ति र अहिंसाको ध्वनि गुञ्जायमान गर्ने कुशल बीज नगेन्द्रप्रसाद बन्न सम्भव भयो भन्न सकिन्छ ।

डा. मोहन ढकाल (२०५२ : १५६) का अनुसार एकपटक तिब्बती औतारी लामाका चेलाहरू बालागुरु षडानन्दसँग शास्त्रार्थ गर्न दिङ्ला आउँदा शनिबारे हटिया नजिकैको ढुङ्गे चौतारामा शास्त्रार्थ प्रतियागिता भएको थियो । शास्त्रार्थमा लामाहरू द्वितीय विजयी भए किनकि बालागुरु शिष्य दण्डपाणि अधिकारीले नै ढुङ्गामा गाढेका थुर्पी निकालिदिएका थिए । यसरी लामा गुरुहरू षडानन्दसँग नतमस्तक भएका थिए । त्यसपछि लामा गुरुहरू साथमा ल्याएका बहुमूल्य पत्थर र भेटी बालागुरु षडानन्दलाई चढाई विनम्रतापूर्वक सम्मान आदानप्रदान गरेर फर्कदा गौचरनको नागीछेउ पुगेर ‘मेरो वेद र गुम्बाभन्दा षडानन्दको वेद, पाठशाला र मन्दिर ठूलो रहेछ’ भनी फर्किएका थिए रे । डा. ढकालले दिङ्ला अध्ययन गरेको र ‘नन्दिकेश्वर ढकालले भनेको’ भनी उल्लेख गरेको देखिन्छ ।

गुरुका शिष्य, सहयोगी र सहकर्मी यज्ञनिधि चापागाईंले गुठी समितिमा रही ठूलो योगदान दिएको देखिन्छ। उनले आफ्नो खर्चमा छात्रावाससमेत निर्माण गरी अर्पण गरेको देखिन्छ । यो घटना वि. सं. १९६० को गुठी स्थापनाको समयको सेरोफेरो भनी ग्रन्थहरूमा उल्लेख भएको हुनाले लामाहरूसँगको शास्त्रीय भेटघाट वा दुवैतर्फका वेदविद्याका आदानप्रदानको घटना रहेकाले वि. सं. १९५९-१९६१ तिरको घटना भएको अनुमान गर्न सकिन्छ ।

यसबाट विश्लेषण गर्न सकिन्छ कि तिब्बती भूमि (हाल चीन, तत्कालीन नेपालको नियन्त्रित भूभाग) सम्म पनि गुरुमहाराजको प्रसिद्धि फैलिएको थियो । किनकि त्यति बेला वैदेशिक रोजगारको सिलसिलामा ५-६ दिनको पैदल यात्रा सोलुखुम्बुतर्फ र हटियागोलातर्फबाट हुँदै तिब्बत जाने चलन थियो। देवकोटाको मुनामदनमा मदन पनि भोटतिर (तिब्बत) तिर रोजगारी गर्न गएको प्रसङ्ग जोडिएको छ । ‘ल्हासामा सुन छ, कान मेरो बुच्चै ।’ नुन र सुन तिब्बतबाट ल्याइन्थ्यो । सुनभन्दा नुन महँगो थियो । पछिल्लो समयमा श्री ३ जङ्गबहादुर राणाको शासन अवधि वि. सं. १९१२ मा तिब्बतसँग भएको थापाथली सन्धि विश्लेषणबाट पनि प्रमाण मिल्दछ । त्यसै गरी झन्डै राणाशासन समयसम्म नेपालको सिमाना तिब्बतको लद्दाख (काश्मिरछेउ) देखि ब्रह्मपुत्र नदीपारि आसाम (कामाख्या) सम्म थियो । केही तिब्बती लामाहरू नेपाली मूलका पनि थिए । पछि तिब्बती र हाल चिनिया बने । तिब्बतको कैलाशपर्वत क्षेत्रको केही हिस्सा भने राजा अंशुवर्माले छोरी भृकुटीलाई दाइजोस्वरूप दिएको पनि इतिहास देखिन्छ । तसर्थ दिङ्लाली वा दिङ्ला पाठशालाका शिष्यहरू तिब्बतमा वैदेशिक रोजगार वा व्यापारिक प्रयोजनका कारण पुगेको हुनुपर्दछ, जसबाट बालागुरुको ख्याति तिब्बतसम्म फैलिएको थियो भनी ढकालको लेखमा थप तर्कहरू पेस गर्ने पर्याप्त आधारहरू देखिन्छन् ।

हेमराज शर्मा अधिकारी (२०७५ : ७९-८०) का अनुसार बालागुरु र स्थानीय दिङ्लालीहरू मकर सङ्क्रान्तिको दिन अरुण नदी सतीघाटमा मकरस्नान मेला भर्न सतीघाटमा पुगेका थिए । सतीघाटमा मकरस्नान मेला ठूलो पर्वझैँ लाग्ने चलन थियो । दोस्रोपटक पनि तिब्बती लामाहरू सतीघाटमा बालागुरुसँग शास्त्रार्थ गर्न आइपुगेको देखिन्छ । तिब्बतदेखि नै बालागुरुको नाम र अलौकिक शक्तिको कुरा सुनेर दर्शन तथा शास्त्रार्थ छलफल गर्न आएको कुरा थाहा भयो । साथमा भएका भतिजा रामनाथ अधिकारीले बालागुरु र लामाहरूबीच परिचय गराए । कुनै एक सिद्धि र अलौकिक कुरा देखाउन अनुरोध गरे । रुमाल बिछ्याएर मन्त्रशक्तिद्वारा बालागुरु अरुण नदी पार गरेर पुनः फिरेर पनि आएको देखिन्छ । सर्तस्वरूप लामाहरूले मन्त्रशक्तिद्वारा दाउराको थुप्रोमा आगो बालेर देखाएका थिए । उपस्थित मानिसहरू छक्क परेर दुवै धर्मका

गुरुहरूको प्रशंसा गरे । त्यसपछि केही दिन लामाहरू बालागुरुसँग दिङलामै बसेर शास्त्रार्थ पनि गरी तिब्बततर्फ फर्किएको प्रसङ्ग उल्लेख गरेको देखिन्छ ।

पं. कृष्णप्रसाद गुरागाईं महर्षि फाउन्डेसन नेपाल तथा विविध धार्मिक संस्थाहरूका विशिष्ट व्यक्तित्वका अनुसार "बालागुरुले नदी तर्ने मन्त्रविद्या लामाहरूलाई सिकाइदिनुभयो रे । लामाहरूले असिनापानी रोक्ने तथा पेटभित्रको आन्द्राभुँडीमा कुम्भक क्रिया गरी सफा गर्ने थप मन्त्रविद्यासमेत आदानप्रदान गर्नुभएको थियो रे । औतारी लामाहरू पनि हिन्दू मन्त्रविद्याको ज्ञानसमेत लिएर फर्कनुभएको थियो रे । तसर्थ तिब्बतमा बालागुरु षडानन्दको ख्यातिमा थप बृद्धि भयो । लामा भाषा वा तिब्बती भाषामा उक्त लामाहरू वा अन्य लामाहरूले बालागुरुका बारेमा लेखिदिएको कुनै दस्तावेज हुन पनि सक्दछ ? तर तिब्बती भाषाको ज्ञानको अभावमा हामीले खोजी गर्न नसकेको हुन सक्दछ । अनुसन्धानकर्ताहरूले त्यतातिर पनि ध्यान दिनु जरुरी देखिन्छ ।"

दधिराज सुवेदी (२०५२) का अनुसार हरिद्वार पीठका पीठाधीश स्वामी सत्यदेव सन् १९९२ मा दिङ्ला र षडानन्दको ख्यातिका कारण दिङ्ला पीठ भ्रमण गर्न आएको देखिन्छ । उनले दिङ्ला पीठको उत्कृष्ट पढाइ शैली र विद्यार्थी अनुशासनको प्रशंसा गरेको अभिलेख भेटिन्छ । सुवेदीको लेखबाट दिङ्ला पाठशालाको S-S Model शिक्षण विधिको प्रसिद्धि र षडानन्दको ख्याति हरिद्वारमा पनि पुगेको विश्लेषण गर्न सकिन्छ ।

दधिराज सुवेदी (२०५२), "स्वामी हरिहरानन्द महाराजकी चेली सन्तोष पुरी, गीता भारती पनि भारतका विभिन्न पीठहरूको भ्रमणको क्रममा बालागुरु षडानन्द र दिङ्ला पीठको महिमा सुनेर सन् १९८५ मा षडानन्द पाठशाला भ्रमण गरी षडानन्द संस्कृत मोडल, शिक्षणविधि तथा पाठ्यशैली र अनुशासित विद्यार्थी देखेर हृदयदेखि नै प्रशंसा गरेको आमन्त्रण पुस्तिकामा उल्लेख छ ।"

"गोरखपुरमा गीता भारतीको गीताप्रेस रहेको छ । भारतको गुजरात, अहमदावाद, मुम्बई, दिल्ली, हरिद्वार आदिमा उत्कृष्ट संस्कृत भाषाका स्कुलहरू सञ्चालन भएका छन् ।" (गीता भारतीजी विकिपिडिया) तसर्थ उनी S-S Model शिक्षण विधिको अध्ययन, अवलोकन र अनुकरण गर्न तथा दिङ्ला तीर्थभ्रमणको दुवै उद्देश्यले दिङ्ला आइपुगेको अनुमान गर्न सकिन्छ, किनकि बनारस या काठमाडौँ जहाँ पढे पनि षडानन्द पाठशालाका विद्यार्थीले विनाजाँच छात्रवृत्ति पाउने कुरा सेमन्तराज अधिकारीको ग्रन्थमा उल्लेख छ । स्वामी हरिहरानन्द महाराजबाट स्थापित र गीता भारतीद्वारा सञ्चालित प्राइभेट विद्यालयमा S-S Model शिक्षण विधिका उत्पादनजस्तै गुणस्तरीय शिक्षा र उत्कृष्ट छात्रछात्रा उत्पादन हुने गरेको देखिन्छ । उनी पाठशालामा अझै सुधार गर्ने लक्ष्यका साथ पनि दिङ्ला अध्ययन अवलोकन गर्न आएको पनि हुन नसक्ला भन्न सकिँदैन ।

खेमराज केशवशरण (२०५२) का अनुसार बालागुरु षडानन्दले आफ्नो जन्मद्वारा दिङ्ला मात्र होइन, सम्पूर्ण नेपाल राष्ट्रलाई शिक्षाद्वारा गौरवान्वित गराउनुभएको छ । संस्कृत विद्याको विकास र समुत्थानका लागि उहाँले स्थापना गर्नुभएको दिङ्ला संस्कृत विद्यालय एकताका नेपालभरि मात्र होइन, मित्रराष्ट्र भारतका प्रतिष्ठित विद्याकेन्द्रहरूमा समेत चर्चित बन्न पुगेको थियो । बालागुरु षडानन्द धार्मिक तथा आध्यात्मिक क्षेत्रका अनुपम राष्ट्रिय विभूति देखिन्छन् ।

पूर्वप्रधानमन्त्री गिरिजाप्रसाद कोइराला (२०५२ : शुभेच्छा) का अनुसार जहानियाँ राणाशासनको समयमा जनताका तर्फबाट शासकहरूको मन जितेर समाजमा शिक्षा, संस्कृति, सदाचार र समाजसेवाको क्षेत्रमा सफल युगपुरुष बालागुरु षडानन्द देखिन्छन् । जुन जनताका छोराले जे-जे पढ्न चाहन्छन्, सो-सो विषय पढ्न पाउनका निमित्त वि. सं. १९३२ मा विद्यालय खोलेर माझकिरात समुदायमा पनि जातीय द्वन्द्वलाई न्यून गर्दै सदाचारको पाठ पढाएर मानवसेवा गरेको कुरा मैले पिताजी कृष्णप्रसाद कोइरालाबाट सुन्ने अवसर पाएको थिएँ । उनी अलौकिक सिद्धपुरुष थिए । यस्ता महापुरुषको संसार नै घर हुन्छ । बालागुरु षडानन्द शिक्षा, संस्कृति, सदाचार र समाजसेवाका अमरज्योति हुन् ।

देवकुमारी थापा (२०५२ : श्रद्धाञ्जली) का अनुसार बालागुरु षडानन्दको नेपालकै प्रथम विद्यापीठ आश्रममा देश-देशान्तरका मानिस आएर अध्ययन गर्ने गर्दथे । समाजसेवा र सहयोग गर्दै जाँदा त्यस पीठको यश सर्वत्र फैलियो । उनी एक अलौकिक सिद्धपुरुष थिए ।

पूर्वप्रधानमन्त्री मातृकाप्रसाद कोइराला (स्मृतिग्रन्थ : २०५२) का अनुसार बालागुरु षडानन्दका बारेमा मैले युवा अवस्थादेखि सुन्दै आएको छु । तत्कालीन अशिक्षाले ग्रसित नेपालमा जुन शिक्षाको राँको प्रज्ज्वलित गर्नुभयो, त्यो अविस्मरणीय तथा सदा अभिनन्दनीय छ । साथै जुन राष्ट्र वा समाजले यस्ता सेवकलाई बिर्सेर उचित सम्मान र सम्झना गर्दैन, त्यस राष्ट्रको प्रगति मात्र होइन, अस्तित्व नै पनि खतरामा पर्न सक्दछ । नेपालमा हालै संस्कृत पठनपाठन पनि निरुत्साहित गर्न विवाद उठाइयो । मैले त्यस बेला पनि प्रतिवाद गरेको थिएँ । साथै मेरो प्रधानमन्त्रीत्वकालमा तीन ठाउँ पिण्डेश्वर धरान, जनकपुर (मटिहानी) र काठमाडौँमा संस्कृत महाविद्यालय स्थापना गरेको छु । म बालागुरु षडानन्दलाई युगपुरुष मान्दछु ।

बद्रीप्रसाद पहाडी (२०५२ : ६९) का अनुसार दिङ्लाको जागरण, पुनर्जागरण र सुधारको प्रभावको असरले पूर्वी नेपालको समाजमा सुधार भई विकास निर्माणका कार्यहरू धमाधम हुने लहर चल्यो । रामेछाप मन्थलीका घिमिरे, लामिडाँडा र मानेडाँडाका भट्टराई, सिन्धुली दुम्जाका कोइराला, मादीका दाहाल, कोयाखोलाका गौतम, तेह्रथुमका ढुङ्गाना, धनकुटा मुगाका थापा, धनकुटा

सिभुवाका रिजाल र आचार्य, भीरगाउँका बस्नेत, चैनपुरका नेवार, वानाका रेग्मी, फालीकोटका कटवाल र कार्कीमा पनि प्रभाव परेको थियो । भोजपुरका कोइराला, हेलौँछाका राई, पैयापानी र वितलबका कार्की, दाँवाका खड्का, दलगाउँका सुवेदी, ३ नम्बर खार्पाका पोखरेल, खोटाङका आचार्य र ओभ्फामा पनि प्रभाव पर्‍यो । विभिन्न वर्ग र तहका मानिसहरूमा गुरुमहाराजको प्रभाव परी मठ, मन्दिर, धारा, कुवा, चौतारा, साँघु, पुल, काठेपुल बने । आसपासका विभिन्न थर र जातका मानिसहरू गुरुमहाराजका भक्त र अनुयायी नै थिए ।

बद्रीप्रसाद पहाडी (२०५२ : ६८) का अनुसार नै मादीका विर्तावाल प्रपितामह श्रीनारायण दाहालले दिङ्लाको सुधारबाट प्रेरित भई वि. सं. १९५० मा रामालय, शिवालय र धर्मशाला स्थापना गरी लाखौँ मूल्यको जमिन राखी गुठी स्थापना गरेको देखिन्छ। साथै वि. सं. १९६० मा विशाल यज्ञ गरी धान्यपर्व तथा तोलादानपर्व गर्दा सप्ताह पुराणको प्रधान आचार्य बालागुरु षडानन्द नै रहेका थिए। पूर्वेली समाजमा प्रतिष्ठित र प्रभावशाली व्यक्तित्वका धनी पितामह श्रीप्रसाद दाहाल गुरुमहाराज षडानन्दबाट दीक्षित हुनुभएको थियो । मेरा पितामह र पितामही शुभकुमारीदेवी दुवैको चिना गुरुमहाराज षडानन्दले लेखिदिएको देखिन्छ । हामीले डा. स्वामी प्रपन्नाचार्य, योगी नरहरिनाथ र गुरुमहाराज षडानन्दजस्ता राष्ट्रिय व्यक्तित्वलाई चिन्न सकेनौँ भने पछुताउनुपर्ने मात्र होइन, भावी पिँढीले हामीलाई धिक्कार्नेछ ।

पहाडीको लेखलाई विश्लेषण गर्दा सिन्धुली दुम्जाका कोइराला, मन्थलीका घिमिरे, इलामका निरौला, कोयाखोलाका गौतम, पाँचथरका रेग्मी, उदयपुरका बस्नेत, खोटाङ मार्सेका रेग्मी, ताप्लेजुङका पौडेल आदि उक्त थरका विर्ताप्राप्त जग्गाहरू पनि हुन् । तर दिङ्लाका बालागुरुको शिक्षा, धर्म संस्कार, संस्कृति, मठमन्दिर, बाटोघाटो तथा धर्मशाला निर्माण, काठेपुल निर्माण आदिको प्रत्यक्ष असर त्यस ठाउँमा परेको अनुमान गर्न सकिन्छ । उक्त ठाउँमा पनि सतीप्रथा, दासप्रथा, काठेपुल निर्माण, तुलसी धाराबाट घरमा ल्याई रोप्ने चलन आदिमा विकास-निर्माण र संस्कारमा सुधार आएको थियो भन्ने आधारहरू देखिन्छन् किनकि त्यस ठाउँका विद्यार्थीहरू पनि दिङला पाठशाला पढ्न आएको र छात्रवृत्तिसमेत खाएको अभिलेख आजसम्म पनि भेटिन्छ । अर्कोतर्फ डा. तुलसी भट्टराईले तत्कालीन ताप्लेजुङ जिल्ला हाँक्ने राजनीतिक व्यक्तित्व, शिक्षक, समाजसेवी, कर्मचारी, धर्मवीर आदि सबै दिङ्ला पाठशालाका उत्पादित शिष्यहरू थिए भनी लेखेको विश्लेषण गर्दा पनि पूर्वी नेपाल र मध्य नेपालमा जागरण वा पुनर्जागरणको युग सुरु भएको थियो भनी स्पष्ट भन्न सकिन्छ ।

षडानन्दसम्बन्धी अभिलेख (२०७० : २८५ – ३०८) का अनुसार दिङ्ला पाठशालामा अध्ययन गर्ने पाँचथर याङरूपका पौडेल, खदाल, खतिवडा, न्यौपाने,

रिमाल, मिश्र, सुवेदी, अधिकारी, दाहाल, ढकाल, तिम्सिना आदि थरका छात्रहरू देखिन्छन् । जोरपोखरी क्षेत्र र पाँचथर जिल्लाभर बालागुरु षडानन्दको तत्कालीन समयमा शैक्षिक, धार्मिक, सांस्कृतिक, समाजसुधार आदि क्षेत्रमा व्यक्तित्वको प्रभाव पनि परेको प्रमाण देखिन्छ । यो जागरणको स्वभाविक प्रभाव हो ।

गणेशप्रसाद भण्डारी (२०७३ : २६) को लेखमा पाँचथर नगरपालिका वडा नं ५ की ९९ वर्षीया भगवती भण्डारीले ससुरा देवनारायण भण्डारीले बिहान पाञ्चायन पूजामा वाचन गरेको श्लोकको अंश उल्लेख भएको छ :

श्रीकौशिकाख्य कुलवारिधि पूर्णचन्द्रं, दिङ्ला षडाननपदाब्ज परागभृङ्गम् ।
श्री पूर्णब्रह्म विलयैकविचारलक्ष्यम्, तं यज्ञनाम गुरुदेवमहं नमामि ॥

यस श्लोकले पाँचथरमा पाञ्चायन पूजासँगै कुलगुरुका रूपमा षडानन्दको पूजा गर्ने चलन थियो र छ भन्न सकिन्छ । त्यसै लेखमा ताप्लेजुङ सादेवा गा. वि. स. वडा नं. ५ निवासी ६० वर्षीय पूर्व गा. वि. स. अध्यक्ष मानबहादुर राईले सादेवा गा. वि. स. सङ्गमको 'सिदिङ्वा धाम' र अलि तलको साधुगुफा (ब्रह्मगुफा) मा वि. सं. १९५५-६० तिर गुरु षडानन्दसहित ११ जना साधु आई तपस्या गरेको र यज्ञ पनि गरेको बाल्यकालमा सुनेको प्रसङ्ग उल्लेख छ । प्राचीन कालमा शृङ्गी ऋषिले लामो समय तपस्या गरेको र १५ वटा गाईहरू लोकुम्वा दाहाल गाउँमा दिएर साधुहरू फिरेको भन्ने कथन छ । स्वामी योगानन्द, स्वामी विवेकानन्दले गायत्री पुरश्चरण र यज्ञादि गरेको उल्लेख छ । थुप्रै साधुले तपस्या गरेको तथा स्वामी योगानन्दको शिलालेख थियो तर हाल फुटेर नष्ट भएको, केही अंश अझै देख्न पाइने उल्लेख छ । इलामतिरका स्वामी षडानन्द गिरी हुन सक्ने अनुमान गर्न सकिन्छ किनकि स्वर्गद्वारी महाप्रभुका शिष्य षडानन्द भन्नाले इलामतिरका सन्त षडानन्द गिरी बुझिन्छ ।

योगी नरहरिनाथको (२०५२) लेख विश्लेषण गर्दा तत्कालीन समयमा दिङ्ला विद्यापीठको अनुकरण गरी रानीपोखरी भाषा पाठशाला, तीनधारा पाठशाला, देव शमशेरले भाषा पाठशाला खुलाएका देखिन्छन् । त्यसको प्रभावमा दार्जिलिङ, सिक्किम, लिङ्से, भुटान, आसाम, बर्मासम्म आदर्श विद्यापीठहरू खुलेका र चलेका देखिन्छन् । तसर्थ दिङ्लाको प्रभावबाट देशविदेशसम्मका विद्यार्थी दिङ्ला पाठशालामा अध्ययन गरेको र छात्रवृत्ति प्राप्त गरेको विद्यालयमा हालसम्म प्राप्त अभिलेख अनुसार दिङ्लाको शिक्षाको, धर्मसंस्कारको, प्रथाहरूको, बालन खेल्ने चलनको सुरुवात, रामनवमी मेला, बालाचतुर्दशी मेला, शतबीज मेला, रुद्राक्षको व्यावसायिक र धार्मिक प्रयोजनका लागि रोपण, नेपालको प्रथम साप्ताहिक शनिबारे हटिया आदिको प्रत्यक्ष र अप्रत्यक्ष प्रभावले नेपालभर तथा विदेशमा पनि जागरण छाएको थियो भन्ने प्रमाण दिन सकिन्छ । तसर्थ बालागुरु षडानन्द नेपाली समाज जागरण तथा पुनर्जागरणका धरोहर रहेको देखिन्छ ।

वि. सं. १९४० मा दिङ्ला केउरेनीपानी, लम्छुवा वितलब – ३ डाँडाघरे चौरमुनि घर भएका ७० वर्षका वृद्ध हरिप्रसाद लम्सालको निधन हुँदा उनका २ श्रीमतीहरूमा जेठी श्रीमती हरिप्रसादको उमेरकी तथा कान्छी श्रीमती १८ वर्ष मात्रकी जवान युवतीलाई सती पठाउने तयारी गर्दै गरेको बेलामा पं. नन्दिकेश्वर अधिकारीले थाहा पाउनेबित्तिकै कैलाशडाँडामा पुगेर बालागुरु षडानन्दलाई भेटेर दुवै गुरु हरिप्रसाद लम्सालको घर-आँगन पुगेको देखिन्छ । बाजागाजासहित दुलहीझैँ सजाएर डोलीमा मलामीले घरमुन्तिर सतीका लागि लैजाँदै गरेका दुवै श्रीमती र मलामीहरूलाई रोकेर अरुण उपत्यकामा सतीप्रथाको अन्त्यको प्रयास गर्नुभएको थियो । पछि वि. सं. १९७७ मा बालागुरुको प्रेरणा र अभियानका कारण श्री ३ चन्द्र शमशेरले कानुनी रूपमा नेपालबाटै सतीप्रथा अन्त्यको घोषणा गरेको देखिन्छ । स्मरणीय कुरा के छ भने पं. नन्दिकेश्वर अधिकारीले नघच्घच्याएको भए सायद बालागुरु षडानन्दबाट सतीप्रथा अन्त्य गर्ने प्रयास हुने थिएन कि ? तसर्थ बालागुरुका सल्लाहकार, दाहिने हात अथवा एक पाटो ब्रेन वास्तवमा पं. नन्दिकेश्वर देखिन्छन् । पं. नन्दिकेश्वर अधिकारीबाट अस्वीकृत भएका कुराहरू बालागुरु षडानन्दले कार्यान्वयन गरेको देखिँदैन । तसर्थ षडानन्दलाई महान् बनाउन पं. नन्दिकेश्वरको पनि महान् योगदान छ ।

बाइसे र चौबीसे राज्यहरू एकीकरण तथा त्यसअघिका राज्यहरू एकीकरणसँगै दासहरूको सङ्ख्यामा वृद्धि हुन पुगेको अनुमान गर्न सकिन्छ । हारेका राज्यका जनता वा सैन्यहरूलाई विजयीले अधिकार नदिएर दासदासी बनाउने चलन शासकहरूले चलाएका थिए । राणा, शाह जस्ता सम्भ्रान्त परिवार, दरबारभित्र तथा सामन्ती वा जमिन्दारहरूले दासदासी बनाउने चलन थियो । अरुण उपत्यका पनि न्यून सङ्ख्यामा भए पनि दासप्रथाले जकडिएको थियो । यस समाजमा दासमुक्त गर्ने प्रयास बालागुरुले दिङ्ला, चैनपुर र भोजपुर बजार क्षेत्रबाट सुरुवात गरेको देखिन्छ । यसै मानवताको कार्यबाट प्रेरित भई दासप्रथा अन्त्य गर्ने घोषणामा श्री ३ चन्द्र शमशेरले 'दासत्वको चलन अन्याय र अपवित्रताको आडमा खडा भएको हो' भनी काठमाडौँ टुँडिखेलको सभामा १९८० मङ्सिर १४ गते सार्वजनिक गरेको देखिन्छ ।

मोहन मैनालीको (सन् २००१, द लिभिङ अफ जोगिमारा) लेखमा उल्लेख भए अनुसार १०० वर्षअघि नेपालमा मानिसको बेचबिखन हुन्थ्यो । एकजनाको मोल रु. १०० देखि रु. ३०० सम्म पर्थ्यो । यसरी बिक्री हुने मानिसलाई दास भनिन्थ्यो । दासका सन्तान दास ठहरिन्थे । उनीहरूले पशुझैँ जोतिएर काम गर्नुपर्थ्यो । त्यति बेला नेपालमा झन्डै ५४ लाख मानिस बस्तथे । यसको १% जति अर्थात् साढे ५१ हजार दास थिए । वि. सं. १९८० मङ्सिर १४ गते एक

आमसभामा बोल्दै चन्द्र शमशेरले वि. सं. १९८१ वैशाख १ गतेदेखि दासप्रथा उन्मूलन हुने घोषणा गरे । उक्त दिनको भाषण सुनेर ४५०० जति मालिकहरूले स्वफूर्त दास मुक्त गरिदिए । बाँकी दासको पैसा सरकारले तिरिदियो । मुक्त दासको बस्ने बन्दोबस्त गर्न हेटौँडा नजिक अमलेखगञ्जमा ठाउँ छुट्याइयो ।

स्मरण गरौँ श्री ३ चन्द्र शमशेर बालागुरु षडानन्दसँग पचली भैरवघाटमा बस्दादेखि नै परिचित थिए । बालागुरुबाटै सप्ताह पुराणवाचन भएको श्रवण गरी श्री ३ चन्द्र शमशेरको घर अथवा नेपाल राष्ट्रको प्रशासनिक भवन सिंहदरबारको शिलान्यास भएको थियो ।

प्राज्ञ ज्ञानमणि नेपाल (२०७० : ङ), "राणाजीहरू नै बालागुरु पचलीभैरव घाटमा बस्ता उनका भक्त बनिसकेका थिए । ख्यातिप्राप्त गुरुको भक्त बन्नु स्वाभाविक हो । बालागुरु गायत्री मन्त्रका सिद्ध साधक भएको कारण थाहा भई उनले आशीर्वाद मात्र दिए पुग्दछ भन्ने पहिले नै प्रचारप्रसार भइसकेको थियो । धेरै राणाजीहरूलाई छोरा तथा भतिजाहरूको व्रतबन्ध उनीबाट गराउने साथै मन्त्र सुनाउने चाहना हुन्थ्यो । बालागुरुसँग नपढे पनि भक्त मात्र बने वा सङ्गत मात्र गरे पनि सिद्धि लाग्दछ भन्ने चाहनाका कारण बालागुरु षडानन्द कतिपयका यज्ञगुरु तथा मूलगुरु पनि बनेको देखिन्छ ।"

बालागुरु भीम शमशेरका मन्त्रगुरु थिए भन्ने भेटिन्छ । षडानन्दको प्रभावका कारण पछिसम्म राणाजीहरूले दिङ्लाका अधिकारीलाई पुराणवाचनमा बोलाएको देखिन्छ । वि. सं. २०१८ सालमा राजा महेन्द्रले पं. शिवप्रसाद अधिकारीलाई दिङ्लाबाट काठमाडौँ बोलाएका थिए रे उतै बस्ने गरी । तर राजा महेन्द्र र अधिकारीका बीच शास्त्रार्थमा मतान्तर भएपछि केही समयपछि अधिकारी दिङ्ला फिरेको प्रसङ्ग डा. नन्दीश अधिकारीबाट अवगत भएको छ । पछिसम्म पनि दिङ्लाका अधिकारीबाट श्री ३ र श्री ५ परिवारले पुराण श्रवण गर्ने चलन थियो रे । पछि कुनै कारणले श्री ५ का परिवार तथा राणाजीहरू रिसाई अधिकारीहरूलाई बोलाउन छाडेको कुरा पं. शिवप्रसादका शिष्य राजेन्द्रकुमार अधिकारीबाट जानकारी प्राप्त भएको छ । स्मरण गरौँ, राजा पृथ्वीनारायण शाहले नेपाल एकीकरण अभियानमा केवल नुवाकोट थानसिङका ब्राह्मणहरूमध्येमा ३ अधिकारी वंशीधर अधिकारी, वीरभद्र अधिकारी र देवऋषि उपाध्याय अधिकारी मात्र लिएका थिए । यी ३ अधिकारी ब्राह्मणले मात्र युद्ध कमान्डर बन्ने र भारदार बन्ने अवसर पाएका थिए । वंशीधर अधिकारीको सन्तति हाँगाको ५ औँ पुस्तामा षडानन्द अधिकारी रहेको देखिन्छ भने वीरभद्र अधिकारीको हाँगाको ८ औँ पुस्तामा यस पुस्तकको लेखक रहेको देखिन्छ ।

प्रश्रित (२०४७ : २४-२५) का अनुसार सतीप्रथा कति क्रूर थियो भने भारतको चित्तौडगढकी महारानी पद्मिनीसहित २४,००० राजपूत महिलाहरू

एकैपटक सती गएको देखिन्छ । उक्त चितामा महारानी, रानीहरू, रखौटीहरू, दरबारमा रानीका आसेपासे तथा अन्य मृतक सैनिकका राजपूत महिलाहरू जलाइएको थियो । सन् १८२९ (वि. सं. १८८६ तिर) मा सतीप्रथामाथि भारतमा कानुनी रोक लगाइयो ।

वेदमा, पुराणमा र हिन्दू धर्ममा सतीप्रथा थिएन । भारतमा अरेबियन मुगल शासकहरूको आक्रमणको अत्याचार, बलात्कार र दुष्टताबाट बच्न तथा सतीत्व र पतित्वको रक्षा गर्न आक्रमणमा मारिने सैन्यका वा पुरुषका श्रीमतीहरू सती जान बाध्य बने । पछि यसले प्रथाको रूप लियो । भारतमा १,००० वर्षको मुगल शासन र ४०० वर्षजति अङ्ग्रेज शासनको अत्याचारसँगै सतीप्रथाले लाखौँ महिलाको संहार गरेको थियो ।

जुन राजाको चितामा जति धेरै महिलाहरू पोलिन्थे, उक्त राजा त्यति नै सम्मानित मान्ने अन्धविश्वास फैलाइयो । पापीष्ट धर्मभीरुहरू प्रयोग गराएर गाउँसहरका महिलाहरू श्रीमान् राजा नभए पनि स्वयम् राजासँग वा राजकुमारसँग सती जाँदा स्वर्ग जान पाइन्छ र राजपरिवारसँग सन्ततिको नाता जोडिन्छ भन्ने अन्धविश्वास पनि फैलाइयो । शासकका दाजुभाइहरूले अंश खान पाइन्छ भनी श्रीमान्सँगै श्रीमती जलाउन थाले । तसर्थ पनि सती जान महिलाहरू विवशता र बाध्यतामा पर्दथे । सती जानेहरूलाई गाँजा, भाँङ, धतुरो, विषादि लगायतका लट्िने नशालु वस्तुहरू सेवन गराई चितामा चीत्कारसँगै घोची-घोची तथा ढुङ्गाले हिर्काएर पोलिन्थ्यो । राजा योगनरेन्द्र मल्ल मर्दा ३१ वटी रानीहरू जीवितै चितामा पोलेको इतिहास नेपालमा देखिन्छ ।

बालागुरुलाई भारतमा सतीप्रथा र दासप्रथा अन्त्य भएको ज्ञात भएकाले नेपालमा यी प्रथाविरुद्ध आवाज उठाई अन्त्यको प्रयास गर्नुभएको अनुमान गर्न सकिन्छ । यसलाई आधुनिक र क्रान्तिकारी परिभाषामा महिला अधिकार, मानव अधिकार, बाल अधिकार, बाँच्न पाउने अधिकार तथा स्वतन्त्रताको अधिकारका लागि आवाज बुलन्द गर्नुभएको थियो भनी वकालत गर्न सकिन्छ ।

प्रा. डा. ऋषिराम पोखरेल (२०७३ : २८१-२८२), जन्म सुन्दरीजल, काठमाडौँ भई आफ्नो बहिनीका ९० वर्षीय ससुरा भोजपुर मझुवाबेँसीका पण्डित हिरण्य भण्डारीको भनाइ उद्धृत गर्दै : योगमायासहित वि. सं. १९९८ मा ६८ जनाले आषाढ हरिशयनी एकादशीको दिन जलसमाधि लिएको प्रसङ्ग उल्लेख छ । श्री १०८ बालागुरु षडानन्दले काठमाडौँ गोकर्णेश्वर उत्तरवाहिनीमा तपस्या क्षेत्र बनाएको देखिन्छ । सोही ठाउँमा योगमाया, श्री १००८ शिवपुरी बाबा, श्री १००८ तुलसी बाबा, श्री १००८ वासुकी ब्रह्मचारी बाबा, श्री १००८ गलेश्वर बाबा, उहाँका पिता महानन्दप्रसाद निरौला, काका प्रेमनारायण भण्डारी आदिले पनि तपस्या गरेको पवित्रभूमि गोकर्णेश्वर उत्तरवाहिनी हो ।

"बालागुरुलाई नदेखे तापनि हाम्रो घर मझुवाबेंसीमा श्रीमद्भागवत भन्नुभएको थियो रे । योगमाया, पिता, फुपू र पितामहहरूले उहाँबाट प्रेम, सद्भाव र आशीर्वाद प्राप्त गर्नुभएको थियो । बालागुरु अग्रज तपस्वी र योगमाया दोस्रो तपस्विनी, दुवैले दिङ्लाको भूमिलाई पवित्र पार्नुभएको थियो । योगमाया स्वर्गद्वारी स्वामी श्री अभयानन्द गिरी महाराजकी चेली हुनुहुन्थ्यो ।"

हेमराज शर्मा अधिकारी (२०७५), दधिराज सुवेदी (२०५२) र डा. गोविन्दमानसिंह कार्की (२०६८ : ६०) का अनुसार बालागुरु षडानन्दले श्यामलाल पौडेलको घर गढीगाउँमा श्राद्धको दिन कालो बोको काट्न रोकी श्राद्धमा मासु वर्जित गरेको देखिन्छ । अधिकारीको कुलपूजा, गौतमको कुलपूजा र अन्य जातको कुलपूजामा बोका बलि दिने प्रथा अन्त्य गर्ने प्रयास पनि गरेको देखिन्छ । पहाडमा श्राद्धमा पान नपाइने हुनाले चाँवोको प्रयोग गर्ने चलन चलाएको देखिन्छ । कमेरो माटोले घर लिपपोत गर्ने पनि चलन चलाउन यस क्षेत्रमा सुरुवात भयो । शनिबारको दिन नेपालमा वरपीपलको पूजा गर्ने चलन व्यापक बनाएको प्रसङ्ग देखिन्छ । साल्माका बस्नेतको घरमा मठ बनाउन लगाई तुलसीको बिरुवा रोपण गरिदिएको उल्लेख छ । केही जातमा प्रचलित श्राद्धको दिन मूल खाँबोमा बिरालो बाँध्ने चलन अन्त्य गर्ने प्रयास गरेको देखिन्छ ।

दिङ्लामा गरिएका यस्ता महान् कार्यहरूको प्रभाव अरुण उपत्यका, नेपाल राज्यभर साथै सिक्किम, भुटान, आसाम, बर्मा आदिसम्म प्रत्यक्ष र अप्रत्यक्ष रूपमा परेको देखिन्छ ।

यस कुरालाई विश्लेषण गर्दा उक्त कार्य चाहे श्यामलाल पौडेलको घरमा होस् वा अन्य जुनसुकै नामका पौडेल वा बस्नेतको घरमा भए पनि यसको अर्थ बालागुरु षडानन्दले नेपालमै प्रथमपटक श्राद्धमा बोको काट्ने, तुलसी रोप्ने, मूल खाँबोमा बिरालो बाँध्ने आदि चलन अन्त्य गर्न व्यापक प्रचारप्रसार र प्रयास गर्नुभएको वा अभियान चलाउनुभएको थियो भन्ने बुझिन्छ । यसको तात्पर्य नेपालको सुदुरपूर्वदेखि सुदुरपश्चिमसम्मका अन्य क्षेत्रहरूमा यी चलनहरू कुनै धर्मगुरु, सन्त, विद्वान् अथवा समाजसेवीले बालागुरुले भन्दा अघि चलाएको पनि हुन सक्दछ । ब्राह्मण, क्षत्री आदिको घरमा श्राद्धको दिन बिरालो बाध्ने चलन सायद थिएन । यथार्थ जे भए तापनि मूल मर्म भनेको बालागुरु अगाडिको समयमा उक्त संस्कारहरू कसले चलाए ? कुसंस्कारहरू कसले र कहिले अन्त्यको प्रयास गरे ? भन्ने इतिहासमा देखिँदैन । तुलसीको महत्त्व मिथिला सभ्यतामा थियो । बालागुरुले जनकपुरतिरै अध्ययन गरेको हुनाले पनि प्रभाव परेको हुन सक्दछ । तर तुलसी घरमा ल्याई मठ बनाई रोप्ने चलन चलाउने प्रथम नेपाली को हुन् ? उत्तर छैन । तसर्थ प्रथम अभियन्ता बालागुरु षडानन्द हुन् भनौँ वा नभनौँ, बरू इतिहास र प्रमाण खोजी गरौँ । तर वास्तविकतामा

बालागुरु षडानन्दले उक्त कार्यहरूको व्यापक प्रचारप्रसार गरी समाजसुधार गरेकै हो भन्ने प्रमाण दिङ्ला र अरुण उपत्यकामा भएको हुनाले धक फुकाएर बालागुरुलाई अग्रज अभियन्ता भन्न पनि नछाडौँ किनकि अग्रज त प्रथम व्यक्ति नै हुन सक्छ । अन्य व्यक्तित्व हुनुहुँदो रहेछ कि भनेर खोजी गर्नचाहिँ नछाडौँ ।

**दिङ्लाको तत्कालीन जातिगत वस्तुस्थिति र शैक्षिक प्रभाव :**

निर्मला पोखरेल (२०७३ : ३६१) का अनुसार इ. पू. ८०० – ३०० तिरै अरुण उपत्यकामा किरात शासन भए तापनि लिच्छवि शासनको कारण पुनः पूर्वी नेपालतर्फ किरात शासन सीमित भएको अवस्थामा दिङ्ला क्षेत्रले प्राचीन किरात संस्कृतिको पहिचान बोकेको देखिन्छ । वि. सं. १८९६ श्रावणमा भीमसेन थापाको आत्महत्यापछि उनका आफन्त, नातागोता, शुभचिन्तक र समर्थकहरू असुरक्षित महसुस गरी आफ्नो ज्यान, धनमाल र परिवारको सुरक्षाका लागि पूर्वतर्फ लाग्दा केही सुवेदी, चापागाईं, तामाङ र भुजेल आदि रसिलो जग्गा दिङ्लामा बसोवास गरेको तथा थापाहरू दिङ्ला वा अरुणपूर्वतर्फ चन्दनपुर र भोजपुरका भूभागमा बसोवास गरेको इतिहास देखिन्छ । तसर्थ राजदरबारको आसपासमा रहेका उपत्यकाका शिक्षित, दरबारिया पदले दीक्षित र दरबारियाका नजिकका सुसंस्कृत मानिसहरूको बसोवास दिङ्लामा भएको देखिन्छ । पोखरेलको लेखलाई विश्लेषण गर्दा दिङ्लाको वस्तुस्थितिमा दरबार छेउछाउका अधिकारी, लम्साल, बस्नेत, सुवेदी, भण्डारी, कार्की, थापा, भुजेल, मगर, राई आदि बसोबास गरेको देखिन्छ । वि. सं. १९०३ को कोतपर्व र भण्डारखाल पर्व (बस्नेतपर्व, २३ भारदारहत्यामा, १५ बस्नेत भारदारको हत्या, १७ जना भाग्न भ्याएका) पछि सुरक्षित रहने बस्नेत, भण्डारी, चापागाईं, तामाङ, भुजेल, थापा, कार्की, मगर आदि बाइसे र चौबीसे राज्यका शासक र प्रशासकका सन्ततिहरू दिङ्ला क्षेत्रमा सम्मिश्रण हुन पुगेको देखिन्छ । जस्तै पण्डितराज रङ्गनाथ पौडेलका सन्तति राजनीतिक उतारचढावपछि दिङ्लातर्फ पुगेका देखिन्छन् । गढीगाउँ पौडेलको कुशविर्ता पनि देखिन्छ । दिङला कार्की, लम्साल, मगर, गुरागाईं लगायतले विर्ता तथा कुशविर्ता प्राप्त गरेको क्षेत्र पनि हो ।

सोलुखुम्बुको खुम्बु क्षेत्र पौराणिक मान्यता अनुसार किरात उत्पत्ति क्षेत्र देखिन्छ । सृष्टि उत्पत्ति क्षेत्र र मुन्धुम उत्पत्ति क्षेत्र साल्पापोखरी र सिलिचो क्षेत्रलाई मानिन्छ । हाल यस क्षेत्रमा मुन्धुममार्ग विकास गरिएको छ । उदयपुरको त्रियुगा उपत्यकालाई पनि किरात सभ्यताको विस्तार केन्द्र र धामीझाँक्री विद्याको शक्तिकेन्द्र, मैनामैनी तथा साल्पापोखरी क्षेत्र मानिन्छ । साल्पाराजा र साल्पारानीलाई प्रथम मानव र राजारानीका रूपमा मानिन्छ । गौरीशङ्कर हिमाललाई पारुहाङ र सुम्निमाको क्रीडास्थलका रूपमा वा किरातेश्वर

महादेवको बासस्थानका रूपमा मानिन्छ । वराहक्षेत्र माथितिर अरुण नदीको खुवालुङ पनि किरात उत्पत्ति र सभ्यतासँग सरोकार राख्दछ । लिम्बूहरूले म्यागालुङ, खुवालुङ, तामालुङ, तमोर नदी प्रस्रवण क्षेत्र, लेलेप, फक्ताक्लुङ, पावा खोला आदि क्षेत्रहरूलाई लिम्बूवान् सभ्यता र सरोकारको पवित्र भूमिको मान्यता दिएको देखिन्छ । तसर्थ पूर्वी नेपाल नै किरात उत्पत्ति र सभ्यताको मूल भूमि रहेको प्रमाण देखिन्छ । यस क्षेत्रमा प्राचीन कालदेखि नै किरात राजा र रजौटाका बौद्धिक किरात (राई) वर्गसमेत समायोजन भएको भूमि प्राचीन कालको सुसंस्कृत भूमि थियो भन्ने देखिन्छ । आधुनिक कालमा पनि केही किरातहरू कर्णाली क्षेत्रतर्फबाट र सिन्धुसभ्यताबाट भारतको गङ्गा मैदान क्षेत्र हुँदै पूर्वी नेपालतर्फबाट प्रवेश गरेको देखिन्छ । पछिल्लो चरणमा केही तिब्बत तथा चीनतर्फबाट पनि प्रवेश गरेको देखिन्छ । तथापि पूर्वी नेपाल आदिवासी वा भूमिपुत्रका रूपमा किरातहरूको उत्पत्ति स्थान र सभ्यताको प्राचीन कालदेखिको केन्द्रविन्दुका रूपमा रहेको देखिन्छ ।

कुशविर्ता जजमानी गर्ने वा पढेलेखेका पण्डितलाई दिइन्थ्यो । खास गरी ब्राह्मणलाई श्री ५ वा राजपरिवारका सदस्यले जन्मोत्सव, श्राद्ध, पुराण आदिको अवसरमा दिइन्थ्यो । यसबाहेक वैद्यराज, खजाञ्ची र धाईआमालाई पनि कुशविर्ता दिइन्थो । यसर्थ बालागुरुअघि नै दिङ्लामा दरबारियाहरूको सम्पर्क रहेको तथा राजनीतिक शक्तिसम्पन्न शिक्षित र टाठाबाठा जातिहरू वा व्यक्तिहरूले बसोबास गरेको भूमि देखिन्छ, जसका कारण बालागुरुलाई समाज शिक्षित बनाउन तथा सुधार गर्न यिनै दरबारिया नजिकका वर्गहरू र तिनका सन्ततिहरूले साथ दिएको देखिन्छ ।

अरुण नदी पूर्वतर्फ पल्लोकिरात वा लिम्बूवान्हरूको प्रभाव क्षेत्र हो । 'ताप्लेजुङको तत्कालीन लेलेप गा. वि. स. वडा नं. ९ को पहाडको फेदीमा दुईमुखे ओढारलाई फक्ताक्लुङ तीर्थ भनिन्छ । यो मुखबाट लिम्बूका पारुङफुकु (पिता) र अर्को मुखबाट मारुङफुकुले (माता) को उत्पत्ति भएको मानिन्छ । यो किरात लिम्बूका पितामाताको जन्मस्थान वा उत्पत्तिस्थान महागुरु फाल्गुनन्दले वि. सं. १९९० मा पत्ता लगाएको देखिन्छ । किरातहरूले यस तीर्थको दर्शन गरे स्वर्ग जान पाइने भन्ने महागुरुको कथन थियो । ज्यादै अप्ठ्यारो ठाउँमा भएकाले महागुरु जीवनमा ७ पटक मात्र पुगेको उल्लेख छ । यो किरातको स्वर्गद्वारीसमान छ' भनी चेतन अधिकारी (गोरखापत्र, वर्ष १०४, अङ्क १८३) ले उल्लेख गरेको कुरा घटराज भट्टराईद्वारा लिखित 'सांस्कृतिक कोष' ग्रन्थमा भेटिन्छ । यस क्षेत्रमा नेपाल एकीकरणको प्रभाव पऱ्यो । बालागुरुद्वारा स्थापित पाठशाला शिक्षाको समेत प्रभाव क्षेत्र रहेको देखिन्छ, किनकि एकीकरणपछि किरातका शैक्षिक केन्द्र वा मुन्धुमी ज्ञानका केन्द्र ओरालो लागेको इतिहास देखिन्छ ।

दिङ्लामा रहने तामाङहरूको इतिहास केलाउँदा तिब्बती भाषामा 'त' को अर्थ घोडा र 'मङ' को अर्थ व्यापारी अर्थात् घोडा प्रयोग गरी तिब्बतसँग व्यापार गर्ने व्यापारी भन्ने हुन्छ। अजितमान तामाङका अनुसार तिब्बती भाषामा अर्थ लगाउँदा प्रवेशद्वार वा सिमानामा बस्ने स्थानीय बासिन्दा, तिब्बती सिमाना छेउछाउका बासिन्दा हुन्छ। अमृत योञ्जनका अनुसार मुर्मी अर्थात सिमानाको बासिन्दा वा नेपालकै बासिन्दा हुन्छ। अलेक्ज्यान्डर म्याकडोनाल्डले १३ औँ शताब्दीमा बुम देगुनले वंशावलीमा तामाङबाट बचाउन पर्खाल लगाएको उल्लेख गरेको देखिन्छ। हिमाली क्षेत्रमा घोडाहरू प्रयोग गरी नुन तथा अन्य वस्तुको एकछत्र व्यापार गर्ने जाति भनिएको छ। 'डिस्कभरिङ द हिमालय' का लेखक एस. एस. नेकीका अनुसार थाक खोलाका थकाली नै तामाङ हुन् र तिनीहरू तिब्बत गई व्यापार गर्दथे। आजभोलि पनि तामाङलाई भोटे, मुर्मी, थाक्से भन्ने गरेको सुनिन्छ। यसको अर्थ मनाङ वा मुस्ताङ भोटमा बस्ने वा भोटखोला आसपासमा पुर्खाहरू रहेकाले अथवा थाक खोलाबाट आएको भन्ने बुझ्न सकिन्छ। तामाङ कतै घोडचढी सैनिक थिए। कतै ७ औँ शताब्दीमा स्रङचङगम्पोका पालामा बौद्ध धर्म लिनुअघि नेपालका तामाङले बौद्ध धर्म लिएको उल्लेख देखिन्छ। कतै घोडचढी सैनिक वा रक्षक वा दरबारिया आसपासका शासक भनिएको समेत देखिन्छ। यिनीहरू नेपाल एकीकरण क्रमसँगै बिस्तारै पूर्वतर्फ लागेको आभास हुन्छ। आज मुख्य बसोबास थलो बागमती अञ्चल देखिन्छ। वि. सं. २००७ सालको क्रान्तिको नेतृत्व तथा धेरै तामाङ मुक्ति सैनिकका कारण २००७ को मङ्सिर १३ गतेपछि भोजपुर सदरमुकाम, दिङ्ला (१४ गते), चैनपुर, तेह्रथुम, ओखलढुङ्गा, ऐंसेलुखर्क आदिका जङ्गीअड्डा र कार्यालयहरू कब्जा भएको देखिन्छ। धेरै तामाङ सैनिकहरू भोजपुर, बोखिम, गोगने आदितिरका देखिनुहुन्छ। साथै उहाँहरूका सन्तति पनि बसोवासको क्रममा दिङ्ला उक्त क्षेत्रबाट पुगेको देखिन्छ।

डा. शास्त्रदत्त पन्तको लेख अनुसार भुजेलहरूको (खवास भुजेल, तराईका खवास होइन) इतिहास हेर्दा भुजी उपत्यका तथा भुजी खोलाको आसपासमा बसोवास गर्ने जाति र शासकहरू भन्ने जनाउँछ। प्राचीन कालमा पूर्वमा सोले लेख, पश्चिममा झाँकीपानी र पञ्चासेभीर, उत्तरमा दूधपानी र दक्षिणमा गँगारे छेडसम्म, अर्नाकोट, फुर्कोट, राजकुत आदि राज्य क्षेत्रहरू देखिन्छन्। वि. सं. ५५३ – १३७२ सम्म ढोर भन्ने शक्तिशाली राज्य भुजेलको देखिन्छ। हाल बाग्लुङको भुजीगाउँ (कोवाङ गा. वि. स. मा) आदि क्षेत्रमा भुजको अर्थात् भोजपत्रको वन प्रशस्त भएकाले ती भुजी राज्य सञ्चालन गर्ने शासकहरू देखिन्छन्। उनीहरूका पुर्खा कैलाश क्षेत्रतिरबाट भुजी क्षेत्रमा प्रवेश गरेको देखिन्छ। उनीहरू दरबारिया तथा टाठाबाठासमेत रहेको विगतको इतिहास

देखिन्छ । यिनीहरू पनि एकीकरण अभियानसँगै विभिन्न दरबारिया घटना तथा जालझेल छेल्दै दिङ्ला आइपुगेको सहज अनुमान गर्न सकिन्छ ।

विनोदकुमार चापागाईं (पूर्वशिक्षक तथा रचनाकार) का अनुसार भारतीय भूभागमा (प्राचीन नेपाललाई पनि भारत भनिने) बस्ने आर्यहरू विभिन्न ठाउँमा बस्न प्रतिकूल भएपछि ठाउँ सर्ने क्रममा नेपालको डोटी लगायत विभिन्न ठाउँमा बस्न पुगे । त्यसै सिलसिलामा चापागाईंका पूर्वजहरू पनि डोटीपछि गोर्खाको गाईखुर, अनि महाङ्काल हुँदै सिन्धुपाल्चोकको दुवाचौरमा दाजु नैनानन्द र भाइ कुष्माखर बसोबास गरेको देखिन्छ । केही चापागाई बन्धुहरू धुनीबेंसीमा पनि बसोवास गरेका थिए । नैनानन्दका ४ भाइ छोराहरू देलहिसी (देवनारायण), लक्ष्मीनारायण, शिवनारायण र हितनारायण थिए । देवनारायणका छोरा नारायणपाध्येका सन्तानहरू भोजपुरको दिङ्लातिर, लक्ष्मीनारायणका सन्तान इलामतिर, शिवनारायणका सिन्धुपाल्चोकतिर र हितनारायणका खाँदबारीतिर बसोबास गरेका थिए । भाइ कुष्माखरका सन्तान भने ताप्लेजुङ र तेह्रथुमतिर गई बसोबास गरेका थिए ।

चापागाईंका अनुसार नारायणपाध्ये वि. सं. १८८० मा पूर्वी नेपाल भोजपुरको सिद्धकाली मन्दिरमा १ छोरा र श्रीमतीको साथ आइपुगेका थिए । केही समयपछि दिङ्ला गौचरनभन्दा केही तल राताघर (पं. रघुनाथ पाध्याको खायल) को घरपछाडिको ठूलो वृक्षको फेदमा ढाकर बिसाई बास बसेपछि राईहरूसँग सम्झौता गरी बसोबास गर्न थाले । गुरागाईं थरकी दोस्री श्रीमती विवाह पनि गरेको देखिन्छ । अरू ६ भाइ छोराहरू जन्मिए । अघिल्ली आमातर्फका १ भाइ गरी ७ भए, सतभैयाहरू यसप्रकार देखिन्छन् :

लक्ष्मीकान्त, विष्णुकान्त अनि फेर हेमसागर अनि
भवानीशङ्कर, धर्मानन्द, धनपति लौ तारानिधि पनि ।

भवानीशङ्करका जेठा छोरा पं. यज्ञनिधि चापागाईं बालागुरुका शिष्य र हितैषी देखिन्छन् । भवानीशङ्करका पनाति मुक्तिप्रसाद चापागाईं प्रजातन्त्रका सेनानी थिए । धर्मानन्दकी नातिनीको तुलसाको विवाह प्रसिद्ध भाषाशास्त्री महानन्द सापकोटासँग भएको थियो । अरुण मा. वि. का पूर्वशिक्षक तथा ज्योतिष पं. चोलरमण चापागाईंले २ गायत्री पुरश्चरण यज्ञ झापाको सुरुङ्गामा सम्पन्न गरेको देखिन्छ । चापागाईंलाई ज्योतिषका प्रसिद्ध हस्तीका रूपमा लिइन्छ ।

घनश्याम पौडेल (पूर्वशिक्षक षडानन्द मा. वि.) का अनुसार 'राजा शुभसेनको पालामा हरिवंश पाध्या पौडेलले (हरिराम पौडेलले) वि. सं. १७१२ मा कटहरे खेत, जब्दी खेत र उत्तरतर्फको गढीगाउँ पाखो बारी विर्ता पाएको देखिन्छ । चापाचौर क्षेत्रसमेत समेटिएको छ । वि. सं. १८६२ को कागजातमा पनि चन्द्रलालका बाजे मेघपतिका बाबुले पाखोबारी र जब्दीखेत पनि विर्ता

पाएको भन्ने देखिन्छ। हरिरामका छोरा अनन्तराम, अनन्तरामका छोरा जेदुपति (यदुपति), जेदुपतिका ४ छोरा र त्यसपछिका सन्ततिहरू दिङ्लामा देखिन्छन् । तसर्थ हरिवंश पाध्याको घरघडेरी, कटहरे खेत उत्तरतर्फको पाखोबारीमा रहेको देखिन्छ । हरिवंश पोखराबाट दिङ्ला पुगेको देखिन्छ । रङ्गनाथ पौडेलको कुनै शाखा-प्रशाखामा दिङ्लाका पौडेलहरू देखिन्छन् । कविशिरोमणि लेखनाथ पौडेलका परिवार पनि दिङ्लाका पौडेलका दाजुभाइ वा बन्धुहरू नै देखिन्छन् ।

हेमन्तराज गुरागाईंका अनुसार वि. सं. १७३० को हाराहारीमा दैलेख जिल्लाको गैरीगाउँबाट देवदत्त गुरागाईं (लिखतहरूमा बैजनाथ) दिङ्ला पुगेको देखिन्छ । पँधेराघरे गुरागाईंको घरखायल आसपास अथवा चुवाघरे केशव गुरागाईंको हालको घरमाथि बस्नेत र विष्ट बसेको खायल आसपास घरजम गरी बसोबास गरेको देखिन्छ । बालागुरुसँग प्रसङ्ग जोडिएका बोधने दमाईका पूर्वज र तेस्रो व्यक्ति भुजेल (वितलबका) पनि गुरागाईंसँग दैलेखको गैरीगाउँबाट ३ जना एकै दिन दिङ्ला आएको देखिन्छ। देवदत्तका ३ छोराहरू थिए। दिङ्लामा गुरागाईंहरूको बिर्ताको सिमाना पूर्व-उत्तरमा झक्रेनी थुम्का र गौरीचौर पूरै (आहाल छेउको राइटरको चौतारामाथि), पश्चिममा गौडेनी र बोकेथुम्को र दक्षिणपूर्वमा भण्डारीचौर हुँदै काल्चिन डाँडा (मोरङ्गे पूर्व) देखिन्छ । दैलेखको गैरीगाउँबाट आएका गुरागाईंको लम्सालहरूसँग १०४ वर्षजति जग्गा विवाद भएपछि नुन छर्केर गौरीगाउँको सम्झनास्वरूप गौरीचौर नामकरण गरेर छाडेको देखिन्छ। लम्साल विर्ताका ८ किल्लाहरू रहेको फैसला देखिन्छ भने गुरागाईंका १२ किल्लाहरू। गौरीचौरको पश्चिम पुछारमा हेमन्तराज गुरागाईंको घरमुनिबाट तारेखोरियामा सैनिकहरूले तारो हान्ने गरेका थिए । तारो हान्ने जग्गाको व्यवस्थापन बालागुरु षडानन्दबाट कालीगण पल्टन दिङ्लालाई गरिएको थियो। आज पनि त्यस ठाउँलाई तारे पाटोबारी भनिन्छ। त्यहाँ ढुङ्गाको पर्खाल लगाई उठाएको र एक ढुङ्गे स्तम्भ पनि थियो । तारो हान्ने कार्य बन्द भएकाले पछि शिक्षक खोमचन्द्र गुरागाईंहरूको भागतर्फको बारीको ढिस्को सम्याएको पनि देखिन्छ। गुरागाईंका अनुसार प्रेमनारायण र शिवा गुरागाईंकी एक मात्र छोरी रेणुकाको विवाह महिपति (महिपाल पनि उल्लेख) पौडेलसँग भएको थियो । बालागुरु षडानन्दको मावली हजुरबुबा र हजुरआमाको नाम महिपाल र रेणुका पौडेल थियो भने बुढामावली घर गुरागाईंहरू थिए ।

ठमनाथ लम्सालका अनुसार कटहरे वितलबका लम्सालहरूको इतिहास हेर्दा गुजरातमा मुगलको आक्रमणपछि राजकाजका वासु भट्टका सन्तानहरू पश्चिम नेपालको दैलेखमा बसोबास गरेको देखिन्छ । सन्ततिहरू दैलेख हुँदै धादिङ जिल्लाको निगालापानी र ज्याम्रुङमा बसोबास गरेको देखिन्छ। त्यहाँबाट वि. सं. १९९१ मा राजा जगत सेन (जगत्र सेन) बाट दिङ्ला कुशविर्ता पाएर

शिवनारायण पाध्या लम्साल (शिवा जोशी) कटहरे वितलबको हालको माझघर र झिँगटीघर भएको क्षेत्रमा बसोबास गरेको देखिन्छ । शिवा जोशीले ज्योतिष हेरेपछि मात्र दरबारबाट युद्धका लागि खटाइन्थ्यो रे । उनले ज्योतिष हेरेको अमुक बार र अमुक तिथिमा युद्ध गर्दा विजयी हुने भएको हुनाले राजाबाट कुशविर्ता पाएको देखिन्छ । ज्योतिष हेर्ने गरेका हुनाले जोशी भनिन्थ्यो रे । निगालापानी ज्याम्रुङबाट आउँदा हालका ठाकुर जोशीका पूर्वजलाई भरियाका रूपमा र ढकाललाई पुजारी तथा भान्सेका रूपमा लिएर आएको इतिहास भेटिन्छ । पछि वि. सं. १९९२ मा पनि २५० मुरी माटो बराबरको विर्ता पाएको देखिन्छ । कुनै तलबसरह पाएको र कुनै रकम वा कलम नलाग्ने विर्ता जग्गा भएकाले वितलब भनिएको देखिन्छ । पूर्वमा कालीखोला, पश्चिममा हरिवंश पाध्या घर छेउ (गैरीचौर) ढुङ्गा, उत्तरपूर्वमा झक्रेनी थुम्कोको छत्रेढुङ्गा, पश्चिम मध्यमा भण्डारीचौर पानीढलो हुँदै कटहरे खोला र चुच्चे आँप दक्षिण धोबीखोला, बपिचमा रहेले खोला पूर्व र दक्षिणमा, खकुवा खोला उत्तर सिमाना देखिन्छ । रहेले खोलाका केही जग्गाका कित्ताहरू गुरागाईंका पनि देखिन्छन् ।

तीर्थराज सुवेदी (तरहरा), "सिन्धुपाल्चोकको दुवाचौर विर्ता (सुवेदीको विर्ता) बाट मनोरथ सुवेदी दिङ्ला पुगेको देखिन्छ । उनी झुत्तावाला जिम्वाल थिए । दिङ्ला आएर सुवेदी डाँडामा (जम्दार बा डाँडामा) भारी बिसाई घरजम गरेको देखिन्छ । मनोरथका २ भाइ छोराहरू उदयनारायण र श्रीविलास थिए । मनोरथदेखि तीर्थराजसम्म ७ औँ पुस्ता भएको छ । ९ औँ पुस्तामा आइपुग्दा आज दिङ्लाको सुवेदी डाँडामा एक घर पनि सुवेदी छैनन् । चन्द्रगढी, सुरुङ्गा, आसाम, तरहरा, काठमाडौँ आदि क्षेत्रमा मनोरथका सन्तति सुवेदीहरू बसोवास गर्नुभएको देखिन्छ ।" चापागाईंहरूको दिङ्ला आगमन समयको आधार मान्दा मनोरथ सुवेदी पनि वि. सं. १८८० मा दिङ्ला पुगेको यस लेखकको मत छ ।

शिक्षक रामकुमार जीसी (घर्ती छेत्री, विराटचोक) का अनुसार जीसीका पूर्वजहरू दोलखा जिल्लाबाट भोजपुरको दारेगौँडामा आई जीवनयापन सहज बनाउने उद्देश्यका साथ पूर्व आउँदै गर्दा भोजपुर जिल्ला देउरालीको फालिकोटमा केही समय बसोबास गरेपछि नेपालेडाँडाको डाँडागाउँमा बसोबास गरेको देखिन्छ । त्यस बेला राई जिम्मावालको अधीनमा जनताले बसोबास गर्नुपर्ने हुँदा डाँडागाउँका राईहरूको जिम्मावाल क्षेत्र तत्कालीन मूलपानीको चिउरीबोटेमा कमानसिंह घर्ती छेत्रीलाई राईहरूले जिम्मावाल बनाएर पठाएका थिए । कमानसिंहका सन्ततिहरू १८ औँ शताब्दीबाट दिङ्ला चिउरीबोटेमा बसोबास गर्दै आएको देखिन्छ र ७ औँ पुस्तासम्म पुगिसकेका छन् । स्व. पूर्वशिक्षक नरेन्द्र बस्नेतले घर्ती छेत्रीलाई अङ्ग्रेजीमा जीसी लेख्दा राम्रो हुन्छ भनेपछि जीसी लेख्ने चलन चल्यो । कुलपूजामा मस्टो परम्पराअनुसार १२

मस्टोलाई ३-३ वर्षको अन्तरमा बलिभोग दिई कुलपूजा गर्ने चलन छ। मोरङको नेताचोक, विराटचोक, काठमाडौँ आदिबाट पनि कुलपूजा गर्न दिङ्लामा नै ४० घरधुरीजति भेला भई पूजा सम्पन्न गरिन्छ ।

माथि उल्लिखित जातथरका विर्ता तथा भूमिहरू हेर्दा राजकाज गर्नेका सन्तानहरू तथा दरबारिया आसपासका जातिजनजातिका सन्ततिको बसोबास दिङ्लामा देखिन्छ । बालागुरु षडानन्दले पनि तिनै दरबारिया आसपासका केही उन्नत र सचेत वर्गका सन्ततिहरूको बीचमा षडानन्द पाठशाला खोलेका कारण पनि अन्य क्षेत्रमा भन्दा केही सहज भएको थियो होला भन्न सकिन्छ। बालागुरु अघि पनि सचेत वर्गहरूको दिङ्ला क्षेत्रमा बसोबास भएको उल्लिखित जातजातिको इतिहास खोतल्दा देखिन्छ ।

डा. तुलसीप्रसाद भट्टराई (२०७५ : ६० – ६८), "ताप्लेजुङ तीनधारे भन्ने ठाउँका हर्राबोटे गौतम पण्डित ३ महिना मात्र दिङ्ला पाठशालामा अध्ययन गरेर ताप्लेजुङभरिकै धुरन्धर पण्डित बनेका थिए । हाङ्देवाका सिग्देल पण्डित १ वर्ष दिङ्ला पढेर जिल्लाकै ठूला पण्डित भएका थिए। तेल्दोकका रेग्मी पण्डित, सिनामका पण्डित मेदिनी नेपाल, फावा खोलाका पण्डित रामप्रसाद र टेकनाथ भट्टराई, हिरुवादिनका न्यौपाने पण्डित, सुभाङका भण्डारी पण्डित, चाँगेका श्रीलाल भट्टराई पण्डित, डुम्रिसेका दाहाल पण्डित र थुम्मेदिनका पण्डित नन्दिकेश्वर पनि दिङ्ला पाठशालाकै उत्पादित शिष्यहरू थिए। ताप्लेजुङ भाषा पाठशालाका प्रधानगुरु गङ्गाप्रसाद लम्साल र अरू ताप्लेजुङका थुप्रै नामुद पण्डितहरूको मेरो हजुरबाले वर्णन गर्नुहुन्थ्यो । दिङ्ला पाठशालाका उत्पादन ती पण्डितहरूको वर्णन सुन्दा एकादेशको पुराण कथामा दिङ्लाको माहात्म्य वर्णन रहेछ जस्तो लाग्दथ्यो । वि. सं. २०४६ पौष २३ गते त्यो पवित्र भूमि दिङ्लामा गई हजुरबुबाले अध्ययन गरेको ठाउँको आस्था र श्रद्धामा सामेल भएँ । तर आज त्यो पहिलेको दिङ्लाभन्दा कीर्तिहरू नाश हुँदै र पृथक् हुँदै गएको रहेछ। दु:ख लागेको छ।"

डा. भट्टराईको लेख विश्लेषण गर्दा नेपालकै सुदूरपूर्वको भारत र चीनको सिमानामा रहेको ताप्लेजुङ पुग्न दिङ्लाबाट ८-१० दिनको पैदल हिँड्नुपर्थ्यो । विकट पहाडी तथा हिमाली जिल्ला ताप्लेजुङका तत्कालीन समयका जिल्लाभरकै ख्यातिप्राप्त पण्डितहरू षडानन्द पाठशालाका उत्पादित शिष्यहरू देखिन्छन् । तत्कालीन निरक्षर, रुढिवादी परम्परा तथा कुप्रथाहरूले जकडिएको समाजमा विकास र पुनर्जागरणका धरोहरहरू नै पण्डितहरू थिए । शिक्षक, साधु, सन्त, महन्त, भाषाविद्, विद्वान्, शैक्षिक जागरणका अभियन्ता, सामाजिक रूपान्तरणका बाहक, आर्थिक समृद्धिका आधारस्तम्भ, समाज नेतृत्वका राजनीतिक व्यक्तित्व र आधुनिक विकास तथा पूर्वाधारका अभियन्ताहरूका

रूपमा पण्डितहरू नै रहेको इतिहासमा देखिन्छ । उनीहरू समाज हाँक्ने धरोहर वा अग्रजहरू देखिन्थे । त्यसैले देशविदेशमा उत्पादित शिष्यहरूले अवश्य पनि तत्क्षेत्रमा शैक्षिक, सामाजिक, आर्थिक, सांस्कृतिक, राजनीतिक तथा विकास निर्माणका पूर्वाधारहरूमा जागरण गराएका तथा पुनर्जागरणको लहर चलाएका थिए भनी विश्लेषण गर्न सकिन्छ । यसबाट बालागुरु षडानन्द नेपाली जागरण र पुनर्जागरणका धरोहर भएको प्रमाण देखिन्छ ।

## आधुनिक अरुण उपत्यका सभ्यता जागरण तथा पुनर्जागरणका अग्रज अभियन्ता बालागुरु षडानन्द :

प्रा.डा. नृसिंहकुमार खत्री (२०७३: ३३६ – ३६९), "दिङ्लालाई षडानन्दको ज्ञान, ध्यान, कर्म र तपस्याको भूमि बनाउन सक्ने धेरै आधारहरू थिए ब्रह्मपुत्र नदीको पश्चिमको गुहाटी सहर र कामाख्या धामसरह, नारायणी-गण्डकीको त्रिवेणी धामसरह आदि । दिङ्लाबाट मकालु, ल्होत्से, जनक, कञ्चनजङ्घा, कुम्भकर्ण लगायतको हिमालको अनमोल दृश्यमा पारिलो र हरियाली विश्वप्रसिद्ध अरुण उपत्यकाका तरेली फाँटहरू र उच्च समस्थलीहरू दृश्यावलोकन गर्न सकिन्छ । सायद त्यसैले दिङ्ला जन्मभूमिलाई नै विद्याको केन्द्र रोज्नुभयो ।"

## प्राचीन काल र मध्यकालमा भोजपुर क्षेत्र :

प्राचीन कालमा भोजपुर क्षेत्रको इतिहास स्पष्ट छैन । सत्ययुगमा पनि किरातहरू नै रहेको अनुमान मात्र गर्न सकिन्छ । त्रेतायुग तथा उपनिषद्कालमा जनकको राज्य मिथिला अन्तर्गत भोजपुर पनि पर्ने अनुमानसम्म गर्न सकिन्छ । पौराणिक कालखण्डमा मिथिला राज्य तपोवन (त्रेतायुग) क्षेत्रका रूपमा रहेको हुनाले ऋषिमुनिहरूको तपस्थली रहेको अनुमान हुन्छ । लिच्छविकालमा राजा मानदेवको समय वि. सं. ५२१ तिर किरातहरू तामाकोशी र सुनकोशीको किनारतिर बसोवास गर्दथे भन्ने देखिन्छ तथापि लिच्छविकालभन्दा अघिदेखि नै यो किरात क्षेत्र रहेको अनुमान हुन्छ । प्रा. डा. सोमप्रसाद खतिवडा (२०७९ : १४), "किरातहरू त्यस क्षेत्रमा बसोवास गर्नुभन्दा अघि नागा र बोरु जातिहरू बसोवास गर्दथे भन्ने माझकिरातमा किम्वदन्ती भेटिन्छ ।" तर मुन्धुममा नागा र बोरुसँगको युद्ध भएको प्रसङ्ग पनि आउने हुनाले त्यस युद्धमा विजयपछि नागा र बोरुहरू पूर्वतर्फ लागेको अनुमान हुन्छ । डा. हर्क गुरुङले धनकुटाको हात्तिखर्कका नागा राजा छ्योङ्देन एकीकरण समयमा भागेर आसाम हुँदै नागाल्यान्ड पुगेको प्रसङ्ग उल्लेख गरेको भेटिन्छ । झापा, सिलिगुडी, सिक्किम, आसामको भागलपुर, कुर्मीकट्टा र गुहाटीतिर आज पनि बोडो वा बोरु भन्न रुचाउने जातिहरू प्रशस्त भेटिन्छन् । तसर्थ पनि मुन्धुमसँग मिल्दोजुल्दो प्रसङ्ग

देखिन्छ । भोजपुरअघि यस जिल्लाको नाम सिद्धिपुर रहेको देखिन्छ । पृथ्वीनारायणको भोजपुर विजय समयमा भोज खाएर बाँकी रहेकाले भोजपुर रहेको अथवा प्रशस्त भोजपत्र पाइने हुनाले भोजपुर रहेको किंवदन्ती छ । पौराणिक कथाहरू विश्लेषण गर्दा भारतको पटनामा रहेको भोजपुर क्षेत्रको हिस्सा र नेपालको पहाडको भोजपुर जिल्लाको सम्बन्ध कुनै समयमा दुवै मिथिला राज्यको भूभाग रहेको देखिन्छ । भोजपत्रको उत्पादन केन्द्र हालको भोजपुर जिल्ला क्षेत्र र भोजपत्रको बिक्रीकेन्द्र पटनाको भोजपुर क्षेत्र रहेको मिथिला राज्यको तथा गुप्तशासनको सेरोफेरोको इतिहास अध्ययन गर्दा फितलो अनुमानसम्म गर्न सकिन्छ ।

प्रा. डा. सोमप्रसाद खतिवडा (२०७९ : १४), "पूर्वमध्यकालीन समयमा पनि भोजपुर र दिङ्ला क्षेत्र सिम्रौनगढ राज्यको एक महत्त्वपूर्ण हिस्सा रहेको देखिन्छ । मध्यकालमा भोजपुर लगायतका पूर्वी पहाडी हिस्साहरू पाल्पाली सेन राजाको अधीनमा गएको देखिन्छ । पाल्पाको सेन राज्य विभाजन हुँदा नारायणी नदीपूर्व टिष्टा नदीसम्मको भूभाग मकवानपुर राज्य अन्तर्गत लोहाङ सेनको राज्यमा पर्दथ्यो । वि. सं. १६४२ तिर लोहाङ सेनको मृत्युपछि उनका छोरा राघवनरेन्द्र सेन मकवानपुरका राजा भए । त्यस समयसम्म पनि भोजपुर र चौदण्डी क्षेत्र मकवानपुर राज्यका अंश थिए । शासन व्यवस्थाका लागि लोहाङ सेनले माझकिरातको शासन हेर्ने जिम्मा त्यहाँका किरातीलाई दिएको ताम्रपत्र छाडेर गएका छन् । तसर्थ भोजपुर क्षेत्र सेन राजाको अधीनको क्षेत्र वा राज्यक्षेत्र भए पनि शासन गर्ने जिम्मा स्थानीय किराती शासकलाई दिएको देखिन्छ ।"

मकवानपुरमा हेमकर्ण सेन राजा भएपछि पूर्वतर्फ कोशी र कमला नदी बीचको भागको शासन हेर्ने जिम्मा भाइ जगत सेनलाई दिएको देखिन्छ । तर पनि माझकिरातमा खम्बूहरू स्थानीय प्रशासक बनी आफ्नो क्षेत्रको शासन व्यवस्थापन गर्ने अख्तियारीमा थिए । पछि मकवानपुरका दिवान बानियासँग खम्बूहरूको मेलमिलाप भएन । कोशी पश्चिम माझकिरातको चौदण्डी राज्य बन्यो । तर किरातहरूले राजा भने जगत सेनलाई बनाए र चौदण्डी राजधानी बन्यो । जगत सेन, विक्रम सेन (जगत सेनका भाइ), मुकुन्द सेन तृतीय र कर्ण सेन गरी ४ राजाले शासन गरेका थिए । लोहाङ सेनको ताम्रपत्र अनुसार राजा सेन भए पनि माझकिरातका किरात शासकहरूले सम्पूर्ण शासनको अधिकार पाएका थिए । यस क्षेत्रमा राई मुखिया वा राई मन्त्रीहरूले स्वतन्त्र शासन चलाएको इतिहास देखिन्छ । सेन राजाहरूले राज्य गरेसँगै उदयपुर, खोटाङ, भोजपुर लगायतका क्षेत्रमा ब्राह्मण-क्षत्रीको बसोबास सुरु भएको देखिन्छ ।

प्राचीन कालदेखिको विश्लेषण गर्दा अरुण उपत्यकाको सभ्यतामा लिच्छविकालपछिको किरातकालदेखि मात्र स्पष्ट प्रमाण देख्न सकिन्छ । अरुण

उपत्यकामा माझकिरातकालीन सभ्यताको विकास भएको थियो । भोजपुरतर्फ खम्बुवान् अर्थात् राईहरू, सङ्खुवासभा र धनकुटातर्फ खम्बुवान् र लिम्बुवान् मिश्रित सभ्यता भए पनि खम्बुवान्कै वर्चस्व देख्न सकिन्छ । लिम्बूवान् भनी अरुण नदी पूर्व सङ्खुवासभा सिमानादेखि सिक्किमसम्मको भूभाग देखिन्छ । लिम्बूहरू आफूलाई युमाका सन्तति मान्नुहुन्छ । १८ औं शताब्दीको विजयपुर राज्य अन्तर्गत लिम्बूहरूका ससाना राज्यहरू देखिन्छन् । राजा शाङ्ला इङ् लिम्बूहरूको प्रथम राजा मोरङमा भएको देखिन्छ ।

यस क्षेत्रमा रहेका स्यामिङ, तुङ्गेछा, साङराङ, तुम्लिङटार, तिङ्ला (हाल दिङ्ला), बुम्लिङटार, बट्टार, मथेटार जस्ता शब्दहरूको प्रयोग देखिन्छ । पानीलाई राई भाषामा वा भनिने भएकाले यहाँका खोला तथा नदीहरू खकुवा, चिर्खुवा, सवा, हेवा, पिलुवा, पिखुवा, चेवा, सङ्खुवा, चानुवा आदि तथा ठाउँहरू माङमाया, छिन्ताङ, खोकु, च्याङ, चरम्मी, बोक्खिम, नाङ्गी (नागीबाट नागाहरू, किरातकालीन आर्मी), याख्खा, काङसोरे (लिम्बुवान आर्मी) आदि शब्दावली प्रयोग भएको पाइन्छ । ख्याम्पालुङ (अर्थ उपत्यका), माङतेवा, चेवा, साल्पा राजारानीको दरबार, हुङबुङकी देवी, हतुवागढी, लम्छुवागढी, गढीगाउँ, थुमदिङ्ला, हेदाङनागढी, भोजपुर र चैनपुरको सिद्धकाली, त्रिवेणीधाम (अरुण र सभा दोभान), सभापोखरी, वरुण र अरुण नदी आदि प्रमुख स्थान र पवित्र भूमिका रूपमा परिचित थिए । उदयपुरको चौदण्डी राज्य अन्तर्गत चैनपुरमा सुब्बा (लिम्बू) जैकर्ण रायको शासनको पूर्वी केन्द्र (तत्कालीन तेह्रथुम, पाँचथर, ताप्लेजुङसमेतको केन्द्र चैनपुर तथा पाँचथरको जोरपोखरी छेउको हिलिहाङ दरबार) रहेको वस्तुस्थिति मध्यनजर गर्दा किरातकालीन सभ्यता खण्डको तथा मध्यकालीन समयको अरुण उपत्यकाको अवस्था झल्को देखिन्छ ।

पृथ्वीनारायण शाहको एकीकरण अभियानसँगै आधुनिक अरुण उपत्यका सभ्यता सुरुवात हुन्छ । खार्पाका हरिनन्द पोखरेलले पृथ्वीनारायण शाहलाई पूर्वतर्फ एकीकरण गर्न बोलाएका र नगदसमेत सहयोग गरेका थिए । वि. सं. १८३० मा अभिमानसिंह बस्नेतको नेतृत्वमा गोरखाली फौज माझकिरातसम्म पुगेका थिए । दुधकोशी नदी पूर्वतर्फका खोटाङ, हलेसी, रावाघाट, ओखलढुङ्गा, चिसङ्खु, कोटगढी, खानीभन्ज्याङ (ओखलढुङ्गा), रुम्जाटार, दिक्तेल, भोजपुर र हतुवागढी (घोडेटार) नेपाल राज्यमा गाभिए । थुमदिङ्ला (साविक केउरेनीपानी, मूलपानी, तुङ्गेछा, किमालुङ र खार्ताम्छा क्षेत्र) तथा फालिकोट, मझुवा, कुलुङ वि. सं. १८३० फागुन तथा चैत्र महिनामा नेपाल राज्यमा गाभिएका थिए ।

अरुण नदी पश्चिम भोजपुर दिङ्लातर्फ विजय गर्दा लम्छुवा वितलब (भदौरिया) क्षेत्रमा भीषण युद्ध भएको थियो । किरातहरू धनुर्वाण युद्धमा थिए भने गोरखालीहरू भरुवा बन्दुकको युद्धमा प्रवेश गरिसकेका थिए । दुवैतर्फका

धेरै फौज हताहत भएको घटना केही राई शिक्षकहरू र बलबहादुर राईबाट राईहरूको वंशावली तयार र सङ्कलनक्रममा फेला परेको भन्ने जानकारी भएको छ । उक्त युद्धमा लम्छुवा राईहरूको हार भएपछि कटहरे वितलबको भदौरिया नजिकैको शमीथानमा (केउरेनीपानी – १) विशाल ढुङ्गेस्तम्भ गाडेर (आफ्ना पुर्खाको स्मरण गर्दै) खकुवा खोलातर्फ झरी खकुवाको तीर हुँदै अरुण नदीको तीरैतीर बालुवानीतर्फ लागेका थिए । त्यो स्तम्भ आजभोलि सिंहवाहिनी मन्दिर छेउमा राखिएको र कालो रङ्गसहितको अक्षर आज २५० वर्षपछि पनि रङ्ग नउडेको अवस्थामा रहेको छ । झक्रेनीथुम्का ओडारभित्र पनि आजसम्म राई भाषामा लेखिएका अक्षरहरू ढुङ्गामा कुँदिएको देख्न सकिन्छ । के लेखिएको छ, अध्ययन गर्नु आवश्यक छ । अर्को समूह तित्रे मोहोरियातर्फ भागाभाग हुँदा तित्रे मोहोरियामा समेत विशाल ढुङ्गेस्तम्भ (नाघ्ने ढुङ्गा, दुवे भन्ने ठाउँमा) गाडेर आफ्ना पुर्खाको स्मरण गरी सतीघाटतर्फ हानिए । पदमबहादुर राईका अनुसार अरुण नदीको रेवाखोला घाट क्षेत्रमा (तित्रे मोहोरियामुनि) पुनः गोर्खालीसँग युद्ध भएको थियो । त्यसपछि कतिपय किरात भागेर चैनपुरतर्फ लागेका थिए । तितरबितर भई केही राईहरू बाध्यतावश अरुण नदी तरी आसामतर्फ लागेका थिए । धेरै राईहरू अरुण नदी उत्तर बालुवानी, बुम्लिङटार हुँदै बाला, सिसुवा, यामदाङ, ताम्कु तथा माङतेवातर्फ लागेका थिए । आजभोलि पनि उक्त क्षेत्रमा प्रशस्त लम्छुवा राईहरू रहेका छन् । दिङला, मनकामना, हतुवागढी र अन्य भागमा एकीकरण समयको आक्रमणबाट हारपछि यस क्षेत्रका हार स्वीकार नमान्ने किरातहरू भारततर्फ पलायन हुन बाध्य भएका थिए । हाङवंशी परम्परा अन्तर्गतका हतुवागढीका राजपरिवारका अटलसिंह राईका सन्ततिहरू तथा अन्य राईहरू विहारको भागलपुर जिल्लातर्फ पुगेका, केही आसाम लागेका, धनकुटाका आठपहरियाहरू नागाल्यान्ड पुगेर शासकसमेत भएका देखिन्छन् । डा. विष्णुसिंह राईले हतुवागढीका अन्तिम राजा अटलसिंह राईका सन्ततिहरू विहारको भागलपुर जिल्लामा रहेको तथा तत्कालीन विविध घटनाका बारेमा आफ्नो ग्रन्थमा विस्तृत रूपमा उल्लेख गरेको देखिन्छ ।

सेन राजाहरूको समयमा पनि राई मुखिया (मन्त्री) बाट स्वतन्त्र शासन चल्ने गरेका अभिलेख देखिन्छन् । उक्त समयमा क्षत्री, ब्राह्मण, दर्जी, विश्वकर्मा, चर्मकार, नेवार, बस्नेत, कार्की आदिले स्थानीय किराती भारदारलाई दाम, ठेकी वा कोसेली बुझाई खुसी बनाएर यस क्षेत्रमा बस्न पाउने व्यवस्था थियो । बसोबास र दैनिक व्यवहारहरू सरल र सहज थिए । तर नेपाल एकीकरणको समयमा विद्रोही किरातहरूले अन्यत्र भाग्नुपर्ने बाध्यता आएको थियो, तथापि एकीकरण अभियान स्वीकार गर्ने किरातजति यहीँ बसेका थिए र कतिपय राईहरूले त पृथ्वीनारायणलाई गोप्य सुराकी पनि दिएको अनुमान हुन्छ । नत्र

त्यति सजिलै दूधकोशीपूर्वका त्यति धेरै स्थानहरूमा एकीकरण सम्भव थिएन । पछि रणबहादुर शाहको पालामा 'अघि एकीकरण समयमा विद्रोह गरी भाग्नेलाई पनि आआफ्नो थातथलोमा आई बस्नु' भन्ने आदेश भएको थियो । धेरै किरातहरू फर्केर आई पुनः यहाँ बसोबास गरे । तर जसको मनले मानेन र भारतको सिक्किम, आसाम, विहारतर्फ प्रवेश गरेपछि घरजमको बन्दोबस्त राम्रो भयो, ती फर्केर आएनन् । बालागुरुका पूर्वजहरू पनि दिङ्ला आएपछि जामुनेमा भारदारी राईहरूलाई रिझाएर जिम्मावाल मातहतका जग्गाहरू कमाएर बसोवास गरेको पीडादायक वा दर्दनाक अवस्था देखिन्छ ।

योगी नरहरिनाथ (२०२२ : ३१०), डा. हर्क गुरुङ (२००७ : ३०२), मागमान जिमी लिङखा (२०६६ : ६८) डा. र मातृका तिम्सिना (२०६८ : ३४-३७), "अरुण नदीपूर्व सङ्खुवासभातर्फ पृथ्वीनारायण शाहको शासनकालमा १० किरातहरू थुलुङसिं, लोहोरुङ, मझिया, पावा मझिया, पाठक मझिया (पाङ्ठा), आङला मझिया, माल्टा मझिया, धुपु मझिया, हेलुवा मझिया आदि कब्जा गर्न वि. सं. १८३० श्रावणमा पत्र लेखेको देखिन्छ । अभिमानसिंह बस्नेतको नेतृत्वमा सरदार रामकृष्ण कुँवर सैन्य दस्तासहित माझकिरातमा प्रवेश गरेका थिए ।"

डा. तिम्सिनाका अनुसार तत्कालीन समयमा चैनपुरका राजा जैकर्ण रायको सेनासँग सतीघाट नजिकैको हालको मनकामनादेवी (राजप्रतिनिधिकी देवी) मन्दिर क्षेत्रमा सर्त गरी दुवैतर्फका निःशस्त्र सेना प्रमुख मात्र लडाउने, जसले पछार्छ उसैको पक्षको जीत हुने तर जनता र सेनाहरू नमार्ने सर्तमा युद्धको छलनीति पृथ्वीनारायणका पक्षधर सेनाहरूले गरे । सर्तबमोजिम रघु रानामगर र चैनपुरका सेनापति (काङसोरे) बीच विनाहतियार युद्ध चल्यो । केही घण्टाको पछार्ने लडाइँपछि सर्त उल्लङ्घन गरी काङसोरेले रघु रानामगरलाई छप्काइदिए । चैनपुरतर्फका सेनाहरू खुसियाली मनाउन थाले । रातको समयमा दिङ्लातर्फबाट अरुण नदी डुङ्गाबाट पार गरी मनकामना मन्दिरमुन्तिर नदीको बगरमा बालुवामुनि गोर्खालीले हतियारहरू लुकाएर राखेका थिए । केही मिनेटपछि नै गोर्खाली सेनाले बालुवाबाट हतियार निकाली विनाहतियारका काङसोरेहरू र अन्य सैन्य दस्तालाई धमाधम छप्काइदिए । वि. सं. १८३१ वैशाख २५ कै दिन सभा नदीसम्म गोर्खाली सेनाले सिमाना विस्तार गरे ।"

लिङखा (२०६६ : ६८), "त्यसपछि चानुवाका काङसोरे (याख्खा योद्धा), तुमोक भूवराम काङसोरे (खराङ), धनकुटा सिबुवा काङसोरे, वालेङ काङसोरे विजय गरी याख्खा भूमि (माझकिरात) कब्जा गोरखा राज्यले गरेको देखिन्छ ।"

यसरी अरुण उपत्यकामा किरात सभ्यता ओरालो लागेको देखिन्छ । लिच्छवि राजा मानदेवको पालामा माझकिरात शासनको अन्त्य गराए पनि त्यसपछिका राजाहरूको शासनकालमा पनि दूधकोशी पूर्वकिरात शासन पुनः

साँघुरिएको भए पनि वर्चश्व थियो, तथापि वि. सं. १८३१-३२ मा पृथ्वीनारायण शाहले नयाँ नेपालमा विलीन गराएसँगै किरात शासनको अन्त्य भयो र किरात सभ्यतामा लगभग पूर्णविराम लाग्न पुग्यो ।

एकीकरण समयअघि लिम्बूवान र खम्बूवानका किरात शासनकालमा शैक्षिक अवस्था कस्तो थियो ? आर्थिक अवस्था कस्तो थियो ? शैक्षिक केन्द्र र सभ्यताका केन्द्रहरू कहाँ-कहाँ थिए ? भन्न सकिने स्पस्ट अवस्था देखिँदैन । चौथो शताब्दीतिरको लिम्बूवान अभिलेखसम्म फेला परेको देखिए तापनि १७ औँ शताब्दीपछिको मात्र इतिहास खोतल्न सजिलो छ । तर पनि किरात धर्म, चलन, व्यवहार, लगाउने लुगा, गरगहना, ठाउँका नाम, नदी वा खोलाका नाम आदिमाथि अध्ययन-अनुसन्धान गर्ने हो भने इतिहास खोतल्न किरात मित्रहरूले सक्नुहुनेछ, तर समय ४-५ वर्षजति लाग्न सक्दछ ।

माझकिरात (लिखुखोला पूर्वदेखि अरुण उत्तरसम्म) शासन अन्त्यको ठीक १०० वर्षपछि वि. सं. १९३२ चैत्र महिनामै बालागुरु षडानन्दले दिङ्ला पाठशाला खोली शैक्षिक, आर्थिक, सामाजिक, सांस्कृतिक, आध्यात्मिक, राजनीतिक आदि जागरण तथा पुनर्जागरण सुरुवात गरेपछि अरुण उपत्यकाको आधुनिक कालको सभ्यता सुरु गर्नुभएको समय मान्न सकिन्छ। यसका साथै आधुनिक विकासका पूर्वाधारहरू शिक्षा, स्वास्थ्य, सडक यातायात, खानेपानी र सूचना तथा सञ्चारमा जागरण वा विकास भयो । विकासका पूर्वसर्तहरू साक्षरता, जनसहभागिता, उद्यमशीलता, शान्ति र सुरक्षाको समेत पुनर्जागरण सुरुवात भयो । तसर्थ बालागुरु षडानन्दलाई आधुनिक अरुण उपत्यका सभ्यताका अग्रज अभियन्ताका रूपमा जनस्तर र राष्ट्रले सम्मान गर्नुपर्दछ । बालागुरु अरुण उपत्यकाका प्रमुख विभूति हुनुहुन्छ । उहाँलाई राष्ट्रिय विभूतिको औपचारिक मान्यता प्रदान गर्न विलम्ब गरिनु हुँदैन ।

## प्रा. डा. नरेन्द्र चापागाईंको अरुण सभ्यता सम्बन्धी दृष्टिकोण :

दिङ्ला जन्मभूमि भई षडानन्द पाठशालाका शिष्य, नेपाली शब्दकोशका सङ्कलक तथा सम्पादनकर्ता एवम् साहित्यकार प्रा. डा. नरेन्द्र चापागाईंले वि. सं. २०५३ को मधुपर्क, वर्ष २८, अङ्क १२ मा आधुनिक अरुण उपत्यकाको सामाजिक, सांस्कृतिक, आर्थिक लगायतका पक्षहरूको विकासकर्ता वा पुनर्जागरणका अभियानकर्ताका रूपमा बालागुरु षडानन्दलाई विश्लेषण तथा श्रद्धेय सम्मान गरेको देखिन्छ। उनको विश्लेषण अनुसार पूर्वी नेपालको कोशी सभ्यतामा ३ वटा सभ्यताहरू अरुण उपत्यकाको सभ्यता, तमोर नदी सभ्यता र कोशी चतरा सभ्यतालाई मान्न सकिन्छ । यी सभ्यताहरू गङ्गानदीको सभ्यताजस्तै पवित्र छन् । आधुनिक कालमा यी ३ सभ्यतामध्ये सामाजिक,

सांस्कृतिक, शैक्षिक, आर्थिक, आधुनिक विकास निर्माण, राजनीतिक आदि पक्षको जागरण वा पुनर्जागरण केन्द्र मूलतः दिङ्ला नै मान्नुपर्दछ । तसर्थ बालागुरु षडानन्द अरुण उपत्यकाको आधुनिक सभ्यताका धरोहर वा एक अग्रज अभियानकर्ताका रूपमा देखिनुहुन्छ ।

प्रा. डा. चापागाईं (२०५१, मधुपर्क नं. १२, पृष्ठ २७) का अनुसार दिङ्लाको सिमाना स्पष्ट नभए तापनि उत्तरतिर श्याम खोला र चिर्खुवा खोला उत्तरसम्म, दक्षिणतिर खकुवा खोला, पश्चिमतिर खकुवा खोला र उत्तरतिर निगुरे खोला लिन सकिन्छ । श्याम खोलाको उत्तरतिर सानोदिङ्ला र दक्षिणतिर फालिदिङ्ला छ । दुवैको सङ्गम महादिङ्ला हो । दिङ्ला थुममा मुख्यतः मूलपानी, केउरेनीपानी, तुङ्गेछा, खार्ताम्छा र किमालुङ पर्दछन् । तर समयको अनुसार हालको षडानन्द नगरपालिका र सेरोफेरोका साल्पासिलिचो गाउँपालिका पनि महादिङ्ला वा व्यापक दिङ्ला अवधारणाका रूपमा समेटिनुपर्दछ भन्ने यस लेखकको मत रहेको छ । घर कहाँ ? भन्दा दोभाने वा सालेवा वा चौकीडाँडा वा कुलुङ भनिदैन, बरू सजिलै दिङ्ला भनिन्छ । अनि दिङ्ला कहाँ ? भन्दा कुलुङ भनिन्छ आदि । दिङ्ला अरुण उपत्यका अन्तर्गत रहेको देखिन्छ ।

“अरुण उपत्यकाभित्र तुम्लिङटार, बुम्लिङटार, सातटार, जरायोटार, बट्टार, मथेटार, सतीटार, हेदाङ्ना, चेपुवा, चन्दनपुर, खाँदबारी, धनकुटा, चानुवा, चैनपुर, टक्सार, दिङ्ला, कुलुङ, मझुवाबेंसी, बडहरेबेंसी, कुमालटार, काम्लेटार, दोभानेसम्मको भूभाग र विशेषतः भोजपुर र सङ्खुवासभाको पूरै क्षेत्र र धनकुटाका उत्तरी क्षेत्र पर्दछन् । दिङ्लाको शैक्षिक, सामाजिक, धार्मिक र सांस्कृतिक जागरण अरुण उपत्यकामा मात्र नभएर अप्रत्यक्ष रूपमा देश-विदेशसम्म पुगेको थियो” भन्ने प्रा. डा. चापागाईंको विश्लेषण छ ।

माथि उल्लिखित प्रा. डा. चापागाईंको लेखसहित थप विश्लेषण गर्दा कोशी चतराको सभ्यतामा कौशिक ऋषिको (विश्वामित्र ऋषि) तपोभूमिबाट कोशी नदी नामकरण भएको देखिन्छ, जहाँ अत्रि, आत्रेय, आर्य, वशिष्ठ, विश्वामित्र आदि ऋषिहरूको प्राचीनकालीन तपोभूमि हो । सत्ययुगमा रहेको एक मात्र वेद ऋग्वेदका ऋचा (मन्त्र) हरूको उपासनाको भूमि पनि हो चतरा वा वराहक्षेत्र । उक्त उपासनाका कारण ऋग्वेदको उत्पत्ति भएको थियो । उक्त विद्या वेदव्यासलाई ब्रह्माबाट हस्तान्तरण भई गणेश भगवान्ले लेखन गरेको पनि मानिन्छ । यो प्राचीन हरिद्वार क्षेत्रको नाममा प्रसिद्ध छ, जहाँ भगवान् राम, सीता र लक्ष्मण वनवासका क्रममा आएको देखिन्छ । सुनसरीको रामधुनी भन्ने ठाउँ रामकी दिदी शान्तिको गृहक्षेत्र पनि देखिन्छ । कौशिक क्षेत्र प्राचीन उत्तरगङ्गा नदीको पवित्र भूमिसमेत मानिन्छ । यसलाई उदार र फराकिलो दृष्टिकोणमा सप्तकोशी सभ्यता वा कौशिकी सभ्यता भन्नुपर्ने यस लेखकको मत छ ।

यस प्राचीन हरिद्वार क्षेत्रको धरान विजयपुर भागलाई शिवपुराण अनुसार रुद्राक्ष आरण्य क्षेत्र भएको अनुमान गरिन्छ। रुद्राक्षारण्य माहात्म्यमा भीमसेनलाई विजयपुरका रक्षक मानिएको छ । सेउती खोलालाई शिवगङ्गा मानिएको छ । शिवपुराणले काठमाडौँदेखि पूर्व पिण्डेश्वरसम्म रुद्राक्षारण्यमा नै रुद्राक्ष उत्पत्ति क्षेत्र मानेको छ । मानसखण्डमा उल्लेख भए अनुसार तथा पौराणिक कथा अनुसार दानव तारकासुरका ३ छोराहरू हिरण्याक्ष, कमलाक्ष र विद्युन्मालीले (विद्युत् आविष्कारक) अन्तरिक्षमा त्रिपुरनगर अर्थात् सुन, फलाम र चाँदीबाट बनेका ३ छुट्टाछुट्टै सहर आविष्कार गरेका थिए, जो विद्युत् वा सौर्यऊर्जाबाट सञ्चालित हुन्थे भने १० हजार वर्षमा एकपटक भेट हुन्थे । त्यो सञ्चालनको केन्द्रविन्दु अनुमानित पूर्वाञ्चल क्षेत्रसमेत हो भन्ने श्लोक र कथाबाट अनुमान गर्न सकिन्छ । आधुनिक चतरा र वराहक्षेत्रको सभ्यता विकासक्रम र सन्त शैक्षिक परम्परामा भने बालागुरुको समकक्षी तथा सहधर्मी औलिया बाबा र वनस्खण्डी बाबाको भूमि पनि अग्रज रहेको देखिन्छ। औलिया बाबालाई हिन्दूले औलो निको पार्ने बाबा तथा इस्लामले अल्लाहका रूपमा सम्मान गर्दछन् ।

प्राचीन हरिद्वार संस्कृति भारतको गङ्गा नदी किनारका वाराणसी, बद्रीनाथ र असीघाटको संस्कृतिभन्दा अग्रज, पुरानो र १० औँ गुणा पवित्र संस्कृति मानिन्छ। यो आसाम मणिपुरको राजदरबार तथा ब्रह्मपुत्र नदीको संस्कृतिभन्दा पुरानो छ, जुन प्राचीन नेपालको भूभागसमेत थियो । वाल्मीकि रामायणमा (१।९८ यु. ६।१०६) छ, “दशवर्षसहश्राणि दशवर्षशतानि च, रामोराज्यमुपाषित्वा ब्रह्मलोकं प्रणस्यति ।” वाल्मीकि रामायण १० लाख वर्षभन्दा पुरानो देखिन्छ। मणिपुर तथा कामाख्याको प्रसङ्ग द्वापरयुगमा महाभारतकालीन समयमा अर्जुनको प्रेम मणिपुरकी राजकुमारीसँग भएको कथा भेटिन्छ । नेपालबाटै गएका असुर नरकासुरले कामाख्या मन्दिर निर्माण गरेको प्रसङ्ग जोडिन्छ । नेपालको कोशी चतरा अर्थात् प्राचीन हरिद्वार सभ्यताको उपज धान लगाउने किसानी युगको सुरुवातको क्षेत्र पनि रहेको प्रमाण भेटिन्छ । तर कोही वैज्ञानिकहरू धानको उत्पत्ति ४१०० वर्षअघि भएको दावी गर्दछन् । त्यसै गरी सर्वप्रथम इजिप्टमा इ. पू. ३४०० वर्षअघि धान खेती सुरुवात भनी हामी नेपाली इतिहास पढ्छौँ । तर महाभारतकालीन ५,००० वर्षअघि मोरङ्को धनपाल थान, धनसार, हरैंचा बजार, किचकगढ आदिको इतिहास खोतल्न सकेका छैनौँ । आज पनि धनपाल, धनसार, किच्चकगढ आदिका भग्नावशेषहरू र वस्तुस्थिति आँखाले नै अवलोकन गर्न सकिन्छ। कौशिकी सभ्यता विश्लेषण गर्दा इजिप्टभन्दा पुरानो ठाउँ र नाम यी हुन् भनी बुझ्न सकेका छैनौँ । त्रेतायुगको जनकपुर (मिथिला क्षेत्र) र सत्ययुगदेखि निरन्तर नेपाल उपत्यकाका नेवारहरूमा चलिरहेको संस्कृतिको नेपालीहरू विश्लेषण गर्न सक्दैनौँ। विदेशीले जे लेखिदियो त्यही पढ्ने नेपालीको

बानीप्रति दया लाग्छ । जस्तै : धानका बारेमा अध्ययन गरौँ त, तुलना विवादास्पद छ : "The current scientific consensus, based on archaeological and linguistic evidence, is that Oryza sativa rice was first domesticated in the Yangtze River basin in China 13,500 to 8,200 years ago. Cultivation, migration and trade spread rice around the world—first to much of east Asia, and then further abroad. Local varieties of Oryza sativa have resulted in over 40,000 cultivars of various types. More recent changes in agricultural practices and breeding methods as part of the Green Revolution" (Wikipedia)

विष्णुपुराणमा श्राद्ध, स्नान, जप, तप लगायत मानवका सबै कर्म गर्न कौशिकी नदीलाई अति उत्तम मानिएको छ । वराहपुराणमा कोकाहा नदीमा श्राद्ध गरे सबै पितृहरूलाई कोकाहाले स्वर्ग पठाउन सहयोग गर्छिन् भन्ने महिमा छ । हिमवत्खण्डमा सप्तकोशीको कुनै नदी अरुण, तमोर, दूधकोशी, लिखु आदिमा स्नान गरे मात्र अश्वमेध यज्ञ गरे बराबरको फल मिल्ने चर्चा छ । यसैको तीरमा आदिनाथ शिवलिङ्ग रहने (कुशेश्वर, दुम्जा, जहाँ ने मुनिले तपस्या गरी उपत्यकामा मानवबस्ती बस्न योग्य बनाए) र दर्शन गरे मुक्ति मिल्ने उल्लेख छ । 'वराहपुराणमा सुनका कणहरू पाइने नदी स्वर्णसरिता र सुरको (देवताको) प्रार्थनाले उत्पन्न सरितालाई (नदी) सुवर्णसरिता भनिएको छ । आज यसैलाई सुनसरी खोला भन्दछौँ, जसबाट सुनसरी जिल्ला नामकरण भएको छ' भनी कृष्णविनोद लम्सालले उल्लेख गरेको देखिन्छ ।

घटराज भट्टराई (२०७१), "विष्णुपुराणको त्रियुगा माहात्म्यमा हिमालय र मेनकाबाट जन्मेको मैनाक पर्वत । मैनाककी छोरी त्रियुगा नदी । त्रियुगा र कमला (नदी) सीताका सँगिनी हुन् र मिथिला हुँदै अघि बढ्छन् । त्रियुगामा ३ युगमै त्रेतायुग, द्वापरयुग वा कलियुगमा स्नान, दर्शन र स्पर्श गरे मात्र मुक्ति मिल्ने भएकाले त्रियुगा मानिन्छ । ३ युगकै मुक्तिदाता नदी भएकाले पुत्रप्राप्ति, धनप्राप्ति र मोक्षप्राप्ति हुन्छ भन्ने माहात्म्य छ । त्रियुगा र कौशिकी सङ्गममा मकरसङ्क्रान्ति स्नान गर्दा पुनर्जन्म हुँदैन, मुक्त बनिन्छ । चतरामा माघ महिनामा १ दिन मात्र स्नान गरे पनि करोडौँ पाप नष्ट हुन्छ भनिएको छ ।" बालसन्त मोहनशरणले उल्लिखित महिमाको रहस्योघाटन गरेको देखिन्छ ।

भट्टराई (२०७१) का अनुसार "वराहपुराणले प्राचीन गङ्गा सप्तकोशीलाई मानेको छ । कोशी उत्पत्ति ज्येष्ठ शुक्ल तृतीयामा भएको देखिन्छ । त्यसपछि दसहरामा (दसैँको समयमा) मात्र गङ्गाको उत्पत्ति भएको उल्लेख छ । कलियुगमा सहरीकरण, प्रदूषण र ढलले गङ्गा स्वर्ग जानेछिन् । हिमालय र पहाडी क्षेत्रको गङ्गाले मात्र गङ्गाको भूमिका खेल्ने प्रसङ्ग छ । तसर्थ कलियुगमा गङ्गा नदीभन्दा सप्तकोशी कैयौँ गुणा बढी पवित्र मानिन्छ ।"

दत्तं हुतं च कौशिक्यां जप्तं समर्पितं तथा
उपवासं च धर्मं च तत्सर्वमक्षयं स्मृतम् ।

स्कन्दपुराण लोकोक्तिमा पनि वराहपुराणमा जस्तै कुमारबाट अगस्त्य मुनिलाई सप्तकोशीका कुनै शाखामा जप, तप, हवन, उपवास जे गरे पनि अक्षय वा अजर-अमर हुने उल्लेख छ। तसर्थ सप्तकोशी सभ्यता प्राचीनकालमा सुसंस्कृत, सभ्य र उच्चकोटिको थियो भन्ने प्रमाणहरू देखिन्छन् ।

प्रा. डा. चापागाईंले तमोरनदीको सभ्यता भनेर पनि उल्लेख गरेको भेटिन्छ । सायद: विशेषत मूलघाट, धनकुटा बजार, भेडेटार, वसन्तपुरको सेरोफेरोदेखि तेह्रथुम तथा ताप्लेजुङसम्मको क्षेत्रलाई हो कि भनी विश्लेषण गर्न सकिन्छ । मूलघाट सभ्यता तथा लिम्बूवान सभ्यतालाई समग्र तमोर नदी सभ्यताभित्र लिएको विश्लेषण गर्न सकिन्छ। तर तमोर नदी सभ्यताभन्दा अरुण उपत्यका सभ्यता (दिङ्ला, खाँदबारी र तुम्लिङटार सेरोफेरो) शिक्षा, स्वास्थ्य, धर्मकर्म, सामाजिक रहनसहन, संस्कृति आदि हरेक पक्ष अगाडि रहेको देखिन्छ। तर यी दुवै सभ्यता सप्तकोशी वा कौशिकी सभ्यता अन्तर्गत रहेको देखिन्छ।

कृष्णविनोद लम्साल (२०७६), "स्कन्दपुराण हिमवत्खण्ड अनुसार रामचन्द्रले अयोध्या छोडेका १२ वर्षमा हिमालयतिरको पूर्वतर्फको नैमिषारण्यमा पुगेर पितृहरूसँग आशीर्वाद लिन गएका थिए। रामले यज्ञ गरी ब्राह्मण भोजन आयोजना गर्दा मठाधीश कुम्भोदरले (कुम्भको जस्तो उदर वा पेट भएका, अगस्त्य ऋषि) भोजन ग्रहण गरेनन् । कारण बुझ्दा तिमी ब्राह्मणका प्रपौत्रले रावणको वध गर्‍यौ । तिमी पापी र पातकी रहेका छौँ । तिमीले यज्ञ गरी पापमुक्त भएपछि तिम्रो हातबाट भोजन गरौँला । पापमुक्तिका लागि सप्तकोशीको त्रियुगामा सप्तऋषिहरू अनुष्ठान गरिरहेका छन् । त्यहाँ गएर अनुष्ठानमा सहभागी बन अनि कोकाहा र कौशिकी सङ्गममा १०,००० गाई दान गरेपछि पापमुक्त हुन्छौ भने अनुसार रामले सहभागी बनेर गाईहरू दान पनि गरेको देखिन्छ । रामचन्द्रले रामपुरमा कुलगुरु विश्वामित्र (वशिष्ठ पनि कुलगुरु) आश्रममा गुरुलाई भेटेर साधना गरेको र सरसल्लाह लिएको देखिन्छ। अहिलेको औलिया मठ रहेको स्थान मा विश्वामित्र आश्रम थियो । बिदा हुने बेलामा शान्ति दिदीको घर छ भेट्न जाऊ भनी सम्झाइ र देखाइदिए । राम, सीता, लक्ष्मण दिदीभिनाजुलाई भेट्न विभाण्डक ऋषि आश्रम पुगेको देखिन्छ। विभाण्डक मुनि अखण्ड ब्रह्मचारी, त्रिकालदर्शी, तपस्वी र ऊर्ध्वरेत अर्थात् योगबलले तालुमा वीर्य राखेर तपस्या गर्न सक्दथे। विभाण्डक सिद्धहस्त तपस्वी भएकाले स्वर्गको राजसी सुखभोगको आयु सकिएका इन्द्रहरू आफ्नो आयुको म्याद थप्न उनको आश्रम हालको रामधुनी आइपुग्थे । साथमा देवता, यक्ष, किन्नर र अप्सराहरूसहित लिएर आउँथे। एकपटक विभाण्डकले तलाउमा स्नान

तपस्या गर्दा एक आयु सकिएको इन्द्रले अप्सरा पठाई तपस्या भङ्ग गराउन खोज्दा उनको वीर्य छोडियो । तलाउको पानी पिउँदा छोडेको वीर्यबाट हरिणीले गर्भ बोकेर हरिणको जस्तो सिङ भएका बालक ऋष्यशृङ्ग जन्मिए । पछि ध्यान गर्दा आफ्नो पुत्र भएको थाहा पाए । ऋष्यशृङ्ग चतुर्वेद, सम्पूर्ण पुराण, उपनिषद र षड्दर्शनका ज्ञाता भएर निस्किए । विभाण्डक पुत्र ऋष्यशृङ्गसँग शान्तिको विवाह भएको थियो । त्यहाँ केही समय रामले धुनी जगाएर बसेका थिए । सप्तकोशीपारि रामले तपस्या गरेको रामपुर तथा सप्तकोशी वारिपारि गर्ने वेश्याघाट (हाल बेसारेघाट) आदि बारेमा श्रीमद्भागवतको नवम् स्कन्धको २३ औँ अध्यायको श्लोक ७, ८ र ९ मा छ : सुतोधर्मरथो ...' । उदासी मतका सन्तहरू अनुसूयाले रामधुनीलाई भूसमाधि लिएको स्थान मान्दछन् । वि. सं. १७६० मा भारतबाट वनस्खण्डी बाबा आई रामधुनीको ज्वाला पत्ता लगाई रामधुनीको उत्खनन गरेको देखिन्छ । रामधुनीको आगो पनि पिण्डेश्वरको दीप, मुक्तिनाथको ज्वाला र लुम्बिनीको शान्तिज्वाला जस्तै अविच्छिन्न बलिरहन्छ ।

यस क्षेत्रमा सिद्धपुरुष औलिया बाबाले औलो निको पार्ने जनविश्वास आजसम्म पनि छ । बाघाम्बर बाबा बाघमाथि हिँड्दथे । वनस्खण्डी बाबा सखुवाको बोटमा चिन्टाले हानेर आँप फलाउथे भन्ने अलौकिक भनाइ छन् । आज पनि रामधुनीमा तल सखुवाको फेद छ र माथि आँपको रूख छ, जहाँ आँप पनि फल्दछ । बालागुरु पनि रुमाल ओछ्याएर अरुण नदी तर्दथे । उनी पनि सिद्धपुरुष थिए । शिक्षा पनि प्रचार गरेका थिए ।

प्राचीनकालीन चतरा-वराह क्षेत्र सभ्यता उच्च रहे पनि महाभारतकालीन युद्धको प्रभावसँगै विलीन हुन पुगेको अनुमान गर्न सक्दछौँ । तसर्थ आधुनिक ३ सभ्यताहरूमा अरुण उपत्यकाको आधुनिक सभ्यता बालागुरुको योगदानका कारण अग्रज, सभ्य र विकसित देखिन्छ । तर त्यो सभ्यता मुख्यतः दिङ्लाबाटै विलीनतातर्फ आजभोलि ओरालो लाग्न थालेको छ ।

नेपालबाट भारततर्फ बगेर गएका नदीहरू भारत पुगेपछि पवित्र हुन्छन् भन्ने गलत भ्रम र दक्षिणमुखी मानसिकताका कारण नेपालका नदीहरूको महत्त्व घटेको विश्लेषण गर्न सकेका छैनौँ । जस्तै अरुण नदी पहाडी भूभागमा जति पवित्र र कञ्चन छ त्यो नेपालको तराईमा छैन । अनि भारतीय भूमिमा गङ्गा नदी सहरीकरणका मिसावटका कारण पनि शास्त्र अनुसार र व्यावहारिक रूपमा पनि पवित्रता घटेको देखिन्छ । अरुण उपत्यकाको पवित्र र उत्कृष्ट भूमि विश्लेषण गर्दा बालागुरुको जन्म र कर्मभूमि दिङ्ला, साल्पाली राजारानीको दरबार, साल्पापोखरी (मुन्धुम उत्पत्ति स्थान), सभापोखरी (ब्रह्मपुराणको १२० अध्यायमा देवसभाको वर्णन छ । त्यहाँ उल्लेख भएअनुसार पितृगणहरू, देवताहरू र मानिसको संयुक्त सभा बस्ने पवित्र स्थल हो सभापोखरी, पुराणमा

वर्णित स्प्रियातीर्थ पनि हो सभापोखरी) योगमाया न्यौपानेको तपोभूमि, मनकामना (राजकीय देवी), चौकीडाँडाको गोपिनीचौर (गोपिनी वा स्वर्गका अप्सराहरू खेल्ने ठाउँ तथा क्रीडास्थल भन्ने किंवदन्ती रहेको), ख्याम्पालुङ र हतुवागढी देखिन्छन् । भोजपुर बजारको सिद्धकालीलाई प्राचीन कालमा सिद्धकालीदेवी प्रकट भएको जनश्रुति छ, तर यो गुफा र देवी वि. सं. १९९८ मा पत्ता लागेको थियो । गुफाबाट टक्सारसम्म ओडार भित्रभित्रै पुग्न सकिने भनाइ रहेको छ । चैनपुरका सिद्धकाली (सतीदेवीको आँखा पतन भएको ठाउँ, प्र. म. माथवरसिंह थापाका पालामा मन्दिर निर्माण), सिद्धगुफा, अरुण-सभा त्रिवेणीधाम, सतीघाट (उत्तरगया), छिनामुखुको सन्त दिलदासको भूमि, रामानन्द सरस्वती आश्रम (मनकामना), छिन्ताङदेवी (कुमारीदेवी, तर त्यहाँ कुमालकी देवी तथा किरातको पनि देवीथान थियो), पवित्र यायोख्खा भूमि, सिद्धपोखरी (सिद्धबाबा, योगी र तपस्वीहरूको भूमि), बालागुरुले स्नान गर्ने सालधारा (साल्पापोखरीबाट पश्चिम, अमृतधारा बहन भएको क्षेत्र), दूधपोखरी (सोलु क्षीरसागर, क्षीरको अर्थ दूध, समुद्रमन्थन क्षेत्र) सभानदी त्रिवेणीधाम (स्प्रियातीर्थ फेदी), पखुवा देवीथान, बराहपोखरी, मत्स्यपोखरी, सुमेरु पर्वत तथा मन्दराचल पर्वत (सगरमाथा), सुवर्णकुम्भ (कुम्भकर्ण हिमशृङ्खला), धन्वन्तरि उत्पन्न हुनुभएको, विष्णुले कश्यप अवतारमा कछुवा बनेर मन्दराचल पर्वत डुब्न नदिन पीठ थाप्नुभएको क्षेत्र, महालङ्गुर हिमशृङ्खला (हनुमान वा ठूलो ढेडु पौराणिक पात्र) आदि रहेका पवित्र स्थान पनि सेरोफेरोमा रहेका स्थलहरू देखिन्छन् ।

प्रसङ्गवश साल्पापोखरी भोजपुर जिल्लाको दोभाने गा. वि. स. हाल साल्पा सिलिचो गाउँपालिकामा हिमाली भेगमा रहेको छ । भोजपुर, सङ्खुवासभा, खोटाङ तथा सोलुखुम्बुको ४ जिल्ला सिमानाको क्षेत्र पनि हो । मुन्धुममा उल्लेख भए अनुसार राई मुन्धुम (किरात वेदको) उत्पत्ति स्थल भएको पवित्र भूमि मानिन्छ । मुन्धुमले सृष्टि उत्पत्तिको केन्द्र साल्पापोखरी र सिलिचोलाई मान्छ । किरात सभ्यताको सुरुवात यहींबाट भएको मानिन्छ । सोलु (तल्लो किँरात) र खम्बु (माथिल्लो किरात वा खम्बूवान क्षेत्र) यसैको सेरोफेरोमा देखिन्छ । यस ठाउँमा किरातहरूले जीवनमा अनिवार्य पुग्नुपर्ने मान्यता छ, जहाँ साल्पाली राजा र रानी (पहिलो किरात मानव तथा राजा र रानी) को दरबारसमेत रहेको विश्वास छ । वर्षमा ३ पटक ३ पूर्णिमामा मेला लाग्दछ : ऋषितर्पणी पूर्णिमा, मङ्सिर पूर्णिमा र वैशाखे पूर्णिमा । खोटाङदेखि भोजपुरको ट्याम्के हुँदै मुन्धुम पदमार्गबाट ३ दिनमा पुग्न सकिन्छ । मुन्धुम अनुसार पारोहाङ (शिव) र सुम्निमाको (पार्वती) प्रिय स्थान हो साल्पापोखरी । हिन्दूले कैलाशपर्वत पवित्र मानेसरह किरातले साल्पापोखरी र यसैको आसपास क्षेत्रमा पारुहाङ र सुम्निमा विचरण गर्नुहुन्छ र सृष्टि चलाउनुहुन्छ भन्ने जनविश्वास छ ।

**आधुनिक अरुण उपत्यकाको जागरण र पुनर्जागरणका पक्षहरू :**
**शैक्षिक पुनर्जागरण :**

षडानन्द पाठशालाको स्थापनासँगै शैक्षिक चेतनाको विकास भएको दिङ्ला राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय विद्याको केन्द्र बनेको थियो । निःशुल्क शिक्षा प्रदान भएको एवम् सबै जात, धर्म, लिङ्गका लागि पनि खुला र उदारवादी गुरुकुल पाठशालाका रूपमा विकसित भएको हुनाले ब्राह्मण-क्षत्रीबाहेक अन्य किरात र दलित समुदायमा समेत शिक्षाको चेतना सुरु भएको थियो (स्रोत : घटराज भट्टराई तथा अन्य ग्रन्थहरू) ।

गुरुकुल पाठशालामा वेद र वेदाङ्गबाहेक ज्योतिष, आयुर्वेद, व्याकरण, इतिहास, भूगोल लगायत व्यावसायिक र व्यावहारिक शिक्षातर्फ पनि आकर्षणका कारण शैक्षिक पुनर्जागरण सुरु भएको तथा जुनसुकै विषयहरू पढ्नसमेत विद्यालयले बन्देज नलगाएकाले आवश्यकता परे अङ्ग्रेजी, हिन्दी जस्ता भाषाका विषयहरू र अन्य विषयहरू पनि थप गर्न सकिने व्यवस्था १९६६ को धर्मपत्रिकामा रहेको देखिन्छ । काशीको शिक्षाजस्तै उत्कृष्ट शिक्षा मोडल रहेको तथा आफ्नै मौलिक मोडल S-S Model शिक्षा पद्धति आविष्कार गरेको, जसको ख्याति बनारस, काठमाडौँ, भुटान, बर्मा र भारतका विभिन्न ठाउँमा समेत पुगेको थियो । देशी र विदेशी विद्यार्थी अध्ययन गर्ने नेपालको प्रथम शैक्षिक केन्द्रका रूपमा विकसित भएको देखिन्छ । पाठ्यशैलीको महिमा सर्वत्र फैलिएको थियो । तत्कालीन समयमा 'विद्या हराए कि काशी जानु कि दिङ्ला जानु' भन्ने उखानले जागरणको मूल खानीका रूपमा रहेको प्रमाणित हुन्छ ।

यस पाठशालाबाट उत्पादित शिष्यहरू तथा पण्डितहरूले नेपालमा मात्र नभई विदेशमा समेत शिक्षालयहरू खोली शैक्षिक जागरण तथा पुनर्जागरण गराएका थिए । उनीहरूले उक्त क्षेत्रका अग्रज व्यक्तित्वका रूपमा देश-विदेशसम्म ख्याति कमाएको देखिन्छ । साथै शिक्षकको, पुजारीको, पण्डितको, राजनीतिकर्मीको, शैक्षिक केन्द्रका संस्थापकको, समाजसेवीको आदिको अभाव यस पाठशालाले पूरा गरेको थियो ।

डण्डपाणि चापागाईं (२०५२ : १०५, स्मृतिग्रन्थ) का अनुसार वि. सं. २०२२।६।५।३ मा भोजपुरका उत्तरी क्षेत्रका पञ्चायतका धेरै पञ्चहरूसहित अपार जनसमूहको उपस्थितिमा प्रधानपञ्च बखतबहादुर राईको सभापतित्वमा करतल ध्वनिका साथ पूर्व ४ नं. का बडाहाकिम युगनाथ शर्माद्वारा षडानन्द संस्कृत महाविद्यालय उद्घाटन भएको थियो । सञ्चालक समिति अध्यक्ष युगनाथ शर्मा, सचिव दण्डपाणि चापागाईं, २ सदस्य सावित्रीप्रसाद चापागाईं र तेजबहादुर बस्नेत थिए । पदेन सदस्यहरूमा का. मु. प्राचार्य हरिप्रसाद काफ्ले, प्र. पं. बखतजङ्ग राई (मूलपानी), प्र. पं. रमानाथ खतिवडा (तुङ्गेछा), प्र. पं. प्रेमनाथ

चापागाईं (केउरेनीपानी) तथा प्र. पं. मङ्गलसिंह लामा (किमालुङ) हुनुहुन्थ्यो । उत्तरमध्यमा र शास्त्रीका कक्षाहरू सञ्चालन भएका थिए । परीक्षा दिन पिण्डेश्वर महाविद्यालय धरान जानुपर्दथ्यो । तर केही वर्षपश्चात् ५ जना आचार्य प्राध्यापक हुनुपर्ने त्रि. वि. को नियमानुसार प्राध्यापकहरू उपलब्ध हुन नसकेको कारण र अन्य कारणबाट पूर्वमध्यमाभन्दा माथिका कक्षा सञ्चालन भएनन् ।"

बालागुरु अगाडिका शैक्षिक केन्द्रहरू विश्लेषण गर्न युगको आयु बुझ्नु जरुरी छ, जसबाट कुन युगमा कुन ऋषि थिए र कहाँ शैक्षिक केन्द्रहरू थिए भन्ने अनुमान लगाउन सकिन्छ । यी केन्द्रहरू प्राचीन कालका शैक्षिक केन्द्र, योगदर्शन केन्द्र, भौतिकवादी दर्शन केन्द्र, आयुर्वेदिक शिक्षा केन्द्र, धनुर्वेद शैक्षिक केन्द्र, अध्यात्म केन्द्र लगायत बहुमुखी शैक्षिक केन्द्रका रूपमा प्रयोग भएको देखिन्छ । पूर्वीय दर्शनमा गौतम, वशिष्ठ, विश्वामित्र, वेदव्यास र द्रोणाचार्यका गुरुकुलहरू निकै प्रसिद्ध देखिन्छन् । सत्ययुगमा सत्यवती, त्रेतायुगमा तपोवन, द्वापरयुगमा मुक्तिसोपान र कलियुगमा नेपाल नाम रहेको देखिन्छ । कृषियुगको अन्त्यतिर नालन्दा, विक्रमशीला, तक्षशिला जस्ता विश्वविद्यालयहरू देखिन्छन् ।

**नेपालका प्राचीन शैक्षिक केन्द्रहरू र केही पृष्ठभूमि :**

सद्गुरुका अनुसार (सद्गुरु युट्युबबाट) "आदियोगीहरूले करिब १५-२० हजार वर्षअघि नै मानव सभ्यता विकास गरिसकेका थिए । योग, ध्यान र तपस्याको सिद्धिले अन्तरात्माबाट ब्रह्माण्ड देखेर इतिहास लेखिसकेका थिए । Microscope र Telescope ले हेरेर होइन । चार्ल्स डार्विनको सिद्धान्तले (सन् १८७१) त ३५० वर्षजति अघिमात्र मानव विकासक्रमको इतिहास लेखेको छ । त्यो त खालि आँखाले देखेको इतिहास मात्र हो । प्राचीन इतिहास डार्विनले खोतल्न सकेका छैनन् ।

- शास्त्रीय मान्यताअनुसार ४ अर्ब ३२ करोड वर्षको समयलाई मनुष्य जातिका मूल पुरुष ब्रह्माजीका छोरा स्वयम्भुव मनु आदि १४ मनु छन्, प्रत्येकले बराबर वर्ष उपभोग गर्दछन् । अहिले सातौँ वैवश्वत मन्वन्तर एवम् श्वेतवाराहकल्प चलिरहेको छ । सृष्टिको सुरुदेखि नै कालको वर्ष गणना सुरु हुन्छ । यो वर्ष गणना भएको अहिले १ अर्ब ९५ करोड ५८ लाख ८५ हजार ११५ वर्ष भएको छ । – प्रा. डा. रामचन्द्र गौतम (२०७१ : आयुर्वेदको बृहत् इतिहासको लेखबाट)
- आद्यसृष्टिकर्ता स्वायम्भुवले प्रजा वा प्राणीको सृष्टिभन्दा पहिले १ हजार अध्याय र १० लाख श्लोकमा त्रिसूत्रात्मक आयुर्वेदको स्मरण गरेको हुनाले आयुर्वेदलाई अनादि, शाश्वत र विश्वकै प्राचीन जीवविज्ञान मानिन्छ । – प्रा. डा. श्याममणि अधिकारी (२०७१) ।

– यतिखेर सातौँ वैवश्वत मन्वन्तर चलिरहेको छ । सातौँ मन्वन्तरको लगभग ४० लाख मानववर्ष व्यतीत भएको छ । – प्रा. हरिशरण उपाध्याय (२०७१ : आयुर्वेदको वृहत् इतिहासको लेखबाट)
– डा. स्वामी प्रपन्नाचार्य (२०७१, आयुर्वेद वृहत् इतिहास), "अग्निमीडे सिद्धान्तअनुसार पृथ्वीको आयुमा सत्ययुग १७ लाख २८ हजार वर्ष, त्रेतायुगको आयु १२ लाख ९६ हजार वर्ष, द्वापरयुगको आयु ८ लाख ६४ हजार वर्ष र कलियुगको आयु ४ लाख ३२ हजार वर्ष गरी जम्मा ४ करोड ३२ लाख वर्ष हुन्छ ।" यसमा २०८० सम्म हिसाब गर्दा कलियुगको ५०५७ वर्ष बितेको देखिन्छ । आजका अनुसन्धानकर्ता भने बढीमा ३-४ हजार वर्षको सेरोफेरोमा देखिन्छन् । त्यसभन्दा अगाडिको इतिहासमा नेपाली र भारतीय ग्रन्थहरू नकेलाई पाश्चात्य साहित्यकारहरूले लगभग २०० वर्षअघि लेखिदिएको ग्रन्थमा होमा हो मिलाएर बसेजस्तो आभास हुन्छ । आफ्नो इतिहास खोतल्नु जरुरी देखिन्छ ।

**१. कण्व ऋषि आश्रम :** (२०७१, घटराज भट्टराई), कण्व त्रेतायुगका ऋषि हुनुहुन्थ्यो । कर्णाली तट (मालिनी नदी) वा सिँजा उपत्यकामा आश्रम रहेको थियो । कण्व आश्रमको कारण सिँजाको शिक्षा उच्च कोटिको देखिन्छ । यसै शैक्षिक केन्द्रको सेरोफेरामा शैक्षिक चेतनाको कारण खससभ्यता र त्यसपछि आर्यसभ्यता विकास भएको देखिन्छ । यसै ठाउँको आश्रममा बसेर कण्वले शुक्लयजुर्वेद रचना गरेको देखिन्छ । यस आश्रममा भरत र शकुन्तलाको जन्म भएको थियो । यस स्थानलाई किरातपुर पनि भनेको पाइन्छ । यो त्रेतायुगीन शैक्षिक केन्द्र भएकाले ७-८ हजार वर्षपूर्वदेखि १०-१२ लाख वर्षभन्दा अगाडिको शैक्षिक केन्द्र रहेको अनुमान गर्न सकिन्छ । कतै कण्वको आश्रम कर्णाली नदी तल्लो भेग गङ्गा नदी भन्ने पाइन्छ । डा. भगवान् उपाध्यायका अनुसार अयोध्याबाट ५० माइल उत्तर सरयू नदीमा मिल्ने जुम्ला कर्णालीलाई मालिनी वा हेमामालिनी भनिन्थ्यो, जहाँ कर्णाली नदी तटमा कण्व ऋषि आश्रम रहेको र उच्चस्तरको (विश्वविद्यालय स्तरको) वेदवेदाङ्ग पढाइ हुने र सरदर १००० भन्दा बढी विद्यार्थी रहेको उल्लेख भेटिन्छ । कालिदासले अभिज्ञान शाकुन्तलम् नाटकमा कण्व ऋषि आश्रमलाई आर्य जातिको उत्पत्ति र विकासस्थलका रूपमा लिएको देखिन्छ । यो आश्रम सिँजा उपत्यका आसपासमा रहेको देखिन्छ । महाभारतमा कण्व ऋषि आश्रमको प्राचीन शैक्षिक केन्द्रका रूपमा महत्त्वका साथ चर्चा गरिएको छ । तर हालको उत्तराखण्डको मालिनी नदी छेउको कण्व ऋषि वा मन्दिर परिसरमा आश्रम रहेको भारतीय ग्रन्थकारको मत देखिन्छ ।

**२. कौशिक ऋषि (विश्वामित्र) तथा वशिष्ठ ऋषि आश्रम :** सप्तकोशी नदीको तट चतरा क्षेत्र रामपुरमा पनि यो केही समय रहेको मानिन्छ तर धेरै

समय कोशी नदी कुशेश्वर क्षेत्र नजिकैको वशिष्ठ आश्रम मानिन्छ । उक्त स्थानमा वनवासको १२ वर्षपछि रावणको वधपछि रामचन्द्रले आएर ज्ञान लिएको र तपस्या साधना गरेको मानिन्छ । ७-८ हजार वर्षपूर्वदेखि १०-१२ लाख वर्षभन्दा अगाडिको गुरुकुल रहेको अनुमान गर्न सकिन्छ ।

**३. विभाण्डक ऋषि आश्रम :** पौराणिक कथा अनुसार रामधुनी (सुनसरी) मा रहेको थियो जहाँ विभाण्डक र स्वर्गकी अप्सरा उर्वशीपुत्र ऋष्यशृङ्गले चतुर्वेद, उपनिषद् आदिको ज्ञान लिएको उल्लेख छ । शान्तिको गृहक्षेत्रमा विभाण्डक ऋषिले तपस्या गरेको प्रसङ्ग छ । विभाण्डकले अङ्ग देशको सिमानामा तपस्या गरेका जहाँ राजा लोमपाद थिए भन्ने पनि उल्लेख छ । विभाण्डकले मिथिला दरबार दक्षिण मिथिला क्षेत्रमा पनि तपस्या गरेको तथा अन्य क्षेत्रहरूमा समेत तपस्या गरेको देखिन्छ । हालको रामधुनी क्षेत्र (सुनसरी) मा रहँदा विभाण्डक आश्रममा अन्य ऋषिहरू पनि ज्ञान लिन आउने र आयु सकिएका स्वर्गका राजाहरू पनि म्याद थप्न आउने गरेको पौराणिक प्रसङ्ग देखिन्छ । यो पनि ७-८ हजार वर्षपूर्वदेखि १०-१२ लाख वर्षभन्दा अगाडिको शैक्षिक केन्द्र रहेको अनुमान गर्न सकिन्छ ।

**४. मिथिला क्षेत्र (जनकपुर) :** ज्ञानकूप शिक्षा केन्द्र, याज्ञवल्क्य ऋषि आश्रम १ कोस पश्चिममा रहेको थियो । मिथिला दरबार क्षेत्र विश्वको पहिलो विश्वविद्यालय सरह मानिन्छ । जस्तै रावणको ज्ञानको वा शिक्षाको अन्तिम परीक्षा तथा certification तथा रामको शिक्षाको अन्तिम परीक्षा पनि मिथिला दरबारमा भएको देखिन्छ । सीताको शिक्षा प्राचार्य याज्ञवल्क्यको ज्ञानकूपमा भएको थियो । यस केन्द्रमा जनकपुरका किशोर-किशोरीहरू आध्यात्मिक ज्ञान र भौतिक ज्ञान लिन्थे । ऋषिहरू र शिष्यहरू पनि जनकसभा शास्त्रार्थमा भाग लिन्थे र विजय (परीक्षा उत्तीर्ण) प्राप्त गर्दथे । शिक्षाको निरीक्षण, मूल्याङ्कन र certification जनक आफैँले गर्दथे । समय-समयमा वृन्दावनका गुरु गर्ग तथा गार्गी, मैत्रेयी, दुर्वासा, द्रोणाचार्य, अष्टावक्र, गौतम, भरद्वाज आदि ऋषिहरू पनि बेलाबखत आउने गर्दथे । शास्त्रार्थ पासलाई अहिलेको डा. (Scientist) जस्तै ऋषि उपाधि अष्टकलशले स्नान गरी दिइन्थ्यो । अष्टकलशले स्नान गरी certification गरेपछि मात्र संसारभरको विद्वान् कहलाइन्थ्यो । यहाँ आयुर्वेद, धनुर्वेद, समाजशास्त्र, मानवशास्त्र, ज्योतिष आदि विषयको अध्यापन भएको देखिन्छ । शास्त्रार्थमा पास गर्न सक्ने ३ लोक स्वर्ग, पृथ्वी र पातालसम्म विजय गर्न सक्ने शिष्यहरू उत्पादन हुन्थे । जस्तै ३ पटकसम्म शास्त्रार्थ गर्दा अहङ्कारका कारणले अष्टकलश स्नान गरेर ऋषि वा विद्वान् नभनिदिएकाले ३ लोक विजय गर्ने विद्या भएको रावणले अन्त्यमा अपमान सहन नसकी (शिव धनु उचाल्न नसक्दा) धनुर्वेद विद्यामा फेल गराइदिएको देखिन्छ । अनि विश्वामित्रले राम

लिएर आएका तथा धनुर्विद्या ज्ञाता द्रोणाचार्य स्वयं उपस्थित भएको देखिन्छ। यसै अपमानको बदलास्वरूप सीताको हरण भएको देखिन्छ। यो त्रेतायुगीन विश्वविद्यालय सरह शैक्षिक केन्द्र भएकाले ७-८ हजार वर्षपूर्वदेखि १०-१२ लाख वर्षभन्दा पनि अगाडिको शैक्षिक केन्द्र रहेको अनुमान गर्न सकिन्छ। कतिपय पुराणहरूमा शुकदेव उवाच भनिएको छ। तसर्थ वेदव्यास पुत्र शुकदेवले पनि मिथिलाबाट शिक्षा लिएको देखिन्छ। विश्वका ३५०० वर्षअघितिरका सुकरात, प्लेटो, एरिस्टोटलभन्दा अगाडिका वा विश्वका प्रथम दार्शनिकहरू मिथिला विश्वविद्यालयका (विश्वविद्यालय शब्द प्रयोग थिएन) उत्पादनहरू देखिन्छन्। जनक आफैँ पनि दार्शनिक थिए। नालन्दा विश्वविद्यालय (विहार राज्यमा पर्ने बौद्धधर्म प्रशिक्षण केन्द्र), विक्रमशिला विश्वविद्यालय (विहार भागलपुरको बौद्ध अध्ययन केन्द्र), तक्षशिला विश्वविद्यालय (पाकिस्तान रावलपिन्डी जिल्लामा पर्ने हिन्दू र बौद्ध अध्ययन केन्द्र) आदि पुराना विश्वविद्यालयहरू त ५,००० वर्षको हाराहारीभन्दा पनि कम छन्। विश्वको प्रथम मानिएको अक्सफोर्ड विश्वविद्यालय सन् १०९६ को देखिन्छ। अन्य मिथिलाको तुलनामा केटाकेटी अवस्थाका थिए। अहिलेसम्म पनि मिथिला शैक्षिक केन्द्रको जस्तो संस्कृत भाषा वा अन्य भाषाका ३ लोक विजय गर्ने विद्वान् उत्पादन गर्न सकेको छैन र सक्ने पनि छैन भन्न सकिने अवस्था देखिन्छ।

**५. नेमुनि आश्रम :** कुशेश्वर दुम्जामा नेमुनिको आश्रम रहेको देखिन्छ। कुशिक ऋषिले कुनै समय तपस्या गरेको आदिनाथ शिवलिङ्ग भनिएकाले कुशेश्वर मानिन्छ। ने मुनिले शिष्यहरूलाई शिक्षा दिएको तथा शिष्य धर्माकरलाई राजा बनाएको पौराणिक प्रसङ्ग देखिन्छ। ने मुनिले आचारभ्रष्ट एक ब्राह्मणलाई उपदेश दिएको आदि कथाहरू हिमवत्खण्ड ८९ अध्याय तथा अन्य अध्यायमा चर्चा छन्। ने मुनिलाई कतै मरीचिका नाति र कतै मरीचिका छोरा लेखेको पनि भेटिन्छ। कलियुगमा 'नेपाल' नाम उनैबाट पालित भएको कारण रहेको हुनाले शिक्षा, सभ्यता र संस्कारले पालिन गर्ने करिब ५,००० वर्षभन्दा अघिको गुरुकुल रहेको अनुमान गर्न सकिन्छ।

**६. जैमिनि ऋषिको आश्रम :** बाग्लुङको जयाघाट तथा कालीगण्डकी तटमा यो शैक्षिक केन्द्र रहेको देखिन्छ। जैमिनिले कालीगण्डकी तटमा स्नान र तपस्या गरी कालीगण्डकीलाई खुसी बनाई भैरवथान नजिक पानीको अभाव पूरा गर्न धारा उत्पन्न गरेर कालीगण्डकीले वरदान दिएको उल्लेख भेटिन्छ।

**७. गलेश्वरधाम (म्याग्दी) :** गलेश्वर धामलाई पुलह, पुलस्त्य रावण, विभीषण, कुम्भकर्ण र कुवेरको तपस्या र ज्ञान लिएको शैक्षिक केन्द्र मानिन्छ। जडभरतले रहुगण राजालाई शिक्षा र उपदेश दिएको धाम पनि हो। श्रीकृष्णका दाजु बलराम आएर छोटो समय तपस्या गरेको तथा यात्रा गरेको धाम हो।

राजा रहुगणले शिक्षा लिएको र तपस्या गरेकाले यसलाई रहुगण तीर्थ पनि भनिन्छ । रहुगणको राजधानी राखु मानिन्छ । गलेश्वर महादेवलाई नेपालको दोस्रो पशुपतिनाथ मानिन्छ । जडभरतको जन्म पर्वत वा म्याग्दीतिर भएको र विशाल भरतखण्ड फैलिएर राज्य सञ्चालन गरेको पौराणिक कथन देखिन्छ । भरतको नामबाटै भरतखण्ड रहेको तथा भरतखण्ड राज्य रहेको देखिन्छ । जम्बुद्वीपे, भरतखण्डे, भारतवर्षे भनिन्छ । राजा भरत सरस्वतीका उपासक भएकाले भारतीको (सरस्वतीको) प्रार्थनाबाट भरतखण्ड बनाएको देखिन्छ । भारतवर्षको समग्र भूभागका राजा भरत र राजधानी गण्डकी क्षेत्र देखिन्छ । तसर्थ देवकोटाले शाकुन्तल काव्यमा मेरा भारत, महान् भारत भनी नेपाललाई भारत भनेको देखिन्छ । अहिलेको भारत सन् १९४७ मा जन्मिएको देखिन्छ ।

पुराणमा उल्लेख भएअनुसार राजर्षि भरतले मृगको शरीर त्यागेर यही जडभरत भएर जन्मिएका थिए । गालव ऋषिको तपस्थली भएकाले गलेश्वर महादेव भएको देखिन्छ । सिन्धु सौविर देशका (सिन्धुपाल्चोक देश) राजालाई पनि जडभरतले शिक्षा दिएको प्रसङ्ग भेटिन्छ । देवीभागवत अष्टम स्कन्धमा महायोगी कपिलमुनि (ऋषि) तपलीन भएको उल्लेख छ । वरदान गुफाबाट १५-२० मिनेट अन्तरमा पुलह ऋषिको पुलहाश्रम छ । पुलस्त्यका नाति रावणले शिक्षा लिएको शैक्षिक केन्द्र वा रावणको विश्वविद्यालय स्तरको उच्चज्ञानको आधारशिला थियो गलेश्वरधाम । रावण र कुम्भकर्ण इन्जिनियर, वैज्ञानिक, आयुर्वेदिक चिकित्सक, राजनीतिज्ञ र ब्रह्मज्ञानी वा विश्वज्ञानी थिए, जुन ज्ञानको कारणबाट स्वर्ग, मर्त्य र पाताल ३ लोकलाई नै मुठीमा कजाएर खाएका थिए । रावणलाई १० टाउके पनि भनिन्छ अर्थात् १० वेद (४ वेद, ४ उपवेद र अन्य शास्त्रको २ वेदबराबर ज्ञान) भएका विद्वान् थिए ।

**८. मुक्तिनाथ धाम क्षेत्र / दामोदर कुण्ड क्षेत्र :** ब्रह्माले तपस्या गरेको क्षेत्र । अत्रि, गण्डक आदि ऋषिको तपस्या भूमि । वृन्दाले तपस्या गरेको भूमि तथा विष्णुले बृन्दाबाट श्राप पाएर शालिग्राम बनेर उत्पत्ति भएको ज्वाला क्षेत्र (मुक्तिनाथको ज्वाला) रहेको छ । तल कागवेनीमा सप्तर्षिहरू बसोवास क्षेत्र र यज्ञादि गर्ने तथा शास्त्रार्थ गर्ने भएको हुनाले यो क्षेत्र प्राचीन शैक्षिक केन्द्रका रूपमा रहेको अनुमान लगाउन सकिन्छ । मुक्तिधारा, पातालगङ्गा र कालीगण्डकी त्रिवेणीमा काकभुसुण्डीले तपस्या गरेकाले कागवेनी भनिन्छ । यहाँ पितृश्राद्ध गरे सप्तर्षिले पितृ तारिदिन्छन् र उत्तममुक्ति मिल्छ भन्ने विश्वास छ ।

**९. याज्ञवल्क्य शिक्षा केन्द्र, सिन्धुली :** सिन्धुली नदीको तल्लो क्षेत्र मिथिला नगरीछेउमा प्राचीन गुरुकुलहरू थिए । जनकपुरमा राजा जनकको समयमा याज्ञवल्क्यको ज्ञानकूप शिक्षा केन्द्र पनि सञ्चालन भएको थियो । यस केन्द्रलाई ज्ञानकूप पनि भनिन्छ । ७-८ हजार वर्षपूर्वदेखि १०-१२ लाख वर्षभन्दा अगाडिको

शैक्षिक केन्द्र रहेको अनुमान गर्न सकिन्छ । श्रीकृष्णका मन्त्रगुरु पितासरह गर्ग ऋषि भएको हुनाले तथा महाभारत युद्ध भएको ५०५८ वर्ष बितेको हुनाले गार्गीको जन्म ५,००० वर्षअघि भएको अनुमान हुन्छ र त्यति नै पुरानो यो शैक्षिक केन्द्र देखिन्छ । सिन्धुलीमा प्राचीन दरबार उत्खनन क्रममा १,५०० वर्षअघिका किरात संस्कृति झल्काउने वस्तुहरू पनि फेला परेका थिए ।

**१०. वेदव्यास गुरुकुल :** Quora,०१७ मे २१ — Vedvyasa was born in the Tanahun district in western Nepal. Skanda Purana Himavat Khanda Gandaki Mahatmya Parishista part and Parkot Mahatmya, Chapter 5 Shlokas mentioned about him: (Quora, Archana Singh Thakuri, July 2022)

पारकोटेर्न्यतिर्थंञ्च वर्तते पुण्यदायकम् ।
माद्रिका शुक्लगण्डक्योःसंगमे शंकराभिदम् ॥५४॥
तपश्चकार तत्रैव परासरमहामुनि ।
परासर गुह्यतत्र तपसिद्धिप्रदायिनी ॥५५॥
जज्ञे मत्स्योदरिपुत्रस्तत्रद्विपे पराशरात् ।
पुराणसंहिताकर्ता वेदशास्त्रप्रवर्तकः ॥५६॥

पारकोट क्षेत्रमा मादी र सेतीको दोभानमा शङ्करतीर्थ नामक पुण्यप्रदायक स्थान रहेको छ । यसै शङ्करतीर्थमा परासर ऋषिले तपस्या गरेका थिए । त्यहाँ परासरले तपस्या गरेको तपस्यामा सिद्धि दिने परासरगुफा रहेको छ । त्यसै द्वीपमा परासर ऋषिबाट मत्स्योदरीका छोराका रूपमा वेदशास्त्रका प्रवर्तक (सङ्कलक) र पुराणसंहिताको रचना गर्ने वेदव्यास पैदा भएका थिए ।

Google मा व्यासले वेद लेखेको समय तर इ. पू. १५०० भनिएको र तालमेल नमिलेको देखिन्छ । महाभारत युद्धको सम्माप्ति ५,००० वर्षअघि भएको हुनाले पनि लिखित वेद ५,००० वर्ष हाराहारीमा भएको मान्नुपर्ने देखिन्छ । व्यास ऋषि आश्रम तनहुँको दमौलीमा हुनाले ऋषिहरूसमेत व्यासबाट शिक्षा लिन, शास्त्रार्थ गर्न र गुरुकुलमा सहभागी भएको उल्लेख देखिन्छ । पाण्डवहरू पनि व्यासकोमा पुगेर शिक्षा र उपदेश लिएको देखिन्छ ।

**११. कपिल आश्रम, (कपिलवस्तु) तिलौराकोट :** साङ्ख्य योगदर्शन रचना गरेको, बुद्धलाई शिक्षा दिएको र कपिलमुनि वेदपीठ रहेको छ । कपिल ऋषि इन्द्रजाल र तन्त्रविद्यामा समेत पोख्त थिए । आकाश वरपरका राक्षसलाई टाढै रोक्ने क्षमता भएका थिए भन्ने बौद्ध ग्रन्थमा उल्लेख छ । उनको विद्याको प्रयोगले सगर राजाका ६० हजार सैन्य वा छोरा भस्म भएका थिए । यो क्षेत्रमा प्राचीन बौद्ध केन्द्रहरू भएको उल्लेख छ । नजिकै कर्दम ऋषि आश्रम वाणगङ्गा किनारमा रहेको देखिन्छ, जहाँ भगवान् रामले कालीगण्डकी नदीको दर्शन र

स्नान गर्न आउँदा वाणले हानेर उत्पन्न गरेको वाणगङ्गा रहेको छ । यहाँ २६०० वर्षअघि विश्वविद्यालयसरहको उच्च बौद्ध शैक्षिक केन्द्र रहेको बुझिन्छ ।

**१२. वाल्मीकि आश्रम (ठोरी) चितवन :** यो नारायणी नदीपारि भारतको वाल्मीकि नगर उत्तरको जङ्गलमा रहेको छ । सन् १९६५ मा नेपाल र भारतको संयुक्त टोलीले अध्ययन, खोज र उत्खनन गरी यो आश्रम पत्ता लगाएको थियो । त्रेतायुगमा रामायणको रचना यसै ठाउँमा भएको मानिन्छ । लवकुशले शिक्षा लिएको, धनुर्विद्या, आध्यात्मिक विद्या, आयुर्वेद विद्या आदिको ज्ञान यसै केन्द्रमा भएको रामायणमा उल्लेख छ । यहाँ तमसा नदी, चक्रतीर्थ र नजिकै प्राचीन हरिहर क्षेत्र (देवघाट) रहेको छ । अश्वमेध घोडाको यात्राक्रम सुरु र सीताको जीवनको उत्तर खण्ड व्यतीत पवित्र भूमि हो । वेदमा के छ ? ग्रन्थमा वाल्मीकिलाई इसाभन्दा लाखौँ वर्षपूर्वका मानिएको कारण वाल्मीकि गुरुकुल हजारौँदेखि लाखौँ वर्षअघिको मानिन्छ ।

**१३. प्राचीन हरिहर क्षेत्र (देवघाट) :** यो प्राचीन शैक्षिक केन्द्र हो । आज पनि देवघाटमा गलेश्वर बाबाको मठ, अघोरीबाबा मठ, लक्ष्मीनारायण मठ आदि रहेका छन् । देवताहरूको तपस्याभूमि र आश्रमहरू रहेको, सप्तऋषिहरू आगमन हुने क्षेत्र हो यो । यहाँ कालीगण्डकी स्नान मात्र गरे भएगरेका सम्पूर्ण पापहरूबाट मुक्ति पाइने र प्राण त्याग गर्दा कैवल्य मुक्ति पाइने नेपाल माहात्म्यमा उल्लेख छ ।

स्कन्दपुराण र वराहपुराणमा देवता बसोवास गर्ने घाट देवघाट हो भनिएको छ । योगवाशिष्ठमा भगवान् रामले समेत शिक्षा यहीँ प्राप्त गरेको चर्चा छ । यहाँ वशिष्ठले तपस्या गरेको गुफा, सीताले तपस्या गरेको गुफा आदि पनि छन् । यहाँ निधन भएमा देवलोक प्राप्त हुने वर्णन छ । स्कन्दपुराणमा रहेको यो श्लोकले समेत यो कुरा प्रस्ट पार्दछ :

देवदेव स्वयंतत्र तिष्ठति प्रमथैः सह ।
देवतीर्थामिति प्रोक्तं तस्मात सर्वफलप्रदम् ॥

**१४. दुर्वासा आश्रम, धनुषा :** यो धनुषाको दुवहीमा रहेको, जनकसभामा भाग लिने तथा नेपालका अन्य ठाउँका दुर्वासा आश्रममा पनि तपस्या गर्ने र उपदेश वा प्रवचन दिने गरेको उल्लेख छ ।

**१५. स्याङ्जाको गर्गतीर्थ :** कालीगण्डकी र गर्गगङ्गा सङ्गममा गर्गतीर्थ रहेको छ । भगवान् श्रीकृष्णले प्रथम गुरु गर्गबाट गायत्रीमन्त्र श्रवण भएको थियो । गर्गको आश्रम गर्गपुत्रीसरहकी गार्गीको जन्मभूमि, तपोभूमि र गार्गी ब्रह्मवादिनीले शिक्षा लिएको स्थान हो । यहाँ गर्गसंहिता रचना भएको थियो । महाभारतको विश्लेषण गर्दा यो शैक्षिक केन्द्र ५,००० वर्षभन्दा पुरानो शैक्षिक केन्द्र थियो भन्ने बुझिन्छ ।

**१६. और्व ऋषि आश्रम, अर्गली (पाल्पा) :** और्वको पाल्पाको अर्गलीडाँडामा तपस्यास्थान र ज्ञानकेन्द्र रहेको छ । राजर्षि महाराज जुद्ध शमशेरले पछि भव्य भवन बनाई वानप्रस्थ जीवन यहीँ बिताएका थिए । वराहपुराणमा मोनिस्कुमटतीर्थ और्व ऋषि आश्रम भनिएको छ । ब्रह्मवैवर्तपुराणमा ब्रह्माका मानसपुत्र भृगु, भृगुका छोरा शुक्राचार्य र च्यवन ऋषि, च्यवनका छोरा और्व, और्वका छोरा जमदग्नि र १०० पुत्र भन्ने उल्लेख छ । और्व ऋषि, दुर्वासा ऋषि र तिलोत्तमा (तिनाउ नदीको मुहान) बसाई एकै क्षेत्रतर्फ सङ्केत गरेको छ । और्व ऋषिले मोनिस्कुमट पर्वततीर्थमा (अर्गली) वेदवेदाङ्ग आदिको शिक्षा दिएको प्रसङ्ग छ । तसर्थ पाल्पाको रिडी, रुरु क्षेत्र वा अर्गलीमा प्राचीन वृहत्तर शैक्षिक केन्द्र भएको पौराणिक ग्रन्थमा देखिन्छ । यो लगभग सत्ययुग वा त्रेतायुगको सुरुतिरै वा लगभग १३-१४ लाख वर्षअघितिर नै रहेको अनुमान गर्न सकिन्छ । शुक्राचार्यको सञ्जीवनी विद्या, भृगुको सृष्टिविधान भृगुसंहिता (आयुर्वेदतर्फको) आदि रचना भएको क्षेत्र र शिक्षाकेन्द्र हुनाले विश्वको चिकित्साविज्ञान वा जीवविज्ञानको उत्कृष्ट विश्वविद्यालयसरहको कविराज, वैद्य, सर्जन लगायतका जनशक्ति उत्पादन केन्द्रका रूपमा रहेको अनुमान गर्न सकिन्छ ।

**१७. म्याग्दीको पुलाचौर :** कालीगण्डकी र राखुगङ्गा सङ्गममा छ । पुलस्य ऋषिका छोरा विश्रवाका ४ छोराहरू रावण, कुम्भकर्ण (इन्जिनियर मानिन्छ), विभीषण (आयुर्वेदका शल्यचिकित्सक पनि) र कुवेर (धनका देवता) को जन्मस्थान, तपस्थान र शिक्षाकेन्द्र हो । खराब नक्षत्रका रावण र कुम्भकर्णलाई अनकन्टार राखु जङ्गलमा छोडिएको थियो । पछि शिक्षा प्राप्त भएपछि र महादेवको वरदानबाट लङ्काको राजा रावण भएका थिए । नेपालमै जन्मेर शिक्षादीक्षा लिए तापनि ३ लोकमा विजय गरेको देखिन्छ । स्कन्दपुराण अनुसार १३ औँ पुस्ताका राजा हुन् रावण, जसले नाभिमा अमृतघडा राखिएका कारण अजर-अमर बनेर शासन गरेका थिए । 'भागवतमा रावणलाई पनि गाधिका सन्तान कार्तवीर्य पुरुरवा वंशले थुनेको र हजुरबुबा पुलस्य ऋषिले मुक्त गराएको' उल्लेख युगान्तकारी पञ्चतन्त्रात्मक सङ्ग्रहमा रहेको कुरा पं. दामोदरप्रसाद निरौला (२०७२) ले उल्लेख गरेका छन् ।

**१८. मुस्ताङको कागवेनी :** काकभुसुण्डीको तपस्यास्थल र सप्तऋषिहरूको तपस्या र यज्ञस्थल ।

**१९. बाग्लुङको गलकोट :** यहाँ वत्स ऋषिको आश्रम छ । गलकोटनजिकै ६४ कला र १,००३ यौन गतिविधिको ग्रन्थ कामशास्त्रका रचयिता वात्स्यायनको आश्रम छ । भारतीय ग्रन्थकारले उहाँको विहारमा जन्म भएको उल्लेख गरेका छन् । यौनकला, यौन आसन, कामुकता आदिका बारेमा कामशास्त्रमा उल्लेख छ । इ. पू. ३०० – २०० वर्षअघि वात्स्यायनको जन्म भएको मानिन्छ ।

**२०. दमौलीको भीरकोट :** कालीगण्डकी र सेतीगण्डकी सङ्गमको पहाडलाई भीरकोट भनिन्छ। पौराणिक नाम भृगकुट हो र भृगकुण्ड पनि छ। यहाँ भृगु ऋषि आश्रम छ। भृगुले ज्योतिषशास्त्रको ग्रन्थ भृगुसंहिता यसै ठाउँमा रचना गरेको मानिन्छ। यसै ठाउँमा जमदग्नि ऋषि र रेणुकाबाट भगवान् परशुरामको जन्म भएको थियो। यो पनि प्राचीन शैक्षिक केन्द्रका रूपमा रहेको अनुमान हुन्छ।

**२१. च्यवन ऋषि आश्रम, तनहूँ त्रिवेणी :** यसै आश्रममा आएर देव वैद्य अश्विनीकुमारले अमृततुल्य जडिबुटी सेवन गराई वृद्ध, रोगी र अशक्त च्यवन ऋषिलाई तन्नेरी बनाउनुभएकाले च्यवनप्रास (च्यवन ऋषिले प्राश (सेवन, खाएको) गरेको आयुर्वेदिक औषधि च्यवनप्रास भएको छ। आज अहिलेको ४८ जडिबुटीको भनिने च्यवनप्रास नाम मात्रको पाइन्छ, अमृततुल्य छैन। भृगुका छोरा च्यवन भएको हुनाले लाखौं वर्षअघिको गुरुकुल केन्द्र हुन सक्ने अनुमान गर्न सकिन्छ।

**२२. गौतम ऋषि आश्रम, जनकपुर :** (घटराज भट्टराई, २०७१), "रामायण अनुसार गौतम ऋषिले यज्ञ सम्पन्न गरेको आश्रम जनकपुर नजिकै छ। विद्यापतिले जानकी मन्दिरबाट ५ कोष दक्षिण कमला नदी नजिकै छ भन्ने उल्लेख छ। राम जनकपुर आउँदा शिला बनेकी अहिल्यालाई गौतम आश्रम आसपास मुक्त गरेको प्रसङ्ग छ। स्कन्दपुराणमा ब्रह्मपुर नजिक गौतम आश्रम छ भनिएको छ। मिथिला माहात्म्यले पनि गौतम ऋषि आश्रम जनकपुरमा छ भनेको छ। अहिले पनि गौतम कुण्ड र अहिल्या कुण्ड देखिन्छन्। सिन्धुलीको चियाबारी नजिकैबाट झरेको गौतमी खोला र गौतमी विद्यालयले पनि गौतम आश्रम रहेको र प्राचीन शैक्षिक केन्द्र पनि थियो भन्ने प्रमाण दिन्छ।"

**२३. चन्दननाथ मन्दिर, जुम्ला :** भारतको काश्मीरबाट ३ सिद्धहरू १४ औँ शताब्दीमा मानसरोवर तीर्थयात्रामा हिँडेको देखिन्छ। चन्दननाथ जुम्लातिर, तारानाथ डोल्पातिर र रतननाथ अर्को बाटो लागे। चन्दननाथले दत्तात्रेयको जन्मभूमि र प्राचीन शैक्षिक केन्द्र जुम्ला थियो पत्ता लगाए। योगवलले दह छेदन गरी दत्तात्रेयको चरणपादुका पत्ता लगाई मन्दिरमा लगेर राखेका छन्। काश्मिरबाट सँगै तीर्थयात्रा आएकी राजपुत महिला जुम्लामा आइपुग्दा सुत्केरी भएपछि उक्त बच्चालाई शिक्षादीक्षासमेत दिई जुम्लाका प्रतापि राजा बलिराज शाही बनाउन सफल भए। राजा बलिराज उनका शिष्य थिए। यहाँ दत्रात्रेय र चन्दननाथले पनि शिक्षा केन्द्र बनाएका थिए।

**२४. भार्से :** यहाँ नाट्यशास्त्रका प्रतिपादक भरतमुनिको आश्रम रहेको थियो। नाट्यशास्त्र नै रचना गर्न त छलफल वा शास्त्रार्थविना सम्भव थिएन। तसर्थ यहाँ पनि प्राचीन सानोतिनो शैक्षिक केन्द्र रहेको अनुमान गर्न सकिन्छ।

**२५. त्रिवेणीधाम, कालीगण्डकी नदी :** वराहपुराण अध्याय १४४ मा कालीगण्डकी (तल्लो) त्रिवेणी धाममा पुलस्त्य र पुलह ऋषिले तपस्या गरेको बुझिन्छ । यसै ठाउँबाट सृष्टिविधान बनाउन सामर्थ रहेको चर्चा छ ।

अपरादेविका नाम्ना गडण्क्या सह सङ्गता,

पुलस्त्यपुलहौ पूर्वं तेपाते परमं तपः ।

अर्थात् सृष्टिविधान बनाउन छलफल वा शास्त्रार्थ हुन्थ्यो । उक्त स्थानलाई ऋषिमुनिहरू भेला भएर विधान तयार गर्न शैक्षिक केन्द्रका रूपमा विकास गरियो । यहाँ देवघाट र त्रिवेणीधाम नवलपरासी शिक्षाको केन्द्र थियो भन्ने सङ्केत पाइन्छ । तर कस्तो थियो ? अन्य ऋषिवरहरू को-को थिए ? यकिन भन्न सक्ने अवस्था देखिदैन । तर पुलस्त्य र पुलह ऋषिले म्याग्दी गलेश्वर धाममा धेरै मुख्य केन्द्र बनाएको देखिन्छ ।

**२६. गुल्मीको रेसुङ्गा क्षेत्र :** पौराणिक मान्यताअनुसार यस क्षेत्रमा ऋष्यशृङ्ग, पुलह, पुलस्त्य, और्व आदिको तपस्या भूमिका रूपमा रहेको छ । पछि स्वामी शशिधर, रेसुङ्गा महाप्रभु यदुकान्त, पारसानन्द आदिले तपस्या गरी सिद्धि प्राप्त गरेका थिए । राजर्षि जुद्ध शमशेरले रेसुङा महाप्रभुबाट प्रभावित बनी राजकाज त्यागेर त्यतै गएर बसे । यो क्षेत्र जोसमनि मत तथा गुरुकुलीय दुवैको शैक्षिक केन्द्र थियो ।

**२७. देवदह क्षेत्र :** मावली कोलीय राजा सुपबुद्धले सिद्धार्थ गौतमलाई यसै भूमिमा धनुर्विद्यामा निपूर्ण बनाएका थिए । बुद्धले एक वाणले ७ वृक्ष छेदन गरिदिएपछि यशोधराले फूलमाला लगाइदिएर पति बनाएकी थिइन् ।

**२८. अर्घाखाँचीको पणेना :** काश्मीरका उच्च कोटिका विद्वान् मुनि पाणिनिले पटनामा भएको शास्त्रार्थमा हार खाएपछि हिमालय खण्डमा तपस्या गर्न आइपुगेका थिए । उनले संस्कृतको अष्टाध्यायी व्याकरणको प्रतिपादन गरेका थिए । उनका शिष्य पतञ्जलि ऋषिले व्याकरणको विवेचना गरेका थिए । तसर्थ पतञ्जलिको पनि शिक्षा केन्द्र र योगदर्शन आविष्कारको भूमि हो । पताञ्जलीले गुरुत्वाकर्षण सिद्धान्तसमेत प्रतिपादन गरेको भूमि वा शैक्षिक केन्द्रका रूपमा अनुमान गर्न सक्दछौं । तर पतञ्जलिले गङ्गा नदी नै प्रमुख आश्रम क्षेत्र बनाएका थिए । वेदमा के छ ? ग्रन्थमा पतञ्जलिको समय ई. पू. ७०० मानिएको छ ।

**२९. नवलपरासीको परासी क्षेत्र :** भगवान् परशुरामको आश्रम रहेको तथा तपस्यास्थल देखिन्छ । परशुरामले धनुर्विद्या लिएका थिए ।

**३०. दाङको बघौडा क्षेत्र :** प्राचीन कालमा व्याघ्रपाद ऋषि आश्रम रहेको देखिन्छ । उनका २ छोराहरू उपमन्यु र धौम्य ऋषि थिए । धौम्य ऋषि पाँच पाण्डवका गुरुपुरोहित थिए । धौम्यले पाण्डवलाई व्यास ऋषिसँग चिनाइदिए । उनीहरूले व्यासबाट शिक्षा लिएका तथा आशीर्वाद लिएका थिए ।

**३१. दाङको डुण्डुवा :** यहाँ गुरुकुल परम्पराको आश्रम र शैक्षिक केन्द्र रहेको अनुमान हुन्छ । द्रोणाचार्य धनुर्विद्याका प्रथम शक्तिशाली गुरु मानिन्छन् जसले कौरव र पाण्डव दुवैलाई धनुर्विद्या दिएका थिए । अनन्य शिष्य अर्जुनको धनुर्विद्या अभ्यास र साधनास्थल रहेको प्रमाणका रूपमा त्यहाँ बग्ने खोलाको नाम पनि आजसम्म अर्जुन खोला रहेको छ । महाभारतको युद्धमा ब्रह्मास्त्र, पाशुपतास्त्र, नागपाश अस्त्रजस्ता खतरनाक हतियार प्रयोग भएका थिए । यसलाई विश्वको प्रथम शस्त्रास्त्र विश्वविद्यालयका रूपमा लिन सकिन्छ । त्यस बेला अहिलेका एटम बम, ultra sonic हतियार आदिभन्दा पनि खतरनाक हतियार प्रयोग भएका थिए । तसर्थ विश्वको उच्चकोटिको र प्रथम अस्त्रशस्त्र विश्वविद्यालयका प्राचार्यका रूपमा महाभारत फिल्म अवलोकन गरेर पनि गुरु द्रोणाचार्यलाई लिन सकिन्छ ।

स्कन्दपुराणअनुसार महाभारत युद्धका बारेमा (अहिलेको विश्वयुद्धसमान) श्रीकृष्णले सोद्धा कर्ण र कृपाचार्यले १ महिनामा खतम गर्ने, द्रोणाचार्यले १५ दिनमा जित्छु, अश्वत्थामाले ६ देखि १० दिनमा जित्छु, तर बर्बरिकले (यलम्बरले) एकैछिनमा जित्छु भनेका थिए । तसर्थ त्यस्ता खतरनाक शिष्य उत्पादन गर्ने गुरुको विश्वविद्यालय पनि यही नेपालको भूमिमा थियो भन्न सकिन्छ । तर द्रोणाचार्यको जन्मस्थान र जन्मभूमि भने कोटिलातीर्थ उल्लेख छ । यसबाट दैलेखको कोटिला जहाँ कोटिलेश्वर शिवलिङ्ग रहेको डुण्डेश्वर शिवालय क्षेत्र छ त्यही हो भन्ने अनुमान हुन्छ ।

**३२. भारद्वाज ऋषि आश्रम जनकपुर :** भारतमा जन्म भई समय-समयमा मिथिलामा समय-समयमा शास्त्रार्थ गर्न आउनुहुने भारद्वाज महर्षिले विमानसंहिता ५,००० वर्षअघि नै रचना मिथिला क्षेत्रमै बसेर गरेको अनुमान देखिन्छ । तर सन् २०१५।१।४ को The Washing Post ले भारतीय भारद्वाज ऋषिले ७,००० वर्षअघि नै ४० इन्जिनसहितको प्लेन आविष्कार गरेको उल्लेख देखिन्छ । शिवजी बाबुजी तालपडेले पनि सन् १८५९ मा मुम्बईमा वृहत समारोहमा प्लेन बनाई कलकत्ताका राजासहितको विशाल समारोहमा उडाएर देखाएका थिए । तर राइट ब्रदर्सले भने १९०३ डिसेम्बर १७ मा प्रथमपटक प्लेन उडाएको देखिन्छ । लामो समय भारद्वाज ऋषि भारतमै बसे पनि शास्त्रार्थ र तपस्याका लागि बेलाबेलामा मिथिला आउने गरेको र मिथिलामा आश्रम पनि रहेको अनुमान हुन्छ । ४० प्रकारका इन्जिन पक्कै पनि विभिन्न ऋषि वा सन्तहरूको सहयोगमा बनेको हुनुपदर्छ भन्ने अनुमान गर्न सकिन्छ । विमान बनाउन सक्ने र शास्त्रार्थका लागि मिथिला आउनुपर्ने भएकाले मिथिला दरवार विश्वविद्यालय सरहको शैक्षिक केन्द्र वा अति उच्चतम स्तरको शैक्षिक केन्द्र रहेको अनुमान हुन्छ ।

**३३. कणाद ऋषि शैक्षिक केन्द्र वा आश्रम, जुम्ला कुडारी :** जुम्लाको तीला नदी उत्तर कुडारीमा कणाद ऋषि आश्रम रहेको छ। उनले atom सिद्धान्त प्रतिपादन गरेका थिए । जुम्लाको सिजा प्राचीन शिक्षाको केन्द्र रहेको, कण्व विश्वविद्यालय सरहको शैक्षिक केन्द्र रहेको तथा दत्तात्रेयबाट शिक्षा केन्द्रका रूपमा रहेको देखिन्छ। त्यहाँ विकसित किरातपुर सभ्यता अनि खस सभ्यता र त्यसपछि विकास भएको आर्य सभ्यताको केन्द्र अथवा सनातन धर्मको उत्पत्ति स्थान वा शैक्षिक केन्द्रका रूपमा रहेको सङ्केत दिन्छ।

कैलासलाई कैरात क्षेत्र वा किरात प्रदेश अथवा डा. यदुवंशीले उल्लेख गरेअनुसार कैरात क्षेत्रबाट कैरात हुँदै किरात जाति बनेको देखिन्छ । डा. चन्द्रकुमार शेर्मा लिम्बू पनि कैरात शब्दबाटै अपभ्रंश हुँदै किरात बनेको तर्क दिनुहुन्छ। तसर्थ किरातहरू हिमालय खण्ड पश्चिम अफगानिस्थान देखि कोरिया तथा जापानसम्म पनि फैलिएको सङ्केत इतिहासमा देखिन्छ । तसर्थ कर्णाली प्रदेशको सिँजालाई पनि किरातपुर भनिएको सांस्कृतिक कोषमा घटराज भट्टराईले उल्लेख गरेको देखिन्छ। त्यहाँ किरात सभ्यताको कुनै पक्ष विकास हुनु अचम्मको पक्ष मान्नु हुँदैन । पछिल्लो चरणमा किरातहरू उपत्यका पूर्व अनि दूधकोशीपूर्व खुम्चिएर रहेका मात्र हुन् भनी बुझ्नु जरुरत देखिन्छ । तसर्थ ३ हजारदेखि ७-८ हजार वर्षअघि वा सोभन्दा पनि १०-१२ लाख वर्षअघि नै कर्णालीमा शिक्षा केन्द्र वा विश्वविद्यालय सरहको शैक्षिक केन्द्र रहेको अनुमान गर्न सकिन्छ। बुटवलको तिनाउ नदी किनारमा रहेको फेला परेको १ करोड १० लाख वर्षअघिको मानिएको रामापिथेकस मानव अवशेषले पनि यस क्षेत्रमा किरात जाति नै प्राचीन आदिवासी रहेको रहेको थप प्रमाण दिन्छ।

Google . The founder of Indian atomism was Kanada. Kanada lived in approximately the 4th century BC, and was an ancient Indian scientist and philosopher. In addition to his work on atomism, Kanada founded the Vaisheshika school of Eastern philosophy.

Acharya Kanada, also known as Kashyapa, an ancient Indian natural scientist and philosopher, formulated the theory of atoms 2500 years before John Dalton's discovery. (२०२१ मार्च १०, Wikipedia)

Robert Oppenheimer, the "father of the atomic bomb." On July 16, 1945, New Mexico, the first atomic bomb was successfully detonated—the Trinity Test. (२०१७ सेप्टेम्बर ६, Google and Wikepedia)

द्वितीय विश्वयुद्धमा atom bomb प्रयोग भए पनि ई. पू. ६०० – २०० वर्षअघि atom सिद्धान्त प्रतिपादनकर्ता कणाद महर्षिको जन्म भएको मानिन्छ। उनका शिष्यहरू र शास्त्रार्थ गर्ने गुरुको सहयोगविना atom formula or सिद्धान्त

प्रतिपादन भएन होला । तसर्थ पनि कर्णाली आसपासमा शैक्षिक केन्द्र हुन सक्ने अनुमान हुन्छ । उनको नाम, नेपाल र नेपाली बिर्सिएर रोबर्ट ओपनहाइमरको बारेमा पढ्नु विडम्बनासिवाय केही होइन । गुगलमा भने इ. पू. भन्दा छैटौ शताब्दीतिरका कर्णाद मानिएको छ । तर वेदमा के छ ? ग्रन्थले लाखौं वर्षअघि भन्ने उल्लेख गरेको छ ।

**३४. कश्यप ऋषि आश्रम, कास्की :** सत्ययुगमा कश्यप ऋषिले कास्की क्षेत्रमा तपस्या गरेको कुरा पौराणिक ग्रन्थबाट प्रस्ट हुन्छ । यो क्षेत्र कश्यपकुटी, कश्यपी हुँदै अपभ्रंश भई कास्की बनेको देखिन्छ । ब्रह्माका मानसपुत्रसमेत रहेको हुनाले उनका १०० भाइ छोराहरूलाई ४ भागमा बाँडेर शिक्षादीक्षामार्फत पढ्ने र पढाउनेबाट ब्राह्मण, देशरक्षा गर्ने विद्या हुनेलाई क्षत्री, खेती-किसानी विद्या तथा व्यापारी विद्या हुनेलाई वैश्य र बाँकीलाई शूद्रमा विभाजन गर्ने शिक्षा केन्द्र स्थापना गरेको स्वयम्भूपुराण तथा मनुस्मृतिमा उल्लेख छ । यो केन्द्र धर्मशास्त्रका आधारमा ४८ देखि ५० लाख वर्षअघिको गुरुकुल वा शैक्षिक केन्द्र रहेको अनुमान गर्न सकिन्छ। योगी नरहरिनाथले कास्की क्षेत्र सेरोफेरोमा अनेकौं ऋषिहरूको जन्म, जप र तपभूमि रहेको तथा धेरै शिक्षा केन्द्र वा प्राचीन गुरुकुलहरू (हालका विद्यालय, विश्वविद्यालयसरह) रहेकाले 'विद्या हराए कास्की जानु, न्याय नपाए गोरखा जानु' भन्ने उखान चलेको उल्लेख छ। पछि यहाँका शैक्षिक केन्द्रहरू कालान्तरमा विलीन हुँदै गए र कास्मीर जाने चलन चल्यो । त्यसपछि काशी गएर पढेर आउने चलन चल्यो । भारतीयहरूले 'विद्या हराए कि कास्मीर जानु, अथवा कि काशी जानु' भने । यहाँका जनमानसले पनि त्यही सिकेर आए । तसर्थ कास्कीको शिक्षाको महत्त्व लोप भयो । तर बालागुरु षडानन्दको दूरदर्शी योगदानले 'न्याय नपाए गोरखा जानु, विद्या हराए दिङ्ला जानु' आख्यानले विलाएको नेपाली शैक्षिक नासो नेपाली भूमिले फिर्ता आयो ।

**३५. त्रिवेणीधाम नवलपरासी :** वराहपुराण १४४ मा यस धामको वर्णन छ । यहाँ त्रिशूली, सेती, बुढीगण्डकी र कालीगण्डकीको आदि पवित्र नदी मिलेर नारायणीधाम बनेको छ । यो धामको दर्शन देवताहरूका लागि पनि दुर्लभ, अभीष्ट सिद्धि दिने र सबै प्रकारको मुक्ति दिने धाम भनिएको छ । विष्णुले पृथ्वी तिमी डराउनुपर्दैन, यसले मानव उद्धारका लागि पनि सघाउनेछ भनिएको छ । हिमवत्खण्डमा देवता, गन्धर्व र अप्सरा पनि स्नानका लागि आउने तथा शिक्षा लिने ब्रह्मतीर्थ हो भनिएको छ । यस धामले मुक्ति क्षेत्र, रुरु क्षेत्र (पाल्पा) र देवघाट क्षेत्रको पवित्रता पनि समेटेको छ ।

**३६. धनुषाको कपिलेश्वर महादेव :** यो मन्दिर हर्दिनाथ बाबाले निर्माण गरेको र बाबाको आश्रम त्यही रहेको थियो । बाबाले शिष्यहरूलाई शिक्षा प्रदान गरेको प्रसङ्ग भेटिन्छ ।

**३७. हृषीकेश वा रिडी (पाल्पा) :** ऋषि गण्डकले तपस्या गरेकाले गण्डकी नदी र कालो वर्ण भएकी हुनाले कालीगण्डकी रहेको प्रसङ्ग देखिन्छ । विश्वको अति प्राचीन डाइनासोर युगभन्दा अगाडिको शालिग्राम पाइन्छ । उदरबाट बच्चा जन्मने हुँदा दामोदर फेदीको शालिग्रामले पृथ्वीमा जीव सृष्टि भएको पहिलो ठाउँ नेपाल भएको प्रमाण दिन्छ । यहाँ देवदत्त ब्राह्मणले तपस्या गर्दा प्रलोचा अप्सरासँग फसेर रुरुकन्याको जन्म भएको पौराणिक कथन छ । रुरुकन्याले शिक्षा लिएको र अन्य ऋषिको आश्रम रहेकाले यहाँ प्राचीन शैक्षिक केन्द्र थियो भन्ने सङ्केत मिल्छ । यसको आसपासमा भृगु आश्रम, और्व, दुर्वासा, शुक्राचार्य, जमदग्नि आदिले शिक्षा लिएको र तपस्या गरेको पौराणिक कथन छ ।

**३८. भेडियामठ (गोरपारगाउँ), सप्तरी :** यसलाई ठेलीयामठ, वरसखण्डी बाबामठ वा गुरु नानकको तपस्यास्थल हिमालय र नेपालमठ नामले पनि चिनिन्छ । शिख धर्मका प्रवर्तक गुरु नानक स्वयम्को यसै स्थानमा पटक-पटक आगमन भएको थियो भनिन्छ । गुरु नानकको मृत्यु सन् १५३९ मा पाकिस्तानको करतारपुरमा भएको देखिन्छ । यहाँ गुरु नानक सम्प्रदायका बाबा मोहनदास वैरागी (वरसखण्डी बाबा) को कुटी पनि थियो । उनको समाधिस्थल पनि यहीँ हो । यहाँ शिख धर्मसँग सम्बन्धित प्राचीन ग्रन्थका केही ठेलीहरू अझै सुरक्षित छन् । अति दुर्लभ शिख धर्मग्रन्थको पाण्डुलिपि पनि रहेको छ । पैदल यात्राको बेलामा (सवारी साधन नभएको बेला) यहाँ शिख दर्शनार्थीहरूको घुइँचो लाग्दथ्यो । शिख धर्मका बाबाहरू शिक्षा लिएर वा शास्त्रार्थ गरेर फर्किन्थे । श्री ५ राजेन्द्रको पालामा वि. सं. १८९० – १९०० तिर गुठीको प्रबन्ध मिलाइएको थियो । तर मठसम्म जान यातायातको साधन अभाव र प्रचारप्रसारको कमीले अब यो पनि पूर्ण लोप हुन लागेको छ । घटराज भट्टराईका अनुसार प्रचारप्रसार गर्न सके शिख धर्मावलम्बी पर्यटकको घुइँचो लाग्न सक्ने सम्भावना देखिन्छ ।

### प्राचीन शैक्षिक केन्द्रहरूको इतिहास सङ्क्षेपमा :

तनहुँको दमौली क्षेत्रमा वेदव्यास ऋषि, परासर ऋषि आश्रम (परासर संहिता रचना) तथा पाण्डवका पुरोहित धौम्य ऋषिको आश्रम, यज्ञशाला र गुरुकुल रहेको थियो । ताप्लेजुङको कावेरी क्षेत्रमा मार्कण्डेय ऋषिको आश्रम र पौराणिक ग्रन्थहरू लेखनकार्य भएको थियो । साल्पापोखरीलाई मुन्धुम उत्पत्ति क्षेत्र वा किरात ज्ञानगङ्गा उदय केन्द्र मानिन्छ । हलेसी क्षेत्रमा बौद्धगुरु पद्मसम्भव र जैनगुरु भद्रबाहु लामो समयसम्म बसेर तपस्या गरेको इतिहास देखिन्छ । दूधकोशी रावा दोभान क्षेत्रमा ऋषिहरूले तपस्या गरेको ज्योतिर्लिङ्गसमेत रहेको देखिन्छ । मत्स्य देशका विराट राजाको भेडियारी क्षेत्रमा (मोरङ जिल्ला) शिक्षित र सचेत जनता रहेको तथा उनकी छोरी उत्तराको विवाह प्रसङ्ग शिक्षित पाण्डव

परिवारमा देखिन्छ । स्वस्थानी, पद्मपुराण, शिवपुराण आदिमा वर्णित गोकर्ण क्षेत्रमा रावण लगायत ऋषिमुनिहरूको तपस्या क्षेत्र, सत्ययुगमा शिव वनविहार गर्न निस्किएको र अर्जुन पाशुपतास्त्र विद्यामा पारङ्गत भएको गोकर्ण क्षेत्र मानिन्छ । श्लेष्मान्तक क्षेत्र, पशुपतिनाथको ध्रुवस्थली (धर्मस्थली) क्षेत्र, किरातेश्वर महादेव विचरण क्षेत्र (मृगस्थली) तथा पछिल्लो चरणमा शिवपुरी बाबा लगायतको क्षेत्र पनि कुनै रूपमा कुनै कालखण्डमा सानातिना शैक्षिक केन्द्रको रूपमा रहेको अड्कल काट्न सकिन्छ । शक्तिशाली शेषनाग जातिको क्षेत्र (उपत्यकाका जङ्गली अवस्थाका मानव वा नाग जाति, वाणासुर, दानासुर आदि), नार्गाजुन क्षेत्र (बौद्ध सन्त केन्द्र), बौद्धनाथ क्षेत्र र स्वयम्भू महाविहार केन्द्र पनि प्राचीन शैक्षिक केन्द्रहरू थिए भन्ने अनुमान गर्न सकिन्छ ।

सत्ययुगमा महात्मा विपश्वी उपत्यकामा आई बसोवास गरेको, शिखि बुद्धले चम्पागिरिमा तपस्या गरेको, त्रेतायुगमा ककुच्छन्द बुद्ध स्वयम्भू दर्शन गरी गुह्येश्वरी नजिकै बसेको र मञ्जुश्रीले उपत्यकाको पानी बाहिर पठाई उपत्यका बस्न योग्य बनाएको पौराणिक कथन भेटिन्छ । देवघाट क्षेत्र, चितवनको विक्रम बाबाको आश्रम, भैँसालोटनको वाल्मीकि आश्रम जहाँ लव र कुशलाई शिक्षा दिने वाल्मीकि ऋषिको गुरुकुललाई पनि प्राचीन शिक्षा केन्द्र मान्नुपर्दछ । साङ्ख्यदर्शनका प्रणेता कपिलमुनिको आश्रम कपिलवस्तु क्षेत्र तथा कश्यप ऋषिको कास्की क्षेत्र र कर्णाली (पश्चिम तिब्बतसम्म) पनि देखिन्छ । लुम्बिनी क्षेत्रमा कौण्डिल्य ऋषि र असित कालदेव ऋषि देखिन्छन् । कनकमुनि बुद्ध र ककुच्छन्द बुद्धको जन्म र कर्मभूमि पनि लुम्बिनी क्षेत्र देखिन्छ । सुर्खेतका काँक्रेविहार लगायत अन्य विहार क्षेत्र पनि शैक्षिक केन्द्रका रूपमा देखिन्छन् ।

विश्वकर्मा ऋषिले रुद्राक्षारण्यसँगै शीतशैल पहाड (अनुमानित भेडेटार क्षेत्र, धरान) सुन्दर सहर बसाएका थिए, जहाँ देवीदेवताको अस्थायी बसोवास पनि थियो । पछि देवीदेवताहरू यो ठाउँबाट आफ्ना धाममा गएकाले यो ठाउँ जनशून्य हुन थाल्यो भन्ने रुद्राक्ष माहात्म्यमा वर्णन छ । देव र दानवले समुद्र मन्थन गर्दा जडिबुटीको छोक्रा डल्लो (पिण्ड) बाट पिण्डेश्वर ज्योतिर्लिङ्ग उत्पत्ति भएको र धरान विजयपुरमा रहेको मानिन्छ । धन्वन्तरिको आयुर्वेद दर्शन, पतञ्जलिको योगदर्शन, कणादको अणुसूत्रदर्शन लगायत ऋषिहरूबाट प्रतिपादित न्यायदर्शन, नाट्यदर्शन, दर्शनशास्त्र, ज्योतिषशास्त्र, वास्तुशास्त्र, कामशास्त्र, शल्यचिकित्सा शास्त्र, मीमांसा दर्शन आदि यही भूमिका शैक्षिक योगदान हुन् । ४ वेद, ४ उपवेद, १८ पुराणहरू, ६० भन्दाबढी उपनिषदहरू, विमानसंहिता, रामायण, भगवद्गीता आदि पनि यही भूमिको योगदान हो । उल्लिखित केही शैक्षिक केन्द्रहरू नेपालको प्राचीन शैक्षिक केन्दका केही उदाहरण मात्र हुन् । सानातिना अनगन्ती शैक्षिक केन्द्रहरू रहेको अनुमान हुन्छ ।

तसर्थ प्राचीन कालमा नेपालमा गुरुकुल शिक्षा, पितृकुल शिक्षा, बौद्ध वा विहार शिक्षा, किरात शिक्षा, गार्गी तथा मैत्रेयी जस्ता विदुषीले पनि लिन मिल्ने महिला शिक्षाका केन्द्रहरू औपचारिक वा अनौपचारिक अनगन्ती शैक्षिक केन्द्रहरू रहेका देखिन्छन् । तर समयक्रमसँगै सबै विलीन भएका छन् । तर ती शैक्षिक केन्द्रहरूका बारेमा अध्ययन वा अनुसन्धान गर्नु जरुरी देखिन्छ। आधुनिक कालमा भने बालागुरुको योगदानको उपज नेपालको प्रथम संस्कृत भाषा र संस्कृतिको शैक्षिक केन्द्र दिङ्ला बन्न पुगेको देखिन्छ । ब्रह्मचारी षडानन्दले पनि प्रारम्भ गरेका धेरै सांस्कृतिक परम्पराहरू देखिन्छन् ।

यहाँ ७-८ हजार वर्षदेखि लाखौं वर्षभन्दा अघिदेखि नेपालमा प्राचीन शैक्षिक केन्द्रहरू रहेको अनुमान गर्न सकिन्छ । त्रेतायुगमा झन्डै १५ लाख वर्षअघि नै नेपालमा गुरुकुल परम्पराका विश्वविद्यालय स्तरका शैक्षिक केन्द्रहरू रहेका देखिन्छन् । कर्णालीको सिँजा उपत्यका, मिथिला दरवार, पाल्पाको अर्गली तथा रिडी क्षेत्र, दाङको डुण्डुवा क्षेत्रमा विश्वविद्यालय स्तरको अथवा हालको विद्यावारिधि तह बराबरको शिक्षा केन्द्र आजभन्दा ५,००० वर्षअघिदेखि १५ लाख वर्षअघि नै रहेको पौराणिक ग्रन्थहरूबाट अनुमान गर्न सकिन्छ ।

ती शैक्षिक केन्द्रहरू नेपालका मात्र नभएर विश्वका नै प्रथम शैक्षिक केन्द्रहरू थिए किनकि विश्वको प्रथम विदेशीले मानिदिएको Indus valley civilization नेपालको सनातन धर्म सभ्यता वा किरात, खस र आर्य सभ्यताको तुलनामा बाल्यकालमा नै देखिन्छन् । नेपालका ६ सभ्यताहरूमा कर्णालीको आर्य र खस सभ्यता, गण्डकी सभ्यता, मगरात सभ्यता, नेवार सभ्यता, मिथिला सभ्यता, किरात सभ्यता र थारु सभ्यताहरू वैदिक सभ्यता अन्तर्गतका नै देखिन्छन् । Indus valley सभ्यता र नेपालभित्रका हिन्दू सभ्यता, हिन्दू सम्प्रदाय र उल्लिखित सभ्यताहरू विदेशका अन्य सभ्यताहरू फरक-फरक छन्, तर मिल्दाजुल्दा देखिन्छन् । नेपाली सभ्यता जीवन्त सभ्यताहरू हुन् र प्रकृतिप्रेमी सभ्यताहरू हुन् र विदेशी भूभागका भन्दा पुराना छन् । हिमालय खण्ड वा हिमवतखण्ड, हिमालयको फेदी वा हिमनदी फेदीमा बस्नेहरू नै असली हिन्दूहरू हुन् । पछि नेपालबाटै अन्यत्र फैलिएर हिन्दू पन्थ गयो । केही मोहनजोदारो, हरप्पा, इन्दुस भ्याली, ह्वाङ्हो आदिमा पनि अझै विकसित भएर पुनः नेपालभित्र प्रवेश गरे र नेपालमा मिश्रित सभ्यता, संस्कार र धर्महरू बन्न गए ।

हिमालय खण्ड नेपालमा पहिले किरात, त्यसपछि खस, त्यसपछि आर्य र त्यसपछि बौद्ध सभ्यता विकास भएको देखिन्छ । किरातहरू समयक्रमसँगै खुम्चिएर बस्नुपरेको देखिन्छ । हिन्दू वा हिन्दूस्थान भनेको भूभाग हो साथै मानिसका असल चरित्र र व्यवहार पनि हुन् । आज भूभागको मात्र अर्थ लगाउने चलन चलेको देखिन्छ तर त्यहाँ विकसित भएका विविध सभ्यताहरू पर्दछन् ।

व्यापक रूपमा आज हिन्दू शब्द जस्तै हिन्द चीन, हिन्द महासागर, हिन्द भारत, भारतीय हिन्दू (मुसलमान पनि, हिन्दूस्थानमा बस्ने भएकाले), हिन्द किरात आदि भनेको देखिन्छ । हिन्दूभित्र बौद्ध, शिख, जैन, आर्यसमाज, किरातसमाज, नेवारसमाज आदि अटाउँछन् । नेपालमा भने हिन्दूमा किरात समाज, खस समाज र आर्य समाज प्रमुख देखिन्छन् । आर्यहरू पनि हिन्दू हुन् । समग्रमा ॐकार सभ्यताहरू सनातन सभ्यताहरू हुन् भन्न सकिने अवस्था देखिन्छ ।

सत्यसनातन धर्मगुरुका अनुसार (हिमाल अनलाइन टीभी, २०७९, अगस्ट), "हिमालय कैलाश वा सर्वोच्च शिखर सुमेरु वा पर्वतराज (सगरमाथा लगायत महालङ्गुर हिमालय श्रेणी क्षेत्रको मानवीय भूखण्ड (फेदी क्षेत्र, बासस्थान क्षेत्र) नै वेदहरूको उत्पत्ति, विकास तथा प्रसार भएको क्षेत्र हो भन्ने वेद र पौराणिक मान्यताहरूको विश्लेषणबाट देखिन्छ । वेद शिवको प्रतीक भएकाले हिमालय पर्वत क्षेत्रमा (नेपालमा) नै वेद र उपवेद उत्पत्ति भएको देखिन्छ । गन्धर्ववेद नाट्यजगत्, गीत, सङ्गीत र कलासँग सम्बन्ध राख्दछ । शिल्पवेदले (बौद्ध ग्रन्थमा उल्लेख) वास्तुकला, चित्रकला, मनोरञ्जन नाट्यशालादेखि विश्वविद्यालय जगत्सम्मको पनि अध्ययन गर्दछ । आयुर्वेद आरोग्यतासँग सम्बन्धित छ । धनुर्वेद समग्र मानवको आत्मरक्षा कला जुडो, कराँते आदिदेखि एटम बमको आविष्कारसम्मको ज्ञान दिन्छ । अन्य वेद र उपवेदको आआफ्ना ज्ञानका क्षेत्रहरू छन् । वेद र वेदाङ्ग उत्पत्तिका २ चुलीहरू देखिन्छन् कैलास पर्वत चुली सेरोफेरो र सुमेरु पर्वत चुली (सगरमाथा वा महालङ्गुरका चुलीहरू) सेरोफेरो । वेदज्ञान शिवबाट दक्षिणामूर्तिमा पार्वतीलाई (गौरीशङ्कर हिमालमा दक्षिणतर्फ फर्किएर सुनाइएको), त्यसपछि ब्रह्मालाई सुनाइएको र ब्रह्माबाट व्यापक प्रचारप्रसार गरिएको देखिन्छ । अर्कोतर्फ पार्वतीबाट काकभुसुण्डीलाई वेद ज्ञान हस्तान्तरण हुँदै वाल्मीकिसम्म पनि आइपुगेको देखिन्छ ।

स्कन्दमहापुराण, पद्मपुराण, मत्स्यपुराण आदिको गहिरिएर विश्लेषण गर्दा सुमेरु क्षेत्र भनेको सगरमाथा (सोलु + खुम्बु अर्थात् पृथ्वीको खम्बा र खम्बुवान उत्पत्ति क्षेत्र) जसलाई स्वर्गमस्तक पनि भनिन्छ, यो स्वयम्भू क्षेत्र पनि हो र देवीदेवताको अन्तिम बासस्थान पनि हो । तसर्थ वेद शिवबाट व्यवस्था भएको, ब्रह्माबाट सञ्चालन भएको र विष्णुबाट कार्यान्वयन भएको पवित्र भूमि नेपाल देखिन्छ । नेपाल देवभूमि भएकाले देवशासन चल्दछ । देवशासन आफैँमा सरकार हो । वेदजस्तै भूमि, जनसङ्ख्या, चरित्र, व्यवस्था, भौतिक उपलब्धताको आधारमा आज संविधान चल्दछ । वेदमा सृष्टि सुरुवातदेखि अन्त्यसम्मका चरित्रहरू, पात्रहरू, प्राकृतिक तत्त्व र आध्यात्मिक तत्त्व आवश्यक पर्छ । संविधान भौतिक तत्त्व र वर्तमान परिवेशलाई जोड दिन्छ । वेद भनेको विधान

हो, सभ्यता उत्पत्ति, विकास प्रसार लगायतको सभ्य सनातन व्यवस्था हो । सनातन भनेको शिव हो र शिवद्वारा अघि बढाएको आदिकालदेखि अन्त्यसम्मको सम्पूर्ण व्यवस्थाको चाँजोपाँजो सनातन व्यवस्था हो । शिव वा शिवतत्त्व भनेको द्वादश सूर्य, ६४ योगिनी, १६ कलायुक्त चन्द्रमा, एकादश रुद्रावतार, ८४ सिद्ध, ३३ करोड देवीदेवता, ८८ हजार ऋषिऋषिका, सप्तर्षि आदिको योग हो ।"

जगद्गुरु बालसन्त मोहनशरणका अनुसार (युट्युबबाट साभार) "समुद्रमन्थन क्षीरसागरमा भएको थियो । क्षीरको अर्थ दूध र सागरको अर्थ पानीको विशाल क्षेत्र हो । आज पानी लगभग समाप्त भई अवशेषका रूपमा क्षीरसागर दूधकुण्डका रूपमा परिणत भएको छ । आज दूधकुण्ड कहाँ छ ? सोलुखुम्बुमा छ । मन्दराचल पर्वत मदानी बनेको थियो । सागरमा मन्दराचल पर्वत राख्दा तलको तल्लो भाग डुब्यो । विष्णुले कछुवा अवतार बनेर पीठ थापिदिनुभयो र पानीबाहिरको सर्वोच्च भाग मदानी बन्यो । अर्थात् विश्वको सर्वोच्च शिखर सगरमाथा त्यहीँ छ, जुन मन्दराचल पर्वतका रूपमा प्रयोग भएको थियो । कौशिकी उत्तरभागे अवस्थितौ अर्थात् सप्तकोशीको उत्तरभागमा पर्दछ । तसर्थ समुद्रमन्थन पनि यही कोशी प्रदेशको हिमालय खण्डमा भएको अनुमान पौराणिक ग्रन्थहरूमा भेटिन्छ ।"

उल्लिखित वेद, वेदाङ्ग, पुराण, त्रिपिटक, मुन्धुम आदिको अर्थ लगाउन अङ्ग्रेजी भाषामा २ विषयमा पीएचडी गरे पनि काम छैन । आज संस्कृत भाषाको ज्ञान, संस्कृतका धुरन्धर सन्त वा संस्कृतका दार्शनिकहरूको राष्ट्रलाई आवश्यकता देखिन्छ । सनातन धर्मका सन्त बालागुरु षडानन्दले संस्कृत भाषामा अतुलनीय योगदान दिएको देखिन्छ । नेपालका प्राचीन शैक्षिक केन्द्रहरूले नेपाल अब्बलभूमि र देवभूमिसमेत रहेको प्रमाण दिन्छन् । नेपालको आफ्नै स्वदेशी सभ्यता छ, स्वदेशी संस्कृति छ र स्वदेशी धार्मिक सम्प्रदायहरू छन् । विविधताभित्र धार्मिक सहिष्णुताका साथै एकताको स्वदेशी इतिहास छ । बालागुरुले त्यसैमा इँटा थप्ने कार्यहरू गरेको देखिन्छ । तर आज स्वदेशी सभ्यता मिश्रित बन्दै क्रमशः नेपालबाटै लोप हुँदै गइरहेकोमा पीडा हुन्छ ।

## सामाजिक पुनर्जागरण :

बालागुरु षडानन्दबाट वि. सं. १९४० बाटै अरुण उपत्यकामा सतीप्रथा अन्त्य र दासप्रथा अन्त्यका लागि व्यावहारिक प्रयास भएको देखिन्छ ।

### (क) दलितप्रथा :

डा. जगमान गुरुङका अन्तर्वार्ताहरूमा हिन्दू धर्मको प्राचीन समयका वेद, पुराण र शास्त्रहरू केलाउँदा जातपातको कुरा लेखेको देखिँदैन । मनुस्मृतिभन्दा पहिले लेखिएको श्रीमद्भगवद्गीतामा पनि जातको कुरा छैन ।

त्यहाँ वर्णको व्यवस्था छ । 'चातुर्वर्णमया सृष्ट्वा गुणकर्म विभागस' अर्थात् जुन व्यक्तिको गुण जे छ त्यसको कर्म त्यही हो । गुण र कर्मको आधारमा ४ वर्ण मैले सृष्टि गरेको हुँ । ब्राह्मण कुलमा जन्मे पनि ब्राह्मणोचित गुण नभए क्षत्री हुन सक्छ । वैश्यको जस्तो गुण भए कर्मले वैश्य हुन्छ । शूद्रको कुलमा जन्मे पनि ब्राह्मणोचित गुण भए ब्राह्मण हुन्छ भनिएको छ । विस्तारै पछि यही व्यवस्था जातजाति प्रथामा परिणत हुँदै गयो । 'हिन्दूजातिको उत्थान र पतन' ग्रन्थमा डा. रजनीकान्त शास्त्री (ज्योतिषाचार्य) ले लेखे अनुसार जति बेलादेखि हिन्दूहरूले वर्ण व्यवस्था छोडेर जातजाति व्यवस्थामा समयक्रम र सामाजिक परिवेशअनुसार परिवर्तन भयो, त्यसपछि हिन्दूधर्मको पतन सुरु भयो ।

डा. गुरुङ उल्लेख गर्नुहुन्छ, "वेदमा ब्रह्माका मुखबाट ब्राह्मण, पाखुराबाट क्षत्री, उदरबाट वैश्य र तिघ्राबाट शूद्र उत्पत्ति भएको भनी वेदका मन्त्रको आजभोलि गलत व्याख्या गरिएको छ । हिन्दू समाजलाई पतनको दिशामा लगिदैछ । त्यो अल्पज्ञानको कारण भएको हो । त्यस मन्त्रको त्यस्तो अर्थ छैन । ब्राह्मणको काम मुखबाट बोल्नुपर्ने हो । क्षत्रीको काम पाखुरीको वलले शासन चलाउने र देशको रक्षा गर्ने भनिएको हो । वैश्यको काम वाणिज्य (व्यापार) मा लाग्ने हो । शूद्रको अर्थ समाजको गतिशीलता हो । गतिशील हुन टाउको टेकेर हुँदैन । खुट्टा चाहिन्छ । अर्थात् जसले सेवाको कार्य गर्दछ, ऊ कर्मले शुद्र हो भनिएको छ । कोही शूद्र कुलमा जन्मेर पनि शिक्षक भए, तालिम दिने र ज्ञान बाँढ्ने भए भने उसलाई ब्राह्मण भन्न सकिन्छ । आजभोलि धेरै जनजाति र दलितहरू पनि प्रोफेसर (अङ्ग्रेजीमा), प्राध्यापक, शिक्षक र शिक्षाविद् बनेका छन् । उनीहरूको पद उपाध्याय वा ब्राह्मण पद हो र कर्म हो । तर उपाध्याय बाह्मणको छोरा परिचर वा कार्यालय सहायक बनेको भए ऊ शूद्र हो । जन्मना जायते शूद्र कर्मणा द्विज उच्यते । यो शास्त्रको मत हो ।"

वैदिक कालमा ब्राह्मण-क्षत्रीले पनि मासु खाएको देखिन्छ तर केको मासु उल्लेख छैन साथै सोमरस पिएको देखिन्छ । किनकि सिकारी युगमा तथा पाषाण युगमा मासु खानुको विकल्प थिएन । उनीहरू सभ्य भइसकेका थिएनन् । उनीहरू विवाह गर्दा समागमी थिए । जस्तै ब्रह्मा र छोरी सरस्वतीको समागम प्रसङ्ग देखिन्छ । त्यो अमैथुनिक थियो । आज मैथुनिक वा शारीरिक समागम हुन्छ । आज त्यसलाई हाडनाता विवाह अपराध वा हाडनाता करणी भन्दछौँ । तर देश, काल, वातावरण, समय र सामाजिक व्यवस्थामा परिवर्तन हुँदै जाँदा शैक्षिक चेतनाको लहरसँगै उनीहरू सभ्य, अनुशासित र नैतिकवान् भए । खान पनि छोडे । हाडनाता विवाह पनि छोडे । तर आज जसले खान्छ वा पिउँछ, ऊ शास्त्रीय मतमा शूद्रसरह मानिन्छ । सभ्य बन्नुपर्दछ भन्ने मत देखिन्छ । वैदिक कालमा ब्राह्मण-क्षत्रीले सोमयाग वा सोममद्य प्रयोग गर्दथे । आज दूध र

पानीलाई मद्यका रूपमा प्रयोग गर्दछन् । तर केही जनजाति र शूद्रहरू मद्यपान अर्थात् रक्सीजन्य पदार्थ प्रयोग गर्दछन् । यी कर्ममा देखिन्छन् । चेतनाको कमीले भएका हुन् । समयक्रममा धर्म, अनुशासनमा कडिकडाउपन र आचारसंहिता जस्ता सामाजिक कानुन निर्माणपश्चात् उनीहरू सभ्य भए । तर जनजाति, दलित, लोपोन्मुख वर्ग आदि अझै पछाडि देखिन्छन् । सुधारोन्मुखतर्फ लाग्नु उचित देखिन्छ । दर्जी वा विश्वकर्माको छोरा शिक्षक भयो भने ब्राह्मण भयो भनी सकारात्मक दृष्टिकोण राख्नु र व्यवहारमा उतार्नु जरुरी छ । सरकारले कडा कानुन बनाई थर वा जात हटाएर वर्ण मात्र राख्न दिने हिम्मत गर्ने हो भने १५-२० वर्षपछि दलित शब्दको जरो नै ढलिसक्नेछ ।

राज्यहरू एकीकरणका क्रममा विजयी राज्यले हार्ने राज्यका जनतालाई कमारा, कमारी, दास, दासी, मजदुर, तल्लो जात, दलित आदि बनाइदिए । विचरा उनीहरूको नयाँ राज्यमा पहुँच पुग्न सकेन । शिक्षाको अभाव, हातमुख जोड्न पनि बाध्यता, शक्तिको अभाव, गरिबी, हेपिएर वा दबिएर बाँच्नुपर्ने बाध्यता आदिका कारण पिछडा वर्ग, दलित वर्ग, गरिब वर्ग आदिमा रूपान्तरण हुनुपर्‍यो । सम्भ्रान्त वा सामन्ती वर्गकाले तल्लो वर्गकालाई उनीहरूमाथि गरिने यौनशोषण तथा बलात्कार आदिको प्रतिकार गर्दा पनि दलित कहलाइदिए । दलितको सङ्ख्या क्रमशः बढ्दै गयो । शासकले मन परे माथिल्लो वर्गमा चढाई जात बढाइदिने र मन नपरे जात घटाइदिने आदि अनेकौं घटना-दुर्घटना भए । यो राज्य एकीकरणको नियति मात्र हो । जुन जात वा धर्मले राज्यमा शासन गर्दछ, त्यसैका चाड, पर्व, सोच, विचार वा शास्त्रीय मत लाद्ने कार्य हुन्छ, यो केवल राज्यको व्यवहार मात्र हो । अर्को जातले शासन गरे फेरि अर्कोले पनि उही व्यवहार दोहोर्‍याउँछ । नेपालमा वा विश्वका राज्यमा घट्ने यी स्वाभाविक राजनीतिक घटनाहरू मात्र हुन् ।

विश्लेषण गर्न सकिन्छ कि आजभन्दा २३०० देखि २६०० वर्षअघि लेखिएको मनुस्मृतिले हिन्दू समाजमा विभाजन गर्‍यो । पछि जयस्थिति मल्लका पालामा ४ वर्ण ६४ जातमा विभाजन गरी खाडल अझै फराकिलो बन्दै गयो । पृथ्वीनारायण शाहको पालामा जया नर्गची, बिसे नगर्ची, मनिराम गन्धर्व, झागल गुरुङ आदिले एकीकरणमा अतुलनीय योगदान गरेको देखिन्छ । शाहले ४ वर्ण ३६ जातको फूलबारीले सम्बोधन गरेको देखिन्छ । एकीकरणमा समय खर्चदा जातजाति प्रथामा ध्यान पुगेको थिएन । सही वा गलतमा ध्यान गएन । तर जङ्गबहादुर राणाले घोषित मुलुकी ऐन, १९१० ले समाज विभाजित हुँदै गएको मतान्तर सुनिन्छ । कारण पछिल्लो चरणमा छपाइएको मनुस्मृतिलाई आधार लिएको देखिन्छ । इस्ट इन्डिया कम्पनीका कर्मचारी मेक्समुलरले संस्कृत ज्ञानको अभावमा तथा भारतीय धर्म, मूल्यमान्यता र संस्कृतिमाथि प्रहार गर्न

कतिपय वैदिक ग्रन्थहरूमा अङ्ग्रेजीमा छपाउने क्रममा केही फेरबदल भए वा ग्रन्थहरू तोडमोड गराइए । तोडमोडको उद्देश्य थियो हिन्दूस्थानमा अङ्ग्रेजको निरन्तर दबदबा कायम राख्नु र शासनसत्ता कब्जा गर्नु । तसर्थ पूर्वीय दर्शनका सक्कली वैदिक ग्रन्थहरू आज भारतमा मात्र नभएर नेपालका पनि प्रज्ञाप्रतिष्ठान र प्रतिष्ठित पुस्तकालयहरूबाट गायब भएको देखिन्छ । बजारमा आज सार फेरबदल भएका ग्रन्थबाट प्रतिलिपिहरू छपाइएका ग्रन्थहरू मात्र देखिन्छन् । तसर्थ आज पूर्वीय दर्शनका वेद, रुद्री, रामायण, महाभारत, मनुस्मृति, मुलुकी ऐन, त्रिपिटक, मुन्धुममा आधारित लिखतहरू आदि अशुद्ध भए, जसकारण जातीय द्वन्द्व, भाषिक द्वन्द्व, धार्मिक द्वन्द्व आदिको भासमा पूर्वीय संस्कृतिका नेपाललगायत देशहरू फसिसकेका छन् ।

आज हाम्रा ग्रन्थहरू शतप्रतिशत सक्कली छैनन् । विषाक्त ग्रन्थमा भर पर्ने दिन आएका छन् । यहाँका भाषा, धर्म र संस्कृतिहरूमाथि क्रमशः प्रहार हुँदै कछुवाको गतिमा ध्वस्त हुँदै गइरहेको आभास हुन्छ । सक्कली ग्रन्थहरू खोजी गरी छपाउने मात्र कार्य गर्ने व्यक्ति महान् बन्ने अवस्थामा पुगेका छौँ । पाश्चात्य लेखकहरूबाट छपाइ भएका डेढ-दुई सय वर्षअघिका ग्रन्थको भर पर्नुपर्ने बाध्यता वा विवशता अनि त्यसै आधारका मात्र विश्वविद्यालयका शोधपत्रहरू प्रकाशन हुनुका कारण नेपालजस्ता राष्ट्रहरू गृहयुद्धतर्फ भासिँदै जाँदैछन् ।

त्यसै गरी तल्लो वर्ग मानिएका आमाहरूबाट जन्मनेमा परासर ऋषिकी आमा चण्डालिका, वशिष्ठ मुनिकी आमा वेश्या, नारद ऋषिकी आमा कमारी, भारद्वाज ऋषिकी आमा शूद्रिनी र विश्वामित्रकी आमा क्षत्रिनी हुँदा पनि उनीहरू ब्रह्मज्ञानका कारणले ज्ञानी हुँदा उनीहरूका माता पनि सम्मानित देखिन्छन् । विश्वकर्मा पौराणिक युगका महान् आविष्कारकर्ता, शिल्पशास्त्रका मर्मज्ञ र महान् वैज्ञानिक मानिन्छन् । सूर्यकी पत्नी सङ्ज्ञा उनकै छोरी थिइन् । विश्वकर्माले देवताका लागि विमान र दानवकुलको बसोवासका लागि लङ्कामा स्वर्णदरबार निर्माण गरेको देखिन्छ । उनीलाई ब्राह्मणहरू पनि पूजा र सम्मान गर्दछन् । तसर्थ वैदिक ज्ञान वा तथा व्यवहारबाटै मानव सम्मानित बन्न सकिन्छ भन्ने सन्देश उल्लिखित आमाहरूबाट जन्मिएका ऋषिबाट पनि प्राप्त गर्न सकिन्छ । आजभोलि पनि हाम्रो गाउँघरमा काठमाडौँका मन्दिरका नेवार पुजारी, मनकामनाका मगर पुजारी तथा गाउँघरमा विश्वकर्मा, चर्मकार वा दर्जी धामीहरूले मन्त्रले फुकेर दिएको चामल वा औषधि सेवन गरी छोराछोरी जन्माउने तथा रोग निको पार्ने चलन ब्राह्मण-क्षत्रीले गरिराखेका देखिन्छन् । कुनै मन्दिरमा पुजारी दलित छन् र ब्राह्मण-क्षत्रीले मानेका छन् । कतिपय ठाउँमा दलितले होटलहरू चलाइराखेका छन् र ब्राह्मण-क्षत्री पनि आएर खाएका देखिन्छन् । तसर्थ राजनीतिक प्रतिशोधका कारण पनि छुवाछुतको चलन

समाजमा चलेको देखिन्छ । देशको राजनीतिक सोच र समाजको सोचमा परिवर्तन आउनु जरुरी देखिन्छ। त्यसैले देवकोटाले सायद यसै कारणबाट रचना गरेका थिए, “मानिस ठूलो दिलले हुन्छ जातले हुँदैन ।”

डा. गुरुङका अनुसार “दलितको समस्या समाधान गर्न विद्रोहले मात्र पुग्दैन । सरकारले दलित र जनजातिलाई पनि ‘हलो समात्ने होइन, कलम समात्ने हिम्मत गर’ भनी छात्रवृत्ति, ६० वर्षदेखिका वृद्धवृद्धालाई सामाजिक सुरक्षा भत्ता, सबै क्षेत्रमा आरक्षण, समावेशिता आदि कार्यक्रमहरू सुरु गरेको छ । जनजाति र दलितका पहँचमा वृद्धि गरेको देखिन्छ । सामाजिक चेतना, स्वास्थ्यप्रतिको चेतना, आर्थिक समृद्धि, सरसफाइमा ध्यान, सकारात्मक सोचको विकासले यी समस्या समाधानतर्फ लाग्दछन् । सरकारी कानुन र दैनिक व्यवहारमा सुधार हुन सके आज सुधारोन्मुखतर्फ लागेको समाजमा रूपान्तर अवश्य पनि सम्भव देखिन्छ । वास्तवमा दलितहरू शिल्पकार, प्राविधिक, कलाकार र वैज्ञानिक हुन् भन्ने सकारात्मक सोच व्यवहारमा उतार्नु नै दलित समस्याको समाधान प्रमुख साधन बन्न सक्दछ ।”

बालागुरुले पानी नचल्ने, दलितपन र छुवाछुतको व्यवहारमा न्यूनीकरणका लागि सुरुवात हटिया मेला, शतबीज मेलामा सहयात्रा, अन्य यज्ञादिहरूमा सहभागिता तथा विद्यालय सबै जातजातिलाई खुला जस्ता शैक्षिक चेतनाको विगुलमार्फत गराउने प्रयास भएको देखिन्छ । दलितलाई पनि पढ्न, पूजा गर्न, हटिया भर्न र पुराण सुन्न आदिमा विभेद गरिएको थिएन । तर सायद पढेलेखेका दलित नभएका कारणले होला शिक्षक बन्ने र पुराणहरू भन्ने अवसर पाएका थिएनन् । षडानन्द आफै संन्यासी भएकाले पनि जातजाति प्रथा मान्ने कुरा नै थिएन । तर पढाइका कुरा, जप, ध्यान र योगसाधनाका कुरा त के ब्राह्मण-क्षत्री वा के दलित सबैलाई आवश्यक पर्दछ ।

अरुण उपत्यका क्षेत्रमा रहेका कतिपय जात, समुदाय तथा धर्ममा प्रचलित गलत संस्कारहरू छुवाछुत, श्राद्धमा बिरालो बाँध्ने, सुनौली-रूपौली परम्परा, सतीप्रथा, दासप्रथा, कतिपय जातमा भाउजू देवरले ब्यहोर्ने, कतिपय जातमा सोल्टिनीसँग विवाह गर्ने अधिकार, साटी विवाह, जारीविवाह आदिले प्रत्यक्ष र अप्रत्यक्ष प्रभाव परेको थियो । बालागुरु तथा पाठशालामार्फत् शैक्षिक चेतनाको कारण उक्त संस्कारहरूमा न्यूनीकरण हुँदै गएको वा सुधार हुँदै गएको थियो भनी विश्लेषण गर्न सकिने आधारहरू देखिन्छन् । पाठशालाको सुरुवातसँगै सतीप्रथा र दासप्रथा अन्त्य गर्ने प्रयास भए, जसबाट आजभोलि भनिने बाल अधिकार, मानव अधिकार, महिला अधिकार, स्वतन्त्रताको अधिकार, बाँच्न पाउने अधिकार आदि अधिकारहरूमा जागरण भएको थियो । अरुण उपत्यकाको समाज क्रमश: सुसज्जित र सभ्य समाज बन्दै गएको थियो भन्न सकिन्छ ।

**(ख) दासप्रथा :**

वास्तवमा Indus Valley civilization (सिन्धुघाटी सभ्यता, ई. पू. ३३०० बाट सुरु भई ई. पू. १३०० सम्म भएको) मा दासप्रथा थिएन । कर्णालीमा विकसित किरात सभ्यता अनि खस सभ्यता र त्यसपछिको आर्यसभ्यतामा पनि दासदासी प्रथा थिएन । भारततिर अरेबियन र टर्की मूलका मुगलको बिगबिगीसँगै दासप्रथा सुरुवात भएको थियो भने भारतमा अङ्ग्रेजको शासन समयमा उत्कर्षमा पुगेको देखिन्छ । तर कालान्तरमा भारतीय जनताको आन्दोलनको फलस्वरूप अङ्ग्रेजकै पालामा हटेर गएको थियो । बाँकी विश्वका प्रायः सभ्यताहरूमा दासप्रथा देखिन्छ । इन्दुस भ्याल्ली सभ्यता क्षेत्र पाकिस्तान र अफगानिस्तानको सिमानामा पर्दछ । इरानी भाषामा ह नहुने भएकाले हिन्दूको ठाउँमा स प्रयोग भई सिन्धु भएको देखिन्छ, जुन सभ्यता आजभन्दा करिब ५,५०० वर्षअघितिरबाट विकसित भएको थियो । सिन्धु उपत्यकामा २ वटा सभ्यता मोहनजोदारो र हरप्पा विकसित भएको देखिन्छ । यस ठाउँमा युरोपबाट इरान हुँदै आएका आर्यले विजय गरेर आर्यहरू मालिक भए तर त्यहाँ शासन गर्ने अस्ट्रिक र द्रविडहरू कमारो, दास, दासी अथवा दलित बने भन्ने इतिहास देखिन्छ । तर त्यहाँ हिमवत्खण्ड वा कर्णाली प्रदेश उपल्लो क्षेत्रतिरैबाट आर्यहरू उक्त क्षेत्रतिर गएका थिए भनी योगी नरहरिनाथले मल्ल राजाको मात्रै ४३ पुस्ताको इतिहास प्रमाणसहित खोतल्नुभएको उल्लेख छ ।

मानसखण्ड, मानसरोवर खण्ड, तिव्बत तथा नेपालको कर्णाली उपल्लो क्षेत्रमा मानव उत्पत्ति भएको प्रमाण तिब्बतमा पाइएको १ करोड १० लाख वर्ष अघिको मानव अवशेष देखिन्छ । नेपालमा बुटवलको तिनाउ नदी किनारामा १ करोड १० लाख वर्षअघिको रामापिथेकस मानव अवशेष फेला परेको छ । महोत्तरीको पटुमा पाइएको १ करोड १० लाख वर्षअघिको मानव अवशेषले पनि प्रमाणित गरिसकेको छ । वेद र पुराणहरूले पनि प्रमाणित गरिसकेका छन् । जस्तै खसहरू युरोपको ककेसियाबाट मध्यएसिया हुँदै खसघर, कसघर, क्यापियन, कास्मीर हुँदै खसान प्रवेश गरेको इतिहास युरोपेली र पश्चिममुखी इतिहासकारले लेखिदिएको बुझ्नु आवश्यक छ । बरू यहाँबाट तत्तत् ठाउँ हुँदै युरोप पुगेको देखिन्छ, किनकि मानव उत्पत्तिस्थान यही नेपालखण्ड हो । जस्तै क्यास्पियन, सियरालिओन, जर्जिया आदि देशहरूमा नेपालका खस केटीहरूसँग मिल्दा छोरीमानिस देखिन्छन् । कतिपय शब्दहरू पनि मेल खान्छन् किनकि यही भूभागबाट गएका हुन् भन्न सक्नुपर्दछ । मानसखण्डबाट आर्यहरू पूरै युरोप, अमेरिमा र अन्य ठाउँ फैलिएको बलियो प्रमाण योगी नरहरिनाथले पनि दिएको अडियो रेकर्डहरू भेटिन्छन् । तर केही आर्यहरू १३ औँ र १४ औँ शताब्दीतिर नेपालको कर्णाली प्रदेशतर्फ मुगल आक्रमणबाट बच्न प्रवेश गरेको पनि सत्यता

हो । पहिलेका अशिक्षित, गरिब र कमजोर रैथाने आर्यहरू यहीँ बसेका थिए । फेरी यहीँबाट गएर इन्दुस भ्यालीतिर र गङ्गामैदानतिर बसेका शिक्षित र टाठाबाठा आर्यहरू पनि मुगल आक्रमणको कारण पुनः फर्केर आउन बाध्य भई आफ्नो पितापुर्खाको थलो कर्णाली प्रदेशतर्फ प्रवेश गरेको देखिन्छ । अर्को टाठोबाठो आर्यसमूह इरान, इराक हुँदै ककेसियातर्फ प्रवेश गरेको देखिन्छ । योगी नरहरिनाथबाट यो इतिहास खुलासा भएको देखिन्छ ।

यो इतिहास पाश्चात्य इतिहासकारलाई पाच्य हुन सकेन । योगी नरहरिनाथले ६०० ग्रन्थहरू प्रकाशन, २८ वटा भाषामा प्रकाशन र १२९ कोटि होम पनि गरेको देखिन्छ । त्यही भएर योग नरहरिनाथका १८-२० धोक्रा पाण्डुलिपि र अभिलेखहरू तत्कालीन पञ्चायती व्यवस्थामा नेपालको ठूलो पाटी तथा विदेशी दबाबमा आगो लगाई नष्ट गरिएको कुरा आज पनि योगी नरहरिनाथसम्बन्धी अडियो, ग्रन्थ र अन्तर्वार्ताहरूमा भेटिन्छ । नेपालले विश्वलाई इतिहास दिएको छ र इतिहासको पुनर्लेखन गर्नुपर्नेसमेत उनले उल्लेख गरेका थिए । तर विडम्बना, नेपालमै उनी घर न घाटको बन्नुपर्‍यो । उक्त घटनाहरू नेपाली इतिहासकारले पनि गहन अध्ययन गर्नुपर्ने देखिन्छ ।

आर्यहरू इरान (आर्यन), इराक (आर्यक), अरब (आर्यव, आर्यप), सिरिया (आर्या), अर्मेनिया (आर्या) हुँदै नेपालको कर्णालीतर्फ प्रवेश गरेको भनी कि त ज्ञानको अभावमा लेखिएको देखिन्छ वा कि त २०० वर्ष हाराहारीका पाश्चात्य साहित्यलाई बढावा दिन लेखेको देखिन्छ । भगवान् रामको मूर्ति रामसारमा फेला पर्नु, इरानमा फेला पर्नु आदिले यस भारतवर्षबाटै इरान, इराक, अरब आदि देशतर्फ मानव गएको प्रमाण दिन्छ । Indus valley तिरबाट त मुगल शासकको आक्रमणको कारण प्रवेश गरेका नगन्य खस र आर्यहरू मात्र थिए । नेपालका कर्णाली प्रदेशको खस सभ्यता तथा आर्य सभ्यता, बागमती सभ्यता, खुम्बु क्षेत्रका सभ्यता, कौशिकी सभ्यता र गण्डकी सभ्यताहरू Indus valley सभ्यताभन्दा अघि नै विकसित सभ्यताहरू हुन् भन्ने बुझ्नु जरुरी छ । Indus valley मा हिन्दू सभ्य भएका भए कर्णालीको विकट पाखातिर किन लाग्दथे ? valley का धानका फाँट छोडेर, कोदो, मकै, फापर खान आएका हुन् त कर्णालीमा ? मकैबारीका बाँदर रुङ्न आएका होलान् त ? सभ्य भएको मानिस त अझै सभ्य ठाउँमा जान्छ ? विकटमा आउँदैन । यो पक्कै होइन भन्ने अनुमान सामान्य मानिसले पनि गर्न सक्दछ । तसर्थ इन्दुस भ्याली सभ्यताका हिन्दूहरू छुट्टै संस्कारका देखिन्छन् । कर्णालीतिरैबाट धानका फाँटहरू खोज्दै त्यता गए किनकि त्यति बेला किसान काल वा पशुपालन समय थियो । कैलाश क्षेत्र वा उपल्लो कर्णाली क्षेत्रतिर प्रवेश गरेका होइनन्, बरू त्यहाँबाट तराई फाँट अनि नदीका ब्याँसीतिर झरेका हुन् । सहरबजारतिर पसेका हुन् । कठ्याङ्ग्रिने

जाडोबाट गर्मी क्षेत्र झरेका हुन् किनकि अहिलेको जस्तो बाक्ला ज्याकेट र छानी-छानी लगाउने स्वीटर र लुगाकपडा थिएनन् । गर्मीमा त्यसै लुगा नलगाई अर्धनग्न बसे पनि फरक नपर्ला । तसर्थ नेपालका आर्यहरूको छुट्टै र अझै विकसित संस्कारका रहेका सङ्केत देखिन्छन् । तर पछि सम्मिश्रण वा अन्तर्घुलन भएको मात्र हो भन्ने बुझ्नुपर्ने देखिन्छ ।

पुराणले पनि मानसखण्डबाटै सभ्य हुने क्रममा मानव विश्वभरि फैलिँदै गएको हो भन्ने प्रमाण दिन्छ । आर्यावर्त भूमिले पनि यसै भूभाग केन्द्रविन्दु बनाई आर्य वा हिन्दूहरूले सभ्यता विकास गरेको हो भन्ने थप प्रमाण दिन्छ । हाम्रो बानी आफ्नो इतिहास खोतल्ने नभई अरूले लेखिदिएको सार्ने वा त्यसैमा झिँगाटसाइ गर्ने भएकाले नेपालको मौलिक इतिहास गायब भएको छ र बचेखुचेका पनि गायब हुँदै गइरहेको देखिन्छ । यो हाम्रो कमजोरी हो । नेपालमा किरात सभ्यता, खस सभ्यता, आर्य सभ्यता, मगरात सभ्यता, नेवा (नेवार) सभ्यता, थारू सभ्यता, खम्बुवान् सभ्यता, लिम्बूवान् सभ्यता, गण्डकी सभ्यता, बागमती सभ्यता, कौशिकी सभ्यता आदि आफ्नै विशिष्ट र गर्विला पहिचान सहितका सभ्यता देखिन्छन् । पछिल्लो चरणका बढीमा ३०० वर्ष हाराहारीका विदेशी साहित्यकारहरूका ग्रन्थमा थोरै मात्र भर परौँ । वर्तमान नेपाल, भारत वा तिब्बत खण्डका ग्रन्थहरूका आधारमा अध्ययन तथा अनुसन्धान गर्नु उचित हुनेछ । यस्ता इतिहासहरू संस्कृत साहित्य, पाली भाषा-साहित्य, तिब्बती भाषा-साहित्य वा हिन्दीमा देखिन्छन् । धेरै संस्कृतमा लेखिएका छन् । बालागुरु, योगी नरहरिनाथ, खप्तड स्वामी, डा. चन्द्रकुमार सेर्मा, डा. जगमान गुरुङ, जगद्गुरु मोहनशरण आदिजस्ता गुरुहरू संस्कृत साहित्यको अध्ययनले मात्र जन्माउँछ । षडानन्द पाठशालाजस्ता शिक्षालयहरूको नेपालमा महत्त्वपूर्ण देन देखिन्छ ।

विगत इतिहासमा बच्चा, युवा, बुढाबुढी वा सबैलाई दास बनाएको देखिन्छ । उनीहरूलाई बँधुवा मजदुरका रूपमा राखिने र जन्मने बच्चा पनि आमाको पेटमै दास भइसक्थ्यो । साहु वा मालिकको ऋण (loan) चुकाउन नसक्ने परिवारका सबै सदस्य पनि दास हुन्थे । मालिकले २ पटक आधा पेट मात्र खान वा बाँच्नका लागि मात्र खान दिएर काम लदाउँथे । कति काम गर्ने र कति पुस्तासम्मले गर्नुपर्ने कामको सीमा थिएन । मालिकको इच्छाले खुसी भई जहिले छोड्थे अनि मात्र दास मुक्त हुन्थे ।

चीनमा आठौँ शताब्दीतिर दासप्रथा देखिन्छ । युरोपियनले अफ्रिकाबाट काला जातिलाई युरोप र अमेरिकाको बजारमा साङ्लाले बाँधेर पुऱ्याएर बेच्थे । जति बढी बलियो, मोटो, तिघ्रे र काम गर्न सक्ने वा स्वस्थ हुन्थ्यो, त्यति बढी मोलमा बिक्री हुन्थ्यो । युरोपका बेलायत, स्पेन, पुर्तगाल आदिले अफ्रिकाबाट काला मानिसलाई पानीजहाजमा load गरेर महिनौँसम्म पनि लगाएर USA,

Mexico, South American countries मा लग्थे । नमानेमा जहाजभित्रै बलात्कार गर्ने, अङ्गभङ्ग गर्ने, शीलभङ्ग गर्ने वा मारेर आन्ध्र महासागरमा फालिदिने गर्दथे ।

भारतमा मुगलको बिगबिगीसँगै प्रचलित भए तापनि अङ्ग्रेजले पनि बढवा दिए । यही गलत प्रथा नेपाल पनि छिरेको थियो । पछिल्लो चरणमा भारतमा अङ्ग्रेजहरू यसलाई बन्द गर्न बाध्य भई बन्देजको कानुनी घोषणा गरेका थिए । बालागुरुले पनि अरुण उपत्यकामा दासप्रथा अन्त्य गर्ने वि. सं. १९४० को दशकबाटै प्रयास सुरु गरेको देखिन्छ । तथापि विश्वका विभिन्न देशहरूमा जस्तो फलामको साङ्लाले बाँधेर मानिस बेचबिखन गर्ने, अति बलात्कारको सिकारमा पर्ने तथा अति धेरै उत्पीडनको सिकारचाहिँ नेपालमा थिएन होला भन्ने लाग्दछ ।

**(ग) बलिप्रथा (पशुबलिप्रथा) :**

पौराणिक ग्रन्थमा 'अज' ले बलि गर्नु भनिएको छ । अजको अर्थ तीन-चार वर्षभन्दा पुरानो धान वा अन्न हो, जो बिक्री गर्दा बिक्दैन । खाँदा स्वाद छैन, उमार्दा उम्रदैन । यसको उपयोग बलिका लागि गर्नु वा खेर नफाल्नु भन्ने मनोविज्ञान लुकेको देखिन्छ, तर पछिल्लो चरणमा अजको अर्थ बोका लगाए । त्यसपछि बोका मात्र नभई राँगा, पाठी, हाँस, कुखुरा, भेडा, घोडा आदि काट्दै बलि चढाउँदै आएको विकृत इतिहास भेटिन्छ । जे भेट्टायो काटेर बलि दिने । हुँदैहुँदै नरबलिजस्ता कुप्रथा पनि थिए रे ।

स्कन्दपुराणमा स्वर्गमा वशु राजालाई इन्द्रले केले यज्ञ गर्दा उचित हुन्छ भनी सोद्धा 'अज' ले भने । अजको अर्थ के भन्दा 'पशु' भन्नासाथ वशु राजा पृथ्वीमा खसेका थिए र दोस्रो जन्म उनले लिनुपरेको थियो भन्ने प्रसङ्ग छ । अजको अर्थ पशु (बोका) वा धान्य (३-४ वर्ष पुरानो अनाज वा धान) हो । तसर्थ बोका, पाठी वा पशुले होइन धान्यले यज्ञ गर्नु उचित हो भन्ने प्रसङ्ग देखिन्छ । तसर्थ 'अहिंसा परमो धर्म' भन्ने देखिन्छ हिन्दू धर्ममा । 'मद्येन अजेन' को अर्थ धान्यले यज्ञ गर्नु भनिएको हो । पहिले दसैंमा सेतो टीका लगाइन्थ्यो । तर किरातहरूमा रातो रगत मिसाएको टीका लगाउने चलन थियो । दुर्गालाई बलिपशु चढाएको रगतमा मुछेर ब्राह्मणले टीका लगाएको होइन । तर अरेबियनले रातो रङ्ग निकालेपछि भारतबाट रङ्ग आएसँगै दसैंमा राम्रोका लागि रातो टीका लगाउने चलन बसेको देखिन्छ ।

बालागुरुले बलिप्रथा गलत छ भनी हटाउन प्रयास गरेको देखिन्छ । दिङ्लाका अधिकारीहरू र गौतमहरूको देवालीमा बोका काटेर देवालीपूजा गर्ने चलन हटाएको देखिन्छ । श्राद्धको दिन पुजारीलाई बोका काटेर खुवाउने वा मासु प्रयोग बर्जित गरेको पनि देखिन्छ । उक्त प्रभाव जनजातिमा पनि परेको थियो ।

पशुबलिका बारेमा वेदमा र भागवत्मा पनि उल्लेख छ । सृष्टि गर्नुपहिले दक्षप्रजापतिको यज्ञमा बलिपशु ल्याएको उल्लेख देखिन्छ । वेदमा उल्लेख छ :

आब्रह्माघोषोर्जित यज्ञवैशसं, विप्रर्षिजुष्ट विबुधैश्च सर्वश ।

मृद्दावर्य: काञ्जनदर्भचर्मभि–निसृष्ट भाण्डं यजनं समाविशत ॥६॥

'यज्ञवैशसं' को अर्थ बलि र 'भाण्डं' को अर्थ बलिपशु हो । जब सतीदेवी दक्षप्रजापतिको घरमा आएर यज्ञस्थलमा प्रवेश गर्दा, सबै ऋषिहरू, ब्राह्मणहरू, देवताहरू र अनेकौं बलिपशुहरू थिए । साथमा माटो, पत्थर, सुन, कुशपात्र, चर्मपात्र आदि बनेथे, जसको यज्ञमा आवश्यकता पर्दथ्यो । अर्थात् त्यहाँ बलिका पशु थिए । उस बेला बलिका पशु हुन्थे । यसको अर्थ काटमार गरेर चढाउन वा मासु खानका लागि होइन ।

ठूलाठूला ऋषिहरू र ज्ञानीपुरुष यज्ञसिद्धिको सफलताको अनुभव परीक्षण (test) बलिपशुमा गरिन्थ्यो । उक्त पशुले ब्राह्मण मन्त्रको सिद्धिद्वारा नयाँ जीवन (New Life) पशुहरूले प्राप्त गर्दथे । जस्तै आधुनिक विज्ञानका डाक्टरले बिरामीलाई अस्पतालमा चेक वा टेस्ट गर्छ । टाउको वा पेट चिरफार गर्छ । चक्कुले काट्छ । सिरिन्जले रोप्छ । पट्टीले बाँध्छ । सियोले सिउँछ । त्यसपछि बिरामीले उपचार पाउँछ । निको हुन्छ । डाक्टरको सिद्धान्त (मन्त्र) सफल भयो वा भएन थाहा पाउँछ । सफल नभए चिरफार वा अपरेसनपछि बिरामीको मृत्यु हुन्छ । उपचार सफल भए बिरामीले नयाँ जीवन पाउँछ । बलिको अर्थ उपहार वा दान । उसै गरी यज्ञको बलिपशुको यज्ञको भाग भगवान्ले उसै बेला लिएर जानुहुन्थ्यो । तसर्थ बलिपशुलाई काटेर देवीदेवतालाई चढाउने भनेको छैन । अर्थ गलत लगाइएको छ । बलिपशुहरू वैदिक मन्त्रद्वारा परीक्षण भई नवजीवन प्राप्त गर्थे भनिएको छ ।

मत्स्यपुराण (अध्याय १४३), "पशुहिंसा गर्नु हुँदैन, हिंसा धर्म होइन ।" गरुडपुराणमा पशुहिंसा गर्ने जीवनभर दरिद्र, मलीन, रोग र शोकमा रहनुपर्दछ भनिएको छ । देवयज्ञ, पितृश्राद्ध र यज्ञादि कर्ममा पशु हिंसा गर्ने नर्कमा जान्छ र परिवारलाई पनि नर्कमा पार्छ भनिएको छ । जीव हिंसा गरेमा र परिवारसहित मासु खाएमा पशुको शरीरमा भएको रौं बराबर असीपत्र नामक नरकमा पर्छ भनिएको छ । वेदमा घोडा, गाई, उट, २ खुट्टे पन्छी आदिमाथि हिंसा नर्गनु भनेको छ । महाभारतको शान्तिपर्व २७१ मा यज्ञादि कर्ममा पशुहिंसा निन्दनीय छ भनिएको छ । वैदिक धर्म सम्पादन गर्न दक्षप्रजापतिले 'यज्ञार्थ वइ पशव: श्रेष्ठा' भनी जीवकर पशु सृजना गरेको वा नयाँ जीवनमा परिवर्तन गरेको देखिन्छ । यसबाट बलिप्रथा शास्त्रीय नभई अशास्त्रीय हो भन्ने देखिन्छ ।

तर पनि काली वा भैरवलाई पशुबलि दिने चलन छ । श्रीकृष्णले जो मनुष्य आत्मा, स्त्री, पुत्र, लक्ष्मी र कुलको इच्छा मान्दै पशु हिंसा गर्छ, ऊ स्वयं

नाश हुन्छ भन्नुभएको छ । पछिल्लो चरणमा लेखिएको दुर्गापुराणले रक्तबलि दिनुपर्ने मान्यता राख्दछ । तर त्यो श्रावणी मन्वन्तरमा लेखिएको थियो । कलियुगमा त सात्विकी पूजा गर्नु भनिएको छ । तसर्थ नरिवल, कुष्माण्ड, कुश आदिको बलि कलियुगमा उत्तम हुन्छ भनी लेखिएको छ । तेस्रो मतलाई हेर्दा अश्वमेध यज्ञ, नरमेध यज्ञ, गोमेध यज्ञमा पशुबलि दिएको देखिन्छ । 'वैदिक हिंसा हिंसा न भवति' भनिएको छ । जस्तै राजाले निरपराधीलाई मार्ने आदेश दिए हिंसा मानिन्छ । तर अपराधीलाई मृत्युदण्ड दिए हिंसा मानिदैन । शास्त्रमा राज्य, गाई, परिवार आदि रक्षा गर्ने क्षत्रीले रक्षाको सिलसिलामा कसैको मृत्यु भए पाप लाग्दैन, ऊ त स्वर्गमा वास पाउँछ भन्ने उल्लेख छ । महाभारतमा दुर्योधनले समेत स्वर्गमा बास पाएको प्रसङ्ग देखिन्छ । रुद्रयामलतन्त्रमा 'ब्राह्मणेन सदादेयं कुष्ठमाण्ड वा सुराधीश छेदमनै तुकारेयत्' अर्थात कुभिन्डो, श्रीखण्ड, नरिवल आदि सिधै अर्पण गर्नु, काटेर वा फोडेर होइन भन्ने अर्थले पनि काटमार नगरी बलिका पशु सिधै अर्पण गर्नु र काटमार नगर्नु भन्ने सन्देश दिन्छ किनकि बलिपछि पशुले नवजीवन पाओस् । प्राचीनकालदेखि नै पशुबलि प्रसङ्ग भए तापनि समय, देश र कालखण्ड अनुसार कलियुगमा त सात्विकी पूजा गर्नु उत्तम छ भनेको देखिन्छ ।

सद्गुरु भन्नुहुन्छ प्रकृतिका वस्तुहरू एकमाथि अर्को निर्भर छन् । ज्यादै थकान भएको बेला मुखमा तिमीले बदाम हाल । बदामले सर्मपण गऱ्यो । तिम्रो शरीरले नयाँ ऊर्जा प्राप्त गर्दछ । तिमी नयाँ जीवन पाउँछौ । यो पर्यावरणीय चक्र हो । उपभोग गर्न बनेको वस्तु पनि हो । यसलाई सही वा गलत भन्नुभन्दा पनि तिमी आफूलाई परिवर्तन गर्ने कोसिस गर । अहिंसा परमो धर्मः ।

हिन्दूधर्ममा ४ मार्गहरू देखिन्छन् । ज्ञानमार्ग, भक्तिमार्ग, योगमार्ग र तान्त्रिक मार्ग । तान्त्रिक मार्गमा जादू, टुनामुना र तान्त्रिक मन्त्र सिद्धि गर्न पशुबलि वा नरबलि आवश्यक पर्दछ । उनीहरू मसानघाटमा समेत रातमा तप गर्न पनि तम्सन्छन् । तसर्थ कालीमाता, दुर्गामाता, कालभैरव आदिमा पशुबलि अर्पण गरी तन्त्रविद्या वा मन्त्रको सिद्धि गर्छन् । तसर्थ पशुबलि प्रथा सुरु भयो । यो पनि स्मरण गरौँ अश्वमेध यज्ञ गर्दा घोडाको मासुको बलि दिइँदैनथ्यो । यज्ञ गर्दा घोडा छोडिन्थ्यो, बरू हवनचाहिँ चरु प्रयोग गरेर हुन्थ्यो । ठूला चक्रवर्ती राजाहरूले यो यज्ञ गर्दथे, जस्तै सगर राजा, इन्द्र, युधिष्ठिर आदिले पनि गरेको देखिन्छ । गोमेध यज्ञमा गाईको मासुले होइन कि गोमेध रत्न प्रयोग गरेर सम्पन्न गरिन्थ्यो । साधारण मानिसलाई यो कुरा थाहा छैन । देखासिकी र ज्ञानको अभावको कारण पशुबलिको चलन चलेको देखिन्छ । तसर्थ बालागुरुले गरेको बलिप्रथा हटाउने र श्राद्धमा मासु वर्जित गर्ने चलन अन्त्यसँगै समाज सुधारको क्षेत्रमा गर्नुपर्ने उच्च र सम्मानित योगदानहरू देखिन्छन् । बालागुरु

षडानन्दले यसै भूमिमा आधुनिक युगमा भनिने बाल अधिकार, मानव अधिकार, महिला अधिकार, बाँच्न पाउने अधिकार, पशु अधिकार आदि अधिकारका लागि आवाज बुलन्द गरेको देखिन्छ, जुन जागरण वा पुनर्जागरणको प्रभाव नेपालभर तथा विदेशमा समेत अनुकरणीय भएका थिए ।

**आर्थिक जागरण तथा पुनर्जागरण :**

वि. सं. १९३० को दशकबाटै घुम्तीकोष अनौपचारिक रूपमा स्थापना भए पनि औपचारिक र सरकारी स्वीकृतिको आधारमा वि. सं. १९६० बाट सीताराम षडानन्द गुठीले 'घुम्ती नगदी कोष' पुँजी लगानी मो. रु. ११५०।- बाट नेपालमा प्रथम वित्तीय कारोवार सुरु गरेको थियो । बालागुरुको मृत्युपश्चात् पचलीका मो. रु. २१७३ थप गरिएको थियो र सयकडा ३ मुरीका दरले ६३ मुरी थप धान ब्याजस्वरूप प्राप्त भएको थियो । उक्त कोष गरिब किसान लक्षित थियो । वार्षिक ४६ मुरीदेखि १११ मुरीसम्म धान व्याजस्वरूप प्राप्त भएको देखिन्छ ।

नेपालको इतिहासमा वि. सं. १९३२ मा प्रथम शनिबारे साप्ताहिक हटिया दिङ्लामा सुरु भयो । फलस्वरूप आर्थिक कारोवार सुरुवात, व्यापार व्यवसाय सुरुवात, आय-आर्जनमा वृद्धि तथा स्वरोजगारका ढोकाहरू खुल्न थाले । यसको प्रभावले पूर्वी नेपालमा हटिया सुरुवात भई उक्त ठाउँको नामसमेत शनिबारे ( शनिश्चरे), बुधबारे, सोमबारे, मङ्गलबारे, शुक्रबारे आदि रहन गए भने यसको अनुकरण नेपालभरि नै भयो किनकि तत्कालीन बेला नेपालको धनकुटा, विराटनगर, धरानजस्ता ठाउँमा समेत व्यापार व्यवसाय शून्यझैँ थियो ।

दिङ्ला विद्यापीठका उत्पादित शिष्यहरू शिक्षक, पण्डित, सरकारी कर्मचारी, समाजसेवी, राजनीतिक अभियन्ता, साहित्यकार आदि बन्न पुगेका थिए भने कतिपय ज्योतिष, आयुर्वेद, वेदाङ्ग आदि अध्ययनको कारण गाउँघरमै स्वरोजगार बनी आर्थिक उन्नयनमा टेवा दिएका थिए । दिङ्लाले २-३ सयभन्दा बढी साहित्यकार, सङ्गीतकार, गीतकार, राजनीतिक व्यक्तित्व, सयौँ सरकारी उच्च ओहदाका व्यक्तित्व आदि उत्पादन गरी राष्ट्रलाई टेवा दिइसकेको छ । आज पनि १०० भन्दा बढी साहित्यकार क्षेत्रीय र राष्ट्रिय स्तरमा देखिन्छन् ।

बालागुरु षडानन्दले दिङ्लामा लगाएको रुद्राक्ष जगेडा वनको योगदानस्वरूप वर्तमान नेपाल अधिराज्यभरि नै रुद्राक्षको महिमा र बालागुरु शब्द झन्डै पर्यायवाचीजस्तै बन्न पुगेको छ। पश्चिम नेपालका स्याङ्जा, प्युठान, गुल्मी आदि भूभागहरूमा पनि उक्त क्षेत्रका दिङ्ला पढ्ने शिष्यहरूले रुद्राक्षको महत्त्वबोध भई लिएर गएका थिए । हाल विश्वकै गुणस्तरीय रुद्राक्षको First International Market दिङ्ला र अरुण उपत्यका बनेको छ। वर्षेनि अरबौं रूपैया

चीन, भारत, जापान, रसिया, क्यानडा, जर्मन, कोरिया लगायत मुलुकबाट नेपाल भित्रन्छ । चिनियाँ, कोरियन, चिनियाँ व्यापारीहरू अरुण उपत्यकाका कुनाकन्दराका गाउँबस्तीमा पनि छिरेर रुद्राक्ष सङ्कलन गर्दछन् । हजारौँ मानिसहरूले यस क्षेत्रमा रोजगारी पाएका छन् । नेपालबाट खरबौँ रुपियाँको रुद्राक्ष बर्सेनी विदेश निर्यात हुन्छ । नेपालको अर्थतन्त्रमा योगदान दिने त्यस रुद्राक्षका श्रेयपात्र बालागुरु षडानन्दप्रति राष्ट्रले हार्दिक नमन गर्नुपर्दछ जसले समाजलाई शिक्षाले मात्र होइन, आर्थिक रूपले पनि उन्नत समाज बनाउनुपर्छ भनी त्रिकालदर्शी महापुरुष बनेर योगदान दिनुभएको छ ।

**सांस्कृतिक जागरण तथा पुनर्जागरण :**

सीताराम मन्दिर, राधाकृष्ण मन्दिर, देवीदेवताका मन्दिर आदिमा सीता, राधा, देवी शब्दले हिन्दूसंस्कार पवित्र र पुरुषभन्दा पनि उच्च नारीलाई सम्मान दिएको देखिन्छ । ठाउँका नामहरू पनि कालीमाटी, सेतीखोला, कालीखोला, बागमती, धोबीखोला आदि पहिले महिलाको अनि पुरुषप्रधान नाम देखिन्छ । बालागुरु षडानन्दले उक्त मन्दिरहरूसँगै अन्य मन्दिरहरू, थुप्रै शिवलिङ्गहरू, देवीदेवताका मूर्तिहरू निर्माण गरेको थिए ।

धिन्ताङ ताल भरेर जसै भन्ज्याङ घन्काउँछ,
दिङ्ला संस्कृतिको केन्द्र हो भनी सधैं आएर सम्झाउँछ ।
मेला, पर्व र हाटको दिन जसै आउँछ यो ठाउँमा,
व्यापारीको त भीड अति नै देखिन्छ भञ्ज्याङमा ।

चौमासा अनि राम-कृष्ण-शिवका जन्मादिका याममा,
ऋषितर्पणी, पञ्चमी र अरू एकादशी पर्वमा ।
बाह्रैमास पुराणका कथनले त्यो पाप नाशिदियौ,
यत्रो हाट-बजार औ नगरले दिङ्ला सजाइदियौ ।

(ज्ञानराज सुवेदी : २०४२ : १२ – १४)

ज्ञानराज सुवेदीको कवितासँग सहमत हुँदै त्यहाँ देखिने वटुकहरूको लयबद्ध वेदमन्त्रहरू उच्चारण, मिर्मिरे बिहानीको शङ्खध्वनि, नगराको सङ्गीत र नौमती बाजाहरूले दिङ्ला बधूझैँ सजाइएको स्वर्गको टुक्राझैँ मकालु, कुम्भकर्ण तथा कञ्चनजङ्घाको मन्त्रमुग्ध दृश्यसँगै देखिन्थ्यो । दिङ्लाको सांस्कृति जागरण वा पुनर्जागरणको फलस्वरूप चैनपुरको सिद्धकाली, स्प्रिया तीर्थ दोभान, हलेसी (हलेश्वर महादेव, अपभ्रंश हुँदै हलेसी भएको) आदि स्थानमा बालाचर्तुदशी मेला दिङ्लाको अनुकरणमा भएको थियो । माघेसङ्क्रान्तिका दिन सतीघाटमा मकरस्नानजस्तो विशाल मेलाको सुरुवात भएको थियो । वर्षेपिच्छे चर्तुमासा पुराण, एकादशी माहात्म्य, पुरुषोत्तम माहात्म्य, माघ महात्म्य आदि हुन्थ्यो ।

गुरुपूर्णिमाको महत्त्व बुझाई गुरुपूर्णिमाका दिन बालागुरुका शिष्यहरू भोजपुर, सङ्खुवासभा, धनकुटा, खोटाङ, सोलुखुम्बु, पश्चिम नेपाल र बिदेशबाट समेत आफ्ना दिङ्ला अध्ययन गर्ने छात्रहरू भेट्न र बालागुरुको दर्शन र आशीर्वाद मात्र पाए जीवन सफलसमेत हुन्छ भन्ने श्रद्धाका साथ आइपुग्दथे । गुरुको दर्शन गर्नेको भीड लागेर कहिलेकाहीँ घन्टौँसम्म पनि श्रद्धालुहरू आतुर भई आशीर्वाद प्राप्त गर्न बस्तथे । किनकि त्रिकालदर्शी गुरुबाट आशीर्वाद मात्र पाएका मानिसहरू विद्वान् बन्दथे भन्ने मत आजसम्म पनि रहेको कुरा स्मृतिग्रन्थमा विश्वनाथ अधिकारीको (२०५२) लेखमा पनि उल्लेख छ ।

दसैँको नवमीका दिन नौकेटी पूजाकार्यमा दिङ्लाको स्थानीय ९ वर्षमुनिका बालिकाहरू मन्दिर परिसरमा उपस्थित गराई पूजा गर्ने, बालिकाहरूलाई भोजन गराउने, सबैलाई समान (equal) दक्षिण दिने जस्ता चलनहरूमा पूरै दिङ्लावासी श्रद्धालु, चेलीहरूको, समाजसेवी र शिक्षाप्रेमीहरूको भीड लाग्ने गर्दथ्यो ।

- दीपावलीको समयमा चारैतिर पूजा गरी लक्ष्मीपूजाका दिन झिलिमिली बनाउने र तिहार कसरी मनाउने भनी संस्कारहरू सिकाई सनातन धर्म-संस्कृतिमा जागरण गरेको देखिन्छ । यसको अर्थ नेपालभर पहिला लक्ष्मीपूजा वा तिहार मनाउँदैनथे भन्ने होइन ।
- पूर्वी नेपालमै प्रथमपटक बालन षडानन्द मन्दिर परिसरमा खेलेको बालन (बालुन) थियो । यसबाहेक सँगिनी, मेलापर्वहरूमा गाइने हाक्पारे, झ्याउरे, लोकदोहोरी, भजनकीर्तन, दोहोरीगीत, सेलोजस्ता गीत तथा नृत्यहरूको चलन चल्यो । पूजाहरूमा अतिरुद्री, महारुद्री, शतचण्डी, सहस्रचण्डी, यज्ञयागादिले धर्मसंस्कृतिको आदानप्रदान र जागरण गरेको देखिन्छ । यो बालन व्यावहारिक रूपमा नेपालकै प्रथम प्रयोग हो भनेर नवराज जम्मरकट्टेलले (२०७६) उल्लेख गर्नुभएको छ, तथापि थप खोज र अनुसन्धान गर्नु जरुरी देखिन्छ ।
- साप्ताहिक पुराण, चौमासा, एकादशी, हरितालिका तीज, रामनवमी मेला बालाचतुर्दशी, रथयात्रा, लाखेजात्रा, हिलेजात्रा, चण्डीनाच, प्रहसन (नाटक), यज्ञयागादि, सामूहिक व्रतबन्ध, सहयात्रा, श्राद्धमा मासु वर्जित आदि परम्परा सुरुवात, सञ्चालन, सुधार र निरन्तरता पाएका थिए ।

यस क्षेत्रको प्राचीन संस्कृति मूलत किरात धर्म प्रधान देखिन्छ साथै धार्मिक सहिष्णुताको अनुपम उदाहरण देखिन्छ ।

प्रा. डा. माधवप्रसाद पोखरेल (२०७६ : २७९) का अनुसार "वराहपुराणमा भगवान् पृथ्वीलाई भन्नुहुन्छ, 'तव कोकामुखं नाम यन्मया पूर्वभाषित् ...

क्षणञ्चापि न मुञ्चामि ।' अर्थात् मेरा सबभन्दा प्यारा ३ वटा तीर्थ छन् : बदरीकाश्रम, लोहार्गल र बराहक्षेत्र । म तिम्रो यस कोकामुख तीर्थचाहिँ एकछिन पनि छोड्न सक्दिनँ ।" ज्ञानमणि नेपालले 'नेपाल निरुक्त' ग्रन्थमा "सप्तकोशी पारिपट्टि उदयपुरको मैनामैनी (मैनाक पर्वत) मा रहेका किरातीहरू बाहुन बाबु र किरातिनी आमाका सन्तान मान्दछन् ।" नरपति पोखरेलका (२०७६) अनुसार "आठपहरिया र बेलहारे राई वराहक्षेत्रमा जल नचढाई कुलपितृ बुझाउँदैनन् ।" वराहक्षेत्र माथिल्लो भागको सप्तकोशी नदीबीचको खुवालुङको भीमकाय पत्थर पनि किरात जातिको सम्पदा हो । किरातहरू धार्मिक कार्यको सुरु गर्दा र अन्त्यमा युमा र थेवा साथै खुवालुङको उच्चारण गर्नुहुन्छ ।

पूर्वाञ्चल क्षेत्र वा कौशिकी सभ्यता क्षेत्र प्राचीन कालदेखि नै उर्वर भूमि हो । समुद्रमन्थनको समयमा मन्दराचल पर्वतको मदानी नडुबोस् भन्नका लागि समुद्रमा पृथ्वी डुब्न नदिन कछुवा अवतार बनेर मदानीको फेदमा विष्णु बसे । मन्दराचल पर्वत, वासुकी नाग र कछुवा विष्णुका प्रतीक हुन् । अर्थात् कुर्म अवतार पनि कौशिकी क्षेत्रमा नै देखिन्छ । विष्णुको राम अवतारमा विष्णुका सेवक हनुमान पनि सङ्केतात्मक रूपमा महालङ्गुर हिमशृङ्खलामा (ठूलो ढेडु) बासस्थान देखिन्छ । गौरीशङ्कर हिमाल (शिव र पार्वती बासस्थान, महेश्वरबाट दक्षिणामूर्तिमा वेदज्ञान दिएको), रामायणकालीन कुम्भकर्ण हिमाल (सुवर्णकुम्भ क्षेत्र) आदि पनि रहेका छन् । समुद्रमन्थनका १४ रत्नहरूमा प्रथम रत्न उत्पत्ति कालकुट विष शिवले सेवन गरी नीलकण्ठ बनेको क्षेत्र पनि हो । दोस्रो रत्न कामधेनु वशिष्ठसँग रहेको र कौशिकी क्षेत्रमा तपस्यामा लामो समय बसेको देखिन्छ । राजा दिलीप निःसन्तान हुँदा कामधेनु बाच्छी गौसेवा गर्न सल्लाह बमोजिम सेती नदी गाईघाट क्षेत्रमा गौसेवा गरी यज्ञादि सम्पन्न भएपश्चात् दिलीपका सन्तान भएका थिए । चौथौ रत्न ऐरावत हात्ती उत्पन्न हुँदा इन्द्रले लिनुभएको र इन्द्रहरू विभाण्डक ऋषि आश्रम (रामधुनी क्षेत्रमा) आयु थप्न आउने गरेको देखिन्छ । छैटौँ रत्न पारिजात (हारशृङ्गार) उत्पत्ति भएको र काठमाडौँको इन्द्रचोकमा स्वर्गका राजा इन्द्र पारिजात टिप्न आउँदा ज्यापूले ( नेवारले) अन्जानमा चोर भनी समातेर पाता कसेका थिए । थाहा भएपछि सम्मानस्वरूप इन्द्रजात्राको चलन चलेको पौराणिक प्रसङ्ग देखिन्छ । स्मरण गरौँ पारिजात प्रत्येक वर्ष इन्द्रजात्राको दिनबाट फुल्न सुरु गर्दछ र इन्द्र भगवान्को उक्त दिन फुलेको फूलले स्मरण गराउँछ । आठौँ रत्न लक्ष्मी उत्पत्ति भएको र विष्णुले मन पराएर विवाह गरेको वराहपुराण अध्याय २१ मा उल्लेख छ । नवौँ रत्न वारुणीदेवी (हातमा सुरा वा मदिरा लिएकी) असुरले लिएका र पछि नेपालका कतिपय सम्मानित जातजातिमा पनि असुर संस्कृति प्रयोग सूक्ष्म रूपमा यज्ञादि कर्म वा पूजा कर्मादिमा हुने गरेको देखिन्छ । १२ औँ रत्न शार्ङ्गधनु

किरातेश्वर महादेव वा शिवजीले लिएको देखिन्छ । १३ औं रत्न चन्द्रमा देवता (चन्द्रदेव तपस्याभूमि काठमाडौं उपत्यका क्षेत्र) देखिन्छ । १४ औं रत्न अमृतघडा धन्वन्तरिले (आयुर्वेदका ज्ञाता) हातमा लिएर सुवर्णकुम्भमा उत्पत्ति भएको देखिन्छ । बाँकी अमृत पिण्ड वा छोक्राबाट पिण्डेश्वर महादेव धरानमा उत्पन्न भएको देखिन्छ । इन्द्रका छोरा जयन्तले अमृतघडा खोसेर भाग्दा छल्को ( छिटाहरू) हरिद्वार (प्राचीन हरिद्वार, चतरा वा बराहक्षेत्र), प्रयाग, उज्जैन र नासिकमा परेका थिए । जयन्तलाई लखेट्दै जाँदा रुद्राक्षारण्यमा पुगेर (काठमाडौं पशुपति वा पिण्डेश्वर क्षेत्रलाई रुद्राक्षारण्य मानिन्छ) अमृतघडा जिम्मा लिएका थिए । त्यो अमृतघडा के हो ? मुखमा को-को र के-के थिए ? “कलशष्यमुखे विष्णु: कण्ठेरुद्र श्रमाश्रित: ।मूले त्वस्य स्थितो ब्रह्मा, मध्ये मातृगणा: स्मृता...। .......ऋग्वेदो:थ यजुर्वेद: सामवेदो ह्याथवर्ण:...।” अर्थात् ऋग्वेद लगायतका ऋचाहरू कौशिकी नदी किनार वा वराहक्षेत्रमा उपासना भएका थिए भन्ने विश्लेषण गर्न सकिन्छ ।

विश्वामित्रद्वारा ॐ भू: भुव: स्व: को गायत्री मन्त्रमा ‘भर्गो देवस्य...’ भनी भर्भराउँदो सूर्यदेव वा सौर्यऊर्जाको समेत प्राचीन कालमै उपासना वा आराधना भएको कौशिकी क्षेत्र थियो । पौराणिक मान्यतामा आधारित हिरण्याक्षको जन्म र कर्मभूमि क्षेत्र अनुमान गर्दा धादिङको सल्यानटारमाथिको छेउमा फुटेको अवस्थाको पत्थरको खम्बा नै देखिन्छ । उक्त खम्बामा भगवान् विष्णु नृसिंह अवतारमा प्रकट भएको मानिन्छ । वामन अवतार, परशुराम अवतार, राम अवतार र बुद्ध अवतारमा पनि विष्णुको प्रकट यसै भूमिमा भएको पौराणिक ग्रन्थका श्लोकहरू विश्लेषण गर्दा भेटिन्छ । तसर्थ पूर्वी नेपाल तथा समग्र नेपाल राष्ट्र नै धर्म र संस्कृतिको उत्पत्ति स्थान वा मुहान रहेको देखिन्छ । भाषाहरूको विश्लेषण गर्दा १२५ भन्दा बढी भाषा वा भाषिकाको भूस्वर्ग मानिन्छ नेपाल । नेपालमा तपस्या गर्दा टिप्ने ब्रह्माण्डको wave तान्ने एन्टेना वा एरियलको काम हाम्रा उत्तरका हिमालहरूले गरेका छन् । भारतमा किन तपस्या प्रभावकारी हुँदैन भन्दा एन्टेनाहरू वा हिमालहरू नेपालमा भएकाले हो । त्यस्तै ब्राह्मणको टुप्पी पनि एन्टेनासरह नै अनुमान गरिन्छ। जुन टाउकाको अति कोमल बीच भागमा हुन्छ । त्यहाँबाट शरीरको ऊर्जा आवतजावत हुन्छ भन्ने वैज्ञानिक कारण देखिन्छ । ‘कुमारसम्भव’ ग्रन्थमा कलियुगमा देवीदेवताको वास पर्वत वा हिमालहरूमा हुन्छ भन्ने उल्लेख छ । तसर्थ पनि भगवान् स्वरूप वा पौराणिक पात्रहरू स्वरूपमा गणेश हिमाल, गौरीशङ्कर हिमाल, सगरमाथा चुली कैलास चुली, अन्नपूर्ण हिमाल (अन्नकी माता), नर (मानव) र नारायण (विष्णु) प्रतीक माछापुच्छ्रे चुलीहरू, कुम्भकर्ण हिमाल, जनक हिमाल, महालङ्गुर (हनुमान स्वरूप) हिमशृङ्खला, गोरख हिमाल आदिबारे विश्लेषण गर्न सकेका छैनौं ।

करिब १५० वर्षअघि बालागुरुले पनि सनातन धर्मसुधारमा, समाजसुधारमा, सांस्कृतिक जागरणमा तथा संस्कृत भाषा संरक्षणमा जुन लहर चलाए, त्यी कार्यहरू वा योगदानहरू वन्दनीय देखिन्छन् ।

**धार्मिक जागरण वा पुनर्जागरण :**

- माझकिरात समुदायमा ब्राह्मण-क्षत्रीबाहेक किरातहरू र सबै जातजाति पनि वैदिक सनातन धर्म मान्न थालेका र त्यसको प्रभाव अहिलेसम्म पनि पूर्वी नेपालमा देखिन्छ ।
- मठ, मन्दिर, सत्तल, पाटी, चौतारा, फलैँचा, काठे र बाँसेपुलहरू आदि पितृहरूको नाममा समर्पण गरी निर्माण गरिने चलन बृहत्तर भयो ।
- तुलसीलाई विष्णुको प्रतीक मानी धारामाथिबाट घरमा ल्याएर रोप्ने चलनको सुरुवात भयो ।
- काजक्रिया गर्दा ११ दिनको भाग यमराजको हुन्छ । पुरोहितले लिएर अरूलाई नै दान गर्नु वा सामाजिक सेवामा खर्च गर्न हुन्छ भन्ने चलन सुरुवात भयो ।
- कुनै-कुनै जातजातिको श्राद्धको दिन मूल खाँबामा बिरालो बाँध्ने चलन चलिरहेकोमा अरुण उपत्यकामा अन्त्य प्रयाससँगै नेपालका अन्य भागमा पनि चलन फैलियो ।
- लामा गुरु, बौद्ध सम्प्रदाय, किरात सम्प्रदाय र गुरु षडानन्द बीचको एकता, सहकार्य र सहिष्णुता आजसम्म देखिन्छ। विभिन्न समुदायका बीच जागरण भएको देखिन्छ । आज पनि दिङ्लाका सांस्कृतिक मेला, पर्व, ज्याली र महोत्सवहरूमा लामा गुरुहरू तथा भिक्षुहरू, चण्डी नाचका टोली, धामी नाचका टोली, झाँकी देखाउने समूह, लाखेनाचका समूह, मारुनी नाचका समूह, भजन समूह, बालुन नाचका समूह आदिको सहभागिता देखिन्छ ।

**राजनीतिक जागरण तथा पुनर्जागरण :**

- नेपालमा निरङ्कुश राणाशासनको अन्त्य शिक्षाको चेतनाबाट हुन सक्छ, तसर्थ नेतृत्व गर्ने कुशल र आदर्श नेतृत्व विद्यालयले मात्र जन्माउन सक्छ भन्ने दूरदृष्टिका साथ पाठशाला स्थापना भएको अनुमान गर्न सक्छौँ, तर इतिहासले लेखेको छैन । ४ धामका तीर्थयात्रा, भारत वर्षको तीर्थयात्रा तथा भारतको अङ्ग्रेज शासन तथा पाश्चात्य धर्मप्रतिको प्रतिवाद भारतीय कुशल नेतृत्वहरूको शिक्षामार्फतको योगदान प्रत्यक्ष देखेभोगेका बालागुरुले शिक्षा नै सबै थोकको मूल जड हो भन्ने स्पष्ट बुझाइ हुन

सक्छ । फलस्वरूप दिङ्लाले पूर्वी नेपाल, अरुण उपत्यका तथा सुदूरपश्चिम नेपालसम्म धेरै नेतृत्व गर्नसक्ने शिष्य पण्डित, राजनीतिक व्यक्तित्व तथा विद्वान्हरूको जन्म दिएको देखिन्छ ।

- गुरुप्रसाद राईको लेखबाट "वि. सं. २००७ साल मङ्सिर २४ गते क्रान्तिनायक नारदमुनि थुलुङ, रामप्रसाद राई, सहयोगी व्यक्तित्व इन्द्रप्रसाद श्रेष्ठ, खगेन्द्र पराजुली, भूदेव राई, हर्षबहादुर हलवाई, लालधन शाक्य, आसरानी तामाङ, तुलसीमाया श्रेष्ठहरू तथा क्रान्तियोद्धाहरूमा जग्गुमाया राई, श्रीपाल राई, कर्णबहादुर राई, हापु गुरुङ आदिको अथक प्रयासबाट भोजपुर राणाशासनबाट मुक्त भएको देखिन्छ ।"
- स्मरण गरौँ, वि. सं. २००७ सालमा राणाशासनविरुद्ध समाजका क्रान्तिकारी पण्डित र शिक्षित नेतृत्वको कारण राणाशासनबाट मुक्त घोषित नेपालको प्रथम जिल्ला भोजपुर थियो । बी. पी. कोइरालाले यसै क्षेत्रको मोर्चाको नेतृत्वसमेत गरेका थिए भने दिङ्लाका कैयौँ व्यक्तित्व र भोजपुरे व्यक्तित्वहरू क्रान्तिको विगुलमा सामेल भएका गुरुका शिष्यहरू पनि थिए । भोजपुर क्रान्तिको प्रमुख पक्ष गुरु षडानन्दका शिष्यभन्दा पनि अग्रज भोजपुर छिनामुखुको जोसमनी मत वा दिलदास समुदायको शिक्षा कारण दिल्पाका राईहरू, मुकारुङहरू, थुलुङ राईहरू, श्रेष्ठहरू, शाक्यहरू, गुरुङ, तामाङ आदिकृ संयोजन थियो । नारदमुनि थुलुङ भोजपुर किल्लाका इन्चार्ज हुनुहुन्थ्यो ।
- विनोदकुमार चापागाईं (पूर्वशिक्षक षडानन्द मा. वि.) का अनुसार "मुक्तिप्रसाद चापागाईंले वि. सं. २००७ मङ्सिर २४ गते नारदमुनि थुलुङबाट खटिएका दोर्जे भोटे (तामाङ, भोजपुरतिरका) सँग सहकार्य र स्थानीय नेतृत्व गर्दै दिङ्ला ठाना कब्जा गरी राणाशासनबाट दिङ्लालाई मुक्त गराएका थिए । उक्त कमान्डिङमा हातहतियारसहित चैनपुर, तेह्रथुम, ताप्लेजुङ, ओखलढुङ्गा, ऐंसेलुखर्क आदि कब्जा भएको लेखमा भेटिन्छ ।" उक्त मुक्तिसेनाको दिङ्ला स्थानीय नेतृत्वमा सेमन्तराज अधिकारी पनि रहेको देखिन्छ । अन्य व्यक्तित्व पनि हुन सक्दछन् । तर वंशावलीका किताबहरू जातिसँग सम्बन्धित हुने भएकाले अन्य नेतृत्वका बारेमा अवगत हुन सकेन । उल्लिखित स्थान कब्जा गर्दा धेरै मुक्तिसेनाहरू तामाङ तथा राईहरू रहेको कुरामा एक मत देखिन्छ । दोर्जे तामाङको नेतृत्व नै प्रमुख थियो कि भन्ने आभास पनि मिल्छ, तर नारदमुनि मातहतको हुनुपर्दछ । रामप्रसाद राई भने भोजपुरका मात्र नभई मुक्तिसेनाका पूर्वाञ्चलकै गुरिल्ला आक्रमण सिद्धान्तका पक्षधर तथा मुक्तिसेनाको

व्यवस्थापक देखिनुहुन्छ । तथापि स्थानीय नेतृत्व भने स्थानीयले लिएको प्रस्ट देखिन्छ । तर मुक्तिप्रसाद चापागाईं र सेमन्तराज अधिकारी दुवै दिङ्लाका तथा पूर्वाञ्चल क्षेत्रका 'प्रजातन्त्रका सेनानी' थिए भन्ने लेखहरूमा देखिन्छ ।

- षडानन्द पाठशालाका उत्पादित व्यक्तित्वहरू नेपालको प्रशासनिक र राजनीतिक क्षेत्रमा उच्च ओहदामा पनि पुगेका पुगेका थिए, साथै समाजको विविध क्रान्तिकारी परिवर्तनमा देशका विभिन्न जिल्लाहरूमा प्रमुख भूमिका खेलेका थिए ।
- हालसम्म पनि नेपाल सरकारको नेतृत्व पङ्क्तिमा पूर्वराष्ट्रपतिदेखि, पूर्व प्र. म., मन्त्री, सचिव, पूर्वसेनाका प्रमुख, पूर्वप्रहरी प्रमुख, विभागका प्रमुख आदिमा पूर्वी नेपालको शिक्षाको वर्चश्व देखिन्छ र बालागुरुको व्यक्तित्वको व्यक्तिगत प्रभाव पनि देखिन्छ । नेपालका धेरै संस्कृत विद्यालय तथा महाविद्यालयहरू षडानन्द पाठशालाको मोडल अनुकरण गर्दै र त्यहाँका उत्पादित शिष्य पण्डितहरूको सहयोग र नेतृत्वमा प्राय: पूर्वी नेपाल र विदेशमा पनि खुलेको इतिहास देखिन्छ ।

**प्रशासनिक पुनर्जागरण :**

दिङ्ला पूर्व ४ नं. भोजपुर जिल्ला अन्तर्गत पर्दथ्यो । खोटाङमा रहेको प्रशासनिक एकाइ जङ्गीअड्डा ३ दिन र धनकुटाको जङ्गीअड्डा २ दिन टाढा थियो । प्रशासनको प्रत्याभूति, धन, जन र सम्पत्तिको सुरक्षा आवश्यकतालाई मध्यनजर गरी श्री ३ रणोदीप सिंहले खड्गनिशाना लगाई १ लेफ्टिनेन्टको अधीनमा १ कप्तान, १ कोते सुवेदार, १ जमदार र १०० सिपाही भर्ना गर्न अनुमति दिएको देखिन्छ । वि. सं. १९३४ माघमा कालीगण नामको जङ्गीअड्डा (छोटी अड्डा) स्थापनाले दिङ्ला र अरुण उपत्यकाका १०० जना नयाँ मिलिसिया भर्ना गरी पुरानो टुँडिखेलसमेत मर्मत र विस्तार गरेको देखिन्छ ।

जिल्लाको बडाहाकिम कार्यालय मातहतमा रहने गरी त्यस क्षेत्रका खरिदार, बैदार, राइटर, डिठ्ठा विचारीहरूले दिङ्लामै सेवाकार्य गरी सिफारिस र मुद्दाका अभिलेखहरू मात्र पठाउने अन्य कागजात जङ्गीअड्डामै राख्ने व्यवस्था भयो । सीताराम गुठीको Audit अनियमित हुन नदिन र आपराधिक कार्य यस क्षेत्रमा भएमा उजुरी गर्न पाउने व्यवस्था थियो, जसको कारण माझकिरात दिङ्ला र अरुण उपत्यकामा दैनिकजसो हुने झैझगडा, हिंसा, काटमार, अंशबन्डाका समस्या, जघन्य अपराध तथा जग्गाको किचलोमा यस प्रशासनिक एकाइको स्थापनासँगै न्यूनीकरण भएका थिए ।

प्रा. डा. माधवप्रसाद भट्टराई (पूर्व नायब बडागुरुज्यू, २०७३ : २३२ – २३५), "दिङ्ला पढ्दाका साथीहरूमा माथिल्लो कक्षामा दैवज्ञराज न्यौपाने, कीर्तिरमण चापागाईं (विमल), पीताम्बर अधिकारी, निरञ्जन चापागाईं तथा सहपाठीहरूमा प्रा. डा. नरेन्द्र चापागाईं, साहित्यकार दधिराज सुवेदी, प्रा. डा. हेमाङ्गराज अधिकारी, प्रा. पोषरमण चापागाईं, प्रा. लालानाथ सुवेदी, नेत्रप्रसाद गुरागाईं, वासुदेव भट्टराई, राधेश्याम भट्टराई, टीकाप्रसाद पोखरेल, उपेन्द्र सुवेदी, प्रा. धरणीप्रसाद गौतम आदिको स्मरण छ । बालागुरु षडानन्दप्रति सश्रद्धा नमन गर्दछु । यहाँ उल्लिखित प्रायशः सबै साथीहरू नेपाल सरकारका उच्च तहका प्रशासनिक पद वा विभाग प्रमुखमा कार्यरत वा अवकाश भइसकेका छन् । मेरो जीवन सार्थक बनाउने आधारशिला षडानन्द पाठशाला हो ।"

**सूचनाको क्षेत्रमा पुनर्जागरण :**

आधुनिक सञ्चारको साधन नभएको १५० वर्षअघिको समाजमा शनिबारे हटिया, रामनवमी, बालाचुतर्दशी मेला, जात्रा, पर्व, एकादशी र चौमासा लगायत पर्वका पुराणहरू, गुरुपूर्णिमा, ऋषितर्पणी, हरितालिका तीज आदि पर्वमा देशविदेशका मानिस आउने गर्दथे । खोला र नदी वारिपारिका पनि खबर साटासाट गर्दथे, किनकि अन्य बेला धेरै खोला वा नदीमा पुलहरू थिएनन् भने एकान्त जङ्गलका बाटाहरूसमेत थिए । यी हटिया, मेला र पर्वका भेटघाटहरू नै तत्कालीन सञ्चार साधन वा सञ्चार माध्यमहरू बनेका थिए ।

रामनवमी र बालाचतुर्दशीमा मात्रै एक-डेढ लाखभन्दा बढी मानिस मेला भर्न देशविदेशबाट दिङ्ला पुग्दथे । त्यसअघि हलेसी मेला, मनकामनाका एकादशी मेला, प्रियातीर्थ मेला, चैनपुरको सिद्धकाली मेला, पिण्डेश्वर मेला आदि मेला पूर्वी नेपालमा सुरुवात भएका थिएनन् । तसर्थ आजभोलिको Facebook, Twitter, T. V, Mobile जस्तै गाउँघर र देशविदेशको सूचना तथा सञ्चार माध्यमका रूपमा दिङ्लाका हटिया, मेलापर्व र जात्राहरू माध्यम बनेका थिए ।

प्रसङ्ग अनुसार वि. सं. २००७ सालको राणाशासनविरुद्धको क्रान्तिको नेतृत्व गरेका बी. पी. कोइराला र उनका भाइ तारिणीप्रसाद कोइरालाले भोजपुरमा अनौपचारिक रूपमा सञ्चालन गरेको रेडियो वि. सं. २००७ को क्रान्तिको उपयोगमा ल्याइएको थियो । यो नै अरुण उपत्यकाको पहिलो आधुनिक सञ्चार माध्यम थियो । यसमा प्रमुख सहयोगी योगदान छिनामुखुका आदर्श नेतृत्व पङ्क्ति, षडानन्द पाठशालाका उत्पादित छात्र पण्डित, राजनीतिक नेतृत्व तथा कोइराला परिवारलाई जान्छ । यसै गरी विराटनगरमा अर्को रेडियो सञ्चालन भयो र सोपछि काठमाडौंमा लगेर स्थापना गरिएको थियो । यसलाई आज रेडियो नेपाल नामले चिनिन्छ ।

**अधिकारका क्षेत्रमा जागरण :**

मानव-अधिकार, महिला-अधिकार, बाल-अधिकार, जनजाति-अधिकार तथा अन्य अधिकारमा जागरण बालागुरुले गराएको विश्लेषण गर्न सकिन्छ । तत्कालीन समयमा मानव-अधिकार, महिला-अधिकार आदि शब्दहरू प्रयोग नभए तापनि उल्लिखित क्षेत्रमा कार्य गरी जागरण ल्याउनुभएको देखिन्छ ।

- तत्कालीन केउरेनीपानी ३ डाँडाघरे चौरमुनि सिउँडीबारी वितलबका ७० वर्षका हरिलाल लम्सालकी जेठी आफ्नै उमेरकी र कान्छी १८ वर्षकी श्रीमती ज्यूँदै सतीको चितामा जल्नबाट गुरु षडानन्दले रोकेर मानव-अधिकार (Human Rights) तथा महिला-अधिकार (Woman Rights) को वकालत मात्र भएन, अरुण उपत्यकाबाटै यस क्रूर प्रथा वि. सं. १९४० मै अन्त्य प्रयास भएको थियो । नेपालमा वि. सं. १६८७ मा प्रताप मल्लका छोरा पार्थिवेन्द्र मल्ल विष प्रयोगद्वारा मारिँदा २४ रानी सती र वि. सं. १७०५ मा योगनरेन्द्र मल्लसँग ३१ वटी रानीहरू चितामा ज्यूँदै जलाउँदा कति मानिसले बाँसले घोचेर, ढुङ्गाले हिर्काएर, लखेट्दै-लखेट्दै रगतको होली खेल्दै क्रूरतापूर्वक मार्दाको दृश्य कस्तो विकराल थियो होला ! यस्तो नारीका लागि क्रूर र अभिशापपूर्ण प्रथा यस क्षेत्रमा अन्त्य भएको थियो, जसको अन्त्यका लागि तत्कालीन राणा सरकारलाई पनि प्रत्यक्ष-अप्रत्यक्ष दबाव महसुस भएको थियो । सतीप्रथा अन्त्यको प्रयास गर्ने बालागुरु षडानन्द नेपाली महिलाहरूका लागि मुक्तिदाता थिए ।
- अरुण उपत्यकामा कमाराकमारी तथा दासदासीमाथि गरिने आर्थिक शोषण, यौनशोषण, मनोवैज्ञानिक शोषण र बलात्कारका घटनाजस्ता कुसंस्कारहरू न्यूनीकरण गराउँदै जाँदा र सामाजिक दबाब पर्न गएपछि वि. सं. १९७७ र वि. सं. १९८१ मा सतीप्रथा र दासप्रथा दुवै श्री ३ चन्द्र शमशेरले अन्त्य गरेका थिए । नेपालका दरबारिया परिवार तथा सम्भ्रान्त परिवारमा दासदासी प्रथाले धेरै प्रभाव पारेको थियो । मजदुर मुक्तिका पनि बालागुरु षडानन्द मुक्तिदाताका रूपमा नै देखिन्छन् ।
- बाबुको मृत्युको लाससँग आमालाई जबर्जस्ती सती पठाउँदा साना बालबच्चाहरूको बिजोग हुनबाट बचाउने गुरु षडानन्दले नेपालमा पहिलो प्रयास गरेर बाल-अधिकारलाई व्यावहारिक रूपमा वकालत गरेका थिए भनी विश्लेषण गर्न सकिन्छ । साथै विद्यालयमा सबै जातथरकालाई निःशुल्क शिक्षा प्रदान गरी शिक्षा सम्बन्धी अधिकार व्यवहारमा उतारेको देखिन्छ । यसअघि राजा मानदेव र जङ्गबहादुर राणाका पालामा पनि सतीप्रथाको अन्त्य गर्नका केही प्रयासहरू भएका थिए ।

- प्रश्रित (२०४७ : २४-२५) र डा. मातृका तिम्सिना (२०६८) का अनुसार एकपटक चितौडका राजा मर्दा २४,००० राजपूत महिलाहरू, रखौटीहरू, नोकर्नीहरूसमेत महारानी पद्मिनीसहित एउटै चितामा सतीप्रथाका कारण चितामा डढ्न पुगेका थिए । भारतमा सन् १८२९ (वि. सं. १८८६ तिर) अर्थात् नेपालभन्दा करिब ११० वर्षअघि सतीप्रथामाथि रोक लागेको थियो ।
- दलितहरूमाथि हेर्ने नकारात्मक सोच र छुवाछुत प्रथाको अन्त्य गर्न विद्यालय शिक्षामा खुलापन तथा साप्ताहिक हटिया, पूजाआजा, रथयात्रा, पर्वहरू, मेलाहरू आदिमा सहयात्राबाट सहकार्य सुरु भयो । यस कुप्रथाको न्यूनीकरण हुँदै गएको थियो । आफै पनि धनमायाको पनि स्याहारसुसारबाट हुर्किएका थिए । उनको परिवारलाई सम्मान पनि प्रदान गरेको देखिन्छ । धनमाया दमिनी तथा सीताराम मन्दिरका प्रमुख नगराबादक बोधने दमाईंको नाम पनि बालागुरुसँगै अजर-अमर रहने देखिन्छ । विश्वकर्माको नाम खै त ? भन्न पनि सक्दछन् । तर वास्तवमा जसले योगदान दियो, ऊ मात्र अजर-अमर रहनु स्वाभाविक देखिन्छ । उक्त कारणले पनि दलितहरूलाई केही राहत महसुस भएको थियो भन्ने अड्कल काट्न सकिन्छ । दलित अधिकार सम्बन्धी गतिविधिहरू व्यावहारिक रूपमा उतार्ने प्रयास सुरुवात भएको देखिन्छ । राम्रो कार्य सुरुवात हुनु पनि महत्त्वपूर्ण सफलता हो । तर सामाजिक क्रान्तिमा राजनीतिक क्रान्तिमा जस्तो सबै संस्कारहरू एकैपटक पूर्ण निर्मूल हुँदैन । बिस्तारै समाजले स्वीकार्दै जान्छ वा परिवर्तन आउँदै जान्छ भन्ने सिद्धान्त बुझ्नु पनि आवश्यक देखिन्छ ।

स्मरण गरौँ, मन्दिर तथा विद्यालय दलितहरूका लागि पनि खुला देखिन्छ । तत्कालीन रूढिवादी समाज र निरक्षरताका कारण दलितहरू कतिपय आफैँ डराई मन्दिरभित्र नै चाहिँ पसेनन् वा पढ्ने आँट गरेनन् होला भन्ने अनुमान गर्न सकिन्छ । तर सीताराम मन्दिर, षडेश्वर मन्दिर, राधाकृष्ण मन्दिर वरिपरि पूजा गर्दै उनीहरू घुमेको, पुराण सुन्दा एउटै गुन्द्रीको छेउमा बसेर सुन्ने गरेको, यज्ञादिमा भाग लिने गरेको, हटियामा सामान किनबेच गर्न सुरु गरेको, रथयात्रामा सहभागी हुने गरेको, होटलमा चियानास्ता खाने गरेको आदि चलन सुरुवात भएका थिए । तर अहिलेको जस्तो खुलाचाहिँ थिएन । सुरुबुरु सयमा चालीस-पचासचाहिँ भएको विश्लेषण गर्न सकिन्छ । तर आजभोलि साक्षरतासँगै मन्दिर, रथयात्रा आदिमा सबै गतिविधिहरूमा दलितहरूलाई खुला छ । उनीहरूको सहभागिता पनि उमङ्गताका साथ देखिन्छ । उक्त सहभागिताले पर्व, मेला, हटियाजस्ता कार्यक्रमहरूमा छुट्टै रौनक थपेको छ । यो गौरवको विषय पनि हो ।

**हटिया, घरेलु उद्योग, व्यापार, पर्यटन तथा तीर्थयात्राको क्षेत्रमा जागरण/पुनर्जागरण :**

वि. सं. १९३२ मा नेपालकै प्रथम साप्ताहिक शनिबारे हटिया सुरुवात दिङ्लामा भयो । रामनवमी, बालाचतुर्दशी, शिवरात्री जस्ता मेलाले अरुण उपत्यका पूर्वी नेपाल, पश्चिम नेपाल र भारतका सिक्किम, आसाम, जल्पाइगुढीसम्म नै व्यापार गर्ने बाटो, खुल्यो र व्यापार गर्न सिकाएको थियो । राजा राम शाहले गोरखामा व्यापार वृद्धि गर्न पाटनको २४ पल्टन झिकाई व्यापार गरेको इतिहास भेटिन्छ । विश्वमा विविध प्रकारका हटियाहरू देखिन्छन्, जस्तै : भेटघाटका लागि हटिया, क्रयविक्रयका लागि हटिया, मेला र पर्वका लागि हटिया, सामान साटासाटका हटिया, छलफलका लागि, सूचनाका लागि हटिया आदि । समयका आधारमा पनि दैनिक हटिया, साप्ताहिक हटिया, पाक्षिक हटिया, १ महिने हटिया, १२ वर्षे हटिया वा मेला आदि । दिङ्लाको शनिबारे हटिया नेपालको पहिलो साप्ताहिक हटिया थियो । विद्यालय स्थापनासँगै छात्रावासका विद्यार्थीलाई भिक्षादानमा सहयोग पुऱ्याउने तथा सामान खरिद गर्न सहज बनाउने प्रमुख उद्देश्य देखिन्छ । अन्य उद्देश्यहरूमा खाद्यवस्तु र सामग्रीको साटासाट, क्रयविक्रय, सूचनाको आदानप्रदान, आर्थिक समृद्धि, सामाजिक विकास आदि बहुआयामिक उद्देश्यबाट सुरुवात भएको थियो । विद्यालय र विद्यार्थीका लागि सहजताको उद्देश्य पनि जोडिएर सञ्चालनमा आएको यो नेपालको प्रथम हटिया थियो । तथापि साप्ताहिक शनिबारे हटियाको चलनचाहिँ नेपालमा पछिसम्म थिएन । यस हटियाको अनुकरण गर्दै नेपालभरि नै हटियाहरू सञ्चालनमा आएका देखिन्छन् । तर विद्यालय र विद्यार्थीका लागि सहजीकरणको उद्देश्य गौढ वा शून्यतामा देखिन्छ ।

शनिबारे हटियासँगै दिङ्लामा व्यापार वृद्धि भयो र सामग्रीहरू बिक्न थालेपछि घरेलु उद्योगहरू, जस्तै : राडी, पाखी, अल्लोका सामग्री, चोयाका सामग्री, काठका सामग्री, माटाका सामग्री, धातुका सामग्री, अन्नपातहरू, सागसब्जीहरू, फलफूल, माछा, मासु, घिउ, मखन, चीज आदि सामग्रीहरू अरुण उपत्यका र त्यस बाहिरका क्षेत्रमा व्यावसायिक रूपले धमाधम उत्पादन, बिक्री-वितरण र बिस्तार भएको थियो, जसको प्रभाव यहाँ पढ्न आउने विद्यार्थीमार्फत देशैभरि प्रत्यक्ष र अप्रत्यक्ष रूपले अनुकरण हुँदै पूर्वी नेपालमा त व्यापार र आर्थिक उन्नयनको लहर चलेको विश्लेषण गर्न सकिन्छ ।

रामनवमी मेला, बालाचतुर्दशी मेला र शिवरात्री मेलामा व्यापारीहरूको भीड हुन्थ्यो । ताप्लेजुङको ओङचुङगोलाका राडी, पाखीदेखि ओखलढुङ्गा रुम्जाटारका, सङ्खुवासभा सेकाहाका अनि बालायाम्दाङका राडीपाखीसमेत दिङ्लामा बिक्री-वितरणका लागि व्यापारी लिएर आइपुग्थे । चैनपुरका करुवा

तथा अम्खोरा व्यापारी, भोजपुरका खुकुरी व्यापारी, टक्सारका माना, पाथी, करुवा, अम्खोरा व्यापारी, तेह्रथुमे खाँडी र कपडा व्यापारी, धनकुटे तथा धराने किराना व्यापारी दिङ्ला पुग्दथे । सोलुसोताङका राडीपाखी, अल्लोका धोक्रा तथा लुकुनी व्यापारी, खोटाङका मुर्चुङ्गा व्यापारी, हेदाङना, सोलु तथा भोजपुरका जडिबुटी बेच्ने सेर्पा-सेर्पिनीहरू, धरान-विराटनगरका कपडा पसले तथा जिन्सी व्यापारीहरूसमेत दिङ्लाका मेलामा व्यापार गर्न पुग्दथे । नेपाल बाहिर सिक्किम, दार्जिलिङ, कालेबुङ, आसाम र बर्माका रेडियोको खास्टो तथा बनारसी फरिया व्यापारी आदिको जमघट उक्त अवसरमा दिङ्लामा हुन्थ्यो । तसर्थ दिङ्ला तथा अरुण उपत्यकामा घरेलु उद्योग तथा व्यापारकोसमेत जागरण भएको देखिन्छ । प्राचीन सप्तकोशी सभ्यता विलुप्त भए तापनि आधुनिक कालमा अरुण सभ्यतामा जागरण त्यस बेला छाएको देखिन्छ। साथै दिङ्ला पुग्ने व्यापारीहरूको बहुआयामिक उद्देश्य रहेको देखिन्छ। पशुपतिको जात्रा, सिद्राको व्यापार भनेझैँ, भेटघाटका लागि, मनोरञ्जनका लागि, तीर्थयात्राका लागि, व्यापारका लागि तथा दिङ्ला पढ्ने छोराछोरीको बारेमा बुझ्नका लागि पनि व्यापार गर्ने सिलसिलामा आइपुग्थे । त्यसै गरी पश्चिम नेपालका दोलखा, रामेछाप, धादिङ, दाङ, गुल्मी, सल्यान, प्यूठान, बाग्लुङ, दार्चुलाबाट पनि यदाकदा दिङ्ला पढ्ने छोराछोरी र आफन्त भेट्न तथा तीर्थयात्राका लागि आइपुग्दथे ।

सेमन्तराज अधिकारी (२०६२ : २६ – ४१) का अनुसार पं. शिवलाल अधिकारीका छोरा पं. प्रभुनाथ अधिकारी (साहित्यकार र माध्यमिक कालका प्रसिद्ध कवि) शिक्षित विद्वान् भएको कारण खराङ काफ्लेकी छोरी र गोगने न्यौपानेकी छोरी दुवै श्रीमती लिई दार्चुलामा गई वि. सं. १९७० को दशकमा अध्यापन गरेको देखिन्छ । त्यसै गरी पं. डिल्लीराज अधिकारी दिङ्लामा जन्म लिई दिङ्लाबाट शिक्षा आरम्भ गर्दै बनारसबाट शास्त्रीमा स्वर्णपदक प्राप्त गरेका थिए । जागरणकवि धरणीधर कोइराला दार्जिलिङ बसेका हुनाले उनको अनुरोधमा पं. डिल्लीराजले त्यहाँको धीरधाम ट्रस्टी बोर्ड र हिमाचल हिन्दी भवनको (दुवै संस्था) प्रमुखका रूपमा ४ वर्ष कार्य गरिसकेपछि पिता पं. बद्रीनारायणको स्वर्गारोहणपछि हजुरबुबा बालागुरुले स्थापना गरेको पाठशालामा वि. सं. २००२ देखि शिक्षकका रूपमा अध्यापन गरेका थिए ।

यी उदाहरणबाट स्पष्ट के हुन्छ भने दार्जिलिङदेखि दार्चुलासम्म पनि षडानन्द पाठशालाको ख्याति फैलिएकाले विद्यार्थीहरू दिङ्ला आउने, दिङ्लाका उत्पादन देशका अन्य भागमा गई सेवा गर्ने हुनाले नेपालभर तथा विदेशका पनि विद्यार्थीका अभिभावकहरू, नातागोता र छिमेकीहरू बेलामौकामा अध्ययन गर्ने छात्रहरू भेट्न दिङ्ला आइपुग्थे भन्ने देखिन्छ। साथै डिल्लीराज अधिकारीको बनारसको विश्वविद्यालयबाट स्वर्ण पदक जितेर भारतका विभिन्न प्रान्तका

छात्रहरूबीच ख्याति प्राप्त गर्ने जग वा आधारशिला पनि षडानन्द पाठशाला थियो भन्दा अत्युक्ति नहोला ।

- दिङ्ला र अरुण उपत्यकामा घरेलु उद्योगहरूको जागरण, व्यापार, पर्यटन र तीर्थयात्रीहरूको आगमनसँगै 'दिङ्लाको पाल्लेघारीको जुहारी नृत्य' मनोरञ्जनका लागि देशविदेशमा अथवा दक्षिण एसियामा समेत प्रख्यात अन्तर्राष्ट्रिय स्तरको नृत्य थियो भन्न सकिन्छ ।
- शिवपुराण तथा स्कन्दपुराणमा उल्लिखित रुद्राक्षारण्यको एक हिस्सा धरान पिण्डेश्वर क्षेत्र देखिन्छ । बालागुरुको दिङ्ला बसाई र योगदानको समय वि. सं. १९२८ – १९७२ सम्म ४० वर्षभन्दा बढी भए पनि दिङ्ला उद्यानमा वि. सं. १९६० को दशकबाट रुद्राक्ष उत्पादन सुरु भएको देखिन्छ । उक्त एक दशकसम्म विशेषतः शिवरात्री र त्यसबाहेक रामनवमी, बालाचतुर्दशी र अन्य समयमा हृषीकेश, हरिद्वार, बनारस, बद्रीनाथ, केदारनाथ, रामेश्वर आदि सम्मका योगी, सन्तमहन्तहरू महिनौं पैदल हिँडेर दिङ्ला पुग्थे । केही समय वा महिना बसेर रुद्राक्षहरू सङ्कलन गरेर फर्कने चलन थियो । वि. सं. २०१० तिर प्रयागराज चापागाईंले व्यापारिक प्रयोजनका रूपमा रुद्राक्ष चलानी गरे पनि वि. सं. २०४० को दशकपछाडि दिङ्ला र वि. सं. २०६० दशकको सुरुबाट अरुण उपत्यका रुद्राक्ष व्यापार तथा पर्यटनका लागि अन्तर्राष्ट्रिय बजार (International market) बनेको छ । प्रत्येक वर्ष रुद्राक्षबाट दिङ्ला र अरुण उपत्यकामा अरबौं रूपियाँ भित्रिन्छ र आर्थिक अवस्थामा सुधार देखिन्छ । वर्तमान दिङ्ला, अरुण उपत्यका र देशका विभिन्न जिल्लाहरूमा रुद्राक्षद्वारा अरबौं विदेशी रुपियाँ भित्रिएर देशको आर्थिक अवस्थामा टेवा पुऱ्याउने महान् कार्यमा पनि बालागुरु षडानन्दको प्रत्यक्ष वा अप्रत्यक्ष योगदान रहेको छ । समाज र राष्ट्रको आर्थिक समृद्धिका लागि कुशल योजनाकार षडानन्द यस राष्ट्रका एक कुशल अर्थशास्त्रीका रूपमा अजर-अमर छन् । रुद्राक्ष र षडानन्द आज नेपालमा र रुद्राक्षको अन्तराष्ट्रिय बजारमा पर्यायवाची शव्दहरू जस्तै बनेका छन् । रुद्राक्ष, दिङ्ला र षडानन्दको अन्तर्राष्ट्रिय रुद्राक्ष बजारको त्रिकोणात्मक सम्बन्ध देखिन्छ ।
- पशुपतिनाथ क्षेत्र तथा पिण्डेश्वर क्षेत्र रुद्राक्ष आरण्य भए तापनि दिङ्लाको रुद्राक्षको जगेडा वनसँगै इलाम, ताप्लेजुङ, सिक्किम आदि देखि सल्यान, प्यूठान, दार्चुलासम्म रुद्राक्ष फैलाउने श्रेय षडानन्द पाठशाला पढ्न जाने विद्यार्थीहरूमा जान्छ । केही दशक यता यसको कारण विश्वमै उच्च गुणस्तरको रुद्राक्ष पाइने देशको नं. १ मा नेपाल पर्न सफल भयो । त्यो पनि मूलत दिङ्ला र अरुण उपत्यका क्षेत्र । तसर्थ आर्थिक सुधारमा गुरु षडानन्दको यो देनलाई राष्ट्रले सल्युट गर्नैपर्दछ ।

**बौद्धिक पक्षमा जागरण/पुनर्जागरण :**

- 'दिङ्लामा छोरी दिनु, बोली नफेर्नु' भन्ने उखान चलेको थियो । यो लोकोक्ति वि. सं. २०६८ सालमा लेखक विश्वज्योति मा. वि. लामिडाँडामा कार्यरत रहँदा खार्पामा घर हुने नेपाली काङ्ग्रेसकी नेत्री मिठूदेवी पोखरेल र तत्कालीन रावा क्याम्पसका प्रमुख सीताराम पोखरेलबाट सुनेको थिएँ । यसको अर्थ लगाउँदा दिङ्लामा छोरी दिँदा उब्जाउ जमिन छन् । दिङ्लामा भात खान नपाएर छोरी मर्दैनन् । दिङ्ला पाठशाला नजिकै छ । श्रीमान्हरू पढेलेखेका पण्डित र विद्वान् हुन्छन् । छोरीले नपढे पनि नातिनातिनाले पढ्न पाउँछन् भनेर खोटाङ र ओखलढुङ्गाबाट दिङ्लातिर छोरी दिने लहर चलेको थियो भन्ने जानकारी भयो । त्यसैले खार्पाका पोखरेलहरू र दिङ्लाली विशेषत: चापागाईंहरूबीच विवाहमा चेली लेनदेनको लामो लहरो वा चलन छ भनी स्पष्ट भयो । तसर्थ यस लोकोक्तिले दिङ्ला क्षेत्रको बौद्धिक पक्ष तथा अन्नश्रीको भण्डार दिङ्लाको आर्थिक पक्ष र सामाजिक पक्ष पनि उजागर गरेको विश्लेषण गर्न सकिन्छ ।
- ज्योतिष, आयुर्वेद, इतिहास, गणित, भूगोल, कर्मकाण्डजस्ता विषय अन्य गुरुकुलमा सबै जात, थर र लिङ्गलाई अध्ययन गर्न अवसर नहुने तत्कालीन परिवेश थियो । तर षडानन्द पाठशालामा सबैलाई अध्ययन अवसर प्राप्त हुनाले यसका उत्पादन धेरै व्यक्तिहरू धुरन्धर पण्डित, नेता, कविराज, प्रशासक, ज्योतिष, योगी, सन्त, धर्मात्मा, दानवीर र समाजसेवी बनेर अरुण उपत्यका तथा देशविदेशका विभिन्न तह तप्काबाट आफ्नो गाउँ, समाज र राष्ट्रमै योगदान पुऱ्याएको तथा उनीहरूको छाप आजभोलिका सन्तान-दर सन्तानसम्म बौद्धिक छाप परेको देखिन्छ ।
- गुरुप्रसाद राई (२०७३ : ३१३), "दिङ्लाका राइटर बाजे, उहाँका कारिन्दा पहलमान कार्की, अन्तरे मुखिया (योगराज चापागाईं) आदि हाम्रो घर मझुवाब्याँसी आउँदा म बाल्यकालमा भए पनि उनीहरूको भाषा (सभ्य र नरम) र बोली भिन्न लाग्दथ्यो ।" यो भिन्न भाषा र बोलीले दिङ्ला बजार आसपासको शैक्षिक अवस्था तथा बौद्धिक पक्ष उजागर गरेको देखिन्छ ।

आजभोलि अस्ट्रेलिया, बेलायत, अमेरिका आदि गएर मजदुरको काम अथवा तल्लो स्तरको काम गरेर मात्र फर्किएर आएको मानिसलाई हाम्रो गाउँ वा समाजले त्यो धनी र विद्वान् मान्छे हो भनेजस्तै दिङ्ला पुगेको मान्छे नपढे पनि विद्वान् हुन्छन् भन्ने छाप परेको थियो । त्यसैले 'विद्या हराए कि काशी जानू कि दिङ्ला जानू' भन्ने उखान चलेको थियो । भारतमा विद्या हराए 'काश्मीर जानु' भन्ने उखान थियो किनकि बनारसभन्दा अघि विद्याको केन्द्र काश्मीर देखिन्छ ।

**आध्यात्मिक क्षेत्रमा पुनर्जागरण :**

- दिङ्लामा समय-समयमा गरिने यज्ञयागादि, रुद्री, अतिरुद्री, महारुद्री, धान्याञ्चल पर्व, तोलादान, कोटिहोम, योग, ध्यान, जपमन्त्रोपचार आदि गुरु षडानन्दको निर्देशन र सल्लाहमा सञ्चालन हुन्थे, जसको प्रभावका कारण जनमानसका मन, आत्मा वा अन्तस्करणमा शान्ति छाएको थियो ।
- भव्य र सभ्य रूपमा मनाइने गुरुपूर्णिमा, ऋषितर्पणी, हरितालिका तीज, नौरथा, दीपावली, माघे सङ्क्रान्ति, एकादशी, चौमासा पुराण आदिको प्रभावले मानिस सभ्य अनुशासित, मर्यादित र समाजसेवी-दानवीरहरू बन्दै गएका थिए ।
- लाखेजात्रा, हिलेजात्रा, घोडेजात्रा, रथयात्रा, शतबीज छर्ने परम्परा, जनैपूर्णिमामा पितृ सम्भने परम्परा, आफ्ना कुलहरू र इष्टदेवीको पूजाआजा गर्ने चलनको सुरुवातले वैदिक वा सनातन धर्मप्रति मानिसहरू ओतप्रोत हुँदै गएका थिए ।
- धर्म कमाउन सत्तल, पाटी, पौवा, बाटाघाटा, पुल, कुलेसा निर्माण, धार्मिक आस्थाका आधारमा तुलसी, चाबो, कमेरो माटोको प्रचलन, श्राद्धमा मासु वर्जित गर्ने परम्पराले मानिसको आध्यात्मिक क्षेत्रको जागरण गराएको हुँदा यसको लहरले पूरै सप्तकोशी सभ्यता क्षेत्रमा जागरण आएको थियो ।
- गुरु षडानन्दको व्यक्तित्वको प्रभावबाट संसार हेर्ने दृष्टिकोणमा परिवर्तन भएको थियो । दिङ्लाका सत्तल तथा आश्रमहरूमा योगी, साधु, सन्त र महन्तहरूको महत्त्वपूर्ण पर्वहरूमा दिङ्लामा आवतजावत भइरहन्थ्यो । यहाँको प्रभावबाट कतिपय बुढापाकाहरू दिङ्लाबाट बनारस, काशी, हरिद्वार, बद्रीनाथ गई साधु, सन्त वा महर्षिसमेत भएका अनि जग्गाहरू दान पनि सीताराम षडानन्द गुठीलाई गरेका थिए ।
- षडानन्दले लगाएको हटिया भर्न, नातागोतामा भेटघाट गर्न र दिङ्ला तीर्थको भ्रमण गरी पुण्य कमाउन बेलाबखत योगमाया न्यौपाने, छिनामुखुका सतब्रह्मदिलदास, मझुवाका दण्डी स्वामी प्रेमनारायण भण्डारी (दिङ्ला तपोभूमिको महिमा रचनाकार) पनि दिङला आइपुग्ने गरेको देखिन्छ ।

डा. मातृकाप्रसाद तिम्सिना (२०६८ : ११५ – १३८) र राजेन्द्र अधिकारी (श्रुतिबाट) का अनुसार भोजपुर दिङ्लाका हरिनारायण सरस्वती (हरिप्रसाद अधिकारी हरिद्वारको धर्मशालामा लामो समय बसेका), भारतको मद्रासका रामानन्द सरस्वती (कालीबाबा, २०२१ मा दिङ्ला), चन्द्रदिलदास (वि. सं. २०४० मा दिङ्ला भ्रमण-जोसमनी मत), सन्त दुर्गानन्द गिरी (वि. सं. १९६० दशक), सन्त उमेशानन्द गिरी (जयप्रसाद गुरागाईं - दिङ्ला गढीगाउँ

बालागुरुका सेवा कार्यको प्रत्यक्ष प्रभाव परेका र हरिद्वारबाट दशनामी संन्यासी दीक्षित), सन्त हरिनारायणेश्वर गिरी (खराङ, वि. सं. १९८६ जन्म), सन्त भक्तानन्द (सन् १९८० मा भारत, आसाम आन्दोलनबाट नेपाल मनकामनादेवी आश्रम बनाएको), कालीप्रसाद ब्रह्मचारी (हरिद्वारबाट दीक्षित), सन्त ज्ञानदिलदास (इलामका लामिछाने, वि. सं. १९३३-३५ दिङ्ला) तथा अनगन्ती साधुसन्तहरूले दिङ्ला तीर्थ भ्रमण गरेको देखिन्छ ।

विश्लेषण गर्दा तत्कालीन समयमा दिङ्ला एउटा पवित्र तीर्थस्थल र आध्यात्मिक क्षेत्रको जागरण गराउने केन्द्रका रूपमा विकसित थियो । समय-समयमा मनकामना बृद्धाश्रम, योगमाया बृद्धाश्रम, चैनपुर छेउको अर्चले बृद्धाश्रम आदिबाट पनि तत्कालीन समयमा सन्तहरू घुम्न आउँथे । यसबाहेक जनकपुर, वाराणसी, हरिद्वार, बद्रीनाथबाट पनि आउने गर्दथे । तर त्यसको लेखाजोखा वा अभिलेख दिङ्लामा देखिँदैन । भारततर्फबाट आउने सन्तहरूको अन्य उद्देश्यहरू दिङ्ला पाठशालाको पठनशैली अध्ययन अनुसन्धान, तीर्थयात्रा, प्राचीन कौशिकी नदी, उत्तरगङ्गा, प्राचीन हरिद्वार, विष्णुपादुका, पवित्र पिण्डेश्वर (अमृतपिण्डबाट उत्पन्न), कुम्भकर्ण (रामायणकालीन पात्रदर्शन), महालङ्गुर हिमाल (हनुमानको दर्शन), गौरीशङ्कर हिमाल (शिव र पार्वती बस्ने हिमाल तथा वेद ऋचा संवाद भएको क्षेत्र), वशिष्ठ आश्रम (सौर्य ऊर्जा उपासना..भर्गो देवस्य धीमहि ..), संसारको तपोभूमि एन्टेनाहरू (wave flow गर्ने) सगरमाथा, मकालु, कञ्चनजङ्घा आदि हिमालहरू तथा अनेकौं वेद र पुराणहरूमा उल्लिखित पवित्र तीर्थहरू भ्रमण गर्दै दिङ्ला पुग्ने तथा दिङ्लाबाट रुद्राक्ष सङ्कलन गरी हरिद्वार, बद्रीनाथ, वाराणसी आदि स्थानमा फिरेर जाने चलन रहेको भन्ने देखिन्छ ।

**कला र संस्कृतिको क्षेत्रमा पुनर्जागरण :**

- वि. सं. १९३० को दशकदेखि वि. सं. १९६० को दशकसम्ममा मूर्तिकला, वास्तुकला लगायतका धेरै भौतिक निर्माणहरू दिङ्ला बजार आसपास भएको देखिन्छ ।
- विशेषतः कला र संस्कृतिमा सीताराम षडेश्वर युग्मज मन्दिर ढुङ्गैढुङ्गाबाट बनेका थिए । पाटनबाटै ल्याएका मूर्तिकार रत्नमान शाक्य र उनको समूहले पाटनको कृष्णमन्दिरको शैलीजस्तै २ वटा गजुरसहितका ढुङ्गे शिवलिङ्गहरू, स्तम्भहरू, ढुङ्गे गेट, मूर्तिहरू, ढुङ्गे बसाहाहरू, ढुङ्गे आँखीझ्याल, ढुङ्गे झ्याल, ढुङ्गे टुँडाल, इँटाको पाइप, खुदी-सुर्की आदिको सिमेन्ट जस्तै लेपनजडित मूर्तिहरू, गिर्दाहरू, सीताकुण्ड, पार्वती कुण्ड र अन्य कुण्डहरू निर्माण भएका थिए । फराकिला मोटरेबल ढुङ्गे मन्दिर अर्धपरिसर, कच्ची सडकहरू, ढुङ्गे

धाराहरू, ढुङ्गे फलैंचाहरू, उज्जैन-हरिद्वारबाट ल्याएका मूर्तिहरू आदि दिङ्लामा निर्माण र स्थापित कला संस्कृतिका अनुपम धरोहर थिए ।

- जानकारी लिई राखौं, प्रत्येक १०० वर्षभन्दा पुरानो कलाकृति, संस्कृति, मठ, मन्दिर, भूमि, प्राकृतिक महत्त्वका वस्तुहरू, खोलाहरू, नालाहरू, पार्कहरू, जङ्गलहरू आदि UNO को UNESCO ले विश्वका उत्कृष्ट वस्तुहरूमा गणना भए विश्वसम्पदा सूचीमा राख्ने गर्दछ । चितवन राष्ट्रिय निकुञ्ज, सगरमाथा, लुम्बिनी, काठमाडौँका दरबारहरू, चाँगुनारायण मन्दिर, स्वयम्भूनाथ, पशुपतिनाथ, महाबौद्ध लगायत नेपालका १० वटा सम्पदा पनि सूचीमा राखेको देखिन्छ । बालागुरुले निर्माण गरेको पुरातात्त्विक महत्त्वका वस्तुहरू पनि १५० वर्षजति पुराना भइसकेका छन् ।
- आजसम्म दिङ्लाको त्यो युग्मज ढुङ्गे मन्दिर (२ वटा जोडेर बनिएको), तिब्बत, बनारस, भुटान, बर्मा, श्रीलङ्कासम्म ख्याति पाएका षडानन्द र पाठशाला, विश्वको नं. १ को रुद्राक्ष वन (जगेडा वन) र आयुर्वेदिक उद्यान, आज सबै दिङ्ला बजार, षडानन्द मा. वि., क्याम्पस र अरुण मा. वि. को परिसरले रित्यायो । पाल्लेघारी नगरपालिका कार्यालय परिसरले सिध्यायो । अन्य धेरै कति रित्तिए, लेखाजोखा छैन । कच्ची मोटरेबल सडक, पार्वतीकुण्ड, सीताकुण्ड, नारदकुण्ड, हनुमानकुण्ड आदि पवित्रताका कुण्डहरू, सीताराम गुठी नेपालकै पहिलो बैङ्किङ प्रणाली सुरुवात गर्ने गुठी, १००८ जडिबुटीको नेपालकै पहिलो विद्यालयीय उद्यान (नेपालको प्रथम सिंहदरबारको पुतली बगैँचाभन्दा पनि जेठो उद्यान), चामुनारायण सत्तल, कैलाशडाँडाका संरचना र दिङ्ला आसपासका मन्दिरहरू थिए । दिङ्लाका पर्व, मेला, जात्रा, हटिया तथा देशविदेशमा ख्याति कमाउने 'दिङ्लाको पाल्लेघारीको नृत्य' परम्परा आदि थिए । रङ्गीबिरङ्गी, आकर्षण र दिङ्ला बजार परिसर सजिसजाउ गरी आजसम्म संरक्षण गरेको भए र बालागुरुले दिङ्ला छौड्दाकै मर्मअनुसार संरक्षण गरेको भए आज दिङ्ला बजार क्षेत्र पक्कै पनि विश्वसम्पदा सूचीमा पर्न सक्ने थियो । हामी दिङ्लाका जनताले त्यो अवसर पनि चुकायौं । नगरपालिकाले नेपालको प्रथम र अन्तर्राष्ट्रिय स्तरको लोकदोहोरी र जुहारी रातभर (Whole night) खेल्ने रमाइलो पाल्लेघारी परिसर सिध्यायो । यी जुहारीले लोकदोहोरीमार्फत कहिलेकाहीँ बुहारीसमेत बनाउन मिल्ने अवसर जुटाइदिन्थ्यो । दुई हरफ गीत स्मरण गरौँ – "हे कान्छी ! सद्धी र रामनवमी मेला, यो पाल्लेघारीमा ... । हे कान्छा ! लौ मख्ख नपरे हुन्छ, नसमाऊ नाडीमा, ...पर्ला हौ जारीमा । हे कान्छी ! ... हे कान्छा ! ..."
- 'जहाँ इच्छा, त्यहाँ उपाय' भनेजस्तो हामीले आजकै दिनबाट हातमा हात मिलाई होस्टेमा हैँसे गर्ने हो भने, षडानन्द सीताराम गुठी, षडानन्द विद्यालय

र षडानन्द नगरपालिकाका प्रमुख व्यक्तित्वले हात फैलाई आह्वान गर्ने हो भने, समय केही बित्यो, सबै बितेको छैन, दिङ्लाको साख 'खान नपाए पनि बाँघको मुख रातै' भनेझैं लागिपर्ने हो भने आगामी १० वर्षअगावै दिङ्लाको मुहार फेरिन्छ । आगामी १०-१५ वर्षभित्रै विश्वसम्पदा सूचीमा पर्न सक्छ । प्रत्येक वर्ष लाखौं आन्तरिक र बाह्य पर्यटक दिङ्ला भित्रिन सक्दछन् । दरिलो अर्को आधार रुद्राक्षको दिङ्ला अन्तर्राष्ट्रिय बजार हो । दिङ्लाका सम्पूर्ण शुभेच्छुक, सेवाग्राही, दानवीर, धर्मात्मा र सरोकारवाला निकायले षडानन्द गुरुको त्यो मर्म पुनर्जागरण गरी दिङ्लाको पुनर्जन्म गरौं । विश्वसम्पदा सूचीमा दर्ता गराउन गुरु षडानन्द, दिङ्लाका सबै देवीदेवताको तथा आफ्ना दानवीर पितापुर्खाको विरासतको आशीर्वाद मागौँ ।

मुरारीराज शर्मा (२०७३ : २३६ – २३८), "संस्कृतिलाई हेर्ने २ नजर हामीले देखेका छौँ : एउटा तालिवानी र अर्को मिश्रेली । अफगानिस्थानमा कट्टरपन्थी मुस्लिम तालिबानले बामियान बुद्धका मूर्तिहरू फुटाए र भत्काए । इजिप्टमा मिश्रेलीहरूले इस्लाम धर्म ग्रहण गरे पनि इतर धर्मका पिरामिड र अरू सांस्कृतिक धरोहरहरू संरक्षण गरे । तिनै इस्लाम इतर पिरामिड र अन्य सांस्कृतिक धरोहरहरू हेर्न आज १ वा २ करोडभन्दा बढी पर्यटक बर्सेनी इजिप्ट आउँछन् । नेपालमा माओवादीले सम्पदाको संरक्षण नगरी विद्रोही शैलीमा कीर्तिहरू लुटे । त्यो किन ? उनीहरू आफैँ जानून् । भौतिक संरचनाहरू मर्मत र पुनर्स्थापनाको प्रतीक्षामा छन् ।"

मुरारीराजको लेखबाट विश्लेषण गर्न सकिन्छ कि जनयुद्धको नाममा षडानन्दका मात्र होइन, पृथ्वीनारायण शाहका, बलभद्र कुँवरका, भानुभक्तका, त्रिभुवनका, देवकोटा आदिका सालिक तोडफोड गरेको देखिन्छ । पशुपतिनाथको महत्त्व र सम्पत्तिहरू लगायत मन्दिर, गुम्वा, सांस्कृतिक धरोहरहरू, दरवारहरू, आदि तालिबानी शैलीमा समाप्त हुँदै जाँदै छन् । इन्द्रजात्रा तथा अन्य जात्रासँगै मन्दिरका पूजापाठ कति बन्द भए भने कतिपय बन्द हुने क्रममा छन् । नेपालमा जातीयताको नाममा, धार्मिकताको नाममा, भाषाको नाममा र भूगोलको नाममा हाम्रा मौलिक परम्परा, धर्म, संस्कृति, चाडपर्वहरू, महत्त्वका मेला र जात्राहरू समाप्त हुँदैछन् । अतिक्रमण हुँदैछन् । हामी अफगानिस्तानको अवस्थामा त पुग्ने होइनौँ ? बेलामै बुद्धि पुऱ्याउनुपर्छ । राष्ट्रिय राजनीतिमा भएको बाह्य हस्तक्षेपको अवस्थाले नेपाल र नेपाली भोलि रहने हौँ कि होइनौँ, थाहा छैन ।

**साहित्यिक जागरण/पुनर्जागरण :**

निनु चापागाईं (२०७३) "बालागुरुका शिष्य, हितैषी र सहयोगी खरिदार पं. यज्ञनिधि चापागाईंद्वारा वि. सं. १९६६ मा लिखित हस्तलिपि (बालागुरु हुँदै)

र वि. सं. १९८७ जेठ १ मा प्रकाशित 'श्री आबाल ब्रह्मचारी चरितम्' पुस्तक नेपाली साहित्यको पूर्वको सबैभन्दा जेठो खण्डकाव्य हो ।" यसको पुनर्प्रकाशन चापागाईं समाजसेवा संस्थाबाट वि. सं. २०५८ मा भएको पूर्वशिक्षक विनोदकुमार चापागाईंले जानकारी दिनुभएको छ ।

- त्यसै गरी पं. नन्दिकेश्वर अधिकारीद्वारा लिखित वि. सं. १९८४ मा प्रकाशित 'सदाचारज्ञानाऽदर्शकः' खण्डकाव्य प्रकाशनका आधारमा पूर्वाञ्चलको प्रथम खण्डकाव्य देखिन्छ ।
- चाहे पं. यज्ञनिधि चापागाईंद्वारा लिखित होस् वा पं. नन्दिकेश्वर अधिकारीद्वारा लिखित खण्डकाव्य होस्, पूर्वाञ्चलका प्रथम दुवै खण्डकाव्य बालागुरुसँग सम्बन्धित देखिन्छन् ।
- वि. सं. १९८० को दशकमा पं. दण्डपाणि अधिकारीको सप्ताह मण्डप पूजाविधि प्रकाशन भएको ।
- सेमन्तराज अधिकारी (२०६२ : २६) का अनुसार वि. सं. १९८०-८१ तिर पं. प्रभुनाथ अधिकारी, नेपालको माध्यमिक साहित्यका प्रसिद्ध राष्ट्रकविले कविता, गजल, भजन र स्तुतिसमेत ३० भन्दा बढी कृतिहरू लेखेको देखिन्छ । सङ्गीत रत्नमाला (२०२२), स्त्री शिक्षा, हराएको मोतीको दाना (मोतीराम भट्टसम्बन्धी) र षडानन्द गुणवर्णन आदि प्रमुख रहेका थिए ।
- पं. यज्ञनिधि चापागाईंको आबाल ब्रह्मचारी चरितम् (वि. सं. १९८७) ।
- पं. लक्ष्मीभक्त अधिकारीको लघुकाव्य (हरि मञ्जुश्रीका (२०७५ : १६२) अनुसार । तर हाल उनको पुस्तक बजारमा उपलब्ध छैन ।
- सेमन्तराज अधिकारी (२०६२ : ३७), पं. बद्रीनाथ अधिकारीका हस्तलिखित पुस्तकहरू, पछि प्रकाशन वि. सं. १९६२ मा ।
- योगमाया न्यौपानेको 'सर्वार्थ योगवाणी' - दण्डी स्वामी प्रेमनारायण भण्डारीबाट सङ्कलन (वि. सं. १९८८) तथा प्रकाशन (वि. सं. १९९४) ।
- दण्डी स्वामी प्रेमनारायण भण्डारीबाटै सत्यार्थ स्वर्गारोहण, अगम हिमालको गजब, हिमालको यात्रा, दिङ्लाको महिमा पछि प्रकाशन भएका ।
- बालागुरुका उपदेशहरू र उनले अर्थ लगाएका नीतिवचनहरू ।

**अरुण उपत्यकाका अन्य कृतिहरू :**

- लीलानाथ काफ्ले (वि. सं. १९४८) - विवाह विधि (१३३ श्लोक ग्रन्थ)
- धनवीर भण्डारी (चैनपुर) - अब्बरको पहाडको सवाई (वि. सं. १९५१), भुइँचालोको सवाई (वि. सं. १९५४, १०० श्लोक)

- भवानी शङ्कर घिमिरे (वि. सं. १९५८) - विष्णुको सवाई पुस्तक
- वैयाकरण नेपाल (वि. सं. १९१२ – १९७९) - रामायणको किष्किन्धाकाण्ड, टक्सार वर्णन, फलफूल वर्णन, अश्वगुणदोष निरूपण आदि कविताहरू
- हर्षराज शाक्य (वि. सं. १९७२) - आगलागीको सवाई
- चन्द्रध्वज राई (फालीकोट गैरीगाउँ, दार्जिलिङबाट) - प्रेमतरङ्ग, मायालहरी (वि. सं. १९७५)
- तुलसीराम ढकाल (चैनपुर, हाल बरगाछी) - पुरुषोत्तम मासमहात्म्य (वि. सं. १९९६), उमा कुमारी संवाद (वि. सं. १९९७), मानसानुस्क (वि. सं. १९९७)
- लोकमान श्रेष्ठ (सङ्खुवासभा) - नेवारी तथा नेपाली शब्दकोश (वि. सं. २००९)

(स्रोत : रविमान लम्जेल, पूर्वाञ्चल साहित्य सँगालो, २०५० : १५४ – १६२, ३२ – ५५)

- लक्ष्मीभक्त अधिकारी (गढीगाउँ), लक्ष्मीभक्तका कविता (सदाचार-ज्ञानाऽदर्शकःको बाँकी अंश), रचना वि. सं. २००५, प्रकाशन वि. सं. २०७४ ।
- कालिकाप्रसाद चापागाईं (नागीघरे) ले वि. सं. २००८ मा यात्रावर्णनमा लेखेको श्लोकको एक अंश :

  भञ्ज्याङ् भो गढीगाउँ, छापघर भो मार्से र सालमा ।
  तेसघरका सब प्राणिलाई भगवान् रक्षा गरुन् जालपा ॥

- प्रा. डा. माधवप्रसाद भट्टराई (पूर्व नायब बडागुरुज्यू, २०७३ : २३२ – २३५), ले कवि रामनाथ अधिकारीले लेखेको महाकाव्यको (१८।११ र १८।१३) अंश उल्लेख गरेका छन् :

  प्यारो दिङ्ला गुरुवर षडानन्दको सिर्जना हो,
  धारो, बाटो, सुरगृह, लताकुञ्जको तिर्सना हो ।
  दिङ्ला पढ्ने वटुक जननी शारदाका सुपुत्र,
  हुन्छन् भन्ने कथन अहिले मान्छु मैले पवित्र ॥
  हाम्रा प्यारा गुरु पनि उहाँकै कृपाबाट आज,
  विद्या पारङ्गत हुन पुगे देख्छ सिङ्गो समाज ॥
  देखेभोगे कु-कुन गतिमा चल्छ यो जिन्दगानी,
  यस्तै यस्तै अनुभव दिँदै खुल्छ नौलो बिहानी ॥

**जनसहभागिता र सहयात्रामा जागरण/पुनर्जागरण :**

- जनसहभागिता र सामूहिक भावनाको कदर गर्दै पाठशाला र गुठी स्थापना भएको ।

- स्वेच्छिक दान, चन्दा, जग्गादान, तोलादान, धान्यपर्व, शतबीजमा रथसहयात्रा, रामनवमीमा सहयात्रा तथा सहभागिताले मन्दिर परिसर आदि निर्माण भएका ।
- जनसहभागिता र सहयात्रामा शनिबारे हाट, मेला, पर्व, जात्राहरू, यज्ञादिहरू, सम्पन्न भएको ।
- १०८ वटुकहरूको सामूहिक व्रतबन्धमा सहयात्रा गरेको ।
- सतीप्रथा तथा दासप्रथा अन्त्य प्रयास गर्दै छुवाछुत प्रथाविरुद्धको जागरणले न्यूनीकरण भएको ।
- सबै जात, धर्म, उमेर र संस्कारकालाई विद्यालय, हाटबजार, मेलाहरू, पर्वहरू, मन्दिरहरू आदि खुला गरिएको ।
- मठ, मन्दिर, फलैंचा, कच्ची सडक, काठे र बासे पुल, हटिया, मेला, पर्व, जात्रा, सतीघाटमा डुङ्गा लगाउनेकार्य, घाट आश्रम निर्माण आदि भएका ।

**कानुनी सचेतना, वैधता, आधिकारिकता र अभिलेखीकरणमा जागरण / पुनर्जागरण :**

सरकारी पहलविना व्यक्तिको प्रयासमा गरिएका कार्यहरूले कानुनी वैधता र आधिकारिकता प्राप्त गर्न नसक्ने र भएका प्रमाणहरू पनि कालान्तरमा लोप भई सक्ने अवस्थालाई मध्यनजर गर्दै निम्न ठोस र आगोले समेत नजलाउने र पानीले समेत भिजेर तुरुन्तै नष्ट हुन नसक्ने प्रमाणहरूसहित निम्न जागरण र प्रमाणहरू छोड्नुभएको देखिन्छ ।

- वि. सं. १९३५ को लालमोहर - श्री ५ सुरेन्द्रविक्रमको आदेशबाट प्रदान
- वि. सं. १९४१ को रुक्का पत्र - श्री ३ रणोद्दीपसिंहबाट प्रदान
- वि. सं. १९४२ को ताम्रपत्र - श्री ५ पृथ्वीवीरविक्रमबाट प्रदान
- वि. सं. १९६० को स्वीकृति - सीताराम गुठी र यसका गतिविधि सञ्चालन गर्न औपचारिक अनुमति प्रदान
- वि. सं. १९६६ को धर्मपत्रिका - तत्कालीन स्थानीय सरकारको प्रतिनिधित्व झल्कने गरी ३१ जना समाजका विशिष्ट बुद्धिजीवी प्रतिनिधि साक्षी झन्डै ५० फिट लामो नेपाली कागजमा लेखी आमघोषणा
- वि. सं. १९६६ को शिलालेख - धर्मपत्रिकाको व्यहोरा उल्लेख भएको र धर्मपत्रिका च्यातेर, डढेर, हराएर जान्छ भनी ढुङ्गामा शिलालेख स्थापना
- वि. सं. १९७० को इस्तिहार - श्री ३ चन्द्र शमशेरबाट जारी गराई प्राप्त र जग्गा मोहीको किचलो सधैंका लागि अन्त्य

- वि. सं. १९७४ को थप धर्मपत्रिकामा - स्थानीय वरिष्ठ प्रतिनिधिले थप गरेका र वि. सं. १९६६ धर्मपत्रिकालाई संशोधन गरी वि. सं. १९७४ को तजबीजपत्र नामकरण जसमा रु. २१६३।- थप
- वि. सं. १९७७ आश्विन ३ मा रु. १५३०।- थप र तर्जुमा पत्र वि. सं. १९७८ भनिएको
- वि. सं. १९६६ को फैसला - पूर्व ४ नं. का बडाहाकिम खड्गमानको अदालती फैसला र अभिलेख
- वि. सं. १९७७ माघ - पूर्व ४ नं. गोश्वारा हाकिम कप्तानको वडापत्र
- वि. सं. १९८३ को बिदा स्वीकृतिपत्र - जङ्गीअड्डा दिङ्लाका हाकिमले बिदाहरू स्वीकृत गरेको पत्र
- वि. सं. १९९१ को फैसला - पूर्व ४ नं. गोश्वारा बडाहाकिमले गुठीको सम्पत्ति जाँच गरी फैसला र अभिलेखन (वैशाखको)
- वि. सं. १९९१ जेठको पुर्जी - पूर्व ४ नं. गोश्वाराबाट गुठीमा मोतीलाल पाध्याको नाममा जाँचकी पुर्जी जारी
- वि. सं. १९६९ ज्येठ २ - रु. २००।- धर्मपत्रिकामा थप
- वि. सं. २००१ माघ २२ - १/५ मुरी धान गुठी आयस्तामा थप
- वि. सं. २०३६ को गुठी जग्गाहरू नापी भएको रेकर्ड र १७५३ रोपनी जग्गा देखिन्छ ।

(स्रोत : यादव चापागाई (२०५२ : ३१ – ४५), सेमन्तराज अधिकारी (२०६२) तथा षडानन्द सम्बन्धी अभिलेख (२०७०))

माथिका अभिलेखहरूले कानुनी वैधता र आधिकारिकताको प्रमाण केन्द्रीय सरकार, स्थानीय सरकार र स्थानीय जनतासँग रहेको प्रमाण दिन्छ । धेरै आधिकारिक ठोस प्रमाण दिङ्ला सीताराम मन्दिर परिसरमा गई अध्ययन गर्दै आफैं देख्न र भेट्न सक्दछौं । गुरु षडानन्दमा यो कुशलता नभएको भए दिङ्ला अगाडि नै वि. सं. १९४०-५० तिर रावाखोले पौवारे सन्तले भोजपुर छिनामुखुमा सञ्चालन गरेको जोसमनीमतको सन्त शिक्षा आजभोलि प्रमाणविहीन बनेको छ । छिनामुखुकालाई नै थाहा नभएजस्तो समाप्त हुन सक्दथ्यो तर आजसम्म दिङ्लामा जीवित प्रमाणहरू छन् ।

बालागुरुले प्रमाण नराखेको भए उहाँका कीर्तिहरू र अष्टसिद्धिका अलौकिक कुराहरू, चार्ल्स डार्विनले आदिमानव ईसापूर्वभन्दा १२,००० वर्षअघि देखापरे । बाँदरको पुच्छर छोटिएर मान्छे बन्यो भन्दा हामी हो त हो भन्दछौं । चीनको पेकिङ क्षेत्रमा भेटिएको वैज्ञानिकले ४०-५० हजार वर्ष पुरानो भनेको ढुङ्गे हारमोनियम तथा चीनमै फेला परेको ४ लाख वर्ष पुरानो भनेको धातुको

जुत्ताबारे डार्विनको सिद्धान्त बोल्न सक्दैन । नेपालको बुटवलको तिनाउ नदी किनारमा र महोत्तरीको पटु भन्ने ठाउँमा वि. सं. २०३७ सालमा योगी नरहरिनाथले फेला पारेको १ करोड वर्षअघिको मङ्गोलियन अनुहारसँग मिल्दोजुल्दो रामापिथेकस मानवको अवशेषका बारेमा (हाल अमेरिकाको हार्वर्ड विश्वविद्यालयमा अवशेष सुरक्षित राखिएको) डार्विनको सिद्धान्त बोल्न नसकेझैँ दिङ्लाको इतिहास समाप्त हुने थियो । आज रामरावण युद्ध तथा महाभारत युद्धलाई कपोलकल्पित भनेजस्तै दिङ्लाको कथा-व्यथा रहने थियो । बालागुरुले दूरदर्शी प्रमाणहरू आजसम्म छोड्नुभएको छ र केही सुरक्षित पनि छन् ।

सरकारी कागजपत्र, फैसला, आदेश, ताम्रपत्र, धर्मपत्रिका, शिलालेख आदिले अभिलेख व्यवस्थापनमा वैधता, आधिकारिकता र दीर्घतासमेत राख्दै अरुण उपत्यका जागरण तथा पुनर्जागरणको लहर छोडेको देखिन्छ ।

**रोजगार तथा स्वरोजगारमा पुनर्जागरण :**

- दिङ्ला र अरुण उपत्यकाले मात्र नभई पूरै नेपाल राष्ट्रले वि. सं. १९३० को दशकदेखि नै देशका लागि प्रशासकहरू, उच्च ओहोदाका सेना, शिक्षक, प्राध्यापकहरू, व्यापारीहरू, साहित्यकारहरू, विशिष्ट पण्डितहरू, ज्योतिषविद्हरू, नेताहरू, परराष्ट्रविद्हरू, राष्ट्रिय स्थरका संस्थापकहरू, मन्त्रीहरू, बौद्धिक वर्गहरू, कविराजहरू आदि जनशक्ति उत्पादन गरेको थियो । तसर्थ राष्ट्रिय जनशक्ति उत्पादन गर्ने षडानन्द पाठशाला राष्ट्रकै प्रथम शैक्षिक केन्द्र बन्न पुग्यो, जसले शिक्षाको लहरसँगै रोजगारी र स्वरोजगारीका अवसर सृजना गर्ने स्वर्णिम अवसर प्रदान गर्‍यो ।
- सिङ्गो राष्ट्रले शिक्षक कस्तो हुन्छ ? विद्यालय कस्तो हुन्छ ? के पढ्छन् ? जाँच कसरी दिन्छन् ? आदि देख्न र सुन्न पाए ।
- कालीदल गण अड्डा दिङ्लामा स्थानीय १०० युवाले मिलिसियाको जागिर वि. सं. १९३४ मै प्राप्त गरेका थिए ।
- शनिबारे हटिया, मेला, पर्व, जात्रा आदिका कारण घरेलु उद्योगका सामग्री, भाँडाबर्तन, हस्तकलाका सामग्री उत्पादनकर्ता, व्यापारी, पसले, नगद कमाउने किसानहरू तथा अन्य उत्पादन फस्टाउने मौका मिल्यो । आर्थिक परिवर्तनको लहर ल्याउन सजिलो भयो ।
- बालागुरुको रुद्राक्षको सचेतनास्वरूप आजभोलि अरुण उपत्यकामा हजारौँ घरपरिवारले स्वरोजगारी प्राप्त गरेका छन् । अरुण उपत्यकाले अरबौँ विदेशी रुपियाँ नेपाल भित्र्याउँछ । राष्ट्रिय अर्थतन्त्रमा केही प्रतिशत टेवा दिने दिङ्ला रुद्राक्षको प्रथम International Market पनि हो ।

डा. सुरेशराज शर्मा (२०७३) “भारतमा थुप्रै शिक्षालयहरू नदीकिनारमा छन् र नेपालमा पनि । धरानको पिण्डेश्वर र दिङ्ला पनि । विदेशी भूमिमा अध्ययन गरेर आजभोलि विदेशमै बस्ने (युरोप, अमेरिका, जापान आदि) र विदेशी भूमिमा काम गरेर आफ्ना जवानीका दिनहरू बिताउने नेपालीका लागि बालागुरुले देशप्रेमको ठूलो पाठ पढाएका छन् भन्ने मलाई लाग्छ ।” तसर्थ वैदेशिक रोजगारमा तथा विदेश अध्ययनमा जानेहरूलाई बालागुरुले देशभक्तिको मर्म बुझ्न सचेत गराएको विश्लेषण देखिन्छ ।

**नागरिकको दायित्व, अधिकार र मौलिक अधिकारको क्षेत्रमा जागरण :**

१५० वर्षअघिको दिङ्लाको माझकिरात समुदाय र अहिले पनि माझकिरात समुदायकै बाहुल्य भएकाले शाब्दिक भिन्नता नदेखिए पनि तात्त्विक भिन्नता निम्न देखिन्छ ।

- झैझगडा, हिंसा तथा सतीप्रथा, दासप्रथा, छुवाछुत प्रथाले ग्रस्त थियो ।
- बालविवाह, अनमेलविवाह, केही जातिमा भाउजू ब्यहोर्ने चलन, चेलीबेटी साटासाट चलन आदि विकृत समाज थियो ।
- निरक्षरता, गरिबी, अन्धविश्वासी समाज आदि विकृति थिए ।
- अरुण उपत्यकाको सेरोफेरोमा रहेका बलिप्रथा, नरबलिप्रथा, सतीप्रथा, दासप्रथा, टुनामुनाप्रथा, धामीझाँक्रीप्रथा, सामन्ती समाज, घुम्टो प्रणाली, बहुविवाहप्रथा, सुनौली-रूपौली प्रथा (किरातमा), रकमी तमसुक चलन, माटोको डल्लाले हिर्काएर न्याय गर्ने प्रणाली, मुखियाले मौखिक रूपमा भन्दा जात चढ्ने र झर्ने न्यायप्रणाली, बालविवाहप्रथा आदिमा प्रत्यक्ष-अप्रत्यक्ष सुधार भएका थिए । बालागुरुले सुनौली-रूपौली र धामीझाँक्री प्रथामा प्रत्यक्ष सुधार नगरे पनि शिक्षा र चेतनाबाटै सरोकारवालाका कमजोरीमा सुधार हुँदै गएका थिए । तर महागुरु फाल्गुनन्दले सुनौली-रूपौली प्रथामा सुधार गर्न प्रत्यक्ष उपदेश दिएको देखिन्छ ।
- श्राद्धमा मासु भोज गराउने, अंशबन्डामा विकृति र औँठाछापले बनिवास उठाइदिन्थे ।
- महिलाको श्रद्धा नगर्ने विकृति, दासदासी राखी यौनप्यास मेटाउने तथा शारीरिक र आर्थिक शोषणसहितको सामन्ती सोचको समाज थियो । अन्य विकृति नै विकृति थिए । यिनीहरू पनि सुधार हुँदै गएका थिए ।

अधिकारहरूमा बालागुरुले सतीप्रथा र दासप्रथा आदिविरुद्ध उभिएर महिला अधिकार, बाल अधिकार, दलित अधिकार, सम्पत्तिको अधिकार, श्रमशोषण विरुद्धको अधिकार, शिक्षाको अधिकार आदि अधिकारहरू शैक्षिक

चेतनाबाट, कतिपय व्यावहारिक प्रयोगहरूबाट अधिकार दिलाएको अथवा आवाज बुलन्द गरेर समाजलाई पुनर्जागरण गरी योगदान दिनुभएको थियो ।

विद्यालयमार्फत, पुराणमार्फत, प्रवचनमार्फत, उपदेशमार्फत, नीतिवचनमार्फत तत्कालीन समाजका विकृतिहरू अन्त्य तथा न्यूनीकरण गर्दै समाजलाई सकारात्मक सोचाइ र व्यावहारिक परिवर्तन गरी असल नागरिक समाजमा रूपान्तरण गर्न उनी सफल भएको देखिन्छ। उनी नभएको भए अरुण उपत्यकाको समाज नेपालमा आजसम्म पनि पछि पर्ने थियो भनी विश्लेषण गर्दा दुईमत छैन । सायद लेखनाथ पौडेलको मतझैँ समाज रहने थियो :

म खाऊँ, मै लाऊँ, सुखसयल वा मोज म गरूँ ।
म हाँसूँ, मै नाचूँ, अरू सब मरून् दुर्बलहरू ।

बालागुरु षडानन्द आफैँ सन्त भएको कारण उल्लिखित सोचभन्दा महान् भएको हुनाले नागरिक दायित्व तथा मौलिक अधिकारमा अरुण उपत्यकामा जागरणको लहर छाएको देखिन्छ ।

जनताहरूमा स्वस्फूर्त र स्वेच्छिक रूपमा शिक्षित बन्दै समाजको मूल्य, मान्यता, धर्म, कर्म, संस्कार, संस्कृत भाषा, संस्कृति आदिको ज्ञानको कारण धनवीर, मनवीर, कर्मवीर, दानवीर, बौद्धिक आदिमा परिणत भए । गाउँ र समाजमा बाटो, धारो, पुल (काठे, बाँसे) मठमन्दिर, फलैँचा, गुम्बा, सत्तल आदि निर्माणमा निस्वार्थ रूपमा लागिपरे । फलस्वरूप समाज आदर्शमय, आस्तिक, सनातनधर्मी र नैतिकवान् बन्दै रूपान्तरण हुँदै गएको विश्लेषण गर्न सकिन्छ।

समाजमा पिताको कर्तव्य के ? दायित्व के ? आमाको कर्तव्य के ? छोरा वा छोरीको दायित्व के ? मेरो कर्तव्य के ? समाजमा मेरो जिम्मेवारी के ? सार्वजनिक सम्पत्ति के हुन् ? मानवको जन्म किन ? नागरिक अधिकार के ? अधिकार नपाएमा आवाज कसरी उठाउने ? मातृदेवो भवः के ? पितृदेवो भवः के ? अतिथि देवो भवः के ? आदि पाठशाला शिक्षा र नीतिवचन आदिवाट चेतनाको लहर फैलिएको देखिन्छ ।

प्रा. रामहरि दाहाल (२०७३ : ४०६ – ४०८) का अनुसार महिलाहरूलाई ज्यूँदै डढाएर नाबालकहरूको बिजोग पारी सम्पत्ति हडप्ने असभ्य नरपिशाचका लागि, समाजबाट अबोध बनाउनेका लागि, अनाथ बनाउने तथा घरवारबिहीन बनाइदिने केही ढोँगी धर्मभीरु र दानवरूपी जमिनदारहरूको विरुद्धमा महिलाहरूलाई सतीप्रथाबाट बचाउन एक प्रयास मात्र गरेको भए पनि उत्कृष्ट प्रयास ठहरिने थियो । उनका अनगन्ती योगदानहरूले पनि उनी महापुरुष देखिन्छन् । मानिसलाई पुस्तौँदेखि दासदासीका रूपमा घरखेतमा रातदिन जोताउने, दलाउने, श्रमशोषण गर्ने, शारीरिक शोषण गर्ने, यौनशोषण गर्ने, सौता राखी शोषण गर्ने मानवरूपी दानवका लागि तथा गतानुतीत शोषक र

स्वार्थी केही ढोंगी पण्डितका लागि शिक्षाका माध्यमवाट रन्थनिने झापड मारेको तथा राणा शासकलाई उक्त कुप्रथा अन्त्य गराउन प्रेरणासमेत दिई बाध्य बनाई मानवीय उत्थान वा मानव अधिकार प्रदान गर्न भूमिका खेलेको देखिन्छ ।

**विद्यालयका प्रशासनिक कार्य तथा अधिकार प्रत्यायोजनमा जागरण :**

वि. सं. १९६६ को धर्मपत्रिका तथा वि. सं. १९६६ को शिलापत्रमार्फत विद्यालय प्रशासन सञ्चालन गर्न तथा गुठी सञ्चालन गर्नका लागि कर्मचारीहरूको कार्यविभाजन, जिम्मेवारी तथा अधिकारहरूको पनि स्पष्ट बाँडफाँड गरेको देखिन्छ। संस्थाहरू चलाउन जागरण गरेको अथवा अनुकरणीय नमुना संस्था बनाउने प्रयास गरेको देखिन्छ। ती नमुना कार्यहरू थिए किनकि त्यस बेला जङ्गीअड्डाबाहेक अरू कुनै संस्था पनि १५० वर्षअघिको अरुण उपत्यका समाजमा थिएन होला ? । यस संस्थामा वेतनसमेत स्पष्ट तोकिएको देखिन्छ, जसअनुसार प्रथम कर्मचारीहरू :

- बालागुरु षडानन्द – संस्थापक प्राचार्य
- बालागुरुका समेत प्रमुख सल्लाहकार – पं. नन्दिकेश्वर अधिकारी
- बाह्य परीक्षा बोर्ड प्रमुख – पं. नन्दिकेश्वर अधिकारी तथा प्रथम सदस्य लक्ष्मीभक्त अधिकारी (पं. नन्दिकेश्वरका छोरा (दुवैजना बालागुरुको अनुपस्थितिमा शिक्षकसमेत)
- प्रथम गुठीयार तथा बेलाबखतका शिक्षक – पं. शिवलाल अधिकारी (वार्षिक ३६ मुरी धान बेतन)
- प्रथम संस्थापक प्र. अ. बालागुरु र प्रथम प्र. अ. पं. नन्दिकेश्वर अधिकारी - निजले गुठीबाट कुनै प्रकारका पनि बेतन नलिई समाजसेवा गरेका, एक महान् स्वयम्सेवक )
- नियुक्तिका आधारमा प्रथम प्र. अ. – पं. जयधर्म अधिकारी (वि. सं. २००२ सम्म, वार्षिक ४० मुरी बेतन)
- सम्पूर्ण निर्माण समिति प्रमुख – पं. शिवलाल अधिकारी (ऋण लगानी गर्ने र उठाउनेसमेत)
- गुठीको कागजपत्र प्रमाणित गर्ने, छाप लगाउने तथा कागजात राख्ने – पं. रामनाथ अधिकारी
- नियुक्तिपत्रका आधारमा द्वितीय शिक्षक – पं. बद्रीनारायण अधिकारी (वि. सं. १९७७ आश्विनमा शिक्षकको नियुक्तिपत्र पाएको)
- प्रथम र मुख्य पुजारी – पं. रविलाल गौतम (भानिज, वार्षिक २४ मुरी बेतन)

- प्रथम पुराणवाचक नियुक्तिका आधारमा – पं. बद्रीनारायण अधिकारी (वार्षिक १० मुरी थप खान्की, चतुर्मासा पुराणका लागि पनि)
- प्रथम नगरावादक – श्री बोधने दमाईं (प्रतिदिन विहान र बेलुकी पूजाको समयमा नगरावादक, ५ मुरी)
- पञ्चैबजा र नौमती बाजावादक – श्री बेधने दमाईं समूह (दैनिक बाजावादक तथा पर्वहरू, यज्ञादिहरू, जात्राहरू र मेलाहरूको अवसरका लागि वादक, वार्षिक ५ मुरी र दसै पर्वमा बाजा बजाउँदाको खान्की छुट्टै)
- मन्दिर पाठशालामा लिपपोत तथा झारुबढारु गर्ने १ महिला राख्ने चलन थियो (वार्षिक ६ मुरी खान्की)
- लामो समय कार्यालय सहयोगी तथा विविध सहयोग गर्ने – खरिदार पं. यज्ञनिधि चापागाईं
- कुण्ड तथा बगैंचाको माली – श्री जदुशेर हमाल (वार्षिक ६ मुरी)
- सीताराम, षडेश्वर र नर्मदेश्वरको एउटै पुजारी देखिन्छ। अरूले बनाएको राधाकृष्ण मन्दिरको छुट्टै पुजारी देखिन्छ।
- भत्केको टालटुल वा मर्मत गर्नेलाई २।१० मुरी छुट्याएको देखिन्छ। उक्त भैपीरआउने कार्यका लागि कागज गरेर जिम्मेवारी प्रत्यायोजन गरिने चलन रहेको
- पछिल्लो समयमा जिम्मावाल वा गुठीयार खान्की बढ भई ३१ मुरीसम्म पुगेको
- हेमराज अधिकारी शास्त्री (२०७५) का अनुसार इँटा निर्माण समूह, ढुङ्गे मूर्तिहरू निर्माणका कलाकार तथा ढुङ्गे पल्टन प्रमुख रत्नमान शाक्य ( पाटन, ललितपुर) बाट तथा इँटा निर्माण समूह भक्तपुरबाट झिकाएको साथै दैनिक ६ पैसा ज्याला ब्तनस्वरूप प्रदान गरेको देखिन्छ।
- जङ्गीअड्डाबाट षडानन्द सीताराम गुठीमा खटिएको सिपाहीले गुठीयारले अह्राएको काम गर्ने, आम्दानी उठाउने, जग्गामा समस्या परेमा ताकेता गराउने, गुठीको अडिट गराउने तथा श्री ३ राणा सरकारलाई रिपोर्ट पठाउने आदि कार्यबापत वार्षिक ५ मुरी खान्की । पहिले दिङ्ला जङ्गीअड्डाबाट र पछि भोजपुर गोश्वारा अड्डाका बडाहाकिमबाट ६-६ महिनामा लेखापरीक्षण गराइन्थ्यो ।
- छात्रावासमा बस्ने तथा टाढा घर भएका विद्यार्थीहरूका लागि वार्षिक १४०।६ मुरी धान तथा प्रतिविद्यार्थीले प्रतिमहिना ४ पाथीको दरले धान छात्रवृत्तिस्वरूप प्राप्त गर्दथे । वि. सं. १९५९ मा १८ जना र वि. सं. २००६ मा ४८ जनाले प्राप्त गरेको देखिन्छ ।

- विविध कार्य गर्नेहरूका लागि धर्मपत्रिका र शिलालेख अनुसार ३३६।१ मुरी आम्दानी र खर्च फाँटबारीमा ३१६।१ भन्ने देखिन्छ । अर्थात् वार्षिक २० मुरी धान घाटा लागे पनि तलबस्वरूप धान दिन सकिने तथा घाटा नलाग्ने गरी बेतनको बालागुरुले व्यवस्थापन गरेको देखिन्छ । यो वार्षिक २० मुरी धान भैपरिआउने खर्चका लागि छुट्याएको हो भन्ने बुझ्नुपर्छ । तसर्थ बालागुरुको balance sheet राख्ने तरिका उत्कृष्ट देखिन्छ ।
- पछि वि. सं. १९६९ मा धर्मपत्रिकामा नोक्सानी मिनाहा सच्याउने कामको जिम्मेवारी सल्लाहकार पं. नन्दिकेश्वर अधिकारीलाई दिएको देखिन्छ । बालागुरु षडानन्द नभएको बेलाको सम्पूर्ण जिम्मेवारी तथा रेखदेख पं. नन्दिकेश्वर अधिकारीबाट भएको देखिन्छ । पं. अधिकारी बालागुरुको पनि brain अथवा कुशल सल्लाहकारका रूपमा बालागुरुबाट पनि सम्मानित देखिन्छन् । दुवैजनाका मावली गुरागाईंहरू भएको तथा दुवै अधिकारी भएकाले दाजुभाइ अथवा पं. नन्दिकेश्वर षडानन्दको काकाका रूपमा पनि पारिवारिक सम्बन्ध देखिन्छ ।
- दिङ्ला बाहिरका बडाहाकिम कर्णेल गङ्गाबहादुर र खड्गमान सिंहले समेत दिङ्लाको उत्कृष्ट पठनशैलीबाट प्रभावित भई गरेको सहयोग कदापि दिङ्लाबासीले भुल्नु हुँदैन । उनले धातुको बसाहा, घण्टा तथा ढुङ्गे स्तम्भ निर्माण गरी गुठीको नाममा अर्पण गरी बालागुरुको महान् शैक्षिक यात्रा तथा समाजसुधारको यात्रामा उत्प्रेरकको (Catalist) जस्तो सहयोग गरेको देखिन्छ । धन्य छन् उनी र उनका सन्ततिहरू ।

**आधुनिक विकासका पूर्वाधारहरूमा जागरण/पुनर्जागरण :**

पूर्वमन्त्री एवं समाजसेवी पदमबहादुर राई (२०७३ : ३७०) का अनुसार शिक्षा, स्वास्थ्य, खानेपानी, बाटोघाटो आदिको मात्र होइन, एउटा नयाँ समाजको निर्माण गरी व्यवस्थित, सम्पन्न र भेदभावरहित, समानतामा आधारित समृद्ध समाजको परिकल्पना नै बालागुरु षडानन्दको महत्त्वपूर्ण परिकल्पना (hypothesis) हो । उनको परिकल्पनाको सार्थकतास्वरूप जातपात विभेद, छुवाछुत प्रथा, सतीप्रथा आदि निर्मूल हुँदै जानु र कतिपय निर्मूल हुनु नै राष्ट्रको महत्त्वपूर्ण र गरिमामय विषय हो ।

आधुनिक विकासका पूर्वाधारहरूमा सामन्यतया ६ विषय वा पक्षहरू राखेको देखिन्छ जसमा शिक्षा, स्वास्थ्य, यातायात, खानेपानी, विद्युत र सञ्चार पर्दछन् । त्यसै गरी विकासका पूर्वसर्तहरूमा साक्षरता, जनसहभागिता, उद्यमशीलता, शान्ति तथा सुरक्षा गरी ४ पक्षहरू उल्लेख गरेको पाइन्छ । त्यस

बाहेकका अन्य विविध पक्षमासमेत बालागुरु षडानन्दले प्रयोग गरेको देखिन्छ। उक्त विषयहरूका लागि सङ्क्षिप्त रूपमा निम्न शीर्षकहरूमा उल्लेख गरिन्छ। विस्तृत रूपमा अन्तर्सम्बन्धित शीर्षकमा समेट्ने प्रयास गरिएको छ।

**गुठी, मन्दिर र पाठशालाद्वारा शैक्षिक जागरण :**

निरङ्कुश राणाशासनकालमा समेत विद्यालयमार्फत शिक्षा, साक्षरता र सांस्कृतिक अभिवृद्धिमा जोड दिइएको र वि. सं. १९२८ तिरबाटै चामुनारायण सत्तलमा केटाकेटी भेला पारेर पढाउने कार्य सुरुवात गरेको देखिन्छ। त्यस कार्यले गर्दा बालागुरुलाई धनकुटा जेल चलान गरेको पूर्वशिक्षक राजेन्द्रकुमार अधिकारीले षडानन्द पाठशालाका पूर्वशिक्षक भीमप्रसाद गौतमको भनाइ स्मरण गरेको देखिन्छ। त्यसपछि अध्यापन पनि केही समय रोकियो। त्यसै गरी पूर्वशिक्षक दुर्गाप्रसाद अधिकारीका अनुसार वि. सं. २००२ सालतिर देउरालीडाँडाको पीपलको रूखछेउ, जहाँ षडानन्दको सालनाल गाडिएको थियो सोही जग्गामा, एक साधुले तारेखोरिया सालडाँडाबाट सखुवाका गाछीहरू काटेर टायलले छाएको पाटी बनाएका थिए। प्रायः भारतबाट आउने साधुहरू आएर देउराली पाटीमा धुनी जगाएर बस्ने र भजन गाएर रात कटाउने गर्दथे।

षडानन्द सीताराम गुठीका पूर्वअध्यक्ष दिलकुमार राई (२०७३ : ७९) का अनुसार वि. सं. १९७० फागुन १ बिहीबार श्री ३ चन्द्र शमशेरबाट जारी इस्तिहारमा 'दिङ्लामा राखेका पाठशाला गुठी' भन्ने शब्द प्रयोगले यो गुठी पाठशाला (शैक्षिक) र सीताराम (धार्मिक) दुवै कार्यका लागि स्थापना भएको हो भन्न सकिन्छ। वर्तमान समयको चुनौती र आवश्यकतालाई बुझेर किसानहरूका बीचमा कृषि सहकारी सञ्चालन, किसानसँग षडानन्द, शिक्षा, संस्कृति र पर्यावरणसँग षडानन्द जस्ता कार्यक्रम सञ्चालन गर्नु आवश्यक एवम् उपयुक्त हुने देखिन्छ।

**स्वास्थ्य क्षेत्रको जागरण :**

बालागुरुले १००८ प्रजातिका जडिबुटीको आयुर्वेदिक उद्यान निर्माण गरी उपचारमा सहजीकरण गरेको, मन्त्रविधिबाट उपचार तथा मनोवैज्ञानिक उपचारसमेत गरेको उल्लेख देखिन्छ। त्यति बेला स्वास्थ्यमा आयुर्वेदिक उपचार पद्धति मात्र थियो। आधुनिक चिकित्सा पद्धतिको जन्म नै भएको थिएन। बालागुरु आफैँ योगचिकित्सा, प्राणायाचम चिकित्सा, मन्त्रचिकित्सा, ग्रहचिकित्सा (ज्योतिष र स्वस्तिशान्ति गराउने), पञ्चकर्म चिकित्सा, प्राकृतिक चिकित्सा, मनोचिकित्सा आदिको ज्ञाताका रूपमा रहेको देखिन्छ। तसर्थ अरुण उपत्यकाका जनताको स्वास्थ्य क्षेत्रमा उपचार गरी सहयोग पुऱ्याएको तथा

वर्षौंदेखि थलिएका धेरै रोगीको ज्यान पनि बचाएको उल्लेख खेमराज गौतमले गरेको भेटिन्छ ।

**सञ्चारको क्षेत्रमा जागरण :**

तत्कालीन समयमा आजको जस्तो रेडियो, मोबाइल, टीभी आदि सञ्चार माध्यम थिएनन् तर शनिबारे हटिया, दिङ्लामा लाग्ने मेलाहरू, पर्वहरू, जात्राहरू, चौमासा पुराणहरू आदिले सन्चो-विसन्चो, घटनाहरू तथा खबर आदानप्रदान गर्ने प्रमुख माध्यमका रूपमा काम गरेका थिए । जस्तै : आसाम, बर्मा, बाग्लुङ, गुल्मी, ओलाङचुङगोला, रुम्जाटार, धनकुटा, धरान आदि स्थानका विद्यार्थी छोराछोरी भेट्ने अथवा राडीपाखी वा किराना सामान व्यापार गर्ने वा रामनवमी सङ्गी मेला भर्ने बहानामा दिङ्ला पुग्दथे । यसबाट आधुनिक सञ्चार माध्यमको जस्तै खबर लेनदेन गर्ने अवसर जुटेको थियो ।

**खानेपानी तथा ढलनिकास सम्बन्धी जागरण :**

दिङ्ला पाठशाला र मन्दिरमा खानेपानी तथा कुण्डहरूलाई पानी उपलब्ध गराउन तथा अन्य प्रयोजनका लागि पाकेका इँटाका २ – १।२ फिट लामा पाइपहरू जोडेर खानेपानी मुर्कुटेधारा नजिकैको पूर्वतर्फको खेतबाट स्थायी रूपमा उपलब्ध गराएको देखिन्छ । बढी भएको पानी निकासका लागि ढलनिकासको प्रबन्ध गर्ने पद्धति दिङ्ला वा अरुण उपत्यकामा प्रथमपटक र सफल प्रयोग भएको थियो । यस प्रविधिको अनुकरण अन्य ठाउँमा पनि गरिँदै तथा सर्दै गएको थियो ।

**वन, चौर तथा वातावरण संरक्षणमा जागरण/पुनर्जागरण :**

वि. सं. १९६० को दशकमा दिङ्लामा १००८ प्रजातिका जडिबुटीहरू रोपेर आयुर्वेदिक उद्यानसमेत तयार भएको थियो । अर्कोतर्फ रुद्राक्षसहितको जगेडा वन संरक्षण भएको थियो । वृक्षारोपण र जगेडा वन संरक्षण तथा पर्यावरण संरक्षणको चेतना जागरण भएको थियो । वन संरक्षण ऐन, १९९३ आएपछि मात्र राणाकालीन समयमा जगेडा वन तथा सामुदायिक वनहरू गठन हुन थाले । बालागुरु सरकारभन्दा १ कदम अगाडि देखिन्छन् । उनी नेपालमा वन कानुनका सूत्रधार तथा सामुदायिक वनका अवधारणाकर्ताको अग्रज नेतृत्वका रूपमा रहेको देखिन्छ ।

त्यसै गरी गौचरनको व्यवस्था पनि गरिएको देखिन्छ । तारेखोरियामा तारो हान्ने तालिमसमेत गर्न कालिदल गणलाई जग्गा व्यवस्थापन गरिदिएको

देखिन्छ । नारद गौतमको जग्गामा नारदेचौर र जगेडावन व्यवस्थापन गरेको देखिन्छ, जहाँ १०८ वटुकको सामूहिक व्रतबन्ध भएको थियो । आज नारदेचौरको लगभग मध्यभागमा अग्निकुण्ड रहेको थियो । जाडो समयमा पानी परेको दिन हात जमिनमाथि राख्दै र खोज्दै जाँदा तातो महसुस हुन्छ र अग्निकुण्ड खोस्रेर हेर्दा फेला पर्छ । यो अग्निकुण्ड कहाँ थियो भन्ने थाहा पाउने विद्या क्यानेडियन साधुहरूले लेखकलाई प्राक्टिकल रूपमा सिकाएका थिए । वि. सं. २०६८ सालमा लेखकले इँटा गाढेर गुठी सरोकारवालालाई जानकारी गराएको थिएँ । तर त्यहाँ आज नाम निसान देखिँदैन । संरक्षण गर्न आवश्यक महसुस गरे यस लेखकले व्यवाहारिक रूपमा पत्ता लगाउन सक्दछ ।

## घरेलु उद्योग, पर्यटन, व्यापार तथा स्थानीय हस्तकलाको संरक्षण र विस्तारमा जागरण / पुनर्जागरण :

शनिबारे हटिया, रामनवमी, बालाचतुर्दशी मेला, पर्व, जात्रा, अवसरहरू आदिका कारणबाट स्थानीय हस्तकलाका सामग्री फस्टाउने अवसर जुट्यो । जस्तै चोयाका डोका, फिपी, थुन्से, अल्लाको लुकुनी, ऊनको राडीपाखी, स्थानीय अन्नहरूको व्यापार, लेकाली जडिबुटी बिक्री-वितरण थलो, पित्तल र तामाका भाडा वर्तन (फलामका थिएनन्), खाँडीका लुगा कपडा आदि स्थानीय सिप र कलाको फस्टाउने अवसर र नगद आम्दानी कमाउने अवसर मिल्यो । अर्कोतर्फ व्यापारी, आन्तरिक पर्यटक तथा दिङ्लाधाम आउने तीर्थयात्री र विद्यार्थीका लागि पनि शनिबारे विशाल मेला लाग्ने गर्दथ्यो । दिङ्लाको शनिबारे हटिया नेपालको प्रथम हटिया थियो, जहाँ ४-५ जिल्लाका मानिसहरू पनि आउने हुनाले विशाल हुन्थ्यो । यसको प्रभाव पूर्वी नेपालभरि फैलियो । अचेल मङ्गलबारे, शुक्रबारे, बुधबारे, शनिश्चरेजस्ता अनेकौं ठाउँहरू दिङ्लाको अनुकरणमा हटिया लाग्ने दिनका आधारमा नामकरण भएका हुन् भनी विश्लेषण गर्न सकिन्छ ।

## मनोरञ्जन क्षेत्र तथा व्यापारमा जागरण :

धार्मिक तीर्थयात्री, आन्तरिक पर्यटक, व्यापारीहरू तथा श्रद्धालु भक्तजनले बिस्तारै भरिभराउ हुन थाले । दिङ्ला पाठशालामा विद्यार्थीले स्वस्तिवाचन गरेको हेर्ने र सुन्ने रहर जाग्यो । मनमोहक जडिबुटी उद्यान तथा फलफूलको बगैंचा भएको मन्दिर परिसर, गिर्दामा रङ्गीबिरङ्गी गुलाफ र चमेलीको आकर्षण, कुण्डहरू तथा रङ्गीबिरङ्गी माछाहरू सजिएका दृश्यहरूले सजिएको थियो । मेलामा घुर्मी, रिङ, ढाइस आदि खेलहरूले नौलो संसारको आभास हुन्थ्यो । हटिया र मेलाले प्रेमी-प्रेमिका भेट हुने अवसरहरू, लताकपडा र शृङ्गारका सामग्री किन्ने अवसर प्रदान गर्दथ्यो । बौद्धिक वर्ग भेट हुने, सन्चो-बिसन्चो साटासाटको अवसर,

दिङ्लाको नगरासहितको शङ्खध्वनि, स्वस्तिवाचन र मन्दिरमा गरिने पूजापाठ आदि गतिविधिले दिङ्ला स्वर्गको टुक्राझैँ अनुभूति दिलाउँथ्यो । अर्धवैशेदेखि युवायुवतीको ‘पाल्लेघारीको जुहारी गीतले बुहारीसमेत बनाउन सकिने हुँदा त्यस्तो नृत्यको मजा’ जीवनमा कसले पो भुल्छ होला र ? पाल्लेघारीका मादलुका धिन्ताङ ताल र बाँसुरीको धुनमासमेत मस्त लटि्एका र लठ्ठिएका युवायुवतीका जत्थाहरूका दृश्य, परिदृश्यहरूले भरपूर मनोरञ्जन दिन्थ्यो । कहिलेकाहीँ त जुहारीको कारण घरजम पनि बस्थ्यो किनकि १५० वर्षअघिको त्यो समयमा मनोरञ्जनका साधन रेडियो, टीभी, मोबाइल, पार्क, बगैँचा आदि शून्य थिए । दिङ्लाको अनुकरण अन्य क्षेत्रमा पनि विस्तार हुँदै गए ।

यस्तै विश्लेषण डा. नरेन्द्र चापागाईंले दिङ्लाको यात्रा लघुकथामा विश्लेषण गरेको देखिन्छ ।

सत्पीउमा हेर्दा त रामचिमे कान्छी खाकुलै खकुलै ।

रामनवमीमा हेर्दा त रामचिमे कान्छी डाम्म र डुम्म ।

अर्थात् रामनवमी मेला सानो लाग्ने र शतबीज ठूलो लाग्ने गर्दथ्यो । अर्को अर्थ मेलाको समयमा केही युवतीहरू ‘रामचिमे कान्छीहरू’ (बाला, सिसुवा र माङ्तेवातिरको युवतीलाई सम्बोधन गर्ने थेगो, तर यहाँ साङ्केतिक रूपमा सबै जातका युवतीलाई) त पाल्लेघारीको जुहारीको नाचगान र मनोरञ्जन रात्री मेलामा पाल्लेघारीमा लुकिछिपी यौनको समेत मजा लुट्ने अवसर पाउँथे । कहिलेकाहीँ पेट पनि बोक्दथे । अर्को मेला भर्न ५-६ महिनापछि आउँदा छिटपुट रूपमा केही युवतीहरू गर्भवती बनेका कारण डाम्म र डुम्म पनि देखिन्थे भनी दोहोरो प्रतीकात्मक अर्थ लाग्ने देखिन्छ ।

**आर्थिक पक्षमा जागरण :**

दिङ्लाको शनिबारे हटिया, मेला, पर्व, जात्राको अवसरमा आन्तरिक पर्यटकको सधैँ भीड लाग्दथ्यो । यसबाहेक रामनवमी मेला, शतबीजमेला तथा शिवरात्री मेलामा देश-विदेशका साधुहरू, सन्तहरू, बौद्धिक वर्ग, व्यापारीहरूको समेत जमघट हुन्थ्यो । २ देखि ३ दिनका विशाल मेलाहरू त्यहाँ फेरि घर फर्किदा पनि बाटामा लाग्ने फिर्के मेलाहरू र उक्त मेलामा भएका सामग्रीहरूको क्रय-बिक्रयले यस क्षेत्रको आर्थिक अवस्था जुर्मुराएको थियो भनी विश्लेषण गर्न सकिन्छ । ती मेलाहरूले सानातिना कैयौँ व्यापारीहरूको पनि अरुण उपत्यकामा जन्म गराएको थियो । बिस्तारै दिङ्ला र अरुण उपत्यका अर्थतन्त्रमा मजबुद बन्दै गएको थियो । अर्कोतर्फ यस विद्यालयले देशका उच्च ओहदाका प्रशासक, सैनिक, प्राध्यापकहरू, राजनीतिकर्मीहरू, परराष्ट्रविद्हरू आदिलाई जन्म दिएर रोजगारीको कारण पनि यस क्षेत्रको अर्थतन्त्र बलियो बन्दै गएको थियो ।

**सांस्कृतिक र आध्यात्मिक जागरण :**

डा. मातृका तिम्सिना (२०६८ : ११९) का अनुसार बालागुरु षडानन्दले बालाचतुर्दशीका दिन शत्बीज छर्ने मेला दिङ्लामा सुरु गरेको हुनाले यसैको अनुकरण गर्दै खोटाङको हलेसी महादेव, सङ्खुवासभाको मनकामनादेवी, सभाघाट, चैनपुरको सिद्धकाली बानेश्वर, भोजपुरको सिद्धकाली जस्ता तीर्थहरूमा शतबीज मेलाको शुभारम्भ गर्दै नेपालका अन्य क्षेत्रमा चिनाउने काममा समेत गुरु षडानन्दले पर्याप्त योगदान गरे । साथै दशैंको नौरथा दिङ्लाका सबै विद्यार्थीहरूसहित आफू पनि सतीघाटमा नौरथा स्नान गर्न आउने हुनाले दिङ्ला क्षेत्रका पुरुष र महिलाहरूले सतीघाटमा स्नान गर्ने चलन चल्यो । सतीघाटमा पूजाआजा गर्ने हुनाले भीडभाडका साथ मेला लाग्थ्यो ।

विश्लेषणात्मक अध्ययन गर्दा जस्तै पिखुवाखोला मेला, वरुणनदी मेला, साल्पापोखरी मेला आदि यस क्षेत्रका मेलाहरूले अझै जुर्मुराउने प्रेरणा यहीँबाट प्राप्त गरे । सभानदी र अरुणनदी दोभानमा श्री ५ रणबहादुर शाहले बनाएको जोसमनी सत्तल तथा शिव मन्दिरमा समेत बालागुरुको प्रेरणामा शतबीज मेला सुरु भएको थियो । आज लोप भइसकेको अवस्था छ, तथापि सभाखोला किनारमा अझैसम्म इँटाका र अन्य भग्नावशेषहरू भेटिन्छन् । यसलाई शास्त्रमा स्प्रियातीर्थ त्रिवेणीधाम फेदी मानिन्छ । सभापोखरी नै स्प्रियातीर्थ हो, जहाँ अगस्त्य ऋषिका पिता पुलस्त्य ऋषिले तपस्या गरेका थिए । उनीहरू चन्द्रवंशी थिए । यस तीर्थको ठूलो महत्त्व छ । सायद यसको महत्त्व बालागुरुलाई ज्ञात थियो र शतबीज मेला सुरुवात गराएको देखिन्छ । यस तीर्थको खोज तथा अनुसन्धान गर्नु आवश्यक देखिन्छ । यस क्षेत्रमा संस्कृत शिक्षा, सांस्कृतिक अभियान, मेला, पर्व, जात्रा तथा अन्य गतिविधिद्वारा बालागुरु षडानन्दको समयमा सांस्कृतिक र आध्यात्मिक जागरण छाएको प्रमाण भेटिन्छ ।

**शान्तिसुरक्षा क्षेत्र, मानवअधिकार तथा नागरिक समाजको जागरण :**

आधुनिक विकासका पूर्वाधारमा अनिवार्य रूपमा जिउ, धन तथा सम्पत्तिको सुरक्षा हुनुपर्दछ । तत्कालीन श्री ३ सरकारसँग अनुरोध गरेर वि. सं. १९३४ मा कालीदल जङ्गीअड्डा दिङ्लामा स्थापनासँगै १०३ सेना (जसमा १०० सेना, १ क्याप्टेन, १ कोते सुवेदार, १ सिपाही मिलिसिया तालिम दिने) मार्फत् अरुण उपत्यकाको शान्ति (विशेषत: भोजपुर जिल्लातर्फ) तथा अमनचयनका लागि सुरक्षाको व्यवस्था गरेको देखिन्छ । उक्त जङ्गीअड्डामा १०-१२ जना करारका कर्मचारीहरू डिट्ठा, सुब्बा, विचारी, राइटर आदिले प्रशासनिक कार्य गरी तत्कालीन मानव अधिकार र न्याय प्रणालीसम्बन्धी सेवा तथा सहयोग पुऱ्याएका थिए ।

सतीप्रथा, दासप्रथा र छुवाछुतमा न्यूनीकरण भएको थियो । शिक्षामार्फत महिला अधिकार, बाल अधिकार, शिक्षाको अधिकार, दलित अधिकार, सुरक्षाको अधिकार आदि अधिकारहरू, नागरिक कर्तव्यहरू तथा नागरिक दायित्वमा जागरण गराउँदै आधुनिक नागरिक समाजझैँ गतिविधिहरू पनि जागरण गराएको विश्लेषण गर्न सकिन्छ ।

**स्थानीय सरकारको अवधारणामा जागरण :**

लालमोहर, रुक्का, आदेश र इस्तिहारमा केन्द्रीय सरकारको भूमिका देखिए पनि वि. सं. १९६६ को धर्मपत्रिका तथा वि. सं. १९६६ को शिलापत्रमा ३१ जना स्थानीय भद्रभलादमी साक्षी राखेर जारी गराएको देखिन्छ । तत्कालीन समयका ३१ जना भद्रभलादमी तथा बौद्धिक व्यक्तित्वको साक्षीले आजभोलिका नगरपालिकाका मेयर, वडाध्यक्ष, स्थानीय बुद्धिजीवी र नागरिक समाजको प्रतिनिधित्व गर्दछन् । उक्त धर्मपत्रिकालाई स्थानीय स्वायत्त शासन ऐन वा स्थानीय कानुनका रूपमा तुलना गर्न सकिन्छ, जसका कारण गुठीका गतिविधि आज १५० वर्षपछिसम्म निरन्तर चलिरहेका छन् ।

यसैको अनुकरण उपत्यकाका र अन्य क्षेत्रहरूमा भई अनेकौं गुठीहरू आजसम्म सञ्चालन भएका देखिन्छन् । धर्मपत्रिकाको चलन पृथ्वीनारायण शाहको पालामा पनि देखिन्छ । शाहले राजा जयप्रकाश मल्लको एकोद्दिष्ट श्राद्धका लागि गुठी राखिदिएको धर्मपत्रिकामा उल्लेख छ ।

**भूउपयोग नीति, कृषिनीति र स्रोत-साधन परिचालन नीतिमा जागरण :**

ग्रन्थकार यादव चापागाईका अनुसार गुठीका लागि पट्ट बाझो, उब्जाउ नहुने, काम नलाग्ने तथा राजश्व नउठ्ने जग्गा सरकारसँग बिन्ती गरी राजश्व तिरो तिर्ने सर्तमा षडानन्दले प्राप्त गरेको देखिन्छ । उक्त जग्गामा मन्दिर निर्माण, विद्यालय निर्माण, उद्यान निर्माण, जगेडा वन संरक्षण आदिदेखि नहर र कुलो खनेर उब्जाउ जमिनमा परिणत गराएको पनि देखिन्छ । सरकार पनि राजश्व उठेकोमा खुसी भयो भने बालागुरुको भू-उपयोग नीति, कृषि नीति तथा खेर गएका स्रोत र साधन परिचालन नीतिले स्थानीय क्षेत्रमा सचेतना पनि जागरण गऱ्यो ।

दिङ्लाको देखासिकीमा नेपालमा वन ऐन आयो तथा धमाधम जगेडा वनहरू गठन हुने तथा खाली जग्गाहरू उब्जाउ जमिनमा परिणत भएका थिए । यी कार्यहरू बालागुरुको दूरदर्शिताबाट मात्र सम्भव भएका थिए । तसर्थ समग्र राष्ट्रका विविध पक्षमा घच्घच्याएर उक्त कार्यहरू व्यवस्थापन गर्ने योजनाका ढोकाहरू खुलेका देखिन्छन् ।

**सहरीकरण नीति :**

दिङ्ला बजारमा चामुनारायणको पसल, चामुनारायण सत्तल र शिवालय, सानो शिवालय गरी ३ संरचना थिए । बाँकी सबै सिस्नु र बाँसघारी (मालिङ्गो) रहेको तथ्य खेमराज गौतमको ग्रन्थमा उल्लेख छ । राई भाषामा 'तिङ्' को अर्थ सिस्नु र 'ला' को अर्थ बाँसघारी भएकाले तिङ्ला भन्दाभन्दै अपभ्रंशबाट दिङ्ला भएको उल्लेख छ । तर वि. सं. १७३५ मा बलभद्र अधिकारीलाई दिइएको विर्ता कागजमा 'आगे दिंलाका अम्बलमध्ये महिपति सेनले बलभद्र अधिकारीलाई कुसविर्ता दियाको धारापानी घऱ्याडिको सिमाना गाड्यापानी खोल्सादेखि पूर्व' र दोस्रो कागजमा 'सुभैसेनले दियाको दिंला कुस विर्ता बेलबोट्या खेत सिमाना कालिखोलादेखि पूर्व' (ज्ञानमणि नेपाल : नेपाल निरूपण, २०५५, : ३१३) लेखिएको देखिन्छ । तसर्थ दिङला शब्द बालागुरु षडानन्दभन्दा जेठो भई प्रचलनमा रहेको देखिन्छ । बालागुरु आफैँ वास्तुविद्, ज्योतिष तथा सिद्धपुरुष भएका हुनाले वास्तुशाास्त्र विधि तथा ज्योतिष नियम अनुसार आधुनिक दिङ्ला बजारका रूपरेखा तयार गरेको गौतमले उल्लेख गरेको देखिन्छ । उत्तरतर्फ विद्यालय क्षेत्र, पश्चिमतर्फ मेला तथा हटियाको क्षेत्र, दक्षिणतर्फ उद्यान र ढलनिकास क्षेत्र, त्यसै गरी छात्रावास क्षेत्र, मन्दिर क्षेत्र, बजार क्षेत्र, कुण्ड क्षेत्र आदि क्षेत्रहरूको रेखाङ्कन गरेको देखिन्छ । आधुनिक दक्ष इन्जिनियरले डिजाइन गरेको जस्तै षडानन्दको उत्कृष्ट डिजाइन देखिन्छ । यसलाई 'सहरीकरण विभागको कार्यक्षेत्र वा नीतियोजना' सँग तुलना गर्न सकिन्छ । आज एउटा घर बनाउनसमेत इन्जिनियरले डिजाइन गर्नुपर्दछ वा नक्सा पास गर्नुपर्दछ । बालागुरुले डिजाइन गरेका र निर्माण गरेका भीमकाय ढुङ्गे शिवलिङ्ग र भीमकाय ढुङ्गे नन्दी अलौकिक शक्ति पनि प्रयोग गरी निर्माण भएको आभास हुन्छ । उनको निर्देशनद्वारा निर्माण सम्पूर्ण संरचनाहरू आज निर्माण गर्नुपर्ने भए आधुनिक इन्जिनियर पनि सोही प्रविधिमा निर्माण गर्न अलमल्ल पर्न सक्छन् ।

**अन्य संरचना, पूर्वाधारको विकास, कला-संस्कृति संरक्षण र जागरण :**

आजको भौतिक योजना तथा विकासनीतिजस्तै कैलाशडाँडा वरिपरि लामा-लामा बाँसका टहराहरू तथा छात्रावास भवन, मन्दिर, शिवलिङ्गहरू, मूर्तिहरू, यज्ञयागादि क्षेत्र, फलैँचाहरू, जङ्गी अड्डा निर्माण र व्यवस्थापन, टुँडिखेल विस्तार, बन्दीगृह, बारुदखाना, आवासगृह, ढुङ्गे परिसर, कच्ची मोटरेबल सडक, जगेडावन, आयुर्वेदिक उद्यान, नारदेचौर व्यवस्थापन, गौचरन व्यवस्थापन, इँटाका पाइपद्वारा खानेपानी व्यवस्थापन, गिर्दा व्यवस्थापन, तेलिया इँटा व्यवस्थापन, कुण्डहरूको व्यवस्थापन, विद्यालय भवन, छात्रावास भवन, सत्तल व्यवस्थापन, विभिन्न मन्दिरहरू व्यवस्थापन, १४२० रोपनीभन्दा बढी

जग्गा व्यवस्थापन आदि अनगन्ती भौतिक संरचना निर्माण तथा व्यवस्थापन गरेको देखिन्छ ।

नेवारको लाखेजात्रा संस्कृति, मगरको मारुनी नाच, पूर्वका हाक्पारे तथा लोक दोहोरी, सत्ययुगीन जात्राहरूको चलन, शास्त्रीय नृत्यहरू, बालन, सँगिनी, शतबीज मेला (कृषिबीज प्रदर्शनी पनि), नौरथा पूजा, ऋषितर्पणीको महत्त्व, चौमासा पुराण चलन, शनिबारे हटिया, रामनवमी मेला, शिवरात्री मेला संस्कृति, नारीको हरितालिका तीज, तिहार मनाउने मौलिकपन आदिको बीजारोपण भएको देखिन्छ । कतिपय कला र संस्कृति फलाउने, फुलाउने र विस्तार गर्ने कार्यहरू गरेर नेपाली समाज सुधारमा चौतर्फी क्षेत्रमा जागरणको लहर चलेको विश्लेषण गर्न सकिन्छ ।

**प्रजातान्त्रिक मूल्यमान्यता तथा जनसहभागितामा जागरण :**

बालागुरुले जनताको मन जितेर, जनताको सहभागितामा, जनताकै लागि, जनताकै भावना अनुसारको पाठशाला, गुठी, मेलाहरू, पर्वहरू र संस्कारहरूले दिङ्ला तथा अरुण उपत्यकाको तत्कालीन समाजलाई योगदान दिएको प्रस्ट हुन्छ जुन अङ्ग्रेजीको Democracy is the government of people, by the people and for the people भन्ने अब्राहम लिङ्कनको भनाइसँग मेल खान्छ । आधुनिक राष्ट्रविकासमा Public–Private– Partnership (PPP Model) को प्रयोगलाई अपरिहार्य मानिन्छ । गुठीका जग्गाहरूको प्राप्ति र निर्माण भएको देखिन्छ । छात्रावास र अन्य भवन निर्माणमा चापागाईं, अधिकारी, बस्नेत आदिलाई संलग्न गराई PPP Model आत्मसात् गर्दै गरेको देखिन्छ । आधुनिक प्रजातान्त्रिक वा लोकतान्त्रिक मोडलका विशेषताहरू पारदर्शिता, जवाफदेहिता, भ्रष्टाचारमुक्त शासन, कानुनी सर्वोच्चता (इश्तिहार जारी, फैसला जारी आदि) नागरिक समाजको व्यवस्था, मानव अधिकारको प्रत्याभूति, विकास निर्माणमा साझेदारी आदिको व्यावहारिक प्रयोगकर्ता भई जागरण अभियानले समाजसुधारकको सूचीमा बालागुरु सूचीकृत भएको देखिन्छ ।

**बैङ्किङ वा वित्तीय प्रणालीको सुरुवात र जागरण :**

वि. सं. १९४० को दशकतिरबाटै अनौपचारिक रूपमा, वि. सं. १९५९ को गुठीका कागजपत्रहरूमा (तमसुक छन्) र वि. सं. १९६६ बाट औपचारिक रूपमा सीताराम षडानन्द गुठीले मो. रु. ११५०।- राखेर घुम्ती नगदी कोषमार्फत गरिब र किसानहरूमा ऋण प्रवाह गरेको देखिन्छ । यादव चापागाईंले यसलाई 'घुम्ती नगदी कोष' नामकरण गरेका छन् । संस्थागत रूपमा गुठीबाट सञ्चालित यो नेपालको इतिहासको प्रथम बैङ्किङ वा वित्तीय

प्रणाली थियो । उक्त कोषबाट मो. रु. १००।- को वार्षिक सयकडा ४ मुरी धान बरावरको धान वा व्याज गुठीले प्राप्त गर्दथ्यो । बालागुरुको स्वर्गारोहणपछि गुरुको साथमा रहेका र दर्ज हुन आएका मो. रु. २१७३ को सयकडा ३ मुरी दरले ६५ मुरी प्राप्त हुन्थ्यो । दुवै कोष रकमबाट १११ मुरी धानसम्म ब्याज प्राप्त गरेको देखिन्छ । आजभोलिका बैङ्कको ब्याज नगदमा लिइन्छ । यस वित्तीय संस्थाको ब्याजस्वरूप धान लिइन्थ्यो । यो नेपालको मौलिक शैलीको धान ब्याज लिने प्रथम गुठी अथवा वित्तीय प्रणाली वा सहकारी संस्था देखिन्छ ।

नगेन्द्रप्रसाद रिजाल व्यक्तित्व र कृतित्व (२०७५) मा दधिराज सुवेदीले लेखे अनुसार वि. सं. १९७२-७३ तिर कृष्णप्रसाद कोइरालाले ‘उद्योगी गोला’ विराटनगरमा खोलेको देखिन्छ । उद्योगी गोलालाई नेपालमा प्रथम सहकारी आन्दोलन मानिन्छ, जसले मजदुर तथा किसानहरूलाई ऋण दिने साथै नेपालका वस्तुहरू सङ्कलन गरी बिदेश पठाउने कार्य गर्दथ्यो । विदेशी लत्ताकपडा, औजार र सामग्रीहरू नेपाल भित्र्याउने कार्य गर्दथ्यो । तर राणा सरकारले यसलाई वि. सं. १९७६ मा बन्द गरिदिएको थियो ।

नेपालमा लिच्छविकालबाट गुठी सुरुवात भए पनि मल्लकालीन समयमा अति फस्टाएका थिए । प्राचीन समयदेखिनै भेजाप्रथा (मगरजाति), ढिकुरप्रथा, पर्मप्रथा, दिवालीप्रथा आदिका संस्थागत ऋणहरू सहकारीका जस्ता भएपनि सरकारसँग दर्तावाला थिएनन् । केही अदृश्य रहेका थिएठ भने पनि त्यही जातका मानिसले मात्र उपयोग गर्न पाउँथे । मल्लकालीन गुठीहरूबाट मठ, मन्दिर, जात्राहरू वा पर्वहरू सञ्चालनमा मात्र सीमित थिए । बालागुरुले सञ्चालन गरेको गुठी प्रणालीले विद्यालय सञ्चालन, मेला तथा पर्वहरू सञ्चालन, मन्दिर सञ्चालन र वित्तीय कारोवार सञ्चालन गरी गरिब तथा किसानलाई ऋणप्रवाह गर्ने बहुउद्धेश्यीय गुठीका रूपमा देखिन्छ ।

नेपालको पहिलो सहकारी चितवनको बखानपुरमा स्थापित बखानपुर सहकारी वि. सं. २०१३ तिर स्थापना भएको थियो । नेपालको प्रथम नेपाल वैङ्क लिमिटेड वि. सं. १९९४ कार्तिक ३० मा स्थापना भएको थियो । तसर्थ बालागुरुले सुरुवात गरेको बहुउद्देश्यीय गुठीद्वारा सञ्चालित वैङ्किङ् वा वित्तीय प्रणाली नेपालको इतिहासको अग्रस्थानमा रहेको विश्लेषण गर्न सकिन्छ । तर बिडम्वना कुनै लेखक वा इतिहासकारले यसको बारेमा नलेखिदिएको कारण बखानपुर सहकारी नेपालको प्रथम सहकारी बन्न पुगेको देखिन्छ ।

**कच्ची सडक, बाटो, पुल आदि निर्माणमा जागरण :**

सिल्भाँ लेभीले हिन्दू अधिराज्यको इतिहास (नेपाल, सन् १९०५) पुस्तकमा वि. सं. १९६० को दशकमा काठमाडौंको कलङ्कीदेखि दरबारसम्म झन्डै ८ वा

१० कि. मि. लामो कच्ची धुलेसडक थियो तथा दरबार परिसरमा मात्र केही क्षेत्रमा ढुङ्गा छापेका बाटा र परिसर थिए भन्ने उल्लेख भाग १ मा देखिन्छ । नेपालको तराईमा किसानले गोरुगाढा कुदाउने कच्ची बाटाहरू साँघुरा थिए भन्ने उल्लेख छ । नेपालको अन्य पहाडी भागमा कच्ची सडकको त अनुमान नै लगाउन मुस्किल छ ।

तर बालागुरु षडानन्दले दिङ्लाबजार तथा मन्दिर परिसरबाट जगेडावन टुँडिखेल हुँदै घर गढीगाउँतर्फ र स्व. लप्टन बलबहादुर बस्नेतको घरमुनि चौतारासम्म झन्डै ४–५ कि.मी. कच्ची मोटरेवल सडकहरू निर्माण गराउनुभएको थियो । जुन फराकिलो मोटरेवल कच्ची सडकले विदाइ चौतारासम्म जान, तथा सुन्तले डाँडाँ तारेखोरियासम्म सैनिकलाई परेड खेल्दै जान साथै केउरेनीपानी मुलबाटो हुँदै अरुण नदीतर्फ आवतजावत गर्न सहजता प्रदान गर्दथ्यो ।

त्यस बेला कच्ची मोटरेवल बाटो बने पनि मोटर भने चलेको थिएन । पैदल यात्रा मात्र गरिन्थ्यो । सायद वि. सं. १९६० को दशकको सडक अरुण उपत्यकाको मात्र नभएर नेपालकै पहाडी क्षेत्रको प्रथम र लामो मोटरेवल सडक हो किनकि राणाशासन कालको अन्त्यमा ३५ जिल्ला भए । त्यसपछि मात्र जिल्ला सदरमुकामहरू विकसित भए ।

यसरी कच्ची मोटरेवल सडक निर्माणबाहेक खोला तथा नदीहरूमा काठका पुलहरू र बाँसका पुलहरू धमाधम सघन रूपले थपिदै गएका थिए । बालागुरुले राणा सरकारसँग विन्ती गरी सतीघाटमा डुङ्गा लगाउने व्यवस्था भएको थियो । त्यसअघि तुर्केघाटमा मात्र डुङ्गा सञ्चालन थियो भनेको लेखकले आफ्नै हजुरबुबा स्व. भानुभक्त अधिकारीबाट सुनेको थिएँ जसको जन्म वि. सं. १९६७ मा भएको थियो । यस बाहेक अनगन्ती मठ, मन्दिर, फलैंचा, धारा, पँधेरा, कुवा आदि निर्माणका लहरहरू चलेको देखिन्छन् ।

## बालागुरुको दूरदर्शिता र उत्तरआधुनिक दिङ्ला सहरको पूर्वाधार विकाससम्बन्धी अवधारणा :

शिक्षा, स्वास्थ्य, यातायात, खानेपानी, विधुत्, तथा सञ्चार आधुनिक सहरका विशेषताहरू हुन् । तर २१ औं शताब्दीको उत्तरआधुनिक समाजमा शरहलाई भूकम्प प्रकोप, आगलागी, बाढी, पहिरो, प्राकृतिक प्रकोपहरू, महामारी, रोगव्याधि तथा तत्कालीन सङ्कटपूर्ण अवस्थामा १–२ घण्टा वा १–२ दिनभित्रै उद्धार गरिसकेर अकाल मृत्युबाट समाजलाई बचाउन अत्यावश्यक हुन्छ । त्यसै गरी मनोरञ्जनका लागि पार्क, रङ्गशाला, पार्टी प्यालेस, पाहुना घर, खेलमैदान, हेलिप्याड, पाहुनाघर, आश्रम आदि उत्तरआधुनिक सहरका अवधारणाहरू हुन् ।

१५० वर्षअघिको बालागुरुको दिङ्ला बजारमा आगलागी अकस्मात हुन गएमा पानीको तत्काल व्यवस्था गर्न बजारबीचमा पार्वती कुण्ड लगायत कुण्डहरू व्यवस्थापन गरेको देखिन्छ । २०७२ सालमा काठमाडौँ सहरमा ज्यान जोगाउन मानिसहरू भागाभाग भएको जस्तो अवस्थाबाट तत्काल बचाउन वा उद्धार गर्न बगैंचा क्षेत्र, नारदे चौर क्षेत्र, खुला पार्क, टुँडीखेल व्यवस्थापन आदि भएबाट अस्थायी सुविधा तथा हेलिप्याडको पनि कार्य गर्न उक्त चौरहहरूले सक्थ्यो । रोग र महामारी फैलिएमा आयुर्वेदिक बगैंचाले सहयोग गर्न सक्थ्यो । बाढी, पहिरो र प्राकृतिक प्रकोप आदिबाट बचाउन जगेडा वनसंरक्षणमा ध्यान दिएको देखिन्छ । अभ्यागत र पाहुनाहरूका लागि पाहुनाघर र सत्तल व्यवस्थापन गरिएको थियो । विशाल आमसभा, ठूला कार्यक्रम, खेलकुद र अन्य प्रयोजनका लागि मन्दिर परिसर, टुँडिखेल तथा भलिवल मैदान परिसरले उक्त आवश्यकताहरू पूरा गर्न सक्दथ्यो । मनोरञ्जनका लागि पार्क, उद्यान, पोखरीहरू, मन्दिर परिसर, विद्यालय परिसर, कैलाशडाँडा आदि प्रयोग गर्न सकिन्थ्यो । गाईबस्तुहरू चराउन र मन बहलाउन गौचरनको व्यवस्था भएको थियो । पार्टी प्यालेसको कार्य जस्तै विवाह, व्रतबन्ध र यज्ञादिहरूका लागि सीताराम मन्दिर परिसरले अहिलेसम्म काम गरिरहेको छ । पुरानो पाहुनाघरमा आज रेडक्रस सोसाइटी दिङ्लाले दिङ्लामा पुग्ने पाहुनाहरूको स्वागत र परिचय कार्यक्रम राखेर आगन्तुक पुस्तिका व्यवस्थापन, सम्मान, अभिलेख व्यवस्थापन, दिङ्लाका कथा व्यथाहरूको जानकारी दिदैं छ । उक्त संस्थाले आजभोलि रुद्राक्षमाला पहिराएर पाहुनाको स्वागतका साथ विदाइसम्मका कार्यहरू गराउँदै आएको छ । दिङ्लामा रुद्राक्षमाला विशेष अतिथिलाई पहिराउने दुई दशक जतिको प्रयासको फलस्वरूप आज नेपाल राष्ट्र र विदेशी राष्ट्रले पनि विशिष्ठ पाहुनाको सम्मानमा रुद्राक्षमाला पहिराएर स्वागत र विदाई गर्ने चलन अभ्यास गर्दा अन्तराष्ट्रियकरण भएको छ । रेडक्रसको यो स्वागतयोग्य कार्यले दिङ्ला पुग्ने प्रत्येक पाहुनाहरू तथा बौद्धिक व्यक्तित्वमा सकारात्मक छाप छोडेको छ । तसर्थ बालागुरुको दूरदर्शिताको कारण उत्तरआधुनिक कालका सहरका विशेषता र चलनहरू मध्यनजर गर्दै दिङ्ला सहर परिवेशमा विकासका पूर्वाधारहरूको विकास सुरुवात भएको थियो भनी विश्लेषण गर्न सकिन्छ ।

सेवानिवृत्त शिक्षक सरला चापागाईं (२०७३:४४२) का अनुसार दिङ्ला अलौकिक र पारलौकिक दुवैको प्रतिमूर्ति हो जसको साक्षी यहाँका ढुङ्गा, माटो, नदी र प्राकृतिक वस्तु छन् । सामाजिक रूपान्तरणको पाठशाला हो दिङ्ला । कुसंस्कार, कुविचार र कुप्रथाको फाँडो फाल्ने पवित्र भूमि हो दिङ्ला । बालागुरुको आदर्शले विद्याको भूमि, तपोभूमि, रुद्राक्षारण्यभूमि र पुण्यभूमि हो दिङ्ला । राष्ट्रलाई सकारात्मक ऊर्जा दिने नमुना भूमि थियो दिङ्ला । नेपालको

सामाजिक, सांस्कृतिक, ऐतिहासिक खुला सङ्ग्रहालय वा दस्तावेज हो दिङ्ला । तर आज दिङ्लाको विडम्बना यस्तो छ ।

बाठा टाठा हुने र खानेहरू छोडेर दिङ्ला गए ।
ब्रह्मचारी देन नबुभ्नेहरू नै सङ्ख्यामा धेरै भए ।
गुठी, विद्यालय, मन्दिर जस्ता टुहुरा सन्तान आज लिई ।
असहाय सालिक रुंगिरहेछ किं कर्तव्य विमूढ भई । (केही अंश मात्र)

## अरुण उपत्यकाको सेरोफेरोमा शिक्षाको झलक (वि. सं. २०२० अघि) :

वरिष्ठ भाषाविद् प्रा. डा. हेमाङ्गराज अधिकारी (२०७३ : ४५८ –४६२) ले प्राज्ञ दिनेशराज पन्त (प्रज्ञा, २०७१, पूर्णाङ्क ११०) मा राजेन्द्रविक्रम शाहले वि. सं. १८९७ मा पाठशाला स्थापना गरी नारायण पण्डित शिक्षकको व्यवस्था, पाठ्य विषय र अध्यापन तरिकाको निर्देशनसहितको अख्तियारी दिएको कागजपत्र प्राप्त भएको उल्लेख छ । वि. सं. १९२५ मा नयाँ पाठशाला र वि. सं. १९२७ मा नारायणहिटी पाठशाला स्थापना गरिएको कुरा उल्लेख छ । तर ती पाठशालाहरू कहिलेसम्म चले र बन्द भए, थाहा छैन ।

प्रा. डा. हेमाङ्गराज अधिकारीका अनुसार वि. सं. १८८२ (बालागुरुभन्दा १० वर्ष जेठो) मा मटीहानीमा तस्मैया बाबाले प्रशस्त जग्गा जमिनसहित मठ खडा गरेको र त्यसमा १०८ विद्यार्थीलाई आवास, भोजन र पठनपाठनको व्यवस्था थियो । तस्मैया बाबापछिका देवदास महन्तको पालामा छिन्नभिन्न बनेको सो मठलाई पछि चन्द्र शमशेरको पालामा वि. सं. १९६८ मा व्यवस्थित गरिएको थियो भन्ने गोपीनाथ शर्माले (पृष्ठ ९८,९९ र १००) उल्लेख गरेको देखिन्छ । बालागुरुले अध्ययन गरेको रामदास बाबा गुरु रहनुभएको जनकपुरमा भन्ने विद्यालय हालको महोत्तरीको मटिहानीको पनि हुन सक्दछ । वि. सं. २०११ को शिक्षा प्रतिवेदनले वि. सं. १९३४ को रानी पोखरी संस्कृत पाठशाला नै हालसम्म निरन्तरता रहेको पहिलो संस्था भनिएको छ । रानी पोखरी पाठशाला श्री ३ रणोद्दीपको पालामा खुलेको देखिन्छ ।

प्रा.डा. अधिकारीको लेख विश्लेषण गर्दा त्यसअघि नै श्री ३ जङ्गबहादुर राणाको ठाडो आदेशमा सञ्चालित वि. सं. १९३२ को दिङ्ला पाठशाला र सीताराम मन्दिर तथा श्री ३ रणोद्दीपले नै दिङ्ला पाठशालाको लालमोहर जङ्गबहादुरको मृत्युपछि लगाएको देखिन्छ । त्यसअघिका पाठशाला खुल्दै बन्द भएका, पुनः खुलेका, धेरै पछि सरकारको स्वीकृति पाएका आदि देखिन्छ । मटिहानी पाठशाला दिङ्लाको जस्तो जनसहभागितामा नखुलेको, मठमात्र निर्माण गरी सञ्चालन गरिएको र धर्मप्रचारको प्रमुख उद्देश्य रहेको देखिन्छ । त्यहाँ दिङ्लाको जस्तो बहुउद्देश्यीय गुठीबाट हटिया, मेला, जात्रा, पर्व, वित्तीय

प्रणाली आदि सञ्चालित थिएनन् । दिङ्लाको जस्तो व्यवस्थित र निरन्तरता नपाई वि. सं. १९६८ मा निरन्तरता पाएको तथा स्थापना मिति पनि वि. सं. १९६८ तिरको देखिन्छ मटिहानी विद्यालय । अर्कोतर्फ सरकारी पाठशाला खुले पनि निरन्तरता दिन नसक्दा बन्द भएका र बालागुरुको दिङ्ला पाठशाला कै सिको गरेर रानी पोखरी पाठशाला खुलेको र देव शमशेरको पालाका भाषा पाठशालाहरू सञ्चालन भएको कुरा विभिन्न विद्वान्, प्राज्ञ, योगी नरहरिनाथ, स्वामी प्रपन्नाचार्य आदिको लेख वा ग्रन्थहरूमा देखिन्छ । तसर्थ षडानन्द पाठशाला नेपालको सार्वजनिक र जनस्तरको पहिलो पाठशाला हो स्पष्ट भन्ने आधार तथा प्रमाणहरू धेरै देखिन्छन् । साथै प्रा. डा. अधिकारीका अनुसार ३४ वर्षसम्म आफ्नो लक्ष्य, नीति र नियम बमोजिम क्रियाशील रहेर लागिरहने प्रथम संस्थापक कुलपति पनि बालागुरु नै हो भन्नुभएको छ किनकि जङ्गबहादुरले त वि. सं. १९१० देखि वि. सं. १९३३ सम्म दरबार हाइस्कुल सञ्चालन लगभग २३ वर्षजति मात्र सञ्चालन गरेको देखिन्छ । दरबार हाइस्कुलमा मि. क्यानिङ्लाई प्र. अ. र मि. रोसलाई निरीक्षकको जिम्मा लगाएको देखिन्छ ।

हेमराज शर्मा अधिकारी (२०७५) का अनुसार राणा प्रधानमन्त्री पद्म शमशेरले अङ्ग्रेजको इसारामा संस्कृतलाई मृतभाषा घोषणा गरे । वि. सं. २००३ मा जयतु संस्कृतम् आन्दोलन चल्यो । संस्कृतलाई मृतभाषा भन्ने पद्म शमशेर, जुद्ध शमशेर, विजय शमशेर, मोहन शमशेर आदि पतन भएर गए । संस्कृत भाषाको जग हल्लाए पनि धर्म संस्कृतिको जग हजारौँ वर्षसम्म पनि हल्लाउन सकिदैन भन्ने यस घटनाबाट पनि बुझ्नु जरुरी छ ।

योगी नरहरिनाथ (प्रस्तावना : २०५२), "षडानन्द अधिकारीले वि. सं.. १९३२ मा दिङ्ला विद्यापीठको स्थापना गरेपछि यसै पीठको अनुसरण गरेर वीर शमशेरले ३ धारा पाठशाला एवम् रानीपोखरी पाठशाला र देव शमशेरले भाषा पाठशाला यसैको अनुकरण गरेर खोलेका हुन । यसै गरी दार्जिलिङ, सिक्किम, लिङ्से आदि स्थानमा पनि दिङ्ला विद्यापीठकै अनुशरण गरेर आर्दश विद्यापीठहरू खुलेका र चलेका छन् । भुटान र आसामसम्म पनि दिङ्लाको प्रकाश पुगेको छ ।" तथापि २१ औ शताब्दीको अङ्ग्रेजी भाषाको आवश्यकता बढ्दै जाँदा वि. सं. २०२१ पौषमा षडानन्द पाठशालाको कम्पाउन्डमै दिङ्लाली समाजको माग सम्बोधन गर्न सहकार्यमै श्री अरुण इङ्लिस हाइस्कुल स्थापना भएको देखिन्छ । एउटै ग्राउन्डमा आधा आधा ग्राउण्ड बाँडेर २ वटा सरकारी मा. वि. स्थापना भएका छन् । २ वटै सरकारी मा. वि. एकै ग्राउन्डमा स्थापना भएको यो नेपालमै प्रथम स्थान हो ।

पूर्वमन्त्री एवम् समाजसेवी हेमराज राई (२०७३ : ४५५) का अनुसार प्र. म. जङ्गबहादुर राणा बेलायत र युरोपको भ्रमण गरी प्रभावित भई मुलुकी ऐन,

२०१० जारी गरिसकेका थिए । आफ्ना सन्तानका लागि संस्कृत शिक्षा विकल्पमा वि. सं. १९१० मा दरबार स्कुलमा अङ्ग्रेजी भाषाका विषयहरू प्रवेश भइसकेको थियो । त्यसपछि नेपाली युवाको एक हिस्सा इस्ट इन्डिया कम्पनी सरकारका सैनिक सेवामा प्रवेश हुने क्रम बढ्दै गएकाले नेपाली समाजमा आधुनिक अङ्ग्रेजी भाषाको प्रभाव परिसकेको थियो । षडानन्द 'कैरातदेश' को दिङ्लामा जन्मिए पनि यहाँका किरात, गुरुङ, मगर र राईहरू कम्पनी सेनामा र बेलायती सेनामा कार्यरत रहेकाले दिङ्ला समाजमा अङ्ग्रेजी र शिक्षाप्रतिको मोह बढेको अड्कल काट्न सकिन्छ । षडानन्दले अध्ययन गरेका जनकपुर, मटिहानी र बनारस आदि हिन्दूधर्मका सभ्यता र संस्कृतिका मूल केन्द्रहरूमा अङ्ग्रेजी शिक्षाको प्रभावले तहस नहस हुने अवस्थामा पुगिसकेका थिए । कतिपय संस्कृत साहित्यका पुस्तकालयहरू जलिसकेका थिए र कतिपय जल्ने क्रममा मूलतः काशी क्षेत्रमा थिए भनी जबरा पुरुषोत्तमले उल्लेख गरेको देखिन्छ । भारतीय भूभागमा संस्कृत शिक्षाका मूलकेन्द्रहरू अङ्ग्रेजीको आक्रामक प्रभावबाट ध्वस्त हुने र हिन्दूधर्म, संस्कृत शिक्षा र संस्कृति लोप हुने खतरा थियो । नेपालको तराई क्षेत्र पनि सिमाना जोडिएको कारण जनकपुर र मटिहानी लगायत स्थानका पनि अङ्ग्रेजी प्रभावबाट अछुतो रहन सकेनन् । त्यसैले काठमाडौँ पछि तराईको बारा, वीरगञ्ज लगायत स्थानमा अङ्ग्रजी विद्यालय धमाधम खुल्नथाले । तसर्थ त्यस्तो विकराल परिस्थितिमा वि. सं. १९३२ मा षडानन्दले संस्कृत भाषा पाठशालामार्फत शिक्षा, सदाचार, संस्कार र सभ्यता जोगाउन सरकारलाई पनि काँधहाल्ने कार्य गर्नु समग्र नेपाली भूमिका लागि कोसेढुङ्गा सावित भएको छ ।

राईको लेख विश्लेषण गर्दा सनातन धर्म अन्तर्गतका हिन्दूधर्म, बौद्धधर्म, किरातधर्म संरक्षण गर्न र लोप हुन नदिन (वेद र पुराणहरू हिन्दू किरात मुन्धुम, बौद्ध त्रिपिटकको पनि साझा र मूल ग्रन्थ) नेपालका संस्कार, संस्कृति र सभ्यताको मूल वैदिक ग्रन्थहरूको अङ्ग्रेजी प्रभावबाट बचाउन योगदान दिएको देखिन्छ । नेपाली सनातन धर्म र सभ्यता लोप हुन नदिन शैक्षिक चेतना, संस्कृत भाषा र समाजसुधार माध्यमबाट 'आग्नेय चट्टानको स्तम्भ' का रूपमा धर्मवीर, कर्मवीर र सनातनधर्म प्रचारकको भूमिकामा देखिएको अनुमान गर्न सकिन्छ । वास्तविकता के हो, थप अनुसन्धान गर्नु जरुरी छ । सायद विद्यालय खोली शैक्षिक चेतना जगाउनु समग्र पक्षको शतप्रतिशत कसी (touch stone) हो ।

ज्ञानमणि नेपाल (२०७०) का अनुसार बालागुरुले तत्कालीन समयमा शिक्षा दिनु हुँदैन भन्ने राणा परिवार र राणाशासनका विरुद्ध यस्तो माहोल खडा गरिदिए कि उनी पचलीघाटमा बस्दा राणाहरू पनि पढेर बालागुरुजस्तै प्रखर ज्योतिष, धुरन्धर धर्मशास्त्रका ज्ञाता र सरकारी उच्च ओहदाका जागिरे बन्नुपर्दछ भन्ने भावना फैलिएको थियो । तसर्थ उनको विद्यालय बन्द गर्ने साहस राणाले

पनि गर्न सकेका थिएनन् भन्ने बुझ्नुपर्दछ । भोजपुरमा ख्यातिप्राप्त वैयाकरण नेपालले पनि बालागुरुअघिबाटै आफ्नो घरआँगनमा गुरुकुलका विषयहरू पढाउन सुरु गरेर शैक्षिक जागरणको माहोल खडा गर्दै थिए । सुरुमा दिङ्ला पाठशालाको नाम सीताराम पाठशाला थियो र पछि षडानन्दको ख्यातिका कारण षडानन्द पाठशाला बनेको कागजात र धर्मपत्रिकाको विश्लेषणबाट देखिन्छ ।

वि. सं. २०२१ अघि स्थापना भएका विद्यालयका अरुण उपत्यका र पूर्वी नेपालका प्रायः धेरै संस्थापकहरू, प्र. अ. हरू, समितिका सदस्यहरू वा चन्दादाताहरू यसै षडानन्द पाठशालाबाट उत्पादित शिष्यहरू थिए । नेपाल अधिराज्यभरिनै तत्कालीन समयमा कैयौँ स्कुलका संस्थापकहरू, प्रथम प्र. अ. तथा प्रथम शिक्षकहरू यसै पाठशालाका शिष्य रहेको विश्लेषण गर्न सकिन्छ । अर्कोतर्फ अरुण उपत्यका तथा नेपाली समाजमा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा धेरै दानवीर, मनवीर, धनवीर, बुद्धिवीर, उच्च ओहदाका व्यक्तित्व, कुशल प्रशासक आदि यसैका पाठशालाका उत्पादन थिए वा उत्पादित शिष्यका पनि शिष्यहरू थिए । अझैसम्म पनि ठूलै सङ्ख्यामा देशका उच्च ओहोदामा यस पाठशालाका उत्पादित शिष्यहरू वा तिनीहरूका सन्ततिहरू कार्यरत रहेका वा अवकाशमा रहेका देखिन्छन् । तत्कालीन समयमा संस्कृत विद्यालयलाई भाषा पाठशाला र अङ्ग्रेजी स्कुललाई मिडिल स्कुल वा इङ्लिस हाइस्कुल भन्ने चलन थियो ।

**अरुण उपत्यकाको संस्कृत शिक्षा र आधुनिक शिक्षाको झलक :**

१. वि. सं. १८७५ तिर भोजपुरको छिनामुखुमा रावाखोले जोसमनि पण्डितले जोसमनि मतको सन्त शिक्षा प्रदान गरेको देखिन्छ । मेवाकर्ण राईलाई अगमदिलदास (१८५०–१९२५) बनाएका थिए भनी स्वामी प्रपन्नाचार्यले उल्लेख गरेको देखिन्छ । विश्लेषणात्मक रूपले हेर्दा उक्त क्षेत्र भोजपुरका राजनीतिक अग्रज तथा आदर्श नारदमुनि थुलुङ, भूदेव राई, ध्यानबहादुर राई, लक्ष्मी राई, हेमराज राई आदिको आदर्श भूमि पनि हो । हाल उक्त शिक्षाको प्रमाण तथा नामनिसान छैन । अखण्डदिलदास, धर्मदिलदास, सतदिलदास आदि देखिन्छन् । अखण्डदिलदासका पनातिहरू ताप्लेजुङ फावाखोला, डुम्रिसेमा छन् भनी रविमान लम्जेलले उल्लेख गरेका छन् ।
२. वि. सं. १९१४ – धनकुटामा शास्त्र विधान गृह नामक पुस्तकालय स्थापना भएको थियो ।
३. वि. सं. १९३२– षडानन्द पाठशाला दिङ्ला
४. वि. सं. १९८० – चैनपुर भाषा पाठशाला, भञ्ज्याङखर्कमा खुलेको र औपचारिक मान्यता वि. सं. १९८७ मा प्राप्त गरेको । पछि वि.स. १९९४ मा सरस्वती प्राइमरी पाठशाला नामकरण भएको

५. वि.सं. १९८३ – चन्दनपुर भाषा पाठशाला र औपचारिक मान्यता वि. सं. १९९५ । बालागुरुका शिष्य त्रैलोक्यनाथ भण्डारीको अगुवाइ तथा थापा परिवारको प्रमुख सहयोगमा स्थापना भएको
६. वि. सं. १९८३ – खाँदवारी भाषा पाठशाला
७. वि. सं. १९८६ – विद्येश्वर (विन्देश्वर) भाषा पाठशाला (मा. वि.) गोगने स्थापना भएको । यसले औपचारिक मान्यता वि. सं. १९९८ मा प्राप्त गरेका, पं. लक्ष्मीप्रसाद पोखरेलबाट स्थापना तथा पं. जयधर्म अधिकारीबाट पढाउने, बढाउने र हुर्काउने श्रेय रहेको
८. वि. सं. १९८९– गोकुण्डेश्वर पाठशाला धनकुटा बजार (खगेन्द्र प्रधानाङ्ग तथा षडानन्द पाठशालाका शिष्य पं. छविलाल पोखरेलबाट (छात्र मात्र पढ्ने, सल्लेरीमुनि) तथा वि. सं. १९८९– गोकुण्डेश्वर कन्या पाठशाला, धनकुटाको टुँडीखेल छेउ (छोरीहरू पढ्ने कन्या विद्यालय थियो)
९. वि. सं. १९९२ – खोटाङ पाठशाला (पं. जयधर्म अधिकारी)
१०. वि. सं. १९९२ – भाषा पाठशाला, खार्पा, खोटाङ
११. वि. सं. १९९० दशक – बुइपा भाषा पाठशाला, खोटाङ
१२. वि. सं. १९८० तिर – भाषा पाठशाला, गौडा कागते, धनकुटा (श्री ३ चन्द्र शमशेरको आदेशमा)
१३. वि. सं. १९९२– १९९५ तिर, दामोदर मा. वि. सिभुवा धनकुटा, बालागुरुबाट दीक्षित बलभद्र रिजालबाट (पूर्व.प्र. म. नगेन्द्रप्रसाद रिजालको हजुरबुबा)
१४. वि. सं. १९९७ – अग्राखे प्राइमरी स्कुल, कुलुङ, भोजपुर, संस्थापक टेकबहादुर बस्नेत । वि. सं. २०१८ मा सोही विद्यालयको नाम वीरेन्द्र मा. वि., कुलुङ भएको । तर अग्राखे प्राइमरी स्कुल पनि अहिलेसम्म सञ्चालनमा रहेको
१५. वि. सं. २००४ – विद्योदय प्राइमरी स्कुल, भोजपुर (हालको विद्योदय मा.वि.)
१६. वि. सं. २००५ – श्रीराम पुस्तकालय, भोजपुर
१७. वि. सं. २००५ – सिद्धेश्वर मा. वि., दावाँ, भोजपुर
१८. वि. सं. २००५ – विश्वप्रेमी मा. वि., याकु
१९. वि. सं. २००५ – त्रिभुवन धर्मोदय मा. वि. बक्तुवा, टेम्के मैयुम २
२०. वि. सं. २००५ – चम्पे मा. वि., चम्पे
२१. वि. सं. २००५ – शारदा बालिका विद्यालय, धरान (षडानन्द पाठशाला शिष्य संस्थापक एवम् प्र.अ. पं छविलाल पोखरेलबाट)
२२. वि. सं. २००० दशक – चन्द्र संस्कृत मा. वि., धरान

२३. वि. सं. २००० दशक – सोलखुम्बुको सल्यान मा. वि.
२४. वि. सं. २००३ – धरान पब्लिक हाइस्कुल, संस्थापक प्र.अ. पं. छविलाल पोखरेल
२५. वि. सं. २००६ – खाँदबारी आधार स्कुल (आधार शिक्षा प्रदान गर्न, सुरुवातमा राधाकृष्ण मन्दिर पाटीमा सञ्चालन)
२६. वि.स. २००७ – प्रजातन्त्र मा. वि., होम्ताङ्
२७. वि. सं. २००७ – हिमालय मिडिल स्कुल, चाँपबोटे, ढुङ्गेधारा ( संस्थापक सूर्यबहादुर श्रेष्ठ)
२८. वि. सं. २००७ – खोटाङ बजारस्थित पाठशाला (शिक्षक पं. जयदेव अधिकारी)
२९. वि. सं. २००७ – एभरेस्ट इङलिस स्कुल निशङ्खे, ओखलढुङ्गा (हाल सगरमाथा मा. वि., षडानन्द पाठशालाबाट उत्पादित शिष्यबाट)
३०. वि. सं. २००८ – पिण्डेश्वर क्याम्पस, धरान (संस्थापक क्याम्पस प्रमुख, पं. छविलाल पोखरेल)
३१. वि. सं. २००८ – भारती मा. वि., चुङ्माङ, धनकुटा
३२. वि. सं. २००८ – मादी रामालयमा अङ्ग्रेजी शिक्षा र चर्खा शिक्षा (पं. नन्दिकेश्वर दाहाल र अनन्त दाहालबाट)
३३. वि. सं. २०१०– पञ्चकन्या प्राइमरी स्कुल, बोखिम, भोजपुर (हाल मा. वि., प्रथम र द्वितीय विश्वयुद्धमा भाग लिएर फर्कनुभएका सुबेदार हर्कमान राई लगायत गङ्गा राई, कृष्ण राई र शोभितमान राईको प्रमुख सक्रियतामा)
३४. वि. सं. २०१० – लक्ष्मी प्रा. वि., तुङ्गेछा, दिङ्ला
३५. वि. सं. २०११ – अरुणोदय मा. वि., ऱ्याङ चरमी (भीमप्रसाद पराजुलीको सक्रियतामा)
३६. वि. सं. २०११ – वाना प्राइमरी स्कुल, (रुद्रनाथ रेग्मीको सक्रियतामा)
३७. वि. सं. २०१२ – धनकुटा बहुमुखी क्याम्पस, धनकुटा
३८. वि. सं. २०१२ – सरस्वती मा. वि. खानीभञ्ज्याङ, ओखलढुङ्गा
३९. वि. सं. २००८ तिर – उदय प्रा. वि. तिनधारे, खानीभञ्ज्याङ, ओखलढुङ्गा
४०. वि. सं. २०१३ – महेन्द्रोदय मा. वि. पाल्पाले, जरायोटार, भोजपुर
४१. वि. सं. २०१३ – शारदा मा. वि., झ्याउँपोखरी, भोजपुर (सं. कुलबहादुर घले)
४२. वि. सं. २०१६ – चण्डेश्वरी प्रा. वि., स्यामेङ, दिङ्ला
४३. वि. सं. २०१४ – सगरमाथा प्राइमरी स्कुल, ताम्कु, सङ्खुवासभा ( संस्थापक मेजर मनप्रसाद राई)
४४. वि. सं. २०१५ – चानुवा प्राइमरी स्कुल, दमार, धनकुटा (हाल मा. वि.)

४५. वि. सं. २०१५ – याम्दाङ् प्राइमरी स्कुल, बाला, सङ्खुवासभा
४६. वि. सं. २०१५ – बागेश्वरी प्रा. वि.. ढुङ्गेधारा, सङ्खुवासभा
४७. वि. सं. २०१२ – २०१६ तिर, भानु मा. वि., डाँडाबजार, धनकुटा
४८. वि. सं. १९९८ – शारदा मा. वि. ६ नं बुधबारे, धनकुटा
४९. वि. सं. २०१६ – जाल्पा मा. वि. पाखीवास, धनकुटा (टङ्कबहादुर निरौलाको सक्रियतामा)
५०. वि. सं. २०१७ – हिमालय प्राइमरी स्कुल, हेदाङ्ना (गौरीमान राईको सक्रियतामा)
५१. वि.स. २०१७ – जाल्पा प्रा. वि., धुपू, सङ्खुवासभा (पं. जयप्रसाद दाहालको सक्रियतामा)
५२ वि. सं. २०२१ – अरुण इङ्लिस हाइस्कुल दिङ्ला (षडानन्द संस्कृत पाठशालासँगै आधुनिक अङ्ग्रेजी भाषा आवश्यक महसुस गरी षडानन्द र अरुण मा. वि हालसम्म पनि एउटै ग्राउण्डको आधा आधा भागमा सञ्चालित नेपालकै २ सरकारी मा. वि. एकै ग्राउन्डमा चलेका विद्यालयहरू)

बालागुरुको प्रभावबाट डण्डपाणि चापागाईंको सहयोग तथा अगुवाइमा पनि ८-९ वटा विद्यालयहरू दिङ्ला क्षेत्रमा स्थापना भएको देखिन्छ ।

कृष्णविनोद लम्साल (२०७६ : २२४) का अनुसार नेपालमा वि. सं. २०२५-२६ सम्म संस्कृत नपढेको व्यक्तिलाई सरकारी जागिर पाइन हम्मेहम्मे पर्दथ्यो । त्यस बेला षडानन्द पाठशाला र यसका अनुकरणका विद्यालयले महत्त्वपूर्ण हिस्सा ओगटेको थियो । तर नयाँ शिक्षा नीति २०२८ आएसँगै संस्कृत भाषा र यस पाठशालाको योगदान ओरालो लाग्न सुरुवात भयो ।

(स्रोत अरुण उपत्यकाको सङ्क्षिप्त शैक्षिक इतिहास (गोपालप्रसाद निरौला, २०७१) । पूर्व शिक्षासेवा आयोग सदस्य तथा रावा क्याम्पस प्रमुख सीताराम पोखरेल । शिक्षक लोकेन्द्रप्रसाद दाहाल, जीतपुर (हाल बेलपुर, मोरङ) । शिक्षक कोषराज निरौला, खानीभन्ज्याङ, ओखलढुङ्गा । शिक्षक दीपक अधिकारी, धनकुटा (हाल नरग्राम, इटहरी) । शिक्षक चण्डीप्रसाद सुवेदी, हाल विराटचोक । शिक्षक देवेन्द्र अधिकारी, हाल जनता मा. वि., हरैंचा । शिक्षक डिल्लीराम कार्की, निशङ्खे, ओखलढुङ्गा । पूर्वप्राध्यापक नारायण पोखरेल, इटहरी । शिक्षक यशोदाप्रसाद लुइटेल, विराटचोक । शिक्षक सूर्यबहादुर बस्नेत, विराटचौक । शिक्षक अशोक बस्नेत, धनकुटा, हाल जनता मा. वि., पचाम । शिक्षक हरिकृष्ण खड्का जनता मा. वि., हरैंचा । अन्य विद्यालयहरू अनुसन्धान क्रममा छुटेका वा केही मिति र पुरानो नाम फरक परेका हुन सक्दछन् । क्षमाप्रार्थी छु ।)

●

# खण्ड चार
# आधुनिक सिद्धान्त तथा षडानन्दका व्यवस्थापन पक्ष : सिद्धान्त र विश्लेषण

## व्यवस्थापनका आधुनिक सिद्धान्त र षडानन्दद्वारा प्रयोग भएका सिद्धान्तको अध्ययन :

वि. सं. १९३२ (सन् १८८५) को सीताराम पाठशाला तथा वि. सं. १९६० को सीताराम गुठी स्थापनासँगै बालागुरुले आधुनिक व्यवस्थापनका सिद्धान्तहरू प्रयोगात्मक रूपमा व्यवहारमा उतारेको देखिन्छ । विश्लेषणकर्ता यादव चापागाईंका अनुसार बालागुरु षडानन्द आधुनिक व्यवस्थापनका सिद्धान्तका नयाँ सिद्धान्तकार नरहे तापनि अवश्य पनि व्यावहारिक प्रयोगकर्ता हुन भन्ने विश्लेषण देखिन्छ ।

डा. लक्ष्मण शास्त्रीका (२०५२ : ५९) अनुसार "लघुकौमुदी अध्ययन गर्दा दिङ्लाले प्रभावकारी र भौतिक सूत्र प्रदान गरेको र स्मरण गर्न सहज र सजिलो हुन्थ्यो" भन्ने विश्लेषण आधारमा अनुसन्धान गर्दा षडानन्द संस्कृत मोडल (S-S Model) शिक्षणविधिको प्रतिपादकका रूपमा पनि बालागुरु फेला पर्नुभयो । S-S Model विधिमा सुधारिएको गुरुकुल मोडल (Gurukul Model–2) रहेको छ साथै लिखित र मौखिक परीक्षा प्रणालीमा सुधार भई Audience poll, (श्रोता मत प्रणाली), OJT, Educational Tour थप भई Examination System Model–2 रूपमा प्रयोग भएको छ अथवा चिनियाँ Old Model मा मौलिकपन थप भएको छ । Suggestopaedia Model को hybrid रूपमा मौलिक उत्कृष्ट मोडलका रूपमा S–S Superpedagogy Model गुरु षडानन्दले आविष्कार गर्नुभएको देखिन्छ । तसर्थ ३ वटा Model को सम्मिश्रणबाट S–S Model बनेको हुनाले उहाँ यस नमुनाका आविष्कारक वा सिद्धान्तकार पनि हुनुहुन्थ्यो भनी विश्लेषण गरिएको छ ।

मेघराज शर्मा (२०५२ : ६४), "हिज्जे र व्याकरणमा दिङ्लामा विशेष प्रकारका सूत्रहरू प्रतिपादन गरिएका थिए । तसर्थ विद्यालयको ख्याति नेपालभरि तथा विदेशमा पनि फैलिएको थियो ।"

बालागुरुका शिष्य तथा धेरै वर्षसम्म सहकर्मी हुनुभएका पं. यज्ञनिधि चापागाईंको वि. सं. १९८४ को षडानन्द सम्बन्धी ग्रन्थमा, उत्कृष्ट शिक्षणविधि दिङ्लामा प्रतिपादन र प्रयोग गर्नुभएको हुनाले पाठशालोका ख्याति बनारससम्म फैलिएको उल्लेख छ ।

आधुनिक व्यवस्थापनका सिद्धान्त खोज र विश्लेषण गर्ने ग्रन्थकार यादव चापागाईंले विविध पक्षहरू सङ्केत गर्दै प्रशस्त खोज, अनुसन्धान र विश्लेषण गर्ने आधार राखिदिएको देखिन्छ, जसको परिणामस्वरूप दिङ्ला र अरुण उपत्यकाको शैक्षिक, सामाजिक, आर्थिक, आध्यात्मिक आदि उन्नयनसँगै नेपाली समाजमा आएको पुनर्जागरण आधारमा S–S Model को आविष्कार र आधुनिक व्यवस्थापकीय सिद्धान्तहरूको त्यस क्षेत्रमा प्रयोग भएका बालागुरुका व्यावहारिक प्रयोगका पक्षहरू निम्नानुसार विश्लेषणात्मक अध्ययन गरिन्छ ।

**वैज्ञानिक व्यवस्थापन सिद्धान्तसँग विश्लेषण गर्दा :**

फ्रान्समा जन्मिएका F. W. Taylor (सन् १९११) ले Scientific Management Theory आधुनिक व्यवस्थापनको क्षेत्रमा प्रतिपादन गरेको देखिन्छ । उनले कामदारको कार्यक्षमता बढाउने सिद्धान्त पनि प्रतिपादन गरेका थिए । कुनै संस्थाले सफलता प्राप्त गर्ने हो भने, योग्य कामदार चयन गर्नुपर्छ, तालिम दिनुपर्छ साथै व्यवस्थापक र कामदारका बीचमा सहयोग, सम्बन्ध र आत्मसम्मान बढाउनुपर्दछ । वैज्ञानिक तरिकाले वेतन वा ज्याला दिनुपर्दछ । कार्यहरूको स्पष्ट जिम्मेवारी विभाजन गर्नुपर्ने र Motivation factor को प्रयोग भए संस्थाले सफलता प्राप्त गर्ने उल्लेख भएको देखिन्छ ।

बालागुरुले Taylor को सिद्धान्तभन्दा झन्डै ४० वर्षअघि करफोक स्वामीका उत्कृष्ट चेला पं. नन्दिकेश्वर अधिकारीलाई सल्लाहकार प्रमुख तथा परीक्षा बोर्ड प्रमुख नियुक्त गरेको देखिन्छ । राणाशासकका खान्कीका खोटाङका जग्गाहरूसमेत ठेकेदारी गर्ने चतुर, धूर्त र धुरन्धर पं. शिवलाल अधिकारीलाई गुठीयार नियुक्त गरेको देखिन्छ । दिङ्लाको भौतिक निर्माणको सम्पूर्ण जिम्मेवारी पनि उनीलाई नै अख्तियारी प्रदान दिएको देखिन्छ । योग्य शिक्षक चयन गर्न जयधर्म अधिकारीलाई वेदको अध्ययन गर्न वाराणसी तथा बद्रीनारायण अधिकारीलाई कर्मकाण्ड अध्ययन गर्न काठमाडौँ पठाएको देखिन्छ । दुवैजना अध्ययनपश्चात् षडानन्द पाठशालाको योग्य शिक्षकका रूपमा नियुक्त भएका थिए । "पं. जयधर्म अधिकारी र पं. बद्रीनारायण अधिकारीले पढाएका विद्यार्थीहरू तीनधारा पाकशाला काठमाडौँ र बनारसका विद्यालयमा विनाजाँच छात्रवृत्ति पाउँथे" भनी सेमन्तराज अधिकारीले उल्लेख गरेको देखिन्छ ।

वि. सं. १९६६ को धर्मपत्रिकामा कामको अख्तियारी तथा वेतनसमेतको स्पष्ट उल्लेख वैज्ञानिक तरिकाबाट गरिएको छ । आन्तरिक परीक्षा बोर्डले निरन्तर परीक्षा लिने (CAS जस्तै) र बाह्य परीक्षा बोर्डले ६/६ महिनामा परीक्षा लिने तथा सो बोर्डको वेतनसमेत तोकेको देखिन्छ । अनुगमन, निरीक्षण तथा मूल्याङ्कन समितिको पनि स्पष्ट जिम्मेवारी देखिन्छ ।

राणाशासन, जनता, अभिभावक, कामदार, भद्रभलादमी र सरोकारवालासँग सहकार्य र सुमधुर सम्बन्ध कायम गरेको देखिन्छ । जसका कारण देशविदेशमा समेत विद्यालयले ख्याति पाएको देखिन्छ। अरुण उपत्यकामा चन्दनपुर, चैनपुर, मादी, गोगने, ओखलढुङ्गाको निसङ्खे, खोटाङको खार्पा, धनकुटाको गोकुण्डेश्वर, धनकुटाको जनता मा. वि. अखौंले जीतपुर, धरान, सिक्किम, दार्जिलिङ र आसाममा समेत गुठीहरू स्थापना गरी S-S मोडलमै विद्यालयहरू खुलेको देखिन्छ । तसर्थ बालागुरुले दिङ्लामा व्यावहारिक प्रयोग, परीक्षण र व्यवस्थापन गर्नुभएको S–S Model, F.W. Taylor को Scientific Management Theory जस्तै मोडल थियो भनी विश्लेषण गर्न सकिन्छ ।

Harrington Emerson को व्यवस्थापन सिद्धान्तसँगको विश्लेषण गर्दा Emerson ले खेरजाने समय (wastage time) र स्रोतको (Resource) कुशलतापूर्वक प्रयोग गर्न, योग्य कर्मचारी, अनुशासन र कार्य गर्ने क्षमताले औद्योगिक उत्पादन बढाउन सकिन्छ भन्ने वैज्ञानिक व्यवस्थापन सिद्धान्त प्रतिपादन गरेका थिए ।

यादव चापागाईंका अनुसार बालागुरुले सरकारीपट्ट बाँझो मालपोत वा करसमेत नउठ्ने जग्गा, वनक्षेत्र, सिमसार क्षेत्र, उब्जाउविहीन र सिंचाईविहीन जग्गाहरू श्री ३ राणा सरकारलाई मालपोत तिर्ने र प्रयोग गर्ने सर्तमा लालमोहर, रोक्का आदेश र ताम्रपत्रबाट कानुनी रूपमा मान्यता प्राप्त गरेको देखिन्छ ।

मन्दिर, पाठशाला, उद्यान, ताल, कुण्ड निर्माण कुलो प्रयोग गरी उब्जाह जग्गामा परिणत तथा जगेडावन संरक्षण भएको थियो । पं. नन्दीकेश्वर अधिकारी, पं. शिवलाल अधिकारी, पं. बद्रीनारायण अधिकारी आदि शिक्षकहरू नियुक्त भएका थिए । उक्त कार्यहरूको निरन्तरतास्वरूप छात्र दिल्लीराज अधिकारीले (पछि वि. सं. २००२ मा ष. मा. वि. शिक्षक) बनारसको विश्वविद्यालयबाट शास्त्रीमा Gold Medal समेत प्राप्त गरेका थिए । विश्वनाथ चापागाई (२०६५ : ६६), 'काशीमा असफल भएका विद्यार्थी दिङ्लामा सफल हुन्छन्' भन्ने उखान नै चलेको थियो ।

गुठीजग्गा व्यवस्थापन क्षेत्रमा गुरु षडानन्दले गरेको प्रयोग र परीक्षणलाई यादव चापागाईंले भू-उपयोग नीतिसँग (Land–Utilization Policy) तुलना र विश्लेषण गरेको देखिन्छ । बाँझो भूमिलाई सिँचाइ गरी उर्बर बनाउने, कृषि उत्पादन बढाउने, वृक्षारोपण गरी उद्यान र जगेडावन संरक्षण कार्यलाई 'कृषि वन तथा भूमिसुधार नीति' अन्तर्गत पनि विश्लेषण गर्न सकिन्छ । आजकाल अरुण उपत्यका र नेपाल राष्ट्रलाई वार्षिक अर्बौं आम्दानी दिने रुद्राक्षका वनहरू बालागुरुको यसै वैज्ञानिक व्यवस्थापकीय दूरदर्शी नीति सरह विश्लेषण गर्न सकिन्छ ।

**Henry Fayol को प्रशासनिक व्यवस्थापन सिद्धान्तसँग विश्लेषण गर्दा :**

फ्रान्समा जन्मिएका हेनरी फोएलले सन् १९३० मा प्रशासनिक व्यवस्थापनको सिद्धान्त प्रतिपादन गरेका थिए। बालागुरु षडानन्दको प्रयोगभन्दा यो सिद्धान्त ४५ वर्षजति कान्छो देखिन्छ । उनले फ्रान्सको कोइलाखानीको बिग्रदो अवस्था सुधार गर्न प्रयोग गरेका थिए। यस सिद्धान्तले पनि कामदारको तहगत जिम्मेवारी स्पष्ट विभाजन गर्नुपर्ने, कामदार अनुशासित हुनुपर्ने, निर्देशनमा एकरूपता हुनुपर्ने, सामूहिक हितलाई महत्त्व दिएर कार्य गर्नुपर्ने र सबै कामहरू एकैपटक नगरी श्रृङ्खलावद्ध गर्नुपर्नेमा जोड दिएको देखिन्छ।

वि. सं. १९२८ को चामुरायण पाटीबाट पठनपाठन सुरू गर्दै तथा गुठीका जग्गा सङ्कलन गर्दै वि. सं. १९३२ मा शनिबारे हटिया, वि. सं. १९३२ मा विद्यालय स्थापना र वि. सं. १९३५ मा लालमोहर प्राप्त गर्नुभएको थियो । श्रृङ्खलावद्ध रूपमा वि. सं. १९५४-५५ देखि दिङ्ला बजारनजिकै परिसरमा पाठशाला, मन्दिर, उद्यान आदि निर्माण गर्दै वि. सं. १९६६ सम्ममा लगभग सम्पूर्ण कार्यहरू व्यवस्थापन सम्पन्न भएका थिए। वि. सं. १९६६ को धर्मपत्रिका र शिलालेखमा जिम्मेवारी स्पष्ट प्रदान गरिएको देखिन्छ । तसर्थ Fayol को प्रशासनिक व्यवस्थापन सिद्धान्तभन्दा पनि अगाडि नै बालागुरुको सिद्धान्त प्रयोगात्मक, परीक्षणात्मक र नतिजामूलक देखिन्छ । बालागुरु व्यवस्थापन पक्षका र व्यवस्थापन सिद्धान्तहरूका व्यवहारिक प्रयोगकर्ता नेपाली सन्तका रूपमा देखिन्छन् ।

**Max Weber को कर्मचारी व्यवस्थापन सिद्धान्तसँग विश्लेषण गर्दा :**

जर्मन समाजशास्त्री Max Weber ले (सन् १८६६-१९२०) कर्मचारी व्यवस्थापन सिद्धान्त प्रतिपादन गरेका थिए । बालागुरु षडानन्दले कर्मचारी व्यवस्थापन सिद्धान्त दिङ्लामा व्यावहारिक प्रयोग गर्दा उनी बाल्यकाल बिताउँदै थिए । सिद्धान्त आविष्कारको त कुरै थिएन । Weber को सिद्धान्तले कर्मचारी तन्त्रमा माथिल्लो तहदेखि तल्लो तहसम्मका कर्मचारीको पद स्पष्ट हुनुपर्ने, अख्तियार र दायित्व पदअनुसार किटान हुनुपर्ने, क्षमतावान् कर्मचारीको स्तर निर्धारण र पदोन्नति हुनुपर्ने तथा Boss देखि Labour सम्म सुमधुर सम्बन्ध हुनुपर्ने कुरामा जोड दिएको पाइन्छ।

बालागुरु षडानन्दले गुठीयार, पण्डित, प्रधानाध्यापक, द्वितीय प्रधानाध्यापक, शिक्षक, परिचर, माली, खरिदारजस्ता पदहरू सिर्जना गरी साथै गुठी समिति सदस्य, सचिव, बगैंचे, मर्मत टिम, नगरा वादक समूह, झाडुबढारू, सिपाही (अडिट सैनिकसमेत) लगायत परीक्षा वोर्ड, सल्लाहकार वोर्ड, छात्रवास शिक्षक, पुराण पण्डित लगायत कर्मचारी व्यवस्थापन गरी वि. सं. १९६६ को

धर्मपत्रिका र वि. सं. १९६६ को शिलापत्रमा अख्तियारी, जिम्मेवारी, वेतन आदि स्पष्ट उल्लेख भएको देखिन्छ ।

शिक्षकमा प्रवेश गर्ने पण्डितपछि बढोत्तरी हुँदै प्रधानाध्यापक पनि बनेको, गुठी र वोर्डका सदस्यहरू गुठी सचिव, गुठीयार तथा वोर्ड प्रमुख बनेको लिखत प्रमाण देखिन्छ । सहकर्मी, सहयोगी र उत्कृष्ट समन्वयकर्ता शिष्यका समेत उच्च मूल्याङ्कन गरी सदाका लागि अमर बनाइराख्न शिष्यहरू र सहयोगीहरूको नाममा पनि शिवलिङ्गहरू निर्माण गरिएको थियो । उक्त लिङ्गहरू आज पनि राधाकृष्ण मन्दिर परिसरमा सप्रमाण देखिन्छ । तसर्थ बालागुरु षडानन्दको कर्मचारी व्यवस्थापनको पाटो Max Weber को सिद्धान्त जस्तै उत्कृष्ट नै थियो। तर नेपाली भएकाले प्रचारप्रसार हुन सकेन । युरोपतिर राज्य नै आफ्ना राज्यका विद्वान्हरूका् सिद्धान्त विश्वभर प्रचारप्रसार गर्न लागिपर्दछ । नेपालमा त्यो अवस्था नहुँदा धेरै धुरन्धर विद्वान्हरू स्वामी प्रपन्नाचार्यको भाषामा मिल्केका झिल्का बन्नुपर्ने बाध्यात्मक अवस्था छ ।

**इल्टन मायोको मानव विकास व्यवस्थापन सिद्धान्तसँग विश्लेषण गर्दा :**

अस्ट्रेलियाका जर्ज इल्टन मायोले सन् १९५० को दशकमा औद्योगिक उत्पादन बढाउन कामदार (Labour) र हाकिम (Boss) का बीच सुमधुर सम्बन्ध हुनुपर्छ । Teamwork बाट मात्र अत्यधिक सफलता प्राप्त गर्न सकिन्छ भनेका थिए । यसलाई Human Relation Theory पनि भनिन्छ । बालागुरु षडानन्दको S–S Model को व्यावहारिक प्रयोगभन्दा यो सिद्धान्त ७०-७५ वर्ष कान्छो छ ।

सुमधुर सम्बन्धका सम्बन्धमा विश्लेषण गर्दा तत्कालीन निरङ्कुश राणा शासकहरूसँग परामर्श र स्वीकृति लिई जनताको सहयोगमा खोलेको सार्वजनिक पाठशाला तथा गुठीसहितको मन्दिर, १०० भन्दा बढी जग्गाहरू दानदातव्यबाट प्राप्त हुनु, देशविदेशका विद्यार्थीहरू अध्ययन गरी फर्कनु र विदेशमासमेत विद्यालयको ख्याति तथा प्रसिद्धिसँगै सोही S–S Model का विद्यालयहरू नभई अति-सुमधुर थियो भन्न सकिन्छ ।

Teamwork को प्रयोग विश्लेषण गर्दा धुरन्धर र ख्यातिप्राप्त प्र. अ., द्वितीय प्र. अ., सल्लाहकार बोर्ड, परीक्षा बोर्ड र गुठीयारको नियुक्ति देखिन्छ । तत्कालीन तुङ्गेछा, मूलपानी, केउरेनीपानी, तुम्लिङटार, खाँदबारी, पाङ्ठा, मादी, चन्दनपुर लगायत क्षेत्रका बुद्धिजीवी, जिम्मावाल, द्वारेहरू र प्रतिष्ठितहरूको समय-समयमा दिङ्लामा भेला हुने गरेको थियो । उनीहरूबाट विद्यालय स्थापना, निर्माण र निरन्तरताका लागि निर्णयहरू हुन्थ्यो । पं. नन्दिकेश्वर अधिकारी, पं. यज्ञनिधि चापागाईं, बलभद्र बस्नेत, जमानसिंह बस्नेत, गञ्जसिंह बस्नेत, लप्टन स्व. बलबहादुर बस्नेत (दिङ्लादेखि गुठी जग्गा मापन गर्ने र सहयोगी

पचलीघाटसम्मका हितैषी, गढीगाउँका), रामनाथ अधिकारी लगायतको Teamwork बाट सम्पूर्ण कार्यहरू चुस्त र दुरुस्त रूपमा सञ्चालन भई देशविदेशमा पनि ख्याति कमाएको विद्यालय र गुठी संस्था बनेको थियो भनी विश्लेषण गर्न सकिन्छ ।

यादव चापागाईंका अनुसार मानवविकासको सम्बन्धले ३ तहको सुमधुर सम्बन्धमा जोड दिएको छ । वि. सं. १९६६ को धर्मपत्रिकामा १. सीताराम मन्दिर २. पाठशाला ३. षडेश्वर महादेव ४. सरकार ५. देवीदेवता गरी ५ शक्तिकेन्द्र देखिन्छ । तर पनि चापागाईले १. मन्दिरहरू २. पाठशाला र ३. सरकार केन्द्रबिन्दु रहने सुरक्षा शक्ति सम्बन्ध देखिन्छ भनी विश्लेषण गर्नुभएको छ ।

१. Top level: श्री ५ / श्री ३ / सरकार – उच्च तहमा सम्पत्ति सुरक्षा र कानुनी वैधताका लागि
२. Middle level: सीताराम मन्दिर / षडेश्वर मन्दिर र देवताहरू – पाप वा धर्मको डरले कसैले पनि गुठीको सम्पत्ति र विद्यालय हिनामिना वा ध्वस्त वा अन्त्य नगरून् भन्नका लागि
३. Junior level: पाठशाला/स्थानीय जनता/स्थानीय सरकार/स्थानीय चेतना

अर्थात् यी ३ तहलाई गुठी सम्पत्तिको सुरक्षाको जिम्मेवारी र अख्तियार प्रदान गरी, गुठी र मन्दिरको सम्पत्ति अक्षुण्ण राख्न शक्तिकेन्द्रका रूपमा सन्तुलन कायम गर्ने प्रयास गरेको देखिन्छ ।

**प्रजातान्त्रिक सहभागितामूलक सिद्धान्तसँग विश्लेषण गर्दा :**

अमेरिकाका मेरी पार्कर फोलेर (सन् १८६८ – १९३३) ले Creative Experience भन्ने पुस्तकमार्फत Democratic and Participatory Theory प्रतिपादन गरेका थिए । गुरु षडानन्दले S–S Model प्रयोग गर्दा उनी Childhood मा कुद्दै थिए । हरेक कार्यहरू सम्पन्न गर्न हाकिम (Boss) र कर्मचारी (Labour) बीच सहसम्बन्ध (Co–ordination) भए प्रजातान्त्रिक मूल्य-मान्यता अनुसार कार्य विभाजन, जिम्वेवारी, अधिकार विभाजन तथा मूल्याङ्कन विभाजन गर्न सकिन्छ, जसको कारण संस्थालाई सफलता मिल्छ भनेका थिए । त्यसै गरी गुरु षडानन्दले Democratic and Participatory अवधारण व्यावहारिक रूपमा प्रयोग गरेको विश्लेषण गर्न सकिन्छ ।

टीकाप्रसाद वस्ती (२०७५ : ३१) का अनुसार षडानन्दले विभिन्न सभाहरू, समितिहरू, कुल, समाज र सङ्घ संस्थामा आफ्नो पदेन वर्चश्व र एकाधिकार जमाउनुभएको थिएन । बरू जिम्मेवारी र कर्तव्य सबैमा बराबर बाँड्दै अवसर प्रदान गरेका थिए ।

विद्यालय स्थापना कालमा तथा गुठी स्थापना कालमा पनि प्रायः ३-४ जना अधिकारी भतिजाले प्रमुख पदहरू ओगटेको देखिए तापनि यो सुरुवातको अवस्थामा वा विश्वास जित्नुभन्दा अगाडिको समय थियो । अर्कोतर्फ उनीहरू तत्कालीन धुरन्धर विद्वान्हरू थिए । त्यसबाहेकका पदाधिकारीहरूमा चापागाईं, बस्नेत, गौतम, राई, हमाल, दमाईं आदि देखिन्छन् । त्यी समूह प्रजातान्त्रिक समूह, रक्तसम्बन्ध समूह, शिष्य समूह, सहकर्मी समूह, युवा समूह, जुझारू समूह, वौद्धिक समूह र समावेशीपनमा नै रहेको विश्लेषण गर्न सकिन्छ ।

पाठशाला स्थापनाको पहिलो छलफल चामुनारायण सतलमा खाँदबारीका भद्रभलादमी, धुपू, पाङ्ठा, तुम्लिङ तथा दिङ्ला क्षेत्रमा बौद्धिक व्यक्तित्व भेला भई प्रजातान्त्रिक र सहभागितामूलक निर्णयमा पुगेको देखिनु नै यस संस्थाको सफलताको बलियो प्रमाणका रूपमा देख्न सकिन्छ ।

**मास्लोको शृङ्खलाबद्ध आवश्यकतासँग विश्लेषण गर्दा :**

अब्राहम Maslow ले मानिसका असीमित आवश्यकता (Needs) हुन्छन् । पहिलो चरणको आवश्यकता धेरै हुन्छ र बाँच्नका लागि हुन्छ । यसलाई भौतिक आवश्यकता चरण भनेका छन् । यो चरण पूरा भएपछि दोस्रो चरणमा सुरक्षाको आवश्यकता सुरु हुन्छ भनेका छन् । त्यसपछि तेस्रो, चौथो र पाँचौँ चरणहरू क्रमश पूरा हुँदै जान्छन् भनी सन् १९४३ मा आवश्यकता सिद्धान्त प्रतिपादन गरे । गुरु षडानन्दले यस सिद्धान्तको प्रतिपादन हुनुभन्दा ६०-६५ वर्षअघि दिङ्लामा व्यावहारिक प्रयोग गरेको देखिन्छ ।




गुरु षडानन्दले जग्गा व्यवस्थापन र भौतिक आवश्यकताको चरण पूरा गर्न सुरुमा हटिया, पाठशाला र मन्दिर अनि क्रमशः उद्यान, धारो, कुण्ड, पोखरी, बाटो आदि निर्माण गरेका थिए । वि. सं. १९३४ को कालीदल गण जङ्गीअड्डाले जीउधनको सुरक्षा, सम्पत्तिको सुरक्षा तथा कानुनी सुरक्षाका आवश्यकता चरणहरू पूरा गरेको देखिन्छ । त्यसपछि भएका समाजसुधारका कार्यहरू, यज्ञयागादि, पठनपाठन, हाट, मेला, पर्व, जात्रा आदिलाई सामाजिक आवश्यकता र सम्मानप्राप्तिसँग तुलना गर्न सकिन्छ ।

वि. सं. १९३५ को लालमोहर, ताम्रपत्र तथा त्यसपछिका ताम्रपत्र, शिलपत्र, धर्मपत्रिका, श्री ३ चन्द्र शमशेरबाट इस्तिहार गुठीका लागि जारी भएको थियो । समाजसेवाका ती अनगन्ती कार्यहरूले स्वाभिमान र इज्जत दिलायो जसलाई आत्मसम्मानसँग तुलना गर्न सकिन्छ ।

वि. सं. १९६६ मा धर्मपत्रिका तत्कालीन जनसरकारबाट (बुद्धिजीवी) जारी गराई सबै अख्तियारी जिम्मा लगाई ३ वर्षपश्चात् वि. सं. १९६९ मा पचलीबाट दिङ्ला आइपुग्दा सबै कार्यहरू चुस्त र दुरूस्त चलिरहेको हुँदा आफै छक्क परेका थिए । खुसी र सन्तुष्टिको असीमित इच्छा पूर्ण भयो । 'दिङ्ला र अरुण उपत्यकावासीको नासो र गुनासो सबै दिङ्लालीलाई सुम्पिएर' काठमाडौँ पचलीघाटमा वि. सं १९७३ मा इच्छामरण लिएको देखिन्छ । यो मानवको उच्चतम आवश्यकता पूर्तिको चरण अर्थात् मोक्षप्राप्तिको चरणका रूपमा विश्लेषण गर्न सकिन्छ । मोक्ष अर्थात् ब्रह्माण्डीय ज्ञान र सन्तुष्टि नै मानवको अन्तिम लक्ष हो । मोक्ष प्राप्ति परोपकारी, धर्मात्मा र पुण्यात्मा भएको महान् व्यक्तिले मात्र गर्दछन् भन्ने पौराणिक शास्त्रहरूमा उल्लेख देखिन्छ ।

अब्राहम मास्लोको सिद्धान्तझैँ सम्पूर्ण आवश्यकताका चरणहरू पूरा गरी देहत्यागको स्वर्गीय आनन्द अपनाएका कारणले पनि बालागुरु आजसम्म अजर-अमर रहेका छन् । दिङ्लावासीका प्रत्येक सफलतामा मुस्कान तथा मुटुको ढुकढुकीमा छाइरहेका छन् । देशका कुनाकन्दराबाट आत्मज्ञानको मुस्कानसहित आशीर्वाद दिइरहेको आभास हुन्छ ।

**कार्यकुशलता व्यवस्थापनको सिद्धान्तसँग विश्लेषण गर्दा :**

Managerial Excellent Approach ले सङ्कीर्ण व्यवस्थापन अथवा रूढिवादी, अन्धविश्वासी र समस्या नै समस्याले ग्रस्त व्यवस्थापन भएको ठाउँमा कसरी संस्थागत संस्कृति (Organization culture) विकास गर्ने भन्ने पक्ष सम्बन्धमा पिटर र वाटरम्यानले सन् १९८२ तिर यो सिद्धान्त प्रतिपादन गरेका थिए । उक्त कार्यका लागि व्यवस्थापक कुशल, दक्ष, योग्य, अनुशासित र दूरदर्शी हुनुपर्छ भनी जोड दिएको देखिन्छ । षडानन्द अधिकारी स्वयम्, बालागुरु, गुरु महाराज, श्री १०८, बालब्रह्मचारी र अनन्तश्रीविभूषित व्यक्तित्वसरह थिए । कुशल भाषाविद्, कुशल योजनाकार, दार्शनिक, अर्थशास्त्री, ज्योतिष, सिद्धपुरूष, र समाजसुधारक थिए । उनमा हिन्दू, बौद्ध, इसाइ, क्रिश्चियन धर्मको ज्ञान र भारतका विभिन्न तीर्थस्थलहरूको उत्कृष्ट व्यवस्थापकीय शैलीको पूर्ण ज्ञानसमेत थियो । उनी सामाजिक, सांस्कृतिक तथा आध्यात्मिक जागरण तथा पुनर्जागरणका पर्यायवाची थिए, जसले सभ्य र सांस्कारिक अरुण उपत्यका समाजका लागि जागँरण गराएका थिए ।

विद्यालय अध्यापनका साथै हटिया, मेला, पर्व, बैङ्किङ प्रणाली व्यवस्थापन, वातावरण संरक्षण, शिक्षा, स्वास्थ्य, खानेपानी र आध्यात्मिक क्षेत्रको व्यवस्थापन गरेको देखिन्छ । तसर्थ शिक्षाविरोधी राणाशासक परिवारमा तथा श्री ५ का परिवारमा पनि छोरा र छोरीहरूलाई ज्योतिष, धर्मशास्त्र, नीतिशास्त्र आदिको ज्ञान लिने, दार्शनिक बन्ने, सरकारी जागिरको उच्च ओहदामा आसिन हुने इच्छाका कारण पचलीघाटमा उनको भक्त बनेर ज्ञान लिने र आशीवार्द लिने लहर चल्यो । बालागुरु कतिपय राणापरिवारका पण्डित, उपदेशकर्ता र पुराणवाचक पनि बन्न सफल भएका थियो । तसर्थ राणाशासन कालमा बालागुरुको विद्यालय बन्द गर्ने श्री ३ जङ्गबहादुरपछि कसैबाट प्रयास भएन । उहाँको सिद्धि र व्यक्तित्वका कारण विविध व्यवस्थापनहरू र प्रयोग दिङ्ला अथवा अरुण उपत्यकामा कुशलतापूर्वक सम्पन्न गरेका थिए भन्नेमा दुईमत रहने अवस्था देखिदैन ।

भारतको मुमुक्षु आश्रममा तथा जनकपुरको शिक्षा लिएका थिए । तत्कालीन ४ मठकै शङ्कराचार्य र अन्य मठका मठाधीशहरूसँग पनि शास्त्रार्थ छलफल भएको थियो । पोखरामा अष्ट्राङयोग सिद्धि, पचलीघाटमा गायत्री मन्त्र उपासना सिद्धि र दिङ्लामा लामाहरूसँग लिएको पनि देखिन्छ । त्यहाँ केही शास्त्रार्थ छलफल तथा सिद्धि भएका मन्त्रहरूको प्रभाव सम्मिश्रणले Managerial Excellence Approach को उत्कृष्ट व्यावहारिक प्रयोगकर्ता रूपमा थिए भनी विश्लेषण गर्न सकिन्छ ।

## गुठी व्यवस्थापन प्रसङ्ग :

रुक्मिणीगर्भजातेन लक्ष्मीनारायणश्यच
पुत्रेण श्री षडानन्द शर्मणा ब्रह्मचारिणा
सीताराम शिवादिनां कुतं स्थापनमुत्तमम्
विद्यार्थी पाठनार्थाय पाठशाला कृता पुनः
कीर्तिरक्षणकं यैर्यैः क्रियेत शास्त्र वर्णितम्
तत्कीर्ति रक्षणादस्तु सर्वेषा पुण्य बदनन्

(वि. सं. १९६६ धर्मपत्रिकाबाट)

वि. सं. १९६६ को धर्मपत्रिकाको श्लोकमा सीताराम गुठी समितिको नाम निशान छैन । प्रथमतः यो गुठी सीताराम मन्दिर र शिवमन्दिर लगायतका मन्दिरहरूका लागि स्थापना भएको देखिन्छ । द्वितीयतः विद्यार्थी पढाउनका लागि हो भन्ने स्पष्ट छ किनकि षडानन्द पाठशालाको पुरानो नाम पनि सीताराम पाठशाला वा सीताराम गुरुकुल थियो भन्ने देखिन्छ । अर्कोतर्फ पाठशाला, गुठीसमिति र ३१ जना भद्रभलादमीको हस्ताक्षरले तत्कालीन स्थानीय सरकारको

(हालको षडानन्द नगरपालिकाको झैँ हैसियत र कानुनी आधिकारिकता) पनि प्रतिनिधित्व गर्दछ । तसर्थ गुठी समितिमा पाठशाला, मन्दिरहरू र स्थानीय सरकारको (३ निकायहरूको) हैसियत गुठी समिति बराबर नै देखिन्छ । त्यसकारण मन्दिरहरू, गुठीहरू र विद्यालय सञ्चालन जिम्मा ३ वटा निकाय सीताराम गुठी, षडानन्द मा. वि. र षडानन्द नगरपालिकाको बराबर हैसियत रहेको स्पष्ट हुन्छ ।

**वि. सं. १९६६ को धर्मपत्रिका र वि. सं. १९६६ को शिलालेखसम्बन्धी प्रसङ्ग :**

शिलालेख कुँद्ने कार्य रत्नमान शाक्यले गरेको देखिन्छ भने अन्य शिवालय, देवालय र निर्माणहरू पाटनबाटै भोजपुरको टक्सार बाँडागाउँ ( खिकामाछा) बस्ने बाँडा वा नेवार कालिगढहरू पनि लगेको निर्माण बुझिन्छ । ज्ञानमणि नेपालका अनुसार काठमाडौं उपत्यकाका कुमालहरू पनि गएर तेलिया इँटा तयार पारेका थिए । तर उनीहरू कतिपयका भाइबन्धुहरू पनि भोजपुर पुगेर बसिसकेका थिए । त्यसैले पनि आजसम्म भोजपुर बजार सेरोफेरोतिर प्रशस्त मात्रामा झिँगटीका छाना भएका घरहरू तथा तेलिया इँटाका निर्मित भवनहरू पनि देखिन्छन् । उनीहरू कुन समयमा गए । तर दिङ्लाको तेलिया इँटा निर्माण टोली भने काठमाडौँबाटै गएको बुझिन्छ ।

शिलालेखमा डम्म पद्मासनमा बसेका षडानन्दको रेखाचित्र देखिन्छ । हातमा जपमाला रुद्राक्ष लिएर दाहिने हात छातीमा र देब्रे हातमा पुस्तक लिएर घुँडामा राखेको मुद्रामा देखिन्छ । छेउछाउमा २ मानिस उभिएका छन् । देब्रेतिर एकजना फूल लिएर हात जोडेर षडानन्दतिर फर्किएको देखिन्छ । अर्को दाहिने हाततिरका पुरुष एक हातमा लट्ठी र अर्को हातमा तरबार लिएका छन् । यो खड्ग गायत्रीमन्त्र अनुसारको हो भनिन्छ । देब्रेपट्टि फर्किएका जोगीले दाहिने हातमा कोदालो र देब्रे हातमा गमला लिएको देखिन्छ ।

तर विडम्बना र दुःखलाग्दो पक्ष वि. सं. २०१०-११ तिर सीताराम षडानन्द गुठी समितिमा सबैको बराबर हैसियतको आधारमा गुठीयार, सचिव र समिति सदस्यहरूको प्रवेश गर्न पाउने संशोधित नीतिअनुसार राजनीतिक प्रतिशोध, जातीयताको प्रतिशोध, धार्मिक प्रतिशोध तथा सामुदायिक प्रतिशोध आदि प्रवेश गरी वि. सं. २०२०-२२ पछि विद्यार्थीलाई दिइने छात्रवृत्ति, शिक्षक वेतन आदि कुराले गुठी जग्गामाथि व्यक्तिवादी हस्तक्षेप र अतिक्रमण भए । भौतिक संरचनाहरू क्रमशः ध्वस्त हुँदै गए र कतिपय सदाका लागि लोप भइसकेका पनि छन् ।

वि. सं. २०४० देखि वि. सं. २०४९ सम्म षडानन्द मा. वि. बाहेक अरुण मा. वि. शिक्षकहरूलाई पनि वेतन दिने तथा कुनै समयमा तुङ्गेछाका

विद्यालयहरूका शिक्षकहरूलाई मासिक वेतन दिने र दिङ्लामा समग्र शैक्षिक जागरण ल्याउने सीताराम षडानन्द गुठी संस्था आज लगभग भताभुङ्ग र लथालिङ्ग भएको अवस्थामा देखिन्छ ।

आजभोलि योगमाया आयुर्वेदिक विश्वविद्यालयलाई जग्गा दिन पटक-पटक गुठी समितिमा छलफल हुनु स्वागतयोग्य छ । तथापि षडानन्द बहुउद्देश्यीय विश्वविद्यालयको प्रसङ्ग पनि उठान हुन थालेको छ । जग्गाको क्षतिपूर्ति पनि वितरण हुँदैछ रे । दुवै समाजसुधारकहरूको नामका विश्वविद्यालयलाई जग्गा प्रदान गर्दै दुवै विश्वविद्यालयको षडानन्द नगरपालिकामा नै केन्द्रीय कार्यालय राख्ने गरी स्थापना गर्ने हिम्मत गर्ने दिङ्लाली महापुरुष भए यो नेपालको विश्वविद्यालयीय इतिहासमा षडानन्द नगरपालिकाले पुनः इतिहास रच्न सक्नेछ । दुवै योगी र योगिनी महापुरुषको आशीर्वादले पुस्तौँपुस्तासम्म सफलता मिल्ने थियो । दिङ्ला, अरुण उपत्यका, अरुण सभ्यता तथा सप्तकोशीको महिमा सायद विश्वभर एकै नगरपालिकामा २ विश्वविद्यालय केन्द्रीय कार्यालय कहाँ छ ? भनी ख्यातिले चुम्ने थियो । नेपालमा तथा देशबाहिर पनि रुद्राक्षको बगैंचा वा रुद्राक्षको राजधानी भनी षडानन्द नगरपालिका प्रचारप्रसार गर्न सक्नुपर्दछ । यसको श्रेय पनि प्रथमतः बालागुरुलाई नै जान्छ ।

योगमाया विश्वविद्यालयलाई गुठीको जग्गा दिने बहानामा षडानन्दको महिमालाई सम्मानका साथ नं. १ मा तथा योगमायालाई नं. २ मा नराखे इतिहासले सराप्नेछ । भाँडभैलो मच्चिने र गुठीको भविष्य तहसनहस हुने देखिन्छ । तर बालागुरुलाई सम्मान गर्ने तह वा तौरतरिका नमिलेमा योगमाया विश्वविद्यालयलाई गुठीले जग्गा दिनुपर्ने बाध्यकारी अवस्था देखिँदैन । यसका लागि बौद्धिक बहस वा व्यापक छलफल गरी लिखित कानुनी सम्झौतापत्र तयार गर्नुपर्ने देखिन्छ । दुवै विश्वविद्यालय सञ्चालन भए सुनमा सुगन्ध हुने थियो ।

तर षडानन्द विश्वविद्यालले नेपालको माटोका प्राचीन विद्याहरू : सबै जातका मन्त्रशिक्षा, तन्त्रशिक्षा, यन्त्रशिक्षा, जन्त्रविद्या लगायत आयुर्वेद शिक्षा, प्राकृतिक चिकित्सा, telepathy, third eye activation, reki healing, psychoreading, Vedic mathematics, जोखाना विद्या, वैदाङ्गी विद्या, मुन्धुम विद्या, कुरान विद्या, गुरुङ विद्या, थारू विद्या, जात्रा विद्या, धनुर्विद्या, ज्योतिष विद्या, लेप्चा विद्या, भूतविद्या, अष्टाङ्गयोग विद्या आदि मौलिक कलाहरूको विद्या सञ्चालन गर्न सकिन्छ । विश्वविद्यालयमा विद्यार्थी अभाव हुने अवस्था आएमा वैदेशिक रोजगारमा जानेहरूका लागि लक्षित विश्वभाषाका कोरियन, जापानिज, फ्रेन्च, रसियन भाषा विद्या आदिमा मात्र जोड पनि सकिन्छ, किनकि षडानन्द पाठशाला सुरुवातमा नै भाषा पाठशाला थियो । धर्मपत्रिकाले पनि सबै भाषा

पढ्न तथा पढाउन खुला गरेको देखिन्छ । उक्त कार्यहरूमार्फत अन्तर्राष्ट्रिय स्तर सरहको राष्ट्रिय मौलिक सम्पदा अध्ययन र अनुसन्धान केन्द्रका रूपमा षडानन्द बहुउद्देश्यीय विश्वविद्यालय बनाउनु उचित हुनेछ भन्ने लेखकको व्यक्तिगत अभिमत रहेको छ ।

धर्मपत्रिकाको विश्लेषण गर्दा गुठीको गुठीयार, षडानन्द मा. वि. का प्र. अ., सीताराम मन्दिरको पुजारी र नगरपालिका मेयरको बराबर हैसियत हुँदा हालको वर्षहरूमा मेयर, प्र. अ. र पुजारी सदस्य एकजना पनि गुठी समितिमा नपर्नु नै गुठी दिनानुदिन ध्वस्त हुँदै जानु हो भन्ने निष्कर्ष निस्कन्छ । यसको अर्थ नगरपालिकालाई गुठीमाथि पूर्ण अधिकार दिनु हुँदैन । पूर्ण अधिकार दिएमा र भोलि नगरपालिकाबाट कदाचित धोका भएमा गुठीको भविष्य पनि ध्वस्त हुन पनि सक्दछ । तसर्थ प्रमुख जिल्ला अधिकारीको संरक्षकत्वमा चलेको गुठीलाई नगरपालिकाले समन्वय गरी नगरपालिकाको भविष्य पनि उज्ज्वल पार्न सक्नु पर्दछ । बरू नगरपालिकालाई केहीमात्र अधिकार प्रदान गरेर भए पनि सम्मान गर्नु र सक्रिय बनाउनु (activation) जरुरी देखिन्छ, जसको सानो सहयोगले मात्र पनि गुठी, दिङ्ला समाज, नगरपालिका र अरुण उपत्यकाको प्रगतिको चौतर्फी ढोकाहरू खुल्ने सम्भावना देखिन्छ ।

दिङ्लाको साख फर्काउने हो भने नयाँ गुठी समिति निर्माण गर्नुपर्छ । मुख्य पदमा जनताबाट गुठीयार अनि नगरपालिका मेयर, षडानन्द मा. वि. का प्र. अ, मूल पुजारी, वडाध्यक्ष, पदने सदस्य र अन्य सदस्य दिङ्लाका भलादमी, दानवीर, मनवीर, कर्मचारी, जुझारु युवा र समाजसेवी प्रवेश गराई Restructuring गरेमा गुठी समिति र दिङ्लाको उज्ज्वल भविष्य देखिन्छ ।

दिङ्लाको संरचना १०० वर्ष नाघिसकेको छ । नेपालकै २० औँ ३० औँ पहिलो प्रयोगहरू बालागुरुले गर्नुभएको हुनाले, जगेडावनको पुरानो साख, नगरपालिका भएको क्षेत्रको वनजङ्गलको साख, मन्दिर, ताल, कुण्ड आदिको अझै पनि साख फिर्काउन सक्ने हो भने तथा आयुर्वेद, ज्योतिष कर्मकाण्ड, लगायत विषय अध्यापन गरी पुरानो दिङ्ला (Old is gold) बनाउने हो भने आगामी १०-१५ वर्षभित्रमा विश्वसम्पदासूचीमा दिङ्ला पर्न सक्ने अवसर छ । त्यसै पनि विश्वमा रुद्राक्षका लागि प्रथम उत्कृष्ट बजार र भण्डार दिङ्ला तथा अरुण उपत्यका बनेको छ । दिङ्लामा वर्षेनी १० औँ हजार रुद्राक्ष पर्यटक तथा आन्तरिक पर्यटक भित्रने देखिन्छ । दुवै विश्वविद्यालयहरू यसै भूमिमा बन्ने अवसर पाएमा १० औँ पुस्तासम्म दिङ्लाले नेपालमा मात्र नभई पहाडी क्षेत्रको विश्वकै इतिहासमा एक नगरपालिकामा २ विश्वविद्यालय केन्द्रीय कार्यालयको भएको इतिहास रच्न सक्ने थियो । यसको श्रेय हाम्रै हातमा छ । एक महापुरुषले कुशल नेतृत्व लिनुपर्ने देखिन्छ । आशावादी बन्नुबाहेक विकल्प देखिदैन ।

## गुठीको सम्पत्ति संरक्षण तथा व्यवस्थापन सम्बन्धमा :

धर्मपत्रिका विश्लेषण गर्दा गुठी सम्पत्तिको प्रथम संरक्षक गुठी समिति, षडानन्द मा. वि., स्थानीय जनता, स्थानीय सरकार (ष. न. पा.), मूल पुजारीहरूको बराबर हैसियत देखिन्छ । तथापि आम दिङ्लावासीले संरक्षण गर्नु भन्ने मूल मर्म देखिन्छ ।

दोस्रो तहमा राखिएका देवीदेवताले दिङ्लाली जनताबाट संरक्षणविहीन भएमा पाप र धर्मको डरले, देवता रिसाउलान् भन्ने आसयले पनि गुठीको सम्पत्ति जोगाउन सक्दछ भन्ने सङ्केत धर्मपत्रिकामा देखिन्छ ।

तेस्रो तहमा उच्च स्थानमा सरकार (अर्थात् जनताको देवता) छन् भन्ने सङ्केत छ । कसैले गुठीको सम्पत्ति संरक्षण नगरी दुरुपयोग गरे सुरक्षाकर्मी खटाएर २४ घण्टे सुरक्षाकर्मीको रेखदेखले पनि संरक्षण हुन्छ भन्ने सङ्केत छ । तसर्थ 'जनताका देवता (सरकार) नरिसाउलान् र जुनसुकै तहबाट भए पनि पाठशाला र सीताराम गुठीको सम्पत्ति संरक्षण गर्लान् भन्ने दूरदृष्टि नीति अपनाएको' कुरा यादव चापागाईंले ग्रन्थमा विश्लेषण गरेको देखिन्छ ।

## गुठी सम्पत्ति संरक्षण सम्बन्धमा गुरुका वाणीहरू :

गुठीको सम्पत्ति, विद्यालय आदि जसले हरण गर्छ, त्यो चन्द्रसूर्य रहेसम्म नरकमा पर्दछ । (सदाचारज्ञानादर्शक:बाट)

"....मन्दिर र विद्यालयका लागि गुठी अर्पण गरेको छु, सत्कर्मको शासन भङ्ग गर्नेलाई परमेश्वर कोप झैँ बहुत् पातक लाग्नेछ" भनी शिलालेखमा उल्लेख छ । ('सदाचारज्ञानाऽदर्शक:' बाट)

एकराज अधिकारी (२०७३ : १६) का अनुसार शिलापत्रमा आवाल ब्रह्मचारी पद्मासन कसेको र हातमा कुशको डण्डी तथा वेदको किताब लिएको, रुद्राक्षको माला लगाएको र जटामसीजस्तो फेटा बाँधिएको चित्राङ्कित छ, जसमा 'स्वदत्ताम् परदत्ताम् वा यो हरेच्च वसुन्धराम् । पष्ठी वर्ष सहश्राणी विष्ठायाम जागते कृमि' उल्लेख छ ।

## गुरु षडानन्दका पाण्डुलिपिहरूको व्यवस्थापन :

१. 'चौरासी सिद्ध' भन्ने गुजराती भाषा र लिपिमा लेखिएको ग्रन्थमा पनि गुरु षडानन्द मुमुक्षुआश्रमका मग्निराम गुरुकै उत्कृष्ट शिष्य भएको स्पष्ट छ ।
२. 'गुजरात' गायकवाद अडियारको 'पुस्तक कोठामा भएको सङ्कलनमा गुरु षडानन्दले 'गुजराती' भाषामा लेखेका ५० औँ हस्तलिखित पाण्डुलिपिहरू रहेका छन्' (स्वामी प्रपन्नाचार्यबाट – सदाचारज्ञानाऽदर्शक: छपाइ गर्ने क्रममा दुर्गाप्रसाद अधिकारी र लीलाप्रसाद गुरागाईंलाई (हाल खोर्साने,

मोरङ) जानकारी प्राप्त भएको भनी लीलाप्रसाद गुरागाईंबाट जानकारी प्राप्त भएको छ ।)

नोट : ठाउँ गुजरात, पुस्तकालयको नाम अडियार, Section गायकवाद अडियार, भवनको तल्लो तलाको पूर्वपट्टिको कोठाका बीचको च्याकतिर गुरु षडानन्दले लिखित ५० औं पाण्डुलिपिहरू गुजराती भाषामा रहेका छन् भन्ने जानकारी भएको । गुजरातबाट ल्याई संरक्षण गर्नु जरुरी देखिन्छ ।

३. टोनी हेगनको The Himalayan Kingdom of Nepal पुस्तकले समेत आफ्नो नेपाल यात्राका क्रममा भोजपुरको कुनै विद्यालयका बाह्मण, क्षत्री, राई र कामी विद्यार्थीको फोटो भनी उल्लेख छ । षडानन्द पाठशाला भेदभावविना सबै जातिका विद्यार्थीले विद्यालय पढ्न पाउने S–S Model को अनुकरणको 100% ठोस प्रमाण हो किनकि दिङ्लाको पाठशालाभन्दा अगाडि गुरुकुल मोडलमा अन्य ठाउँमा सबै जातिका विद्यार्थीले एकै ठाउँमा बसेर पढ्न पाउने व्यवस्थित विद्यालय थिएन ।

४. षडानन्द प्रतिष्ठान काठमाडौँ आफैंले बालागुरुद्वारा लिखित पाण्डुलिपिहरू सङ्कलन गर्ने जमर्को गरेको देखिन्छ । 'अभिलेखभित्र षडानन्द' भन्ने एक पुस्तक पनि प्रकाशित छ ।

डा. तुलसी भट्टराई (२०७३ : ४६९ – ४७१) का अनुसार वि. सं. २०७२ साल पौष २२ गते दिनको १ बजे नेपाली काङ्ग्रेसका संस्थापक नेता एवम् पूर्वगृह तथा सञ्चारमन्त्री योगप्रसाद उपाध्याय (लुइटेल) को घर ललितपुरको कुपण्डोलमा पुग्दा ८९ वर्षीय उपाध्यायले गीताको श्लोक वाचन गर्दै अर्थसहित सुनाएको प्रसङ्ग उल्लेख भएको छ ।

पूर्वगृहमन्त्री उपाध्यायका अनुसार उनका पिता पं. केवलप्रसाद लुइटेल वि. सं. १९६० तिर ताप्लेजुङदेखि पढ्न भनेर दिङ्ला पुगेको देखिन्छ । षडानन्द गुरुको चेला भई ४ वर्ष अध्ययन गरेपछि केही विद्यार्थीहरूसँग बनारस पुगेको देखिन्छ । पूर्वमध्यमा सकेर ताप्लेजुङ फर्किएर केही वर्ष पुराणवाचक भएपछि आसाममा ब्रिटिस राइफल्सका एक कर्णेलको निमन्त्रणामा सिलाङमा बसोबास भएछ । लुइटेल बालागुरुको प्रिय शिष्य थिए । बालागुरुसँग एक-दुईपल्ट बनारस र अन्य ठाउँको भ्रमण गरेको कुरा पिताजीले भनेको स्मरण छ । बालागुरु र पिताजीको बीचमा पत्रको आदानप्रदान हुन्थ्यो । २०७२ वैशाख १२ को भूकम्पले केही बचेखुचेका पत्र पनि नष्ट भए । एक चिठी बचेको रहेछ, जुन आज षडानन्द प्रतिष्ठानलाई भट्टराईमार्फत उपलब्ध भएको छ । चिठी यसप्रकार छ –

*"स्वस्तिश्री आवाल ब्रह्मचारी पण्डित षडानन्द उपाध्यायको श्री नानी केवलप्रसाद उपाध्याय लुइँट्याल के शुभाशीर्वाद सहस्र पहुँचे . ज्याहा मलाई संचै छ . तिम्रा जप्वमा सदा संच रहोस् . ज्याहाको हाल वढियै छ . उप्रान्त*

*तिमिले पठायाको पत्रिका आइपुग्यो हेरी वहुत् षुस् लाग्यो . आफुले पठायाको कृपापत्र सवैलाई देखाञा सवै षुसी भया भनी तिमीले लेखेकाले जाति लाग्यो . प्रयागको मेलाको मैन्हा कहिले हो भनि लेषेका लाई ७० साल माघे संक्रान्ति देषी माघभरि लाई छ . कतिंज्याल् वस्छौ मति लेषेका लाई नेपालमा ४ ।५ मैन्हासम्म बस् छु . वरावर षवर पठाउनु होला . और मेरा ताहा जो भक्त जन छन् . सवैलाई आशीर्वाद भनीदिनुहोला . इति संवत् १९७० साल मार्ग २० गते ६ मुकाम् नेपाल पचली घाट २२ लंवरका घर शुभम् ...*

चिठीको बायाँ किनार ठाडोमा ‘वेरङ् पठाया पुग्ला भनि विना टिकटको छ’ लेखिएको देखिन्छ ।

(बालागुरुको हस्ताक्षरयुक्त १०२ वर्षको चिठीको स्रोत
षडानन्दसम्बन्धी अभिलेख पृ. ४७१)

## षडानन्द संस्कृत मोडलका (S-S Model) आविष्कारहरू :

षडानन्द संस्कृत भाषा पाठशाला नेपालको पहिलो औपचारिक पब्लिक पाठशाला थियो । यसै पाठशालामा वि. सं. १९३० को दशकमा षडानन्द संस्कृत मोडल (S-S Model) शिक्षण अवधारणा र शिक्षणविधिको आविष्कार षडानन्दबाट भएको थियो । उक्त मोडलका कारण देश-विदेशमा ख्याति फैलिई यसै अनुकरणका विद्यालय पूर्वी नेपाल हुँदै सिक्किम, भुटान र बर्मासमेतमा पुगेको अनुसन्धान योगी नरहरिनाथले भएको षडानन्द स्मृति ग्रन्थ (२०५२) मा उल्लेख छ । यसै विद्यालयको अनुकरण गर्दै रानीपोखरी पाठशाला खुलेको र देव शमशेरले समेत धमाधम भाषा पाठशालाहरू स्थापना गरेका देखिन्छन् । त्यस कारण S-S Model नेपालकै इतिहासको नयाँ मौलिक र शैक्षिक मोडल आविष्कार भएको थियो । उक्त मोडलका विद्यालय स्थापना र व्यवस्थापन शैलीहरू अनुकरण भई शैक्षिक क्षेत्रमा नेपालमा र छिमेकी राष्ट्रमा पनि जागरण तथा पुनर्जागरण कालखण्ड सुरु भएको देखिन्छ ।

यस्ता दिव्य विभूति हुन् तिनी अरे-देर्वशी यसकालका,
दिङ्लालाई बनाउने जन आहा! काशी स्वभूमि महाँ ।
शैलि क्यान सुवोध शास्त्रहरूको सम्झाउने शिर्घ्र नै,
यौटा त्यो लघुकौमुदी पनि पढे लाग्ने पुराणार्थ रे ।
दिङ्लाबाट उठेर व्याकरणको त्यो शैली अध्ययन,
आयो फेरी जनकपुर गुरुबर चुडामणिका सँग ।

– डा. लक्ष्मण शास्त्री (२०५२)

त्यसै गरी दोस्रो लेखमा डा. लक्ष्मण शास्त्रीले (२०५२) षडानन्दबाट कौमुदी (व्याकरणका) मौलिक र भौतिक सूत्रहरू पनि दिङ्लामा प्रतिपादन भएको

कुरा षडानन्द स्मृतिग्रन्थमा दधिराज सुवेदीबाट उल्लेख भएको छ । पं. मेघराज शर्माले (२०५२) हिज्जे र व्याकरणमा दिङ्लामा छुट्टै सूत्रहरू प्रयोग गरी सहज रूपले पढाउने र स्मरण गर्न सजिलो हुने अनौठो शिक्षणविधि भनी उल्लेख गरेको देखिन्छ । सायद त्यसै कारण पनि भारतबाट दिङ्ला आई स्वामी सत्यदेव र गीता भारतीको षडानन्द पाठशाला दिङ्ला अवलोकन भ्रमण गरेको पनि देखिन्छ । निष्कर्षमा दिङ्ला विद्यापीठको अनौठो शैली र अनुशासित विद्यार्थी भनी दुवैले प्रशंसा गरेको लिखत भेटिन्छ । दिङ्लाको शैलीमा जनकपुरमा पनि अध्यापन गर्न सुरु गरेको र ख्याति बनारससम्म पुगेको पं. यज्ञनिधि चापागाईं, डा. लक्ष्मण शास्त्री, सेमन्तराज अधिकारी आदिका ग्रन्थहरू तथा लेखहरूमा देखिन्छ । हरिद्वारमा बसोबास गर्ने हरिनारायण सरस्वती वि. सं. २०२१ दिङ्ला भ्रमण गरेको देखिन्छ । मद्रासका रामानन्द सरस्वतीबाट पनि वि. सं. १९९१ मा दिङ्लाको भ्रमण भएको थियो । उनीहरूले विद्यालय र उद्यान परिसर पनि भ्रमण गरी वटुकहरूको अध्ययन शैली हेरी प्रशंसा गरेको तथा पुराणहरूसमेत श्रवण गरी विद्यार्थी र शिक्षकहरूलाई आशीर्वाद दिएको पनि देखिन्छ ।

यसरी दिङ्लाको तत्कालीन समाज विकास र तत्कालीन शिक्षण शैलीको खोज र अनुसन्धान क्रममा फेला परेका बालागुरु षडानन्दले प्रयोग गरेका तथा षडानन्दबाटै आविष्कार भएका दुई मोडल फेला परेका छन् ।

**शैक्षिक विकासका लागि षडानन्द संस्कृत मोडल/शिक्षण विधि**
**(S-S Model /Approach and Techniques)** ::
(स्वयम् अनुसन्धाताबाट खोज र अनुसन्धान गरी नामकरण गरिएको)

**समाजको चौतर्फी विकासका लागि : आदर्श समाज विकास मोडल :**

आदर्श समाज विकास मोडलका बारेमा प्रा. लालानाथ सुवेदीको खोज-अनुसन्धानमा आधारित छ । यस मोडललाई प्रथमपटक यस पुस्तकका लेखक तथा अनुसन्धाताबाट खोज गरी थपघट गर्ने, अझ उजागर गर्ने तथा सरल व्याख्या विश्लेषण गर्ने प्रयास गरिएको छ । बालागुरुप्रति श्रद्धा र शब्दसुमन अर्पण गर्दै दुवै मोडलहरू क्रमशः व्याख्या र विश्लेषण निम्नानुसार गरिन्छ :

**S-S Model नामकरणका आधारस्तम्भहरू :**
**Gurukul Model–2 आविष्कार थियो**

गुरुकुल पहिलो मोडल शिक्षण पद्धतिमा ब्राह्मण र क्षत्रीका छोराहरूलाई मात्र शिक्षा दिइन्थ्यो । गुरुसँगै छात्रावासमा बसेर गुरुले सिकाएका विषयहरू अध्ययन हुन्थ्यो । महिलाका लागि मात्र पनि छुट्टै कन्या गुरुकुलको व्यवस्था

हुन्थ्यो । जस्तै गार्गी, मैत्रेयी जस्ता विदूषीले अध्ययन गरेका उदाहरणहरू देखिन्छन् । सामान्यतया पाठशाला मोडलमा कर्मकाण्डका विषयहरूमा गणित, खगोल आदि पढाइ हुन्छ, जसलाई Gurukul Model -1 का रूपमा विश्लेषण गरिएको छ । त्रेतायुगपछि गुरुकुल मोडलमा कन्याको छुट्टै गुरुकुल र पुरुषको छुट्टै भए पनि दलितलाई अध्ययन गर्ने व्यवस्था देखिँदैन । जस्तै : महाभारत कालखण्डमा एकलव्य तथा कर्ण सूतपुत्रका रूपमा भएकाले वेद तथा वेदाङ्ग पढ्नबाट वञ्चित भएका थिए । बालागुरुको मोडल गुरुकुलबाट माथि उठेर पाठशाला मोडलतर्फ अघि बढेको देखिन्छ । पाठशाला मोडल गुरुकुलभन्दा Flexible तथा छात्रावासविनाका, हाजिरीविनाका, गुरुमा आधारित पाठ्यक्रम सहितका देखिन्छन् । बालागुरुको मोडलमा दुवै मोडलहरू मिश्रित देखिन्छन् ।

त्यसैले षडानन्द संस्कृत मोडललाई Gurukul Model-2 का रूपमा विश्लेषण गरिएको छ, किनकि वि. सं. १९६६ को धर्मपत्रिकामा पुरुष, महिला, दलित र सबै जातथरलाई कर्मकाण्ड पढ्न खुला थियो । S–S Model मा छुट्टाछुट्टै पढ्ने व्यवस्था नगरी एकै ठाउँमा अध्यापन गर्ने व्यवस्था थियो, तथापि लामो समयसम्म दलित र महिलाहरूले पढ्न साहस गरेनन्, जसमा वेद, रुद्री, कर्मकाण्ड, गणित, इतिहास, भूगोल, आयुर्वेद, ज्योतिष, लगायत पुराणहरू, शास्त्रहरू र हिन्दू धर्मसंस्कारका विषयहरूमा छलफल पनि गरिन्थ्यो । “जो विद्या पढ्नमा इच्छा हुन्छ, सो सुविधासाथ पढ्नाको निमित्त पाठशाला राखेको … छ ।” साथै धर्मपत्रिकाले संस्कृत बाहेक अङ्ग्रेजी, जापानी, कोरियन, फारसी, हिन्दी आदि भाषा पढे पनि यस मोडलमा खुला गरिएको थियो ।

योग, ध्यान, जप र तपस्याको बारेमा समेत सामान्य जानकारी हुन्थ्यो । मेघविज्ञान, शास्त्रविज्ञान, अर्थशास्त्र, चाणक्यनीति, शीघ्रवोध र नीतिवचनको पनि आवश्यकता तथा प्रसङ्ग अनुसार छलफल र अध्यापन गराइन्थ्यो । तसर्थ यो Model, Gurukul Moel–2 भनी नामकरण गरिएको छ, जसमा प्रथम वर्षमै राई, श्रेष्ठ र पछिल्ला वर्षहरूमा तामाङ, दलित र महिला पनि पढेको देखिन्छ । दान सिदा वा खान्कीको (निःशुल्क छात्रवृत्तिको) व्यवस्था पनि थियो ।

## Chinese Examination Model–2 आविष्कार थियो

पाँचौं शताब्दीदेखि १७ औं शताब्दीसम्मलाई विश्वको मध्यकालीन इतिहास खण्ड रूपमा विश्लेषण गरिन्छ । १४ औं देखि १६ औं शताब्दीसम्ममा योग्य कर्मचारीको छनोट गर्न चीनले Exam System विकास गरेको इतिहास देखिन्छ । गुरुकुल Model मा बालागुरुले मौखिक परीक्षा साथै पछिल्लो समयमा लिखित परीक्षा (Written Test) समेत थप गरी गुरुकुल शिक्षण प्रणालीको कडा अनुशासन र मौखिक परीक्षा प्रणाली तोड्दै आजभोलिको Mobile Voting

System बाट जस्तै Audience Poll (श्रोतामत) प्रणाली), CAS जस्तै निरन्तर मूल्याङ्कन गर्ने व्यवस्था, OJT जस्तै Field Tour मा खोटाङको हलेसी मेलामा, सिद्धकाली मेलामा, अन्य पर्वहरूमा, ओखलढुङ्गा, सङ्खुवासभाका चैनपुर, मादीसम्म गुरुसँगै गएर वेदरुद्री विद्यार्थीले वाचन गरिदिने चलन पनि थियो। सभ्य र भव्य कार्यक्रमहरूमा तथा राजाका सवारी आदिमा स्वस्तिवाचन गर्न जिल्लाबाहिर पनि छात्रहरू लिएर गई सहभागी गराउने जस्ता system विकास गरेको थियो। तसर्थ S-S Model को परीक्षा प्रणालीलाई सुधार गरिएकाले S-S Model मा Examination Model-2 भनी विश्लेषण प्रयास गरिएको छ।

## Super–Paedagogy Model आविष्कार थियो

डा. जर्जी लुगानो भिचले Suggestopaedia Model विकास गरेको देखिन्छ। लुगानो भिचको Model लाई दिङ्ला र अरुण उपत्यकाको समाज र सांस्कृतिक वातावरण ढाल्दै आफ्नै मौलिक अध्ययन तथा अध्यापन शैली विकास गरिएको थियो। तसर्थ भिन्नपन समेट्ने गरी Super–Paedagogy Model भनी शोधकर्ता स्वयम्बाट यसलाई नामकरण गरिएको छ। Suggestopaedia भन्दा पाठ्यक्रम, शिक्षकको भूमिका, विद्यार्थी भूमिका र Teaching–Learning मा केही भिन्नताहरू देखिन्छन्।

Super–paedagogy Model मा बिहान सबेरै स्नान गर्ने, शरीर शुद्ध गर्ने, जप, ध्यान, तपस्या गर्ने र सकेसम्म १,००० पटक गायत्री मन्त्रोच्चारण गरी Readiness अवस्थामा विद्यार्थी रहन्थे। पूजापाठ समापनपछि बालागुरुको वरिपरि बसी छलफल गर्थे र मूल्याङ्कन गरिन्थ्यो। आजकल लोकसेवाको परीक्षा दिने परीक्षार्थीले जस्तो सूत्रहरू बनाई शीघ्र स्मरणका विधिहरू सिकाइन्थ्यो। लघुकौमुदी व्याकरण सूत्रमा भए पनि भिन्न सटिक सूत्रहरू प्रयोग गरी पढाइ हुन्थ्यो भन्ने स्मरण यस पाठशालामा अध्ययन गरेका पुराना तर नेपाल सरकारका उच्च ओहदामा रहिसकेका व्यक्तित्वहरू सुनाउनुहुन्छ। विद्यार्थीको सिकाइ अनुशासित, एकाग्र र प्रभावकारी शैलीमा हुन्थ्यो। गुरुकुल मोडल भएकाले तामसी भोजन ग्रहण नगर्न सल्लाह दिइन्थ्यो। स्वस्थ जीवनशैली, शान्ति, सहिष्णुता र सादा जीवन उच्च विचारको सकारात्मक वातावरण व्यवस्थापन भावी जीवनमा प्रभाव रहने गरेर शिक्षण गरिन्थ्यो।

तसर्थ S–S Model शिक्षणविधि Gurukul Model–2 + Examination Model–2 + Superpaedagogy को hybrid मौलिक विधि थियो। यो मौलिकपन सहितको वा hybrid model थियो भनी विश्लेषण गर्न सकिन्छ। यो मोडलमा पढ्ने र स्मरण गर्न छोटो समय लाग्ने र Mind activation लागि न्युमोनिक डिभाइस वा formulas प्रयोगलाई जोड दिन्छ। छोटो समयमा थोरै सूत्रहरू

प्रयोग गरी धेरै पढ्न सकिने तथा लामो समयसम्म स्मरण गर्ने शैलीलाई यसले जोड दिन्छ । योग र ध्यानलाई सहयोगीका रूपमा Readiness का लागि प्रयोग हुन्थ्यो । यो मोडल Third Eye activation को neareast model पनि रहेको अनुमान गर्न सकिन्छ । यसमा वैदिक गणित पनि पढाइ पनि हुन्थ्यो । सोही वैदिक गणितको अध्ययन गरी डा. राजेन्द्रप्रसादले Mathematics calculation मा प्रयोग गरी गणितमा अब्बल वा गणितमा Brilliant बन्न सफल भएको कथाहरू सुनिन्छन् । वैदिक गणित भनेको आधुनिक वा पाश्चात्य Maths होइन, जसमा जसमा मुख्यतया १७ वटा फर्मुलाको प्रयोग हुन्छ र पूर्वीय दर्शनमा आधारित छ । स्वामी विवेकानन्दमा third eye activation थियो । त्यसैले उनी किताबका पाना नपल्टाई गातामा छोएर पढ्न सक्दथे भन्ने सुनिन्छ । उनी एकै दिनमा ४०० वा ५०० पृष्ठका पुस्तक पनि पढ्न सक्दथे रे । तसर्थ S-S Model आजभोलि झन्डै नेपाल सरकारको कर्मचारी बन्न लोक सेवा आयोग तयारी गर्नेहरूले पनि अध्ययन गर्न प्रयोग गर्ने मौलिक सूत्रहरूसँग मिल्दोजुल्दो रहेको देखिन्छ । तर योग, ध्यान, प्राणायम, स्नान, शुद्धीकरण आदिलाई लोकसेवा आयोग अध्यापन गर्ने विद्यार्थीले प्रयोग गर्दैनन् । Third eye activation neareast model पनि आयोग अध्ययन गर्ने विद्यार्थीले प्रयोग गर्दैनन् । तर सबै Model को आफ्नै मौलिक hybrid teaching and learning style नै S-S Model हो । षडानन्द पाठशालामा अध्ययनका लागि नेपाली भूमिको हावापानी र माटो सुहाउँदो मौलिक मोडलको प्रयोग बालागुरु षडानन्दबाट प्रयोग भएको रहेछ भन्ने निष्कर्ष निकाल्न सकिन्छ ।

**निष्कर्ष :**

S-S Model मा प्रयोग हुने formulas वा भौतिक सूत्रहरू के-के थिए भनी अझै धेरै सूक्ष्म खोज र अनुसन्धान गर्नु आवश्यक देखिन्छ । तर S–S Model को अन्तिम निष्कर्ष के हो भने विश्वमा प्रतिपादन गरिएका शिक्षण विधिहरू समाज, संस्कार र विविध हावापानीअनुसार मौलिकपन दिनुपर्दछ । उपलब्ध स्रोत र साधन उपयोग गर्दै समयसापेक्ष प्रभावकारी बनाउनुपर्दछ किनकि गणितको स्मरण गर्ने formula लाई अङ्ग्रेजी विषय पढ्नमा उपयोग गर्न मिल्दैन । सामाजिक विषयमा प्रयोग हुने formula लाई Biology पढाउँदा मिल्दैन । उपयुक्त मोडल प्रयोग नभए Covid–19 को समयमा online class नेपालका सरकारी विद्यालयमा प्रभावकारी सिद्ध नभएजस्तै हुन सक्छ । त्यसैले विद्यार्थीलाई सिकाइका लागि Readiness बनाउन लागि स्नान गर्ने, आत्माको शुद्धीकरण गर्ने, जप, ध्यान, प्राणायाम गर्ने, पूजादि गर्ने अनि अन्य विधिबाट पनि एकाग्र बनाई शिक्षण गर्न सक्नुपर्दछ । साथै लोकसेवा तयारी गर्ने विद्यार्थीले

सूत्रबाट पाठ स्मरण गर्न सजिलो भएजस्तै शारीरिक शुद्धता, मानसिक तयारी (जप, ध्यानबाट), निमोनिक डिभाइस प्रयोग र Trick वा सटीक formula प्रयोग गरी शिक्षण गर्नुपर्दछ, जसबाट विषयवस्तुको जरैबाट (root or background) पृष्ठभूमि पनि खोतल्दै विषयवस्तुमा completeness प्रदान गर्न सक्नुपर्दछ । यही नै S-S Model Teaching Approach/Model को मूल मन्त्र हो ।

यस खण्डमा आधुनिक व्यवस्थापनका सिद्धान्तकारसँग बालागुरु षडानन्दलाई विश्लेषण गराउनुको मुख्यउद्देश्य यी कार्यहरू एक कुशल व्यवस्थापकबिना S–S Model को ख्याति देशविदेशमा पुग्ने थिएन भन्ने निष्कर्ष छ । उनी युरोप, अमेरिकातिरको बौद्धिक र सभ्य समाजमा जन्मिएको भए २-३ वटा सिद्धान्तका सायद सिद्धान्तकार बन्ने थिए होलान्, तथापि S–S Model का उनी आविष्कारक वा प्रतिपादक देखिन्छन् भन्ने अन्य Model का आधुनिक व्यवस्थापनका सिद्धान्तहरूसँग मिल्दोजुल्दो, व्यावहारिक र मौलिक प्रयोगकर्ता अवश्य पनि थिए भन्दा दुई मत हुने देखिदैन ।

तेस्रो मक्सद बालागुरु षडानन्दले प्रयोग गरेका र ५० औँ वर्ष अरुण उपत्यका, सप्तकोशी सभ्यता, नेपालभर तथा विदेशसम्म प्रयोग भई सफल भएको S-S Model मस्तनिद्रामा सुतिरहेको अवस्थाबाट इतिहास खोतलखातल गरी जनसमक्ष प्रमाणसहित पेस गरी ब्युँझाउनु हो । षडानन्द व्यक्तित्व त्यो हो, जसले समाजमा कुनै समस्या देख्नासाथ समाधानका लागि तुरुन्तै अत्युत्तम व्यवस्थापन गरिदिन सक्थे । सामाजिक समस्या समाधानका लागि उनका सिद्धान्तहरू आविष्कार भएका थिए । तर आधुनिक समाजले उनको महत्त्व र अवधारणा प्रयोग गर्न नसक्दा आज उनी मिल्किएका झिल्काजस्तै देखिन्छन् ।

## आदर्श समाज विकास मोडल (Ideal Society Development Model) :

प्रा. लालानाथ सुवेदी (२०७३ : ४०९) ले बालागुरुद्वारा व्यावहारिक कार्यान्वयनमा आएको तथा समाजको आधुनिक विकासमा प्रयोग भएको 'आदर्श समाज विकास मोडल' भनी उल्लेख गरेको देखिन्छ । यस मोडलको शीर्षक बुँदागत शीर्षक मात्र उल्लेख रहेछ । यस पुस्तक लेखनका क्रममा लेखकले गहिरो अनुसन्धान गरी केही बुँदागत शीर्षकसमेत थपघट गरी प्रथमपटक व्याख्या र विश्लेषण गर्दै यसलाई अङ्ग्रेजी भाषामा ISD मोडल नामाकरण गरी उजागर गर्ने प्रयास गरिएको छ ।

## पाठशाला साथै मन्दिर (गुम्बा/मस्जिद) स्थापना मोडल :

राष्ट्रका सनातन धर्म र मौलिक संस्कृतिहरूको विकास, विस्तार गर्दै, सदाचारी, नैतिक, शिक्षित र सभ्य समाज निर्माणका लागि देशको माटो सुहाउँदो

मोडलका रूपमा विद्यालय तथा मठमन्दिरहरू स्थापना गर्दै विकास र विस्तार गर्नुपर्दछ । नैतिक र सदाचारी शिक्षालाई आदर्श जीवन बनाउन र सभ्य समाज निर्माणमा उपयोग गर्नुपर्दछ । देश र समाजको हावापानी अनुसार मन्दिर, चर्च, गुम्बा, विहार आदि स्थापना गर्न सकिन्छ । सभ्य जनशक्ति उत्पादन गर्न तथा आदर्श समाज निर्माण गर्न सकिन्छ । यसको तात्पर्य आफ्ना धर्म, संस्कार, अन्तरज्ञान र आदर्शका गुरुकुल, मन्दिर, विहार, गुम्बा, मदरसा आदि स्थापना हुनुपर्दछ भन्ने बुझिन्छ ।

**जनसहभागिता मोडल**
**(गुठी/सहकारी/नेटवर्क बिजिनेस आदि स्थापना र विकास हुनुपर्ने) :**

अर्थसङ्कलन, आर्थिक चलखेल, आर्थिक विकास तथा दिगो आर्थिक विकास लक्ष्य (SDG) लागि सार्वजनिक गुठी, सहकारीहरू, नेटवर्क व्यापारिक संस्थाहरू आदि स्थापना गर्दै जानुपर्दछ । अशल नेतृत्वको व्यक्तिगत प्रयासमा पनि जनसहभागिता जनाई PPP सिद्धान्त कार्यान्वयनमा ल्याई समाज र राष्ट्रको विकास गर्न सकिन्छ । जनसहभागिताबाट अपनत्वको भावना विकास भई दीर्घकालीन लक्ष्य प्राप्ति गर्न सकिन्छ, जसको परिणामस्वरूप दिङ्लामा विद्यालय स्थापना, १७५३ रोपनी जग्गासहितको गुठी स्थापना र गुठीमा 'जगेडाकोष' राखेर नेपालमै पहिलो वित्तीय कारोबार सञ्चालन गर्ने सीताराम षडानन्द गुठी बहुउद्देश्यीय गुठीका रूपमा स्थापना भएको थियो । यसले तलब दिने, छात्रवृत्ति वितरण गर्ने, ऋृण दिने, मेला, पर्व, जात्राहरू सञ्चालन गर्ने, अभ्यागत पाहुनाहरूको स्वागत गर्ने, विदाइ गर्ने, बाटोघाटो, धारा, पाटीपौवा निर्माण गर्ने, खानेपानी व्यवस्थापन गर्ने, पर्यावरण संरक्षण गर्ने आदि विविध पक्षका कार्यहरू आधिकारिक रूपमा वि. सं. १९६० देखि सुरुवात गरेको थियो । जसबाट गरिब वा अति गरिब किसानले ऋृण सापटी लिएको तमसुकहरू वा लिखत देखिन्छ । गुठीका सबै निर्माणहरू यसै मोडलअनुसार भएको देखिन्छ ।

**आर्थिक विकास मोडल :**

शनिबारे साप्ताहिक हटिया बजार सुरु गरी स्थानीय हस्तकलाका सामग्रीहरूको उत्पादन, विकास र प्रवर्द्धन गराएको तथा आर्थिक कारोबारले तीव्रता पाएको देखिन्छ । हाटबजारमार्फत व्यापार व्यवसाय विस्तार भएको देखिन्छ । स्थानीय उद्योगहरू (कुटिर उद्योग) फस्टाउने सुनौलो अवसर पाएका थिए । बालाचतुर्दशी र शतबीजजस्ता विशाल पर्व र मेलाहरूको सम्बन्ध गराई आर्थिक गतिविधिहरू सञ्चालन र विकास गरेको देखिन्छ । सामग्रीहरूको क्रयविक्रयमा तीव्र विस्तार भएको र स्थानीय अन्नपात उत्पादनमा वृद्धि भई

अरुण उपत्यकाको आर्थिक हैसियतसमेत वृद्धि भएको थियो । पारिवारिक आर्थिक अवस्थामा सुधार भएको थियो । पछिल्लो चरणमा रुद्राक्षबाट वार्षिक अरबौं रुपियाँ बराबरको आर्थिक चलखेल भएको देखिन्छ । अर्थात् समाज र राष्ट्रमा आर्थिक तरलता र सम्बृद्धि गराउन सक्नुपर्दछ, जसबाट परिवार, समाज र राष्ट्रको आर्थिक उन्नति सम्भव छ । उल्लिखित कारणबाट त्यसलाई बालागुरु षडानन्दको आर्थिक विकास मोडलका रूपमा विश्लेषण गर्न सकिन्छ ।

## समाज सुधार मोडल :

समाज भनेको शैक्षिक, आर्थिक, सामाजिक, सांस्कृतिक, नैतिक, कानुनी, मानवीय, पर्यावरणीय, मनोवैज्ञानिक, भाषिक, धार्मिक आदि विशेषताहरूको समष्टिगत मूल आधार हो । घरमा मठमन्दिर निर्माण गरी तुलसी, वेल आदि बृक्षहरू रोप्ने चलन, श्राद्धमा मासु वर्जित र सामूहिक व्रतवन्ध, पुराणहरू आदिले फजुल खर्च नियन्त्रण भएको देखिन्छ । पुराणवाचन र प्रवचनमार्फत सदाचार शिक्षा प्रदान गरिएको थियो । सनातनीय भाषा (संस्कृत) र संस्कारहरूको संरक्षण गरिएले समाजको शान्ति र नैतिकतामा बृद्धि भएको थियो । हटिया, बालाचतुर्दशी, शिवरात्री तथा जात्राहरूमार्फत सबै जातजातिको प्रतिनिधित्व, सहभागिता र सहयात्रा सुरुवात भएको थियो । सतीप्रथा तथा दासप्रथा अन्त्यको प्रयास लगायत सामाजिक कुरीति, कुसंस्कार र कुप्रथाहरू समाजबाट न्यूनीकरण गर्दै अन्त्यको प्रयास भएको देखिन्छ । स्थानीय बौद्ध धर्म-परम्परा, नेवारी परम्परा, मगर संस्कृति, किरात परम्परा आदि पनि पहिचान गरी संरक्षण र प्रवद्धन गर्ने Plateform प्रदान गरी समाजमा लुप्त हुन लागेका बालन, सँगिनी, हाक्पारे, आदि जुर्मुराउने सुनौलो अवसर प्रदान गर्नु नै यस समाजसुधार मोडलका अतुलनीय योगदानहरू देखिन्छन् । उक्त योगदानहरूका कारण बालागुरु महिला वर्ग र मजदुर वर्ग (दासहरू) का मुक्तिदाता बन्न सफल भएको देखिन्छ । यस मोडलले पलपलमा समाजसुधारको शङ्खघोष गर्दछ ।

## पर्यावरण संरक्षण तथा प्रवर्द्धन मोडल :

मानव लगायत सजीव र निर्जीवको सन्तुलित सम्बन्ध कायम रहन सके तथा आहारचक्र लगायत पक्षको सन्तुलित उपलब्धताले मात्र मानव समाजमा खुसीपन र सफलता आउँछ भन्ने ज्ञान बालागुरुमा देखिन्छ । रुद्राक्ष वृक्षारोपण र संरक्षण, सामुदायिक वन वा जगेडावन संरक्षण, १००८ प्रजातिका आयुर्वेदिक जडिबुटीहरूको उद्यान निर्माण तथा व्यवस्थापन, जलस्रोत तथा पानीका मुहानहरूको संरक्षण र धाराहरूको व्यवस्थित निर्माण गराएको देखिन्छ । आधुनिक सहरका लागि गौचरनको व्यवस्था, बगैँचा (पार्क) व्यवस्थापन, वन

व्यवस्थापन, खेलकुद मैदान व्यवस्थापन, अक्सिजनयुक्त तथा धार्मिक महत्त्वका वर, पीपल, समी, सल्ला, रुद्राक्ष आदि वृक्षारोपण भएका थिए । नारदेचौर व्यवस्थापन र वन कार्यालयका कार्यहरू जस्तै रुद्राक्ष वन, जगेडा वनमा अमूल्य वृक्ष रोप्न जनचेतना फैलाउने कार्य यस मोडलका विशेषता देखिन्छन् । तसर्थ ती कार्यलाई वातावरण संरक्षण तथा प्रवर्द्धन मोडलका रूपमा लिन सकिन्छ ।

"वि. सं. १९३२ देखि २००७ सालसम्मको नेपालको शैक्षिक इतिहास केलाउँदा ७५ वर्षसम्म बालागुरु षडानन्दको साहसका कारण दिङ्लाले पूर्वाञ्चलमा शिक्षाको उज्यालो देखाएको प्रस्ट हुन्छ । षडानन्दसँगै पर्यायवाची बनेर आउने शब्द शिक्षा र रुद्राक्ष हो । आध्यात्मिक जगतमा २४ पटक गायत्री पुरश्चरण गर्ने कार्य अद्वितीय र अतुलनीय मानिन्छ । २४ पटक गायत्री पुरश्चरणले खारिएका र अष्टाङ्गयोगका ज्ञाता षडानन्द बालागुरुमा वाक्सिद्धि थियो । सामुदायिक वनको अवधारणा ल्याइएका कारण दिङला भन्ज्याङ वरपरको जङ्गललाई अहिले पनि जगेडाको वन भनिन्छ । बहुमूल्य जडिबुटी रुद्राक्ष दिङ्ला प्रवेश गराउने षडानन्द नै थिए ।" (पाइलैपिच्छे षडानन्दको सम्झनामा, शनिबार ९ पुस २०७३, अन्नपूर्ण पोस्ट तथा विकिपिडियाबाट)

**भौतिक संरचना विकास तथा विकासका पूर्वाधारहरू निर्माण मोडल :**

मठमन्दिरहरू निर्माण, विद्यालय भवनहरू निर्माण, बिग्रिएका र भत्किएका संरचनाहरूको पुनर्निर्माण, जीर्णोद्धार, बगैँचा (पार्क) निर्माण, गिर्दाहरू निर्माण, ढुङ्गे फलैँचाहरू निर्माण, सत्तल र पाटीहरू निर्माण गरेको देखिन्छ । दिङ्ला बजारको आधुनिक डिजाइन, हटिया स्थान व्यवस्थापन तथा मेला लाग्ने स्थानको व्यवस्थापन गरेको देखिन्छ । आयुर्वेदिक बगैंचा व्यवस्थापन, उद्यान संरक्षण, जलस्रोत व्यवस्थापन, सार्वजनिक धारा निर्माण, तेलिया इँटाका पाइप प्रयोग गरी खानेपानी व्यवस्थापन, ढुङ्गे ग्राउन्ड व्यवस्थापन, मोटरेबल कच्ची सडक निर्माण (पर्वमा रथयात्राका लागि तथा पैदल यात्रीका लागि) गरेको देखिन्छ । शतबीज मेलालाई कृषिमेला वा बिउबीजन प्रदर्शनी एवम् धार्मिक मेलाका रूपमा विकास र विस्तार गरेको देखिन्छ । साप्ताहिक हटियाको सुरुवात गरी घरेलु उद्योगधन्दा तथा व्यापारको प्रवद्धन गरेको देखिन्छ । मोबाइल, टेलिफोन, रेडियो, टीभी आदि नभएको वेलामा उक्त मेलापर्व, जात्रा आदिले दुखःसुख आदानप्रदान गर्ने, टाढाटाढासम्म खवर आदानप्रदान गर्ने, चिठीपत्र आदानप्रदान गर्ने गरी आजको सूचना-प्रविधि तथा सञ्चारको झैँ भूमिका खेलेको देखिन्छ ।

जनताको जीउधनको सुरक्षा, अन्य सुरक्षाहरू व्यवस्थापन, कार्यालयहरू अनुगमनले सरकारको पहुँच पुगेको प्रत्याभूति गर्नका लागि सैन्य क्याम्प व्यवस्थापन गराएको देखिन्छ । गाउँघरमा बाटोहरू निर्माणमा जागरुकता

छाएको साथै सतीघाटमा पाटीनिर्माण र अरुणनदी वारपार गर्न डुङ्गा वा जल यातायातको व्यवस्थापन गरेको देखिन्छ । कुण्ड र पोखरीहरू निर्माण गर्नुका साथै संस्थाहरूको अभिलेखनमा कागजी व्यवस्थापनको अतिरिक्त स्थायी अभिलेखका लागि शिलापत्र र ताम्रपत्रहरूको प्रयोग तथा व्यवस्थापन गरेको पाइन्छ। गुठीका लागि कानुनी आधार इस्तिहारहरू सरकारमार्फत जारी गराउने कार्य गरेको पनि देखिन्छ ।

गुठीबाटै वित्तीय कारोबार सञ्चालन गरेको पाइन्छ । यस मोडलको अनुकरण गर्दै पूर्वी नेपालदेखि सिक्किम, दार्जिलिङ र आसामसम्म पनि मठमन्दिर निर्माण, पाटीपौवा, हटिया र बाटोघाटो निर्माणको लहर पनि चलेको देखिन्छ ।

ISD मोडललाई शिक्षा, स्वास्थ्य, धर्म, संस्कार, संस्कृति, समाजसुधार, आर्थिक सुधार, सामाजिक विकास र विकासका पूर्वाधारहरूको निर्माण गर्ने वा जागरण गर्ने मोडलका रूपमा लिन सकिन्छ। रामायणकालीन बालन खेल्ने वा कृष्णभक्तिधारामा बालन खेल्ने प्रचलन औपचारिक रूपमा नेपालमा सुरुवात वि. सं. १९३२ को रामनवमी रामनवमीसँगै सुरुवात भएको थियो । स्थानीय हाक्पारे, झ्याउरे, सँगिनी, लोकदोहोरी लगायत जुहारीले फस्टाउने अवसर रामनवमी तथा सङ्घीमेलामार्फत प्रदान गरेको थियो । बालन र मेलाका ख्याति भुटान, बर्मा, आसाम लगायत पश्चिम नेपालमा पनि पुगेको देखिन्छ। विकासका पूर्वाधारहरूमा शिक्षा, स्वास्थ्य, सडक, खानेपानी, सूचना आदानप्रदान आदि विविध क्षेत्रहरूमा समयानुसारको विकास दिङ्‍ला वा अरुण उपत्यकाको समग्र समाज अगाडि थियो । यस ISD मोडलका अनगन्ती विशेषताहरूको कारण नेपाली समाज र विदेशी भूमिमा पनि अतुलनीय योगदानहरू दिएको मोडलका रूपमा रहेको विश्लेषण गर्न सकिन्छ ।

**उद्योगधन्दा, व्यापार तथा व्यवसाय प्रवर्द्धन मोडल :**

साप्ताहिक हटिया सुरु गरी स्थानीय घरेलु हस्तकलाका सामग्रीहरूको उत्पादन, विकास र प्रवर्द्धन गराएको तथा आर्थिक कारोबारले तीव्रता पाएको देखिन्छ। हाटबजारमार्फत व्यापार व्यवसाय विस्तार भएको साथै स्थानीय सुषुप्त र लुप्त अवस्थाका उद्योगहरू (लघु उद्योग, साना उद्योग वा कुटिर उद्योगहरू) फस्टाउने सुनौलो अवसर प्रदान गरेको देखिन्छ ।

बालाचतुर्दशी र रामनवमीजस्ता विशाल मेलाहरू, शिवरात्रि, गुरुपूर्णिमा र तीजजस्ता भव्य पर्वहरूको सम्बन्ध गराई आर्थिक गतिविधिहरू सञ्चालन र विकास गरेको देखिन्छ । जात्राहरू, समय-समयका यज्ञयागादिहरू, मेलाहरू, पर्वहरू, चौमासा पुराणवाचनका गतिविधिहरू आदिले समेत स्थानीय सामग्रीहरूको उत्पादन र बिक्रीमा वृद्धि भएको थियो । मागअनुरूप उत्पादित

सामग्री विस्तार भई क्रयबिक्रयमा आर्थिक तरलतामा तीव्रता छाएको थियो । साप्ताहिक हटियाका कारण स्थानीय कृषि उत्पादन तथा अन्नपात उत्पादनमा वृद्धि भई सोलखुम्बू, खोटाङ, ओखलढुङ्गा, सङ्खुवासभा र धनकुटासम्म पनि माग बढेको र कुटिर उद्योगहरू व्यवसायीकरण हुँदै गएको थियो ।

दिङ्लाका रुद्राक्षको माग तत्कालीन समयमा वाराणसी, बद्रीनाथ आदि तीर्थसम्म धार्मिक आस्थाका आधारमा बढेको थियो भने हाल नगदी कारोबारमा समेत विश्वकै रुद्राक्ष उत्पादनको प्रथम क्षेत्र दिङला वा अरुण उपत्यका बनेको छ । व्यापार र व्यापारीहरूको वृद्धि, तीर्थयात्रीहरूको वृद्धि, आन्तरिक पर्यटकको वृद्धि आदि कारणवाट स्थानीय क्षेत्रमा स्वरोजगारी बृद्धि भएको थियो । शिक्षित युवाहरूले नेपालका सरकारी कार्यालयहरूमा रोजगारीको अवसर पनि पाएका थिए । जस्तै दिङ्लाको कालीपल्टनमा सुरुकै वर्ष स्थानीय १०० युवाले रोजगारी प्राप्त गरेका थिए । आधुनिक र ठूला उद्योगहरू स्थापना नभए तापनि घरेलु उद्योगको विकास र विस्तार भएको स्पष्ट देख्न सकिन्छ । जसको कारण अरुण उपत्यको आर्थिक हैसियतसमेत बृद्धि भएको तथा पारिवारिक आर्थिक अवस्थामा सुधार भएको देखिनु यस मोडलका विशेषताहरू हुन् ।

## भूमिसुधार वा भूउपयोग नीति मोडल :

चीनमा भूमिसुधारबाट भएको सकारात्मक पक्षहरू माओसेतुङबाट जानकारी भई प्रभावित भएर चीनको भ्रमण समाप्तिलगत्तै राजा महेन्द्रबाट नेपालमा वि. सं. २०२० मा भूमिसुधार ऐन घोषणा भएको थियो । उक्त कारण भूमिबाट उत्पादन वृद्धि तथा राजश्व सङ्कलनमा बृद्धि भएको थियो । तर राजा महेन्द्रको पालाअगाडि नै सरकारी खेर गएका बाँझा जग्गाहरू सरकारसँग माग गरी मठमन्दिर निर्माण, गुठीको काममा उपयोग, वनका लागि उपयोग, खेती कार्य सुरु गराई उत्पादनमा वृद्धि भयो तथा सरकारको राजश्व सङ्कलनमा पनि सहयोग बालागुरु षडानन्दबाट भएको थियो । किसानलाई सस्तो र उचित ठेक्कामा उपलब्ध गराई जीविको पार्जनको स्रोतका रूपमा खाली जग्गा पनि उपयोगमा आएको थियो । तसर्थ उनका भूउपयोग नीतिका कार्यहरूमा दूरदर्शिता देखिन्छ । समाज र समुन्नत राष्ट्र विकासका लागि कृषिक्षेत्रको उत्पादन विकासमा जोड दिन राज्यले सक्नुपर्दछ वा ‘राष्ट्र विकासका लागि कृषि क्रान्ति आवश्यक छ’ भन्ने सन्देश षडानन्दले छोडेको देखिन्छ ।

## सहरीकरण प्रवर्द्धन मोडल

उनले दिङ्ला भन्ज्याङलाई आधुनिक सहरजस्तै ज्योतिषशास्त्र र वास्तुकला शास्त्र विधिबाट बजार क्षेत्रको भूगोललाई मध्यनजर गर्दै आधुनिक

सहर वा बजारका रूपमा डिजाइन गरेको देखिन्छ । शिक्षाका लागि पाठशाला, अध्यात्मका लागि मठमन्दिर, स्वास्थका लागि आयुर्वेद उद्यान, मनोरञ्जनका लागि पार्क, खानेपानीका लागि धाराहरू तथा इँटाका पाइपहरूको व्यवस्थापन, यातायातका लागि कच्ची सडक व्यवस्थापन, आगन्तुका लागि पाहुनाघर ( सत्तल), पशुपालनका लागि गौचरन, यज्ञादिका लागि नारदेचौर, खेलकुद र भव्यकार्यक्रम लागि टुँडिखेल, वन सम्पदा लागि जगेडा वन, स्नानका लागि धारा र कुण्डहरू व्यवस्थापन आदि आधुनिक सहरलाई आवश्यक पर्ने अनगन्ती क्षेत्र र वस्तुहरूको निर्माण र संरक्षण भएको थियो । बालागुरुको १५० वर्षअघिको सहरीकरण विकास मोडलसम्बन्धी दूरदर्शिता आज पनि त्यत्तिकै महत्त्वपूर्ण देखिन्छ । आज पनि धेरै सहरहरू त बालागुरु षडानन्दको सहरीकरण विकास मोडलको जति पनि विकसित देखिँदैनन् ।

**अन्धविश्वास विरुद्ध तथा अधिकार संरक्षण सम्बन्धी मोडल :**

सतीप्रथा, दासप्रथा, बलिप्रथा, छुवाछुतप्रथा, कुप्रथा, कुसंस्कार, अन्धविश्वास, निरक्षरता, असभ्यता आदिविरुद्ध चेतनाको बिगुल फुकेर अभियान चलाएको देखिन्छ । उक्त कार्यहरूबाट मानव अधिकार, बाल अधिकार, महिला अधिकार, शिक्षासम्बन्धी अधिकार आदि जनमानसलाई प्रदान गरी संरक्षण तथा प्रवर्द्धन गरेको देखिन्छ । श्रमशोषण सम्बन्धी अधिकारहरू दासहरूले पढ्न पाउने अधिकार बालबालिकाले तथा बाँच्न पाउने अधिकार महिलाहरूले प्राप्त गरेका थिए । विकास निर्माणले मात्र समाज परिवर्तन हुँदैन, तर सामाजिक सकारात्मक सोच र अधिकारका लागि सचेतना विकास गर्न सके उत्तम हुन्छ भन्ने सन्देश पनि यस मोडलले छोडेको देखिन्छ ।

**शान्तिपूर्ण समाज तथा राष्ट्रनिर्माण मोडल :**

राष्ट्रविकासका लागि मूलजड भनेको शिक्षा र सभ्य जनता (सभ्य जनशक्ति) हुन् । आध्यात्मिक ज्ञान, देशभक्ति, समाजसेवा भावना, सनातन संस्कृतिमार्फत शान्तिपूर्ण समाज र शान्तिको देश नेपाल बन्न सक्छ भन्ने सन्देश दिएको देखिन्छ । जतिसुकै पुँजी, मेसिन, औजार, स्रोत र साधन भएपनि शिक्षित र सभ्य जनशक्ति उत्पादन भएन (मानवीय स्रोत परिचालन भएन) भने देशविकासले गति लिन सक्दैन र सबै बेकार बन्दछ । शैक्षिक चेतना र सभ्य जनशक्ति उत्पादन गर्न षडानन्द पाठशाला खोलेको देखिन्छ । नेपाल सरकारका लागि नैतिकवान् र भ्रष्टाचारविहीन उच्च ओहदाका देशभक्तिले ओतप्रोत भएका जनशक्तिहरू उत्पादन गरेको गरिमामय इतिहास पनि देखिन्छ । पाठशालाका कारण माझकिरात तथा अरुण उपत्यकाका समाजका दैनिकका झैझगडामा र

अपराधिक कार्यमा न्यूनीकरण हुँदै शान्तिपूर्ण समाजमा रूपान्तरण हुँदै गएको तत्कालीन इतिहास देखिन्छ । तसर्थ शान्ति परम सत्य ।

**धर्म, संस्कृति र सम्पदाहरूको संरक्षण तथा प्रवर्द्धन मोडल :**

प्रत्येक जात, जाति, धर्म, समुदाय र सम्प्रदायका सदस्यहरूले आफ्ना पूर्वजको विरासतलाई गौरव गर्दै आफ्नो भाषा, धर्म, संस्कार, संस्कृति, इतिहास र आध्यात्मिक परम्पराको पालना, संरक्षण र प्रवर्द्धन गर्नुपर्दछ भन्ने मूल मन्त्र यस मोडलमा देखिन्छ । आधुनिक विद्याका भौतिक वस्तु र सामग्रीको समेत उपयुक्त प्रयोग गर्दै सनातन धर्मको पालना गर्नु, समाजमा शिक्षामार्फत सदाचार र नैतिक मूल्यको शिष्य वा व्यक्तित्वहरू उत्पादन गरी समाज र राष्ट्रविकासमा टेवा पुऱ्याउने पक्षमा जोड दिन्छ ।

**विज्ञान र मौलिक प्रविधि विकास र उपयोग मोडल :**

यस मोडलमा उपचारका लागि आयुर्वेद, निर्माण र डिजाइनका लागि वास्तुशास्त्र र वास्तुकला, उत्पादनका लागि कृषि बीज प्रदर्शनी तथा कुटीर उद्योग सञ्चालन, शल्यक्रियाका लागि आयुर्वेद सर्जरी, खानेपानीका लागि इँटाका पाइप र ढुङ्गेधारा, सिमेन्टको सट्टामा खुदी र सुर्कीको लेपन, शिक्षणमा S-S model, सञ्चारका लागि हटिया र मेलापर्व, सचेतनाका लागि पुराण र प्रवचन, अन्धविश्वासविरुद्ध समाजसुधार, पर्यावरणका लागि वृक्षारोपण आदि विधि, ढुङ्गा र माटोका सट्टामा निर्माणका लागि इँटा, साइत र उपचारमा ज्योतिषको प्रयोग तथा जन्तर विद्याका साथै स्वस्तिशान्ति, यज्ञादि आदि प्रयोग भएको देखिन्छ । समय अनुसारका विज्ञान र प्रविधिको उपयोग र संरक्षणमा पनि यस समाज विकास मोडलले जोड दिएको देखिन्छ ।

**स्वदेशीपन र स्वावलम्बन व्यवहार विकास मोडल :**

यस मोडलमा स्वदेशीपनका वैदिक शिक्षा, बौद्ध शिक्षा, किरात वा मुन्धुम शिक्षा, जैन शिक्षा लगायत आयुर्वेद, त्रिपिटक, बाइबल, कुरान तथा अन्य भाषाका ज्ञानको समेत तुलनात्मक अध्ययन गर्नुपर्नेमा जोड दिन्छ । स्वदेशी शिक्षाले मात्र स्वदेशी आहार, विहार र व्यवहारमा मिठास ल्याउन सक्ने पक्षलाई ध्यान दिएको देखिन्छ । हाम्रा परम्परागत सामग्रीको पनि व्यापक प्रयोग गरी हाम्रा बोलीवचन, चालचलन तथा व्यवहारमा सत्कर्म र सत्यता झल्कनुपर्दछ । सनातनीय जीवनोपयोगी शिक्षा र परम्परागत संस्कृतिमा रमाउन सक्नुपर्दछ । आफ्ना जात र धर्म अनुसारका भगवान्हरूमा विश्वास गर्नु, धर्मसंस्कृतिको

अध्ययन र अनुसन्धान गर्नु तथा धार्मिक सहिष्णुता, देशभक्ति र एकता बलियो बनाउँदै सभ्य समाज निर्माणमा जोड दिनुपर्दछ ।

सतीप्रथा, दासप्रथा, छुवाछुतप्रथा जस्ता परम्परागत कुसंस्कार, विकृति, अन्धविश्वास, कुप्रथा तथा सामाजिक समस्याहरू (हत्या, हिंसा, दुर्व्यसन, मद्यपान, मानव बेचबिखन आदि) पनि शैक्षिक चेतना र कानुनी सहयोगबाट न्यूनीकरण गर्दै निरन्तर हटाउँदै आधुनिक युगीन 'आदर्श वा सभ्य समाजको निर्माण' गर्नुपर्दछ, जुन कुरा व्यावहारिक रूपमै उतारेर बालागुरु एक अनुकरणीय युगपुरुष बन्न सफल हुनुभयो । तसर्थ आफ्ना भगवान्हरूमा श्रद्धा गरौँ । आफ्ना संस्कारहरू पछिल्लो पुस्तामा हस्तान्तरण गरौँ । आदर्शमय समाज निर्माण गरौँ भन्ने यस मोडलको विशेषता भएको विश्लेषण गर्न सकिन्छ ।

व्यवस्थापनभित्र समय व्यवस्थापन, स्रोत र साधनको व्यवस्थापन, शैक्षिक व्यवस्थापन, प्रशासनिक व्यवस्थापन, आर्थिक व्यवस्थापन, प्रजातान्त्रिक व्यवस्थापन आदि पर्दछन् । आधुनिक व्यवस्थापन प्रक्रियामा योजना, सङ्गठन निर्माण, कर्मचारी आकलन, निर्देशन, समन्वय, प्रतिवेदन प्रस्तावना, सञ्चार, नियन्त्रण, प्रेरणा, रणनीति र बजेट व्यवस्थापनजस्ता पक्षहरू देखिन्छन् । यी अन्तर्राष्ट्रिय र आधुनिक व्यवस्थापनका सिद्धान्त तथा तत्त्वसँग बालागुरुको व्यवस्थापन प्रक्रियालाई विश्लेषण गर्दा उनी बहुआयामिक पक्षमा 'व्यवस्थापनका शिरोमणि' भएको प्रमाणित हुन्छ ।

तर पछिल्लो चरणमा अमेरिकाको कुनै प्रान्तको शिक्षानीति वि. सं. २०२८ को नयाँ शिक्षानीतिसँगै नेपालमा लागू भएको छ । अब अङ्ग्रेजी नपढे जागिर नपाइने विडम्बना छ । आज नेपालका विद्यालयहरू तथा विश्वविद्यालयहरू वैदेशिक रोजगारका लागि म्यानपावर उत्पादन केन्द्र बन्न पुगेको देखिन्छ । देशमा बेरोजगारी बढिरहेको छ । नेपालको शिक्षानीतिमा गरिएको गलत प्रहारले नेपालीले दुःख पाएका छन् । हाम्रो धर्मसंस्कृति, सभ्यता र मौलिकता रित्तिँदै गएको छ । बहुराष्ट्रिय कम्पनीहरूले दिनानुदिन देशको अर्थतन्त्र लुटिरहेका छन् । आपराधिक घटना र असभ्यताहरू बढिरहेछन् । हरेक क्षेत्रमा प्रयोग हुने कडा केमिकलले हाम्रो मातृभूमिको उर्वर माटो मरुभूमीकरणमा परिणत हुँदै गएको आभास हुन थालेको छ । नेपालीको खानपान शैली रित्तिएर क्यान्सर, मधुमेह, हर्टएट्ट्याक आदिले नेपाली समाजमा गाँजिसकेको छ । स्वदेशी दौरा र सुरुवाल, गुन्यू र चोली, नेवारी पोसाक, मगरका वेशभूषा, तामाङका गरगहना, थारूका नृत्यहरू, गुरुङका भाषाहरू आदि लोप हुने अवस्थामा पुगेका देखिन्छन् ।

एउटा पनि अपराधी, फटाहा र लुटेरा उत्पादन नगर्ने हाम्रा मौलिक संस्कृतिहरू तथा वैदिक शिक्षा, मुन्धुम शिक्षा, बौद्ध शिक्षा, आयुर्वेद शिक्षा, धनुर्वेद

शिक्षा, ज्योतिष शिक्षा, मदरसा शिक्षा, कृषि अर्थतन्त्रात्मक शिक्षाका साथै वैदिक गणित, मौसम विज्ञान, भूगोल, इतिहास, मानवशास्त्र, आदि विषयहरू अध्यापन हुने मुलुक थियो। आज छाडापन, नाङ्गोपन, असुर संस्कृति वा फिरङ्गी दर्शनहरूले सिद्धिन लागेको छ । पूर्वीय साहित्यका तन्त्रविद्या, मन्त्रविद्या, यन्त्रविद्या र जन्त्रविद्या विलुप्त भएका छन्। मुलुकमा जातीय युद्ध, धार्मिक युद्ध, भाषिक युद्ध, आर्थिक युद्धका सङ्केतले देश गृहयुद्धमा धकेलिन थालेको आभास हुन थालेको छ । नेपाल देश नै रहन्छ कि रहन्न भन्ने खतरनाक अवस्थामा गुज्रिएको देखिन्छ ।

यी सबै समस्याहरूको समाधान एउटा मात्र छ । नेपालका प्राचीन सनातन शिक्षा वा वैदिक शिक्षालाई मलजल गर्नुपर्छ। कृषि अर्थतन्त्रको विकास गर्न स्वदेशी कृषि क्रान्ति आवश्यक छ । स्वदेशी आयुर्वेदिक चिकित्सा पद्धति वा विविध प्राकृतिक उपचार पद्धति जगाउनुपर्दछ। राष्ट्रभक्ति, स्वदेशी उत्पादन, स्वदेशीपन, स्वदेशी खाना, स्वदेशी नाना, स्वदेशी छाना, स्वदेशी गाना लगायत सबै स्वदेशी सम्पदाहरूको जागरण तथा पुनर्जागरण गराउनु राष्ट्रको अन्तिम सत्य हो। अनि मात्र नेपाल र नेपालीको अस्मिता बच्न सक्दछ।

यही सन्देश राष्ट्रिय विभूतिहरू, राष्ट्रभक्तहरू धेरै ऋषिहरू, महर्षिहरू, बुद्धहरू, लामाहरू, झाँक्रीपाहरू, दार्शनिकहरू, योगीहरू, महन्तहरू तथा सन्तहरूलाई गुरु षडानन्दले नासोका रूपमा नेपालीलाई छोडेर गएको आभास हुन्छ। नेपाल र नेपालीको उज्ज्वल भविष्यका लागि आजैदेखि स्वदेशी शिक्षा लिऔँ । स्वदेशी कानुन बनाऔँ । त्यसैले स्वदेशी खाऔँ, स्वदेशी लाऔँ र स्वदेशीपनमा रमाऔँ ।

●

# खण्ड पाँच

# बालागुरु षडानन्दका व्यवस्थापकीय योगदानहरूको विश्लेषण

## नेपालको पृष्ठभूमि र सन्दर्भमा अरुण उपत्यकाको ऐतिहासिक झलक :

इतिहास केलाउँदा भूगर्भशास्त्रीका अनुसार ४.५ अर्ब वर्षअघि पृथ्वीको उत्पत्ति भयो भने ज्योतिष मतमा ४ अर्ब ३२ करोड वर्षपहिले मानिन्छ । वैज्ञानिक मतअनुसार ३ अर्ब ८० करोड वर्षअघि एमिनो एसिडहरूबाट एककोषीय जीव उत्पत्ति भएको थियो । त्यसै जीवहरूबाट विकासक्रम अनुसार २ अर्ब १० करोड वर्षअघि बहुकोषीय जीव विकास भयो । वैज्ञानिक मतअनुसार मानव जातिका पुर्खा नरवानर (Apes) २ करोड वर्षअघि देखापरे भने वेदको उत्पत्ति १ करोड ९७ लाख वर्षपहिले श्रुति भएको मानिन्छ, तथापि वेदव्यासलाई मुखाग्र र गणेशबाट लिखित भएको वेद भने ३८०० वर्षअघि भएको मानिन्छ ।

हिन्दू धर्मशास्त्रमा उल्लेख भएअनुसार सुरुका वर्षहरूमा पृथ्वी जलमग्न थियो । वैज्ञानिकले टर्सियरी युगको सुरुवातमा यसलाई टेथिस सागर भनेका छन् । सम्पूर्ण पृथ्वी तलाउका रूपमा जलमग्नबाट पृथ्वीको आन्तरिक भूहलचलका कारण समुद्र पिँधका चट्टान विस्तारै माथि उठेर आयो र पानी सुक्ने क्रममा सगरमाथा, मकालु कञ्चनजङ्घाजस्ता हिमाल पर्वतहरू विश्वमै प्रथम देखापरेका भूभाग हुन् भनी भूगर्भविद्हरूले समेत भनेका छन् । जापानी भूगर्भशास्त्री पनि यसै कुरामा सहमत देखिएका छन् । कैलाश मानसरोवर क्षेत्रको जमिनको आसपासको तलाउमा एमिनो एसिडहरूबाट जीव उत्पत्ति सुरु भएको वैज्ञानिक अनुमान पनि धर्मशास्त्रसँग मिल्दोजुल्दो छ । कैलाश मानसरोवर क्षेत्र शिव बासस्थान, पार्वतीको जन्मस्थान (हिमालयकी छोरी, पर्वततिर) र कुमार स्कन्धमको जन्म भएको मानसखण्ड (कालीकुमाऊँदेखि कर्णालीसम्म) अथवा मानसरोवर क्षेत्र र केदारखण्ड (अरुणाञ्चल क्षेत्रदेखि केदारनाथ मन्दिरसम्म) पनि प्राचीन नेपालको सिमाना थियो । यो साथै स्कन्दपुराणमा उल्लिखित काश्मीर खण्ड समीपको क्षेत्र पनि नेपाल थियो । हिमवतखण्ड नेपाल र हिमाद्री खण्डका दार्जिलिङ, सिक्किम र आसामजस्ता भूमिहरू प्राचीन नेपालका क्षेत्रहरू थिए । शिवपुराण लेखन भएको बागमती नदी (बागबीज वा सरस्वती नदी) सरोफेरो क्षेत्र, धेरै पुराणहरू लेखन भएको गण्डकी क्षेत्र, तनहूँको दमौली बजारको नजिकैको परासर ऋषि आश्रम र वेदव्यासको जन्मस्थान व्यास गुफा तथा कुबेरको राजधानी अलकापुरी नगरी मानिने कर्णालीको सिँजा क्षेत्र पनि

नेपालको रहेको देखिन्छ । नेपालको कर्णाली प्रदेश क्षेत्रमै मानव उत्पत्ति भएको र मानसखण्ड तिब्बतसम्म फैलिएको अनुमान छ ।

राहुल साङ्कृत्यायन (सन् १९४४ : ३८०) का अनुसार आर्यहरू सिन्धु उपत्यकामा आउनुपूर्व असिरिया (मेसोपोटामिया) मा बसेका सभ्य जाति थिए । आर्यहरूको समयमा सामन्तशाही समाज अफगानिस्थानसम्म देखिन्छ । आर्यले सिन्धु उपत्यकामा इ. पू. १८०० मा आधिपत्य जमाए । साङ्कृत्यानको कुरा नेपाली इतिहासमा विवादास्पद देखिन्छ, किनकि जनकपुरमा सीताको जन्म इ. पू. ७५०० अघि भएको आधुनिक इतिहासकार उल्लेख गर्दछन् । नेपालखण्ड वाल्मीकि रामायण नै ७००० वर्षअघिको मानिन्छ भने के नेपालमा आर्य थिएनन् त ? के इ. पू. १८०० को कैयौँ वर्षपछि मात्र आर्य नेपाल भित्रिए त ?

प्रा. बालकृष्ण पोखरेल (२०५५ : १-२) का अनुसार गोपाल राजवंशावलीमा विक्रमको १४ औँ शताब्दीको उत्तरार्धतिर काठमाडौँ उपत्यकामा सिँजाली नरेश र तिनका सैनिकलाई खसिया भनिएको छ । उत्तर पौराणिक कथामा सारा खस जातिको स्वभाव यक्षसँग मिलेको पाइन्छ । खसहरूलाई पर्वते, राईले खासा, मातृभाषालाई खसकुरा आदि भनेको पाइन्छ जसबाट विकसित हुँदै नेपाली भाषा बनेको मानिन्छ । प्रायः सबै लेखकले नेपालदेखि कास्मीर, लद्दाख, हिमाञ्चल प्रदेश, कुमाऊँ, गढवाल हुँदै काबुलसम्म खस राज्य फैलिएको उल्लेख गरेको देखिन्छ । खसभूमि आर्यावर्त भूमि हो ।

प्रा. डा. गोपाल शिवाकोटी (२०७६ : १२८५) का अनुसार आर्यहरूले मध्यएसियाबाट दक्षिण एसियामा प्रवेश गरेपछि विकसित गरिएको सभ्यतालाई वैदिक सभ्यता भनिन्छ । कस जातिले बेबिलोन (इराक) मा सभ्यता विकास गरेपछि दक्षिण एसियामा प्रवेश गरेका आर्यहरूले सिन्धु उपत्यकामा मोहनजोदारो, हरप्पा लगायत क्षेत्रमा विकसित गरिएको सभ्यता थियो । वैदिक सभ्यता इ. पू. १५०० – १००० वर्षअघि विकसित भएको थियो ।

उल्लिखित कथनले नेपालको इतिहासको न शिर न त पुच्छर भेट्टाएजस्तो देखिन्छ । वेदव्यासले वेद तथा पुराणहरू करिब ३८०० वर्षअघि लेखिसकेका थिए । गोपालवंशीअघिका किरातवंशमा यलम्बरले वा जितेदास्तीले भाग लिएको समय ५००० वर्षअघि देखिन्छ भने कहाँबाट वैदिक सभ्यता इ. पू. १५०० वर्षअघि मात्रको हो भन्न सकिन्छ ? जे भए तापनि नेपाल आर्यावर्तभूमि (आर्यसभ्यता विकासभूमि वा आर्या अर्थात् पार्वतीको जन्मभूमि) र मानसखण्ड भूमि पनि हो जसमा प्राचीन मानव रामापिथेकसको उत्पत्ति र विकास भएको देखिन्छ । जस्तै : बुटवल तिनाउ नदी किनारमा र महोत्तरीको पटु भन्ने स्थानमा १ करोड १० लाख वर्षअघिको मानवदाँत फेला पर्नु र तिब्बतमा १ करोड ३० लाख वर्षअघिको रामवानर मानव अवशेष प्राप्त हुनुले पनि सो कुरा प्रमाणित

गर्दछ । नेपाल पुराणमा उल्लिखित हिमवतखण्ड भूमि, केदारखण्ड तथा आसामसम्मको हिमाद्री खण्ड मिलेर बनेको भूमि पनि हो । स्कन्ध पुराणअनुसार नेपाल ७ खण्डको पवित्र भूमिको संयोजन पनि हो । यसैमा कर्णाली अञ्चल क्षेत्र अलकापुरी र नेपाल खाल्डो कान्तिपुरी नगरी रहेको देखिन्छ । सत्ययुगीन नाग जातिको सभ्यता (कतै नागा भनेर पनि किरातकालीन आर्मीलाई सम्बोधन, नागा तथा बोरा जाति पनि थिए) तथा त्यसपछि ज्यापू सभ्यता (नेवार सभ्यता) उपत्यकामा विकास भएको देखिन्छ । यसरी 'नेवारी, किराती र वैदिक सनातन धर्म, सभ्यता र संस्कार उत्पत्ति तथा विकास देखिने तथा विश्वका आजसम्मका सबै सभ्यताहरू केलाउँदा जीवन्त संस्कृति रहेको पवित्र भूमि केवल एउटा मात्र छ, त्यो हो नेपाल' भनी सद्गुरु उल्लेख गर्नुहुन्छ । The greatest spiritulaty in the world is Nepal भनी टर्कीका राष्ट्रपति डा अब्दुल्ला गईले समेत UNO महासभामा वक्तव्य दिएको देखिन्छ (सन् २००७ – २०१४) । तर spiritulaty index लाई आधार मान्ने हो भने क्यानडा प्रथम स्थानमा देखिन्छ ।

नेपाल कश्यप ऋषिको जन्मस्थान तिब्बत तथा कैलाश र मानसरोवर क्षेत्र तथा तप र कर्मस्थान कास्की (कतै कर्णाली पनि अनुमान उल्लेख) तत्कालीन प्राचीन नेपालको भूमि रहेको तर्क र प्रमाण योगीनरहरिनाथ तथा जगदगुरु बालसन्त मोहनशरणहरूले दिएको भेटिन्छ । तिब्बत वा उपल्लो कर्णाली क्षेत्र तथा उपत्यकामा कला, सभ्यता र संस्कृतिले जुर्मुराएको थियो । अवशेषहरू अझै पनि केही बाँकी देखिन्छन् ।

जगद्गुरु बालसन्त मोहनशरणका अनुसार (युट्युबबाट) 'वाल्मीकि रामायणमा कोशी नदीलाई सत्यवती नदी (सत्ययुगको नाम) भनिएको छ । 'उत्तरे हिमवत् पार्श्वे, सत्यवती उत्तरे ... कुम्भ' भनी हिमवतखण्डको सत्यवती नदी उत्तर अर्थात् सोलुखुम्बुको अनुमानित दूधकुण्ड क्षेत्रमा देवता र दानवले समुद्रमन्थन गर्दा अमृत खडा निस्किएको र धन्वन्तरि हातमा लिएर प्रकट भएको उल्लेख हिमवतखण्ड, हिमाद्री खण्ड तथा वाल्मीकि रामायणबाट स्पष्ट हुन्छ । महर्षि भृगुले (गण्डकी बहाव क्षेत्र, रुरु क्षेत्र समीपमा) सञ्जीवनी विद्या (अर्थात् मृत प्राणीलाई जीवन दिने विज्ञान) रचना गरेको पौराणिक ग्रन्थहरूमा उल्लेख देखिन्छ । वेदज्ञान ब्रह्माले भृगुलाई दिएर सृष्टिविधान (संविधान) बनाउने जिम्मेवारी दिएको र रुरु क्षेत्रको आसपासमा सृष्टि विधान तथा भृगुसंहिता ( ज्योतिषविज्ञान) पनि रचना भएको शास्त्रहरूमा उल्लेख छ । भृगुको उक्त विद्या छोरा शुक्राचार्यले (दानवका गुरु) प्रयोग गरी कैयौँपटक दानवको टाउको छेदन गर्दा पनि बचाएको देखिन्छ ।" महर्षि कश्यपका पुत्र मरीचि सुर र असुरका गुरु रहनुभएको तथा मेरु पर्वतमा (कैलाश पर्वत वा उपल्लो कर्णाली क्षेत्र) रहनुभएको कुरा श्लोकहरूको विश्लेषणबाट अनुमान गर्न सकिन्छ ।

मानसरोवरको (शिवसँग सम्बन्धित) पवित्रताजत्तिकै पवित्रता मुगुको राम सरोवर (भगवान् रामको वाणले उत्पत्ति, विष्णुसँग सम्बन्धित) छ । हाल यसको मूल्य बिर्सिएर राराताल भनिन्छ । त्यस्तै महिमा स्कन्दपुराणमा बझाङको सुर्मा सरोवरको छ जसलाई सानो कैलाश पनि भनिन्छ । गोसाइकुण्डको (अमृत घडाबाट अमृतको छिटा उछिट्टिएर बनेको कुण्ड) महत्त्व देखिन्छ, जुन मानसरोवरजत्तिकै पवित्र छन् । गोरखनाथ मन्दिर, लुम्बिनी, स्वर्गद्वारी, शिवत्रिशूल प्रहारबाट उत्पन्न त्रिशूली नदी आदिको पवित्रता पनि अनमोल देखिन्छ । सोलुखुम्बूको दूधकुण्ड नै देवता र दानवले समुद्रमन्थन गरेको क्षेत्र रहेको प्रमाण श्लोक विश्लेषणमा देखिन्छ । समुद्र मन्थनको तल्लो भागमा विष्णुपादुका, कौशिकी, अरुण, तमोर, पिण्डेश्वर, बराह अवतार उत्पत्ति आदिले नेपालको भूमि अमृततुल्य रहेको प्रमाण दिन्छ । यस्ता अमूल्य अनगन्ती निधि र सम्पदाहरू छन् नेपालमा ।

सोलुखुम्बूको दूधकुण्डको हाराहारीमा भोजपुरमा पर्ने साल्पापोखरी क्षेत्र किरातले (राई जातिले) साल्पा राजारानीलाई प्रथम किरात मानवहरू तथा किरात राजारानी मान्दछन् । यस क्षेत्रलाई किरातवेद (मुन्धुम) उत्पत्तिको अति पवित्र क्षेत्र मान्दछ । साल्पा सिलिचो क्षेत्रबाटै सृष्टिको संरचना सुरु भई मुन्धुमको उत्पत्ति भएको मानिन्छ । साल्पापोखरी र केही परतिरको दूधधारामा पनि स्नान गर्न बालागुरु बारम्बार जाने गरेको प्रसङ्ग आज पनि सुनिन्छ । कतिपयले त उक्त स्थानहरूमा बिहानै गई स्नान गरी दिङ्लामा बिहानको पूजापाठ गर्न षडानन्द आइपुग्थे भन्ने आज पनि सुनिन्छ । अलौकिक सिद्धिका कारण यो सम्भव भएको भन्ने श्रुति पनि सुन्ने गरिन्छ । जस्तै पं. कृष्णप्रसाद गुरागाईंबाट पनि सोही जानकारी प्राप्त भएको छ । वास्तविकता के थियो ? बिहानै स्नान गरी बिहानै पूजाआजा गर्न दिङ्ला आइपुग्ने प्रसङ्ग अनुसन्धान गर्नु जरुरी छ । योगी नरहरिनाथले नेपाल प्रहरीले गिरफ्तार गर्न खोज्दा पशुपति वनकालीबाट उडेर जुम्ला पुगेको भन्ने श्रुति पनि भेटिन्छ । योगी र महापुरुषहरूमा त्यो अलौकिक गुण सुनिन्छ ।

विश्वका मानिसले नेपाली भूमिमा टेकेर निधारमा माटाको टीका मात्र लगाए पनि त्यसको भाग्य चम्कन्छ भन्ने पवित्रता वेद र पुराणमा उल्लेख छ । तर आजभोलि विडम्बना आभास हुन्छ । विश्वको प्रथम ज्योतिर्लिङ्ग (शिवलिङ्ग) पिण्डेश्वर धरानमा रहेको छ । नेपालमा भारतीय हिन्दूबाट हस्तक्षेप तथा विदेशी हस्तक्षेपका कारण भारतमा भनिएका १२ वटा ज्योतिर्लिङ्ग पनि विग्रहप्रति मात्रै हुन् । तर १२ वटै सक्कली ज्योतिर्लिङ्ग नेपालमा रहेका छन् भनी जगद्गुरु बालसन्त मोहनशरणका युट्युबका अन्तर्वार्तामा भेटिन्छन् । जगद्गुरुका अनुसार शिवपुराणमा उल्लेख भएका "१. पिण्डेश्वर ज्योतिर्लिङ्ग, धरानमा २.

महाकालेश्वर ज्योतिर्लिङ्ग ताप्लेजुङको कञ्चनजङ्घा वा कावेरी नदी फेदीमा, माकण्डेय ऋषिले तपस्या गरी कालबाट मुक्ति पाउनुभएको र माकण्डेय पुराण लगायत ग्रन्थहरू पनि रचना भएको ठाउँ । ३. ॐकारेश्वर ज्योतिर्लिङ्ग, दूधकोशी नदी र रावाखोला दोभानमा, कहिलेकाहीँ बाढीले समेत ज्योतिर्लिङ्ग छोप्दछ । ४. भीमेश्वर ज्योतिर्लिङ्ग, कोशी नदी प्रस्रवण क्षेत्र, दोलखा भीमसेन ५. त्र्यम्बकेश्वर ज्योतिर्लिङ्ग, सिन्धुलीको चियाबारीमुनिबाट बग्ने गौतमी नदी र कमला नदी सङ्गममा वा सिन्धुली नदी तटमा रहेको छ । गौतम ऋषिले तपस्या गरेको कारण आज पनि गौतमी नदी, गौतमी, गौतमी विद्यालय आदि रहेका छन् ६. सोमनाथ ज्योतिर्लिङ्ग, मुस्ताङको जोमसोममा, गण्डकी नदी तटमा ७. बैजनाथ ज्योतिर्लिङ्ग, अछामको साँफेबगरमा ८. रामेश्वर ज्योतिर्लिङ्ग, बैतडीको पाटन सहरमुनि सरयु नदी क्षेत्र जहाँ परशुरामले तपस्या गरेको ९. विश्वनाथ ज्योतिर्लिङ्ग, विश्वनाथ भगवान् हुनुभएको, सरयू नदीको पञ्चेश्वरमा छ । प्राचीन बनारस बैतडीमा छ, किनकि भारतको बनारस भनिएको सहरमा विश्वनाथ भगवान् अर्थात् विश्वका नाथ हुनुहुन्छ । विश्वनाथकी माता अन्नपूर्ण हुनुहुन्छ । अन्नपूर्ण माता कतै नभई अन्नपूर्ण हिमालमा रहनुहुन्छ । प्राचीन हरिद्वार पनि चतरा मानिन्छ । १०. केदारनाथ ज्योतिर्लिङ्ग रावलाधि पर्वतमा हुनुहुन्छ, अर्थात् नेपालमा हुनुहुन्छ । अर्का भारतको केदारनाथका शिर मानिएका केदारनाथ मन्दिर भक्तपुरमा छ, जसलाई डोलेश्वर महादेवथान वा मन्दिर भनिन्छ । ११. नागेश्वर ज्योतिर्लिङ्ग दारुक वन (देवदारुको वन), दार्चुला बैतडी, महाकाली नदी किनारको समीपमा छ । १२. मल्लिकार्जुन ज्योतिर्लिङ्ग महाकाली र चरन्यवती बीचमा शैली पर्वत छ, महाकाली नदी समीपमा छ । तसर्थ भारतमा भनिने हरिद्वार, केदारनाथ, बनारस आदि सबै नयाँ हुन् भन्ने विश्लेषण गर्न सकिन्छ तर प्राचीन सबै नेपालमा देखिन्छन् । पुरानो स्कन्दपुराणमा रहेका नेपाल माहात्म्य खण्डका देवघाट माहात्म्य, त्रिवेणीधाम माहात्म्य, रामपुर माहात्म्य, सहस्रधारा माहात्म्य, मुक्तिनाथ माहात्म्य आदि माहात्म्य खण्डका ४०९ पृष्ठ अहिले बजारमा पाइने स्कन्दपुराणमा गायब गरिएको छ ।" कसले गर्‍यो यो काम ? छिमेकीले वा अरूले ? भन्ने मत पनि देखिन थालेको छ ।

सत्यसनातन धर्मगुरुका अनुसार (युट्युबबाट साभार), "कैलाश पर्वतबाट सुशासित धर्म नै सत्यसनातन धर्म हो । सुमेरु पर्वत क्षेत्रबाट (सगरमाथा क्षेत्र) सुरक्षित धर्म नै सनातन धर्म हो जसको समीवमा गौरीशङ्कर (पारुहाङ र सुम्निमा) हिमाल छ । सोलखुम्बू छ अर्थात् खम्बुबान उत्पत्ति क्षेत्र र हाराहारीमा मुन्धुम उत्पत्ति क्षेत्र सुमेरुमुनि शास्त्रमा उल्लेख छ । भगवान् महेश्वरले उमालाई दक्षिणामूर्तिमा वेद ज्ञान यसै क्षेत्रमा प्रदान वा प्रवाह गर्नुभएको थियो ।" नेपालका वेद, पुराण, मुन्धुम, कुरान आदि सक्कली छन् । भारतमा झन्डै १,००० वर्षजति

मुगलको शासनको प्रभाव परेको र ४०० वर्ष अङ्ग्रेजको शासन भएका कारण सक्कली प्रायः सबै च्यातिए, पुस्तकालयहरू जलाइए, लुटिए र समाप्त भए। पछि भारतमा पुनर्लेखन गर्ने क्रममा कतिपय अनुमानित कुराहरू थप गरेर वेद, पुराण र धर्मग्रन्थहरू लेखिएको आभास हुन्छ। तर आयुर्वेद, ऋग्वेद, रामायण, महाभारत लगायतका हिन्दू ग्रन्थहरू बोकेर कतिपय ब्राह्मण-क्षत्री आदि १३-१४ औँ शताब्दीतिर र अघिपछि पश्चिम नेपालतिर पसे र कतिपय बौद्ध ग्रन्थ चेपेर तिब्बततिर भागेका थिए। तसर्थ भोजपत्रमा लेखेर बचाएका वा छिपाएका नेपाल र तिब्बत खण्डका ग्रन्थहरू सक्कली मानिन्छन्। आज पनि वाराणसी तथा बौद्ध धर्मसभामा धर्मसम्बन्धी केही द्विविधा भए नेपाल खण्डतिरका वा तिब्बत खण्डतिरका ग्रन्थहरू हेरेर अन्तिम निर्णय गरिन्छ। मरिची ऋषिका (व्रह्माका मानस पुत्र मरिची) छोरा नेमुनिले पालनपोषण गरेसँगै नेपाल स्वतन्त्र छ जसले गोपालवंशी धर्माकरलाई (उनलाई बौद्ध धर्मकाले भुक्तमान भन्छन्) राजा बनाएका थिए। सक्कली इतिहास तथा सत्य प्रमाण भएका शास्त्रीय ग्रन्थहरू भोजपत्रमा लेखिएका नेपाल र तिब्बत खण्डतिर मात्र पाइन्छन्।

भारतीय भूमिमा प्राप्त प्रमाणहरू वि. सं. १९४७ को भारतीय स्वतन्त्रतापछि भारतले एसियाका हिन्दूग्रन्थ र मुख्य धार्मिक स्थान भारतमा पार्ने योजनाबद्ध नीति अनुसार सबै धर्मग्रन्थहरूको पुनर्लेखन कार्य गर्दा सन् १९४७ मा जवाहरलाल नेहरूको नेतृत्वमा बनेको मुख्य ३ सदस्यीय समितिले कतिपय नयाँ कुरा थपघट गर्दा कथाकथित गरिएको प्रमाणहरूले नक्कली वा विग्रहको (less originality) प्रतिबिम्ब दिन्छन्। जस्तै गौतम बुद्धको जन्म भारतको लुम्बिनीमा भयो। त्यसैले गोरखपुरको गोरखनाथको मन्दिरको महत्त्व नेपालको गोर्खाको गोरखनाथभन्दा महत्त्व आज बढी देखाइएको छ। सांस्कृतिक नयाँ नक्सा भनी भारतले लुम्बिनी र विराटनगर भारतको नक्सामा देखाइएको छ आदि। “तर गोर्खाको गोरखनाथ मन्दिरमा पूजा सकेर लगेको प्रसादस्वरूपको दाल र खिचडी गोरखपुर लगेर पकाइन्छ अनि मूल पुजारीबाट प्रसाद ग्रहणपछि अरूलाई वितरण गरिन्छ भन्ने नेपालीलाई थाहा छैन” भनी डा. जगमान गुरुङको युट्युब अन्तर्वार्तामा भेटिन्छ। नेपाली पण्डित पनि बनारस गई पढे। जे बनारसी गुरुले पढाए, नेपाल आई त्यही गरे। कुन सक्कली र कुन विग्रह हुन्, छुट्याउनै सकेनन् नेपाली गुरुहरूले। त्यसैले पनि हाम्रो धर्म संस्कृति ओरालो लागिरहेको छ। नेपालको प्राचीन मातृसत्तात्मक (देवीपूजक) परिवारहरू आज पाश्चात्य संस्कृति, मुगल संस्कृति र भारतीय हिन्दू पितृसत्तात्मक परम्पराको प्रभावबाट पितृसत्तात्मक (देवतापूजक) मा परिणत भइरहेको देखिन्छ।

स्वयम्भूपुराणमा कश्यप ऋषिकी श्रीमती मनुका छोराबाट स्वयम्भू मनु उत्पत्ति भएको उल्लेख छ। स्वयम्भूनाथ काठमाडौँमा छ। उनै मनुका सन्तान

मानव रहेको र विश्वमा प्रथम मानवको उत्पत्ति नेपाल वा तत्कालीन भारतीय द्वीप तथा मानसखण्ड (कैलाश पर्वत वा तिब्बत) नेपालमै रहेका थिए । बुटवल र महोत्तरीमा भेटिएको राम बानरको अवशेष १ करोड १० लाख वर्षअघिको रहेको वैज्ञानिकहरूको दावी छ । तिब्बतमा फेला परेको १ करोड २० लाख वर्षअघिको मानव अवशेषले समेत हिन्दूशास्त्रहरू र पुराणहरू गलत छैनन् भन्ने प्रमाणित गर्दछ । मानव सन्तान उत्पत्ति गर्ने कश्यप ऋषि र श्रीमती मनुका १०० भाइ छोराबाट १०० गोत्र विकास भएको देखिन्छ । कोशी चतरामा वेदका प्रथमपटक ऋचाहरू उपासना गरिएको, गायत्री मन्त्रको स्तुति गरिएको तथा तत्कालीन आदिकालीन सभ्यता साथै खेतीपाती युग सुरुवात भएको कुरा पौराणिक ग्रन्थको विश्लेषणबाट अनुमान हुन्छ ।

वैज्ञानिकका अनुसार विश्वको प्रथम सभ्यता Jihall इसापूर्व ७ हजार वर्षदेखि ५,७०० वर्षअघि विकासित भएको मानिन्छ जति बेला खेती किसानी र सामन्ती युग सुरुवात, धर्म-संस्कार सुरुवात भएको थियो । नेपालमा ७,००० वर्षअघि त वाल्मीकिले भगवान् राम र सीताका सम्बन्धमा रामायण लेखिसकेका थिए । ७,००० वर्षभन्दा धेरै अघि काठमाडौँको तलाउ (नागदह) आसपास नाग र नागा (राई) अथवा किरातहरूले शासन नै गरिसकेका थिए । ७,००० वर्षअघि लङ्कामा रावणको स्वर्णनगरी र नेपालमा कुबेरको अलकापुरी (तिब्बत तथा कर्णाली क्षेत्र तत्कालीन नेपाली भूभाग) र काठमाडौँमा कान्तिपुरी नगरी संस्कृति ज्यापू (नेवार) जातिहरूले पनि बसाइसकेका थिए । *तसर्थ* विश्वको सबैभन्दा पुरानो सभ्यता नेपालको हो भन्ने प्रमाण यहाँका धर्महरू, धर्मशास्त्रहरू विश्लेषण गर्दा, संस्कार विश्लेषण गर्दा र चाडपर्व विश्लेषण गर्दा देखिन्छ । सद्‌गुरु पनि नेपालमा सत्ययुगीन जीवन्त सभ्यता (living civilization/life-like) रहेको बताउनुहुन्छ । भारतभन्दा अघि नेपाल जन्मिएको र नेपाललाई भारत वा भरत खण्ड भनिन्थ्यो भन्ने उल्लेख गर्नुभएको छ । पछि १९४७ मा त्यही पुरानो भारत क्षेत्र खण्ड नै भारत सानो टुक्रा भएको देखिन्छ । अहिले पनि काठमाडौँको ज्यापू, तराईका दूसाध, पूर्वका राई र लिम्बूका संस्कृतिमा सत्ययुगीन संस्कृति सम्मिश्रण पाइन्छ । नाग, पिशाच, ज्यापू (नेवार), कहीँ नभएका जात्रा हाँडीगाउँको जात्रा, यलम्बरको मूर्ति, इन्द्रावती नदी, कर्णाली नदी (कर्णले वाण प्रहारपछि बनेको कर्णाली नदी, स्वामी बलभद्रबाट) तथा कलियुगमा गङ्गाभन्दा पनि पवित्र कौशिकी नदी, महाकाली नदी, वागमती नदी, कालीगण्डकी क्षेत्रमा पाइने डाइनोसोरस युगभन्दा अघिका शालिग्रामहरू आदिले प्रमाणैप्रमाणको चाङ लगाइदिन्छ । तर गीताको अध्याय १६ श्लोक १९ अनुसार उल्लिखित भारतको यमुना नदीलाई हामी नेपालको सप्तकोशीभन्दा पवित्र मानिरहेका छौँ र तीर्थयात्रामा निस्कन्छौँ । दुर्वासा ऋषिको श्रापको सिकार स्वयम् श्रीकृष्णसहित

सारा यादव पनि भए । श्रीकृष्णले श्रापमुक्त हुन यमुना नदी स्नान समाधानको उपाय बताउनुभयो । त्यस मुसललाई घोटेर चूर्ण बनाएर यमुना नदीमा फालिदेऊ श्रीकृष्णले भन्नुभयो । तर मुसल नष्ट भएन, जसका कारण ५६ करोड यादव नष्ट भए । सन्त रामपाल (२०२२ : २४८), 'दुर्वासा कोपे तहाँ, समझ नआई नीच । ५६ करोड यादव कटे, मची रुधीर की कीच ॥' श्रीकृष्ण पनि समाधानमा फेल खानुभयो । यमुना नदी नै अपवित्र बन्न पुग्यो । तसर्थ नेपाल भूमिको प्राचीन इतिहास र पवित्रता देख्दा आधुनिक मानवशास्त्री, इतिहासकार र वैज्ञानिकहरू पनि हिन्दूशास्त्रहरू वैज्ञानिक रहेको स्वीकार गर्छन् ।

५,००० वर्षअघितिर मोरङको हरैँचामा विराटराजाको गाईगोठमा युधिष्ठिर, भीम लगायत पाँच पाण्डव गोठालोका रूपमा बसेको र ल्होहान्द्रा खोलापारि धनपाल राजाको धानको धनसार रहेको इतिहास देखिन्छ । तर पाठ्यक्रम विकासकेन्द्रबाट प्रकाशित हालको कक्षा ९ को कृषि किताबमा ३,४०० वर्ष अघि इजिप्टबाट विश्वमा धान खेती सुरु भयो भन्ने गलत इतिहास लेखिएको छ । वैज्ञानिक ४,१०० वर्षअघि धान पत्ता लागेको इतिहास लेख्छन् र नेपालमा त्यही पढाइन्छ । तसर्थ खोज गरी नेपालको महिमा नेपालीले जानी संरक्षण गर्नु जरुरी पनि देखिन्छ । डा. जगमान गुरुङका अनुसार “Indus Valley को सभ्यता ५ हजार वर्षजति पुरानो छ । काठमाडौँको ज्यापू (नेवारी) सभ्यता त्योभन्दा पुरानो छ । Indus मा पाइएको आद्य पशुपतिनाथको मूर्ति र माटाका सिक्काहरूभन्दा काठमाडौँको नेवार सभ्यता र नेपालको किरातकालीन सभ्यता अझै अग्रज, सभ्य र पुरानो छ ।” त्यसै गरी नेपालको किरात सभ्यता र कर्णाली अञ्चल सिँजा क्षेत्रको खस तथा आर्य सभ्यता धेरै पुराना छन् । विदेशीले लेखिदिएको विवादास्पद इतिहास नपढौँ, बरू नेपालको सक्कली इतिहास खोजी कुन ठीक वा बेठीक भनी छुट्याई अध्ययन सुरु गर्नु जरुरी छ ।

प्राचीन ढुङ्गेयुग Palaeolithic Era बाट इतिहासको कालखण्ड सुरुवात भएको मानिन्छ । सिकारी र जङ्गली अवस्थामा मानव रहेको वैज्ञानिकको दावी छ । जब मानवले खेती-किसानी सुरु गऱ्यो र सामन्ती युगमा संस्कार, चाडपर्वहरू सुरु भए, त्यसलाई नवढुङ्गेयुग (Neolithic Era) भनिन्छ । यो इसाभन्दा १० हजारदेखि ५ हजार वर्षअघि मानिन्छ । नेपालमा गोपालवंशीहरूको शासनकाल रहेको समयसमेत यही Era को समय हो । करिब ६,००० वर्ष अघिबाट तामाको हातहतियार उत्पादन सुरु भएको (तामा युग) र महाभारतकालीन युद्धसँगै यो युग ५,००० वर्षअघि समाप्त भएको भनिन्छ । हाम्रा इतिहास, प्राचीन वेदहरू, पुराणहरू, शास्त्रहरू र ज्ञानहरू महाभारत युद्ध तथा परशुरामले २१ पटक क्षत्रीहरूमाथि गरिएको नरसंहारले समाप्त भए । आधुनिक वेद, पुराण र शास्त्रहरू धेरै पछि वेदव्यासबाट सङ्कलन वा रचना

भएको देखिन्छ । कतिपयले वेदव्यासलाई द्वैपायन कृष्ण वा व्यास भनेको जसको जन्म यमुना नदी तट भारतमा भएको कतिपय ठाउँमा उल्लेख गरेका छन् । वास्तविकता थाहा नपाई कागले कान लग्यो भन्दा नेपालीहरू आफ्नो कान नछामेर कागको पछि कान खोज्न कुदेको जस्तै इतिहास पढिरहेको भान हुन्छ ।

## सप्तकोशी सभ्यता (कोशी सभ्यता) अन्तर्गत अरुण उपत्यकाको झलक :

नेपालको इतिहास हेर्दा स्कन्दपुराण, पशुपति माहात्म्य र नेपाल माहात्म्यमा ऋषि मरीचिका नाति नेमुनि (ने नामका ऋषि, कतै छोरा पनि लेखिएको) सन्त, तपस्वी तथा संरक्षणकर्ताले पालन गरेको हिमालय खण्डको जमिन वा भूमि नै नेपाल हो । भगवान् रुद्रको तपस्या गर्न उनी बागमती र केशववती (विष्णुमती) दोभान टेकुमा तपस्यारत थिए । उनले स्वयम्भूनाथको आशीर्वादबाट काठमाडौँ उपत्यका बस्न योग्य बनाएपछि गोपाल वंशी धर्माकरलाई (भुक्तमान) राजा बनाएका थिए भन्ने देखिन्छ । आजभन्दा झन्डै ४,१०० वर्षअघि गोपालवंशी शासनकाल पनि Neolithic युग भनिन्छ । किरातकाल आजभन्दा करिब ३,५०० वर्षअघि नेपालमा यलम्बरबाट सुरुवात भएको भनिए पनि गोपालवंशी हाराहारीमा करिब ५,००० वर्षअघि नै नेपालमा पूर्वी भागमा किरातहरू राज्य गर्दथे भन्ने केही इतिहासकारको मत रहेको छ । ५,००० वर्षअघि काठमाडौँमा नागराजाहरूले राज्य गरेको देखिन्छ । नाग जातिका राजा वाणासुर (१,००० हात रहेका शक्तिशाली राजा मातातीर्थ कलङ्की क्षेत्रमा दरबार र बानेश्वरमा पनि अर्को दरबार रहेको, हाल बानेश्वर नामकरण) पनि सोही अन्तर्गत रहेको समेत केही प्रमाणहरू उपलब्ध छन् । श्रीकृष्ण भगवान्‌ले वाणासुरसँग युद्ध गरी उसका हातहरू काटेर बानेश्वरको दरबारबाट उनकी छोरी उषालाई हरण गरी नाति अनिरुद्रको साथ मथुरा लगेको र सरदार भुक्तमानलाई (धर्माकर) उपत्यकाको राजा बनाएको प्रसङ्ग पनि देखिन्छ ।

यलम्बरलाई महाभारतको युद्धमा बर्बरिक नामको पात्र भनी उल्लेख भएको छ । उनले युद्ध र अस्त्रमा कसैले नजित्ने गरी भगवान्‌बाट वरदानसमेत पाएको उल्लेख छ । महादेवको किरातेश्वर अवतार पनि यलम्बर मानिन्छन् । उनी हार्ने पक्षबाट मात्र युद्ध लड्ने हुनाले महाभारत युद्धमा पाण्डवहरूले युद्ध हार्ने र पाण्डववंश नाश भई अधर्मको विजय निश्चित भएको हुनाले भगवान् श्रीकृष्णको कूटनीतिक इसाराका कारण सिकार हुन आफ्नै तीरले बर्बरिकले टाउको छेदन गरेको देखिन्छ । उनको महाभारतको युद्ध प्रत्यक्ष हेर्ने इच्छा अनुसार श्रीकृष्णले छेदन भएको शिर (टाउको) हिमालयको डाँडामा राख्ने व्यवस्था गरिदिनुभएको थियो । सायद नेपालकै हिमालय हुन सक्दछ वा नेपालको महाभारत पहाड पनि हुन सक्दछ । विश्वयुद्ध कुनै एक मात्र ठाउँमा हुँदैन । तर

अन्तिम युद्धचाहिँ कुरुक्षेत्रमा भएको थियो भन्ने अनुमान गर्न सकिन्छ । तसर्थ यलम्बरलाई कुरुक्षेत्रको प्रत्यक्ष युद्ध हेर्ने अवसर दिइएको उल्लेख छ । अर्कोतर्फ उनीलाई किरातेश्वर महादेवस्वरूप श्रद्धा गर्ने चलन छ । इन्द्रचोकलाई 'यल' पनि भनिन्छ । कुरुक्षेत्रमा यलको शिर छेदन भए पनि काठमाडौँमा इन्द्रजात्राको दिन देखाइने कालभैरव प्रतिबिम्बित यलम्बरको शिरले उनको शिर नेपालको भूमिमा आइपुगेको र देशभक्तिको तथा एकताको अनुपम उदाहरण उनीबाट सिक्न सकिन्छ । मित्रराष्ट्रका लागि पनि ज्यानको आहूति दिन सक्ने नेपाली यलम्बरबाट विश्वले मित्रताको पाठ सिक्नु जरुरी छ ।

यलम्बर (बर्बरिक) का सन्तान किरातहरूले विश्वको कुनै कुनामा जाँदा अहिलेसम्म युद्ध हारेका छैनन् । वीर गोर्खालीसँग शत्रुताको परिणाम राम्रो हुँदैन भन्ने सन्देश छ । महाभारतकालीन तत्कालीन विश्वविजेता यलम्बरले ( बर्बरिकले) पाएको विश्वविजेताको आशीर्वाद आज पनि किरात भनिने राई, लिम्बू, गुरुङ, मगर तथा अन्य किरात सन्ततिहरूसँग अझै आशीर्वाद अंश जीवितै छ भनी अनुमान गर्न सकिन्छ ।

भागवत पुराण, वराहपुराण, पशुपति माहात्म्य, महाभारत, रामायण, कौटिल्यको अर्थशास्त्र, कालिदासको कुमारसम्भव, ऋग्वेद र अथर्ववेदमा पनि किरातहरू (राई र लिम्बू शाखा) नेपालकै आदिवासी भएको उल्लेख छ । आज यक्षका सन्तानहरू याख्खा (राई), यायोख्खा (लिम्बू), याक्थुङ आदि विशेषताबाट नेपालकै आदिवासी रहेका प्रमाण देखिन्छन् । वेदमा रहेको किरात शब्दले कैलाश, कैराँत, किर आदि शब्द परिवर्तनसँगै कैलाश पर्वत क्षेत्रको नजिक बस्नेहरू किरात अति प्राचीन आदिवासी रहेको प्रमाण दिन्छ । तर कोही किरातहरू हामी किरीयट क्षेत्र हुँदै विदेशतिरबाट नेपाल भित्रिएको र मङ्गोल भएको कमजोर तर्क दिनुहुन्छ । प्राचीन किरात भूमि त इन्दुस सभ्यता परतिरको क्षेत्रदेखि चीन, कोरिया आदि भूभागसम्म पनि विस्तारित देखिन्छ । शिवजी नै किरातेश्वर रूपमा रहेको मानिन्छ र किरातहरू उहाँका सन्ततिहरू जो सत्यका लागि, देशभक्तिका लागि, एकताका लागि अनमोल सभ्यता विकसित गर्ने मानव जाति देखिन्छन् । वास्तवमा विश्वका प्रथम मानव जाति नै किरातहरू रहेको शास्त्रहरूको अध्ययनबाट अनुमान गर्न सकिन्छ ।

मुन्धुममा, सिल्भा लेभीको ग्रन्थमा किरातहरू हिन्द-चीन नश्ल भएको नेपालका आदिवासी, हिमवतखण्डका बासिन्दा र भोटवर्मेली परिवार भाषा बोल्ने समुदाय भनिएको छ । किरात आख्यानमा किराती राजा वाणासुरकी छोरी उषाको हरण गरी कृष्णका नाति अनिरुद्रसँग विवाह गरिदिएको देखिन्छ । श्रीकृष्णले वाणासुर राजा मार्न गोपाल वंशी सरदार भुक्तमान (वौद्धहरूले धर्माकर भन्दछन्) पठाई वध गरेपछि श्रीकृष्णले भुक्तमानलाई नेपाल खाल्डोको राजा

बनाएको प्रसङ्ग उल्लेख छ । पाशुवात पुराण र रामायणमा किरातकालीन समयमा नेपालको सिमाना पटनाको गङ्गासम्म फैलिएको उल्लेख छ । हिमवत् खण्डमा किरातले राज्य गरेको र कुनै समय नेपालको सिमाना अफगानिस्तान नजिक (उत्तराञ्चल पल्लो खण्ड), आसामसम्म फैलिएको उल्लेख छ। आसामको कामाख्यादेवी क्षेत्रसम्म पनि देखिन्छ । ब्रह्मपुत्र किनारको कामाख्याको मन्दिर परिसर र तलाउ क्षेत्र नेपालबाट गएका नरकासुरले कामाख्यालाई खुसी पारेर विवाह गर्न बनाएको कामाख्या क्षेत्रका आसामबासीहरू बताउछन् । यलम्वरको राज्य गण्डकी वा त्रिशूलीदेखि पूर्वमा टिष्टा नदीसम्म फैलिएको उल्लेख छ । पछिल्लो चरणमा मात्र त्रिशुली र दूधकोशीबिच सीमित रहेको देखिन्छ । अनि ३००–४०० वर्ष यताका पाश्चात्यहरूले लेखिदिएको इतिहासबाट किरात सभ्यता विश्लेषण विद्वान्ले गर्नु कमजोरी देखिन्छ ।

भारतीय लेखक डा. यदुवंशीले 'किर' जातिहरू कैलाश पर्वत क्षेत्रबाट लिएर अफगानिस्थानदेखि कोरिया, बर्मा, आदि देशसम्म हिमालय खण्डतर्फ फैलिएको विशाल राज्यका शासक तथा रजौटा दुवै रहेका थिए भनी उल्लेख गरेको देखिन्छ। त्यही कैलाश वरपर बस्ने 'किर' हरू कालान्तरमा 'कैरात' हुँदै किरात भएको उल्लेख उनको शोधपत्रमा भेटिन्छ । यो किरात जातिसँग धेरै प्रासाङ्गिक देखिन्छ। प्राचीनकालमा कुनै समयमा किरात शासकहरूले हालको अरव तथा इरानको नजिकदेखि कोरियासम्म पनि शासन अधिपत्य जमाएको इतिहासमा भेटिन्छ ।

डा. हर्क गुरुङ (विविध : २००६) अनुसार सन् ३१७ मा किरात राजा उवाहाङले तिब्बतको ल्हासाजोडदेखि विहार मिथिलासम्म राज्य गरेको र उत्सवमा तुङसुङ तुङनाम चाड (भेटघाट र विदाइ) मनाएको उल्लेख छ । धनकुटा हातीखर्कका किराती राजा नाग प्रमुख छ्योङ्देन खान लडाइमा हारेर आशामको नागाल्याण्डमा बसाइँका लागि भागेको उल्लेख छ । नागाल्याण्डका नागा प्रायशः उनैका सन्तान रहेको उल्लेख छ। नेपालको तराईमा किरात राजा सुवाहु र पुलिन्दद्वारा गुरु द्रोणाचार्य (पाण्डव र कौरवका गुरु) अनि कौरव र पाण्डवकोसमेत सम्मान गरेको उल्लेख छ ।

विद्वान् प्रेम कैदीका अनुसार (युट्युबका अन्तर्वार्ताहरूमा), मङ्गोलिया तथा चीनमा हाङवंशी राजाहरू थिए। हाङहरू मस्टो मान्ने गर्दथे। विश्वमा मस्टोको प्रमुख मन्दिर नेपालमै रहेको हुनाले मस्टो मान्ने खस-आर्य तथा किरातीहरूकै दाजुभाइ हाङवंशी नेपालबाटै मङ्गोलिया गएको प्रस्ट हुन्छ। नेपाली किरातीहरू मङ्गोलियाबाट नेपाल आएका होइनन्, यहाँका भूमिपुत्र वा आदिवासी हुन् । बरू नेपालबाटै मङ्गोलिया गएका हुन् । नेपाली किरात मङ्गोल होइन । तर १८ औं, १९ औं र २० औं शताब्दीतिर मङ्गोलियाबाट नेपाल शरणार्थीका रूपमा छिरेका

केही मङ्गोलियनहरू नेपालमा किरातहरूलाई समेट्दै 'मङ्गोल मुक्ति' र उत्पीडनको नारा फुक्दै हुनुहुन्छ । यो इतिहास नेपालका किरातहरूले बुझ्नु जरुरी छ। यसलाई प्रेम कैदी र योगी बलभद्रनाथले (युट्युबका अन्तर्वार्ताहरूमा) योगी नरहरिनाथको इतिहास अनुसन्धानबाट समेत प्राप्त किरातसम्बन्धी प्रमाण हो भनी उल्लेख गरेको देखिन्छ।

माथिका प्रमाणहरूबाट यो स्पष्ट हुन्छ कि नेपालका प्राचीन जाति तथा आदिवासी किरात पनि थिए। गोपालवंशी प्रथम राजा भुक्तमान (करिब ४,१०० वर्षअघि) भन्दा पहिले नेपालमा किरात र नागजाति राजाहरूको राज्य थियो । अरुण उपत्यका क्षेत्रसमेत उनीहरूको संस्कार, सभ्यताले अघि बढेको देखिन्छ। अरुण पूर्वतर्फ लिम्बूवान् र पश्चिमतर्फ खम्बूवानको वर्चश्व देखिन्छ । तर पछिल्लो चरणमा राणा शासनसँगै नेपालमा विद्यालयहरू खुल्न पाएनन् र संस्कृत भाषा ज्ञान पनि अल्पविराम भए र किरातको त शिक्षा लिनबाटै वञ्चित गरिएको तितो यथार्थता देखिन्छ, जसका कारण मौखिक वा श्रुति परम्पराबाट आएको मुन्धुम लिपिबद्ध हुन नसक्दा किरातहरूले मुन्धुमका महत्त्वपूर्ण कुराहरू गुमाउनुपरेको छ । लगभग १५-२०% जति मुन्धुम मात्र जीवित होला भन्ने अनुमान गर्न सकिन्छ । हालसम्म जीवित रहेका विभिन्न मुन्धुमगुरुहरूबाट मुन्धुम सङ्कलन गरी लिपिवद्ध गर्नु जरुरी छ अन्यथा भविष्यमा किरातहरूले त्यो पनि गुमाउने खतरा देखिन्छ।

डा. हर्क गुरुङ (२००६ : ४८) अनुसार अरुण उपत्यका तत्कालीन माझकिरातको वा राईको वर्चश्वको क्षेत्र पनि हो, जहाँ खोलालाई 'खुवा' वा 'कोशी' शब्दले जनाइन्छ । यो क्षेत्र सङ्खुवा, लकुवा, सिसुवा, खकुवा, हेवा, सवाजस्ता खोलाहरूले सिञ्चित भूमि पनि हो । प्राचीन कालदेखि नै यो भूमि किरात भूमिका रूपमा रहिआएको देखिन्छ । तत्पश्चात इस्वीको सातौँ शताब्दीतिर आसामबाट आएका किराती राजा माओरोङ्हाङ्ले पूर्वी नेपाल एकीकरण गरी उनैको नामबाट मोरङ जिल्ला स्थापना गरेका थिए । पुनःयस क्षेत्रका किरातको विद्रोहपछि माओरोङ्हाङ् तिब्बती राजा संङ्चङ्गम्पोको शरणमा भागे अर्थात् अंशुवर्मा शासनकाल हाराहारीमा। पछि उनैको सहयोगमा काङ्पोजोङ्का प्रमुख भए । केही वर्षपछि माओरोङ्हाङ्ले तिब्बती ठूलो फौज लिई हटियागोला, तोप्केगोला, किमाथान्का र बालाचुङ् (बाला यामदाङ), सङ्खुवाखोलाका बाटाहरू भएर यस किरात भूमिमा आफूलाई किराती राजा घोषणा गरेका थिए। त्यसपछि उनैका अन्य वंशजहरूले अरुण उपत्यका क्षेत्रमा शासन चलाउँदै आएको देखिन्छ।

प्राचीन किरातकालमा हरैंचा सदरमुकाम रहेको तथा माओरोङ्हाङ्ले पनि हरैंचालाई हिउँदे सदरमुकामका रूपमा प्रयोग गरेको देखिन्छ । पछि

राजवंशीहरूको रोङ्गेली (रातो दरबार) राजधानी स्थान रङ्गेली बनाएका थिए । राजधानी रङ्गेलीबाट विराटनगरमा (गोग्राहामा) सरेको देखिन्छ । महाभारतकालीन समयमा भने विराटराजको राजधानी भेडियामठ भन्ने ठाउँ हालको जोगवनी पूर्वतर्फ देखिन्छ । उनै विराटराजाको नाति (नेपालीको नाति) उत्तराको छोरा परीक्षितको मृत्यु हुँदा स्वयम् विष्णु भगवान् पार्षदसहित स्वर्ग जाने रथ लिएर आएको पौराणिक प्रसङ्ग भेटिन्छ ।

नयाँ नेपाल एकीकरण कार्यसँगै वि. सं. १८३० को अन्त्यतिर दिङ्ला र कुलुङ क्षेत्रमा रहेका किरातहरू पृथ्वीनारायण शाहको सेनाबाट पराजित भएपछि केही लम्छुवा वितलपका किरातहरू बाला, सिसुवा, ताम्कुतर्फ भागेर गई आफ्ना किरात दाजुभाइसँग मिलेर बस्दै अरुण उपत्यका उत्तरी क्षेत्रमा किरात धर्म तथा संस्कृतिको संरक्षण गरेका थिए र अहिले पनि गरिरहेका छन् । तसर्थ प्राचीन कालीन समयदेखि अरुण उपत्यका क्षेत्र किरातको आदिभूमि रहेको क्षेत्र हो । किरातका सेनाहरूमा नागा सेनाहरू पनि थिए जसले पुलिक, प्वाँलो र सि मालाहरूको प्रयोग गरेको हुनाले उनीहरूका ब्यारेक रहेका डाँडालाई नागीडाँडा वा नागी भनिने र चिहानहरूमा उल्लिखित पुलिकमाला, प्वाँलो र सि माला लगायतका सामग्रीहरू यस क्षेत्रमा भेटिन्छन् । चिहानहरू स्लेटजस्तै ढुङ्गाका पाताहरू प्रयोग गरिने, छेउमा कालो हाँडी राखिने तथा खोला, कुवा वा धाराभन्दा केही परको धापिलो जग्गामा राख्ने प्राय संस्कार रहेको देखिन्छ । तसर्थ आज पनि माझकिरातमा मूल वासिन्दा किरातहरूको झन्डै ६०% भन्दा बढीको वर्चश्व देखिन्छ । पृथ्वीनारायण शाहले एकीकरण गरेको समयमा हतुवा गढीका किरात राजाहरू लगायत ३-४ सयजति परिवारहरू भागेर आसाम, सिक्किम तथा विहार पसेको देखिन्छ । डा. विष्णुसिंह राईले हतुवागढीका अन्तिम राजा अटलसिंह राई रहेका थिए, उनका सन्ततिहरू आज पनि भारतको विहारको भागलपुर क्षेत्रतिर रहेको कुरा आफ्नो ग्रन्थमा उल्लेख गरेको देखिन्छ ।

हिन्दूशास्त्र, पुराणहरू तथा मुन्धुममा वर्णित राजा, राज्य, भूमिको जानकारीबाहेक अरुण उपत्यका सभ्यता विकासमा प्रामाणिक जानकारी छैन । अरुण उपत्यकामा कुन कुन ऋषि, मुनि वा सन्तका सन्तानले शासन चलाए भन्न सकिदैन । आजभोलि देखिने कला, संस्कार र संस्कृतिबाट उनीहरूका प्राचीन परम्परा कला, साहित्य, संस्कार, भेषभूषा, भाषा, व्यवहार आदिबाट किरात सभ्यता अनुमान र विश्लेषण गर्ने पर्याप्त आधार वा प्रमाण देखिन्छन् । गहन अध्ययन र विश्लेषण गर्न सके आज पनि प्राचीन किरात सभ्यता र संस्कृति खोतल्न सकिन्छ भन्ने यस लेखकको मत रहेको छ । किरात अनुसन्धान कर्ताहरू लागिपर्नु आवश्यक देखिन्छ । जे जस्तो भए तापनि अरुण उपत्यकाको प्राचीन सभ्यता विकासमा किरातहरूको मूल हात थियो र छ भन्ने विश्लेषण

गर्न सकिन्छ । साल्पा राजा र रानी, मुन्धुमको उत्पत्ति, किरातअनुसार सृष्टि उत्पन्न भएको क्षेत्र साल्पापोखरी र सिलिचुङ क्षेत्र, सोलुको खुम्बू वा खम्बूवान क्षेत्र, प्रशस्त नागीडाँडाहरू, नागाका गहना, तमोर नदी क्षेत्र, पावाखोला क्षेत्र, लेलेप क्षेत्र आदि छन् । वैज्ञानिक तथा पौराणिक मतमा विश्वका पहिलोपटक उत्पत्ति भएका भूखण्डहरूमा हिमालय पर्वत क्षेत्र साथै मानव र जीवको उत्पत्ति क्षेत्र (मानसखण्ड, हिमालय आदि) अनि सुमेरु पर्वत क्षेत्र (सगरमाथा क्षेत्र) आदिबाट पनि सप्तकौशिकी क्षेत्र किरातहरूकै मूलभूमि हो भन्ने देखिन्छ । यहाँका संस्कारहरू केलाउँदा खम्बूवानको एक प्रमुख केन्द्र दिङ्ला र सो उत्तरपश्चिमका क्षेत्रहरू पनि रहेको विश्लेषण गर्न सकिन्छ । सनातन धर्म सभ्यता विकासको क्रम केलाउँदा पनि किरात सभ्यतापछि खस सभ्यता (खसको मुखाकृति किरातसँग ब्राह्मणको भन्दा धेरै हदसम्म मिल्दोजुल्दो देखिने) विकास भएको देखिन्छ । खसपछि मात्र आर्यहरू विकसित भएको देखिनाले पूर्वी नेपाल प्राचीन कालदेखि किरातभूमि रहेको निष्कर्ष निकाल्ने आधार देखिन्छन् ।

पृथ्वीनारायण शाहको नयाँ नेपाल एकीकरणसँगै किरातकालीन सभ्यता खस्कँदो अवस्थामा गएको वा ओरालो लागेको इतिहास देखिन्छ । तत्पश्चात् अरुण उपत्यका सभ्यतालाई जागरण तथा पुनर्जागरण गर्ने काम बालागुरु षडानन्दबाट देखिन्छ । वि. सं. १८३० मा दिङ्ला क्षेत्र र वि. सं. १८३१ मा सङ्खुवासभा लगायत अरुणनदी पूर्वी क्षेत्रहरूको नेपाल एकीकरण अभियानको १०० वर्षपछि वि. सं. १९३२ मा षडानन्द पाठशालाको स्थापनासँगै अरुण उपत्यकाको आधुनिक सभ्यता विकासक्रममा शैक्षिक, सामाजिक, आर्थिक, सांस्कृतिक र धार्मिक रूपले पुनर्जागरण सुरुवात भएको देखिन्छ । षडानन्द नगरपालिका, खाँदबारी नगरपालिका, साल्पा सिलिचोङ गाउँपालिका, अरुण गाउँपालिका, चैनपुर नगरपालिका, पाखीवास नगरपालिका, धनकुटा नगरपालिकाको उत्तरी भागदेखि हेदाङनासम्मको क्षेत्रका गाउँपालिकाहरू अरुण उपत्यकाको सेरोफेरोभित्र समेट्न सकिन्छ ।

स्वामी प्रपन्नाचार्य (२०५२) र योगी नरहरिनाथ (२०५२) का लेखहरू विश्लेषण गर्दा अरुण उपत्यकाबाहेक सुदूरपूर्व नेपाल, सुदूरपश्चिम नेपाल तथा सिक्किम, दार्जिलिङ, जल्पाइगुडी, आसाम, भुटानदेखि बर्मासम्मको भूभागमा पनि अरुण उपत्यकाको शैक्षिक जागरणको प्रत्यक्ष प्रभाव र अन्य जागरणहरूको पुनर्जागरण कालखण्ड सुरूवात भएको देखिन्छ ।

मध्यकालीन एसियाको ५ औँ शताब्दीदेखि १५ औँ शताब्दीसम्मको आर्थिक इतिहासमा चीन, भारत, नेपाल, जापान, भियतनाम लगायत केही देशका इतिहास हेर्दा विश्व अर्थतन्त्रको कूल ग्राहस्थ उत्पादनको उल्लिखित राष्ट्रहरूले ६०% हिस्सा ओगटेको प्रो. मेडिसनले उल्लेख गरेको देखिन्छ ।

बालागुरुको समयसम्म पनि नेपाल-तिब्बतबीच व्यापार आदान-प्रदान र वैदेशिक रोजगारीमा तिब्बत जाने प्रसङ्ग देखिन्छ । देवकोटाको मुनामदनले पनि मदनको तिब्बत कमाउन गएको चित्रण गरेको देखिन्छ । वि. सं. २००४ अघिसम्म पनि तिब्बतको केही क्षेत्रका व्यापारिक कोठीहरू रहेको र व्यापारिक वर्चश्वमा नेपालको भूमिका तथा भूभागमा पनि रहेको थियो । तसर्थ दिङ्लाको र अरुण उपत्यकाको शैक्षिक र सामाजिक पुनर्जागरणको प्रत्यक्ष तथा अप्रत्यक्ष प्रभाव तिब्बत तथा बनारससम्म पुगेर ख्याति कमाएको बुझ्न सकिन्छ ।

षडानन्दलाई सिद्धपुरुष, अलौकिक व्यक्तित्व, साधु, तपस्वी, सन्त आदि भनी विश्लेषण गरेको पाइन्छ । कसैकसैले चटके व्यक्तित्व वा जादूगर पनि भनेको सुनिन्छ । यस खोज तथा अनुसन्धान र विश्लेषणको क्रममा उनी 'बहुप्रतिभाशाली व्यक्तित्व तथा सिद्धपुरुष' का रूपमा रहेका प्रमाणहरू पेश गरिएको छ । उनलाई अरुण उपत्यकाको आधुनिक सभ्यताका अग्रज, नेपाली पुनर्जागरणका धरोहर एवम् अन्तर्राष्ट्रिय व्यक्तित्वका रूपमा विश्लेषण गरिएको छ । नेपाली समाजका सुधारक तथा राष्ट्रिय विभूतिभन्दा पनि उच्च हैसियतको श्री १०८ विभूषित बहुआयामिक व्यक्तित्व भएको प्रमाणहरू देखिन्छन् ।

## बालागुरुले गरेका व्यवस्थापकीय योगदानहरू उल्लेख गर्ने आधारहरू :

बालागुरुले गरेका व्यवस्थापकीय योगदानहरू उल्लेख गर्ने आधारहरू शैक्षिक व्यवस्थापन विश्लेषणतर्फ निम्नानुसार देखिन्छन् –

## षडानन्द संस्कृत नमुना (S–S Model) आविष्कारक एवम् नमुना विद्यालय (Model School) स्थापना :

नेपालमा जनक र जनकपुरको शैक्षिक महिमासँगै गुरुकुल (७,००० वर्षअघिदेखि ७ लाख वर्षअघि याज्ञवल्क्य शिक्षा), ऋषिकुल, पितृकुल र देवकुल शिक्षा देखिन्छन् । मदरसा शिक्षा १६ औं शताब्दी अन्त्यतिरबाट सुरुवात भएको देखिन्छ । लामा शिक्षा, गुम्बा वा बौद्ध शिक्षा करिब २७०० वर्षअघिदेखि चल्दै आएको देखिन्छ । गोरखनाथको योगदर्शन र भास्कर पतञ्जलिको योगदर्शन सिद्धान्तबाट फलाउने फुलाउने कार्यहरू, कपिलवस्तुका कपिल ऋषिको साङ्ख्यदर्शन, जनक राजाहरूको ज्ञान दर्शन, शिवदर्शन आदि श्रुतिपरम्परा अनुसार चल्दै आएको पाइन्छ । पछिल्लो चरणमा १५ औँ शताब्दीतिर ३ योगीहरू पूर्वी नेपाल प्रवेश गरेको इतिहास देखिन्छ । उनीहरूले नेपालमा शिक्षाको व्यापक प्रचारप्रसार साधु र सन्तबीच गरेको देखिन्छ । उनीहरू वनखण्डी बाबाले विराटनगरको देवकोटा चोक, औलिया बाबाले वराहक्षेत्र र धुनी बाबाले सुनसरीको रामधुनी क्षेत्रमा बसेर सन्तशिक्षा प्रचारप्रसार गरेको देखिन्छ ।

त्यसै गरी पाल्पातिरका शशीधर ब्राह्मण भारतको उडिसाको जगन्नाथ मन्दिर दर्शन गरी 'यसमणि' नामले सन्त विद्वान् बनी ख्याति कमाए । त्यसपछि उनी नेपाल फर्किए । 'यसमणि' बाट अपभ्रंस हुँदै जोसमनि मत प्रचार भएको देखिन्छ । उनले वि. सं. १८४० को हाराहारीमा रेसुङ्गा गुल्मीमा आश्रम खोली जोसमनि मत र शिक्षा प्रचार-प्रसार गरेको पाइन्छ । श्री ५ रणबहादुर शाह (स्वामी निर्वाणानन्द) पनि जोसमनि सम्प्रदाय वा मतका चेला देखिन्छन् ।

वि. सं. १८७८ मा इलाममा लामिछाने थरका सन्त ज्ञानदिलदास र गोर्खा बुङकोटका सन्त लखन थापा दुवैलाई सन्त शिक्षा प्रचार-प्रसार गरेको आरोपमा श्री ३ जङ्गबहादुर राणाले गिरफ्तार गरेका थिए । वि.स.१९३३ मा जेलमुक्त भएपछि सन्तज्ञान दिलदास रुम्जाटारबाट दिङ्ला फालिकोट हुँदै दिङ्लाको षडानन्द पाठशाला, कुलुङ मझुवा ब्याँसी, तुम्लिङटारको मनकामना आश्रम (वि. सं. १९३४ सम्म) आदिमा बस्दै धनकुटाबाट पुनः इलाम पुगेको देखिन्छ । तत्पश्चात् सिक्किममा गेलिङ धाम, रामी धाम आदि धामहरू थप्दै जोसमनि मत सन्तशिक्षाको प्रचारप्रसार गरेका थिए । डा. मातृका तिम्सिना ( २०६८ : ३० – १२०) अनुसार दिलदासले अरुण नदीको धामलाई 'मनकामना धाम' भनी नामकरण गरेका थिए ।

वि. सं. १९२७ तिर काठमाडौँमा राजराजेश्वरीघाटको गुरुकुल पनि केही वर्षमै विलीन हुन पुग्यो र वि. सं. १९१० को दरबार हाइस्कुल मात्र अङ्ग्रेजी शिक्षाप्रदायक नेपालको प्रथम औपचारिक विद्यालय थियो । देशका अन्य भागमा गुरुकुल भए तापनि वि. सं. १९३२ को षडानन्द पाठशाला दिङ्ला नेपालको संस्कृत भाषाको प्रथम विद्यालय, जनस्तरबाट खोलिएको प्रथम नमुना पाठशाला, र श्री ३ जङ्गबहादुर राणाको मौखिक ठाडो निर्देशनमा स्वीकृत प्राप्त नेपालको औपचारिक प्रथम विद्यालय थियो भन्नेमा दुई मत छैन । राणाशासनकालमा प्रधानमन्त्री आफैं कार्यपालिका, आफैं न्यायपालिका, आफैं व्यवस्थापिका भएकाले कुनै ऐन, नियम, संविधान आवश्यक थिएन । मौखिक निर्देशन नै संविधान र कानुन थियो । माथि उल्लिखित अन्य पाठशालाहरू भने खुल्दै, बन्द हुँदै तथा पुनः खुल्दै गरेका थिए । तर षडानन्द पाठशाला अविच्छिन्न थियो र प्रथम भाषा पाठशाला बन्न पुगेको छ ।

राजेन्द्रकुमार अधिकारी अनुसार भीम गुरुले पढाउँदै गर्दा प्रसङ्गमा भनेको यस्तो छ – वि. सं. १९२८ मै चामुनारायण पाटी दिङ्ला बजारबाट बालागुरुले शिक्षा सञ्चालन गर्दा बालागुरुलाई गिरफ्तार गरी धनकुटा ल्याइयो । जेलकोठाको ताल्चा बन्द गर्दा गुरु कहिले जेलमै अलप हुने कहिले देखापरे । भोलिपल्ट बिहान ढोकामा ताल्चा बन्द थियो तर गुरु गायब थिए । बिहान ८-९ बजेतिर बाहिर स्नान गरेका धोती र फेटा घाममा सुकेको जेलरले देख्यो र

जेल कोठाभित्र हेर्दा गुरुलाई त्यहीं देख्यो र गुरुलाई सोद्धा बिहान स्नान गरी छिन्ताङदेवी र जालपादेवीको पूजा गरेर आएँ भनेर बयान दिएपछि जर्नेल माधव शमशेरको सातो उड्यो । आत्तिएर श्री ३ प्र. म. जङ्गबहादुरलाई खबर गरी तत्कालै जङ्गबहादुर राणासमक्ष भेट गर्न बालागुरुको थापाथली दरबार प्रस्थान भयो । दरबार पुगेपछि गेटपालेबाट दरबारभित्र प्रवेश गर्न रोक लगायो । तर जब अलौकिक गुरु जङ्गबहादुर कक्षमा अकस्मात पुगेपछि यी अद्भुत गुरुको विद्यालय खोल्ने इच्छा पूरा गर्न दिने मौखिक वचन पाए (तत्कालीन ठाडो मौखिक कानुन) । तसर्थ सरकारको स्वीकृतिबमोजिम वि. सं. १९३२ मा सीताराम पाठशाला खोलिएको थियो । स्वामी प्रपन्नाचार्यको 'मिल्केका झिल्का' ग्रन्थमा उल्लेख भए अनुसार यस विद्यालयले औपचारिक लिखित प्रमाण वा स्वीकृति वि. सं. १९३५ को लालमोहरबाटै प्राप्त गरेको थियो । तसर्थ यो नेपालको प्रथम र अन्य स्थानमा पनि भाषा पाठशाला खोल्न प्रोत्साहन गर्ने Role Model पाठशालाका रूपमा रहेको विश्लेषण गर्न सकिन्छ । षडानन्द संस्कृत Model (S–S Model Teaching Approach/Technique) आविष्कार यस विद्यालयले गरेको कुरा अघिल्लो खण्डमा विस्तृत रूपमा उल्लेख गरिएको छ । 'विद्या हराए कि काशी जानु, कि दिङ्ला जानु' भन्ने उखानसम्म चलेको थियो यस विद्यालयको ।

पं. मेघराज शर्मा (२०७५), "व्याकरणमा सूत्र तथा विभक्ति, धातुका रूप र विविध सूत्रहरूको साथ पढाइ हुने हुँदा विद्यार्थीको स्मरण राम्रो हुन्थ्यो । षडानन्द पाठशालाको प्रसिद्धिका कारण इलाम, ताप्लेजुङ, सल्यान, प्युठानदेखि सिक्किम, दार्जिलिङ, भुटान र बर्मासमेतका विद्यार्थी दिङ्ला पढ्न आइपुग्दथे ।"

डा. तुलसी भट्टराई (२०७५ : ६३), "वि. सं. १९३२ देखि वि. सं. २००७ सालको प्रजातन्त्र आउन्जेल विद्यालय खोल्ने लहर जन्माएको तथा कैयौं सरकारी कर्मचारी उत्पादन गरी नेपालको प्रमुख विद्याकेन्द्रका रूपमा स्थापित भएको थियो । यसले दर्जनौं गुरुकुल प्रणाली र आदर्श विद्यालयहरू पनि यसै मोडलमा जन्माएको थियो ।"

दैवज्ञराज न्यौपाने (२०५२ : ५३), "तुलनात्मक रूपमा योगदानका हिसाबले समकालीन स्वर्गद्वारी महाप्रभु पद्म गिरी र करफोकस्वामी भीम शास्त्री सेमवाल तथा मटिहानी स्वामी वनमालीदासभन्दा उच्च स्थानमा गुरु षडानन्द देखिनुहुन्छ ।" स्मरण गरौं स्वर्गद्वारी महाप्रभु, करफोक स्वामी र बालागुरु षडानन्द ज्योतिर्मठका शिष्यहरू हुनुहुन्थ्यो । मटिहानीको इतिहास ३०० वर्षजति पुरानो छ । यसबीचमा अध्ययन बन्द भएको देखिन्छ । पछि वि. सं. १९६८ मा श्री ३ चन्द्र शमशेरले १०८ विद्यार्थी, १०८ योगी र १०८ अनाथलाई खुवाउने व्यवस्था गरिदिएको देखिन्छ ।

ज्ञानमणि नेपाल (२०५२ : २) का अनुसार पूर्वाञ्चलमा शिक्षामा जागरण ल्याउनेमा जोसमनि मतका ज्ञानदिलदास, कर्फोकका स्वामी सोमेश्वरानन्द, स्वामी फाल्गुनन्द, उदयानन्द अर्जेल, कवि रामदास आदि देखिन्छन् । ब्रह्मचारी षडानन्द शैक्षिक तथा समग्र योगदानमा अग्रज रहेको देखिन्छ । स्वर्गद्वारीमा त्यति बेला गौशाला र अग्निशाला मात्र स्थापना थिए । होम-यज्ञका लागि प्रसिद्ध थियो भने दिङ्ला वेद अध्ययन, पुरश्चरण, अतिरुद्री, महारुद्री, धान्यपर्व, पुराण, मेला, जात्रा आदिका लागि पनि प्रख्यात भइसकेको थियो । बालागुरु षडानन्दका समकक्षी वैयाकरण नेपालका छोरा भानुभक्त पोखरेल र दिङ्लाका पं. नन्दीकेश्वर अधिकारीले करफोकस्वामीको सङ्गत गरेको देखिन्छ । षडानन्दसँग टाढाटाढाबाट आएर शास्त्रका कुरा सोध्नेको धुइरो लाग्ने र समय बित्ने हुँदा गुरु षडानन्दले उतैतिरकालाई 'वैयाकरणकहाँ गएर सोध' भनेको देखिन्छ ।

विश्वनाथ कोही (२०७५) अनुसार हाम्रो प्रशासनिक तथा व्यावहारिक क्षेत्रमा ऐन, श्रेस्ता, रकम कलम र लेखापढी प्रचलन बालागुरुको समयभन्दा पनि अघि प्राचीनकालीन समयदेखि नै हुँदै आएको थियो । दरबार हाइस्कुलमा श्री ३ जङ्गबहादुरका परिवार मात्र पढ्न सीमित रहेको समयमा वि. सं. १९३२ को षडानन्द पाठशालाले सो हातका औँला भाँचेर, तुनामा गाँठो पारेर, भित्तामा चिह्न लगाएर, लेखापढी र हिसाबकिताब गर्ने परम्परा तोड्दै अज्ञानतालाई नेपालबाटै हटाउन प्रथम पटक प्रशासक, शैक्षिक प्रशासक र शैक्षिक विद्वान् उत्पादन गर्ने कार्यको सुरुवात भएको थियो । श्री ३ चन्द्र शमशेरले स्थापना गरेको श्रेस्ता पाठशाला यसैको निरन्तरता हो भनी विश्लेषण गर्न सकिन्छ ।

मनोहर चापागाईंले (२०५२) अनुसार वि. सं. १९७२ तिर दिङ्लालीलाई नासो सुम्पिएर काठमाडौँ जाँदा पनि दिङ्ला पाठशालालाई राजकीय पाठशाला समेत बनाउन सेवासुविधा थप्ने र तीनधाराका विद्यार्थीलाई पनि पढाउने तथा सघन विद्यार्थी Exchange (Intensive Exchange Programme) सञ्चालन गर्ने सोचमा काठमाडौँ जानुभएको थियो । तर वि. सं. १९७३ मै मृत्यु भएको हुनाले सो कार्य पूरा हुन सकेन । सोही प्रसङ्ग आफ्ना हजुरबुबा लप्टन स्व. बलबहादुर बस्नेतबाट पनि सुनेको मोरङ बेलबारीको काकुमनिवासी हरिबहादुर बस्नेत पनि स्मरण छ : "बालागुरुको इच्छामरणको केही समय अघिसम्म दैनिक भेटघाट पचलीमा गर्न हजुरबुबा जानुहुन्थ्यो । बालागुरुको सेवा गर्नुहुन्थ्यो । बालागुरुले हजुरबुबालाई शालिग्रामसमेत दिनुभएको थियो । तिम्रो दागबत्ती मेरो वंश थरकाले दिनेछन् भन्नुभएकोमा हजुरबुबाको मृत्यु मणिकर्णिका घाटमा हुँदा बालागुरुले भनेको समयमा नै भयो । संयोगवश त्यतिबेला वाराणसीमा अध्ययन गरिरहेका गढीगाउँका वर्तमान डा. नन्दीश अधिकारीले दागबत्ती दिनुभएको थियो ।"

दिङ्लाको षडानन्द पाठशाला Role model थियो भन्ने प्रसङ्गमा पं. जयधर्म अधिकारी र पं. बद्रीनारायण अधिकारीले पढाएका विद्यार्थीहरू काठमाडौँ र बनारसका जुनसुकै विद्यालयमा विनाजाँच छात्रवृत्तिसमेत पाउँथे भनी सेमन्तराज अधिकारीले अधिकारी वंशावली ग्रन्थमा उल्लेख गरेको देखिन्छ ।

वि. सं. १९६६ को धर्मपत्रिकाअनुसार स्थापना वि. सं. १९५५ भनिए तापनि कैलाशडाँडाबाट दिङ्ला बजार परिसरमा स्थानान्तरण भएको मिति मात्र हो भनी स्पष्ट हुनुपर्दछ । लिखित प्रमाण वि. सं. १९३५ को १९३६ मा प्राप्त लालमोहर हो भनी स्वामी प्रपन्नाचार्यले (२०७५ : ५८) स्पष्ट पार्नुभएको छ ।

## वि. सं. १९३२ को षडानन्द पाठशाला स्तरोन्नति प्रसङ्ग :

- वि. सं. २०१३ मा राजा महेन्द्रको दिङ्लामा सवारीसँगै नेपाल सरकारबाट सरकारी विद्यालय सरह मान्यता र सहयोग प्राप्त भयो । उक्त सवारीले तत्कालीन तुङ्गेछा गा. वि. स. मा १ विद्यालय थप गर्ने भनिएकोमा चण्डेश्वरी प्रा.वि., स्यामेङ, वि. सं. २०१६ स्थापना भयो ।
- वि. सं. २०१६ मा हालको अरुण मा. वि. सँगैको प्राङ्गणको डाँडामा विद्यालय पुनः स्थान्तरण भयो ।
- वि. सं. १९९९ मा बालागुरुकै दाइका नाति कविराज दिनराज अधिकारीले कविराज पास गरेपछि बालागुरुको आयुर्वेदिक उद्यान दिङ्लामा छ । जडिबुटी उपलब्ध हुने र आयुर्वेद अभ्यास पनि सजिलो हुने विन्तीपत्र श्री ३ जुद्ध शमशेरमा चढाएपछि औषाधालय स्वीकृतिसाथ प्रथम सरकारी जागिरको सुरुवात जिल्ला सरकारी आयुर्वेद औषधालय दिङ्ला हालको षडानन्द विद्यालय परिसरमै स्थापना भएको थियो ।
- वि. सं. २०२२ मा TU बाट शास्त्रीसम्मको पढाइ स्वीकृत भयो । तर व्यवहारमा उत्तरमध्यमासम्मका कक्षाहरू मात्र सञ्चालन भए ।
- त्यसको २-३ वर्षपछि पूर्वमध्यमासम्म मात्र पढाइ सञ्चालन भयो । तर तत्कालीन का. मु. क्याम्पस प्रमुख कविराज हरिप्रसाद काफ्लेको स्वर्गारोहण वि. सं. २०२५ सँगै वि. सं. २०२८ देखि क्याम्पस बन्द भयो । क्याम्पसका विद्यार्थी परीक्षा दिन धरानको पिण्डेश्वर जानुपर्दथ्यो ।
- वि. सं. २०२८ को रा. शि. परियोजना वि. सं. २०३१ मा भोजपुर जिल्लामा लागू भएसँगै वि. सं. २०३१ पौषबाट षडानन्द संस्कृत मा. वि. मा परिणत भयो ।
- वि. सं. २०५१ बाट १०+२ सञ्चालन हुँदै आएको छ ।

- आ.व २०६७ बाट TU अन्तर्गत BEd, BA र BBS डिप्लोमा तहका कक्षा सञ्चालन भएको देखिन्छ ।
- वि. सं. २०७० देखि कक्षा १-५ (प्राथमिक तह) अनुमति भएको ।
- वि. सं. २०६५ बाट पूर्वप्राथमिक तह (ECD) सञ्चालन भएको ।
- वि. सं. २०५८ मा माओवादी जनयुद्धसँगै संस्कृत विषय पठनपाठन बन्द भई सर्वसाधारण धारतर्फ मात्र विद्यालय रूपान्तरणको बाध्यता देखियो । तर जनयुद्ध समाप्तिसँगै वि. सं. २०७०-७१ बाट ऐच्छिक विषयका रूपमा संस्कृतका विषयहरू अध्यापन हुँदै आएको छ ।
- वि. सं. २०७०-७१ बाट षडानन्द गुरुकुल वेद विद्याश्रम पुर्नः सुरूवात गरिएको छ । यसको व्यवस्थापन गुठी समिति र निजी क्षेत्र सहयोगबाट सञ्चालित छ ।
- वि. सं. २०२२ को TU अन्तर्गत सञ्चालित पूर्वमध्यमा, उत्तरमध्यमा र डिप्लोमा तहका क्याम्पसका कक्षा सञ्चालन आकलनलाई समेत धान्न र दिङ्लाली जनताको अङ्ग्रेजीप्रतिको मोह धान्न षडानन्द संस्कृत मा. वि. हुँदाहुँदै पनि आधुनिक धारको शिक्षा प्रदान गर्ने उद्देश्यले वि. सं. २०२१ देखि अरुण मा. वि. दिङ्ला एउटै ग्राउन्ड आधा-आधा कम्पाउन्ड वालले छुट्याई सञ्चालन भएको देखिन्छ ।

एकराज अधिकारीका (२०७३ : १६ – २२) अनुसार वि. सं. २०३१ मा भोजपुर जिल्लामा रा. शि. प. यो. २०२८ लागू भएसगै, प्राथमिक भाषा पाठशाला र संस्कृत पाठशाला नेपालभर नै बन्द गराउने क्रममा नेपालका केही विद्यालयमा मात्र कक्षा ८ देखि संस्कृत पढाउने व्यवस्था अनुसार षडानन्द मा. वि. मा पनि कक्षा ८ देखि मात्र संस्कृत सीमित भयो । वि. सं. २०१६ मा डण्डपाणि चापागाई, मुक्तिप्रसाद चापागाईं लगायतको सञ्चालक समितिले विद्यालयमा अनिवार्य अङ्ग्रेजी पनि पढाउने व्यवस्था गरेको देखिन्छ । साथै संस्कृत प्रधान पाठशालामा परिणत गर्ने प्रयास पनि भएको थियो । वि. सं. २०२१ चैत्रमा हालको स्थानमा विद्यालय सरेको थियो ।

नारदेचौरमाथिको थुम्कीको षडानन्द मा. वि. भवन अञ्चलाधीश छिरिङ लामा हुँदा भवन निर्माण समिति संयोजक योगराज चापागाईं र सचिव एकराज चापागाईं लगायतको समितिले हालको भवनको डिजाइन र निर्माण गरेको थियो । त्यससँगै तथा पछिल्ला वर्षका पाठशाला, मन्दिर निर्माण समिति तथा निर्माणहरूमा डण्डपाणि चापागाईं, भैरव चापागाईं, लेखनाथ चापागाईं, नरेन्द्रबहादुर बस्नेत, कोमलबहादुर बस्नेत, कटकबहादुर बस्नेत, नीलबहादुर बस्नेत, प्रयागराज चापागाईं, हरिप्रसाद चापागाईं, अक्कलबहादुर श्रेष्ठ,

जब्वरबहादुर राई, हैकम सिंह राई, दुर्गाप्रसाद लम्साल आदिको विशेष भूमिका थियो । पूर्वप्रधानपञ्चहरू रमानाथ खतिवडा, गोपाल अधिकारी, विष्णुवहादुर बस्नेत, डम्वरुबल्लभ चापागाईं आदिको पनि महत्त्वपूर्ण भूमिका देखिन्छ ।

पूर्वमन्त्री मुकुन्दबहादुर बस्नेत (२०७३ : ३८५) का अनुसार आफ्नो नौ पुस्ताअघिदेखिको पुर्खौली थलो दिङ्ला साल्मा भएको तर कुलुङमा जन्मिए पनि दुवै प्रिय स्थान र श्रद्धाका खानी हुन् । आफ्ना पिता र आफूलाई कखरा सिकाउने गुरु पं. केदारनाथ ढकाल दुवैको प्रारम्भिक शिक्षा षडानन्द पाठशालाबाटै भएको थियो । उक्त ज्योति मसम्म पनि आइपुगेको थियो ।

बस्नेतले वि. सं. २०३१ को नयाँ शिक्षा पद्धति योजना भोजपुरमा लागू भएको बेला जिल्ला शिक्षा समितको शिक्षक प्रतिनिधिका रूपमा अरुण अङ्ग्रेजी मा. वि. र षडानन्द मा. वि. लाई एउटै बहुउद्देश्यीय विश्वविद्यालय (University) बनाउने प्रस्ताव आफैंले पेस गरेको तर अन्तिम चरणमा ३ गाउँ पञ्चायतका तत्कालीन प्रधानपञ्चहरूले जिल्लामा उपस्थित भई ठाडै इन्कार गरेकाले प्रस्ताव पास हुन नसकेको' पीडा उल्लेख छ । वि. सं. २०४६ सालमा बालागुरुको सालिक शिलान्यासको क्रममा तत्कालीन गुठी समितिका अध्यक्ष स्व. बद्रीविक्रम थापासँगै काठमाडौंबाट दिङ्ला आएर काठमाडौं सँगै फर्कने क्रममा बाटोमा 'माननीयज्यू, दिङ्लाका मानिस त कस्तुरी मृग पो रहेछन्' ( अर्थात् नाभिको कस्तुरी सुगन्ध थाहा नपाई भाग्ने) भन्दै पुनः ठट्यौली पारामा 'बगैंचामा धेरै हनुमानहरू त देंखे, तर जाम्बवान्चाहिँ देखिएन नि दिङ्लामा ?' भन्दा दुवै खित्का छोडेर हाँसेको प्रसङ्गले अहिले पनि बेलाबेलामा चस्काउँछ । नेपाल राष्ट्रले उनलाई राष्ट्रिय विभूति घोषणा नगरी अन्याय गरेको छ ।

बस्नेतले प्रसङ्गमा एक साँझ BBC Nepali सेवामा बेलायतको कुनै विद्यालयमा संस्कृत पढेका विद्यार्थीहरूले मन्त्रवाचन गरेको श्लोक नेपालका पण्डितले वाचन गरेको भन्दा कम थिएन । मैले दिङ्ला र दिङ्लावासीहरूलाई सम्झिएँ । दिङ्लामा मात्र नभई गोगने लगायत नेपालमा बन्द भएका संस्कृत पाठशालाहरू सम्झिँए । निलज्जित हुनुसिवाय बाँकी केही रहेन भनी असह्य पीडा पोख्नुभएको छ । अन्त्यमा षडानन्द नगरपालिका संस्कार र संस्कृतिको पुनः मूलथलो बन्न सकोस् भन्ने बस्नेतले शुभेच्छा छ ।

**षडानन्द संस्कृत महाविद्यालय उद्घाटन प्रसङ्ग :**

डण्डपाणि चापागाईं (२०५२ : ९१-९२), "मिति २०२२।६।५।३ मा उद्घाटन, सभापति प्रधानपञ्च बखत राईको (मूलपानी) अध्यक्षतामा कार्यक्रम आयोजना, गुठी समिति पदेन अध्यक्ष बडाहाकिम युगनाथ शर्माबाट महाविद्यालय उद्घाटन भएको थियो । सचिव डण्डपाणि

चापागाईं, सदस्य सावित्रीप्रसाद चापागाईं, तेजबहादुर बस्नेत तथा अन्य सदस्यहरू क्रमशः का. मु. प्रिन्सिपल हरिप्रसाद काफ्ले, प्रधानपञ्च रमानाथ खतिवडा (तुङ्गेछा), प्रधानपञ्च प्रेमनाथ चापागाईं (केउरेनीपानी), प्रधानञ्च मङ्गलसिंह लामा (किमालुङ) गरी जम्मा ९ सदस्य सञ्चालन समिति गठन भएको थियो ।"

**विद्यालय सेवाक्षेत्र :**

१) अरुण उपत्यका तथा पूर्वी पहाडी जिल्लाहरू : भोजपुर, सङ्खुवासभा, तेह्रथुम, पाँचथर, इलाम, ताप्लेजुङ, खोटाङ, ओखलढुङ्गा, उदयपुर, सोलुखुम्बू, धनकुटा, सुनसरी (धरान), मोरङ (विराटनगर) आदि ।

२) मध्यनेपालका जिल्लाहरू : दोलखा, धादिङ, रामेछाप आदि (षडानन्द आश्रम समाज अभिलेखबाट)

३) पश्चिमनेपालका जिल्लाहरू : सल्यान, दार्जुला, प्यूठान, बाग्लुङ आदि ( षडानन्द आश्रम समाज अभिलेखबाट) । सेमन्तराज अधिकारी (२०७५ : २६८) का अनुसार नेपालको गुल्मी जिल्ला र दाङ तथा पूर्व सिक्किम, भुटान, भारत, आसाम र बर्मासमेतबाट विद्यार्थीहरू अध्ययन गर्न आउँथे । डा. हेमाङ्गराज अधिकारी (२०५२ : ४८) का अनुसार गुल्मी, धादिङ, भुटान आदिका विद्यार्थी अध्ययन गर्न आउँथे ।

४) अन्तर्राष्ट्रिय क्षेत्र : सिक्किम, दार्जिलिङ, कालिम्पोङ्, जल्पाइगुढी, आसाम, सिलाङ, भुटान, बर्मा आदि ।

५) विद्यालयको ख्याति फैलिएको : बनारस, काशी, हरिद्वार, पञ्जाब, रामेश्वर तथा तिब्बत (सो समयमा नेपाली भूभागसमेत रहेको)

(योगी नरहरिनाथ (२०५२), दधिराज सुवेदी (२०५२ : १५० - १५२),
स्वामी प्रपन्नाचार्य (२०५२) तथा षडानन्दसम्बन्धी अभिलेख (वि. सं. २०७२) बाट)

एकराज अधिकारी (२०७३:१६) का अनुसार राणाकालीन बिगबिगीमा विद्या आर्जन गर्न आतुर पश्चिम पोखरा, बाग्लुङ, प्युठान र त्यसमा पनि स्वर्गद्वारी महाप्रभु समकक्षी भएको कारण अझ बढी त्यस भेगका विद्यार्थीहरू दिङ्ला पढ्न आए । त्यसै गरी भारतका सिक्किम, दार्जिलिङ, कालिम्पोङ्, भुटान, बर्मा लगायत देश र ठाउँबाट पनि विद्यार्थीहरू जम्मा हुन थालेका थिए ।

डा. हेमाङ्गराज अधिकारी (२०५२ : ४३) का अनुसार षडानन्द पाठशालाले राणा कालीन समयमा शैक्षिक र सामाजिक जागरणबाट राष्ट्रको राजनीतिक जागरणका लागि अप्रत्य रूपमा बल मिलेको थियो । वि. सं. २००७ मा भोजपुरको प्रजातान्त्रिक आन्दोलनमा दिङ्लाको जागरुकता रहेबाट पनि यसको पुष्टि गर्न मद्दत मिल्छ । भारतमा फारसी शिक्षाको प्रभाव तथा तराईमा पनि

फारसी तथा अङ्ग्रेजी शिक्षाको प्रभाव परेको थियो । देव शमशेरको पालामा भाषा पाठशाला खोल्न हरिहर आ. दी. र जयपृथ्वीबहादुर सिंहले सघाएका थिए। त्यी भाषा पाठशाला पनि षडानन्द पाठशालाजस्तै थिए ।

इतिहासका प्राध्यापक प्रा. डा. नृसिंहकुमार खत्री (२०७३) का अनुसार इलाममा रहँदा इलाम न. पा. – ५ का केन्द्रप्रसाद पोखरेल, केन्द्रप्रसाद आचार्य, जीतपुरका स्व. पुष्पलाल कट्टेल र नन्दिकेश्वर आचार्य जो वि. सं. २०४५ मा ८० वर्षमाथि हुनुहुन्थ्यो । उहाँहरूले दिङ्लामा अध्ययन गर्दा वेद, उपनिषद्, व्याकरण, ज्योतिष र निरुक्त जस्ता पूर्वीय छन्दहरूको अध्ययन र ज्ञान लिनुभएको थियो । बेलाबेलामा चेलाहरूबीचमा शास्त्रार्थ छलफल गर्ने गराउने चलन पनि थियो । लम्साल, अधिकारी र चापागाईं गुरुहरूले पढाएको कुरा सुनेको थिएँ । यो पाठशाला आधुनिक नेपालको गुरुकुलको पहिलो पाठशाला हो भन्ने लाग्दछ । जङ्गबहादुरको शासनकालमा जोसमनी सम्प्रदायका सन्त ज्ञानदिलदास र उनका सर्मथकहरूले समाजमा परिवर्तनका लागि आवाज उठाउँदा बाधा व्यवधान गरेको देखिन्छ । तर बालागुरु ब्रह्मचारी बनी शास्त्र, धर्म र राज्यको नीति नियमभित्र रहेर शिक्षा प्रदान गरेका थिए । अलौकिक विद्वता तथा व्यक्तित्वका कारण राणाहरूको शासन कालमा समेत पाठशाला र समाजसुधार कार्यको राणाहरूले विरोध गर्न सकेनन् बरू गुठीलाई व्यवस्थित गर्नसमेत नियमकानुन जारी गराई सहयोग गरिदिए ।

टीकाप्रसाद शर्मा वस्ती (२०५२ : ४६) का अनुसार ब्रह्मचारी गुरुको जीवनीबाट सादाजीवन र उच्च विचारको सन्देश ग्रहण गर्नुपर्दछ । उनी वैदिक सनातन धर्मी तथा गायत्रीमन्त्रका उपासक थिए । तर उनले कुनै मिसन खडा गरेनन् । उनीमा कुनै वाद थिएन त्यसैले कुनै विवाद पनि थिएन । उनका सभा, समिति, कुल, आश्रम, विद्यालय आदि केहीमा पनि एकाधिकार थिएन । लोकमङ्गल र आर्दशको पथमा चलिरहेको देखिन्छ । उनी रुद्राक्ष र सुन्तलाको महिमाले चिनिने माझकिरातका महापुरुष थिए ।

हेमराज शर्मा अधिकारी (२०५२ : ४७, सूचना विभागको वि. सं. २०४१ मा छापिएको षडानन्द अधिकारी जीवनकथाबाट) का अनुसार बालागुरु मनोवैज्ञानिक पनि थिए । मुखाकृति र हावभाव हेरेर उसका मनका कुरा भन्न सक्दथे (as a mind reader) । हरिप्रसाद लम्सालको मृत्युहुँदा सतीलान तयारहुँदै गरेको खबर दिन गढीगाउँबाट कैलाशसम्म लौरो टेकेर बालागुरुका पनि आँखा खोल्न हतारमा कुद्दै गई स्याँ-स्याँ र फ्याँ-फ्याँ गर्दै अवाक् स्वरमा भक्कानिदै बोलेका थिए । यो देखेर बालागुरुले भनेका थिए – “समाजका अन्धविश्वास र कुप्रथा एकैचोटी हटाउन मुस्किल हुन्छ । यसको निराकरण शनैः-शनैः हुन्छ ।” यति भनी बालागुरु पनि पीताम्बर धारण गरी गोडामा खराउ र शिरमा फेटा

बाँधेर दुवै लम्सुवा वितलव हतारिँदै झरेका थिए । मलामीले रामनाम सत्य हो भनी शवयात्रा सुरु गरिसकेका थिए । दुई डोलीमा सती थिए र कान्छी सुकुमारी १८ वर्षकी झन् चिच्याई-चिच्याई रुँदै थिइन् । बाजाबालाहरू रोदन नसुनिओस् भनेर चर्को ध्वनिमा बाजा बजाई रहेका थिए । बालागुरुले भने – “यी सती गइरहेका स्वास्नीमानिसको आँसुले मेरो हृदय जलाइदियो । चीत्कारले कान फटाइदियो र करुण क्रन्दनले छाती चिरिदियो । धर्मका आडमा र सतीप्रथाका नाममा कुनै महिलालाई चितामा बलि चढाउने कार्य बन्द गर्नुपर्छ । अन्धा समाजलाई डोहोऱ्याउन तपाईं-हामीजस्ता आँखा देख्नेको जरुरत पर्छ ।” यो धर्मको नाममा दोष मात्र हो । आजैबाट सतीप्रथा बन्द सुरुवात गर्नुपर्छ । यति भनेपछि सतीहरूलाई डोलीबाट ओरालियो । सतीहरूले ब्रह्मचारीलाई स्वर्गबाट आएका भगवान् वा देवदूत देखे । उपस्थित महिलाहरूले भगवान्का रूपमा देखी नमस्कार गरे । दुःखद घटनाको अन्त्यको सुरुवात भयो । तर नारायणप्रसाद लम्सालले गुरुमहाराज हाम्रो धर्मको नाश भयो भनी निकै बेर प्रतिक्रिया दिए । अन्त्यमा उनी पनि बालागुरुका अमृततुल्य ज्ञानबाट प्रभावित भई सतीप्रथाविरुद्ध सहमत भएका थिए ।

प्रा. डा. खत्री (२०७३) का अनुसार विद्वान् परराष्ट्रविद् श्री केशरबहादुर के. सी. को प्रारम्भिक शिक्षासमेत षडानन्द पाठशालामा भएको ब्यहोरा Judicial Custom of Nepal भन्ने पुस्तकको द्वितीय संस्करणमा About the Author मा मैले पढेको छु । उनले (रामेछापबाट पिता भोजपुरको बडाहाकिम भएको बेला) दिङ्ला गई संस्कृत शिक्षा पाएकाले पूर्वीय दर्शनको ज्ञान मिलेको र कलकत्तामा बसेर अङ्ग्रेजी शिक्षाको अध्ययन गरेकाले पूर्वीय तथा पाश्चात्य दर्शनको ज्ञान पाई तुलनात्मक रूपले न्यायप्रणाली र बाहिरी संसारको ज्ञान लिन सजिलो भएको उल्लेख गरेको देखिन्छ । बालागुरुमा पूर्वीय दर्शनको अनन्त ज्ञान र विज्ञानको भण्डार रहेको समेत के. सी. ले उल्लेख गरेको देखिन्छ ।

देवराज रेग्मी (२०७३ : २२१), पूर्वविद्यार्थी, खोटाङका अनुसार वि. सं. २००४ मा दिङ्ला गई ४ महिना अध्ययन गर्दा ताप्लेजुङका निधिनाथ दाहाल र जगन्नाथ दाहाल, ओखलढुङ्गाका भवनाथ भट्टराई, खोटाङका डम्बरप्रसाद भण्डारी सहपाठी रहेका थिए । मलाई त्यस संस्थाले सच्चरित्रवान् र शिक्षित बनायो । साथीभाइहरू धेरै थिए । जेहेन्दार र गरिव सबैजसो विद्यार्थीले छात्रवृत्ति पाउँथे । दिङ्लापछि गोगने र त्यसपछि काठमाडौँ गएर पढियो । दिङ्ला रमाइलो थियो । अहिले पनि त्यहाँ पढाउने गुरुहरूको सम्झना हुन्छ ।

षडानन्द मा. वि. का पूर्वविद्यार्थी तथा पूर्वशिक्षक बुद्धिप्रसाद गौतम ( २०७३ : २२९) का अनुसार गुरुहरू पं. जयधर्म अधिकारी, पं. बद्रीनारायण अधिकारी र डिल्लीराज अधिकारीसँग अध्ययन गरेको थिएँ । आफूले पढ्दा

गुल्मीका खिमानन्द गौतमले सबैभन्दा बढी छात्रवृत्ति पाउँथे (४ पाथीदेखि १ मुरीसम्म) । छात्रवृत्ति पाउन कम्तीमा १६ दिन हाजिर हुनुपर्ने तथा वर्षको २ पटक परीक्षा दिने व्यवस्था र पास हुनुपर्ने नियम थियो । आफूले अध्ययन गर्दा कर्णाखर दाहाल (दाँवा), ईश्वरीप्रसाद दाहाल (दुङ्मा), भवनाथ कोइराला, षडानन्द कोइराला, टेकनाथ निरौला, देवीप्रसाद पोखरेल (पूर्व ३ नं. सल्यानका), रामप्रसाद ढुङ्गाना र भवदेव कोइराला (३ नं. पञ्चनका), नन्दलाल पौडेल (सोलु सोताङका), भवानीप्रसाद सापकोटा (आसाम, भारत) र सीताराम भट्टराई ( मोरङडाँडा) का साथीहरू थिए । त्यसै गरी भीमप्रसाद सापकोटा (विजयवास), निधिनाथ दाहाल, प्राणनाथ दाहाल र देवीप्रसाद अधिकारी (तेह्रथुम), मोहनप्रसाद पौडेल (कालेबुङ, भारत), नित्यानन्द निरौला र श्रीकृष्ण निरौला (दार्जिलिङ, भारत) थिए । प्रजापति खनाल र स्थानेश्वर खनाल (बर्मा, हाल म्यानमार), रामप्रसाद भट्टराई (धुलिखेल), रामचन्द्र पोखेल, सुदर्शन निरौला, छविलाल निरौला र सोमनाथ निरौला (नाम्सालिङ) पनि थिए । भानुभक्त पौडेल, मनोरथ खतिवडा, कृष्णप्रसाद अधिकारी, कृष्णप्रसाद तिम्सिना, विष्णुप्रसाद तिम्सिना ( याङरूप, ताप्लेजुङ), तुलसी खतिवडा (च्याङथापु, ताप्लेजुङ), श्रीप्रसाद दाहाल ( चुङखुरुङ) आदि सहपाठीको मात्र स्मरण रहेको छ ।

पूर्व नायब बडागुरुज्यू प्रा. डा. माधवप्रसाद भट्टराई (२०७३ : २३२ – २३५) का अनुसार खोटाङको लामिडाँडा घर भई १२ वर्षको उमेरमा भगवान्‌कै योजनाले आफू दिङ्ला पुगेको थिएँ । आफ्नो वंश हाँगोमा औपचारिक उच्च शिक्षा लिने प्रथम व्यक्ति बनाउने आरम्भ विन्दु दिङ्ला भएकाले श्रद्धा प्रकट गर्दछु । दिङ्लामा त्यस बेला पढाउने गुरुहरू प्रधानाध्यापक हरिप्रसाद काफ्ले र गुरुहरू भीमप्रसाद गौतम, दुर्गाप्रसाद लम्साल, झषनाथ घिमिरे, पुरुषोत्तम भट्टराई, हरिहर चापागाई र तीर्थराज न्यौपानेलाई स्मरण गर्न चाहन्छु । ३ देखि ५ दिन लगाएर अध्ययन गर्न लामिडाँडाबाट जाने काका रामचन्द्र भट्टराई, बैजनाथ सुवेदी, चण्डिकाप्रसाद भट्टराई, वासुदेव भट्टराई, जयकुमार भट्टराई र खार्पाका टीकाप्रसाद पोखरेल उल्लेखनीय सहपाठी रहेको स्मरण ताजै छ ।

पूर्वसहप्राध्यापक डा. स्थिरप्रसाद पराजुली (२०७३ : २७०) का अनुसार षडानन्द पाठशालामा अध्ययन गर्दा 'रविरुद्रपितामहाविष्णुतुतम् ... तव नौमि सरस्वतिपादयुगम्' बाट सरस्वती बन्दना तथा स्व. हरिप्रसाद काफ्लेबाट रचित श्रीमत्षडानन्दसुनामधारिणे ... र सामूहिक प्रार्थनाको अगुवाइ दाइ गोपीकृष्ण गौतमबाट गराएको ताजा स्मरण छ । त्यस बेलाका विद्यार्थीहरूमा विमल चापागाईं, दधिराज सुवेदी, चेतोनाथ गौतम, हेमाङ्गराज अधिकारी, दैवज्ञराज न्यौपाने, लालानाथ सुवेदी आदि हुनुहुन्थ्यो । कक्षा ८ मा पढ्दा ८ मा मात्रै ३०-४० जना साथीहरू रहेका थिए । १०-१२ जना गुरुहरू रहेको स्मरण छ । यो

विद्यालय राष्ट्रिय स्तरमा नै जनसहयोगवाट स्थापित नेपालको पहिलो विद्यालय हो साथै शैक्षिक ऊर्जाको दृष्टिले महत्त्वपूर्ण रहेको छ ।

**विद्यार्थी व्यवस्थापन प्रक्रिया :**

वि. सं. १९३२-३३ को सुरु वर्षमा विद्यार्थीहरू स्थानीय स्तरबाटै सङ्कलन गरिएका थिए । गुरु षडानन्द आफैँबाट शिक्षण हुन्थ्यो । गुरुको अनुपस्थितिमा पं. नन्दिकेश्वर अधिकारी र पं. रामनाथ अधिकारीबाट पनि शिक्षण हुन्थ्यो । झन्डै ३०-३२ वर्ष बालागुरु स्वयम्‌बाट शिक्षण भएको थियो ।

चामुनारायण सत्तलमा पछि सुरुका वर्षमा गुरु षडानन्दको नाभि गाढेको स्थान देउराली डाँडाको पीपलफेदमुनि पनि केही समय पढाइ भएको थियो । त्यसको केही समयपछि कैलाशडाँडामा निर्माणसँगै स्थानान्तरण भई रूखको फेदमुनि गोलो घेरामा पराल बिछ्याएर अध्ययन-अध्यापन सुरुवात भएको थियो । उक्त कुरा गुरु भीमप्रसाद गौतमबाट कक्षामा अध्यापन गर्दा श्रुति भएको राजेन्द्रकुमार अधिकारीबाट जानकारी प्राप्त भएको छ ।

डा. गोविन्दमानसिंह कार्की (२०६८ : १८) का अनुसार काठमाडौँ रहँदाका बालागुरु शिष्यहरू पनि दिङ्ला आएर राधेश्याम रिजाल र जगन्नाथ घिमिरे पनि बालागुरुसँगै बसेको देखिन्छ । छात्रहरू बस्ने लामा-लामा बाँस र चित्राका टहराहरू बनाइएका थिए । छात्रहरूको पोशाकमा (uniform) समेत एकरूपता थियो ।

पूर्वविद्यार्थी तथा विराटनगरमा पूर्वशिक्षक विष्णुप्रसाद ढकाल (२०७३ : २६३ – २६५) का अनुसार “बद्रीनारायण अधिकारी गुरुले श्लोकहरू अत्यन्त लयबद्ध एवम् आकर्षण ढङ्गले वाचन गर्नुहुन्थ्यो । पुराणवाचन पनि त्यसै गरी गर्नुहुन्थ्यो । उहाँको पढाउने र बुझाउने शैली अत्यन्त आकर्षक थियो । बद्री गुरु जस्तो शिक्षक मैले बनारसमा पनि पाइनँ ।” उहाँले भन्नुभएका २ श्लोक अझै पनि स्मृतिमा ताजै छन् : यत्र वैदिकाः तत्र पण्डिता । यत्र पण्डिताः तत्र वैदिका । अर्थात् वैदिक भएका ठाउँमा पण्डित हुँ भन्नु, पण्डित भएका ठाउँमा वैदिक हुँ भन्नु र दुवै नभएका ठाउँमा दुवै हुँ भन्नु । दुवै भएका ठाउँमा म केही पनि होइन भन्नु ।

पूर्वसचिव शरदकुमार भट्टराई (२०७३ : २६६) का अनुसार ओखलढुङ्गा जिल्ला अन्तर्गतको रावा खोला, लामिडाँडाको जन्मस्थान घरमा बाल्यकालमा पण्डित र विद्वान्‌हरूको छलफल भइरहन्थ्यो । त्यहाँ विद्याका केन्द्रहरूको चर्चा गर्दा दिङ्लाको संस्कृत पाठशालाको चर्चा छेउमा बसेर सुनिरहन्थे । पछि वि. सं. २०११ सालमा केही साथीहरूसँग दिङ्ला गएर अध्ययन गर्ने सुयोग प्राप्त भएको थियो । तर खटिराको बिरामी भएर दिङ्ला लामो समय बसेर पढ्न

पाइएन, तथापि गुरु पद्मनाथ अधिकारीले लघुकौमुदी पूर्ण स्मरण हुने गरी पढाउनुहुन्थ्यो । सेमन्तराज अधिकारीले रघुवंश महाकाव्यको आठौँ सर्गका वियोगिनी छन्दमा लेखिएका श्लोकहरू अभिनय गर्दै द्रवित हुँदै अन्तष्करणदेखि नै करुण रसमा उहाँका मुखबाट निःसृत हुँदा वा अध्यापन गर्दा हामी अल्लारे ठिटाहरूको आँसु समेत द्रवीभूत भई भाव विह्ल भएका थियौँ । दिङ्लाको पढाइ शैली उत्कृष्ट थियो । बालागुरुका योगदानहरूले त्यागी, सिद्ध, शिक्षाप्रेमी, परोपकारी तथा महान् पुरुष थिए । आफ्नो संस्कृति, इतिहास र संस्कार नबुझेकाले संस्कृत पठनपाठन बन्द गराएको सुन्दा अत्यन्त दुःख लागेको छ ।

पूर्व पूर्वाञ्चल क्षेत्रीय शिक्षा निर्देशक देवराज (२०५२) का अनुसार वि. सं. २०४०-४१ को वसन्त ऋतु पूर्वार्धमा भोजपुर जिल्लाको शैक्षिक अवस्था तथा विद्यालय सुपरिवेक्षणको सन्दर्भमा पहिलो दिन भोजपुरका प्र. जि. अ. लाई भेटेर सँगै बास बस्यौँ । भोलिपल्ट प्र. जि. अ. सहितको टोली बिहान दिङ्ला प्रस्थान भएको थियो । दिङ्ला धेरै आनन्दयुक्त थियो । हिमालको मनोरम दृश्य तथा प्राकृतिक छटाहरूले । घुम्दै दिङ्ला टाकुरीमा एक १३ वा १४ वर्षजतिको बालकसँग भेट भयो । "स्मरणशक्तिको धनी बालकलाई शुक्ल यजुर्वेद चालीस अध्यायै कण्ठस्थ रहेछ ।" सस्वर केही अंश विभिन्न अध्यायबाट सुनियो । अनि बालागुरुका योग, तपस्या तथा सिद्धिसम्बन्धी प्रसङ्ग सुनेर बालागुरुको योगदानहरूका बारेमा जानकारी प्राप्त भयो ।

प्रा. लालानाथ सुवेदी (२०७२, अन्नपूर्ण पोस्ट), "टोनी हेगनद्वारा लिखित सन् १९६१ को The Himaliyan Kingdom of Nepal मा प्रकाशित राई, ब्राह्मण, क्षत्री, तामाङ र कामी जातका विद्यार्थीहरू सँगै पढ्न बसेको फोटोले पनि सबै जातजातिले पढ्ने षडानन्द पाठशाला भएको प्रमाणित गर्दछ ।"

हेमराज अधिकारी शास्त्री (२०७५) र डा. कार्की (२०६८ : १८-१९) का अनुसार वि. सं. १९३२ को विद्यार्थी विवरण निम्न देखिन्छ – भतिजाहरू ज्योतिखर अधिकारी, रामनाथ अधिकारी, जयधर्म अधिकारी, बद्रीनारायण अधिकारी, भक्तिविलास अधिकारी आदि । अन्य विद्यार्थीहरूमा यज्ञनिधि चापागाईं, लक्ष्मीप्रसाद चापागाईं, हरिप्रसाद चापागाईं, विष्णुप्रसाद चापागाईं, विश्वनाथ खनाल, गङ्गाधर भट्टराई, श्यामलाल पौडेल, यज्ञनिधि गुरागाई, जमदग्नि लम्साल, कुवेर गौतम, अभिकेशर चापागाईं, रघुनाथ गुरागाईं आदि । त्यसै गरी छात्रहरू बलभद्र बस्नेत, जमानसिंह बस्नेत, सोभितमान बस्नेत, रत्नदीप बस्नेत, जगतबहादुर बस्नेत, मोहनसिंह बस्नेत, तथा ठकुरी परिवारका बलभद्र शाही, ललितबम शाही, जदुशेर हमाल आदि । नेवार समुदायबाट सिद्धिमल्ल श्रेष्ठ, सामान श्रेष्ठ र बलभद्र श्रेष्ठ आदि । जनजाति समुदायबाट तारापति राई, चहकमान राई, बखतवीर राई आदि ।

विश्लेषण गर्दा प्रथम वर्षमै ४३ जनाभन्दा बढी विद्यार्थीहरू उल्लेख देखिन्छन्, जसमा ब्राह्मण, क्षत्री, ठकुरी, श्रेष्ठ, राई आदि जनजाति समुदायबाट पनि देखिन्छन् । तर दलित र महिलाका लागि पाठशाला खुला गरिए तापनि धेरै वर्षपछिसम्म उनीहरूले अध्ययन गरेको देखिँदैन । त्यति बेलाको सामाजिक परिवेशको कारण, पाप र डरको कारण आदिबाट सो हुन गएको अनुमान गर्न सकिन्छ । त्यस बेला ४३ जनाभन्दा बढी विद्यार्थी उल्लेख भए पनि हाजिरी गर्ने पद्धति थियो कि थिएन वा पहिलेका विद्यार्थीबाट उल्लेख भएको कुरा श्रुति गरी लेखिएको हो वा बढाइचढाइ सो खोज गर्नु महत्त्वपूर्ण पक्ष देखिन्छ । जे होस्, पर्याप्त विद्यार्थी देखिनु र सबै जातिका विद्यार्थीलाई पाठशाला खुला गरिएको शिलापत्रमा आज पनि देखिनु सबैभन्दा महत्त्वपूर्ण प्रमाणको पक्ष हो ।

पूर्वउपसचिव दानबहादुर अधिकारी (२०७३ : ३४६) का अनुसार स्व. पिता मदनबहादुर अधिकारीले षडानन्द पाठशालामा अध्ययन गरी काठमाडौँमा सानोतिनो जागिर खाँदाखाँदै भोजपुर चौकीडाँडामा फर्किएर अगुवाहरूसँग मिलेर गाउँमै विद्यालय खोलेको देखिन्छ । यसको मूल जड वा अनुकरणको आधार दिङ्ला पाठशालाको प्रभाव थियो । दिङ्लामा पढ्नका लागि जातीय बन्देज थिएन भन्ने प्रमाण मेरा पिता क्षत्री भए पनि त्यहाँ अध्ययन भएको थियो । पिताका समकालीन र समकक्षी दिङ्लाका शान्तिबहादुर बस्नेत, चन्दनपुरका तीर्थराज थापा आदि देखिन्छन् । मेरो परिवारको उन्नति-प्रगति हुनुमा मूलतः बालागुरु षडानन्दकै देन छ । टोनी हेगनको नेपाल चिनारी पुस्तकमा भोजपुरको एक विद्यालयमा पढ्दै गरेका विद्यार्थीहरू फोटोमा बायाँबाट क्रमश बाहुन, क्षत्री, तामाङ र कामी देखिन्छन् । त्यो षडानन्द पाठशालाकै हो भन्ने लाग्दछ ।

अधिकारीको लेख विश्लेषण गर्दा टोनी हेगन नेपालमा सन् १९५० को दशकमा (वि. सं. २००७-०८ – २०१६-१७) नेपाल भ्रमणका क्रममा भोजपुर पुग्दा वि. सं. २००७।२००८ तिर पुगेको अनुमान देखिन्छ । उनको ग्रन्थमा सङ्खुवासभाको हटिया गोलाको झोलुङे पुलको पनि फोटो प्रकाशित छ । तर उक्त टोली भोजपुरबाट दिङ्ला हुँदै गयो वा लेगुवा घाटतिरबाट अरुण नदी तरेर वा हिलेबाट खाँदबारी हुँदै गएको हो भन्ने अनुमान गर्न कठिन छ । अरुण नदी सतीघाटमा डुङ्गा चलिसकेको थियो । उनी भोजपुर पुग्दा ७ विद्यालयहरू खुलिसकेका देखिन्छन् । वि. सं. १९३२ को षडानन्द मा. वि., वि. सं. १९८६ को विद्येश्वर मा. वि. गोगने, वि. सं. २००५ को सिद्धेश्वर मा. वि. दावाँ, वि. सं. २००५ को विश्वप्रेमी मा. वि. याकु, वि. सं. २००५ को त्रिभुवन धर्मोदय मा. वि. बक्तुवा, टेम्के मैयुम २, वि. सं. २००५ को चम्पे मा. वि. चम्पे र वि. सं. २००७ को प्रजातन्त्र मा. वि. होम्ताङ् देखिन्छन् । षडानन्द पाठशाला नेपालको प्रथम पाठशाला भएको तथा सबै जातजातिलाई पढ्न खुला गरेको

हुनाले उक्त पाठशालाको फोटो हो वा षडानन्द पाठशालाका अनुकरणका अन्य विद्यालयलका फोटा हुन् भन्न सकिन्छ । तर वास्तविकतामा यो षडानन्द पाठशालाको जातीय भेदभावविना पढ्न पाउने S-S Model प्रभावको फोटो रहेको शतप्रतिसत प्रमाण हो ।

डा. तुलसी भट्टराई (२०७५) का अनुसार ताप्लेजुङनिवासी हजुरबुबा शिवनिधि भट्टराईले षडानन्द पाठशाला अध्ययन गर्दा विद्या दाहाल (छात्र वा छात्रा ?), खेम दाहाल, गोपाल चापागाईं, सीताराम काफ्ले आदि सहपाठी रहेको देखिन्छ ।

पूर्वउपसचिव विश्वनाथ चापागाईं 'कोही' (२०७३ : ४८) का अनुसार मेरा मार्गदर्शक ठूलामामा डा. बल्लभमणि दाहालको प्रारम्भिक शिक्षा रुद्री, चण्डी र कौमुदी रहेछ । दाहालको मध्यमासम्म संस्कृत शिक्षा रहेछ । दाहालले पनि मावलीघर दिङ्ला बस्दा केही दिन षडानन्द पाठशालामा संस्कृत अध्ययन गरेको थाहा पाएँ । षडानन्द गुरुकुल पाठशाला भारत, नेपाल र विदेशमा रहेका हिन्दू गुरुकुलभन्दा भिन्न थियो किनकि हिन्दू गुरुकुलहरू पुरुषका (छात्र) लागि छुट्टै र कन्याका लागि छुट्टै हुन्थे । जस्तै गार्गी, मैत्रेयीजस्ता विदुषीको प्रसङ्ग प्राचीनकालमा जनक राजाको दरबारमा समेत देखिन्छ जसले जनकपुरमा समेत आई शास्त्रार्थ गर्दथे । तर समावेशी र समाहित गुरुकुल नै S - S Model को एक प्रमुख विशेषता हो ।

स्व. बलबहादुर राई (पूर्व प्र. अ. सरस्वती नि. मा. वि.) का अनुसार मैले किरात भए पनि वि. सं. २०१८ मा षडानन्द पाठशालामा वेद, रुद्री आदि विषयहरू अध्ययन गरेको हो । मेरा साङपाङ निवासी हजुरबुबाको स्मरण छ उहाँ म सानो छँदा मावलीघर जाँदा ब्राह्मण-क्षत्रीले जस्तै हजुरबुवा बिहान सबेरै उठेर गीता पाठ गर्ने, ध्यान गर्ने, शङ्ख र घण्टध्वनि गर्ने गरेको देखेर प्रेरित भई संस्कृतप्रतिको मोह आफूमा जागेको थियो । आफूसँग अध्ययन गर्दा ब्राह्मण-क्षत्रीबाहेक राई, तामाङ, मगर, गुरुङ साथी रहेका थिए भन्ने स्मरण छ तर आज को कता तिर पुगे ?

डा. कार्की, हेमराज शास्त्री तथा अन्य लेखकहरूका अनुसार दिङ्ला थुम्की अर्थात् कैलाशडाँडा वरिपरिको परिसरमा मन्दिरहरू, पाठशाला भवन, लामा-लामा छात्रवासका टहराहरू, ढुङ्गे फलैंचाहरू, शिवलिङ्गहरू आदि निर्माणले सजिएको थियो । महारुद्री, अतिरुद्री, पुराणहरू, पर्वहरू, मेलाहरू जात्राहरू तथा ठूलाठूला यज्ञ-यज्ञादि सम्पन्न बेलाबखतमा हुँदा मानिसको भीड भई तिलको गेडा समेत राख्ने गरी ठाउँको अभाव हुन थाल्यो । जतातत‍ै टहरै-टहराले थुम्की भरिभराउ भएको थियो । अर्कोतर्फ छात्रावासमा बस्नेलाई तथा यज्ञ यज्ञादि आदिमा धारा र पानीको समस्या दिनहुँ बढ्न थाल्यो ।

तसर्थ वि. सं. १९५२ मा स्थानीय बुद्धिजीवी, श्रद्धालु र अभिभावकको भेला बोलाई अर्को स्थानमा निर्माण र व्यवस्थापन नभएसम्मका लागि तपसिलमा उल्लिखित विविध अनुरोध (उपदेश वा गुरुवाणी) गर्नुभएको उल्लेख पाइन्छ :

- टाढाबाट आउने विद्यार्थीलाई आफ्नै घरमा प्रेमपूर्वक घरको सदस्य मानेर राखिदिनू । सकिन्छ किताब पनि किनिदिनू । आफ्नो घरमा पाकेको मीठोमसिनो श्रद्धापूर्वक खान दिनू । विद्यार्थीले पनि मेरै दाजुभाइ, दिदीबहिनी र आमाबुबाका रूपमा प्रेम, श्रद्धा र सम्मान गर्नू ।
- मानवसेवाभन्दा ठूलो धर्म अरू केही छैन । यसले विद्यालयको नाम मात्र चम्कदैन, देशविदेशमा समेत तपाईंका आफन्त, सन्तान र शुभचिन्तक छन् भनी सम्झनू ।
- त्यसै गरी पाठशालाका भिक्षुहरू भर-अभरमा तपाईंहरूको घरदैलोमा आइपुग्दा सकेसम्म १ मानाभन्दा कम भिक्षा नदिनू । अन्य सहयोगसमेत भिक्षुले इच्छा गरेमा गच्छेअनुसार खुसी पारी पठाउनू ।
- साथै भिक्षा माग्ने उपर्युक्त पर्वहरू समेत जानकारी गराउँदै जनमानसमा अनुरोध गरी विद्यार्थी व्यवस्थापनका लागि Helping Hands model मा स्थानीय बासिन्दालाई पनि सचेत गराइ सहभागी गराउनुभएको देखिन्छ ।

यसबाट विश्लेषण गर्न सकिन्छ कि आधुनिक शिक्षापद्धतिमा छात्रावासको मात्र व्यवस्था गरिन्छ । तर गुरुको दूरदृष्टिले छात्रवास व्यवस्थापन विद्यालयले मात्र गर्न नसक्दा बालागुरुले स्थानीय बासिन्दाका घर तथा कटेरामा श्रद्धापूर्वक व्यवस्थापन गर्ने सहभागितापूर्ण नीति (Participatory Approach) प्रयोग भएको S-S Model को अर्को अनौठो विशेषता प्रयोग गर्नुभएको देखिन्छ । लेखकको घर वितलबमा पनि षडानन्द पाठशालाका विद्यार्थी भिक्षा माग्न आएको तथा छिमेकीको घरको कटेरामा पनि पाठशालाका विद्यार्थी बसेर पढ्ने गरेको स्मरण ताजै छ ।

राजेन्द्रकुमार अधिकारीका अनुसार "आफ्नो घर वितलबमा गोगनेका न्यौपानेहरू, खोटाङका विद्यार्थीहरू, सोलुका विद्यार्थीहरू आई छात्रवृत्तिबापत उनीहरूले प्राप्त गरेको धान ल्याई ढिकीमा कुटेर लग्दथे । समय-समयमा भिक्षाबाहेकका अन्य सहयोग पनि गरेका थियौँ ।" यो S-S Model Participatory Approach को उदाहरण र ठोस प्रमाण पनि हो भनी विश्लेषण गर्न सकिन्छ । यी कार्य स्वयम् यस लेखकले पनि देखेको तथा सुनेको हो ।

प्रसङ्गवश दिङ्ला थुम्की अर्थात् कैलाशडाँडा, नर्मदेश्वर महादेव स्थापित डाँडा, अग्लो स्थानको डाँडा र छेवैमा टुँडिखेलसमेत भएको अत्यन्तै

रमणीय स्थान हो। यहाँबाट मकालु, कुम्भकर्ण, कञ्चनङ्घा लगायत सेतै हिउँले लपेटिएका हिमालहरू र बिहानीको सूर्यको प्रथम किरणसँगै बेहुलीझैँ सजिएको दृश्यको बयान शब्दमा समेत गर्न सकिँदैन । इलामको अन्तुडाँडाबाट वा तीनजुरेको पाथीभरा मन्दिर परिसरबाट जस्तै मनमोहक दृश्य देखिन्छ। उक्त डाँडाबाट तीनतलेडाँडा, मैयुमडाँडा तथा ट्याम्केडाँडाको मनमोहक दृश्यले मुटु नै लुट्दछ। दिङ्ला साँच्चै स्वर्गकै एक टुक्राझैँ रहेको आभास हुन्छ।

अर्कोतर्फ खाँदबारी बजारको दृश्य, चैनपुर बजार, सुन्तलेडाँडा, पाख्रीबास डाँडा, धनकुटाका डाँडाहरू, हिलेडाँडा, तेह्रथुमको तीनजुरेको दृश्य आदिले याद कताकता बहलाउँछ । योगमायाको जन्मभूमि, तपोभूमि, कर्मभूमि रहेको कोटिहोम क्षेत्र तथा गौडेनी अनि अरुण नदीको नागबेलीको प्रत्यक्ष दृश्यावलोकन गर्न सकिन्छ । भोजपुर जिल्लाकै अग्लो चिर्खुवाको छाँगो, कुदाककाउले, नेपालेडाँडा, कुलुङ, ताम्कु, माङतेवा, हेदाङनाको दृश्य मजाले लुट्न सकिन्छ। फालिकोटतिरका धानका फाँट, च्याङचरम्बी, अरुण उपत्यकाको समग्र भाग र तुम्लिङटारको दृश्यले कसको मन प्रकृतिसँग लुकामारी खेल्दैन होला ? तसर्थ विद्यालयको भीड, जङ्गी अड्डाको भीड, यज्ञयागादिको भीड, दृश्यावलोकन गर्ने पर्यटकको भीड, तीर्थयात्रीको भीड, सन्तमहन्तको भीड आदि कारणहरूबाट कैलाशडाँडामा अभावै-अभाव हुँदा वि. सं. १९५५ देखि दिङ्ला बजारछेउ स्थायी भवन, छात्रावास, पुस्तकालय, बरबगैँचा आदि व्यवस्थापन गरी हालको मन्दिर परिसरमा पाठशाला स्थानान्तरण भएको देखिन्छ।

वि. सं. २०५६ – ५८ तिर अरुण मा. वि. का तत्कालीन प्र. अ. गुरुप्रसाद राईले विद्यालय कम्पाउन्ड विस्तारका क्रममा विद्यालयमाथिको तेर्सो बाटो तथा त्यसमाथिको स्थानमा ढुङ्गाका मूर्तिहरू, फलैँचा र ढुङ्गे स्तम्भहरू फेला पारी केही गुठी समितिलाई जिम्मा लगाएको देखिन्छ । भूमेथानका जस्ता ढुङ्गाका स्तम्भहरू पनि फेला परेका थिए । प्राचीन किरात राजारजौटाको दरबारका भग्नावशेषसमेत हुन सक्ने अनुमान गरिएको छ । यसबाट पनि विभिन्न कालखण्डमा कैलाशडाँडा परिसरको निर्माण र विस्तार अरुण मा. वि. को तेर्सो बाटो सिमानासम्म फैलिएको र निर्माण भएको प्रमाण देखिन्छ। साथै किरातकालीन बलिहाङ अन्तर्गतका रजौटा शासकको दरबार वा सैन्य अड्डाहरू पनि कैलाशडाँडामा रहेको अनुमान गर्न सकिन्छ। राईले फेला पारेका २-३ वटा ढुङ्गे स्तम्भहरू हाल कैलाशडाँडाको शिवमन्दिर अगाडि मन्दिर प्रवेशद्वारका रूपमा सजाएको देखिन्छ । के-के निर्माणहरू त्यहाँ भएका थिए ? भनी अनुसन्धान गर्नु आवश्यक देखिन्छ। 'चीनमा पनि हाङवंशी राजाहरूले शासन गरेका थिए जसले मस्टोलाई पूजा गर्दथे। क्षत्रीहरू पनि मस्टोलाई पूजा गर्दछन्। उनीहरूका धेरै संस्कारहरू मिल्दाजुल्दा देखिन्छन् । हाङवंशी र क्षत्रीहरूको

परम्पराहरू विश्लेषण गर्दा दाजुभाइ सरह हुन् भन्न सकिने धेरै आधारहरू छन्' भनी हिमाल अनलाइन टीभीको युट्युवमा (२०७८) विद्वान् प्रेम कैदीको अन्तर्वार्तामा पनि भेटिन्छ ।

**पाठ्क्रम व्यवस्थापन :**

प्राचीन कालदेखिको इतिहास केलाउँदा शिक्षाका ३ शाखाहरू देखिन्छन् ।

**मन्त्रविद्या (आरण्यक)** - ऋषिमुनिहरूले जङ्गलमा बसी तपस्या गर्ने, गुरुकुलमा पढाउने, वेद, रुद्री र कर्मकाण्डका मन्त्रहरू (ऋचा) को उच्चारण गरी अध्ययन गर्ने गरेको पाइन्छ ।

**तन्त्रविधा** - धामी र झाँक्रीहरूको जस्तो विद्या, झारफुक गर्ने, जादू देखाउने, टुनामुना गर्ने, मन्त्र शक्तिको प्रयोग गर्ने, जन्तरहरूको प्रयोग पनि गर्दै बिरामीको उपचार गर्ने, अणिमा, महिमा, लघुमा आदि प्रयोग गर्ने विद्याहरू यस अन्तर्गत देखिन्छन् । जस्तै बालागुरु षडानन्दले रुमाल बिछ्याई अरुण नदी तर्ने, असिनापानी रोक्ने आदि विधिहरू । योग नरहरिनाथ उड्न सक्ने प्रसङ्ग । स्वर्गद्वारी महाप्रभुले रूखको टोड्काबाट पैसा निकालेका प्रसङ्ग । रामधुनीमा बाघाम्बार बाबा बाघमाथि चढेर हिड्ने र सखुवाको रूखमा त्रिशूल प्रहारगरी आँप फलाएर खाने प्रसङ्ग । करफोक स्वामी जाडोमा चप्लेटी ढुङ्गामा बाघ बनेर लमतन्न सुतेर घाम ताप्ने प्रसङ्ग आदि । यो विधा आज लोपोन्मुख छ । कतिपय तन्त्र विद्याहरू त सदाका लगि लोप भइसकको अनुमान हुन्छ ।

**यन्त्रविद्या** - यन्त्रविद्या भन्नाले यन्त्र बनाउने, औजार आविष्कार गर्ने, मेसिनको प्रयोग गर्ने तथा हातहतियारको प्रयोग गर्ने भन्ने बुझाउँछ । यो विद्या विज्ञान र प्रविधिसँग सरोकार राख्दछ । तत्कालीन समयमा निर्माण गरिएका पुष्पक विमान, रामको धनु, अर्जुनका धनुहरू, अश्विनीकुमारको आयुर्वेदिक उपचार पद्धति, सल्यचिकित्सा पद्धति, विश्वकर्माका आविष्कारहरू आदि ।

आजभोलिका स्कुल र क्याम्पसको पढाइमा गरिने कलकारखाना, उद्योगधन्दा, मेसिन, आविष्कार, आधुनिक उपचार पद्धति, इन्जिनियरिङ विषय, कम्प्युटरसम्बन्धी ज्ञान लिने कार्य आदिलाई यन्त्रविधाका रूपमा लिन सकिन्छ । तर प्राचीनकालमा ३ प्रकारकै विद्याहरू सन्तुलनमा थिए भने आजभोलि यन्त्रविधाको प्रयोगले आधुनिक विश्वमा असन्तुलन ल्याएको देखिन्छ । आध्यात्मिक विद्या छैन । धर्म, चाडपर्व, रीतिरिवाज र संस्कारहरू लोप वा नासिदै गएका देखिन्छन् ।

गुरु षडानन्द ज्योतिषका प्रयोगकर्ता, आयुर्वेदका ज्ञाता र प्राकृतिक चिकित्साको (Naturopathy) थोरबहुत प्रयोगकर्ता पनि रहेको देखिन्छ । साथै बिरामीलाई फुकेर पनि निको पारेको प्रसङ्ग खेमराज गौतमबाट लिखित ग्रन्थमा

देखिन्छ । वि. सं. १९२८ को चामुनारायण सत्तलमा बस्दाको प्रसङ्ग विश्लेषण गर्दा बालागुरु तन्त्र, मन्त्र र यन्त्र गरी ३ विधाको प्रयोगकर्ताका रूपमा रहेको देखिन्छ । गुरुकुलको शिक्षापद्धति मूलतः मन्त्रविधा अनुसार नै चलेको देखिन्छ, तथापि अन्य विद्याको पनि प्रयोग भने यदाकता भएको हुन्छ ।

यादव चापागाई (२०७२) अनुसार पाठशालमा गणित, कौमुदी, हितोपदेश र अन्य विषयहरू अध्ययन हुन्थ्यो । लेखनाथ चापागाई (२०५२) का अनुसार रुद्री, चण्डी, काव्यकोश, आयुर्वेद, व्याकरण र कर्मकाण्डका विषयमा छलफल गरिन्थ्यो ।

प्रा. रामेश्वर चापागाई (२०५२) का अनुसार लघुकौमुदी, अमरकोश र चण्डी आदि विषय पढाइ हुन्थे । डा. लक्ष्मण शास्त्री : २०५२), “कौमुदीका सूत्र र व्याकरणका भौतिक सूत्र दिङ्लाले प्रतिपादन गरेको थियो ।”

दधिराज सुवेदी (२०५२) का अनुसार वेद, साहित्य, व्याकरण, ज्योतिष, चण्डी, इतिहास, भूगोल, आयुर्वेद आदि विषयहरू पढाइ हुन्थ्यो । प्रा. लालानाथ सुवेदी (२०७२ भाद्र १४, अन्नपूर्ण पोस्ट), “संस्कृत शिक्षाको अतिरिक्त उनले विद्यार्थीको रूचि र आवश्यकताअनुसार भाषा, व्याकरण, ज्योतिष, गणित, श्रेस्ता, नीतिवचन, वेदवेदान्त आदि विषयको प्रबन्ध गरेका थिए ।” पं. मेघराज शर्मा (२०५२), “सजिलो र स्मरण हुने गरी सूत्रबद्ध रूपमा पढाइ हुन्थ्यो ।”

पूर्वलेखाअधिकृत परशुराम कट्टेल (२०७३ : ३०५) का अनुसार षडानन्द पाठशालामा चण्डी, रुद्री, वेद, व्याकरण आदिका पढाइ हुन्थ्यो । यसको अतिरिक्त गाउँघरमा प्रचलित लेनदेन, लिखत, टिपोट, रसिद, तमसुक र कर्मकाण्ड आदि विषयमा पनि सिकाइन्थ्यो ।

एकराज अधिकारी (२०७३ : १६) का अनुसार जयधर्म अधिकारीलाई वेद, रुद्री र वेदान्तसम्बन्धी ज्ञान, बद्रीनारायण अधिकारीलाई व्याकरण सम्बन्धी र लक्ष्मीभक्त अधिकारीलाई भागवत्सम्बन्धी ज्ञान प्राप्त हुनेछ भनी आशीर्वाद बालागुरुले दिएका कुराहरू उल्लेख देखिन्छन् ।

खोटाङको मार्सेका पूर्वविद्यार्थी डम्बरप्रसाद भण्डारी (२०७३ : २०७) का अनुसार काठमाडौंमा पढेर फर्किएर वि. सं. २००५ मा दिङ्ला गएको र २ वर्ष अध्ययन गरेको प्रसङ्ग छ । डिल्लीराज गुरुबाट लघुकौमुदी, अमरकोश र रघुवंश काव्य अध्यापन भयो । सेमन्तराजबाट वेद अध्यापन भयो । लक्ष्मीभक्त गुरुबाट बेलाबेलामा आई निर्देशन दिइन्थ्यो । डण्डपाणि चापागाईंसँग पनि वेद र कर्मकाण्ड पढियो । दिङ्लामा पढ्दा करिब ३०० विद्यार्थी थिए । सहपाठीहरूमा खोटाङ मार्सेका भोजराज रेग्मी र देवराज रेग्मी पनि थिए । परीक्षामा राम्रो गर्ने र नियमित भएर पढाइ गर्नेले मासिक ४ पाथीदेखि १० पाथी धान छात्रवृत्ति पाइन्थ्यो । मैले छात्रवृत्ति लिइनँ । मलाई डम्मरुबल्लभ चापागाईको घरबाट

चामल उपलब्ध हुन्थ्यो साथै नपुग अन्न स्थानीयको घरमा दिएको सिदा दानबाट गुजारा गरेँ । मन्दिरमा पुजारी गोतामे थरका थिए । मैले जजमानी पेसाबाट असली जीवन गुजारा गरें । सिद्ध महात्मा बालागुरुले पाठशाला, मन्दिर र बगैंचा निर्माण गर्नाले दिङ्ला प्रख्यात भएको हो । अहिले पनि त्यहाँको बगैंचा र फलफूलको याद आइरहन्छ ।

डा. तुलसी भट्टराई (२०७३ : २१२ – २१८) का अनुसार वि. सं. २०४२ साल पौष २३ गते बिहान दिङ्ला बजारको चियापसलमा तुङ्गेछाका गणेशबहादुर तामाङले 'दिङ्लामा त सबै जात धर्मले दशैं, तिहार, ल्होसार मेला र पर्वहरू सरावरी मान्ने चलन छ । यो गुरुमहाराजको कीर्तिगाथा हो ।' भन्ने वाक्यले आफ्नो मनमस्तिकमा छोएको प्रसङ्ग उल्लेख भएको छ ।

डा. भट्टराईका अनुसार हजुरबुबा पं. शिवनिधि भट्टराई ताप्लेजुङको ओसेबाट वि. सं. १९६८ मा अध्ययन गर्न दिङ्ला पुगेको देखिन्छ । गुरुकै शिष्यहरूसँग अध्ययन भएको थियो । बडाबा पं. रामप्रसाद भट्टराईको पनि अध्ययन दिङ्लामै भएको थियो । षडानन्द गुरुकै नाति शिष्यहरूसँग अध्ययन भएको थियो रे । ताप्लेजुङ हाङ्देवाका सिक्देल पण्डित दिङ्लामा पढेर एक वर्षमै ठूला पण्डित भएका थिए । तेल्दोकका रेग्मी पण्डित, सिनामका पं. मेदिनी नेपाल, फावाखोलाका पं. रामप्रसाद भट्टराई, डुम्रिसेका अविकेशर दाहाल, थुमेदिनका पं नन्दिकेश्वर खतिवडा आदि । अन्य धेरै ताप्लेजुङ जिल्लाकै नामी पण्डितहरू दिङ्लामा अध्ययन गर्ने थिए । ताप्लेजुङ्गबाट दिङ्ला गई पढेका नामी पण्डितहरू बारेमा हजुरबुबा र ठूलाबाबाट दिङ्लाको अद्भुत वर्णन सुन्दा मलाई सानैमा दिङ्ला एकादेशको माहात्म्य कथाझैं लाग्दथ्यो ।

पत्रकार तथा मानव-अधिकारकर्मी श्याम लम्साल (२०७३ : ५१) का अनुसार आबाल ब्रह्मचारीले राजयोग, हठयोग र अष्टाङ्गयोग साधना गरेको स्पस्ट हुन्छ । चौविस गायत्री पुरश्चरण गरी सिद्धिसमेत प्राप्त भएको देखिन्छ । षडानन्दको दूरदर्शिता तथा लगनशीलताले सञ्चालन गरेका पाठशाला, मन्दिर, गुठी, हटिया, मेला र पर्वहरू आजसम्म निरन्तर सञ्चालनमा छन् । उनी एक समाजसुधारक तथा महान् राष्ट्रिय विभूति थिए ।

माथिका विषयहरू तथा वि. सं. १९६६ को धर्मपत्रिका विश्लेषण गर्दा, "विद्या पढ्नाका इच्छालाई, जो विद्या पढ्नाको इच्छा, सो सुविस्तासाथ पढ्नाका लागि पाठशाला राखेको छु ।" अर्थात् गणित, अङ्ग्रेजी, जापानी, चिनियाँ, फारसी, औषधि विज्ञान, इन्जिनियरिङ जे पनि विषय समय, स्रोत, साधन, शिक्षक र विद्यार्थीले भ्याए तथा व्यवस्थापन गर्न सके Overall खुला गरिएको अति उदार र प्रजातान्त्रिक दृष्टिकोण थियो भनी विश्लेषण गर्न सकिन्छ । यहाँ कुनै पाठ्यक्रम पढ्न रोकटोक वा बन्देज लगाइएको देखिदैन ।

बालागुरु षडानन्दलाई ब्राह्मण भन्ने, संस्कृत पढाइले हाम्रो स्थानीय भाषा, धर्म, संस्कृति सिध्यायो भन्ने फरक मतको जमात आजसम्म पनि दिङ्लामा देखिन्छ। षडानन्द मा. वि., षडानन्द गुठी, षडानन्द क्याम्पस, षडानन्द नगरपालिका र षडानन्द शब्दसँग जोडिएका काम र प्रसङ्गलाई कर्के नजरले हेर्ने दृष्टिकोण सङ्कीर्ण सोचको उपज हो भन्दा फरक पर्दैन । यो सोचभन्दा षडानन्दले कर्म गरेर दिङ्लालाई पुऱ्याएको योगदान, राष्ट्रमा पुऱ्याउनुभएको योगदान र अन्तर्राष्ट्रिय ख्यातिका कारण उनी धेरै महान् देखिन्छन्। षडानन्दको नाममा प्राप्त राष्ट्रिय र अन्तर्राष्ट्रिय पुरस्कारहरू, श्रद्धा तथा सम्मानले पनि महान् रहेको पुष्टि हुन्छ।

प्रसङ्गवश वि. सं. १९६६ को धर्मपत्रिका र पाठ्यक्रममा उल्लेख भएका उदारपनलाई मात्र हामीले विश्लेषण गर्न सकेको भए आज षडानन्द मा. वि. को संस्कृततर्फको धार, साधारण वा अङ्ग्रेजीतर्फको धार दुवै चल्न सक्ने अवस्था देखिन्छ। तर तत्कालीन नेपाल सरकारको नीति पनि विश्लेषण गर्नु जरुरी छ। षडानन्द मा. वि. मा भाषातर्फका आधुनिक विषय, प्राविधिक धारतर्फका विषय दिन सकेका भए अथवा पोखराको भाषा विद्यालय, काठमाडौँको विश्वभाषा क्याम्पस झैँ रूपान्तरण गर्नसकेको भए मात्र पनि नेपाली इतिहासमा लगातार यस विद्यालयले ख्याति कमाउन सक्ने थियो।

बालागुरुजस्तै अर्का विशिष्ट व्यक्तित्व योगी नरहरिनाथको अनेक प्रयासस्वरूप नेपालमा नेपाल संस्कृत विश्वविद्यालय दाङको बेलझुण्डीमा वि. सं. २०४३ मा खुल्यो। षडानन्द पाठशालालाई विश्वविद्यालयमा रूपान्तरण गर्न सकेको भए दाङभन्दा जेठो संस्कृत विश्वविद्यालय बन्न सक्ने थियो। तर विडम्बना, हामी दिङ्लालीले पाखुरा मात्र बजाऱ्यौँ। षडानन्द ब्राह्मण हो र सबै कुरा ब्राह्मणका लागि मात्र गरिदियो भन्ने सोच बदल्न सकेनौँ। संस्कृत पढेमा जागिर पाइँदैन भन्ने सोच छ। वि. सं. २०३५ – २०४० अघि त संस्कृत नपढेचाहिँ सरकारी जागिर नै पाइँदैनथ्यो भन्ने स्मरण गर्न सकेका छैनौँ। ब्राह्मण र क्षत्रीहरू पनि शैक्षिक विकास गर्नुको सट्टा सहरबजार पस्ने, तराईमा बस्ने गर्न थाल्यौँ। गुठी छँदैछ, त्यसैले गरे गर्छ, नगरे गर्दैन भन्ने सोचमा पऱ्यो। त्यसकारण दिङ्ला पछाडि परिरहेको छ लगातार .. लगातार। यो दिङ्लाको विडम्बना हो।

प्रयास गरेको भए षडानन्द पाठशालालाई हामी नेपालकै आयुर्वेद विद्यालय वा विश्वविद्यालयका रूपमा रूपान्तरण गर्न सक्ने थियौँ। नेपालको प्रथम ज्योतिष विद्यालय बनाउन सक्ने सम्भावना थियो। नेपाको भाषा विद्यालयहरू बनाउन सक्ने थियौँ। नेपालका सबै जाति जनजातिका भाषा, धर्म र संस्कृतिको अनुसन्धान केन्द्र षडानन्द विश्वविद्यालय हुन सक्ने थियो।

तर भविष्यमा भयो भने पनि संस्कृत भाषा समावेश गरेनौं भने गुरु षडानन्दको मूल मर्ममाथि प्रहार हुन्छ । संस्कृत र संस्कृतिलाई पाठ्यक्रममा कहीँ न कहीँ समावेश गर्नैपर्दछ ।

विडम्बनास्वरूप वि. सं. २०५७ को माओवादी गृहयुद्धको समयमा विद्यालयमा बम पड्काइयो । संस्कृत विषय हटाइयो । शान्ति क्षेत्र विद्यालय गोला र बारुदको रणभूमि बन्यो । तत्कालीन विद्रोही समूहअन्तर्गतको किरात वर्कस पार्टीले षडानन्द संस्कृत विद्यालयको नामबाट संस्कृत हटाउन बाध्य बनायो । वि. सं. २०७० को अन्त्यतिर विप्लव समूहले षडानन्द विद्यालय कोठामा जबर्जस्ती कार्यक्रम गऱ्यो । विप्लव स्वयम् पुग्नुभएको थियो । हामी ( लेखकसमेत) डरले त्रसित हुँदै भाग लियौँ र चन्दा पनि दियौँ । भोलिपल्ट बिहान ३-४ बजेतिर विद्यालय भवनमुन्तिर बम पड्काई फालिकोट हुँदै टोली भोजपुरतर्फ अगाडि बढ्यो । यसरी नेपालको इतिहास बोकेको विद्यालय र गुठीमा परिसरमा राजनीतिक गन्ध जोडिनु दुःखद पक्ष हो ।

तरुण तलका केन्द्रीय पूर्वसचिव उत्तम चापागाईको भनाइमा ध्रुव सुवेदीको अन्नपूर्ण पोस्ट लेख, २०६९ मङ्सिर १२ मा उल्लेख छः “विडम्वना छ, जुन षडानन्द संस्कृत मा. वि. को संस्कृत शब्दले ऐतिहासिक धरोहर कायम थियो, त्यही हटाउँदा कस्तो पीडा भयो होला, अनुमान गर्न सक्दैनौँ । षडानन्द पाठशालाभन्दा धेरैपछि एक-एक रुपयाँ भिक्षा माग्दै सन्त-योगीबाट खुलेको बनारस हिन्दू विश्वविद्यालय संसारकै ख्यातिप्राप्त एक विश्वविद्यालय बनेको उदाहरण हामीले मनन गर्नु जरुरी छ ।”

विश्लेषण गर्न सकिन्छ कि समय केही ढिला मात्र भएको हो । तर अझै पनि सम्भावना जता–ततै देखिन्छ । यस पाठशालका उत्पादित शिष्यहरू र उहाँहरूका सन्ततिहरू सिक्किम, भुटान, आसाम, तिव्वत, श्रीलङ्का, बर्मा, बेलायत, अमेरिका, अष्ट्रेलिया, UNO आदिसम्म कतिपय त उच्च ओहदामा पनि हुनुहुन्छ । सहयोगी हात बढाउनु जरुरी देखिन्छ । एकातर्फ उत्पादित शिष्यहरूको Alumni बनाई सम्बन्ध जोडी समन्वय गर्नु आवश्यक छ भने अर्कातर्फ देशविदेशमा गुरु षडानन्द र षडानन्द पाठशालाको ख्याति प्रचरप्रसार गरी संरक्षण गर्नु जरुरी छ ।

अझै पनि दिङ्लालीहरू, षडानन्द नगरपालिका, गुठी समिति, षडानन्द मा. वि. मा उत्पादित शिष्यहरू, देशविदेशमा समेत उच्च ओहदामा कार्यरत प्रशासकहरू, भोजपुरबासी सांसददेखि भोजपुरमा जन्म भएकी पूर्वराष्ट्रपति लगायत देश-विदेशमा रहने शुभेच्छुकहरू जुर्मुराउने हो भने आगामी ५-७ वर्षभित्रैमा षडानन्द बहुउद्देश्यीय विश्वविद्यालय बन्न सक्दछ । केवल दूरदृष्टि, बौद्धिकता र इच्छाशक्ति मात्र आवश्यक छ ।

समग्रमा षडानन्द पाठशालाको उदार तथा प्रजातान्त्रिक पाठ्यक्रमबाट संस्कृत र ढर्राको शिक्षा, पण्डित वा पुरेत मात्र उत्पादन गर्ने शिक्षा मात्र भएन । यसले प्रशासक, आयुर्वेदिक कविराज, ज्योतिष, वास्तुशास्त्रविद्, आधुनिक विज्ञानका ज्ञाता, भूगोलविद्, गणितज्ञ उत्पादन गर्न सक्ने तथा सूत्रबद्ध पढाइ शैलीका कारण जुनसुकै अवस्थामा प्रतिस्पर्धा गर्न सक्ने, समाज र राष्ट्रलाई हाँक्न सक्ने शिक्षा प्रदान गरी सरकारलाई आदर्श प्रशासकहरू उत्पादन गरिदियो । आज अङ्ग्रेजी भाषा उत्कृष्ट ठानेर फुइँ गर्नेहरूले बुझौँ कि वि. सं. २०३० – २०४० अघि नेपाल सरकारका प्रशासक वा सचिवहरू कहाँका थिए ? के पढेका थिए ? युरोप वा अमेरिकाबाट आएका थिए कि ? जवाफ दिनुहोस् । तसर्थ संस्कृतलाई पनि हेला नगर्नुहोस् । त्यति बेला संस्कृत नपढी अङ्ग्रेजी मात्र पढ्नेले नेपालमा जागिर नै भेट्दैनथे । अहिले पनि नेपालमा जेजति उच्च तहका इतिहासविद्, भूगोलविद्, साहित्यकार, भाषाविद्, कलाकार, प्राध्यपक, विद्वान्हरू, अधिकार कर्मीहरू र नेतृत्वहरू रहेका छन्, उनीहरूलाई संस्कृतको ज्ञान नभए झोलीतुम्बा बोकेर हिँडे हुन्छ । जन्मँदा, विवाह गर्दा, मर्दा र धार्मिक कार्य गर्दा संस्कृतविना धेरै जातजातिको जीवनयापन पनि असम्भव देखिन्छ । बिहानै उठेर नित्य पूजापाठ गर्ने केही जातिहरूलाई अङ्ग्रेजीका सूत्र भट्याएर काम लाग्दैन । संस्कृतका मन्त्रहरूको विधि, संस्कार, धर्मकर्म, मूल्यमान्यता, लगनशीलता, कर्तब्यको बोध र अनुशासन अङ्ग्रेजी stanza मा छैनन् ।

अर्कोतर्फ समाजमा धर्मसंस्कृतिको संरक्षण र पुनर्जागरण गर्न सक्ने पण्डितहरू, मठमन्दिर, विद्यालय, बाटोघाटो र सार्वजनिक सम्पत्ति स्थापना र संरक्षण गर्ने दानवीर, समाजसुधार गर्न सक्ने समाज सुधारक, साहित्यकार, विद्वान्, भ्रष्ट नभएका कर्मचारी र धर्मकर्म तथा सेवामा लाग्ने मनवीरहरू उत्पादन भएका थिए । तत्कालीन राणाशासकविरुद्ध लड्ने बौद्धिक राजनीतिक योद्धाहरूसमेत उत्पादन गर्ने अवसर पाठशालाको शैक्षिक चेतनामार्फत जुराइ दिएको विश्लेषण गर्न सकिन्छ ।

**शैक्षिक गतिविधि तथा अतिरिक्त क्रियाकलाप व्यवस्थापन :**

पूर्वसहप्राध्यापक मेघराज उपाध्याय कोइराला (२०७३ : २४० – २४५) का अनुसार वि. सं. २०२४ सालमा दिङ्ला पाठशालामा अध्ययन गरेर धरानको पिण्डेश्वरमा आई परीक्षा उत्तीर्ण भई दिङ्लाको पढाइ सकेको थिएँ । वि. सं. २०२५ मा काठमाडौँ जाँदा शास्त्रीसम्मको पढाइ दिङ्लामा हुन्थ्यो । आफूले अध्ययन गरेको समयमा भोजपुरको टक्सार र गोगने आदिमा पाठशालाहरू खुलिसकेका थिए । पहिले गोगनेमा पढेर त्यसपछि माथिल्लो कक्षामा अध्ययनका

लागि दिङ्‌ला अनि क्रमशः धरान, काठमाडौँ र बनारस पुग्दथे । आफू विद्यार्थी हुँदाको प्रार्थनाको केही अंश अहिले पनि कर्णरन्ध्रमा गुञ्जिएको स्मरण ताजै छ । 'ॐ वागीश्वर्यै नमः' भन्ने सरस्वती वन्दना सुरुमा, त्यसपछि स्व. हरिप्रसाद काफ्लेद्वारा रचित प्रार्थना र त्यसपछि गाउँछ गीत नेपाली भन्ने राष्ट्रिय गान गाइसकेपछि कक्षा सुरु हुन्थ्यो । स्व. हरिप्रसाद काफ्लेद्वारा रचित प्रार्थनाका केही अंशहरू कण्ठस्थ छन्:

श्रीमत् षडानन्द सुनामधारिणे, स्वधर्मरक्षाव्रतपूर्णहारिणे ।
अध्यात्मविद्यारससिन्धुचारिणे, तस्मै नमः श्रीगुरुब्रह्मचारिणे ॥
स्वजन्मनेपालपवित्रकारिणे, विद्‌यालयस्थापनकीर्तिधारिणे ।
समाश्रितश्रीहरिहृद्‌विहारिणे, तस्मै नमः श्रीगुरुब्रह्मचारिणे ॥
वेदान्तवीथीषु विहारकारिणे, विज्ञानवाचस्पतिरूपधारिणे ।
श्रीरामसीताशिवधामकारिणे, तस्मै नमःश्रीगुरुब्रह्मचारिणे ॥

कोइराला उल्लेख गर्नुहुन्छ, "सिद्धिप्राप्त त्यागी समाजसेवी महापुरुषले स्थापित गरेका शिक्षा र सुधारक आदर्श भावनालाई कदर गर्न नसक्दा, संरक्षण र सदुपयोग न गर्ने हो भने भविष्यले हाम्रो कस्तो मूल्याङ्कन गर्ला ? आखिर मृत्युभन्दा माथि त कोही पनि छैन । यो राष्ट्रिय दायित्वको विषय पनि हो । राष्ट्रिय सम्पदा भएर पनि विश्व सम्पदा सूचीमा रहनुपर्ने यो संस्था सीमित वर्ग र व्यक्तिहरूको स्वार्थले गर्दा बुझ्ञ पचाएर सबै सरोकारवालाहरू, विद्वान् र विदुषीहरू सुतिरहेको पो हुन् कि जस्तो भान हुन्छ । अब सबैले जाग्नुपर्‍यो ? यो अहिलेको दायित्व हो ।"

षडानन्द संस्कृत मोडल (S-S Model) शिक्षण विधिमा बौद्धिक विषयहरू, कर्मकाण्डका विषयहरू लगायत इतिहास, भूगोल, आयुर्वेद, ज्योतिष तथा नीति वचनहरू पढाइ हुने कुरा स्पष्ट देखिन्छ । यो मोडलका बारेमा अहिलेसम्म विस्तृत खोज, व्याख्या र विश्लेषण पर्याप्त हुन नसके तापनि यस नमुनाका शैक्षिक गतिविधि, अतिरिक्त क्रियाकलाप तथा विशेषताहरू निम्नानुसार विश्लेषण गरिएको छ ।

- यस शिक्षामा सबै जात, थर, लिङ्ग, धर्मकालाई निःशुल्क पढ्न उपलब्ध थियो । अर्कोतर्फ पढाइ र अतिरिक्त रिजल्टसँगै प्रोत्साहन पुरस्कार र छात्रवृत्ति पनि प्राप्त हुने व्यवस्था थियो ।
- यो प्रयोगात्मक, प्राविधिक र व्यावसायिक शिक्षासमेत थियो । गुरु षडानन्द आफैं र त्यसपछिका पण्डित शिक्षकहरू आवश्यकताअनुसार वेद, रुद्री, चण्डी, कर्मकाण्ड गर्न पोख्त भइसकेका, परीक्षा दिएर उत्तीर्ण नभइसकेका वटुकहरू लिएर पूजा वा यज्ञादि लगाउने घरमा सरिक गराउनुहुन्थ्यो ।

- पूजा वा यज्ञादिमा वटुकसमेत सरिक हुनाले यसलाई आधुनिक शिक्षणको Fieldwork, Project Work वा OJT सँग तुलना गर्न सकिन्छ । चीन, जापान, फ्रान्स आदि देशको शिक्षानीतिमा विद्यालयमा सैद्धान्तिक ज्ञान दिइन्छ र कुनै Factory वा उद्योगमा लगेर प्रयोगात्मक ज्ञान दिइन्छ । उक्त कार्यलाई विद्यार्थीले Practical परीक्षा वा अध्ययनका रूपमा लिँदै पकेट खर्चसमेत प्राप्त गर्दछन् । यस मोडलमा पनि वेद, रुद्री, चण्डी आदि पढिदिएबापत वटुकहरू पकेट खर्च कमाउँथे ।
- भोजपुर, सङ्खुवासभा तथा अन्य ठाउँमा समेत गुरुसँग विद्यार्थी वेद, रुद्री, ज्योतिष आदि पढ्न र चिना हेर्न जाने र व्यावहारिक ज्ञान प्राप्त गर्ने हुँदा यसलाई शैक्षिक भ्रमण (Educational Tour) सँग तुलना गर्न सकिन्छ । दिङ्लाको अनुकरण गर्दै मनकामना, हलेसी, चैनपुर, गुप्तेश्वर, सिद्धकाली आदि स्थानमा शिवरात्रि, वालाचतुर्दशी, एकादशी आदि मेला लाग्दा धेरै विद्यार्थीहरू पनि पुगेर पछिल्ला वर्षहरूमा रुद्री, चण्डी तथा कर्मकाण्ड गरी प्राक्टिकल रूपमा समावेश भएका देखिन्छन् । राजा महाराजको आगमन हुँदा समेत स्वस्तिवाचन गर्न टाढा टाढा पुगेको देखिन्छ ।
- परीक्षा प्रणालीमा श्रोता मत (Audience Poll) प्रयोग भएको देखिन्छ । विभिन्न धुरन्धर पण्डितहरूको घरमा समेत विद्यार्थीहरू पुगी कर्मकाण्डका विधिहरू सम्पन्न गर्दा ती विद्वत् वर्गका Feedback बाट को उत्कृष्ट वेद पढ्ने ? को उत्कृष्ट भागवत पढ्ने ? को उत्कष्ट चण्डी पढ्ने ? को विद्यार्थी सामान्य मात्रै ? आदि कुराहरू गुरुलाई प्रत्यक्ष जानकारी हुने हुँदा जसलाई श्रोता मत (Audience Poll) का रूपमा लिन सकिन्छ भने अर्कोतर्फ आजभोलिको निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको (CAS) रूपमा समेत तुलना गर्न सक्छौँ, जसका आधारमा आन्तरिक परीक्षामा अङ्कन गर्न सकिने र बाह्य परीक्षा बोर्डले मौखिक वा लिखित दुवै परीक्षा लिन सक्दथ्यो ।
- अन्य अतिरिक्त क्रियाकलापहरूमा कक्षाको वेद, रुद्री, गीता आदिको मन्त्रोच्चारण, व्याकरणको सुँगारटाइ तथा Formula को प्रयोग र स्मरण गरी कण्ठाग्र पार्नुबाहेक ज्योतिषका चिनाटिपन वनाउने, हेर्ने, छलफल गर्ने, गुरुलाई जाँच्न दिने, जप गर्ने विधिहरू, ध्यान गर्ने, तप गर्ने, स्नान गर्ने, पूजापाठ गर्ने, पूजाविधि, श्राद्धविधि, विवाहविधि आदि विभिन्न प्रयोगात्मक कार्यहरू तथा Homeworks पनि प्रदान हुन्थे ।
- तत्कालीन समयमा अरुण उपत्यकामै र देशविदेशमा समेत कतिपय ठाउँमा अस्पतालहरू नभएको हुनाले स्वास्थ्योपचारको सामान्य जानकारी

विद्यार्थीले लिनुपर्ने अनिवार्यता थियो । विद्यालय र छात्रवास परिसरमै जोडिएको १००८ प्रजातिका फलफूल तथा जडिबुटीको उद्यान हुनाले कुन जडिबुटी के काममा वा कुन रोगमा प्रयोग हुन सक्छ भन्ने जानकारी गुरुहरूबाट, साथीबाट र बिरामी भएको बेला आफैँले जडिबुटी ल्याई परीक्षण गरेर सिक्दथे । कतिपय रोग निको पार्दथे । जस्तै रुद्राक्षको उपयोग कुन-कुन विमारमा प्रयोग गर्ने ? के-के महत्त्व छ ? अशोक वृक्षको महत्त्व के हो ? कुन-कुन रोगमा प्रयोग गर्न सकिन्छ ? आदि ।

- विद्यार्थीहरू दिङ्लामा लाग्ने रामनवमी मेला, बालाचतुर्दशी मेला, शतबीज मेला, यज्ञयागादि, ऋषिपञ्चमी मेला, नौरथामा लाग्ने सतीघाट मेला र अरुणनदी स्नान, गुरु पूर्णिमा मेला, एकादशी, लाखेजात्रा, हिलेजात्रा, कुशेऔँसी, हरितालिका तीज आदिमा पूजाआजा गराउन, स्वयम्सेवकका रूपमा, विद्यार्थीका रूपमा, समाजको आदर्श र अनुशासित चेलाका रूपमा, सहयोगीका रूपमा सामेल हुन्थे, जसका कारण धर्मसंस्कार जानेर, शुद्ध वन्ने तरिका जानेर, समाजमा प्रस्तुति कसरी हुने आदि विषयहरू अतिरिक्त क्रियाकलाप सरह सिक्दथे । आदर्श विद्वान् भएर निस्कन्थे । दानवीर, धनवीर र बुद्धिवीरका रूपमा आफूलाई समाजमा प्रस्तुत गर्दथे ।

आजभोलि Comedy Champion, Nepal Idol, Dance India जस्ता पपुलर टेलिभिजन कार्यक्रमहरूमा Mobile Voting जस्तै Audience poll वा Audience Voting प्रयोग हुनु षडानन्द संस्कृत मोडलको सबैभन्दा महत्त्वपूर्ण विशेषताका रूपमा देख्न सकिन्छ ।

डा. तुलसी भट्टराई (२०७३ : २१२ – २१८), “आफ्ना पिता पं. टेकनाथ भट्टराई पनि दिङ्ला पढेर पण्डित बन्नुभएको थियो । आफ्नै स्रोतले विद्यालय स्थापना गरी शिक्षा समेत दिनुभएको थियो । हजुरबुबा पं. शिवनिधि भट्टराईले वि. सं. १९९१ देखि वि. सं. २०१७ सम्म आफ्नो गाउँ ताप्लेजुङ ओसेमा पाठशाला चलाउनुभएको थियो । बाहुनहरूले कर्मकाण्ड, ज्योतिष र व्याकरण पढ्ने गरेका थिए । क्षत्री र लिम्बूहरूलाई तमसुक लेख्ने र लेखापढी सिकाउने गर्नुभएको थियो । साथै सयौँलाई बालागुरु षडानन्दले झैँ निःशुल्क शिक्षा सेवा गर्नुभएको थियो ।”

पूर्णप्रकाश नेपाल ‘यात्री’ (२०५२ : ६१) का अनुसार षडानन्दले गुरुकुल परम्परामा आधारित संस्कृत पाठशाला स्थापना गरेका थिए । उनी स्वयम् शिक्षित, तत्त्वदर्शी, शिक्षाप्रेमी, अविवाहित, त्यागी, निःस्वार्थी र सादा जीवन उच्च विचारमा आचरणका एक समाज सुधारक महापुरुष थिए । उनी ऋषि भएकाले उनीहरूको जीवनका लागि कुनै देश हुँदैन र सार्वदेशिक हुन्छन् ।

उनीहरू सार्वकालिक र सार्वजनिक मानिन्छन् । ब्रह्मचारी षडानन्दले पोखराको मध्यभागमा सेती नदी पश्चिम तटमा नारायण ब्रह्मचर्य आश्रम स्थापना गरेका थिए । ५२ मुरी खला खेतको गुठी पनि राखिदिए । उक्त नारायण आश्रम अहिले पनि छ । नारायण आश्रमका संस्थापक उनी आफैं थिए र तेह्रथुमका ब्रह्मचारी बालानन्द सुवेदीलाई जिम्मा लगाएका थिए । स्वामी बालानन्द ब्रह्मलीन भएपछि पोखराका फटाहा प्रवृत्तिका केही व्यक्तिहरूले आश्रमको जग्गा खाइमासिदिए र व्यक्तिगत बनाइदिए । आश्रमको वेदाङ्ग पठनपाठन पनि आज बन्द छ । त्यस आश्रमका मोहोरिया टोलका ब्रह्मचारी विष्णु नापित (साइला) बाट अदालतमा मुद्दा चलेको थियो । बालानन्द ब्रह्मलीन भएपछि पोखरामा केही फटाहाले आश्रममा बस्ने ब्रह्मचारीहरूमाथि दुर्व्यवहार गरे र धपाए । त्यहाँ बस्ने स्वामी प्रेमचैतन्यले बाध्य भई चिसापानी गएर छुट्टै ब्रह्मचर्य आश्रम स्थापना गरे । वि. सं. २०१७ पछि नारायण आश्रम र चिसापानीको गरी दुवै आश्रम धराशायी भएको कुरा स्वामी प्रेमचैतन्य र विष्णु नापितबाट जानकारी भएको भनी यात्रीबाट ग्रन्थमा उल्लेख भएको देखिन्छ । पोखरामा पनि बालागुरुले योगदान दिएको देखिन्छ ।

नेसनल ट्रेडिङ लिमिटेडका पूर्वक्षेत्रीय निर्देशक सुरेन्द्रराज थापा (२०७३ : ४४८-४९) का अनुसार बालागुरुको प्रभावबाट बाजे स्व. कृष्णबहादुर थापा, जेठाबाजे दलबहादुर थापा, पं. त्रैलोक्यनाथ भण्डारी (चन्दनपुर) र चतुर्भुज राई (हेलुवा) को संयुक्त प्रयासमा वि. सं. १९९६ मा सङ्खुवासभा चन्दनपुरमा भाषा पाठशाला स्थापना गरेर संस्कृत र नेपाली पढाइ सुरु भएको थियो । जनसहयोगबाट ६० मुरी आम्दानी हुने गुठीको समेत व्यवस्था गरेर टाढाबाट पढ्न आउनेलाई मासिक १० पाथी धानको व्यवस्था पनि गरिएको थियो । त्यहाँ पनि खेटाङ, ओखलढुङ्गा, ताप्लेजुङ, पाँचथर, तेह्रथुम आदि क्षेत्रका विद्यार्थीहरू अध्ययन गर्न आउँथे । हाल उक्त जग्गा जनता मा. वि. चन्दनपुरलाई हस्तान्तरण गरिएको छ । बालागुरुकै प्रभावले बाजे स्वः कृष्णबहादुर थापाले वि. सं. १९९८ मा चन्दनपुरमा श्री कृष्णेश्वर शिवमन्दिर स्थापना गरी गुठीको पनि व्यवस्था भएको देखिन्छ । यो मन्दिर अहिलेसम्म निरन्तर सञ्चालनमा छ । त्यसैले पनि धेरैलाई अनुकरणीय काम गर्न प्रेरणा दिने बालागुरु षडानन्दको जति प्रशंसा गरे पनि कम नै हुन जान्छ ।

**विद्यालय व्यवस्थापन समिति तथा गुठी व्यवस्थापन समिति :**

राणाकालमा विद्यालय व्यवस्थापन समितिको धारणा वि. सं. १९९० को दशकबाट नेपालमा सुरु भएको इतिहास देखिन्छ । षडानन्द पाठशालामा आजभोलिको व्यवस्थापन समितिजस्तै विद्यालय तथा गुठी सञ्चालन समिति

देखिन्छ । यसको अध्यक्ष तथा सदस्यहरूका रूपमा पं. शिवलाल अधिकारी, पण्डित नन्दिकेश्वर अधिकारी, पं. जयधर्म अधिकारी, पं. रामनाथ अधिकारी, खरिदार यज्ञनिधि चापागाईं, अच्युतानन्द गौतम, जीवनाथ चापागाईं, बलभद्र बस्नेत, रविलाल गौतम, जदुशेर हमाल आदि सुरुका वर्षमा रहेको देखिन्छ । गुठीयारहरू पं. शिवलाल अधिकारी, प्रभुनाथ, डम्मरुबल्लभ चापागाईं, रमानाथ खतिवडा, मोतीलाल, पद्मनाथ र कृष्णराज आदि देखिन्छन् ।

गोपालप्रसाद तिम्सिना (पूर्व प्र. अ. : ष. मा. वि.) का अनुसार षडानन्द पाठशालामा प्रधानाध्यापक हुनेहरूमा क्रमशः १. बालागुरु (संस्थापक प्र. अ.), २. नन्दिकेश्वर अधिकारी (प्रथम प्र. अ. तथा प्रथम शिक्षक), ३. शिवलाल अधिकारी, ४. जयधर्म अधिकारी (नियुक्तिपत्रका आधारमा प्रथम प्र. अ.), ५. बद्रीनारायण अधिकारी (नियुक्तिपत्रका आधारमा द्वितीय शिक्षक, माहिला पण्डित भनी सम्बोधन गरिएको), ६. लक्ष्मीभक्त अधिकारी, ७. पद्मनाभ अधिकारी, ८. शिवप्रसाद अधिकारी, ९. सेमन्तराज अधिकारी, १०. स्थिरराज अधिकारी, ११. भोलानाथ दाहाल (पाङ्ठा), १२. हरिप्रसाद काफ्ले, १३. देवीप्रसाद दाहाल (खोटाङ), १४. हरिहर चापागाईं, १५. निरञ्जन चापागाईं, १६. भीमप्रसाद सुवेदी, १७. केदार गौतम, १८. तीर्थराज न्यौपाने, १९. घनश्याम पौडेल, २०. डम्मरु भट्ट, २१. राजु बस्नेत, २२. गोपालप्रसाद तिम्सिना, २३. डम्बर विष्ट छन् ।

लामो समय अध्यापन गर्ने केही पूर्वगुरुहरूमा पं. रामनाथ अधिकारी, पं. दुर्गाप्रसाद लम्साल, पं. फणीन्द्रनाथ घिमिरे (खाँदबारी), पं. पुरुषोत्तम भट्टराई, पं. बुद्धिप्रसाद गौतम, पं. दुर्गाप्रसाद अधिकारी (त्रि. वि. बाट गोल्ड मेडलिस्ट) आदि रहेको देखिन्छ । बालागुरु प्रधानाध्यापक कम र संस्थापक बढी रहेको देखिन्छ। तसर्थ बालागुरुलाई संस्थापक मान्दा पं. नन्दिकेश्वर अधिकारी षडानन्द पाठशालाको प्रथम प्रधानाध्यापक तथा नेपाली नागरिकबाट नेपालको नै प्रथम प्रधानाध्यापक रहेको देखिन्छ। पं. नन्दिकेश्वरको सल्लाहविना वा छलफलबिना बालागुरु अति महत्त्वपूर्ण तथा नयाँ कार्य सुरुवात गर्नुहुन्नथ्यो रे। धेरै कार्यमा उनले हँ वा हुन्छ भन्नासाथ निःसङ्कोच बालागुरु अघि बढ्नुहुन्थ्यो रे। उनलाई बालागुरुको a part of brain (कुशल सल्लाहकार) भन्न सकिने अवस्था छ। सतीप्रथा रोक्नुपर्छ भनी हरिप्रसाद लम्सालको निधनमा बालागुरुलाई खबर गर्ने पनि पं. नन्दिकेश्वर नै देखिन्छन्। उनी करफोक स्वामीका उत्कृष्ट शिष्य थिए तथा विद्वान् थिए भनी स्वामी प्रपन्नाचार्यको लेखमा उल्लेख देखिन्छ।

पूर्वसांसद एवम् षडानन्द सीताराम गुठीका पूर्वअध्यक्ष नरेन्द्र बस्नेत (२०७३ : ८४, ८५, ८६) का अनुसार वि. सं. २०१७ सालको राजनीतिक परिवर्तन र पञ्चायती व्यवस्थासँगै भोजपुर जिल्लाको बडाहाकिम नै गुठीको अध्यक्ष हुने र गुठीयार समितिको सचिव हर्ताकर्ता भई जिन्सी उठाउने, भण्डारण

गर्ने, वितरण गर्ने, बेचबिखन गर्ने जिम्मा पाएको देखिन्छ । षडानन्द सीताराम गुठी दिङलाको मात्र नभई नेपालकै सबैभन्दा पुरानो शैक्षिक (विद्यालय खोल्ने) र धार्मिक (मेला, पर्व, हटिया, जात्रा, पूजापाठ आदि चलाउन) गुठी हो ।

**निवर्तमान गुठी सञ्चालन समिति व्यवस्**था :

वि. सं. २०७१ साल असोज ४, ५ र ६ गते गुठी साधारण सभाको बैठकले ५१ सदस्यहरू भएको परिषद् गठन गरेको थियो । यसले सामाजिक समूहवाट निर्वाचनका माध्यमद्वारा समिति सदस्य चुनेको थियो भने अरू समूहमा सर्वसम्मत सदस्यहरू छानिएका थिए । श्री षडानन्द सीताराम गुठी १९३२ व्यवस्थापन संस्था २०५१ को विधानअनुसारको समिति निम्न छ :

अध्यक्ष : किशोर राई, तुङ्गेछा
प्रथम उपाध्यक्षः सीता श्रेष्ठ, दिङ्ला बजार
द्वितीय उपाध्यक्षः उपेन्द्रबहादुर वस्नेत, गढीगाउँ
सचिव : चन्द्रकुमार बस्नेत, गढीगाउँ
कोषाध्यक्ष : योगराज कुइकेल, कटहरे वितलव
सदस्य : छवि राई, मूलपानी
सदस्य : लक्ष्मी राई, दिङ्ला बजार
सदस्य : हरि भित्रिकोटी, दिङ्ला बजार
सदस्य : सुरेश राई, दिङ्ला बजार
सदस्य : सीता नेपाल (अधिकारी), धारापानी
सदस्य : किशोर राई, मूलपानी
पदेन सदस्य : क्याम्पस प्रमुख, नगेन्द्र बस्नेत
मनोनीत सदस्य :...

- साधारण सभाबाटै ३ सदस्य लेखासमितिका लागि संयोजक नीलबहादुर चौहान निर्वाचित
- धार्मिक समितिका ३ सदस्यहरूसमेत चयन गरेको छ जसमा संयोजक षडानन्द गौतम, सदस्य टेकबहादुर बस्नेत र खुमचन्द्र गुरागाई छन् ।
- ५१ सदस्य गुठी परिषद्मा निम्न सदस्यहरू रहने विधानमा उल्लेख छ ।
- सञ्चालक समितिमा ४ जना सदस्यहरू पदेन र मनोनयनबाट हुने व्यवस्था छ ।

१. **दाता समूहबाट :** शिलालेखमा उल्लेख भएका वा गुठीमा जग्गा प्रदान गर्ने वा जग्गा प्रदान गर्नेका सन्ततिहरूमध्येबाट १६ जना साधारण सभाबाट छनोट हुने

२. **सामाजिक समूहबाट :** समाजसेवी वा गुठीको सेवा गर्न इच्छुकमध्येबाट १६ जना छनोट हुने
३. **बौद्धिक समूहबाट :** स्नातक पास गरेको वा जिल्ला स्तरको सङ्घ-सङ्गठन सञ्चालक भइसकेको वा मा. वि. स्तरको विद्यालय सञ्चालक भइसकेको वा गुठीको पूर्वसञ्चालक समितिमा रहेको व्यक्तित्वमध्येबत्राट १६ जना छनोट हुने
४. **संस्थागत समूहबाट :** स्थानीय क्षेत्रमा शैक्षिक, सामाजिक, सांस्कृतिक संस्थाहरूमा कार्यरतहरूमध्येबाट ३ जना छनोट हुन सक्ने

*(नोट : वर्तमान गुठी सञ्चालन समिति २०८० मा गठन भए तापनि छपाइमा ग्रन्थ गइसकेको हुनाले समय अभाव र स्रोत सङ्कलन कठिनाइका कारण निवर्तमान समितिको अभिलेख राखिएको छ ।)*

नरेन्द्र बस्नेत (२०७३ : ८४, ८५, ८६) का अनुसार वि. सं. २०५८ भदौमा माओवादीहरूले गुठी कब्जा गरे । ढिकुटीको धान वितरण गरे । सोलार सेट र फर्निचरसमेत बाँकी राखेनन् । पछि वि. सं. २०७० मा कृष्णप्रसाद पौडेल (प्रकाश) को सक्रियतामा षडानन्द उ. मा. वि. जिम्मा रहने गरी केही फिर्ता गरे । मन्दिरका पुजारी र कर्मचारीहरूले सित्तैँमा काम गरिरहे । पूजा गर्ने अक्षतासम्म पाएनन् । श्रद्धालु र बजार क्षेत्रवाट चन्दा सङ्कलन गरी नित्यपूजा निरन्तर चलाइयो । दलितहरू मन्दिर पसेको निहुँमा ४ महिनासम्म नित्यपूजासमेत रोकिएको थियो ।

**छात्रवृत्ति तथा पुरस्कार व्यवस्थापन :**

- षडानन्द पाठशालामार्फत अरुण उपत्यकामा वि. सं. १९५० दशकको मध्यतिरबाटै छात्रवृत्ति तथा प्रोत्साहन पुरस्कार वितरण प्रक्रिया सुरु भइसकेको थियो । वि. सं. १९६६ को धर्मपत्रिका अनुसार विद्यार्थी छात्रवृत्तिका लागि १४०.६ मुरी धान, मासिक वृत्तिका लागि ४ पाथी धान, न्वागीको लागी १५ पाथी (६० किलो) धान छुट्याएको देखिन्छ ।
- सो मासिक वृत्ति ४ पाथी धान टाढा-टाढा वा देशविदेशबाट आउने विद्यार्थीलाई प्रथम प्राथमिकता दिइन्थ्यो । दिङ्ला बजारभन्दा टाढा घर भएका भोजपुर जिल्लाका तर डेरा बस्नुपर्नेलाई द्वितीय प्राथमिकता दिइन्थ्यो । बाँकी धान बचेको खण्डमा स्थानीय गरिब-दुःखी विद्यार्थीलाई तेस्रो प्राथमिकता क्रमका आधारमा वितरण गरेको देखिन्छ ।
- विद्यार्थी प्रोत्साहन पुरस्कारस्वरूप सबै विद्यार्थीलाई न्वागी खान वार्षिक १५ पाथी धान छुट्याएको देखिन्छ ।

- टाढाका जिल्लाबाट वा विदेशबाट आएका विद्यार्थीलाई छात्रावासमा समस्या परेको खण्डमा भिक्षा माग्ने पर्वहरू तोकेर व्यवस्थापन गरिएको थियो । पाठशाला पढ्ने र तपाईंको घर आउने भिक्षुकलाई सकेसम्म १ माना (आधा केजी) भन्दा कम अन्न नदिनू । पुस्तकहरू जगेडा भए अथवा कपडाहरू जगेडा भएको भए र उनीहरूले इच्छा गरेमा सो पनि दिनू भनी जनतामा अनुरोध गरिएको थियो ।
- विद्यालयमा छात्रवासको कमी भएको हुनाले सकिन्छ भने प्रेमपूर्वक आफ्नै घरको सदस्यका रूपमा सम्मानपूर्वक राखिदिनू । किताब छैन भने सकेमा त्यो पनि किनिदिनू भन्ने अनुरोध पनि गर्नुभएको थियो ।

यी कुराहरू अरुण उपत्यकाको शैक्षिक पाटोमा नयाँ प्रयोगहरू थिए भने शैक्षिक दानका रूपमा पुण्य कमाउने अवसर पनि स्थानीय जनतालाई प्रदान भएको थियो (सेवा हि परमो धर्मः) ।

नेपाल प्रज्ञाप्रतिष्ठानका आजीवन सदस्य निनु चापागाई (२०७३ : ३५१ – ३५९) का अनुसार तीनधारा पाठशालाले षडानन्द पाठशालालाई प्रदान गर्ने २ वटा कोटा छात्रवृत्तिमध्ये आफूले पनि प्राप्त गरी काठमाडौँ आई पढेको हुनाले आजको निनु चापागाईं बन्न पुगेको छु । गुरुमहाराजको आशीर्वाद पाएको छु भन्ने गर्व लाग्दछ । नत्र म कहाँ बिलाउने थिएँ ?

ताप्लेजुङको ओसे (हाल गौराहदह) का पं. चिन्तानन्द भट्टराई (२०७५ : १५६) अनुसार वि. सं. २०१० देखि ताप्लेजुङमा अध्ययन आरम्भ गर्दा दिङ्ला पाठशाला अध्ययन गरेर गएका दिङ्लाका गुरु गङ्गाप्रसाद लम्सालसँग निरन्तर ४ वर्ष अध्ययन गरेको थिएँ । पछि दिङ्ला पाठशालामा अध्ययन गर्दा टाढाको विद्यार्थी भएको कारण मासिक ५ पाथी धान छात्रवृत्तिस्वरूप आफूले पनि पाएको थिएँ । वि. सं. २०१६-१७ तिर रु. १ को दिङ्लामा ३ पाथी धान पाइन्थ्यो । त्यतिखेरका साथीहरूमा खेम मिश्र, शिवराज न्यौपाने, गोपाल चापागाईं, फणीन्द्र अधिकारी, विद्या चापागाईं (महिला), नन्दिकेश्वर पौडेल, सीताराम काफ्ले, राजेन्द्र नेपाल आदि थिए । दिङ्ला पाठशाला वरिपरिका बगैँचा, बिहान-बेलुका गरिने आरती, ठूला-ठूला घण्टको गुन्जिरहने आवाज र त्यो स्वर्गीय आनन्द आज पनि सम्झना आउँछ (सङ्क्षिप्त आत्मवृत्तान्त, पुस २०७२ बाट साभार) ।

## विद्यार्थी आचार संहिता व्यवस्थापन :

पूर्वआयुर्वेदिक चिकित्सक डा. राधाकृष्ण ढुङ्गाना (२०७३ : ३९९ – ४०२), का अनुसार वि. सं. २०२१ मा सोलुखुम्बू काकुबाट दिङ्लामा अध्ययन गर्न गएको थिएँ । विद्यालयमा पहिलेका वर्षहरूमा सरस्वती बन्दना मात्र गाइने गरिएको थियो । नयाँ भवनमा सरेपछि प्र. अ. हरिप्रसाद काफ्लेबाट रचना भएको

'तस्मै नमः श्री गुरु ब्रह्मचारिणे ...' स्तुति गाउन थालिएको तथा सरस्वती वन्दनामा 'ॐ रविरुद्रपितामह विष्णुनुतं, हरिचन्दन कुङ्कुमपङ्कयुतं ... मुनिवृन्द गणेन्द्रसमानयुतं ...' गाएका थियौं । नेपालमा पनि बालागुरु षडानन्दले भारतको तक्षशिला, उज्जैन, वाराणसी, हरिद्वार आदिको जस्तै गुरुकुल शिक्षामा मातृदेवो भवः, पितृदेवो भवः, आचार्यदेवो भवः, अतिथिदेवो भवः, राष्ट्रदेवो भवः आदि नैतिक शिक्षा, आध्यात्मिक शिक्षा, योग, आयुर्वेद र ज्योतिषसमेतको उच्च शिक्षाको परिकल्पना गर्नुभएको विज्ञहरूको अनुमान देखिन्छ ।

विश्लेषण गर्दा षडानन्द संस्कृत पाठशालामा वैदिक धर्म अथवा सनातन हिन्दू धर्मका मूल नीतिवचनअनुसार यस विद्यालयको आचारसंहिता ओतप्रोत भएको देखिन्छ । वि. सं. १९६६ को धर्मपत्रिकामा जिम्मेवारीहरू तथा केही आचारसंहिता उल्लेख भएको देखिन्छ । गुरु षडानन्दले दिएका निर्देशनहरू वा उपदेशहरू नीतिवचनअनुसार भएको हुनाले, विद्यार्थी, शिक्षक अभिभावक तथा सम्पूर्ण मानव समुदायको पनि आचारसंहिताका रूपमा उपयोगी देखिन्छन् ।

- अध्ययन अगाडि विद्यार्थीले सानो ध्यान, योग वा जप गरी दिमागका विकार हटाई विद्यालय परिसरको मन्दिर र शिवलिङ्गको पूजा गरेर विद्यालयको पुस्तक उठाई अध्ययन सूरु गर्नू । (पं. नन्दिकेश्वर अधिकारी, १९८४ - ३४ : ३६)
- ब्राह्मण सात्विक र स्वास्थ्य भोजन ग्रहण गर्नु ।
- स्नान गर्दा लिङ्गमा १, गुदामा ५, बाँया हातमा १०, दुई हात मिलाई पाउमा ३-३ पटक शुद्ध माटो लेपन गरी स्नान गर्नुपर्दछ । आजभोलि यसलाई प्राकृतिक उपचार पद्धति भनिन्छ । हड्डी र नसाहरूको समस्या हुनेले माटो लेपन गरी २-३ घण्टा घाम तापेर स्नान गर्दा एकै चोटी पञ्चतत्त्वले बनेको शरीरको (जल, वायु, तेज, पृथ्वी र आकाशले) हिलिङ हुने गर्दछ ।
- दिनमा १०८ पटक गायत्रीमन्त्र, दीक्षा मन्त्र वा अन्य केही भगवान्का मन्त्रले जप गर्नु, गीताको पाठ गर्नू, पाञ्चायन देवताको पूजा गर्नू, त्यसपश्चात शुद्ध र पवित्र मन लिई पुस्तक अध्ययन गर्नू । ॐ गर्दा 432 HZ frequency healed the root chakra र शरीरका कोषहरूको healing गर्ने अनुसन्धानले देखाएको छ । अर्को अनुसन्धानले ॐ मात्र लम्ब स्वरमा उच्चारण गरे २४,००० vibration उत्पादन हुने र healing गर्ने संसारको सर्वशक्तिशाली गायत्री मन्त्र हो भन्ने प्रमाणित गरेको छ । अर्थात् बालागुरुबाट भनिएका उल्लिखित कार्यहरू गरेमा सकारात्मक तरिकाले दिनचर्या सुरुवात हुने, जसबाट दिनभरका कार्यहरू शुभ हुने वा सफलता मिल्ने गर्दछ ।

- जो पढ्नाको इच्छा हुन्छ सो सुविस्तासाथ पढी कुशलतापूर्वक परीक्षा ग्रहण गर्नु ।
- आमा र छोरीहरूलाई पनि शिक्षा दिनू ।
- अध्ययनमा चित्त नबुझेका कुरा छलफल गर्नू । अहम् नगर्नू, बन्धुत्व भ्रातृत्व, सहिष्णुता र एकता शिष्यहरूले कदापि नभुल्नू ।
- दतिवन कुल्ला गरी शास्त्रमुताबिक स्नान गरी शुद्ध र पवित्र बन्नु ।

डा. रञ्जित दीक्षितका अनुसार (वाग्भटको ग्रन्थमा उल्लेख) दाँतका समस्या भए, घाँटीका समस्या, रुद्रघण्टीमा समस्या भए, स्वर भासिए, रुद्रघण्टी सुनिए, घाँटीमा घाउ भए आज पनि आयुर्वेदअनुसार जडी उपचार पद्धति दतिवन कुल्ला मानिन्छ । त्यसैले तीजको समयमा ३६५ वटा प्रत्येक दिनका लागि १ वटाका दरले महिलाहरूले दतिवन (अपामार्ग) कुल्ला गरी वर्षभरि दाँत, घाँटी र रुद्रघण्टीका समस्यालगायतका समस्याबाट मुक्त हुने विश्वास गरिन्छ । दतिवनलाई तान्त्रिकहरूले वाक्सिद्धिमा पनि प्रयोग गर्ने, चूर्ण दूधमा मिसाई प्रयोग गरे सन्तान बृद्धि हुने, यौन क्षमता बढाउने, पाइल्स रोगमा रामवाण मानिने, दम र निमोनियाको उपचारमा प्रयोग हुने, मूत्ररोगका विकार समाधान हुने, ऋषिहरूले तपस्या धेरैबेरसम्म गर्नुपर्ने हुनाले भोक नलागी ऊर्जा सम्पन्न हुने, रगत फिल्टर गरी शुद्ध हुने आदि आयुर्वेदिक महत्त्व दतिवनको देखिन्छ ।

- अन्य आचारसंहितामा :

क) प्रातःकाल उठ्नु ख) शौच गर्नु
ग) स्नान गर्नु घ) योगाभ्यास गर्नु
ङ) गुरुवचन पालना गर्नु च) मातृ-पितृवचन पालना गर्नु
छ) मनमा शुद्धतन र पवित्रता राख्नु ज) सके शाकाहारी भोजन गर्नु
ज) सादा जीवन उच्च विचार पालना गर्नु

समग्रमा माथि उल्लिखित कुराहरू विश्लेषण गर्दा विद्यार्थी आचारसंहिता भनेर शतप्रतिशत उल्लेख नभए तापनि नीतिवचनहरू नै विद्यार्थी आचरसंहिता वा उपदेशका रूपमा देखिन्छन् । ती आचारसंहिताहरू विद्यार्थीलाई मात्र उपयोगी नभई बुबा, आमा, दाजु, दिदी, सनातनधर्मी र मानव जातिका लागि मार्मिक, सान्दर्भिक र आजसम्म पनि उपयोगी देखिन्छन् ।

**पुस्तकालय व्यवस्थापन :**

अरुण उपत्यकामा पाठशाला स्थापनासँगै वि. सं. १९३० को दशकबाटै पुस्तकालय व्यवस्थापन प्रक्रिया सुरुवात भइसकेको थियो भन्ने अनुमान गर्न सकिन्छ । प्रथम वर्षमै ४३ जनाभन्दा बढी विद्यार्थीहरू अध्ययन गरेका देखिन्छन्

तर पुस्तकहरू स्थानीय स्तरमा पाइँदैनथ्यो । वि. सं. १९०८ मा जङ्गबहादुर राणाले नेपालमा गिद्धे प्रेस भित्र्याएका थिए भने धनकुटा र भोजपुरमा बालागुरुको देहावसानपछि मात्र प्रेस खुलेको देखिन्छ । तत्कालीन समयमा पुस्तक पसलहरू नेपालमा झन्डै शून्य बराबर थियो । विद्यार्थीलाई पढ्ने कर्मकाण्डका पुस्तक किन्न कि त काशी कि त काठमाडौँ नै पुग्नुपर्ने बाध्यता थियो । एउटा पुस्तकको भरमा ५-७ जना विद्यार्थीले पाठहरू कण्ठाग्र गर्नुपर्ने आवश्यकतालाई मध्यनजर गरी पुस्तकालयको प्रबन्ध गरेको देखिन्छ । षडानन्द पाठशाला नेपालकै औपचारिक दुर्गम स्थानको संस्कृत पाठशाला हुनाले यो दुर्गम स्थानमा खोलिएको नेपालकै पहिलो व्यवस्थित पुस्तकालय थियो । अन्य व्यक्तिगत पुस्तकालय भए तापनि साथै दरबार स्कुलमा पुस्तकालय भए तापनि यो अरुण उपत्यकाको समेत प्रथम पुस्तकालय थियो ।

सेमन्तराज अधिकारी (२०६२:८६) अनुसार पुस्तकालयमा निम्न ७२ पुस्तकहरू देखिन्छन् : महाभारत १८ पर्वको पुस्तक, श्रीमद्भागवत, देवीभागवत, हरिवंशपुराण, योगवाशिष्ठ, यजुर्वेदका २ वटा, ऋग्वेद सामवेद, कविराज, अमरकोश, पञ्चदशी वेदान्त, मनुस्मृति, साङ्ख्यतत्त्व, लघुकौमुदी ९ वटा, वैशाख माहात्म्य, माघ माहात्म्य, ज्योतिषस्तर, जिल्लास्तर, नीलकण्ठी, दानचन्द्रिका, आधारदर्शक, व्रतराज, गीतागोविन्द, रामनाम माहात्म्य, याज्ञवल्क्य शिक्षा, त्रिशतश्लोकी, लघुजातक, भक्तमाला, सिद्धान्तकौमुदी, आयुर्वेद, वाल्मीकि रामायण, अध्यात्म्य रामायण, अद्भुत रामायण, योगविधि, क्रियायोग सार, गीता सटीक, विष्णुसहस्र, रघुवंश, भास्वती मूल, रुद्र भाक्ष्य, शीघ्रबोध, जातकालसार, प्रायश्चित्त प्रकरण, मृत्युञ्जय, इतिहास, मन्त्रचन्द्रिका आदि ।

पुस्तकहरूको सूचीबाट यो विश्लेषण गर्न सकिन्छ कि, इतिहास, भूगोल ज्योतिष, आयुर्वेद, अन्यवेदहरू, कर्मकाण्ड र एक पूर्ण विद्वान् बन्न र धुरन्धर पण्डित बन्न आवश्यक पर्ने सबै पुस्तकहरू देखिन्छन्, जसले हिन्दू वैदिक सनातन धर्मशास्त्र र नीतिअनुसार एक 'आदर्श' व्यक्ति उत्पादनको लक्ष राखेको र एक 'रामराज्य' तयार गर्ने धनवीर, मनवीर, दानवीर, बुद्धिवीर आदि उत्पादनको लक्ष राखेको देखिन्छ ।

**परीक्षा प्रणाली व्यवस्थापन :**

तत्कालीन समयमा नेपालमा परीक्षा बोर्ड नभएको हुनाले कलकत्ता गएर संस्कृत भाषामा लिखित परीक्षा दिने चलनको अन्त्य गराई दिङ्लामै परीक्षा बोर्ड स्थापना गर्नुभयो । तसर्थ यो नेपालको प्रथम परीक्षा बोर्ड भन्न सकिन्छ । किनकि SLC बोर्ड अफ नेपाल वि. सं. १९९० मा स्थापना भएको थियो । तर त्यो बोर्ड षडानन्द पाठशालामै सीमित रहेको र फलाउने फुलाउने अन्य संस्था

वा पाठशाला जोड्ने काम नहुनु दुःखद पक्ष हो । षडानन्द पाठशालाको बोर्डलाई मलजल गर्दै गएको भए तथा गुरुको देहावसान नभएको भए सायद नेपालकै संस्कृत पाठशालाको परीक्षा बोर्डमा विकास गर्न सकिने थियो । यहाँ पनि षडानन्दको देहावसानपछिका जिम्मेवार निकायका पुस्ताहरू चुकेको देखिन्छ ।

विश्वनाथ कोही (सं. २०५२), "पूरा विषयहरू पढिसकेपछि विद्यार्थीसँग मौखिक या लिखितमध्ये कुनै तरिकाले परीक्षा लिइसकेपछि मात्र अर्को विषय पढ्न पाइन्थ्यो ।"

विद्यालयको आन्तरिक परीक्षा बोर्डमा पण्डित वा शिक्षकहरू आफैंले लिनुहुन्थ्यो । बाह्य परीक्षा बोर्डमा शिक्षक प्रतिनिधि बस्न नपाइने भएकाले सल्लाहकारसमेत रहनुभएका पं. नन्दिकेश्वर अधिकारी बोर्ड प्रमुख र उहाँका छोरा लक्ष्मीभक्त अधिकारी बोर्ड सदस्यबाट बाह्य परीक्षा ६-६ महिनामा लिने व्यवस्था थियो ।

षडानन्द संस्कृत मोडलमा आन्तरिक परीक्षाहरूका लागि मौखिक परीक्षा, Educational Tour तथा पछिल्ला वर्षहरूमा लिखित परीक्षा पनि सुरुवात भएको थियो साथै परीक्षामा Audience poll (श्रोता मत), CAS, OJT पनि समावेश भएको अपृष्य लेख यसै विद्यालयका पूर्वशिष्य भोग्यप्रसाद भण्डारीबाटै (२०४३) उल्लेख भएको छ । आवश्यक भए लिखित पनि थियो भनी विद्यालयका पूर्वशिष्य तथा साहित्यकार दधिराज सुवेदीको पनि भनाइ छ ।

अरुण उपत्यकादेखि पूर्वी नेपाल र सिक्किम, दार्जिलिङसम्म पनि यसै परीक्षा प्रणाली अनुकरण गरिएको र प्राचीन गुरुकुलको दीक्षान्त समारोहजस्तै गरी अष्टकलशले अभिषेक गरी दीक्षान्त र Certification गर्ने चलन थियो ।

**शिक्षक, विद्यार्थी, अभिभावक र सरोकारवालासँग सम्बन्ध :**

यस विद्यालयको उन्नयनमा श्री ५ सुरेन्द्रबाट प्रदान गरिएको वि. सं. १९३५ को लालमोहर, श्री ३ रणोद्दीपबाट वि. सं. १९४१ को रुक्का आदेश, श्री ५ पृथ्वी वीरविक्रमबाट वि. सं. १९४१ को ताम्रपत्र, श्री ३ चन्द्रशमशेरबाट प्रदान गरिएको गुठी इश्तिहारले सुमधुर सम्बन्ध प्रमाणित गर्दछ अर्थात् श्री ३ र श्री ५ सँग पनि राम्रो सम्बन्ध थियो । तत्कालीन ३१ जना विशिष्ट भद्रभलादमी साक्षी राखी वि. सं. १९६६ मा शिलापत्र स्थापना गर्नु र त्यसैको १ दिनपछि धर्मपत्रिका घोषणा गर्नु, झन्डै १२००-१४०० मुरी धानहरू फल्ने खेत, बुट्यान, जङ्गल, वाँझो, सिमसार आदि प्राप्त गर्नु सुमधुर सम्बन्धविना सम्भव थिएन ।

कृष्णप्रसाद पौडेल (२०७५) का अनुसार मेरा पिता पं. नरपति पौडेल धनकुटाको अर्खौले जीतपुरबाट दिङ्ला पढ्न जानुभएको रहेछ । पिताजीको मुखबाट बालागुरुको भक्तिभावमा सबैतिरका श्रद्धालुहरूबाट बालागुरुको विद्वता,

कर्तव्यनिष्ठता र अलौकिक कुरा सुनेको थिएँ । षडानन्दबाट भएका समाज सुधार र गुरुप्रतिको प्रत्येक व्यक्तिको श्रद्धा र प्रशंसा प्रशस्त सुनेको थिएँ । बालागुरुको बारेमा प्रशंसा हामीलाई सुनाउँदा बुबाका आँखाबाट आँसु खस्दथे । दिङ्ला कस्तो होला भन्ने लाग्दथ्यो । वि. सं. २०४३ मा आफैं बालाचतुर्दशीमा गई कैलाशडाँडामा दही-चिउरा खुवाउने कार्यमा रम्न पाएँ । गुरुको सबैसँग सुमधुर सम्बन्ध रहेको र उच्च व्यक्तित्व रहनुभएको जानकारी पाएँ ।

वरिष्ठ पत्रकार श्याम अधिकारी (२०७३ : ४३९) का अनुसार राणाहरूको समयमा राणाहरूसँग वैरभाव गरेर कुनै क्रान्तिकारीले दिङ्लामा पाठशाला खोलेको थिएन । बरू राणाहरूको गुरु भएर पनि गुरु दक्षिणा लिएको जस्तो घुमाउरा रूपमा राणाहरूलाई मन नपर्ने संस्कृत पाठशाला खोलेर हजारौं ग्रामीण युवाहरूलाई शिक्षाको बन्दोबस्त गर्न आफ्नो बुद्धि प्रयोग गरेको इतिहासले प्रष्ट देखाउँछ । चिनियाँ क्रान्तिका नेता माओसेतुङले भनेका थिए, "क्रान्ति र विद्रोह भोजभतेर खाएजस्तो हुँदैन ।" रिसको झोकमा कसैले वेद पढ्दैन । माओवादी मित्रहरूको आन्दोलनले आज २ दशकसम्म गुठी र षडानन्द पाठशाला थला परेर बसेको छ । जनआन्दोलनको सहायक बनेर किरात जातीय आन्दोलनको नाममा संस्कृतको पठनपाठन बन्द गराउनु, गुठीको सम्पत्ति लुटपाट गर्नु, तोडफोड गर्नु आदि लाजमर्दो विषय बन्यो । जातीय विभेद गर्ने त राणाहरू थिए । विगतको नेपाली समाज तथा संस्कृति थियो । बालागुरु थिएनन् भन्ने उक्त मित्रहरूले बुझ्नु जरुरी छ। उक्त आन्दोलनको मूल मर्म आफ्नो जातीयता, धर्म, भाषा, लिपि, संस्कृति, पहिचान तथा संरक्षणका लागि थियो । बालागुरुले सो क्षेत्रका उक्त विविधताको पहिचानमाथि कुठाराघात गर्नुभएको थिएन । बरू विविधता पहिचान गराउने, जगाउने, फस्टाउने र संरक्षण गने अवसर प्रदान गर्नुभएको थियो । आफ्नो पहिचान खोज्न अरूका कीर्ति नष्ट गर्नु बुद्धिमानी हुँदैन । इतिहासले धिक्कार्न सक्दछ । पश्चात्ताप गरी सच्चिनु बुद्धिमानी ठहर्छ ।

**भौतिक व्यवस्थापन पक्ष विश्लेषण :**

**बगैंचा तथा आयुर्वेदिक उद्यान व्यवस्थापन प्रसङ्ग :**

आजभन्दा करिब १२० वर्षअघि वि. सं. १९६० को दशकमा सीताराम गुठीको परिसरमा १००८ प्रजातिका फलहरू, फूलहरू र जडिबुटी रोपण गरी आयुर्वेदिक बगैंचा निर्माण गर्नुभएको देखिन्छ ।

प्रा. डा. चन्द्रराज सापकोटा (२०७१ : भूमिका), "मानव जीवनमा स्वास्थ्य र उपचारको ठूलो महत्त्व भएको हुनाले वैदिक सिद्धान्तका प्रतिपादक धन्वन्तरि, काश्यप, भारद्वाज, निमि आदि महर्षिले स्वर्गमा गई देवराज इन्द्रवाट आयुर्वेद विषयमा विशेष ज्ञान लिएर यस पृथ्वीलोकमा मानव र प्राणीहरूको उपचार र

रक्षा गरी आयुर्वेद विज्ञान विकास भएको देखिन्छ । आयुर्वेद उपवेद भनिन्छ । ऋषिमहर्षिको आयुर्वेद चिन्तन चरक संहिता सूत्रस्थान १/७ मा उल्लेख छ ।"

प्रा. डा. सापकोटा (२०७१ : ८२ – ८५) का अनुसार आयुर्वेदका सबै सङ्ग्रहमा ब्रह्मालाई आयुर्वेदका प्रथम उपदेष्टा भनिएको छ । आयुर्वेदको प्रथम ग्रन्थ ब्रह्मसंहिता ब्रह्माद्वारा रचना गरिएको मानिन्छ । ब्रह्माबाट आयुर्वेद ज्ञान दक्षप्रजापतिलाई, दक्षप्रजापतिबाट अश्विनिकुमारद्वयलाई र अश्विनिकुमारबाट इन्द्रले सिक्नुभएको सबै ग्रन्थमा समान छ । तर इन्द्रपछिका संहिताअनुसार फरक-फरक देखिन्छ । चरकसंहिता, सुश्रुतसंहिता, काश्यपसंहिता आदि । पछि सातौँ शताब्दीमा सिंह गुप्तका पुत्र वाग्भटद्वारा लिखित 'अष्टाङ्गसङ्ग्रह' संस्कृत भाषामा लेखिएको ११,५०१ सूत्रहरू रहेको आयुर्वेदको अत्यन्त महत्त्वपूर्ण ग्रन्थ हो । वाग्भटको अर्को ग्रन्थ 'अष्टाङ्गहृदय' पनि आयुर्वेदको अति महत्त्वपूर्ण ग्रन्थ हो । पुराणहरूमा राजा जनक, नकुल, सहदेव, अगस्त्य, यम, च्यवन आदि ऋषिहरू थप उल्लेख देखिनुहुन्छ । चरकसंहिताअनुसार हिमालयको पावन प्रदेशमा (नेपाल) आएर अङ्गिरा, जमदग्नि, पुलस्य, अत्रि, गण्ड, कौडिण्य, कश्यपादि महर्षिहरूले स्वास्थ्यसम्बन्धी चिन्तन-मनन गरेको कारण आयुर्वेद शास्त्रको विकास भयो, (च. सू. अ. १ । ६ – १५) । हिमालय प्रदेशका विभिन्न ठाउँमा याज्ञवल्क्य, जैमुनि, शतानन्द, कपिलमुनि, गौतमी, कण्व, वाल्मीकि, गर्ग, गौतम बुद्ध, कौशिक, व्यास आदि ऋषि-महर्षिहरूको तप, उपवास र अध्ययनले आयुर्वेदको विकास भयो । व्यास पुत्र शुकदेव पनि राजर्षि जनकको दरबारमा ब्रह्मविद्या प्राप्त गर्नका लागि आएका थिए । आयुर्वेद शास्त्रमा जनकलाई शास्त्रका तथा आयुर्वेदको मर्मज्ञ एवम् शल्यचिकित्सकका रूपमा वर्णन गरिएको छ (पृष्ठ, १७४, सापकोटा) ।

चरकसंहिताअनुसार (च. सू. १ को श्लोक) हिमालयको काखमा आनन्दसाथ रहेर आरोग्य विज्ञानको विकास र चर्चा गर्ने ऋषि-महर्षिमा वशिष्ठ, भृगु, आत्रेय, साङ्ख्य, पुलस्त्य, नारद, असित, वामदेव, मार्कण्डेय, आश्वलायन, पारीक्षि (मौद्गल्य), भिक्षु, कपिञ्जल, विश्वामित्र, अश्वरथ्य, भागर्व, अभिजित्, गार्ग्य, शाडिण्य, कौडिण्य, कैकशेय, धौम्य, मरीच, बार्क्षि, देवल, गाबल, सांकृत्य, बैजवापि, कुशिक, बादरायण, वडिश, शरलोमा, काप्य, कात्यायन, काङ्कायन, शर्कराक्ष, हिरण्याक्ष, लोकाक्ष, पैङ्गि, शौनक, शाकुनेय, मैत्रेय, मैमतायनि, बैखानस, बालखिल्य र अन्य ऋषिहरू पनि हुनुहुन्थ्यो (पृष्ठ १४१, सापकोटा) ।

"त्रेतायुगमा रावणको वाणप्रहारबाट मूर्च्छित लक्ष्मण बचाउन हिमालयबाट हनुमानले सञ्जीवनी बुटी लगेको प्रसङ्ग देखिन्छ । चकार जनको योगी वैद्यसन्देहभञ्जनम् ग्रन्थमा जानकीपिता मिथिलाका राजा जनकलाई त्रेतायुगको समयमा कुशल चिकित्सक भनी उल्लेख छ ।"

प्रा. डा. सापकोटा (२०७१ : भूमिका), "प्राचीन इतिहास खोतल्दा कोशी नदीमा कुशिक ऋषि, कर्णाली नदी तटमा कण्व ऋषि, म्याग्दी पुलाश्रममा पुलस्त्य ऋषि, कालीगण्डकीको गलेश्वरमा जडभरत ऋषि र पुलह ऋषि, मिथिलामा राजर्षि जनक, बाग्लुङको काली गण्डकीको जैमिनीघाटमा जैमुनी ऋषि, मुस्ताङको मुक्तिनाथमा अत्रि, गण्ड आदि ऋषिहरू, तनहूँमा व्यास, सिन्धुलीमा याज्ञवल्क्य ऋषिहरूले नैतिक शिक्षा र स्थानीय जडिबुटी प्रयोग गरी शिक्षा प्रदान गर्ने र आयुर्वेदिक उपचार सँगसँगै गर्ने गरेको इतिहास देखिन्छ । पतञ्जलिको योगसाधना उपचार पद्धतिमा समेत आयुर्वेदको स्थान सहयोगी रूपमा देखिन्छ ।"

प्रा. डा. सापकोटा (२०७१), "नेपालमा आयुर्वेद उपचार किरातकाल, लिच्छविकाल र मल्लकालदेखि नै भए पनि राजा प्रताप मल्लको पालामा हनुमान ढोका आसपास वैद्यखाना खोलिएको देखिन्छ। सिंहदरबार वैद्यखाना नामक संस्था श्री ५ सुरेन्द्रको पालामा जङ्गबहादुर राणाले स्थापना गरेको देखिन्छ । द्वितीय विश्वयुद्धको समयमा नेपालको सेनाको साथ ब्रिटिस सरकारको सहयोगका लागि नेपालबाट १२ जना वैद्य चिकित्सक र यसै वैद्यखानाबाट उत्पादित औषधिहरू विश्ययुद्धका घाइतेहरूको उपचार गर्न विदेश पठाइएको थियो। त्यस औषधिको प्रभावकारिताबाट प्रभावित भई धेरै विदेशी विद्यार्थी र चिकित्सक (Doctors) नेपाल आई आयुर्वेदको अध्ययन-अनुसन्धान गरी फर्किएको इतिहास भेटिन्छ।"

आज पनि भारत र नेपालमा आयुर्वेद तथा प्राकृतिक चिकित्सा ( Naturopathy) पढ्न युरोपियन र अमेरिकन आउँछन् तर हामी नेपाली यसलाई विश्वास नगरी उपेक्षा गरिरहेको तितो यथार्थ छ। आयुर्वेदले मनुष्यको बुद्धि र आयु विचार गरेर ८ शाखामा अष्टाङ्ग आयुर्वेद उपचार पद्धति तथा पञ्चकर्म उपचार पद्धति विकास गरेको छ, जसमा निम्न पर्दछन् – १. शल्यचिकित्सा (Surgery), २. शालाक्य (Opthalmology, Otorhino laryngology and dentistry), ३. कायचिकित्सा (Intrnal–medicine), ४. भूतविद्या (Psychiatry), ५. कौमारभृत्य (Pediatrics), ६. अगदतन्त्र (Toxicology and medicaljurisprudence), ७. रसायनतन्त्र (Science of Geriatrics), ८. बाजीकरणतन्त्र ( Science of fertility and virility).

वि. सं. १९८५ को नरदेवी आयुर्वेदिक अस्पताल स्थापनासँगै वि. सं. १९८५ मै रानीपोखरी प्रधान पाठशालामा नेपालको प्रथम राजकीय आयुर्वेद विद्यालय स्थापना भएको थियो। यससँगै नेपालमा संस्थागत रूपमा आयुर्वेदिक बगैँचा निर्माण हुनथाले। तसर्थ दिङ्लाको आयुर्वेदिक बगैंचा संस्थागत इतिहासमै नेपालको प्रथम आयुर्वेदिक जडिबुटी उद्यान हो । यो विद्यालयतर्फको पनि नेपालको प्रथम आयुर्वेदिक उद्यान हो भन्न सक्दछौं।

दिङ्ला तथा अरुण उपत्यका स्वास्थ्य उपचारका लागि कुनै अस्पताल पनि नभएको हुनाले आयुर्वेदका समेत ज्ञाता षडानन्द अधिकारीले चामुनारायण सत्तलमा वि. सं. १९२८ मा बस्दादेखि नै धेरै दीर्घरोगीहरूको समेत उपचार गरी निको पार्नुभएको थियो भन्ने कुरा खेमराज गौतमले (२०५९ : ६०) यसरी उल्लेख गर्नुभएको छ ।

रोगीको पनि रोग यो छ भनी योगी षडानन्दले ।
पानीबुटी मन्त्र जपेर छर्कनुभयो तत्काल आनन्दले ॥
भोलिपर्सि तिरै निको हुन गयो बादल् सरी फाटियो ।
रोगीका सव रोग मन्त्रबलले समेत खड्गो सबै काटियो ॥

अर्कोतर्फ दिङ्लाको आयुर्वेदिक उद्यान बहुआयामिक उद्देश्यले खोलेको देखिन्छ ।

- मन्दिरहरूमा गरिने नित्यपूजाका लागि, फल तथा फूल जुनसुकै ऋतुमा प्राप्त होस् भन्नका लागि ।
- स्थानीय जनतालाई बिरामी परेको बेला आकस्मिक र सहज तरिकाले स्वास्थ्य उपचार गर्नका लागि ।
- विद्यार्थीहरूलाई आयुर्वेद सम्वन्ध ज्ञान दिने विषय अध्यापन गराउन तथा Practical गर्न साथै जडिबुटी औषधि आफैं उत्पादन गर्नका लागि ।
- दैनिक पूजाबाहेक सामुहिक व्रतबन्ध, विवाह, रुद्री, महारुद्री, अतिरुद्री, पुराण तथा यज्ञादिका लागि फल र फूल उपलब्ध गराउन । उक्त अवसरमा आँप, डुम्री, पाकरी, निम, खयर, मुस्लिढिनी, अशोक, श्रीखण्ड, स्वामी, वेल आदि आवश्यक हुने हुँदा सो पनि उपलब्ध गराउन ।
- रुद्राक्ष, कपुर, गुलाफ, चमेली, इन्द्रकमल, मसला जस्ता फूलहरूको सुगन्ध चारैतिर फैलन्छ

  तसर्थ शान्त, सुमधुर र कोमल वासनायुक्त क्षेत्रमा शैक्षिक अध्ययन गर्ने वातावरण तयार गर्न । अध्ययन गर्ने क्षेत्र वा विद्यालय परिसरलाई तपोवनका रूपमा परिकल्पना गरिएको ।
- गिर्दामा तत्कालीन समयमा फूल्ने थरीथरीका गुलाफ र चमेली, वृक्षमा फूल्ने चम्पा, गौरीकुण्डका रङ्गीविरङ्गी माछाहरू, लटरम्म फलेका फल तथा रुद्राक्षको वन साथ प्राकृतिक मनोरञ्जनसमेत लिन सकिने भएकाले आधुनिक पार्कका रूपमा प्रयोग गर्न ।
- लोप हुन लागेका स्थानीय जडिबुटी संरक्षण गर्न । वृक्षारोपणको महत्त्व जगाउन तथा विविध रोगीलाई अकाल मृत्युबाट बचाउन ।

- स्थानीय जनता तथा देशविदेशका विद्यार्थीका लागिसमेत उद्यानलाई नर्सरीका रूपमा उपयोग गर्न सक्ने अवसर जुटाउन ।
- भविष्यमा जडिबुटीको महत्त्व बुझ्न सजिलो होस्, व्यावसायिक बनुन् र स्वरोजगारी प्राप्त गरून् भन्ने उद्देश्यका साथ निर्माण भएको । भविष्यमा आर्थिक आम्दानी पनि गरून् भन्ने उद्देश्यले पनि निर्माण भएको । जस्तै : आजभोलि रुद्राक्षको व्यापारबाट मात्र वार्षिक दिङ्ला र अरुण उपत्यकामा अरबौँ रुपियाँ भित्रन्छ ।
- उद्यानसँगै बनाइएका ताल, कुण्ड, गिर्दा, मन्दिर, विद्यालय, छात्रावास परिसरको ढुङ्गे ग्राउन्ड तथा कच्ची सडकले दिङ्ला बजारको शोभा बढाउने भएकाले अझै आकर्षण थप्न ।
- दिङ्ला बजार तथा छात्रवासका विद्यार्थीले दैनिक अत्यावश्यक काठ, दाउरा, स्याउला, घाँस, फलफूल, जडिबुटी प्राप्त गर्न सकून् भन्ने उद्देश्य पनि देखिन्छ ।

अन्य विविध महत्त्व हुन सके तापनि मूलतः नित्यपूजाका लागि, फल र फूल उपलब्ध गराउन, पत्ताहरू उपलब्ध गराउन तथा आयुर्वेद शिक्षणमा प्रयोग गर्ने उद्देश्यसाथ सहज जडिबुटी उपलब्ध गराई (जानकारी गराई) बिरामीहरूको जिउ ज्यान बचाउनु नै प्रमुख उद्देश्य देखिन्छ । तर आयुर्वेदको पुस्तक नै राखेर भने पढाइ भएन । तर छात्रहरूलाई सामान्य ज्ञान हस्तान्तरण गरेको देखिन्छ ।

प्रा. डा. विष्णुराज आत्रेय (२०७३ : ४१६) का अनुसार सन् १९७१ मा काशी हिन्दू विश्वविद्यालयमा आयोजित सम्मेलनमा उनी र केही संस्कृतभाषाका नेपालका विद्वान्हरू भाग लिँदा एकजना विद्वान् गोरेले उसको स्लाइडमा भोजपुर दिङ्लाको दृश्य देखाउँदा अचम्म भएको थिएँ । उनले स्लाइड देखाउँदै बालागुरु षडानन्द अधिकारीले थाइल्यान्डबाट रुद्राक्षका विरुवा ल्याई रोपेको उल्लेख गरेका थिए । दिङ्लाको रुद्राक्ष र दिङ्लाको प्राकृतिक दृश्य अध्ययन त्यो गोरे विद्वान्ले कसरी गरे ? दिङ्लाको रुद्राक्ष महिमा पश्चिमा देशहरूमा पुगेको कुराले अचम्मित भएको थिएँ । त्यी विद्वान्सँग बालागुरु त थाइल्यान्ड जानुभएको थिएन भनी प्रश्न गर्दा उनले नपत्याएको साथै त्यो सामग्री, दिङ्लाका प्राकृतिक दृश्य तथा रुद्राक्षहरू कहाँबाट सङ्कलन गरे ? भन्ने लागेको छ ।

**आयुर्वेदिक उद्यानमा १००८ प्रजातिका फलफूल र जडिबुटी व्यवस्थापन :**

पं. यज्ञनिधि चापागाईं (१९८७ : ६३ – ६६) को आबाल ब्रह्मचारी चरितम् खण्डकाव्यको एक अंशः

अम्बा, आँक र आँप, आरु, अमला, अङ्गुर, अएरी, असौँ,
ऐसेलु, अमिली, अनारहरू फेर नास्पाति र सिसौँ ।

यसका अतिरिक्त उक्त ग्रन्थमा उल्लेख निम्न छन् : आरुबखडा, अशोक, टाँकी, जाइफूल, मखमली, गुलाब, सयपत्री, खस्रु, खरी, काल ज्यामिर, लालगट्टी, पाकरी, मालिङ्गो, सिगाने, सुन्तला, कागती, लप्सी, बिरौर, रूखकटहर, उन्यौं, भुइँकटहर, कट्टुस, बडहर, भुइँचम्पा, कनकचम्पा, चमेली, काँस, भकिउँलो, बिमिरो, मुरकेराउ, भोगटे, श्रीखण्ड, पाखनवेद, बेली, अम्लिसो, ज्ञानचम्पा, दूवो, सेतो इन्द्रकमल, गोब्रेधुपी (लौठ सल्ला) सल्ला, हलेदो, धतुरो, भाङ ।

पं. नन्दिकेश्वर अधिकारी (१९८४ : ४३-४४) का अनुसार साल, सुपारी, पान, अर्जुन, निम्ब, पलाँस, खयर, वेल, दारिम, जामुन, प्रियाल, पारिजात, वर, पीपल, हिंक्गु, स्वामी, चाप, सरलो, देवदारु, इन्द्रकमल, रुद्राक्ष, बाँस, उखु, कदम, ज्यामिर ।

भोग्यप्रसाद भण्डारी (२०४२ : ६) का अनुसार तुलसी, अमारो, सिउँडी तथा ज्ञानराज सुवेदी (२०५२ : ३२) का अनुसार अङ्गुर, केरा, लिची र डा. कार्की (२०६८) का सुनज्यामिर, शङ्खत्रो आदि देखिन्छन् ।

षडानन्द आश्रम संरक्षण समाज (२०६६ : ६) का अनुसार गोगन, काफल, किम्बु, चिउरी, चिलाउने, ओखर, भोर्लो, खनिउँ, भलायो, गायो, कोइरालो, काभ्रो र चुवा उल्लेख छ ।

स्व. विश्वनाथ अधिकारी र भानुभक्त अधिकारीका अनुसार डुम्री, चिराइतो, गोकुलधूप, कपुर, बान्द्रे, उत्तिस, दतिवन, नीम, टोटला, सिमल, लङ्कास्थानी, सर्पगन्धा, जाइफल, सिरिस, रिठ्ठा, पाङ्गो, अडिर, गुर्जो, गुजरगानो, सजीवन, जाइफल, सिस्नो, बकाइनो, तीतेपाती, पत्थरपत्ता, धूपी, हर्रो, बर्रो आदि रहेका थिए । अन्य वनस्पतिहरूका बारेमा खोज गर्नु जरुरी छ ।

शिष्य र सहकर्मी यज्ञनिधि चापागाईंको पुस्तकमा १००८ प्रजाति उल्लेख भएको हुनाले १००८ प्रजाति नै आधिकारिक प्रमाण मान्नुपर्दछ । यस पुस्तक लेखनका क्रममा भित्री उद्यान तथा बाहिरी उद्यान जगेडावनमा पाइने १३१ जातका जडिबुटीहरूको नामावली सङ्कलन सम्भव भएको छ । एक जातका वनस्पति अन्तर्गत ५–७ प्रजाति पनि देखिन्छन् । जस्तै आँपमा सिन्दुरे आँप, फर्से आँप, मालदह आँप, कलकत्ते आँप, लोहोरे आँप लगायत १,५०० प्रजातिका आँपहरू भारतीय द्वीपमा मात्र पाइन्छन् । सायद विभिन्न जाति र प्रजाति गरी जम्मा १००८ प्रजाति पुगेको हुनुपर्दछ ।

सेमन्तराज अधिकारी (२०६२ : २९ – ३५) का अनुसार गुरु षडानन्दका दाजुका नाति कविराज दीनराज अधिकारीले काका पं. बद्रीनारायण अधिकारीको सल्लाहअनुसार सरकारी जागिरको सिलसिलामा पहिलो सेवा क्षेत्र दिङ्ला रोजेर वि. सं. १९९९ मा दिङ्ला आयुर्वेदिक औषधालय खोली उपचार सेवा पुऱ्याएको देखिन्छ । उनी कविराज तथा सर्जन भएको हुनाले काटिएका, सेरिएका,

हातखुट्टाहरू भाँचिएका, बाहिर पेट निस्किएका आदिलाई पनि घोडाको पुच्छरले सिएर दुरुस्त बनाउने दक्ष चिकित्सक थिए । दीनराजका छोरा डा. ठाकुर अधिकारी आयुर्वेद विभागका महानिर्देशक, खिलराज अधिकारी आयुर्वेद विभागका उपनिर्देशक तथा खिलराजकी श्रीमती डा. रञ्जूसमेतले नरदेवीमा कार्य गरेको देखिन्छ । षडानन्द गुरुको पूर्ण रूपमा दिङ्लामा आयुर्वेद शिक्षा दिने उद्देश्य पूरा नभए पनि उनका वंशजहरूले आयुर्वेदिक क्षेत्रमा दिङ्ला र राष्ट्रको सेवा पुऱ्याएको तथा गुरुको आशीर्वाद प्राप्त गरेको देखिन्छ ।

जब दीनराज अधिकारीले कविराज पास गरे, तब राजा त्रिभुवन र प्र. म. जुद्ध शमशेरमा बिन्तीपत्र पेस गरी दिङ्लाको अनुपयोगमा रहेको व्यवस्थित आयुर्वेदिक बगैँचा उपयोग गर्दा सहज हुने र बालागुरुको सदिच्छा साकार हुने अवगत गराएपछि दिङ्लामा दरबन्दी स्वीकृत गराई नियुक्ति लिएर आएको देखिन्छ । उनले अरुण उपत्यकामा आयुर्वेद स्वास्थ्य क्षेत्रमा धेरै वर्षसम्म रोगीहरूलाई सेवा पुऱ्याई उनीहरूको जीवनरक्षासमेत गरेको देखिन्छ ।

भूमिसुधार आयोगका पूर्वअध्यक्ष ऋषिराज लुम्साली (२०७३ : २९९ – ३०४) का अनुसार बालागुरुले पर्यावरण सन्तुलनका लागि जगेडा वन संरक्षण, पानीका मुहान संरक्षण र धाराहरूको निर्माण गराएको देखिन्छ । भूक्षय र बाढीपहिरोको व्यवस्थापन, वन पैदावारको महत्त्व, अक्सिजनको महत्त्व बुझेका गुरुले अक्सिजन प्रदायक वर, पीपल, समी, सल्लो, रुद्राक्ष आदि रोपण गराएको देखिन्छ । यस क्षेत्रमा त्रिफला जडिबुटीको महत्त्व, पलाँसको महत्त्व, बहुउपयोगी गुर्जो, तुलसी, देवदारु, जामुन आदिको महत्त्व जनमानसमा ज्ञात भएको देखिन्छ । खानेपानीको महत्त्वसँगै सीताकुण्ड, पार्वतीकुण्ड, हनुमानकुण्ड आदिको निर्माण साथै पर्यावरण संरक्षणमा जनचेतना फैलाएको देखिन्छ ।

आयुर्वेद विभागका पूर्वमहानिर्देशक डा. ठाकुर अधिकारी (२०७३ : ४६५ – ४६८) का अनुसार दिङ्लाको संस्कृत पाठशालामा वेद, व्याकरण, साहित्य, ज्योतिषजस्ता विषयको ज्ञानगङ्गा बगिरहेको अवस्थामा आयुर्वेद सेवाको अभाव त थियो नै । गाउँघरमा कुनै शारीरिक समस्या परे वा रोगव्याधि लागेमा अथवा ग्रहगोचर बिग्रिएर समस्या आएमा ब्रह्मचारीछेउ दौडेर आउने गर्दथे । सामान्य औषधि दिएर गर्ने उपचार, मन्त्रोपचार तथा चिनामा ग्रहदशा हेरेर फलानो समयमा अमुक तिथि र अमूक बारमा स्वस्तिशान्ति गर्नु भन्ने निर्देशन हुन्थ्यो । यस प्रकारको सेवा आफूले मात्र भ्याउन असमर्थताको अनुभव भयो । फलस्वरूप आयुर्वेदिक ज्ञान हस्तान्तरण तथा सामाजिक सेवाका लागि आयुर्वेद स्थापना गर्ने मनसाय भयो ।

नेपालको इतिहास हेर्दा वि. सं. १९८५ मा रानी पोखरी संस्कृत प्रधान पाठशालामा संस्कृत शिक्षा डाइरेक्टरको मातहतमा प्रथम आयुर्वेद विद्यालय

स्थापना गरेको देखिन्छ । आयुर्वेद र आधुनिक चिकित्साका केही व्यावहारिक पक्ष मिश्रित गरी ४ प्रकारको पाठ्यक्रम निर्माण भई देशलाई आवश्यक आयुर्वेद जनशक्ति उत्पादनको लक्ष्य लिएको देखिन्छ, जसमा २ वर्षे वैद्यविनोद, ४ वर्षे वैद्यभूषण, ६ वर्षे वैद्यरत्न पढाउन प्रारम्भ भयो ।

डा. अधिकारीका अनुसार अभिभावकले आफ्नो जिम्मेवारी, पेसा र सीप सन्तानलाई हस्तान्तरण गर्दै जान्छन्, जसअ नुसार बालागुरुका भतिजा पं जयधर्म अधिकारीका कान्छा छोरा दीनराज अधिकारी (बालागुरुका नाति, वि. सं. १९७१ – १९५७) बालागुरुको सदिच्छा पूरा गर्न काका पं. बद्रीनारायण अधिकारीको प्रेरणा अनुसार वि. सं. १९९२ मा कविराज पढ्न काठमाडौँ गएको देखिन्छ । उनले ६ वर्षे वैद्यरत्न पूरा गरी वि. सं. १९९९ मा त्रिजुद्ध आयुर्वेद जिल्ला औषधालय दिङ्लामा चिकित्सा सेवा शुभारम्भ गरेका थिए, जसमा हाकिम वैद्य (कविराज दीनराज अधिकारी), बहिदार (योगराज चापागाई र पछि खडानन्द लम्साल), भण्डारे (कृष्णराज अधिकारी), र परिचर तथा औषधि कुटुवा (कृष्णप्रसाद लम्साल) गरी ४ दरबन्दी थियो ।

आयुर्वेद क्षेत्रका डा. बी. पी. तिम्सिना, The Scientific Hindu and Wikipedia अनुसार आयुर्वेदको इतिहास हेर्दा भारतमा मुगल साम्राज्यको उदय भए पनि साम्राज्य विस्तारका क्रममा मठमन्दिरहरू तोड्ने, धार्मिक ग्रन्थहरू जलाउने काम हुन थाले । गान्धारका (तुर्की मूलका अफगानी) मुस्लिम शासक मुहम्मद विन बख्तियार खिलजीलाई क्यान्सर भएपछि हकिमद्वारा कुनै मुगल उपचार पद्धति सम्भव नभएको देखी नालन्दा विश्वविद्यालयमा (मगध) हिन्दू-बौद्ध ग्रन्थको आयुर्वेद विश्वविद्यालयका आचार्य राहुल श्रीभद्रको सल्लाह अनुसार कट्टर मुगल खिलजीले थाहा नपाउने गरी एउटा मोटो किताब ल्याएर आयुर्वेदिक औषधि लगाइयो । ६ महिनासम्म दिनैपिच्छे घाममा बसेर किताबका पानाहरू पल्टाउने मुगल चिकित्सकहरूले सल्लाह दिए । ६ महिनापछि सम्राटको क्यान्सर निको भयो । केही समयपछि ती राजाले मेरो उपचार कसरी सम्भव भयो भनी सोद्धा बौद्धग्रन्थमा उल्लिखित आयुर्वेदिक औषधि किताबको पानामा मिसाएको थियो भन्ने गोप्य कुरा बाहिरियो । यसैकारण आफू निको हुनासाथ हिन्दू र बौद्धलाई हिंसा गर्ने ती कट्टर शासकको निर्देशनमा मुगल साम्राज्य पनि विस्तार गर्ने नीतिस्वरूप नालन्दा विश्वविद्यालयको पुस्तकालयमा आगो लगाइदिए । स्मरण गरौँ, ६ महिनाभन्दा बढी आगो लागेको थियो । ९० लाखभन्दा बढी अनुसन्धानात्मक पाण्डुलिपिहरू जलाएका थिए । १,६०० जति शिक्षक, १०,००० जति लामा छात्र र केही पण्डित छात्र, १०० भन्दा बढी भवनहरू र ३ वटा ठूला र महत्त्वपूर्ण पुस्तकालयहरू एकै चिहान भएका थिए । हिन्दू र बौद्ध धर्मका आयुर्वेद, वेद, पुराण, अनुसन्धानात्मक ग्रन्थ, शोधपत्र लगायत महत्त्वपूर्ण ग्रन्थ

र पाण्डुलिपिहरू सदाका लागि बिदा भए । सन् १२६० मा प्रकाशित पर्सियन मुस्लिम इतिहासको Tabakat–I–Nasari ग्रन्थमा यो घटना उल्लेख छ । यो ३,५०० वर्ष पुरानो विश्वविद्यालय थियो । पाँचौँ शताब्दीको अन्त्यतिर घटना भएको थियो । सातौँ शताब्दीतिर चिनीयाँ यात्री हुयान साङ्ले पनि नालन्दा विश्वविद्यालय भएको ठाउँ पुगेको र धेरै कुरा यात्रावर्णनमा लेखेको देखिन्छ ।

त्यसै गरी अरेबियन मुगलहरूमध्येका एकीकरणकर्ता Huna द्वारा तक्षशिला विश्वविद्यालय पनि ध्वस्त भएको थियो । केही मुगलले जलाए भने बचेखुचेका अङ्ग्रेजद्वारा जलाएर केही महत्त्वपूर्ण ग्रन्थहरू लुटेर लगेका थिए । आजभोलि अर्को नाम राखी अर्को भाषामा अरेबियन र युरोपियनहरू हाम्रा चोरेर, किनेर, साटेर वा लुटेर लगेका ग्रन्थहरू प्रकाशन गरी आज हिन्दू र बौद्धमाथि नै शासन जमाउँदैछन् । हामी आज कमजोर बनेका छौँ । यो हाम्रो कथा व्यथामा सीमित भएको छ ।

यसरी मुगलले हिन्दू र बौद्ध विश्वविद्यालय तथा जनतामाथि हिंसा गर्ने, धार्मिक स्थान तोड्ने, पवित्र ग्रन्थहरू च्यात्ने, पुस्तकालयहरूमा आगो लगाउने आदि क्रम बढेपछि हिन्दू र बौद्ध विद्वान्हरू, सन्तहरू, योगीहरू, ऋषिहरू, परमर्षिहरू, ब्राह्मणहरू, क्षत्रीहरू र ज्ञानी जनमानस आदिको ठूलो समूह हिमालयको काख पश्चिम नेपाल र तिब्बततर्फ ज्यान जोगाउन, परिवार जोगाउन, धर्मग्रन्थ जोगाउन तथा धर्म जोगाउन भागेर आए । बोकेर ल्याएका पनि कति नष्ट भए, कति सुरक्षित रहे । यस कुराले नेपालका तत्कालीन हिन्दू शासकहरू र तिब्बतका बौद्धधर्मी शासकहरू पनि चिन्तित भएर आश्रय दिए । नेपालमा पनि सम्भावित आक्रमण होला वा पुस्तकहरू खोज्न आउला कि भनेर चिन्तित भई धमाधम भोजपत्र र ताडपत्रहरूमा लेखेर त्यसका हस्तलिखित प्रतिलिपिहरू कतिपय उच्च शासकहरूलाई दिए । कतिपय आफैँले लुकाएर, अरूलाई लुकाउन दिएर वा जमिनमुनि गाढधनका रूपमा संरक्षण गरेर राखे । बचेका हाम्रो इतिहास, संस्कार, ज्ञान, विज्ञान र प्रविधिहरूका भण्डार ग्रन्थहरू र सामग्रीहरू जोगाएर राखे । राहुल सांकृत्यायनले १४ वटा घोडामा तिब्बतबाट बौद्ध र हिन्दूग्रन्थहरू बोकाएर ल्याएर आज भारतीय द्वीपको इतिहास खोतल्ने प्रयास भएको छ । योगी नरहरिनाथले २००० भन्दा बढी पुराना ग्रन्थहरू तथा पाण्डुलिपि सङ्कलन गरी ६०० भन्दा बढी ग्रन्थहरू प्रकाशन गर्नु तथा इतिहास, धर्म, संस्कार र संस्कृति खोतल्ने जमर्को गरी विश्वको इतिहास पुनर्लेखन गर्नुपर्ने उल्लेख गर्नु उल्लिखित विश्वविद्यालयमा भएका घटना पटक-पटकको मुगल आक्रमणका घटनाहरूको प्रभाव हो । पश्चिम नेपाल र तिब्बती खण्डमा पाइएका सक्कली ग्रन्थहरू, पाण्डुलिपिहरू, वंशावलीहरू आदिबाट यी कुराहरू सम्भव भएका हुन् भन्नेमा दुई मत नहोला ।

भारतमा झन्डै १,००० वर्ष मुगलको बिगबिगी तथा ४०० वर्षजति अङ्ग्रेजको बिगबिगीको कारण हिन्दू र बौद्धका महत्त्वपूर्ण कीर्तिहरू कतिपय नष्ट भए । कति चोरेर वा महँगो मूल्यमा बिक्री भएर युरोप हुँदै अमेरिकासम्म पुगे । कतिपय ग्रन्थहरू ग्रिस, एथेन्स, जर्मन, पोर्चुगल, बेलायत आदिका विश्वविद्यालयमा पुगे । अङ्ग्रेजी नामकरण गर्दै त्यसैबाट आज कतिपय आविष्कारहरू भएको अनुमान हुन्छ । कतिपय विद्वान्हरू त्यसैबाट जन्मिएका देखिन्छन् । सन् १९४७ मा भारतको स्वतन्त्रतापछि पुनर्लेखन गर्ने क्रममा कतिपय ग्रन्थहरू स्मरणका आधारमा लेखिए । कतिपय ग्रन्थहरूमा कपोकल्पित नयाँ कुराहरू थपिए । सन् १९५० तिर तत्कालीन भारतीय प्र. म. को निर्देशनमा बनेको ३ सदस्यीय गोप्य समितिले भारतबाहिर रहेका पवित्र स्थानहरू भारतमा पार्ने गरी ग्रन्थहरू पुनर्लेखन गर्ने कामहरू पनि भए रे । बनारसतिर गएर पुनर्लेखन भएका ग्रन्थहरू नेपालीहरू पढेर फर्किए । नेपालमा छापाखाना नभएकाले भारतमा पुनर्लेखन गरी छापिएका कतिपय वेद, रुद्री, पुराण आदिका किताबहरू नेपाल ल्याए । वास्तविक इतिहास थाहा नपाई अहिले पनि त्यही भट्याएर कतिपयले जीविका गरिरहेको देखिन्छ ।

तर नेपालमा पाइएका भोजपत्र र ताडपत्रमा लेखिएका आयुर्वेदका ग्रन्थहरू, वेदहरू, उपनिषद्, रामायण, महाभारत, त्रिपिटक (नेपाल र तिब्बतमा पाइने) तथा अन्य महत्त्वपूर्ण ग्रन्थहरू मात्र सक्कली हिन्दू र बौद्ध ग्रन्थ हुन् भन्न सकिन्छ । त्यसैले काशीको हिन्दू सभा वा परिषद्ले हिन्दू धर्मसम्बन्धी केही विवाद भएमा वा कुरा बाझिएमा नेपाल खण्डमा प्राप्त ग्रन्थहरू मात्र सक्कली मानेर आजसम्म पनि निर्णय गर्दछन् भन्ने डा. जगमान गुरुङ, प्रेम कैदी, डिल्लीराम आदिको अन्तर्वार्ता, द साइन्टिफिक हिन्दू, विकिपिडिया आदिमा पनि डा. तिम्सिनाले जस्तै उल्लेख गरेको भेटिन्छ । तसर्थ नेपालका आयुर्वेदका प्राचीन ग्रन्थहरू, अन्यशास्त्रका ग्रन्थहरू, वेदहरू, पुराणहरू आदि आज पनि ताडपत्र वा भोजपत्रमा लेखेका यदाकदा भेटिन्छन्, जुन ग्रन्थहरू मात्र सक्कली ग्रन्थहरू हुन् भन्ने बुझ्नु जरुरी छ ।

**ढुङ्गे कलाकृतिहरू व्यवस्थापन :**

नेपालको चित्रकला, मूर्तिकला र वास्तुकला धार्मिक र सांस्कृतिक महत्त्वसँग गाँसिएको देखिन्छ । त्रेतायुगका मिथिला संस्कृति तथा काठमाडौंको नेवार संस्कृतिमा उक्त कलाको विकास भए तापनि नेपालको किरातकालीन विरूपाक्षको मूर्ति हालसम्म पाइएको सबैभन्दा पुरानो मानिन्छ । लिच्छविकालमा मूर्तिकलाको विकास आकर्षक र उत्कृष्ट शैलीका छन् । करिब २,६०० वर्षअघि गौतम बुद्ध भएको समयमा नै कपिलवस्तुमा कौशल देशका राजा प्रसेनजीतको

आक्रमणपछि कपिलवस्तु र कोलीय राज्यबाट भागेर शाक्य, बज्राचार्य, तमोट आदि काठमाडौँ उपत्यका प्रवेश गरेका थिए, जसबाट उपत्यकाको मूर्तिकला तथा वास्तुकलाको विकासमा महत्त्वपूर्ण भूमिका रहेको देखिन्छ ।

बालागुरुले दिङ्ला आमन्त्रण गरेपछि वि. सं. १९५९ को अन्त्यतिर पाटनको बखुंबहालबाट रत्नमान शाक्यको समूह आइपुगेको देखिन्छ । अर्थात् मूर्तिकार, ढुङ्गेपल्टन र वास्तुकलाका पनि सीप भएको समूह दिङ्ला आएको देखिन्छ । वि. सं. १९६० को दशकमा दिङ्ला बजार तथा मन्दिर परिसर चारैतिर ढुङ्गे र इँटे कलाकृतिहरूले सजाएको देखिन्छ । पछि सम्मानस्वरूप यो शिल्पकार समूहलाई पार्वतीकुण्ड छेवैमा ठाउँ र एक घर पनि बालागुरुले प्रदान गरेको देखिन्छ, जुन स्व. गोविन्द बस्नेतले पछि खरिद गरी प्रयोग गरेको जानकारी प्राप्त भएको छ । विशेषतः त्यस समयमा आफ्नै पुर्ख्यौली थलोको जामुने खेत र जामुने खोल्साका ढुङ्गाहरू प्रयोग गरिएको देखिन्छ । ढुङ्गेमूर्ति निर्माणक्रममा कतिपय ठूला जरुवा ढुङ्गाहरूसमेत कुँदेर सोही स्थानमा सजाएको पाइन्छ ।

दिङ्ला मन्दिर पुराणवाचन परिसरमा ढुङ्गे ग्राउन्डले सजिएको थियो भने परिसरबाहिर कच्ची सडकहरू निर्माण गरिएको थियो । बजार परिसरमा भने ढुङ्गे सडक निर्माणकार्य पछिल्लो चरणमा गुठीयार स्व. विष्णु बस्नेतको पालामा भएको देखिन्छ ।

ढुङ्गे बसाहा र षडेश्वर शिवलिङ्ग भीमकाय रूपमा देखिन्छन् । कसरी र कहाँबाट ल्याउनुभयो ? कतिजनाले बोकेका थिए होलान् ? आज पनि अनौठो र अद्‌भुत देखिन्छ । जयधर्मेश्वर, बलभद्रेश्वर, षडानन्देश्वर लगायतका शिवलिङ्गहरू, ढुङ्गे स्तम्भहरू, ढुङ्गे २ गेटहरू, ढुङ्गे चक्रहरू, ढुङ्गे पादस्थान, ढुङ्गे आँखीझ्याल, ढुङ्गे ढोका, ढुङ्गे युग्मज सीताराम र षडेश्वर मन्दिर जसमाथि एउटै विशाल वृत्ताकार ढुङ्गा राखी त्यसमाथि सुनका जलप लगाएका २ गजुरहरू अद्‌भुत प्रतिभाका बेजोड नमुना थिए, जोकोहीको मन लोभ्याउने भन्ने बुझिन्छ । परेवालाई पानी दिने ढुङ्गे ओखलहरू, ढुङ्गे धाराहरू, गौरीकुण्डको ढुङ्गे स्तम्भ र माथिल्लो भागमा नागका मूर्तिहरूसहितका ढुङ्गे सिँढी थिए र छन् । कुण्ड वरिपरिका देवीदेवताका ढुङ्गे मूर्तिहरूले तत्कालीन दिङ्ला स्वर्णिम र अद्‌भूत संसारमा प्रवेश गरेको देखिन्छ ।

अर्को अनौठो पक्ष भनेको पाटनको कृष्ण मन्दिर जस्तै ढुङ्गैढुङ्गाबाट निर्मित सीताराम मन्दिर र षडेश्वर महादेवको भीमकाय शिवलिङ्ग भएको युग्मज ( संयुक्त) मन्दिर थियो । रत्नमान शाक्यको समूह ढुङ्गाका मात्र नभई धातुका पनि मूर्ति बनाउने शिल्पकार समूह पनि थियो भन्ने स्पष्ट देखिन्छ । किनकि धातुको बसाहासमेत बनाएको र मन्दिर वरिपरि मण्डुकहरू बनाएको प्रसङ्ग पनि पुस्तकहरूमा भेटिन्छ ।

वि. सं. १९९० को भूकम्पले त्यो संरचना ध्वस्त भएको हुनाले हालको सीताराम मन्दिर धेरै पछि मात्र जीर्णोद्धार गरेको देखिन्छ । दिङ्लाका त्यी ढुङ्गे आभूषणहरू आज किताबी पानामा मात्र सीमित रहे भने कतिपय मन्दिर परिसर अथवा पुरानो छात्रबास परिसरमा लडिरहेका छन् । कतिपय टुक्राटुक्रा भई भग्नावशेषमा परिणत भइसकेका छन् । तथापि विगत एक दशकबाट छात्रावास कोठामा सङ्कलन गरेर संरक्षण पनि सुरुवात गरिएको छ ।

आजभोलि अभ्यास नगरे पनि वि. सं. १९६६ को धर्मपत्रिकाले षडानन्द पाठशाला, गुठी समिति र षडानन्द नगरपालिका वा स्थानीय सरकारलाई बराबर हैसियतमा अख्तियार गरेको देखिन्छ । तत्कालीन धर्मपत्रिका वि. सं. १९६६ अनुसार पछि सीडीओ कार्यालयलाई संरक्षक राखी ३ वटै निकाय र दिङ्लावासीको प्रतिनिधित्व हुने गरी नयाँ गुठी समिति निर्माण गरी जीर्णोद्धार वा नयाँ संरचना पहिलेजस्तै निर्माण गर्नुपर्ने देखिन्छ । काम नलाग्ने ढुङ्गे अवशेष तथा अन्य सम्बन्धित सामग्रीहरू 'षडानन्द सङ्ग्रहालय' निर्माण गरी संरक्षण गर्नुपर्ने देखिन्छ । पहिलेको 'स्वर्गको टुक्राझैँ लाग्ने दिङ्ला' आज एकादेशको कथा बन्नबाट जोगाउनु जरुरी छ । हाम्रो भविष्य बचाउनु जरुरी छ । ती सामग्री दिङ्ला, अरुण उपत्यका र नेपाल राष्ट्रका सम्पदा हुन् भन्ने बुझ्नुपर्छ ।

## काठ तथा फर्निचर व्यवस्थापन :

सीताराम गुठीले सरकारी स्वीकृति पाए तापनि यो मूलतः Public Private Partnership (PPP Model) मा चलेको देखिन्छ । वि. सं. २०१३ देखि मात्र षडानन्द मा. वि. ले सरकारी सहयोग प्राप्त गरेको देखिन्छ । त्यस समयमा विद्यालय तथा छात्रवासका लागि जनताले निःशुल्क सेवा गरेको देखिन्छ ।

छात्रावासहरू पं. नन्दिकेश्वर अधिकारी, रामनाथ अधिकारी, शिवलाल अधिकारी, जीवनाथ चापागाईं र यज्ञनिधि चापागाईंले निर्माण गरी अर्पण भएको देखिन्छ । सत्तल र राधाकृष्ण मन्दिर जमानसिंह बस्नेत र बलभद्र बस्नेतले निर्माण गरी अर्पण भएको हुनाले व्यक्तिगत रूपमा सरोकारवालाहरूले नै काठ तथा फर्निचर व्यवस्थापन गरेको देखिन्छ । त्यस समयमा जसरी निर्माण भए पनि र त्यसपछिको समयमा तत्कालीन मूलपानीका वडाहरू ३, ७ र ८ तथा केउरेनीपानीका वडा २, ३, ४, ८ र ९ बाट काठहरू उपलब्ध भए पनि सबैभन्दा बढी केउरेनीपानी ८ र ९ बाटै काठहरू ल्याएर प्रयोग गरेको देखिन्छ ।

## दिङ्ला बजार क्षेत्रको आधुनिक रूपरेखा निर्माण :

मरीचिका नाति नेमुनि (ऋषि) द्वारा तान्त्रिक विधिले नेपालको स्थापना भएको देखिन्छ । नेपालको केन्द्रविन्दुलाई मानव शरीरसँग तुलना गरी जीवित

राख्न तान्त्रिक, ज्योतिष र वास्तुकला विद्यासमेतको संयोजन गराई नेपाल राज्यलाई विश्वशक्ति केन्द्रका रूपमा विकसित गरेको देखिन्छ । उपत्यकाले विश्वलाई ऊर्जा दिन्छ, जसका आधारमा विश्वशक्ति सञ्चालन, सन्तुलन र नियन्त्रण हुने विश्वास गरिन्छ । 'काठमाडौँ उपत्यकालाई प्राचीन समयदेखि नै तन्त्रविद्या र ज्योतिष विद्याअनुसार दैवी शक्तिकेन्द्रहरू स्थापना गरेर प्रत्येक शक्तिकेन्द्रमा अष्टमात्रिका स्थापना र उपासनासँगै निर्माण गरिएको अनुसन्धानमा देखिन्छ । तान्त्रिक शक्तिकेन्द्रको मुख्य एक थप केन्द्र गुहेश्वरी समेत रहेको' प्रसङ्ग डा. जगमान गुरुङका अन्तर्वार्ताहरूमा भेटिन्छ । तन्त्रविद्या मुताबिक शक्तिकेन्द्रको उपासनाका कारण नेपालको अस्तित्व आजसम्म रहेको छ । जसको कारण आजसम्म नेपालमा मुगल शासक, अङ्ग्रेज शासक र चीनिया शासक आदिको पञ्जामा नपरेको इतिहास भेटिन्छ । जस्तै डा. गुरुङका अनुसार 'विशाल चिनियाँ सेनाले तिब्बत क्षेत्र एकीकरण गर्दै वेत्रावतीको पुलमा आई नदी तर्दातर्दै काठमाडौँ र नुवाकोट दरबारको मन्दिर परिसरमा गरिएको तान्त्रिक उपासनाले चीनियाँ सेनामा अन्तर्घात भएको थियो । धेरै सेनाहरू बेत्रावतीको पुल तर्दा नदीको बीचैमा आइपुग्दा भाँचियो र नदीमा बगेर स्वाहा भएको कारण भोलिपल्ट काठमाडौँ उपत्यका कब्जा गर्ने योजना विफल भएको थियो । विशाल चीनिया सेना तुरुन्तै पछि हट्न बाध्य भए र चीनतिरै आफ्नो बाटो कुलेलम ठोकेको' इतिहासमा उल्लेख देखिन्छ । तसर्थ हाम्रा पूर्वजहरूले तन्त्रगुरुहरूद्वारा दैवी शक्तिको उपासना गर्दै तान्त्रिक विधिहरू विधिपूर्वक सञ्चालन हुँदै जाँदा नेपालले अस्तित्व पनि बचाउँदै आएका थिए । आजभोलि शक्तिकेन्द्रहरू तान्त्रिक विधिद्वारा लगातार सञ्चालन हुन नसकेको देखिन्छ । तान्त्रिक गुरु पनि लगभग लोप भइसकेको र नेपाल पनि ओरालो लागिरहेको अवस्था देखिन्छ ।

डा. गुरुङका हिमालय अनलाइन टीभीका अन्तर्वार्ताहरूमा वि. सं. २०४६ को प्रजातन्त्रले पश्चिमी धर्मसंस्कार जबर्जस्ती नेपालमा स्थापना गर्ने रणनीति ल्यायो । कोटेश्वरको ढल्किएको कोटिलिङ्गका कारण, शिवस्वरूप किरातेश्वर महादेव (यलम्बरको) पशुपतिनाथ क्षेत्रको लड्न लागेको मूर्तिका कारण, पशुपतिनाथको आर्यघाट तथा मन्दिर परिसरमा भएको पश्चिमेली धर्मसंस्कार मान्नेहरूको हालीमुहालीका कारण, गुह्येश्वरी, उपत्यका र देशका अति महत्त्वपूर्ण दैवी केन्द्रहरूमा आयातीत धर्मसंस्कृतिको आक्रमणका कारण पूजापाठ, यज्ञादि र देवीदेवतालाई सम्मान नपुगेको कारण अहिले नेपाल राष्ट्रको दुर्दशा सुरु भएको छ । पहाडका डाँडाडाँडामा रहेको दैवी शक्ति केन्द्रहरूको wave आज NTC, Ncell, NTV आदिका tower का wave ले तितरबितर बनाइदिएको छ । मन्दिरका लगातारका पूजापाठबाट फालिने सकारात्मक wave ले त्यस क्षेत्रका जनतालाई शुभ हुन्छ र शुभकार्य हुन्छ । कतिपय मन्दिरका

आज पूजापाठ र यज्ञादि बन्द भइसके । आधुनिक आयातीत संस्कृतिका कारण नेपाललाई दशाको बादलले घेरिसकेको छ। नेपालीको आधुनिक कुकर्मका कारण भाग्यले पिच्छा धकेल्दै छ । सचेत नभएमा नेपाल र नेपाली ध्वस्त हुनेछ ।

हामीले संस्कारपूर्वक दैवी केन्द्रहरूको पूजाविधि वा उपासनाहरू गर्न नसक्नु, हामीमा विज्ञ तान्त्रिक गुरुहरू तथा धुरन्धर पण्डितहरू लगभग पूरै लोप भइसक्नुभएको छ । कामचलाउ गुरुहरूबाट विधिपूर्वक शक्तिहरूको उपासना हुन सक्दैन। भएका शक्तिकेन्द्र मानिने मुख्य मन्दिरहरू तथा मूर्तिहरू ढलिसकेका वा कोल्टो परिरहेका छन् । त्यसैले राष्ट्रलाई दशा लागेको छ। ठड्याउनुपर्छ । पूजापाठ विधिपूर्वक गर्नुपर्छ । पाश्चात्य धर्मसंस्कारले पनि हाम्रा सनातन वा प्राकृत धर्महरू प्रदूषित हुन थाले । नेपाल र नेपालीलाई दशा लागेको छ ।

बालागुरु षडानन्द एक विज्ञ तान्त्रिक गुरु, विज्ञ पण्डित र विज्ञ ज्योतिष भएको विश्लेषण गर्न सकिन्छ । उहाँले पानी फुकेरै रोगी निको पार्ने उपचार विधि थियो । रुमाल ओछ्याएर अरुण तथा बाग्मती नदी तर्ने शक्ति थियो । असिनापानी रोक्ने शक्ति थियो । छिनमै देखापर्ने छिनमै धनकुटा जेलमा अलप भएको प्रसङ्ग छ। श्री ३ चन्द्र शमशेरले सिंहदरवार उद्घाटन गर्ने सिलसिलामा अघिल्लो दिन दिनभरि विद्यार्थी दिङ्लामा पढाएको र बेलुका दिङ्लामै बास बसेर भोलिपल्ट बिहान ७ बजे काठमाडौँ पुगेर दरबारको शिलान्यास कार्यक्रम विधिमा सहभागी भएको प्रसङ्ग छ । उनका अनेकौं अलौकिक, चमत्कारपूर्ण वा अद्भुत कार्य देखिन्छन् । तसर्थ उनी तत्कालीन समयको विज्ञ तान्त्रिक गुरु पनि थिए । उनको त्यो विद्या दिङ्लालीले सम्हालेनन् । विद्या नै लोप भयो । विद्या लोप हुन दिनु हाम्रो अचेतना हो । बालागुरुको त्यो विद्या सिक्न कसरी सम्भव छ त ?

नेपालका हिन्दू र बौद्ध समाजहरू मातृप्रधान संस्कारबाट अघि बढेका थिए । तसर्थ देवीहरूका नाम वा नारीलाई प्राथमिकता दिएको छ। राधाकृष्ण ( कृष्णराधा भनिदैन), सीताराम, देवीदेउता आदि शब्दको संरचना हेरौं । अनि महालक्ष्मी, महासरस्वती, महाकाली र उहाँका अनेक रूपहरूलाई हामी प्राथमिकता दिन्छौं, जसबाटै जीव वा सृष्टिको जन्म हुन्छ । प्रकृति, भूमि, नदीनाला आदि मातासरह सम्मान गरिन्छ । 'जननीजन्मभूमिश्च स्वर्गादपि गरीयसी ।' बलिप्रथालाई सहर्ष्न स्वीकार गरिन्छ तर फलफूलको बली भनी शास्त्रमा उल्लेख भएको छ । 'अजः' को अर्थ बाख्रा भन्ने नकारात्मक मात्र लगाइन्छ। तर 'अजः' को दोस्रो अर्थ पुरानो अन्न वा पुरानो धान पनि हो भन्ने थाहा छैन र गलत सन्देश दिइएको छ। आज पनि त्यस्तै सनातन परम्परालाई निरन्तरता दिँदै आएको छ। भारतको हिन्दू परम्परा पितृप्रधान छ। शिव, विष्णु, कृष्ण आदिलाई मुख्य केन्द्रका रूपमा राखेको देखिन्छ । आजभोलि मनाइने जैनधर्म, कृष्णप्रणामी, साईराम आदि यसका केही उदाहरण हुन् । त्यसै

अनुसारको सनातन परम्परा र संस्कार विकसित छ। हामी नेपाली आज भारतीय हिन्दू परम्पराको घेराभित्र फसिसकेको आभास हुन्छ। त्यसै अनुरूपका चाडपर्व, परम्परा र संस्कार पनि परिवर्तन गर्दै र मनाउँदै आएका छौँ । आखिर हामी भारतीय वा नेपाली दुवै हिन्दू हौँ। नेपालीले देवीप्रधान हिन्दू परम्परा र बलिप्रथा (अन्न वा फलफूलको) स्वीकार गर्नु नै उत्तम देखिन्छ । पछि लेखिएको दुर्गासप्तशती आदिलाई बलिप्रथाको आज आधार मानिन्छ । सबैले पशुबलि दिँदैनथे, तान्त्रिकहरूले मात्र पशुबलि दिन्थे भन्ने पनि भुल्नु हुँदैन। पशुबलिबाट पशुले नयाँ जीवन पाउँथे। आजभोलि डाक्टरले क्यान्सरको उपचार गर्छ। रोग निको भए बिरामीले नयाँ जीवन पायो । डाक्टरको मन्त्र सिद्ध भयो । बिरामी मरेमा परीक्षण फेल भयो अर्थात् पशुबलि पनि फेल खायो । अर्थात् सिद्धान्त परीक्षण गर्न पशुबलि दिइन्थ्यो । पछि प्रचलन बिग्रियो र बोका, कुखुरा आदि काटेर बलि दिन सुरु भयो, जुन आजसम्म पनि बलिप्रथा बनेर चलेको छ । आज तान्त्रिकबाहेकका अति लोकतान्त्रिक भनाउँदाले पनि बलिप्रथा चलाइदिए र विकृत बन्यो। बालागुरुले पनि बलिप्रथा रोक्ने प्रयास गरेको देखिन्छ।

अर्कातर्फ विचार गर्दा पुरानो समयमा बलिदिने समयमा पूजाविधिबाट मन्त्र र तन्त्र जगाएर पशुलाई एक प्रकारको hypnotise गरिन्थ्यो । मन्त्र र तन्त्रबाट हतियारमा धार लगाई (शक्तिको आह्वान गरी) छप्पै छिनाइन्थ्यो । काटिने पशुलाई hypnotise का कारण म काटिँदैछु भन्ने थाहा हुँदैनथ्यो। तसर्थ पाप नलाग्ने शास्त्रीय मान्यता थियो । पशुबलि स्वीकार गरिन्थ्यो । तर आज पूजापाठ पनि हुँदैन र मन्त्रतन्त्र नगरीकन भुत्ते हतियारले छप्काउनुअघि पशु डराइसकेको हुन्छ अनि पशु थरथर काम्दछ वा भाग्न खोज्दछ। शास्त्रीय मतमा यसरी बलि दिँदा पाप लाग्दछ भन्ने तर्क पनि देखिन्छ। तसर्थ उपत्यकालाई ने मुनिले स्वयम्भूनाथ र बज्रजोगीको निर्देशन बमोजिम तान्त्रिक विधिले दैवी शक्तिकेन्द्रहरू स्थापना गरी निर्माण गराए जस्तै बालागुरुले पनि तान्त्रिक विधि, ज्योतिष विधि र वास्तुशास्त्रको विधिअनुसार दिङ्ला र अरुण उपत्यकाको दैवी शक्तिको दियो जलाई आशीर्वाद लिन बालागुरुले अष्टमात्रिकाहरूको स्थापनासँगै सीताराम मन्दिरलाई मुख्य केन्द्रबिन्दुमा राखेर स्थापना र उपासना गरेको देखिन्छ। बालागुरु गायत्री माताको उपासक भई २४ गायत्री पुरश्चरण पारङ्गत सिद्ध पुरुष पनि भएको देखिन्छ।

त्यसै गरी राधाकृष्ण मन्दिर, गौरीकुण्ड, सीताकुण्ड, सरस्वती मन्दिर आदिको स्थापना र उपासना गरेर शक्तिको आह्वान गरेको पाइन्छ। त्यसै गरी शिवरूपमा षडेश्वर महादेव केन्द्रविन्दुमा राख्दै नर्मदेश्वर, यज्ञेश्वर, नन्दीश्वर आदि प्रशस्त शिवलिङ्गहरूको आह्वानसमेत गरेको पाइन्छ । अधिकारीहरूकी कुलदेवी पनि षडेश्वर शिवलिङ्गको उत्तरपट्टिको पर्खालको कुनामा राखेर शक्तिको

प्रार्थना गरेको देखिन्छ । दिङ्लाका शक्तिकेन्द्रहरूमा शक्ति जगाएर दिँदा, दिङ्ला क्षेत्र, अरुण उपत्यका र सम्पूर्ण नेपालभर नै समाजसुधार र पुनर्जागरणको दियो जल्ने लहर चलेको देखिन्छ । योगी नरहरिनाथ र पछिल्ला योगी तथा सन्तहरूले दिङ्लाका शिवलिङ्गका शक्तिहरू आजभोलि निष्कृय भएको छ । दिङ्लालीका ओरालादिन सुरु भए भनी पटकपटक कोटिहोम यज्ञहरू गराएको स्मरण दिङ्लालीमाझ आजसम्म पनि ताजा छ । दिङ्लामा माओवादी द्वन्द्व तथा अन्य कारणहरूबाट शक्तिकेन्द्रहरूको पूजापाठ बन्द हुँदा, यज्ञादि नहुँदा र सम्मान नपुग्दा आज दिङ्लाका संरचनाहरू र दिङ्लालीको भविष्य ओरालो लागिरहेको आभास हुन्छ। देशविदेश हाँक्ने उच्च ओहोदाका शासक, उपशासक वा प्रशासक जन्मिएका थिए दिङ्लामा खै त आज ? असह्य पीडा हुन्छ ।

खेमराज गौतमका अनुसार बजारको उत्तरपूर्वतर्फ मन्दिरहरू निर्माण तथा पाठशाला निर्माण थियो । दक्षिणतर्फ धारा र ढलको व्यवस्थापन थियो । पश्चिमतर्फ शनिबारे हाटबजार तथा रामनवमी, सङ्घी मेला लाग्ने ठाउँ व्यवस्थापन थियो । पूर्वदक्षिणतर्फ कुण्डहरू, जडिबुटी उद्यान र फूलबारी निर्माण थियो । मध्यभागमा दिङ्ला बजार निर्माण बालागुरुको निर्देशन अनुसार छनोट भई सम्पन्न भएका थिए भनी उल्लेख गर्नुभएको छ ।

आज एउटा घर बनाउन वा एउटा शौचालय बनाउन नगरपालिकाको इन्जिनियरको डिजाइन र नक्सा पास चाहिन्छ । गुरुबाट इन्जिनियरविना डिजाइन गरिएका ती संरचना आज पनि एक कुशल इन्जिनियरको भन्दा कम आकर्षक र कम दरिला संरचना देखिँदैनन् । बालागुरुबाट स्थापना भएका र जगाएका दिङ्लाका शक्तिकेन्द्रहरू विधिपूर्वक जागिरहनु अनिवार्य छ, जसले मात्र आधुनिक दिङ्ला सहरको भविष्य वा रूपरेखा तथा अरुण उपत्यकालाई पनि उज्यालो दिशातिर लम्किन भौतिक र आध्यात्मिक सहयोग पुग्दछ ।

**जग्गा व्यवस्थापन :**

कैलाशडाँडामा १ रोपनी जग्गा घेरेर सीताराम मन्दिरमा राम, सीता, हनुमान र लक्ष्मणका ४ प्रतिमाहरू स्थापना गरी वि. सं. १९३२ चैत्र रामनवमीको दिन विद्यालय सुरुवात गरेको देखिन्छ । केही समयपछि नै विद्यार्थीको चापको कारण थप ५ रोपनी जग्गासमेत गरी जम्मा ६ रोपनी जग्गा प्रयोग गर्न श्री ३ राणा सरकारसँग अनुरोध गरेको स्पष्ट प्रमाण वि. सं. १९३५ को लालमोहरबाट देखिन्छ । अर्कोतर्फ वि. सं. १९२८ पौष ४ गते आइतबारका दिन दिङ्ला साल्मा बस्ने शिवलाल पोखरेलको घरमा बालागुरुले पुराण श्रवण गराएपछि साल्मा ब्याँसी बिरौटो २५ मुरी खलो खेत गुठी बनाउन भूमिदान गरेको पत्रमा देखिन्छ । सो जग्गा नै गुठीका लागि प्राप्त पहिलो जग्गा थियो ।

तर वि. सं. १९६० मा मात्र औपचारिक रूपमा सीताराम गुठी स्थापना भएको देखिन्छ। षडानन्द आश्रम संरक्षण समाज (२०६६ : ३), "त्यस समयमा १०००-१२०० मुरी अन्न उब्जनी हुने गुठीको व्यवस्था भएको थियो भने ३३६/१ मुरी ठेक्कामा दिएको देखिन्छ। वि. सं. २०३६ को नापीअनुसार १७५३ रोपनी जग्गा देखिन्छ । षडानन्दको मृत्युपछि पचलीघाटमा गुरु षडानन्दसँग रहेका नगदी जिन्सी तथा घुम्तीकोषको व्याजबाट जग्गा खरिद गरी वि. सं. १९८७ मा ५५६ मुरी ठेक्कामा पुगेको देखिन्छ । सेमन्तराज अधिकारी (२०६२ : ७६, ७७) मा जग्गाका जम्मा कित्ताहरू १०२ वटा, ताम्रपत्रको फोटोकपी छपाई १ वटा, लालमोहरको फोटोकपी छपाई १ वटा र रुक्का आदेश दरखास्त फोटो कपि छपाइ १ वटा उल्लेख देखिन्छ।

गुठी स्थापना गर्नाको निमित्त प्राप्त भएका तत्कालीन समयका बिल, भरपाई, साक्षीहरू, हस्ताक्षर गरेका कागजपत्रहरू, लालमोहर, रुक्का आदेश, शिलापत्र, ताम्रपत्र, धर्मपत्रिका, राजिनामापत्र, भूमिदानपत्र, फार्सापत्र, अलिबन्ध (आर्य) पत्र आदिमा उल्लेख भएका विवरणहरू तथा गुठी समिति, विद्यालय, सरोकारवाला व्यक्ति, सरकारी अभिलेखहरू केलाउँदा जग्गा सम्बन्धी तपसिलका विवरण देखिन्छन् । वि. सं. १९६० अघि गुठीलाई प्राप्त भएका जग्गाहरू खण्ड २ को भौतिक निर्माण तथा व्यवस्थापन शीर्षकमा उल्लेख गरिएको हुनाले वि. सं. १९६० पछि प्राप्त जग्गाहरू मात्र यस शीर्षकमा उल्लेख गरिएको छ :

दानबाट प्राप्त जग्गाहरू वि. सं. १९६० पछिका

| **क्रम** | **मिति** | **जग्गादाता** | **ठेगाना** | **जग्गाको ठेगाना** | **मुरी** |
|---|---|---|---|---|---|
| १ | १९६१ वैशाख २९ | खरिदार यज्ञनिधि चापागाईं | साङराङ | केउरेनीपानी भञ्ज्याङ विर्ता | |
| २ | १९६१ आषाढ ३ | हीरालाल पोखेल 'जैसी' | साल्मा | व्याँसीविर्ता सिरिसे चिर्खुवा खोला पश्चिम | ३०+२० ५० मुरी |
| ३ | १९६१ कार्तिक २५ | खरिदार यज्ञनिधि चापागाईं र जीवनाथ चापागाईं | साङराङ | ४ कोठे छात्रावास निर्माण पाठशाला भएको र उद्यान समेतको १६ आना | |
| ४ | १९६१ माघ ९ | विष्णुदत्त पौडेल र भाउजू भक्तिलीला पौडेल | जन्म गढीगाउँ, बसाइँ पाँचथर याङरूप | गढीगाउँको ७ घरे बिरौटो चप्लेटी ढुङ्गे, बिरौटो, कटहरे बिरौटो, घडेरीवारी आधा | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | १९६१ माघ १० | प्रभाकर पौडेल | गढीगाउँ | गढीगाउँ विर्ता बिरौटो | |
| ६ | १९६१ माघ १० | हवल्दार शोभितमान बस्नेत | गढीगाउँ | मन्दिरनजिकैको बगैँचा र जगेडा बनको जग्गा | |
| ७ | १९६१ फागुन २४ | देवीप्रसाद लम्साल | कटहरे वितलव | घैयाबारी भूत्याहा रैकर | २/५ मुरी |
| ८ | १९६२ श्रावण २२ | जीवनाथ चापागाईं | साङराङ | मन्दिर पश्चिम धारामुनि घैया सिम | ०/१० |
| ९ | १९६२ मङ्सिर २६ | गङ्गाधर भट्टराई | पापुङ्गा | काशीनाथ अधिकारीले दान दिएको कमेरे विर्ता | १ |
| १० | १९६२ मङ्सिर १५ | जीवनाथ चापागाईं | साङराङ | बेंसी आम्बोटे रैकर र बारी डिहीसमेत | |
| ११ | १९६२ माघ १२ | भवानीशङ्कर पौडेल<br>माधव यज्ञनिधि, नन्दिकेश्वर, लक्ष्मीकान्त र हरिप्रसाद पौडेल | गढीगाउँ | कटहरे हात्तीढुङ्गे बिरौटो र गाउँको घरवारी विर्ता | |
| १२ | १९६२ चैत्र २ | हीरालाल पोखेल 'जैसी' | साल्मा | गोगनेका न्यौपानेबाट मुद्दा मिलाई साल्मा बेंसी ६० मुरे | |
| १३ | १९६३ वैशाख ७ | पं. नन्दिकेश्वर अधिकारी | धारापानी | धोबीधारा झगरे मरुवा ब्याँसी | |
| १४ | १९६३ माघ १२ | हेमलाल चापागाईं | साङराङ | सिह्रान ढोल बाजे | ०/१० |
| १५ | १९६४ वैशाख २८ | श्रीप्रसाद उपाध्याय | तुम्लिङ गुवाबारी | स्याल रुम्टी रैकर माल्टा, सङ्खुवासभा | ८/० |
| १६ | १९६४ जेठ ९ | भक्तिराम पौडेल | गढीगाउँ | गढीगाउँ विर्ता निर्मलजङ्ग हमालछेउ | |

| | | | | | |
|---|---|---|---|---|---|
| १७ | १९६४ जेठ २५ | जमानसिंह बस्नेत | साल्मा | मरुवाविर्ता रवि रुम्टा | |
| १८ | १९६४ आषाढ ७ | इन्द्रविलास गौतम | दिङ्ला आम्वोटे | मरुवा बेंसी | |
| १९ | १९६४ आषाढ ८ | सरस्वती ब्राम्हण पौडेल | गढीगाउँ | गौंडे विर्ता बिरौटो | |
| २० | १९६४ पौष २५ | हिमलाल पोखेल 'जैसी' | साल्मा | साल्मा ब्याँसी रैकर साठीमुरे, ढोलबाजे र घरबारी | ५/० |
| २१ | १९६४ चैत्र २९ | पं. शिवलाल अधिकारी | दिङ्ला | सिरिसे खेत | |
| २२ | १९६५ वैशाख १ | रघुपति गुरागाई | गढीगाउँ | मरुवा विर्ता बिरौटो | |
| २३ | १९६५ फागुण २९ | इन्द्रविलास गोतामे, रामनाथ, मणिकर्णिका, गजाधर, रामकृष्ण, देवीचरण, लक्ष्मीविलास, डिल्लीराम र रविलाल गौतम | आम्बोटे | अठ्ठाइसे रैकर विर्ता बिरौटो | |
| २४ | १९६५ चैत्र ३ | राधाकृष्ण गुरागाईं | गढीगाउँ | भण्डारीचौर | |
| २५ | १९६५ चैत्र ४ | सुवेदार नारद चापागाईं | साङराङ | आम्बोटे भदौरे स्वाँरा र वन | |
| २६ | १९६५ चैत्र ६ | देवीचरण गौतम | आम्बोटे | मरुवा बेंसी | |
| २७ | १९६६ वैशाख १७ | देवीप्रसाद चापागाईं र हरिप्रसाद चापागाई | साङराङ | भरत पाध्याण्य नजिकैको रैकर खेत | |
| २८ | १९६६ वैशाख १७ | धनपति चापागाईं | साङराङ | सिरुवानी खेत | |

| | | | | | |
|---|---|---|---|---|---|
| २९ | १९६६ वैशाख १७ | रविलाल गौतम | आरुवोटे | मार्से खेत | |
| ३० | १९६६ वैशाख २३ | इन्द्रविलास गौतम | आरुवोटे | भरुवा ब्याँसी विर्ता | |
| ३१ | १९६६ जेठ ३ | जयधर्म अधिकारी | वितलव | मार्से रैकर | |
| ३२ | १९६६ जेठ ४ | रामनाथ अधिकारी | साङराङ | मार्से रैकर | |
| ३३ | १९६६ जेठ११ | नरबम बस्नेत | साल्मा | गौडे पुच्छार | |
| ३४ | १९६६ जेठ१९ | धर्मानन्द चापागाईं | साङराङ | डुम्रेछेउ नौगारा रैकर | |
| ३५ | १९६६ आषाढ ९ | राइटर विष्णुप्रसाद उपाध्याय | साङराङ | तित्रे २ | ०/०३ |
| ३६ | १९६६ अषाढ १६ | विचारी जमानसिंह बस्नेत | उदयपुर | थाक्सिला रैकर | ०/१८ |
| ३७ | १९६६ आषाढ ९ | रामकृष्ण गौतम | आम्बोटे | मरुवा ब्याँसी विर्ता | |
| ३८ | १९६६ आषाढ १६ | बलभद्र बस्नेत | साल्मा | तुङ्गेछा ४ खला रैकर खेत राधा-कृष्ण मन्दिर पूजा र जीर्णोद्धारका लागिसमेत | |
| ३९ | १९६७ वैशाख २५ | लक्ष्मीप्रसाद चापागाईं | साङराङ | ठाडे सोह्रआनी, डुम्रे, काल्ये २२ | |
| ४० | १९६७ जेठ १३ | सर्बर थापा मगर | कात्तिके | साँघुटार, घरबारी सखुवासमेत | |
| ४१ | १९६७ कार्तिक २७ | नारद, भारथ र अनन्तनारायण चापागाईं | साराङ | मनोरथ सुवेदीले विराएको दुवेछेउ | १।१० |
| ४२ | १९६८ श्रावण २१ | कर्णाखर अधिकारी | धारापानी | भगरे विरौटो (काल्येमाथि) | ३।१० |
| ४३ | १९६८ श्रावण ३१ | गौरीप्रसाद चापागाईं | साङराङ | गौचरनका लागि गुठी जग्गा | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४४ | १९६८ पौष ३० | राइटर विष्णुप्रसाद चापागाईं | साङराङ | गौचरनका लागि एक पाटो आधा | |
| ४५ | १९६८ माघ २ | राधाकृष्ण सुवेदी | साङराङ | दुवे खोला वाटा माथी रैकर खेत | |
| ४६ | १९६९ जेठ १२ | पं नन्दिकेश्वर, भवानीप्रसाद र राधाकृष्ण पाध्या | साङराङ | साल्मा ब्याँसी दुइमुरे खेत | |

बालागुरु षडानन्दको देहावसानपछि प्राप्त जग्गाहरू :

| क्रम | मिति वि. सं. | जग्गादाता | ठेगाना | जग्गा ठेगाना | |
|---|---|---|---|---|---|
| ४७ | १९७६ फागुन ११ | खड्गबहादुर कटवाल | साँपुला | बुहारी झगरे सिरान | |
| ४८ | १९७७ आश्विन ७ | तुलसीराम अधिकारी | धारापानी | बेलबोटे डिही र सातमुरे सिहान | |
| ४९ | १९९४ आश्विन २२ | लक्ष्मीप्रसाद चापागाईं | साङराङ | तित्रेबेसी धोद्रेछेउको जग्गा सट्टापट्टा गरी गुठीलाई | |
| ५० | १९९८ फागुन २८ | दलजीत राई | मझुवा | भाङ्टारको सट्टामा डाडाँ खेत पुनः थप र सट्टा गरिदिएको | |
| ५१ | २००१ माघ २२ | भक्तिविलास अधिकारी | आरुबोटे | मार्से रैकर खेत | |
| ५२ | २००६ वैशाख २ | सुवेदार देवराज, देवीप्रसाद, डमरुवल्लभ चापागाई | साङराङ | सानो मझुवा, च्युरीबोटे, पँधेरे सीम खेत | |

वि. सं. १९६० पछि गुठीका लागि खरिद गरेका जग्गाहरू :

| **क.सं** | **मिति वि. सं. मा** | **बिक्रेता** | **ठेगाना** | **जग्गाको ठेगाना** | **खरिद मो रु** |
|---|---|---|---|---|---|
| १ | १९६२ वैशाख १३ | चन्द्रलाल गौतम | जिलुर्पु | मरुवा ब्याँसी कुशविर्ता | १०१।- |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | १९६१ आषाढ ३ | हीरालाल पोखेल ‘जैसी’ | लेगीगाउँ साल्मा | सिरिसे बिरौटो | १००१।- |
| ३ | १९६१ चैत्र १४ | अगमसिंह राई | साङराङ | लुङथुङ रैकर | १०।- |
| ४ | १९६१ चैत्र २२ | गङ्गाधर अधिकारी | साङराङ | बडहरे बिरौटो | |
| ५ | १९६१ चैत्र ३० | शमशेर राई | साङराङ | कुंडुले छेउ कटहरे | |
| ६ | १९६३ पौष २९ | १५ जनाले बिक्री गरेका जगगाहरू | सिक्देल गोगने बस्ने न्यौपाने हरूले हिरालाल जैसीले चर्चेको आधा र आधा न्यौपाने ले दान पाएका जगगाहरू | जम्मा मोरु २,४००।- | |
| ७ | १९६३ पौष २९ | शिवलाल न्यौपाने हरिचरण उपाध्याय | | जम्मा १५० मुरी खलाखेत र २१ भागको पाखो समेत | १५०।- |
| ८ | | ईश्वरीप्रसाद न्यौपाने | | | १५०।- |
| ९ | | गौरीप्रसाद न्यौपाने | | | १५०।- |
| १० | | राइटर श्रीकान्त न्यौपाने | | | १५०।- |
| ११ | | श्रीलाल न्यौपाने | | | १५०।- |
| १२ | | पुण्यप्रसाद न्यौपाने | | | १५०।- |
| १३ | | लक्ष्मीभक्त न्यौपाने | | | १५०।- |
| १४ | | धर्मदत्त न्यौपाने | | | १५०।- |
| १५ | | रामप्रसाद न्यौपान | | | १५०।- |
| १६ | | नरनाथ न्यौपाने | | | १५०।- |
| १७ | | देवदत्त न्यौपाने | | | १५०।- |
| १८ | | शिरमनि न्यौपाने | | | १००।- |
| १९ | | रङ्गलाल न्यौपाने | | | १००।- |

| | | | | | |
|---|---|---|---|---|---|
| २० | | फौदसिंह खत्री न्यौपाने | | | १००।- |
| २१ | १९६५ माघ ७ | अडिमर्दन पोखरेल | धुपु सङ्खुवा सभा | साल्मा गाउँ विर्ता घडेरी र विरौटो खेत | १०१।- |
| २२ | १९६५ माघ ७ | हीरालाल पोखेल 'जैसी' | साल्मा | साल्मा व्याँसी, वालुवा साठी ( ३० मुरी) घर वारी समेत | ७९९।- |
| २३ | १९६६ पौष २१ | बृद्धिलाल गुरागाई | तुङ्गेछा | भञ्ज्याङ दक्षिण डाँडो, थुम्की पसल राख्न ४ दाम ठेकीमा बिक्री (कोदोबारी दक्षिण, मूलबाटो पूर्वका जग्गा) | |

गुरु षडानन्दको देहावसानपश्चात् खरिद जग्गा

| **क्र.सं.** | **मिति** | **बिक्रेता** | **ठेगाना** | **जग्गाको ठेगाना** | **खरिद मोरु** |
|---|---|---|---|---|---|
| १ | १९७६ पौष २१ | विष्णुमाया बोगटी | साल्मा | रनसिहं क्षत्रीले घुम्ती कोषको ऋण नतिरी परलोक भएकाले प्राप्त साल्मा ढुङ्गेखेत | १३७ |
| २ | १९८४ चैत्र ३० | गुठीयार शिवलाल अधिकारी (वीरगञ्जको सीताराम षडानन्दको गुठी जग्गा बेची ल्याएको रु. ४९२ बापतको जग्गा जामुने ६ खला खेत गुठीलाई किनेको तर पछि सट्टा गरिदिएको) | साङराङ | स्यामिङको सनमान कार्कीसँग मो. रु. ४५६।५० मा उनैले लिएको कोलवोटे छेउ ८ मुरे र स्यामिङको जंङ्गमान राईसँग लिएको रु. २२ को १० मुरे खेत गुठीका लागि जामुनेको ६ खला खेतसँग सट्टापट्टा गरिदिएको | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | १९९८ जेठ १ | शिवलाल उपाध्यायले घुम्ती कोषवाट कर्जा मो.रु ६,०६७– लिएको | साङराङ | पछि झन्डै १०५ मुरी वरावरका विभिन्न जग्गाहरू गुठीलाई दिएको | |

(सेमन्तराज अधिकारी (२०६२) तथा षडानन्दसम्बन्धी अभिलेख (२०७०-३-२४२)

- वि. सं. १९७७ आश्विन ३ गते गुरु षडानन्दको देहान्तपछि काठमाडौं पचलीमा जम्मा भएका मो. रु. २११७– र गुठीले प्रयोग गरेको तथा खड्गमान सिंह बस्न्यात फैसलाबाट थप भएको मो. रु. १५३०।- देखिन्छ ।
- वि.सं. १९७९ जेठ २ गते लीलामाया सुवेदीले चढाएको मो.रु. २०० देखिन्छ ।
- सेमन्तराज अधिकारी (२०६२:८८), "वि. सं. २००१ माघ २२ गते भक्तिविलास पाध्याले मार्से खेत अवस्था गुठीलाई चढाएको १/५ मुरी तथा सुवेदार नरनाथसमेतबाट १ मुरी पुजारीलाई थप ।"
- वि. सं. १९७३ मा पचलीघाटमा षडानन्दको मृत्युपश्चात् प्राप्त भएको एकमुष्ट रकमबाट स्यामिङका खेत पं. बद्रीनारायण अधिकारीले खरिद गरी वि. सं. १९८७ मा रजिस्ट्रेसन पास गरी जिम्मा लगाएको देखिन्छ ।

एकराज अधिकारी (२०७३:१६), "गुरुमहाराजले बखतबहादुर मगरबाट मो. रु. ९००.– मा लिएका २१ घरधुरी मध्ये १८ घरधुरी गुठीको नाममा दर्ता गराएको देखिन्छ । १ घरधुरीमा छापघरे जेठा दाजुकी नातिनी बुहारीलाई जामुनेबाट ल्याई राखेको देखिन्छ । बाँकी २ घरधुरी गौचरनका लागि तथा अन्य जग्गाहरू गुठीमा दर्ता भएका थिए ।" उक्त कार्यका लागि स्व.लप्टन बलबहादुर बस्नेतले सहयोग गरेको देखिन्छ ।

पुस्तक तयारी तथा सत्यतथ्य खोजको क्रममा बेलवारी (काकुम) निवासी समाजसेवी हरिबहादुर बस्नेतका अनुसार हजुरबुवा गढीगाउँ निवासी लप्टन स्व. बलबहादुर बस्नेतलाई बालागुरुले गुठीका जग्गाहरू नापी गर्न र दर्ता गर्नको सम्पूर्ण जिम्मा दिएकोमा सोहीअनुसार कार्यहरू भएका थिए । बालागुरुको प्रियभक्त तथा छिमेकीसमेत भएकाले अन्तिम समयमा गुरुको सल्लाहअनुसार काशी गई सोही स्थान र सोही समयमा हजुरबुवा परलोक भएको थियो । बालागुरुको वचनमा वाक्सिद्धि थियो रे । स्व.लप्टनले सीताराम मन्दिर र शिवमन्दिर वरिपरि सखुवाका खुट्टीमाथि तेल हाली बत्ती बाल्ने पित्तलका पालासमेत निर्माण गरी साथै गुरुले अऱ्हाएका अन्य कामहरूको जिम्मेवारीसमेत पूरा गरेको देखिन्छ । बालागुरुले दैनिक पूजा गर्न बस्नेतलाई एक शालिग्राम पनि दिएको देखिन्छ । हाम्रो परिवारले बालागुरुबाट आशीर्वाद पाएको थियो रे ।

आज घर, जग्गा, व्यापार, जग्गा र पारिपारिक अवस्था विश्लेषण गरी हेर्दा र विचार गर्दा गुरुको आशीर्वाद छ जस्तो लाग्दछ बस्नेत भन्नुहुन्छ ।

वि. सं. २०३६ को नापीमा देखिएका जग्गाहरू

| क्र.सं. | ठेगाना | वडाहरू | जम्मा कित्ता | रोपनी |
|---|---|---|---|---|
| १ | केउरेनीपानी | २, ३, ६, ८ र ९ | ५९ | |
| २ | मूलपानी | २, ३, ४, ५, ६, ७, ८ र ९ | १०० | |
| ३ | तुङ्गेछा गाविस | १, ३, ६ र ७ | २३ | |
| ४ | सङ्खुवासभाको माल्टा र धुपुमा | | स्यालरुम्टी | |
| ५ | काठमाडौँ कुशिङ्गालको बाग्मती नदी किनारमा | | कुशिङ्गाल | |
| जम्मा | | | १८२ | १७५३ |

(सेमन्तराज अधिकारी, २०६२ : १०६ – १०८)

यसबाहेक स्याल रुम्टी (माल्टा/धुपुतिर) जग्गा देखिन्छ भने वीरगञ्जको जग्गा गुठीयार शिवलाल अधिकारीको पालमा बेचेर ल्याई दिङ्लामै जग्गा खरिद गरेको देखिन्छ। काठमाडौँ कुशिङ्गाल-बागमती नदी किनारको सीताराम गुठीको जग्गा नदीले बगायो कि ? कसैले प्रयोग गर्दै छ। अत्तोपत्तो छैन। वि. सं. २०३६ को नापीमा १७५३ रोपनी जग्गा देखिए तापनि गुठीसँग हाल १२२३ रोपनी जग्गा देखिन्छ । बाँकी ५३० रोपनी जग्गा कता कता मिचिएको छ वा गुठीयार वा मोहीसँग छ कि ? खोजतलास गर्नु जरुरी छ। वि. सं. १९३६ को नापीको रेर्कड, वि. सं. १९६६ को शिलापत्र र वि. सं. १६६६ को धर्मपत्रिका भिडाउने हो भने जग्गा हराउने ठाउँ देखिदैन । गुठी समिति, षडानन्द विद्यालय र षडानन्द नगरपालिका र सरोकारवालाले समन्वय गरी खोजी गर्नु अनिवार्य जरुरी छ।

उपप्राध्यापक निर्मला पोखरेल (त्रि.वि.२०७३:३६१), का अनुसार जग्गादाताहरू समावेशी देखिन्छन् । पुरुषहरू मात्र नभई महिलाहरूको पनि सहभागिता देखिन्छ । जस्तै भक्तिराम पौडेलकी आमाले गरेको भूमिदान, लीलामाया सुवेदी उपाध्यायले चढाएको मो. रु. २००।- वि. सं. १९७९ जेठ २ गते सोमबार प्रीति गरी चढाएको देखिन्छ। सरस्वती उपाध्याय पौडेल्नीले गरेको भूमिदान आदि ।

यादव चापागाई (अरुण स्मारिका, २०७१) का अनुसार 'एक थुकी सुकी, सय थुकी नदी' भन्ने चरितार्थ गुरु षडानन्दले गुठीका लागि दान प्राप्त जग्गाहरूबाट देखिन्छ । बालागुरुले प्राप्त जग्गाहरूले शैक्षिक केन्द्र बनाउने र

सांस्कृति केन्द्र दिङ्ला बनाउने सपना साकार पाऱ्यो । हाट, बजार, मेला, पर्व आदि सञ्चालन भए । सामाजिक अभियन्ताहरूको साथले विद्यालयले जन्माएर पठायो । नेपाली महिलाको प्रथम आन्दोलन योगमायाको नेतृत्वमा यही भूमिबाट भयो । सतीप्रथाको यही भूमिले अन्त्य गऱ्यो । यही भूमिका हाट, मेला र पर्वहरूले पूर्वी नेपालमा व्यापारीहरू जन्मायो ।

अरुण मा. वि. का पूर्व प्र. अ. गुरुप्रसाद राई (२०७३ : ३१३ – ३३०) का अनुसार गुठीका जग्गा मिचिएकोमा तत्कालीन प्र. जि. अ र जि. वि. स. सभापति कर्णबहादुर राईसमक्ष गुरुप्रसाद राई, षडानन्दका प्र. अ. केदार गौतम, वीरेन्द्र मा. वि. का प्र. अ. नरबहादुर बुढाथोकीले छानबिनको प्रस्ताव राखी पटक-पटकको प्रयासले गुठीका जग्गाहरू छानविन गर्न पुनर्मूल्याङ्कन समिति गठन हुन्छ । जि. प. स. रमेश न्यौपाने, स्थानीय प्र. पं. गोपाल अधिकारी, प्र. पं. डण्डपाणि चापागाई, प्र.पं रमानाथ खतिवडा, प्र. अ. केदार गौतम, प्र. अ. गुरुप्रसाद राई, गुठीसचिव विष्णु बस्नेत, दिङ्ला ठाना र मालपोत प्रतिनिधिसहितको समिति जग्गा नापी र मूल्याङ्कन साल्माव्याँसींबाट सुरु गर्ने भनी बिहान कलम र कागज आफैंले बोकेर झरेका थियौँ । नेपालेडाँडाका मोही, मुखिया तथा कुलुङका बस्नेत मुखियाहरूको मानबहादुर रोकाहाको घर बालुवानीमा जमघट भयो । माछासहितको खाना र पेय पदार्थ पिएर लफडाबाजी गर्न थाले जसका कारण नयाँ ठेक्कापट्टा लगाउन सकिएन । त्यसै तुहिएको तीतो यथार्थ र पीडा लिएर फर्कनुपरेको थियो । मानबहादुरले मात्र गुठीको १०० मुरी जतिको जग्गा कमाएका थिए र जग्गा खोसिन्छ भन्ने डरले इच्छा अनुसारका पेय पदार्थ पिलाएपछि लफडा भएको थियो । दिङ्लामा प्रशासनको नजिकमा बसेर रजाइँ गर्ने प्रवृत्ति र त्यसै होडमा खुट्टा तानातान तथा भाँजी हालाहालको गतिविधिले दिङ्लालाई नराम्ररी थला बसाएको निष्कर्ष पूर्व प्र.अ. राईको छ ।

## प्रशासनिक व्यवस्थापन विश्लेषण :

### अभिलेख व्यवस्थापन/कानुनी प्रावधान :

दिङ्लामा प्रशासन हेर्न वि. सं. १९३४ माघमा टुँडिखेल छेउमा कालीगण नामको जङ्गीअड्डा श्री ३ रणोद्दीप राणा सरकारसँग निवेदन गरी बालागुरुले दिङ्ला तथा अरुण उपत्यकाको सुरक्षा व्यवस्थापन तथा कार्यालयहरूको प्रशासनिक कार्यमा सुदृढीकरण गरेको देखिन्छ ।

### क) वि. सं. १९३५ को लालमोहर

वि. सं. १९३४ फाल्गुन १ सोमबार श्री ३ र मुख्तियार जलरल साहेवबाट जारी भएको पूर्जी । मन्दिर भएको १ रोपनी र रैकर ५ रोपनी जग्गा लालमोहर गरिदिनू भन्ने पूर्जी जारी गरिएको थियो । उक्त पूर्जीअनुसार श्री ५ राजा सुरेन्द्रको

आदेशबाट वि. सं. १९३५ असोज १५ शुक्रवारमा श्री ३ रणोद्धीपको पालामा गुठीले लालमोहर प्राप्त गरेको देखिन्छ । यसले मन्दिर तथा विद्यालय सञ्चालन गर्न र जग्गा राखी गुठी स्थापनाका लागि सरकारी पट्ट बाँझा जग्गाहरू धानखेत तथा अन्य जग्गाहरू थप्न सरकारी तवरबाट अनुमति प्रदान गरी केद्रीय सरकारसँग अभिलेख राख्ने प्रयास गरेको देखिन्छ ।

**ख) वि. सं. १९४१ को रुक्का आदेश :**

वि. सं. १९४१ भाद्र १० आईतबार श्री ३ रणोद्धीप सिंह र कमान्डर इनचीफ धीरशमशेरको पालामा रुक्का आदेश जारी गरिएको देखिन्छ । सीतारामको मूर्ति स्थापना गरी पूजाआजा चलाउँदै आएको, गुठी पनि सञ्चालन भइराखेको, आरुबोटे छेउको जग्गा तथा जामुने पुच्छारको जग्गा थप गर्न अनुमति दिएको देखिन्छ ।

**ग) वि. सं. १९४२ को ताम्रपत्र :**

श्री ५ पृथ्वीवीरविक्रम शाहबाट जारी गराउनुभएको देखिन्छ । ३-४ किलोको तामाको पातामा वि. सं. १९३५ को लालमोहरमा उल्लेख तथा वि. सं. १९४१ को रुक्का आदेशका उल्लेख्य पक्षहरूका साथै जग्गाहरूको सिमाना उल्लेख देखिन्छ । यसबाट वालागुरुलाई दान दिएका जग्गा तथा आफैंले किनेर थप गरेका जग्गाहरूको आधिकारिक वैध प्रमाण दिन्छ । यसले गुठीका जग्गाहरूको साँधसिमाना खुलाई सधैंका लागि कसैले खोस्न वा मिच्न नसक्ने बलियो आधार प्रदान गरेको छ ।

**घ) वि. सं. १९६६ असार १७ को शिलापत्र :**

वि. सं. १९६६ असार १७ गते अर्थात् १ दिनअघि शिलापत्र तयार गरी असार १८ एक दिनपछि धर्मपत्रिका सार्वजनिक गर्नुभएको देखिन्छ । यो हालको पुराणमण्डपभित्र काठको वार लगाएर सुरक्षित अवस्थामा दिङ्ला मन्दिर परिसरमा राखिएको छ ।

यादव चापागाईं (२०७२) का अनुसार “कागजले बनेका सरकारी रेकर्डहरू पनि च्यातिएर जाने, हराएर जाने, डडेर जाने, वा धमिरा लागि खतम हुने भएकाले दीर्घकालसम्म ठोस प्रमाण छोड्न शिलापत्र जारी गरेको देखिन्छ । वि. सं. १९४२ मा सरकारबाट ताम्रपत्र पनि प्राप्त गरेको देखिन्छ । धर्मपत्रिकाको व्यहोरा शिलालेखमा उल्लेख छ । यसले वि. सं. १९६० मा षडेश्वर महादेव स्थापना र वि. सं. १९६० बाट औपचारिक रूपमा सीताराम षडानन्द नामकरण गरी गुठी स्थापना भएको प्रमाण दिन्छ । पाटन बकुंबहालमा बस्ने राजको वंश, हर्षमानको छोरा, रत्नमान कालिगढले शिलालेख तयार गरेको पनि शिलापत्रमा प्रमाण छ ।” शिलालेखको अन्त्यमा यो शिलालेख विगार्नेलाई पञ्च महापातक लाग्ने छ भनी उल्लेख गरिएको छ ।

"सीताराम, गणेश, षडेश्वर, छेउमा बगैंचा, सरकार तथा स्थानीय प्रतिनिधि आदि साक्षी राखी ३ तहको सुरक्षा प्रणाली उल्लेख गरिएको छ, जसमा १. सरकार २. जनता (स्थानीय सरकार) र ३. ईश्वरले गुठी सम्पति सुरक्षा गर्नेछन् भनी उल्लेख छ ।"

**ङ) वि. सं. १९६६ असार १८ को धर्मपत्रिका :**

वि. सं. १९६६ साल असार १८ गते बिहीबार, गुरु षडानन्दले स्थापना गरेका मन्दिरहरू, पाठशाला, बगैंचा, पोखरी, कुण्ड, जग्गाहरू लगायत सम्पूर्ण गुठीको सम्पत्ति छिन्नभिन्न भविष्यमा कसैले पनि नगरोस् र आधिकारिक प्रमाणका साथ रहोस् भन्नाकाल लागि राखेको देखिन्छ । आफूले प्राप्त गरेका लालमोहर, रुक्काआदेश आदिमा उल्लेख भएका र पछि थप गरिएका जग्गाहरू, नगदी मो. रु. ११५०।- को घुम्तीकोष, जिन्सी, भाँडा, गरगहना, पुस्तक र जग्गादाताहरूको विवरण समेटेर धर्मपत्रिका तयार गर्नुभएको प्रमाण भेटिन्छ ।

यस धर्मपत्रिकाले मन्दिर कसरी सञ्चालन गर्ने, पाठशाला, पर्व, मेला आदि कसरी सञ्चालन गर्ने भनी साथै जिम्मेवारी र आचारसंहितासहित झन्डै ५० फिट लामो नेपाली कागजहरू जोड्दै बनाएको देखिन्छ । जसमा हालको स्थानीय सरकार जस्तै तत्कालीन समाजका ३१ जना विशिष्ट भद्रभलाद्मी प्रतिनिधि साक्षीहरू राखेको देखिन्छ। तसर्थ केन्द्रीय सरकारसँगको अभिलेखजस्तै स्थानीय सरकारको पनि अभिलेख राखेको देखिन्छ । दधिराज सुवेदीका अनुसार धर्मपत्रिका सेमन्तराज अधिकारीले राष्ट्रिय अभिलेखालयमा लगेर ऐतिहासिक अभिलेखहरूका रूपमा सुरक्षित गर्नुभएको छ । बालागुरुले आफैंले गुठीको काममा किनेर थप गर्नुभएका जग्गाहरू र अन्य जग्गाका पत्रहरू अध्ययन गर्दा दानपत्र, भूभिपत्र, वडापत्र, फार्सापत्र, अलिवन्ध पत्रहरूमार्फत पनि जग्गाहरू वैद्य कानुनी रूपमा प्राप्त गरेको अभिलेख देखिन्छ ।

वि. सं. १९६६ को धर्मपत्रिका ५० फिट को नेपाली कागजमा हुनाले धेरै लामो छ, जसमा ३९ भन्दा बढी जग्गादाता १०२ कित्ता जग्गा र तिनको विवरण, आचारसंहिता, जिम्मेवारी आदि तोकिएको छ । ठेक्कावापत ३३६।१ मुरी धान वार्षिक आम्दानी देखिन्छ । जसमा उल्लिखित कुराहरू सम्बन्धित शीर्षकमा विश्लेषण गरिएको छ ।

**च) मोजारापत्र र अख्तियारीपत्र (वि. सं. १९६९) जारी**

**छ) वि. सं. १९७० को इस्तिहार :**

श्री ३ चन्द्र शमशेरको पालामा निवेदन दिएर यो गुठी ऐन वि. सं. १९७० फागुन १ बिहीबार जारी गराउन बालागुरु सफल भएको देखिन्छ । यस इस्तिहारले कसैको मोही लागेको गुठीको जग्गा भए ३५ दिनभित्र हक दावी गर्न आउनु नत्र अब उप्रान्त गुठीको जग्गामा कसैको मोही लाग्ने छैन भनी

सरकारबाट जारी गराई भविष्यमा गुठी जग्गामा पर्न सक्ने किचलो वा विवाद सदाका लागि अन्त्य गरिदिएको छ । श्री ३ भीम शमशेरको छाप तथा कमान्डर इनचिफ भीम शमशेरको छाप भनी दुई छाप लगाएको देखिन्छ ।

**ज) धर्मपत्रिकाका अतिरिक्त थप भएका प्रमाणहरू :**

- वि. सं. १९७३ मा गुरुको मृत्युपश्चात् प्राप्त भएका मो. रु. २१६३।-, धर्मपत्रिका वि. सं. १९७४ मा चढाएको मो. रु., वि. सं. १९७५ मा समेत थप भएका मो. रु. र जग्गाहरू थप गरी तजविज पत्र नामकरण गरी जारी गरिएको छ ।
- वि. सं. १९७८ मा तर्जुमा पत्र तयार गरिएको छ जसमा वि. सं. १९७७ अश्विन ३ का मो. रु. १५३० ।- थप गरिएको छ ।
- वि. सं. १९७९ जेठ २ मा रु २००।- थप ।
- वि. सं. २००१ माघ २२ मा १/५ मुरीधान गुठी आयस्तामा थप ।

**झ)** वि. सं. १९७७ आश्विनमा पूर्व ४ नं. गोश्वाराका वडाहाकिम खण्डमान सिंहले दिङ्ला पाठशालाको उन्नतिका लागि गरिदिएको फैसला देखिन्छ । वि. सं. १९७७ माघ ६ गते मङ्लबार पूर्व ४ नं. गोश्वारा बडाहाकिम कप्तान खण्डमानसिंह बस्नेत क्षत्रीले पाठशालाका शिक्षक पण्डित बद्रीनारायण अधिकारी जाँचकी समेत पैसा असुल उपर गर्न जारी भएको पत्र भन्ने व्यहोरा देखिन्छ । जानकारी उत्तर परेड लेफ्टिनेन्ट सेरबहादुर लिम्बू, मेवाखोला १ पनि उल्लेख छ ।

**ञ)** वि. सं. १९८३ जेठ २६ गते शनिबार दिङ्ला अड्डाका लेफ्टिनेन्ट मानबहादुरले पाठशालाका पं. जयधर्म अधिकारी र पं. बद्रीनारायण अधिकारीको बिदा स्वीकृत गरेको पत्र देखिन्छ । दुवै पण्डितले वि. सं. १९८१ असोज १७ बाट चन्द्रशेखर आचार्यको घरमा कार्तिकसम्मका लागि १७ दिन अतिरुद्री गराउन लेफ्टिनेन्टसँग मौखिक स्वीकृति मागेर गएको हुनाले पछि फारम भरी १७ दिनको बिदा दुबैको स्वीकृत भएको पत्र छ । षडानन्द पाठशालामा कडाइका साथ पढाइ हुन्थ्यो । शिक्षकहरूले प्र. अ. सँग होइन लेफ्टिनेन्टसँग बिदा लिनुपर्दथ्यो र प्र. अ. ले पनि । आज त लेफ्टिनेन्टसँग कुराकानी गर्दा हामीलाई डर लाग्छ। तर तत्कालीन समयमा शिक्षकले लेफ्टिनेन्टसँग बिदा माग्न जाँदा डरले सातो पो जान्थ्यो कि ?

षडानन्दसम्बन्धी अभिलेख (२०७०)

**ट)** वि. सं. १९९१ वैशाख २० गते पूर्व ४ नं. गोश्वाराका बडाहाकिम गणेशबहादुर शाहले दिङ्ला पाठशाला गुठी जाँच सम्बन्धमा धर्मलोप नहोस् भनी गरेको फैसला ।

**ठ)** वि. सं. १९९९ जेठ १८ मा पूर्व ४ नं. गोश्वाराबाट साल्मा बस्ने गुठीयार मोतीलाल उपाध्यायको नाममा गुठीको नोक्सान उठाउने र भराउने पूर्जी जारी भएको थियो ।

आजसम्म षडानन्दका योगदान तथा कानुनी प्रावधानका पत्रहरू ठोस प्रमाणका रूपमा अभिलेखीकरण भई जीवित छन् । अभिलेखीकरण क्षेत्रमा समेत प्रशासनिक पुनर्जागरण र प्रशासनिक व्यवस्थापन बालागुरुबाट भएको देखिन्छ ।

**जङ्गीअड्डा व्यवस्थापन :**

बालागुरुले दिङ्लामा प्रशासनिक सुदृढीकरण र सुरक्षा प्रणाली दरिलो बनाउने उद्देश्यले श्री ३ रणोद्दीपसिंहको पालामा वि. सं. १९३४ मा कालीगण जङ्गीअड्डा गराउनुभएको थियो । उक्त अड्डामा १ लेफ्टिनेन्ट, १ सुवेदार र १०० मिलिसिया स्थानीय क्षेत्रका सिपाही रहने व्यवस्था भयो । १०० जनाले सैन्य तालिम र रोजगारी प्राप्त गरे । थुमं दिङ्ला तथा अरुण उपत्यकाको सुरक्षा र कानुनी सहयोगका लागि सरकारको पहुँच पुऱ्याउन स्थापना गराउनुभएको स्पष्ट देखिन्छ । यसरी ३ दिन टाढा खोटाङ र २ दिन टाढा धनकुटामा प्रशासनिक र कानुनी कार्यको सिलसिलामा पुग्नुपर्ने बाध्यताको अन्त्य भयो ।

भोजपुर सदरमुकाममा पनि सैन्य अड्डा थिएन र यो जिल्ला सैन्य गढका रूपमा थियो । जिल्ला बडाहाकिमअन्तर्गतका कप्तान, जर्नेल, लेफ्टिनेन्ट आदि पदहरू थिए भने प्रशासन सञ्चालन लागि खरिदार, राइटर, डिठ्ठा, विचारीहरू लगायतले जङ्गीअड्डा मातहतमै रहेर दिङ्ला, ओखलढुङ्गा रुम्जाटार र आवश्यकताअनुसार तुम्लिङटार, खादँवारी, चैनपुर, हेदाङ्ना आदिसम्मका भूभागको प्रशासनिक सेवा, कानुनी सेवा र सुरक्षासेवा दिनुपर्दथ्यो ।

सेनाका लागि किरातकालीन टुँडिखेलको विस्तार गरियो । डिलमा छहारीदार वरपीपल, शमी, लाँकुरी लगायतका छहारीदार वृक्षहरू लगाइयो । हाकिमका निवासघर, जेलघर, गोलघर, टुँडिखेलमुनि बारुदखाना, कैलाशडाँडा छेउमा भीमसेनथान, बाटामुनि कम्पनी कुवा, कच्ची सडक र फराकिला बाटा, परेड खेल्ने ठाउँ व्यवस्थापन आदि कार्यहरू भए । गोली हान्ने तालिमका लागि गैरीचौरडाँडा र तारो हान्ने (Shooting training) का लागि सुन्तलेडाँडाको तारेखोरिया (धारापानीका अधिकारीहरूको विर्ता जग्गा) छनोट गरियो । वि. सं. २०१३ तिर नेपाल प्रहरीको दिङ्लामा स्थापनासँगसँगै जिल्ला सदरमुकाम भोजपुरमा दिङ्लाको कालीदल जङ्गीअड्डा स्थान्तरण भयो ।

माझकिरात वा खम्बूवान्कालीन समयमा दिङ्लाको कैलाशडाँडा क्षेत्र छेउछाउ रहेको 'हाङ' राजारजौटाको दरबारका लागि प्रयोग गरिएको टुँडिखेल थियो । किरातका बलिहाङ् राजा र हाङवंशी पछिल्ला राजाहरू थिए । पाँचथरको

जोरपोखरीपारि लिम्बूका अन्तिम राजा हिलिहाङ रहेको नेपाल एकीकरण समयमा देखिन्छ । उनको हिलिहाङ् दरबारको भग्नावशेष देखिन्छ । 'हाङ' मस्टो परम्परा मान्ने किरात । हिन्दू र किरातहरूको साझा देवताको नाम 'मस्टो' हो । मस्टोको प्रमुख मन्दिर जाजरकोटतिर देखिन्छ । हतुवागढीका अन्तिम राजा 'बलिहाङ' का सन्ततिका अटलसिंह राई भन्ने डा. विष्णुसिंह राईले उल्लेख गर्नुभएको छ । त्यस्तै दिङ्लाका क्षत्रीहरूमा बस्नेतहरू, खड्काहरू, थापाहरू आदिले देवालीमा हेर् ! हेर् ! खप्परमस्टो/कालो मस्टो/सेती मस्टो आदि देवीदेउता आह्वान गरेको देखिन्छ । मस्टो एकताको प्रतीक हो । चीनका हाङ्वंशी राजा नेपालकै कालिकोट/जाजरकोटतिरको मस्टो परम्परा वा मस्टो कुलपरम्परा मान्नेहरूका दाजुभाइसरह देखिन्छन् । कर्णाली क्षेत्रबाट उनीहरू चीन गएर शासक भएको प्रस्ट देखिन्छ । हाङवंशी किरात राजा नेपालमा पनि देखिन्छन् । नागाहरू (आर्मीहरूले) स्थापना गरेको दिङ्लागढी र टुँडिखेल बालागुरु षडानन्दबाट पुनः विस्तार भएको थियो । टुँडिखेल आज हेलिप्याडका रूपमा, दिङ्लाका विद्यालयहरूको फुटबल ग्राउन्ड रूपमा, खेलकुद ग्राउन्डका रूपमा, राष्ट्रपति रनिङ सिल्ड सञ्चालन गर्न, युवा क्लबका खेलकुद लागि, आम ऱ्यालीका लागि, षडानन्द जन्मजयन्ती मनाउन, वृहत् आमसभा सञ्चालन गर्न लगायत आजभोलि बहुउद्देश्यीय रूपमा र बहुउपयोगितामा प्रयोग भएको देखिन्छ ।

दिङ्ला भ्रमण गर्ने प्रत्येक तीर्थयात्री, श्रद्धालु, देशी-विदेशी पर्यटक टुँडिखेलको डिलमा बसी खाँदबारी बजार, मानेभन्ज्याङ बजार, चैनपुर बजार, याकुडाँडा, साल्पापोखरी, कुलुङ क्षेत्र, अरुण नदी, योगमाया रहेको कोटिहोम क्षेत्र, ट्याम्केडाँडा, जगेडा रुद्राक्ष वन, मैयुम डाँडा, तिन्तलेडाँडा, सुन्तलेडाँडा, कुम्भकर्ण, मकालु, कञ्चनजङ्घा, तुम्लिङटार, दिङ्लाबजार, पाखीबास, हिले, देउराली आदि भूभागको प्राकृतिक छटामा आनन्द विभोर भई मन बहलाउँदै र प्रफुल्लित पार्दै फिर्दछन् । हाल टुँडिखेल क्षेत्र इलाका प्रहरी कार्यालय दिङ्लाको मातहतमा राखिएको छ । प्रहरी कार्यालयसँग झन्डै २७ रोपनी जग्गा छ ।

सीताराम गुठीलाई ६/६ महिनामा Audit गर्न वि. सं. १९७१ श्री ३ चन्द्र शमशेरको समयमा जङ्गीअड्डालाई सनदपत्र प्रदान गरेको देखिन्छ । जङ्गीअड्डा स्थापनाले प्रशासनिक क्षेत्रमा, कानुनी सेवा क्षेत्रमा, सुरक्षाको क्षेत्रमा र रोजगारीका क्षेत्रमा पनि जागरण प्रदान गरेको विश्लेषण गर्न सकिन्छ ।

## मानवीय संसाधन (HR) व्यवस्थापन विश्लेषण :

सीताराम गुठी र यस मातहतका मन्दिर, पाठशाला, वगैंचा र अन्य निर्माणहरूको दैनिक सहज तरिकाले सञ्चालन गर्न निम्न मानवीय संसाधनहरूको सुरु वर्षमा व्यवस्थापन गरेको देखिन्छ ।

शिक्षणको आधारमा प्रथम शिक्षक गुरु षडानन्द आफैँ थिए भने गुरुको अनुपस्थितिमा पं. नन्दिकेश्वर अधिकारी, पं. शिवलाल अधिकारी र पं. रामनाथ अधिकारी तथा पं. लक्ष्मीभक्त अधिकारीले सहयोग गर्थे । तथापि नियुक्तिपत्र विनाका संस्थापक बालागुरु षडानन्द र प्रथम प्रधानाध्यापक तथा शिक्षक पं. नन्दिकेश्वर अधिकारी देखिन्छन् ।

**नियुक्तिपत्र वा लिखतका आधारमा प्रथम कर्मचारीहरू :**

प्रथम प्रधानाध्यापक जयधर्म अधिकारी र द्वितीय शिक्षक : पं. बद्रीनारायण अधिकारी

प्रथम गुठीयार : पं शिवलाल अधिकारी

प्रथम कर्मचारीहरू : खरदार यज्ञनिधि चापागाई

प्रथम पुजारी : रविलाल गौतम

प्रथम बगैचा हेरविचार गर्ने (बगैंचे माली) : जदुशेर हमाल

प्रथम नगरवादक : बोधने दमाई र उनको समूह

प्रथम परीक्षा बोर्ड प्रमुख : पं. नन्दिकेश्वर अधिकारी

प्रथम परीक्षा बोर्ड सदस्य : पं. लक्ष्मीभक्त अधिकारी

सल्लाहकार प्रमुख : पं. नन्दिकेश्वर अधिकारी

गुठी सिपाही : जङ्गीअड्डा दिङ्लाबाट खटाइएको कर्मचारी

अडिटर : जङ्गीअड्डाबाट खटाइएको प्रतिनिधि

पूर्ण जिम्मेवारप्राप्त शिक्षक र प्रथम पुराणवाचक : पं. बद्रीनारायण अधिकारी

गुठीको लेखा हेर्ने गुठीयार पं. शिवलाल अधिकारी तथा कागजपत्र हेर्ने, संरक्षण गर्ने र छाप लगाउने रामनाथ अधिकारी देखिन्छन् । सल्लाहकार पं. नन्दिकेश्वर अधिकारी रहेको देखिन्छ । प्रत्येक ६-६ महिनामा भद्रभलादमीबाट सार्वजनिक परीक्षण गर्ने र दिङ्ला जङ्गीअड्डाबाट अन्तिम परीक्षण गर्ने जिम्मेवारी, व्यवस्थापन र स्वीकृति लिएको देखिन्छ । कागजपत्रसम्बन्धी कार्यालयको जिम्मेवारी पं. यज्ञनिधि चापागाईंको थियो । धन जुटाउने मुख्य जिम्मेवारी बलभद्र बस्नेत र जमानसिंह बस्नेतलाई थियो । गुठीयारको जिम्मेवारी पं. शिवलाललाई थियो । भरअभरमा अध्यापन गराउने, परीक्षा लिने, सल्लाह लिने र गुरुका जिम्मेवारी पाउने पं. लक्ष्मीभक्त अधिकारी रहेको देखिन्छ । पूजा र यज्ञसम्बन्धी व्यवस्थापन मिलाउने जिम्मा र कागजपत्रहरूमा छाप लगाउने, वितरण गर्ने र कार्यक्रमहरू सञ्चालन गर्ने जिम्मा पं. रामनाथ अधिकारीलाई थियो । तसर्थ अन्य कार्यहरूको जिम्मा अरू धेरैजना बुद्धिजीवी र शिष्यहरूले गरे पनि मूलतः स्पष्ट जिम्मेवारी उल्लिखित व्यक्तित्वहरूलाई दिएको देखिन्छ ।

नेपाल सरकारको जङ्गीअड्डा मातहतमा वि. सं. १९३४ मा १०० युवाले मिलिसिया सिपाहीका रूपमा रोजगार प्राप्त गरेका थिए । तत्कालीन १४० वर्षअघिको समयमा पनि नियुक्तिपत्र, विदा स्वीकृतिपत्र, उत्कृष्टताको आधारमा छनोट प्रक्रियाजस्ता आधारमा मानवीय संसाधन व्यवस्थापन हुनु र स्थानीय जनताले संस्थागत रूपबाट एकातर्फ रोजगारी पाए भने अर्कोतर्फ १२-१४ सय मुरीको धान फल्ने जग्गा, झन्डै ४०० मुरीमा ठेक्का लगाएर किसानको समेत जीवनस्तर उकास्ने प्रयास गरेको देखिन्छ । साथै शिक्षक, कर्मचारी, पुजारी, परिचर आदिलाई समेत वि. सं. १९६६ को धर्मपत्रिकामा वार्षिक वेतन स्पष्ट खुलाएको देखिन्छ । तसर्थ दिङ्लामा मात्र नभई सप्तकोशी सभ्यतामा अरुण उपत्यका र देश-विदेशमा यस्तै गुरुकुल, मिडिल स्कुल र गुठीहरू धमाधम स्थापना भई पुनर्जागरण चलेको हुनाले गुरु षडानन्दलाई पुनर्जागरणका एक अग्रज अभियन्ताका रूपमा विश्लेषण गर्न सकिन्छ ।

त्यस समयमा उच्च, प्रशासकहरू, पण्डितहरू, राजनैतिज्ञहरू, समाजसेवीहरू र प्रतिभाशाली व्यक्तित्वहरू जन्माउने एक आदर्श षडानन्द पाठशाला तथा भोजपुरी, मैथिली, हिन्दी, अवधि, नेपाली आदि आर्यभाषाहरूको जननी संस्कृत अध्यापन गर्ने नेपालका संस्कृत विद्यालयहरू र संस्कृत भाषा आज काम नलाग्ने विदेशी इसारामा तथा मुक्ति र अधिकारको फिलुङ्गोको नाममा आज बनाइएको छ । समयसापेक्ष भएन र चल्न सक्दैन भन्नु आधुनिक सर्ट, पाइन्ट, हाफपेन्टमा ठाँटिएर हिँड्ने आधुनिक युवायुवतीका लागि आफ्नो आदर्शवादी बूढो भइसकेका पितालाई काम नलाग्ने थाङ्ने बूढो भन्नुजस्तै मात्र हो । षडानन्द संस्कृत मा. वि. बाट संस्कृत हटाउनु आफ्नै धर्म-संस्कृतिमाथिको प्रहार हो । यस विद्यालयले नेपाली समाज र नेपाल राष्ट्र हाक्ने हजारौँ मानव संसाधनहरू उत्पादन गरिसकेको इतिहास प्रमाणसहित आज पनि भेटिन्छ । तर विश्लेषण गरी यसको सम्मान गर्न नसक्दा पीडा मात्र हुन्छ ।

## सामाजिक पक्ष व्यवस्थापन विश्लेषण :

### सनातन हिन्दू आर्य समाजका सुधारक एवम् अभियन्ता :

नेपाल सरकारले गुरु षडानन्द अधिकारीलाई समाजसुधारकको सूचीमा राखेर सम्मान प्रदान गरेको छ ।

ऋग्वेदमा सती जानुलाई आत्महत्या भनिएको छ । अन्य वेदमा सतीप्रथाबारे उल्लेख छैन । वेद, उपनिषद्, मनुस्मृति, रामायण र शास्त्रमा कहीँ पनि सतीप्रथा बारेमा एक शब्द पनि उल्लेख छैन । पुराणमा उल्लेख भएको सतीदेवीले निमन्त्रण नपाई जाँदा पिता दक्षप्रजापतिको अग्निकुण्डमा हामफाल्नु भगवान् शङ्करप्रति पिताले गरेको अपमानको प्रतिकार मात्र थियो । उनले आफ्नै

योगबलले योगाग्निमा सती गएकी थिइन् । न त भगवान् शङ्कर मरेका थिए न त सती विधवा बनेकी थिइन् । सतीको अर्थ जल्नु होइन । सतीको अर्थ सत्यमा अडिग रहने वा सत्यनिष्ठामा रहने पत्नी । यसैलाई गलत अर्थ लगाई इतिहास बटार्न व्याख्या विश्लेषण गरेको देखिने एक मात्र प्रमाण मानेको देखिन्छ ।

त्रेतायुगसम्म आइपुग्दा पनि सतीप्रथा थिएन । राजा दशरथको मृत्यु हुँदा ३ रानीले अग्नि समाधि लिएनन् । रावण, बालि, मेघनाथ, कुम्भकर्ण र समस्त युद्धमा मरेका राक्षसका श्रीमतीहरू कसैले अग्नि समाधि लिएनन् । महाभारतको १८ दिनको लामो युद्धमा पति मर्दा पनि सतीप्रथाका लागि अनुमति दिइएको थिएन । परासरस्मृतिमा उल्लेख छ विधवा वा विवाहित महिला, जसलाई पतिले सदाका लागि छोडिदिएको छ, उनले पुनःविवाह गर्न सक्दछन् । द्वापरयुगमा शन्तनु मरे तर सत्यवती जलिनन् । पाण्डु मर्दा कुन्ती जलिनन् । अभिमन्यु, द्रोणाचार्यलगायत लाखौं योद्धाहरू मर्दा श्रीमतीहरू कोही सती बनेर जलेनन् । एक मात्र महिला माद्री उनैको कारणले पाण्डुको मृत्यु भएकाले आत्मग्लानि भई सती गएकी थिइन् । त्यसो भए सतीप्रथा कहाँबाट आयो ?

जब भारतमा बाहिरका मुस्लिम शासकको आक्रमण भयो र मुगल शासन सुरु गरे, त्यहीँबाट सतीप्रथा सुरुवात भएको देखिन्छ । जब युद्धमा कुनै महिलाको पति मर्दथ्यो, मुगल सैनिक वा अधिकारी उनीहरूका स्त्रीहरूलाई लग्दथे र तिनै सैनिक, पदाधिकारी र सम्राटहरूमध्येकाहरू भोग्दथे । उनीहरूले स्त्रीलाई यौनदासीका रूपमा बलात्कार गर्ने, मानमर्दन गर्ने र यौनदासी बनाउने गर्दथे । त्यसैले स्त्रीहरूले आफ्नो मानमयार्दा जोगाउन, कुल जोगाउन, सतीत्व रक्षा गर्न, सन्तान दरसन्तानले नथुकुन भन्न र सत्यनिष्ठामा रहेको सतीत्व जोगाउन पतिकौ साथ चितामा जल्नुको विकल्प नदेखेर जल्न गर्दथे, किनकि उनीहरूको शरीरमा परपुरुषले स्पर्श नगरोस् र खेलवाड नगरोस् । रानी पद्मावतीले हजारौं महिलासहित विष पिएर अग्निसमाधि लिइन् ताकि फिल्जी वा अन्य सैनिकले उनै स्त्रीहरूको शरीरमा यौनशोषण वा खेलवाड नगरोस् । उनीहरूको बलात्कारबाट यस्ता सन्तान पैदा नहोस् जसले देश र समाजमा भविष्यमा कलङ्कित नगरोस् ।

बिस्तारै यो प्रथा प्रचलनमा आयो । पति मरेपछि उसको सम्पति हत्याउन सतीप्रथाको नाममा दाजु, भाइ र देवरहरूले पनि जलाउन थाले । कुनै राज्यमा आक्रमण गरी विजय गर्दा राजा, उच्च पदाधिकारीका श्रीमतीहरू जलाएपछि राज्यको शक्ति हात पार्न, पछिल्लो शासक बन्न, बालविवाहका विधुवाहरूलाई जलाउन सजिलो भयो । भारतको उत्तराखण्ड, नेपाल, भियतनाम, बर्मा आदिमा पनि असर पर्‍यो, तर अत्याचार, डर र सतीत्व बचाउन महिलाले रक्षा गर्न जल्नुपरेको देखिन्छ । यसलाई भारतमा अङ्ग्रेजको शासनकालमा अझै बढावा

दिए, किनकि पूरै भारत कब्जा गर्नु र हिन्दू धर्म नष्ट नगरी शासक बन्न असम्भव थियो । भारतीय आयातीत कम्युनिस्टहरूले हिन्दू धर्मको अङ्ग भनी देखाइदिए । हिन्दू धर्ममा नारी शक्तिको पूजा गरिन्छ । देवीपुराण, दुर्गासप्तशती आदिले सम्मान गरेको देखिन्छ । नेपालमा किरातकालसम्म सतीप्रथा देखिँदैन । राजा मानदेवले आमालाई सती जानबाट रोकेको देखिन्छ । भारतमा सन् ५१० मा सतीप्रथाको पहिलो अभिलेख देखिन्छ । तर लिच्छविकालको अन्त्यतिरदेखि मल्लकालमा आइपुग्दा यसले विकराल रूप लिएको देखिन्छ । सतीप्रथासँग हिन्दूको सम्बन्ध छैन । हिन्दूमाथि प्रहार गर्न भारतीय मुगल शासक, गलत इतिहास लेखिदिने भारतीय पार्टी र अङ्ग्रेजको हिन्दू धर्ममाथिको क्रूर प्रहार मात्र हो । आफ्नो इज्जत, पतिप्रतिको सतीत्वको इज्जत, सन्तानमाथि लाग्ने दागधब्बाबाट समाजलाई बचाउन ज्युँदै जल्न बाध्य पारिएको थियो । आधुनिक भारतका जनक, बङ्गालका नवजागरण युगका पिता राममोहन राय घरबाहिरबाट गएको बेला उनको भाउजूलाई ज्युँदै चितामा जलाएपछि सामाजिक अभियन्ताका रूपमा सामाजिक आन्दोलन गर्दै ४ डिसेम्बर १८८२ मा बङ्गालमा सतीप्रथाविरुद्ध रोक लगाएको र विधवा विवाहलाई मान्यता दिइएको थियो ।

राजा योगनरेन्द्र मल्लका पालामा ३१ रानीहरू तथा प्रताप मल्लसँग ९ पत्नीहरू सती गएका थिए । पृथ्वीनारायण शाह सतीप्रथाका विरुद्ध भए पनि उनको मृत्युपछि सती गए । राणाशासनकालमा जङ्गबहादुरले आफ्ना भाइका श्रीमतीहरूलाई सती जान दिएनन् । तर जङ्गबहादुरको मृत्युमा ३ दिनपछि ३ पत्नी सती गएको देखिन्छ । आज पनि सतीप्रथाको अवशेषका रूपमा तराईका थारू, खवास, चौधरी आदि जातका हजुरआमा, आमा र महिलाहरू तल्लो भाग छोप्न सेतो साडी लगाउने र माथिल्लो शरीरको वक्षस्थल छोप्न सेतो लपेटामा किरियापुत्रीको जस्तो सेतो वस्त्र लगाउने परम्परा देखिन्छ । भारतमा विभिन्न कालखण्डमा विभिन्न मुगल शासकहरूको महिलामाथिको अत्याचार, बलात्कार र शील भङ्ग गर्ने पीडा खप्न नसकेपछि रजश्वलासमेत नभएका छोरीहरूलाई उक्त घटनाबाट बचाउन बालविवाह गरिदिने चलन आयो । सिन्दुर-पोते लगाएपछि विवाहित महिला रहिछ भनी केटीहरूलाई केही हदसम्म आँखा लगाउँदैनथे । हजुरआमा, आमा र श्रीमतीहरू आफ्नो छोरा वा पति बचाउन काजक्रियामा बस्दा लगाउने सेता कपडा पहिरिन्थे अनि श्रीमान् वा पुरुषहरूलाई घरभित्र वा गाउँमा लुकाएर मृत्युबाट वा मुगलको सेना बन्नबाट बचाउँथे ।

(स्रोत : The scientific Hindu, History Channel Nepal, Bharat Nirman, The Hindu Cafe, Intelluctual India Guru)

दासदासी वा कमारा-कमारीका रूपमा राखी आर्थिक शोषण, शारीरिक शोषण, मानसिक शोषण र यौनशोषणको समेत पराकाष्ठा रहेको दासप्रथा

उन्मूलन यिनै समाजसुधारक गुरुको प्रयासबाट वि. सं. १९८१ मा श्री ३ चन्द्र शमशेरले गरेका थिए । सङ्खुवासभा चैनपुर र भोजपुर सदरमुकाम क्षेत्रका दासदासीहरूलाई मुक्त बनाउन बालागुरुले प्रयास गरेका प्रसङ्गहरू बृद्धबृद्धाहरूबाट सुन्ने गरिन्छ ।

तसर्थ नेपालको विगत ५०० वर्षको इतिहास केलाउँदा पनि समाजसुधार तथा पुनर्जागरणका अग्रज अभियन्ताका रूपमा बालागुरुलाई लिन सकिन्छ । तत्कालीन समयमा नेपालमा कुप्रथाका रूपमा रहेका दाजुहरूको मृत्युपछि भाइहरूले भाउजू ब्यहोर्ने चलन कुनै-कुनै जातमा रहेको देखिन्छ । बहुपत्नी राख्ने चलन थियो । फुपूचेला र मामाचेलीबीच विवाह गर्ने प्रथा वा साटासाट गर्ने प्रथा केही जातमा थियो । केही जातमा जारी विवाहको चलन थियो । यी प्रथाहरू बालागुरुले न्यूनीकरण वा अन्त्य गर्नुभयो भन्न त सकिदैन, तर शैक्षिक, सामाजिक र पापधर्मको चेतनायुक्त लहरले उक्त परम्परामा सुधार आएको थियो भन्न सकिने अवस्था छ । जस्तै सुनौलीरूपौली प्रथामा सुधार गर्न महागुरु फाल्गुनन्दको पनि बालागुरुको चेतनाको लहरभन्दा उच्च योगदान देखिन्छ ।

छुवाछुत र पानी नचल्ने जात भनी विभेद गर्ने चलनविरुद्ध पाठशालाको शिक्षा, हटिया, मेला, पर्व, रथयात्रा र सामूहिक यज्ञहरूबाट न्यूनीकरणका लागि प्रत्यक्ष र अप्रत्यक्ष प्रयास गरेको देखिन्छ। समाज परिवर्तन राजनीतिक परिवर्तन जस्तो झट्ट वा क्रान्तिकारी रूपमा सम्भव हुँदैन । मानसिक परिवर्तन बिस्तारै मात्र गर्न सकिन्छ । बालागुरुले बाह्मण, क्षत्री, वैश्य र शूद्र सबै जातका विद्यार्थीहरूलाई लहरै बसाएर पढाउन सकिने गुरुकुलीय पद्धति विकास गरेका थिए । सबै जातजातिलाई मन्दिरमा प्रवेश गर्न दिने चलन सुरुवात भयो । शूद्रहरूलाई पनि पुराण सुन्ने अवसर प्रदान गर्नु समाज परिवर्तनका सकारात्मक सङ्केतहरू थिए ।

पुराणको समयमा तुलादानको बेला सुनचाँदी, काँस, ताँबो, फलाम, तेल, भेडा, राँगो आदि दान दिने चलन थियो । 'एकपटक पैयापानीका पहलमान कार्कीको घरमा पं. वैयाकरण केशरीले पुराणवाचन गर्नुभएको र बालागुरुले आफूले प्रयोग नगरे पनि सामाजिक कार्यहरूमा जस्तै विद्यालय तथा गुठीका लागि लिनहुन्छ भनिदिनुभयो रे । त्यसपछि अरुण उपत्यका क्षेत्रमा राँगो, बोका र भेडा दान दिने चलन हटेर गएको' ज्ञानमणि नेपाल (२०५२ : स्मृतिग्रन्थ) ले उल्लेख गरेको पाइन्छ ।

स्थानीय क्षेत्रमा प्रतिवर्ष ग्रामीण मार्गहरूको सुधार गर्न स्थानीय बासिन्दाहरूलाई नौरथाको समयमा श्रमदान गर्ने चलन चलाए ।

– पूजामा पानको सट्टा चाबो प्रयोग गर्ने चलन (किनकि पहाडमा पान हुँदैन) सुरुवात भयो ।

- श्यामलाल पौडेलको घर गढीगाउँमा श्राद्धको दिन काट्न लागेको बोको काट्न रोकियो । श्राद्धको दिन पिण्डमा मासु वर्जित गर्ने र पुरोहितलाई मासुको भोजन गराउने चलनको अन्त्य गर्ने प्रयास भयो ।
- तुलसीलाई जडिबुटी र विष्णुको प्रतीकका रूपमा धारामाथिबाट घरमै ल्याएर मठ बनाई रोप्ने चलन सुरुवात भयो । बालागुरुअघि नै मिथिला संस्कृतिमा पनि तुलसीको महत्त्वसाथ प्रयोग देखिन्छ । दलितहरूले पनि तुलसी रोप्न मिल्ने जागरण लहर चलाएको देखिन्छ ।
- श्राद्धको दिन मूल खाँबोमा बिरालो बाँध्ने चलन केही जातजातिमा भएकोमा दिङ्लाबाट अन्त्य गर्ने प्रयास भयो ।
- दिङ्लाका अधिकारीहरूको देवालीमा, दिङ्लाका तथा चैनपुरका केही गौतमहरूको देवालीमा र अन्य जातजातिका देवालीमा पनि बोको काट्ने चलन अन्त्य गर्दै वैदिक विधिबाट कुलपूजा गर्ने परम्परा सुरुवात भयो ।
- सत्य आहार, सत्य विहार र सत्य विचारसम्बन्धी विचारहरू राख्दा तत्कालीन माझकिरातमा पनि सकारात्मक प्रभाव परेको र किरातहरूसमेत वैदिक धर्म तथा संस्कारतर्फ लागेको योगी नरहरिनाथले उल्लेख गरेको देखिन्छ ।
- दिङ्लाका पुराणवाचन गरिने प्रत्येक पर्वहरूमा किरात, जनजाति र दलितहरू पनि पुराण श्रवण गर्न मन्दिर परिसरमा आज पनि पुग्ने गरेको देखिन्छ ।
- तत्कालीन समाजमा प्रशस्त मन्दिरहरू निर्माण गर्ने चलन, फलैंचाहरू बनाउने चलन, बाटाघाटा वर्षेनी मर्मत गर्ने चलनको सुरुवात तथा विस्तारमा पुनर्जागरण आएको देखिन्छ । काठमाडौँ उपत्यकामा नेवार समुदायमा विशेष यज्ञादि, संस्कार वा घरमा गरिने धार्मिक कार्यहरूमा यस्तै मन्दिरैमन्दिर निर्माण गर्ने चलनको कारण आज काठमाडौँ सहर विश्वमा मन्दिरैमन्दिरको सहर भनी प्रसिद्ध छ। जात्रैजात्राको सहर वा मन्दिरैमन्दिरको सहर भएको कारण विदेशी पर्यटकहरूको गन्तव्यस्थल बनेको छ। यिनीहरू बन्द भए भने पर्यटकको उपत्यकामा खडेरी लाग्नेछ ।
- पाठशाला शिक्षाबाट समाजमा दैनिक घट्ने हत्या, हिंसा तथा झैझगडाहरूमा बिस्तारै न्यूनीकरण हुँदै गएको देखिन्छ ।
- सामूहिक व्रतबन्ध गराई फजुल खर्च नियन्त्रणको प्रयास भएको देखिन्छ ।
- शनिबार पीपलको पूजा गर्ने तथा शनिको जप गर्ने चलनको महत्त्व बुझाई बालागुरुले व्यापक विस्तारको प्रयास गरेको देखिन्छ । तर सो समयअघि पनि चलनचाहिँ थियो ।
- यस क्षेत्रका किरात समुदायमा प्रकृतिपूजाको (पञ्चमहाभूत जल, तेज, वायु, पृथ्वी, आकाश) चलन थियो । बोका, भाले, परेवा आदि वलि दिने चलन पनि थियो जसमा सचेतना समेत जाग्दै गएको वा किरात पनि वैदिक धर्म

मान्ने चलन चल्दै गई सामाजिक र धार्मिक सुधारका कार्यहरू पनि भएको देखिन्छ । यसको अर्थ अभियान चलाएको होइन ।

स्वामी प्रपन्नाचार्य र योगी नरहरिनाथले विद्यालयको संस्कृत शिक्षा र वैदिक दर्शनको प्रभावले दिङ्ला क्षेत्रका किरात समुदायमा आजसम्म पनि वैदिक चलन चलेको कुरा उल्लेख गरेको देखिन्छ । तसर्थ के ब्राह्मण, के क्षत्री, के दलित, के किरात, सबै जनजातिहरूमा सामाजिक, सांस्कृतिक र धार्मिक सुधारका क्षेत्रमा पूरै जागरण ल्याएका थिए । तसर्थ आधुनिक अरुण उपत्यका सभ्यताका अग्रज अभियन्ता तथा नेपालका समाजसुधारकका रूपमा बालागुरु षडानन्दलाई सम्मान गर्न सकिन्छ ।

**बालागुरुले दिएका निर्देशनहरू :**

- सात्विक वा शाकाहारी भोजन ग्रहण गर्नू ।
- गरिब, जोगी र संन्यासी भिक्षा माग्न घरमा आएमा गच्छेअनुसार यथाशक्य दान गरेर खुसी बनाई पठाउनू ।
- विद्यार्थी (वटुक) ढोकामा भिक्षा माग्न आए गच्छेअनुसार १ मानाभन्दा कम अन्न नदिनू । अन्य इच्छा गरेमा गच्छेअनुसार सहयोग गर्नू । (जस्तै लुगा, कपडा, किताब, तरकारी आदि)
- टाढाबाट पाठशालामा पढ्न आएका विद्यार्थीलाई सकिन्छ भने आफ्नै घरपरिवारको सदस्य मानी प्रेमपूर्वक राख्नू, सकिन्छ भने पढ्ने किताब पनि किनिदिनू, विद्यार्थीले पनि श्रद्धापूर्वक उहाँहरूको सम्मान गर्नू र पारिवारिक सेवा सम्झेर कार्यमा लाग्नू ।
- ज्ञानलाई स्वतन्त्रता, मुक्ति र सम्पूर्ण जीवनको अनुभव ठान्नू ।
- घर पोत्न कमेरो माटो पनि प्रयोग गर्न सकिन्छ ।
- दैनिक शालिग्रामको पूजा गर्नु र शालिग्रामको गङ्गाजल सेवन गर्नू । (अर्थात् शालिग्रामको जल दैनिक सेवन गर्दा धेरै रोगहरूको उपचार हुनुका साथै सकारात्मक सोच र ऊर्जा प्राप्त हुन्छ ।)

(लेखकहरूबाट उल्लेख गरिएका नीतिवचनमा आधारित)

**बालागुरुबाट दिइएका नीतिवचन अनुसारका उपदेश वा वाणीहरू :**

- गुरुदेवो भव; पितृदेवो भव; मातृदेवो भव; अतिथिदेवो भव; जीवनको मूल उद्देश्यहरूका रूपमा विद्यार्थीले ग्रहण गर्नू ।
- छोरीलाई पनि छोरासरह शिक्षा प्रदान गर्नू ।
- झैझगडा, हिंसा र कुकर्मबाट टाढै बस्नू ।
- सबै जातजातिलाई शिक्षा वा ज्ञान लिन शास्त्रले छुट दिएको स्मरण गर्नू ।
- गाई पवित्र छिन् । गोग्रास सेवा र गौमुत्र सेवन दैनिक गर्नू ।

(द्रष्टव्य : गौमुत्र दैनिक सेवनले क्यान्सर रोग लागेमा पनि रोकथाम हुने विश्वास छ । काँचो (कालो) बेसार तथा गौमुत्र दैनिक सेवन गरेमा प्रथम र दोस्रो चरणको क्यान्सर पनि पूर्ण निको हुने वाग्भटको आयुर्वेद ग्रन्थमा उल्लेख छ । आयुर्वेदमा पनि क्यान्सरविरुद्ध आजसम्म सोही अभ्यास भएको देखिन्छ । तर ऊर्जा सप्लिमेन्टका रूपमा दैनिक ३-४ दाना नरिवलको पानी सेवन गर्नु भन्ने पनि उल्लेख देखिन्छ ।)

- सबै जातजातिलाई कर्मकाण्ड, वेद, रुद्री, चण्डी आदि पढ्न छुट छ । त्यो ज्ञानको सागर हो, पाप लाग्दैन । कर्मकाण्ड ब्राह्मणले गरे उत्तम मानिन्छ ।
- धनी र दान दिन सक्नेका घरबाट मात्र दान लिनू ।
- अन्य धर्म र धर्मग्रन्थहरूलाई कदापि घृणा नगर्नू । सके राम्रा कुराहरू अनुकरण गर्नू ।
- पुराण, पूजा, यज्ञादि कर्म गर्दा पुस्तकमा चढाएको भेटी पण्डितहरूलाई आफैँले बराबर बाँडेर दिनू ।
- इच्छा गर्न सक्न्याका घरबाट मात्र दान लिनू, उनीहरूलाई बेखुसी नबनाउनू ।
- गरिब-दुःखीहरूले पनि पुराण सुन्न इच्छा गरेमा उनीहरूलाई श्रवण गराउनू, सकिन्छ भने दक्षिणा नलिनू ।
- दिङ्लाका पण्डित नन्दिकेश्वर अधिकारीसँग श्रीमद्भागवतको अध्ययन गर्दै रहनू ।
- परहितको कार्य गर्नू, परद्रव्य झारपातजस्तै सम्झनू र आफूलाई कदापि कुकर्मको बाटोमा नधकेल्नू ।
- जीवन सफलताका ३ सूत्रहरू अरूलाई आरोप नलगाउनू, आफूलाई चिन्नू, दैनिक गायत्री मन्त्र वा दीक्षामन्त्र उच्चारण गर्नू, असल बनेर अरूलाई पनि प्रेरित गर्नू ।
- बाटो, धारा, पँध्यारो, फलैँचा, चौतारा सत्तल खोली २१ कुलका पितृहरूको उद्धार गर्नू ।
- शिक्षालाई ठूलो सम्पत्ति मान्नू, जडिबुटीहरू संरक्षण गर्नू, आफू पनि प्रयोग गर्नू र अरूलाई पनि प्रयोग गर्न दिनू ।
- ११ दिनको काजक्रियाको (यमराजको) भाग पुरोहितले ग्रहण गर्दा पनि हुन्छ । त्यसलाई दान दिन, भिक्षा कार्य वा समाजसेवामा खर्चनु ।
- आफ्नो धनसम्पत्तिको केही अंश दान गर्नू ।
- आमा र छोरीहरूलाई पनि शिक्षा दिनू ।

(स्रोत : हेमराज शर्मा अधिकारी (२०५९ : ९४-९५), दुर्गाप्रसाद लम्साल (२०५२),
मेघराज शर्मा (२०५२), जानकीवल्लभ दाहाल (२०५२),
विश्वनाथ चापागाई : २०५२ : ५७) तथा अन्य लेखकहरू)

सामाजिक तथा सांस्कृतिक जागरणका नेपालका क्रान्तिकारी अभियन्ता झैँ बालागुरुले वैदिक धर्म वा सनातन धर्मशास्त्रका नीतिवचनअनुरूप नै समाजसुधार गरेको तथा केही मौलिकपनसमेत थप गरी जागरण गर्नुभएको देखिन्छ ।

निनु चापागाईं (२०७३ : ३५१ – ३५९) ले प्रसङ्गवश भक्तिमाता योगमायाको उल्लेख गरेको देखिन्छ । योगमायाले महिलामाथि गरिने अन्याय, शोषण, उत्पीडन र जातिप्रथा आदिको विरोध गर्दै श्री ३ जुद्ध शमशेरलाई वि. सं. १९९५ कार्तिक २७ गते शुक्ल पूर्णिमाका दिनसम्म न्याय दिलाउने समयसीमा निर्धारण गरिएको थियो । 'धर्मराज्य (न्याय) नपाए' अग्निसमाधि लिने पत्र धनकुटाका तत्कालीन बडाहाकिम माधव शमशेरमार्फत पठाइएको थियो । राणाहरूको प्रतिक्रियामाथि प्रतिवाद गर्दै २०४ जना मानिसहरू अग्निसमाधि लिन बालागुरुले निर्माण गराएको दिङ्ला पाठशालाको मन्दिर परिसरमा अग्निकुण्ड बनाई समाधि लिन तम्तयार रहेको बेलामा माधव शमशेरसहितको सेना गएर गिरफ्तार गर्‍यो । योगमाया र उनका अनुयायी केही महिलाहरूलाई भोजपुर कारागारमा थुनियो । अन्य महिला र नाबालकसमेत ११ जनालाई धनकुटा जेलमा कोचियो । केहीको क्रूर यातनाका कारण जेलमै मृत्युसमेत भएको थियो । नेपालको इतिहासमा महिला आन्दोलन र धेरै महिलाहरू पक्राउ गरेको यो पहिलो घटना थियो । योगमाया लगायतले अग्निसमाधि लिन किन बालागुरुको मन्दिर परिसर छनोट गरेको थिए, अनुसन्धान आवश्यक छ ।

यसका आधारमा के विश्लेषण गर्न सकिन्छ भने अरुण उपत्यकामा तत्कालीन समयमा दिङ्लाभन्दा अन्य पवित्र भूमि थिएन । मनकामना, सतीघाट, योगमायाको गौडेनीधाम, चैनपुरको सिद्धकाली दिङ्लापछिका धाम हुन् भने उच्च पवित्र बोकेका साल्पापोखरी र सभापोखरी धाम विकट स्थानमा थियो । अर्कोतर्फ योगमाया १५ वर्षकी हुँदा वि. सं. १९४० मै सतीप्रथा र २५-३० वर्षकी हुँदा गुरु षडानन्दले दासप्रथासमेत अन्त्यको प्रयास अरुण उपत्यकामा गरिसकेका थिए । श्री १०८ बालागुरु बराबरको विद्वान् अरुण उपत्यका र नेपाल राज्यभर नै थिएनन् भन्ने लेखहरूमा देखिन्छ । मूल कारण त बालागुरुको शैक्षिक, धार्मिक, आध्यात्मिक, सांस्कृतिक जागरण नै थियो । षडानन्द विद्वान्, कर्मशील, धर्मशील, मानवीय र अद्भुत व्यक्तित्वका धनी भएको कुरा योगमायाले देखेकी र बालागुरुले योगमायाको माइतीमा सप्ताह पुराण वाचन गरिदिएको हुँदा पनि त्यो स्थान छनोट गरिएको हुन सक्दछ । त्यस बेला उनी स्वामी अभयानन्द गिरीकी चेली बनिसकेकी देखिन्छिन् । सतीप्रथा र दासप्रथाको अरुण उपत्यकामा अन्त्य गर्दै बालागुरु महिला र मजदुर वर्गका मुक्तिदाताका रूपमा जनमनमा बसेको देखिन्छ ।

प्रा. डा. राजाराम सुवेदी 'त्र्यम्बक' (नेपाली इतिहासविद्, २०७३ : ४०), "भोजपुरको तत्कालीन समाजमा रुढिवादी, परम्परावादी, अन्धविश्वासी तथा सङ्कीर्णतावादी धर्मभीरुहरू हुँदाहुँदै पनि आबाल ब्रह्मचारीको चरित्र, निष्ठा, नैतिकता, समाजसेवी र शिक्षाप्रेमी प्रवृत्ति बुझेर नै छुवाछुत, जातिपातिको सङ्कीर्णता, विधवा, बालबालिका, वृद्धवृद्धा र पिछडिएका जातिलाई उत्थान गरी शिक्षा प्रदान गर्ने कार्यमा समाजले स्वतस्फूर्त रूपमा सहयोग गरेको देखिन्छ ।"

मानवअधिकारकर्मी तथा समाजसेवी लालाराज सुवेदी (२०७३ : ४४-४५) का अनुसार शिक्षा, समाजसुधार, मानवअधिकार, समानता, सांस्कृतिक भावनाको विस्तार, सामुदायिक वनविस्तार, बजार व्यवस्थापन, धर्मसंस्कृति र सदाचारको सम्वर्द्धन नै बालागुरुका विशेष कर्म र योगदान हुन् । गुरुले तत्कालीन समयमा अप्रत्यक्ष वा प्रत्यक्ष रूपमा महिलाअधिकार तथा बालअधिकारको संरक्षणमा समेत कर्महरू गरेको देखिन्छ ।

निनु चापागाईंका अनुसार मार्क्सवाद र लेनिनवादमा भाषाको कुनै वर्ग हुँदैन, संस्कृत होस् या अन्य भाषा । भाषा जातीयता, वर्गीयता, धार्मिक विभेद र असमानताको कारण होइन । मार्क्सवादले सम्भ्रान्त वर्ग र मजदुर वा गरिब वर्ग भन्दछ । निजी सम्पत्तिको विरोध गर्दछ । सार्वजनिक र सामूहिक सम्पत्तिको संरक्षण गर्दछ । सीताराम षडानन्द गुठी र विद्यालय निजी सम्पत्ति होइन । यो दिङ्ला र नेपाल राष्ट्रको सम्पत्तिमाथि बम प्रहार हुनु, गुठीको सम्पत्ति लुटिनु र संस्कृत भाषा हटाउनु कम्युनिस्ट नामधारीको मूर्खता र अज्ञानी सोचको उपज थियो । यो पीडादायक छ । किनकि हामी पनि कम्युनिस्ट विचारधाराका हौँ ।

एक दिनको उपदेशले मानवलाई जीवनभर खान-लगाउन पुग्दैन । निरन्तर सदाचार फैलाउन, अनुशासित र सत्कर्मी बनाउन, सद्धर्मी र नैतिकवान् बनाउन शिक्षा आवश्यक छ । ब्राह्मण, क्षत्री, दलित, वैश्य, शूद्र, किरात, बाल, वृद्ध आदि सबैमा बालागुरुले विविध पर्व, मेला, जात्रा, प्रवचन र पुराणका माध्यमबाट चेतना फैलाएका थिए । आजको अनौपचारिक शिक्षा, प्रौढशिक्षा (पुराणहरू) वा महिला शिक्षाजस्तै चौमासा पुराण, यज्ञ, पर्व र पूजापाठमार्फत राणाशासनमा पनि नेपालमा शिक्षा र चेतनाको ज्योति बालिसकेका थिए । लाखेजात्रा, सेनाहरूले मनाउने घोडेजात्रा (भद्रकाली आसपासमा बस्ने प्राचीन ढुङ्गेयुगका पिशाच मानव जातिको ढुङ्गा हान्ने संस्कृतिस्वरूप रहेको), नागपञ्चमी कथा श्रवण र नागपूजा (प्राचीन काठमाडौँको नागदह आसपासमा बस्ने नागजातिको कुलपूजा, शेषनाग लगायत नागहरूको पूजापरम्परा, अगस्त्य ऋषि, बलराम आदिको अदृश्य पूजा) आदिबाट पनि चेतना फैलाएको देखिन्छ । पाठशालाका गुरुहरूबाट प्रत्यक्ष-अप्रत्यक्ष रूपले सबै जात, वर्ग, सबै धर्मका जनता र समाजलाई सभ्य र अनुशासित बनाउने

प्रयास भएको थियो । सबैलाई शिक्षाको आवश्यकता महसुस गरी पर्व, मेला र जात्राहरूका माध्यमबाट सचेतना जगाउनु अत्यन्तै दूरदर्शी शैक्षिक परिकल्पना 'वैकल्पिक शिक्षा वा जीवनपर्यन्त शिक्षा' (Alternative Education or life-long Education) को परिकल्पना अथवा आधारशिलासमान शिक्षा थियो । त्यसै गरी कर्मकाण्ड, आयुर्वेद, ज्योतिष, जडिबुटी उपचार पद्धति, मन्त्रोपचार पद्धति, पञ्चकर्म उपचार पद्धति तथा प्राकृतिक उपचार पद्धति (Naturopathy) ले आधुनिक Practical, Vocational, Technical Education and Medical Education पनि १५० वर्षअघि दिङ्ला र अरुण उपत्यकामा थोरबहुत प्रयोग भएको थियो भन्न सकिन्छ ।

राजीव दीक्षितका अनुसार (युट्युबबाट साभार) पूर्वीय धर्म तथा संस्कारहरू कसरी सकिँदैछन् भन्ने हेरौँ । भारतमा अङ्ग्रेज आउँदा हिन्दू, बौद्ध, जैन, शिख, इस्लाम आदि धर्मका अनुशासित र मर्यादित समाजमा मदिरा पिइँदैनथ्यो । भारतीय वा पूर्वी देशका मानिसलाई गलत बाटोमा धकेल्न र भारतीय अर्थतन्त्र लुट्न हिन्दी फिल्महरूमा मदिरा र सूर्ती सेवन गरेका दृश्यहरू राख्न थालियो । पाठ्यक्रममार्फत पनि विकृतिलाई सकारात्मक देखाई विज्ञापन गराइयो । प्रत्येक फिल्मका दृश्यहरूमा मदिराका बोतल ठड्याएको, हुक्का तानेको र त्यो पनि सम्भ्रान्त परिवारले गरेको देखाई दुवैको रातारात विज्ञापन गराइयो । दर्शकहरू पनि विदेशी मदिरा, सूर्ती र हुक्का किन्न थाले । त्यसै गरी महिला शृङ्गारका सामग्रीहरूको विज्ञापन बनाइयो । फिल्ममा छोटा लुगा लगाई अश्लीलताको विज्ञापन गरियो । यसरी महिला र पुरुष दुवै नै विकृत अवस्थामा पुगे । अचेल मदिरा, सूर्ती, हुक्का, विदेशी कपडा र शृङ्गारका सामग्रीले हाम्रो मति र खल्ती मात्र रित्तिएको छैन, एकपछि अर्को नयाँ-नयाँ सामग्री आउँदा र हाम्रो सभ्यतामा प्रहार हुँदा देश टाट पल्टियो । परिणामस्वरूप प्रत्येक नेपालीको टाउकोमा जन्मँदै ८७,००० रुपियाँभन्दा माथि ऋण छ ।

यी केही प्रतिनिधि घटना मात्र हुन् । देवीदेवता पूजा गर्ने मन्दिरमा मानिस मर्दा आवश्यक पर्ने बाँसको सिन्कोलाई अगरबत्तीको नाम र सेन्ट मिसाई बेच्दा कति पैसा लुटे अनि हाम्रा देवीदेवता कति रिसाएका होलान् ? हिजोका बालागुरु, योगी नरहरिनाथ, स्वर्गद्वारी महाप्रभु आदि तथा ऋषिमुनिहरूले पालनपोषण गरेको देवभूमिमा आज मौलिकता रित्तिएको छ । संस्कृति, संस्कार र स्वदेशीपन सिद्धिएको छ । बजारहरू खुला मदिरा भट्टी र हुक्काका भण्डार बनेका छन् । हजुरआमा, आमा र छोरीहरू शृङ्गारको ओभर डोजले कालो पोतो भएका चाउरिएका गाला मुसार्दै छोटा विदेशी कपडामा अर्धनग्न साइजका छाती देखाउँदै तथा नग्न फोटो टिकटक र इन्टरनेटमा हाल्दैछन् । तीजको नाममा १ महिनाअघि बोतल फोड्दै केही नेपाली चेलीहरू doggy शैलीको dance मा

रम्दैछन् । पूजापाठ, व्रत, पुराण आदि कता हराए ? पछिपछि त भाइटीका पनि १ महिना, माघी पर्व पनि १ महिना र नयाँ वर्ष पनि १ महिना मनाउँछन् कि क्या हो ? विकृत भोजभतेर तथा मोजमस्तीमा देशको अर्थतन्त्र स्वाहा हुँदैछ ।

बालागुरुले प्रवचन वा उपदेशमार्फत पनि समाजमा चेतना जगाउने कार्य कम मार्मिक आकलन गर्न सकिँदैन । जस्तै तुलसीको शास्त्रीय महत्त्व, धार्मिक महत्त्व, आयुर्वेदिक महत्त्व तथा अक्सिजन प्राप्त महत्त्व भनौँ वा आधुनिक महत्त्व बुझाउनु, शनिबार वरपीपलको पूजा गर्ने चलन सुरुवात गराउनु, श्राद्धमा वैष्णव बनेर मासु वर्जित गराउनु, केही जातिका कुलपूजामा बोका काट्ने चलन अन्त्य गरी शास्त्रीय विधिद्वारा पूजा गर्ने चलन चलाउनु लगायत समाजका विविध पक्षमा जागरण ल्याउने कार्य गर्नुभएको थियो । पुराणमार्फत बाबुको कर्तव्य के ? महिलाको के ? समाजको कर्तव्य के ? के खान हुन्छ ? कस्तो लगाउनुपर्छ ? तिहार, तीज र चाडवाड कसरी मनाउने आदि । सरसर्ती हेर्दा के गर्नुभयो भन्दा एउटा विद्यालय खोलेको देखिन्छ । खोतल्दै जाँदा स्व. बद्रीविक्रम थापा (गुठी संस्थानका पूर्व केन्द्रीय अध्यक्ष) का शब्दमा 'दिङ्ला र अरुण उपत्यकालाई वसन्त ऋतुमा स्वर्गीय आनन्दले विचरण गरिरहेको कस्तुरी मृग' बनाउनुभएको थियो । तर विडम्बना, त्यो वीनाको सुगन्ध हाम्रै नाभिमा कहाँ छ ? कस्तो अवस्थामा छ ? कति मूल्यवान् छ ? दिङ्लाबासीले खोतल्ने र संरक्षण गर्ने प्रयास नगर्दा सुगन्ध विलीन हुँदैछ ।

**दिङ्लाबाहिर बालागुरुको समाजसेवा :**

अष्टसिद्धिपुरुष षडानन्दले आफूले पढेको स्थान जनकपुरमा पनि काशी आउँदा-जाँदा केही समय योगी तथा सन्तहरूमाझ आफ्ना अनुभव बाँडेको, साटासाट गरेको तथा शास्त्रार्थ गरी ज्ञानमा तिख्खरता थपेको लेखकहरूको विश्लेषण देखिन्छ ।

कार्की थरका एक प्रतिनिधि दिङ्ला पठाएर गुरुलाई निमन्त्रणा गरेपछि वि. सं. १९५५ मा सिलाङका सरदार रायबहादुरको घरमा गई ४ महिनासम्म बसेर चौमासा पुराण वाचन गरिदिएको देखिन्छ । त्यहाँको समाजमा पनि धर्मकर्म गर्ने बानी, बाटोघाटो बनाउने परम्परा, पूजासंस्कार चलन, यज्ञादि गर्ने चलन, तुलसी मठमा रोप्ने चलन, श्राद्धमा मासु वर्जित गर्ने सुझाव लगायत नीति वचनअनुसारका पक्षमा सिलाङ समाजमा थुप्रै सामाजिक सुधारका कार्यहरूको लहर चलेको तथा जनचेतना फैलिएको देखिन्छ । आजपनि कतिपयले सिलाङ र आसामको नेपाली समाजमा बालागुरुको फोटो राखेर पूजा पनि गर्दछन् ।

वि. सं. १९२० देखि वि. सं. १९२६ सम्म तथा वि. सं. १९६९ देखि १९७३ सम्म काठमाडौँ पशुपतिनाथ क्षेत्र र पचलीघाट आश्रममा बस्दा काठमाडौँ

उपत्यकाका भक्तजनहरू, श्री ३ राणा परिवारका सदस्यहरू, श्री ५ का परिवारहरू तथा उच्च भारदारका घरमा पनि पुराणवाचन, प्रवचन गरिदिने, पूजा लगाइदिने, यज्ञादि कर्महरू गरिदिने तथा उपदेशहरू दिने कार्यमार्फत सांस्कारिक चेतना, कुसंस्कारविरुद्धका गतिविधि, चिनाटिपन हेरिदिने, ग्रहशान्ति गरिदिने, ज्ञानगङ्गा बाँड्ने आदि कार्यहरूबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपले समाजसुधारमा असभ्यबाट सभ्य बनाउने प्रयास गरेको देखिन्छ ।

त्यसै गरी वि. सं. १९२९ मा पोखरामा अष्टाङ्गयोग सिद्धिको क्रममा फेवातालछेउ सेती नदी पश्चिम किनारामा नारायण आश्रम स्थापना गरी ५२ मुरी खलाखेतसहितको गुठी स्थापना गरिदिएको देखिन्छ । पोखरेली समाजसुधारका लागि यज्ञादि र नीतिवचनअनुसार चेतना फैलिएको देखिन्छ ।

जीवनको उतरार्द्धमा पचलीभैरव आश्रममा बसेर प्रवचन भन्ने, ज्योतिष हेरिदिने र तन्त्रमन्त्र विधिबाट उपचार गरिदिएको साथै पशुपतिनाथ क्षेत्रमा एक पागल राणा जर्नेललाई निको पारेको प्रसङ्ग पनि देखिन्छ । यज्ञादि गराउने, वीरगञ्जसम्म पुराणवाचन गर्न जाने, जडिबुटीको उपचार ज्ञान बाँड्ने आदि पक्षमा उपत्यकाका भक्तजन, श्री ३ परिवार र श्री ५ परिवारमा पनि देखिन्छ । उपत्यकाबाहिर धादिङ, नुवाकोट, देवघाट, चितवन, हेटौंडा, काभ्रे क्षेत्रसम्मका श्रद्धालु र विशिष्ट विद्वान्हरू गुरु भेट्न जाने गरेको देखिन्छ । रानीपोखरीका विद्यार्थीहरू पनि यदाकदा ज्ञान लिन पुग्ने गरेको र प्रवचन समापनपछि बालागुरुले पेडा (मिठाई) बाँड्ने गरेको) बाड्ने गरेका थिए भनी ग्रन्थमा सोमनाथ सिग्देलले उल्लेख गरेको देखिन्छ छ । उनले विद्यार्थीलाई समाजसुधारका लागि प्रेरित गरेको देखिन्छ । तसर्थ देशभित्र र विदेशसम्म पनि समाजसुधारको लहर फैलिएको कुरा भेटिन्छ । बालागुरु नेपाली जागरण वा पुनर्जागरणका विशिष्ट अभियन्ताका रूपमा रहेको विश्लेषण गर्न सकिन्छ ।

प्रा. रामहरि दाहाल (२०७३ : ४०५) का शब्दमा बालागुरु षडानन्द नेपालको शैक्षिक जगत्का र विविध क्षेत्रका मूल्यवान् राष्ट्रिय रत्न हुनुहुन्छ ।

**शनिबारे हाटबजार तथा मेलापर्व व्यवस्थापन :**

यादव चापागाईं (२०७२) का अनुसार भारतमा १५ औं शताब्दीदेखि मेलापर्वहरू प्रचलनमा रहेको र भारतको गङ्गा नदीका किनारमा प्रसिद्ध तीर्थस्थलहरू रहेको हुनाले सोही ठाउँमा मेलाहरूको सुरुवात भई आवश्यक वस्तुहरू किनबेच हुने गरेको इतिहास देखिन्छ । आनन्द याङले 'बजार इन्डिया' नामक पुस्तकमा वार्षिक मेला भने १५ औं शताब्दीदेखि गङ्गा नदी किनारमा सुरु भएको तर साप्ताहिक हाट भने १८ औं शताब्दीबाट सुरुवात भएको अनुमान गर्नुभएको छ । सन् २०१२ मा विक्रम सिंह र आस्था बजाजले भारतमा लगभग

२०० वर्षअघि हाटबजार सुरुवात भएको अनुमान गरेको देखिन्छ । दिङ्लाको शनिबारे हाट १५० वर्षजति पुरानो छ । पृथ्वीनारायण शाहको एकीकरणअगाडि मध्यकालीन नेपालमा तोकिएको दिनमा तोकिएको समयमा मानिसहरू भेला हुने गरेको उल्लेख गर्नुभएको छ । तर किनबेचका लागि हो वा होइन भन्ने कुरा हृषीकेश शाहको हाटबजार वर्णनमा उल्लेख गरिएको छैन ।

वि. सं. १८३० को फागुन-चैत महिनामा दिङ्ला क्षेत्र तथा वि. सं. १८३१ वैशाख २५ मा सङ्खुवासभाको सवा नदीसम्म पृथ्वीनारायण शाहले एकीकरण गरेको इतिहास देखिन्छ । त्यसको ठीक १०० वर्षपछि वि. सं. १९३२ मा नेपालको प्रथम शनिबारे हाटबजार दिङ्लामा सुरुवात भएको देखिन्छ । खेमराज गौतमले गुरु षडानन्दको पहिलो कार्य नै शनिबारे हटिया हो भनी उल्लेख गरेको देखिन्छ । तसर्थ शनिबारे हाट वि. सं. १९३१ अन्त्यतिरबाट सुरुवात भएको देखिन्छ ।

पं. कृष्णप्रसाद गुरागाईं (स्कोन नेपालका प्र. तथा विविध धार्मिक संस्थाका वरिष्ठ पदाधिकारी) का अनुसार वि. सं. १९६० को दशकमा श्री ३ चन्द्र शमशेरबाट जेठ शुक्ल द्वितीयामा सिंहदरबारको उद्घाटन भएको थियो । वास्तुपूजा तथा साप्ताहिक पुराण लगाउन ६ महिनाअघिदेखि नै धनकुटाका बडाहाकिम माधव शमशेरमार्फत निमन्त्रणा गरिएको थियो । नेपालमा शनिबार पीपलको पूजा र शनिको पूजा गरी अरिष्ट ग्रहबाट शान्ति मिलोस् भन्ने कामना गरिन्छ । प्रत्येक शनिबार श्री ३ भीम शमशेर आफ्ना मन्त्रगुरु बालागुरु षडानन्द जस्तै दक्षिणकालीमा आफ्ना सेनापतिहरू, मन्त्रीहरू, सचिव तहका कर्मचारी र सुरक्षाकर्मी लिएर दक्षिणकाली पुगेर पूजा सकेर फर्कदा दिनको १-२ बजेको हुन्थ्यो । त्यस दिनको सरकारी कार्यालयको २-३ घण्टा समयमा जनतालाई काममा समस्या परेको हुनाले शनिबार बिदा दिने चलन चलाएको सुनिन्छ ।

इतिहास केलाउँदा भारत र बङ्गलादेशजस्तै पूर्वी नेपालका धेरै ठाउँका नामहरू हाटको नामबाट राखेको देखिन्छ, जस्तै शनिबारे (शनिश्चरे), बुधबारे, आइतबारे, शुक्रबारे, मङ्गलबारे, सोमबारे आदि । यसबाट दिङ्लाको शनिबारे हटियाको अनुकरण गर्दै पूर्वी नेपालमा धमाधम हाटबजार सञ्चालनमा जागरण नै सुरुवात भएको देखिन्छ ।

भारतको गङ्गा नदी किनारको वाराणसीमा रहेको असीघाट, ज्योतिर्मठ, मणिकर्णिकाघाट आदि क्षेत्रमा अध्ययनको क्रममा झन्डै ८ वर्ष षडानन्दले अध्ययन गरेको देखिन्छ । त्यहाँ लाग्ने मेला, पर्व, जात्रा र हाटबजारको सूक्ष्म विश्लेषण गरी जन्मभूमि दिङ्लामा पनि शनिबारे साप्ताहिक हाट, रामनवमी, शिवरात्रि, बालाचतुर्दशी, चौमासा पुराणको चलन, सामूहिक पूजा गर्ने चलन, सतीघाटस्नान मेला र जनै मन्त्रिने पर्वहरू, लाखेजात्रा, हिलेजात्रा, मारुनी नृत्य,

हरितालिका तीज, नवकन्या पूजा आदि सञ्चालन भएका थिए भनी अनुमान तथा विश्लेषण गर्न सकिन्छ ।

डा. चापागाईं (२०५३, मधुपर्क) का अनुसार हाट, मेला, पर्व, जात्रा र ठूला मेलामा (रामनवमी, सङ्घी, गुरुपूर्णिमा आदि) भोजपुर, खोटाङ, ओखलढुङ्गा, उदयपुर, धनकुटा सङ्खुवासभा, इलाम, सल्यान, प्युठान आदि तथा नेपाल बाहिरबाट पनि उपस्थित हुन्थ्यो ।

यादव चापागाईं (अरुण स्मारिका, २०७१) का शब्दमा 'त्यति बेला दिङ्ला, सुनको अन्डा दिने कुखुरा थियो ।' तर विडम्बना, पछिल्ला वर्षहरूको अवस्था हेर्दा त्यही सुनको अन्डा दिने कुखुराको एक चोक्टा खाएर तृप्ति हुन खोजेजस्तो आभास हुन्छ । हामी कहाँ छौं ? दिङ्लाको चिनारी आज सुतेको सिंहको जस्तो छ ? प्रयास गरे पुनः त्यो दिङ्लाको साङ्ग्रिला फिर्न पनि सक्दछ ।

**फजुल खर्च नियन्त्रण :**

दिङ्ला तथा अरुण उपत्यकाको क्षेत्रमा हुनेखानेहरूको फजुल खर्च गरी धाकरवाफ देखाउने बानीविरुद्ध सादा जीवन उच्च विचारको पाठ नेपालभित्र र बाहिर सञ्चार गराएको देखिन्छ । कतिपय गरिवका सन्तानको न्वारन, विवाह, व्रतबन्धजस्ता अनिवार्य संस्कार गर्न नसक्ने बाध्यताको अवस्थाको अन्त्य सामूहिक विवाह-व्रतबन्धको प्रयास पनि बालागुरुले गरेको देखिन्छ ।

वि. सं. १९५५ पौषमा सीताराम मन्दिरनजिकैको नारदेचौरमा १०८ जना वटुकहरूको सामूहिक व्रतबन्ध संस्कार तथा यज्ञादि सम्पन्न गर्नुभएको थियो । सोही दिन कैलाशडाँडाबाट हालको सीताराम मन्दिर परिसरमा मन्दिर, विद्यालय र छात्रावास स्थानान्तरण भएको थियो । उच्च वर्गका, मध्यम वर्गका र निम्न वर्गका सबैका छोराहरूलाई सस्तोमा, समान हैसियतमा र एउटै सामूहिक खर्चमा यज्ञ गरी फजुल खर्च नियन्त्रण प्रयास गर्नुभएको थियो । त्यसपछि अरुण उपत्यका र नेपालका अन्य क्षेत्रहरूले पनि सामूहिक व्रतबन्ध, सामूहिक विवाहको संस्कार थप अनुकरण गरेको देखिन्छ । "१०८ वटुकको व्रतबन्धमा वटुकहरू रघुनाथ चापागाईं, देवराज चापागाईं, भवानीशङ्कर चापागाईं आदिलाई बालागुरु आफैंले गायत्रीमन्त्र सुनाएको उल्लेख छ ।" डा. कार्की (२०६८) ।

सामूहिक व्रतबन्धले गर्दा –

- उच्च वर्गको रवैया र फजुल खर्च गर्ने बानी र वर्षौंसम्म ऋणमा डुबेर रुने बानीको अन्त्य गर्न चेतना फैलाउने सफलता प्राप्त गर्न सकेको देखिन्छ ।
- बचेको रकम अन्य व्यक्तिगत र सामूहिक कार्यमा खर्च गर्न सक्ने तथा सामूहिक कार्य हुँदा भरपुर मनोरञ्जन र सन्तुष्टि प्राप्त हुन्छ ।

- सहकारी मर्म, फजुल खर्च नियन्त्रण, सामूहिक एकता र बन्धुत्वले वर्षौंदेखि चिढिएका दाजुभाइ तथा छिमेकीहरूबीच बन्धुत्वको भावना जागरणको लहर चलेको देखिन्छ ।
- सामूहिक भावना विस्तार, रचनात्मक कार्य सुरुवात, सकारात्मक सोच र गाउँघरका सानातिना मनमुटाव अन्त्य गरी धनी-गरिबलाई बराबर सम्मान दिने प्रयत्न गरेको देखिन्छ ।
- एक्लै मन्दिर बनाउने, फलैंचा र सत्तल बनाउने, व्यक्तिगत बाटो बनाउने, घरमा धेरै फलेको एक्लै खाने वा गाईबस्तुलाई खुवाउने आदि चलन क्रमशः हट्दै हटियामा तथा पर्वमेलामा बेच्ने चलन सुरु भयो । तिनीहरू सामूहिक सम्पत्ति वा सार्वजनिक सम्पत्ति मानेर सामूहिक कार्य र सेवा गर्ने प्रेरणा समाजमा जागरण भयो । ऋषिपूर्णिमा समयमा सामूहिक स्नान तथा सामूहिक जनै मन्त्रिने कार्य, हरितालिका तीजमा सामूहिक पूजामा सामेल हुने, सामूहिक पुराण सुन्ने तथा लगाउने चलन चल्यो । एकादशी, शिवरात्रि, माघेसङ्क्रान्ति आदि पर्वमा सामूहिक पूजामा सामेल हुने चलन बस्यो । सबै जातजातिका मानिसहरू सम्मानजनक रूपबाट पूजामा सामेल हुने, पुराण सुन्ने परिपाटी थालनी भई अरुण उपत्यकाभित्र, राष्ट्रभित्र र बाहिरसमेत जागरणको लहर सुरु भयो । तर हामी कतिपयले बालागुरुको अष्टसिद्धिको त के कुरा, श्रीकृष्ण भगवान् र योगमाया देवीको अष्टसिद्धि र नवनिधिलाई पनि जादुगरको चटकझैँ ठान्दछौँ । हनुमानको सिद्धि कपोलकल्पित मान्छौँ । तर भगवान्को डरले केही गलत गरौँ कि भनी मन्दिरमा गई पूजा गर्छौं । हामी र हाम्रा व्यवहार तथा सोच गलत नहोलान् त ?
- स्वामी प्रपन्नाचार्य (२०३९ : ४६ – ५६) का अनुसार मिश्र, इरान, इराक, अरब आदिदेखि लिएर समस्त विश्वको प्राचीन इतिहासमा हिन्दू शब्द छ । हिन्दू अपर नामबाट फारसी, बौद्ध, रोम, वैदिक, स्युटनिक, स्क्यान्डेनेबियन, केल्टिक, स्लावोनियम आदि शाखा बाँडिए । सेमेटिक धर्ममा पनि इजिप्सियन, बेबिलोनियन, असिरियन, फिनिसियन डियन, मुहम्मदीय, क्रिस्चियन आदि धर्महरू हिन्दूहरूको हाँगाबिँगा मात्र हुन । “हिन्दू आदिकालदेखिको ‘कला र विज्ञान’ आजको १८ औँ र २१ औँ शताब्दीको विज्ञानको पनि विज्ञान हो’ भन्न बिर्सिएका छौँ । तसर्थ हामीले हिन्दू आर्यदर्शनको सामूहिक भावना र एकतालाई कदापि बिर्सनु हुँदैन ।”

**सहयात्रा व्यवस्थापन :**

तत्कालीन रुढिवादी परम्परा, झगडा, हिंसा र निरक्षरता भएको १५० वर्षअघिको दिङ्लामा चलेका कुप्रथा वा कुरीति हटाउनु कति चुनौतीपूर्ण थियो होला, अनुमान गरौँ । हाटबजारमा दलितले छोएका र ल्याएका, घिउ, कुराउनी,

सेरगम, दही तथा अन्य खाद्यवस्तु बिस्तारै ब्राह्मण-क्षत्रीले चलाउन सुरु गरे । मन्दिरभित्र पस्न नपाउने दलितहरूले बालागुरुको समयदेखि मन्दिरवरिपरि घुम्न, प्रसाद चढाउन र फूलपाती, अक्षता ल्याउन सुरु गरे । पुराण भनेको ठाउँमा गुन्द्रीमाथि एकै ठाउँमा बसेर पुराण सुन्न थाले । गुरु षडानन्दले दलितलाई सबै कुरामा छुट दिए पनि दलितहरूले पाप लाग्छ भन्ने डरले पछिसम्म मन्दिरभित्र प्रवेश गरेनन् । समयले बिस्तारै कोल्टो फेर्दै गयो । सहयात्रामा दलितहरू पनि सामेल हुँदै गएको देखिन्छ । यो गर्वको कुरा र सम्मानित पक्ष हो ।

शैक्षिक, सामाजिक, धार्मिक चेतनाको फलस्वरूप समाजका झैझगडा र हिंसा बन्द हुँदै गए । मादक पदार्थको लापर्वाहीपूर्ण प्रयोग न्यून भयो । दलित र जनजातिबाट संस्कृत शिक्षा लिन सुरु भयो । मन्दिरमा पूजा र धर्मकर्म गर्नेतर्फ किरात समाज आकर्षित भयो । समाजमा शैक्षिक चेतनाको फलस्वरूप ब्राह्मण, क्षत्री, जनजाति, किरात र दलितबीच सुमधुर सम्बन्ध विस्तार भयो । समाजमा एकता, सहभागिता, सहयात्रा, धार्मिक सहिष्णुता बढी वैदिक सनातन हिन्दू धर्म, बौद्ध धर्म, किरात धर्मका कुप्रथा, कुसंस्कार, कुरीति आदि कमजोरीहरू न्यून हुँदै सभ्य समाजतिर रूपान्तरण हुन थाल्यो । शैक्षिक र सांस्कारिक चेतनाले समग्र माझकिरात समाजमा विविध जागरणमा जगमगाउन थाल्यो ।

स्वामी प्रपन्नाचार्य (२०३९ : ५) का अनुसार "नेपालको माझकिरात कालमा प्राचीन किरात क्षत्रीहरू (बहादुर मानिस र सेनामा कार्य गर्ने, वर्ग व्यवस्थामा किरातहरूको वर्ग क्षत्री वर्ग हो) बसेको इतिहास देखिन्छ । वर्तमान युगमा राई-राय, सुब्बा, लिम्बू उपजातीय नामले प्रष्टिएको छ । नेपाल हिन्दू राष्ट्र र ८८ लाख ऋषिहरूको तपोभूमि रहेको छ । प्राचीन समयमा वाल्मीकि बशिष्ठ, अत्रि, आत्रेय, कपिल, व्यासजस्ता कतिपय मुनिहरूको जन्मक्षेत्र तथा उपसना क्षेत्र भएकाले धर्म, संस्कृति, संस्कार र प्राचीन विज्ञानको उर्व्वरभूमि थियो भन्न सकिन्छ । तर भौतिकवादको १५-१६ औं शताब्दीपछिका आविष्कारमा मात्रै नेपाल पछाडि परेको इतिहास देखिन्छ ।"

सबै जात, धर्म, लिङ्गलेसमेत पढ्न पाउने गुरुकुल पाठशाला बालागुरुबाट स्थापनका कारण, मन्दिरहरूको प्रभावको कारण तथा सामाजिक सुधारका कार्यहरूले दिङ्लाको सहयात्राको अनुकरण देशविदेशमा पनि जागरण लहरका रूपमा फैलिएको थियो भनी विश्लेषण गर्न सकिन्छ ।

## आर्थिक व्यवस्थापन विश्लेषण :

### सहकारी, बैङ्क तथा वित्तीय प्रणाली व्यवस्थापन :

नेपालमा औपचारिक रूपमा सरकारी क्षेत्रबाट बैङ्किङ कारोवार गर्न वि. सं. १९९४ मा नेपाल बैङ्क लिमिटेड स्थापना भएको देखिन्छ । वि. सं. २००८

मा व्यापारिक सामग्री बीमा गर्न मालढुवानी सेवा बीमा कम्पनी स्थापना भयो भने वि. सं. २०१३ मा चितवनमा बखानपुर सहकारी स्थापना भएको देखिन्छ। दधिराज सुवेदी (२०७५) का अनुसार त्यसै गरी वि. सं. १९७-७३ तिर कृष्णप्रसाद कोइरालाबाट 'उद्योगी गोला' विराटनगरमा स्थापना भएको थियो। उद्योगी गोला नेपालको प्रथम सहकारी आन्दोलन मानिन्छ।

यादव चापागाईं (२०७२:८) का अनुसार वि. सं. १९६० तिरबाट र औपचारिक रूपमा वि. सं. १९६६ को धर्मपत्रिकासँगै सरकारी मान्यता प्राप्त सीताराम गुठीले नेपालको प्रथम बैङ्किङ वा वित्तीय कारोबार भोजपुर दिङ्लाबाट सुरु गऱ्यो। तसर्थ नेपालमा प्रथम बैङ्किङ वा सहकारी पद्धतिको सुरुवात बालागुरु षडानन्दले दिङ्लाबाट गरेको प्रमाणहरू देखिन्छन्।

वि. सं. १९६१ चैत्र १४ मा अगमसिंह राईले सीताराम गुठीका 'घुम्ती नगदी कोष' (कोष नामकरण यादव चापागाईं) बाट मो. रु. ४००।- ऋण लिएको देखिन्छ। षडानन्दसम्बन्धी अभिलेख (२०७२ : ७८) अनुसार उक्त ऋण लिएको जग्गा राजिनामापत्र विश्लेषण गर्दा वि. सं. १९६० मै सञ्चालन भएको अनुमान गर्न सकिन्छ। तथापि वि. सं. १९६६ को धर्मपत्रिका अनुसार सो कोषमा मो. रु. ११५०।- देखिन्छ, जसको मो. रु. १००।- को वार्षिक ४ मुरी ब्याजदरले जम्मा ४६ मुरी वार्षिक ब्याज अन्न (धान) देखिन्छ। पछिल्ला वर्षमा थप भई १०१ मुरीसम्म ब्याज उठेको देखिन्छ। मल्लकालमा नेपालमा धेरै गुठीहरू स्थापना भए। त्यी गुठीहरू कि त दरबारका लागि मात्र र कि त मन्दिरका लागि मात्र अथवा एक उद्देश्यका देखिन्छन्। तर सीताराम गुठीका ३ उद्देश्यहरू थिए। १. मन्दिरको पूजापाठ तथा जात्रा, मेला, पर्वहरू आदि सञ्चालन गर्न। २. विद्यालय सञ्चालन गर्न। ३. वित्तीय कारोवार वा सहकारीका रूपमा सञ्चालन गर्न। तसर्थ यो कार्यस्वरूपका आधारमा नेपालको प्रथम बहुउदेश्यीय गुठी हो। तर यसभन्दा अघि नै पनि दिङ्लामा तुङ्गेछाका चामुनारायण श्रेष्ठले सञ्चालन गरेको छुट्टै गुठी थियो जुन धर्म, सेवा र मन्दिरका लागि सञ्चालन थियो। वि. सं. १९६६ को धर्मपत्रिकाले त्यो ब्याज आम्दानी निश्चित कार्यमा खर्च गर्ने वा कोष वृद्धि गर्ने भनी बालागुरु षडानन्दले खुलाउनुभएको छ। यो किसान लक्षित वैङ्किङ् वा वित्तीय प्रणाली थियो।

यादव चागागाईंको विश्लेषणमा यस गुठीको विशेषता व्याजका रूपमा अन्न लिने र गाउँघरका गरिब वा किसानले मात्र प्रयोग गर्ने गर्दथे किनकि त्यति बेला धनीहरू वा अलिकति हुने खाने मध्यम वर्गका मानिसहरू धानको धोक्रो बोकी अर्काको घरमा धान किन्न जानु आफ्नो मात्र नभई कुलकै इज्जत गएको ठान्दथे। बरू धान नभए त्यस वर्ष, मकै, कोदो, गुन्द्रुक, ढिंडो खाएरै पनि इज्जत जानबाट जोगाउने मानसिकता वा चलन थियो।

सुरुवात वर्ष वि. सं. १९६६ को धर्मपत्रिकाअनुसार बालागुरुले आफूसँग भएको मो. रु. १०२२।-, पं. गोपीकृष्णको जग्गाबाट उठी आएको मो. रु. ८९।- र लक्ष्मीप्रसादका दातव्यको जग्गाबाट उठी आएको मो. रु. ३९।- सङ्कलन गरी जम्मा मो. रु. ११५०।- को कोष सञ्चालन भएको थियो । तसर्थ नेपाल बैंक लिमिटेडभन्दा झन्डै ३४ वर्षपहिले र एक बहुआयामिक प्रथम वैङ्किङ संस्थाको सुरुवात अरुण उपत्यकमा बालागुरुबाट भएको देखिन्छ, त्यो पनि करिब १२० वर्षअघि । बालागुरुको आर्थिक दूरदर्शिता पनि नेपालमा अग्रस्थानमा देखिन्छ ।

रवीन्द्र अधिकारी (भोजपुर स्मारिका, २०७१) का अनुसार शिक्षा क्षेत्रमा सबैभन्दा बढी धानमुरी २१६ (६४%) थियो । मन्दिर, पाठशाला र गुठी व्यवस्थापनमा एकमुष्ट ५४ मुरी (१६%) थियो । पुजारी र पुराण वाचनमा ४८ मुरी (१४%) र जगेडामा १८/१ मुरी (६%) वार्षिक छुट्टाएको देखिन्छ । यसबाट के विश्लेषण गर्न सकिन्छ विद्यालयका लागि ४ गुणा बढी धान मन्दिर र गुठीलाई भन्दा प्राथमिकता दिई छुट्याएको देखिन्छ । अन्य सामाजिक, शैक्षिक र विविध समाजसुधार गरे पनि मुख्य उद्देश्य विद्यालय नै केन्द्रबिन्दु रहेको देखिन्छ । शिक्षा नै सबै थोकको कसी हो भन्ने बालागुरुको मूलमन्त्र देखिन्छ ।

बेल्जियमका इसाई धर्मका पादरी तथा पेसाले इन्जिनियर फादर कामिल बुल्केले भारतको दार्जिलिङमा इसाई धर्मको प्रचारको क्रममा त्यहाँका नेपालीहरूको सङ्गतमा परेर हिन्दू धर्मसंस्कृति र पूर्वीय दर्शनको अध्ययन गरी 'रामकथाको उत्पत्ति र विकास' शोधपत्रमा विद्यावारिधि गरेको देखिन्छ तथा पुस्तकका रूपमा पनि प्रकाशन भएको छ । आज बाबा बुल्केमा नाम रूपान्तर गरी शोधपत्रमा 'भगवान् राम कल्पित पात्र नभई इतिहासका महापुरुष हुन्' भन्ने प्रमाणहरू दिएको देखिन्छ । आजभोलि उनी हिन्दू धर्मको शिक्षा पद्धति र हिन्दू धर्म संस्कृतिको प्रचारप्रसारमा लागेको देखिन्छ । बाबा बुल्केका अनुसार शिक्षाले नै मानिसका शारीरिक, मानसिक, सामाजिक, आध्यात्मिक, नैतिक लगायत अत्यावश्यक पक्षको विकास गराउँछ । असल व्यक्तित्वले पूरै समाज, राष्ट्रलाई हाँक्दछ र विश्वलाई सिद्धान्तले अघि बढाउँछ जसको कारण रामजस्तै आर्दशमय महापुरुष बन्दछ । (विकिपिडियाबाट साभार र रूपान्तरण) ।

**सीताराम गुठीको आर्थिक व्यवस्थापन :**

मन्दिरहरू, विद्यालय, छात्रावास, छात्रवृत्ति, उद्यानहरू, मर्मत संहार आदि सम्पूर्ण कार्य गर्न आर्थिक जग बलियो हुनुपर्दछ । सीताराम गुठीमा आम्दानीका पक्षहरू निम्न देखिन्छन् ।

- चौमासा, हरितालिका, एकादशी, मेलापर्व आदिका भेटीहरूबाट आयस्रोत बढेको देखिन्छ ।

- वि. सं. १९६६ को धर्मपत्रिका अनुसार जम्मा १०२ कित्ताहरू र वि. सं. २०३६ को नापी अनुसार १७५३ रोपनी जग्गा र मो. रु. ११५० ।- को 'घुम्ती नगदी कोष' स्थापना ।
- धर्मपत्रिका अनुसार ३३६/१ मुरी आयस्ता र वि. सं. १९७८ को पत्रअनुसार ५६० मुरी ठेक्का र १३००-१४०० मुरी धान फल्ने जग्गा ।
- मो. रु. ११५०।- को ब्याज वार्षिक ४६ मुरी ब्याज थप हुँदै गइरहेको ।
- वि. सं. १९६० तिरका घुम्ती कोषबाट २०-२५ औं कित्ता जग्गाहरू खरिद गरेको देखिन्छ ।
- गुरुको मृत्युपछि पचलीघाटबाट ल्याएको रु. २११७- र खड्गमान बस्नेतको फैसला बमोजिम मो. रु. १५३०।- थप ।
- पुराण तथा ठूला यज्ञादिमा उठेका अन्न तथा भेटीहरू थप आम्दानी रूपमा
- तोलादान तथा धान्यपर्व (कम्तीमा १०८ मुरी धान उठाइने पर्व) आदिबाट उठेका भेटी र सामग्रीहरू आम्दानी
- पछिल्लो चरणमा वि. सं. १९९७ ज्येष्ठ २ मा लीलामाया सुवेदी उपाध्यायले गुठीलाई चढाएको मो. रु. २००।-

(सेमन्तराज अधिकारी २०६२ : ८७-८८)

- सेमन्तराज अधिकारी २०६२ : ८७-८८) का अनुसार वि. सं. २००१ माघ २२ मा भक्तिविलास पाध्याले चढाएको गुठी मार्सेमध्ये खेतको आयस्ता मुरी १/५ देखिन्छ ।
- गुरुपूर्णिमा, ऋषितर्पणी पूर्णिमा, हरितालिका तीज, लाखेजात्रा आदि पर्वका का सामान्य नगद, दान तथा भेटीहरू आम्दानी ।
- वि. सं. १९५० मा मो. रु.१ ले ४ मुरी धान फल्ने जग्गा खरिद गरेको देखिन्छ । यसबाट त्यति बेलाको पैसाको Value आज तुलनात्मक अध्ययन गर्न सकिन्छ ।

बालागुरु र अन्य सहयोगीहरूले सिलाङमा पुराणवाचन गरेर ल्याएका नगद मो. रु. ४,०००।- जति भन्ने उल्लेख देखिन्छ । उक्त नगद पनि बाटोका आवतजावत खर्च कटाएर गुठीका लागि अर्पण गरेको उल्लेख देखिन्छ ।

रुद्राक्षले विगत केही वर्षयता दिङ्ला र अरुण उपत्यकामा आर्थिक क्रान्ति नै ल्याएको देखिन्छ । तर पनि वि. सं. २०३० को दशकदेखि मात्र फाट्टफुट्ट रुद्राक्षको बिक्रीवितरण सुरुवात भएको थियो ।

## वार्षिक खर्चको फाँटवारी व्यवस्थापन :

पर्शुराम कट्टेल (२०७३ : ३७५) का अनुसार बालागुरुले आफूले आर्जन गरेको चल र अचल सम्पत्ति, सुन, चाँदी, भाँडावर्तन, गरगहना र अन्य सामग्री

पञ्जीकृत गरी फाँटवारी तयार गरेर जङ्गीअड्डा दिङ्लाबाट जिम्मा लगाई भोजपुर गोश्वारामार्फत काठमाडौँ केन्द्रीय अभिलेखालयमा पेस गरेको प्रमाण फेला परेको छ । यसबाट गुरुको आर्थिक पारदर्शिता, प्रमाण संरक्षण गर्ने कार्य, संस्था अनन्तसम्म चल्न सकोस् र विवाद नआओस् भन्ने दूरदृष्टि देखिन्छ ।

| **क्र. सं.** | **शीर्षक** | **गर्नुपर्ने खर्च मोरु** |
|---|---|---|
| १. | नौमिके | ४.५० |
| २ | देवता कपडा किन्ने खर्च | १ |
| ३ | पूजा सर्दाम | ५० पैसा |
| ४ | भेटीका लागि | ५० पैसा |
| ५ | ध्वजापताकाका लागि | ५० पैसा |
| ६ | ब्राह्मण दक्षिणा | १ |
| ७ | यज्ञमा धानचामल सिदा गर्न | ५० |
| ८ | पञ्चैबाजा बजाउने दमाई | ५० पैसा |
| ९ | कृष्ण अष्टमी पूजा | ५० पैसा |
| १० | कृष्ण लाखेजात्रा | ५० पैसा |
| ११ | कन्याकुमारी नौकेटी भोजन | १ |
| १२ | देवताका पोशाक सिलाउने | १ |
| १३ | चढाउने कपडा | ५० पैसा |
| १४ | नौरथा दशैंमा बाजा बजाउने | ५० पैसा |
| १५ | शिवरात्रीका साधु-महन्तलाई | ३/५० |
| १६ | पूजाको सर्दाम र भेटी | १ |
| १७ | रुद्रीपूजा दक्षिणा | ५० पैसा |
| १८ | पुराणमा धान चामल, सिदा, दक्षिणा | ५० पैसा |
| १९ | ब्राह्मण दक्षिणा | १ |
| २० | नगरा, पर्वमा पञ्चैबाजा | ५० पैसा |
| २१ | वर्षभरि लेख्ने कागज | १/५० |

(सेमन्तराज अधिकारी, २०६२ : ७९)

खर्चको फाँटवारी तालिकामा पनि आजभोलिको जस्तै क्रमसंख्या, शीर्षक, गर्नुपर्ने खर्च र गरिएको खर्च तथा जम्मा आमदानी आदि शीर्षकहरू व्यवस्थित देखिन्छन् । तत्कालीन समयमा पनि खर्च व्यवस्थापन वैज्ञानिक तरिकाको र लचकतासहितको देखिन्छ । (तलबी खर्च अर्को शीर्षकमा हेर्नुहोला ।)

## वार्षिक वेतन तथा छात्रवृत्ति व्यवस्थापन :

वि. सं. १९६६ को धर्मपत्रिका र शिलालेखअनुसार बालागुरुबाट ३१ जना स्थानीय वरिष्ठ भद्रभलादमी साक्षीहरू राखेर स्थानीय सरकारले जस्तै झन्डै

५० फिट लामो नेपाली कागजमा धर्मपत्रिका राखेर निम्न पदहरूमा वेतन तोकिएको छ :

१. सीताराम/षडेश्वर मन्दिर पुजारी -२४/२ मुरी धान पूजाका सर्दाम बनाउन र पर्वमा रुद्रीहरू पाठ गर्नसमेत)
२. नर्मदेश्वर मन्दिर पुजारी - ५ मुरी
३. परीक्षा बोर्ड / पण्डित - ६/३ मुरी
४. गुठीको काम गर्ने गुठीयार - ३१/२
५. विद्यार्थी शिक्षक तथा पुराण पण्डित - ६३.४ मुरी
६. मन्दिर पाठशालामा झारुबढारु र लिपपोत - ६ मुरी
७. जङ्गीअड्डाको जिम्मावाललाई सहयोगी सिपाही - ५ मुरी
८. बगैँचा टहलुवा (पानी र गोडमेल गर्ने) - ५.६ मुरी
९. मन्दिरमा साँझ-बिहान नित्य नगरा बजाउने - ५ मुरी
१०. साधुसन्त, पाहुना आगमन र सिदा दान गर्न -४.१३ मुरी
११. विद्यार्थीलाई न्वागी खान - १५ पाथी
१२. पढाउने गुरु, पण्डित भन्ने गुरु र पुराण सुन्नेलाई राडी, गुन्द्री किन्न - २ मुरी
१३. चुहेभत्केको हेर्ने-टाल्ने कालिगढ - २.१० मुरी
१४. विद्यार्थी छात्रवृत्ति - १४०.६ मुरी

**आर्थिक व्यवस्थापनमा पुनर्जागरण :**

दिङ्लामा शनिबारे हाटबजारमा गरिने खर्चहरू, विशाल रामनवमी मेला र बालाचतुर्दशी मेलामा गरिने खर्चहरू, पर्वहरू तथा विभिन्न जात्राहरूको अवसरमा हुने सामग्रीको क्रयबिक्रय बढेका कारण धमाधम पसलहरू खुल्न थालेका थिए । दिङ्ला कृषि अनाजको उर्बर भूमि पनि हो । गुठी सहकारी वा बैङ्किङ संस्थाले गरिब वर्गलाई उकास्ने कार्य सुरुवात गरेको थियो । देशविदेशका तीर्थयात्रीहरू तथा देशविदेशका छात्रहरूको आगमनले पूर्वी पहाडी जिल्लाको महत्त्वपूर्ण आर्थिक केन्द्र बन्न पुगेको थियो । त्यसको प्रत्यक्ष प्रभाव अरुण उपत्यका र अप्रत्यक्ष प्रभााव देशविदेशसम्म परेर पूर्वाञ्चल क्षेत्रमा आर्थिक जागरणको लहरको देखापर्न सुरुवात भएको थियो ।

– ३३६.१ मुरीदेखि ५६० मुरी ठेग्गाका जमिनबाट ५० औँ जग्गा ठेकेदारहरूले समेत रोजगारी पाएका ।
– दिङ्ला जङ्गीअड्डामा स्थानीय १०० युवा मिलिसियाले रोजगारी पाएका ।
– मो. रु. ११५० को नगदी घुम्ती कोषले वार्षिक ४६ मुरी ब्याज र पछिल्ला वर्षमा १०१ मुरी सम्म ब्याज सीताराम गुठीले कमाएको ।

- नेपालकै प्रथम शनिबारे हटिया सञ्चालन । हटिया भर्न २-३ दिनसमेत लगाएर सोलुखुम्बु, ओखलढुङ्गा, तेह्रथुम, धनकुटा आदिबाट बेलाबेलामा व्यापारका लागि पुग्ने र काठमाडौँको शिवरात्रिमा जस्तै भीड लाग्ने ।
- रामनवमी र बालाचतुर्दशीमा २ मेलामा मात्रै २ लाखभन्दा बढी मान्छे पुग्ने गरेको तथा सामान किनबेच गर्न, मनोरञ्जन गर्न, तीर्थयात्रा गर्न आदि कार्यमा दिङ्ला पुग्दा आर्थिक चलखेलमा तरलता भएको ।
- देशविदेशबाट विद्यार्थी, उनीहरूका अभिभावकहरूका बेलाबेलामा दिङ्ला आगमन, तीर्थयात्री आन्तरिक पर्यटक आदिले दिङ्ला क्षेत्रमा आर्थिक वृद्धि भएको ।
- समय-समयमा अतिरुद्री, महारुद्री, कोटिहोम, यज्ञादि, मेलापर्व, जात्रा र जङ्गीअड्डामा समेत काम गर्न आउने जनसमूहको आगमन, सामाजिकता आदानप्रदान, सूचना आदानप्रदान आदि अवसरले त्यस क्षेत्रको अर्थतन्त्रमा तरलता भएको ।
- डा. नरेन्द्र चापागाई (२०५३) का अनुसार दिङ्लालीलाई १/४ भाग अन्नले खान पुग्ने र ३/४ भाग अन्न सङ्खुवासभा, सोलुखुम्बु, खोटाङ, ओखलढुङ्गासम्म पनि बिक्री हुने गरेको थियो । यसलाई विश्लेषण गर्दा दिङ्लाको कृषि अर्थतन्त्र पनि दरिलो थियो भन्न सकिन्छ । 'भए भोजपुरे खान्की, नत्र पल्टिएन सत्र' भन्ने उखान खोटाङ, सोलुखुम्बू, ओखलढुङ्गातिर आज पनि प्रसिद्ध छ । भोजपुरे खान्कीको अर्थ 'टन्न धानको भात मात्र ( मकै, ढिँडो साथमा होइन) खान पाउनु' भन्ने हो ।
- मनोरञ्जनका लागि नेपालकै पहिलो आयुर्वेदिक उद्यान थियो । इँटाका गिर्दासहितको विद्यालय तत्कालीन नेपालमा अर्को नभएकाले त्यस बेला विद्यालय अवलोकन गर्न र पढेको दृश्य हेर्न आउने समूह ठूलो थियो । विद्यार्थीहरूको कर्मकाण्डका मन्त्रोच्चारण र स्वस्तिवाचन तथा मन्दिरमा विहान वेलुकी गरिने नगरा र शङ्ख ध्वनिसहितको पूजापाठको रोनकताले दिङ्ला स्वर्गकै टुक्रा हो कि भन्ने आभाष गराउँथ्यो । सीताराम मन्दिर परिसर, ढुङ्गे ग्राउण्ड, कच्ची सडक, टुँडिखेल परिसर, कुण्ड र पोखरीहरू थिए । नेपालकै १ मात्र original अशोकवृक्ष, माटाका पाइपबाट पानी ल्याउने पद्धति, प्रसिद्ध तीर्थस्थल, ट्याम्के-मैयुमको दृश्य, मकालु, कुम्भकर्ण, कञ्चनजङ्घा आदिका मनोरञ्जन दृश्यमा मन बहलाउन तथा आध्यामिक शान्ति प्राप्त गर्न आउने पनि प्रशस्त देखिन्थे । बजारका मेलापर्वमा खेलिने खेलहरू र पाल्लेघारीको दोहोरी जुहारी नृत्य प्रत्यक्ष हेर्न वा भाग लिन तथा आनन्द लुट्न वार्षिक ३-४ लाख मानिस दिङ्ला पुग्दथे भन्ने खेमराज गौतमबाट (२०५९) उल्लेख भएको छ । पक्कै पनि ३-४ लाख मानिस

दिङ्ला पुग्दा आर्थिक तरलता र उन्नयन राम्रो थियो होला भनी अनुमान गर्न सक्दछौँ ।

डा. नरेन्द्र चापागाई (२०५३ : मधुपर्क) का लेख, विभिन्न पुस्तकहरू तथा लेखकहरूबाट दिङ्लाको रामनवमी र बालाचतुर्दशी मेलाको सूक्ष्म रूपले अध्ययन गर्दा निम्न सामग्रीहरू किनबेचबाट यहाँको अर्थतन्त्रमा टेवा पुगेको तथ्य फेला पर्दछ ।

१. **चोयाका सामग्री तथा डोरीबाट बन्ने :** खोटाङ, ओखलढुङ्गा, बाला, शिशुवा आदि स्थानबाट मान्द्रो, भकारी, नाङ्लो, बाँसको काइयो, चाल्नो, थुन्चे, डोका, फिपी, भुने, भकारी, डेली, घुम, छत्री, धिरी, पेरुङ्गो, मोहोला, बिन्यायो, मुरली, छाप्री, जिलिमा, खाङ्ग्री, डोको आदि । ओदाल, अर्गेली, बाबियो र अल्लोबाट निर्मित नाम्लो, डोरी, धागो आदि ।

२. **काठको सामग्री :** दिङ्ला बडहरे, धुपु, बाह्रबिसे, ताम्कुफेदी, गौरीगाउँ फेदीका ठेकी, दुधेरो, हर्पे, मदानी, आरी, घैलो, काठको बत्ती, ट्यामी, माली, सुरो, कठवा आदि

३. **घरायसी निर्माणका धातु र फलामका सामग्री :** भोजपुरे खुकुरी, चैनपुरे करुवा, टक्सारे पञ्चपात्रो र आरती, भोजपुरे करुवा, अम्खोरा, टक्सारे माना, पाथी, कुलुङको कट्टी र पूजाका सामग्री, मूर्ति, ढलोट, चकमक, छिनू, बसिला, राँबो, कोदाली, कुटो, कचियाँ, ज्याक, करौती, चुलेसी, खुर्पा, दाउ, तरबार, फाली, काँटी, ठेडी, फाली, दियो, काँसका भाँडावर्तन, ठडेउरो, मुर्तुङ्गो, टुकीबत्ती आदि ।

४. **लत्ताकपडा :** ओलाङ्चुङगोला, तोप्केगोला र हेदाङनाका राडीपाखी । रुम्जाटारे, बालायाम्दाङ र सेकाहाका राडीपाखी । बाला सिशुवा र सोलु तिङ्लाका अल्लाको लुकुनी र धोक्रा । चैनपुरे र टक्सारे खाँडी । तेह्रथुमे खाँडी, धनकुटे, धराने, दार्जिलिङ्गे र आसामे खाँडी, पस्मिना र स्वेटर । बर्मेली रेडीको खास्टो र बनारसी फरिया । निँगुरे र चाम्लादाङका राडीपाखी, मफलर र स्वेटर । दार्जिलिङ्गे र आसामे पस्मिना, स्वेटर आदि ।

ङ) **दुग्ध परिकार :** सोलुखुम्बु र भोजपुरको छुर्पी, खोटाङका चीज, मख्खन तथा छेना, सेरगम, कुराउनी, दही आदि ।

च) **सङ्गीत-सामग्री :** बाला, सिसुवा र ओखलढुङ्गाका मुरली, बाँसुरी, बिनायो । खाँदबारी, दिङ्ला र साल्मा गहतेका मादल, ट्याम्पो, दमाहा । टक्सारको कर्नाल, नरसिङ्गा, सहनाई । बोया, ज्याङ-चरम्बी र माङदिङको सारङ्गी ।

छ) **अन्नहरू :** ३ नं. र भोजपुरे जौ । खोटाङ र धनकुटे सिलाम । तुम्लिङ्टारको, फिलिङ्गे, मास, मस्याङ र जुनेलो । अरुण गढतीरको कागुन, तिल र कोदो । लेकाली फापर आदि ।

ज) **फलफूल :** स्यामिडे सुन्तला र कागती । साल्माली हलुवावेद, किम्बु, जम्बु, जामुन, काफल र ऐंसेलु । चुत्रो, लप्सी, ओखर, अम्फी, मेल, ट्याङ्रा (चारपाटे), कटहर, ज्यामिर, आदि ।

झ) **माछा/मासु :** सोलुका च्याङ्ग्रा, सिसुवा, चिरखुवा, इर्खुवा, सवा, अरुण र सङ्खुवाका माछा । बाला र सिसुवाको सिङ्दाल (खसी) । याम्दाङे र सेकाहाका भेडा आदि ।

ञ) **तरकारी /अचार :** कोइरालो, कोइराले मूला (डल्लेमूला) काभ्रो, लेकाली टमाटर, लेकाली निगुरो, कुकुरडाइनो, जलुको, सिप्लिघान, रूखचिन्डे, रूखफिलिङ्गे, कच्चु, सिगाने, मुला, चुकन्दर, जिम्बु, भोटेलसुन, छ्यापी, अमारो, वनतरुल, मरङ्गे, गिठ्ठा, भ्याकुर, लौका, चिन्डे, सजीवन आदि ।

ट) **जडिबुटी/आयुर्वेदिक आइटम :** हर्रो, बर्रो, अमला, गुर्जो, चिराइतो, रुद्राक्ष, अलैंची, बान्द्रे, बिखुम्बा, पाँचऔंले, पदमचाल, लौठसल्ला, सतुवा, टिमुर, सर्पगन्धा, सिलाजित आदि । हेदाङ्ना, सोलु, भोजपुर, खोटाङ र मैयुमतिरका सेर्पा सेर्पिनीले ल्याउने पत्थरहरू । मकालु र ओलाङचुङगोलातिरबाट शिलाजित लगायत सेर्पिनीले बेच्ने जडिबुटीहरू आदि ।

ठ) **कपडाहरू:** नेपाली खाँडी र इन्डियन साडी । अल्लो र ऊनीका कपडाहरू । रेशमी कपडाहरू आदि ।

ड) **माटोका सामग्री :** मटिया, गाग्रो, घ्याम्पो, धुपौरो, हाँडी, घैला, पाला आदि

ढ) **किराना सामान/फ्याक्ट्री उत्पादन :** धरान / धनकुटा / इटहरी / विराटनगरतिरबाट उत्पादित कपडा, खाद्यान्न, जङ्कफुड, भाँडा र घरायसी सामग्री नुन, मट्टीतेल, साबुन आदि ।

ण) **रुद्राक्ष :** वर्तमान समयमा २, ३, ४, ५ मुखीदेखि ३२ मुखीसम्मका रुद्राक्ष पाइन्छ । १५ मुखीमाथि १ रुद्राक्ष बराबर हाल ५० हजारदेखि १-२ लाखसम्म पर्दछ । २० मुखीमाथि २०-३० लाखदेखि २-३ करोडसम्म पर्दछ । १ मुखी रुद्राक्ष सुनिन्छ, तर देखिएको छैन । रुद्राक्षलाई जङ्गलको सुन पनि भनिन्छ । पुराणहरूले रुद्राक्षलाई The King of the medicinal plant (जडिबुटीको राजा) भनी उल्लेख गरिएको देखिन्छ ।

गुरु षडानन्दको योगदानस्वरूप दिङ्ला र अरुण उपत्यकाका आज कतिपय मानिसहरू नेपालकै धनी मानिसहरू बनेका छन् । कोही शैक्षिक धनी, कोही राष्ट्रिय कवि, कोही समाजसुधारक, कोही UNO मा, NASA, Apple Company, UNHCR आदिका उच्च पदाधिकारीसमेत भएका छन् । त्यस्तै प्रशस्त डाक्टर, पाइलट, इन्जिनियर र देशविदेशका उच्च पदहरूमा हालसम्म पनि कार्यरत देखिन्छन् । नेपालको आर्थिक र राजनीतिक विश्लेषण गर्ने हो भने अरुण उपत्यकाको र पूर्वाञ्चलको राष्ट्रिय वर्चश्व हालसम्म देख्न सकिन्छ । हाल

पनि नेपाल सरकारको उच्च ओहदामा पुग्नेहरूमध्ये कतिपयका बुबाहरू, हजुरबुबाहरू र आफैं पनि दिङ्ला पाठशालाका शिष्य देखिनुहुन्छ ।

**पूजा-प्रक्रिया :**

वि. सं. १९३५ को लालमोहरमा सीताराम मन्दिरको पूजाआजा नित्य चलाउन स्थायी आम्दानी चाहिएकाले थप जग्गा गुठीका नाममा समावेश गर्न स्वीकृति प्रदान गरेको देखिन्छ । वि. सं. १९३०-३१ बाट शनिबारे हटिया सुरु, वि. सं. १९३२ बाट रामनवमी, वि. सं. १९३३ बाट बालाचतुर्दशी, शिवरात्रि, एकादशी आदि पर्वमा पुराणवाचन तथा चौमासा पुराण सुरु भएको देखिन्छ । समय-समयमा यज्ञ, मेलापर्व आदि भइरहन्थे । सीताराम मन्दिरका मूल पुजारी रविलाल गौतम, नगरावादक बोधने दमाई, सर्दाम बनाउने ब्राह्मणी, फूल र फल अभाव हुन नदिन जदुशेर हमाल, स्थायी पुराणवाचक पं. बद्रीनारायण अधिकारी आदि व्यवस्थापन गरी वेतनको समेत व्यवस्था गरेको देखिन्छ ।

ज्ञानराज सुवेदी (२०४२:१८:२९) मा यसरी वर्णन गर्नुहुन्छ :

सीताराम शिवादि मन्दिर बने, पाटी र पौवा बने
घण्टा मन्दिरमा बजे ति नगरा, बाजा र शङ्खै बजे ।
शास्त्रोक्तै विधिले सुयज्ञ गरदै पूराण धेरै भजे
श्रद्धालू सब ओइरिएर अनी हिन्दूत्वले शोभिए ॥
रुद्री, वेद, पुराण, चण्डि सबमा भै नित्य पारङ्गत
ज्योतिष्, व्याकरण, आयुर्वेद् बलले हूँदै गए दीपक ।
पूजापाठ र धर्मकर्म गुरुमा सारा ति विद्यार्थिमा
खर्चै गर्न भनी छ आय जसको चार् सौ मुरी धान् यहाँ ॥

पं. कृष्णप्रसाद गुरागाईंका अनुसार बालागुरु अष्टसिद्धिबाट (अडिमा, महिमा, लघिमा आदि) सिद्धपुरुष भएको कारण लगभग नेपालका सबै तीर्थहरूमा पुग्नुहुन्थ्यो भनिन्छ । गुरागाई उल्लेख गर्नुहुन्छ, शाल्पापोखरी (मुन्धुमअनुसार सृष्टि उत्पत्ति सुरु भएको क्षेत्र) परतिरको दूधधारा (पुराणअनुसार समुद्रमन्थनको क्षेत्र तथा अमृत फेला परेको अनुमानित क्षेत्र) र सभापोखरीमा (देवसभा तथा संयुक्त आमसभा बस्ने क्षेत्र) पनि बिहान उठी स्नान गरेर सीताराम मन्दिरहरूको पूजा गर्न आइपुगेको सुनिन्छ । स्प्रियातीर्थ (सभापोखरी) तथा सवादोभान त्रिवेणीमा पनि शतबीजको सुरुवात गरेको कुरा महर्षिहरूबाट सुनेको छु । तसर्थ नेपालका हलेसी, देवघाट, मुक्तिनाथ, गोरखनाथ, सिद्धकाली गुफा, वैतडीको भुवनेश्वरी गुफा, वाल्मीकि आश्रम आदि प्रायशः अति महत्त्वपूर्ण जानेसुनेका सबै ठाउँका तीर्थहरूको भ्रमण भएको थियो भन्न एक सिद्धपुरुषलाई सकिन्छ । उनी अष्टसिद्धि प्राप्त अलौकिक महापुरुष रूपमा देखिन्छन् ।

**मेला-पर्व व्यवस्थापन :**

पूर्वी नेपालमा सनातन हिन्दूसंस्कृतिको चेतना फैलाउने कार्यमा गुरु षडानन्दले सुरु गरेका मेलापर्व र जात्राहरूले पनि महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ । स्थानीय परम्परा र धर्मसंस्कृति जगाउन सँगिनी, भजन, हाक्पारे, दोहोरी, जुहारी, मगरको मारुनी नाच, दर्जीहरूको ख्याली नृत्य, नेवारको लाखेजात्रा र गाईजात्रा, लामाहरूको स्वस्तिवाचन, राईको चण्डीनाच, गुरुङको पुटपुटे नृत्य, गन्दर्भको कर्खा गीत, धामीझाँक्री परम्परा, दाइँखलियो गीत आदिले पनि लोप हुनबाट संरक्षण भई फस्टाउने अवसर पाएका थिए र छन् पनि ।

- एकादशी हरिबोधनी/हरिशयनी एकादशीमा पूजा र पुराणवाचन
- ऋषितर्पणी पूर्णिमामा गौरीकुण्ड स्नान र पूजा लगाई जनै मन्त्रने
- मातातीर्थ औँसीमा पूजा र पुराण
- हरितालिका तीज-पूजा-पुराण, लाखेजात्रा, मारुनी जात्रा
- हिलेजात्रा
- टुँडिखेलमा सैनिकद्वारा घोडेजात्रा
- नौरथामा सतीघाट मेला र स्नान तथा नौरथामा बाटोघाटो खन्ने चलन
- मकर सङ्क्रान्ति स्नान मेला-सतीघाटमा
- नवरात्रिमा ९ केटी पूजा र भोजन मन्दिर परिसरमा
- बालाचतुर्दशीमा रथयात्रा/शतबीजरोपण मेला
- रामनवमी/शिवरात्री मेला
- गुरुपूर्णिमा मेला
- उत्सव तथा पर्वअनुसार पूजा र मेला
- मन्दिर परिसरकै सरस्वती मन्दिरमा श्रीपञ्चमी उत्सव
- श्रीकृष्णजयन्ती र लाखे महोत्सव
- समय-समयमा पुराण र यज्ञादि
- न्वागी पर्व व्यवस्थापन र न्वागी खान वार्षिक १५ पाथी धान उपलब्धता
- चौमासा पुराण
- पर्वअनुसारका पूजा र पुराणहरू

सबै मेला र पर्वहरूमा विद्यार्थी वटुकहरू स्वयम्सेवकका रूपमा खट्ने व्यवस्था थियो । आजकलको Junior Red Cross र स्काउटका विद्यार्थीले जस्तै दिङ्लामा रामनवमी र शम्भी मेलामा वटुकहरूले स्वयम्सेवा प्रदान गर्दथे ।

स्वामी प्रपन्नाचार्य (२०३९ : ८ – २०) का अनुसार प्राचीन हिन्दूविज्ञानको इतिहास हेर्दा नेपाल र भारत वर्षका आकासमाथि यान, आसान, आवास र आश्चर्यजनक उपकरण बनेका, उडेका तथा धर्मसंस्कार र समृद्धिले आकासिएको इतिहास देखिन्छ । नेपाली आकाश तथा भूमिमा ऋग्वेदकालीन

दास युद्ध, पर्शुरामले मात्र २१ पटक क्षत्रीहरूको नरसंहार गरेको युद्ध, राज्ञ युद्ध, रामायणकालीन राम-रावण युद्ध, महाभारत कालीन कौरव र पाण्डव युद्ध आदिको प्रभावले प्रत्यक्ष र अप्रत्यक्ष प्रभाव पर्‍यो । यसैले प्राचीन धर्म, संस्कृति र प्राचीन वैज्ञानिक उपकरणहरू समाप्त गर्‍यो । महाभारतको युद्धले बाँकी भएका सम्पूर्ण वैज्ञानिक आविष्कार र ज्ञानसमेत नष्ट गर्‍यो । हामीले क, ख बाट धर्म, संस्कृति र विज्ञान विकास गर्नुपर्ने भएको देखिन्छ । सायद आइन्सटाइनले चौथो विश्वयुद्ध भएमा ढुङ्गाका हतियार प्रयोग हुनेछ यसै अध्ययनका आधारमा भनेको हुन सक्छ ।" "श्री १०८ बालागुरु षडानन्द दिङ्लाका मात्र नभई समस्त हिन्दूधर्म र प्राचीनकालीन वैदिक धर्मसंस्कारदेखि वर्तमानसम्मका ज्ञाता तथा संस्कृति र संस्कारका उपासक थिए । उक्त कार्यहरूका प्रत्यक्ष र अप्रत्यक्ष प्रभावहरू दिङ्ला, अरुण उपत्यका र नेपाली समाजमा परेका थिए ।

भारतमा मुगलहरूको र अङ्ग्रेजहरूको बिगबिगीसँगै बचेखुचेका ज्ञान, विज्ञान तथा आविष्कारका ग्रन्थहरू पनि नालन्दा विश्वविद्यालयका ९० लाख पाण्डुलिपिहरू, तक्षशिला विश्वविद्यालयका पुस्तकालयहरू तथा विभिन्न पुस्तकालयका प्राचीन ग्रन्थहरूमा समेत महिनौँसम्मको आगलागी कारण ध्वस्त भए, जसको कारण पूर्वीय हिन्दू, बौद्ध र किरात दर्शनहरू उठ्नै नसक्ने गरी थला परेको तितो यथार्थता हाम्रो सामुन्ने प्रस्ट छ । तसर्थ बालागुरु, गौतम बुद्ध, स्वामी प्रपन्नाचार्य, योगी नरहरिनाथ, फाल्गुनानन्द, डा. चन्द्रकुमार शेर्मा, जगद्‌गुरु मोहनशरण जस्ता सन्त र विद्वान्‌हरूको आज यो राष्ट्रलाई अझ धेरै आवश्यकता देखिन्छ ।

**पूजासामग्री (वर्तन) व्यवस्थापन :**

वि. सं. १९६६ को धर्मपत्रिकामा उल्लेख भएका सीताराम मन्दिर, पाठशाला, षडेश्वर मन्दिर र भण्डारमा जगेडा रहेका देवीदेवता, गहना, सामग्री तथा पूजासामग्री (वर्तन) निम्न देखिन्छन् :

सीताराम षडेश्वर मन्दिरका जम्मा ४६ थान

| | |
|---|---|
| १. देवताका चाँदीका मुकुटहरू - ३ ३ प्रतिमा लिङ्गका लागि - २० तोलाका ३ वटा | १३. तामाको नगरा १ |
| २. शालिग्रामका लागि २ वटा, १-१ तोलाका चाँदीका छाता | १४. घण्टा ठूला - ३ र समा - २ |
| ३. तामाका गाग्री - २ | १५. कोइल्याँटो - १ |

| | |
|---|---|
| ४. चन्दनखोरी - १ | १६. तामाको दियो - १ |
| ५. चमर लगाउने चाँदीको डाँठ - १ | १७. सिलवरे कलश - १ |
| ६. बिहेमा चलाउने तामाको कलश-१ | १८. ताँवाका थाली - २ |
| ७. पञ्चपात्रो - ३ | १९. सिंहासन - १ |
| ८. पञ्चवर्ती - १ | २०. कर्मपात्र - १ |
| ९. तामाको अर्छौता - १ | २१. शङ्खको त्रिकुटी - १ |
| १०. पानस - १ | २२. तामाको डाँठ भएको चमर - १ |
| ११. पित्तले थाली - २ | २३. अधिकारी कुलायन दियो - ३ |
| १२. शङ्ख - ४ | २४. कसकुटे घण्ट सानो - १ |

(सेमन्तराज अधिकारी, २०६२ : ८५)

नर्मदेश्वर मन्दिरका जम्मा ७ थान

| क्र.सं. | सामग्री | थान | क्र.सं. | सामग्री | थान |
|---|---|---|---|---|---|
| १ | शङ्ख | १ | ५ | सानो घण्टा | १ |
| २ | पञ्चपात्रो | १ | ६ | तामाको लोहोटा | १ |
| ३ | तामो जलधारी | १ | ७ | शिवजीको तामाको छत्र | १ |
| ४ | ठाडो दियो | १ | | | |

(सेमन्तराज अधिकारी, २०६२ : ८५)

मन्दिरमा देवीदेवताका सुनचाँदीका गरगहना, देवीदेवतालाई सफा गर्ने र यज्ञादिमा पनि प्रयोग हुने ठूलाठूला खड्कुलाहरू पनि थिए भनेको सुनिन्छ। ती सुनचाँदीका गहना र खड्कुला लगायत सामग्री गुठीयारसँग केही छ। अन्य धेरै सामग्रीहरू छैन भन्ने सुनिन्छ। यसको खोजी हुनु जरुरी देखिन्छ।

लेखकले थाहा पाउँदा पनि ढुङ्गेस्तम्भमा चाँदीको बसाहा र चाँदीकै हनुमानका मूर्तिहरू थिए। कुनै समय चोरी पनि भयो। कतिपय फेला परे। हाल के-कस्तो अवस्थामा छन् ? गुठी समितिले स्थानीय जनता वा अख्तियार युक्त सरोकारवालाहरूलाई जानकारी गराउनु आवश्यक देखिन्छ।

निर्मला पोखरेल (२०७३ : ३६१) का अनुसार महिलाले पनि सहभागिता जनाई गुठीलाई सामाग्रीहरू समेत दान दिएको देखिन्छ। जस्तै वि. सं. १९६७ मा फालिकोट बस्ने कप्तान्नी इच्छादेवी कार्कीले शिवजीलाई चढाएको कस्कुटे छत्र १, तामाको जलधारी १, लगायत ५० भन्दा बढी पुस्तकहरू सट्टापट्टा गरिदिएको देखिन्छ। कोही महिलाले खेत, घरवारी, पाखोवारी, गौचरन र वनजङ्गल पनि दान गरेको देखिन्छ। बालागुरुको गुठी व्यवस्थापन कार्य समावेशी र सहभागितामूलक देखिन्छ।

**सांस्कृतिक जागरण र पुनर्जागरण अभियन्ता :**

डा. नरेन्द्र चापागाईं (२०५३ : मधुपर्क), प्रा. लालानाथ सुवेदी षडानन्द संरक्षण आश्रम समाज (२०६८), मेघराज शर्मा (२०५२ : ७१ - ७५), साहित्यकार दधिराज सुवेदी (२०५२), यादव चापागाईं (२०७२) आदि लेखकले श्री १०८ बालागुरु षडानन्दलाई सांस्कृतिक जागरण तथा पुनर्जागरणका अभियन्ताका रूपमा चित्रण गरेको देखिन्छ । डा. चापागाईंले अरुण उपत्यका आधुनिक सभ्यताका अभियन्ता र समाजसुधारका रूपमा समेत उल्लेख गरेको देखिन्छ ।

योगी नरहरिनाथ (२०५२ : प्रस्तावना) र डा. स्वामी प्रपन्नाचार्य (२०५२) का अनुसार तत्कालीन रुढिवादी ग्रस्त र निरक्षर समाजबीच वैदिक धर्मको प्रभाव पारी किरातहरूले समेत वैदिक धर्म मान्न थालेका थिए । आजसम्म पनि उनीहरूका सन्तानहरूले मानिराखेको देखिन्छ । धर्म, संस्कृति, शिक्षा र मन्दिरहरू गुरुकै अनुकरण गरी शिष्यहरूमार्फत सञ्चार भई देशका विभिन्न क्षेत्रहरू तथा दोस्रो र तेस्रो मुलुकसम्म पनि अनुकरण गरेको देखिन्छ । तसर्थ बालागुरु एक अलौकिक पुरुष, सिद्धपुरुष र सांस्कृतिक जागरणका अग्रज व्यक्तित्वका रूपमा विश्लेषण गर्न सकिन्छ ।

दिङ्लामा शतबीज छर्ने चलनमा श्रेय बालागुरु षडानन्दको हो । डा. मातृकाप्रसाद तिम्सिनाले 'मनकामना, स्प्रियातीर्थको सभाघाट त्रिवेणी, चैनपुर, वानेश्वर, सिद्धकाली (चैनपुर), सिद्धकाली भोजपुर, खोटाङ, हलेसीजस्ता स्थानमा बालाचतुर्दशी मेला चलाई त्यी तथा अन्य तीर्थस्थललाई देश-विदेशमा समेत चिनाउने योगदान बालागुरु षडानन्दको छ' भनी मनकामनादेवी ग्रन्थमा (पृष्ठ ११९) उल्लेख गरेको भेटिन्छ । नवराज जम्मरकट्टेलले 'बालुन भजनसङ्ग्रह' ग्रन्थमा नेपालमा बालन खेल्ने परम्पराको व्यावहारिक प्रयोग दिङ्लाका मेलाबाट गराएको उल्लेख छ । आज यो चलन आसाम र बर्मासम्म पनि फैलिएको छ भनी साहित्यकार लीलबहादुर क्षत्रीको स्वीकारोक्ति पनि कट्टेलले उल्लेख गरेको भेटिन्छ । विष्णु प्रभात (२०७४ : ३०४) का अनुसार आर्यसंस्कृतिमा कृष्णभक्तिधाराले श्रीकृष्णको बाललीला कथा बनाई गाउने, नाच्ने भजनकीर्तन गर्न लीला वा अभिनय गर्ने गीतिलोकनाटक बालन हो ।

पुराणहरूको समयमा गरिने तोलादानमा फलाम, कालो कपडा, भेडा दिने चलन थियो । शनिदान र यमराजको भागको दान पनि बालागुरुले स्वीकार गरी सामाजिक कार्य र शिक्षामा प्रयोग गराउने चलन सुरु भयो । त्यसपछि राँगो दान गर्ने प्रथाको अन्त्य भयो । दीपावली वा तिहार नेपालमा भव्यताका साथ मनाउने चलन वा शैली पनि सिकाएको उल्लेख भेटिन्छ । बालागुरु अरुण उपत्यकाका मात्र सांस्कृतिक अभियन्ता नभई बौद्धिक समाजका समेत प्रेरक व्यक्तित्व देखिन्छन् । स्वयम् राष्ट्रिय विभूतिभन्दा उच्च श्रेणीमा रहेको देखिन्छ ।

दधिराज सुवेदी (२०७६ : ९०) का अनुसार बालागुरुले तुलसी रोप्ने चलन, बेल र रुद्राक्ष आँगनमै रोपी सेवा गर्ने चलन सिकाएको पाइन्छ। पहाडमा पान नपाइने हुनाले पूजामा चाबो प्रयोग गर्ने चलन पनि चलाएको देखिन्छ।

सांस्कृतिक जागरणमा श्रीकृष्णको मन्दिर स्थापना गरी नेवारहरूको लाखेजात्रा, रामनवमी र बालाचतुर्दशी मेलामा मगरहरूको मारुनी नृत्य, देवीदेवताका भजन, ब्राह्मण तथा क्षत्रीले खेल्ने बालन, सँगिनी, हाक्पारे लगायत दोहोरी नृत्य, दाइँखलियो गीत, असारे गीत आदि मौलाउन पाए। स्थानीय क्षेत्रका लामाहरूलाई पनि यज्ञयागादिमा आमन्त्रण गरी सहभागी बनाई लामा संस्कृतिको प्रदर्शन तथा राईहरूको चलिरहेको चण्डीनाचको चलनलाई समेत थप ऊर्जा प्रदान गरी प्रदर्शनमा सरिक गराएको देखिन्छ। धामीहरूको झाँकी नृत्य, नाटक, प्रहसन आदि मौलाउने Plateform तयार गरिदिएको देखिन्छ।

उक्त कार्यहरूका कारण रामनवमी, बालाचतुर्दशी आदि मेलामा गाउँघरमा लुकेर रहेका असारेगीत, ढिकी कुट्दा, मकै पिस्दा गाइने सँगिनी, लोकगीत, लोकदोहोरी, गोठालेगीत धान बत्ताउँदा गाइने गीत, झ्याउरेगीत, गन्धर्वगीत, सेलोगीत आदि खेल्ने र फस्टाउने अवसर जुटायो। आजसम्म पनि रामनवमी, बालाचतुर्दशीमा बालन, सँगिनी, ढिकी-जाँतो पिस्दा गाइने सँगिनी, भजनकीर्तन, गोठाले गीत, हाक्पारे, लोकदोहोरी आदि लोप हुन पाएनन्।

आज पश्चिमी संस्कृतिले दिङ्ला तथा अरुण उपत्यकाको सनातन हिन्दू संस्कृतिमा प्रभाव पारेको छ। स्वामी प्रपन्नाचार्य (वेदमा के छ ?) का अनुसार चिनियाँ वैज्ञानिक खोजमा इसापूर्व १९०९ को मान्छेको हड्डी फेला पारेको दावी गरे। जावा, हिडल बर्ग, पिल्ट टाउन, ओल्गोनेसियन तथा क्रोभेगननमा फेला परेका ६ फुट लामा हाडले मानिस १० हजार वर्षदेखि ५० हजार वर्ष पुरानो हो भनेको छ। इसापूर्वभन्दा पहिलेको रामायण नै ठहरियो। लाखौँ वर्षपहिले विश्वमा वैदिक सनातन हिन्दू (आर्य) धर्मको उन्नत विकासको अवस्थाले आज प्रभावित गरेको छ। तसर्थ बालागुरु षडानन्द वैदिक समाज बनाउन एक असाधारण प्रयोगकर्ता देखिन्छन्। तर हामी पाश्चात्य शैलीमा गयौँ र गुरुलाई भूल्यौँ। आफ्नो संस्कृत भाषा, धर्म र संस्कृति बिर्सियौँ। ब्राह्मण र क्षत्रीको मात्र संस्कृत भाषा भनी आफू त पछि पर्‍यौँ-पर्‍यौँ, समाजलाई पनि पछाडि धकेल्दैछौँ।

**धर्मसंस्कृतिको महत्त्वमा बालागुरुको योगदान :**

डा. राधाकृष्ण ढुङ्गाना (२०७३ : ४०१-०२), "दिङ्ला पाठशालामा आज संस्कृत हटिसकेको, बरबगैंचा नासिएर जाँदै गरेको तथा गुठीको कतिपय सम्पत्ति लुटिएको अवस्था छ। नेपाल आज धर्मनिरपेक्ष राष्ट्र बनेको छ।" तसर्थ हाम्रा

मौलिक संस्कृतिहरू लोप हुँदै गएको प्रसङ्गमा मिल्ने गरी डा. ढुङ्गानाले केही प्रतिवेदनका अंशहरू उल्लेख गरेको देखिन्छ, जुन बालागुरुका कीर्तिहरू नासिदै गएको प्रसङ्गमा पनि मेल खान्छन् ।

१. तत्कालीन ब्रिटिस उपनिवेशका गर्भनर लर्ड विलियम वेल्टिकको आयोगले भारतको शिक्षानीति कस्तो हुनुपर्छ ? भाषाको माध्यम के हुनुपर्छ ? भनी तयार गरेर आयोगका सदस्य लर्ड म्याकाले सन् १८३५ मा बेलायत संसद्मा पेस गरेको १७८० पृष्ठको प्रतिवेदन प्रस्ताव (Proposal) अंश :

*"... भारतको पूर्व-पश्चिम व्यापक भ्रमण गर्दा कुनै भिखारी र चोर भेटिनँ । देशमा उच्च नैतिक बल र धार्मिक प्रतिभा सम्पत्तिका रूपमा पाएँ । जबसम्म हामीले भारतीयहरूको सांस्कृतिक र आध्यामिक परम्पराको मजबुत ढाडलाई भाचिदिँदैनौं, तबसम्म हामी यिनीहरूलाई गुलाम बनाउन सक्दैनौं । त्यसकारण भारतवर्षको प्राचीन परम्परागत शिक्षा (गुरुकुल, मदरसा, जैन, बौद्ध शिक्षा आदि), भाषा माध्यम (संस्कृत, हिन्दी, उर्दू आदि) र संस्कृतिलाई यसरी विस्थापित गरौं कि भारतीयका भावी सन्तानले विदेशी अङ्ग्रेजी भाषा र पाश्चात्य धर्म आफ्नोभन्दा महान् हो भन्ने सोचून् । त्यसपछि मात्र उनीहरूको भाषा, वैदिक शिक्षालगायत परम्परागत शिक्षा र भारतीय मौलिक संस्कृति लोप हुन्छन् । अनि मात्र हामीले खोजेबमोजिम गुलाम जाति बनाई जातीय विभाजनसमेत गरी गुलाम बनाउन सक्दछौं भन्ने सार छ ।"*

२. चिनियाँ राष्ट्रपति हु जिन्ताओको सन् २०११ अक्टोबरमा चिनियाँ कम्युनिस्ट पार्टी केन्द्रीय समितिको योजनामा दिएको वक्तव्यको अंश :

"पश्चिमी संस्कृति र विचार फैलाएर चीनमा पकड जमाउने र चीनलाई विभाजन गर्ने दीर्घकालीन रणनीति बनाएर पश्चिमाहरू काम गरिरहेका छन् । यस्तो गम्भीर र जटिल षड्यन्त्रलाई बुझेर सचेत हुनु जरुरी छ । उनीहरूमाथि निगरानी राख्दै र प्रतिवाद गर्दै चीनलाई अखण्ड राख्न चीनका मौलिक धर्म र संस्कृतिहरूको अझै संरक्षण र सम्वर्द्धन गरी प्रभावकारी उपाय अविलम्ब गर्न-गराउन सबै चिनियाँहरू केन्द्रित हुनु जरुरी छ ।"

३. पृथ्वीनारायण शाहले *"भारतमा व्यापारको साथ बाइबल र बाइबलका साथ तरबार लागू भएको थाहा पाएको हुनाले काठमाडौं र पाटन कब्जा गर्ना साथ मल्ल राजाको संरक्षणमा बसेका केपुचिन इसाईलाई सन् १७६९ मा उनका ६२ जना शिष्यहरूका साथ नेपालबाट लखेटेका थिए । त्यसै गरी राजा सिद्धिनरसिंह मल्लले पाटनवाट फादर डोरविल लगायतलाई लखेटेका थिए ।"*

४. विश्वका आदर्श नेताहरू अफ्रिकाका नेल्सन मण्डेला र देसमन्ड टुटु आदिका उद्गारहरू (देसमन्ड टुटु दक्षिण अफ्रिकाका प्रसिद्ध मानवाधिकारबादी व्यक्तित्व थिए । उनले सन् १९८४ मा शान्तितर्फको नोबेल पुरस्कारसमेत प्राप्त

गरेका थिए । अफ्रिकाको स्वतन्त्रताका लागि मन्डेला र टुटुको योगदान विश्वसामु अनुकरणीय छ । विकिपिडियाबाट साभार) :

*"जब गोराहरू हाम्रो देशमा आएका थिए त्यस बेला उनीहरूको हातमा बाइबल थियो र हाम्रा हातमा जमिन (राष्ट्र) थियो । त्यसपछि हामीले आँखा चिम्लिएर बाइबल समात्यौँ । आँखा खोल्दा हाम्रो हातमा बाइबल थियो र गोराहरूको हातमा हाम्रो देशको सत्ता र जमिन थियो ।" हाम्रो देश उपनिवेश भइसकेको थियो ।*

५. किरात धर्मगुरु फाल्गुनन्दको उपदेश अंश :

*"किरातीहरूले वंश सोधे सूर्यवंशी भन्नू, मार्गी सोधे शिवमार्गी भन्नू, अर्काको नक्कल गर्दा आफ्नो सक्कली पहिचान हराउने भएकाले आफ्नो इतिहास, धर्म, संस्कृति, संस्कार, भाषा, लिपि र कर्ममा अडिग भई बस्नू ।"* (स्रोत : डा. राधाकृष्ण ढुङ्गाना, २०७३ : ४०१-०२)

६. गान्धीको उद्‌गारको एक अंश : *"यदि ब्रिटिस शासकले सोधे भने म भन्नेछु, म र मेरो भूमिमाथि अत्याचारको जालो फिँजाउने ब्रिटिसहरू हुन् । म ब्रिटिस शासकलाई घृणा गर्दछु, किनकि (तर) ब्रिटिसलाई होइन । जुन शासकले धर्म, भाषा र व्यापारको नाममा भारतीय भूमिका मौलिक ज्ञान, संस्कार र स्वतन्त्रताको जीवन दर्शनमाथि बुट बजारेको छ ।"* (www.historytoday.com)

७. "भी. एस. नयपाल, नेपाली मूलका हुन् र नेपाल थरका हुन् ।" भनी बालकृष्ण पोखरेललाई स्मरण गर्दै हरिप्रसाद बरालले (२०७८) उल्लेख गरेको भेटिन्छ । उनी अमेरिकन नागरिक हुन् । सन् १९७१ मा ब्रुकर पुरस्कार, सन् १९८३ को जेरुसेलम पुरस्कार, सन् १९९० मा ट्रिनिटी क्रस, सन् १९९० मा बेलायतबाट Knighthood पुरस्कार, सन् २००१ को नोबेल शान्ति पुरस्कार आदि उनले प्राप्त गरेको देखिन्छ ।

२०१८ अगस्ट २३, google -VS Naipaul : Nobel Prize winner 2001. Th book named "A House for Mr Biswas" Patrick French's biography of Naipaul simply says that his mother's father hailed from "a village near Gorakhpur on the Nepalese border with India."

VS Naipal then went on to say: "I know nothing of the people on my father's side; I know only that some of them came from Nepal. ." (Deepak Thapa, The Kathmandu Post, wedensday, September 20, 2023) https://kathmandupost.com/opinion/2018/08/23/the-author-and-the-ignoramus.

"He further went to say, "The eastern philosophy shows the reality of life, our culture and is the storehouse of the knowledge. We

have to faith in our culture, not to criticize of others and have to survive in a free state." (Wikipedia)

उल्लिखित उद्गारहरू र प्रतिवेदनहरू अध्ययन गरी विश्लेषण गर्न सकिन्छ कि नेपालमा राजदरबार हत्याकाण्ड घटना घट्नु, राजा वीरेन्द्रको परिवार नाश हुनु, नेपाल धर्मनिरपेक्ष राज्य बन्नु, अमेरिकन मिलेनियम च्यालेन्ज प्रोग्राम MCC पास हुन लाग्नु, नेपालका कतिपय भूभाग र नदीनाला लगायत प्राकृतिक स्रोतहरू बेचिनु, वैदेशिक हस्तक्षेपले नेपालको राजनीति कमजोर हुनु, विकासका लागि विदेशीको ऋणमा नेपालको बजेट भर पर्नु, कहिल्यै गुलाम नभएको नेपाल गुलामको देशमा क्रमशः रूपान्तरण हुँदै जान लागेको आभास हुनु आदि प्रतिनिधि घटना, कार्य र वर्तमान राष्ट्रिय अवस्था हो । नेपालीले आफ्नो धर्म, कर्म र मौलिक संस्कृति क्रमशः भुल्दै गएको तीतो यथार्थ हो । नेल्सन मन्डेला, देसमन्ड टुटु, बालागुरु षडानन्द, फाल्गुनन्द, हु जिन्ताओ, गान्धी र पृथ्वीनारायण शाहका उपदेश वा दृष्टिकोण नमान्दा दिङ्ला मात्र नभई आज नेपालको राष्ट्रिय अस्मिता जोगाउन चर्को परेको देखिन्छ । हामीले बेलामा सच्चिनु जरुरी छ नत्र मन्डेला र टुटुले भनेजस्तै : "...आँखा खोल्दा हाम्रो हातमा बाइबल थियो र गोराहरूको हातमा हाम्रो देशको सत्ता र जमिन थियो । हाम्रो देश उपनिवेश भइसकेको थियो ।" भन्ने उद्गार नमिल्ला भन्न सकिन्न ?

षडानन्द पाठशालाजस्तै संस्कृत भाषाका विद्यालयहरू बन्द हुँदैछन् । दिङ्लाको गुठीको सम्पत्ति लुटिनु, बम प्रहार हुनु, षडानन्दका कीर्तिहरू संरक्षणमा समस्या पर्नु आदि समस्या छन् । राष्ट्र एकीकरण गर्ने पृथ्वीनारायण शाहका सालिकहरू तोडफोड गरिनु, देशमा भ्रष्टाचार, अनैतिकता, सामाजिक विकृति, धार्मिक विकृति, सांस्कृतिक विकृति बढिरहेको अवस्थामा महागुरु फाल्गुनन्द, करफोकस्वामी, स्वर्गद्वारी महाप्रभु र धेरै योगमायाहरूको आवश्यकता छ किनकि हाम्रो माटो सुहाउने हिन्दू, बौद्ध, किरात धर्म आदिका संस्कार, भाषा र संस्कृतिमा आँच आउन थालेको छ ।

नेपालमा षडानन्द पाठशालामा जस्तै अन्य विद्यालयहरूमा पनि पूर्वीय वाङ्मयका वेद, रुद्री चण्डी, आयुर्वेद, ज्योतिष, योगसाधना, गायत्री साधना, अमरकोश, उपनिषद् लगायत नैतिक शिक्षा, बौद्धशिक्षा, जैनशिक्षा, किरातशिक्षा, मदरसाशिक्षा, संस्कृतशिक्षा लगायत नेपाली मौलिकपनका भाषाको पढाइ र अनुसन्धान उच्चशिक्षा तहसम्म स्तरवृद्धि अविलम्ब गर्न सक्नुपर्दछ । आज नेपालका तन्त्रविद्या, मन्त्रविद्या, यन्त्रविद्या, जोखानाविद्या, जातैपिच्छेका मौलिक विद्या, मौलिक भाषा आदि अध्ययन र अनुसन्धान गर्न कि त कुनै विश्वविद्यालयलाई जिम्मा दिनुपर्दछ, नत्र षडानन्द बहुआयामिक विश्वविद्यालय घोषणा गरी नेपाल राष्ट्रभित्रका उल्लिखित विद्याहरूमा अनुसन्धान गरी प्रगति

गर्नु तत्काल आवश्यक देखिन्छ । नत्र नेपालका प्राचीन मौलिक धर्म, मौलिक भाषा, मौलिक लिपि, मौलिक संस्कृति, मौलिक विद्याहरू जस्तै प्राचीन ज्योतिष, आयुर्वेद, प्राकृतिक चिकित्सा, शल्यचिकित्सा, कायचिकित्सा (internal medicine), भूतविद्या, बाजीकरणतन्त्र (science of fertility and virility), शालाक्य विद्या (ENT/D), वैदिक गणित, वास्तुविद्या, खगोलविद्या, भूगोलविद्या, जोखाना विद्या, नाडी विद्या, रसायन तन्त्रविद्या, जादुतन्त्र, आविष्कार विद्या आदि एक वा दुई दशकभित्रै स्वाहा हुनेछन् ।

आधुनिक चिकित्सा पद्धतिमा (allopathy meaning treatment by modern chemical drugs, hard drugs and harmful machines) जस्तै विषादी सेवन र क्यान्सरका बिरामी रोगले भन्दा पनि आधुनिक उपचार र लाखौँ रुपियाँको गलत उपचार पद्धतिले मरिरहेका छन् । बालागुरुको जस्तो जडिबुटी उपचार पद्धति, मन्त्रोपचार पद्धति, प्राकृतिक उपचार पद्धति, सात्विक भोजन उपचार पद्धति, पञ्चकर्म उपचार पद्धति आदि प्रयोगमा जोड दिएर विस्तार गर्नु जरुरी छ । कोरोनाको महामारीपछि युरोप, अमेरिका, चीन, जापान, कोरिया आदि देश प्राचीन हिन्दू, बौद्ध र युनानी, चिनियाँ एकुप्रेसर आदि पद्धतिमा फर्किसकेको छ । भारतले आयूष विश्वविद्यालय खोलेर प्राकृतिक चिकित्सा र पञ्चकर्म उपचारविधि सुरुवात गरेको ३ वर्ष भइसकेको छ, जसमा १०० वा १,००० रुपियाँमा वा घरमा बसेर पनि क्यान्सर, मधुमेह, थाइराइड, मोतिविन्दु तथा अन्य खतरनाक रोगको पनि चिरफार वा सर्जरीविना उपचार हुन्छ । तर हामी बिरामी अङ्ग नै काटेर फाल्छौ जस्तै थाइराइड ग्रन्थी, पाठेघर, कलेजो आदि । अङ्गविना भङ्ग भएको बिरामी शरीरले बाँच्ने कोसिस गर्छौं । यो केही वर्ष मात्र सम्भव छ । पसलमा राखेका ९०% भन्दा बढी खानेकुरा सूक्ष्म कीरा वा जीवाणु, केमिकल वा विषादीका भण्डार हुन् भन्ने कुरा हाम्रो आँखाले बुझ्केको छैन । यो जान्न धर्म, भाषा, संस्कृति र घरायसी संस्कार आवश्यक छ । यसमा अङ्ग्रेजी भाषाले ८०% बढी हामीलाई विवादास्पद बनाएको छ । तर नेपाली स्वीकार्दैनौँ । तर आज युरोपका देशहरू, अमेरिका, नासा, रुसलगायत भारतले पनि विद्यालय तह र विश्वविद्यालमा गीता पढाइ र संस्कृत भाषा सुरुवात गरिसकेको छ । पूर्वीय संस्कार र संस्कृति अँगाल्ने चलन चलिरहेको छ । नेपाली पछि पर्‍यौँ । तसर्थ बालागुरुजस्ता पूर्वीय संस्कृतिका युगपुरुषको आवश्यकता आजको नेपाली समाज र राष्ट्रमा खडेरी परेको विश्लेषण गर्न सकिन्छ ।

इतिहासविद् प्रा. डा. राजाराम सुवेदी त्र्यम्बक (२०७३ : ४०) का अनुसार तत्कालीन समाजमा भूमिदानले आफू र सन्तान-दरसन्तानलाई पुण्य हुने विश्वास थियो । समाजका सुपात्र, सात्विक, नैतिक र सदाचारी ब्राह्मणको खोजी गरी दान दिने चलन थियो । त्यस बेला योग्य पुरुषका रूपमा बालागुरुलाई फेला

पारे । जिम्मावाल र मुखियाहरू श्रीबल राई, दलजीत राई, रम्या राई, सर्वर थापामगर, बखतवीर राई, रङ्गलाल पौड्याल, फौदसिंह आदिले झुत्तो, तिरोतिरान, लगत, तेरिज आदि र ढड्डासमेत भूमिदान गरी गुठीलाई समर्पण गरेकाले बालागुरुले त्यसको उच्च सदुपयोग गरेको देखिन्छ। त्यति बेला यज्ञादि, पुराणवाचन, अनुष्ठान आदि गरी दक्षिणाका रूपमा भूमिदान गर्ने सांस्कृतिक जागरणको लहरले स्पष्ट पार्दछ ।

पूर्वसचिव पद्मराज सुवेदी (२०७३ : २२३), "दिङ्ला पाठशालामा पं. डिल्लीराज अधिकारी (डा. हेमाङ्गराज अधिकारीका पिता) मेरा गुरु, अभिभावक र सहृदयी मामा हुनुहुन्थ्यो । उहाँसँगै पाठशाला आउने, पढ्ने र जाने गरेको थिएँ। दिङ्लामा ३ वर्षको अध्ययनले ज्ञानको ढोका खुलेको थियो। पार्वतीकुण्डमा कम्मर-कम्मरसम्म पानीमा डुबेर जनैपूर्णिमा उपलक्ष्यमा वैदिक विधिपूर्वक महासङ्कल्प पढेर ब्राह्मणोचित श्रावणी गर्ने अवसर अहिलेसम्म दिङ्लामा मात्र पाएको, अनन्तचतुर्दशीको उपलक्ष्यमा पुराणमण्डपको मध्यभागमा अनन्त भगवान्को भव्य र विशेष पूजाको दर्शन त्यहाँ मात्र पाएको थिएँ। रामनवमीको अनुष्ठान, भक्तिभाव र श्रद्धा नजिकबाट दर्शन गर्ने मौका पाएको थिएँ। शतबीज मेलामा मिश्रण गरिने अन्नका बिउलगायत वर, पीपल, पैयूँ, शमी, डुम्री, बेल, पारिजात, रुद्राक्ष आदि धार्मिक महत्त्वका जडिबुटीको महत्त्व बुझ्ने अवसर जुरेको थियो। साप्ताहिक शनिबारे हटियाको महत्त्व, चाडपर्व, मेला र जात्राको रसास्वादनसमेत दिङ्लामा गरी जीवन सदाचारयुक्त र पुण्य भएको छ ।"

सुवेदीका अनुसार आफ्ना शैक्षिक, सांस्कृतिक, धार्मिक, नैतिक र चारित्रिक जग दिङ्ला रहेको छ । मजस्तो टेक्ने न समाउने भएको मानिस नेपाल सरकारको सचिव स्तरको प्रशासनिक उच्च पदमा पुग्ने जग दिङ्ला पाठशाला, बालागुरुको आशीर्वाद वा प्रताप हो भन्ने ठानेको छु ।

**मनोरञ्जनात्मक पक्ष विश्लेषण :**

आजभन्दा करिब १५० वर्षअघिको तत्कालीन समाजमा आधुनिक मनोरञ्जनात्मक तथा सञ्चारका साधनहरू, मोबाइल, Internet, Facebook, Messenger, TV, Radio, Park, चिडियाघर, सङ्ग्रहालय, उद्यान, कलात्मक पोखरी, कुण्ड आदि कृत्रिम केही पनि थिएन । हिमाल, पहाड, खोलानाला भए पनि बस्न मिल्ने होटल र जान सक्ने सडक यातायातको अभाव थियो। प्राकृतिक जङ्गल र हिमाल-पहाडका दृश्यबाहेक प्रायः कृत्रिम वस्तुहरू शून्यबराबरै थिए, तर मनोरञ्जनात्मक पक्षमा समेत बालागुरुले जागरण गराउनुभएको देखिन्छ।

विद्यालय र विद्यार्थी नदेखेका व्यक्तिहरूले आफ्नै आँखाले विद्यालय देख्न, अवलोकन गर्न र वटुकहरूको निर्दोष, शुद्ध र पवित्र मुहारबाट वैदिक ऋचाहरूको

सामूहिक स्वस्तिवाचन ध्वनिले आनन्दविभोर हुन पनि सर्वसाधारण पुग्नुहुन्थ्यो । १००८ प्रजातिका फलफूल र जडिबुटीको उद्यानले मोहनी लगाउँथ्यो । यो उद्यानले जडिबुटी संरक्षण गर्ने, आत्मामा शान्ति मिल्ने र मनोरञ्जन प्रदान गर्ने सन्देशसाथ घण्टौँसम्म उमङ्गको कुतकुती लगाउँथ्यो ।

आजभोलि घरभित्र राखिने Aquarium पालिनेजस्तै रङ्गीविरङ्गी राता माछाहरू पालिएको गौरीकुण्ड आकर्षणको एक केन्द्रविन्दु थियो । सीताकुण्ड, नारदकुण्ड, हनुमानकुण्ड तथा अन्य कुण्डहरू पनि थिए । सीताराम मन्दिर, षडेश्वर मन्दिर, राधाकृष्ण मन्दिर, गणेश मन्दिर, सरस्वती मन्दिर, लक्ष्मीका मन्दिर थिए । मन्दिरनजिकैका मूर्तिहरू, ढुङ्गे गेट र गेटछेउमा कलात्मक सत्तल थियो । चामुनारायण सत्तल, चामेश्वर शिव मन्दिर, पशुपतिनाथ मन्दिर, पाटनको कृष्णमन्दिरजस्तै पूरै ढुङ्गैढुङ्गाले निर्मित गुम्बज शैलीको २ वटा युग्मज मन्दिरहरू र स्वर्ण जलप लगाइएका २ गजुरहरू थिए । ढुङ्गाको भीमकाय बसाहा, भीमकाय ढुङ्गे शिवलिङ्ग, ढुङ्गेस्तम्भहरू, विशाल ढुङ्गेचक्र, रातो तेलिया इँटाको चिटिक्कको कलात्मक गिर्दा र विविध शिवलिङ्गहरू थिए । छात्रावास, अशोकवृक्ष, श्रीखण्ड वृक्ष, मुस्लिडिनी वृक्ष र जगेडावनमा १००८ प्रजातिका वृक्षहरू थिए । ढुङ्गे ग्राउन्ड, कच्ची सडक, विशाल टुँडिखेल, ढुङ्गे फलैँचाहरू, ढुङ्गेधाराहरू र माटाको पाइपबाट पानी ल्याएको दृश्यले मानसपटलमा कौतूहलता, प्रविधिप्रति उत्सुकता, शान्ति र भरपूर मनोरञ्जन प्रदान गरेको थियो । दिङ्ला तत्कालीन समयको पाठशाला, उद्यान, सुरक्षाअड्डा, यज्ञादिहरू, शङ्खघण्टका ध्वनिहरू, स्वस्तिवाचनका ध्वनिहरू, चाड, पर्व, मेला, हटिया, जात्रा, धानका तरेली फाँटहरू, प्राकृतिक छटाहरू र हिमालका मनमोहक दृश्यहरूले जोकोहीको हृदय प्रफुल्लित र आनन्दमय हुन्थ्यो । 'दिङ्ला विवाहकी दुलहीझैं' भनौं अथवा 'स्वर्गको एक टुक्राझैँ लाग्दथ्यो ।' मनोरञ्जनको असीम सीमा प्रदान गर्दथ्यो ।

बिहानको मिर्मिरेसँगै सिंदूरपोतेले सजिएजस्तै देखिने कञ्चनजङ्घा, कुम्भकर्ण, मकालु र गुराँसे हिमाल अनि तीनजुरे, ट्याम्के-मैयुम साल्पापोखरीको दृश्यहरू । दिङ्लाका सुनौला, हरियाली र तरेली परेका अन्नका फाँटहरू । अरुण नदी र विश्वकै होचो अरुण उपत्यकाको तुम्लिङटार खण्डतर्फका दृश्यहरूले कुनै दानव नै पुगे पनि सुन्दरता र पवित्रताले मनै पगाल्छ । चानुवा, पाखीवास, हिलेडाँडा, फालिकोट, तीनतले तथा सुन्तलेको दृश्यमा मोहित हुँदा घण्टौँ बितेको पत्ता पाइँदैन । झन् जगेडावनको महत्त्वले सबैको मुटु र आत्मा लुटिदिन्छ, उमङ्गको बहार गराउँछ ।

दिङ्लाका यज्ञयागादि, हटिया तथा मेलापर्वहरू वैभव अवलोकन गर्न समाजसुधारक योगमाया न्यौपाने बेलाबेलामा स्वामी-सन्तहरूका साथ पुगेको देखिन्छ भनी डा. तिम्सिनाले (२०६३) उल्लेख गरेको भेटिन्छ । दिङ्लाको शैक्षिक,

सामाजिक, धार्मिक, सांस्कृतिक आकर्षण र बालागुरुको व्यक्तित्वको समेत प्रत्यक्ष वा अप्रत्यक्ष प्रभाव योगमायामा परेको हुनाले थप प्रेरित भई महिलाहिंसा विरुद्ध आन्दोलनमा अगाडि बढ्ने हौसला मिलेको विश्लेषण गर्न सकिन्छ। उनले कतिपय सुधारहरू दिङ्लाकै प्रेरणाबाट आरम्भ गरेको देखिन्छ। उनी पनि हाम्रै चेली, निधि एवम् सम्पदा हुन्। दुवैलाई Salute गर्नुपर्दछ।

रामनवमी, बालाचतुर्दशीमा तीर्थयात्रा, पर्यटन र श्रद्धालुका रूपमा मनोरञ्जन लिन, सूचना आदानप्रदान गर्न, व्यापार गर्न, भजन, सँगिनी, बालन हाक्पारे, झ्याउरे, लोकदोहोरी, जुहारी, 'पात्लेघारीको जुहारी नृत्यमा' सामेल हुन झन्डै ३ लाखभन्दा बढी मानिस वार्षिक दिङ्ला पुग्ने कुरा गरेको स्प्रष्ट हुन्छ।

ऋषितर्पणी, हरितालिका तीज, लाखेजात्रा, मारुनी, माघमाहात्म्य, वैशाख माहात्य, चौमासा, पर्वपिच्छेका पुराण र पूजाहरू, धान्यपर्व, तोलादान, नौरथा, दीपावली आदिले धार्मिक शान्ति, सामाजिक सद्भाव र सामाजिक सेवा मात्र प्रदान नगरी आध्यात्मिक मनोरञ्जनसमेत प्रदान गरेको विश्लेषण गरिन्छ।

पितृहरूको सम्झनामा रातभरि दियो बाली खेलिने बालन, सँगिनी र भजनले प्राचीन वैदिक कलाका पितृहरूसमेत प्रफुल्ल भएको आभास मिल्थ्यो।

सीताराम मन्दिर परिसरदेखि कैलाशडाँडासम्मको शतबीज रथयात्राले प्रत्येक जाति, जनजाति, दलित, बालक, युवा, बृद्धबृद्धा र महिलाहरूको सहयात्रा भई मुटुको धड्कन एकै साङ्लामा सञ्चालन भएको आभास मिल्दथ्यो।

शनिबारे हटिया, ठूलामेलाहरू, सानातिना मेलाहरू, पर्वहरू, यज्ञादिहरू र जात्राहरूले वर्षौंदेखि टाढा भएका देशविदेशका आफन्तहरू, सन्तहरू, धर्मगुरुहरू, पूर्वछात्रहरू, सेवकहरूको भेटघाट तथा सम्मानपूर्वक स्वागत र बिदाइको क्षणले हृदय नै प्रफुल्लित हुन्थ्यो। साधु, सन्त र धर्मगुरुलाई मात्र स्वागत र बिदाइ गर्ने गुठीको चलन थियो। यी मेला, पर्व, हटिया र जात्राहरू देशविदेशका खबर आदानप्रदान गर्ने माध्यम बनेका थिए। उल्लिखित कार्यहरूले एकता, सहिष्णुता, सहकार्य, भातृत्व, बन्धुत्व, अपनत्व तथा देशभक्तिको सन्देश पनि छोडेको थियो। सिक्किम, दार्जिलिङ, आसाम, बर्मा आदिबाट नेपाली आफन्तजन तथा बनारस, बद्रीनाथ, केदारनाथ, रामेश्वर आदिबाट योगी, सन्त, महात्मा, दार्शनिक र विद्वान्हरू दिङ्लाको मनोरञ्जन लिन, तीर्थयात्रा गर्न र ज्ञान बटुलेर आआफ्नो गन्तव्य लाग्न दिङ्ला पुगेको देखिन्छ।

मनोरञ्जनका रेडियो, टीभी, मोबाइल, टेलिफोन आदि नभएको तत्कालीन परिवेशमा युवायुवती, अधबैंसे र वृद्धवृद्धासमेत ६ महिना वा १ वर्षअघिबाट रामनवमी र शद्मीमेलामा भेटघाट गर्ने योजना बनाउँथे। मेलाले कतिपयको दाम्पत्य जीवन प्रारम्भ हुने अवसर पनि जुटाइदिन्थ्यो। यसै सन्दर्भमा डा. नरेन्द्र चापागाईं (२०५३) लेखमा उल्लेख छ :

रामनवमी हेर्दा त रामचिमे कान्छी, खाकुलै खुकुलै ।
सतपिउमा हेर्दा त रामचिमे कान्छी, ड्याम्म र डुम्म ॥

अर्को शैलीका मानिसहरू घुर्मी, डाइस, रिङ आदि खेलहरू खेलेर मनोरञ्जन लुट्दथे । कतिपय वर्षौंदेखि आफूलाई अभाव भएको सामान ठेकी, लुकुनी, माना, पाथी, रेडीको खास्टो आदि खरिद गरी प्रफुल्लित हुन्थे । व्यापारी, श्रद्धालु र तीर्थयात्रीहरू विशाल मेलामा सहभागी भएकोमा, राम्रो कमाइ भएकोमा, विभिन्न नृत्य तथा लाखेजात्रा, मारुनी नृत्य आदि अवलोकन गरी मनोरञ्जन लुटेर फर्कन्थे ।

- विद्यार्थीहरू आफ्नो पढाइ पूरा गरी आनन्दित मनले देश-विदेश फर्कन्थे । भविष्यमा समाज वा राष्ट्रविकासको लहर चलाउनेसम्म सपना बुन्दथे ।
- हजुरआमा, आमा, छोरी, सासू र बुहारीहरू शृङ्गारका सामग्री, घरेलु सीपका सामग्री, किचनका सामग्री, मेकअपका सामग्री, fashionable कपडा, गरगहनाहरू आदि खरिद गरी घरेलु आवश्यकता पूरा गर्ने तथा दौँतरी वा प्रेमीप्रेमिकाका साथ मेलाको मजा लुट्दथे ।
- बृद्धबृद्धाहरू आफ्ना पुराना मित्र, दौंतरी, प्रेमी-प्रेमिका र आफन्तसँग भेटघाट गरी वर्षौंवर्ष गुम्सेका बिलौना र खुसीयाली साटासाट गरी आनन्दित हुन्थे ।

●प्रतिभाका धनीहरू मेलामा आफ्ना भजन, सँगिनी, दोहोरी, जुहारी, हाक्पारे गीत, गर्रा नाँच, पाङ्दुरे नृत्य, बिनायोको धुन, मुर्चुङ्गा, मुरली, बाँसुरीको धुन, सारङ्गीको च्याइँच्याइँ, मादलको धिन्ताङ्ताङ् आदि प्रस्तुत गरी अरूलाई प्रतिभाबाटै पट्याउने र मोहनीले लट्याउने गर्दथे । हाक्पारे वा गोठाले गीतको एक अंश : ऐऐऐ ऐऐऐ....दिङ्ला गढीगाउँ,......भ्कुट्बोले नि कान्छी...लै लै... आजै मरिजाउँ.....ऊर्रर्रर्रर्रर....(पात बजाउँदै, सुइसेला हाल्दै, ऊर्रर्र....लगाउँदै २–४ जना पनि मिलेर गाइने गरिन्थ्यो ।)

तत्कालीन समयमा दिङ्लाको मेलापर्व, हाटबजार, उद्यान, मन्दिर र विद्यालयले जोकोहीलाई पनि भौतिक तथा आध्यामिक भरपूर मनोरञ्जन प्रदान गरेको पुष्टि हुन्छ । त्यो अवसर जुटाइदिने महापुरुष बालागुरु षडानन्द अधिकारी देखिन्छन् ।

## आधुनिक विकासका पूर्वाधार तथा पूर्वसर्तहरू विश्लेषण :

### सूचना तथा सञ्चार व्यवस्थापन :

आधुनिक सञ्चारका सामग्री टीभी, रेडियो, मोबाइल, पत्रपत्रिका नभएको समाजमा पुस्तक, चिठीपत्र र भेटघाटबाट समेत खबर आदानप्रदान हुन्थ्यो । वि. सं. १९३१ को शनिबारे हटिया, रामनवमी, बालाचतुर्दशी, ऋषितर्पणी पूर्णिमा

आदि मेला, पर्व, जात्रा र महोत्सवहरूको माध्यमबाट भेटघाट हुने तथा कुराकानी वा हालखबर आदानप्रदान हुन्थ्यो । तीर्थयात्री, व्यापारी, विद्यार्थी, सुरक्षाकर्मी तथा सर्वसाधारणहरूको भेटघाटले सूचना आदानप्रदान गर्न वर्तमान ICT प्रविधिले जस्तै पत्राचार, मौखिक खबर र जानकारीहरू आदानप्रदान भएको देखिन्छ । दिङ्ला पाठशालाबाट उत्पादित भएका पण्डित र विद्वान् शिष्यहरूले दिङ्लाको सबै जागरणको सञ्चार देशविदेशसम्म आदानप्रदान गर्दथे । उनीहरू नै सूचना तथा सञ्चारको माध्यम बनेका थिए ।

**कच्ची सडक व्यवस्थापन :**

नेपालमा रथ कुदाउने प्रयोजनका लागि ढुङ्गे सडक तथा कच्ची सडकहरू काठमाडौँ उपत्यकामा मच्छिन्द्रनाथको रथयात्रा, कुमारीजात्रा, अन्य जात्रा र मेला प्रयोजनका लागि मन्दिर तथा दरबारक्षेत्रवरिपरि निर्माण भइसकेका थिए । टोनी हेगनको नेपालसम्बन्धी पुस्तकमा वि. सं. २००७ को सेरोफेरोमा कलङ्कीदेखि काठमाडौँ सिंहदरबारसम्म कच्ची मोटरेबल धुलेबाटो मात्र थियो भन्ने उल्लेख छ । नेपालको अन्य भागको के गति थियो होला ? तर पनि झन्डै १२० वर्षअघि दिङ्लामा वि. सं. १९६० को दशकमा बालागुरुले ४-५ कि. मि. लामो र फराकिलो कच्ची मोटरेबल सडक बजारबाट गढीगाउँको बिदाइ चौतारासम्म निर्माण गराएको देखिन्छ । नेपालको प्रथम मोटरेबल सडक वि. सं. १९८१ मा काठमाडौँ उपत्यका बनेको, एसियाको नै प्रथम रोपवे वि. सं. १९७९ मा र वीरगञ्ज रक्सौल रेलसेवा १९८४ मा श्री ३ चन्द्र शमशेरको पालामा सुचारु भएको पाइन्छ ।

**खानेपानी तथा ढल निकास व्यवस्थापन :**

वि. सं. १९६० को मध्यदशकतिर दिङ्लामा खानेपानीको व्यवस्थापन, निर्माण र वितरण भएको देखिन्छ । ढलनिकासको व्यवस्थापन पनि उक्त समयमा भएको देखिन्छ । नेपालको पहाडी क्षेत्रको इतिहासमा प्रथम प्रयोग थियो । प्राचीन स्थानीय प्रविधिको प्रयोग गर्दै आधुनिक प्रविधिको मौलिकपनमा ढालेर पाकेका रातो माटाका (इँटा) पाइपहरू प्रयोग गरी मुर्कुटेधारा नजिकैबाट गौरीकुण्ड, सीताकुण्ड, हनुमानकुण्ड (उद्यानबीचको कुण्ड), नारदकुण्ड (खोलाभित्र), सीताराम मन्दिर र विद्यालय परिसरसम्म करिब १.५ कि. मि. टाढाबाट खानेपानी ल्याउने तथा ढल व्यवस्थापन गर्ने बालागुरुको स्थानीय प्रविधिसम्बन्धी विद्या (Science) आजका इन्जिनियरलाई पनि सफल गर्न गाह्रो पर्ला । इँटाका पाइपहरू जोड्नसमेत खुदी, सुर्की, मास, माड, काउलो, चुना आदि स्थानीय तहमा उपलब्ध सामग्री प्रयोग गरी सिमेन्टजस्तै छुट्टै लेपन तयार गरी लेपन

प्रयोग गर्दै खानेपानी ल्याएको देखिन्छ । रमाइलो र अनौठो पक्ष रबरका पाइपजस्तै गहिरो ठाउँबाट उकालो ठाउँमा पनि खानेपानी चढ्थ्यो । अरुण उपत्यकाको खानेपानी व्यवस्थापनमा यो पहिलो प्रयोग थियो ।

अर्कोतर्फ विश्लेषण गर्ने हो भने दिङ्लाबजार नजिकै विद्यालय वि. सं. १९५५ मा सरेको कारण बिहान नुवाइधुवाइ गर्न, पूजापाठ गरी कर्मकाण्ड गर्न र पढ्न विद्यार्थीहरूलाई ढिलो हुने भएको हुनाले स्थानीयवासीको मुर्कुटेधारामा मात्र भीड हुने गरेको कारण विद्यार्थीहरूलाई ३ समूहमा विभाजन गरी ३ वटा धारातर्फ विभाजन गरी पठाएको देखिन्छ ।

सीताराम मन्दिर, षडेश्वर मन्दिरमा पूजा गरेको पानी तथा गौरीकुण्डको पानी त्यहाँबाट अँधेरी खोलाको नारदकुण्डसम्म ढलनिकास व्यवस्थापन गरेको देखिन्छ । गौरीकुण्डबाट सीताकुण्डमा Drainage हुन्थ्यो । जामुनको बोट फेदमा सीताकुण्ड थियो (लङ्काको अशोकवाटिकामा पनि सीतामातालाई अशोकवृक्ष र जामुनको वृक्षमुनि राखिएको थियो, जामुनको पनि पौराणिक महत्त्व छ) । सीताकुण्डबाट हनुमानकुण्डमा Drainage हुन्थ्यो । अन्त्यमा हनुमानकुण्डबाट खोलाभित्रको मन्दिर साइडको भित्तामा रहेको नारदकुण्डसम्म Drainage हुन्थ्यो र खोलामा ढलपानी मिसिन्थ्यो ।

बोटबिरुवामा पानी लगाउन, गौरीकुण्डमा ऋषितर्पणीमा स्नान गर्न, माछापालन गर्न, पोखरीमा पानीको र माछाको मनोरञ्जन लिन आदि बहुउद्देश्यीय रूपमा गौरीकुण्ड, सीताकुण्ड निर्माण भएको देखिन्छ । आधुनिक सहरको व्यवस्थापनमा दमकल नभएको समयमा बजारमा आगलागी हुँदा पानीको प्रयोग गर्न, बजारलाई खानेपानी अभाव भए पूरा गर्न, आगलागी, भूकम्प वा प्राकृतिक प्रकोप बजारमा हुँदा भाग्न वा ज्यान बचाउन, पार्क र कुण्डको मनोरञ्जन लिन सकिन्थ्यो । पवित्र कुण्डहरू आजकलका Swimming pool जस्तै दूरदर्शी शैलीमा व्यवस्थापन गरेको भन्न सकिन्छ । मूल उद्देश्य कुण्डहरू पर्वमा स्नानका लागि प्रयोग गर्न नै थिए । छात्रहरूले पनि पर्वहरूमा स्नान गरेको देखिन्छ । तसर्थ षडानन्द पाठशाला नेपालको Swimming pool सहितको पहिलो पाठशाला पनि हो भन्न सकिन्छ । पर्वहरूबाहेक अन्य समयमा सर्वसाधारणलाई खुला नगरिएको अवस्था मात्र हो । खुला गरिएको भए जोकोहीले स्नान गर्ने, कपडा धुने र पौडी खेल्ने भएकाले तीर्थकुण्डको महत्त्व पनि घट्ने थियो । पूर्ण खुला गरेको भए भैंसीको आहालका रूपमा परिणत हुने थियो ।

**रुद्राक्ष तथा जगेडावन व्यवस्थापन :**

वातावरण संरक्षण तथा सामुदायिक वन संरक्षण गर्ने नीतिअनुरूप वि. सं. १९६० को दशकमा बालागुरु षडानन्दले रुद्राक्षको वन तथा जगेडाको

वनसंरक्षण गर्दा सरकारी अनुमति लिएर गरेको देखिन्छ । Eco–System मा पनि यसको विशेष महत्त्व देखिन्छ ।

नेपालमा वि. सं. १९९३ मा श्री ३ जुद्ध शमशेरको पालामा 'वन ऐन' सुरु भएको इतिहास देखिन्छ, जसमा विकेन्द्रीकरण नीतिअनुरूप स्थानीय समुदायको पहुँच हुने गरी धमाधम जगेडावनहरू राणाकालीन समयमा घोषणा भए । जगेडावनको प्रेरणाका सूत्रधार बालागुरु षडानन्द नेपाली शासकभन्दा एक कदम अगाडि दिङ्लामा देखिन्छन् । पछि वि. सं. १९३५ तिरदेखि धमाधम सामुदायिक वनहरू घोषणा भए । राणाशासनकालका जगेडावनहरू प्रायः व्यक्तिका नाममा दर्ता भएका देखिन्छन् । तसर्थ दिङ्लाको जगेडाको रुद्राक्ष वन नेपालको प्रथम दर्तावाल सामुदायिक वन हो ।

रुद्राक्षको इतिहास केलाउँदा हिमवतखण्ड वा ऋषिमुनिको तपोभूमि क्षेत्र नेपालमै रुद्राक्षको उत्पत्ति हुन सक्ने तथ्य पुराणमा उल्लेख गरिएको छ । शिवपुराणका अनुसार रुद्राक्षारण्य  भनी श्लेष्मान्तक आरण्यभन्दा पूर्वका हलेसी, पिण्डेश्वर क्षेत्र, सप्तकौशिकीको समग्र क्षेत्रलाई मान्न सकिन्छ । तर पिण्डेश्वर क्षेत्रमा विश्वको पहिलो ज्योतिर्लिङ्ग रहेको हुनाले पूर्वको मूल रुद्रक्षारण्य भनी विद्वान्बाट उल्लेख देखिन्छ । रुद्राक्ष शिवका आँसुबाट उत्पन्न भएको (रुद्र+अक्ष) पुराणप्रसिद्ध छ । यी दुवै वस्तु नेपालबाटै विदेश लगेको देखिन्छ ।

भारत, इन्डोनेसिया, श्रीलङ्का र नेपाललाई रुद्राक्ष पाइने क्षेत्र मानिन्छ । विश्वको Original र प्रथम High Quality को रुद्राक्ष पाइने देश नेपाल हो । त्यसमा पनि दिङ्ला र त्यसपछि अरुण उपत्यका सूचित भएको देखिन्छ । यो क्षेत्रलाई प्रथम स्थानमा पुऱ्याउने श्रेय बालागुरु षडानन्दलाई जान्छ । रुद्राक्षको खानी क्षेत्र दिङ्लामा वि. सं. १९६० को दशकमा १००८ प्रजातिका बिरुवासहित आयुर्वेदिक उद्यान निर्माण गरी रुद्राक्ष रोपिएको थियो । वि. सं. १९६९ मा गुरु षडानन्द दिङ्ला आउँदा फल्न थालेको र ठूला भएका रुद्राक्षहरू देखेर गुरु षडानन्द दङ्ग पर्नुभएको थियो भन्ने आधारमा वि. सं. १९६२ – १९६६ बीचको समयमा रोपिएको अनुमान गर्न सकिन्छ ।

रुद्राक्षका बारेमा डा. सुवास राईले बनारस हिन्दू विश्वविद्यालयबाट विद्यावारिधि प्राप्त गरेको देखिन्छ । उनको शोधग्रन्थमा 'रुद्राक्षलाई हजारौँ वर्षदेखि योगीहरूले स्वास्थ्य नियन्त्रण गर्न, आध्यात्मिक शक्ति प्राप्त गर्न र डरत्रास हटाई जीवनलाई उज्ज्वल बनाउन प्रयोग भएको उल्लेख छ' भन्दै रुद्राक्षको उत्पत्ति क्षेत्र Foothill of Himalayas and middle area of Nepal उल्लेख गरेको देखिन्छ । डा. राईले 'रुद्राक्षमा विद्युत्-चुम्बकीय गुण हुन्छ, जसको कारण मस्तिष्कको stamina बढाउन र concentration गर्नमा प्रयोग हुन्छ । यसले stress, anxiety, depression, blood pressure control, मन

स्थिर बनाउने, spiritual practices लाई सहयोग गर्ने कुरा विज्ञानले प्रमाणित गरिसकेको छ । यसलाई हिन्दू, बौद्ध र जैनधर्मका सन्त, योगी र तान्त्रिकहरूले विशेष प्रयोग ध्यान, प्राणायाम र तपस्या गर्दा प्रयोग गर्दछन् । अन्य बेलामा जोकोहीले धारण गरे उत्तम हुन्छ भनी विज्ञानले समेत प्रमाणित गरेको छ । रुद्राक्षका मुखहरूपिच्छे फरकफरक विद्युत्-चुम्बकीय शक्ति वा electro–magnetic, paramagnetic / Inductive गुणहरू रहेको हुन्छ । रुद्राक्षधारणले रुद्राक्षको मुखअनुसार दिमागमा विद्युतीय प्रवाह (electrical impulse) पुग्ने र छालाका response हरूसमेत stimulate गरी दिमागमा पठाई ज्ञान स्थानान्तरण हुने र सकारात्मक ऊर्जाको प्रभाव पार्ने गर्दछ । यसको प्रभावले व्यक्तित्व विकासमा मुस्कानको प्रभाव देखिने, आत्मविश्वास बृद्धि हुने र सिर्जनात्मक व्यक्तित्व झल्कन्छ भन्ने विज्ञानले पनि प्रमाणित गरेको देखिन्छ ।'

रुद्राक्षधारणले आयु बढ्ने, दिमागलाई alpha state मा पुऱ्याउने, high blood pressure, hypertension, mind related problems नियन्त्रण हुने, consciousness बढ्ने, शरीरमा positive energy प्रदान गर्ने, जीवनमा सुखप्राप्ति, समृद्धि छाउने, मौलिकपन आउने, पारिवारिक मेलमिलाप हुने, आकर्षण व्यक्तित्व बन्ने र कुकर्म वा आपराधिक प्रवृत्ति नाश हुन्छ । (https://rudrakshamahima.in/)

सर्वेषामपि वस्त्राणि धारणे यो समो भवेत् ।
तस्मात्सर्वप्रयत्नेन रुद्राक्ष पुण्यधारय ॥

रुद्राक्षमा ५०% कार्बन, ३१% अक्सिजन, १८% हाइड्रोजन र १% नाइट्रोजन हुन्छ । अक्सिजनको हावामा २१% मात्रा हुन्छ तर रुद्राक्षमा ३१% अक्सिजन देखिन्छ भन्ने अनुसन्धानले देखाएको छ । आयुर्वेदका अनुसार बिच्छीले सर्पले टोकेको बेला रुद्राक्षदाना घोटेर पिलाएमा विष झर्दछ । बच्चालाई चटाएमा बाडुली र कफ निको हुन्छ । ग्यास्ट्रिक, छारेरोग, दमको रोग, सुगर रोग तथा जुनसुकै मानसिक रोगमा प्रयोग गर्न सकिन्छ । आजभोलि रुद्राक्ष झ्याल र ढोकामा बुट्टा हान्न, अक्युपन्चर र अक्युप्रेसरका रूपको ओछ्यान बनाउन, खाना पकाउने दाउराको विकल्पमा, इँटाभट्टामा, मालाका रूपमा, शृङ्गार सामग्री निर्माण गर्न, फिपी बनाउन, पूजा सामग्री बोक्ने भाँडा बनाउन र औद्योगिक प्रयोजनमा प्रयोग हुन थालेको छ । आयुर्वेद, पुराण र शास्त्रहरूले रुद्राक्षलाई The King of the medicinal plant (जडिबुटीको राजा) भनेका छन् । अतः रुद्राक्ष धारण गर्नु उत्तम हुन्छ ।

वि. सं. १९८० अघि दिङ्ला क्षेत्रमा रुद्राक्ष प्रयोग वैदिक धर्मअनुसार सन्त, जोगी र महात्मा तथा पण्डितहरूले रुद्राक्ष धारण गरेको देखिन्छ । तापनि वि. सं. २०१० सालतिर प्रयागराज चापागाईंले दिङ्लाबाट काशीतर्फ रुद्राक्ष

व्यापार सुरु गरे पनि वि. सं. २०३० को दशकबाट व्यापक रूपले बृद्धि भयो । वि. सं. २०६७/०६८ देखि रुद्राक्षको मूल्य आकासिएको देखिन्छ । विशेषतः चिनियाँ व्यापारीहरूले हात हालेपछि रुद्राक्षको व्यापार बढेको तथा रुद्राक्ष सरोकारबाला भोजपुर, सङ्खुवासभा, तेह्रथुम, खोटाङ, ओखलढुङ्गा, धनकुटा, काभ्रेपलान्चोक, दोलखा, रामेछाप, सुनसरी लगायत क्षेत्रका किसानहरू रातारात धनी बन्न थालेको देखिन्छ ।

आज दिङ्ला, रुद्राक्ष र बालागुरु षडानन्द पर्यायवाची शब्द देखिन्छन् । रुद्राक्षका सूत्रधारका रूपमा षडानन्दलाई देखिन्छ अथवा प्रथम श्रेय उनलाई दिन सकिन्छ। आज दिङ्लाको रुद्राक्षलाई विश्वको नं. १ को सूचीको अन्तर्राष्ट्रिय बजारको बन्न सफल भएको छ। दोस्रो चरणमा स्व. प्रयागराज चापागाईंको परिवार र स्व. गोविन्द बस्नेतको परिवारलाई पनि श्रेय जान्छ। तेस्रो चरणमा षडानन्द पाठशालाका शिष्यहरूलाई जान्छ जसले नेपालभरि दिङ्लाबाट रुद्राक्ष फैलाउन प्रत्यक्ष सहयोग गरे। सिक्किम, दार्जिलिङ र आसामसम्म पनि दिङ्लाको जगेडा वनबाट नै रुद्राक्ष फैलिएको देखिन्छ । चीन, भारत, जापान, कोरिया, कम्बोडिया, थाइल्यान्ड, क्यानडा, इन्डोनेसिया, श्रीलङ्का, जर्मनी आदि देशबाट रुद्राक्ष किन्न व्यापारीहरू दिङ्ला बजार, तुम्लिङ र खाँदबारी बजार पुग्दछन् ।

वर्तमान अवस्था विश्लेषण गर्दा बालागुरुको शैक्षिक चेतनाले दिङ्लालाई मात्र सिँगारेको देखिँदैन, बरू आजको अरुण उपत्यकाका प्रत्येक घरधुरीलाई पनि धनी बनाएको देखिन्छ। यस क्षेत्रबाटै वार्षिक अरबौं रुपियाँको रुद्राक्ष निर्यात गरी विदेशी पैसा नेपाल भित्रिन्छ। देशको अर्थतन्त्रमा पनि रिमिट्यान्स भित्रिएको छ। नेपालमा हजारौ मानिसहरूले रुद्राक्षको कारण प्रत्यक्ष र अप्रत्यक्ष रोजगारी पाएका छन् । वि. सं. २०६० को दशकपछि अरुण उपत्यकाको तल्लो वेल्टमा आर्थिक सुधार हुँदै रुद्राक्षले आर्थिक क्रान्ति नै ल्याएको आभास हुन्छ ।

२० मुखीभन्दा माथिको रुद्राक्ष २० लाख, ३० लाख, ५० लाख, ७० लाख आदि एउटाको मात्र मोल पर्न जान्छ। १ मुखी रुद्राक्षको १ करोड, २ करोड, ६ करोड आदि पर्दछ । तसर्थ शिक्षा र अर्थतन्त्रले दिङ्लाली र अरुण उपत्यकाको जीवनशैली उच्चस्तरको बन्दै गइरहेको देखिन्छ । रुद्राक्षको मूल्य आकासिनु केवल धार्मिक विश्वास मात्र छैन, वैज्ञानिक कारणसमेत लुकेको छ ।

इतिहासकार प्रा. डा. नृसिंहकुमार खत्री (२०७३ : ३६५ – ३६९) का अनुसार विधिले बाधा-व्यवधान हटाउँछ र नीतिले जीवन, समाज र देश चलाउँछ । बालागुरुको शैक्षिक नीति र मानव कल्याण नीतिले राष्ट्रमा महत्त्वपूर्ण योगदान दिन्छन् । जस्तै भोजपुर टक्सार वितलवका सुबेदार रन्धोज (रणध्वज) कार्कीले अहिलेको यशोधरा उच्च मा.विभन्दा माथिको ३ धाराछेउमा गुरु षडानन्दको प्रेरणाबाट रणेश्वर शिवालय र धर्मशाला बनाएको देखिन्छ ।

बालागुरुले जस्तै महत्त्व बुझेर संरक्षण गरेको हुनाले 'धार्मिक महत्त्व बोकेको' शिवालय र धर्मशालाको आज संरक्षण आवश्यक देखिन्छ ।

देवराज रेग्मी (२०७५ : १४५) का अनुसार भोजपुर जिल्लाको शैक्षिक अवस्था तथा विद्यालय सुपरिवेक्षणका सन्दर्भमा दिङ्ला बजारमा एकजना बुद्धिजीवीले भनेका थिए: धरानको विजयपुर तथा पिण्डेश्वर क्षेत्रमा रुद्राक्ष आरण्य थियो तापनि कालान्तरमा त्यहाँ रुद्राक्षको मासिएकाले त्यहाँ पनि पछि दिङ्लाबाटै बिरुवा लगेर रोपिएको थियो रे ।

**खुला पार्क, चौर, गौचरन व्यवस्थापन तथा सालिक राख्ने पार्क :**

'गौ' अर्थात् गाईवस्तु र चरनबाट गाईवस्तु चर्ने क्षेत्रलाई 'गौचरन' भन्ने बुझिन्छ । वि. सं. १९६८ श्रावण ३१ गते बुधबारमा साङराङका गौरीप्रसाद चापागाईंले भाइ राइटर विष्णुप्रसादले लिखत गरी अघि नै १ भाग गौचरन राखिदिएकाले आज ३१ गते मेरो अंशभागको पनि बाँकी जग्गा गौचरनका लागि लिखत गरिदिएको छु भन्ने अभिलेख देखिन्छ । वि. सं. १९६८ पौष ३० गते आइतबार दोस्रोपटक राइटर विष्णुप्रसादले अंशमा परेको आधा पाटो बारी गौचरनका लागि अर्पण गरेको देखिन्छ । अर्थात् ३ पटक जग्गा प्राप्त भएको देखिन्छ (षडानन्दसम्बन्धी अभिलेख, २०७० : ५८) । दिङ्ला बजारमाथि हाल प्राथमिक स्वास्थ्य केन्द्र दिङ्ला रहेको स्थानमा गौचरनका लागि गुठीलाई जग्गा प्रदान गरेको देखिन्छ। गौचरनका लागि छुट्याएका जग्गाहरूमा शास्त्रार्थ विधिले पूजा गरी नुन छर्कने चलन छ ।

सुरुवाततिरै सम्पन्न गरी पार्कका रूपमा माछापोखरी, अन्य कुण्डहरू, फलैंचाहरू, चौकहरू र गिर्दामा रङ्गीविरङ्गी गुलाफ, चमेली तथा अन्य फूलहरूले सजाएको देखिन्छ । वि. सं. १९५२ तिर साल्माली गञ्जबहादुर बस्नेत तथा गढीगाउँले बस्नेतहरूले उद्यान परिसर, मन्दिर परिसर र नारदेचौर परिसर अर्पण गरेको देखिन्छ । वि. सं. १९३४ तिरको जङ्गीअड्डा स्थापनासँगै किरातकालीन टुँडिखेल फराकिलो र ठूलो बनाइएको देखिन्छ। अत्याधुनिक सहरहरूमा सुनामी, बाढी, पहिरो, भूकम्प, आगलागीजस्ता प्राकृतिक प्रकोप आउँदा यस्ता पार्क, चौर, टुँडिखेलहरूको आवश्यकता पर्दछ । जिउज्यान जोगाउन र घरभित्रका धन सम्पत्ति तत्कालै सूरक्षा गर्न खुला, चौर, पार्क, टुँडिखेल चाहिन्छ। त्यो दूरदृष्टि गुरु षडानन्दमा देखिन्छ ।

खेलकुदहरू सञ्चालन गर्न, बृहत्तर तालिम दिन, योगशिविर चलाउन, जप वा तपस्या सामूहिक सिकाउन पनि यस्ता पार्क र चौरहरू आवश्यकता पर्दछन् । राजनीतिक वृहत् ऱ्याली, आमसभा, जन्मजयन्ती, विशाल उत्सव, मेलापर्वहरू, सांस्कृतिक गीत, नृत्य र सङ्गीत वृहत्तर कार्यक्रम सञ्चालन गर्न

समेत पार्क, टुँडिखेल, गौचरन र चौरहरूको महत्त्व देखिन्छ ।शनिबार वा फुर्सदको समयमा मन वहलाउन, Morning walk गर्न, पारिवारिक घुमघाम गर्न, प्रकृतिसँग वेचैनी पाराले रमाउनका लागि आधुनिक सहरभन्दा भिन्न परिवेशमा प्रकृति र शान्तिको मजा लिन पनि चौर वा पार्कहरूको आवश्यकता देखिन्छ । ठूला ठूला विकास निर्माणका सामग्रीहरू केही दिन वा केही महिना भण्डारण गर्न तथा आपत्कालीन अवस्थामा सडक सवारी साधनहरू थन्क्याउन र हेलिप्याडका रूपमा प्रयोग गर्न पनि Park, चौर, गौचरन तथा टुँडिखेलहरू आवश्यकता पर्दछ ।

माथि उल्लिखित सबै दूरदर्शिताहरू मध्यनजर गर्दै गौचरन, दिङ्लाबजार पार्क, नारदेचौर र बजारनजिकै सैनिकको मातहतमा रहेको टुँडिखेल व्यवस्थापन गरी १५ औँ, २० औँ वा ५० औँ पुस्तासम्मलाई उपकार हुने गरी बालागुरुले व्यवस्थापन गरिदिएको देखिन्छ । उद्यान परिसरमा हाल भलिबल कोर्ट छ । नारदेचौर विद्यार्थीको Assembly र खेलकुद मैदानका लागि प्रयोग भएको छ । टुँडिखेल युवाहरूको फुटबल मैदानका रूपमा प्रिय छ । राष्ट्रपति रनिङ शिल्ड, षडानन्द जन्मजयन्ती, विशाल ऱ्याली, ठूला कार्यक्रमहरू सञ्चालन गर्न र हेलिप्याडका रूपमा पनि प्रयोगमा आइरहेको देखिन्छ । फुर्सदमा मन बहलाउन दृश्यावलोकनका लागि पनि प्रसिद्ध छ ।

गौचरन क्षेत्रमा सरकारी कार्यालयहरू स्थापना हुँदै चौर नासिदै छ । अस्पताल भवनहरू थपिदै सेवाहरू विस्तार भइरहेको छ । चरनका रूपमा र दृश्यात्मक डाँडाका रूपमा पनि प्रयोग भइरहेको छ । अतः व्यवस्थापनका हरेक कोण-कोणबाट गुरुमा दूरदृष्टि रहेको स्पष्ट झल्कन्छ । उनलाई सिद्धपुरुष र आधुनिक कालमा सर्वोकृष्ट व्यवस्थापकका रूपमा विश्लेषण गर्न सकिन्छ ।

गुरुप्रसाद राई (२०७३ : ३१३ – ३३०) अनुसार एकताका षडानन्द पार्क निर्माण गर्ने प्रस्ताव चर्चा भयो । जिल्ला पञ्चायतबाट रकम प्राप्त भई डण्डपाणि चापागाईं र डकर्मी देवबहादुर चर्मकारसँगै भई केही हप्ता कार्य गरेका थियौँ । तर केही वर्षपछिदेखि पर्खालको चिनो हराई झुप्राहरू र टहराहरू ठडिँदै आज भवनहरू उभिए । पुनः केही वर्षपछि भोजपुर क्याम्पसका उपप्राध्यापक रामेश्वर चापागाईंको संयोजकत्वमा विधान मस्यौदा समिति बन्यो । त्यसपछि प्र. पं. रमानाथ खतिवडाको समितिमा अर्को विधान समिति बन्छ । तर काम बन्दैन किनकि त्यो मस्यौदाउपर छलफल भएन । पछि प्र. जि. अ. तथा गुठी समितिको अध्यक्षतामा वि. सं. २०४६ मा गुरुप्रसाद राईको संयोजकत्वमा पनि विधान समिति बन्दछ र विधान बन्दछ । त्यसैबीच हरिद्वारका महामण्डलेश्वर स्वामी सत्यदेवको आगमन हुन्छ । स्वामी भन्नुहुन्छ “यहाँ षडानन्द पीठमा सबै चीज रहेछ, केवल मायाको मात्र कमी रहेछ । विधानले मात्र हुँदैन । तपाईहरू आफू

कसैले त्यागी र योगी पुरुषको आपूर्ति गर्नुहोस् । षडानन्दपीठलाई चाहिएको सूत्र पनि यही हो ।"

राईका अनुसार तत्कालीन गुठीसचिव विष्णु बस्नेत र दिङ्लाका रुद्राक्ष व्यापारी टीकाप्रसाद चापागाईंले बनारसका कलाकारलाई कुँद्न लगाई बनाएको सालिक दिङ्लामा राख्न जि. पं. का प्राविधिकले कोरेको डिजाइनमा राख्ने काम सुरु भएको मैले थाहा पाएँ । गुठीसचिव विष्णु बस्नेत र जि. पं. सदस्य गोपाल अधिकारीलाई यो सालिक कुनै राजनेताको जस्तो देखिने र बालागुरुलाई उपयुक्त नहुने सल्लाह दिएपछि दुवैजनाले मलाई (राईलाई) डिजाइनको जिम्मा दिएका थिए । सो सम्पन्न भयो जुन हालको दिङ्ला सालिक रहेको स्थल र सालिक हो, जुन सालिक अक्टागनल सेपमा अष्टसिद्धि प्रसङ्गसँग जोड्दै अण्ठकमलको स्टेम र अष्टपत्र अर्थात् आठवटा नै पत्रहरू राखिएको छ । माथिल्लो आठ कमल पत्रमा बालागुरु विराजमान भएको सालिक अनावरण गरिएको छ ।

पं. तोयानाथ गौतमका अनुसार वि. सं. २०४६-४७ तिर गुरुप्रसाद राई गहतेका एक चर्मकारको मलामी जाँदा घाटमा मलामीहरूले एउटा गोलो र अनुमानित तामाको धाउसहितको चिल्लो ढुङ्गा फेला पारेपछि पूर्व प्र. अ. राईसँग सल्लाह भएछ । राईको सल्लाहबमोजिम मलामीहरूले आलोपालो गरी ढुङ्गा बोकेर गहते ल्याए । भोलिपल्ट षडानन्दको सालिकनजिकै ढुङ्गा राख्न खोज्दा, उचाल्दा र पछार्दा ढलान गरेको ठाउँ बिग्रन सक्छ, बरू सीताराम मन्दिरपछाडि राखौँ भन्ने राईको सल्लाहबमोजिम उक्त ठाउँमा आज पनि देख्न सक्दछौँ । यो बराहक्षेत्रमा पुग्नेले गोलो र चिल्लो ढुङ्गा (तामालुङ) उचालेर आशीर्वाद मागे जस्तै सीताराम मन्दिर परिसर पुग्नेले एकपटक भए पनि उचाल्ने, भाग्य जाँच्ने र आशीर्वाद माग्ने गरिन्छ । उठाउन सके सौभाग्यवान् मानिन्छ ।

सरस्वती, ब्रह्मा, शिव, विष्णु आदि पनि कमलको फूलमा विराजमान भएको प्रशस्त प्रसङ्ग देखिन्छन् । कमलको फूल ज्ञान तथा शान्तिको प्रतीकसमेत हो जुन पाठशाला र शिक्षा प्रसङ्गसँग जोडिएको छ । सायद यसै परिकल्पना पूर्वप्र.अ. राईको हो जसमा ८ पत्रहरूले बालागुरुलाई प्राप्त भएको अष्ठसिद्धि पनि प्रतिविम्बित गराउन खोजिएको दूरदर्शी परिकल्पनामा डिजाइन गरिएको देखिन्छ । सृष्टि उत्पत्ति क्रममा पनि स्वयम्भूनाथ कमलको फूलमा प्रकट भएको पौराणिक ग्रन्थहरूमा भेटिन्छ । विष्णुको नाभिबाट उत्पन्न कमलको फूलसँगै सृष्टिकर्ताहरू उत्पन्न भएको पनि देखिन्छ । साथै बजारभन्दा उच्च स्थानमा शालिक राखिएको छ । ध्यानमुद्रामा रहेको शालिकले समाजकल्याणका लागि बालागुरु अझै ध्यानरत रहेको आभास हुन्छ । षडानन्द पात्र अमर छन् भन्ने प्रतिविम्बसमेत सालिकले दिन्छ । तत्कालीन प्र. अ. राईको रचनामा वि. सं. २०४६ को सालिक अनावरणदेखि नै यही स्वागत गान अरुण मा. वि. परिवारले

बालागुरुको जन्मजयन्तीमा निरन्तर पस्किरहेको छ जसमा शिक्षकहरू रवीन्द्र अधिकारी, जयालक्ष्मी राई, गायत्रीप्रसाद चापागाईं लगायत गुरुगुरुमा र विद्यार्थीहरूले सुरुवातमा साथ दिएको देखिन्छ :

शिर झुकाई आदरले, गर्छौं हामी अभिवादन ।
दिल खोली उमङ्गले, गर्छौं हामी स्वागतम् ॥ स्वागतम् । स्वागतम् ॥
शिक्षा ज्योति छरिदिने, हाम्रा प्यारा बालागुरु ।
तिम्रो माया पायौँ भने अघि बढ्छौँ हामी अरू ॥ स्वागतम् । स्वागतम् ॥
तिम्रो सुन्दर फूलबारीमा, फूल भई फुलिदिन्छौँ ।
तिम्रो सुन्दर सपनीमा, बिपना भई डुलिदिन्छौँ ॥ स्वागतम् । स्वागतम् ॥
शिर झुकाई आदरले, गर्छौं हामी अभिवादन ।
दिल खोली श्रद्धाले बालागुरु षडानन । बालागुरु षडानन ॥
स्वागतम् । स्वागतम् ॥ स्वागतम् ॥ स्वागतम् ॥

**शतबीज मेला तथा कृषिमेला प्रदर्शनी (Agro–cultural Demonstration) :**

शतबीजको अर्थ १०० प्रकारका अन्नका बिउहरू भनी सामान्य अर्थ लगाएको देखिन्छ । बालाचतुर्दशी मेला र रथयात्रासँगै विशेषतः मृतकहरूको घरबाट मृतक परिवारका सदस्यले मृतआत्मा मर्दैन भन्दै चिरशान्तिको प्रतीकको स्वरूप सके १०० प्रकारका अन्नका बिउहरू र नसके ७ प्रकारका अन्नका बिउहरू छर्ने चलन छ । शतबीज रथयात्रा मेलालाई यादव चापागाईं (२०७२) ले कृषिमेला प्रर्दशनीसँग तुलना गरेको देखिन्छ । शङ्खी मेलामा 'कृषिमेला प्रदर्शनी' कार्यक्रम पनि सञ्चालन हुँदै आइरहेको देखिन्छ ।

शिवपुराण तथा नेवारी लोकोक्तिअनुसार बालानन्द भन्ने व्यापारी बागमती नदीकिनारको आर्यघाटमा आफ्नो नाताको मलामी भई आएका थिए । चितामा आगो बाल्न सुरु गरियो । बालानन्दले मलामीलाई दिने खाजा खाँदै गर्दा चिताबाट उछिट्टिएर मासुको चोइटो प्लेटमा पऱ्यो । उनले थाहै नपाई हाडको चोइटो निले । उनले केही छिनमै बालासुर भने अनि आर्यघाटका चिताहरू जलाउन नदिई खान थाले । उनले आर्यघाट बस्ने, लास जलाउन नदिने र लास खोसी खाने गरेकाले त्यस समस्याको समाधान गर्न बालासुर व्यापारीका साथी राजा बृषदेवले धोका दिई बालासुरलाई मारे । राजाले आफूलाई अपराधी मानी श्लेष्मान्तक वनमा गई शिवको प्रार्थना गरे । भगवान् शिवको सल्लाहअनुसार ७ प्रकारका अन्नका बिउहरू श्लेष्मान्तक वनदेखि बागमतीसम्म छरेर बालासुर मारेको अपराधबाट मुक्त भए भन्ने कुरा उल्लेख छ ।

शतबीजमा धान, मकै, गहुँ, जौ, तिल, कागुन, कपास पर्दछन् । बालाचतुर्दशीमा रातभरि तेलको दियो बाल्ने, भजन, कीर्तन, मन्त्रहरू उच्चारण

बालन, सँगिनी खेल्ने तथा शिवको पूजा गर्ने चलन छ। स्नान गर्दा ३ पटक नदीमा डुब्ने वा धारामा स्नान गर्ने अनि शुद्ध हुने गरिन्छ। यसबाट चितामा जलाउँदा कोही राम्ररी जलेका थिएनन् वा शरीरको कुनै टुक्रा वा अस्तु त्यही थियो भने शतबीज छरेर पार पाओस् भन्ने कामना गरिन्छ भनी शिवपुराणको मृगस्थली खण्डमा उल्लेख छ। मृगस्थली शिवको पवित्र भूमि हो। शतबीजको अन्त्यमा पशुपतिमा गणेशको मूर्तिमा गई मूर्तिपूजा गर्ने र हल्लाएर गणेशलाई ब्यूँझाउने प्रयास गरिन्छ।

सात प्रकारका बिउ छर्ने चलन हुँदाहुँदै पनि १०० प्रकारका बिउहरू छर्नु उत्तम हुने पौराणिक मान्यता हुनाले १०० प्रकारका बिउ छर्ने अभ्यास गरेको पाइन्छ, किनकि 'नेपाल कृषिप्रधान देश हो भने दिङ्ला अन्नश्रीको भण्डार हो' भनी डा. नरेन्द्र चापागाईंको प्रसङ्गसँग मेल खाएको देखिन्छ।

बालाचतुर्दशी शतबीज मेलाको अवसरमा दिङ्ला बजारमा १०० प्रकारका अन्नका बीउहरूको प्रदर्शनी गर्न मानिसहरू बिउ जोगाएर राख्ने तथा लोप हुन लागेका प्रजाति संरक्षण हुने चलन थियो। ती बिउहरू व्यापारिक रूपमा बिक्री हुने अवसर मिल्दथ्यो। बजारमा अन्नका नयाँ प्रजातिका बिउहरू, पोटिला र स्वास्थ्य बिउहरू पनि खरिद गर्न पाइने हुँदा, बिउ किनेर जनताले धेरै अन्न उत्पादन गरून् भन्ने लक्ष्य रहेको हुन सक्ने विश्लेषण गर्न सकिन्छ।

आधुनिकतासँगै आज केवल ७ वटा बिउहरू छरेर चित्त बुझाउनुपर्ने दिन दिङ्लामा देखिन्छ। धोक्राका धोक्रा अन्नको बिउ व्यापार गर्ने दिङ्ला आज तराईतिरबाट आयातीत कुहिसकेका अनाज किनेर खान बाध्य भएको देखिन्छ। वैदेशिक रोजगारका नाममा मानिस मर्दा लास उठाउन पनि महिला र केटाकेटी अगाडि सर्नुपर्ने दिनहरू आएका छन्। उब्जाउ जमिन पनि आज बाँझै लडिरहेका छन्। त्यहाँको शतबीज कृषिमेलाको रौनक अब बाँकी छैन। धेरै प्रकारका अन्नहरू वारिपारिका क्षेत्रबाट पनि आउन छोडिसकेको छ। कृषिबीज प्रदर्शनीको महत्त्व घटिसकेको छ। त्यस क्षेत्रका कति प्रजातिका अन्नका बीउहरू लोप भए भन्ने कुनै लेखाजोखा तथा अनुसन्धान छैन। गुणस्तरीय बिउ बजारमा नआए उत्पादनमा ह्रास आउँछ भनी दिङ्लावासीले अविलम्ब बुझ्नु जरुरी देखिन्छ र यसलाई निरन्तरता दिन सक्नु पनि बुद्धिमानी ठहरिन्छ।

हामी अरू बेला पशुपन्छी, चराचुरुङ्गी, बाँदर आदिको सम्मान गर्दैनौं। शतबीजमा भुइँभरि छरिएका वा बिछ्याइएका बिउले २-४ दिन भए पनि जङ्गली जनावर र पन्छीहरूको आत्मासमेत खुसी हुन्थ्यो। यसबाट पुण्य कमाउने तथा ecosystem संरक्षणमा सहयोग गर्ने दिङ्लाको शतबीज मेलाको शैली र अपनत्व क्रमश बिलाएर जाँदैछ। पीडादायक अवस्था देखिन्छ। तर जानी-नजानी आधुनिकतासँगै पनि कम्तीमा सात बिउ छर्ने र रथयात्रामा रमाउने परम्परा

जेनतेन दिङ्लामा जीवितै छ । यसबाट हामी मृतात्मालाई स्वर्ग पठाउँदै र असुर बन्नबाट आफूलाई सचेत गराउँदै देखासिकी गर्दै आइटोपलेका छौँ ।

**सीप तथा कलाकौशल व्यवस्थापन :**

बालागुरु षडानन्द सीप तथा कलाकौशलमा पनि दत्तचित्त र शौखिन रहेको देखिन्छ । वि. सं. १९५९ मा गुठीको पूर्ण औपचारिक स्वीकृति लिन काठमाडौँ गएको देखिन्छ । साथमा श्लेष्मान्तक वनको तपस्या समयदेखिकै दुई शिष्यहरू जगन्नाथ घिमिरे र राधेश्याम रिमाल पनि काठमाडौँ बालागुरुसगै गएको देखिन्छ । साथमा दिङ्लाका परिचर रुद्र मगर पनि देखिन्छन् । 'सीताराम गुठी' नामकरण र स्वीकृत गरी दुवै शिष्यलाई त्यहीँ छोडेर बालागुरु परिचरका साथ दिङ्ला फर्किएको देखिन्छ ।

केही समयपछि भक्तपुरबाट तेलिया इँटा निर्माण टोली तथा पाटनको बखुँबहालका रत्नमान शाक्यको ढुङ्गे, पल्टन र मूर्ति निर्माण टोली शाक्यको नेतृत्वमा दिङ्ला आई धमाधम सबै निर्माण गर्न थाल्यो । बालागुरु निर्माण कार्यहरू सम्पन्न भएपछि पुनः काठमाडौँतिर गएको देखिन्छ ।

ढुङ्गाका निर्माण, धातुका निर्माण, तामाका निर्माण, मूर्ति, उद्यान लगायत निर्माणहरू के-के थिए, भौतिक निर्माण खण्डमा उल्लेख भएको छ ।

मल्लकालमा मूर्तिकला नेपालमा अधिक फस्टाएको देखिन्छ । तेलिया इँटा (राम्रो, पाकेको, चिल्लो र रातो इँटा) वि. सं. १२०० मा दाची आप्पा र माँ आप्पाले निर्माण गरेको इतिहास देखिन्छ, जसमा नेवारहरूको माटो फिट्ने मोटर, सल्लाको खोटो, सिन्दुर, पूरै आयताकार (८×४ इन्च) वा (९×४ इन्च) इँटा हुने र रातो माटो मिसाएर बनाएको हुन्थ्यो । तर दिङ्लाको तेलिया इँटा निर्माण र जोडाइमा उल्लिखित सामग्रीसाथ खुदी, सुर्की, मास, गुण, काउलो, चुना आदि स्थानीय प्रविधिको प्रयोग गरी मौलिकता दिएको देखिन्छ । आज संरक्षणमा राखिएका इँटाहरू पनि १२-१३ भन्दा बढी प्रकारका देखिन्छन् । कुनै इँटामा बालागुरु औँठाछाप र कुनैमा देवीदेवताका छाप देखिन्छन् । संरक्षित टायल र झिँगटीका प्रकार फरकफरक देखिन्छन् । चामुनारायण सत्तलमा पनि वि. सं. १९२७ तिर तेलिया इँटा प्रयोग गरी निर्माण भइसकेको देखिन्छ ।

षडानन्द आश्रम संरक्षण समाज (२०६६ : ३) का अनुसार उच्च स्तरका मूर्तिहरू भारतको उज्जैनमा निर्माण गरी हरिद्वारमा अर्डर गरी झिकाइएको देखिन्छ । उज्जैन सहर भारतको मध्यप्रदेशको शिप्रा नदीछेउको प्रसिद्ध तीर्थस्थल पनि हो । "राम, सीता, लक्ष्मण र हनुमानका उज्जैनका मूर्तिहरू सिङ्गमर्मरले निर्माण गरिएका र बहुमूल्य पत्थरजडित थिए ।" उज्जैन अधिकारी पूर्वजहरूको विर्ता क्षेत्र हो भन्ने सेमन्तराज अधिकारीले वंशावलीमा उल्लेख गरिएको छ ।

खेमराज गौतम (२०५९) का अनुसार सीताराम र लक्ष्मणको मूर्ति हरिद्वारबाट पहिल्यै ल्याएको देखिन्छ। हनुमानको मूर्ति अर्डर गरी पछिल्लोपटक गुरु जाँदा ल्याइएको थियो ।

यादव चापागाईं (२०७२), "आजभन्दा १५० वर्षअघि यातायात नभएको समयमा कति दिन वा महिना लगाइ वारणासीबाट आउनुभयो ? रङ्गीविरङ्गी माछाका भुराहरू जीवितै कसरी ? के खुवाउँदै ? कति दिन हिँडेर ? कसरी दिङ्ला पुगे ?" 'खाने मुखलाई जुँगाले छेक्दैन' भनेझैँ मन्दिर परिसरको भीमकाय बसाहा (नन्दी) आरुवोटे खोला खेतको ढुङ्गा कुँदेर कसरी बोकेर ल्याएको होला ? भीमकाय षडेश्वर शिवलिङ्ग ? कथा सुनिन्छ, उत्तर एउटै छ, बालागुरुको अष्टसिद्धिको कारण यसो छोइदिँदा हलुङ्गो भयो रे । पटकपटक गई २०–३० जनाभन्दा बढीले बोक्न नसकेका ढुङ्गाहरू बालागुरुको हातको स्पर्श हुनासाथ हलुका भए रे ।

पाटनको कृष्ण मन्दिर जस्तै ढुङ्गैढुङ्गाका स्तम्भहरू सहितको युग्मज मन्दिर निर्माण भएका देखिन्छन्। चक्रहरू, शिलालेख, इँटाका पाइप, ढल निकास पाइप, गौरीकुण्डको पाइप, ताल, पोखरी, मन्दिर, छात्रवास, ढुङ्गे मोटरेबल सडक, ढुङ्गे फलैँचा आदि उत्कृष्ट कलाकौशलका अनुकरणीय नमुनाहरू थिए । यिनै ठोस प्रमाण र भग्नावशेषहरूका कारण बालागुरु हामी बिच आज पनि अजर-अम्मर रहेको देखिन्छ तथा आभास हुन्छ ।

**तीर्थस्थल, व्यापारिक केन्द्र तथा पर्यटन केन्द्र दिङ्ला व्यवस्थापन :**

दिङ्ला बालागुरुको जन्मभूमि, कर्मभूमि हो भने हामीहरूको शैक्षिक भूमि, सांस्कारिक भूमि र पवित्र तीर्थस्थल पनि हो। नारी जागरणकी अभियन्ता तथा समाजसुधारक योगमाया न्यौपानेको कर्मभूमि, तपोभूमि र पवित्रस्थल पनि हो दिङ्ला । आज एकमुष्टमा षडानन्द नगरपालिका क्षेत्र पनि हो दिङ्ला । गुरु षडानन्दको नाम सम्मान गर्ने यस नगरपालिका निर्माण यसअघिका १६ वटा गा. वि. स. को संयुक्त रूप, केन्द्रविन्दु र हाटबजारको क्षेत्र पनि हो दिङ्ला ।

दिङ्लालाई अरुण उपत्यकाको प्रथम धार्मिक तीर्थस्थलका रूपमा जागरण गरेर रामनवमी, बालाचतुर्दशी, शिवरात्रि, एकादशी, हरितालिका तीज, दीपावली आदि प्रसिद्ध मेला र पर्वहरू सुरुवात गरेको देखिन्छ । यसलाई तीर्थस्थल वा धार्मिक पर्यटन क्षेत्रमा रूपान्तरण गर्ने श्री १०८ बालागुरुलाई श्रेय रहेको छ ।

रामनवमी र बालाचतुर्दशीमा मात्रै झन्डै ३-४ लाख श्रद्धालुहरू दिङ्लाका पर्वहरू भर्न, यज्ञहरू गर्न, बजारको आवश्यकता पूरा गर्न, मनोरञ्जन लुटुन तथा पुराणवाचन सुन्न पुग्दथे । यसकारण पनि दिङ्ला प्रमुख तीर्थस्थल, शैक्षिक केन्द्र, आर्थिक केन्द्र र व्यापारिक केन्द्रका रूपमा रूपान्तर भएको थियो ।

हेमराज शर्मा अधिकारी (२०७५) अनुसार गुरुपूर्णिमा दिङ्लाको ठूलो पर्व बनेको थियो । प्रत्येक वर्ष गुरुका शिष्यहरू, षडानन्द पाठशालाका छात्रहरू, पूर्वछात्रहरू तथा बालागुरुका अनुयायीहरू गुरुबाट आशीर्वाद लिन पुग्दथे । भोजपुर, सङ्खुवासभा, सोलुखुम्बु, खोटाङ आदिदेखि दिङ्लासम्म पुगेर बालागुरुलाई वस्त्र, भेटी, फलफूल, अन्न आदि चढाउन तथा गुरु आशीर्वाद प्राप्त गरी प्रसाद ग्रहण गर्न तँछाडमछाड गर्थे । मन्दिरमा पूजा गर्ने र मेलासमेत भर्नेहरूको ठूलो भीड लाग्दथ्यो । घण्टौँसम्म पालो कुरेर बस्नुपर्दथ्यो । सङ्कलन भएको अन्न तथा भेटीहरू सबै गुठीको सम्पत्ति हुन्थ्यो । बालागुरुको अनुपस्थिति भएको कुनै वर्ष सीताराम मन्दिरको उत्तरपट्टि गुरुको पादचिह्न भएको ढुङ्गामा पूजा गर्ने चलन थियो । आज त्यो पर्व र चलन कता हरायो ?

S-S Model को कर्मकाण्डी विद्यालयसमेत हुनाले वैदिक धर्मअनुसारका ज्योतिष, आयुर्वेद, नीतिवचन, भूगोल इतिहास जस्ता विषयको अध्ययन कारण मठमन्दिर, सत्तल र शिवलिङ्गहरूले पनि फुर्सद पाउँदैनथे । दैनिक बिहानबेलुकी घण्टा, नगरा, शङ्खध्वनि र स्वस्तिध्वनिको आवाजसँगै दुलहीझैँ सजिएको मन्दिर परिसर स्वर्गको टुक्राझैँ हुनाले श्रद्धालुहरूको प्रायः दैनिक भीड लाग्थ्यो ।

## दिङ्ला भ्रमण गर्ने व्यक्तित्वहरू :

काशीका सत्यदेवको दिङ्ला भ्रमण (२०४५), गीता भारतीको दिङ्ला भ्रमण, श्री ५ महेन्द्रको भ्रमण, डा. स्वामी प्रपनाचार्य तथा योगी नरहरिनाथको पटक-पटकको दिङ्ला भ्रमण देखिन्छ । दिङ्ला भूमिमा तेन्जिङ नोर्के सेर्पा र एडमन्ड हिलारीका पाइला, जापानी विश्वयात्री युकाता कुकुओकाका पादहरू, भारतीय राजदूतहरू, नेपालका मन्त्रीहरू, प्रधानमन्त्रीहरू, राष्ट्रपति, कतिपय सांसदहरू, नेपालका वरिष्ठ कलाकारहरू, साहित्यकारहरू, उच्च ओहदाका सरकारी कर्मचारीहरू, प्रोफेसरहरू, विदेशी खोज तथा अनुसन्धानकर्ताहरू, विदेशी प्रोफेसर तथा विद्वान्हरूले दिङ्लाको पवित्र भूमि भ्रमण गरेको अभिलेख देखिन्छ । हृषीकेश, केदारनाथ, बद्रीनाथ रामेश्वर, पन्जाब आदिका सन्त र महात्माहरू दिङ्ला तीर्थभ्रमण स्वागत र बिदाइको दिङ्लाली संस्कारको कारण सन्तुष्ट भई फर्किएको देखिन्छ । भारतका प्रसिद्ध योगगुरु रामदेवले पनि जडिबुटी अध्ययनका क्रममा नेपालभ्रमण गर्दा दिङ्ला पुगेको र २-३ दिन बसेको आज पनि दिङ्ला बजारका होटल सञ्चालक र अरुण मा. वि. का गुरुहरूबाट जानकारी भएको छ । रामदेवलाई १००८ प्रजातिका जडिबुटीको उद्यान दिङ्लामा रहेको थाहा पाएर आएको देखिन्छ । तर दिङ्लाको माहात्म्य कथा कम व्यथा बढी कमाएर बसिरहेको रहेछ भनी वि. सं. २०३८ – २०४० तिर फर्कनुभएको थियो रे । वि. सं. १९३४-३५ तिर इलामका सन्त दिलदासको

दिङ्ला भ्रमण, सन्त दिलदासको दोस्रो भ्रमण वि. सं. १९६० को दशकमा तथा बारम्बार दिङ्ला भ्रमण देखिन्छ । वि. सं. १९६० दशकदेखि हरिद्वारका स्वामी हरिनारायण सरस्वतीको वि. सं. २०४५ सम्मको दसौँपटकको भ्रमण देखिन्छ । दण्डी स्वामी प्रेमनारायणको वि. सं. १९८४ देखि वि. सं. १९९५ सम्म पटक-पटक दिङ्ला भ्रमण भएको देखिन्छ । मद्रासका रामानन्द सरस्वतीले वि. सं. २०२१ देखि वि. सं. २०५० को दशकसम्म पटक-पटकको दिङ्ला भ्रमण गरेको देखिन्छ । सन्त चन्द्रदिलदासको दिङ्ला भ्रमण, हरिनारायणेश्वर गिरीको दिङ्ला भ्रमण, सन्त भक्तनन्द राईको भ्रमण र उमेशनन्द गिरीको वि. सं. १९९० देखि वि. सं. १९५० को दशकसम्मको पटक-पटक दिङ्ला भ्रमण देखिन्छ । सन्त कालीप्रसाद ब्रह्मचारी (हरिद्वारबाट दीक्षित) वि. सं. १९६० को दशकमा दिङ्ला भ्रमणले पनि दिङ्ला तीर्थस्थल रहेको पुष्टि हुन्छ। कैयौँ दिङ्ला भ्रमण गर्ने साधु, सन्त, योगी र महात्माहरूको भ्रमण दिङ्लामा अभिलेखविहीन देखिन्छ । थप खोजतलास गर्नु आवश्यक छ। डा. मातृका तिम्सिनाले (२०६८) पनि मनकामना भ्रमण र दिङ्ला भ्रमण गर्ने सन्त, योगी र माताहरूका बारेमा 'अरुण कोशी किनारकी मनकामना' ग्रन्थमा खोजतलास गरी केही उल्लेख गरेको देखिन्छ ।

दधिराज सुवेदी (सं. २०५२ : ११६) ले त्रि. वि. बाट साहित्यान्वेषका निमित्त जिल्ला खटिएका ३ छात्रसहित मधुसूदन रिसाल, राममणि रिसाल, विष्णुराज सुवेदी र खड्गमान मिति २०२२।१०।२४ मा षडानन्द महाविद्यालय आई विद्यालयको राम्रो व्यवस्थापन देख्दा आश्चर्य र गौरवान्वित भएको उल्लेख गर्नुभएको छ । पृष्ठ १७ मा रा. पं. स. हरू ब्रजकिशोर शाह (अर्घाखाँची), बमबहादुर कठायत (डोटी) र रामप्रसाद रिजाल (धादिङ) पनि नेपालको सबभन्दा पुरानो विद्यालय निरीक्षण गर्न पुगेको देखिन्छ । वाचनशिरोमणि खेमराज केशवशरण र केन्द्रीय गुठी समितिका अध्यक्ष बद्रीविक्रम थापा २०३८।९।८ मा षडानन्द गुठी पुनर्व्यवस्थापन सम्बन्धी कार्यमा दिङ्ला पुगेको देखिन्छ । पृष्ठ ११९ मा योगी नरहरिनाथ पहिलोपटक २०१२ साल, दोस्रोपटक २०५०।१२।२४ मा (२०६० दशकको मध्यतिर पनि सीताराम मन्दिरमा पुराण लगाउने सिलसिलामा) पुगेको देखिन्छ। स्वामी हरिहरानन्दकी चेली भारतीय विदुषी गीता भारतीले वि. सं. २०४२ मा पुगेर मुक्तकण्ठले हृदयदेखि नै विद्यालयमा संस्कृत अध्ययन गर्ने विद्यार्थीहरूको प्रशंसा गर्दछु भन्ने लिखत छोडेको देखिन्छ ।

व्यापारको क्षेत्रमा ओलाङचुङगोलाका राडीपाखीदेखि रुम्जाटारसम्म पनि खरिद-बिक्री भएको देखिन्छ । धनकुटा भेडेटारेदेखि बुम्लिङटारसम्म, सोलुको सल्लेरीदेखि सिक्किम र जल्पाइगुढीसम्म व्यापारीहरू पुगेको देखिन्छ। इलामदेखि विराटनगरसम्मको व्यापारीहरूको दिङ्ला आवतजावतको विस्तृत विवरण मेलापर्व र हाटबजार शीर्षकमा विस्तृत चर्चा गरिएको छ ।

वर्तमान अवस्थामा हिन्दू, जैन, बौद्ध, शिख धर्मदेखि क्रिश्चियन धर्मका सन्तहरूसमेत क्यानडा, अमेरिका, जापान, कोरिया, इन्डोनेसिया, जर्मनी लगायत देशहरूबाट रुद्राक्ष व्यापारको सिलसिलामा षडानन्दको जन्मभूमि र कर्मभूमि हेर्न वर्षेनी आइरहनुहुन्छ । सायद १००८ प्रजातिका जडिबुटीको उद्यान पनि हेर्नलाई थियो कि ? व्यापारको प्रयोजनमा मात्र होला ? अथवा विश्वको गहिरो अरुण उपत्यका टेक्न मात्र वा मकालु, सगरमाथा, कञ्चनजङ्घा आदिको मनमोहक दृश्य प्रत्यक्ष अवलोकन गर्न र फोटोमा कैद गर्न ? पशुपतिको जात्रा सिद्राको व्यापार भनेझैँ बहुआयामिक प्रयोजन हुन सक्दछ ।

दिङ्लामा हालका पनि वार्षिक झन्डै १ लाखभन्दा बढी आन्तरिक र विदेशी पर्यटक रामनवमी मेला भर्न, बालाचतुर्दशी मेलामा रम्न, तीर्थयात्रा गर्न, व्यापार गर्न, रुद्राक्ष व्यापार प्रयोजन, सरकारी कामकाजको सिलसिला, पूर्वजहरूले शिक्षा ग्रहण गरेको भूमि अवलोकन गरी पूर्वजबाट आशीर्वाद लिन वा विविध प्रयोजनका लागि दिङ्लाको भ्रमण गरिरहनुभएको देखिन्छ ।

वि. सं. २०६४-६५ बीचमा सतीघाट हुँदै दिङ्लाबजार तथा चित्रगुप्त-बैदार भन्ज्याङसम्म पीच सडक निर्माण गर्न तेन्जिङ नोर्गे शेर्पाकी नातिनीको टोली दिङ्ला पुगेको थियो । पछि सन् २०१२ मा तेन्जिङ नोर्गे शेर्पा फाउन्डेसन स्थापना भएपछि पनि उक्त टिम दिङ्ला पुगेको थियो । तर विडम्बना, तत्कालीन विद्रोही पार्टीका प्रतिनिधिहरूसँग आर्थिक लेनदेनमा कुरा नमिल्दा आजसम्म पनि दिङ्ला क्षेत्र पक्की सडकविहीन बन्न पुगेको तीतो यथार्थ छर्लङ्ग छ । तेन्जिङ नोर्गे शेर्पा दोस्रो या तेस्रोपटक सगरमाथा चढ्न वा सोलुखुम्बु यात्रामा जाँदा तुम्लिङ, सतीघाट अनि दिङ्ला बजार हुँदै बैदार भन्ज्याङमा बास बस्न पुगेको यथार्थ बैदार भन्ज्याङका तामाङ बुढापाकाहरू बताउनुहुन्छ । वि. सं. २०७१ भदौ अन्त्यतिर ४ जनाको टिममा भोजपुरबाट दिङ्ला आउने क्रममा दिनभरि पानीले भिजायो । झोलाको ल्यापटप पनि बिग्रँदा बैदार भन्ज्याङको चिया पसलमा ५–६ जना बृद्ध बुबाहरू र हामीबीच प्रसङ्ग उठ्यो । उल्लिखित सडक विषयमा लेखकले तत्कालीन विद्रोही पार्टीका जिल्ला नेतृत्वसँग केही समयपछि सोधखोज गर्दा प्रसङ्ग चलेको हो । तर किन सडक बनेन, भन्न सकिएन । अब फाउन्डेसनका प्रतिनिधि पनि दार्जिलिङबाट आउन छाडे भन्ने जवाफ मिल्यो । तर पहिलोपटक वि. सं. २०१० मा ३५-३६ जना भरियाहरूसहित तेन्जिङ शेर्पा र हिलारी हिलेबाट तुम्लिङ्टार पुगेर बास बसेको उल्लेख भेटिन्छ । त्यहाँबाट बालुवानी बेंसी, फेदी र साल्पापोखरीतिरको बाटो हुँदै सगरमाथा आरोहण गर्न गएको प्रसङ्ग सुनिन्छ ।

जे भए पनि नेपालको पूर्वी पहाडी जिल्ला भोजपुर र अरुण उपत्यकाको प्रसिद्ध तीर्थस्थल, व्यापारिक केन्द्र, सांस्कृतिक केन्द्र, शैक्षिक केन्द्र, स्वास्थ्य केन्द्र,

साहित्यिक केन्द्र र पर्यटकीय केन्द्रका रूपमा दिङ्ला उदाएको थियो । तसर्थ यसका श्रेयकार बालागुरुलाई पटक-पटक salute गर्नैपर्दछ ।

## भूउपयोग नीति तथा कृषि क्षेत्र व्यवस्थापन नीति :

यादव चापागाईं (२०७२ : ३४ – ३६) का अनुसार बालागुरु षडानन्दले दिङ्ला भन्ज्याङ क्षेत्र, कैलाशडाँडा क्षेत्र, जगेडा वन क्षेत्र र अन्य क्षेत्रका जग्गाहरू गुठीको उपयोगमा ल्याएको देखिन्छ । कसैको हकदाबी नभएको पट्ट बाँझो, उत्पादन नहुने, जङ्गल भएका र मालपोतसमेत नउठ्ने जग्गाहरूमध्ये सरकारलाई कर वा मालपोत तिर्ने सर्तमा उपयोग गरी मन्दिर, विद्यालय, उद्यान, छात्रावास, जगेडावन र सीताराम गुठी निर्माण गरी समेटेको पनि देखिन्छ ।

चापागाईंको लेखमा बालागुरुले सरकारी सम्पत्तिलाई कर तिर्ने सर्तमा सामुदायिक सम्पत्ति बनाएको उल्लेख छ । त्यसको कानुनी संरक्षणस्वरूप लालमोहर, रुक्का, आदेश, ताम्रपत्र आदि सरकारसँग जारी गराई दीर्घकालीन सुनिश्चितता पनि गराएको देखिन्छ । उत्पादनयोग्य जग्गा राणा सरकारसमक्ष मागेको भए पाउन असम्भव थियो । काम नलाग्ने जग्गाको कर उठ्ने लोभमा राणाहरूसँग सजिलै जग्गा फुत्काएको देखिन्छ । षडानन्दको यो कार्यकुशलतालाई पश्चिमेली ओस्वर्न र गेब्लरजस्ता विद्वान्‌को व्यावहारिक सिद्धान्तसँग तुलनात्मक विश्लेषण गर्नसकिन्छ ।

वि. सं. १९६६ को धर्मपत्रिकामा भएको Land Utilization Policy अनुसार प्रत्येक वर्षको वर्षा, खडेरी, सिँचाई र अन्य प्राकृतिक प्रकोपका आधारमा जग्गाजमिनको आमदानी घटबढ हुन सक्छ । बढेमा खुसी हुनु तर ठेक्काभन्दा बढी नतिर्नू, घटी भएमा निश्चित भाग मात्र सम्झौता गरी तिर्नू, निराश नहुनू, मेहनत गरी सिँचाई, गोडमेल, मल र बिउ आदि प्रयोग गरी खानू । धेरै फाइदा लिनू । तसर्थ बालागुरुबाट ठेग्गा गर्ने मजदूर वर्गका सन्तान दरसन्तानलाई पनि कमाई गरी खान पुगोस् भन्ने अदृश्य मनसाय भएको विश्लेषण गर्न सकिन्छ र किसानहरूलाई पनि सत्कर्म र जिम्मेवारीप्रति प्रेरित गरेको देखिन्छ ।

अर्कोतर्फ शतबीज मेलासँगै कृषि बीउबिजन प्रदर्शनी र बिक्रीवितरणको नयाँ मौलिकपन बालाचतुर्दशी मेला समयमा देखिन्थ्यो । यसरी सरकारी अनुत्पादक जग्गालाई उत्पादनमूलक बनाउन र सरकारलाई कर तिर्नका लागि मन्दिरहरूको निर्माण, जगेडा र रुद्राक्षको वन व्यवस्थापन, १००८ प्रजातिका वृक्षहरू रोपण, विद्यालय निर्माण, छात्रावास निर्माण आदि गरेको देखिन्छ । व्यक्ति र सरकारबाट प्राप्त भएका गुठीका कतिपय जग्गामा वनजङ्गल संरक्षण गरिएको तथा उत्पादन हुन सक्ने खोरियाहरू फँडानी गरी सिँचाइ सुविधा पुऱ्याई उत्पादन बढाउन किसान, मोही तथा ठेकेदारलाई निर्देशन दिएको देखिन्छ ।

वार्षिक जनसङ्ख्याको बढ्दो चाप र प्रतिकूल मौसम बन्दै गएको वर्तमान परिपेक्षमा समेत अनुत्पादक, पट्ट बाँझो जग्गालाई उत्पादन गरी फाइदा लिनु भन्ने सन्देश दिएको देखिन्छ । यादव चापागाईंले (२०७२) यसलाई 'आधुनिक भूउपयोग नीति र कृषि क्षेत्र व्यवस्थापन नीति अन्तर्गत गरिब किसानहरूको कमाइ गरिखाने जग्गासमेत प्राप्ति नीति (सुकुम्वासी व्यवस्थापन नीति)' भनी प्रत्यक्ष वा अप्रत्यक्ष विश्लेषण गरेको भेटिन्छ । यो सन्देश अरुण उपत्यका र नेपाल सरकारका लागि पनि सान्दर्भिक र सारगर्भिक देखिन्छ ।

आज पहाडमा तथा तराईमा घडेरीका रूपमा लडिरहेका खेतीयोग्य हजारौँ जग्गाहरू विभिन्न भागमा सिँचाइको सुविधा हुँदाहुँदै पनि वर्षेनि बाँझो बन्दै गएका छन् । उक्त जग्गाहरू जसरी भएपनि भू-उपयोग नीति वा कृषिमा आधुनिकीकरण नीति ल्याई प्रयोग गर्नु जरुरी छ । विदेशतर्फबाट आयात गरिने कुहिसकेका धान, चामल, मकै, गहुँ, फलफूल आदिमा भर नपरौँ बरू कृषि उत्पादन तथा आर्थिक पक्ष सवल बनाऔँ भन्ने सन्देश पनि यो नीतिहरूले दिएको देखिन्छ । 'जग्गा खाली नछाडौँ, मलजल गरौँ र कृषि उत्पादन बढाऔँ' भन्ने सन्देश बालागुरुले यस राष्ट्रलाई छोडेको विश्लेषण गर्न सकिन्छ ।

बाँझो जग्गालाई कृषिकर्मद्वारा १००८ प्रजातिका जडिबुटी उत्पादन, फलफूल, धान, रुद्राक्ष आदिको सफल उत्पादन गराएको देखिन्छ । रुद्राक्ष वनको संरक्षणले हरितक्रान्तिको सङ्केत मात्र गर्दैन यसले 'हरियो वन नेपालको धन' भन्ने चेतना फैलाउँछ । बाँझो र ऐलानी जमिनको संरक्षण र उपयोगले 'हरित कृषिक्रान्ति' को राष्ट्रलाई आवश्यकता रहेको सङ्केत गर्दछ । 'नेपाल अन्नको भण्डार' बनाउन किसान पनि अघि बढ्नुपर्छ भन्ने लाक्षणिक सन्देश देखिन्छ ।

जलवायु परिवर्तनमा विरुद्ध सामूदायिक वन संरक्षण र सभ्य मानवको उत्तरदायित्वतर्फ लक्षित देखिन्छ । भविष्यमा वनविनाशका कारण प्राणवायु अक्सिजन र घरायसी जडिबुटीहरूको अभाव हुने देखिन्छ । त्यसैले मानिसहरूले प्राणवायु वा औषधि नपुगेर अकालमा मृत्युवरण नगरून् भन्ने धार्मिक मान्यताअनुसार वर, पीपल, रुद्राक्ष (३१% अक्सिजन हुन्छ), शमी, तुलसी, बेल, चावो, अमला आदि बहुउपयोगी जडिबुटी र प्राणवायु उत्पादनका भण्डार वृक्षहरू प्रत्येक घरहरूले ५-६ वटा भए पनि रोपण गरुन् भन्ने प्रत्यक्ष वा अप्रत्यक्ष कार्य गरी जागरण चलाएको शास्त्रिय मतको पनि जागरण गराएको देखिन्छ, जुन चलनबाट राष्ट्रमै करोडौँ बिरुवा संरक्षण हुने र विश्वभरिका हिन्दू र बौद्ध समाजबाट अरबौँ वृक्षहरू संरक्षण हुन सक्ने देखिन्छ । आजका वैज्ञानिकले भन्ने गरेको ओजोन तह विनाश र उपचारविनाको अकाल मृत्युबाट बच्न सकिने कर्महरूलाई व्यावहारिक रूपमा जागरण गराएको विश्लेषण गर्न सकिन्छ । बालागुरुभन्दा अघिबाटै चलनमा रहेका वर र पीपल लगाई चौतारा बनाइदिने

तथा वर र पीपलको विवाह गरिदिने चलनहरूमा पनि बढावा भएको देखिन्छ। तसर्थ सभ्य समाजको परिकल्पना लपेटिन सन्देश दिएको देखिन्छ । वन, वातावरण तथा पर्यावरण संरक्षण गरी स्वस्थ जीवनशैली बिताउन भौतिक र आध्यात्मिक आँखाहरू खोलिदिएको देखिन्छ । दिगो विकासको (sustainable development) परिकल्पना गरी थोरै स्रोत र साधनको उच्चतम प्रयोग गर्दै भविष्यका पुस्तालाई हस्तान्तरण गर्न सक्नु मानवीयपन हो भन्ने अप्रत्यक्ष सन्देश बालागुरुबाट भएको छ । उक्त कार्यहरू विश्वलक्षित दिगो विकास कार्यक्रम सन् २०१५ – २०३० सँग आज पनि मेल खाने वा सान्दर्भिक हुने दूरदर्शी नीतिका व्यावहारिक प्रयोगकर्ता बालागुरु पनि रहेको विश्लेषण गर्न सकिन्छ।

## राजनीतिक पक्ष विश्लेषण :

यादव चापागाईं (२०७२ : ३ – ४८) का अनुसार बालागुरु षडानन्द बहुप्रतिभाशाली व्यक्तित्व रहेको देखिन्छ। उनी शैक्षिक क्षेत्रका अग्रज नेतृत्व, सामाजिक जागरणका अभियानकर्ता, वातावरण संरक्षणका अभियन्ता, सिद्धपुरुष, योजनाकार, प्रविधि हस्तान्तरणकर्ता, निरङ्कुश राणाशासन र जनताबीच मध्यस्थकर्ता तथा अग्रज नेतृत्वसमेत रहेको स्पष्ट देखिन्छ।

हेमराज शर्मा अधिकारी (२०४१ र २०७५) का अनुसार निरङ्कुश राणा शासन अन्त्य गर्न प्रत्यक्ष क्रान्तिको सम्भावना थिएन । उनी शैक्षिक चेतनामार्फत राजनीतिक जागरणसमेत गरी समाजका विकृति र प्रथाहरू अन्त्य गर्दै राणाशासनको पूरै जरादेखि निर्मूल गर्न चाहन्थे । तसर्थ यस विद्यालयले नेपालमा अप्रत्यक्ष र महत्त्वपूर्ण राजनीतिक भूमिका खेलेको देखिन्छ। तत्कालीन समयमा शैक्षिक चेतनाको प्रमुख केन्द्र भोजपुर, सङ्खुवासभा, धनकुटा, खोटाङ र पूर्वी नेपालका जिल्लाहरूको अब्बल भूमिले अनगन्ती विद्वान्, साहित्यकार, धार्मिक सुधारक र राजनीतिक नेताहरू पनि जन्मायो जसको फलस्रूप नेपालमा राणाशासन अन्त्य भयो।

दिङ्ला तथा अरुण उपत्यकाको उर्वर शैक्षिक र सामाजिक पृष्ठभूमि कारण नेपालमा राणा शासनविरुद्ध क्रान्तिको बिगुल फुकेको देखिन्छ। वि. सं. २००७ का क्रान्तिमा भोजपुरतर्फबाट रामप्रसाद राई, नारदमुनि थुलुङ, श्रीपाल राई, भूदेव राई, ध्यानबहादुर राई, देवानसिंह राईजस्ता व्यक्तित्व हुनुहुन्थ्यो । दोर्जे भोटेको प्रमुख नेतृत्व तथा धेरै तामाङ सम्मिलित मुक्तिसेनाबाट भोजपुर अड्डामा आक्रमण गरी भोलिपल्ट सेमन्तराज अधिकारी, मुक्तिप्रसाद चापागाईं आदिको अगुवाइमा उक्त सेनाले वि. सं. २००७ साल मङ्सिर १४ गते हतियारसहित दिङ्ला जङ्गीअड्डा कब्जा गरेको थियो । दिङ्ला कब्जा गरेपछि अगाडि बढेको सोही मुक्तिसेनाका दोर्जे भोटे, सेमन्तराज अधिकारी, मुक्तिप्रसाद

चापागाई, राईहरू, तामाङहरू र स्थानीय नेतृत्व तथा मुक्तिसेनाले पूर्वी नेपालका चैनपुर, तेह्रथुम, ताप्लेजुङ, रुम्जाटार, ऐंसेलुखर्क आदिका अड्डाहरू कब्जा गरेको देखिन्छ । यसको प्रत्यक्ष कारण दिङ्ला पाठशालाको शिक्षा, छिनामुखुको आदर्श शिक्षा र राजनीतिक चेतना तथा षडानन्द पाठशालाका अनुकरणमा खोलिएका भोजपुर, अरुण उपत्यका तथा पूर्वी नेपालका पाठशालाका उत्पादित शिष्यहरू वा मुक्तिसेनाहरू थिए । दिङ्ला अगाडिको ज्ञानदिलदास, ब्रह्मदिलदास, सन्तदिलदास, अगमदिलदास आदिको जोसमनी मतमा आधारित भोजपुर छिनामुखुको शिक्षा, गोगनेमा खुलेको विद्येश्वर पाठशालाको शिक्षा, मादीको विद्यालयको शिक्षा, चन्दनपुर भाषा पाठशालाको शिक्षा, पं. जयधर्म अधिकारीले प्रदान गरेको शिक्षालगायत षडानन्द संस्कृत मोडलका अनुकरण पाठशालाका शिक्षाको पनि भूमिका रहेको विश्लेषण गर्न सकिन्छ । नेपालको भाषा पाठशालामा S-S Model का सूत्रधार षडानन्द पाठशालाको शिक्षाका कारण दिङ्ला, अरुण उपत्यका तथा पूर्वी नेपालले अनगन्ती प्रजातन्त्रका सेनानी जन्माएको विश्लेषण पनि गर्न सकिन्छ ।

वि. सं. २००७ सालमा बी. पी. कोइराला तथा तारिणीप्रसाद कोइरालाले भोजपुर पोखरेका कोइराला बन्धुहरूको घरपरिवारसमेत बसेर उल्लिखित नेतृत्व तथा अन्य नेतृत्वलाई पनि सरिक गराई राणाशासनविरुद्ध शङ्खघोष गरेको देखिन्छ । भोजपुरबाट क्रान्ति सुरुवातको मतलब हो भोजपुर शिक्षा र चेतनाको खानी हुनु । जहाँ शैक्षिक र राजनीतिक चेतनाको जागरण हुन्छ, त्यहाँबाट मात्र क्रान्तिको उद्घोष हुन्छ र सफल बन्दछ । सायद यही तत्त्वबोधको कारण बी. पी. कोइराला, रामप्रसाद राई र नारदमुनि थुलुङले पूर्वी पहाडी जिल्ला भोजपुरबाट क्रान्तिको बिगुल फुक्नुभएको थियो । नेपालको इतिहासमा प्रजातन्त्र घोषणा हुने प्रथम पहाडी जिल्ला भोजपुर बन्यो । के यसमा बालागुरुको दूरदर्शिता र पाठशाला शिक्षाको पनि अदृश्य भूमिका छैन ? तारिणीप्रसाद कोइरालाबाट मुक्ति आन्दोलनको जानकारी दिन तथा आन्दोलनलाई सशक्त बनाउन भोजपुर रेडियो (मोहन आकाशवाणी, यसको विकसित रूप र प्रविधि नै रेडियो हो) सञ्चालन भएको थियो । विराटनगरमा त्यसै बेला अर्को रेडियो सञ्चालनमा आयो । त्यही रेडियो वि. सं. २००७ मा प्रजातन्त्र आएपछि काठमाडौँ लगियो र आज अत्याधुनिक 'रेडियो नेपाल' बनेको देखिन्छ ।

## वि. सं. २००७ दिङ्ला कब्जा र राजनीतिक जागरण प्रसङ्ग :

पद्मराज सुवेदी (२०७३ : २२३) का अनुसार दिङ्लामा अध्ययन गर्दा साङराङतिर डेरा बस्ने गान्धी टोपीधारी एक खनाल नेताले भारतमा गान्धीले यसो गरे, उसो गरे, अङ्ग्रेज भगाए र काङ्ग्रेस आयो भन्दथे । अब नेपालमा

पनि काङ्ग्रेस आउँछ भनी वि. सं २००७ भदौ वा असोजतिर भन्दा काङ्ग्रेस कस्तो हुन्छ भनी अचम्म भएका थिए । तर मङ्सिरको दोस्रो सातातिर दिङ्लाको बालाचतुर्दशी मेला भर्न र चुरा व्यापार गर्न हाम्रो दलगाउँतिरका २०-२५ जना तामाङहरू पनि आएका थिए । दिङ्ला जाँदा आमाले पठाएको घिउ कोसेली ल्याइदिएका थिए । तीनदिने मेला सकिएपछि भोजपुर सदरमुकामतिरको बाटो दलगाउँ जाने क्रममा भोजपुर सदरमुकाम काङ्ग्रेसले कब्जा गरिसकेको रहेछ । दिङ्ला टुँडिखेलको जङ्गीअड्डा कब्जा गर्न भोजपुर सदरमुकामबाट केही काङ्ग्रेसीहरू दिङ्ला आउँदै रहेछन् । ती काङ्ग्रेसी हुलले घर फर्कन लाग्दै गरेका हाम्रो गाउँतिरका चुरा व्यापारी २०-२५ जना तामाङहरूलाई पनि बाध्य बनाई फर्काइ ल्याएछन् । बिहान ९-१० बजेतिर दिङ्ला बजारमा काङ्ग्रेस आयो भन्ने हल्ला चल्यो । म फुच्चे केटो काङ्ग्रेस कस्ता रहेछन् भनेर हेर्न जाँदा त आफ्नै गाउँका तामाङहरू पो रहेछन् ।

"श्री ५ त्रिभुवन जिन्दावाद ! वीर विश्वेश्वर जिन्दावाद ! राणाशाही मुर्दावाद ! आदि नारा लगाउँदै टुँडिखेलको जङ्गीअड्डा कब्जा गर्न लागे । भरुवा बन्दुकहरू पड्किएको सुनिन्थ्यो । दिङ्ला कब्जा भयो । छात्रावासमा आएर ती काङ्ग्रेसी खदालले भनेको कुरा साँचो भयो । त्यो काङ्ग्रेसको हुलसँग घोषित रूपले मिसिन दिउँसो १२-१ बजेतिर मुक्तिप्रसाद चापागाई, गुरु सेमन्तराज अधिकारी लगायत अन्य ५-७ जना लालुपाते फूल छातीमा टाँसेर टुँडिखेल लागेको देखेका थियौँ । मुक्तिप्रसाद र सेमन्तराजहरूले चैनपुर आ. वा. कब्जा गरे अरे र ऐंसेलुखर्कका आ. वा. पनि कब्जा गर्न गए भन्ने सुनिन्थ्यो । त्यस बेला जाँड, रक्सी, कुखुरा आदि खाँदा बाहुनको जात जाने हुनाले बाहुन काङ्ग्रेसीलाई उल्याउन 'नरम चाना भुत्ले साग, छ कि छैन नर्सिङ ट्वाक' भन्ने उखान खुब चलेको थियो ।"

विकृत सतीप्रथा र दासप्रथाको बालागुरुले अन्त्य वि. सं. १९४० को दशकबाट अरुण उपत्यकामा सकेसम्म गराएर श्री ३ चन्द्र शमशेरलाई जनतामार्फत परिबन्दमा पारेर बाध्य बनाई सतीप्रथा र दासप्रथा अन्त्य घोषणा गर्न लगाएको देखिन्छ । श्री ३ चन्द्र शमशेरले रहरले सतीप्रथा र दासप्रथा निर्मूल गरेको भए वि. सं. १९४०-४५ तिरै घोषणा हुन्थ्यो । तर भएन किन ? सामाजिक क्रान्तिको विधिअनुसार पनि कुप्रथा सम्माप्त हुन केही दशक लाग्न सक्दछ । तसर्थ बालागुरुको कुशल नेतृत्व थियो, राजनीतिक नेता भने होइन । उहाँ सनातन धर्मसंस्कृतिका सन्त वा समाजसुधारमा पनि अग्रज नेतृत्व हुनुहुन्थ्यो ।

पूर्व प्र. म. मातृकाप्रसाद कोइराला (२०५२) का अनुसार सिद्धगुरु षडानन्दले विद्यालय खोलेपछि संस्कृत भाषा, संस्कृति र शिक्षाको चेतना मात्र फैलिएन, बरू सामाजिक र सांस्कृतिक सुधारमा जोड दिँदै तत्कालीन

माझकिरात समाजमा नेतृत्वदायी भूमिकासमेत खलेको देखिन्छ । यस्ता व्यक्तित्वलाई राष्ट्रले कदापि भुल्नु हुँदैन । राष्ट्रिय विभूतिका रूपमा सम्मान गर्नुपर्दछ । उनको योगदानलाई salute (उच्च सम्मान) गर्दछु ।

दिङ्ला पाठशालाले देशविदेशको समाजलाई नेतृत्व दिने र आधुनिक समाज विकासमा पनि होस्टेमा हैँसे गर्ने धेरै पण्डितलाई जन्म दिएको थियो । डा. तुलसी भट्टराई र मेघराज शर्माका लेखहरूमा यसको प्रमाण भेटिन्छ । डा. भट्टराईले लेखमा तत्कालीन ताप्लेजुङ जिल्लाभरका जिल्ला हाँक्ने नामी र धुरन्धर पण्डितहरू, कुशल राजनीतिक नेतृत्वहरू, समाजसेवीहरू, विद्यालयका संस्थापकहरू, गुरुहरू र दानवीरहरू अधिकांश षडानन्द पाठशालाबाट उत्पादित शिष्यहरू थिए भन्ने सङ्कलित नामसहित निष्कर्ष निश्कन्छ ।

षडानन्द पाठशालाबाट उत्पादित शिष्य, शिष्यका पनि शिष्य (अप्रत्यक्ष) अथवा अतिशिष्यहरूका सन्तानको अथवा भोजपुर जन्मथलो हुनेहरूको नेपालमा शैक्षिक योगदान, सामाजिक योगदान, राजनीतिक योगदान, आर्थिक योगदान, आध्यात्मिक योगदान तथा प्रशासनिक योगदानले विभिन्न क्षेत्रमा आजसम्म पनि महत्त्वपूर्ण छ । आज पनि भोजपुरमा जन्म भई कर्मस्थल नेपालको अन्य भागमा बनाए पनि नेपालको सर्वोच्च पदमा समेत आसीन हुनेहरू छन् । अन्तर्राष्ट्रिय स्तरमा ख्याति कमाउनेहरू, उच्चस्तरका नेताहरू, मन्त्रीहरू, राजदूतहरू, सेनापति, प्रहरीप्रमुख, सरकारका सचिवहरू तथा पूर्वमुख्यमन्त्रीहरू, पूर्वराष्ट्रपति, पूर्वनायब बडागुरुज्यू (डा. माधवप्रसाद भट्टराई, पूर्वविद्यार्थी), पूर्वपरराष्ट्रविद् (केशरबहादुर केसी, पूर्वविद्याथी), पूर्व संयुक्त राष्ट्रसङ्घका स्थायी प्रतिनिधि, पूर्वसचिव र पूर्वराजदूत (मुराररिराज शर्मा, पूर्वविद्यार्थी), डा. हेमाङ्गराज अधिकारी लगायत अनेकौँ उच्च पदका व्यक्तित्वहरू षडानन्द पाठशालाका उत्पादन देखिन्छन् । उनीहरू भोजपुरको जन्म वा कर्म पनि भोजपुरको हावा, पानी, माटो, नुनपानी वा अन्नपानीले हुर्किएको थियो । भोजपुरको उच्च शैक्षिक चेतनाको कारण नेपाल सरकारका प्रमुख जिम्मेवारीमा पुगेका थिए र आज पनि धेरै देखिन्छन् । भोजपुरले नेपालमा धेरै साहित्यकार, कलाकार, गायककार, सङ्गीतकार, रचनाकार आदि पनि जन्मायो । दिङ्लाले जन्माएका पनि राज्यका धेरै विधाहरूमा प्रख्यात बन्न पुगे र पुगेका छन् । त्यहाँ प्रत्यक्ष र अप्रत्यक्ष दिङ्लाको शैक्षिक चेतना, संस्कार वा हावापानीको प्रभाव परेको हुन सक्छ ।

वि. सं. १९७५ मा त्रिचन्द्र क्याम्पस उद्घाटन समारोहमा चन्द्र शमशेरले भनेका थिए – 'क्याम्पस खोली आफ्नो खुट्टामा आफैँ बन्चरो हान्दैछु ।' तर बालागुरु षडानन्दले यो कुरा गलत सावित गरिदिएको कुराको अध्ययन श्री ३ ले गरेका रहेनछन्, किनकि षडानन्दको प्रसिद्धि त षडानन्द पाठशाला खोलेपछि भएको थियो । तथापि उनको लोकप्रियता र सिद्धपुरुष व्यक्तित्वको प्रभावका

कारण श्री ३ जङ्गबहादुर राणादेखि श्री ३ चन्द्र शमशेरसम्म कुनै कठोर हृदयको शासकले पनि यो विद्यालय बन्द गर्न सकेनन् । बरू दिङ्लाको पाठशालाको अनुकरण गर्दै बरदा राज्यको शिक्षाप्रणाली (Universal Education System) नेपालमा सुरुवात देव शमशेरले गरेका थिए । जयपृथ्वीबहादुर सिंहले अक्षाराङ्क शिक्षा पुस्तक, नेपाली व्याकरण र भाषा पाठशालाका पाठ्यक्रम तयार पारेका थिए । बालागुरुको भाषा पाठशाला जस्तै अनुकरण गरी विद्यार्थी जम्मा गरी पढाउन सुरु गर्नेलाई शिक्षक दरबन्दीको व्यवस्था गर्न लाग्दालाग्दै देवशमशेरलाई श्री ३ पदवीबाट खोसियो तथा धनकुटातर्फ लखेटियो । हेमराज अधिकारी (२०७६) का अनुसार उनको शासनकालमा ५७ वटा भाषा पाठशाला र अन्य पाठशाला गरी १०८ जति पाठशाला स्थापना भएका देखिन्छन् ।

हेमराज गुरागाईं (प्रतिनिधि साप्ताहिक : २०५५।८।२३) का अनुसार जहानियाँ राणाशासन र समाजमा व्याप्त विकृति र विसङ्गतिविरुद्ध षडानन्दले शैक्षिक चेतना र समाजसुधारमार्फत ठूलो क्रान्तिकारी अभियान चलाई राष्ट्रमै हलचल ल्याएका थिए । विविध पक्षमा जागरण र पुनर्जागरण गराएका थिए । क्रान्तिका लागि आगोका फिलुङ्गाहरू फाल्ने विशाल, तोप, बन्दुक र पूरै ब्रह्माण्ड तहसनहस गराउने आणविक अस्त्र-शस्त्र उनलाई आवश्यकता परेन । केवल शान्ति, अहिंसा, शैक्षिक चेतना र समाजसुधारबाट जहानियाँ शासनको कठोर मन जित्न सफल भए । कुशल राजनीतिज्ञले झैँ सामाजिक रूपान्तरणहरू भए, जसको प्रभाव दिङ्लाबाट सुरुवात भई राष्ट्रभरि फैलिएको थियो ।

गुरागाईंका अनुसार अरनिकोले चीन-तिब्बत गई कलाकौशलले नाम कमाए । रत्नाकर डाकु भनिने व्यक्तिले वाल्मीकि बन्ने अवसर पाए । भानुभक्तले रामायण लेख्ने श्रेय पाए । बुद्धले शान्ति र अहिंसाको पाठ पढाएझैँ षडानन्दले सर्वप्रथम मुलुकमै पहिलो पाठशाला खोल्ने श्रेय पाए, जहाँ भारत, सिक्किम, दार्जिलिङ, भुटान, आसाम तथा म्यानमारसम्मका विद्यार्थी पढ्न आउँथे । तसर्थ षडानन्दलाई पनि सरकारले राष्ट्रिय विभूति घोषणा गरी सम्मान गर्नुपर्दछ ।

निष्कर्षमा बालागुरु षडानन्दको दूरदर्शी नीतिको खाँचो तत्कालीन अरुण उपत्यका, दरबार, महिला, पुरुष, दलित, मजदुर, किसान, किरात, समाज सुधारक, दानवीर तथा अनगन्ती क्षेत्रलाई आवश्यक थियो । उनले नेपालीको चेतनातर उकासे अनि आदर्श समाज र आदर्श राज्य बनाउने कल्पना गरे । उनको आदर्श समाजको परिकल्पना सबै धर्म, जात, भाषा, तह र क्षेत्रका लागि आवश्यक थियो । उनी नेपाली समाजसुधारक, कुप्रथाविरुद्धका मुक्तिदाता, सभ्य समाजका सूत्रधार, जागरणकर्ता, पुनर्जागरणका अभियन्ता र दार्शनिक देखिन्छन् ।

●

## खण्ड छ

# षडानन्दको व्यवस्थापकीय योगदानको वैधता तथा आधिकारिकता

### कानुनी वैधता, आधिकारिकता र दीर्घता :

विविध कार्य, योगदान, प्रवचन, उपदेश र समाजसुधारमार्फत बालागुरुले विद्यालय, पाठशाला, गुठीको जग्गा आदि विविध पक्षहरू व्यवस्थापन गरी जागरण गरेको एकादेशको कथा मात्रै हो कि भन्ने प्रश्न पाठकमाझ जन्मन सक्दछ । ती कार्यहरू, योगदानहरू र परीक्षणहरूलाई प्रमाणित गर्ने ठोस प्रमाण र आधारहरू के-के थिए ? आफूखुसी ती कार्यहरू गर्नुभएको थियो कि ? कुन-कुन सरकारी स्वीकृति र आधिकारिकताका प्रक्रियाहरू पूरा भएका थिए ? गुरुले छोडेका ठोस आधार वा प्रमाणहरू दीर्घकालसम्म टिक्न सक्छन् वा सक्दैनन् ? भन्ने विश्लेषण यस खण्डमा गरिएको छ । यादव चापागाईंले (२०७२) यस सम्बन्धमा आफ्नो पुस्तकमा धेरै कुराहरू उल्लेख गरेको देखिन्छ तथापि केही थप आधारहरूसमेत खोज गरी खोतल्ने सानो प्रयास गरिएको छ ।

### कानुनी वैधताका आधारहरू :

१. वि. सं. १९३५ को लालमोहर श्री ५ सुरेन्द्र विक्रमको आदेशबाट प्रदान भएको
२. वि. सं. १९४१ को रुक्कापत्र श्री ३ रणोद्धीप सिंहबाट प्रदान भएको
३. वि. सं. १९४२ को ताम्रपत्र - श्री ५ पृथ्वी वीरविक्रमबाट प्रदान भएको
४. वि. सं. १९४६ मा सनदपत्र जारी
५. वि. सं. १९६० को स्वीकृति - सीताराम गुठी र यसका गतिविधि सञ्चालन गर्न, औपचारिक अनुमति प्रदान
६. वि. सं. १९६६ को धर्मपत्रिका - तत्कालीन स्थानीय सरकारको प्रतिनिधित्व झल्कने गरी ३१ जना समाजका विशिष्ट बुद्धिजीवी प्रतिनिधि साक्षी राखेर झन्डै ५० फिट लामो नेपाली कागजको लिखित आमघोषणा गरिएको
७. वि. सं. १९६६ को शिलालेख - धर्मपत्रिकाको व्यहोरा उल्लेख भएको छ । धर्मपत्रिका च्यातेर, डढेर, हराएर मक्किएर वा भिजेर जान्छ भनी विशाल ढुङ्गामा शिलालेख स्थापना भएको

८. वि. सं. १९७० को इस्तिहार - श्री ३ चन्द्र शमशेरबाट जारी गराई प्राप्त जसमा जग्गा मोहीको किचलो सधैँका लागि अन्त्य गरिएको कानुनी आधार प्रदान भएको
९. वि. सं. १९७४ को थप धर्मपत्रिकामा स्थानीय वरिष्ठ प्रतिनिधिले थप गर्नुभएको र वि. सं. १९६६ को धर्मपत्रिकालाई संशोधन गरी वि. सं. १९७४ को तजबीज पत्र नामाकरण भएको थियो । तजबीज पत्रमा रु. २१६३।- नगद थप देखिन्छ ।
१०. वि. सं. १९७७ आश्विन ३ मा रु. १५३०।- थप गरेको र तर्जुमापत्र वि. सं. १९७८ भनिएको लिखत
११. वि. सं. १९६६ को फैसला - पूर्व ४ नं बडाहाकिम खण्डमान सिंहको अदालती फैसला र अभिलेख
१२. वि. सं. १९७७ माघ - पूर्व ४ नं. गोश्वारा हाकिम कप्तानको लिखत बडापत्र
१३. वि. सं. १९८३ को बिदा स्वीकृत पत्र - जङ्गीअड्डा दिङ्लाका कप्तानद्वारा बिदाहरू स्वीकृत गरेको पत्र
१४. वि. सं. १९९१ वैशाख ४ गतेको फैसला - पूर्व ४ नं. गोश्वारा बडाहाकिमले गुठीको सम्पत्ति जाँच गरी फैसला गरेको अभिलेख
१५. वि. सं. १९८८ तर्जुमापत्र (केही छुटेका विषयवस्तु थप गरिएको)
१६. वि. सं. १९९१ जेठको पुर्जी - पूर्व ४ नं. गोश्वाराबाट गुठीमा मोतिलाल पाध्याको नाममा जाँचकी पुर्जी जारी
१७. वि. सं. १९६९ ज्येष्ठ २ मा रु. २००।- नगद धर्मपत्रिकामा थप
१८. वि. सं. २००१ माघ २२ मा १/५ मुरी धान गुठी आयस्तामा थप भएको लिखत
१९. वि. सं. २०३६ मा गुठी जग्गाहरू नापी भएको रेकर्ड, १७५३ रोपनी जग्गा देखिन्छ ।

(यादव चापागाईं : २०५२ : ३१ – ४५ तथा
षडानन्दसम्बन्धी अभिलेख २०७० : ३ – १३४)

माथिका अभिलेखले कानुनी वैधता र आधिकारिकताको प्रमाण केन्द्रीय सरकार, स्थानीय सरकार र स्थानीय जनतासँग रहेको बुझिन्छ। धेरै आधिकारिक प्रमाण दिङ्ला सीताराम मन्दिर परिसरमा गए देख्न र भेट्न सक्दछौँ । वि. सं. १८४०-५० तिर रावाखोले पौवारे सन्तले भोजपुर छिनामुखुमा सञ्चालन गरेको जोसमनी मतको सन्त शिक्षा आजभोलि प्रमाणविहीन बनेको छ । छिनामुखुमा प्रमाण नभएर इतिहास समाप्त भएको छ । तर गुरु षडानन्दमा कुशलता र दूरदर्शिताको कारण आजसम्म दिङ्लामा जीवित प्रमाणहरू छन् ।

**कबुलियतनामा, नियुक्तिपत्र र राजिनामा सम्बन्धमा :**

१. वि. सं. १९५५ फागुन ६ शुक्रबार पाठशाला र मन्दिरको कामकाज गराउने कबुल गरी हकबाला भतिजाहरू तथा अन्य भद्र भलाद्मीहरूले बालागुरु षडानन्दलाई गरिदिएको कबुलियतनामा देखिन्छ ।
२. वि. सं. १९६८ आषाढ २२ गते बिहीबार केराबारी साङराङ बस्ने करे घर्ती र नसिंगे घर्तीले मन्दिर, देवालय, सत्तल, बगैंचा आदिको पर्खाल मर्मत गरी तयार राख्न मन्जुर भई गरेको कबुलियतनामा
३. वि. सं. १९७७ आश्विन ७ गते साल्मा बस्ने पं. बद्रीनारायण अधिकारीले षडानन्द पाठशालामा शिक्षक बन्न मन्जुर भई गरेको कबुलियतनामा
४. वि. सं. १९७८ वैशाखमा शिक्षक र विद्यार्थीको दोहोरो सिदा (धान) लिएकोमा दोहोरो परेर फिर्ता बुझाउँछु भनी पाठशालाका शिक्षक नन्दलाल खनालले गरेको कबुलियतनामा
५. वि. सं. १९८१ जेठ १७ गते शुक्रबार गढीगाउँ बस्ने मनोरथ पाध्या गुरागाईंले नर्मदेश्वर महादेवको नित्य पुजारीको कामकाज गर्न मन्जुर भई गरेको कबुलियतनामा
६. वि. सं. १९८१ जेष्ठमा साङराङ बस्ने पं. दण्डपाणि अधिकारीले गुठीको गुठियारको दामकाम गर्न मन्जुर भई गरेको कबुलियतनामा
७. वि. सं. १९८१ जेठ २३ गते बिहीबार साङराङ बस्ने पं. शिवलाल पाध्या अधिकारीले आफ्ना छोरा प्रभूनाथले गरि आएको लेखन्दासको काम गर्न मन्जुर भई गरेको कबुलियतनामा ।
८. वि. सं. १९८१ जेठ २४ गते शुक्रबार आम्बोटे बस्ने इन्द्रबेलास उपाध्याय गौतमले सुख्खा असिना परी दैव लागे पनि गुठीलाई मेरो खुसीले म आफै धान दिउँला, कमाउन सकुन्जेलसम्म जग्गा दिनुहोला भनी मन्जुर भई गरेको कबुलियतनामा
९. वि. सं. १९८२ वैशाख १९ गते शुक्रबार साङराङ बस्ने प्रभुनाथ उपाध्यायले गुठीयारको सहायक भई कामकाज गर्न मन्जुर गरेको कबुलियतनामा
१०. वि. सं. १९८३ जेठ २१ गते बुधबार आम्बोटे कुशविर्ता बस्ने रोहिणीरमण चापागाईंले मालीको काम गर्छु भनी गरिदिएको कबुलियतनामा
११. वि. सं. १९८३ जेठमा भन्ज्याङ बस्ने देउमान घर्तीले लाए अह्राएको मान्ने र सिपाहीको काम गर्छु भनी गरेको कबुलियतनामा
१२. वि. सं. १९८४ जेठमा साङराङका २६ वर्षीय नरनाथ पाध्या कोइरालाले गुठीका तजबीजपत्रको खान्कीबाट दिएको राजिनामा
१३. वि. सं. १९८५ वैशाख ५ गते मङ्गलबार पं. रमानाथ पाध्याले जाँचकीको काम गर्न मन्जुर भई गरेको कबुलियतनामा

१४. वि. सं. १९८५ वैशाख ४ गते ६४ वर्षीय खरिदार यज्ञनिधि चापागाईंले गौरीनारायणका पसल घरदलानमा जाँचकी पदबाट दिएको राजिनामा
१५. वि. सं. १९८६ वैशाख २९ गते आइतबार नरनाथ पाध्या कोइरालाले जिम्मावालको सहायक भई काम गर्न मन्जुर भई गरेको कबुलियतनामा
१६. वि. सं. १९९४ पौष २२ गते बुधबार आरुबोटे बस्ने नेत्रप्रसाद उपाध्याय गौतमले सीताराम र महेश्वर महादेवको (षडेश्वर) नित्य पूजा गर्न मन्जुर भई गरेको कबुलियतनामा
१७. वि. सं. १९९४ पौष २४ गते शुक्रबार आरुबोटे बस्ने रामनाथ उपाध्याय गौतमले राधाकृष्ण मन्दिर र शिवलिङ्गहरूको नित्य पूजा गर्न मन्जुर भई गरेको कबुलियतनामा
१८. वि. सं. १९९६ जेठ सोमबार भन्ज्याङ बस्ने श्यामसुन्दर नेवारले बगैंचाको काम गर्न मन्जुर भई गरेको कबुलियतनामा
१९. वि. सं. १९९८ चैत्र १७ गते मङ्लबार नन्दिकेश्वर चापागाईंले गुठीयार भई काम गर्न मन्जुर भई गरेको कबुलियतनामा
२०. वि. सं. १९९९ जेठमा बद्रीनारायण अधिकारी, शेषराज अधिकारी, काशीनाथ अधिकारी र गढीगाउँका लक्ष्मीभक्त अधिकारीले आफ्ना पूर्वज तथा बन्धुहरूले बनाएका छात्रावास (२ तले ४-४ कोठाको घर) र बुर्जाघर मर्मत गरी आउँदो मङ्सिर महिनासम्मका लागि हालको वर्षालाई टार्न टालटुल गरी चल्नेसम्म बनाउँला र सो मङ्सिरमा नयाँ तयार गर्नेछौं भनी मन्जुर भई गरेको कबुलियतनामा
२१. वि. सं. १९९९ फाल्गुन २१ गते बिहीबार २८ जना पञ्च भद्रभलादमीले साल्मा बस्ने पं. पद्मनाभ पाध्यालाई दोस्रा पण्डितमा भर्ना गरी दिएको नियुक्तिपत्र । पं. बद्रीनारायण अधिकारीको पौष २३ गते स्वर्गारोहण भई रिक्त रहेको पदमा भन्ने व्यहोरा छ ।
२२. वि. सं. २००० जेठ १ गते आइतबार साङराङ बस्ने हरिहर उपाध्यायले पाठशाला सीताराम गुठीमा श्रेस्ता खडा गर्न कारिन्दाको कामकाज गर्न मन्जुर भई गरेको कबुलियतनामा
२३. वि. सं. २००५ फाल्गुन २० सोमबार गढीगाउँ बस्ने गुणनिधि उपाध्याय खतिवडाले साविक पुजारी नन्दिकेश्वर गुरागाईंको मृत्यु भएको हुनाले उक्त स्थानमा नर्मदेश्वर महादेवको पुजारी भई कामकाज गर्न मन्जुर भई गरेको कबुलियतनामा
२४. वि. सं. २००५ पौष ९ गते बिहीबार साङराङ बस्ने ठमनाथ पाध्याले पाठशाला गुठीको मौजदात मालमता जाँची पाठशाला गुठीको जाँचकीको पदमा काम गर्न मन्जुर भई गरेको कबुलियतनामा

२५. वि. सं. २००५ माघ ६ बुधबार साल्मा बस्ने झिल्लिमान नेवारले पाठशाला गुठीको सिपाही भई काम गर्न गरेको कबुलियतनामा
२६. वि. सं. २००५ फागुन १९ गते बुधबार पं. सेमन्तराज अधिकारीले पाठशालाको अध्यापकको काम गर्न मन्जुर भई गरेको गरेको कबुलियतनामा
२७. वि. सं. २००७ श्रावण २२ गते आइतबार गढीगाउँ बस्ने बालागुरुका सल्लाहकार पण्डित नन्दीकेश्वर अधिकारीका नाति वर्ष ४५ का शिवप्रसाद अधिकारीले पाठशालाको अध्यापकको काम गर्न मन्जुर भई गरेको कबुलियतनामा देखिन्छ ।

(षडानन्दसम्बन्धी अभिलेख तथा काजजात (२०७० : १८३ – २१६ बाट साभार)

अन्य कतिपय छुटपुट भएका होलान् तर वि. सं. २००७ पछाडिको कबुलियतनामा, राजिनामापत्र र नियुक्ति पत्रहरूलाई विषयवस्तु धेरै लामो हुने भएकाले ग्रन्थमा समेट्न सकिएन ।

बालागुरुले प्रमाण नराखेको भए उहाँका कीर्तिहरू र अष्टसिद्धिका अलौकिक कुराहरू, स्वामी प्रपन्नाचार्य (२०३९ : ५६) ले 'वेदमा के छ ?' ग्रन्थमा उल्लेख गरेजस्तो सप्रमाण खोतल्न मुस्किल हुने थियो । "प्राचीन कालमा हिन्दू विज्ञान नभए किन ग्रन्थ लेखिन्थ्यो ? टाकुरामा पुगेको हिन्दू विज्ञान खोतल्न आज समस्या परेको छ । जस्तै त्यस बेला पनि दोस्रो विश्वयुद्धभन्दा कैयौँ ठूला युद्धहरू भएका थिए । ऋग्वेद कालमा दासराज्ञयुद्ध भयो । परशुरामले २१ पटकसम्म क्षत्रीहरूसँग युद्ध गर्दा प्राचीन वेद र पुराणहरू पनि नष्ट भए । फेरि पुनर्लेखनमा समस्या पर्‍यो । फेरि राम र रावण युद्ध भयो । देवासुर र तारकासुर आदिका युद्ध पनि देखिन्छन् । महाभारतको युद्धमा १८ अक्षौहिणी सेना समाप्त भए । ठूला-ठूला वैज्ञानिक र वीरहरू समाप्त भए । द्रोणाचार्यले लिएको विद्या अनि एकलव्य, बर्बरिक, घटोत्चक, कर्ण, बभ्रुवाहन, जरासन्ध आदि अनेकौँ वैज्ञानिक र वीर सोत्तर भए । कतिपय ज्ञान र विज्ञान संसारबाट सदाका लागि रित्तियो । चीनको पेकिङ क्षेत्रमा भेटिएको वैज्ञानिकले ४०-५० हजार वर्ष पुरानो भनेको ढुङ्गे हारमोनियम र ४ लाख वर्ष पुरानो भनेको कुनै धातुको जुत्ताबारे डार्विनको सिद्धान्त बोल्न नसकेको कुरामा हाम्रो ध्यान गएन । डार्विनद्वारा प्रतिपादित मानव विकास चरण सिद्धान्त विष्णुका नवअवतारको विग्रह प्रति जस्तो देखिन्छ, खोजी गर्दैनौँ । ज्ञान मर्दछ हाँसेर, रोएर विज्ञान मर्दछ ।"

तर बालागुरुले छोडेका धेरै भौतिक प्रमाणहरू वा अवशेषहरू दिङ्लामा आज पनि प्रमाणका रूपमा बोलिरहेका देखिन्छन् । उहाँले छाडेका अमूल्य कीर्तिहरू र प्रमाणहरू सङ्ग्रहालय खोलेर, जीर्णोद्धार गरेर वा कसरी हुन्छ, संरक्षण गर्नु आवश्यक देखिन्छ ।

**अभिलेखहरूको दीर्घता र वैधता :**

- कागजी अभिलेखहरू नेपाली कागज वा लोक्ताबाट निर्मित कागजमा लेखेको देखिन्छ, जुन लामो समयसम्म कुहिँदैन र अक्षरहरूसमेत आधुनिक कागजको तुलनामा त्यसमा उडेर जादैन ।
- तत्कालीन समयमा गरिएका भूमिपत्र, दानपत्र, नियुक्तिपत्र, अलिबन्धपत्र, बिक्रीपत्र, राजिनामापत्र, तथा भरपाईहरू हालसम्म धेरै सुरक्षित छन् । साथै षडानन्द आश्रम संरक्षण समाजले उक्त पत्रहरू छपाई षडानन्द सम्बन्धी कागजपत्र तथा अभिलेख नामक पुस्तक (२०७०) प्रकाशन गरी सुरक्षित र आधिकारिक प्रमाण राख्ने कार्य भएको देखिन्छ ।
- ३४ वर्षसम्म षडानन्दका सल्लाहकार, सहयोगी, परीक्षा बोर्ड प्रमुख तथा शिक्षक आदिको भूमिका निर्वाह गरी योगदान दिने पं. नन्दिकेश्वर अधिकारीको वि. सं. १९७४ को पुस्तक दुर्गाप्रसाद अधिकारीले सङ्कलन र विश्लेषण गरी छपाएको देखिन्छ । बालागुरुका सहयोगी, शिष्य र खरिदार बनेर प्रशासन हेर्ने स्व. यज्ञनिधि चापागाईंको वि. सं. १९८७ को पुस्तक, दण्डपाणि चापागाईंका लेख र सेमन्तराज अधिकारीद्वारा लिखित बालागुरु सम्बन्धी ग्रन्थ अत्यन्तै आधिकारिक र महत्त्वपूर्ण पुस्तक वा प्रमाण हुन् । यी पुस्तकको अध्ययनबाट आधिकारिकता र वैधता प्राप्त गर्न सकिन्छ ।
- षडानन्द विद्यालयमा रहेका छात्रवृत्ति भरपाई, विद्यार्थी अभिलेख, विभिन्न पाण्डुलिपि पत्रहरूलाई आधिकारिक प्रमाणका रूपमा लिन सकिन्छ, जसमा प्रायश: धेरै अभिलेख उपलब्ध छन् । यिनीहरूको पनि संरक्षण गर्नुपर्दछ ।
- पछिल्लो चरणमा विद्यालयका पूर्व प्र. अ. हरिप्रसाद काफ्लेसम्बन्धी पुस्तकले पनि धेरै प्रमाणहरू खोतलेर छपाइ गरेको देखिन्छ ।
- गुठी समितिसँग रहेको जग्गासम्बन्धी कागजात, आमदानी लेखाजोखा Audit Report, मिसिल उपलब्ध छन् । तिनको पनि संरक्षण गर्नुपर्दछ ।
- पूर्व ४ नं. गोश्वारा बडाहाकिम कार्यालय र जङ्गीअड्डा दिङ्लाले गरेको Audit Reports हालसम्म पनि उपलब्ध कागजातहरू पनि ठोस प्रमाण भएकाले संरक्षण गर्नु आवश्यक छ ।
- ताम्रपत्र र शिलापत्र सजिलै च्यातिएर जान नसक्ने, आगोले डढेर नष्ट नहुने र प्राकृतिक प्रकोपले समेत सजिलै नष्ट नहुने भएकाले ती प्रमाणहरू छोड्ने दूरदर्शिता बालागुरु षडानन्दको देखिन्छ ।
- प्रमाण नै नपाइने अवस्थामा पनि बुढापाकाबाट प्राप्त श्रुतिहरू, उखानहरू र षडानन्द पाठशालाका उत्पादित वि. सं. २००० अघिका शिष्यहरू

हालसम्म पनि कतिपय जीवित नै रहेको हुनाले उनीहरूबाट प्राप्त श्रुति वा जानकारीलाई पनि विश्लेषण गर्दै आधिकारिक सामग्रीका रूपमा सङ्कलन गर्न सकिने अवस्था आजसम्म पनि देखिन्छ । अन्य धेरै भौतिक वा ठोस प्रमाणहरू पनि दिङ्लामा जीवितै देखिन्छन् ।

- ढुङ्गेमन्दिर, ढुङ्गेस्तम्भ, ढुङ्गेबसाहा, ढुङ्गेमूर्तिहरू आदि कतिपय नष्ट भए । कतिपय अवशेष मात्र बाँकी भए पनि धेरै प्रमाण आजसम्म पनि सीताराम मन्दिर परिसरका ढुङ्गे कलाकृतिबाट स्पष्ट खोज गर्न सकिन्छ ।

पूर्वन्यायाधीश ऋषिराज मिश्र (२०७३ : ६३-६४) का अनुसार आवाल ब्रह्मचारी षडानन्द कुशल व्यवस्थापक, ऐन-कानुनका पृष्ठपोषक र धर्मनिष्ठ शिक्षाका ज्योतिसमेत रहेको स्पष्ट जानकारी हुन्छ । उनले सम्वत् १९५९ ज्येष्ठ ३० रोज २ मा भतिजाहरूलाई लेखेको पत्र ... धर्म गर्छु भन्नेलाई बाधा नपार्नु ... छोरा सपूत शिष्य सपूत भए भने ... भन्ने देखिन्छ । संवत् १९७२ आश्विन १ को स्वहस्ताक्षर अंशवण्डासम्बन्धी पत्रमा ... हाल तिमी २ भाइ छुट्टिएका छौ, यो संसारको व्यवहार हो । परंतु छुटिए पनि वण्डा अंश यथार्थ गर्नु । तलमाथि नपार्नु र मिलेर रहनु, सङ्गमा को पो बसिरहन्छ ... को विश्लेषण गर्दा बालागुरुलाई कुशल र योग्य व्यक्तित्व तथा ऐन-कानुनका पृष्ठपोषक वा प्रयोगकर्ताका रूपमा विश्लेषण गर्न सकिन्छ ।

**विविध क्षेत्रमा बालागुरुसम्बन्धी आधिकारिकता, वैधता र दीर्घता :**

१. सरकारले बालागुरु षडानन्दलाई समाजसुधारकको सूचीमा राखेको छ ।
२. सरकारले वि. सं. २०५१ मा रु. ७ को हुलाक टिकटमा बालागुरुको फोटो प्रकाशन गरेको थियो ।
३. विश्वका महान् सन्तहरूको पङ्क्तिमा विश्वका ५०० जना सन्तहरूमध्ये श्री १०८ बालागुरु षडानन्द र स्वर्गद्वारी महाप्रभु २ जना मात्र नेपालबाट परेको देखिन्छ । दधिराज सुवेदी (२०५२) ले उक्त कुरा भारतको गीता प्रेसको सन् १९४५ तिर सन्त विशेषाङ्क छापिएको थियो । खोजको क्रममा यो ग्रन्थलेखक असमर्थ रहे पनि डा. जगमान गुरुङले १ फोटोकपी षडानन्द प्रतिष्ठान, काठमाडौँलाई उपलब्ध गराएको जानकारी प्रतिष्ठानका सचिव प्रा. लालानाथ सुवेदीबाट प्राप्त भएको छ ।
४. सिक्किम, भुटान, भारत, आसाम, बर्मा, बद्रीनाथ, कलकत्ता, मुम्बई, श्रीलङ्का आदिमा पनि गुरु षडानन्दका बारेमा ख्याति पुगेको थियो । भारतको गुजरातको गायकवाडको पुस्तकालयको अडियार पुस्तकालय शाखामा बालागुरु षडानन्दले गुजराती भाषामा लेखेका ५० औं पाण्डुलिपिहरू २ दशकअघि सुरक्षित रहेको खुलासा स्वामी प्रपन्नाचार्यले गर्नुभएको छ ।

५. पचली भैरवघाटमा तपस्या गर्दा श्री ३ तथा श्री ५ परिवारहरू पनि पचली भैरव पुगी उपदेश लिनु तथा श्री ३ र श्री ५ परिवारलाई समेत रिझाउने खुबी हुनुले असाधारण व्यक्तित्व वा सिद्ध पुरुष हुनुहुन्थ्यो भन्न सकिन्छ ।
६. देशविदेशबाट आज पनि साधु, सन्त, खोजकर्ता, अनुसन्धानकर्ता र उच्च तहका सरकारी कर्मचारीहरू बेलाबखत दिङ्ला पुगिरहेका देखिन्छन् । कोही मेरा हजुरबुबाले पढेको दिङ्ला, कोही जिजु हजुरबुबाले पढेको दिङ्ला, कोही काकाले पढेको ठाउँ, कोही मामाले पढेको ठाउँ, कोही मावली हजुरबुबाले पढेको ठाउँ र कोही मेरा पिताले पढेको दिङ्ला भन्दै बालागुरुको योगदान सुनाउँदै आज पनि दिङ्ला पुगेको देखिन्छ । श्रद्धासाथ पूजा आजा गरी फर्किएको देखिन्छ । यी श्रुति, कार्य तथा बालागुरुप्रतिको श्रद्धासुमनलाई सामान्य प्रमाण वा आधिकारिकताका रूपमा मान्न सकिन्छ ।

- नेपालमा समाजसुधारका २० औं वा ३० औं प्रथम प्रयोगहरू मूलतः दिङ्लामा र अरुण उपत्यकामा पनि गरेको हुनाले त्यहाँका गुठीका जग्गाहरूलाई प्रमाणका रूपमा लिन सकिन्छ ।
- षडानन्द राष्ट्रिय पुरस्कार, षडानन्द विद्वत् छात्रवृत्तिका साथै दिङ्ला, झापा, इटहरी, विराटनगर, काभ्रेको बनेपा र काठमाडौंमा षडानन्द जन्मजयन्ती मनाइनु पनि बालागुरु षडानन्द र उनका योगदानसम्बन्धी प्रमाणहरू हुन् ।
- 'विद्या हराए कि त काशी जानू, कि त दिङ्ला जानू' भन्ने उखान प्रमाणका रूपमा लिन सकिन्छ ।
- सीताराम गुठी, षडानन्द मा. वि., षडानन्द मार्ग (विराटनगर), षडानन्द नगरपालिका आदि बालागुरुसम्बन्धी कीर्ति थपिँदै जानु पनि भोलिको सन्ततिका लागि दीर्घ, वैध र आधिकारिक प्रमाण हुन् ।
- रुद्राक्षको खानी दिङ्ला र नेपालको ओरिजिनल प्रजातिको एक मात्र अशोक वृक्ष पनि षडानन्दसम्बन्धी ठोस प्रमाण हो । दिङ्लामा हालसम्म रहेका भौतिक संरचनाहरू पनि प्रमाणका रूपमा देखिन्छन् ।
- हेमराज शर्मा अधिकारीद्वारा लिखित र वि. सं. २०४१ मा नेपाल सरकारको सूचना तथा सञ्चार विभागबाट प्रकाशित पुस्तक पनि प्रमाणका रूपमा देखिन्छ ।

बालागुरुसँग सम्बन्धित अनगन्ती अलौकिक कुराहरू गुरुको अष्टसिद्धिका कारण भएका कुरा स्वीकार्नैपर्दछ । त्यी अलौकिक प्रतिभा नभए पनि आजभन्दा २५-३० वर्षअघिसम्म आफ्नै आँखाले देख्ने जीवित प्रमाणहरू वा व्यक्तिहरू निकै थिए । तसर्थ गुरु षडानन्दका बारेमा १०-१५ वटा पुस्तकहरू छापिनु, ३०० भन्दामाथि लेखहरू बजारमा हुनु, ५-७ वटा शोधपत्र (Thesis) लेखिनु,

ठाउँठाउँमा सालिकहरू स्थापना हुनु, षडानन्द नगरपालिका बन्नु र षडानन्द प्रतिष्ठान हुनुले पनि प्रमाणकै रूपमा वैधता तथा आधिकारिकता पुष्टि गर्दछ ।

न्यायाधीश युवराज सुवेदी (२०७३ : १०१-०२) का अनुसार आजभन्दा १४० – १४५ वर्षअघि तयार पारिएका जग्गा खरिद, सट्टापट्टा, राजिनामापत्र, भूमिदान आदि लिखतहरू अहिलेको विकसित र प्रचलिन ऐन-कानुनअनुसार पनि प्रतिकूल नहुने गरी विवेकपूर्ण ढङ्गले बालागुरुले तयार गरे-गराएको देखिन्छ । कानुनले समाजको प्रतिनिधित्व गर्दछ । बालागुरुको दूरदर्शिता, कानुनी परिपक्वता, समाजप्रतिको जिम्मेवारी र कर्तव्यपरायणता तथा समग्रतामा कानुनविद् वा न्यायप्रियताको भन्दा कम देखिँदैन ।

सर्वोच्च अदालतका पूर्वन्यायाधीश राजेन्द्रकुमार भण्डारी (२०७३ : १०५ – १०७) का अनुसार बालागुरु षडानन्दका जग्गासम्बन्धी लिखत हेर्दा मोही देखिँदैन । मोही जनिएमा पनि गुठी जग्गा कानुनतः मोही र जग्गाधनीबीचमा आधा-आधा बाँडेर छुट्याउने कानुन देखिँदैन । तथापि बालागुरु षडानन्दको दूरदर्शी कानुनी व्यावहारिक नीतिअनुसार पनि मोही नलेखिएको हुन सक्दछ । हालको बजारको माग र आवश्यकतालाई मध्यनजर गरी दुग्ध व्यवसाय, रुद्राक्ष खेती, मत्स्यपालन, जडिबुटी उत्पादन, सुन्तला र फलफूल उत्पादन आदि बहुआयामिक रणनीतिमा जग्गालाई लिनुपर्ने देखिन्छ ।

●

# खण्ड सात
# बालागुरु षडानन्दको व्यक्तित्व विश्लेषण

## बालागुरु षडानन्दको व्यक्तित्व :

षडानन्द अधिकारीलाई विभिन्न नामहरूले सम्बोधन गरिन्छ । सिद्धपुरुष षडानन्द, श्री १०८ बालागुरु षडानन्द, गुरुमहाराज, स्वामीजी, आवाल ब्रह्मचारी तथा सानोमा खडु नामले आदि । बहुमुखी प्रतिभाका धनी सन्तगुरु षडानन्दको गाउँघरको लोकप्रिय सम्बोधन 'गुरुमहाराज' नै हो । उनी शैक्षिक, धार्मिक, सांस्कृतिक, आर्थिक जागरण तथा पुनर्जागरणका अभियन्ता तथा आधुनिक अरुण उपत्यका सभ्यताका अग्रज अभियन्ताका रूपमा देखिन्छन् । उनी समग्रतामा समाजसुधारक, शिक्षाप्रचारक, विकासका पूर्वाधारका अभियन्ता तथा अन्तर्राष्ट्रिय व्यक्तित्वका रूपमा देखिन्छन् । कुनै विद्वान् र सन्तहरूले वैदिक सनातन धर्मका रक्षक वा पृष्ठपोषक तथा समाजसुधारक अनन्तश्री व्यक्तित्वका रूपमा पनि सम्बोधन र विश्लेषण गरेको देखिन्छ । मानवअधिकारकर्मीहरू, महिलाहरू तथा मजदुर वर्गका मुक्तिदाताका रूपमा पनि षडानन्दलाई विश्लेषण गर्दछन् ।

- सरकारले बालागुरु षडानन्दलाई समाजसुधारकका रूपमा सम्मान गरेको छ।
- वि. सं. १९४० को दशकमा सतीप्रथाविरुद्ध समाजको एक क्रान्तिकारी नेताले गर्ने सुधारभन्दा पनि बढी छलाङ मारेको कारण महिलाले महामानवका रूपमा श्रद्धा तथा पूजन गरेको देखिन्छ ।
- सतीप्रथा र दासप्रथा अन्त्य गराउन सरकारलाई अनुरोध गरी जनतामार्फत अन्त्य गर्न बाध्य बनाउने महापुरुषहरू बालागुरु षडानन्द र पं. नन्दिकेश्वर अधिकारी थिए । पं. लक्ष्मीभक्त अधिकारीको स्वप्नामा प्रकट भई बालागुरुले दिएको वाणीअनुसार उनी सत्ययुगमा सनकादिहरू, त्रेतायुगमा कार्तिकेय, द्वापरयुगमा भीष्मपितामहजस्तै कलियुगमा षडानन्द थिए । स्वप्नवाणी जस्तै विपनामा महापुरुष र महान् कार्यहरू गरेका देखिन्छन् । असम्भव मानिएका तत्कालीन समाजमा देखापर्ने समस्याको दीर्घकालीन समाधान गर्ने अद्भुत क्षमता थियो । उनी हिन्दूका लागि मात्र नभएर समग्र मानवजाति र सनातन धर्मका प्रेरक, पृष्ठपोषक र ऋषिमुनि वा एक दार्शनिक थिए ।
- वि. सं. १९४८ डिसेम्बरमा UNO ले मानव अधिकार महासन्धि पारित गरेको थियो । षडानन्द सन् १८८० (वि. सं. १९४०) अर्थात् UNO भन्दा ७० वर्षअघि नै मानव अधिकारविरुद्ध, सतीप्रथा, दासप्रथा, छुवाछुत प्रथा, अन्धविश्वास र अशिक्षाविरुद्ध चेतनाको लहर जागरण गरी घुमाउरो अर्थमा

क्रान्तिकारी शैली अपनाउने मानवअधिकारकर्मी थिए। बालागुरुभन्दा पछिका पुस्ता गुरु फाल्गुनन्दले पनि चेलीबेटी बेचबिखनजस्तै सुनौली-रूपौली प्रथा विरुद्ध आवाज उठाएको देखिन्छ। मानवअधिकार त गर्भमा पनि थिएन भने जन्मेको त कुरै छोडौँ। षडानन्दले आज भनिने Human Rights, Woman Rights, Dalit Rights, Child Rights, Educational Rights, Social Justice, Cultural Rights, Indigenous Rights आदिविरुद्ध शिक्षा र प्रवचनमार्फत सुसूचित गरेको देखिन्छ। तर उनलाई कुशल नेतृत्व वा अभियानकर्ताका रूपमा हेरे-देखिए पनि उनलाई राजनीतिज्ञका रूपमा विश्लेषण गरी अपमान गर्ने भूल हामीले गर्नु हुँदैन। आइन्स्टाइनलाई एक मात्र यहुदी राष्ट्र इजरायलले प्रधानमन्त्री बन्न अवसर दिँदा इन्कार गरी विश्वमा गणितज्ञकै रूपमा रहने प्रण गरेका थिए। गान्धीको पनि त्यस्तै त्याग देखिन्छ। सोही प्रसङ्ग षडानन्दको देखिन्छ। उनी एक आत्मज्ञानी सन्त थिए। आत्मज्ञानमार्फत कार्यहरू गरे। तसर्थ उनी एक सन्त, योगी हुन्।

- ज्ञानमणि नेपाल (२०५२ : २ – १५) का अनुसार षडानन्द युगपुरुष (Eraman) र सिद्धपुरुष (Superman) थिए।
- दधिराज सुवेदी (२०५२) का अनुसार बालागुरु षडानन्द गायत्रीदेवीका भक्त थिए। उनी सिद्धपुरुष, युगपुरुष, पूर्वीय आकाशका शैक्षिक नक्षत्र, संस्कृतिका धरोहर र समाजसुधारक पनि थिए।
- पूर्व प्र. म. गिरिजाप्रसाद कोइराला (२०५२) का अनुसार राणाशासकहरूको मनसमेत जितेर समाजमा शिक्षा, संस्कृति, सदाचार र समाजसेवाको बिगुल फुक्न सफल युगपुरुष थिए। यस्ता अलौकिक सिद्धपुरुषको कुनै भौगोलिक सिमाना वा राष्ट्र आफ्नो घर मात्र हुँदैन। उनीहरूको घर संसार र सम्पूर्ण मानव जाति दाजुभाइ हुन्छन्। आफ्नो कर्मद्वारा पृथ्वीलाई स्वर्ग बनाउने प्रयास गर्दछन्। समाजलाई असल मार्गमा डोहोऱ्याउँछन् र समस्त धरतीमै अजर-अमर हुन्छन्। ब्रह्मचारी षडानन्द यस्तै सिद्ध योगी पुरुष हुन्।
- खेमराज केशवशरण (२०५२) का अनुसार आफ्नो विशिष्ट योगदानद्वारा राष्ट्रिय भाषा, धर्म, संस्कृति तथा धार्मिक एकता र सहिष्णुता संरक्षण संवर्द्धनमा युगौँयुगसम्म गौरवको रक्षा गर्ने अलौकिक दैवी शक्तिसम्पन्न षडानन्द राष्ट्रिय विभूतिका रूपमा नेपालआमाका अमर पुत्र देखिन्छन्।
- देवकुमारी थापा (२०५२) का अनुसार राणाशासन कालमा कठोर दासत्व विरुद्ध समाजसुधारको दूरदृष्टि राख्दै धर्म, संस्कृति, सेवा र शिक्षाको भावना उत्पन्न गरी देश-देशान्तरसम्म सेवा र सुधार गर्ने प्रेरक तथा अलौकिक सिद्धपुरुष बालागुरु षडानन्द थिए।

- दधिराज सुवेदी (२०५२) का अनुसार आजभन्दा ५० वर्षअघि (वि. सं. २०५२ को ५० वर्ष, सं. १९९४ तिर) भारतको गोरखपुरबाट प्रकाशित हुने गीताप्रेसको कल्याण पत्रिकाको सन्त विशेषाङ्कमा विश्वका उत्कृष्ट ५०० जना सन्त-साधुहरूको जीवनी छापिएको थियो, जसमा नेपालबाट बालागुरु षडानन्द र स्वर्गद्वारी महाप्रभु परेका थिए ।
- डा. कार्की (२०६८ : ७४) का अनुसार ब्रह्मचारी षडानन्द राष्ट्रिय मात्र नभएर अन्तर्राष्ट्रिय व्यक्तित्व (International Personality) तथा सन्तशिरोमणि (as a Head of the saints) थिए ।
- योगी नरहरिनाथ (२०५२ : प्रस्तावना) का अनुसार दिङ्लाकै विद्यापीठको अनुसरण गरेर श्री ३ वीर शमशेरले रानी पोखरी एंव तीनधारा पाठशाला स्थापना गरे । दिङ्लाकै भाषा पाठशाला अनुकरण गरेर श्री ३ देव शमशेरले भाषा पाठशाला खोलेका हुन् । त्यसै गरी दार्जिलिङ, सिक्किम, लिङसे आदि स्थानमा पनि त्यसैको अनुसरण गरेर आदर्श विद्यापीठहरू खुलेका र चलेका छन् । भुटान र आसामसम्म पनि दिङ्लाको प्रकाश पुगेको छ । उनी एक सिद्धहस्त महापुरुष थिए ।
- पूर्णप्रकाश यात्री (२०५२), "षडानन्द अधिकारी शिक्षित, विद्वान्, तत्त्वदर्शी, शिक्षाप्रेमी, अविवाहित, त्यागी, अपरिग्रही र निःस्वार्थी महापुरुष थिए ।"
- धुव्र सुवेदी (अन्नपूर्ण पोस्ट, २०६९ मङ्सिर १२), "बालागुरु षडानन्द शब्द भोजपुर जिल्लाको पर्यायवाची बनेर आउने शब्द हो । शिक्षा क्षेत्रका अथक प्रेरक, नेपालको शिक्षाका ज्योति र सनातन हिन्दू धर्मका चिन्तक थिए ।"
- पूर्वप्रधानमन्त्री मातृकाप्रसाद कोइराला (२०५२) का अनुसार तत्कालीन अशिक्षित र निवीढ अन्धकारमा जकडिएको माझकिरात समाजमा जुन शिक्षाको राँको (The Flame of Education) प्रज्ज्वलित गर्नुभयो, त्यो अविस्मरणीय तथा अभिनन्दनीय छ । साथै जुन राष्ट्र वा समाजले यस्ता सेवकलाई बिर्सेर उचित सम्मान र सम्झना गर्दैन, त्यस राष्ट्रको प्रगति मात्र होइन, अस्तित्व नै खतरामा पर्न सक्छ । साथै मेरो प्रधानमन्त्रीत्व कालमा तीन ठाउँ – पिण्डेश्वर (धरान), जनकपुर र काठमाडौँमा संस्कृत महाविद्यालयहरू स्थापना गराएँ ।

  स्मरण गरौँ, धरानमा पिण्डेश्वर क्याम्पस स्थापना गर्न अहोरात्र खटिने गुरु पं. छविलाल पोखरेलको अथक प्रयास थियो । उनले लामो समय त्यस क्याम्पसका संस्थापक क्याम्पस प्रमुख (प्राचार्य) भएर बिताएको देखिन्छ । पोखरेल षडानन्द पाठशालाकै शिष्य पनि थिए । कविराज नरपति पोखरेल र पं. छविलाल पोखरेल दिङ्ला पाठशालाको शिष्य भनी स्वामी

प्रपन्नाचार्यको लेखमा उल्लेख देखिन्छ। पोखरेलका कान्छा छोरा प्रा. नारायण पोखरेल (इटहरी) बाट पनि थप जानकारी प्राप्त भएको छ।

- पूर्व कविराज दीनराज अधिकारी (२०५२ : १५०), "गुरु षडानन्द एक असल गुरु र सिद्धपुरुष रहेको देखिन्छ। भुटान काङ्ग्रेस काण्डमा जेल पर्ने प्रतिष्ठित व्यक्तित्व त्रैलोक्यनाथ भण्डारी पनि गुरुकै शिष्य थिए। उनले वि. सं. १९८३ मा सङ्खुवासभाको चन्दनपुरमा संस्कृत गुरुकुल सञ्चालन गरी सेवा पनि पुऱ्याएको देखिन्छ।"
- मान वज्राचार्य (२०५२ : ६५), "बालागुरु षडानन्द विलक्षण प्रतिभाका धनी, तपस्वी र सिद्धपुरुष थिए। राम, कृष्ण र बुद्धको जस्तै लोकोपकारी सच्चरित्र भएका थिए। पिता समन्त वज्राचार्यबाट मैले ५-७ वर्षको हुँदा (हाल लगभग ९० वर्षमाथि) सुने अनुसार सतीप्रथा बन्द गर्ने अभियान तथा कमाराकमारी बेचबिखन प्रथा बन्द गराउने अभियान त्यस क्षेत्रमा चलाउने युगपुरुष थिए। शिक्षा, स्वास्थ्य सेवा, आयुर्वेदिक जडिबुटी प्रयोग, समाजसुधार, सतीप्रथा बन्द, दासदासी प्रथा बन्द आदि अभियान दिङ्लाका आभूषणहरू थिए। प्रत्यक्षदर्शी ९२ वर्षका (वि. सं. २०५२ मा) महेन्द्रनगर पुलाहाका दाहालका अनुसार उनले षडानन्दलाई स्थूलशरीरधारी रूपमा देखेका थिए।
- सत्यमोहन जोशी (२०७३ : दुई शब्द : ज) का अनुसार षडानन्द गुरुकुलबाट उत्पादित सिर्जनशील प्रतिभाका धनी विद्वान्हरू, लेखकहरू, कविहरू समाजसुधारक तथा प्रशासकहरू राष्ट्रको सेवामा संलग्न हुन थाले। यसबाट समग्र नेपाल राष्ट्र नै गौरवान्वित भयो। सतीप्रथा उन्मूलन गरे। उनी एक सिद्धसाधक युगपुरुष हुन्।
- बालागुरुलाई देख्ने प्रत्यक्षदर्शी मनोहर चापागाईंका अनुसार गुरुमहाराज करिब १९७० तिर गुठी र पाठशालालाई राजकीय पाठशाला बनाउने (विद्यार्थी आदानप्रदान गर्ने) इच्छाका साथ काठमाडौँ जानुभएको थियो तर फर्कनुभएन। उहाँ सत्य, धर्म र शिक्षाको सेवा गर्ने व्यक्तित्व हुनुहुन्थ्यो। मेरो पिता गुरुका शिष्य हुनुहुन्थ्यो। गुरुको बोल्दा 'जो छ' भन्ने थेगो थियो भनी दधिराज सुवेदीले (२०५२, स्मृति ग्रन्थमा) उल्लेख गरेको देखिन्छ।
- स्वामी प्रपन्नाचार्य (२०७३ : २ – ५) का अनुसार नेपालको शैक्षिक र सामाजिक इतिहासमा सकारात्मक भूकम्प ल्याउने बालागुरु षडानन्दका सबै रचनात्मक कार्यहरूको लेखाजोखा गर्ने हो भने करोडौँ होइन अपितु अरबौँको रचनात्मक कार्यहरू गरी उनी इतिहास बनेका छन्।
- गुरु षडानन्दले व्रतबन्ध गरिदिनुभएका तथा गायत्री मन्त्र सुनाइदिनुभएका जीवित शिष्य (वि. सं. २०५२ को लेख, स्मृतिग्रन्थबाट) सत्यनारायण

अधिकारीका अनुसार चतराका औलिया बाबा, प्युठानका स्वर्गद्वारी महाप्रभु र दिङ्लाका बालागुरु समकालीन र समानधर्मी थिए। स्वर्गद्वारी महाप्रभुभन्दा २४ वर्ष जेठा बालागुरुले स्वर्गद्वारीभन्दा १९ वर्ष पहिले दिङ्ला विद्यापीठको स्थापना गरे पनि पूजा, यज्ञ, स्वागत सत्कारमा समानता थियो। दुवै धार्मिक व्यक्तित्वमा युगपुरुषहरू हुनुहुन्थ्यो। त्यतिखेर विद्याको प्रचारप्रसार स्वर्गद्वारी प्रभुबाट भएन । तर षडानन्दले शिक्षा, संस्कृति र सदाचारको बिगुल फुक्नुभयो । वि. सं. १९३२ अघि नै गुरु षडानन्द चामुनारायण सत्तलमा केटाकेटीलाई फकाई-फकाई मिठाई (पेडा) बाँडेर पढाउनुहुन्थ्यो ।

- दधिराज सुवेदी (२०५२ : १४५), “Swami Hari Haranand of Santosh Puri Geeta Bhariti myself has visited this institution named Shadananda Sanskrit Mahavidhalaya and I humbly appreciated and cordially warmly heartly given blessings"; Dated: 17.4,1985
- चन्द्रप्रसाद लोहनी (२०५२), “हरिद्वारका पीठका पीठाधीश स्वामी सत्यदेवले वि. सं. २०४९ मा दिङ्ला भ्रमण गरेको देखिन्छ। गुरु षडानन्दको जन्मभूमि, कर्मभूमि, विद्यालय र रुद्राक्षको अवलोकन गरी, अध्ययन र पठनशैली र संस्कृति सुधारमा गुरुका योगदानको प्रशंसा गरेको देखिन्छ ।” अर्थात् S-S Model को प्रशंसा छ ।
- पूर्वविद्यार्थी तथा साहित्यकार दैवज्ञराज न्यौपाने (२०५२ : ५५) का अनुसार बालागुरु षडानन्दको गणना प्यूठानका स्वर्गद्वारी महाप्रभु, कर्फोकका स्वामी भीष्म शास्त्री सेमवाल, महोत्तरी मटीहानीका स्वामी बनमाली दाससँग तुलना गर्न नमिल्ने भए तापनि बालागुरु षडानन्दका योगदानहरू र कार्यक्षमताको दृष्टिले उनीहरूभन्दा अग्रतामा रहेको देखिन्छ। साथै उनीहरू स्वयम् पनि कसैसँग तुलना गर्न नसकिने खालका छन् तापनि षडानन्द नेपालको शिक्षाजगत्का पहिला ज्योति हुन् ।
- पं. मेघराज शर्मा (२०७५ : ७९) का अनुसार बालागुरु षडानन्द धर्मात्मा, अनुकरणीय, त्यागी, परोपकारी र महामानवका रूपमा अन्तर्राष्ट्रिय क्षेत्रमा समेत प्रसिद्ध देखिन्छन् । गुरुमा अष्टसिद्धिका अणिमा, लघुमा, महिमासमेत प्राप्ति थियो ।
- दधिराज सुवेदी (२०५२) का अनुसार चतराका औलिया बाबा र गुरुमहाराजको २ पटकको भेटमा शिक्षा, धर्म र संस्कृति आदि विषयमा शास्त्राथ भएको डा. लक्ष्मण शास्त्रीले उल्लेख गरेको देखिन्छ। साथै षडानन्द संस्कृत पाठ्यशैलीमा भौतिक सूत्रहरू प्रयोग गरी अध्यापन गराइन्थ्यो । सूत्रहरू (Formula) को प्रयोग गरी अध्यापन गर्दा सहज स्मरण हुने गरेको थियो भन्ने उल्लेख छ ।

- प्रा. लालानाथ सुवेदी (२०५२ : ६७) का अनुसार तत्कालीन दिङ्लामा परम्परागत वैदिक उपासना पद्धति, धार्मिक सत्सङ्ग, शास्त्रचिन्तन, पुराणवाचन आदि कार्यहरू भएको देखिन्छ । दिङ्ला धार्मिक केन्द्र, शैक्षिक केन्द्र र व्यापारिक केन्द्रको चर्चामा पुगेको थियो । संस्कृत र संस्कृति ब्राह्मणको मात्र पेवा होइन । यो सबैको साझा सम्पत्ति हो भन्ने चेतनाको केन्द्रबिन्दु पनि बनेको थियो ।
- शिक्षाप्रेमी छविलाल पोखरेल (२०५२ : ५४) का अनुसार ब्रह्मचारी षडानन्दको त नेपाली जनता नै परिवारजस्तो भयो । उनी शिक्षा, स्वास्थ्य, धर्मसंस्कार, नैतिकता र आदर्शका लागि खटिइरहे भने जनता पनि तन, मन र धन लगाई राष्ट्रोन्नतिमा लागिरहे । उनको राष्ट्रभक्ति, शिक्षासेवा र समाजसेवाका सम्झनामा नेपालका प्रत्येक विद्यालय र संस्कृत विद्यापीठमा जन्मजयन्ती मनाउने र उनको जीवनी सुनाउने कार्यहरू गर्नुपर्दछ ।
- पूर्वप्रधानमन्त्री मातृकाप्रसाद कोइराला (२०५२ : ५३) का अनुसार राष्ट्रिय विभूति ब्रह्मचारी षडानन्दको शिक्षामा ज्यादै उदार दृष्टिकोण थियो । सबैलाई सबै प्रकारका शिक्षाबाट अन्तरात्मामा उज्यालो बनाउनुपर्छ भन्ने दृष्टिकोण नभएको भए यति उच्च सम्मान पाउने थिएनन् । उनलाई म युगपुरुष मान्दछु ।

दधिराज सुवेदी (२०५२), "साङराङका उमानाथ सुवेदी (हाल सुरुङ्गा) को भनाइमा ९१ वर्षकी गङ्गादेवी गौतमको मुखबाट सुनेको छु, गङ्गादेवी गौतम मन्दिरमा पूजा गर्न गुरु षडानन्दलाई दैनिक बिहान फूल टिपेर ढकीमा लिएर पुग्ने गरेको देखिन्छ । गुरु षडानन्दबाट दैनिक १ पैसा प्राप्त हुन्थ्यो । सोही पैसा सङ्कलन गरी विवाहमा भाँडाहरू तथा खड्कुला किनेर आफ्नो श्रीमान्को घर लगेको थिएँ । बालागुरुलाई विद्वान्, धर्मात्मा र परोपकारी व्यक्तित्वको दर्जामा देखिन्छ ।"

लीलाकान्त पोखरेल (२०५२ : १५० – १५३) का अनुसार त्यस बेला नेपालभर बालागुरु षडानन्द र स्वर्गद्वारी महाप्रभुभन्दा गतिलो विद्वान् नेपालभर कोही थिएनन् । मैले पनि बालागुरुसँग दिङ्लामा पढेको थिएँ ।

दधिराज सुवेदी (२०५२), "श्री १०८ बालागुरु षडानन्दको योगदान र विद्वत्ताको ख्याति भारतसम्म पनि फैलिएको थियो । यसैकारण स्वामी सत्यदेवको दिङ्ला आगमन भएको थियो । पछि स्वामी हरिहरानन्दकी चेली सन्तोष पुरी गीता भारतीको दिङ्ला भ्रमणमा पनि षडानन्द महाविद्यालयको अध्ययन र सिकाइ विधिको (S–S Model) मुक्तकण्ठले प्रशंसा गरेको देखिन्छ । दुवै स्वामीको विद्वत्तामा ४ वटै पीठका शङ्कराचार्यहरू नतमस्तक हुन्छन् ।" भारतका

प्रथम राष्ट्रपति डा. राजेन्द्र प्रसादलाई (सन् १८८४–१९६३, विहारको सीवान जिल्ला जन्म) १० वर्षको उमेरमा सन् १८५४ मा गीता भारतीले गीतापाठ मुखाग्र सुनाएको देखिन्छ । तसर्थ सुवेदीको लेख अध्ययन गर्दा षडानन्द अधिकारीलाई राष्ट्रिय विभूतिका रूपमा र अन्तर्राष्ट्रिय व्यक्तित्वका रूपमा पनि विश्लेषण गर्न सकिन्छ ।

हेमराज शर्मा अधिकारी (२०४१) का अनुसार षडानन्द सतीप्रथा र दासप्रथाविरुद्धका अग्रज अभियन्ता, शैक्षिक चेतनाको धरोहर तथा तत्कालीन समयमा पाठशालामार्फत यस राष्ट्रमा अग्रज राजनीतिक व्यक्तित्वहरू उत्पादन गर्ने महापुरूष थिए । साथै उनले महिला अधिकार तथा मानव अधिकारका क्षेत्रका पनि अग्रज अभियन्ताका रूपमा योगदान दिएको देखिन्छ । वि. सं. २००७ को प्रजातान्त्रिक क्रान्तिका लागि धेरैजना उच्च राजनीतिक नेतृत्वको यसै क्षेत्रमा जन्म भई क्रान्ति पनि राष्ट्रिय रूपमै सफल भएको थियो ।

ज्ञानमणि नेपाल (२०५२ : १२) का अनुसार श्री ३ चन्द्र शमशेरले पनि षडानन्दसँग भेटेर धर्मोपदेश पचलीघाटमा सुन्ने गर्दथे । षडानन्द मोडलमा वि. सं. १९९८ मा गोगनेमा विद्येश्वर शिवालय केदारनाथ पोखरेलले खोलेका थिए भने विद्यालय जनताको दानदातव्यबाट गुठीको व्यवस्था गरी सञ्चालन भएको थियो । त्यसै गरी सिक्तेल वितलवमा पं. भानुभक्त नेपालबाट शिवालय बन्यो भने जनताबाट गुठीसमेत व्यवस्था गरी विद्यालय खुलेको थियो । टक्सार बजारमा (खिकामाछ्वा) रणध्वज कार्कीले शिवालय बनाए र जनताको सहयोगमा विद्यालय खुल्यो । अर्थात् शिवालय बनाउँदै र जनसहयोगमा गुठीको व्यवस्था गर्दै विद्यालयहरू सञ्चालनमा आएका थिए ।

नेपालका अनुसार अर्को स्मरणीय कुरा के छ भने पाटनको बकुबहालबाट रत्नमान शाक्यको केही समूह दिङ्ला आएको थियो । पाटनबाटै टक्सारको खिकामाछ्वामा (बाँडागाउँ) नेवार, शाक्य, तमोट, बज्राचार्य, बाँडाहरू आएर बसेको देखिन्छ । तिनै टक्सारका केही शाक्य, बाँडा, नेवार आदि गएर रत्नमानसँगै दिङ्लामा शिवालय, मन्दिर, छात्रावास, मूर्तिहरू आदि पनि निर्माण गरेका थिए । कतिपयको बसाइ दिङ्ला नै भयो र कतिपय टक्सार फिरेर आएका थिए । दिङ्लामा आज पनि खिकामाछ्वे नेवार, बाँडा आदि देख्न सकिन्छ ।

इतिहासविद् प्रा. डा. प्रेम खत्री (२०७३ : ३६-३७) अनुसार वि. सं. १९३२ को संस्कृत पाठशालाका संस्थापक, भविष्यद्रष्टा ब्रह्मचारी षडानन्दको देन भनेको सांस्कृतिक उत्थान वा पुनर्जागरण नै हो । राणाकालीन कठोर शासन व्यवस्थामा मन्दिरका साथ शिक्षालय खोल्दा ठूलो वात नलाग्ने, गम्भीर कसुर नठहरिने, शैक्षिक जागरण हुने र अनुकरण नजिरमा थप पाठशालाहरू खुल्न सक्ने दूरदर्शिता देखिन्छ । सांस्कृतिक उत्थान तथा पुनरुत्थान हुने, घरघरमा

पूजापाठको संस्कार वृद्धि हुने, चाडपर्वहरू स्तरीय हुँदै जाने र सरकारी जागिर खान सक्ने शिष्यहरू उत्पादन हुने गरेको देखिन्छ । त्यसकारण गाउँघर र सरकारी कार्यालयमा लेखा-श्रेस्ता राख्न सकिने र पढ्न सजिलो हुने अनेकौँ पक्षहरूको जागरण तथा पुनर्जागरण गर्ने दूरदृष्टि देखिन्छ । त्यसै गरी पाठशालाले नातागोता सम्बन्ध, सदाचार, त्याग, समाजसेवाभाव, जीवन र दर्शन आदिको विशिष्टतामा पुनरुत्थान गर्ने जनशक्तिको उत्पादन गरेको देखिन्छ । शिक्षा, स्वास्थ्य, रोजगार, समाजसुधार, धार्मिक सुधार आदि क्षेत्रमा दिङ्लाको शैक्षिक इतिहासले राष्ट्रमै एउटा राम्रै भार बोकेको निर्विवाद छ ।

डा. स्थिरप्रसाद पराजुली (२०७३ : २७०), "वि. सं. २०२५ तिर वाल्मीकि महाविद्यालयको कक्षामा पढाइरहेको समयमा बनारस र हिन्दू विश्वविद्यालयको नेपाल चेयरमा (नेपालप्रमुख पदमा) रहेर शिक्षणसेवा गरी नेपाल फर्कनुभएका आदरणीय गुरु शेषराज रेग्मीका अनुसार 'पहिले न्याय नपाए गोरखा जानू, विद्या नपाए काशी जानू' भन्ने उक्ति चलेको थियो । तर अहिले त्यसलाई उछिन्ने ठाउँ 'शिक्षा नपाए दिङ्ला जानू' भन्ने कथनसमेत चलिसकेको रहेछ भन्नुभएको थियो । "काठमाडौँमा कुनै शास्त्रीय निर्णय गर्नका लागि द्विविधा भई बनारस पठाएमा त्यस्तो विषय बनारसमा पनि अनिर्णित हुन पुगेमा दिङ्ला पठाउनुपर्छ भन्ने निर्णय बनारसमा भएको मैले सुनेको हुँ' भन्नुहुन्थ्यो शेषराज रेग्मी । तर शिक्षाको ज्योति जगाउने दिङ्ला आज 'बाँदरका हातमा नरिबल' बनिरहेको छ । योगी नरहरिनाथका अनुसार पहिले 'न्याय नपाए गोरखा जानू, विद्या नपाए कास्की जानू' भन्ने उखान थियो । तर पछि भारतीय विद्वान्हरूले बनारस तथा काश्मीरमा नेपालबाट अध्ययन गर्न जानेलाई 'विद्या नपाए काशी जानू' लेखिदिए र पढाइदिए । त्यहाँ पढेर फर्कनेहरूले पनि त्यही भनिदिए । तसर्थ नेपालको प्राचीनकालीन शैक्षिक इतिहास 'विद्या नपाए कास्की जानू' भन्ने भनाइ धूलोपिठो भएको छ । यसका बारेमा 'राष्ट्रनिर्माता पृथ्वीनारायण' भन्ने ग्रन्थमा हरिप्रसाद सोडारीले पनि उल्लेख गरेको देखिन्छ ।

प्रा. डा. राजाराम सुबेदी 'त्र्यम्बक' (२०७३ : ४०) का अनुसार बालागुरु दृढ अठोट भएका योगी एवम् विद्याविलासी तपस्वी थिए । उनी लोकापवादबाट मुक्त सिद्ध थिए । गायत्रीमातासँग साक्षात्कार गर्ने क्षमता सरस्वतीको प्रसादका रूपमा रहेको देखिन्छ । सिद्ध भएकाले राणाशासकहरू पनि उनलाई महापुरुष नै मान्दथे । भनिन्छ श्री ३ चन्द्र शमशेरले सतीप्रथा अन्त्य, दासप्रथा अन्त्य र समाजसुधारको प्रेरणा उनै गुरुबाट पाएका थिए ।

ऋषिराज मिश्र (२०७३ : ६३-६४) का अनुसार बालागुरुलाई एक कुशल र योग्य, ऐन-कानुनका पृष्ठपोषक वा प्रयोगकर्ताका रूपमा विश्लेषण गर्न सकिन्छ । बालागुरुको त्याग, तपस्या, लगनशीलता र कीर्तियुक्त सुकार्यबारेमा

वर्णन गरी साध्य छैन, सकिँदैन । दैवी शक्ति प्राप्त व्यक्तिका हकमा २-४ अक्षरसँग मैले खेल्न खोज्नु सूर्यलाई बत्ती देखाउनुसरह मात्र हुनेछ ।

पौरस्त्य दर्शनका विशिष्ट विद्वान् प्रा. डा. दुर्गाप्रसाद दवाडी (२०७३ : १४९) का अनुसार संस्कृतका महान् कवि भारवी छैटो शताब्दीका साहित्यकारको 'किरातार्जुनीय महाकाव्य' महाभारतको वनपर्वबाट लिइएको छ, जसमा दुर्योधनको शासनसँग आजित वा व्याकुल भई अर्जुन शिवजीको तपस्या गर्न हिमालय खण्डको पाशुपत क्षेत्र (काठमाडौँ उपत्यका) गएको उल्लेख छ । त्यहाँ किरातगणका सेनापति किरातेश्वर महादेवले अर्जुनको परीक्षा लिई पाशुपत्रास्त्र प्रदान गरी अर्जुनको शिवभक्तिको इच्छा पूर्ण गराएको प्रसङ्ग पनि देखिन्छ । त्यसै गरी बालागुरुले निरङ्कुश राणाकालीन र शिक्षाविरोधी कालमा पनि संस्कृत पाठशाला खोली शैक्षिक इतिहासमा सिँढी लगाउने दुर्लभ कार्य गर्नुभयो । त्यसको अनुकरण गरेर राजधानी काठमाडौँमा वि. सं. २००९ मा राजकीय संस्कृत महाविद्यालय स्थापना भयो । पथिकहरूको विश्रामका लागि पाटी, पौवा, फलैँचा, चौतारो, धर्मशाला आदि निर्माणले पूर्वी नेपालमै जागरणको लहर चलाएको देखिन्छ । उनी इच्छा पूर्ण गर्ने र गराउने कर्मयोगी र महान् सिद्धयोगी थिए ।

प्रा. भवानीप्रसाद खतिवडा (२०७३ : १६४) का अनुसार बालागुरु षडानन्दले षट्चक्रचिन्तन एवम् योगसाधनाबाटै सिद्धि र शक्ति प्राप्त गरेको देखिन्छ । बालागुरु षडानन्द योगसाधना र सिद्धिबाट कर्मयोगी, समाजसुधारक र शैक्षिक सुधारक बन्न सफल भएको देखिन्छ ।

प्रा. डा. माधवप्रसाद भट्टराई (२०७३ : २३२ – २३५) का अनुसार दिङ्ला पाठशाला नेपालभरकै संस्कृततर्फको पहिलो औपचारिक संस्था हो । वि. सं. १९३४ को रानीपोखरी संस्कृत मा. वि. भन्दा पनि २ वर्ष जेठो संस्था हो । आज सिद्धपुरुष बालागुरुको 'देशसेवाभन्दा ठूलो धर्म छैन' भन्ने मनीषीहरूको भनाइसँगै आज विद्यावारिधिसम्मको उपाधि, राष्ट्रिय मर्यादा, ज्ञान र सिर्जनाको उपलब्धि गराउने मेरो आधार भूमि दिङ्ला नै हो भन्न म हिचकिचाउन्नँ ।

डा. सुरेशराज शर्मा (२०७३ : ४५० – ४५३) का अनुसार मैले षडानन्द सम्बन्धी जेजति पुस्तकहरू अध्ययन गर्न पाएँ, त्यसको आधारमा भन्नुपर्दा उनले शिक्षालय स्थापना, सञ्चालन, सुदृढीकरण र घरेलु उपचारमार्फत स्वास्थ्यसेवामा योगदान पुऱ्याएको देखिन्छ । धार्मिक अनुशासनका लागि मन्दिरहरू निर्माण, हाटबजारको व्यवस्थापन गरेर व्यापार-व्यवसायका लागि तथा सहयात्राका लागि, सामूहिक प्रयासबाटै गुठीको बन्दोबस्त गरेर शिक्षा, चेतना र समाजसेवाका लागि, सामूहिक व्रतबन्ध संस्कार गराई फजुल खर्च नियन्त्रणका लागि लगायत बगैँचाहरूको सञ्चालन तथा जडिबुटीसङ्ग्रह कार्यहरू प्रशंसनीय देखिन्छन् । सामूहिकता र एकताबाटै ठूला-ठूला काम गर्न सकिन्छ भन्ने १५०

वर्षअघि नै उदाहरण बनेका षडानन्द अधिकारी अहिलेको युगमा एक आदर्श पात्र (Ideal Person) बन्नेका छन् ।

पूर्वमन्त्री तथा समाजसेवी हेमराज राई (२०७३ : ४५४ – ४५७) का अनुसार षडानन्द जन्मको समय वि. सं. १८९२ मङ्सिरमा नेपालमा राणाशासन सुरु भइसकेको थिएन । विविध जाति, भाषा, धर्म र संस्कृति रहेको नेपाली समाजमा अथवा लामो समयदेखि हिन्दू राजधर्म भइसकेको राष्ट्रमा हिन्दू मान्यता अनुसारका श्रेणीबद्ध जातप्रणाली, संस्कार, मूल्य, मान्यता, शिक्षा, न्यायप्रणाली आदिले समाजमा कठोर भएर प्रभुत्व जमाएका थिए । सामाजिक, आर्थिक, सांस्कृतिक र शैक्षिक मान्यताहरू ध्वस्त भइसकेका थिए । बालागुरुले जेसुकै कारणले गृहत्याग गरे पनि पुनरागमनपछि उनले जुन कार्यहरू गरे, त्यो मूल्याङ्कनयोग्य, कदर गर्नलायक, स्मरणीय र ठूलो सामाजिक महत्त्वको छ ।

इन्द्रप्रसाद श्रेष्ठ (२०७३ : ९) का अनुसार बालागुरुले हाटबजारको व्यवस्था, सतीप्रथाको विरोध, तुलसी र रुद्राक्षको महत्त्व प्रतिपादन जस्ता अतिरिक्त कार्यहरूसमेत विश्लेषण गर्दा उनी एक समाजसुधारक, वातावरणका संरक्षणकर्ता, युगज्योति एवम् राष्ट्रका महान् विभूति देखिन्छन् ।

टीकाप्रसाद शर्मा वस्ती (२०५२ : ४५) का अनुसार बालागुरुमा कुनै वाद र विवाद थिएन । उनको सभा, समिति, कुल, समाज, सङ्घ, संस्था, आश्रम आदि केहीमा पनि एकाधिकार थिएन । उनी आदर्श पथिक र सिद्धपुरुष रहेको देखिन्छ ।

साहित्यकार दधिराज सुवेदी (२०७३ : १८१ – १८५) का अनुसार शिक्षा, संस्कृति र सदाचारका ज्योति बालेका बालागुरु षडानन्द विक्रमको २० औँ शताब्दीका पूर्वीय आकाशका शुक्रतारा थिए । उनले पूर्वी क्षेत्रमा सनातन संस्कृति र सभ्यताको उद्‌बोधन स्थल दिङ्ला वा अरुण उपत्यकालाई परिणत गरेका थिए । दिङ्लालाई शिक्षा, संस्कृति र सदाचारको प्रमुख केन्द्र बनाएका थिए । उनी प्रकाण्ड विद्वान्, धर्मगुरु, समाजका पथप्रदर्शक र युगपुरुष थिए ।

छविलाल पोखरेल (२०५२ : ५४) का अनुसार बालागुरुले राष्ट्रोन्नतिका निमित्त असाधारण कार्यहरू गरी जीवन समर्पित गरेको देखिन्छ। मनुष्य जन्मको सफलता पनि त्यही हो। उनको त नेपाली जनता नै परिवारजस्तो भयो। यस्ता महापुरुषको प्रत्येक विद्यालय र विद्यापीठहरूमा जन्मदिन मनाउने र उनको अनुकरणीय जीवनी सुन्ने तथा सुनाउने काम सरकारी तवरबाट हुनुपर्दछ ।

मान बज्राचार्य (२०५२ : ६४) का अनुसार दिङ्लाको महिमा जागरणमा बालागुरुको योगदान, सतीप्रथाको अन्त्यका लागि बालागुरुले तत्कालीन श्री ३ प्र. म. चन्द्र शमशेरलाई बिन्ती चढाएको प्रसङ्ग र भएको सुधार देखिन्छ । वि. सं. १९९९ मा दिङ्लामा स्थापित जिल्ला आयुर्वेदिक औषधालय जसको

प्रयोगशाला १००८ प्रजातिका जडिबुटीको आयुर्वेदिक उद्यान, छात्रावास, रुदाक्षको जगेडा वन आदिको माधुर्य देखिन्छ । उनी गायत्रीमाताको कृपा-प्रसादबाट सिद्धपुरुष थिए, दिङ्ला र समग्र राष्ट्रका शिक्षाक्षेत्रका ज्योति थिए ।

पूर्वविद्यार्थी पं. मेघराज शर्मा (२०५२ : ९६) का अनुसार बालागुरुको समयमा दिङ्ला क्षेत्र धार्मिक, सामाजिक, सांस्कृतिक तथा शैक्षिक वातावरणमा अधिराज्यभरमा नै एक प्रकारले सर्वोपरि स्थान (as a supreme place of the kingdom) हुन पुगेको थियो । उनले श्री ३ चन्द्र शमशेरलाई कैयौँपटक बिन्तीपत्र आदि पठाएर नेपाल अधिराज्यभर प्रचलित सतीप्रथा र दासप्रथा बन्द गरिनुपर्दछ भन्ने सुझाव पठाएकाले दुवै प्रथा समायानुकूल नभएको ठहर गरी विधानतः श्री ३ चन्द्र शमशेरबाट बन्द गरियो । बालागुरुको सामाजिक सुधारमा पनि उत्तिकै महत्त्वपूर्ण देन रहेको छ ।

सुदीपकुमार ढुङ्गाना (२०७५ : ११४) का अनुसार मानिस सधैं प्रगति चाहन्छ । अहिलेको प्रतिस्पर्धाको युगमा मानिस अरूलाई कुल्चिएर अघि बढ्छ, आफ्नो मात्र प्रगति र उन्नति होस्, आफ्नाले मात्र सुख पाउन् भन्ने चाहन्छ । जायज र नाजायज, वैध वा अवैध कुनै प्रक्रिया अपनाउँदैन । तर त्यस्तो धरातलबाट माथि उठेर बालागुरु षडानन्दले राष्ट्र र समाजको प्रतिष्ठा जोगाई राष्ट्रको शिर उँचो गराएका छन् । आर्थिक, सामाजिक गतिविधि प्रवर्द्धन तथा जनस्वास्थ्यको चेतना बढाई स्वस्थ समाजको सिर्जनामा जोड दिएका छन् । समाजलाई सुसंस्कृत र समुन्नत सकारात्मक ऊर्जा प्रदान गरेका छन् ।

पूर्वन्यायाधीश लेखनाथ भण्डारी (२०७५ : १२५) का अनुसार राणा प्रधानमन्त्रीहरू बाहिर जसरी प्रस्तुत भए पनि राणाहरू धर्मभीरु भएकाले अरू कुराले भन्दा बालागुरुको सिद्धिदेखि बढी प्रभावित हुन्थे । त्यसैले सतीप्रथा, दासदासीप्रथा वा छुवाछुतजस्ता कुप्रथा राज्यले कानुन बनाएर अन्त्य गर्नुपूर्व पूर्वाञ्चल क्षेत्रमा बालागुरुका कारण नियन्त्रण हुन थालेको थियो । त्यसको दबाब देशका अन्य भागमा समेत परी चन्द्र शमशेरले बाध्य भएर सतीप्रथा चलाउनेलाई ज्यानमारासरहको सजायको कानुन बनाई अन्त्य गरेका थिए ।

अधिवक्ता कृष्णराज कोइराला (सं. २०५२ : १०३) का अनुसार खास गरी आज पूर्वाञ्चल क्षेत्र प्रज्ञा, प्रतिभा तथा धर्मसंस्कृतिका क्षेत्रमा अग्रपङ्क्तिमा रहेको वास्तविकता पनि बालागुरु षडानन्दको शिक्षाको ज्योति र धर्म संस्कृतिप्रतिको त्याग र महान् योगदानहरूको परिणाम पनि हो । अष्टसिद्धि साधना र गायत्री पुरश्चरण गरेर सिद्धतपस्वी, महामुनि र सुदिव्य ऋषि बन्न सफल भएको कारण विविध योगदानहरू दिन सफल भएको देखिन्छ ।

लेखनाथ चापागाईं (२०५२ : १११) का अनुसार बालागुरुको गुरुत्वसिद्धिले गर्दा मेरा हजुरबुबा जीवनाथ चापागाईं र ठूलो हजुरबुबा स्व. यज्ञनिधि चापागाईं

धुरन्धर विद्वान् बनेको देखिन्छ । उक्त पितृप्रसादको स्वरूप बालागुरुबाट हस्तान्तरण भएको प्रेरणाले आज विराटनगरमा म विराट धर्मशास्त्र सङ्ग्रहालय एवम् पुस्तकालयको स्थापना गर्न सफल भएको छु । यसको परम्परागत श्रेय बालब्रह्मचारी षडानन्द अधिकारी रहेको पनि मैले अनुभव गरेको छु। वास्तवमा पूर्वाञ्चलले आज चेतना भएका, टाठाबाठा, चतुर विद्वान्हरूमा पनि सिद्ध विद्वान् बन्ने सौभाग्य यस राष्ट्रमा पाएका छन् । यसको श्रेय बालागुरुको अपौरुषेय देवगुण र उहाँको यस राष्ट्रमा प्रथम शैक्षिक चेतनाको दीप प्रज्ज्वलनले पनि हो भन्ने लाग्दछ ।

## कविहरूको विश्लेषण :

भानुभक्त पोखरेलले (सं. २०५२ : १) कवितामा लयबद्ध तरिकाले बालागुरुलाई पूर्वीय अञ्चलहरूका ज्ञानगुरु, शुक्रतारा, नेपालका शैक्षिक ज्योतिका जूनकीरी, मनुष्यलाई सेवा गर्ने महामुनि र नेपाल राष्ट्रका चेत चन्द्रमाजस्ता शब्दशैलीले श्रद्धा अर्पण गरेको देखिन्छ ।

हेमन्तराज अधिकारीले (सं. २०५२ : ५७) कवितामार्फत बालागुरु षडानन्दलाई देवलोकका आलोक, विपन्नका कथाव्यथाहर्ता, गायत्रीका उपासक, महर्षिको स्वरूप, अखण्ड ब्रहम्ज्योति (शिक्षा र ज्ञानका ज्योति) का रूपमा विश्लेषण गरेको भेटिन्छ ।

शिक्षक तथा साहित्यकार प्रकाश खतिवडाले (सं. २०५२ : ७८) कवितामार्फत बालागुरुले चिरनिद्रामा सुतेको समाज, राणाहरूको जगजगी भएको अवस्थामा तथा तत्कालीन निरक्षर किरात समाजबीच शिक्षाको चिराग बाल्नुभएको र विविध महान् कार्यहरू गर्नुभएको थियो । उहाँलाई धर्मप्रवर्तक, शिक्षाप्रवर्तक र संस्कृतिको रक्षकका रूपमा विश्लेषण गर्नुभएको छ ।

षडानन्द मा. वि. का पूर्व प्र. अ. घनश्याम पौडेलले (सं. २०५२ : ९८) कवितामार्फत बालागुरु वाग्देवीका (सरस्वतीका) वरदानस्वरूप, गायत्रीका उपासक, संस्कृतिका प्रवर्तक र महान् गुरुका रूपमा विश्लेषण गरेको देखिन्छ । आज दिङ्लाका सबै संरचना र दिङ्लावासी टुहुरो बनेका छन् भन्दै बालागुरुलाई फर्केर फेरि दिङ्ला आउनू भनी अनुनय विनय गरेको देखिन्छ ।

अम्बिका चापागाईंको (२०५२) कवितामा बालागुरु षडानन्दले गरेका सुकर्म, योगदान र कीर्ति, समाजका खोक्रो आदर्श बोक्ने र नास्तिकवादीको भीडले भीषण आँधीले झैँ त्यो दीप निभाउन लागिसकेको विश्लेषण छ। तपाईले समाजलाई छोडेका नासोहरू सिद्धिनै लागे । हामीलाई आज तपाईंजस्तै महामानवको आवश्यकता परिरहेको छ भन्ने वर्तमानको दिङ्ला समाजको नास्तिकतातिर लाग्दै गरेको सांस्कारिक परिदृश्यको चिरफार गर्नुभएको छ ।

माधवराज आचार्यले (२०५२, सं. २०७५ : १४८) कवितामा "बालागुरु षडानन्दले आफूले विभिन्न ठाउँमा अध्ययन गरी शिक्षाको दिव्यज्योति ल्याउनुभएको र जगाउनुभएको थियो। सत्य, धर्म, योग, वेद बलले शैक्षिक तथा अन्य अलङ्कारले दिङ्ला कजाउनुभएको थियो। दिङ्लालाई शिक्षा तथा दीक्षाको प्रमुखकेन्द्र बनाउनुभएको थियो।"

भोग्यप्रसाद भण्डारीले (षडानन्दचरित महाकाव्य, २०४३) कवितामार्फत बालागुरु षडानन्दको विश्लेषण यसरी गरेको देखिन्छ :

आबाल ब्रह्मचारीको विद्यावैभव फैलियो।
गुरु श्री पाठशालाको महिमा झलमल्ल भो॥
उहाँको करुणा पाए मूर्ख विद्वान बन्दथे।
गरीव धनी नै हुन्थे रोगीका रोग छुट्तथे॥
यो काम तिमीले गर्न सक्छौ भन्नुभयो भनेँ।
जस्तै ठूलो पनि काम गुरुले सिद्ध गर्दिने॥
पचासौँ जनले गर्न नसक्ने काम एकले।
गर्दथे सजिलैसँग गुरुको वरदानले॥

केदार न्यौपानले (स्मृतिग्रन्थ, २०५२ : ९७) कवितामार्फत बालागुरुलाई आकाशका पूर्णचन्द, शिक्षादीपका मूल ज्वाला, चेतनाका पुष्पदानी, यस शताब्दीका ब्रह्मचारी सुपात्र, षडानन्द नौलो सिद्धान्तका प्रतिपादक, सभ्यताका अग्रज र दिङ्लाका आत्मा कुसुमका रूपमा विश्लेषण गरेको देखिन्छ।

स्व. पं. लक्ष्मीभक्त अधिकारीले (साइनोमा षडानन्दका नाति र तत्कालीन परीक्षा बोर्डका सदस्य वि. सं. २००५ को 'षडानन्द यशकीर्ति तरङ्ग काव्य' को पाण्डुलिपिमा षडानन्दका बारेमा स्वप्नामा वाणी भएको उल्लेख भएको निम्न देखिन्छ :

कृते सनत्कुमारोसौ त्रेतायाम् षड्मुखोभवेत्।
द्वापरे शन्तनोर्भीष्म कलौ विप्र षडाननः॥

विश्वनाथ चापागाईंले (२०५२ : ११६) कवितामार्फत पूर्वीय आकाशका महर्षि र शैक्षिक चेतनाका विभूति भनी बालागुरुलाई श्रद्धासुमन अर्पण गरेको देखिन्छ।

माधवराज आर्चायले (स्मृतिग्रन्थ, २०५२ : २१०) कवितामार्फत गुरु षडानन्दलाई सत्य, धर्म, योग, वेद ज्ञाता तथा भिक्षु, योगी वा सर्वानन्दका रूपमा विश्लेषण गरेको देखिन्छ।

कवि प्रभुनाथ अधिकारीको वि. सं. १९८० को 'सङ्गीतरत्नमाला' नामक भजनसङ्ग्रहमा पेज १०२ देखि १०५ सम्म बालागुरुको व्यक्तित्वको बारेमा भजन सङ्कलन गरेको देखिन्छ। उनलेले बालागुरुबाटै प्रथम शिक्षा पाएका थिए।

षडानन्दलाई सिद्धपुरुष, योगी, ध्यानी, तपस्वी तथा समाजसुधारकका रूपमा श्लोकमार्फत विश्लेषण गरेको देखिन्छ ।

पूर्वप्राध्यापक चेतोनाथ गौतम (गुरु षडानन्द पद्यकाव्य, २०५९) का अनुसार षडानन्दको यस धर्तीमा देवताको मानव अवतारका रूपमा षडानन्द जन्म भएको भनी गुरुमहिमाको चर्चा गरेको देखिन्छ । कविले बालागुरुको बाल्यकाल, शिक्षादीक्षा, समाजसुधारका कार्यहरू, शैक्षिक सुधार लगायत विविध गतिविधि र विषयहरूको उल्लेख गरेको देखिन्छ ।

## शोधकर्ता तथा अन्य लेखकबाट बालागुरुको व्यक्तित्व विश्लेषण :

शोधकर्ता शोभा चापागाईंले (२०५२) बालागुरुलाई समाजसुधारक, शैक्षिक धरोहर र प्रेरणादायी व्यक्तित्वका रूपमा विश्लेषण गरेको देखिन्छ ।

शोधकर्ता भगवान खड्काले (२०५६) षडानन्द अभिलेखीकरणमा अग्रज, स्थायी ३ तहमा इतिहास (अभिलेख) राख्न सफल, समाजसेवी र राष्ट्रिय विभूतिका रूपमा विश्लेषण गरेको देखिन्छ ।

शोधकर्ता ऋद्धि अधिकारीले (२०६७) षडानन्द अरुण उपत्यकाको साहित्यिक क्षेत्रका प्रेरक व्यक्तित्व र शैक्षिक धरोहरका रूपमा रहेको विश्लेषण गरेको देखिन्छ ।

शोधकर्ता ईश्वर गौतमले (२०६७) षडानन्द कुशल शैक्षिक व्यवस्थापक र सामाजिक विकासमा बहुमुखी आयामका अग्रज अभियन्ताका रूपमा विश्लेषण गरेको भेटिन्छ ।

शोधकर्ता भूपाल पुलामीले (२०७२) बालागुरुलाई कुशल शैक्षिक व्यवस्थापक र दिङ्लाका जीवन्त इतिहासका अग्रज व्यक्तित्व भनी उनले योगदान दिएका ऐतिहासिक प्रमाणको अध्ययन र विश्लेषण गरेको देखिन्छ ।

शोधकर्ता सविता शर्माले (वरगाछी, अङ्क ९, २०४८ को सेमन्तराज अधिकारीको लेखमा आधारित भएर), बालागुरुलाई युगपुरुष, धार्मिक पुनरुत्थानकर्ता, शैक्षिक जागृतिका अग्रज, समाजसुधारक र आदर्श समाज निर्माण गर्न अग्रसर व्यक्तित्वका रूपमा विश्लेषण गरेको देखिन्छ ।

विश्वनाथ चापागाईंले (२०५२) बालागुरुलाई शिक्षासेवी र कर्मठ योगीका रूपमा तथा नरेन्द्र प्रसाईले (२०६८) सतीप्रथा उन्मूलनका प्रणेताका रूपमा विश्लेषण गरेको देखिन्छ । दीपक राईले (२०६९) षडानन्दलाई ओझेलमा परेका शिक्षाका ज्योति भनी विश्लेषण गरेको देखिन्छ ।

डा. गोविन्दमानसिंह कार्कीले भारतको कल्याण पत्रिकामा (सन् १९४५ तिर) बालागुरु षडानन्दलाई विश्वका ५०० साधुमध्येमा उत्कृष्ट साधु तथा योगीमध्येका सन्तशिरोमणिको सूचीमा सूचीकृत गरेको उल्लेख गर्नुभएको छ ।

शोधकर्ता गोविन्द चापागाईंले बालागुरुलाई सामाजिक र शैक्षिक जागरणकर्ताका रूपमा विश्लेषण गरेको देखिन्छ ।

खोजकर्ता तथा अन्वेषक पूर्णप्रकाश 'यात्री' ले (२०५२) बालागुरुलाई सिद्धपुरुष तथा युगपुरुष र शैक्षिक धरोहरका रूपमा विश्लेषण गरेको देखिन्छ । उनको योगदान दिङ्लामा मात्र सीमित रहेन, पोखराको सेती नदी किनार पश्चिममा नारायण आश्रम र शिवमन्दिर स्थापना पनि भएको थियो । उक्त नारायण आश्रम गुठीलाई फुँडेरस्थित माटोमुरी ५२ को २ खला खेतसमेत गुठीको नाममा दर्ता तथा व्यवस्थापन गरी तेह्रथुमका बालब्रह्मचारी बालानन्द सुवेदीलाई जिम्मा लगाई काठमाडौँ पचलीभैरवस्थान फर्किएको देखिन्छ । पचलीमा बसेर उपत्यका र उपत्यका बाहिरका भक्तहरूलाई पनि सेवा पुऱ्याएको थियो भन्ने कुरा लेखहरूमा उल्लेख छन् ।

साहित्यकार एवम् पत्रकार कृष्णविनोद लम्सालले (२०७१) अनुसन्धानात्मक ग्रन्थमा बालागुरुलाई सुकीर्तिहरूका किरणका रूपमा विश्लेषण गरेको देखिन्छ । प्रा. डा. वीणा पौडेलले (२०७१) षडानन्दलाई नेपालका शैक्षिक नक्षत्रका रूपमा विश्लेषण गरेको देखिन्छ ।

## लेखकहरूबाट बालागुरुको व्यक्तित्व विश्लेषण :

प्रा. लालानाथ सुवेदीले (२०५२) बालागुरु षडानन्दलाई अद्भुत व्यक्तित्वका रूपमा विश्लेषण गरेको देखिन्छ । दैवज्ञराज न्यौपानेले (२०४२) शिक्षा र योगसाधनाका तपस्वीको रूपमा विश्लेषण गरेको देखिन्छ । पीताम्बर अधिकारी (२०६५), केदार न्यौपाने (२०६४), डा. तुलसी भट्टराई (२०६९) र डा. स्वामी प्रपन्नाचार्यले (२०६२) बालागुरु षडानन्दलाई शैक्षिक, सामाजिक, आध्यात्मिक, वैदिक सनातन धर्म र समाजसुधारका एक अग्रज अभियन्ताका रूपमा विश्लेषण गरेको देखिन्छ ।

रवीन्द्र अधिकारीले (२०६८) वीरेन्द्र मा. वि. कुलुङको स्मारिका तथा २०७४ को भोजपुर स्मारिका र २०७१ को अरुण मा. वि. को स्मारिकामा 'षडानन्द अधिकारीको योगदानहरूको मूल्याङ्कन गर्दा निष्कर्षमा उहाँलाई राष्ट्रिय विभूतिका रूपमा घोषणा गरिनुपर्दछ' भन्ने प्रसङ्ग उल्लेख गर्नुभएको छ ।

सरस्वती नि. मा. वि. दिङ्लाका पूर्व प्र. अ. बलबहादुर राई (२०७६) का अनुसार षडानन्द पाठशालाले आफूलाई पनि वि. सं. २०१८ देखि वेद, रुद्री, चण्डी पढाउने अवसर प्रदान गरेको तथा अध्ययन गर्दाका सहपाठीहरू शान्ता चापागाई, देवी भगवती बस्नेत, दीपकुमार राई (पापुङ्गा) तथा अन्य बस्नेत एवम् श्रेष्ठ साथीहरू पनि रहेको स्मरण छ । आफू किरात भए पनि आफ्ना साङपाङका मावली हजुरबुबाले वेद र रुद्री पढेर बिहान लामो पूजा गर्ने बानीले प्रेरित भई

वैदिक धर्म तथा संस्कृतिप्रति आफ्नो मोह बढेको थियो । किरात भए पनि किरात तथा वैदिक धर्म दुवैमा मेरो बराबर आस्था छ । बालागुरु षडानन्दको प्रेरणाले दिङ्ला भेगका धेरै किरातहरू पनि वैदिक धर्मलाई शुद्ध र पवित्र मान्दै मान्दै आजसम्म पनि मानेर आएको देखिन्छ । किरातको मुन्धुम र वैदिक धर्म वेदको अभिप्राय एकै छ – सत्य, अहिंसा, सुकर्म आदि । तसर्थ ज्ञानी तथा आध्यामिक प्रवृतिका किरातहरूले पनि किरात र वैदिक धर्म दुवैलाई दिङ्ला क्षेत्रमा अपनाएका छन् । षडानन्द र पाठशालाबाट शिक्षाको, चेतनाको र सभ्य कर्मका किरातले पनि फाइदा लिएकै हुन् । तसर्थ बालागुरु महान् समाजसुधारक, वैदिक धर्मका अभियन्ता र शैक्षिक व्यक्तित्वका रूपमा रहेको देखिन्छ ।

पं. यज्ञनिधि चापागाईं (१९८४), खेमराज गौतम (२०६२), चन्द्रप्रसाद लोहनी (२०५२) तथा सेमन्तराज अधिकारीका अनुसार (२०६२) षडानन्द संस्कृत मोडल (S-S Model) को प्रशंसा सिक्किम, दार्जिलिङ,बवर्मा र बनारससम्म फैलिएको र सहज सूत्रहरूबाट पढाइ हुने अध्ययन शैलीको रहेको थियो । षडानन्द पाठशालामा अध्ययन गर्नेहरू विद्वान्, ठूला पण्डित, दक्ष प्रशासक र उच्च ओहदाका कर्मचारीहरू बनेका देखिन्छन् ।

मोदनाथ प्रश्रित (२०७३ : ३८१) का अनुसार विक्रमको २० औँ शताब्दीको मध्यतिर नेपालको समग्र जागरणमा सवभन्दा ठूलो भूमिका कसको छ भन्ने प्रश्नमा निर्विवाद रूपले सम्झने गौरवशाली नाम षडानन्द अधिकारी हो । योग, शिक्षा, सार्वजनिक निर्माण, पर्यावरण सुधार, नेपालको सामाजिक जागरण, सतीप्रथा र छुवाछुत प्रथाको विरोध, सदाचारको अभियान, सैन्य भिकाई सुरक्षा व्यवस्था आदि अनेक विषय पक्षमा पूरा ध्यान दिएर समाजलाई अग्रगतिको दिशामा प्रेरित गर्ने बालागुरु षडानन्द अधिकारीका विषयमा नेपाली समाजले अझै पनि प्रर्याप्त जानकारी पाउन सकेको छैन ।

प्रश्रितका अनुसार नै खास गरी पृथ्वीनारायण शाह, बहादुर शाह र भीमसेन थापाको इतिहासपछि समग्र नेपालका विविध पक्ष र क्षेत्रहरूमा जागरण ल्याउने अग्रज व्यक्तित्व षडानन्द थिए । उनका योगदानहरूको विश्लेषण गर्दा यस युगका प्रथम युगपुरुष (Eraman) थिए भन्ने निर्विवाद निचोड निस्कन्छ ।

गोरखापत्र दैनिकका पूर्वप्रधानसम्पादक शिवप्रसाद भट्टराई (२०७३ : १८६) का अनुसार बालागुरु षडानन्द नेपालका एक महान् राष्ट्रिय विभूतिका रूपमा आत्मसात् गर्न सकिने सम्मानित व्यक्तित्व हुन् । राणाशासन कालको कठोर समयमा पनि शैक्षिक जनचेतना विस्तार गर्न सक्ने सत्विचार र सदाचारयुक्त बौद्धिक प्रतिभा हुन् ।

डा. लक्ष्मण शास्त्री (२०५२) का अनुसार दिङ्लाले विशेष भौतिक सूत्रहरू प्रतिपादन गरेको थियो । "भौतिक सूत्रका प्रतिपादक वा आविष्कारक षडानन्द

आफैँ हुन् ।” यस लेखको विश्लेषणबाट उक्त सूत्रहरूको प्रयोग गरी शिक्षण सिकाइ क्रियाकलाप गरिने मोडललाई S-S Model नामकरण गरिएको छ । S-S Model को अन्तिम निष्कर्ष भनेको आजभोलि लोकसेवा वा शिक्षकसेवा आदि तयारीजस्तै अध्ययन शैलीसँग तुलना गर्न सकिन्छ । तर यो मोडलमा पढ्नु अगाडि स्नान गर्ने, पूजापाठ गर्ने, सानो जप-ध्यान गरी mind readiness and concentration state गर्ने हुनाले Superpedagogy Model पनि भन्न सकिन्छ जुन S-S Model को एक महत्त्वपूर्ण पाटो हो ।

अध्यात्म दर्शनका विशिष्ट विद्वान् प्रा. शिवगोपाल रिसाल (२०७३ : ४३६) का अनुसार ब्रह्मचारी बालागुरु षडानन्दले अष्ठसिद्धि (८ सिद्धिहरू) प्राप्त गरेको देखिन्छ । उनलाई दिङ्लाका ज्योति, भोजपुरका ज्योति, नेपालका ज्योति, सिद्ध महात्मा, समाजसेवी, युगपुरुष, शिक्षाविद् र ज्ञानको आलोक छर्न आतुर महान् व्यक्तित्व एवम् एक समाजसुधारकका रूपमा चिन्न र लिन सक्दछौँ ।

रेडियो पत्रकार तथा साहित्यकार यज्ञनिधि दाहाल (२०७३ : ३९४) का अनुसार रानीपोखरीको संस्कृत प्रधान पाठशालाको शैक्षिक इतिहास, दरवार हाइस्कुलको इतिहास, मटिहानी ज्ञानकूपको इतिहास आदि नेपालको शैक्षिक जगत्को इतिहास खोतल्दा, प्राचीनकालीन जनकपुरको राजा जनकको पालापछिको आधुनिक इतिहास अध्ययन गरी निचोरेर ल्याउँदा तथा सूत्रमा ढाल्दा, बालागुरु षडानन्द नेपालको शिक्षाप्रणालीमा संस्कृत पाठशालाको जगका आधारशिला हुन् । खास गरी पृथ्वीनारायणबाट एकीकृत नेपाल निर्माणपछिको पहिलो शिक्षा मन्दिर हो दिङ्ला पाठशाला ।

प्रा. रामहरि दाहाल (२०७३ : ४०५ – ४०८) का अनुसार बालागुरुलाई भोजपुरका ज्योति र पूर्वी नेपालको ज्योति भनेर सीमित गरिएको छ । उनी नेपाल राष्ट्रकै शिक्षाका ज्योति थिए । नेपालको करिब २०० वर्ष र त्यसभन्दा अगाडिको इतिहासमा पनि उनीसँग तुलना लायक बहुआयामिक व्यक्तित्व यस राष्ट्रमा कोही देखिएको छैन । तत्कालीन समयमा मांस, मदिरा, नाचगान, खेतीपाती र सामान्य धर्मकर्म तथा अन्धविश्वासी परम्परामा फसिरहेको सामाजिक परिवेशमा जात, जातीयता, पेसा र वर्गको घेराभन्दा माथि उठेर तथा पढाइको महत्त्व बुझाउन ‘सबैका लागि शिक्षा (Education for All)’ भन्ने बालागुरुको सिद्धान्त राष्ट्रको बृहत्तर हितका लागि सबैभन्दा महान् सिद्धान्त हो । उनी नेपालको सत्पुरुष वा सनातनी पुरुष थिए । बालागुरुको सबैका लागि शिक्षा भन्ने सिद्धान्त आजकल भनिने समावेशी शिक्षा, बालमैत्री शिक्षा, समाहित शिक्षा, शान्तिका लागि शिक्षा र जीवनोपयोगी शिक्षा आदिका आधारशिला हुन् र तत् व्यवस्थासँग मिल्ने देखिन्छ । उक्त शिक्षा बालागुरुले १५० वर्षअघि नै व्यावहारिक रूपमा षडानन्द पाठशाला दिङ्लामा प्रयोग गरी देखाएका थिए ।

प्रा. लालानाथ सुवेदी (२०७३ : ४०९) का अनुसार बालागुरुअघिका वर्षहरू तथा उनको जन्मपछिका २०० वर्षसम्मको ऐतिहासिक कालखण्ड विश्लेषण गर्दा पनि उनी नेपालको इतिहासका मूर्धन्य प्रेरक व्यक्तित्व र आदर्शका प्रतिमूर्ति थिए । उनी नेपालको शिक्षाका ज्योति तथा समाजसेवा क्षेत्रका एक्लो हिमचुली हुन् ।

दुर्गाप्रसाद अधिकारीले पं. नन्दिकेश्वर अधिकारीको (वि. सं. १९८४) को ग्रन्थ 'सदाचारज्ञानाऽदर्शकः' को नेपाली अनुवादमा उल्लेख गरेअनुसार गीतामा लेखिएको छ "प्रत्येक १०० हजार जनामा १ जनालाई ब्राह्मणलाई ब्रह्मज्ञान, तत्त्वज्ञान र अष्टसिद्धि प्राप्त हुने सम्भावना हुन्छ । श्री १०८ आवाल ब्रह्मचारी षडानन्द अष्टसिद्धिप्राप्त अलौकिक महापुरुष रहेको देखिन्छ ।

बद्रीप्रसाद पहाडी (२०५२) का अनुसार गुरु महाराजको प्रभाव मादीका दाहाल परिवारमा मात्र सीमित थिएन । कोयाखोलाका गौतम, लामिडाँडा र मानेडाँडाका भट्टराई, खार्पाका पोखरेल, रामेछाप मन्थलीका घिमिरे, दुम्जाका कोइराला, पैयापानीका कार्की, चैनपुरका नेवार, सिभुवाका आचार्य र रिजाल, इलामका निरौला, ताप्लेजुङका पौडेल, हेलौछाका राई, मझुवाका राई, तेह्रथुमका ढुङ्गाना आदिलगायत पूर्वी नेपालमै प्रभाव परेको थियो । यसबाट तुलसीको मठ, मन्दिर, काठेपुल निर्माण, डुङ्गा सञ्चालन, धारा, कुवा, पाटी, चौतारा, बाटो, आश्रमहरू आदि निर्माणको लहर चलेको थियो । उनी समाजसुधारक, शिक्षाप्रेमी तथा कर्मयोगी सिद्धपुरुष पनि रहेको देखिन्छ ।

योगी नरहरिनाथ (२०५२ : प्रस्तावना) का अनुसार दार्जिलिङ, लिङ्से, सिक्किम आदि स्थानमा दिङ्ला विद्यापीठको अनुसरण गरेर आदर्श विद्यापीठहरू खुलेका छन्, चलेका छन् । भुटान, बर्मा र आसाममा पनि दिङ्लाको शिक्षाको प्रकाश पुगेको छ । उनी समाजसुधारक, नेपालमा शिक्षाका धरोहर र आध्यात्मिक सिद्धपुरुष रहेका देखिन्छन् ।

वेदान्त दर्शनविज्ञ प्रा. डा. दीर्घराज घिमिरे (२०७३ : १४८) का अनुसार आफ्ना पिता रामेछापबाट दिङ्ला अध्ययन गर्न जानुभएको रहेछ । पिताका अनुसार बालागुरु ओजस्वी, शिक्षासुधारक, लोकोत्तर प्रतिभाका धनी, स्वसङ्कल्पानुसारी प्रयोजक, अद्भुत त्याग साधनाका प्रतिमूर्ति र युगपुरुष थिए ।

नेपाल प्रज्ञाप्रतिष्ठानको प्राज्ञ परिषद्का पूर्वसदस्यसचिव डा. तुलसी भट्टराई (२०७३ : २१२ – २१८) का अनुसार जेठाहजुरबुबा पं. श्रीलाल भट्टराईले वि. सं. १९४० – १९४५ मा बालागुरुसँग दिङ्लामा पढ्नुभएको थियो । ताप्लेजुङ जिल्लाभर जेठाहजुरबुबासँग प्रतिस्पर्धा गर्ने अर्का पण्डित थिएनन् भन्दथे । मैले चिनेजानेका ताप्लेजुङका नामी पण्डितहरूले दिङ्ला अध्ययन गरेको थाहा छ । प्रायः सबैले आआफ्नो गाउँमा पाठशाला चलाई शिक्षाको ज्योति

फैलाउने काम गरेको देखिन्छ । अर्थात् बालागुरुले दिङ्लामा बालेको शिक्षाको ज्योति पूर्वाञ्चलको ताप्लेजुङ हुँदै आसाम, भुटान, सिक्किमसम्म प्रकाश छर्दै व्यापक बनेको थियो ।

डा. तुलसी भट्टराई (२०७३ : २१२ – २१८) को वि. सं. २०४२ पौष २४ को दिङ्ला भ्रमणमा गएको प्रसङ्ग छ । "दिङ्ला वि. सं. १९३२ देखि वि. सं. २००७ सम्म करिब ७५ वर्ष नेपालको प्रमुख विद्याकेन्द्र त भयो नै, यसले दर्जनौँ गुरुकुल प्रणाली र अन्य दर्जनौँ विद्यालयहरू पनि जन्मायो । विद्यालयबाट पढेर निस्केर पण्डित मात्र हुँदैनथे, विभिन्न सरकारी सेवामा पनि लाग्न सक्षम हुन्थे । कतिपयले आआफ्ना ठाउँमा पाठशाला चलाउने गरेका पनि थिए । दिङ्लाको भूमि मात्र टेक्नुपर्छ, पण्डित भइहालिन्छ । त्यो विश्वास र मान्यताको दिङ्लासँगै दिङ्ला जान लालायित त्यस बेलाको सचेत समाज थियो । तर आजको दिङ्ला समाजमा कङ्काल मात्र अवशिष्ट रहेझैँ मनमा उदासी र निराशा बोकेर दिङ्लाबाट फर्किएको छु म ।"

मोहनप्रसाद घिमिरे (२०६८ : ४५-४६) ले झापाली स्रष्टा र साहित्य ग्रन्थमा उल्लेख गरे अनुसार करफोक स्वामी दिउँसो बाघ बनेर लमतन्न ढुङ्गामाथि घाम ताप्नुहुन्थ्यो र ज्योतिर्मठका शिष्य हुनुहुन्थ्यो । उहाँका धेरै अलौकिक कुराहरू सुनिन्छन् । स्मरण गरौँ, षडानन्द पनि ज्योतिर्मठका शिष्य हुनुहुन्थ्यो । षडानन्दका पनि करफोक स्वामीको जस्तै अरुण नदी खराउमा तर्ने, असिना पानी रोक्ने जस्ता अलौकिक सिद्धिहरू सुनिन्छन् ।

पुण्यभूमि स्वर्गद्वारी (२०७१) ग्रन्थमा स्वर्गद्वारी महाप्रभुसँग मौसम नियन्त्रण गर्न सक्ने र छिनमै रूप परिवर्तन गर्न सक्ने, पैसा आपत परे रूखको टोड्काबाट निकाल्ने, उहाँले दिएको आशीर्वाद लाग्ने आदि अलौकिक कार्यहरू थिए भन्ने उल्लेख छ । बालागुरु षडानन्द, करफोक स्वामी र स्वर्गद्वारी महाप्रभु, ३ जना योगीगुरुहरू ज्योतिर्मठ अन्तर्गतबाट दीक्षित देखिन्छन् । यी तीनै महापुरुषहरू शैक्षिक अभियन्ता, धर्मात्मा, सांस्कृतिक जागरक, समाजसुधारक र अलौकिक प्रतिभा भएका सिद्धपुरुष देखिन्छन् ।

सेमन्तराज अधिकारी (२०६२ : ३१), डा. कार्की (२०६८ : ११ – १३) र हेमराज शर्मा अधिकारी (२०७५), "काठमाडौँ पशुपतिनाथको श्लेष्मान्तक वनमा २४ लाख गायत्री पुरश्चरण गरेको बेला तत्कालीन प्रशासन प्रमुख एवम् कमान्डर इनचीफ एन्ड मिनिस्टर बमबहादुर राणा पुग्नुभएको थियो । पचलीभैरवमा बसेको बेला श्री ३ परिवारका सदस्यहरू, श्री ५ र श्री ५ परिवारका सदस्यहरू पुगेको, प्रवचन सुनेको, प्रसाद ग्रहण गरेको, यक्षविक्रम राणाले सुनको थाली र बमवीर राणाले पुरश्चरण साङ्गेमा सुनको करुवा गुरुलाई दैनिक भोजन गर्न दान दिएको देखिन्छ । श्री ३ जङ्गबहादुर राणा, रणोद्दीप, चन्द्र

शमशेर, भीम शमशेर, वीर शमशेर, दरबारका मूल पुजारी पण्डितहरू, खजान्ची वामदेव गौतम, सेनापतिहरू पनि पचलीभैरवमा पुगेको देखिन्छ । भीम शमशेरलाई बालागुरुले मन्त्रदान समारोह यज्ञादि सम्पन्न गरेको प्रसङ्ग छ । श्री ५ र श्री ३ लगायत परिवारका सदस्यहरूले पनि नतमस्तक भई गुरुको मान-सम्मान गरेको र कतिपय बालागुरुका भक्त बनिसकेका थिए ।" जे भए तापनि बमबहादुर राणा र भीम शमशेरमा बालागुरुको व्यक्तित्वको महत्त्वपूर्ण प्रभाव परेको देखिन्छ ।

शिक्षाविद् गेहनाथ गौतम (२०७३ : ३३१) का अनुसार वि. सं. २०४२ सालमा सङ्खुवासभाको स्याबुनबाट भाइ सोमनाथका साथ षडानन्द पाठशाला अध्ययन गर्न गएका थियौँ । नतिजाअनुसार आफुले कक्षा ९ मा मासिक ४ पाथी र कक्षा १० मा मासिक ६ पाथी छात्रवृत्ति प्राप्त गरेको थिएँ । तत्कालीन समय र समाजको विश्लेषण गर्दा षडानन्दलाई क्रान्तिकारी व्यक्तित्व, अग्रगामी पथप्रदर्शक र अग्रज शैक्षिक अभियन्ताका रूपमा विश्लेषण गर्न सकिन्छ । उनको शैक्षिक नीतिले आज हामीलाई यस सूचना, विज्ञान र प्रविधिको आधुनिक युगमा पनि समायोजन गराई धार्मिक, सत्कर्मी र सत्विचारले मलजल दिई उत्प्रेरित गरायो । उनको निःस्वार्थी र कर्मशील छविलाई यस भौतिकवादी युग र उपभोक्तावादी समाजमा हामीले कम्तीमा दशांश मात्र समाजसेवामा सुम्पने हो भने हाम्रा सन्ततिले हामी, पूर्वज, समाज र राष्ट्रको सफलतापूर्वक कदर गर्न सक्नेछन् । पुर्खाको इज्जत बढ्नेछ ।

प्रा. डा. दयाराम श्रेष्ठ (२०७३ : २१९) का अनुसार वि. सं. २०२५ मा २५ वर्षमा स्नातक सकेर तरुण अवस्थामा धनकुटाबाट अरुण इङ्लिस हाइस्कुलको प्रधानाध्यापक भई काम गर्ने अवसर मिलेको थियो । बालागुरुका योगदानहरू सुनेर शिक्षण पेसामा विद्यादान गर्ने प्रेरणा जागेको थियो । बालागुरु आध्यात्मिक ज्योति हुन् जसले पूर्वी नेपालमा ज्ञान र विद्याको आलोक फैलाएर सम्पूर्ण नेपालकै छविलाई उच्च बनाए । उनी ती धर्मगुरु हुन्, जसले सबैका मनमा सद्भाव र सदाचारको शतबीज छरेर समाजलाई आलोकित तुल्याए ।

षडानन्द मा. वि. का पूर्वशिक्षक एवम् वरिष्ठ साहित्यकार ज्ञानराज सुवेदी (सं. २०७३ : ३३५) का अनुसार आजभन्दा १५० वर्ष पहिला दिङ्ला र अरुण उपत्यकामा उत्थानको, निर्माणको, संस्कृतिको, समग्रमा बालागुरु षडानन्दको युग थियो । दिङ्लाको भूमिले सामाजिक उत्थानका लागि त्यसैको सेरोफेरोमा बालागुरु षडानन्द र भक्तिमाता योगमायालाई जन्म दियो । यस पाठशालाले त्यसै समयदेखि सम्पूर्ण नेपालका विशिष्ट तहका कविराज, डाक्टर, न्यायाधीश अनगन्ती प्रोफेसर, राजनीतिज्ञ, कुशल प्रशासक, व्यापारी, उद्योगकर्मी र साहित्यकार जन्म दियो । बालागुरु षडानन्द युगपुरुष र महापुरुष थिए ।

प्रा. डा. नृसिंहकुमार खत्री (२०७३ : ३६५) का अनुसार प्राचीन शास्त्रहरूमा नेपाल सीताको भूमि, बुद्धको भूमि, जनकको भूमि र वेदव्यासको भूमि पनि हो । दर्शनशास्त्र, वेदशास्त्र, नाट्यशास्त्र, उपनिषद्, योगशास्त्र, संस्कृत व्याकरण, रामायण र पुराणका कतिपय स्रष्टाहरूको जन्मभूमि, कतिपय तपस्वीहरूको तपोभूमि र आश्रयभूमि पनि हो । यसै क्रममा बालागुरु षडानन्दले वि. सं. १९३२ मा शैक्षिक सेवा र मानवता कल्याणको सेवा गर्ने उद्देश्यले आधुनिक कालमा पाठशाला स्थापना गरेको देखिन्छ । उनले स्थापना गरेको गुठी, विद्यालय, मन्दिर, वगैंचा, वन, कुण्डहरू तथा तिनीहरूको सञ्चालन व्यवस्थापन हेर्दा उनी पूर्वी नेपालका मात्र होइन, समग्र नेपालकै व्यवस्थापन क्षेत्रका महापुरुष वा युगपुरुष थिए । उनका कीर्तिहरूको संरक्षण आज जरुरी छ । राष्ट्रले उनलाई राष्ट्रिय विभूतिका रूपमा सम्मान दिनु आवश्यक छ ।

प्रा. डा. खत्रीका अनुसार पूर्वीय दर्शनमा आधारित शिक्षा पाएका उनका चेलाहरूले नेपालको निरङ्कुश शासनको अन्त्य गर्न र त्यसपछि तिनका सन्ततिले पनि हालसम्म राष्ट्रनिर्माणमा महत्त्वपूर्ण योगदान दिँदै आफ्नो जीवन सार्थक पारेको पाइन्छ । यसलाई बालागुरुकै कृपा र योगदान मान्नुपर्छ । मेरा हजुरबुबा डिट्ठा मेहरमान खत्री बालागुरुका समकक्षी हुनुहुन्थ्यो । पिताजीबाट सुनेअनुसार काठमाडौँका तत्कालीन राणा परिवार, राजपरिवार तथा गन्यमान्य खानदानी परिवारमा पनि बालागुरुको महत्त्वपूर्ण प्रभाव थियो ।

पं. कृष्णप्रसाद गुरागाईंका अनुसार सिंहदरबारमा साप्ताहिक पुराण लगाउन ६ महिनाअघिदेखि बालागुरुलाई निमन्त्रणा धनकुटाका तत्कालीन बडाहाकिम माधव शमशेरमार्फत गरिएको थियो । गुरुले पुराण वाचन गरी वास्तुपूजा गर्दै सिंहदरबारको उद्घाटन गर्दा देशविदेशका उच्च ओहोदाका गन्यमान्य तथा श्री ५ शाह परिवार तथा श्री ३ राणा परिवारले पनि सम्मान गरेको हुनाले बालागुरुको अझै उचाइ बढेको थियो । बालागुरु षडानन्द श्री १०८ भन्दा पनि अनन्तश्री विभूषित देखिन्छन् । बहुप्रतिभाशाली सिद्धहस्त व्यक्तित्वलाई अनन्तश्री विभूषित गर्ने परम्परा छ । उनलाई विभूषित गरियो वा गरिएको थिएन, खोज तथा अनुसन्धान गर्नु जरुरी देखिन्छ । राष्ट्रिय विभूति घोषणा राज्यले गरे उचित हुन्छ । तर उनलाई राज्यले भन्दा पनि बढी सनातनधर्मी जनमानसले चिनेका छन् र अध्यात्मको कुनामा लुकेको आभास हुन्छ । राष्ट्रिय विभूतिभन्दा पनि उनी आत्मज्ञानीका रूपमा अझै उच्चस्थानमा सम्मानित देखिन्छन् । उनी वैदिक सनातन धर्म समाजसुधारक वा वैदिक धर्मका पृष्ठपोषक सन्त थिए ।

षडराज अधिकारी र चूडाबहादुर कार्कीले बालागुरुसम्बन्धी अलौकिक कुराहरू (२०७३) उल्लेख गरेको देखिन्छ ।

विराटनगर न. पा. का पूर्वप्रमुख अशोक कोइराला (२०५२ : १२७) का अनुसार बालागुरु जसले राणाकालीन परिवेशमा नेपालको प्रथम विद्यापीठ स्थापना गऱ्यो, जसबाट भारत, सिक्किम, भुटान आदिसम्म आदर्श संस्कृत पाठशालाको प्रकाश फिँजायो र जातिपाति प्रथाविरुद्ध भेदभावरहित समाजको परिकल्पना गऱ्यो । सतीप्रथा तथा दासप्रथा उन्मूलन गर्न राणाहरूको मानसिकतामा परिवर्तन ल्यायो । समाजसेवाको पाठसमेत पढायो । यस्ता आदर्श व्यक्तित्वप्रति श्रद्धासुमन अर्पण गर्दछु ।

भूमिसुधार आयोगका पूर्वअध्यक्ष ऋषिराज लुम्साली (२०७३ : २९९ – ३०४) का अनुसार पिता पं. दुर्गाप्रसाद लम्सालले वि. सं. २००८ वसन्त-पञ्चमीको दिन षडानन्द पाठशालामा लगेर मेरो अक्षरारम्भ भएको थियो । ७ वर्षपछि प्रथमा पास गरेपछि मध्यमाको जाँच दिन बनारस जानुपरेको थियो । बालागुरुलाई नेपालको पर्यावरण संरक्षणका विभूतिका रूपमा विश्लेषण गर्न सकिन्छ । उनी हटिया सञ्चालनमार्फत व्यापारिक प्रथम सहजकर्ताका रूपमा देखिन्छन् । स्थानीय कृषि उत्पादन प्रवर्द्धन गर्न साप्ताहिक शनिबारे हटिया, शतबीज मेलामा अन्नका बीजहरूको प्रदर्शनी, रामनवमी मेला आदिमार्फत सहजीकरण गरेको देखिन्छ । षडानन्द शिक्षाका प्रथम प्रणेता, कुप्रथाविरोधी जुझारु अभियन्ता, पर्यावरणका विभूति, कुशल व्यवस्थापक, समाजसुधार र दूरदष्टा थिए । बमबहादुर राणाका नातिको भनाइअनुसार हजुरबुबा बमबहादुर राणाको पहलमा श्री ३ चन्द्र शमशेर लगायत अन्य श्री ३ राणाहरू र परिवारहरूलाई बालागुरु षडानन्दको दर्शन गराएको सुनेको थिएँ भनी लुम्सालीबाट उल्लेख गरिएको देखिन्छ ।

बालागुरुले अहिलेको गणतन्त्रका जातीय समावेशीकरण र सहभागिताको कुरा १५० वर्षअघि बालागुरुले शिक्षा र समाजसुधारमा प्रयोग गरेको देखिन्छ । वेद र संस्कृत पढ्न बाहुनले मात्र पाइने र बाहुनलाई मात्र काम लाग्ने शिक्षा भन्ने पुरातनवादी सोच अन्त्य गर्दै स्थानीय राई, तामाङ, लिम्बू, नेवार र इतर जात भनिने दलितहरूले पनि अध्ययन गर्न खुला गरेको देखिन्छ र तत् वर्गले फाइदा लिएको पनि देखिन्छ । सतीप्रथा र दासप्रथा अन्त्यको सुरुवात बालागुरुबाटै भएको र मुक्ति मिलेको हुनाले महिलाहरू र श्रमजीवी मजदुर वा किसानले बालागुरुलाई मुक्तिदाताका रूपमा सम्मान गर्नु सान्दर्भिक देखिन्छ । यो सबैको मूल जड चेतना हो । तत्कालीन समयमा शिक्षण संस्था खोल्नु टाउकोले चट्टान ठोक्नु बराबर थियो ।

तत्कालीन समयमा दिङ्लाबाहेक नेपालमा कुनै साप्ताहिक हटिया नेपालमै थिएन, सायद यही कारण लेखकको विश्लेषण उपयुक्त देखिन्छ । बालागुरुले धार्मिक सहिष्णुता, सामाजिक जागरण, सद्भाव र समावेशी जातीय

सहभागिताको शैक्षिक वा चेतनाको विगुल पनि १५० वर्षअघि नै दिङ्ला वा अरुण उपत्यकामा फुकेको देखिन्छ ।

पूर्वमन्त्री कृपासुर शेर्पा (२०७३ : ३०५) का अनुसार बालागुरु त्यागी, सत्कर्म र सत्मार्गका प्रदर्शक थिए । विकासको मुख्य हतियार शिक्षामार्फत समाज परिवर्तन गर्ने दिव्यज्ञान र चिन्तन रही धर्म, संस्कृति, र मानव कल्याण्ड क्षेत्रमा उनका स्थापित मान्यता र सुकीर्तिहरूको जति बयान गरे पनि इन्द्रका अगाडि स्वर्गको बयान मात्र हुन्छ । गुरुले आर्थिक क्षेत्र समुन्नत बनाउने दीर्घकालीन सोचले लगाएको रुदाक्ष आज एसिया मै प्रख्यात छ ।

त्रि. वि. का सहप्राध्यापक कोषराज न्यौपाने (२०७३ : ३०७) का अनुसार बालागुरु षडानन्द मैले थाहा पाएका योगीमध्ये नेपालकै सर्वश्रेष्ठ योगी थिए । शैक्षिक ज्योतिका बाहक थिए । केवल उनको आशीर्वादले मात्र पनि मानवको जीवन सफल हुन्थ्यो भन्ने लेखहरूमा देखिन्छ । त्यस विद्यालयमा मैले पनि गोगनेबाट दिङ्ला गई अध्ययन गरेको थिएँ ।

डा. स्वामी प्रपनाचार्य (२०६२ : मिल्केको झिल्काबाट) का अनुसार बालागुरु षडानन्द परम सिद्ध आवाल ब्रह्मचारी र युगपुरुष (Eraman) थिए । बालागुरुमा अष्टसिद्धि प्राप्त र कुम्भक क्रिया पनि सिद्ध थियो । सिद्धिपुरुषलाई अरुण नदीमा रुमाल बिछ्याएर तर्ने त स्वाभाविक प्रक्रिया मात्र हो । सिद्धि देखाउने उद्देश्यले होइन । अरुण नदी तर्ने कुरा नजान्ने मान्छेले पत्याउँदैन । तर साधना प्राप्त सिद्धका लागि यो कुनै आश्चर्यको कुरो पनि होइन ।

डा. तुलसी भट्टराई (२०७५) का अनुसार दिङ्लाको धार्मिक सहिष्णुता, एकता, आध्यात्मिक पक्ष र वैदिक सनातन धर्म उत्कृष्ट विशेषतायुक्त छ । दिङ्लाका गणेशबहादुर तामाङको भनाइ अविस्मरणीय लाग्दछ । गुरु षडानन्दको पालादेखि नै दिङ्लामा वैदिक धर्मको प्रभाव परेको छ । म तामाङ हुँ । हामी गुम्बा मान्छौँ । चण्डीथान, देवीथान पनि मान्छौँ । ल्होसार मनाउँछौँ । रिङसुङ गुम्बा दिङ्लामा ठूलो छ नि ! हामी त छ्यासमिसे पो छौँ हजुर ! बालाचतुर्दशीमा सद्बीउ पनि छर्छौं । रामनवमी मेला पनि भर्छौं । दशैंको चाड पनि मान्छौँ । तिहारमा रमाइलो पनि गर्छौं ।" तसर्थ दिङ्लाको समाज उत्कृष्ट, उदार, धार्मिक सहिष्णुतामुखी, एकताको प्रतीक र अरूका लागि पनि अनुपम देखिन्छ ।

डा. भट्टराई स्मरण गर्नुहुन्छ भारतका मदनमोहन मालवीयलाई । उनी सन्त एक्लैले विशाल काशी हिन्दू विश्वविद्यालय स्थापना (सन् १९१६, वि. सं. २०७३ हाराहारी) र सञ्चालन गरेर छुट्टै कीर्ति राखेका छन् । तर दिङ्ला पाठशाला त्योभन्दा पनि अगाडिको हो । जाति, धर्म र वर्णगत भेद नगरी शिक्षा दिने केन्द्र, तर षडानन्दको मृत्युसँगै दिङ्ला अवसर हुँदाहुँदै पनि चुकेको विश्लेषण हुन्छ किनकि बालागुरुको समयमा दिङ्ला शिक्षाका लागि नदीको मुहानैसरह थियो ।

पत्रकार गोविन्द पोखरेल (२०६६) का अनुसार नेपालको प्रथम विद्यालय, प्रथम सामुदायिक वन र वर्तमान विश्वमा प्रथम गुणस्तरको रुद्राक्षको वन स्थापना गरेका थिए । शिक्षाको प्रचारसँगै सतीप्रथा तोड्दै, दासप्रथाबाट मुक्त गराउँदै, भूमिमा किपट प्रथा, हुकुम प्रथाविरुद्ध आवाज बूलन्द गर्दै समाजका कतिपय प्रथाहरू तोड्ने र शिक्षामार्फत कायापलट पार्ने कार्य गरे । बालागुरु षडानन्द कुशल शिक्षक मात्र होइन, समाज सुधारक, कुप्रथाविरुद्धका न्यायमूर्ति र कुशल व्यवस्थापक पनि रहेको देखिन्छ। दूरदृष्टि, दिगो विकास लक्ष, पर्यावरण संरक्षणमा जोड, बाटोघाटो, सत्तल, कुण्ड, विद्यालय, मन्दिर निर्माण र निर्माणमा स्थानीय सामग्री तथा प्रविधिको प्रयोगजस्तो दीर्घकालीन निर्माण कार्यले दिगो विकास लक्ष्य (Sustainable development) अनुसार कार्य गरेको देखिन्छ। उहाँ दिङ्ला र नेपाल राष्ट्रको शैक्षिक र सामाजिक इतिहासका धरोहर हुनुहुन्छ । समाजसुधार र समाजकल्याणका लागि काँध थाप्ने पुनर्जागरण स्तम्भ थिए ।

(२०६६।८।२, साप्ताहिक आवाज, वर्ष ९, अङ्क ३०)

अन्नपूर्ण शिक्षा डेस्क (२०६६।८।२) अनुसार वि. सं. १९३० को दशकको शिक्षा, संस्कृत भाषा र संस्कृतिका क्षेत्रमा त्यति बेला निकै क्रान्तिकारी र अग्रगामी छलाङ मार्ने थियो। उनी नेपालको औपचारिक शिक्षाका आधार स्तम्भ थिए । समाजमा व्याप्त जातीय छुवाछुत तोड्दै पाठशाला खोलेको देखिन्छ । उनी शिक्षाप्रेमी मात्र होइन, त्यसलाई टिकाइराख्न सक्ने दूरदर्शी व्यक्तित्व र सिद्धपुरुष थिए। नेपाली समाजमा औपचारिक शिक्षाको जग हाल्ने प्रथम नेपाली विद्वान् र योगी थिए ।

नेपाल स्रष्टा समाजका अध्यक्ष पवन आलोक (२०७३ : ३७८) का अनुसार बालागुरु हिन्दूधर्मका प्रखर चिन्तक र विद्वान् थिए । समाज रूपान्तरणमा पनि उनको उत्तिकै रुचि थियो। धर्मको नाममा समाजमा हुने गरेका अन्याय, विकृति र अन्धविश्वासको खुलेरै विरोध गर्दथे । तत्कालीन राणाशासकहरू पनि बालागुरुका भक्त भएका हुनाले बाधक बनेनन् । गुरु न्यायका पक्षधर, समाज सुधारक र मृत्युलाई पनि सत्कर्मद्वारा जित्ने महान् व्यक्तित्व देखिन्छन् ।

भोजपुरे समाजका पूर्वअध्यक्ष पासाङ दोर्ची शेर्पा (२०७३ : ३८०) का अनुसार अहिलेको विकृत बन्दै गइरहेको नेपाली समाजलाई सही बाटोमा डोऱ्याउनका लागि उनले गरेका शैक्षिक, सामाजिक, धार्मिक सुधार, वन संरक्षण, जडिबुटी संरक्षण आदि कार्यलाई एक मार्गदर्शन (Roadmap) का रूपमा लिनुपर्दछ । सम्भवतः त्यति धेरै महान् कार्य नेपालको पहिलो नमुना कार्य (Modal Work) थियो ।

पूर्वमन्त्री एवम् साहित्यकार प्रदीप नेपाल (२०७३ : ३८२) का अनुसार आफ्नो जन्म भोजपुरमा भए तापनि वि. सं. २०२५ सालमा SLC परीक्षा सकेर

घुमघामका लागि दिङ्ला गएको थिएँ । नेपालकै संस्कृत भाषाको पहिलो विद्यालय खोल्ने बालागुरु षडानन्द भनी विद्यालयको डिलमा उभिएको साथै विद्यालय खोल्ने मानिस ठूला र ज्ञानी हुन्छन् भन्ने मस्तिष्कमा चेतना त्यसै बेला बसेको थियो । बालागुरु ब्रह्मचारी नै थिए तर पनि त्यति बेला धर्मका नाममा महिलामाथि हुने अत्याचारका विरुद्धमा उभिएको देखिन्छ । सतीप्रथा समाप्तिको श्रेय श्री ३ चन्द्र शमशेरलाई इतिहासले दिएको तर त्यी चन्द्र शमशेरलाई त्यो स्थानमा पुऱ्याउने विद्वान् बालागुरु नै रहेको लेखहरूमा भेटिन्छ ।

बालागुरु षडानन्दलाई जसरी विश्लेषण गरे तापनि यादव चापागाईंले (२०७२ : ४८) यसरी व्यक्तित्व विश्लेषण गरेको देखिन्छ – बालागुरु षडानन्द अधिकारी बहुप्रतिभाका धनी (Multi–talent personality) व्यक्तित्वका रूपमा रहेको देखिन्छ । व्यवस्थापन शास्त्रको दृष्टिकोणमा कुशल व्यवस्थापक (Excellent manager), योजनाकार (Planner), कुशल परिकल्पनाकार (Foresight personality), संयोजनकर्ता (Co–ordinator), शिक्षाप्रचारक (Educational spokesman), सांस्कृतिक सुधारक (Cultural reformer), समाजसुधारक (Social reformer), प्रविधि हस्तान्तरणकर्ता (Technology transformer), भौतिक योजनाकार (Engineer / Surveyor / Planner), पैरवीकार (Writer) धर्मपत्रिकामा स्थानीय नीति वा स्थानीय कानुनका लेखक, विद्यालयका संस्थापक (Founder), पर्यावरणमैत्री विकासका अभियन्ता (As a campaigner of eco–friendly development promoter), अलौकिक पुरुष (Superhuman), सिद्धपुरुष, संस्थागत ऋण प्रदान गर्ने गुठीका संस्थापक (Founder of financial organization) तथा राणाशासक र जनताका बीचमा पुलको काम गर्ने मध्यस्थकर्ता (Mediator) का रूपमा देखिन्छन् ।

## यस अनुसन्धानकर्ताको बालागुरु सम्बन्धमा विश्लेषण :

### विद्वान् तथा भाषाविद्का रूपमा (As a acholar and a linguist) :

डा. कार्की (२०६८ : ७४) का अनुसार बालागुरु षडानन्दले नेपाली, संस्कृत, फारसी, हिन्दी, अङ्ग्रेजी, फ्रेन्च (अङ्ग्रेजी) आदि विषयहरू अध्ययन गरेको देखिन्छ ।

### एक मनोवैज्ञानिक वा मनोविश्लेषकका रूपमा (As a psychologist) :

खेमराज गौतम (२०५९) र प्रत्यक्षदर्शी शिष्य सत्यनारायण अधिकारीका अनुसार विद्यार्थीहरू सङ्कलन गरी चामुनारायण सत्तलमा मिठाई बाँडेर फकाई-फकाई गुरु षडानन्दले पढाएको देखिन्छ । बिरामीलाई हेर्नेबित्तिकै विरामीको मनोविज्ञान बुझी उपचार गरेको पनि देखिन्छ । मन्त्र उपचार विधि र जडिबुटी

उपचारविधिले दीर्घरोगी पनि निको पारेको देखिन्छ । रोगविरुद्ध जन्तरहरू दिएको पनि देखिन्छ । जनताको मनोविज्ञान बुझी गुठी जग्गाहरू, मन्दिरहरू, विद्यालय र अन्य कीर्तिहरू निर्माण गरेको देखिन्छ । श्री ३ राणा परिवार तथा श्री ५ राजपरिवारलाई पनि प्रभाव पार्न सक्ने, सरकारबाट लालमोहर, रुक्का आदेश, ताम्रपत्र, इस्तिहार आदि जारी गराउन सक्ने भएको हुनाले गुरु षडानन्दलाई सिद्धहस्त मनोविज्ञका रूपमा विश्लेषण गर्न सकिन्छ ।

**शिक्षाविद्का रूपमा (As an educationist) :**

पाठशाला स्थापना भएको र शिलालेखमा 'जो पढ्नाको इच्छा हुन्छ सो सुविस्तासाथ पढ्नाका लागि विद्यालय ... राखेको छु' भनी उल्लेख भएको देखिन्छ । गणित, इतिहास, भूगोल, कर्मकाण्ड, आयुर्वेद, ज्योतिष, व्याकरण र विविध विषयहरू पाठ्यक्रममा समावेश गरिएको थियो भने अन्य अङ्ग्रेजी, फारसी, किरात आदि भाषाहरू जे पनि पढाउन सकिने गरी खुला गरिएको थियो । नेपालमा संस्कृतको प्रथम परीक्षा बोर्ड स्थापना भएको थियो । परीक्षा प्रणाली व्यवस्था गर्नु, छात्रवृत्तिको व्यवस्था गर्नु, विद्यालय र गुठी सञ्चालन समिति व्यवस्था गर्नु, शिक्षक कर्मचारीलाई वेतनको व्यवस्था गर्नु, आयुर्वेदिक उद्यान निर्माण गर्नु आदि कार्यहरू उल्लेखनीय देखिन्छन् । यी विविध महत्त्वपूर्ण कार्यहरू गरे-गराएकाले एक कुशल शिक्षाविद्का रूपमा पनि लिन सकिन्छ ।

ऋषिराज लुम्सालीका शब्दहरूमा बालागुरुले षडानन्द पाठशाला खोल्ने कार्य राणाशासकहरूले 'हलुवामा बालुवा' मात्र हो भन्ने सोचेका थिए । तर यसै नजिरले पूर्वी नेपालमा राणाशासनकालमा धेरै विद्यालयहरू जन्माउन राणाहरू बाध्य बनेका थिए । जनताको शैक्षिक चेतनाको प्रतिकारमा राणा सरकारले केही हदसम्म घुँडा टेक्नुपरेको थियो ।

**दिङ्ला बजारका आधुनिक योजनाकार, निर्माणकर्ता इन्जिनियर वा वास्तुविद्का रूपमा (As a planner, a designer, an engineer or an architech) :**

वर्तमान अवस्थामा एउटा घर, भवन, शौचालय, मन्दिर निर्माण गर्न नक्सा पास जस्ता कार्यका लागि इन्जिनियर आवश्यकता पर्दछ । वास्तुशास्त्रको विधिअनुसार उत्तरपूर्वतर्फ मन्दिर र विद्यालय, दक्षिणतर्फ ढल निकास, पश्चिमतर्फ हटिया मेला लाग्ने ठाउँ, मध्यबजारमा पोखरी, कुण्ड र चौतारा तथा पार्क आदिको रूपरेखा तयार गरी योजना मुताविक, भवन, मन्दिर, छात्रवास, विद्यालय, मूर्ति र स्तम्भहरू राख्ने स्थान, पुराण भन्ने स्थान, उद्यान, कुण्ड, पोखरी आदि उपयुक्त ठाउँमा निर्माण भएको देखिन्छ । तत्कालीन समयको आधुनिक सामग्री तथा कतिपय स्थानीय प्रविधिसमेत समिश्रण गरी निर्माणहरू

भएका थिए । उनको डिजाइनअनुसारको ढुङ्गे सडक, फलैँचा, कलात्मक युग्मज मन्दिर र सत्तल आदि विश्लेषण गर्दा एक अति कुशल इन्जिनियर, कुशल वास्तुविद् तथा कुशल ज्योतिषका रूपमा गुरु षडानन्द रहेको विश्लेषण गर्न सकिन्छ । यस्ता निर्माणहरू अवलोकन र विश्लेषण गर्दा बालागुरु एक बहुप्रतिभाका धनी व्यक्तित्व भएको पनि पुष्टि हुन्छ ।

**कुशल अर्थशास्त्रीका रूपमा (As a good economist) :**

नेपालकै प्रथम बैङ्किङ वा वित्तीय प्रणाली सुरुवात सीताराम गुठीबाट संस्थागत तवरले सञ्चालन गरी एक अर्थशास्त्रीको वा कुशल व्यवस्थापकका (Manager) रूपमा आफूलाई प्रस्तुत गरेको देखिन्छ । अर्कोतर्फ हटिया, रामनवमी, बालाचतुर्दशी, शिवरात्री, अन्य पर्वहरू तथा विविधि जात्राहरूले गर्दा दिङ्ला आर्थिक चलखेलको तत्कालीन समयको केन्द्रबिन्दु बनेको थियो । व्यापारको वृद्धि, घरेलु उद्योगमा वृद्धि, हस्तकलाका सामग्रीहरूको उत्पादन र व्यापारमा वृद्धि, नेपालको प्रमुख शैक्षिक केन्द्र बनाउनु, तीर्थस्थलका रूपमा दिङ्लामा आगमन हुनु आदि कारणबाट आर्थिक तरलता प्रदान गरी जनताको जीवनस्तर उकास्ने प्रयास गरेको देखिन्छ । पछिल्लो चरणमा गुरु षडानन्दको दूरदृष्टिका कारण रुद्राक्ष व्यापार व्यावसायिक बनेर दिङ्ला र अरुण उपत्यकाले लाखौँ करोडौं विदेशी मुद्रा पनि भित्र्याउन थालेको देखिन्छ । राष्ट्रिय अर्थतन्त्रमा सानो र अप्रत्यक्ष टेवा दिएको देखिन्छ ।

**वातावरण संरक्षणका अभियन्ता वा पर्यावरणका विभूतिका रूपमा (As a campaigner of environmental conservation) :**

नेपालको सिंहदरबारमा प्रथम उद्यान पुतलीबगैँचा देखिन्छ, जसका कारण पुतली सडकमार्ग पनि नामकरण भएको देखिन्छ । नेपालको पुरानो र ठूलो गोदावरी बोटानिकल उद्यानको निर्माणभन्दा पहिले नै दिङ्लामा १००८ प्रजातिका फलफूल तथा जडिबुटीसहितको उद्यान निर्माण भएको देखिन्छ । दोस्रो तरिकाले विश्लेषण गर्दा जडिवबुटीको उद्यानसहितको नेपालको प्रथम विद्यालय षडानन्द पाठशाला हो भन्दा दुई मत छैन ।

जडिबुटीको संरक्षणबाट विद्यार्थीले आयुर्वेदसम्बन्धी जानकारीसमेत प्राप्त गरे भन्ने स्थानीय जनताको नेपालमा वि. सं. १९४६ को प्रथम वीर हस्पिटल अगाडि नै स्वास्थ्य उपचार सेवा प्राप्त गरे । नेपालमा आयुर्वेद विभाग वि. सं. १९७४ तिर खुलेको थियो । प्राचीन किरातकालमा पनि आयुर्वेदको प्रयोग भएको देखिन्छ । तर आधुनिक कालमा बालागुरुको प्रयासले यस क्षेत्रका लोप हुन लागेका स्थानीय प्रजातिका जडिबुटी र बिरुवाहरू संरक्षण मात्र भएनन्, बरू

अशोक, श्रीखण्ड, रुद्राक्ष, निम, कपुर, दतिवन, सौर (हालको रेडक्रस भवन पछाडि थियो सौर, तर्साउने वृक्ष भनी के कसरी काटियो ?) लगायत विविध जडिबुटीहरू प्राप्त गर्ने अवसर मिल्यो । धेरै दिङ्लाली तथा अरुण उपत्यका क्षेत्रमा मानिसको जिउज्यान यिनै जडिबुटीको प्रयोगबाट जोगिएको थियो । कतिपयको दीर्घरोग पनि निको भएका थिए । ऋषिराज लुम्साली (२०७३), "उद्यान क्षेत्रलाई पर्यावरणीय सुरक्षा कवचभित्र समेटेर तपोवनको झलक दिनुभयो ।" जगेडा वन र उद्यानभरि नै तुलसी पाइन्थ्यो ।

जगेडा वन नेपालको संस्थागत गुठीबाट सञ्चालित प्रथम सामुदायिक वन हो । तुलसी संरक्षण, जडिबुटी वृक्षहरू रोपण, लोपोन्मुख वनस्पति संरक्षण, छहारीदार वर, पीपल र शमी वृक्ष संरक्षण गरिएको थियो । पूजाका लागि फलफूल उपलब्ध गराउन उद्यान र जगेडा वन संरक्षणले सहयोग पुगेको थियो भने वातावरणको संरक्षण पनि भएको थियो । तसर्थ उनलाई पर्यावरणका विभूतिका रूपमा लिन सकिन्छ ।

**आयुर्वेदका प्रयोगकर्ता (As an ayurvedic practitioner) :**

उनी आयुर्वेदको अभ्यासकर्ता वा प्रयोगकर्ता पनि देखिन्छन् । वि. सं. १९२८ देखि चामुनारायण सत्तलमा बिरामी उपचारमा जडिबुटीको प्रयोग, अधा फुक्ने, पेट दुखेको फुक्ने, गङ्गाजल फुकेर दिने, खरानीलाई मन्त्रले फुकेर दिने आदि मन्त्रबाट हिलिङ गरेको सङ्केत लेखहरू विश्लेषण गर्दा देखिन्छ । छात्रहरूमा योग र ध्यानको ज्ञान बाँडेर प्राकृतिक चिकित्सा पद्धतिको प्रयोगबाट पनि उपचार भएको देखिन्छ । बिहानी स्नानको महत्त्व, दतिवन कुल्ला, गौमुत्र सेवनको महत्त्व आदि उजागर गरेर बालागुरुले स्वास्थ्य सचेतना फैलाएको देखिन्छ । आजभोलि आधुनिक ट्याब्लेट किन्न र झोल औषधि किन्नका लागि नेपालबाट वार्षिक अरबौं रुपियाँको विदेशतर्फ व्यापार पनि हुन्छ । तर दिङलामै १००८ प्रजातिका फलफूल र जडिबुटीको उद्यान निर्माण गरी मन्त्रोपचार पद्धति, स्वदेशी आयुर्वेदिक उपचार पद्धति, प्राकृतिक चिकित्सा पद्धति, योग, ध्यान उपचार पद्धति आदि स्वास्थ्य उपचार सेवा पुऱ्याउन सक्ने हो भने नेपालको वार्षिक खरबौं रुपियाँको बजेट विकास निर्माणमा खर्च गर्नका लागि बचाउन सकिन्छ । प्रथमतः हामीलाई रोग नै लाग्दैन । हामीले विदेशीसँग भिखको झोली थाप्नुपर्ने छैन । स्वदेशी उपचार पद्धतिको सम्मान गर्न बालागुरुले सन्देश छोडेको देखिन्छ ।

चरकसंहितामा उल्लेख भएअनुसार नेपालमा आयुर्वेद चिकित्सा पद्धति विकासक्रम वैदिक कालदेखि भएको देखिन्छ । अङ्गिरा ऋषिले (करिब ४८ लाख वर्षअघि आगो आविष्कार गरेको र दामोदरकुण्ड क्षेत्रमा तपस्या), पुलस्त्य ऋषि (म्याग्दीको पुलाचौरमा तपस्या, रावणसंहिता र श्रीमद्भागवतमा उल्लेख), पुलह

ऋषि (म्याग्दीको बेनी बजार नजिकैको गलेश्वर महादेवस्थानमा, जहाँ बलराम आएका थिए र राजा भरतले आफ्ना अन्तिम दिनहरू बिताएका थिए, मत्स्यपुराण ३।७१।२७, ब्रह्मपुराण २।३६।१८, भागवत ७।१४।३०)), अत्रि ऋषि (मुक्तिनाथ क्षेत्रमा तपस्या), गण्ड (दामोदरकुण्ड, गण्डकी क्षेत्रमा), कौशिक (हेमकुट आश्रम बनाएका, कोशी नदी नामकरण), भुसुण्डी (काग, मुस्ताङको कागवेनीमा तपस्या), सप्तऋषिहरू (मुक्तिनाथ क्षेत्रमा सभा बस्ने, यज्ञादि गर्ने गरेको), जमदग्नि, कौडिण्य, तथा कश्यपादि महर्षिहरूले हिमालय प्रदेश (नेपाल) मा आएर स्वास्थ्यसम्बन्धी चिन्तनमनन गरेको देखिन्छ । यसैका आधारमा आयुर्वेद शास्त्रको विकास नेपालमा भयो (च. सू. अः १, ६ – १५) । व्यासपुत्र शुकदेव राजर्षि जनकको दरबारमा त ब्रह्मविद्या सिक्न आएका थिए । राजा जनक कुशल आयुर्वेदका शल्यचिकित्सक समेत रहेको वर्णन पाइन्छ । 'चकार जनको योगी वैद्यसन्देहञ्जनम् ।'

बालागुरु षडानन्दको आयुर्वेद अध्यापन गराउने तथा उपचार गराउने अभिलासा पुरा गर्न नाति दीनराज अधिकारीले वि. सं. १९९९ मा भोजपुर जिल्ला औषधालय दिङ्लामा स्थापना गराई सेवा पुऱ्याएको देखिन्छ । हरिकाव्य सुधा ग्रन्थ (२०७९) को प्रकाशकीयमा वि. सं. २०१९ मा षडानन्द पाठशाला दिङ्लामा प्रधानाध्यापक हरिप्रसाद काफ्ले भएको उल्लेख देखिन्छ । "हरिप्रसाद आयुर्वेदका विद्वान्, संस्कृत व्याकरण र साहित्यका पनि विज्ञ रहेको देखिन्छ ।" उनलाई महाविद्यालय सञ्चालन गर्न र आयुर्वेद शिक्षा अध्यापन गराउन नियुक्त गरिएको अनुमान गर्न सकिन्छ । उनले वि. सं. २०२४ मा आयुर्वेद विशारद उपाधि वाराणसीबाट प्राप्त गरेको देखिन्छ । तर वि. सं. २०२५ जेठमा काफ्लेको निधन भयो । षडानन्द महाविद्यालय पनि बन्द हुन गयो र आयुर्वेद अध्यापन पनि दिङ्लामा हुन सकेन भन्न सकिने अवस्था अनुमान गर्न सकिन्छ ।

**ज्योतिषका रूपमा (As an astrologer) :**

बद्रीप्रसाद पहाडी (२०५२ :७४) का अनुसार बालागुरु षडानन्द ज्योतिषविज्ञका रूपमा पनि देखिन्छन् । वास्तुशास्त्रका अनुसार दिङ्लाका रूपरेखासमेत निर्माण गरेको देखिन्छ । "मेरा पितामह र पितामही दुवैको जन्मपत्रिका (चिना) गुरुमहाराजले लेख्नुभएको थियो ।"

**जागरणका अभियन्ताका रूपमा (As a campaigner of renaissance) :**

डा. कार्की (२०६८ : ७४) का अनुसार गुरु षडानन्दलाई तत्कालीन समाजमा शैक्षिक, सामाजिक, धार्मिक र सांस्कृतिक जागरणका अभियानकर्ताका रूपमा विश्लेषण गर्न सकिन्छ ।

**कलापारखीका रूपमा (As an art amature) :**

आफैंले ज्योतिष र वास्तुशास्त्र अनुसार दिङ्ला बजारको डिजाइन गरेको देखिन्छ । सहरको बीचमा चोक, कुण्ड र फलैंचा निर्माण र जीर्णोद्धार गरेको देखिन्छ । ढुङ्गे युग्मज २ गजुरको गुम्बज शैलीको सीताराम-षडेश्वर मन्दिर, ढुङ्गे बसाहा, भीमकाय षडेश्वर शिवलिङ्ग, ढुङ्गे स्तम्भ, ढुङ्गे द्वार, ढुङ्गे आँखीझ्याल र ढोका, तेलिया इँटाका गिर्दा, कलात्मक सत्तल र मन्दिर, ढुङ्गे शिलालेख, ढुङ्गेधारा, इँटाका खानेपानीका पाइप आदि निर्माण र त्यहाँका आकर्षणहरू अवलोकन गर्दा कलापारखीको पौरख वा परिकल्पना प्रयोग भएको विश्लेषण गर्न सकिन्छ ।

**सन्तशिरोमणिका रूपमा (As a head of the saints) :**

डा. कार्कीले बालागुरुलाई एक सन्तशिरोमणिको (as a head of the Saints) रूपमा विश्लेषण गरेको देखिन्छ । दधिराज सुवेदीबाट पनि गीता प्रेसको कल्याण पत्रिका सन्त विशेषाङ्कमा विश्वका Top ५०० जना साधुको जीवनीसहित प्रकाशित म्यागेजिनमा नेपालबाट स्वर्गद्वारी महाप्रभु र बालागुरु षडानन्दको जीवनी छापिएको प्रसङ्ग उल्लेख देखिन्छ ।

पं. कृष्णप्रसाद गुरागाईंका अनुसार स्थानीय जनताले स्वामी, स्वामी महाराज, बालागुरु, श्री १०८ आवाल ब्रह्मचारी आदिबाट सम्बोधन गर्दथे । तर षडानन्दका योगदान र विविधि क्षेत्रका दूरदर्शिता विश्लेषण गर्दा अनन्तश्री विभूषितसरह बहुआयामिक र अलौकिक व्यक्तित्व थिए भन्दा दुई मत नहोला ।

स्व. नगेन्द्रप्रसाद रिमाल, व्यक्तित्व र कृतित्व (२०७५) अनुसार बलभद्रेश्वर रिमाललाई (पूर्व प्र. म. नगेन्द्रप्रसाद रिजालका पितामह) बालागुरुले अनन्तश्री अच्युतानन्द भनी दीक्षित गरेको प्रसङ्ग उल्लेख छ। यो भूलवश हो वा यथार्थमा हो ? यसकारण पनि षडानन्द अनन्तश्री विभूषित व्यक्तित्वसरह रहेको अनुमान गर्ने ठाउँ देखिन्छ, किनकि बालागुरु आफू अनन्तश्री नभई अरूलाई उक्त उपाधि दिन मिल्दैन कि ? यो अनुसन्धानको विषय रहेको देखिन्छ ।

**अरुण उपत्यकाको आधुनिक सभ्यताका अग्रणी अभियन्ताका रूपमा :**

दिङ्ला र अरुण उपत्यकाका शैक्षिक, सामाजिक, सांस्कृतिक, आर्थिक आदि क्षेत्रमा पुनर्जागरण ल्याउनुभएकाले आधुनिक अरुण उपत्यका सभ्यताका प्रमुख अभियन्ताका रूपमा डा. नरेन्द्र चापागाईले विश्लेषण गरेको देखिन्छ ।

**व्यापार, व्यवसाय, पर्यटन र आध्यात्मिक क्षेत्रका अभियन्ताका रूपमा** :

षडानन्दले शनिबारे हटिया, रामनवमी, शिवरात्री र बालाचतुर्दशी मेला, धेरै पर्वहरू, धेरै जात्राहरू क्रमशः सञ्चालनमा ल्याएका देखिन्छन् । ठूला मेलामा

बालन, भजन, कीर्तन, सँगिनी, दोहोरी, हाक्पारे, भ्याउरे, शास्त्रीय गीतसङ्गीत र नृत्यहरू उजागर भएका थिए । अर्कोतर्फ दिङ्ला पवित्र भूमि, व्यापारिक केन्द्र, सांस्कृतिक केन्द्र, आध्यात्मिक केन्द्र बन्न पुगेको थियो । तीर्थयात्री, श्रद्धालु र पर्यटकले यो क्षेत्र एक पर्यटन केन्द्र नै बन्न पुगेको थियो ।

**राजनीतिक चेतना जाकरणकर्ता र मानव अधिकारकर्मीका रूपमा :**

सतीप्रथा र दासप्रथा अन्त्य राजनीतिक नेतृत्वविना सम्भव हुँदैन । त्यस्तै यी २ प्रथा अन्त्य गर्दा महिलाको अधिकार, स्वतन्त्रताको अधिकार र मानव अधिकारविरुद्ध आवाज उठेका थिए । पाठशालाले बाल अधिकार र शैक्षिक अधिकार पनि प्रदान गऱ्यो । दलितले पढ्न पाउने विद्यालय हुनाले दलित अधिकारसम्बन्धी कार्यहरू भए । रथयात्रा, हाटमेला र दलितहरू पनि सहभागिता हुनाले पनि दलित अधिकार प्राप्ति सहज हुँदै गयो तथा छुवाछुतमा पनि न्यूनीकरण सुरुवात भयो । पूर्वी नेपालमा वि. सं. २००७ सालको क्रान्ति शैक्षिक चेतनाविना सहज हुने थिएन । यस पाठशालाका उत्पादित सचेत शिष्यहरू पनि नेपालका विभिन्न जिल्लाका राजनीतिक नेतृत्व बने, समाजसेवी, शासक, प्रशासक बने । उत्पादित पण्डितहरू पनि वि. सं. २००७ को क्रान्तिमा होमिए र क्रान्ति सफल भएको थियो । यसलाई पुष्टि गर्ने प्रतिनिधि घटनाका रूपमा डा. तुलसी भट्टराईले ताप्लेजुङ जिल्ला हाक्ने राजनीतिक नेतृत्वहरू र समाज हाँक्ने धुरन्धर विद्वान्हरू प्रायः दिङ्लामा पाठशाला पढेका व्यक्तित्वहरू थिए भन्ने सङ्केत गरेको देखिन्छ ।

**कानुनका विज्ञ तथा व्यावहारिक प्रयोगकर्ताका रूपमा (As a scholar of laws or practitioner of laws) :**

पूर्वन्यायाधीश ऋषिराज मिश्र, पूर्वन्यायाधीश युवराज सुवेदी, अधिवक्ता राजेन्द्र भण्डारी आदि कानुन क्षेत्रका विज्ञहरूको लेखमा उल्लेख भएअनुसार तत्कालीन समयमा षडानन्दले प्रयोगमा ल्याएका लिखत, जग्गाका कागजात, भपाइ आदिको लेखाइशैली आज पनि उत्तिकै व्यावहारिक र कानुनी मान्यतामा खोट लगाउन नसकिने गरी तयार गरेको देखिन्छ । तसर्थ षडानन्द तत्कालीन समयमा कानुनका ज्ञाता, प्रवर्तक र पृष्ठपोषकका रूपमा रहेको विश्लेषण गर्न सकिन्छ ।

**श्रमजीवी मजदुर तथा महिलाहरूको मुक्तिदाताका रूपमा (As a rescuer) :**

बालागुरुले धतुरो, गाँजा र भाङ मिसाएको खिर खुवाएर नसामा लट्याएर पतिको लाससँगै सती पठाउन घाटतर्फ कुदाउँदै गरेका महिलाहरूलाई डोलीबाट

उतारेर जीवित उद्धार गरेका थिए । श्रमजीवी मानिने मजदूर वर्गलाई सामन्ती वर्गले दासदासी वा कमाराकमारीका रूपमा पिँजडामा थुनिएको सुँगाझैँ राखेर श्रमशोषण, शारीरिक शोषण, मानसिक शोषण, यौनशोषण लगायत अत्याचारको बन्धनमा राखेका थिए । स्वतन्त्रताको उन्मुक्त आकाशमा उड्ने चरीझैँ अरुण उपत्यका क्षेत्रका दासदासीलाई पनि मुक्ति दिलाएका थिए । तसर्थ ऋषिराज लुम्सालीको बालागुरु जन्मोत्सवलाई महिला र श्रमिकहरूले स्वदेशी मुक्तिदिवसका रूपमा मनाउन उचित हुन्छ भन्ने मत रहेको छ ।

बालक, विद्यार्थी, स्थानीय जनताले पनि मुक्तिदिवस, मानव अधिकार दिवस, समाजसेवा दिवस, शिक्षादिवस आदिका दिन षडानन्दले झैँ वार्षिक रूपमा समाजसेवाका कार्यहरू प्रारम्भ गर्दै दिवस मनाउनु मनासिब देखिन्छ ।

**धार्मिक सहिष्णुता, सामाजिक एकता र सद्भावका प्रतिमूर्तिका रूपमा (as an idol of religious tolerance, unity and social endurance) :**

उनी जातीय भेदभावका प्रखर विरोधी थिए । सभा, समिति, गुठीदान, मेला, पर्व, जात्रा र यज्ञादि प्रजातान्त्रिक, धार्मिक सहिष्णुतावादी, समावेशीपन र जनसहभागिताको आधारामा निर्विवाद तत्कालीन नागरिक समाजको अगुवाइमा सञ्चालन गराएका थिए । वि. सं. १९६६ को धर्मपत्रिकाका ३१ जना साक्षीहरूको विश्लेषण गर्दा पनि सोही व्यहोरा झल्कन्छ । उनको सभा वा बैठकमा जातपात तथा वादविवाद थिएन । विद्वान् र समाजसेवीको सम्मान छ । उल्लिखित गुणहरू नभए षडानन्दले दिङ्ला समाज र राष्ट्रलाई योगदान दिन सक्ने थिएनन् ।

**अन्तर्राष्ट्रिय व्यक्तित्वका रूपमा** (**As an international personality**) :

- भुटान, बर्मा, सिक्किम, दार्जिलिङ, जलपाइगुडी, कालेबुङसम्मका विद्यार्थी पढ्ने दिङ्ला विद्यापीठ थियो र तत्क्षेत्रमा समेत परिचित थिए ।
- विश्वका उत्कृष्ट ५०० जना साधुको सूचीमा पर्नुले पनि उनी एक अन्तर्राष्ट्रिय सम्मानसहितका व्यक्तित्व देखिन्छन् ।
- तिब्बती औतारी लामाहरू पटक-पटक बालागुरुसँग शास्त्रार्थ गर्न आउनु पनि अन्तर्राष्ट्रिय ख्यातिको कारण हो भन्ने देखिन्छ ।
- टोनी हेगनको The Himalyan Kingdom of Nepal पुस्तकमा षडानन्द संस्कृत मोडलको तस्बिर छापिनु पनि अन्तर्राष्ट्रिय सम्मानसरहको शैक्षिक पद्धतिको प्रभाव देखिन्छ ।
- वर्तमान अवस्थामा चीन, जापान, कोरिया, इन्डोनेसिया, इटाली, जर्मनी, रसियासम्मको रुद्राक्षको दिङ्ला तथा अरुण उपत्यका विश्वबजार बन्नुका

कारण विदेशीहरू रुद्राक्ष खरिदका लागि यहाँ आइपुग्दछन् । बालागुरुको जानकारी लिएर फिर्दछन्, जसले अन्तर्राष्ट्रिय सम्मान बराबरको कार्य गरेको छ । रसियन अनुसन्धानकर्ता अब्दुलोभ लगातार ३ वर्ष १-१ महिना दिङ्लामा आएर नारायण श्रेष्ठको होटलमा बसी रुद्राक्षको अध्ययन गरी पीएचडी पेपर पूरा भयो भनी सन् २०१४ मा रसिया फिरेका थिए ।

- S-S Model को ख्याति भुटान, बर्मा, बनारस, आसाम आदि क्षेत्रमा पुग्नुले पनि बालागुरु अन्तर्राष्ट्रिय व्यक्तित्व रहेको देखिन्छ । आसाममा षडानन्दको फोटो कतिपयले आजसम्म घरमै राखेको वा पूजा गर्ने गरेको देखिन्छ ।
- सिंहदरबार उद्घाटन गर्दा श्री ३ चन्द्र शमशेरले विभिन्न देशका विशिष्ट पाहुना आमन्त्रण गरेका थिए र पुराणवाचक श्री १०८ षडानन्द थिए । पुराणवाचनका क्रममा षडानन्द निथ्रुक्क भिजेका थिए र सोही व्यहोराको हिन्द महासागरमा डुङ्गा डुबेको र बालागुरुले बचाएको प्रसङ्ग केही दिनपछि दरबारमा भारतबाट आउने अङ्ग्रेजी पत्रिकामा छापिएपछि देशी मात्र नभई विदेशी पाहुनाबाट अलौकिक गुरु भनी सम्मान पाएको उल्लेख देखिन्छ । तसर्थ अन्तर्राष्ट्रिय स्तरको सम्मानको हैसियतमा षडानन्द देखिन्छन् ।

**सरकारको समाजसुधारको सूचीमा :**

सतीप्रथा र दासप्रथा अन्त्यको प्रयास लगायतका समसामयिक सुधार गरेको देखिन्छ । विविध क्षेत्रमा बालागुरुका नेपालमै प्रथम योगदान देखिन्छन् । उनका योगदानहरूको उच्च मूल्याङ्कन गर्दै मोदनाथ प्रश्रितले मध्यकालको पछिल्लो समयदेखि आधुनिक कालसम्मका एक महान् समाजसुधारक र विभूतियोग्य व्यक्तिका रूपमा बालागुरुलाई विश्लेषण गरेको देखिन्छ ।

**तत्कालीन दार्शनिकका रूपमा (As a contemporary philosopher) :**

हिन्दू धर्मशास्त्र अनुसार षडानन्द श्री १०८ उपाधिले विभूषित हुनु पनि दार्शनिक उपाधि नै सरह हो । उनका योजनाहरू, नीतिहरू, निर्माणहरू, शैक्षिक सुधार, स्वास्थ्य क्षेत्रमा चेतना, आध्यामिक सुधार, सांस्कृतिक सुधार लगायत उपदेश वा प्रवचनमार्फत अनगन्ती सुधारहरू भएका देखिन्छन् । उनी संस्कृत, फारसी, अङ्ग्रेजी, फ्रेन्च, हिन्दी लगायतका भाषाका ज्ञाता र सन्तका रूपमा देखिन्छन् । एक दार्शनिकविना यति धेरै क्षेत्रमा प्रभावकारी योगदानहरू बन्न असम्भव देखिन्छ । दार्शनिक त्यो व्यक्ति हो, जसलाई हरेक क्षेत्रको ज्ञान हुन्छ र समाजलाई सचेतनामार्फत अग्रगामी छलाङमा सुधारहरू ल्याइदिन्छ । उनमा ब्रह्मज्ञान भएको अथवा आत्मज्ञान जागरण रहेको देखिन्छ ।

पं. नन्दीकेश्वर अधिकारी (१९८४) र डा. कार्की (२०६८ : ९) का अनुसार षडानन्दले तत्त्वमीमांसा, ज्ञानमीमांसा, साङ्ख्यदर्शन, लोकायतदर्शन, योगदर्शन, उत्तरमीमांसा, मेघविज्ञान, भृगुसंहिता, धर्मसिन्धु, निर्णयसिन्धु, जैनदर्शन आदि दर्शनहरू अध्ययन गरेका थिए ।

**बालागुरुका अष्टसिद्धि सम्बन्धी प्रसङ्ग तथा अलौकिक कुराहरू :**

पं. यज्ञनिधि चापागाईं (आबाल ब्रह्मचारी चरित्रम् १९६६ बाट) बालागुरुसँग अध्ययन गर्ने शिष्य देखिन्छन् । अध्ययनपछि चापागाईं गुठीको खरिदार पदका कारिन्दा भएकाले खरिदार बाजे नामले प्रसिद्ध विद्वान् बनेको देखिन्छ । धैरै वर्षसम्म बालागुरुसँग गुठीका कार्य गरेर बालागुरुलाई नै यो कविता पनि सुनाएको भन्ने ग्रन्थमा उल्लेख देखिन्छ। ग्रन्थ भने षडानन्द दिवङ्गत भएपछि वि. सं. १९८४ तिर बनारसबाट छापिएको देखिन्छ । काव्यका केही अंशबाट बालागुरुको व्यक्तित्व, कथाव्यथा र योगदानहरूको विश्लेषण तथा उजागर गरेको पनि देखिन्छ :

दश् आठ् वर्ष बसेर मैथिलमहाँ, जानुभएथ्यो जसै ।
बाटो बाग्मतीका किनार् तरफको, लिनुभएथ्यो तसै ॥
चार् पाँच् वर्ष तलक फगत् जल पिई, एकान्तमा राज् गरी ।
भारी तप् गरी बस्नुभो कठिनको, ईश्वरविषे मन्धरी ॥
डण्डोर झाडीमहाँ रहीकन बहुत्, गर्नुभयो जोग् अति ।
शिष्यादिहरू ताहिं दाखिल भया, बाँकी रहेनन् कति ॥
टाडा देख्नु र सुन्नु जान्नु सबबात् , सानु र ठूलो हुनु ।
खुब् हुनु हलुका बहुत् गरुका, फेरी नदी पार हुनु ॥
अष्टैसिद्धि यी हुन् भनेर बुझियो, शास्त्रादि मा यो पनि ।
तीनै सिद्धि सबै खडा हुन, गयो धैरै भनूँ के अनि ॥
झाडीका कुटिमा छँदा पनि, अनेक् लड्डु मिठाईहरू ।
फलफूल सब चिज बिजले भरी हुन्थ्यो, यो हाल सुन्थ्या अरू ॥
जसले जो चिज ल्याई अर्पण गर्यो, घरगोठ त्यसले भर्यो ।
जो इच्छा गरी आई प्रार्थना गर्यो, आनन्दमा त्यो पर्यो ।
दर्शन खातिर धाँउथे दिनदिनै, गुह्यै कुरो भन्दछु ।
यस्तो विचित्रको सिद्धि बुझिलिंदा, ईश्वर भनी ठान्दछु ॥

(स्मृतिग्रन्थ, २०५२ : ११५)

जानकीबल्लभ दाहाल (२०५२ : ८७) का अनुसार चापागाईंले वि. सं. १९६६ मा आबाल ब्रह्मचारी चरितम् छन्दोबद्ध कविता लेखेर बालागुरुलाई सुनाउँदा लेखाइ सबै राम्रो छ, तर यो अलौकिक लीला चरित्र लेखेर देखाउँदा

मलाई भक्तजनले दुःख दिन्छन् । अलौकिक शक्तिका बारेमा लेख्नु हुँदैन । हामी मनुष्य हौं, कलिमा विश्वास खड्कन्छ भनेर धेरै श्लोकहरू कटाउन लगाएका थिए रे । तसर्थ यस ग्रन्थलेखकद्वारा पनि झन्डै ४५० लामो पृष्ठको ग्रन्थमा ४-५ पृष्ठ मात्र राख्ने जमर्को गरिएको छ ।

डा. स्वामी प्रपन्नाचार्य (२०६२ : मिल्केको झिल्का) का अनुसार षडानन परम सिद्ध आबाल ब्रह्मचारी तथा युगपुरुष (Era–man) थिए । उनमा अष्टसिद्ध प्राप्त र कुम्भक क्रिया पनि सिद्ध थियो । अरुण नदीमा रुमाल बिछ्याएर तर्ने गर्दथे । यो नदी तर्ने स्वाभाविक प्रक्रिया मात्र हो । सिद्धि प्रदर्शन गर्नका लागि नभई खोला तर्नु अनिवार्य सर्त हो । तर साधनप्राप्त सिद्धका लागि नदी तर्ने कार्य कुनै आश्चर्यजनक कुरा होइन । यो सम्भव छैन भन्नु नजान्नेहरूका लागि तर्क मात्र हो ।

पं. गुरागाईंका अनुसार षडानन्द सिद्धपुरुष देखिन्छन् । उनलाई समग्र हिन्दू धर्म र सनातन धर्मका एक सुधारका रूपमा सम्मान गर्नु उचित हुन्छ । षडानन्दले नेपालको प्रशासनिक भवन सिंहदरबार उद्घाटनमा पुराण वाचन गरेका थिए रे ।

Singha Durbar: This palace was built by Chandra Shumsher JBR in June 1908. The palace used to be one of the most exquisite and lavish of palaces in the world until the 1950s. ( From Wikipedia)

पं. कृष्णप्रसाद गुरागाईंका अनुसार मैले महर्षि फाउन्डेसन संस्थापक महर्षि गुरुबाट जप, ध्यान र तपस्या विधिहरू सिकेको छु । महर्षि गुरु यसो खुट्टालाई मारी पद्मासनमा बस्दा बसेको जमिनमाथि आफैँ उठेको आँखाले देखेको थिएँ । हामी जप, ध्यान, प्राणायाम आदि सिक्ने गर्दथ्यौँ । गुरुसँग त्यस संस्थामा मैले ३० वर्षभन्दा बढी काम गरी आज पनि आबद्ध छु । महर्षि गुरुजस्तै गुरु षडानन्दमा पनि अष्टसिद्धि प्राप्त थियो रे । आजका आधुनिक मानिस र विद्वान्हरूले नपत्याए पनि अष्टसिद्धि शतप्रतिशत हुन्छ । अणिमा, लघिमा, महिमा, कुम्भक क्रिया आदिको सिद्धिका कारणबाट सम्भव छ । आफ्नै आँखाले महर्षि गुरुका केही क्रियाहरू प्रत्यक्ष देखेको तर बालागुरुका बारेमा सुनेको मात्र हो । गुरु षडानन्द रुमाल बिछ्याएर अरुण नदी तर्ने, दाउरामा आँखाको ज्योतिले आगो बाल्ने, असिनापानी छल्ने आदि गर्न सक्दथे रे । यो सिद्धपुरुषमा सम्भव छ । आधुनिकले मानिसले नपत्याउनु अनौठो कुरा होइन । अष्टसिद्धिको प्रयोग र प्रदर्शन गलत तरिकाले आफ्नो ख्याति फैलाउन जथाभावी प्रयोग गर्नु हुँदैन भन्ने शास्त्रीय मत छ । नियम र विधि प्रयोग नगरे प्राप्त शक्ति लोप भएर जान्छ । अनिवार्य बाध्यतामा, उपकारी कार्यमा र सेवा गर्दा कहीँकहीँ उपयोग हुन्छ । आफ्ना अति गोप्य शिष्यहरूले केही जप, ध्यान, तपस्या विधि पूरा गरेपछि

मात्र शिष्यलाई देखाइन्छ, सिकाइन्छ। तपाईं जादुगरले मुटुमा छुरा रोपेर जीवित बनाएको इन्द्रजाल शक्तिको माध्यमबाट देख्नुभएको होला कसरी भयो ? यस्तै गरी संसारमा नियम र विधि पुऱ्याएर देखाउँदा मात्र अष्टसिद्धि सम्भव छ। तेस्रो आँखा खुल्ने पनि सम्भव छ (the third eye opening )। तर लाखौँजनामा १ जना वा २ जनालाई मात्र यस्तो सिद्धि प्राप्त हुन्छ। यसको तपस्या विधि ज्यादै कठोर छ। तर असम्भव भन्ने छैन।

पं. गुरागाईंका अनुसार हिमाञ्चलको ज्वाला क्षेत्रमा आज पनि महाकाली बाबा छन्। वि. सं. २०५२ मा वनस्खण्डी बाबाको धाम विराटनगर देवकोटा चोकमा यज्ञ लगाउने क्रममा अघिल्लो दिन बेलुका हिमाञ्चलबाट पैदल हिँडेर भोलिपल्ट बिहान ६ बजेतिर विराटनगर आइपुगेका थिए। हामी रातभर विराटनगरमा कुरेर बसिरहेका थियौँ भने कोही हिमाञ्चलमा पनि थियौँ। त्यस्तै तपाईं Youtube मा पाइलट बाबाका ३३ दिन पानीभित्र अलौकिक समाधि, आनन्द बाबाका अलौकिक कार्य तथा अन्य बाबाका अलौकिक क्रियाहरू आदि हेर्न सक्नुहुन्छ। अष्टसिद्धि बारेमा जान्न आधुनिक विज्ञानले पनि सकेको छैन।

खगेश्वर न्यौपाने (२०५२ : ११७) का अनुसार साहिला बाबा पं. विष्णुप्रसाद न्यौपानेका दाजु गोगनेबाट दिङ्ला गई बालागुरुसँग अध्ययन गरेको दाजुबाट थाहा पाएको थिएँ। मैले थाहा पाएअनुसार गुरु षडानन्द सिद्ध महापुरुष र वाणीमा पनि सिद्ध थिए। बालागुरुले वि. सं. १९६३ आश्विनको नवरात्रीमा डि. जीवनाथ न्यौपानेको घरमा देवीभागवतको पुराण लगाउँदा साङ्गेको दिन भतेर सकिएपछि बाँड्न नपुग्ने भएको थियो रे। बालागुरु भतेर पकाउने ठाउँमा गई बाँड्न लगाउँदा भतेर उभ्रिएर सबै छक्क परेका थिए रे। उनमा अलौकिक शक्ति थियो रे तथा उनी सिद्धपुरुष थिए रे।

## अन्य अलौकिक प्रसङ्गहरू (उल्लेख तथा विश्लेषण) :

बालागुरु अरुण नदीमा रूमाल ओच्छ्याई नदी तर्दथे रे !

ज्ञानमणि नेपाल (२०५२) का अनुसार मेरो बुबा, बढीबुबा र बढीबुबाका छोराहरू सबैले दिङ्लामै पढेका थिए ! उनीहरूका अनुसार भोजपुर पैयापानीका पहलमानसिंह कार्कीले घरमा वैयाकरणलाई प्रमुख वाचक र बालागुरु षडानन्द सहायक वाचक बनेर (बालागुरुले वैयाकरणलाई दाजु मानेर श्रद्धा गर्ने कारण) पुराण वाचन गरिसकेपछि तुलादान भयो। गुरु वैयाकरणले ग्रहशान्तिका राहु, केतु आदिको भागका दानहरू राँगो, नुन, तेल, कालो कपडा, भेडा र फलाम आदि लिन मानेनन्। षडानन्दले सस्तो, किम्ती र अरूले दान नलाने सामग्री दान मलाई दिनु भने रे ! किन भन्दा देवीदेवताले खान्छन् भने रे ! तर राँगो, भेडो आदि दान गरिसकेको केही समयपछि बाँधेको ठाउँमा गएर

हेर्दा राँगो र भेडा गायब भए रे ! त्यसपछि अरुण उपत्यकामा राँगो तथा भेडा दान गर्ने चलन हट्यो रे ! फलाम, नुन, तेल दानसमेत यजमानले दिने र पुरोहितले लिने र सामाजिक कार्यमा प्रयोग गर्न हुन्छ भन्ने चलन चल्यो रे !

पूर्वशिक्षक विनोद चापागाईंका अनुसार वि. सं. १९५५ को सामूहिक व्रतबन्धको दिने नारदेचौरको मण्डप क्षेत्रमा ठूलो हावाहुन्डरी र असिनापानी पर्न सुरु भयो रे । गुरु षडानन्दले नारायण धारामा स्नान गरी धूप लगाई मन्त्रोच्चारण गर्दा मण्डपबाहिर हावा, पानी र असिना पऱ्यो रे ! तर त्यस मण्डपमा कुनै क्षति भएन रे । त्यस दिनको व्रतबन्धका वटुकमध्ये मेरा हजुरबुबा पनि हुनुहुन्थ्यो रे ।

षडानन्द मा. वि. का पूर्वशिक्षक बुद्धिप्रसाद गौतम (२०७३ : २२९) का अनुसार ५-६ वर्षको उमेरमा वि. सं. १९९१ देखि षडानन्द पाठशालामा रुद्री, चण्डीलगायत अध्ययन गरेका थिए । गुरुहरूमा पं. जयधर्म अधिकारी, पं. बद्रीनारायण अधिकारी र पं. डिल्लीराज अधिकारीसँग अध्ययन गरेको थिएँ । दिङ्लाको शिवजी राख्ने ठूलो र गरुङ्गो बैठकढुङ्गा कालीमाटी भन्ने ठाउँमा कुदिँएको थियो रे । त्यो धेरै मानिस गएर बोकेर ल्याउन खोजे तर ढुङ्गो उठाउन सकेनन् रे । त्यो कुरो बालागुरुको कानमा पऱ्यो रे । अनि बालागुरु गएर ल सबैले बल गरौँ भनेर छोइदिँदा मात्र नै उठाउन सके रे । त्यसपछि मन्दिरमा ल्याएर राखिएको थियो रे ।

जानकीबल्लभ दाहाल (स्मृतिग्रन्थ, २०५२ : ८२ – ८८) का अनुसार ट्याम्केडाँडामुनि सिम्पानी नजिकको इराङ् भन्ने गाउँमा श्यामसुन्दर राईको घरमा बालागुरु (८ वर्षको उमेरमा) बास बस्दा सपनामा रामचन्द्र भगवान् आई चाँदीको खुकुरी तथा सुनको बुट्टेदार दाप दिएर यो कसैलाई नदेखाउनु भनी अन्तर्धान भएका थिए रे । बिहान ब्युँझदा त्यो खुकुरी साथ लिई सपनामा तिरहुत (जनकपुर) पढ्न जाने आज्ञा भएकाले त्यतैबाट खुकुरी लिई बालागुरु जनकपुर पढ्न गएका थिए रे । यो प्रसङ्ग वि. सं. १९४८ मा जन्म भई वि. सं. १९६६ मा बालागुरुसँग मेरा पिताले अध्ययन गर्दा स्वयम् बालागुरुको मुखबाट सुनेको पिता पं. गोपीकृष्ण दाहालबाट मैले पनि बाल्यकालमा सुनेको थिएँ । बालागुरुको आमा खसेको बेला कोही पण्डितले गरुडपुराण नभनिदिएका हुनाले गुरु आफैँले भनेका थिए रे । त्यसपछि अप्ठ्यारो भएको बेला घरको सदस्यले पनि गरुडपुराण भन्न मिल्ने चलन यस क्षेत्रमा चलेको थियो रे ।

पूर्वशिक्षक विष्णुप्रसाद ढकाल (२०७३ : २६३ – २६५) का अनुसार याङपाङमा जन्म भई वि. सं. १९९५ बाट दिङ्ला गई अध्ययन गरेको थिएँ । दिङ्लापछि काठमाडौँ र त्यसपछि बनारस गई अध्ययन गरेर आएपछि शिक्षण पेसाको सिलसिलामा भोजपुर, ताप्लेजुङ, सिम्पानी खोटाङ आदि ठाउँका

विद्यालयमा शिक्षण सेवा गरेँ । सिद्धपुरुष षडानन्द गुरुले दिएको आशीर्वाद लाग्थ्यो रे । भीमलाल भट्टराईले (फालिकोट) 'गीता आओस्' भन्ने आशीर्वाद बालागुरुबाट पाएका थिए रे । कुसुमाकर पौडेल (खोकुम्बु) धेरै विषयका ज्ञाता र ठूला विद्वान् थिए रे । उनलाई पनि आशीर्वादबाटै त्यस्तो भएको भन्ने सुनेको छु । त्यति बेलाको नेपालको शिक्षा क्षेत्रमा षडानन्द गुरुको महान् योगदान देखिन्छ । गुरुको लोकोपकारी कार्यहरूको जति प्रशंसा गरे पनि कमै हुन्छ ।

पं. कृष्णप्रसाद गुरागाईंका अनुसार सिंहदरबारमा पुराण भन्दै जाँदा गङ्गा अवतरणिका खण्डमा गुरुको वाक्य अकस्मात् रोकिएछ । बालागुरुको शरीरभरि पसिनैपसिना बग्न थाल्यो । उहाँ बस्ने चकटी तथा गुन्द्री पनि भिज्यो रे । श्री ३, श्री ५ र विदेशी विशिष्ट पाहुनाहरूले यिनलाई के रोग लागेको रहेछ भनी खासखुस गर्न थालेछन् । केही बेरपछि कपडाले शरीर पुछ्दै गङ्गा नदीमा नाउ पल्टियो, २२ जनामा २ जना माझी मात्र बचाउन सकेँ, केही ढिलो पुगेँ भनेर फेरि पुराण भन्न सुरु गरेपछि यी काम नलाग्ने गुरु कसले उत्तम छन् भनी बोलाएको भनी राणाहरूले भित्रभित्रै खैलाबैला गरेछन् । त्यसको २-३ दिनपछि अङ्ग्रेजीमा लेखिएको पत्रिका भारतबाट दरबारमा दैनिक आउने भएकाले हुलाकीले ल्याइपुऱ्यायो । पत्रिका पढ्दा त अगाडिको पेजमा गुरु षडानन्दले माझी समातेर नदीबाट बाहिर निकाल्दै गरेको फोटो र षडानन्द गुरुले भनेको सबै व्यहोरा लेखिएको थियो रे ! फोटोसहित छापिएको खबर श्री ३ चन्द्र शमशेरलाई पढ्न दिइयो । त्यसपछि श्री ३ राणाहरू, श्री ५ हरू, विशिष्ट पाहुनाहरू नतमस्तक भई ठूलो सम्मानसमेत गरे रे ! तसर्थ अलौकिक सिद्धपुरुष षडानन्दको ख्याति देशविदेशमा समेत फैलियो रे । त्यसपछि श्री ३ राणा परिवारमा पुराण र यज्ञादिहरूमा कतिपय समयमा मूल पण्डित पनि भएका थिए रे ! यसैकारण श्री ३ चन्द्र शमशेरले पनि षडानन्दबाट सुरुवात भएको सतीप्रथा र दासप्रथा अन्त्य गर्नुपर्छ भन्ने अभियानले उग्र रूप लिएपछि बाध्य भई सधैँका लागि बन्द गरिदिएका थिए ।

षडराज अधिकारी (२०७३ : २९५) का अनुसार बालागुरुकी जेठी नातिनी बुहारी कृष्णकुमारी अधिकारी प्रत्यक्षदर्शी थिइन् । उनलाई बालागुरुले पूजाको सर्जाम बनाउन र चोखोनितो गर्न सिकाएको देखिन्छ । उनीसँगको मौखिक कुराका आधारमा बालागुरुसम्बन्धी अलौकिक कुराहरू सङ्कलन गरिएको छ :

१. जब बालागुरु पूजाकोठामा बस्नुहुन्थ्यो, त्यस बेला कोठाबाट महिलाको चुरा बजेको आवाज बाहिर सुनिन्थ्यो । छात्रावासका विद्यार्थीले पूजा गर्दा को महिला आउँदी रहिछन् भनी शङ्का भई चियो गरेर बसेछन् । महिनौँसम्म चियो गरेर बस्ता पनि विद्यार्थीले महिला नदेखेपछि गायत्रीको २४ पुरश्चरण गरिसकेको कुरा पत्ता लागेपछि गुरुमाथि शङ्कालु व्यवहार कहिल्यै देखाएनन् ।

२. सीताराम मन्दिरको मूल ढोकाको अगाडिपट्टिको हनुमानको मूर्तिसहित कुँदेको खम्बा साङराङबाट ल्याउनुपर्ने थियो । २० जना लक्का जवान पठाउँदा पनि पहिलोपटक पार नचलेपछि बालागुरु आफैँ गएर हातले उठाइ मात्र दिनुभएछ । खम्बा यति हलुको कसरी भयो भनेर बालागुरुलाई प्रश्न गर्न सकेनछन् । बरू खम्बा बोक्नेहरू गुरुको सिद्धिको कारण बुझेर आपसमा मुखामुख मात्र गर्न थालेछन् ।

३. एक दिन श्री ३ को सवारी धनकुटा हुँदा विद्यालय सञ्चालन सहयोगीहरूलाई बालागुरुले खबर गर्नुभएछ । तपाईंहरू खाना खाएर आउँदै गर्नुहोस्, म बुढो अलि हिड्न सक्दिनँ, बरू जाँदै गर्छु भनी एक-दुई घण्टा अघि हिड्नुभएछ । भोलिपल्ट पाखीवास पुग्दा बालागुरु एक रूखको छहारीमा थकाई मार्दै हुनुहुँदो रहेछ । म धनकुटा पुगेर ५००।- अनुदान लिएर आउँदै छु भन्नुभयो रे । त्यस बेला शुद्ध २ बिटे चाँदीका रुपियाँ मात्र हुन्थे । त्यत्रो गह्रौं कसरी बोक्नुभयो ? यति छिटो कसरी आउनुभयो ? कसरी जानुभयो ? भनेर कसैले बालागुरुलाई प्रश्न राख्न सकेनछन् ।

४. बराहक्षेत्रबाट काठमाडौँ-आउने जाने सुरुङमार्ग वासुकी मन्दिर आसपासबाट थियो रे । गुरु पशुपतिमा चन्दन थाप्न जाँदा र आउँदा यसै सुरुङमार्गको प्रयोग गर्नुहुँदो रहेछ । काठमाडौँ आएको बेला स्वर्गद्वारी महाप्रभुसँग भेट हुँदा महाप्रभुले बालागुरुलाई दाजु भन्नुभएको रहेछ । यसरी दुवैजनामा दाजुभाइको सम्बन्ध स्थापित भएको रहेछ ।

स्व. पिता गङ्गाप्रसाद सुवेदीबाट सुनेको स्मरण गर्दै शिक्षक चण्डीप्रसाद सुवेदीका अनुसार बालागुरुले अबस्था विचार गरेर जोसुकैलाई उसैसँग मेल खाने गरी आशीर्वाद दिनुहुन्थ्यो रे । त्यस व्यक्तिले त्यसै अनुसारको फल पाउँथ्यो रे । आशीर्वाद लाग्थ्यो रे । तिमी पण्डित हुनू । तिमी कविराज हुनू । तिमी प्रशासक हुनू आदि । जमदार ठूलो हजुरबुबा बालागुरुसँग पढ्न गएको ३ महिनाजति पछि निगुरेका एकजना गुरुङ साथीसँग धेरै झगडा भएछ रे । २-३ दिन कुटाइ खाएर घर आएपछि हजुरबुबाले पढ्न जान्न भनेपछि कुप्रो बुबा बालागुरुसँग छोरा लिएर जानुभएछ । सबै कुरा बालागुरुले सुनेपछि ‘ल अब नपढे पनि तिमी जमदार हुन्छौ’ भन्ने आशीर्वाद दिनुभएछ । पछि ठूलो हजुरबुबा जमदार सुवेदीको नामले अरुण नदी वारिपारि र टाढासम्म प्रसिद्ध हुनुहुन्थ्यो । हामी पनि जमदार हजुरबुबा भनी सम्बोधन गर्दथ्यौँ । बालागुरुका यस्ता अलौकिक गुणहरू पनि थिए रे ।

पूर्वसचिव, पूर्वराजदूत एवम् संयुक्त राष्ट्रसङ्घका पूर्वस्थायी प्रतिनिधि मुरारिराज शर्मा (२०७३ : २३६ – २३८) का अनुसार गुरु पशुपति गौतमसँग गाउँमा कखरा अध्ययन गरेको थिएँ । कहिले सत्तलमुनि र कहिले चौताराको

पढाइ थियो । गुरुको एउटा पुरानो कुर्सी थियो । हामी भुइँमा पिरामा बसेर अध्ययन गर्थ्यौं । माटो वा टिनको स्लेटमा खरीढुङ्गाले कोरेर सिक्दथ्यौँ । पशुपति गुरुले बालागुरुलाई देख्नु र भेट्नुभएको थियो रे । पशुपति गुरुबाट बालागुरुका बारेमा अद्भुत घटनाहरू सुन्दथ्यौँ । हामी साना थियौँ र कतिपय बुझ्नेनौँ । जस्तै रुमाल बिछ्याएर अरुण नदी तर्नुहुन्थ्यो रे । १०८ वटुकको व्रतबन्ध गर्दा मुसलधारे असिनापानी पऱ्यो रे तर व्रतबन्ध चलिरहेको सानो मण्डपमा भने पानी पनि परेन रे । आवश्यक परे आफ्नो आसनमुनिबाट पैसा निकाल्ने गर्नुहुन्थ्यो रे । तर यस्ता घटनाहरू महापुरुषसँग मात्र गाँसिएका हुँदा रहेछन् ।

शर्माका अनुसार केही समयअघि (सन् २००५ मा) दिवङ्गत भएका पोप जोहन पलका बारेका पनि यस्ता चामत्कारिक अद्भुत घटना जोडिएका छन् । त्यस्ता घटना यथार्थ हुन वा होइनन् भन्ने आफ्नै ठाउँमा छ तर त्यस्ता अद्भुत घटनाविना पनि ब्रह्मचारी षडानन्दको विविध कार्यमा महत्त्व वा योगदानहरू कम हुँदैनन् वा छैनन् । दरबार हत्याकाण्डको केही अघि राजा वीरेन्द्रसँग भारत र इटाली भ्रमण गर्ने क्रममा भारतको साईबाबा आश्रम ह्वाइट फिल्ड जाने क्रममा बङ्लोरमा कर्णाटकका राज्यपालको अतिथि भएर एक रात बास बसेका थियौँ । राज्यपाल मुस्लिम धर्मावलम्बी थिए । रात्रीभोजमा राज्यपालले आफ्नो साईबाबासँगको भेटको प्रसङ्ग सुनाएका थिए । उनले भने रे : "साईबाबा ! म मुस्लिम हुँ । तपाईं ईश्वरको अवतार हो कि होइन ? तपाईंका चमत्कारहरूको रहस्य के हो ?" बाबाले भन्नुभयो रे : "त्यो मलाई थाहा छैन । तर तपाईंले सर्वसाधारणका लागि शिक्षा र स्वास्थ्य क्षेत्रमा जुन महान् काम गर्नुभएको छ, त्यो ईश्वरीय छ ।" तसर्थ शर्माको विश्लेषण छ : ब्रह्मचारी षडानन्दमा ईश्वरीय क्षमता भए पनि वा नभए पनि उनले शिक्षा क्षेत्रमा, धार्मिक सुधार क्षेत्रमा, सामाजिक सुधार क्षेत्र आदिमा गरेका ती कामहरू ईश्वरीय थिए ।

काठमाडौँ विश्वविद्यालयका संस्थापक उपकुलपति एवम् वरिष्ठ शिक्षाविद् डा. सुरेशराज शर्मा (२०७३ : ४५० – ५३) का अनुसार षडानन्दलाई अलौकिक र चमत्कारी सिद्धपुरुष रूपमा चित्रण गरिए पनि योग, ध्यान, साधना र कठोर परिश्रमबाट अनेकौँ उपलब्धिहरू हासिल गरेको थाहा पाउन सकिन्छ । उनी सिद्ध सन्त थिए । शासकवर्ग र जनतालाई रिझाएर समाज विकासका लागि धेरै काम गर्न सकेको देखिन्छ । षडानन्दलाई चीनका देङ सियाओ पिङ, सिङ्गापुरका लि क्वान यु, दक्षिण अफ्रिकाका नेल्सन मन्डेला, भारतका महात्मा गान्धी आदिजस्तै मैले सन्तकै उच्च कोटिमा राख्ने गरेको छु । समाज विकासका लागि उनीजस्ता सन्त नै प्रेरक र आधारशिला (Milestone) बनेका देखिन्छन् ।

●

# खण्ड आठ
# संस्कृत भाषाको महत्त्व तथा बालागुरु षडानन्दका नेपालमै प्रथम प्रयोग र योगदानहरू

**संस्कृत भाषाको महत्त्व :**

नेपालको हावापानी, धर्म, संस्कार, संस्कृति, सामाजिक मूल्य मान्यता तथा नेपाली जनजिब्रोअनुसार सुहाउने, मैथिली, भोजपुरी, हिन्दी, पाली तथा नेपाली भाषाकी जननी संस्कृत भाषा पढाउने प्रथम औपचारिक विद्यापीठको स्थापना वि. सं. १९३२ मा दिङ्लामा भएको देखिन्छ। हाम्रा जन्मोत्सव, व्रतबन्ध, विवाह, काजक्रिया, श्राद्ध, पुराणहरू, पितृतर्पण आदि हिन्दू तथा ॐकार परिवारका ९२% जनसङ्ख्याको व्यवहार आयातीत अङ्ग्रेजी भाषाले आज पनि पूरा गर्न सक्दैन भन्ने पक्षमा कसैको दुई मत छैन । त्यस्तै अङ्ग्रेजीका भाषाविद् ग्रामर निर्माण क्रममा भारतमा आएर संस्कृत भाषाको अध्ययन गरी तयार पारिएको तथ्य धेरैलाई थाहा नहुन सक्दछ । तसर्थ अङ्ग्रेजी भाषा विश्वको महान् भाषा मान्ने बाहिरी आदर्श हामीसँग छ ।

भ्याटिकन सिटीमा संस्कृतका ठेलीहरू छन् र यज्ञादि गरिन्छ। अमेरिकी राष्ट्रपतिहरू संस्कृत र अङ्ग्रेजी भाषामा सपथ लिन आतुर भएको वास्तविकता हामी खोतल्दैनौँ । रकेट प्रक्षेपण गर्दा संस्कृत कोड प्रयोग भएन भने ब्रह्माण्डले स्वीकार गर्दैन र प्रक्षेपण फेल खान्छ भन्ने तथ्य र वास्तविकता हामीलाई थाहा छैन। बेलायत, डेनमार्क, रसिया, अस्ट्रेलिया, चीन, क्यानडा, अमेरिकामा कतिपय सरकारी विद्यालय र विश्वविद्यालयमा गीता तथा संस्कृत पढाइ किन भयो ? के छ गीताको र संस्कृत भाषाको महत्त्व ? बौद्धिक मन्थन गर्दैनौँ । हामीले आफैँलाई विश्वास नगरेको तथा आधुनिकताका लागि अङ्ग्रेजीप्रतिको खोक्रो आदर्शमा नेपाली समाज लम्किएको प्रस्ट देखिन्छ । हामी नेपालका आदिवासीहरूले पनि नेपाली भाषासँग मिल्दोजुल्दो संस्कृत भाषाका लिपिहरू तिरस्कार गऱ्यौँ । तर आज अप्ठ्यारा जापानी, कोरियन, फ्रेन्च आदि भाषा अध्ययन गर्न सक्दा संस्कृत भाषा अध्ययन गर्न असम्भव थिएन। संस्कृत भाषाका विषयहरू बन्द गरायौँ । बौद्ध ग्रन्थहरू पाली भाषामा लेखिएका छन् । संस्कृत तिरस्कार गर्दा पाली भाषाको पनि तिरस्कार भयो । मैथिली, अवधी, भोजपुरी आदि भाषाको पनि तिरस्कार भयो । आज बौद्धदर्शन बुझ्न नसक्ने अवस्थामा पुग्यौँ । किरात लिपि पनि संस्कृतसँग मिल्दाजुल्दो छ । संस्कृत भाषाका ग्रन्थ, बौद्ध ग्रन्थ, मुन्धुम आदि नपढी नेपालमा आफ्नो जातीय पहिचान, भाषिक तथा

धार्मिक पहिचान खोतल्न सक्दैनौँ । आज १ वर्षदेखि पुराना किताबहरू दिनुहोस् र राम्रो पैसा लिनुहोस् भनी गुप्त अभियानका रूपमा नेपाली पुराना ग्रन्थहरू युरोप-अमेरिकातिर पुग्दैछन् । सरकार बोल्दैन । हामी कङ्गाल बन्नेवाला छौँ ।

आज प्राचीन किरात सभ्यता इतिहास वा नेपालका अन्य नेवारी, थारु, तामाङ, मगर आदि सभ्यता लुप्त हुँदैछन् किन ? कारण छ, संस्कृत भाषा बाहुनको भाषा भनी तिरस्कार गरिएको छ तर यही बाहुनको भनिएको भाषाविना किरात, आदिवासी वा जनजातिको प्राचीन सभ्यता र इतिहास खोतल्न असम्भव छ । २-३ सय वर्षयताका पाश्चात्य लेखकले लेखिदिएका इतिहासमा भर पर्दा र अनुसन्धान गर्दा नेपालको स्वदेशी इतिहासको न शिर भेटिन्छ, न पुच्छर ।

पृथ्वीनारायण शाहको ४ वर्ण ३६ जातको फूलबारी नेपाल भन्ने दिव्योपदेशको मर्म सनातन हिन्दू धर्म-संस्कृति अनुसार रहेको थियो । त्यसैले पृथ्वीनारायण शाहलाई आज गाली गरिन्छ । यो समग्र नेपालका जातिको विडम्बना हुनेछ । नीतिवचन, ज्योतिष, आयुर्वेद, गणित, भूगोल, मौसम विज्ञान, ऋग्वेद, यजुर्वेद, सामवेद, अथर्ववेद, पुराण, गान्धर्ववेद, स्थापत्यवेद, गीता आदिको कतिपय मायाप्रति (सक्कली हाम्रो) बनाई अङ्ग्रेजी भाषामा छपाएको आभास हुन्छ । तर हामी विनातर्क स्वीकार गर्छौं । यही हाम्रो गलतपन हो । अङ्ग्रेजी भाषाका धेरै दैनिक शब्दहरू विश्लेषण गर्दा पनि मधुरताको आभास देखिँदैन । जस्तै : आमालाई Mummy भन्दछौँ । Sir को इतिहास हामीलाई थाहा छैन । Miss को अर्थ थाहा छैन । Madam को अर्थ थाहा छैन । खोज्नुहोस् वास्तविक अर्थ । यति मात्र बुझ्नुहोस् कि यी कतिपय नकारात्मक अर्थ भएका र कतिपय अश्लील शब्द पनि हुन् । त्यसको ठाउँमा पूर्वीय भाषाका आमा, बुबा, माता, पिता, गुरु, शिक्षक, शिक्षिकाको अर्थ खोतल्न पनि षडानन्द पाठशालाजस्ता संस्कृत शिक्षण संस्थाको अझ धेरै आवश्यकता खड्केको छ ।

डा. राजीव दीक्षित (राजीव दीक्षितजी अफिसियल, २०१७, युट्युबबाट) का अनुसार संसारको पुरानो लिपि ब्राह्मी लिपि हो, जसले प्रथमपटक मानवलाई लेख्न सिकायो । त्यस लिपिमा ५०-५५ भन्दा बढी अक्षर भएको देखिन्छ । भारतीय भूमि हिमालय खण्डमा (नेपाल) विकसित भएको थियो ब्राह्मी लिपि । यो झन्डै १ करोड ९७ लाख वर्षजति नै पुरानो छ । ब्राह्मीबाटै संस्कृत आयो अनि देवनागरी लिपि पनि यसैबाट विकसित भयो । चिनियाँले पनि भारतीय भूमिबाटै (नेपाल र भारत) लेख्न सिकेका थिए । योगी नरहरिनाथका अनुसार ६४ हिमालहरूबाट ६४ अक्षर बनेका छन् । संस्कृतको व्याकरण अर्खाखाँची पणेनामा बसेर पाणिनिले रचना गरेको देखिन्छ ।

डा. राजीव दीक्षितका अनुसार तर आज विश्वका ५६ भन्दा बढी भाषामा संस्कृत व्याकरणको उपयोग गरिएको छ । १०२ अरब ७८ करोड ५० लाखभन्दा

बढी शब्दको संस्कृतमा प्रयोग महर्षि पाणिनिदेखि आजसम्म भएको छ। जर्मन र फ्रेन्च भाषाका शब्दरूप र धातुरूप संस्कृत भाषासँग मिल्दा बनाएका छन्। संसारका अन्य भाषाका व्याकरण समय अनुसार परिवर्तन भएको छ। तर संस्कृतमा पाणिनिको समयदेखि आजसम्म पनि एक अल्पविराम, पूर्णविराम आदि परिवर्तन भएको देखिँदैन। संस्कृत भाषा ब्राह्मी लिपिका आधारमा दियौँ र त्यसपछि देवनागरी लिपि दियौँ। संस्कृत भाषा समृद्ध भाषा हो र विश्वको समृद्ध साहित्य छन्। १ करोड ९६ लाख वर्षअघि जीवको आगमन भएको संस्कृतका सङ्कल्प मन्त्र पढ्दा पनि गणना हुन्छ। संसारमा देवताको भाषा भनी हिन्दूले संस्कृत, बौद्धले पाली, इस्लामले अरबी र इसाईले हिब्रूलाई मानेको देखिन्छ।

जर्मनीमा जन्मिएका र बेलायतमा बसेर अध्ययन गरेका मेक्समुलर ब्रिटिस इस्टइन्डिया कम्पनीका कर्मचारी थिए। सन् १८४८ मा अक्सफोर्ड वि. वि. मा ऋग्वेदमाथि अध्ययन सुरु गरे। सन् १९०० सम्म हिन्दू धर्मका संस्कृतका ग्रन्थहरू अङ्ग्रेजी भाषामा छपाउँदै लगातार भारतीय हिन्दूहरूमाथि द्विविधा थपिरहेको देखिन्छ। मेक्समुलरद्वारा अनूदित वेद, पुराण लगायतका ग्रन्थहरू विवादास्पद देखिन्छन्। जीवनमा कहिल्यै उनी भारतमा आएनन्। उनले ध्यान दिएर संस्कृतमा रुचि लिएर सिके। घरमै बसेर लेखे। जे किताब भेटे, लेखे। तर धेरै संस्कृत ज्ञान नभएको कारण जे बुझे, त्यही लेखे अनि भारत कब्जा गर्ने उद्देश्यले यहाँका कतिपय ग्रन्थहरूको मूल मर्म भत्काइदिए। यसको कारण थियो भारतमा निरन्तर कब्जा जमाउन, भारतीय धर्म, संस्कार र पूर्वीय दर्शनहरू सिध्याउनु। मूल जडसूत्र भनेको भारतीय शिक्षा र जसको संस्कृत साहित्य अथवा बौद्ध ग्रन्थहरू आदिमाथि प्रहार गर्नु थियो। त्यसैले मूल ग्रन्थहरूमा कतै छेडछाड हुन गए। संस्कृत ज्ञानको अभावमा गलत व्याख्या लेखिदिए। त्यसको कारण पूर्वीय ज्ञान, विज्ञान, धर्म र संस्कारहरू क्रमशः ध्वस्त हुँदै गएका छन्। मूल मनुस्मृति र पाश्चात्यबाट लिखित छपाइ भएको मनुस्मृति पढ्दा आकाश-जमिनको फरक देखिन्छ। मूल मनुस्मृतिमा जे छैन, पाश्चात्यबाट लेखिएको र हाल बजारमा पाइने मनुस्मृतिमा त्यही छ। याज्ञवल्क्यसंहितामा पनि तयार गरे तर बिलकुल उल्टोजस्तो देखिन्छ। आज अदालतले फैसला गर्दा पनि वेद, गीता वा न्यायसंहिता पल्टाएर निर्णय गरिन्छ। त्यही विवादास्पद बनाएको ग्रन्थबाट फैसला गर्ने दिन आए। यसैकारण आज नेपाल तथा भारतका अदालत पनि ध्वस्त हुँदै गएका छन्।

जो संस्कृत साहित्य विदेशीको हात लागेको थियो, आफ्नो दिमाग लगाई त्यही खुराफाती भएको आभास हुन्छ। जस्तै आजका ग्रन्थमा भारतवासी मासु खान्थे, गाईको मासु खान्थे भन्ने वेद, उपनिषद्, पुराण, मनुस्मृति आदिका श्लोक लेखिदिए। यो पूर्वीय दर्शनमाथि लगाएको आक्षेप हो अथवा खुराफाती

मिलावटको कारण हो । भारतीय ब्राह्मणले कहिल्यै गाईको मासु खाँदैनथे । अन्य पाश्चात्य साहित्यकारका ग्रन्थहरू पनि संस्कृत ज्ञानको अभावमा वा अन्य कारणले कतिपय ग्रन्थहरू विवादास्पद देखिन्छन् । तसर्थ मूल ग्रन्थहरू खोजी अध्ययन र अनुसन्धान गरी प्रकाशन गर्नु यो नेपाली, भारतीय तथा सम्पूर्ण हिन्दू, बौद्ध, जैन, किरात धर्मलगायतका मानवहरूको चुनौती बनेको छ आज । मूल ग्रन्थ खोज गरौँ र भेटेमा जोकोहीले प्रकाशन गरौँ । यो सबैभन्दा पुण्यको काम हुनेछ । यस्तै कार्यका लागि बालागुरुजस्ता सन्त, संस्कृतिका दार्शनिकहरू तथा षडानन्द संस्कृत पाठशालाजस्ता संस्कृत भाषा, किरात भाषा, मैथिली भाषा आदि भाषा पाठशालाको नेपाल राष्ट्रभर आवश्यकता खड्केको देखिन्छ ।

बालागुरु षडानन्दले हाम्रो धर्म, संस्कार, संस्कृति, श्राद्ध, काजक्रिया, पुराणवाचन आदि परम्परा लोप हुन नदिन संस्कृत विद्यालय मात्र खोलेनन्, बरू हिन्दू तथा ॐकार परिवारका लागि धर्म, संस्कार प्रचारप्रसार, संरक्षण, सुधार र प्रवर्द्धन गरी नेपाली माटो सुहाउँदो व्यावहारिक, व्यावसायिक तथा प्राचीन प्राविधिक शिक्षामा जोड दिएको देखिन्छ । प्रमाणपत्रविना पनि सजिलै रोजगार पाइने वा आजीवन उपयोगी शिक्षा प्रदान गरेको देखिन्छ । नेपालीलाई जातीय, भाषिक, धार्मिक र स्वदेशी पहिचान जगेर्ना गर्न ढकढक्याएको देखिन्छ । अब त जाग नेपाली दाजुभाइ हो !

स्वामी प्रपन्नाचार्यको वेदमा के छ ? ग्रन्थका अनुसार डा. पी. बी. वर्तले रामको जन्म इ. पू. ७३२३ डिसेम्बर ४ मङ्गलबार र रावणको मृत्यु इ. पू. ७२९२ नोभेम्बरमा १५ आइतबारको दिन भएको र २० दिनपछि डिसेम्बर ५ आइतबार भारद्वाज आश्रम आएको कुरा नवभारत टाइम्स (१५ सि. १९८१) मा उल्लेख छ । तर अग्निमीडे या हिन्दू सिद्धान्तअनुसार श्रीकृष्णकालीन द्वापरयुगको आयु ८ लाख ६४ हजार वर्ष र त्यसअघिको रामचन्द्रको जन्म भएको त्रेतायुगको आयु १२ लाख ९६ हजार वर्ष मानिएको छ (आयुर्वेद वृ. इतिहास, स्वामी प्रपन्नाचार्यको लेख) । तसर्थ यी २ लेख हेर्दा छेउटुप्पो मिल्दैन ।

सूर्यसिद्धान्त अनुसार (यसले अग्निमीडेलाई स्वीकारेको छ) सृष्टि बनेर ग्रह, नक्षत्र, पर्वत, औषधि, पशु, चराचुरुङ्गी आदि बनिसकेपछि मानिसको विकासक्रम १ करोड ७० लाख ६४ हजार वर्षपहिले भएको मान्दछ (मनु. श्लोक २४) । आधुनिक वैज्ञानिक चिम्पान्जीसँग मानवजाति छुट्टिएको ६० लाख वर्षअघि बताउँछन् । तर योगी नरहरिनाथले वि. सं. २०३७ मा बुटवलको तिनाउ नदी किनारमा फेला पारेको रामवानरको दाँत १ करोड १० लाख वर्ष पहिलेको र महोत्तरीको पाटु भन्ने ठाउँमा फेला परेको रामापिथेकसको अवशेष १ करोड १० लाख वर्ष पहिलेको कार्बनडेटिङ प्रविधि आधारमा वैज्ञानिकले भनेका छन्, जुन अमेरिकाको हार्वर्ड युनिभर्सिटीमा सुरक्षित छ । तिब्बत (चीनमा) फेला

परेको रामापिथेकस १ करोड २० लाख वर्षअघिको मानिएको छ । केन्यामा फेला परेको प्रोप्लियोपिथेकसको अवशेष १ करोड ५० लाख वर्षअघि मानिएको छ, तर प्रोप्लियोपिथेकसलाई मानव विकासको सर्वप्राचीन नमुना वैज्ञानिकबाट भनिए तापनि मानवसँग मिल्ने तर बानरको गुण बढी भएको मानिन्छ । तर मानवशास्त्रीहरूले प्रोप्लियोपिथेकसलाई मानव भन्न नसकिने र अति प्राचीन मानव नमुना नै खासमा रामापिथेकस नै हो भनेका छन् ।

तसर्थ प्राचीन कालमा अफ्रिका र एसिया भूखण्ड जोडिएको बताइरहँदा मानसखण्डले पनि नेपालको हालको कर्णाली प्रदेश र तिब्बत क्षेत्र समेटेको हुनाले प्राचीन हिमवतखण्डको नेपालखण्ड नै विश्वमा मानव उत्पत्ति क्षेत्र रहेको जनाउँछ, जुन अग्निमीडे सिद्धान्त र सूर्यसिद्धान्तसँग मेल खान्छ । यसै आधारलाई निचोर्दै पछाडि हट्दै जाँदा पनि ४८ लाख देखि ५० वा ६० लाख वर्षअघि नै यस पृथ्वीमा मानव बसोबासको अस्तित्व रहेको अनुमान सहजै गर्न सकिन्छ ।

डा. हरिप्रसाद पोखरेल र दुर्गाराज देवकोटा (२०७७-७८, सामाजिक अ. ११) का अनुसार पूर्वीय धर्मशास्त्रहरूमा ऋषि अङ्गिराले सत्ययुगमा आजभन्दा करिब ४८ लाख वर्षअघि आगो आविष्कार गरेपछि सबै आदिमानवले आगो प्रयोग गर्न सिकेको देखिन्छ । सर्वप्राचीन मानवलाई अस्ट्रालोपिथेकस (६० लाख वर्षअघि) भने तापनि धर्मशास्त्रमा महात्मा कश्यपबाट मानवको उत्पत्ति भएको र केही मानवशास्त्रीहरूले अस्ट्रलोपिथेकसको प्रादुर्भाव तिब्बतमा भएको धारणा राखेका छन् । बुद्धिको पर्याप्त विकास भएपछि मानवहरू तिब्बतबाटै यत्रतत्र आहारको खोजीमा लागेको मानवशास्त्रीहरू बताउँछन् । आधुनिक वैज्ञानिकको पूर्ण भर नपरौं । फेरि अझै पुरानो अर्को मानव अवशेष फेला पर्‍यो भन्न पनि सक्छन् । यी यावत् कुराहरू खोतल्न बालागुरु षडानन्द, जगद्गुरु मोहनशरण, योगी नरहरिनाथ आदिजस्ता सन्तहरू र संस्कृत भाषाको ज्ञान सदैव राष्ट्रलाई अभाव भइरहनेछ । चार्ल्स डार्विनको सिद्धान्तले मानव विकासक्रमको करिब १२,००० वर्षअघि चिम्पान्जीबाट मानव छुट्टिएको इतिहास बताउँछ ।

Google : Civilization describes a complex way of life that came about as people began to develop networks of urban settlements. The earliest civilization developed

between 4000 and 3000 B.C.E., when the rise of agriculture and trade allowed people to have surplus food and economic stability. Many people no longer had to practice farming, allowing a diverse array of professions and interests to flourish in a relatively confined area. Civilizations first appeared in Mesopotamia (what is now Iraq) and later in Egypt. Civilizations thrived in the Indus Valley by about 2500 B.C.E., in

China by about 1500 B.C.E. and in Central America (what is now Mexico) by about 12oo B.C.E. Civilizations ultimately developed on early continent except Antarctica. यो लेखले प्राचीन सभ्यताहरू खोतल्न नसकेको अनुमान हुन्छ ।

हिन्दू पुराण र धार्मिक ग्रन्थले मानव विकासक्रममा 'मत्स्य, कुर्म, बराहश्च, नारसिंहश्च वामन । रामो, रामश्च कृष्णश्च बुद्ध, कल्कि तथैव च ।' भनेर पुराणहरूमा व्यासले उल्लेख गरेको देखिन्छ । अर्थात् पहिले समुद्रमा माछा जन्मियो, अनि विकसित भई जमिन र पानी दुवैमा बस्ने कछुवा विकास भयो । त्यसपछि जमिनमा मात्र बस्ने बँदेलको (स्तनधारी) रूपमा विकास भयो । बँदेलबाट नृसिंह (टाउकोतिर सिंह, नाइटोमुनितिर दुईखुट्टे) मानवको विकास भयो । त्यसपछि वामन अवतार (बामपुड्के मानव, खेतीयुग सुरु) भयो । परशुरामजस्तो लगभग सिकारी युगको, वाण बोकेर घुम्ने, घुमन्ते मानव विकास भयो । त्यसपछि राम आदर्श वा बुद्धिमान् मान विकास भए, जसले १४ वर्ष वनबासमै घुम्ने बाँच्न र आफ्नो, पत्नी सीता, बाबु दशरथ, आमा, भाइ आदिको इज्जत जोगाउन जीवनभर सङ्घर्ष गर्ने प्रतिनिधि मानव विकास भयो । तर विद्वत्ताका कारण श्रीमती पनि त्यागेर जनहित वा लोकतान्त्रिक र आदर्शमय शासन चलाए । त्यसपछि भगवान् श्रीकृष्णजस्तो संयमी र धूर्त, छलकपट पनि आवश्यक भए गर्न सक्ने, चतुर कूटनीति भएका, धूर्त वा धुरन्धर, महाभारतको युद्धमा अप्रत्यक्ष भाग लिने, जहाँ १८ अक्षौहिणी सेना कुरुक्षेत्रमा समाप्त गर्ने (विश्वयुद्धमा जस्तो तहल्का मच्चाउने) प्रतिनिधि मानव विकास भयो । त्यसपछि नीति, नियम, अनुशासन, आचरणमा बस्ने बुद्धजस्ता ज्ञानी मानिसहरू विकास भयो । अब कल्कि अवतारमा ठूला-ठूला गगनचुम्बी भवन बनाउने, झूट बोल्न पनि पछि नहट्ने, टावर बनाउने, बिजुलीको चमत्कार देखाउने, अन्तरिक्षमै सहर बसाउने, आधुनिक कार तथा बङ्गला रुचाउने, सम्पत्तिको थुप्रो लगाउने, व्यक्तिगत स्वार्थमा महत्त्व दिने, महत्त्वाकाङ्क्षा धेरै राख्ने प्रतिनिधि मानव विकास हुँदै गएको विश्लेषण गर्न सकेका छैनौँ ।

मानव विकास क्रम र भगवान्का अवतार क्रम यही हो । यसो भन्दा अनेक तर्क लगाउन सक्नुहोला, तर कहाँ लेखेको छ खोज्नुहुन्न । बरू यो गलत हो भन्नेको भीड लगाउनुहुनेछ । The Scientific Hindu अध्ययन गर्नुहोला । तर षडानन्दजस्ता संस्कृतका विद्वान् र सन्तहरू आज पनि देखिन्छन् हाम्रो समाज र राष्ट्रमा । यो उदाहरण मात्र हो । तसर्थ भगवान्द्वारा सृजित वेद, पुराणको रसास्वादन गर्न संस्कृत भाषा आवश्यक पर्दछ । बालागुरु षडानन्दको संस्कृत भाषाप्रतिको योगदान, संरक्षणका प्रयास र प्रवर्द्धनका योगदान यस नेपाल राष्ट्रलाई मात्र होइन, सनातन हिन्दू समाजका लागि आवश्यक थियो ।

तसर्थ उनी त्रिकालदर्शी, सनातनधर्मी, युगपुरुष र संस्कृतिका मौलिक मुहान रहेको देखिन्छन् र नेपाली मनमस्तिष्कमा अजर-अमर विभूति बनेका छन् ।

धेरै ज्ञान वा उपदेश चाहिएन । गौतम बुद्ध, बालागुरु षडानन्द, योगी नरहरिनाथ, फाल्गुनानन्द, डा. चन्द्रकुमार सेर्मा लिम्बू, बालसन्त मोहनशरण, डा. जगमान गुरुङ जस्ता २०-३० सत्कर्मीहरूको यस भूमिमा निरन्तर जन्म भइरहे, शिक्षा र सदाचारका उपदेश पाइरहे तथा हामीले अँगाल्न सके मात्र पनि हाम्रो सार्थक जीवन सार्थक हुने थियो । नेपाली धर्म, कर्म तथा संस्कृति मौलाउन पाउने थिए । स्वदेशीपनमा ओतप्रोत हुने अवसर पाउने थियौं ।

दोस्रो बुद्ध मानिएका जयपृथ्वीबहादुर सिंहभन्दा पनि अगाडिको समयमा प्रथम संस्कृत भाषा पाठशाला नेपालमा खोल्ने तथा कलकत्ता गएर परीक्षा दिने प्रणाली अन्त्य गरी दिङ्लामै परीक्षा बोर्ड खोल्ने सन्त थिए षडानन्द । बाल अधिकार, मानव अधिकार, दलित अधिकार, शिक्षा अधिकार, महिला अधिकारको व्यावहारिक वकालत गर्दै शिक्षा, पर्यटन, अर्थतन्त्र, समाजसुधार, धार्मिक र सांस्कृतिक सुधार लगायत बहुआयामिक क्षेत्रमा योगदान दिने महान् व्यक्तित्व थिए । नेपालका प्रथमतः शैक्षिक नक्षत्र थिए । षडानन्द, योगी नरहरिनाथ तथा जयपृथ्वीबहादुर सिंह नेपाली शैक्षिक क्षेत्रका निधिहरू हुन् । योगी नरहरिनाथ पनि बहुआयामिक देखिन्छन् । उनी शिक्षा, इतिहास, अनुसन्धान, समाजसुधार क्षेत्रका निधि देखिन्छन् । सबैलाई राज्यले उचित सम्मान गर्नुपर्ने देखिन्छ ।

## षडानन्द पाठशाला नेपालको प्रथम विद्यालय बन्नुका आधारहरू :

**आधार १** - सरकारी स्वीकृतिका आधारमा यो प्रथम विद्यालय हो । किनकि श्री ३ प्रधानमन्त्री जङ्गबहादुर राणाको समयमा कार्यपालिका, न्यायपालिका र व्यवस्थापिका तीनै अङ्गका प्रमुख वा प्रधानमन्त्री जङ्गबहादुर आफैं हुनाले दरबार हाइस्कुल खोल्न उनलाई अनुमति चाहिएन । षडानन्द पाठशाला प्रधानमन्त्री जङ्गबहादुरको ठाडो मौखिक अनुमतिमा खोलिएको थियो । प्रधानमन्त्रीको आदेशलाई तत्कालीन समयमा लिखत प्रमाणको आवश्यकता पर्दैनथ्यो ।

**आधार २** - स्थापना मितिका आधारमा नेपालको प्रथम संस्कृत भाषा पाठशाला थियो, किनकि करफोकको गुरुकुल, मटिहानीको गुरुकुल, जनकपुरको गुरुकुल, राजराजेश्वरी घाटको गुरुकुल आदि षडानन्द गुरुकुलभन्दा अगाडिका गुरुकुलहरू थिए । "वि. सं. १८९७ तिर राजेन्द्रवीरविक्रम शाहले नारायण पण्डितको व्यवस्था तथा गुठीको व्यवस्था गरेर गुरुकुल खोलेको देखिन्छ (प्रा. दिनेशराज पन्त, प्रज्ञा, २०७१, पूर्णाङ्क ११०) । गुरुकुलहरू केही समय चलेका, केही समय बन्द भएका, केही पुनः सञ्चालन भएका त केही सदाका लागि बन्द भएका थिए । कतिपय व्यक्तिगत गुरुकुल र कतिपय अनौपचारिक थिए ।

षडानन्द गुरुकुल वा पाठशाला सरकारी मान्यता प्राप्त गरेपछि अविच्छिन्न सञ्चालनमा आएको हुनाले यसले नेपालको प्रथम र नेपालको औपचारिक गुरुकुलको इतिहास रच्न पुग्यो ।

**आधार ३** - सबै जनताका छोराछोरी पढ्न पाउने प्रथम पाठशाला हो, किनभने दरबार हाइस्कुल वि. सं. १९४२ मा वीर शमशेरले सर्वसाधारणका छोराछोरीका लागि खुला गरे पनि राणाहरूको डरले कोही पढ्न गएनन् । वि. सं. १९४८ देखि मात्र सर्वसाधारणका छोराछोरी पढ्न गएको इतिहास छ ।

**आधार ४** - विद्यार्थीले निःशुल्क पढ्न पाउने आधारमा पनि नेपालको प्रथम विद्यालय हो । पृथ्वीनारायण शाहको पालामा निःशुल्क पढ्न दिन मरवट नीति (युद्धमा मरेका सेना र भारदारका छोराछोरीलाई पढ्ने व्यवस्था गर्न) खुला थियो । सबै जनताका लागि थिएन । तर दरबार हाइस्कुलमा सुरुमा दिनमा जङ्गबहादुरका ३ छोराबाहेक अरू राणाहरूका छोराहरूले पनि पढ्न पाउँदैनथे । छोरीहरू पढ्ने त के कुरा !

**आधार ५** - नेपालको प्रथम संस्थागत विद्यालय थियो, किनकि वि. सं. १९४२ अघि प्र. म. जङ्गबहादुरका ३ छोराहरू मात्र पढ्न पाउने पारिवारिक स्कुल थियो दरबार हाइस्कुल । नेपालभर अरू कुनै विद्यालयहरू थिएनन् ।

**आधार ६** - निःशुल्क, छात्रवृत्ति तथा प्रोत्साहन वृत्ति दिने नेपालको पहिलो विद्यालय षडानन्द पाठशाला थियो । निःशुल्क भर्ना, मासिक ४ पाथी धान थियो छात्रवृत्ति । वार्षिक १५ पाथी धान प्रोत्साहन वृत्तिका लागि वितरण गरिन्थ्यो ।

**आधार ७** - छात्रवृत्ति तथा प्रोत्साहन वृत्तिमा नगदको सट्टा धान वितरण । छात्रवृत्ति तथा प्रोत्साहन वृत्तिमा नगद रुपियाँ होइन, धान वितरण (खान्की वितरण) गर्ने प्रथम सार्वजनिक विद्यालय थियो ।

**आधार ८** - गुरुकुल शिक्षाको प्रथम नयाँ नमुना विद्यालय (मोडल) थियो । किनकि प्राचीन कालदेखि नै पुरुष गुरुकुल र कन्या गुरुकुल छुट्टै हुन्थे । षडानन्द गुरुकुलमा छात्रछात्रा एकै ठाउँमा पढ्न पाउने व्यवस्था थियो । साथै भाषा पाठशालाका विशेषताहरू पनि यसमा समावेश थिए ।

**आधार ९** - सबै जात तथा सबै लिङ्गलाई खुला गरिएको नेपालको प्रथम विद्यालय हो । यो विद्यालय दलित, जनजाति, महिला, अपाङ्ग आदिलाई समेत खुला गरिएको थियो । तर सामाजिक डर वा अन्य कारणले दलितहरू आफैँ निकै पछिका वर्षसम्म पनि विद्यालयमा पढ्न आएको अभिलेख देखिँदैन ।

**आधार १०** - जनस्तर वा जनसहभागिताका आधारमा खोलिएको नेपालको प्रथम विद्यालय थियो । बालागुरु षडानन्दको नेतृत्व र दिङ्लावासीको सहयोगमा विद्यालयको पढाइ, छात्रावास, गुठीका जग्गाहरूको व्यवस्था भए पनि तत्कालीन सरकारबाट अनुमति प्राप्त भई खुलेको विद्यालय थियो ।

**आधार ११** - गुरुकुलमा पढाइ हुने विषयहरूको आधारमा पनि प्रथम विद्यालय थियो। वि. सं. १९६६ को धर्मपत्रिकामा (तत्कालीन स्थानीय सरकारको ऐनसरहको लिखत), 'जो विद्या पढ्न इच्छा हुन्छ, सो सुविस्ताका साथ पढ्नाको निमित्त पाठशाला राखेको छु' उल्लेख छ। तसर्थ गुरुकुलका विषयबाहेक अङ्ग्रेजी, हिन्दी, कृषि, लेखा, विज्ञान, कला, शारीरिक शिक्षा आदि जे विषय राखे पनि खुला थियो । यहाँ विषय भन्नाले डाक्टर (कविराज), भूगोलविद्, संस्कृतिविद्, भाषाविद्, वकिल आदि बन्न पढाइने विषयको माग भएको भए जनशक्ति उपलब्ध गरी पढाउन सकिने व्यवस्थासमेत खुला राखिएको थियो भन्ने विश्लेषण गर्न सकिन्छ । तर त्यस्तो माग नआएर होला सबै क्षेत्रका विषयहरू पढाइ भएको देखिँदैन । वेद, रुद्री, कर्मकाण्डबाहेक इतिहास, भूगोल, आयुर्वेद ज्ञान, ज्योतिष, व्याकरण, शीघ्रबोध, आरण्य विज्ञान, मौसम विज्ञान, दर्शनशास्त्र, पुराण, वैदिक गणित, नीतिशास्त्र, अर्थशास्त्र आदि विषयहरू पढाइ भएको देखिन्छ ।

**आधार १२** - बृहत् विद्यालय सेवा क्षेत्र भएका आधारमा पनि प्रथम विद्यालय थियो । नेपालभरि पूर्वमा ताप्लेजुङदेखि पश्चिममा दार्चुलासम्म, उत्तरमा सोलुखुम्बू, उत्तरपश्चिममा गुल्मीदेखि पश्चिमदक्षिणमा दाङ तथा पूर्वदक्षिण विराटनगरसम्म विद्यालय सेवाक्षेत्र थियो। मध्यपहाडी क्षेत्रका धादिङ, रामेछाप तथा पर्वतसम्मका विद्यार्थीहरू पढ्न आएको अभिलेखमा देखिन्छ।

**आधार १३** - विदेशी विद्यार्थीसमेत पढ्न आउने नेपालको प्रथम विद्यालय थियो। दिङ्लाजस्तो पहाडी र दुर्गम क्षेत्र पाठशाला रहे तापनि भारतका विभिन्न क्षेत्रहरू, आसाम, सिक्किम, दार्जिलिङ, सिलाङ, भुटान, बर्मा आदि देशबाट समेत विद्यार्थीहरू अध्ययन गर्न दिङ्ला आउँथे (षडानन्दसम्बन्धी अभिलेख : २०७२)।

**आधार १४** - नियुक्तिपत्र प्रदान तथा अन्य व्यवस्थित लिखतका आधारमा नेपालको प्रथम भाषा पाठशाला थियो - दरबार हाइस्कुलपछिको दोस्रो विद्यालय हो र संस्कृत भाषा पाठशालाको इतिहासमा प्रथम विद्यालय हो । तत्कालीन समयको लिखित्मा प्रधानाचार्यको नियुक्तिपत्र, गुरु (शिक्षक), गुठियार, परिचर, पण्डित, पुराणवाचक र नगरावादक टोलीप्रमुखलाई पनि आवश्यकताअनुसार नियुक्तिपत्र दिएको देखिन्छ।

**आधार १५** - पटकपटक सरकारी कानुनी स्वीकृतिपत्र प्राप्तिका आधारमा पनि नेपालको प्रथम विद्यालय थियो । वि. सं. १९३२ मा श्री ३ प्र. म. जङ्गबहादुरबाट विद्यालय खोल्ने ठाडो आदेश प्राप्त, वि. सं. १९३४ मा श्री ५ सुरेन्द्रबाट लालमोहर प्राप्त, वि. सं. १९४१ मा श्री ३ रणोद्दीपबाट रुक्का आदेश प्राप्त, वि. सं. १९३६ मा श्री ३ रणोद्दीपबाट ताम्रपत्र जारी भएको र वि. सं. १९४२ मा श्री ३ वीर शमशेरबाट प्राप्त, वि. सं. १९५५ मा सामान्य भाषा पाठशालाझैँ स्वीकृति प्राप्त, वि. सं. १९६० मा विद्यालयका लागि गुठी बृद्धि

गर्न अनुमति र वि. सं. १९७० मा श्री ३ चन्द्र शमशेरबाट विद्यालयका लागि इस्तिहार जारी भएको थियो । श्री ३ र श्री ५ बाट यति धेरै कानुनी लिखत वा वैधता प्राप्त कुनै पनि भाषा पाठशाला तत्कालीन नेपालमा थिएनन् ।

**आधार १६** - आधुनिक भाषा पाठशालाको इतिहासमा छात्रावास निर्माण र उपयोगको प्रथम प्रयोग भएको विद्यालय थियो, किनकि रानीपोखरी पाठशाला पनि यो पाठशालाभन्दा २ वर्ष कान्छो थियो । दिङ्लाको छात्रावास पनि सर्वसाधारण जनताको सहभागितामा निर्माण भएको थियो ।

**आधार १७** - बृहत्तर विषयहरू समावेश गरी अतिरिक्त जीवनोपयोगी ज्ञान दिने प्रथम पाठशाला थियो । यस पाठशालाले धर्म, संस्कार, संस्कृति आदि सम्बन्धी हाम्रो देशको माटो र हावापानी अनुकूलको जीवनोपयोगी ज्ञान दिने पाठशाला थियो । कक्षामा पढाइने विषयका अतिरिक्त सम्बन्धित विषयहरूका बारेमा छलफल र ज्ञान प्रदान गर्दथ्यो । जस्तै एक धुरन्धर पण्डित बन्न ज्योतिष, धर्मसिन्धु, निर्णयसिन्धु, पञ्चाङ्गसम्बन्धी ज्ञान, भृगुसंहिता, वैदिक गणित, पुराण र उपपुराणहरू, मनुस्मृति, महाभारत, चाणक्यनीति, नीतिवचन आदिको ज्ञान आवश्यक हुन्छ । त्यसको पूर्ति पण्डित गुरुहरूबाट तथा पुस्तकालयका पुस्तकहरूको अध्ययनबाट प्राप्त हुन्थ्यो । १००८ प्रजातिका वनस्पतिको आयुर्वेद उद्यानले स्वास्थ्य उपचार क्षेत्रमा प्रयोगात्मक र व्यावहारिक ज्ञान प्राप्ति गराउँथ्यो । आयुर्वेदमा गरिने रसचिकित्सा (जडिबुटी रस प्रयोग गर्ने विधि), जलचिकित्सा, सूर्यचिकित्सा (सूर्यको किरणको महत्त्व र उपचारविधि), वायुचिकित्सा (प्राणायामको महत्त्व र गर्ने विधि) आदिको प्रमाणपत्रधारी नभए पनि पण्डितहरूबाट (गुरुहरू) विद्यार्थीहरूलाई प्राप्त हुन्थ्यो, जुन शिक्षा नेपालमा अस्पताल नै नभएको अवस्थामा अत्यन्त जीवनोपयोगी थियो ।

**आधार १८** - व्यावसायिक र व्यावहारिक विषयहरू पढाइ हुने नेपालको प्रथम विद्यालय थियो । पाठशालाका कक्षामा पढ्दाका कमजोर शिष्यहरू पनि आलेटाले ज्योतिष बनेर चिनाटिपन बनाएर स्वरोजगारी प्राप्त गर्दथे । कर्मकाण्डमा कमजोर विद्यार्थी गाउँघरमा कर्मकाण्डहरू गराई रोजगारी प्राप्त गर्दथे । आयुर्वेदको पूर्ण ज्ञान नभए पनि विद्यार्थीहरूले जडिबुटी, पात, जरा आदि बेचेर नेपालमै अस्पताल नभएको बेलामा हजारौँ नेपालीलाई पुनर्जीवन प्रदान गरेका थिए । किनकि नेपालको प्रथम वीर अस्पताल वि. सं. १९४७ मा काठमाडौँमा खुलेको हुनाले दूरदराजका जनता त्यसको पहुँचबाहिर थिए । तत्कालीन समयमा धामीझाँक्रीको झारफुक विधि, मन्त्रोपचार विधि वा जडिबुटी प्रयोगबाहेक उपचारका अन्य विकल्पहरू थिएनन् ।

**आधार १९** - गुठीद्वारा सञ्चालित नेपालको निरन्तर चलेको प्रथम पाठशाला थियो, किनकि नेपालको प्रथम विद्यालय दरबार हाइस्कुलमा पनि

तत्कालीन समयमा गुठी थिएन । यस विद्यालयको गुठीका लागि प्रथम जग्गा दिङ्ला साल्मामा वि. सं. १९२८ मा प्राप्त गरेको देखिन्छ ।

**आधार २०** - भाषा विद्यालयको इतिहासमा नेपालको प्रथमतः ठूलो गुठीबाट विद्यालय सञ्चालन भएको थियो, अन्य ठूलाठूला गुठीहरू नेपालमै रहेका पनि देखिन्छन् । जस्तै जानकी मन्दिरको गुठी १४०० बिगाहा माणिक सेनबाट प्राप्त थियो । तर विद्यालयतर्फ षडानन्द पाठशालाको गुठीमा तत्कालीन १७५३ रोपनीभन्दा बढी जग्गाहरू देखिन्छन् । ३३६।१ मुरीदेखि ५६० मुरीसम्म धान ठेक्कामा लागेको देखिन्छ । १४-१५ सय मुरी धान उब्जनी हुने गर्दथ्यो ।

**आधार २१** - षडानन्द संस्कृत मोडल (S-S Model) शिक्षण विधि आविष्कार र प्रयोग गर्ने प्रथम विद्यालय थियो । S-S Model का आविष्कारक बालागुरु षडानन्द आफैँ थिए । यस मोडलको अनुकरण गर्दै सिक्किम, आसाम, लिङ्से, भुटान र बर्मासम्म पनि आदर्श विद्यापीठ खुलेको योगी नरहरिनाथले (२०५२) मा उल्लेख गरेको देखिन्छ । साथै रानीपोखरी पाठशाला, तीनधारा पाठशाला, देव शमशेरको भाषा पाठशाला समेत यही मोडलका पाठशाला भएको योगीले उल्लेख गरेको देखिन्छ ।

**आधार २२** - S-S Model शिक्षण विधिका Superpedagogy Approach का आधारमा नेपालको प्रथम विद्यालय हो । यस मोडलको अध्ययनशैली र बालागुरु षडानन्दको व्यक्तित्वका कारण तिब्बत र बनारससम्म पनि ख्याति फैलिएको थियो । डा. लक्ष्मण शास्त्रीले (२०५२) S-S Model अनुसार पढाउन दिङ्ला पाठशालाले विशेष प्रकारका भौतिक सूत्रहरू प्रतिपादन गरेको थियो भनी उल्लेख गर्नुभएको छ । मेघराज शर्माले (२०५२) हिज्जे र व्याकरणका सूत्रहरूको प्रसिद्धि बनारससम्म पुगेको उल्लेख गर्नुभएको छ । पण्डित यज्ञनिधि चापागाईंले (१९८४) बनारससम्म ख्याति फैलिएको उल्लेख गर्नुभएको छ । पछिल्लो समयमा स्वामी हरिहरानन्दकी चेली गीता भारती तथा हरिद्वारका स्वामी सत्यदेवले समेत यस शिक्षण सिकाइ शैलीको प्रशंसा गरेको देखिन्छ ।

**आधार २३** - नेपालमै बाह्य परीक्षा बोर्ड खोली भारतमा गई परीक्षा दिने प्रणाली अन्त्य गर्ने नेपालको प्रथम विद्यालय हो । वि. सं. १९९० मा एसएलसी परीक्षा बोर्ड नेपालमा सुरु भयो । त्यसअघि कलकत्ता गई र त्यसपछि बनारस गई एसएलसी परीक्षा दिने चलन थियो । वि. सं. १९३० को दशकमै बालागुरुले परीक्षा बोर्ड गठन गरी पण्डित नन्दिकेश्वर अधिकारीलाई बोर्ड प्रमुखमा नियुक्त गरेका थिए भने सदस्यमा उनका छोरा पं. लक्ष्मीभक्त अधिकारी नियुक्त भएको देखिन्छ । बालागुरुको मृत्युसँगै त्यस बोर्डलाई निरन्तरता दिँदै तथा अपग्रेड गर्दै राजकीय वा राष्ट्रिय परीक्षा बोर्ड बनाउन नसकेको कारण वि. सं. १९९० मा एसएलसी बोर्ड नेपाल खुलेको देखिन्छ ।

**आधार २४** - आयुर्वेदिक उद्यानसहितको नेपालको प्रथम विद्यालय थियो, किनकि नेपालमा आधुनिक भनिएको नरदेवी आयुर्वेदिक उद्यान पनि वि. सं. १९८४-८५ तिर खुलेको देखिन्छ भने विद्यालय स्तरमा त त्यसपछिको इतिहास मात्र हो । अर्कोतर्फ यो नेपालकै आधुनिक तथा जनसहभागितामा सञ्चालित प्रथम आयुर्वेदिक उद्यान पनि हो, जसमा १००८ प्रजातिका जडिबुटी फलफूल तथा बिरुवाहरू रहेका थिए । नेपाल आयुर्वेदको उत्पत्ति स्थान भएको, किरातकालदेखि नै आयुर्वेदको अत्यधिक प्रयोग भए तापनि आयुर्वेदिक उद्यान दरबारमा पनि देखिँदैन । वि. सं. १९७३ मा विष्णुमतीमा नेपाल आयुर्वेदिक औषधालय खुलेको र पछि नरदेवीमा सारिएको इतिहास भने विद्यालय परिसरमा स्थापित उद्यान त कुनै पनि थिएनन् ।

**आधार २५** - पुस्तकालय स्थापनाको आधारमा नेपालकै प्रथम संस्कृत भाषा विद्यालय बालागुरुले स्थापना गर्नुभएको थियो - वि. सं. १९३२ तिरैबाट पुस्तकालय स्थापनाका लागि पुस्तकहरू सङ्कलन कार्य प्रारम्भ भए पनि वि. सं. १९६६ को धर्मपत्रिकामा ७२ वटा पुस्तक उल्लेख देखिन्छन् । तत्कालीन समयमा बनारस र काठमाडौँमा मात्र पुस्तक पाइन्थ्यो । नेपालमा अन्यत्र पुस्तक पसल थिएनन् र पुस्तक पाउने सम्भावना पनि न्यून थियो । वि. सं. १९०८ तिर प्र. म. जङ्गबहादुरले नेपालमा गिद्धे प्रेस स्थापना गरेको देखिन्छ ।

**आधार २६** - इँटाका पाइप प्रयोग गरी खानेपानी उपलब्ध गराउने नेपालको प्रथम भाषा विद्यालय थियो – विद्यालय परिसरसम्म पाकेको इँटा तथा इँटाका पाइपहरूबाटै पानी उपलब्ध गराएको र उक्त प्रविधिका पाइपबाटै ढलनिकासको व्यवस्था गर्ने पाठशाला थियो ।

**आधार २७** - S-S Model को परीक्षा प्रणाली र internship पनि गराउने नेपालको प्रथम पाठशाला हो । यस प्रणालीमा श्रोता मत प्रणाली (Audience Poll) तथा निरन्तर मूल्याङ्कन प्रणालीमा OJT जस्तै परीक्षण औजार प्रयोग गरिएको थियो । आजभोलि Nepal Ideal, Dance India आदि कार्यक्रमहरूमा मोबाइल Voting जस्तै audience poll परीक्षामा सामेल थियो ।

**आधार २८** - आधुनिक भाषा पाठशालामा जस्तै भौतिक सुविधा उपलब्धतामा प्रथम विद्यालय थियो । आजभन्दा झन्डै १५० वर्षअघि खोलिएको विद्यालयमा, आधुनिक विद्यालयका जस्तै पोखरीहरू, आयुर्वेदिक उद्यान, फलफूल उद्यान, खानेपानी सुविधा, पुस्तकालय सुविधा, छात्रावास, विद्यार्थीलाई दाउरा उपलब्ध गराउन जगेडा वन, इँटाको कम्पाउन्ड वाल (गिर्दा), मनमोहक फूलबारी, खेलमैदान, विद्यालय प्राङ्गणमा पर्वअनुसारका मेला, जात्रा र उत्सव मनाइने, रामनवमी र शतबीजको उत्सव मनाइने, यज्ञादिले आध्यात्मिक शान्ति मिल्ने, विद्यालय कम्पाउन्डभित्रै पुराण भन्ने ठाउँ, अनुशासनका आचारसंहिता,

योग र ध्यानको ज्ञान र अभ्यास, मन्दिरहरू, रुद्राक्ष, श्रीखण्ड, अशोकजस्ता अनमोल बिरुवाहरू लगाइएको र विद्यालय परिसर वास्तवमै तपोवनको शैलीमा शान्त र मनोरम ठाउँमा यति धेरै सुविधाका साथ निर्माण भएका विद्यालय सायद आजभोलि पनि होला वा नहोला ?

**आधार २९** – सादा जीवन र उच्चविचारको शिक्षा दिने साथै मातृभूमि सेवा, गौसेवा, मातृसेवा, राष्ट्रभक्ति आदि सिकाउने आधुनिक नेपालको प्रथम औपचारिक भाषा विद्यालय थियो ।

## सीताराम षडानन्द गुठी नेपालको प्रथम नमुना गुठी बन्नुका आधारहरू :

इतिहास केलाउँदा नेपालमा गुठीको सुरुवात लिच्छविकालबाट भए पनि मल्लकालमा धेरै गुठीहरू स्थापना भएको देखिन्छ। यसबाट मन्दिरको पूजाआजा, मेलापर्व र जात्राहरू सञ्चालन हुने गर्दथ्यो । सिमरौनगढका राजा माणिक्य सेनले १४०० बिगाहा जमिन जानकी मन्दिर गुठीका लागि स्थापना गरेको देखिन्छ । डा. जगमान गुरुङका अनुसार (अन्तर्वार्ताबाट) "राजा रणबहादुर शाहकी श्रीमतीले मुक्तिनाथ जाने तीर्थयात्रीहरूको र साधुसन्तहरूको सुविधाका लागि झन्डै १३-१४ सय मुरीजति धान आयस्ता हुने जग्गाहरू म्याग्दी र पर्वत जिल्लामा राखेको इतिहास देखिन्छ। ती जग्गाको आज नामनिसान छैन।" तर दिङ्लामा बालागुरु षडानन्दले स्थापना गरेको गुठी बहुउद्देश्यीय छ । यसले मन्दिर, मेलापर्व, जात्रा मात्र सञ्चालन नगरी विद्यालय सञ्चालन गरेको छ ।

**आधार ३०** - अनौठो र बहुउद्देश्यीय नेपालको प्रथम गुठी थियो, किनभने लिच्छविकाल, मल्लकाल र त्यसपछिका गुठीहरू कुनै राजदरबारको प्रयोजनका लागि मात्र खुलेका थिए भने कुनै मठमन्दिर, मेला वा पर्वहरू मनाउने प्रयोजनका लागि मात्र थिए। कुनै अनौपचारिक गुरुकुलको प्रयोजनका लागि मात्र स्थापना भएका थिए। तर सीताराम षडानन्द गुठी मन्दिरहरू तथा मेला, पर्व, महोत्सव आदि सञ्चालन गर्न, विद्यालय सञ्चालन गर्न र बहुउद्देश्यीय बैङ्किङ वा वित्तीय संस्था सञ्चालनका निमित्त नेपालकै प्रथम नमुनायोग्य गुठी थियो ।

**आधार ३१** - नेपालमा प्रथम औपचारिक बैङ्किङ प्रणाली सञ्चालन सीताराम गुठीबाट दिङ्लामा भएको थियो । वि. सं. १९६० बाटै औपचारिक रूपमा मो. रु. ११५०।- को 'घुम्ती नगदी कोष' संस्थागत रूपले सञ्चालन गरेको थियो । मो. रु. १००।- को वार्षिक ४ मुरी धान ब्याजको दरले ४६ मुरीसम्म ब्याज प्राप्त हुन्थ्यो भने गरिब र अति आवश्यक लक्षित किसान समूहले मात्र गुठी समितिको सिफारिसमा ऋण प्राप्त गर्दथे । पछिल्लो वर्षमा मूल पुँजी बृद्धिसमेत गरेको देखिन्छ, साथै १११ मुरी ब्याज धानसम्म पनि प्राप्त गरेको देखिन्छ ।

**आधार ३२ -** गुठीबाट सञ्चालित नेपालको प्रथम बैङ्क र प्रथम सहकारीभन्दा पनि जेठो संस्था थियो । यो गुठी अनौपचारिक रूपमा वि. सं. १९३० को दशकबाटै सुरु भए पनि औपचारिक रूपमा वि. सं. १९६० बाट सुरु भएको कुरा वि. सं. १९६६ को धर्मपत्रिकामा उल्लेख छ । तर लिखतहरू हेर्दा वि. सं. १९४५ को सुरुदेखि किसानहरूले ऋण लिएको विवरण देखिन्छ (षडानन्द सम्बन्धी अभिलेख : २०७२) । यो संस्था नेपालको प्रथम बैङ्क वि. सं. १९९४ कार्तिक ३० को नेपाल बैङ्क लिमिटेडभन्दा ३४ वर्ष जेठो देखिन्छ। स्व. कृष्णप्रसाद कोइरालाले पनि विराटनगरमा उद्योगी गोला नामक सहकारी वि. सं. १९७२ तिर खोलेको देखिन्छ भने प्रथम भनिएको बखानपुर सहकारी चितवनमा वि. सं. २०१३ मा स्थापना भएको देखिन्छ ।

**आधार ३३ -** जङ्गीअड्डाबाट लेखापरीक्षण गराउने जनस्तरको यो प्रथम गुठीका संस्थापक षडानन्द थिए। सरकारी जङ्गी अड्डाबाट लेखापरीक्षण गराउने जनस्तरको यो प्रथम गुठी थियो । आन्तरिक परीक्षण ६-६ महिना र बाह्य २-२ वर्षको अन्तरमा पूर्व ४ नं. जङ्गीअड्डाबाट Audit गराउने नेपालको प्रथम विद्यालय र संस्थागत गुठीसमेत थियो ।

**आधार ३४ -** जङ्गीअड्डाबाट अनुगमन हुने जनस्तरको नेपालको प्रथम गुठीका संस्थापक षडानन्द थिए। जङ्गी अड्डाबाट सिपाही खटाई सुरक्षा व्यवस्था भएको जनस्तरको नेपालको प्रथम गुठी थियो । खटिएको सिपाहीले गुठीको सम्पत्तिको हेरचाह गर्ने, नगदी तथा जिन्सी उठाउन सहयोग गर्ने, गुठीयारको मातहतमा रहेर जग्गाको खिचलो अन्त्य गर्ने र रोहवरमा बस्ने व्यवस्था थियो । खटिएको सिपाहीले जङ्गी अड्डाको वेतनका अतिरिक्त कामको मूल्याङ्कन अनुसार वार्षिक ५ मुरी धान बराबरको वेतन गुठीबाट प्राप्त गर्दथे ।

**आधार ३५ -** कानुनी वैधताको आधारमा नेपालको प्रथम गुठीका संस्थापक षडानन्द थिए । यो पटकपटकको कानुनी वैधता प्राप्तिका आधारमा नेपालको प्रथम गुठी थियो, जसले वि. सं. १९३५ मा लालमोहर, वि. सं. १९४१ मा रुक्का आदेश, वि. सं. १९४२ मा ताम्रपत्र, वि. सं. १९६० मा अनुमतिपत्र र वि. सं. १९७० मा इस्तिहार तत्कालीन सरकारबाट प्राप्त गरेको अभिलेख देखिन्छ । वि. सं. १९७७ मा अदालती फैसला तथा त्यसपछि पनि तर्जुमापत्र, तजबीजपत्र र फैसलाहरू प्राप्त गरी कानुनी वैधतामा चलेको देखिन्छ ।

**आधार ३६ -** विभिन्न आयामहरू तथा क्षेत्रहरूमा कार्य गर्ने, जनस्तरको तथा संस्थागत गुठीका सूत्रधार षडानन्द थिए । 'दिङ्लामा सीताराम षडानन्द गुठी सञ्चालक षडानन्दले सरकारी पट्ट बाँझो पर्ती जग्गाहरू जसका मालपोत पनि उठ्दैनथ्यो । उक्त जग्गा पनि प्रयोग गरी मालपोतसमेत तिर्ने घुमाउरो युक्ति लगाई तत्कालीन राणा सरकारबाट गुठीका कतिपय जग्गाहरू फुत्काएका

देखिन्छन्' भनी यादव चापागाईंले उल्लेख गरेको देखिन्छ । गुठीको वि. सं. १९७८ सम्म ५६० मुरी ठेग्गा र पछिल्लो चरणमा १४-१५ सय रोपनी जग्गाहरू एकमुस्ट थिए । सबै जग्गाहरू किसानलाई घाटा नलाग्ने गरी न्यूनतम ठेक्कामा जिम्मा लगाएको देखिन्छ । भोजपुर, सङ्खुवासभा, वीरगञ्ज तथा काठमाडौंको कुसिङ्गालमा पनि गुठीका जग्गाहरू रहेका थिए ।

पूर्णप्रकाश नेपाल 'यात्री' (२०५२ : ६२) का अनुसार पोखराको सेती नदी पश्चिम किनारमा नारायण मन्दिर र आश्रमसमेत निर्माण गरी फुँडेरमा ५२ मुरीको २ खला खेतसमेत गुठीका नाममा दर्ता गरी नारायण आश्रम तेह्रथुमका बालब्रह्मचारी बालानन्द सुवेदीलाई जिम्मा षडानन्दले लगाएको देखिन्छ । पोखरा र दिङ्लाका दुवै गुठी आजसम्म पनि चलेका देखिन्छन् ।

## नेपालका विविध क्षेत्र र पक्षमा बालागुरु षडानन्दका प्रथम प्रयोगहरू :

**आधार ३७ -** नेपालको प्रथम साप्ताहिक हटियाका संस्थापक षडानन्द – हटिया वि. सं. १९३२ मा दिङ्लामा सुरुवात भएको थियो । यसको अनुकरण गर्दै देशका अन्य भागहरूमा पनि साप्ताहिक हटिया तथा शनिबारे हटियाहरू सञ्चालनमा आएका देखिन्छन् ।

**आधार ३८** - सतीप्रथा र दासप्रथामा महिला र मजदुर वर्गका मुक्तिदाता षडानन्द – नेपालमा प्रथमपटक वि. सं. १९४० मा घीनलाग्दो तथा क्रूर सतीप्रथा अन्त्यको प्रयास अरुण उपत्यकामा भयो । यसका साथै भोजपुर बजार क्षेत्र तथा चैनपुर बजार क्षेत्रमा दासप्रथा अन्त्यको प्रयास भएको थियो । अझै पनि नेवारी समुदायमा दास थर लेख्नेहरू यस क्षेत्रमा भेटिन्छन् । दासप्रथा विरुद्धको अभियान र चेतनाको लहर अरुण उपत्यका र बाहिरका अन्य क्षेत्रहरूमा पनि व्यापक बन्दै गएपछि बाध्यतावश वि. सं. १९७७ मा सतीप्रथा र वि. सं. १९८१ मा दासप्रथा श्री ३ चन्द्र शमशेरले घोषणामार्फत अन्त्य गरेको देखिन्छ । आधुनिक भारतको इतिहास (२०७५ : १३५), "भारतमा सन् १८२९ मा सतीप्रथा र सन् १८३२ मा दासप्रथा विलियम बेन्टिकले राजा राजमोहन रायको सुझाव अनुसार बन्द गराएका थिए ।"

**आधार ३९** - नेपालको प्रथम सामुदायिक वन अवधारणाका सूत्रधार षडानन्द – जगेडा वन दिङला बजार क्षेत्रमा वि. सं. १९६०-६३ देखि सुरुवात गर्नुभएको थियो । राणाशासनकालमा वि. सं. १९९३ को वन ऐन आएसँगै राज्यभर धमाधम प्राय: व्यक्तिगत जगेडा वन गठन भएको इतिहास देखिन्छ ।

**आधार ४०** - नेपालको प्रथम १००८ प्रजातिका जडिबुटी तथा फलफूलसहितको आयुर्वेदिक उद्यान निर्माणकर्ता अथवा व्यवस्थित जडिबुटी उद्यानका सूत्रधार षडानन्द – आधुनिक समयको प्रथम आयुर्वेदिक उद्यान

दिङ्लामा निर्माण भयो, जुन वि. सं. १९६० – ६३ मा सुरुवात भएको थियो । नरदेवी आयुर्वेदिक उद्यान वि. सं. १९८५-८७ मा निर्माण भएको देखिन्छ ।

**आधार ४१** - अनमोल जडिबुटी तथा वनस्पतिका पारखी र व्यावहारिक प्रयोगकर्ता षडानन्द – नेपाल सरकारको केन्द्रीय वन विभागले वर्तमान समयमा दिङ्लाको गुठी परिसरमा रहेको एक प्रजातिको अशोक नेपालकै १ मात्र अशोक वृक्षका रूपमा अभिलेखीकरण गरेको छ । उक्त शुद्ध प्रजाति मानिएको अशोक वृक्ष पहिले १ वृक्ष देवघाटमा रहेको र हाल त्यहाँ पनि लोप भइसकेको वन विभागको भनाइ छ । भारतका कुनै तीर्थस्थलहरूमा दिङ्लाको अशोक वृक्षको प्रजाति हुन सक्दछ । रामायणमा उल्लेख भएअनुसार सीतालाई रावणले हरण गरी लङ्काको अशोकबाटिका मुनि राखेको अवस्थामा उक्त अशोक वृक्षबाट हनुमानले रामको सुनको औँठी खसाली भगवान् रामको आगमनको जानकारी दिएको देखिन्छ । सायद त्यसैले दिङ्लाको सीताराम मन्दिर उद्यानमा रामभक्त तथा शिवभक्त बालागुरुले अशोक वृक्ष लगाएको अनुमान गर्न सकिन्छ । उक्त प्रजातिको पवित्र अशोक वृक्ष हाल कहाँ-कहाँ पाइन्छ, अनुसन्धानको विषय हुन सक्छ । दिङ्ला उद्यानमा अशोक, सौर, बान्द्रे, मुस्लिडिनी, खयर, रुद्राक्ष लगायतका जडिबुटी थिए भने अझै पनि कतिपय रहेको देखिन्छ ।

**आधार ४२** - शनिबार नेपालमा बिदा दिने चलनका प्रथम सूत्रधार – नेपालमा शनिबार स्थानीय सार्वजनिक किदा दिने चलन प्रथमपटक बालागुरुले शनिबारे हटिया सञ्चालनसँगै गरेको देखिन्छ । पछि उक्त दिङ्लाको चलन अनुकरण गर्दै श्री ३ भीम शमशेरले पनि नेपालभर शनिबार सार्वजनिक विदा दिने चलन सुरुवात गरेको देखिन्छ । श्री ३ भीम शमशेर बालागुरुको भक्त, यज्ञादि गुरु र मन्त्रगुरु पनि थिए भन्ने ग्रन्थहरूमा सङ्केत देखिन्छ ।

पूर्व प्र. म. भीम शमशेर पनि षडानन्दझैँ शनिबार शनिको जप र पूजा गर्न दक्षिणकाली जाने गरेको देखिन्छ । उनीसँगै खटिएर जाने सेनापति, अङ्गरक्षक, उच्च ओहदाका पदाधिकारीहरू समेत दक्षिणकालीबाट पूजा गरी फर्कदा दिनको २-३ बज्ने तथा कार्यालयका कतिपय कामहरू ५ बजेको समयसम्म नबन्ने हुँदा जनतालाई पनि मर्का परेको हुनाले श्री ३ भीम शमशेरले शनिबार बिदा दिने चलन चलाएको देखिन्छ ।

**आधार ४३** - रुद्राक्षको महत्त्व बारेमा जागरणकर्ता षडानन्द – शिवपुराणका अनुसार शिवका आँसुबाट उत्पत्ति भएका २ वृक्षहरू श्लेष्मान्तक (लप्सी) र रुद्राक्ष हुन् । विश्वमा लप्सी पाइने एक मात्र देश नेपाल नै शिवको भूमि तथा रुद्राक्ष उत्पत्ति भूमिसमेत हो । श्लेष्मान्तक अरण्यभन्दा पूर्वतर्फ रुद्राक्ष आरण्य रहेको शिवपुराणमा उल्लेख भएबाट काठमाडौँ उपत्यका र सोभन्दा पूर्व रुद्राक्ष उत्पत्ति स्थान अनुमान गर्न सकिन्छ । धरान पिण्डेश्वर क्षेत्रमा रुद्राक्ष

आरण्य थियो भन्ने देखिन्छ । तसर्थ काठमाडौं उपत्यका, गोसाइकुण्ड, दूधकुण्ड क्षेत्रको तल्लो भाग हलेसी मन्दिर क्षेत्र र सो पूर्वका कौशिकी नदी (सप्तकोशी नदी क्षेत्र अर्थात् गोसाई कुण्डदेखि ताप्लेजुङसम्मका पहाडी) क्षेत्र रुद्राक्षारण्य क्षेत्रका रूपमा देखिन्छ । अर्थात् समुद्रमन्थनका क्रममा जडिबुटीमा रुद्राक्षको पनि प्रयोग भएको र धन्वन्तरीले सुवर्णकुम्भ (अनुमानित कुम्भकर्ण हिमालय क्षेत्र वा सोलुखुम्बुको दूधकुण्डको आसपास क्षेत्रमा) हातमा अमृत घडा लिएर प्रकट भएको प्रसङ्ग भेटिन्छ । गौरीशङ्कर हिमालको (शिव र पार्वतीको बासस्थान हिमाल) तल्लो क्षेत्र पनि रुद्राक्षको उत्पत्ति क्षेत्र अनुमान गर्न सकिन्छ । तर पीएचडी शोधकर्ता सुवास राईले (www.rudraskha-ratna.com) रुद्राक्षारण्य देखि हिमाद्री खण्डको आसपासका नेपाल, आसाम, भुटान तथा बर्मासम्मको पहाडी भूभागहरू नै रुद्राक्षको उत्पत्ति क्षेत्र रहेको अनुमान गरेको देखिन्छ । तथापि नेपालको हिमालय खण्डलाई नै महत्त्व दिनुपर्ने उल्लेख छ ।

जेसुकै भए तापनि नेपालको सामुदायिक वनको इतिहासमा प्रथमपटक रुद्राक्ष रोपण गरी जगेडा वन बनाई देशविदेशसम्म रुद्राक्षको बजार प्रचारप्रसार भएको नेपालको प्रथम सामुदायिक जगेडा (रुद्राक्ष) वन दिङ्लामा स्थापना बालागुरु षडानन्दबाट भएको देखिन्छ ।

**आधार ४४** - दिङलाको पाल्लेघारीको जुहारी नृत्य नेपालको प्रथम अन्तर्राष्ट्रिय ख्याति प्राप्त नृत्य थियो - तत्कालीन समयमा मनोरञ्जनका लागि रेडियो, टीभी, मोबाइल, बजार तथा पार्कहरूसमेत अभाव भएको अवस्थामा, मनोरञ्जन, तीर्थयात्रा वा अध्ययनका लागि सिक्किम, भुटान, बर्मा, तिब्बत सिमाना क्षेत्र तथा भारतका हरिद्वार, केदारनाथ, बनारस लगायत देशभित्रका विभिन्न ठाउँबाट साधु, सन्त, महन्त, व्यापारी, विद्यार्थी, तीर्थयात्री दिङ्लाका रामनवमी, शिवरात्रि तथा बालाचतुर्दशी मेलामा दिङ्लामा पाल्लेघारीको जुहारी नृत्य, गीत र सङ्गीतको मजा लुट्दै मनको शान्ति प्राप्त गरेर फर्कन्थे ।

अर्कोतर्फ सन्त, योगी, साधु, महात्मा तथा अभ्यागतलाई काठमाडौँ पशुपतिनाथको शिवरात्रि मेलामा झैँ कोही गुरुलाई निमन्त्रणादेखि स्वागत तथा सम्मानपूर्वक बिदाइ गर्ने चलन बालागुरुको समयमा थियो । उनीहरू दिङ्लामा आउनुको अर्को उद्देश्य रुद्राक्ष सङ्कलन गरी भारततर्फ लैजाने पनि थियो । पितृहरूको बरखी बारेका कारण पनि शतबीज छर्न देशविदेशबाट पनि दिङ्ला पुग्ने गर्दथे । तसर्थ दिङ्लाको पाल्लेघारीको नृत्य तथा जुहारी प्रथम अन्तर्राष्ट्रिय जुहारी नृत्य बन्न पुगेका थियो । यसबाहेक बालन, सँगिनी, हाक्पारे तथा पूर्वेली भाकाहरूले पनि व्यापक प्रचारप्रसार पाएका थिए । ती पाल्लेघारीका जुहारी नृत्यहरू आवश्यक परे बुहारीसमेत ल्याउन सकिने खालका थिए । फरकफरक शैलीका जुहारी गीत, हाक्पारे, सँगिनी, भजन तथा बालनको निरन्तर संरक्षण

गर्न सकेको भए आज दिङ्ला बजार परिसर, मन्दिर परिसर, जगेडा वन परिसर, पाठशाला आदि विश्व सम्पदासूचीमा (UNESCO को लिस्ट) पर्न सक्ने सम्भावना रहने थियो । ती मनोरञ्जनात्मक, गीत, सङ्गीत र साहित्यहरू आज तहसनहस भइसकेको वा वर्षेनि ओरालो लागिरहेको देखिन्छ ।

**आधार ४५** - 'S-S Model' का प्रतिपादक तथा 'आदर्श समाज विकास' मोडलका प्रतिपादक – षडानन्द S-S Model का प्रतिपादक तथा आदर्श समाज विकास मोडलका प्रतिपादकबाहेक अन्य आधुनिक व्यवस्थापनका सिद्धान्तका सिद्धान्तकार नभए पनि अरुण उपत्यकामा उनले अनगन्ती योगदान गरेका देखिन्छन् । Taylor, Fayol, Max Webber आदि कतिपय सिद्धान्तकार बालागुरुको समयमा जन्मेका थिएनन् भने कतिपय बाल्यकाल बिताउँदै थिए । Unknowingly त्यी आधुनिक सिद्धान्तहरूको व्यावहारिक कार्यान्वयन, प्रयोग र परीक्षण अरुण उपत्यकामा उनीहरूअघि षडानन्दले गरेको देखिन्छ। उक्त कारण नेपालका विभिन्न क्षेत्रमा जागरण तथा पुनर्जागरणको लहर चलेको थियो । दधिराज सुवेदी (२०५२), डा. लक्ष्मण शास्त्री (२०५२), मेघराज शर्मा (२०५२), पं. यज्ञनिधि चापागाईं (१९८४), योगी नरहरिनाथ (२०५२), यादव चापागाईं (२०७२) आदि लेखक महोदयबाट S-S Model शिक्षण विधिका जन्मदाता बालागुरु रहेको र यसको ख्याति बनारस, भुटान, बर्मा, तिब्बत र भारतका विभिन्न ठाउँसम्म पुगेको लिखतले पनि यो प्रमाण दिन्छ । तर S-S Model नामकरण भने यसै अनुसन्धानकर्ताबाट गरिएको हो ।

**आधार ४६** - महिला अधिकार र श्रमजीवी वर्गका मुक्तिदाता षडानन्दबाट संस्थापित सीताराम गुठी थियो – उनले आफ्ना उत्कृष्ट शिष्यहरू, उत्कृष्ट विद्यार्थीहरू, विशेष सहयोगीहरू, उच्च समाजसेवीहरू, दानवीर र मनवीरहरूलाई समेत उनीहरूको योगदानलाई मूर्तिकलाबाट वा शिवलिङ्ग स्थापना गरेर अजर-अमर बनाउने प्रयास भएको छ । उत्कृष्ट र सहयोगी शिष्यहरूको नाममा शिवलिङ्ग स्थापना हुनुले नेपालमा यो प्रथम प्रयोग भएको विश्लेषण गर्न सकिन्छ। शिष्य र सहयोगीहरूको नाममा यज्ञेश्वर, बलभद्रेश्वर, जमानेश्वर, रामेश्वर, जीवेश्वर आदि शिवलिङ्गहरू आजसम्म राधाकृष्ण मन्दिर परिसरमा रहेका छन्। शिष्य होस् वा अन्य व्यक्तित्व होस्, योग्य व्यक्तिको कदर गर्न सक्नुपर्छ भन्ने सन्देश अभिलेखीकरण गर्न सक्नु बालागुरुको एक महान् र अनुकरणीय कार्य थियो। साथै महिलालाई सतीप्रथामा मृत्युको मुखबाट बचाउने तथा मजदुर वर्गलाई दासदासीको नरकबाट उकास्ने कार्य भएको हुनाले षडानन्द जयन्तीलाई मुक्तिदिवसका रूपमा पनि मनाउनु मनासिब हुनेछ ।

**आधार ४७** - तत्कालीन विश्वको विशिष्ट साधुबाट सञ्चालित प्रथम पाठशाला हो षडानन्द पाठशाला – सन् १९४५ तिर विश्वका ५०० जना

उत्कृष्ट शङ्कराचार्य, गुरुमहाराज, स्वामी, साधु तथा सन्तहरूको सूचीमा नेपालबाट श्री १०८ बालागुरु षडानन्द देखिन्छन् भने अर्को सन्त स्वर्गद्वारी महाप्रभु (वि. सं. १९४२ मा दीक्षित) रहेको विषय भारतको गीताप्रेस, गोरखपुरको कल्याण पत्रिकाको सन्त विशेषाङ्क उल्लेख भएको दधिराज सुवेदीले (२०५२) स्मृतिग्रन्थमा उल्लेख गर्नुभएको छ । स्मरण गरौँ : त्यस समयमा स्वर्गद्वारीमा गुरुकुल थिएन । पुण्यभूमि स्वर्गद्वारी (२०७१) का अनुसार स्वर्गद्वारीको हाल प्यूठानमा २६०० रोपनी र दाङमा १०५० जग्गा गुठीको नाममा छ । स्वर्गद्वारी वेदव्यासले ठूला-ठूला यज्ञहरू लगाएको, पञ्चपाण्डवले यज्ञ र तपस्या गरेर स्वर्ग प्रस्थान गरेको, सत्ययुगमा प्रजापति ब्रह्माले ठूलो यज्ञ गरी शक्ति सञ्चय गरी सृष्टि गरेको यज्ञभूमिका रूपमा विख्यात छ ।

**आधार ४८** - तत्कालीन मानव अधिकार हनन, बाल अधिकार हनन, महिला हिंसा, श्रमिक अधिकार हनन र छुवाछुत वा भेदभावविरुद्ध सचेतना फैलाउने काम पाठशाला र बालागुरु स्वयम्बाट भएको – मानव अधिकारको सुरुवात सन् १९४८ डिसेम्बर १० को UNO घोषणापत्रबाट भए तापनि यी अधिकारहरू हजारौँ वर्षअघि लेखिएका हिन्दू धर्म वा सनातन धर्मका ग्रन्थहरू वेद, पुराण, उपनिषद्, गीता, रामायण, नीतिवचन आदिबाद सङ्कलित छायाप्रति वा फोटोकपी मात्र हुन् भन्ने बुझ्नु र बुझाउनु जरुरी छ । पूर्वीय धर्म-संस्कृतिमाथि प्रहार गर्ने पश्चिमेली जगतको गतिलो हतियार मात्र मानव अधिकार हो भन्ने यदाकदा विश्लेषण पनि भएका छन् । हाम्रा ग्रन्थमा यस घोषणापत्रमा भन्दा हजारौँ गुणा बढी अधिकार बालक, महिला र दलितलाई प्रदान गरेको तथा पशुपन्छी हिंसासमेत गर्नु हुँदैन भनी उल्लेख भएको देखिन्छ । जगद्गुरु, सन्तहरू, साधुहरू, स्वामीहरू, गाउँघरका धुरन्धर विद्वान् पण्डितहरूले पूजापाठ गर्दा वा पुराणहरू वाचन गर्दा योभन्दा १०० औँ गुणा बढी हाम्रा साझा अधिकार र कर्तव्यहरूको व्याख्या तथा विश्लेषण आज पनि गरिरहेका छन् भन्ने हामीले बुझ्न र बुझाउन सकेका छैनौँ । मानवअ धिकार घोषणापत्र आफैमा अपूर्ण महसुस हुन्छ तथा विरोधाभासपूर्ण पनि देखिन्छ तथापि कानुनी रूपमा मान्नुपर्ने बाध्यतात्मक अवस्था रहेको छ ।

बालागुरुभन्दा अघि पनि मानव अधिकारको प्रयोग धर्मसुधारक तथा सन्तहरूले व्यापक र व्यावहारिक रूपमा गरेको देखिन्छ । नेपालमा मानव अधिकारकर्मी र समाजसुधारका रूपमा प्रत्यक्ष वा अप्रत्यक्ष जयपृथ्वीबहादुर सिंह, स्वर्गद्वारी महाप्रभु, लामागुरुहरू, किरात गुरुहरू, योगमाया न्यौपाने, फाल्गुनन्द, योगी नरहरिनाथ, जगतगुरु मोहनशरण आदि जस्ता राष्ट्रिय निधिहरू रहेको देखिन्छ । धर्मभित्रै मानव अधिकार छिपेको हुन्छ । आआफ्नो धर्म र कर्म सही तरिकाले व्यवहारमा उतार्नुहोस्, त्यति बेला मात्र प्राप्त हुन्छ असली मानव

अधिकार, असली पशु अधिकार र असली अन्य अधिकार । नपत्याए सप्ताह पुराण, बौद्ध ग्रन्थ, मुन्धुम आदि पढ्नुहोस् । असभ्यता र सभ्यता के हो, थाहा पाइनेछ । षडानन्दको मानवअधिकारको वकालत समयक्रम उल्लिखित राष्ट्रिय निधिभन्दा पनि अगाडि देखिन्छ ।

**आधार ४९** - नेपालको उच्च ओहदाका प्रशासक, शासक, साहित्यकार, राजनीतिकर्मी, समाजसेवी र कर्मचारीहरू उत्पादन गर्ने प्रथम पाठशालाका संस्थापकका रूपमा – श्री ५ राजपरिवार र श्री ३ राणा परिवारबाहेकका नेपाल सरकार र नेपाली समाजका उल्लिखित जनशक्तिहरू उत्पादन गर्ने पाठशालाका संस्थापक प्राचार्य देखिनुहुन्छ। त्यति बेला नेपालबाहिर बनारस, काश्मिर, पटना, कलकत्ता आदि स्थानमा गई नेपाल फर्किएपछि मात्र उच्च ओहदाको कर्मचारी बन्न सक्ने चलन थियो । वि. सं. १९६२ पछि मात्र ४ पासे, ६ पासे, ११ पासे आदि श्रेस्ता पाठशाला व्यवस्थापन गरी कर्मचारी उत्पादन हुन थाल्यो । वि. सं. २०२०-२०२५ अगाडि नेपाल सरकारका ३०-३५% वा सोभन्दा बढी उच्च ओहदाका कर्मचारीहरू षडानन्द पाठशालाबाटै उत्पादित शिष्यहरू देखिन्छन् ।

**आधार ५०** - नेपालमा बालन खेल्ने चलन व्यावहारिक सुरुवात गर्ने प्रथम श्रेय बालागुरु षडानन्दलाई नै जान्छ - वाल्मीकि रामायणसँगै (५–६ वटा रामायण छन्, हिमवत्खण्डको) बालन (बालुन) नृत्य प्रचलनमा आए तापनि नेपालमा पछिल्लो चरणमा नखेलिएको र प्रथमपटक नेपालमा खेलाउने चलन षडानन्दबाटै भएको नवराज जमरकट्टेलले (२०७६) बालुन भजनसङ्ग्रह ग्रन्थमा उल्लेख गरेको देखिन्छ । आफू दिङला आई यसको पहिलोपटक स्वाद र अनुभव चाखेको उल्लेख गर्दै आसामको गुहाटी क्षेत्रका साहित्यकार लीलबहादुर क्षत्रीको स्वीकारोक्तिमा पनि बालागुरु षडानन्द नै हो भनी उल्लेख गरेको देखिन्छ । साथै दिङ्लाबाटै सिक्किम, दार्जिलिङ, आसाम, भुटान, बर्मा तथा भारतका पूर्वी भागहरूमा बालन खेल्ने चलन आएको पनि उल्लेख गरेको भेटिन्छ । अर्कोतर्फ श्रीकृष्ण बाललीलाबाट पनि बालन खेल्ने चलन विकास भएको ग्रन्थहरूमा उल्लेख देखिन्छ ।

**आधार ५१** - बालाचतुर्दशीमा मेला मनाउने र शतबीज छर्ने चलन – नेवारी कथाहरूमा उल्लेख भएको तथा राजा वृषदेवको समयदेखि काठमाडौँ पशुपतिनाथ मन्दिर परिसरमा मात्र बालाचतुर्दशी मेला मनाउने र शतबीज छर्ने चलन थियो । तर पण्डित कृष्णप्रसाद गुरागाईंका अनुसार उक्त चलन पछिल्लो समयमा केही अव्यवस्थित र सीमित हुँदै महत्त्व घट्दै गएको थियो । बालागुरुको सल्लाहबमोजिम सरकारबाटै पुनः व्यवस्थित रूपले सञ्चालन भएको र हालसम्म निरन्तरता पाएको देखिन्छ । त्यति बेला किन अव्यवस्थित भएको थियो भनी अझ अनुसन्धान गर्नु आवश्यक देखिन्छ ।

पशुपतिनाथको शतबीजको स्वाद अरुण उपत्यकामा चखाउन वि. सं. १९३३ को बालाचतुर्दशीदेखि दिङ्लामा शतबीज पर्व सुरुवात भएको र स्प्रिया तीर्थको फेदी त्रिवेणीधाममा शतबीजको चलन षडानन्दले चलाएको देखिन्छ । यो चलन हलेसी (हिन्दू, बौद्ध, जैन र किरातको पवित्र स्थान), सिद्धकाली आदिमा विस्तार भएको देखिन्छ । तसर्थ बालागुरु धार्मिक सहिष्णुता र सामाजिक सद्भावका प्रतिमूर्ति देखिन्छन् । डा. मातृका तिम्सिना (२०६८) का अनुसार दिङ्लाको बालाचतुर्दशीको शतबीज मेलाको अनुकरण चैनपुरको सिद्धकाली, अरुणनदी सभा दोभान, भोजपुर सिद्धकाली, खोटाङको हलेसी लगायत पूर्वी नेपालका शिवालय तथा शक्तिपीठमा समेत विस्तार भएको देखिन्छ ।

**आधार ५२** - खानेपानी वितरणमा स्थानीय तेलिया इँटाको पाइप जडान गर्ने प्रथम मौलिक प्रविधि प्रयोग – स्थानीय प्रविधिको प्रयोग गरी १२-१३ प्रकारका तेलिया इँटा, तेलिया इँटाका खानेपानीका पाइपहरू, ३-४ प्रकारका टायल तथा झिँगटीहरू, स्थानीय इँटा जोड्ने लेपन प्रविधिहरू आदिको नेपालमा प्रथम मौलिक प्रयोगहरू षडानन्दले गरेको देखिन्छ । वि. सं. १२०० मा दाची आप्पा र मा आप्पाले भक्तपुरबाट नेपालमा सुरुवात गरेको तेलिया इँटा प्रविधिमा दिङ्लाको स्थानीय मौलिक प्रविधिसमेत घुलन गराई छुट्टै मौलिक प्रविधिमा निर्माण भएको देखिन्छ । ७-८ प्रकारका षडानन्द औँठीछाप इँटा, कुनैमा देवीका छाप इँटा तथा कुनैमा देवताका छापवाला इँटाहरू अद्यावधि रहेका छन् । तेलिया इँटाका खानेपानी पाइपहरू २–२ १/२ फिटका छन् । उकालोमा पनि आजको प्लास्टिकका पाइपमा जस्तै सजिलै पानी चढ्दथ्यो । उक्त इँटा, टायल, झिँगटी र इँटाका पाइप पुरानो छात्रावासको कोठामा संरक्षण गरेर राखिएको देखिन्छ ।

**आधार ५३** - यज्ञादिमा यमराजको भाग दानको स्वीकार गरी अन्त्यको प्रयास षडानन्दले गरेको देखिन्छ – पैयापानीका पहलमान कार्कीको घरमा पुराणसँगैको धान्याञ्चल पर्वमा तुलादान गर्दा दिएको भेडा, राँगो, फलाम, नुन आदि देहप्रमाण बराबरको दानहरू तत्कालीन धुरन्धर विद्वान् वैयाकरण केशरीले पनि लिन नमानेपछि बालागुरुले स्वाभाविक रूपमा स्वीकार गरी लिएको प्रसङ्ग प्राज्ञ ज्ञानमणि नेपालले स्मृति ग्रन्थमा (२०५२) उल्लेख देखिन्छ । “मेरा खाने कोही छैनन्, महादेव-देवीले खान्छन् भनी लिएँ र दिएँ ।” यसको तात्पर्य हो कि तत्कालीन पूर्वाञ्चलकै ख्यातिप्राप्त धुरन्धर विद्वान् वैयाकरण केशरीले समेत लिन नमान्दा बालागुरु षडानन्दले लिनुबाट नेपालमा लिने चलन थिएन होला भनी बलियो प्रमाण पनि पेश गर्न सकिन्छ । त्यसपछि अरुण उपत्यकामा भेडा र राँगो दान दिने चलन हटेर गएको देखिन्छ ।

**आधार ५४** - नेपालमा विविध समाजसुधारहरू – धारामाथि रोपिने तुलसी घरमा ल्याई रोप्ने चलन, शनिबार पीपलको पूजा गर्ने चलन तथा

शनिबार शनिको विशेष पूजा गर्ने चलन व्यापक प्रचारप्रसार भएका थिए । श्राद्धमा मासु वर्जित गर्ने चलन, दिङ्लाका अधिकारी र गौतमहरूको देवालीमा बोका काट्ने चलन न्यूनीकरण अथवा अन्त्य नै गरेको देखिन्छ । दिङ्ला तथा चैनपुरका गौतमहरू आजसम्म पनि कोही शास्त्रीय विधिले रुद्री, अतिरुद्री आदि पाठ गरेर त कोही बोका बलि चढाएर देवाली पूजा गर्दछन् । कमेरो माटोले घर लिप्ने चलन, सतीप्रथा अन्त्यको प्रयास, दासप्रथा अन्त्यको प्रयास आदि । दासप्रथा अन्त्य गर्ने प्रयास अरुण उपत्यकामा प्रथमपटक षडानन्दले गरेका थियो भन्ने श्रुति छ र पुस्तकहरूमा पनि पढ्न पाइन्छ । दलितहरूको घरमा पनि तुलसी रोपण गरी नित्यपूजा गर्ने चलन चलाएको देखिन्छ । यसअघि दलितले तुलसीको पूजा गर्दैनथे कि भन्ने अनुमान पनि गर्न सकिन्छ ।

प्रश्न उठ्न सक्छ, तुलसीको महत्त्व त्रेतायुगमा राजा जनकको समयतिरै मिथिला संस्कृतिमा पनि थियो । बलिप्रथा मात्र होइन, नरबलिप्रथा पनि गुप्त रूपले नेपालभर प्रयोगमा थिए रे । घर लिप्ने माटोको प्रकारका प्रयोगको व्यापक महत्त्व पनि तराईको थारु संस्कृतिमा थियो । शनिको पूजा र पीपलको पूजा पनि शनिबार हुन्थ्यो । देवालीमा बोकाको बलिप्रथा वर्जित त्यत्तिकै महत्त्वपूर्ण कार्य हो । बालागुरुले त्यसको महत्त्व बुझेर अन्य क्षेत्र र संस्कृतिबाट अनुकरण गरेकै भए तापनि अरुण उपत्यकामा व्यापक प्रचारप्रसार गर्नुभएको थियो भन्न सकिन्छ। दोस्रो कोणबाट विश्लेषण गर्दा वि. सं. २००७ सम्म नेपालको साक्षरता २% भन्दा कम थियो । नेपालमा प्रेस थिएन । किताबमा लेखिएन । जस्तै तुलसी र माटोको प्रयोग तथा महत्त्व इशापूर्व १२०० अघिको मिथिला संस्कृतिमा नै देखिन्छ । बालागुरुले त्यस्ता विषयहरूमा गरेको व्याख्या, विश्लेषण, प्रवचन र महत्त्वपूर्ण सल्लाहको प्रभावसँगै जनताले त्यसको धार्मिक, सांस्कृतिक, वैज्ञानिक आदि महत्त्व बुझे, विश्वास गरे र व्यापक प्रचारप्रसार हुन पुग्यो । तसर्थ ती कार्यको श्रेय बालागुरु षडानन्दलाई दिएको हो भन्ने विश्लेषण गर्न सकिन्छ ।

**आधार ५५** - अरुण उपत्यकाको प्रत्यक्ष प्रथम गुरुकुल पाठशाला थियो – नेपाली जनताले, विशेषतः अरुण उपत्यकाका बासिन्दाले प्रथमपटक गुरुकुल पाठशाला कस्तो हुन्छ, शिक्षक कस्ता हुन्छन्, विद्यार्थी कसरी पढ्छन्, परीक्षा कसरी दिन्छन्, पुस्तकालय के हो, छात्रावास के हो आदि शिक्षासम्बन्धी कुराहरू प्रत्यक्ष रूपमा दिङ्लाको पाठशालामा गई आँखैले देख्ने मौका पाए । त्यति बेला आजको जस्तो राष्ट्रिय स्तरमा पनि टीभी र इन्टरनेट थिएन, सामाजिक सञ्जालहरू थिएनन् र रेडियोसमेत थिएन । नेपालमा लगभग शैक्षिक गतिविधि शून्य बराबरै थियो ।

**आधार ५६** - गीत, सङ्गीत, साहित्य, मेला, पर्व जात्रा, र धर्म संस्कृतिसहित फस्टाउने प्रथम प्लेटफर्म (the first plateform) को रूपरेखा

निर्माण गरी सुनौलो अवसर प्रदान गरेको देखिन्छ – तत्कालीन समयमा धर्म, कला, संस्कृति, गीत, नृत्य, हाक्पारे, सेलो, जुहारी, दोहोरी, असारे गीत, बालन, सँगिनी, भजन, मारुनी, जाँतो पिस्दा गाइने सँगिनी, पँधेरो जाँदा गाइने सँगिनी, दाइँ गर्दा गाइने दाइँखलियो गीत, धान बत्ताउँदा गाइने गीत र नृत्य प्रस्तुति, झाँकी प्रस्तुति, जातीय पहिरनको प्रस्तुति आदि पक्षहरू अरुण उपत्यकामा प्रथमपटक उजागर गर्ने बृहत् प्लेटफर्म दिङ्ला बजार क्षेत्र बन्न पुगेको थियो । हटियासँगै कतिपय पर्व, मेला, चौमासा पुराण, लाखेजात्रा, रथयात्रा आदि सुरुवात भई फस्टाउन थाले । समग्र राष्ट्रभर रहेका विविध कला, संस्कृति, गीत-सङ्गीत मौलाउने यति धेरै अवसर प्रदान गर्ने नेपालकै प्रथम प्लेटफर्म थियो दिङ्ला । नत्र कतिपय जातीय, भाषिक, धार्मिक र सांस्कृतिक मौलिक सम्पदाहरू आजसम्ममा नेपालबाटै लोप भइसक्ने थिए होलान् ?

**आधार ५७** - पहाडी क्षेत्रको प्रथम तथा लामो मोटरेबल कच्ची सडक निर्माण – नेपालको इतिहासमा १५० वर्ष अघि उपत्यका बाहिरको तथा पहाडी क्षेत्रमा जनसहभागिता र गुठीद्वारा निर्माण भएको प्रथम लामो (४ कि. मि.) मोटरेबल कच्ची सडक दिङ्ला बजारबाट गढीगाउँ बिदाइ चौतारासम्म निर्माण भएको सडक भन्न सकिने अवस्था देखिन्छ । तर यो नेपाल सरकारले निर्माण गरेबाहेकको कच्ची सडक थियो । नेपालमै मोटर चलेको थिएन भने दिङ्लामा त चल्नै कुरै रहेन । यस विषयमा थप अध्ययन गर्नु जरुरी छ । इतिहास हेर्दा वि. सं. २००७ मा सिल्भाँ लेभी नेपाल आउँदा कलङ्कीदेखि दरबारसम्म पनि कच्ची धुलेसडक रहेको उल्लेख छ भने अन्य पहाडि भागको त के कुरा !

**आधार ५८** - वि. सं. १९६६ को धर्मपत्रिका र वि. सं. १९६६ को शिलापत्रमा उल्लेख विधान नेपालको विद्यालय तह र गुठीको संयुक्त जेठो विधान थियो – गायत्रीकुमार चापागाईं (२०५२ : १५५, दोस्रो संस्करण) का अनुसार राणाकालीन स्थितिमा अन्य सङ्घसंस्थाहरू बन्न सकेका थिएनन् । बनेका सङ्घ-संस्थाहरू पनि धार्मिक मन्दिर, विद्यालय र गुठीका लागि बनेको बहुआयामिक विधान हुनाले यो नेपालको बहुआयामिक जेठो विधान हुन सक्दछ । उक्त विषयमा विश्लेषण गर्दा यो विधान दुई शैलीमा राखिएको तथा १ दिनको अन्तरमा राखिएको देखिन्छ । सरकारले विधान राखे पनि सायद शिलालेखमा विधान पनि राखेको थियो वा थिएन ? षडानन्द पाठशाला विधान तथा गुठी सम्बन्धी दुवैलाई विधान राखेको आधारमा पनि यो पाठशाला तथा गुठी विधान नेपालको जेठो विधान देखिन्छ । जनस्तरमा पनि राखिएको हुनाले संस्थागत जेठो विधान देखिन्छ । विधानको अनौठो पक्ष झन्डै ५० फिट लामो नेपाली कागजमा लेखिएको छ । साक्षीहरू पनि ३१ जना तत्कालीन स्थानीय सरकारका प्रतिनिधिहरू सरहका देखिन्छन् ।

विद्यालय तहमा पक्कै पनि यति लामो विधान कुनै विद्यालयको थिएन भन्न सकिन्छ । विद्यालय तहमा वि. सं. २०६६ मा एसएसआरपी लागू भएपछि बल्ल एसआईपी भन्ने विधान सरहको कागजात बन्न थालेको छ, त्यो पनि १ वर्षका लागि र बढीमा ५ वर्षका लागि । वि. सं. १९६६ देखि २०८० सम्म ११५ वर्षजति यो विधान चलिसकेको छ, जुन बहुआयामिक विधानले पाठशाला चल्यो, मन्दिर चले, मेला चले, पर्व चले, जात्रा चले, वित्तीय प्रणाली चल्यो, पार्क चले, उद्यान चले, जगेडा वन चलायो, गौचरन चलायो, गुठी चलायो आदि । यस्तो लामो समयसम्म चल्न सक्ने र यति धेरै बहुआयामिक विधान बनाउने षडानन्द महापुरुष नै रहेको देखिन्छ ।

**आधार ५९** - पहाडी क्षेत्रको र विद्यालयको इतिहासमा प्रथम माछा पालनकर्ता, कुण्डहरूका परिकल्पनाकार षडानन्द – तत्कालीन समयमा गौरीकुण्डमा पालिएका aquarium का जस्तै राता माछाहरू नेपालको पहाडी क्षेत्रको इतिहासमा उपत्यकाका दरबारका पोखरी र कुण्डहरूबाहेक प्रथम प्रयोग हुने देखिन्छ । सायद उपत्यका र दरबारका पोखरीमा पनि aquarium का जस्तै राता माछाहरू पालिएको थियो वा थिएन ? कुण्डहरूको निर्माण धार्मिक उद्देश्यसँग सम्बन्धित थियो तथापि पछिल्लो चरणमा धार्मिक उद्देश्य समाप्त भएकाले २ मा. वि. का विद्यार्थीले तथा बजार आसपासका केटाकेटीहरूले Swimming pool जस्तै प्रयोग गरे । पुनः आज यी पवित्र कुण्डहरूमध्ये पार्वती कुण्ड धार्मिक प्रयोगमा देखिन्छ, अरू कुण्डको लगभग नामनिसान देखिँदैन । वर्तमान इराकको बेबिलोनको झुल्ने बगैँचा पोखरीको अवधारणामा उच्च ठाउँमा बजार डिजाइन गरिएको तथा तल्लो सतहमा कुण्डहरू निर्माण भएका थिए, जसलाई वृक्ष, वाटिका र लताकुञ्जको नागबेली आकर्षण थपी मन्त्रमुग्ध बनाउँथ्यो । hanging garden लाई विश्वको सातौँ आश्चर्य मानिएजस्तै षडानन्दले पवित्र कुण्डको पनि आश्चर्यजनक रूपमा कुशल व्यवस्थापन गरेको देखिन्छ । गिर्दाहरूमा लतिका र फूलहरूले प्राकृतिक छटाले सजिसजावट देख्दा कसको मन बहलिएन होला वा कसलाई स्वर्गको टुक्राझैँ लागेन होला ?

**आधार ६०** - 'विद्या हराए कि काशी जानू, कि दिङ्ला जानू' उखानका संवाहक षडानन्द – तिब्बती लामाहरूसमेत दिङ्ला गई दुईपटक अवलोकन गरेको तथा गुरुसँग शास्त्रार्थमा भाग लिएको यो नेपालको तत्कालीन प्रथम औपचारिक पाठशाला थियो । त्यस बेला 'विद्या हराए कि काशी जानू, कि दिङ्ला जानू' भन्ने उखान चलेको पाइन्छ ।

**आधार ६१** - फजुल खर्च नियन्त्रण गर्ने षडानन्द – तत्कालीन समयमा दिङ्लाको नारदेचौरमा वि. सं. १९५५ मा गराएको १०८ वटुकहरूको सामूहिक व्रतबन्ध नेपालको इतिहासमा प्रथम प्रयोग हुन पनि सक्दछ । उक्त प्रयोगबाट

फजुल खर्च नियन्त्रण गर्ने, गरिब र धनीबीचको खाडल कम गरी बराबरी सहभागिता जनाउन सुरुवात भएको थियो । बचत भएको रकम गरिब-दुःखीका लागि गुठीमार्फत समाजसेवामा लगाउन उत्प्रेरित गरेको पनि देखिन्छ ।

**आधार ६२** - Swimming pool सहितको पहिलो पाठशालाका परिकल्पनाकार षडानन्द – षडानन्द सीताराम गुठी र षडानन्द पाठशाला Swimming pool सहितको नेपालको पहिलो पाठशाला हो भन्न सकिन्छ । कुण्डहरू आजकलका Swimming pool जस्तै दूरदर्शी शैलीमा व्यवस्थापन गरेको देखिन्छ । कुण्डहरूलाई पर्वहरूमा स्नानका लागि प्रयोग गरिन्थ्यो । छात्रहरूले पनि पर्वहरूमा स्नान गरेको देखिन्छ । पर्वहरूबाहेक अन्य समयमा सर्वसाधारणलाई खुला नगरिएको अवस्था मात्र हो । खुला गरिएको भए जोकोहीले स्नान गर्ने, कपडा धुने र पौडी खेल्ने भएकाले तीर्थकुण्डको महत्त्व घटेर भैँसीको आहालका रूपमा परिणत हुने थियो । विद्यालयीय अवधारणामा यो Swimming pool हो भने शास्त्रीय दृष्टिकोणमा पवित्र कुण्डहरू मानिएका थिए ।

सहरीकरणको दृष्टिकोणमा यी कुण्ड आपतकालीन अवस्थामा लुगा धुन, स्नान गर्न, पिउन, पशुलाई खानेपानी दिन पनि निर्माण भएका देखिन्छन् । पहाडी क्षेत्रका सहर बजारमा कुण्ड, पोखरी वा आहाल नै भए पनि राख्ने चलन थियो । जस्तै खाँदबारी बजारको बीचमा पनि पोखरी थियो । भोजपुर बजारमा पनि पोखरी भएको पोखरिया वा पोखरे भन्ने स्थान छ । विराटनगरमा पनि पोखरिया ठाउँ र पोखरिया विद्यालय छ । कास्कीमा फेवा, रूपा जस्ता विशाल पोखरीहरू भएकाले पोखरा भनेको पनि हुन सक्दछ ।

**आधार ६३** - छात्रावास व्यवस्थापन जनसहभागिता नीतिमा बनेको नेपालको प्रथम पाठशाला थियो । व्यक्तिगत घर, कटेरा र टहराहरू पनि छात्रावासका रूपमा व्यवस्थापन गराउने नेपालको प्रथम विद्यालय हो । २ अधिकारीहरू र २ चापागाईंहरूले विद्यार्थी छात्रावास भवन तथा गुरु छात्रावास भवन निर्माण गराएको देखिन्छ । छात्रावासमा नअटाउने विद्यार्थीलाई स्थानीय जनताका घर, कटेरा वा टहरामा राखेर पढ्नका लागि बन्दोबस्तको चाँजोपाँजो मिलाउन उपदेश वा निर्देशनहरू दिएको देखिन्छ । भिक्षाटन पर्वका दिनहरू पनि तोकिदिएको देखिन्छ । पाठशाला स्थापनासँगै भिक्षाटन सहजीकरणका लागि पनि साप्ताहिक शनिबारे हटिया सुरुवात गराएको देखिन्छ । हटियाको दिन हटियामा गई वि. सं. २०४० को दशकसम्म छात्रहरूले भिक्षा लिने गर्दथे । विद्यालय भिक्षुक घरमा आएमा सकेसम्म १ मानाभन्दा कम अन्न भिक्षा नदिनु भन्ने गुरुवाणी देखिन्छ । यसरी प्रेमपूर्वक छात्रावास व्यवस्थापन गरेको देखिन्छ ।

उल्लिखितबाहेक पनि बालागुरुलाई निम्न रूपमा पनि विश्लेषण गर्न सकिन्छ :

- सामुदायिक वा जगेडा वन संरक्षणका प्रथम प्रणेता वा पर्यावरणवादी विभूति
- S-S model र ISDM का प्रतिपादक
- महिला हिंसाविरुद्ध र श्रमजीवी मजदुरका (दासहरूका) प्रथम मुक्तिदाता
- आध्यात्मिक र भौतिक दर्शनका वरिष्ठ ज्ञाता
- व्यवस्थित सहरीकरणका अवधारणाकर्ता
- विकासका पूर्वाधारका अग्रज अभियन्ता
- तत्कालीन सद्गुरु, सिद्धपुरुष र महामानव
- समाजसुधारक तथा न्यायमूर्ति
- नेपालको नागरिक शिक्षाका प्रथम प्रणेता
- मोदनाथ प्रश्रित (२०७३ : २९३) का अनुसार इतिहासका विराट् व्यक्तित्व र महान् ध्येयकर्ता
- आधुनिक अरुण उपत्यकाका अग्रज दार्शनिक आदि ।

●

# खण्ड नौ
# बालागुरु षडानन्दको स्मृति, सम्मान र प्रतिष्ठान

## स्मृतिजयन्ती, स्मारक र प्रतिष्ठान सम्बन्धमा :
### सीताराम षडानन्द गुठी :

वि. सं. १९६० मा स्थापना भएको सीताराम गुठीको नाम वि. सं. २०५० देखि सीताराम षडानन्द गुठी बनाइएको छ। यस गुठीको अग्रतामा बालागुरुको मृत्युपश्चात् दिङ्लामा षडानन्द जन्मजयन्ती मनाउँदै आइरहेको देखिन्छ ।

साहित्यकार तथा पूर्वशिक्षक गायत्रीकुमार चापागाईं (२०७५ : ११२) का अनुसार वि. सं. २०४१ वैशाख २० गते सीताराम गुठीका अध्यक्ष तत्कालीन प्रमुख जिल्ला अधिकारी मदन अर्यालको अध्यक्षतामा बसेको बैठकको निर्णय अनुसार गुठीका सचिव विष्णु बस्नेतले सिङ्गमर्मरको सालिक निर्माण गराएको देखिन्छ । वि. सं. २०४६ वैशाख २६ गते बृहत् समारोहबीच नेपाल गुठी संस्थानका अध्यक्ष बद्रीविक्रम थापाबाट षडानन्दको सालिक उद्घाटन भएको थियो । उक्त प्रयोजनका लागि वैशाख २२ देखि २६ गतेसम्म महारुद्रीको आयोजना गरी ब्राह्मणद्वारा रुद्राभिषेकसाथ अनावरण गर्दा सालिकको दर्शन गर्ने प्रथम व्यक्तित्व षडानन्द गुरुबाटै मन्त्रदान लिएका शिष्य सत्यनारायण अधिकारी थिए । गुरुलाई प्रत्यक्ष देख्नेहरू सत्यनारायण अधिकारी, अग्निधर सुवेदी र बलबहादुर राईले महोत्सवमा संस्मरण सुनाएका थिए ।

चापागाईंका अनुसार सो समारोहमा तत्कालीन लत्ताकपडा सहायक मन्त्री धर्मबहादुर गुरुङ र रा. प. स. मुकुन्दबहादुर बस्नेतको पनि उपस्थिति थियो । स्वागत मन्तव्य षडानन्द मा. वि. का प्र. अ. तीर्थ न्यौपानेले गर्नुभएको थियो । अरुण मा. वि. का प्र. अ. गुरुप्रसाद राई, शिक्षिका जयालक्ष्मी राई, शिक्षक रवीन्द्र अधिकारी र विद्यालय परिवारबाट स्वागत गीत गाइएको थियो । समारोहको अध्यक्षता गोपाल अधिकारीबाट भएको थियो । तत्कालीन गुठी समितिका केन्द्रीय अध्यक्ष बद्रीविक्रम थापा तथा सनातन धर्म सेवा समितिका अध्यक्ष खेमराज केशवशरणबाट २०३८।९।८ मा सालिक स्थापनाको परिकल्पना भएको थियो । सालिक राख्ने स्थान र डिजाइन अरुण मा. वि. का तत्कालीन प्र. अ. गुरुप्रसाद राईबाट भएको थियो । उद्घाटन समारोहमा रातिको समयका लागि जेनेरेटर सहयोग साङराङका ज्ञानेन्द्र राईबाट भएको थियो ।

प्रत्येक वर्ष लगातार मनाइँदै आएको जन्मजयन्ती दिङ्लामा वि. सं. २०६० को दशक सुरुतिरैबाट रोकिएको थियो । तर पनि वि. सं. १९६९ बाट तत्कालीन अरुण मा. वि. का प्र. अ. रवीन्द्र अधिकारी, शिक्षक सुदीप अधिकारी,

पं. तोयानाथ गौतम, षडानन्द मा. वि. का प्र. अ. गोपालप्रसाद तिम्सिनाले सरसल्लाहपश्चात् अन्य विद्यालय, दिङ्ला बजारस्थित कार्यालय, सङ्घ-संस्थासँग र गुठीसँग षडानन्द जन्मजयन्ती मनाउन समन्वय गर्दै मौखिक निर्णयपछि षडानन्द सीताराम गुठीको औपचारिक अनुरोधसँगै रोनकता थपिई पुनः सुरु भएको थियो । गुठी, अरुण मा. वि., षडानन्द मा. वि., न्यू समिट बोर्डिङ, सनराइज बोर्डिङ, अन्य विद्यालय, सरकारी र प्राइभेट अफिस, आमा समूह, भजन समूह, शुभचिन्तक र सरोकारवालाहरू संलग्न भई पुनः भव्यताका साथ जन्मजयन्ती सञ्चालन गरियो । उक्त कार्यलाई निरन्तरता दिँदै विगतका १५-१६ गा. वि. स. मिली बनेको षडानन्द नगरपालिकाले आफ्नो क्षेत्रभित्र स्थानीय बिदा दिई षडानन्द जन्मजयन्ती भव्यरूपले मनाउन थालिएको छ ।

**षडानन्द स्मृति सेवा समाज, दिङ्ला गढीगाउँ :**

दिङ्ला गढीगाउँमा षडानन्द स्मृति समाज गुरु षडानन्दको जन्मघडेरीमा स्थापना गर्ने उद्देश्यले वि. सं. २०५१ देखि देउसी भैलो कार्यक्रम र चन्दा सङ्कलन गर्दै वि. सं. २०५३ मा विधिवत् रूपले दर्ता गरी स्थापना गरिएको र तत्कालीन समितिमा अध्यक्ष गोपाल अधिकारी र सचिव राजेन्द्रकुमार पौडेल रहेको देखिन्छ । कृष्णप्रसाद पौडेल (प्रकाश), विष्णुबहादुर बस्नेत, घनश्याम पौडेल, चक्रबहादुर बस्नेत, उपेन्द्रबहादुर बस्नेत, केशवप्रसाद गुरागाईं, रुद्र मगर, डोरनाथ गुरागाईं लगायत स्थानीय बुद्धिजीवीहरूको अमूल्य प्रयासमा भक्तिमाहात्म्य पुराण लगाई जन्मेको घरघडेरीमा सरस्वतीको मन्दिर स्थापना गरिएको छ । चन्दा तथा सांसदकोषको लगानीमा भवनसमेत निर्माण गरिएको छ । यसले प्रत्येक वर्ष षडानन्द जन्मोत्सव मनाउने, तिहारको समयमा देउसी-भैलो कार्यक्रम, भजन, बालन, गीत, सङ्गीत, नाटक, प्रहसन आदि माध्यमबाट सामाजिक सुधार, धार्मिक संस्कार तथा आध्यात्मिक मूल्य-मान्यताबारेमा चेतना फैलाउने कार्य पनि गरेको देखिन्छ । वि. सं. २०७९ मा पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीबाट षडानन्द जन्मघडेरीमा गुरुको सालिक उद्घाटन तथा बालागुरुका योगदानहरूको अवलोकन भएको थियो । विगत केही वर्षदेखि गढीगाउँमा रहेको यो संस्था लगभग निस्क्रिय देखिन्छ ।

**षडानन्द स्मृति प्रतिष्ठान, इटहरी :**

वि. सं. २०५७ मा पीताम्बर भोला लम्सालको अध्यक्षतामा आवाल ब्रह्मचारी षडानन्द स्मृतिप्रतिष्ठान स्थापना भएको थियो । टीकाप्रसाद अधिकारी अध्यक्ष रहेको कार्यसमितिले उल्लेखनीय कार्य गर्दै इटहरी पश्चिम बसपार्कबाट पूर्वपश्चिम राजमार्ग जोडिने क्षत्रीय ट्राफिक कार्यालयछेउ शिव पाञ्चायन मन्दिर

निर्माण, षडानन्दको सालिक स्थापना र स्मृति भवन निर्माण गरेको थियो । यस संस्थाले प्रत्येक वर्ष भव्य साहित्यिक कार्यक्रमहरू आयोजना गरी जन्मजयन्ती लगातार मनाउँदै आएको छ । त्यस चोकको नाम षडानन्द चोक राखिएको छ भने इटहरीमा षडानन्द टोल विकास संस्था पनि स्थापना गरिएको छ ।

इटहरीमा मन्दिर, भवन तथा सालिक निर्माणको खर्च १ करोड ५० लाख रहेको थियो भने जग्गा पूर्व प्र. म. नगेन्द्रप्रसाद रिजालकी धर्मपत्नी आशालता रिजाल र सुपुत्र कुलचन्द्र रिजालबाट निःशुल्क प्राप्त भएको थियो । पूर्व प्र. म. रिजालका हजुरबुबा बलभद्र रिजाललाई चतरा क्षेत्रमा यज्ञ लगाउँदा षडानन्दले स्वामी अच्युतानन्द भनी दीक्षित गरेको देखिन्छ । हाल पनि षडानन्द स्मृति प्रतिष्ठान, इटहरीले गुरु षडानन्दसम्बन्धी उल्लेखनीय कार्यहरू गरिरहेको छ ।

पूर्वाञ्चलका साहित्यकार तथा सञ्चारकर्मी कृष्णविनोद लम्साल (२०७५: ११८) का अनुसार सन्तशिरोमणि बालागुरु षडानन्दले विद्यालय स्थापना गरेका कारण उनका कीर्तिकिरणहरूले सर्वत्र आलोकित गरिरहेका छन् । यिनैका प्रेरणाका कारण चन्द्र शमशेरले सतीप्रथा बन्द गराउने निर्णय गरेका थिए । षडानन्दका शैक्षिक, धार्मिक, सांस्कृतिक र समाजसुधारको मार्गदर्शन वा योगदानलाई प्रचार र विस्तार गर्ने सिलसिलामा षडानन्द स्मृति सामुदायिक भवन इटहरी निर्माण गर्न भूतपूर्व प्रधानमन्त्री नगेन्द्रप्रसाद रिजालकी धर्मपत्नी शान्तिलता (आशालता) तथा उनका सुपुत्रबाट स्मृति प्रतिष्ठानलाई करोडौँको जग्गा इटहरीमा प्राप्त भएको हो (२०७० मङ्सिर २२, नागरिक पत्रिका) ।

**षडानन्द स्मृति प्रतिष्ठान, दमक, झापा :**

वि. सं. २०६८ देखि षडानन्द जन्मजयन्ती मनाइरहेको षडानन्द स्मृति प्रतिष्ठान दमकले वि. सं. २०७५।४।८ मा षडानन्द प्रतिष्ठान केन्द्रीय कार्यसमिति काठमाडौँबाट श्यामकृष्ण लम्साल संयोजक रहने गरी षडानन्द प्रतिष्ठान उपसमिति दमक गठन गरेको छ । समितिका सदस्यहरू सूर्यप्रसाद गौतम, गङ्गाप्रसाद ढकाल, कविता दाहाल, उषा न्यौपाने, बालकृष्ण गजमेर तथा सोमनाथ न्यौपाने रहेको देखिन्छ । उपसमितिको कार्यक्षेत्र 'उपसमिति कार्यविधि २०६' अन्तर्गत रहनेछ । यस उपसमितिले पनि दमकमा षडानन्द जन्मजयन्ती मनाउने लगायत उल्लेखनीय कार्यहरू सुरुवात गर्ने जमर्कोमा जुटेको देखिन्छ ।

**बालागुरुको स्मृति र सम्मान सम्बन्धी, विराटनगर :**

क) षडानन्द प्रतिष्ठान शाखासमेत प्रतिभा पुरस्कार प्रतिष्ठानमार्फत

ख) षडानन्द प्रतिष्ठान उपसमिति विराटनगर (काठमाडौँको शाखा)

नेपालका प्रथम निर्वाचन आयुक्त सुरेन्द्रबहादुर बस्नेतका पिता पदमबहादुर बस्नेतले बालागुरु षडानन्दका फोटाहरू व्यक्तिगत प्रयासमा विराटनगरमा निःशुल्क बाँडेको देखिन्छ । यसै क्रममा धेरै वर्षपश्चात् वि. सं. २०३५ बाट राधाकृष्ण मन्दिर, तीनपैनी, विराटनगरमा केही शुभेच्छुकहरू उनकै पहलमा भेला भई षडानन्द जन्मजयन्ती मनाउन सुरु भएको थियो ।

यसै क्रममा साहित्यकार दधिराज सुवेदी, डा. नरेन्द्र चापागाईं लगायतको पहलमा प्रतिभा पुरस्कार वि. सं. २०३९ बाट वितरण सुरुवात भयो । प्रमुख पहल भने साहित्यकार दधिराज सुवेदीबाट भएको देखिन्छ । बीचमा १-२ वर्ष जन्मजयन्ती मनाउन रोकिए तापनि वि. सं. २०४४ असार २९ गते भानुजयन्तीको अवसरमा प्रतिभा पुरस्कार प्रतिष्ठानमार्फत षडानन्द प्रतिष्ठान शाखासमेत खोलेर वि. सं. २०४४ देखि षडानन्द स्मृति पुरस्कार निरन्तर वितरण हुँदै आएको छ । साथै वि. सं. २०४४ देखि प्रत्येक वर्ष षडानन्द जन्मजयन्ती निरन्तर मनाउँदै उल्लेखनीय कार्यक्रम भइरहेको छ ।

वि. सं. २०७० तिरबाट षडानन्द प्रतिष्ठान काठमाडौँको मातहतमा उपसमिति विराटनगर स्थापना भएको देखिन्छ । उपसमितिका प्रथम संयोजक गायत्रीकुमार चापागाईं र हाल कोमलकृष्ण अधिकारी रहेको देखिन्छ । दुवै संस्थाको समन्वयमा षडानन्दसम्बन्धी गतिविधि सञ्चालन भइरहेको देखिन्छ ।

त्यसै गरी विराटनगर उपमहानगरपालिका वडा नं. ३ को वडा कार्यालय भवन कञ्चनबारी ठूलो मिलछेउ रहेको छ । पोखरिया मा. वि. तिरबाट ठूलो मिल पश्चिम वडा कार्यालय भवन पछाडिको बाटो सिधै उत्तरतर्फ बुद्धचोक भित्री भाग हुँदै पुष्पलाल चोकको भित्री बाटो जोड्ने सडकलाई वि. सं. २०७६ बाट षडानन्द मार्ग नामकरणका लागि उपमहानगरपालिकामा निवेदन दर्ता गरेको थियो । यसमा प्रमुख भूमिका दिनेशराज सुवेदी, दधिराज सुवेदी, वडा नं. ३ का वडाध्यक्ष विनोद बस्नेत, महिला वडासदस्य इन्दु सुवेदी लगायत दिङ्लाबाट विराटनगर उपमहानगरपालिकामा बसोबास गर्ने शुभेच्छुकहरू तथा अन्य सरोकारवाला शुभेच्छुकहरूको साथ रहेको थियो । यस सडकले औपचारिक नामकरण वि. सं. २०७९ मा प्राप्त गरेको छ । यसमा निवर्तमान मेयर भीम पराजुली, वर्तमान मेयर नागेश कोइराला, उपमहानगरपालिकाका साथै वडा नं ३ परिवार लगायत सरोकारवालाहरूको उच्च सहयोग रहेको थियो ।

शुभेच्छुकहरूको सक्रियता र सहयोगमा विराटनगर वडा नं. ३ को वडा कार्यालय परिसरमा २०७८ साल चैत्र रामनवमीमा बालागुरु षडानन्दको सालिक अनावरण गरिएको छ । सालिक निर्माणको सम्पूर्ण खर्च बालागुरुकी नातिनी बुहारी सेमन्तकुमारी अधिकारी तथा उनको परिवारबाट भएको थियो ।

(दधिराज सुवेदीबाट प्राप्त जानकारी)

**शब्दयात्रा प्रकाशनबाट बालागुरुको सालिक निर्माण र सम्मान :**

काभ्रेपलान्चोक जिल्लाको बनेपामा हरि मञ्जुश्री अधिकारीको परिकल्पना र व्यवस्थापनमा २०६८ सालमा शब्दयात्रा प्रकाशन नामक संस्था स्थापना गरिएको छ । त्यस संस्थालाई कृष्णमणि कुइकेलले प्रदान गरेको जग्गामा बालागुरु षडानन्दको सालिक बनाएर राखिएको छ र सालिकमुनि राखिएको शिलापत्रमा राष्ट्रकवि माधवप्रसाद घिमिरेले बालागुरु षडानन्दका बारेमा लेखेको अनुष्टुप् छन्दको ४ पङ्क्ति र बालागुरु षडानन्दको जन्ममिति, जन्मस्थान र मृत्यु भएको मिति उल्लेख गरिएको छ। कविता यस्तो छ –

जल्ले एक मुठी रश्मि पहिले पूर्वमा छर्‍यो
पातलो ज्योति बिछ्याई जल्ले कोशी नदी तर्‍यो ।
त्यो बालब्रह्मचारीको पवित्र प्रतिमामनि
यो तीर्थस्थलमा बस्ता गुन्जन्छ राष्ट्रको ध्वनि ॥

त्यसका अतिरिक्त शब्दयात्रा प्रकाशनले हरेक वर्ष 'शब्दयात्रा षडानन्द अधिकारी आध्यात्मिक पत्रकारिता सम्मान' र 'शब्दयात्रा नन्दिकेश्वर अधिकारी शोध सम्मान' पनि समर्पण गर्दै आएको छ ।

बालागुरु षडानन्दको सालिक स्थापना गरिएको ठाउँलाई शब्दसाधक तीर्थ नाम दिइएको छ। त्यहाँ हरि मञ्जुश्री अधिकारीको नेतृत्वमा सालिकहरू, मन्दिरहरू, १०८ शिवलिङ्ग, पुस्तकालय, अतिथिगृह आदि बनेका छन्। त्यो स्थल अहिले धर्मसंस्कृति र भाषासाहित्य क्षेत्रको अनुसन्धान केन्द्र बनिसकेको छ ।

**षडानन्द प्रतिष्ठान, काठमाडौँ :**

वि. सं. २०६४ मङ्सिर २८ गते ज्ञानमणि नेपालको प्रमुख आतिथ्य र विष्णुराज कुसुमको संयोजकत्वमा १६ सदस्यीय समिति निर्माण गरी नेपाल बार एसोसिएसनको सभाकक्षमा बालागुरु षडानन्दको १७३ औं जन्मजयन्ती मनाउन सुरु भएको देखिन्छ। यसै समारोहको छलफलपश्चात् काठमाडौँ पचलीघाटको उत्तरपट्टिको पचलीभैरवको मन्दिरछेउ श्री ३ जङ्गबहादुर राणाका माइला भाइ बमबहादुर राणाबाट वि. सं. १९०७ मा स्थापित बमवीर विकटेश्वर (छुट गुठी) भित्र रहेको इन्द्रेश्वर महादेवछेउको २ तले सत्तल बालागुरु षडानन्दको आश्रम भएको पहिचान गरिएको थियो । सो जीर्ण सत्तल संरक्षण गर्न वि. सं. २०६४ फागुन २७ गते 'आबाल ब्रह्मचारी षडानन्द आश्रम संरक्षण समाज' गठन भएको देखिन्छ। हाल यो संस्था आबाल ब्रह्मचारी षडानन्द प्रतिष्ठानका रूपमा रहेको छ। प्रथम समितिका अध्यक्ष नेपाल सरकारका पूर्वसचिव विष्णुराज कुसम, उपाध्यक्ष प्रा. चेतोनाथ गौतम, महासचिव प्रा. लालानाथ सुवेदी, सहसचिव प्रकाशराज अधिकारी, कोषाध्यक्ष गोपाल अधिकारी र सदस्यहरू डा. हेमाङ्गराज

अधिकारी, निरञ्जन चापागाईंसहित ७ संस्थापक सदस्य रहने गरी गठन भएको देखिन्छ । वि. सं. २०६५ माघ १४ को साधारण सभाबाट २ सदस्य समाजसेवी टीकाप्रसाद चापागाईं र पूर्वमन्त्री मुकुन्दबहादुर बस्नेत थपिएको देखिन्छ ।

क) तत्कालीन समयमा प्रतिष्ठानका मूलतः ३ उद्देश्यहरू देखिन्छन् ।

१. बालागुरु बसेको पचलीघाटस्थित आश्रम संरक्षण र पुनर्निर्माण गर्नु

२. षडानन्द सम्मान कोष स्थापना गर्नु

३. विधिवत् स्मारिका प्रकाशन (खोज-अनुसन्धानको निरन्तरताका लागि)

ख) प्रतिष्ठानका सम्मान तथा प्रकाशन कोष कार्यक्रमहरू :

१. षडानन्द सम्मान कोष स्थापना –

षडानन्दको योगदान सम्बन्धमा अध्ययन, अनुसन्धान वा खोज गर्ने-गराउने वा प्रचार गर्ने उद्देश्यले स्थापित कोष हो ।

२. षडानन्द राष्ट्रिय पुरस्कार –

शिक्षा, संस्कृति, अध्यात्म वा समाजसुधारमा योगदान पुऱ्याउने व्यक्ति वा संस्थालाई प्रदान गरिने यो पुरस्कार राशि ५० हजार रहेको छ । वि. सं. २०७५ मा आर. डी. 'प्रभास' चटौतलाई र क्रमशः डा.सुरेशराज शर्मा, डा. स्वामी प्रपन्नाचार्य, साहित्यकार मदनमणि दीक्षित, इतिहासकार, ज्ञानमणि नेपाल, प्रा. पुरुषोत्तम भट्टराई, डा. जगमान गुरुङ र षडानन्द मा. वि., स्वर्गद्वारी आश्रम प्यूठान, प्रा. शिवगोपाल रिसालजस्ता विशिष्ट व्यक्तित्व र संस्थाहरूले प्राप्त गरेको देखिन्छ ।

३. षडानन्द पुरस्कार –

दाताहरूको अनुरोधमा दाताहरूका स्वर्गीय आफन्तहरूको स्मृतिमा राखिएको छ ।

क) डण्डपाणि युवाकुमारी स्मृति षडानन्द पुरस्कार –

छोराहरू निरञ्जन चापागाईं र गायत्रीकुमार चापागाईंद्वारा पितामाताको स्मृतिमा यो पुरस्कार स्थापना गरिएको छ । ४ लाखको अक्षयकोषबाट पूर्वाञ्चलमा शिक्षा, संस्कृति र साहित्यमा विशिष्ट योगदान पुऱ्याउने व्यक्ति वा संस्थालाई प्रतिवर्ष वि. सं. २०७१ देखि रु. २५ हजार प्रदान गरिनेछ । पं. केदारनाथ खतिवडा (झापा, २०७१), साहित्यकार दधिराज सुवेदी (विराटनगर, २०७२), साहित्यसाधक मान बज्राचार्य (२०७३), पूर्वक्याम्पसप्रमुख स्व. हरिप्रसाद काफ्ले (मरणोपरान्त, २०७४) र प्रा. डा. दयाराम श्रेष्ठ (धनकुटा, २०७५) लाई प्रदान गरिएको देखिन्छ ।

स्व. डण्डपाणि चापागाईंले सीताराम गुठी मर्मत निर्माणमा तथा षडानन्द मा. वि. मर्मत निर्माणमा ठूलो योगदान गरेको देखिन्छ । आफ्नै खर्चमा एउटा छात्रवाससमेत मर्मत गरी गुठीलाई जिम्मा लगाएको देखिन्छ । स्व. चापागाईंले

तत्कालीन मूलपानीका बडहरे लगायतका अन्य विद्यालयहरू खोल्न तथा तुङ्गेछामा विद्यालय खोल्न रमानाथ खतिवडालाई सक्रिय भएर साथ दिएको देखिन्छ। षडानन्द र अरुण मा. वि. विद्यालयका समितिमा बसेर पनि योगदान दिएको देखिन्छ । स्व. चापागाईंको अगुवाइमा वि. सं. २०२२ मा षडानन्द क्याम्पस स्थापना र एसएलसी परीक्षा केन्द्र दिङ्लामा आएको देखिन्छ।

ख) षडानन्द उत्कृष्ट माध्यमिक विद्यालय पुरस्कार –

साविक चौकीडाँडा-२ भोजपुर निवासी स्व. मदनबहादुर अधिकारीको स्मृतिमा धर्मपत्नी उमादेवी अधिकारी, छोरा रवीन्द्र अधिकारी तथा दाजुहरूबाट दुई लाखको अक्षयकोष स्थापना भएको देखिन्छ। भोजपुर जिल्लाका सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने उद्देश्यले स्थापित यसको वार्षिक पुरस्कार राशि रु. १५ हजार रहेको छ । वि. सं. २०७१ मा जाल्पा मा. वि. चौकीडाँडालाई प्रदान गरिएको थियो । त्यसपछि क्रमशः वीरेन्द्र मा. वि. कुलुङ (२०७२), शारदा मा. वि. देउराली (२०७३), पञ्चकन्या मा. वि. बोखिम (२०७४), वीरेन्द्र मा. वि. कुलुङ (२०७५) आदिले प्राप्त गरेको देखिन्छ।

ग) जीवनाथ–रमानाथ–खड्गप्रसाद स्मृति षडानन्द पुरस्कार –

विराटनगरनिवासी राजेन्द्रप्रसाद चापागाईंद्वारा आफ्ना कुप्रा हजुरबुवा स्व. जीवनाथ चापागाईं, हजुरबुबा स्व. रमानाथ चापागाईं र बुबा स्व. खड्गप्रसाद चापागाईंको स्मृतिमा यो पुरस्कार स्थापना गरिएको छ। जीवनाथ र यज्ञनिधि चापागाईं दाजुभाइ बालागुरु षडानन्दका शिष्य तथा सहयोगी रहेको देखिन्छ। पुरस्कार राशि रु. ११,१११।- रहेको छ । प्रथमपटक शिक्षासेवी पं. खगेश्वर न्यौपानेलाई वि. सं. २०६८ मा प्रदान गरिएको थियो । वि. सं. २०७९ मा 'नेपालकको विविध पृष्ठभूमि र योगदानमा षडानन्द' छापिन तयारी हुँदै गरेको ग्रन्थको पाण्डुलिपिका लागि सुदीप अधिकारीलाई हौसलीवरूप पुरस्कार प्रदान गरिएको थियो । वि. सं. २०८० मा षडानन्द मा. वि. का पूर्वशिक्षक तथा पिण्डेश्वर क्याम्पस धरानका अध्यापक केदार गौतमलाई प्रदान गरिएको छ।

४. षडानन्द विद्वत्वृत्ति –

दाताहरूको सहयोगमा रु. १ लाखको अक्षयकोष स्थापना गर्ने लक्ष्य छ। प्रा. डा. सुरेशराज शर्माले पिता विष्णुप्रसाद उपाध्यायको स्मृतिमा रु. ५१ हजार प्रदान गरी कोषको सुरुवात गरेको देखिन्छ । षडानन्दको योगदानका बारेमा अध्ययन-अनुसन्धान गर्ने व्यक्ति वा संस्थालाई यो वृत्ति प्रदान गरिन्छ।

५. षडानन्द छात्रवृत्ति –

दाताहरूको सहयोगमा अक्षयकोष स्थापना गरी सोको ब्याजबाट छात्रवृत्ति प्रदान गरिनेछ। प्रा. शकुन्तला खत्रीबाट रु. २ लाख १ प्रदान, श्रीमती रूपा शर्माद्वारा रु. ५० हजार प्रदान तथा श्रीमती गीता चापागाईंद्वारा रु. ५१

हजार प्रदान गरिएको छ । श्रीमती शान्तिदेवी अधिकारीद्वारा वार्षिक रु. २० हजार प्रदान गरिनेछ । प्रा. डा. हेमाङ्गराज अधिकारीबाट रु. १ लाख ३८ हजार प्रदान भएको छ । बालागुरु षडानन्दसम्बन्धी अभिलेख र कागजात पुस्तकको बिक्रीको रकमसमेत थप गरी कोष स्थापना गरिएको छ ।

षडानन्द छात्रवृत्ति २०७२ बाट प्रदान सुरुवात गरिएको यो छात्रवृत्ति षडानन्द मा. वि. को कक्षा ६ देखि ९ सम्म अध्ययन गरी उत्कृष्ट नतिजा हासिल गर्ने १ छात्र र १ छात्रालाई वार्षिक नतिजाको आधारमा जनही रु ५,०००।– का दरले प्रदान गरिन्छ ।

७. षडानन्द संस्कृत छात्रवृत्ति –

षडानन्द माध्यमिक विद्यालयमा संस्कृत पढ्न विद्यार्थीलाई प्रोत्साहित गर्नका लागि विभिन्न दाताहरूबाट अक्षयकोष स्थापना गरिएको देखिन्छ । वि. सं. २०७४ को शैक्षिक वर्षदेखि कक्षा ६ मा स्थानीय भाषा विषय अन्तर्गत १०० पूर्णाङ्कको संस्कृत विषय अध्ययन गर्ने छात्र तथा छात्राहरूलाई जनही एकमुष्ट रु. २,०००।– दिएर प्रारम्भ भएको थियो ।

क) क्षेत्रकुमारी अधिकारी स्मृति अक्षय कोष : स्व. हजुरआमा क्षेत्रकुमारी अधिकारीको स्मृतिमा प्रा.डा. हेमाङ्गराज अधिकारीबाट स्थापित अक्षय कोषमार्फत छात्रवृत्ति प्रदान गरिन्छ ।

ख) पदमबहादुर बस्नेत स्मृति अक्षय कोष : प्रा. शकुन्तला खत्रीले आफ्ना स्व.पिता पदमबहादुर बस्नेतको स्मृतिमा अक्षय कोष स्थापना गरि संस्कृत अध्ययन गर्ने विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरेको देखिन्छ ।

८. दिनराज–पद्मकुमारी षडानन्द स्मृति छात्रवृत्ति –

डा. ठाकुरराज अधिकारी र परिवारद्वारा पिता स्व. दिनराज अधिकारी र माता स्व. पद्मकुमारी अधिकारीको स्मृतिमा आबाल ब्रह्मचारी षडानन्द कोष अन्तर्गत षडानन्द छात्रवृत्ति प्रयोजनका लागि रु. १,००,१११।– नगद राशि प्रदान गरी अक्षयकोष स्थापना गर्न मिति २०७३।५।३० मा प्रतिष्ठानसँग सम्झौता पत्रमा हस्ताक्षर गरेको देखिन्छ ।

**बालागुरुको जन्मजयन्ती मनाउने प्रसङ्ग :**

पूर्वउपसचिव विश्वनाथ चापागाईं ‘कोही’ (२०७३ : ४८) का अनुसार वि. सं. २०३२ मा गुरुमहाराजको जन्मजयन्ती मनाउने प्रेरणा मिल्यो । प्रयास गर्दै जाँदा भू. पू. प्रधानमन्त्री मातृकाप्रसाद कोइराला र भाषाशास्त्री महानन्द सापकोटाबाट प्रेरणा तथा सहयोग पाएर विराटनगरको राधाकृष्ण मन्दिर परिसरमा १४१ औं जन्मजयन्ती प्रमुख अतिथि भू. पू. प्रधानमन्त्री मातृकाप्रसाद कोइराला र विशिष्ट अतिथि सापकोटाका साथ भव्यतापूर्वक सम्पन्न गरियो ।

यसपछि बालागुरुको १४२ औँ जन्मजयन्ती धरानको गीता भवनमा प्रा. छविलाल पोखरेलको सहयोग र प्रमुख आतिथ्यमा धरानका प्रतिष्ठित विद्वान्‌का साथ मनाउने दोस्रो प्रयासमा पनि पिण्डेश्वर क्याम्पसमा भव्यताका साथ सम्पन्न भयो । वि. सं. २०३४ मा काठमाडौँ पुगेर षडानन्द जन्मजयन्ती मनाउने उपाय खोज्दै वाल्मीकि संस्कृत विद्यापीठका सहायक क्याम्पस प्रमुख प्रा. तोयानाथ पाण्डेसमक्ष पुगेर आग्रह गरियो । एकै बोलीमा स्वीकार गरिदिनुभयो । क्याम्पस प्रमुखको आतिथ्यमा वाचनशिरोमणि प्रा. खेमराज केशवशरण र प्रा. तोयानाथ पाण्डेको सहयोग तथा व्यवस्थापनले १४३ औँ षडानन्द जन्मजयन्ती पनि भव्यताका साथ मनाइयो । सबैजना धन्यवादका पात्र हुनुहुन्छ । गुरुमहाराज नेपालाका राष्ट्रिय विभूति हुन् ।

## बालागुरु षडानन्दको सम्मान सम्बन्धमा :

१. वि. सं. १९१६ - ज्योतिर्मठबाट बालब्रह्मचारी उपाधिले विभूषित ।
२. वि. सं. १९२८ - श्री १०८ उपाधिले विभूषित । तत्पश्चात् श्री १०८ आबाल ब्रह्मचारी षडानन्द अधिकारी भएको देखिन्छ । बालागुरुका पछिल्ला कार्यहरूको विश्लेषण गर्दा अनन्तश्री विभूषित सरह सम्मानित देखिन्छ ।
३. श्री ३ जङ्गबहादुर राणाले पचलीघाटमा आई छोटो समयमा शास्त्रार्थबारे सोधखोज गरेको तथा बमबहादुर राणा पटकपटक पचलीघाट पुग्ने गरेको तथा भक्त बनेको देखिन्छ । श्री ३ र श्री ५ को परिवारका सदस्यहरू पनि पचलीघाट पुगेर बालागुरुबाट प्रवचन श्रवण गर्ने, प्रसाद ग्रहण गर्ने आदि कार्यहरू गायत्री पुरश्चरणको समयमा पुगेर गरेको देखिन्छ । जङ्गबहादुर राणाका भतिजाहरू यक्षविक्रम राणा र बमवीर राणाले बालागुरु बस्ने ठाउँको प्रबन्ध गरेको देखिन्छ । उनीहरूको निर्देशनमा नदीदेखि बालागुरु बस्ने कुटीसम्म आवतजावत गर्ने बाटो बनाएको तथा पुरश्चरण समयमा सुरक्षा प्रदान गरेको देखिन्छ । पुरश्चरणको साङ्गेका दिन झन्डै ११-१२ वर्षदेखि अन्नभोजन नगरेका फलाहारी व्रतमा बसेका षडानन्दलाई भोजन गराउन यक्षविक्रमले सुनको थाल तथा बमवीरले सुनको करुवा (सम्भवतः चाँदीको हुनुपर्ने, चाँदीको दान गर्ने चलन छ) अर्पण गरेको देखिन्छ । श्री ३ र श्री ५ को परिवारका सदस्यहरू कतिपय बालागुरुका भक्तसमेत बनेका र गुरुलाई सम्मान गरेको पनि देखिन्छ ।
४. श्री ३ चन्द्र शमशेरले बालागुरुबाट सिंहदरबार उद्‌घाटन गर्ने क्रममा षडानन्दबाट पुराण श्रवण गरेको देखिन्छ । त्यस समारोहमा देश तथा विदेशका विभिन्न राष्ट्रका उच्च ओहदाका पदाधिकारीको समेत उपस्थिति

थियो । बालागुरुको प्रयासलाई पूर्ण सफल बनाउन वि. सं. १९७७ मा सतीप्रथा र वि. सं. १९८१ मा दासप्रथा श्री ३ प्रधानमन्त्री चन्द्र शमशेरबाट कानुनी रूपमा अन्त्य भएको देखिन्छ । साथै देव शमशेरले खोलेका देशका भाषा पाठशालाहरू प्र. म. चन्द्र शमशेरले बन्द गर्दा पनि दिङ्लाको भाषा पाठशाला र गुठी बन्द भएनन् । यो पनि बालागुरु षडानन्दप्रति गरिएको सम्मान हो भन्ने देखिन्छ ।

५. श्री ५ सुरेन्द्रबाट विद्यालय गुठीको नाममा लालमोहर, श्री ३ रणोद्दीपबाट रुक्का आदेश, श्री ५ पृथ्वीवीरविक्रमबाट ताम्रपत्र तथा वीर शमशेरबाट दस्तखत (छाप), श्री ३ चन्द्र शमशेरबाट इस्तिहार प्रदान गर्नु आदिले पनि श्री ३ र श्री ५ परिवारबाट पनि बालागुरु राणाशासन कालमा पनि सम्मानित देखिन्छन् ।

६. नेपालको प्रथम शनिबारे हटिया दिङ्लाको अनुकरण गर्दै पूर्वी नेपालदेखि पश्चिम नेपालसम्म धमाधम शनिबारे हटियाहरू खुल्दै गएको देखिन्छ । ठाउँका नामहरू हटिया लाग्ने दिनका आधारमा आइतबारे, बुधबारे, शनिश्चरे, विहिबारे आदि राखिँदै गएको देखिन्छ । श्री ३ भीम शमशेरले शनिबार बिदा दिने चलन दिङ्लामा झैँ चलाएको देखिन्छ। भीम शमशेरका मन्त्रगुरु षडानन्द रहेको देखिन्छ ।

७. योगी नरहरिनाथका (२०५२) अनुसार श्री ३ रणोद्दीप, श्री ३ वीर शमशेर, श्री ३ देव शमशेरले खोलेका भाषा पाठशालाहरू दिङ्ला पाठशालाको अनुकरण गर्दै खुलेका थिए । दिङ्ला विद्यापीठको अनुकरण सिक्किम, आसाम, लिङसे, भुटान र बर्मासम्म पनि पुगेको थियो । तसर्थ कुनै श्री ३ राणा प्रधानमन्त्रीहरू बालागुरुका विरुद्ध जान नसक्ने र शिक्षाको विरोध गर्न नसक्ने भएको स्पष्ट प्रमाण देखिन्छ । कतिपय राणा परिवार तथा राजपरिवारको त पुराणका, यज्ञादिका, प्रवचनका मूल गुरु र मन्त्रगुरु पनि षडानन्द रहेको देखिन्छ । केही दरबारियाहरू भक्तसमेत भएका हुनाले बालागुरुलाई सम्मान गरेको स्पष्ट देखिन्छ ।

८. नेपालबाहेक सिक्किम, कालेबुङ, दार्जिलिङ, जलपाईगुढी, भुटान, आसाम तथा बर्मातिरका विद्यार्थीहरू दिङ्लामा पढी मासिक ४ पाथी धान छात्रवृत्ति बुझेको अभिलेख देखिन्छ । षडानन्दले आसाममा पनि गई चौमासा पुराण वाचन गरिदिएर आसामे समाजमा पनि धेरै सांस्कृतिक तथा धार्मिक सुधारका चेतनाको बीज छरेर विशिष्ट सम्मान पाएको देखिन्छ । तसर्थ उनी अन्तर्राष्ट्रिय व्यक्तित्व समेत देखिन्छन् ।

९. वि. सं. १९३२ सम्म दरबार हाइस्कुलमा श्री ३ जङ्गबहादुरका ३ भाइ छोराहरू जगतजङ्ग, बबरजङ्ग र जीतजङ्ग मात्र पढ्न पाउँथे । तर वि. सं.

१९३२ पछि धीर शमशेरले राणा परिवारका छोरा मात्र पढ्न पाउने व्यवस्था गरे । यही क्रम वि. सं. १९४२ सम्म थियो तर छोरीहरूले पढ्न पाएनन्, तसर्थ कहीँ पढ्न नपाउने बेलामा षडानन्द पाठशालामा पढ्न नेपालको सल्यान, प्यूठान, बाग्लुङ लगायत मध्यनेपाल र पूर्वी नेपालका जनताको छोराछोरी गएका थिए । त्यसैले षडानन्द पूरा नेपालभरिका विद्वान्, सन्त, प्रशासक तथा शिक्षाप्रेमीबाट सम्मानित थिए । प्युठानबाट स्वर्गद्वारी महाप्रभुले समेत षडानन्दसँग पढ्न विद्यार्थीहरू पठाउने गरेको देखिन्छ ।

१०. गुरुकुलको Old Model तोड्दै षडानन्दले पुरुष (छात्र) गुरुकुल र कन्या गुरुकुल (केटीले मात्र पढ्न पाउने) दुवैलाई मिश्रण गरी एउटैमा दुवै लिङ्गका छात्रछात्राले पढ्न सक्ने व्यवस्था गरेका थिए । त्रेतायुगबाट सुरु भएको दलित (म्लेच्छ भनिएको, दलित शब्द वि. सं. २०४६ पछि प्रयोग व्यापक) र उनीहरू दलित भएर पढ्न नपाउने प्रकृति तोड्दै दलित, जनजाति, महिला र सबै लिङ्गलाई (तेस्रो लिङ्ग, त्यतिखेर पहिचान नभएको) दिङ्ला पाठशाला खुला गरिएको हुनाले सबै जात, धर्म, लिङ्गका समुदायबीच आदरणीय गुरु षडानन्द बनेका थिए ।

११. 'जो विद्या (विषय) पढ्नको इच्छा हुन्छ, सोसमेत सुविस्तासाथ पढ्न पाठशाला खोलेको छु' भनी धर्मपत्रिकाले गुरुकुलका विषय पनि तथा गुरुकुलबाहेकका आधुनिक विषय जुनसुकै पढ्न छुट दिएको देखिन्छ । सो उद्देश्य पूरा गर्न वि. सं. २०१३ मा षडानन्द संस्कृत पाठशालामा परिणत भयो । पूर्व प्र. अ. हरिप्रसाद काफ्लेले कर्मकाण्डका वेद, रुद्री, चण्डी आदि विषयसँगै अङ्ग्रेजी, नागरिक शास्त्र, OPT न्याय, OPT भूगोल, नेपाली आदि विषयहरू थप गरेको देखिन्छ । डण्डपाणि चापागाईं र तत्कालीन प्र. अ. काफ्लेको पहलमा दिङ्लाले वि. सं. २०२२ मा SLC परीक्षा केन्द्र पाएको थियो । पूर्व प्र. अ. काफ्लेले वि. सं. २०२२ देखि षडानन्द महाविद्यालयसमेत स्थापना गरी गुरु षडानन्दप्रतिको सम्मान अझै उचाइमा पुर्‍याएको देखिन्छ ।

(षडानन्द प्रतिष्ठान गतिविधि : २०७४ : ५०-५२)

१२. तिब्बती दलाई लामाका प्रतिनिधि आई पहिलोपटक पं. दण्डपाणि अधिकारी (बालागुरुका पूजाकोठे भएर बसेका) लगायत त्यस दिन पढ्दै गरेका केही चेलासँग शास्त्रार्थ गरी हार खाएपछि बालागुरुलाई बहुमूल्य पत्थर र भेटी चढाई फर्केको देखिन्छ । वि. सं. १९५४-५५ तिर दोस्रोपटक तिब्बती लामाहरू आई सतीघाटमा मकर सङ्क्रान्तिका दिन शास्त्रार्थ गरेपछि केही दिन लामाहरू दिङ्ला बसेको भतिजा रामनाथ अधिकारी, मकर स्नान गर्ने भक्तजनहरूका सन्ततिहरूले पनि पुस्तकमा उल्लेख गरेको देखिन्छ ।

वास्तविकतामा नुन र सुन तिब्बतमा पाइने र दिङ्लाबाट २ वा ३ दिनमा तिब्बतको सिमानामा पुग्न सकिन्छ। वि. सं. १९१२ मा जङ्गबहादुर राणाको पालामा भएको थापाथली सन्धिले तिब्बत र नेपालको व्यापारिक कारोवार रहेको मूल मर्म कदापि भुल्नु हुँदैन । वैदेशिक रोजगारीको सिलसिलामा आजभोलि अरेबियन मुलुक, कलकत्ता, मुम्बई गएजस्तै व्यापारिक कारोवार तिब्बतसँग हुने कुरा बिर्सनु हुँदैन। मल्लकाल, लिच्छविकाल र शाहकालको पछिल्लो समयसम्म पनि नेपाल र तिब्बतबीच व्यापारिक सम्बन्ध रहेको कुरा भुल्नु हुँदैन। देवकोटाको मुनामदनमा पनि मदन वैदेशिक रोजगारको सिलसिलामा भोट गएको र त्यहाँ भोगेका पीडा उल्लेख छ। बालागुरुको ख्याति तिब्बती औतारी लामाहरूसम्म पुगेको देखिन्छ। उनी अन्तर्राष्ट्रिय रूपमा सम्मानित व्यक्तित्व र सनातन धर्मका पृष्ठपोषक थिए।

१३. बालागुरुले पुराणवाचन गरेर सङ्खुवासभामा केही जग्गाहरू भूमिदानबाट प्राप्त गरेको देखिन्छ। पुराणवाचन गरेर पर्सा-वीरगञ्जको जग्गा पनि प्राप्त गरेको साथै बागमती किनारको कुसिङ्गलको जग्गा सीताराम गुठीका लागि भएको देखिन्छ। वि. सं. १९५५ मा आसामका सरदार रायबहादुरको घरमा ४ महिने पुराण (चौमासा पुराण) वाचन गरिदिएको, सिंहदरबारको उद्घाटनमा पुराण वाचन गरिदिएको, पोखरामा नारायण आश्रम दर्ता गरिदिएको आदि देखिन्छ। धार्मिक, सामाजिक तथा आध्यात्मिक जागरण गर्ने काम पोखरा, काठमाडौँ-वीरगञ्ज, चतरा-वराहक्षेत्र हुँदै आसामसम्म पुगेको कारणबाट देशविदेशमा पनि सम्मानित रहेको देखिन्छ।

१४. अघिल्लो खण्ड ८ मा उल्लिखित बालागुरुका नेपालमा प्रथम कार्यका ५०-५५ औँ योगदानहरू यस अनुसन्धानात्मक ग्रन्थमा खोज गरी सङ्कलन भएको हुनाले पनि उनी देशभित्र र देशबाहिर पनि सम्मानित थिए भन्ने प्रमाणहरू देखिन्छन्।

१५. नेपालमै प्रथमपटक सीताराम गुठीको घुम्ती कोषबाट गरिबलाई ऋण दिने चलनको सुरुवात भएको देखिन्छ। नेपालमा प्रथमपटक बालन खेल्ने चलनले व्यापकता प्राप्त गऱ्यो। दिङ्लाको 'पात्लेघारीको जुहारी', 'ताल परेपछि पछि नपर्ने, बनाउन बुहारी' मनोरञ्जनात्मक मेला साथै रामनवमी, बालाचतुर्दशी आदि मेला, जात्रा र पर्वबाट जनतामाझ आध्यात्मिक तथा आत्मीय सम्मान प्रदान गरेको देखिन्छ।

१६. प्रश्रित (२०४७-२४-२५) र डा. तिम्सिना (२०६८) का अनुसार भारतको चितौढगढका राजा र सेनाहरू मुगल शासकको आक्रमणमा मारिएपछि रानी पद्मावतीसँगै २४,००० राजपूत महिलाहरू विषादि सेवन गरी जिउँदै सती जाँदा कति शैतानी पुरुषहरू, क्रूर र निर्दयी दैत्य वा राक्षसरूपी

मानव खटाइयो होला, रगतको आहाल कति बग्यो होला, २४,००० महिलाका कति छोराछोरीहरू टुहुरा भए होलान्, सती जान नमान्नेहरूले कति पीडा भोग्नु र बलात्कृत हुनुपर्‍यो होला, लास पोलेको ठाउँवरिपरि कति दिनसम्म गन्ध आयो होला, त्यस्तो क्रूर र पापिष्ट सतीप्रथा अन्त्य गर्ने बालागुरु महिलाका लागि दोस्रो भगवान् वा कलियुगका नेपाली महिलाका मुक्तिदाता थिए भन्न सकिन्छ ।

१७. History of slavery – wikipedia.org अनुसार ऋग्वेदमा र इन्दुस उपत्यका सभ्यतामा दासप्रथा देखिँदैन । दासप्रथाको कुरा गर्ने हो भने प्राचीनकालदेखि सुरु भएको देखिन्छ । इ. पू. ३५०० देखि मेसोपोटामियाको मुस्लिम सभ्यताबाट सुरुवात भयो । मध्यकालीन समयमा टर्कीको अटोमन युद्ध समय १३ औँ देखि १५ औँ शताब्दीसम्ममा डच, फ्रेन्च, स्पेनिस, पोर्चुगल, ब्रिटिस र अरबसम्म विस्तार भएको थियो । अफ्रिकामा १५ औँ शताब्दीमा पुगेको दासप्रथा औपनिवेशीकरणसँगै जरा गाढेको थियो । बेलायत र युरोपियन देशको उपनिवेश कब्जाको होडबाजीसँगै १८ औँ र १९ औँ शताब्दीमा पूरै एसिया दासप्रथाले ढाकेको थियो । २० औँ शताब्दीको अन्त्यसम्म पनि अमेरिका, बेलायत, चीन र रसियामा मात्रै ८० लाखभन्दा बढी दास थिए । Wikipedia अनुसार महिलाहरूलाई घाँटीमा फलामे सिक्रीले बाँधेर बेच्ने, यौन दुर्व्यवहार गर्ने, बालबालिकालाई यौन दुर्व्यवहार गर्ने, कडा परिश्रम गराउने गर्दथे । विपरीत भए ज्यानसमेत जान सक्ने भएकाले कार्यहरू निःशुल्क गर्न लगाउने, कैदीका रूपमा बाँधेर राख्ने, बजारमा भेडाबाखा बेचेजस्तै बेच्ने, क्रूर र पशुतुल्य अमानवीय यातना दिने प्रथा थियो । मोहन मैनालीका अनुसार १५० वर्षअघि नेपालमा मो. रु. १०० देखि मो. रु. ३०० मा दास बिक्री हुन्थे । अमेरिकाको केन्टुकी प्रान्तमा सुर्तीको खेती गर्न, घोडा फर्ममा कार्य लगाउन आदि कार्यमा अफ्रिकाबाट दासदासी लगिन्थ्यो । नमानेमा जहाजभित्रै बलात्कार हुन्थे । दास बन्न नमानेमा जहाजभित्रै मारेर आन्ध्र महासागरमा लास फालिन्थे । काम नगरे दोषी, अपराधी र पापी ठानी मृत्युदण्डसम्म दिने, चोरीको कार्यमा लगाउने, आपराधिक शोषण गराउने आदि गरिन्थ्यो । श्रम शोषण, मानवीय शोषण, चरम सजाय, यौनशोषण र मृत्युदण्डसम्म दिइन्थ्यो । सबैभन्दा धेरै दासी बालिका र महिलाहरू यौनशोषणका लागि मुख्यतः प्रयोग हुन्थे । अरुण उपत्यकामा वि. सं. १९४० क्रूर र अमानवीय सतीप्रथा अन्त्य प्रयासपछि दासप्रथा अन्त्य गर्न वि. सं. १९४५ – १९५५ सम्म बालागुरु प्रयासरत रही चेतना फैलाएको देखिन्छ । तसर्थ नेपाली महिला र श्रमजीवी मजदुरका दोस्रो भगवान् वा मुक्तिदाता षडानन्द देखिन्छन् ।

१८. पोखराको नारायण आश्रममा शिवमन्दिरसमेत निर्माण गरी फुँडेरमा ५२ मुरी खला खेत गुठीको नाममा दर्ता गराई नारायण आश्रम सञ्चालन गर्न शिष्य तेह्रथुमका बालानन्द सुवेदीलाई जिम्मा लगाएको देखिन्छ । तसर्थ पोखरेलीको भावनामा पनि सम्मानित देखिन्छन् ।

१९. सेमन्तराज अधिकारी (२०६२) र विश्वनाथ कोही (२०७५ : ४) का अनुसार काशी-प्रयागमा असफल भएका विद्यार्थी दिङ्ला आई पढेपछि विद्यापारङ्गत हुन्थे । तोयानाथ गौतम (२०७५), पहिले 'न्याय नपाए गोरखा जानू, विद्या नपाए काशी जानू' भन्ने उखान चलेको थियो । साथै पछिल्लो समयमा 'विद्या खोज्न कि काशी जानू, कि दिङ्ला जानू' भन्ने उखान चलेको हुनाले बालागुरुप्रति श्रद्धा र समर्पण देखिन्छ ।

२०. नेपालका विद्यार्थीले नेपालमा पढेर परीक्षा जान कलकत्ता जानुपर्ने चलनको अन्त्य गर्दै नेपालमै प्रथम बाह्य परीक्षा बोर्ड षडानन्द पाठशालाले स्थापना गरेको थियो । यसबाट विद्यार्थी र अभिभावकको मनोबल बढ्न गएको थियो । परीक्षा दिन जाँदा हुने खर्च र जोखिमको कटौती भएको थियो, जसका कारण पनि बालागुरुले उच्च सम्मान पाएका थिए ।

२१. शनिबारे हटिया, मेला, शिवरात्रि, एकादशी, हरितालिका तीज, चौमासा आदि पर्वहरूसमेत सञ्चालन गरेका थिए । आर्थिक कारोवार र आर्थिक क्रयबिक्रय कारण व्यापारीहरूबाट सम्मान, बालाचतुर्दशीमा शतबीज छर्ने चलन सुरुवात कारण पितृहरूबाट सम्मान, शिक्षाको कारण विद्वान् वर्गको सम्मान, छुवाछुत न्यूनीकरण कारणबाट दलितहरूबाट सम्मान, सतीप्रथा अन्त्य प्रयासबाट महिलाहरूबाट सम्मान, दासप्रथा अन्त्य प्रयासबाट दासदासीबाट सम्मान लगायत माझकिरात समुदायका राई, तामाङ, मगर, गुरुङ आदि जनताबाट पनि सम्मानित देखिन्छन् ।

२२. शिवरात्रि पर्व सुरुवात गरी योगी र सन्तहरूबाट सम्मानित, लाखेजात्रा सञ्चालन गरी नेवार समुदायबाट सम्मानित, मारुनी नृत्य मेला सञ्चालन गरी मगर जातिबाट सम्मानित, अन्धविश्वास र कुसंस्कार विरुद्ध सल्लाह दिएबाट किरात समुदायबाट सम्मानित, दीपावली र नौरथामा विशेष तरिकाले पूजा गर्ने तरिका सिकाएर बालक, युवा, वृद्ध र सबै जातजाति, उमेर र धर्मकाबाट बालागुरु सम्मानित देखिन्छन् ।

२३. तत्कालीन समयमै वि. सं. १९३२ मै ४ जना राई, ३ जना श्रेष्ठ र पछिल्ला वर्षमा महिला र दलितले पनि पाठशालामा अध्ययन गरेको देखिन्छ । १०८ वटुकको सामूहिक व्रतबन्धबाट फजुल खर्च नियन्त्रण गर्ने प्रयास भयो । दलित पनि पुराण, यज्ञ, पूजा र रथयात्रामा सहभागी हुने सहयात्राका कार्य भए । शनिबारे हटिया, मेला, पर्वका माध्यमबाट सबै जनता, धर्म, जात,

संस्कृतिका समुदायलाई समानता, सहभागिता, समता र स्वतन्त्रता दिएका कारण उनी सम्मानित देखिन्छन् ।

२४. वि. सं. २०२२ – २७ तिर त्रि. वि. अन्तर्गत उत्तरमध्यमा र शास्त्रीको प्रथम वर्षको दिङ्लामा अध्ययन भएको देखिन्छ । पछि वि. सं. २०२५ मा कविराज प्र. अ. हरिप्रसाद काफ्लेको स्वर्गारोहणसँगै अन्य प्राविधिक कारणहरूले क्याम्पसको पढाइ वि. सं. २०२८ देखि बन्द भयो । वि. सं. २०१३ राजा महेन्द्रको दिङ्ला भ्रमणसँगै सरकारी विद्यालयसरह सुविधा पाठशालालाई प्राप्त भयो । वि. सं. २०३१ मा षडानन्द संस्कृत मा. वि. मा परिणत भयो । वि. सं. २०५१ मा १० + २ सञ्चालन भयो । वि. सं. २०६७-६८ मा षडानन्द बहुमुखी क्याम्पस पुनर्स्थापना भयो । वि. सं. २०७४ मा षडानन्द नगरपालिका नामकरण घोषणा भई बालागुरुलाई अझै पनि सम्मान थप भइरहेको देखिन्छ ।

२५. सेमन्तराज अधिकारी (२०६२) र विश्वनाथ कोही (२०७५ : ६) का अनुसार वि. सं. २००७ को क्रान्तिमा राणाशासनविरुद्ध देशका विभिन्न भागबाट लड्ने कैयौँ नेताहरूले दिङ्ला पाठशालामा पढेका थिए ।

२६. योगी नरहरिनाथ (२०५२) का अनुसार वीर शमशेर र देव शमशेरले खोलेका भाषा पाठशालाको स्थापना बालागुरु षडानन्दले दिङ्लामा स्थापना गरेको पाठशालाको अनुकरण हो । वि. सं. १९५७ का शैक्षिक जागरणकर्ता जयपृथ्वीबहादुर सिंहलाई दोस्रो गौतम बुद्ध भनिन्छ । वि. सं. २०७९ मा उनलाई राष्ट्रिय विभूति घोषणा गरियो । तर नेपाल सरकारले बालागुरुलाई अझै उचित सम्मान गर्न सकेको देखिँदैन । तर दुवैजना नेपालको शैक्षिक जगत्का निधिहरू देखिन्छन् । लेखकको मक्सद दुवैलाई तुलना गर्नु नभई दुवैका योगदान उजागर गर्नु हो । बुद्धको अर्थ हो ज्ञानी, ध्यानी, तपस्वी, सन्त, उपदेशक, समाजसुधारक, धार्मिक, शिक्षाका प्रचारक र दार्शनिक । यस हिसाबले पनि बालागुरु षडानन्दसँग प्रायः सबै गुणहरू मेल खान्छ । स्वामी प्रपन्नाचार्यको परिभाषामा 'मिल्केका झिल्का' भित्र बालागुरु लगायतका समाजका विविध पक्षका मूर्धन्य प्रतिभाका हस्तीलाई सरकारले सीमित गऱ्यो, स्वदेशीपन उजागर गर्न सकेन । यो नेपालको दुर्दशा वा आख्यान छ, 'नेपाल सतीले सरापेको देश हो ।'

२७. हाल षडानन्द प्रतिष्ठान वा समाजहरू दिङ्ला, विराटनगर, झापा, इटहरी, काठमाडौँ, बनेपालगायत ठाउँहरूमा रहेका छन् । यी संस्थाले विभिन्न कार्यक्रम सञ्चालन गरिरहेका छन् । षडानन्द राष्ट्रिय पुरस्कार, विद्वत् पुरस्कार, अनुसन्धान पुरस्कार आदिले बालागुरुको सम्मान र महिमा अझै बढाएको देखिन्छ । काठमाडौँको प्रतिष्ठानले डा. सुरेशराज शर्माजस्ता

राष्ट्रिय स्तरका मूर्धन्य व्यक्तित्वलाई सम्मान गर्न सक्नुले बालागुरुको महिमा थपिएको आभास हुन्छ वा गर्वको महसुस हुन्छ ।

२८. साहित्यकार हरि मञ्जुश्रीको नेतृत्वमा शब्दयात्रा प्रकाशनबाट काभ्रेपलाञ्चोकको बनेपामा वि. सं. २०७४ मा शैक्षिक क्षेत्रका ५ धरोहरहरूको सालिक स्थापना भएको छ, जसमध्ये षडानन्द अधिकारी पनि रहेका छन् । यसले अझै सम्मान र हौसला बढाएको छ ।

२९. सेमन्तराज अधिकारी (२०६२) का अनुसार बालागुरु षडानन्दको वि. सं. १९७३ जेठ ३२ गते पचलीभैरव काठमाडौँमा मृत्यु भएपछि कप्तान लीलाविक्रम राणाको आदेशानुसार बालागुरु षडानन्दले प्रयोग गरेका सामग्रीहरू बालागुरुका आश्रममै बस्ने शिष्य डिल्लीराम गौतमलाई मुचुल्का गरी बुझाएका थिए । खोटाङका पण्डित षडानन्द अधिकारीले ( पं. जयदेव अधिकारीका पिता) बालागुरु षडानन्दको काजक्रिया गर्नुभएको थियो । राजेन्द्रकुमार अधिकारी (विराटचोक) का अनुसार बालागुरुको काजक्रिया गर्दा डेरा वा आश्रममा षडानन्दको काजक्रिया कर्म सम्पन्न गर्न २ जना बन्धुको आवश्यक थियो । तसर्थ मुख्यकर्म खोटाङका षडानन्द अधिकारीले तथा सहायक कर्म हरिकेशर अधिकारीले (अधिकारी वंशावलीमा हरिचरण पाध्या अधिकारी लेखिएको, दिङ्लामा रहेका खोटाङ्गे परिवारका सदस्य) गरको देखिन्छ ।

३०. सेमन्तराज अधिकारी (२०६२ : ३०), "बालागुरुको इच्छामरणको केही समयपछि मात्र श्री ३ प्र. म. चन्द्र शमशेर र कमान्डर इनचीफ भीम शमशेरलाई बालागुरुको मृत्यु र काजक्रिया सकिएको थाहा भयो । बालागुरु यिनीहरूका मान्यजन र कतिपयका मन्त्रगुरुसमेत थिए । काजक्रिया गर्न आर्थिक निकासा गरिदिए र पचलीघाटको आश्रमको सुरक्षा पनि गरे । थाहा पाउनेबित्तिकै तुरुन्तै दिङ्लाका बालागुरुका भतिजा रामनाथ अधिकारीलाई पत्र पठाई काठमाडौँ झिकाए । पं. बद्रीनारायण, पं. जयधर्म र जयधर्मका पुत्र पं. शेषराज गरी ३ जना पचली पुगेको देखिन्छ । भतिजा पं. जयधर्म अधिकारीबाट षडानन्दको पुनः काजक्रिया भयो । सन्त डिल्लीराम गौतमको बालागुरु षडानन्दको मृत्युको २७ औँ दिनमै मृत्यु भएको हुनाले मुचुल्का अनुसार उनीसँग भएका षडानन्दका सामग्रीहरू हाकिम डि. भवनाथ र कर्णेल पुण्यविक्रम राणाले भतिजा पं. बद्रीनारायण र जयधर्मलाई जिम्मा लगाएको देखिन्छ । पं. जयधर्मको पाठशालामा प्र. अ. भई लामो समय कार्य गरी वि. सं. २००२ मा निधन भएको देखिन्छ ।" तसर्थ मृत्युअघि र मृत्युपश्चात् श्री ५ राजा परिवार र श्री ३ राणा परिवारले समेत श्री १०८ बालागुरु षडानन्दलाई श्री ३ जङ्गबहादुर

राणादेखि श्री ३ भीम शमशेरको पालासम्म विशिष्ट गुरुका रूपमा सम्मान गरेको देखिन्छ ।

**नेपाल सरकारबाट प्राप्त सम्मान :**

३१. नेपालका समाजसुधारकको सूचीमा बालागुरु षडानन्द सूचीकृत भएको देखिन्छ ।

३२. दधिराज सुवेदी (२०५२) का अनुसार वि. सं. २०५१ मा सञ्चार राज्यमन्त्री विजयकुमार गच्छदार भएको समयमा दधिराज सुवेदीले बालागुरु षडानन्दको फोटो हुलाक टिकटमा प्रकाशन गरिदिन निवेदन दर्ता भएको थियो । वि. सं. २०५१ मा बालब्रह्मचारी बालागुरु षडानन्द अधिकारी, वि. सं. (१८९२ – १९७३) र छेउमा ॐ लेखिएको गुरुको फोटोसहित रु. ७ को हुलाक टिकट प्रकाशन भएको थियो ।

३३. विभिन्न लेखकहरूले भन्डै १५ वटाजति पुस्तक, ९ वटा शोधपत्र र ९० भन्दा माथि लेखहरू, ५० औँ कविता, २० औँ पत्रपत्रिकामा लेख, ५० औँ सञ्चार माध्यममा बालागुरुसम्बन्धी प्रसारण भएको आदि कार्यबाट षडानन्दप्रति श्रद्धा अर्पण र सम्मान प्रशस्त देखिन्छन् ।

३४. नेपाली पाठ्यपुस्तकमा वि. सं. २०१६, २०२८, २०३८, २०६३ र कक्षा ७ (वि. सं. २०७१) को नेपाली पुस्तक तथा १ वाक्य भए पनि षडानन्दका बारेमा नलेखिएका लोकसेवाका किताबहरू छैनन् ।

३५. हामीले पं. नन्दिकेश्वर अधिकारीलाई पनि सम्मान गर्न बिर्सन हुँदैन । उनले ३४ वर्षसम्म बालागुरुको सल्लाहकार (as a part of brain), प्रथम प्र. अ., प्रथम सहयोगी शिक्षक, प्रथम परीक्षा बोर्ड प्रमुख, आर्थिक सहयोग लगायत अनगन्ती अत्यावश्यक सहयोग गरी बालागुरुलाई सफल बन्न होस्टेमा हैँसे गरेका थिए । त्यसै गरी खरिदार यज्ञनिधि चापागाईं, पं. शिवलाल अधिकारी, पं. रामनाथ अधिकारी आदि व्यक्तित्वको पनि उच्च स्थान छ । अन्य सहयोगीलाई पनि दिङ्लालीले नबिर्सिउन् भनी बलभद्रेश्वर, जीवेश्वर, यज्ञेश्वर आदि शिवलिङ्ग निर्माण भएका थिए, जुन आज पनि राधाकृष्ण मन्दिर परिसरमा देखिन्छन् । हामी आजसम्म पनि उनीहरूको पूजा गर्दछौँ । यसबाट बालागुरु दूरदर्शी थिए भन्ने देखिन्छ । उनी सबैमाझ सम्मानित देखिन्छन् ।

**बालागुरु षडानन्दलाई अन्तर्राष्ट्रिय हैसियतसरह सम्मान :**

१. स्वामी प्रपन्नाचार्यका (२०५२) अनुसार नेपाल भरतखण्ड, जम्बुदीप, आर्यावर्तान्तर्गत हिमवत्खण्ड र विश्वको एकमात्र हिन्दू राष्ट्र हो । सनातन

हिन्दूदर्शनले विश्वलाई शान्तिको मधुर ध्वनि फैलाएको छ । नेपाल लाखौँ देवर्षि, श्रुतर्षि, परमर्षि, ब्रह्मर्षि र महर्षिहरूको जन्मभूमि तथा तपोभूमि पनि हो । ४ वेदहरूको उपासनाको भूमि नेपालबाट विश्वकल्याणको ध्वनि गुञ्जिएको थियो । महर्षि षडानन्दले आध्यात्मिक तथा सामाजिक सुधार र शैक्षिक कीर्तिहरूबाट विश्वकल्याणको ध्वनिमा सुगन्ध थप्ने कार्य गरेका थिए । तसर्थ उनी विश्वकल्याणको ध्वनिमा सुगन्ध थप्ने सनातन हिन्दूधर्मी र सम्पूर्ण आर्यजगत्का महर्षि थिए ।

२. टोनी हेगनको The Kingdom of Himalayan पुस्तकमा भोजपुरका तत्कालीन समयमा पढिरहेका ब्राह्मण, क्षत्री, राई र दलित विद्यार्थीको फोटो छापिएको छ । सम्भवतः यो षडानन्द पाठशालाका विद्यार्थीको नभई षडानन्द पाठशाला मोडलमा सञ्चालित भोजपुर जिल्लाको कुनै विद्यालयको हो । तर षडानन्द पाठशाला मोडल अन्तर्राष्ट्रिय स्तरको बलियो प्रमाण हो भनी विश्लेषण गर्न सकिन्छ । तसर्थ यस मोडलका संस्थापक षडानन्द उच्च व्यक्तित्वका रूपमा सम्मानित देखिन्छन् ।

३. हिन्दू परम्परा अनुसार श्री १००८ शङ्कराचार्यलाई देवतासरह र श्री १०८ गुरुमहाराजलाई धर्माधिकारी सहयोगी मानिन्छ । गुरुमहाराज षडानन्द श्री १०८ बालब्रह्मचारी उपाधिले विभूषित देखिन्छन् । त्यस समयमा नेपालमा २-३ जना श्री १०८ गुरुमहाराज भएको अनुमान गर्न सकिन्छ । उनी सीताराम पीठका गुरुमहाराज थिए । तसर्थ उनी नेपालका मात्र होइन संसारका हिन्दूहरूबीच प्रत्यक्ष र अप्रत्यक्ष रूपमा सम्मानित भएको देखिन्छ भने अनन्तश्री विभूषित व्यक्तित्वसरह थिए भनी महर्षि फाउन्डेसन नेपाल तथा इस्कोन नेपालका वरिष्ठ पदाधिकारी पण्डित कृष्णप्रसाद गुरागाईंको मत रहेको देखिन्छ ।

४. दधिराज सुवेदी (२०५२) र डा. कार्कीका अनुसार विश्वका ५०० जना उत्कृष्ट सन्तहरूको सूचीमा नेपालबाट बालागुरु षडानन्द र स्वर्गद्वारी महाप्रभु सूचीकृत भएको हुनाले उनी अन्तर्राष्ट्रिय स्तरका उत्कृष्ट सन्त अथवा सन्तशिरोमणिका रूपमा थिए भन्ने प्रमाण देखिन्छ ।

५. वाल्मीकि रामायणसँगै बालनको सुरुवात भए तापनि नेपालमा पहिलो पटक खेल्ने र त्यो कलालाई व्यवहारमा उतार्ने परम्परा वि. सं. १९३२ मा भोजपुर दिङ्लाको रामनवमी मेलाबाटै सुरु भएको देखिन्छ । पूर्वी नेपाल हुँदै सिक्किम, दार्जिलिङ, आसाम र बर्मासम्म बालन खेल्ने चलन फैलिएको उपन्यासकार लीलबहादुर क्षत्रीले (जन्म गुवाहाटी, भारतबाट २०७८ मा पद्मश्री पुरस्कार प्रदान) स्वीकार गरेको साहित्यकार नवराज जमरकट्टेलको बालुन भजनसङ्ग्रह (२०७६) मा उल्लेख छ ।

६. हेमराज अधिकारी (२०७५), षडानन्दसम्बन्धी कागजपत्र (२०७२) र डा. कार्की (२०६८), का अनुसार वि. सं. १९५५ मा आसाम सिलाङका सरदार रामबहादुर रायले हरिशयनी एकादशीदेखि हरिबोधिनी एकादशीसम्म चौमासा पुराण षडानन्दबाट श्रवण गरेका थिए । सिलाङबाट १५-२० दिन हिँडेर दिङ्लामा गुरुलाई निमन्त्रणा दिन कार्की थरका मानिस पठाएका थिए । बालागुरु षडानन्द भतिजाहरू नन्दप्रसाद अधिकारी, दण्डपाणि अधिकारी तथा खरिदार यज्ञनिधि चापागाईं लिएर गई ४ महिनासम्म पुराणवाचन गर्दा सिलाङ-आसामका उच्च पदाधिकारीहरू तथा लाखौँ भक्तजनले गुरु षडानन्दको सम्मान गरेका थिए । त्यस क्षेत्रमा पनि गुरुले प्रवचनहरूमार्फत शैक्षिक चेतनाको जागरण, समाजसुधारमा जागरण, आध्यात्मिक चिन्तनमा जागरण तथा सांस्कृतिक सुधारको लहर नेपाली मूलका आसामेमा जागरण गरेको देखिन्छ। सिलाङ आसामका मानिसहरूले गुरुको फोटो राखेर पूजा गर्दथे । यो पनि अन्तर्राष्ट्रिय सम्मानभन्दा कम महत्त्वको देखिँदैन ।

७. प्रथमपटक दिङ्ला आएका तिब्बती लामाहरूको समूहले शास्त्रार्थमा हार खाई गुरुका शिष्य पं. डण्डपाणि अधिकारी तथा गुरुलाई सम्मान गरेको देखिन्छ । लामाहरूले बहुमूल्य पत्थर र दान अर्पण गरी बिदाइ गर्दा षडानन्दले पनि विद्वत् सम्मान गरी बिदा गरेका थिए । गौचरनको माथि नागी पुगेर 'मेरो वेद र गुम्बाभन्दा षडानन्दको वेद र मन्दिर ठूलो रहेछ' भनेर फर्केको प्रसङ्ग मोहनप्रसाद ढकालबाट (२०५२) उल्लेख देखिन्छ। वेद भन्नाले वेद वा ज्ञान (शास्त्र) सिकाउने पाठशाला समेत लाक्षणिक अर्थमा बुझ्न वा लिन सकिन्छ । दोस्रोपटक माघे सङ्क्रान्ति मकरस्नानको दिन सतीघाटको स्नानमेलामा लामागुरुहरूले षडानन्दसँग भेटेर शास्त्रार्थ प्रतियोगिता गरेको उल्लेख भेटिन्छ । 'ल्हासामा सुन छ, कान मेरो बुच्चै' तथा देवकोटाको मुनामदनमा मदन तिब्बत वैदेशिक रोजगारका लागि गएको जस्तै सम्बन्ध दिङ्ला र तिब्बतबीच रहेकाले पनि बालागुरुको ख्याति तिब्बतसम्म पुगेको अनुमान हुन्छ । यी गतिविधिहरू निचोरेर निष्कर्षमा ढाल्दा षडानन्दलाई अन्तर्राष्ट्रिय स्तरमा सम्मान प्राप्त भएको देखिन्छ ।

८. योगी नरहरिनाथ (२०५२) का अनुसार दिङ्ला विद्यापीठको अनुकरण गर्दै सिक्किम दार्जिलिङ, लिङसे र आसामसम्म पनि संस्कृतमा आदर्श विद्यापीठहरू खुलेका र चलेका छन् । दिङ्लाको शिक्षाको ज्योति भारत, आसाम, सिक्किम, भुटान र म्यानमारसम्म पुगेको छ। त्यति बेला आसाम र सिक्किम छुट्टै राज्यहरू थिए ।

९. आजभोलि पनि केही दिङ्लाली र अरुण उपत्यकाका मानिसहरू, उपत्यकाबाहिरका कतिपय शिष्यहरूको परिवार र उनका सन्ततिहरू, गुरुका कीर्ति र योगदानलाई चिन्ने, जान्ने र प्रेरित शुभेच्छुकका साथै सिलाङ, आसाम, दार्जिलिङका नेपाली मूलका मानिसहरू पितृश्राद्धमा गुरु षडानन्दलाई तर्पण दिन्छन् । पूजाआजा वा यज्ञादिमा पनि स्मरण गर्छन् । गुरुपूर्णिमाको दिन वेदव्यास र गुरु षडानन्दका फोटोहरू सबैभन्दा धेरै नेपाली सामाजिक सञ्जालमा देखिन्छन् । यी विषय आत्मज्ञानी षडानन्दका लागि आध्यात्मिक सम्मान तथा अन्तर्राष्ट्रिय सम्मानसरह देखिन्छ ।

१०. दिङ्लाको रामनवमी, बालाचतुर्दशी मेला तथा शिवरात्रिमा देश-विदेशबाट सन्त, साधु र महात्मा आउने गरेको देखिन्छ । हरिद्वारका स्वामी सत्यदेवको दिङला भ्रमण, षडानन्द पीठको अवलोकन प्रसङ्ग, स्वामी हरिहरानन्दकी चेली गीता भारतीको दिङ्ला भ्रमण, सन्त दिलदासको दिङ्ला भ्रमण, विश्वभ्रमण यात्री जापानी युकाता कुकुओकाको दिङ्ला भ्रमण, हरिद्वारका स्वामी हरिनारायण सरस्वतीको दिङ्ला भ्रमण (वि. सं. २०४५), मद्रासका रामानन्द सरस्वतीको दिङ्ला भ्रमण (वि. सं. २०२१), तेन्जिङ नोर्गे शेर्पा र एडमन्ड हिलारीको दिङ्ला भ्रमण (सगरमाथा आरोहण मार्ग वि. सं. २०१०–२०१४ तिर), वि. सं. २०७० मा ४ जना क्यानेडियन साधुहरूको दिङ्ला भ्रमण (लेखक स्वयम्ले गराएको), वि. सं. २०७० मा रसियन शोधकर्ता डी. अब्दुलोभको रुद्राक्ष र षडानन्दको विषयमा Ph.D. पेपर सम्पन्न हुन आदि प्रतिनिधि प्रसङ्ग विश्लेषण गर्दा बालागुरुलाई अन्तर्राष्ट्रिय हैसियतका व्यक्तित्व देखिन्छ । शिवरात्रिमा केदारनाथ, हरिद्वार, हृषीकेश, रामेश्वर, श्रीलङ्का, बर्मा, कम्बोडिया आदिका साधुहरू दिङ्ला आउने र अवलोकन गरी जाने कुरा सुनिन्छ । साधुहरू आए र गए, रेकर्ड राख्ने चलन थिएन । कहाँ-कहाँबाट आउँदा पनि नाम सोधिँदैनथ्यो । 'आफू सानो छँदा पनि कटहरे वितलब घरमा पितासँग भेट्न धेरैजना योगी, सन्त र महन्त पुग्दथे' भनी पूर्वशिक्षक ठमनाथ लम्सालको भनाइ छ । तर विगत एक दशकदेखि रेडक्रस सोसाइटी दिङ्लाले आमन्त्रण र बिदाइपुस्तिका दिङ्लामा राख्न सुरु गरेको छ । त्यसमा नेपाल सरकारका अधिकृत, उच्च पदका कर्मचारी, धेरै सांसद, मन्त्री, पूर्वप्रधानमन्त्री, विदेशी साधु, सन्त, प्रोफेसर, खोजकर्ता तथा देशविदेशका रुद्राक्ष व्यापारीहरू दिङ्लाको महिमा सुनेर पुगेको आज पनि अभिलेख सुरक्षित छ । यसकारण बालागुरुप्रति राष्ट्रिय स्तरमा र अन्तर्राष्ट्रिय स्तरमा पनि सम्मानको भाव पोखिएको विश्लेषण गर्न सकिन्छ । रेडक्रस सोसाइटी दिङ्लाको अतिथि स्वागत, बिदाइ र अभिलेखन गर्ने कार्य प्रशंसनीय छ । रेडक्रस सोसाइटी दिङ्लाले

अतिथिहरूको स्वागत र बिदाइमा रुद्राक्षको माला पहिऱ्याउने चलन सुरु गरेको थियो । सम्भवतः यो चलन आजभोलि अन्तर्राष्ट्रियकरण हुँदैछ ।

११. विश्वको प्रथम Quality को रुद्राक्ष पाइने अन्तर्राष्ट्रिय सूचीमा (The largest and the first quality rudraksha available country is Nepal. The main market is Dingla and then Arun Valley in Nepal.) दिङ्ला क्षेत्र र अरुण उपत्यका परेको छ । Wikipedia मा रुद्राक्ष पाइने विश्वका प्रमुख देशहरूमा नेपाल, भारत र इन्डोनेसिया गरी ३ देश मात्र उल्लेख भएका देखिन्छन् । इन्डोनेसियाको रुद्राक्ष सानो आकारको, चिल्लो तर बयरको दानाजस्तो देखिन्छ । तसर्थ रुद्राक्षको खानी नेपाल नै हो भन्ने देखिन्छ । पुराणमा पनि रुद्राक्षको उत्पत्ति नेपाल नै हो भन्ने स्पष्ट देखिन्छ, किनकि शिवधाममा रुद्राक्ष पाइन्छ । प्रमुख शिवधाम पूर्वी नेपालका पशुपतिनाथ, पिण्डेश्वर र हलेसी क्षेत्रहरू हुन् । रुद्राक्ष र बालागुरु षडानन्दका शब्दहरू आज पर्यायवाची शब्दजस्तै देखिन्छन् । यसले पनि प्रत्यक्ष र अप्रत्यक्ष रूपमा षडानन्दप्रति सम्मान प्रदान गरेको देखिन्छ । हाल रुद्राक्षको व्यापारका लागि चीन, जापान, कोरिया, जर्मन, इटाली, इन्डोनेसिया, क्यानडा, रसिया आदि देशका रुद्राक्ष व्यापारीहरू दिङ्ला र अरुण उपत्यका पुग्दछन् । षडानन्दका कीर्तिहरू अवलोकन गर्दै आफ्नो राष्ट्रसम्म षडानन्दका योगदानबारे जानकारी लिएर फिर्दछन् । यो पनि बालागुरु षडानन्दप्रति आत्मीय, प्रत्यक्ष वा अप्रत्यक्ष सम्मान हो भन्दा दुई मत नहोला । किन दिङ्ला जान्छन् त विदेशी ?

१२. रामनवमी, बालाचतुर्दशी र शिवरात्रि मेलामा समेत वार्षिक ३ लाखजति मानिस दिङ्ला पुग्दथे । आसाम, दार्जिलिङ, भुटान, बर्मासम्मका नेपाली मूलका मानिसहरू दिङ्लाको मेलामा पुगी आफन्तसँग भेटघाट गर्थे । त्यसबाहेक तीर्थयात्रा, व्यापार र दिङ्ला पढ्ने विद्यार्थीसँग भेटघाट गर्नेहरू हुन्थे । कतिपय आफ्ना आसाम, सिलाङ, बर्मा आदितिर बसाइ सराइ गर्दा बाँकी रहेका जग्गाहरूको बाली वा अन्नको नगद उठाउन दिङ्लामा आई फिर्दथे । दिङ्लामा सल्यान, प्यूठान, दाङ, गुल्मी, बाग्लुङ, रामेछाप र पूर्वी नेपालका पनि विद्यार्थीहरू पढ्ने हुँदा आफन्तजन र अभिभावक मेला पनि भर्ने र छोराहरूको पढाइ पनि बुझ्ने अभिप्रायले पुग्दथे । यो पनि प्रत्यक्ष र अप्रत्यक्ष रूपमा षडानन्दप्रतिको राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रासङ्गिक श्रद्धा थियो भनी विश्लेषण गर्न सकिन्छ ।

१३. 'काशी, प्रयाग आदिमा असफल भएका विद्यार्थी दिङ्लामा सफल हुन्छन्' भन्ने उखानले ख्याति पाएको थियो । यस उखानको विश्लेषण गर्दा त्यस अन्तर्राष्ट्रिय क्षेत्रसम्म दिङ्लाको शिक्षाको प्रभाव परेको देखिन्छ ।

१४. 'विद्या हराए कि काशी जानू, कि दिङ्ला जानू' भन्ने उक्तिले पनि सम्मान जनाएको देखिन्छ ।

१५. आधुनिक व्यवस्थापनका सिद्धान्तकारहरू F. W. Taylor, इल्टन मायो, अब्राहम मास्लो, प्रशासनिक सिद्धान्तकारहरू, मानव सम्बन्धका सिद्धान्तकारहरू बराबरै गुरु षडानन्दलाई सम्मान गर्नुपर्दछ । डा. लक्ष्मण शास्त्रीले 'गुरु षडानन्दले दिङ्लामा शिक्षण गर्न भौतिक सूत्रहरू आविष्कार गरेको' उल्लेख गरेको देखिन्छ । प्रायः सबै अग्रज लेखहरूले S-S Model को ख्याति बनारससम्म पुगेको उल्लेख गरेको देखिन्छ । योगी नरहरिनाथ र डा. स्वामी प्रपन्नाचार्यका अनुसार S-S Model को अनुकरण, सिक्किम, दार्जिलिङ, आसाम, भुटान, लिङ्से र बर्माका विद्यापीठहरूसम्म पुगेको र तत्क्षेत्रमा सोही मोडलका विद्यापीठ खुलेका र चलेका छन् भन्ने उल्लेख देखिन्छ । तसर्थ षडानन्द संस्कृत मोडल (S-S Model) को प्रतिपादक बालागुरु स्वयम् हुनाले अन्य आधुनिक व्यवस्थापनका सिद्धान्तकारजस्तै अन्तर्राष्ट्रिय व्यक्तित्व हो भनी विश्लेषण गर्न सकिन्छ । यस मोडलको अझै प्रचारप्रसार हुनु आवश्यक देखिन्छ । स्वामी प्रपन्नाचार्य (२०७३ : २ – ५), "षडानन नेपालको पूर्वाञ्चलमा मात्र होइन, अपितु भारतको काशी, मध्यप्रदेश आदि स्थानमा पनि 'आप नेपाल का षडानन को जानते हो ?' भनी षडानन्दको साधना, सिद्धि र तान्त्रिक सिद्धिको प्रशंसा गर्दछन् । विदेशमा नाम चलेका षडानन आफ्नै देशमा हराउनु दुर्भाग्य हो ।"

१६. विभिन्न राष्ट्रिय-अन्तर्राष्ट्रिय लेखहरू र पुस्तकले समेत बालागुरुलाई अन्तर्राष्ट्रिय व्यक्तित्वका रूपमा सम्मान गरेको देखिन्छ । युनेस्कोको सहयोगमा नेपालका Project बाट प्रकाशन हुने लेख, ग्रन्थ वा प्रतिवेदनमा नेपालको शिक्षा सम्बन्धमा लेख्नुपरे नेपालमा पहिलो जनस्तरको षडानन्द पाठशालाबाट संस्कृत भाषामा पढाइ सुरुवात भएका लेख वा प्रतिवेदन नेपाली वा अङ्ग्रेजीमा लेखिएको देखिन्छ । धेरै Project का लेख, ग्रन्थ, प्रतिवेदनमा सोही व्यहोरा देखिन्छन् । रुद्राक्षसम्बन्धी राष्ट्रिय-अन्तर्राष्ट्रिय स्तरका कतिपय लेखमा दिङ्ला वा षडानन्दको बारेमा कम्तीमा १ वाक्य भए पनि लेखिएको देखिन्छ ।

**दिङ्ला भ्रमण गर्ने केही विदेशी व्यक्तित्वहरू (वि. सं. २०४० पछि) :**

- प्रिन्सिपल लेक्चर भि. बेन्चर-वर्क सेस्टर वेलेज उच्च शिक्षा (२०४० फागुन, U. K.)
- विज्ञान विशेषज्ञ र बेलायती विशेष टोली (२०४०।११।१४)
- De. DEBASIS (World Peace Expeditioner – २०५३ भाद्र)

- जापानी टोली प्रमुख इनोकुची युकता (२०६९ वैशाख) नेपालको शैक्षिक योजना लगानीकर्ता
- Lourie Folladory, (पिसकोर संस्था, वि. सं. २०४२)
- Charles Jibarth (वि. सं. २०४२)
- गिनी फलाडोरी (पिसकोर संस्था, अमेरिकी नागरिक, वि. सं. २०४२)

(अरुण उ. मा. वि. आगन्तुक पुस्तिकाबाट/अरुण उ. मा. वि. स्मारिका)

**षडानन्दको सम्मानका लागि भएका प्रयासहरू :**

१. असीजना लेखकले लेखेका षडानन्दको जीवनी र योगदानसम्बन्धी लेखनहरू षडानन्द प्रतिष्ठान काठमाडौँबाट प्रकाशित भएको छ ।

२. शोधकर्ताहरूबाट शोधग्रन्थहरू निरन्तर थप भइराखेका देखिन्छन् ।

३. सरकारी विद्यालयका नेपाली पुस्तकहरूमा बालागुरुको जीवनी लगभग निरन्तर संलग्न गराई पढाइ भइरहेको देखिन्छ ।

४. साहित्यिक क्षेत्रबाट गुरु षडानन्द सम्बन्धी लेख, गजल, कविता, लेखन र प्रस्तुत निरन्तर भइरहेको देखिन्छ ।

५. षडानन्दले प्रयोग गरेका सामग्री र सम्बन्धित सामग्रीहरू षडानन्द प्रतिष्ठानबाट सङ्कलन कार्यमा गुरु शिष्य त्रैलोकनाथ भण्डारीलाई गुरुले दिएको शालिग्राम माधव भण्डारी इटहरीबाट प्रदान भएको देखिन्छ । कृष्णकुमारी पौडेलले बालागुरुले दिएको डम्मरु र रुद्राक्षको माला उपलब्ध भएको देखिन्छ । त्यसै गरी तोया गौतमबाट रामायण एक थान, पित्तलको पूजा थाली १, शालिग्राम १, शङ्ख १, खगौतो १ प्रदान भएको देखिन्छ । चेतोनाथ गौतमले षडानन्दले फेरेको धोतीको टुक्रा, सेमन्तकुमारी अधिकारीले वि. सं. २०४२ को ताम्रपत्र, राजेन्द्र सुवेदीले गुरुले प्रयोग गरेको कटबाँसको लठ्ठी र जीर्ण शङ्ख प्रदान भएको देखिन्छ । लालानाथ घिमिरे सङ्खुवासभाले बालागुरुको एकजोर खराउ प्रदान भएको देखिन्छ । पूर्वमन्त्री तथा नेपाली काङ्ग्रेसका वरिष्ठ नेता योगप्रसाद उपाध्यायले डा. तुलसी भट्टराई मार्फत वि. सं. १९७० साल मङ्सिर २० मा बालागुरुले शिष्य केवलप्रसाद लुइटेललाई (योगप्रसादका पिता) पठाएको पत्र प्राप्त उपलब्ध भएको छ । (षडानन्द प्रतिष्ठान गतिविधि, २०७२)

६. मिति २०७५ ज्येष्ठ १० गते माननीय सुदन किरातीको नेतृत्वमा तत्कालीन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री रवीन्द्र अधिकारी समक्ष बालागुरु षडानन्दलाई राष्ट्रिय विभूति घोषणा गर्न र दिङ्लाका पुरातात्त्विक महत्त्वका वस्तुहरू जीर्णोद्धार गर्न प्रस्तावना (Proposal) पेस गरेको देखिन्छ ।

७. मिति २०७५/२/६ को निर्णयमा षडानन्द प्रतिष्ठान काठमाडौँले बालागुरुसम्बन्धी वृत्तचित्र निर्माण गर्न रवीन्द्र अधिकारी संयोजक र अन्य २ सदस्यहरू केवलकुमार चापागाईं र शम्भु गुरागाईंसमेत रहेको ३ सदस्य उपसमिति गठन गरी वृत्तचित्र निर्माण गरेको देखिन्छ ।

८. षडानन्द प्रतिष्ठानको वेबसाइट निर्माण गरी ग्रन्थ सङ्कलन तथा लेख पत्राचार आदि सुरुवात गर्ने कार्य भएको देखिन्छ ।

९. विराटनगरको रानीदेखि सङ्खुवासभाको किमाथाङ्कासम्मको निर्माणाधीन कोशी राजमार्गको नाम 'षडानन्द राजमार्ग' राख्ने प्रस्ताव प्रतिष्ठानले राखेको देखिन्छ ।

१०. दिङ्लाको सीताराम मन्दिरमा हनुमानको मूर्ति चढाउने कर्णेल गङ्गाबहादुर कहाँका थिए भनी खोजी गर्ने कार्य गरेको साथै राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा रहेर कार्य गर्ने षडानन्द पाठशालाका शिष्यहरू तथा उनका सन्ततिको नेपालमा योगदानहरू खोजी गर्ने कार्यहरू भइरहेको देखिन्छ ।

११. हरि मञ्जुश्री अधिकारीको अवधारणाबाट शब्दयात्रा प्रकाशन बनेपामा सुरुवात भए पनि आज धेरै व्यापकता पाई धेरै विद्वत् वर्गको सहकार्यमा यो संस्था अघि बढिरहेको देखिन्छ । वि. सं. २०७९ मा यस संस्थाले नेपालका सर्वमान्य ५ साधक अग्रजहरूको सालिक निर्माण गर्ने क्रममा षडानन्दलगायत अन्य ४ साधकको पनि सालिक निर्माण भएको छ। त्यहाँ प्रथम साहित्यिक हुतात्मा कृष्णलाल अधिकारी, प्रथम लोकतान्त्रिक पत्रकार देवीप्रसाद सापकोटा, नेपालमा प्रथम गीत रेकर्ड गर्ने गायिका मेलवादेवी र विज्ञान क्षेत्रका प्रथम नेपाली वैज्ञानिक नरबहादुर भारतीको सालिक रहेको छ। यस संस्थाले वि. सं. २०६९ देखि हरेक वर्ष षडानन्द अधिकारी आध्यात्मिक पत्रकारिता सम्मान समर्पण गर्ने गरेको देखिन्छ ।

१२. सीताराम षडानन्द गुठीका पूर्वअध्यक्ष दिलकुमार राईका अनुसार राणा परिवारका तारो बनेर पनि शिक्षाको उज्यालो अवसर प्रदान गर्ने व्यक्तिलाई राष्ट्रिय विभूति घोषणा गरिनुपर्दछ । भोजपुरदेखि दिङ्ला बजार हुँदै सतीघाट जोड्ने मोटर बाटोलाई षडानन्द मार्ग नामकरण गराउन पनि जोड दिएका छौँ। (नयाँ पत्रिका : २०६९ पौष २१)

१३. प्रा. डा. सोमप्रसाद खतिवडाद्वारा आबाल ब्रह्मचारी षडानन्दले दिङ्लामा प्रारम्भ गरेका सांस्कृतिक परम्पराको अध्ययन प्रकाशित भएको छ । नीलकण्ठ भट्टराईद्वारा लिखित 'षडानन्द महाकाव्य' प्रकाशोन्मुख देखिन्छ । (षडानन्द प्रतिष्ठान गतिविधि : २०७५)

१४. वि. सं. २०७१-७२ सालमा नेपाल सरकारले षडानन्द नगरपालिका घोषणा गरी सम्मान गरेको देखिन्छ । पूर्वमेयर वीरबल राई, पूर्वउपमेयर मेरिका

राई तथा तत्कालीन कार्यकारी प्रमुख विष्णु कोइराला भएको आ. व. २०७५-७६ मा दिङ्लाबजार क्षेत्र, सीताराम मन्दिर परिसर, हाटबजार क्षेत्रले रातारात मुहार फेरेको थियो । चामुनारायण सत्तल निर्माण कार्य सुरु, मन्दिर परिसर मर्मत-सम्भारलगायत अन्य संरचना अति द्रुतगतिमा मर्मत-सम्भार तथा जीर्णोद्धार सुरुवात भएका थिए। नयाँ संरचनाहरू पनि निर्माणमा उल्लेखनीय कार्यहरूको थालनी भएको थियो, जसको इतिहासले नै मूल्याङ्कन गर्नेछ। बजार क्षेत्रका मिचिएका संरचनाहरूसमेत विस्थापित गर्ने वा हटाउने प्रयासहरू भएका थिए । तर छोटो समयमै कोइरालाको सरुवा भयो । हालका नगरप्रमुख सुरेन्द्र उदास, कार्यकारी प्रमुख गणेशविक्रम बस्नेत र नगरपालिका परिवारले पनि सकारात्मक सोचका साथ निरन्तरता दिँदै आएको देखिन्छ। विष्णु कोइराला कार्यकारी प्रमुख भएको समयमा जसरी दिङ्लाले पुनः ऊर्जा प्राप्त गरेको थियो, त्यसै गरी निरन्तरता दिन सकेको भए दिङ्लाका सबै संरचनाहरू पहिलेकै रूपमा निर्माण गर्ने, बगैँचा, कुण्ड, मठमन्दिर र पाल्लेघारीको जुहारी खेल्ने वन, जगेडा वनको संरक्षणमा नगरपालिका, विद्यालय र गुठी समिति तथा सम्बन्धित सरोकारवाला सहभागी भएर सबै क्षेत्र र पक्षमा निरन्तरता दिई निर्माण र सुधार गर्ने हो भने आगामी १०-१५ वर्षभित्रमा दिङ्ला विश्वसम्पदासूचीमा पर्न सक्छ । विस्तृत छलफल, अध्ययन गरी योजनासाथ अगाडि बढ्नु जरुरी देखिन्छ । जे भए तापनि षडानन्द नगरपालिकाको तत्कालीन कार्यकारी प्रमुख कोइराला भएको समयको जोस र जाँगरलाई सलाम गर्नैपर्दछ ।

१५. त्यसै गरी विराटनगर उपमहानगरपालिका वडा नं. ३ को वडा कार्यालय पछाडिको बाटो सिधै उत्तरतर्फ हुँदै बुद्धचोक भित्री भाग हुँदै पुष्पलाल चोकको भित्री बाटो जोड्ने सडकलाई वि. सं. २०७६ बाट षडानन्द मार्ग घोषणा प्रस्ताव भएको थियो । २०७९ चैत्र रामनवमीमा षडानन्दको सालिक अनावरण भएको विराटनगर वडा नं. ३ को कार्यालय भएको छ । वि. सं. २०८० मा षडानन्द मार्ग स्वीकृत भएको जानकारी साहित्यकार दिनेश सुवेदीबाट प्राप्त भएको छ ।

१६. षडानन्द बहुउद्देश्यीय विश्वविद्यालय बनाउने अवधारणा भूमिसुधार आयोगका पूर्वअध्यक्ष ऋषिराज लुम्सालीले पत्रिकामार्फत छपाई बुद्धिजीवी वर्गसँग बृहत् छलफलका कार्यक्रम सञ्चालन गर्ने जमर्को हुँदैछ भन्ने जानकारी कृष्णविनोद लम्सालबाट प्राप्त भएको छ ।

१७. षडानन्द नगरपालिकाको तल्लो क्षेत्र सतीघाट, बट्टार, मथेटार आदि क्षेत्रमा योगमाया आयुर्वेदिक विश्वविद्यालयको निर्माणका लागि जग्गाहरू छनोट

गरी मुआब्जासमेत प्रदान भई अन्य कार्यहरू अघि बढेको देखिन्छ । यसले पनि षडानन्द नगरपालिका र बालागुरुको योगदानको महिमा थप प्रचारप्रसारमा गर्न सहयोग मिल्ने देखिन्छ । योगमाया न्यौपाने पनि दिङ्ला भूमिकै राष्ट्रिय निधि हुन् । दिङ्लामा षडानन्द बस्दा उनी त्यस क्षेत्रका बौद्धिक खम्बा रहेको हुनाले योगमायामा षडानन्दको प्रभाव परी हौसला जागेको देखिन्छ ।

१८. २०७४ चैत्र २४ गते भोजपुर दिङ्लाका षडानन्दद्वारा निर्मित संरचनाहरू जीर्णोद्धार वा पुनर्निर्माण गर्न प्रतिष्ठानद्वारा पुरातत्त्व विभागमा निवेदन पेस गरेको देखिन्छ ।

१९. २०७५ वैशाख ३० मा प्रदेश नं. १ का तत्कालीन मुख्यमन्त्री शेरधन राईलाई षडानन्दद्वारा निर्मित संरचना संरक्षण गर्न निवेदन पेस गरिएको देखिन्छ ।

२०. प्रतिष्ठानको वेबसाइट निर्माण गर्ने तयारी हुँदै गरेको देखिन्छ ।

**बालागुरुको सम्मानमा प्रकाशित लेखरचना, पुस्तक, शोधग्रन्थ, महाकाव्य तथा पत्रिकामा प्रकाशित सामग्रीहरू :**

यो पुस्तक तयार गर्दा सन्दर्भसामग्रीमा उल्लेख नभएका सामग्रीहरू पनि उल्लेख गरिएको छ । बालागुरुसँग सम्बन्धित प्रकाशित सामग्री सन्दर्भसामग्रीमा उल्लेख गरिएको छ । कतिपय सामग्रीहरूका सोही पुस्तक वा लेख फेला नपरे पनि अन्य लेखकहरूले उल्लेख गरेको विवरणबाट पनि साभार गरी यस पुस्तकमा समावेश भएका छन् । यस सूचीमा कतिपय सामग्रीहरू छुट भएका पनि हुन सक्दछन् । त्यसका लागि क्षमाप्रार्थी छु ।

१. सङ्गीतरत्नमाला (२०२२) मा भूमिनन्द लम्सालले वाराणसीबाट प्रकाशक प्रभुनाथ अधिकारी (१९८० दशक)

२. षडानन्दचरित्र खण्डकाव्य (अप्रकाशित) : डा. लक्ष्मण शास्त्री (पुस्तक)

३. आबाल ब्रह्मचारी षडानन्द (चिरन्तन कवितासङ्ग्रह, २०६४) : केदार न्यौपाने

४. बालआवाल काव्य (२०४४) : डा. नरेन्द्र चापागाई

५. दिङ्लाको बयान (हस्तलिखित कविता) : नन्दिकेश्वर गौतम

६. बालागुरु (महाकाव्य) : दुर्गाप्रसाद अधिकारी

७. कविताकुसुम (२०६५ बाट) : पीताम्बर अधिकारी

८. भोजपुर गएको र पढ्ने प्रेरणा पाएदेखि ... : कविराज नरपति पोखरेल (लेख)

९. षडानन्द स्मृति अङ्क (२०५५, मङ्सिर २३) : साप्ताहिक प्रतिनिधि, वर्ष ७, अङ्क ७

१०. टुहुरा साधक (जीवनी, २०४५) : दैवज्ञराज न्यौपाने (लेख)
११. दिङ्ला अब रित्तिएकै हो ? (२०५९) : डा. तुलसी भट्टराई ('यात्रामा बटुलिएका फूल' सङ्ग्रहबाट)
१२. बालब्रह्मचारी षडानन्द अधिकारी (२०६२) : डा. स्वामी प्रपन्नाचार्य ('मिल्केको झिल्का' बाट)
१३. राष्ट्रिय विभूति षडानन्द अधिकारी (२०६४) : विष्णुराज कुसम (भोजपुर आवाज, वर्ष ८, अङ्क २३)
१४. षडानन्द अर्थात् कोसेढुङ्गा (२०६६) : अन्नपूर्ण शिक्षा डेस्क (मङ्सिर २, अन्नपूर्ण पोस्ट, मङ्गलबारे परिशिष्टबाट)
१५. शिक्षा क्षेत्रका अग्रणी व्यक्तित्व (२०६६/८/६) : गोविन्द पोखरेल ('गोरखापत्र' बाट)
१६. बालागुरु षडानन्दको कीर्तिकैरन (२०६७।८।२४) : दधिराज सुवेदी
१७. सतीप्रथा उन्मूलन र आन्दोलनका प्रणेता षडानन्द अधिकारी (२०६८/८/१०) : नरेन्द्रराज प्रसाई (अन्नपूर्ण पोस्ट)
१८. षडानन्द र उनको जीवन एक चर्चा (२०६८।८।१०) : नेपालभूमि साप्ताहिक
१९. बालागुरु षडानन्द अधिकारीको योगदान, मूल्याङ्कन र कदर (२०६८) : रवीन्द्र अधिकारी (वीरेन्द्र मा. वि. स्मारिका)
२०. बालागुरु षडानन्दको तपोभूमि पाँचथरको जोरपोखरी (२०६९) : मेदिनी सेढाईं (अन्वेषण) स्नातकोत्तर क्याम्पस विराटनगरको जर्नल
२१. श्री १०८ गुरुमहाराज षडानन्द अधिकारी (२०७३) : सुदीप अधिकारी ( जनता मा. वि. स्मारिका, सुन्दरहरैंचा, मोरङ)
२२. सहयोगको पर्खाइमा षडानन्द (२०६९।८।१२) : ध्रुव सुवेदी (अन्नपूर्ण पोस्ट, मङ्गलबारे परिशिष्ट)
२३. दिङ्ला किन यस्तो भएको होला ? (२०७१) : यादव चापागाई (अरुण मा. वि. स्मारिका)
२४. श्री १०८ बालागुरु षडानन्द (२०७१) : अर्जुनकुमार भट्टराई (अरुण मा. वि. स्मारिका)
२५. गुरु षडानन्द फेरि फर्की आऊ (२०७१) : बमबहादुर थापा (अरुण मा. वि. स्मारिका)
२६. आबाल ब्रह्मचारी षडानन्द (२०७१) : दयाराम लम्साल (अरुण मा. वि. स्मारिका)
२७. गुरु षडानन्द, रुद्राक्ष, दिङ्ला र पर्यटन (२०७१) : श्रीकृष्ण बोगटी (अरुण मा. वि. स्मारिका)

२८. आबाल ब्रह्मचारी षडानन्द (२०७१) : लालानाथ सुवेदी (अरुण मा. वि. स्मारिका)
२९. आबाल ब्रह्मचारी गुरु षडानन्द (२०७०) : रवीन्द्र अधिकारी (भोजपुर स्मारिका, भोजपुरे समाज)
३०. बालागुरु षडानन्द सुकीर्ति किरण (२०७०।८।२२) : कृष्णविनोद लम्साल ( नागरिक, पूर्वेली)
३१. आदर्श अग्रज (२०७०।८।२९) : लेखनाथ भण्डारी (कान्तिपुर)
३२. नेपालका पुराना स्कुल – ७ (२००१ ज्येठ) : प्रकृति अधिकारी (मुना पत्रिका)
३३. शैक्षिक नक्षत्र षडानन्द (२०७१।८।२७) : प्रा. डा. वीणा पौड्याल (गोरखापत्र)
३४. षडानन्दको अद्भुत व्यक्तित्व (२०७२।४।२) : प्रा. लालानाथ सुवेदी (अन्नपूर्ण पोस्ट)
३५. दिङ्ला तुलनात्मक अध्ययन (२०७१) : सुदीप अधिकारी (अरुण मा. वि. स्मारिका)
३६. गुरु महाराजप्रति श्रद्धासुमन (कविता, २०७१) : तीर्थराज न्यौपाने (अरुण मा. वि. स्मारिका)
३७. दिङ्ला : पूर्वको ज्योति (२०७१) : राजेन्द्र थापा, सङ्खुवासभा (अरुण मा. वि. स्मारिका)
३८. मेरो दिङ्ला (२०७१) : गीता अधिकारी, धनकुटा (अरुण मा. वि. स्मारिका)
३९. दिङ्ला हो शान, दिङ्ला हो मान, पूर्वको त्यो ज्योति (२०७१) : रमेशचन्द्र अधिकारी, धनकुटा (अरुण मा. वि. स्मारिका)
४०. गुरु षडानन्द (२०७१) : हेमराज गुरागाईं (अरुण मा. वि. स्मारिका)
४१. सं. दधिराज सुवेदी (२०४८) : सेमन्तराज अधिकारी (वरगाछी, वर्ष २०, पूर्णाङ्क ९)
४२. षडानन्द शतक गद्य – गोपालप्रसाद भण्डारी (चन्दनपुर)
४३. प्रणाम राष्ट्रगुरु – हरि मञ्जुश्री (अक्षरधाम मासिक)

**पाठ्यपुस्तकहरू :**

४४. बालागुरु षडानन्द (जीवनी, २०१६) : महानन्द सापकोटा (कक्षा ४-५ को नेपाली)
४५. ब्रह्मचारी षडानन्द : दिङ्लाका ज्योति (२०२८) : सम्पादक अम्बिकाप्रसाद अधिकारी, गोपाल पाँडे लगायत (विष्णुराज कुसम लेखक, कक्षा ८ को नेपाली)

४६. बालागुरु षडानन्द (२०३८) : दैवज्ञराज न्यौपाने (कक्षा ८ को नेपाली)
४७. शिक्षाका ज्योति आबाल ब्रह्मचारी षडानन्द (वर्तमान पाठ्यपुस्तक) : प्रा. लालानाथ सुवेदी (सजिलो नेपाली माला, कक्षा ७)
४८. आबाल ब्रह्मचारी षडानन्द (२०७१) : विष्णुराज कुसम, प्रा. लालानाथ सुवेदी र प्रा. डा. बद्रीविशाल भट्टराई (कक्षा ७ को नेपाली)
४९. बालागुरु षडानन्द (जीवनी, वर्तमान पुस्तक) : पाठ्यक्रम विकास केन्द्रका विष्णुप्रसाद अधिकारी, लेखनाथ दाहाल र लेखकहरू (कक्षा ४, गुरुकुल नेपाली)

**शोधपत्रहरू (अप्रकाशित कृतिहरू) :**

५०. षडानन्द अधिकारीका सामाजिक तथा शैक्षिक कार्यहरू (२०४६) : शोधकर्ता गोविन्द चापागाईं (केन्द्रीय इतिहास विभाग त्रि. वि.)
५१. बालागुरु षडानन्दको जीवनी र उनको विषयमा लेखिएका कृतिहरूको विवेचना (२०५२) : शोधकर्ता शोभा चापागाईं (स्नातकोत्तर क्याम्पस, विराटनगर)
५२. पूर्व ४ नं. भोजपुर दिङ्लामा अवस्थित षडानन्द ब्रह्मचर्य आश्रमको ऐतिहासिक अन्वेषण (२०५६) : शोधकर्ता, भगवान् खड्का (केन्द्रीय इतिहास विभाग त्रि. वि.)
५३. नेपालको शैक्षिक इतिहासमा बालागुरु षडानन्दले गरेको योगदान (२०६१) : शोधकर्ता ऋद्धि अधिकारी (शिक्षाशास्त्र सङ्काय त्रि. वि.)
५४. बालागुरु महाकाव्यको अध्ययन (२०६७) : शोधकर्ता लक्ष्मीदेवी पौडेल (पद्मकन्या बहुमुखी क्याम्पस, काठमाडौँ)
५५. आबाल ब्रह्मचारी षडानन्द अधिकारी र उनको स्मृतिग्रन्थको विश्लेषणात्मक अध्ययन (२०६९) : लेखनाथ बराल (रामस्वरूप रामसागर क्याम्पस, जनकपुर)
५६. गुरु षडानन्दको शैक्षिक व्यवस्थापनमा योगदान : षडानन्द संस्कृत मोडल (S-S Model) शिक्षणविधिको अरुण उपत्यका सभ्यता विकास तथा योजनामा प्रयोग (२०७३) : सुदीप अधिकारी (हिमालय किरण पब्लिक क्याम्पस, खाँदबारी, अङ्ग्रेजी भाषामा रहेको)
५७. पूर्वक्याम्पसप्रमुख ईश्वर गौतमबाट शोधपत्र
५८. शारदा मा. वि. देउरालीका प्र. अ. भूपाल पुलामीको शोधपत्र

**षडानन्द प्रतिष्ठान काठमाडौँबाट प्रकाशित ग्रन्थहरू :**

५९. आबाल ब्रह्मचारी षडानन्द जीवनी परिचय, २०६५

६०. बालागुरुसम्बन्धी अभिलेख तथा कागजात, २०७०
६१. आबाल ब्रह्मचारी षडानन्दको व्यवस्थापन कुशलता, २०७२
६२. आबाल ब्रह्मचारी षडानन्द : बहुआयामिक व्यक्तित्व, २०७३
६३. आस्थाका अभिव्यक्ति, २०७४
६४. षडानन्द काव्यसङ्ग्रह, २०७४
६५. आबाल ब्रह्मचारी षडानन्द अधिकारीको जीवनकथा, २०७५
६६. आबाल ब्रह्मचारी षडानन्द अधिकारी स्मृतिग्रन्थ, २०७५
६७. गद्यरचनामा षडानन्द, २०७५
६८. आबाल ब्रह्मचारी षडानन्दचरितम् (संस्कृतकाव्य), २०७७
६९. षडानन्द महाकाव्य, २०७८
७०. राष्ट्रका लागि आबाल ब्रह्मचारी षडानन्दको योगदान विषयक विचारगोष्ठीको प्रतिवेदन, २०७९
७१. स्मृतिमा डण्डपाणि चापागाईं, २०७४
७२. हरिकाव्यसुधा, २०७९

(आबाल ब्रह्मचारी षडानन्द प्रतिष्ठान, काठमाडौँबाट साभार)

●

# सन्दर्भ-सामग्री

१. अधिकारी, दुर्गाप्रसाद (२०५८) : कवि नन्दिकेश्वर अधिकारी र सदाचार ज्ञानाऽदर्शकः, युगला प्रकाशन, बनेपा, काभ्रे
२. अधिकारी, चेतना (२०७७) : बालागुरु षडानन्द, प्रतिभा पुरस्कार प्रतिष्ठान विराटनगर.
३. अधिकारी, नन्दिकेश्वर (१९८४) : सदाचारज्ञानाऽदर्शकः, वाराणसी, भारत
४. अधिकारी, हेमराज (२०४१) : आबाल ब्रह्मचारी षडानन्दको जीवनकथा, श्री ५ को सरकार, सूचना विभाग
५. अधिकारी, राजेन्द्रकुमार र राजेन्द्र (२०७३) : धारापानी दिङ्ला र खोटाङका अधिकारी वंशावली
६. अधिकारी, सेमन्तराज (२०६२): आबाल ब्रह्मचारी षडानन्दका वंशधर दिङ्लाली अधिकारीहरूको वंशावली, शिखर समुद्र अफसेट, बागबजार
७. अरुण मा. वि. स्मारिका (२०७१) : एपेक्स प्रिन्टिङ प्रेस, तीनकुने, काठमाडौँ
८. इडी, विश्वनाथन् (२०७३) : हिन्दू धर्म के हो ?, पञ्चकुमारी प्रिन्टिङ सोलुसन, ललितपुर
९. कार्की, डा. गोविन्दमानसिंह (२०६८) : बालागुरु षडानन्द र उनीसँग सम्बन्धित ऐतिहासिक दस्तावेजहरू, गजुरमुखी प्रिन्टर्स, विराटनगर
१०. काफ्ले, हरिप्रसाद (२०७९): हरिकाव्यसुधा, षडानन्द प्रतिष्ठान, काठमाडौँ
११. खतिवडा, प्रा. डा. सोमप्रसाद (२०७४) : नेपाली संस्कृति विश्वकोश, जनता प्रसारण तथा प्रकाशन लिमिटेड, काठमाडौँ
१२. गुरुङ, हर्क (२०६३) : विषय विविध, स्थापित प्रेस, ताहाचल, काठमाडौँ
१३. गुरुङ, सन्तोष र श्रेष्ठ, प्रमोद प्यारा (२०७७) : सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षा, एडभान्स सरस्वती प्रकाशन प्रा. लि., काठमाडौँ
१४. गौतम, इन्द्रप्रकाश (२०७०) : वराहपुराण, विद्या बुक सेन्टर, कलेज रोड, विराटनगर
१५. गौतम, इन्द्रप्रकाश (२०७१) : मार्कण्डेयपुराण, विद्या बुक सेन्टर, कलेज रोड, विराटनगर
१६. गौतम, इन्द्रप्रकाश (२०७१) : लिङ्गपुराण, विद्या बुक सेन्टर, कलेज रोड, विराटनगर

१७. गौतम, खेमराज (२०५९) : गुरु षडानन्द (पद्यकाव्य), यति आर्ट, काठमाडौँ
१८. चापागाईं, नरेन्द्र (२०५३) : प्रकृति र संस्कृतिको धनी दिङ्ला, मधुपर्क, वर्ष २८, अङ्क १२
१९. चापागाईं, विश्वनाथ 'कोही' (२०७३ : ४८) : बालागुरुको जीवनी, भोजपुरे समाज स्मारिका (२०६९ जेठ) र बालागुरुको जीवनी र कीर्तिहरू (२०६९ माघ)
२०. चापागाईं, यज्ञनिधि (१९८७) : श्री आबाल ब्रह्मचारी चरितम्, सत्यनाथ प्रेस, वाराणसी
२१. चापागाईं, यादव (२०७२) : षडानन्दको व्यवस्थापन कुशलता, षडानन्द प्रतिष्ठान, काठमाडौँ
२२. चापागाईं, शोभा (२०५२) : बालागुरु षडानन्दको जीवनी र उनका विषयमा लेखिएका कृतिहरूको विवेचना, शोधग्रन्थ
२३. जमरकट्टेल, नवराज (२०७६) : बलुन (बालन) भजनसङ्ग्रह, प्रतिभा पुरस्कार प्रतिष्ठान, विराटनगर
२४. झापाली स्रष्टा र साहित्य (२०६८) : श्रृङ्खला - २, एपेक्स प्रिन्टिङ प्रेस, तीनकुने, काठमाडौँ
२५. डा. उपाध्याय, श्रीरामप्रसाद (२०७६) : नेपालको प्राचीन र मध्यकालीन इतिहास, रत्न पुस्तक भण्डार, काठमाडौँ
२६. डा. अधिकारी, बमबहादुर (२०७५) : आधुनिक भारतको इतिहास, डिकुरा पब्लिकेसन, काठमाडौँ
२७. डा. अधिकारी, बमबहादुर (२०७५) : आधुनिक युरोपको इतिहास, डिकुरा पब्लिकेसन, काठमाडौँ
२८. डा. के. सी, सुरेन्द्र (२०५५) : नेपालको ऐतिहासिक रूपरेखा, पैरवी प्रकाशन, काठमाडौँ
२९. डा. कोइराला, विद्यानाथ (२०६८) : शैक्षिक व्यवस्थापन र सङ्गठनात्मक व्यवहार, विद्यार्थी पुस्तक भण्डार, काठमाडौँ
३०. डा. पन्त, शास्त्रदत्त (२०७२) : नेपालमा इसाईको चलखेल, प्रकाशक : ग्रामीण विकास प्रतिष्ठान (सिरुड), काठमाडौँ
३१. प्रा. पोखरेल, बालकृष्ण (२०५५) : खस जातिको इतिहास, उदान्त अनुसन्धान अड्डी, विराटनगर
३२. डा. तिम्सिना, मातृकाप्रसाद (२०६८) : अरुण कोशी किनारकी मनकामना, छ्याङकुटी प्रकाशन, खाँदबारी

३३. डा. शिवाकोटी, गोपालप्रसाद (२०७६) : राजनीतिक शब्दकोश, पैरवी प्रकाशन, काठमाडौँ
३४. डा. सापकोटा, चन्द्रराज (२०७१) : आयुर्वेदको बृहत् इतिहास, विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी, काठमाडौँ
३५. देवेश्वर सरस्वती (२०६८) : रिडी क्षेत्र माहात्म्य, प्रतीक अफसेट प्रेस, बुटवल
३६. ध्रुवश्री (२०७१) : पुण्यभूमि स्वर्गद्वारी, प्रकाशक : स्वर्गद्वारी आश्रम, प्यूठान
३७. निरौला, गोपालप्रसाद (२०७१) : अरुण उपत्यकाको सङ्क्षिप्त शैक्षिक इतिहास, सोपान प्रेस प्रा. लि., काठमाडौँ
३८. निरौला, दामोदरप्रसाद (२०७०) : युगान्तकारी पञ्चतन्त्रात्मक सङ्ग्रह, एम. ए. प्रिन्टर्स, कलेजरोड, विराटनगर
३९. न्यौपाने, बाबुराम (२०७२) : गुरु पं. जयदेव अधिकारी, राधारत्न, ओखलढुङ्गा छापाखाना, विराटनगर
४०. पौडेल, लेखनाथ (२०५३) : शैक्षिक प्रक्रिया र नेपालमा शिक्षा, आठराई प्रकाशन, पुतलीसडक, काठमाडौँ
४१. प्रभात, विष्णु (२०७४) : प्रज्ञा संस्कृतिकोश, नेपाल प्रज्ञाप्रतिष्ठान, काठमाडौँ
४२. भट्टराई, घटराज (२०७१) : नेपालका धार्मिक स्थलहरू (सांस्कृतिक कोश), विद्यार्थी पुस्तक भण्डार, काठमाडौँ
४३. भण्डारी, भोग्यप्रसाद (२०४३) : षडानन्द चरित् महाकाव्य, आर्यभूषण प्रेस, वाराणसी
४४. मास्के, लक्ष्मी (२०७७) : देवघाट धामको महिमा, शब्दार्थ प्रकाशन, चाबेल, काठमाडौँ
४५. लमजेल, रविमान (२०५०) : कोशी अञ्चलको साहित्यिक इतिहास, जयभारत प्रिन्टिङ, प्रेस, सुरजकुण्ड, वाराणसी
४६. लिङ्खा, मागमान जिमी (२०६६) : याख्खा जाति एक परिचय, याख्खा सङ्घ, धनकुटा
४७. लुइटेल, तिलकप्रसाद र दाहाल, रोशन (२०७४) : चार वेदको सार, मञ्जरी पब्लिकेसन, पुतलीसडक, काठमाडौँ
४८. साङ्कृत्यायन, राहुल (सन् १९४४) : दर्शन दिग्दर्शन, किताब महल, इलाहाबाद, भारत
४९. सिल्भाँ लेभी (२०६४) : नेपाल हिन्दू अधिराज्यको इतिहास (खण्ड दुई), स्थापित प्रेस, ताहाचल, काठमाडौँ

५०. सुवेदी, दधिराज (२०५२) : षडानन्द स्मृतिग्रन्थ, प्रतिभा पुरस्कार प्रतिष्ठान विराटनगर
५१. सुवेदी, दधिराज (२०७५) : नगेन्द्रप्रसाद रिजाल व्यक्तित्व र कृतित्व, नगेन्द्रप्रसाद-आशालता रिजाल प्रतिष्ठान, विराटनगर
५२. सुवेदी, ज्ञानराज (२०४२) : षडानन्द स्मृतिकाव्य, बन्दिकापुर छापाखाना, बनेपा
५३. स्वामी प्रपन्नाचार्य (२०३९): वेदमा के छ ? जय भारत प्रिन्टिङ प्रेस, सुरजकुण्ड, वाराणसी
५४. षडानन्द स्मृति प्रतिष्ठान (२०५८) : बालागुरुको परिचय, सप्तकोशी अफसेट प्रेस, इटहरी
५५. षडानन्द आश्रम संरक्षण समाज (२०६६) : षडानन्द अधिकारी परिचय, ए. बी. सेक्रेटरियल एन्ड प्रिन्टर्स, बागबजार, काठमाडौँ
५६. षडानन्द प्रतिष्ठान गतिविधि (२०७०, २०७४, २०७५) : षडानन्द प्रतिष्ठान, काठमाडौँ
५७. षडानन्द प्रतिष्ठान (२०७०) : षडानन्दसम्बन्धी अभिलेख तथा कागजपत्र, श्री प्रेस, जावलाखेल, काठमाडौँ
५८. षडानन्द प्रतिष्ठान (२०७५) : गद्यरचनामा षडानन्द, पोष्ट प्रेस प्रा. लि., मध्यबानेश्वर, काठमाडौँ
५९. हरिप्रसाद बराल (२०७९) : प्रतीकवाद, ग्राफिक अफसेट प्रिन्टर्स, विराटनगर
६०. विविध पत्रपत्रिका, सन्दर्भ सामग्री, Internet, Youtube, Wikipedia, विभिन्न website हरूबाट सङ्कलन तथा उल्लिखित पुस्तकभित्रका विविध शीर्षकका विविध लेखकहरू

●

## अनुसूची १ : विद्यालय सेवा क्षेत्र
## षडानन्द पाठशालामा अध्ययन गरी छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको Sampling विवरण

| क्रम | विद्यार्थी विवरण | क्रम | विद्यार्थी विवरण |
|---|---|---|---|
| १ | लक्ष्मीकान्त काफ्ले, कोयाखोला (१९५९) | २६ | स्थानेश्वर खदाल, बर्मा (२००५) |
| २ | छविलाल खतिवडा, सिलाङ (१९५९) | २७ | मोहनप्रसाद पौडेल, चिसङ्खु, ओखलढुङ्गा (२००५) |
| ३ | जगन्नाथ बराल, ताप्लेजुङ (१९५९) | २८ | विष्णुप्रसाद भट्टराई, सल्यान (२००५) |
| ४ | अग्निधर अधिकारी, इलाम (१९६०) | २९ | देवीप्रसाद दाहाल, खोटाङ (२००५) |
| ५ | श्रीलाल कोइराला, साँघुरी, धनकुटा (१९६०) | ३० | शिवभक्त पोखरेल, सिक्किम (२००५) |
| ६ | सत्यनारायण भट्टराई, चाँगे (१९६०) | ३१ | लक्ष्मी भण्डारी, धादिङ (२००५) |
| ७ | सूर्यविनोद भट्टराई - दार्चुला खिमानन्द गौतम, गुल्मी (२००२) | ३२ | प्रजापति खँदाल, म्यानमार्क (२००५) |
| ८ | बद्रीकेदार खतिवडा, तेह्रथुम (२००२) | ३३ | नारायणप्रसाद भट्टराई, खनियाखर्क (२००६) |
| ९ | मनोरथ खतिवडा, याङरूप, पाँचथर (२००२) | ३४ | गुरुप्रसाद खँदाल, दोर्पी, सोलु (२००६) |
| १० | नन्दलाल पौडेल, सोलु सोताङ (२००२) | ३५ | चेतनाथ खदाल, ओखलढुङ्गा (२००६) |
| ११ | तुलसीराम न्यौपाने, याङरूप, पाँचथर (२००२) | ३६ | माधव निरौला, ताङराङ (२००६) |
| १२ | तारानाथ काफ्ले, सल्यान (२००२) | ३७ | नन्दिकेश्वर ओझा, पाँचथर (२००६) |
| १३ | चिन्तामणि सापकोटा, सोऱ्याङ (२००२) | ३८ | तुलसीप्रसाद काफ्ले, सल्यान |
| १४ | गङ्गाधर गुरागाई, आसाम (२००२) | ३९ | केदारनाथ शर्मा, छहरे, ओखलढुङ्गा |
| १५ | जनकराज पोखरेल, दोलखा (२००२) | ४० | हरिप्रसाद शर्मा पौडेल, बागलुङ (२००८) |
| १६ | कृष्णप्रसाद निरौला, आठराई, तेह्रथुम (२००३) | ४१ | उमानाथ निरौला, आसाम (२००८) |

| | | | |
|---|---|---|---|
| १७ | हेमराज अर्जेल, विराटनगर (२००३) | ४२ | विष्णुभक्त शर्मा, बागलुङ (२००८) |
| १८ | टेकनाथ निरौला, सल्यान (२००३) | ४३ | अमरराज उपाध्याय, छुलुवार (२००८) |
| १९ | नित्यानन्द निरौला, दार्जिलिङ (२००३) | ४४ | विष्णुदत पौडेल, बागलुङ (२००८) |
| २० | श्रीकृष्ण निरौला, दार्जिलिङ (२००४) | ४५ | जगन्नाथ शर्मा, पूर्व १ नं. (२०१४) |
| २१ | हरिप्रसाद ढुङ्गाना, पञ्चन (२००४) | ४६ | नन्द सापकोटा, दाङ |
| २२ | श्रीप्रसाद दाहाल, चैनपुर (२००४) | ४७ | केदार गौतम, प्यूठान |
| २३ | वेदनिधि शर्मा, चिराख, भुटान (२००४) | ४८ | दीनाथान निरौला, छिन्ताङ, निगुरादिन |
| २४ | पदमप्रसाद घिमिरे, म्याग्दी (२००४) | ४९ | माधव निरौला, नामसालिङ |
| २५ | हेमराज अर्जेल, धरान (२००४) | ५० | टीकाराम नेपाल, सिक्किम |

(षडानन्दसम्बन्धी अभिलेख : २०७० : २८५ – ३०८)

## विद्यालय अभिलेख / सहपाठीहरूका लेखमा तथा अन्य व्यक्तिका लेखमा उल्लिखित विवरण

१. गङ्गाधर पौडेल, ट्यामारी, आसाम
२. बलराम पराजुली, कालेबुङ
३. बालमुकुन्द अधिकारी, चिराग (बर्मा, १९९०
४. चन्द्र कोइराला, सल्यान ३ नं. (१९९० तिर)
५. भेषराज पौडेल, पश्चिम बाग्लुङ, खिदिङगाउँ
६. पदमप्रसाद कोइराला, सल्यान ३ नं. (१९९० तिर)
७. खिमानन्द गौतम, गुल्मी (२००२-२००८)
८. मिहीप्रसाद पौडेल, पश्चिम रानीगाउँ
९. थिरप्रसाद कोइराला, चार्खु
१०. माधवप्रसाद काफ्ले, जलपाइगुढी
११. चित्रप्रसाद निरौला, प्यूठान (१९९० अघि)
१२. मेघप्रसाद बाँस्कोटा, जलपाइगुढी, आसाम
१३. बालमुकुन्द अधिकारी, चिराग, भुटान (१९८३)

**समाप्त**